लेभ तोल्सतोइ

कथा-कहानी

लेभ तोल्सतोइ

कथा-कहानी

रादुगा प्रकाशन
मास्को

अनुवादक – कृष्णप्रकाश श्रेष्ठ

सज्जाकार – मिखाइल त्रुबेत्स्कोइ

ЛЕВ ТОЛСТОЙ
Повести и рассказы
на языке непали

LEV TOLSTOY
Stories
in Nepali

© रूसी भाषाबाट अनूदित
सोभियत संघमा मुद्रित
रादुगा प्रकाशन
मास्को
१९८४

$Т\frac{4702010100—585}{031(01)—84}343—84$

अनुक्रम

तोल्स्तोयको बारेमा केही शब्द . . . ५

1. दुई हुस्सार Two Hussars ९

2. पारिवारिक सुख Family Happiness . . . १३५

3. खोल्स्तोमेर Yardstick ३२२

4. इभान इल्यीचको मृत्यु The Death of Ivan Ilyich ४०५

5. क्रुजर सनेट The Kreutzer Sonata . . . ५३१

6. नाच सकिएपछि After the Ball ७१२

तोल्सतोइको बारेमा केही शब्द

हाम्रो सामाजिक चिन्तनमा लेभ तोल्सतोइले जुन भूमिका खेलेका छन् त्यसबारे रूसी लेखकहरूले बारम्बार जोड दिँदै आएका छन्। तोल्सतोइको देहान्त हुनुभन्दा दश वर्षपहिले आन्तोन चेखोभले याल्ताबाट लेखेका थिए: "...तोल्सतोइको मृत्युको कल्पना गर्दा नै डर लागेर आउँछ। कथंकदाचित् उनको निधन हुन गयो भने मेरो जीवनमा एउटा ठूलो खाडल देखा पर्नेछ।... उनको अनुपस्थितिमा हाम्रो साहित्य त गोठालो नभएको बथान जस्तै बन्न पुग्नेछ...।" यसभन्दा बीस वर्षअगाडि इभान तुर्गेनेभले पनि यस्तै विचार प्रकट गरेका थिए। तोल्सतोइको देहावसान हुनुभन्दा दुई वर्षअघि यस्तै विचार अलेक्सान्द्र ब्लोकले पनि पोखेका थिए। तोल्सतोइको मृत्युबाट प्रगतिशील बुद्धिजीवीहरूले मात्र आफू टुहुरो बनेको वा नेताहीन हुन गएको अनुभव गरेका थिएनन्, बरू रूसका सर्वसाधारण जनतालाई पनि यस अपूरणीय क्षतिको यस्तै अनुभूति भएको थियो...। हुन त त्यस समयको परिस्थितिमा अतिप्रसिद्ध साहित्यिक कृतिहरू समेत ज्यादै लामो र बाङ्गोटिङ्गो बाटो पार गरेर मात्र जनसमुदायसम्म पुग्नेगर्दथे। जीवित लेखकको

बारेमा जनसाधारणले आफ्नो धारणा अक्सर उनको सामाजिक आचरणसम्बन्धी हल्लाहरूको आधारमा नै बनाउनेगर्थे। किन्तु तोल्सतोइको सारा जीवन कुनै छलकपटबेगर खुला रूपमा नै जनताकै सामुन्ने बितेको थियो। उनले कहिले आफ्नै नाउँबाट त कहिले चाहिं ओलेनिन, लेभिन वा नेख्ल्यूदोभ भन्ने छद्मनामबाट आफ्नो अन्तरात्माको भित्री तहसम्म पनि उनीहरूको अगाडि खोतलेर राखिदिनेगरेका थिए। उनी सदैव नै हावाको मूल प्रवाह र प्रचलित धाराहरूको प्रतिकूल हिंड्दैरहे। उनले अन्यायद्वारा आर्जित धनसम्पत्ति, अकर्मण्यता एवं थिचोमिचोको विरुद्ध र जर्जर भैसकेको सभ्यताका तमाम विकृतिहरूको विरुद्ध सदैव नै डटेर संघर्ष गरे। तोल्सतोइले दीर्घजीवन पाएका थिए, तसर्थ निम्न वर्गबाट आएका प्रगतिशील मान्छेहरूले ढुक्क भएर कस्तो विचार गर्ने बानी नै बसालिसकेका थिए भने कतै नजिकै एक यस्तो हृदयको धुकधुकी चलिरहेको छ जसलाई कुनै प्रलोभन देखाएर किन्न सकिंदैन, एक जोर सजग आँखाले उनीहरूको असहनीय परिश्रम र अभावहरू पनि देख्नेगरेको छ, एक जोडी सतर्क कानले उनीहरूको मार्मिक सुस्केरा र गीतहरू पनि सुनिरहेको छ र यसैले गर्दा यो सब कुरा अन्ततोगत्वा भविष्यको नयाँ संसारको साझा ढुकुटीमा नम्बरी सुन बनेर सञ्चित हुन जानेछ।

युगको चिन्तन र प्रेरणा, आशा र विजित सन्देह नै साहित्यको स्वर्णकोष हो र त्यसमा समकालीनहरूको ऐतिहासिक अनुभवलाई कतिसम्म स्थान दिइएको छ भन्ने कुरामा नै त्यसको जीवनशक्ति पनि पूर्णतः निर्भर हुन्छ।... छोटकरीमा भन्ने हो भने यस्तै साहित्यिक सुन नै समयको

कसीमा घोटिंदा खरो निस्कनेगर्छ। तोल्सतोइका कृतिहरू पनि निर्नै अल्पसंख्यक रचनाहरूभित्र पर्दछन् जो समयको गर्भमा विलुप्त भएर जानेछैनन्।

पुश्किनले जुन किसिमबाट हामीलाई रूसी भाषाको चमत्कारपूर्ण संगीतको रसास्वादन गराएका थिए त्यसै गरी तोल्सतोइले यसै भाषाको माध्यमद्वारा रूसीहरूका मनोभिलाषित कार्यहरू तथा उनीहरूको सुख-दुःख मात्र नभएर नेपोलियनको प्रभुत्वमा रहेको बहुभाषी यूरोपसित उनीहरूको अतिवीरतापूर्ण युद्धको पनि अनुपम ढंगबाट अभिव्यक्ति गरिदिएका थिए र ऐतिहासिक उदाहरणहरूको आधारमा न्यायपूर्ण उद्देश्यको लागि गरिएको संघर्षको निम्ति उनीहरूको त्यस वीरतापूर्ण कायाकल्पलाई पनि छर्लङ्ग पारिदिएका थिए जुन राष्ट्रहरू तथा पृथक् पृथक् शान्तिपूर्ण आत्माहरूमा भएको थियो र जसको अहिलेसम्म कैयौंपल्ट पारख समेत गरिइसकिएको छ। "युद्ध र शान्ति" (वस्तुतः "संग्राम र समाज"—अनु०), "कज्जाक", "आन्ना कारेनिना" र "पुनर्जन्म" आदिका स्रष्टालाई सबै कुरा छर्लङ्ग देखा पर्नेगर्थ्यो—चाहे घनघोर आँधीबेरी चलेको होस् या अस्पर्श मन्द बतास, चाहे यस्तो विराट् वस्तु होस् जुन सामान्य दृष्टिगोचरभन्दा बाहिर पर्छ या यस्तो सूक्ष्म कुरा जसमा अक्सर नजर नै पर्दैन, चाहे मानवीय व्यक्तित्वको मध्यान्हमा चम्कँदो प्रचण्ड सूर्यको गरिमा होस् या त्यसको सन्ध्या। यति मात्र होइन, तोल्सतोइको असंगतिपूर्ण एवं जटिल जीवनले उनलाई मानव-जीवनका एकदमै अप्रत्यासित उत्थान र पतनको चित्रण गर्नमा खास मद्दत पुऱ्यायो। निसन्देह नै रूसोका उत्तरवर्ती अरू कुनै

पनि लेखकले तोल्सतोइले झैं मानव अन्तरात्मालाई यति हदसम्म खुल्ला रूपमा पाठकहरूसमक्ष प्रस्तुत गर्न सकेको थिएन। तोल्सतोइको देहावसान भएको यतिका वर्ष बितेर गैसकेपछि आज कुनै किसिमको प्रकाशको सहायताबेगर नै उनका उपलब्धिहरूको विराट् रूप मात्र होइन, अपितु उनको धरमर, उनको अतिशयता र उनका भ्रमहरू पनि हाम्रो समक्ष स्पष्ट नै छन्। हुन पनि सत्यको अन्वेषण गर्ने व्यक्तिको निम्ति यस्तो धरमर र भ्रम अनिवार्य नै हुन्छ, किनभने सत्यलाई आजसम्म कसैले पनि त त्यसको विशुद्ध रूपमा भेट्टाउन सकेको छैन।

तोल्सतोइको व्यक्तित्व सुप्रतिष्ठित साहित्यिक महारथीहरूको परिधिभित्र पनि अटाउँदैन। बेलिन्स्कीले पुश्किनको विषयमा भने झैं साधारण गद्यमा उनको चर्चा गर्दा लाज समेत लाग्छ। यसै गरी हाम्रो समयमा तोल्सतोइको नामले उत्सवीय शब्दहरूको अलङ्कारयुक्त रेखाङ्कनको माग गर्छ। प्राचीन कालदेखि अहिलेसम्म नै संस्कृतिको इतिहासमा महानतम लेखकहरूको एक दर्जन जति नाम अङ्कित जुन सूचि छ त्यसमा यो नाम पनि समावेश छ। तोल्सतोइको साहित्य-साधना वास्तवमा नै हेर्कुलसको वीरताको द्योतक झैं लाग्छ। प्रगतिको मूलबाटोमा उनी त्यस पर्वत झैं छन् जसको शिखरबाट मानवीय चिन्तनका युगानुयुग पुराना दूरगामी गोरेटाहरूको झलक पाउन सकिन्छ।... *

लेओनिद लेओनोभ

---

* लेभ निकोलाएभिच तोल्सतोइको मृत्युको पचासौं स्मृतिदिवसको सन्दर्भमा सन् १९६० को १९ नभेम्बरका दिन बल्शोइ थिएटरमा आयोजित सभामा सोभियत लेखक लेओनिद लेओनोभद्वारा दिइएको भाषणबाट उद्धृत। —अनु०

दुई हुस्सार

लघु-उपन्यास

ग्राफिन्या म० नि० तोल्सतायाप्रति समर्पित *

"...जोमिनी है जोमिनी,
रक्सी-सक्सी नभने नि..."
दे० दाभिदोभ।

उन्नाइसौं शताब्दीको शुरूका वर्षहरूको कुरा हो। ती दिनहरूमा न रेल चल्थे, न त ठूल्ठूला सडकहरू नै थिए, न ग्यासबत्ती बालिन्थे, न त स्टेयरिन बत्ती नै। त्यतिखेर नचिला कमानीदार कौचहरू पनि थिएनन्, न त बार्निश नलगाइएका फर्निचर नै थिए। चश्मा लगाएर हिंड्ने जुन किसिमका निराश युवकहरू अचेल देखिन्छन् त्यस्ता त्यतिखेर हुँदैनथे। त्यस बखत उदारवादी महिला दार्शनिक-हरू र अति हिसी परेका नखरमाउलीहरू पनि थिएनन् जो आजकल कुन्नि कताबाट हो यतिविधि देखा परेका छन्। त्यो यस्तो सरल जमाना थियो जतिखेर कसैलाई मास्कोबाट पिटर्सबर्गसम्म जानुपरेको छ भने रासका रास खाने कुराहरू गाडामा वा बग्गीमा थुपारेर आफ्नै साथमा लिएर जानुपर्थ्यो र पूरै आठ दिनसम्म हिलोमैलो वा धुलोले भरिएको बाटोमा हण्डर खानुपर्थ्यो। मन लोभ्याउने कुनै

---

* मारिया निकोलाएभ्ना तोल्सताया – लेभ निकोलायेभिच तोल्सतोइकी बहिनी। – अनु०

चीज थियो भने कि त त्यो तात्तातो चप हुन्थ्यो, कि त सेलरोटी हुन्थ्यो अथवा भाल्दाइ गाडीको घण्टीको छनछन नै हुनसक्थ्यो। त्यसताका शरद्का लामा साँझहरूमा घरघर-मा बोसोको मैनबत्ती बालिन्थ्यो र त्यसैको प्रकाशमा बीस-तीस मानिसको कुटुम्ब मिलिजुलीकन बस्थ्यो। नाचघरका पानसहरूमा मैनबत्ती र स्पर्मासिटका बत्तीहरू बालिन्थे र फर्निचर पनि लङ मिलाएर सजाइन्थे। त्यसताका हाम्रा बाबुबाजेहरूको जवानीको लख काट्दा मुखमा चाउरी परेको छ कि छैन वा फुलेको केश देखिन्छ कि देखिंदैन भन्ने मात्र विचार गरिंदैनथ्यो, बरू आइमाईहरूको खातिर कतिवटा द्वन्द्वयुद्ध लडिएको छ भन्ने कुराको पनि लेखोजोखा गरिन्थ्यो। जानाजानी होस् वा अनजानमा नै किन नहोस्, यदि कुनै युवतीको रूमाल भुइँमा खस्न गयो भने कोठाको अर्को कुनाबाट तुरून्त नै युवकहरू दगुरेर आइपुग्थे र रूमाल भुइँबाट टिपेर दिन्थे। हाम्रा आमाहरू ह्वालाङ्गे बाहुला भएका छोटो चोलो लाउँथे र घरगृहस्थीका सबै मामिलाहरू चिठ्ठा हालेर सुल्झाउँथे। हिसी परेका रखौटीहरू दिउँसोको उज्यालोमा घरभित्र नै लुकेर बसिरहन्थे। त्यो सरल जमाना थियो–गूढ सम्प्रदायका आगमहरूको, मार्तिनवादीहरू र तुर्गेन्दबुन्दको, मिलोरादोभिच, दाभिदोभ र पुश्किनको। तिनै दिनहरूमा 'क' नामक नगरमा भूमिपतिहरूको एउटा सभा बसेको थियो। त्यो नगर गुबेर्नियाको* केन्द्र थियो र त्यहाँ हालसालै कुलीन वर्गका प्रतिनिधिहरूको चुनाव भएको थियो।

---

* गुबेर्निया – प्रान्त। – अनु०

१

“भैगो, ठाउँ नभए पनि केही चिन्ता छैन। आफ्नो झिटिमिटी हलमा नै राखुँला!”—एक जना अफिसरले ‘क’ नगरको सबभन्दा उत्कृष्ट होटलमा पस्दै भन्यो। त्यस अफिसरले भुवादार ओभरकोट लगाइराखेको थियो र शिरमा चाहिं रिसल्ला टोपी थियो। ऊ भर्खरै मात्र स्लेजगाडीबाट उत्रेको थियो।

“आजै नै ठूलो सभा हुँदैछ, गरीप्रवर! यत्रो ठूलो सभा त पहिले कहिल्यै पनि देखिएकै थिएन।”—होटलको पालेले भन्यो। त्यो अफिसर ग्राफ* तुर्बिन हो भन्ने कुरा त पहिलेबाटै अफिसरको अर्दलीबाट उसले थाहापत्ता लगाइसकेको थियो। यसै कारण उसले ‘गरीप्रवर’ भनेर उसलाई सम्बोधन गरेको थियो।—“अफ्रेमोभा मौजाकी मालिक्नीले पनि आजै साँझसम्ममा आफ्नी छोरीमैयाहरूसंगै रमाना भैहाल्ने वचन बक्स्या छ, हजूर! चाहिबक्सिन्छ भने त्यो खाली हुने एघार नम्बरकै कोठा लिइबक्से पनि हुन्छ!”—पालेले भन्यो र बरण्डामा ग्राफको अगिल्तिर अदबका साथ चाल मार्दै पाइला सार्न थाल्यो। ऊ घरी घरी रोकिएर पछिल्तिर पनि पल्याकपुलुक हेर्दै गइरहेको थियो।

हलको भित्तामा जार अलेक्सान्द्रको एउटा पुरानो आदमकद तस्बीर टाँगिएको थियो। त्यसको रङ्ग उडेर फिका भैसकेको थियो। त्यसै तस्बीरको मुनि एउटा सानो टेबुलको

---

* ग्राफ—भारदार।—अनु०

वरिपरि केही मानिसहरू बसेर शैम्पेन* पिउँदैथिए। ती यसै शहरका कुलीनहरूमध्येकै थिए। त्यसैको नजिकै अर्को एउटा टेबुलवरिपरि व्यापारीहरूको एक टोली जम्मा भएको थियो। सबैले गाढा निलो रङ्गको भोटो लगाइराखेका थिए।

ग्राफले हलमा पस्नेबित्तिकै आफ्नो शिकारी कुकुरलाई डाँके। कुकुर ठूलो आकारको र कैलो रङ्गको थियो जसको नाम ब्ल्यूहर राखिएको थियो। त्यसपछि ग्राफले झट्का दिएर आफ्नो ओभरकोट फुकाले। ओभरकोटको कलरमा अझै पनि हिउँ जमेकै थियो। उनले साटिनको निलो कुर्ता लगाइराखेका थिए। उनले भोद्काको** अडर गरे र कुर्सीमा बस्नासाथै त्यहाँ बसेका मानिसहरूसंग गफ गर्न लागिहाले। उनको सुन्दर जिउडाल र खुलेको अनुहार देखेर उनीहरू मोहित भैहाले र शैम्पेनको एक गिलास उनको अगिल्तिर राखिदिए। ग्राफले शुरूमा एक गिलास भोद्का घुट्क्याए, अनि आफ्ना नवपरिचित मित्रहरूको लागि एक बोतल शैम्पेन पनि मगाए। ठीक त्यसै बेला स्लेजगाडीको कोचवान रक्सीको लागि बक्सीस माग्न भनेर भित्र आयो।

"साश्का!" – ग्राफले कराएर डाँके। – "दिएर पठा ल यसलाई केही पैंसा!"

कोचवान साश्काको संगसंगै बाहिर निस्कियो, तर तुरून्त नै फर्केर आयो र आफ्नो हातको पैंसा देखाउन थाल्यो।

---

* शैम्पेन – फींजदार मदिरा। – अनु०

** भोद्का – रक्सी। – अनु०

"यी हेरिबक्स्योस्, गरीप्रवर! मैले हजूरको लागि कति जोखिम उठाएँ। हजूरले पचास कोपेक बक्सिने मर्जी भएको थियो। अहिले आएर मेरो हातमा त खालि पच्चीस कोपेक मात्रै पो पऱ्यो।

"साश्का! यसलाई एक रूबल नै दे ल!"

साश्काले टाउको निहुरायो र कोचवानको बूटतर्फ हेर्न लाग्यो।

"यसको निम्ति यत्ति नै काफी छ।"—उसले घोत्रो स्वरमा भन्यो।—"मसंग अरू पैंसा नै छैन त!"

ग्राफले आफ्नो थैलीबाट पाँच पाँच रूबलका दुई नोट झिके (थैलीमा जम्मा बाँकी यत्तिकै मात्र थियो) र एउटा नोट कोचवानको हातमा थमाइदिए। कोचवानले ग्राफको हानमा म्वाइँ खायो र नोट लिएर बाहिर हिंडिहाल्यो।

"एउटा झंझट सकियो!"—ग्राफले भने।—"बस्, अब ममित यही पाँच रूबल बाँकी रह्यो!"

"यही त हो सक्कली हुस्सारको छाँट!"—एक जना भनादमीले भन्यो। उसको जुंगा, उसको स्वर र उसको लचकदार मजबूत गोडाबाट के झल्किरहेको थियो भने ऊ अश्वारोही सेनाको एक अवकाशप्राप्त अफिसर हो।—"निकै लामो समयसम्म यहाँ बस्ने सुर छ कि क्या, ग्राफ?"

"मैले चाहेको जस्तो हुने भए त एक दिन पनि यहाँ बस्ने थिइनँ। तर के गर्ने र? पैंसो अलिकति जोरजाम गर्नुछ र पो! यहाँ भने यस थोत्रो होटलमा बस्न पनि एउटा कोठा पाउनु मुश्किल छ। भर्सेलो नै परोस् यस होटलमा!"

"चाहनुहुन्छ भने मेरै कोठामा पनि डेरा गर्न सक्नुहुन्छ, ग्राफ!"–अश्वारोही सेनाको भूतपूर्व अफिसरले भन्यो।–"म सात नम्बरको कोठामा बसेको छु। मेरो साथमा बस्न तपाईंलाई कुनै आपत्ति छैन भने कम्तीमा पनि तीन दिन त यहाँ अवश्य रोकिनुस्! आज राति जर्साहिबकहाँ नाच-समारोहको आयोजना छ। उहाँ तपाईंलाई पनि देख्न पाउँदा निकै खुशी हुनुहुनेछ!"

"हो, ग्राफ! जरूर नै त्यहाँ पुग्नोस्!"–एक निकै सुन्दर युवकले सही थाप्यो।–"चाँडै यहाँबाट गैहाल्नुपर्ने के हतारो र तपाईंलाई? फेरि यस्तो चुनाव पनि त तीन सालपछि एकपल्ट मात्रै पो हुन्छ। यहाँका रूपसीहरूमा पनि त नजर दिनोस् एक फेरा!"

"साश्का! खै, लुगा ल्या त! शुरूमा स्नानागार एकपल्ट पुगिहालूं!"–ग्राफले उठ्दै भने।–"त्यसपछि देखाजाला! सके जर्साहिबकहाँ नै पनि पुगिएला।"

अनि उनले एक टहलुवालाई बोलाए र उसको कानैमा कानेखुसी गर्दै केही भने। टहलुवा खितिखिति हाँस्न लाग्यो।

"जहाँ इच्छा उहाँ उपाय, हजूर!"–टहलुवाले भन्यो र बाहिर निस्कियो।

"मेरो झिटीमिटी तपाईंकै कोठामा राख्न लगाउँ है त, साथी?"–ग्राफले दैलोबाट बाहिर निस्कँदै जोडले भने।

"खुशीसाथ! स्वागत छ!"–अश्वारोही सेनाको भूतपूर्व अफिसरले जवाफ दियो। अनि लम्केर दैलोसम्म नै पुगेर थप्यो–"हेर्नोस् है, कोठा नम्बर सात हो! नबिर्सनुस्!"

ग्राफको पदचाप बिस्तारै बिलाउँदै गयो। अश्वरोही सेनाको भूतपूर्व अफिसर आफ्नै ठाउँमा फर्कियो। अनि

उसले आफ्नो कुर्सी एक माथिल्लो तहको पदाधिकारीको छेवैमा सारेर उसको आँखामा आँखा गाड्दै मुसुमुसु हाँस्दै भन्यो –

"यो त्यही नै मान्छे हो!"

"साँच्चै?"

"त्यही हो भनेर म भन्दैछु त! यो हुस्सार आफ्ना द्वन्द्वयुद्धको लागि प्रख्यात छ! जसले पनि यसलाई चिनेको छ। यसको बदनाम तुर्बिन हो। म बाजी ठोकेर भन्न सक्छु कि उसले मलाई चिनिसक्यो। नचिन्नु पनि किन र? हामी दुवै जनाले एकपल्ट पूरै तीन दिनसम्म लेबेद्यानमा रमाइलो गरेका थियौं। त्यसताका म त्यहाँ मर्मतको कामले गएको थिएँ। त्यहाँ हामी दुवैको कारणले गर्दा एउटा घटना समेत घटेको थियो, तर उसलाई भने केही न केही! मान्छे त फुर्तिलै छ। हैन त?"

"जरूर! बोलीबचन पनि कति राम्रो रहेछ! यसो हेर्दा न त्यस खालको मान्छे होला भन्ने कसैले सोच्नै पनि सक्दैन।" – सुन्दर युवकले जवाफ दियो। – "कति छिटो हामीसँग भेट्टायो! .. उसको उमेर पनि त पच्चीस नाघेको छैन होला! कसो?"

"हैन, उमेर त यसभन्दा बढी नै छ, तर कम उमेरको देखिन्छ। जे होस्, राम्रोसंग चिनेपछि मात्र नै उसको गुण पनि थाहा पाइन्छ। मैडम मिगुनोभालाई कसले भगाएर लगेको थियो, थाहा छ? त्यो मान्छे यही नै हो। साब्लीन-को हत्या गर्ने को हो? मात्नेभलाई दुई गोडामा समातेर झ्यालबाट बाहिर हुर्याउने को हो नि? राजासाहेब नेस्तेरोभ-बाट तीन लाख रूबल कसले जितेको थियो? यो कस्तो

जंगी मिजासको मान्छे हो भन्ने त तिमी अन्दाज समेत गर्न सक्तैनौ। जुवा खेल्नमा पास, द्वन्द्वयुद्धमा पोख्त र आइमाईलाई फकाउनमा पनि खप्पीस! सच्चा हुस्सारको दिल पाएको छ यसले! सच्चा हुस्सार हो यो! मान्छेहरू हाम्रो निन्दा त गर्छन्, तर एक सच्चा हुस्सारको गुण चाहिं देख्न सक्तैनन्। अहो, कुनै समय यस्तो पनि थियो!"

अनि अश्वारोही सेनाको भूतपूर्व अफिसरले नाना थरीका रसरङ्गहरूको कहानी सुनाउन शुरू गऱ्यो। यी सबै रसरङ्ग-हरूमा त्यतिखेर लेबेद्यानमा ऊ ग्राफको साथमा थियो। तर साँच्ची भन्ने हो भने यस्तो रसरङ्ग न कहिल्यै भएको थियो, न त हुन नै सक्थ्यो। पहिलो कारण त के भने अघि कहिल्यै पनि उसले ग्राफलाई देखेकै थिएन। ग्राफ फौंजमा भर्ना हुनुभन्दा दुई वर्षपहिले नै फौंजबाट उसले अवकाश पाइसकेको थियो। अनि दोस्रो कारण के त भने यो भूतपूर्व अफिसर कहिल्यै पनि अश्वारोही सेनामा रहेकै थिएन। ऊ त बेलेभ्स्की पल्टनमा चार वर्षसम्म एउटा मामूली हुद्दा मात्रै थियो र हवल्दारको पदमा बढुवा हुनेबित्तिकै राजीनामा दिएर हिंडिसकेको थियो। हो, दश वर्ष जति पहिले अपुतालीमा श्रीसम्पत्ति पाइएको हुँदा वास्तवमा नै एकपल्ट लेबेद्यान पुगेको थियो। त्यहाँ अश्वा-रोही सेनाका केही अफिसरहरूको साथमा यसले सात सय रूबल पनि उडाएको थियो। अश्वारोही सेनामा भर्ती हुन चाहन्थ्यो। त्यसै कारण आफ्नो लागि यसले सुन्तला रङ्गको भित्री हालिएको एक उल्हन* वर्दी पनि सिलाएको थियो।

* उल्हन – एक विशेष अश्वारोही सेना। – अनु०

अश्वारोही सेनामा भर्ती हुने यसको ठूलो इच्छा थियो। त्यिनन्ना अफिसरहरूको साथमा यसले लेबेद्यानमा तीन हप्ता बिताएको थियो। तिनै दिनहरूलाई यसले आफ्नो जिन्दगीको सबभन्दा सुखमय समय मान्दैआएको छ। कल्पनामा नै यसले आफ्नो इच्छालाई साकार तुल्यायो र यसको दिमागमा त्यसको स्मृति पनि अमिट बन्यो। कहाँसम्म भने आफूले अश्वारोही सेनामा काम गरेको पूरा विश्वास समेत उसलाई हुन थाल्यो। यस्तो विश्वास हुँदाहुँदै पनि उसको शिष्टता र ईमान्दारीमा कुनै बाधा पुगेन र ऊ वास्तवमा नै एक असल मान्छे बनिरह्यो।

"हो, हामी जस्तो मान्छेलाई त्यसै व्यक्तिले मात्र राम्ररी बुझ्न सक्छ जसले एकपल्ट रिसल्ला सेनामा काम गरिसकेको हुन्छ।"—ऊ कुर्सीमा चढेर बस्यो र चिउँडोलाई अगिल्तिर तानेर धोद्रो स्वरमा फेरि भन्न लाग्यो—"कुनै जमानामा म पनि घोडा चढेर आफ्नो दलको नेतृत्व गर्थें। त्यो घोडा मात्र कहाँ थियो र? वास्तवमा नै भूत थियो भूत! त्यसमाथि सवार हुनेबित्तिकै मेरो अन्तरात्मामा अपार स्फूर्ति जागेर आउँथ्यो। सेनाको कम्याण्डर निरीक्षण गर्न आउँथे र भन्थे: 'लप्टनसाप, यो काम त तपाईंबाहेक अरू कसैले गर्नै पनि सक्तैन। लौ न, कृपया यत्ति काम गर्नोस्! परेडमा आफ्नो रिसल्ला दलको कमान सम्हाल्नोस् ल!' म जवाफ दिन्थें: 'हस्, हजूर!' मुखबाट बोलियो कि त गरियो भन्ठान्नुस् तपाईं! म घोडालाई मोड्थें र जुंगे घोडचढीहरूलाई आदेश दिन्थें। बस्, के बताऊं! अहो, त्यस्तो पनि कुनै समय थियो नाइँ!"

ग्राफ स्नानागारबाट फर्केर ग्राए। उनको ग्रनुहार रातो-पीरो देखिन्थ्यो र कपाल ग्रझै भिजेकै थियो। उनी सरासर सात नम्बरको कोठामा पसे। त्यहाँ ग्रश्वारोही सेनाको भूतपूर्व ग्रफिसर उपर्ना मात्र लगाएर बसिरहेको थियो। उसले मुखमा पाइप च्यापिराखेको थियो र ग्राफ्नो यस ग्राकस्मिक सौभाग्यउपर मनमनै खुशी थियो, किनभने विख्यात तुर्बिनसंग एउटै कोठामा बस्ने मौका उसले पाएको थियो। तर उसको खुशीमा किञ्चित् डरको भावना पनि थियो। ऊ मनमनै सोच्दैथियो: 'यदि यसको मगजमा एक्कासि कुनै सनक चढोस् र मेरो लुगा-सुगा सबै फुकाल्न लगाएर मलाई नाङ्गझार पारीकन शहरबाहिर लगेर कतै हिउँमा गाडिदेग्रोस् त के होला? ..ग्रथवा ग्राङभरि ग्रलकत्रा पोतिदेग्रोस् या खालि... ग्रहँ, यसले ग्राफ्नै साथीभाइसंग यस्तो व्यवहार कदापि पनि गर्नेछैन!' यस्तो विचार गर्दै उसले ग्राफ्नो मनलाई सान्त्वना दियो।

"साश्का! कुकुरलाई क्यै खान दे न!"—ग्राफले कराएर भने।

साश्का दैलोमा देखा पऱ्यो। उसले एक गिलास भोद्का पहिले नै घुट्क्याइसकेको थियो र नशाले चूर भैसकेको देखिन्थ्यो।

"धत्, पाजी! बेला न कुबेला ग्रहिलेदेखि नै रक्सी धोकिसकिस् त! .. जा, ब्ल्यूहरलाई खाना ख्वा!"

"खान नपाएर मरिहाल्नेछैन है! देख्नुभा'छैन र कति चिल्लो छ?"—साश्काले कुकुरलाई मुसार्दै भन्यो।

"हेर्, ज्यादा बकबक नगर्! जा, यसलाई खान दे!"

"हजूर त ग्राफ्नै कुकुरको मात्रै हेरचा' गरिसिन्छ!

वाँ नोकर-चाकरले एक गिलास कतै भेट्टाइहाल्यो भने पनि हजुर न उसलाई मारसित झाँटिसिन्छ!"

"हेर् है, प्याच्च नबोल्! बङ्गारा झारिदिउँला!"– आफ्नै यति ठूलो स्वरमा कड्केर भने कि झ्यालका ऐनाहरू समेत थर्कन लागे। अश्वारोही सेनाको अफिसर पनि केही हच्कियो।

"माश्का, तैंले क्यै खाइस् कि भनेर मसंग पनि सोधिबक्स्या भे हुन्थेन र? ल, हजूरलाई मान्छेभन्दा कुक्कुर नै बढ्ता प्यारो छ भने झारिस्योस् न मेरो बङ्गारा!"– माश्का फतफतायो। तर उसको मुखबाट यति कुरा झर्नु मात्र के झरेको हुँदो हो, उसको मुखमा एक घुस्सा परिहाल्यो र रन्थनिएर ऊ ढल्यो। उसको टाउको पनि भित्तामा ठोकिन पुग्यो। त्यसको एक छिनपछि नै हातले नाक थुनेर रुँदै ऊ कोठाबाट बाहिर निस्कियो र बरण्डामा पुगेर एउटा सन्दूकमाथि लमतन्न पल्टियो।

"मालिकले मेरो बङ्गारा झारिबक्स्यो!"–एक हातले आफ्नो नाकबाट बगिरहेको रगत पुछ्दै अर्को हातले ब्ल्यूहरको ढाडमा कन्याइदिंदै माश्का बड्बडाइरहेको थियो। ब्ल्यूहर आफ्नो आङ चाटिरहेको थियो।–"देखिस्, ब्ल्यूहर! मालिकले मेरो बङ्गारा झारिबक्स्यो! तर क्यै छैन, भाइ! जे भए पनि उहाँ मेरा आफ्‌ फ होइसिन्छ। म उहाँको खातिर ज्यानको बाजी लगाउन तयार हुनेछु। सांच्चै हो है, ब्ल्यूहर! उहाँ मेरा मालिक होइसिन्छ! बुझिस्? के तँलाई भोक लाग्यो र?"

केही बेर ऊ त्यहाँ चूपचाप पल्टिरह्यो, अनि उठ्यो, कुकुरलाई खान दियो र मात लागेको केही कम भएपछि

२०

आफ्नो ग्राफलाई रिझाउन उनको लागि चिया तयार पारेर लग्यो।

"यसलाई त म आफ्नो अपमान सम्झनेछु!"–बडो दयनीय स्वरमा अश्वारोही सेनाको भूतपूर्व अफिसर ग्राफलाई भन्दैथियो। ग्राफ चाहिं आफ्नो गोडा पलङ्को अडेसोमा फैलाएर अफिसरको बिछ्यौनामा मजासित लेटिरहेका थिए।–"आखिर म पनि त एक पुरानो सिपाही हुँ र तपाईंको साथी पनि हुँ। अरूसंग किन पैंसा माग्नुपर्‍यो र? म स्वयं खुशीसाथ दुई सय रूबल तपाईंलाई नजराना चढाउन सक्छु। हुन त अहिले मसित ठूलो रकम छैन–मात्र एक सय रूबल छ! तर म आजै बाँकी रकमको पनि बन्दोबस्त गरिहालुंला! अरूसित ऋण लिनुभयो भने म आफ्नो अपमान सम्झनेछु है, ग्राफ!"

"धन्यवाद मित्र!"–उसको पीठ्यूँमा धाप मार्दै ग्राफले भने। भविष्यमा दुवै जनाको बीचमा कुनै प्रकारको सम्बन्ध अवश्य नै कायम हुनेछ भन्ने उनले तत्कालै बुझिहाले।–"धन्यवाद! कुरा यस्तै हो भने हामी नाच-समारोहमा पनि अवश्य नै जाऔंला। अँ, अहिले चाहिं के गर्ने नि? यस शहरकै बारेमा केही बताउनोस् न! सुन्दरी? रण्डीबाज? तासबाज?"

अश्वारोही सेनाको भूतपूर्व अफिसरले के बतायो भने एकसेएक सुन्दरीहरू नाच-समारोहमा भेला हुनेछन्। शहरको सबभन्दा नाउँ चलेको रण्डीबाज चाहिं पुलिस-इन्स्पेक्टर कोल्कोभ नै हो। हालसालै ऊ पुनःनिर्वाचित भएको छ, तर उसमा त्यस्तो जाँगर भने छैन जस्तो एक सच्चा हुस्सारमा हुन्छ। जे भए पनि मान्छे चाहिं ऊ बेसै छ।

नाच शुरू भएदेखि नै यहाँ खूब नाचगान हुन थालेको छ। इल्यूश्काको जिप्सी संगीतमण्डलीको सहगान हुन्छ, स्त्योश्का चाहिं एकलै गाउनेगर्छे। आज सबै नै जसहिबकहाँ नाच सकिएपछि जिप्सीहरूको गानाबजाना सुन्न चाहन्छन्।

"जुवाको खाल पनि निकै जम्छ।"—ऊ बताउँदैथियो।—"लुखनोभ यहाँ आइरहेको छ। ऊ निकै धनी छ र राती-दिन जुवा खेल्दैरहन्छ। यहाँ आठ नम्बरको कोठामा इल्यीन भन्ने एक जना बस्छ। ऊ उल्हन अश्वारोही दलको ध्वजावाहक हो। त्यो चाहिं हारेको हार्‍यै छ। अहिले पनि उनीहरू खेल्दैहोलान्! हरेक साँझ उनीहरू खेल्छन्। ग्राफ, तपाईंलाई पत्यार नलाग्ला, तर इल्यीन मजाको मान्छे छ। ऊ कंजूसी त रत्तिभर पनि गर्दैन। आफूले लगाइराखेको कमीज समेत फुकालेर दिन सक्छ ऊ!"

"हिन्नोस् न त, उसलाई भेटिहालौं! यहाँ के कस्ता मान्छेहरू बस्दा रहेछन्, हेरिहालौं न!"—ग्राफले भने।

"हिन्नोस्! गइहालौं! तपाईंलाई भेट्न पाउँदा उनीहरू औधि नै खुशी हुनेछन्!"

२

उल्हन कोरनेट इल्यीन भर्खरै मात्र ब्युँझेको थियो। बितेको साँझ उसले आठ बजेदेखि जुवा खेल्न शुरू गरेको थियो र बिहान एघार बजेसम्म नै लगातार पन्ध्र घण्टा खेल्नेको खेल्यै गर्‍यो। उसले निकै ठूलो रकम हारिसकेको थियो, तर कति ठूलो रकम थियो भन्ने त स्वयं उसैलाई समेत थाहापत्तो थिएन। उससंग निजी तीन हजार रूबलको अतिरिक्त पल्टनको खजानाका अरू पन्ध्र हजार रूबल

पनि थिए। ती दुवै रकम उसले एकै ठाउँमा मिलाइसकेको थियो र कतै आफ्नो निजी रकम मात्र होइन, पल्टनकै रकमबाट समेत हारिएको त छैन भन्ने डरले गर्दा ऊ बाँकी रहन गएको रकम गन्न समेत धक मानिरहेको थियो। मध्यान्हतिर ऊ सुत्न भनेर पल्टेको थियो र तुरुन्त नै भुसुक्कै निदाइहालेको थियो। यस्तो निःस्वप्न निद्रा त केवल युवावस्थामा र त्यसमा पनि जुवामा ड्याक्कै हारेपछि मात्र लाग्न सक्छ। ऊ साँझको छ बजेतिर उठ्यो–ठीक त्यसै बखत जब ग्राफ तुर्बीनले होटलमा पाइला टेके। भुइँमा ठाउँठाउँमा तासका चक्की र खरीका टुक्राहरू छरिएका थिए भने कोठाको ठीक माझमा राखिएका टेबुलहरूमा दागहरू लागेका थिए। ती सबै कुरा देखेर उसलाई बितेको रातभरि जमेको जुवाको झल्यास्स सम्झना भएर आयो र ऊ झसङ्ग भयो। खास गरी आफ्नो आखिरी चक्की–गुलामको सम्झना भयो जसले गर्दा उसलाई पाँच सय रूबलको टुट्टा पर्न गएको थियो। तर पनि उसको मनले चाहिं अझै वास्तविक स्थिति स्वीकार्न चाहिरहेको थिएन। त्यसैले तकियामुन्तिरबाट उसले आफ्नो पूंजी निकाल्यो र त्यसलाई गन्न थाल्यो। केही नोटहरू उसले तुरुन्त चिनिहाल्यो जुन जुवा खेल्दा कैयौंपल्ट एक हातबाट अर्को हातमा परिसकेका थिए। उसलाई आफ्ना सबै चालहरूको पनि सम्झना भयो। उसले आफ्नो पूरै तीन हजारको रकम गुमाइसकेको थियो। यस बाहेक पल्टनको रकमबाट समेत अढाई हजार रूबल हारिसकेको थियो।

उल्हनले लगातार चार रातसम्म जुवा खेलेको थियो। मास्को छोड्दा उसैको हातमा पल्टनको रकम पनि सुम्पिएको थियो। जब ऊ 'क' शहरमा पुग्यो त्यतिखेर

घोडा-चौकीको रेखदेखकर्ताले तत्कालै ताजा घोडा पाउन सकिन्न भनेर रोकिदियो। तर यो त बहाना मात्रै थियो। साँठो कुरा के थियो भने एक रात त्यहाँ सबै आगन्तुक-हरूलाई रोक्ने विषयमा घोडा-चौकीको रेखदेखकर्ता र होटल-को मालिकबीच मिलिमतो कायम थियो। उल्हन पनि मनमौजी स्वभावको पट्टो न ठहरियो। पल्टनमा भर्ती पाएको हुँदा मास्कोमा उसले आफ्ना आमाबाबुबाट हाल-सालै तीन हजार रूबल हात पारेको थियो। चुनावका दिनहरूमा 'क' शहरमा निकै रमझम हुनेछ भन्ठानेर उसले केही दिन त्यहाँ रोकिनुपरे पनि कुनै नोक्सान परि-हाल्ने देखेन। बरू मोज लुट्न पाइने आशाले गर्दा ऊ खुशी मग्न भयो। नजिकै कतै एक जना उसको परिचित बिर्ता-वाल पनि बस्थ्यो। ऊ घर-गृहस्थी भएको एक कुलीन सज्जन थियो। उससंग पनि भेटघाट गर्न जाने उसको विचार थयो। बिर्तावालका छोरीमैंयाहरूसंग पनि थोरबहुत जिस्किन पाइने कुरा उसले सोच्यो। यत्तिकैमा अश्वारोही सेनाको अफिसर त्यहाँ आइपुग्यो र उसले आफ्नो परिचय दियो। त्यसै साँझ कुनै कुविचार नलिएर नै उसले होटलको ठूलो बैठकमा आफ्नो मित्र लुखनोभ र अन्य जुवाडीहरूसंग उसको चिनापर्ची गराइदियो। त्यसै बेलादेखि अहिलेसम्म नै उल्हन जुवाको खालमै बसिरहेको थियो। आफ्नो चिर-परिचित बिर्तावालकहाँ जाने त के आफ्नै यात्रा जारी राख्न समेत उसले घोडाहरूको खोजखबर गरेन। लगातार चार दिनदेखि ऊ आफ्नो कोठाबाट बाहिर समेत निस्केको थिएन।

इल्यीनले लुगा फेन्यो, चिया खायो र टहल्दै झ्यालनेर पुग्यो। तासको खेल मात्रै सम्झनामा आइरहेको हुँदा केही

घुमफिर गरेर त्यसलाई बिर्सिदिने उसले विचार गऱ्यो। आफ्नो ज्याकेट लगाएर ऊ बाहिर निस्कियो। सडकमा रातो झिंगटे छाना भएका सेता घरहरू खडा थिए। घाम तिर्नको पछिल्तिर ढल्किसकेको थियो र चारैतर्फ संध्याकालीन अँध्यारो छाइरहेको थियो। वातावरण न्यानो थियो। सडक-हरूमा हिलो थियो र आकाशबाट फुसफुसे हिउँ झरिरहेको थियो। आजको दिन पनि सुतेर नै बित्यो र अब त रात समेत पर्न आँटिहाल्यो भन्ने विचार मनमा उब्जेर ऊ खिन्न भयो।

'यो बितेको दिन अब कहिल्यै पनि फर्केर आउनेछैन!'—उसले सोच्यो।

अनि ऊ मनमनै गुनगुनायो—'मैले त आफ्नो सारा यौवन नै बर्बाद गरें।' परन्तु आफ्नो यौवन वास्तवमा नै बर्बाद भइसकेको ठानेर उसले यस्तो विचार गरेको होइन। साँच्ची भन्ने हो भने उसले यस विषयमा कहिल्यै सोचेको समेत थिएन। यो वाक्य उसलाई अनायास सम्झना भएर आएको हुनाले मात्र उसले यो कुरा गुनगुनाएको थियो।

'अब म के गरूँ?'—ऊ सोच्न लाग्यो।—'कसैसित सापटी लिएर यहाँबाट गइहाल्नु बेस!' त्यतिखेर नै सडकको पेटीबाट एउटी महिला गुज्रेर गई। 'महाकी मूर्ख होली जस्ती छे!'—अचानक यस्तो विचार उसको मनमा फुऱ्यो। 'यहाँ सापटी नै कससंग माग्ने र! व्यर्थैमा यो यौवन बितिहाल्यो।' ऊ त्यतैतिर फटाफट लम्कियो जहाँ पसलहरूको पंक्ति रहेको थियो। एउटा पसलबाहिर एउटा व्यापारी फ्याउरोको छालाबाट बनाइएको भुवादार ओभर-कोट लगाएर उभिइरहेको थियो र ग्राहकको बाटो ताक्तै

थियो। 'त्यो अट्ठा नपर्याकेको भए आफूले हारेको रकम फिर्ता भइहाल्नेथियो।' एउटी भीखमङ्गा बुढिया उसको पछिपछि लाग्दै सुँक्क सुँक्क गर्दैथिई। 'कोही यस्तो मान्छे नै छैन जससंग सापटी माग्न सकियोस्!' भालुको छालाले बनाइएको भुवादार ओभरकोट लगाइराख्ने कुनै मान्छेको गाडी नजिकैबाट गुज्रेर गयो। एउटा चौकीदार उभिइरा-खेको थियो। 'के म कुनै सनसनी मच्चाउने कुरा गर्न सकुँला? यी मान्छेहरूमाथि गोली चलाइदिउँ त? अहँ, यसबाट पनि कुनै मजा आउनेछैन। व्यर्थैमा मैले आफ्नो यौवन बर्बाद गरें। एहे, घोडाहरूका यी साजबाजहरू कति राम्रा रहेछन्! यी सब बेच्नलाई नै यहाँ राखिएका हुन्। तीनघोडे बग्गीमा सयर गर्न पाए क्या मजा हुँदो हो! ए, भाइ! होटलमै फर्कूं! केही बेरपछि लुखनोभ आइहाल्नेछ र फेरि खेल जमिहाल्नेछ।' ऊ होटलमै फर्कियो र आइपुग्नासाथ फेरि पैसा गन्न थाल्यो। अहँ, पहिलोपल्ट भन्दा पनि कुनै गल्ती भएको थिएन। यसपल्ट पनि पल्टन-को रकममा अढाई हजार नै नपुग निस्कियो। 'म पहिलोबाजि नै पच्चीस रूबल दाउमा थापुँला, दोस्रोपल्ट 'कर्नर' को दाउ, अनि दाउको रकम सात गुना बढाइ-दिउँला, त्यसपछि पन्ध्र, तीस र साठी गुना बढाएर तीन हजार रूबलसम्म पुऱ्याउँला। अनि घोडाको यो साजबाज खरीद गरेर यहाँबाट गइहालुँला। तर त्यस बजियाले मलाई दाउ मार्न दिने छाँट छैन। व्यर्थैमा मैले आफ्नो यौवन बर्बाद गरें।' लुखनोभले कोठामा प्रवेश गर्दा उन्हनको मथिंगलमा यस्तै उस्तै विचारहरू घुमिरहेका थिए।

"धेरै बेर भो र, मिखाइल भासिलिच, उठ्नुभएको?"—लुखनोभले सोध्यो। अनि आफ्नो सुलुत्त परेको नाकबाट सुनौला चश्मा बिस्तारै झिक्यो र गोजीबाट रातो रेशमी रूमाल झिकेर त्यसले चश्माको ऐना पुछ्न थाल्यो।

"हैन, भर्खरै उठेको हुँ। मस्तसंग सुतें।"

"भर्खरै मात्र एक हुस्सार यहाँ आइपुगको छ। जाभाल्शेभ्स्कीको कोठामा बसेको छ।... सुन्नुभो?"

"अहँ, सुनिनँ! .. खै, अरू कहाँ छन् नि?"

"उनीहरू प्याखिनलाई भेट्न गए क्या रे! छिटै आइपुग्नेछन्!"

नभन्दै छिटै नै अरूहरू पनि आइपुगे: स्थानीय सुरक्षासेनाको एक अफिसर जो जहिले पनि लुखनोभको साथमा रहन्थ्यो; ग्रीसको एक व्यापारी जसको ठूलो र खैरो नाक सुगाको ठुँग जस्तो थियो भने आँखा चाहिं भित्र गाडिएका र निकै काला थिए; एक भट्टीको मालिक बिर्तावाल जसको जीउ मोटो र थसुल्लो थियो, जो रातभरि आधा-आधा रूबलको च्याँखे थापेर जुवा खेल्थ्यो। सबका सब नै जति सक्यो चाँडो जुवाको खेलमा जम्न हतारिएका देखिन्थे। परन्तु मुख्य जुवाडीहरूमध्ये कोही पनि यस विषयमा कुरा चलाउन चाहँदैनथ्यो। लुखनोभ त झन् बडो आरामले बसेर मास्कोमा गुण्डागर्दीको बारेमा चर्चा गर्दैथियो।

"जे भए तापनि मास्को एक निकै ठूलो शहर हो, राजधानी पनि हो!"—उसले भन्न शुरू गऱ्यो।—"तर गुण्डागर्दीको अखाडा बनेको छ। त्यहाँ त राति राति गुण्डाहरू हातमा अंकुश र भाला लिएर हिंड्छन्, भूतप्रेत बनेर सडकहरूमा घुमफिर गर्छन्, मूर्खहरूलाई तर्साउँछन्

र यात्रुहरूलाई लुट्छन्। कसैले केही भन्न सक्तैन। आखिर पुलिस के सोच्दैछ? रहस्य त यसैमा पो छ!"

उल्हन खूब ध्यान दिएर गुण्डागर्दीको बयान सुनिरहेको थियो। तर आखिरमा उसको धैर्य टुटिहाल्यो। ऊ चूपचाप उठ्यो र बाहिर निस्केर नोकरलाई तास ल्याउन अह्रायो। सबभन्दा पहिले मोटो बिर्तावालले भन्यो।

"महानुभाव हो, यो स्वर्ण मौका किन व्यर्थमा बर्बाद गर्ने हैं? ल, आउनोस्, एक-दुई हात खेलिहालौं!"

"हो त नि! तपाईंले हिजो राति आधा-आधा रूबलको च्याँखे थापेर नै केही दाउ हात पारिहाल्नुभएको छ न!"—ग्रीकले जवाफ दियो।

"ठीक हो! खेल्ने पनि त अब बेला भैहाल्यो।"—सुरक्षा-सेनाको अफिसरले भन्यो।

इल्यीनले लुखनोभतर्फ पुलुक्क हेऱ्यो। दुवैका आँखा जुधे। तर लुखनोभ चाहिं मजासंग पहिले झैं नै गुण्डाहरूको बयान गर्दैथियो। कहिले तिनको भूतप्रेतको वेषभूषाको वर्णन गर्थ्यो भने कहिले चाहिं तिनका ठूल्ठूला नङ्ग्राहरूको!

"चक्की बाँड्ने हैन त?"—उल्हनले सोध्यो।

"के हतारो छ र?"

"बेलोभ!"—उल्हनले बोलायो। कुन्नि किन हो, उसको मुख रातो भयो।—"खै, मेरो निम्ति खाना ल्याऊ न! एक गेडा अन्न पनि मेरो मुखमा परेको छैन अझै। शैम्पन ल्याऊ र तास पनि ल्याएर यहाँ राखिदेऊ!"

ठीक त्यसै बेला ग्राफ र जाभाल्शेभ्स्की कोठामा पसेका थिए। कुरैकुरामा तुर्बीन र इल्यीन एउटै फौंजी डिभिजनमा छन् भन्ने पनि थाहा हुन गयो। उनीहरूमा तुरून्तै मित्रता

भैहाल्यो। गिलास जुधाएर उनीहरूले शैम्पन स्वाट्टै पिए र केही मिनेटपछि त घनिष्ठतापूर्वक 'तिमी' भनेर सम्बोधन गर्दै कुरा गर्न लागिहाले। ग्राफलाई इल्यीन प्रति मन परिसकेको प्रतीत हुन्थ्यो। ग्राफ उसतर्फ हेर्दै मुसुमुसु हाँस्थे र उसको जवानीलाई लक्ष्य गर्दै छेड पनि हान्थे।

"यस्ता पो हुन्छन् त उल्हन!"–ग्राफ भन्दैथिए।–"क्या गजबका जुंगा! क्या सुहाउँदो जुंगा!"

इल्यीनको माथिल्लो ओंठनेरका रौं एकदमै फुलेका थिए।

"के तास खेल्ने सुरसार त भइरहेको होइन? मलाई लाग्छ, तिम्रो जीत हुनेछ, इल्यीन! तिमी खप्पीस खेलाडी हौ, हैन र?"–मुस्कुराउँदै ग्राफले थपे।

"हो, तैयार हुँदैछन्।"–लुखनोभले तासको चाङ खोल्दै भन्यो।–"के तपाईं पनि सामेल हुनुहुनेहोइन र, ग्राफ?"

"अहँ, आज होइन। मैले खेल्न थालें भने त तपाईंहरूको आङको लुगा समेत बाँकी रहनेछैन। मैले खेल्न थालें भने त ब्यांकहरूको समेत टाट उल्टन लाग्छ। तर अहिले त आफूसित पैंसो नभएको बेला पर्‍यो। जे जति थियो त्यो सबै भोलोचोक नजिकै घोडाचौकीमा नै हारिसकें। त्यहाँ कुन्नि को हो पैदल फौजको एक जवानले मेरो खल्ती साफ गरिहाल्यो। हातमा औंठी लगाइराखेको थियो उसले। जरूर पनि कुनै नामी तासबाज हुँदो हो!"

"के तिमीले त्यहाँ घोडा-चौकीमा निकै बेर रोकिनुपर्‍यो र?"–इल्यीनले सोध्यो।

"पूरै बाईस घण्टा! त्यो हरामी घोडा-चौकीको मलाई जहिले पनि सम्झना रहनेछ। साथै त्यहाँको रेखदेखकर्ताले पनि मलाई कदापि बिर्सन सक्नेछैन!"

"किन, हँ?"

"के भयो भने मेरो गाडी त्यहाँ पुग्नेबित्तिकै त्यो मोरो रेखदेखकर्ता मेरो सामुन्ने परिहाल्यो। महाठग होला भन्ने त उसको अनुहारले नै बताइरहेको थियो। घोडा त छैनन् भनेर उसले सूचना दियो। मैले अब त एउटा नियम नै बनाइसकेको छु। जब कसैले मलाई घोडा छैनन् भनेर जवाफ दिन्छ त्यतिखेर म सरासर रेखदेखकर्ताकै कोठामा पस्किन गैहाल्छु। आफूले लाइराखेको भुवादार ओभरकोट समेत फुकाल्दिनँ। रेखदेखकर्ताको अफिसमा जाने होइन, बरू उसको डेरामा नै पुग्छु र कोठामा पस्नासाथ सबै झ्याल-ढोका खोल्ने हुकुम दिन्छु। मानौं, कोठामा धुवाँ भरिइरहेको होस्! त्यहाँ पनि मैले त्यस्तै गरें। तिमीलाई थाहै छ, बितेको महीना कस्तो ठिहिऱ्याउने जाडो थियो! झण्डै बीस डिग्री जाडो थियो। रेखदेखकर्ताले मसंग बहस गर्न सुरु गर्‍यो। मैले जमाएर उसको बङ्गारामा एक घुस्सा दिएँ। एउटी बुढिया, केही साना केटीहरू र आइमाईहरू चिच्याउन लागे। उनीहरू भाँडाकुँडा बोकेर गाउँतिर जान तयार भए। मैले ढोकैनेर बाटो छेक्तै भनें: 'घोडा दिने हो भने म हिंडिहाल्छु, नत्र त कसैलाई बाहिर निस्कन दिनेछैन। सबैलाई यहाँ जाडोमा कठ्याङ्ग्रिने गरेर डल्याएर राख्नेछु!'"

"खूब राम्रो तरीका हो यो!"—थसुल्लो बिर्तावालले खित्का छोड्दै भन्यो।—"जाडोमा साङलाहरूलाई जस्तै ठिहिऱ्याएर ठीक पार्नुपर्छ यिनलाई!"

"तर मैले उनीहरूमाथि निगरानी राखिनँ। म कतै हिंडें। त्यसै बखत घोडा-चौकीको रेखदेखकर्ता र ती आइ-

माईहरू त्यहाँबाट कुलेलम भइहाले। केवल एउटी बुढिया मात्र त्यहाँ बाँकी रहन गई। ऊ आतसखानामाथिको कोप्रोमा पल्टिरहेकी थिई र हाछ्यूँ गर्दै छिंका हाल्दैथिई। ऊ लगातार भगवान्‌को नाम पनि जप्दैथिई। उसैलाई मैले बन्धक बनाएँ। त्यसपछि हाम्रो बीचमा सम्झौताको कुराकानी हुन थाल्यो। रेखदेखकर्ता फर्केर आयो र टाढै उभिएर बुढियालाई मुक्त गरिदिनको लागि मसंग बिन्तिभाउ गर्न थाल्यो। तर मैले आफ्नो कुकुर ब्ल्यूहरलाई उसैउपर छोडिदिएँ—ब्ल्यूहर पनि यस्तो रेखदेखकर्ताहरूको गन्ध राम्ररी नै खुटयाउन सक्छ। तैपनि त्यस हरामीको छोरोले भोलिपल्ट बिहान मात्रै मलाई घोडा दियो। त्यसैले गर्दा त्यस फौंजी जवानसंग मेरो भेटघाट हुन गएको थियो। म बगलको कोठामा पसें र उससंग तास खेल्न लागें।... तपाईंहरूले मेरो ब्ल्यूहरलाई देख्नु त भएको छ के? ए, ब्ल्यूहर! .. यता आ!"

ब्ल्यूहर दगुर्दै आइपुग्यो। सबै जुवाडीहरूले बडो मायालु दृष्टि लगाएर उसतर्फ हेरे। तर पनि उनीहरूको ध्यान त कुनै अर्कै कुरामा छ भन्ने स्पष्ट नै थियो।

"तर, महाशय हो, तपाईंहरू किन खेल्नुहुन्न नि? मेरो कारणले तपाईंहरूको खेल बिग्रन नपाओस्! म त गफाडी न ठहरें!"—तुर्बीनले भने।—"जे होस्, 'माया-निर्माया' पनि एक राम्रो खेल हो।"

३

लुखनोभले दुई मैनबत्ती आफूतर्फ सा-यो। खल्तीबाट खैरो रङ्गको एउटा ठूलो थैली निकाल्यो जुन नोटका

खाँट्ने भरिएको थियो। अनि बिस्तार-बिस्तार त्यो थैली बाँध्यो. मानौं कुनै रहस्यमय कृत्य सम्पन्न गरिएको होस्! त्यसबाट उसले सय सय रूबलका दुईवटा नोट झिक्यो र क्रुपर नामको चाङमुन्तिर राखिदियो।

"हिजोको जस्तै नै आज पनि दुई सय रूबलको थाँती राख्नेछु।"–उसले भन्यो र आफ्नो चश्मा मिलाएर तासको चाङ खोल्न थाल्यो।

"ठीक छ!"–उसतर्फ हेर्दै नहेरीकन इल्यीनले भन्यो। ऊ तुर्बीनसंग कुरा गर्नमा नै तल्लीन थियो।

खेल शुरू भयो। लुखनोभ यन्त्रवत् सटासट तासका चक्कीहरू बाँड्दैथियो, कहिलेकाहिं बीचैमा टक्क रोकिएर बडो आरामसित प्वाइन्ट लेख्थ्यो या आफ्नो चश्माको आँखिबाट घुरेर हेर्दै मसीनो स्वरले भन्थ्यो: "पत्ती चाल्नोस्!" थसुल्लो बिर्तावालको स्वर नै सबैको भन्दा चर्को थियो। ऊ बड्बडाउँदै आफ्नो हिसाब जोड्थ्यो र मोटा औंलाले तासको चक्कीको कुना किच्याउँथ्यो। सुरक्षा-सेनाको अफिसर चूपचाप आफ्नो प्वाइन्ट सफा अक्षरमा लेख्थ्यो र टेबुलमुनि हात घुसारेर चक्कीको कुना अलिकति मोड्नेगर्थ्यो। थाँती राखेर खेल्नेको बगलमा नै ग्रीक बसिरहेको थियो र आफ्ना काला-काला आँखाले खूब ध्यानपूर्वक खेल हेर्दैथियो, मानौं ऊ कुनै घटनाको प्रतीक्षामा होस्! जाभा-ओम्स्की टेबुलको छेउमा उभिन्थ्यो र एक्कासि उसमा स्फूर्तिको संचार हुन्थ्यो। ऊ आफ्नो पैण्टको खल्तीबाट रातो वा नीलो रङ्गको नोट झिकेर त्यसमाथि तासको एउटा चक्की फाल्थ्यो, अनि थाप दिएर त्यसमाथि हात राख्थ्यो र चर्को स्वर निकालेर कराउँथ्यो: "हेर्, आयो सत्ता!"

त्यसपछि ऊ दाँतले जुंगा टोक्थ्यो र कहिले एउटा गोडा त कहिले अर्को गोडाको बलमा उभिन्थ्यो। उसको अनुहार रातो भएर आउँथ्यो र सारा शरीर नै काम्न थाल्थ्यो। तासको चक्की नखुलुञ्जेलसम्म नै यस्तै स्थिति रहन्थ्यो। इल्यीनको छेवैमा सोफामाथि नै एउटा रिकापीमा बाछाको भुटुवा मासु र काँक्रो राखिएका थिए। ऊ कपाकप त्यो खाँदैथियो र ज्याकेटमा नै झटपट औंला पुछेर एकपछि अर्को चक्की धमाधम फ्याँकिरहेको थियो। तुर्बीन पहिलेदेखि नै सोफामा बसिरहेको थियो। उसले तुरुन्त नै कुराको मेसो बुझिहाल्यो। लुखनोभ चाहिं न उल्हनतर्फ हेर्थ्यो, न त केही भन्थ्यो, मात्र कहिलेकाहिं आफ्नो चश्मा उठाएर उसको हाततर्फ पुलुक्क हेर्थ्यो। उल्हनको हातमा रहेका तासका चक्कीहरूमध्ये धेरैजसो हार्ने खालका नै थिए।

"यो चक्की त मैले लिन पाए हुन्थ्यो!"—लुखनोभले आधा-आधा रूबलको दाउ थापेर खेल्ने थसुल्लो बिर्तावालको हातको चक्कीतर्फ संकेत गर्दै भन्यो।

"इल्यीनको चक्की लिनोस् न तपाईं! मेरो चक्कीको त के कुरा भयो र?"—बिर्तावालले जवाफ दियो।

हुन पनि इल्यीनको जति हरूवा चक्की त अरू कसैसित पनि थिएन। हरेकपल्ट उसैको हार भइरहेको थियो। ऊ व्याकुल भएर त्यस हरूवा चक्कीलाई च्यातेर टेबुलमुनि मिल्काइदिन्थ्यो र कामेको हातले फेरि अर्को चक्की उठाउँथ्यो। ग्राफ तुर्बीन सोफाबाट उठे, अनि ग्रीकसंग आफूलाई उसको ठाउँमा बस्न दिने अनुरोध गरे। त्यसको बगलमा बसेर नै लुखनोभ थाँती खेल्दैथियो। ग्रीक आफ्नो ठाउँ छोडेर अर्को कुर्सीमा बस्न गयो र ग्राफ चाहिं उसको

ज्ट्टैमा बसेर खूब ध्यानपूर्वक लुखनोभको हाततर्फ हेर्न लागे।

"इल्यीन!"–एकाएक ग्राफ बोल्न थाले। उनले आफ्नो सामान्य आवाजमा नै बोलेका थिए, तैपनि उनको स्वर अरू सबैको भन्दा चर्को थियो।–"एउटै मात्र चक्कीको बाजी किन लगाउँदैछौ? तिमीलाई त तास खेल्न नै आउँदैन क्या रे!"

"जसरी खेले पनि मेरै हार हुन्छ त!"

"यस्तै हो भने त हार हुने नै भयो नि! खै, तिम्रो सट्टा म खेलिहेरूँ त!"

"नाइँ! कृपया कर नगर! म आफ्नो सट्टा अरू कसैलाई पनि खेल्न दिन्नँ! खेल्न नै चाहन्छौ भने आफै खेल!"

"आफ्नो लागि त खेल्न चाहन्नँ भनेर मैले भनिहालें नि! म त तिम्रो निम्ति पो खेल्न लागेको हुँ! तिमी यसरी हार्दैगइरहेको देख्दा मलाई खपिनसक्नु भएको छ।"

"हुने हार, दैव नटार!"

ग्राफ चुप लागिहाले। अनि कुहिना टेबुलमा टेकाएर उनले लुखनोभको हाततिर एकटक लगाएर हेरिरहे।

"धत्तेरिका!"–एकाएक उनले चर्को स्वर निकालेर नेक्टो तान्दै भने।

लुखनोभले पनि उसतर्फ पुलुक्क हेऱ्यो।

"धत्तेरिका! धत्तेरिका!"–उनले अझ चर्को स्वरमा भने र लुखनोभको आँखामा सोझै आँखा गाडेर हेर्न थाले।

खेल चलि नै रहेको थियो।

"रा-म्रो है-न!"–तुर्बीनले फेरि भने। लुखनोभले

इल्यीनको एक अर्को ठूलै चक्की पनि मारिदिएको थियो।

"कुन कुरा चित्त बुझेन हँ, ग्राफ?"—लुखनोभले नम्रतापूर्वक तर बेवास्ताको स्वरमा भन्यो।

"जसरी तपाईं इल्यीनको आँखामा छारो हालेर ठूलो बाजी जित्नुहुन्छ र सानो बाजी चाहिं हार्नुहुन्छ सो राम्रो होइन!"

लुखनोभले कुम हल्लायो र आँखिभौं खुम्च्यायो। जे हुँदै छ सो भाग्यजोग्यको कुरा हो भन्ने नै यसको आसय थियो। तास खेलनमा फेरि ऊ तल्लीन भैहाल्यो।

"ब्ल्यूहर! यता आइज!"—ग्राफले उठ्दै कराएर भने।—"ल, यसलाई पक्रिहाल्!"—उनले छिटो-छिटो थपे।

ब्ल्यूहर कति छिटो सोफामुन्तिरबाट उफ्रेर बाहिर निस्कियो भने सुरक्षा-सेनाको अफिसर झण्डैझण्डै बुझ्न ढल्न आँटिसके-को थियो। कुकुर झटपट दगुरेर आफ्नो मालिकको नजिक पुग्यो र घुर्र घुर्र गर्न लाग्यो। पुच्छर हल्लाउँदै कोठामा बसिरहेका सबै मानिसहरूतर्फ ऊ यसरी हेर्न लाग्यो, मानौं सोधिरहेको होस्: 'बदमाश को हो, हँ?'

लुखनोभले तासका चक्कीहरू थपक्क राखिदियो र कुर्सी पनि पछिल्तिर खस्कायो।

"यसरी त खेल्नै सकिन्न!"—उसले भन्यो।—"कुक्कुर भनेपछि मलाई पटक्कै मन पर्दैन। कोठाभरि कुक्कुरैकुक्कुर छन् भने खेल्न नै कसरी सकिन्छ र?"

"त्यसमा पनि यस जातका कुक्कुरहरू जो चुसाहा भनिन्छन् क्या रे!"—सुरक्षा-सेनाको अफिसरले हाँमा हाँ मिलाउँदै थप्यो।

"भन्नोम्, मिखाइल भासिलिच! खेल जारी राखौं कि बन्द गर्ने?"–लुखनोभले घरपट्टिसंग सोध्यो।

"कृपया, हाम्रो खेल नबिगार न, ग्राफ!"–इल्यीनले तुर्बीनलाई भन्यो।

"एक छिन यता त आऊ!"–तुर्बीनले भन्यो र इल्यीनको हात समातेर उसलाई बाहिर तानेर लग्यो।

ग्राफको स्वर प्रष्ट सुनिन्थ्यो। उनी सामान्य तवरले चर्को आवाजमा बोल्दैथिए। उनको आवाज नै यस्तो थियो कि तीन कोठाभित्रसम्म पनि सुन्न सकिन्थ्यो।

"के तिमी बहुलाउन त बहुलाएनौ? त्यो चश्मावाल मान्छे लफंगा तासबाज हो! देख्दा पनि देख्दैनौ कि क्या?"

"हुनै सक्तैन! के कुरा गर्दैछौ हँ तिमी यस्तो?"

"खेल्नपट्टि नलाग! म भन्दैछु है! मलाई त यसको के मतलब र? अरू कुनै बेला हुँदो हो त म स्वयं नै पनि तिमीबाट यो पैंसा जितेर लिन सक्थें हुँला! तर आज किन हो कुन्नि तिमी यसरी लुटिएको टुलुटुलु हेर्न नै म सक्दिनँ। जुन पैंसा तिमी हार्दैछौ त्यो कतै सरकारी ढुकुटीको पैसा त होइन?"

"हो! .. हैन! .. अँ, किन र? किन तिमी सोध्दैछौ यो कुरा?"

"मैले यो सब भोगिसकेको छु, भाइ! यी तासबाजहरूका सबै चाल म बुझ्छु। त्यो चश्मावाल मान्छे पक्कै पनि तासबाज नै हो। म फेरि पनि तिमीलाई भन्दैछु। खेल रोकिहाल! अहिलेको अहिल्यै रोकिहाल! म तिमीलाई एक साथीको नाताले सल्लाह दिंदैछु।"

"म अरू एक हात मात्रै खेलिहेर्छु अब!"

"अरू एक हातको मतलब के हुन्छ त्यो पनि मलाई थाहा नभएको होइन! लौ त, हेरिहालौं एक फेरा!"

उनीहरू फर्केर आए। एकै पटकमा इल्यीनले निकै चक्की फ्यांक्यो र त्यसमध्ये निकै चक्की हाऱ्यो पनि। आखिर उसको ठूलो नोक्सान हुन गयो।

तुर्बीनले टेबुलको बीचमा दुवै हात फैलाइदिए।

"बस् भयो! हिंड जाऔं!"

"अहँ, अब म खाल कसरी छोड्न सक्छु र? बरू कृपा गरेर मलाई एक्लै छोडिदेऊ!" – इल्यीनले झर्केर तुर्बीनतर्फ हेर्दै नहेरीकन कच्याककुचुक भएका तासका चक्कीहरू फटाफट फेट्दै भन्यो।

"ल, भर्सेलो नै परोस् त! हार्नमा नै तिमीलाई मजा आइरहेछ भने धमाधम हार्दैजाऊ! म त अब यहाँ बढ्ता रोकिन सक्तिनँ! जाभाल्शेभ्स्की! जर्साहेबकहाँ जाऔं न!"

उनीहरू बाहिर निस्किए। सबै चूप लागिरहे। बरण्डामा उनीहरूको पदचाप र ब्ल्यूहरको पञ्जाको ख्यार-ख्यार आवाज सुनिइन्जेल लुखनोभले तासको चक्की बाँड्दा पनि बाँडेन।

"यो पनि मगजदार रहेछ!" – बिर्तावालले हाँस्दै भन्यो।

"खैर, अब हामी आरामका साथ खेल्न सक्छौं नाइँ!" – सुरक्षा-सेनाको अफिसरले खासखुस गर्दै भन्यो।

अनि खेल जारी रह्यो।

४

वाद्यवृन्दका कलाकारहरू चियापानकक्षमा लहरै उभिएका थिए। उनीहरू सबका सब सरदारसाहेबकै भूदासहरू थिए। भोटोको बाहुला समेटेर उनीहरू बाजा बजाउन तैयार

ल्बेका थिए। चियापानकक्ष चाहिं नाचसमारोहको लागि नै खाली गरिएको थियो। इशारा पाउनेबित्तिकै पोल्याण्डको डुगानन नाच "अलेक्सान्द्र-येलिजाबेता" गुञ्जन थालिहाल्यो। रूपझाला मैनबत्तीहरूको मधुरो प्रकाशले झलमल्ल थियो। नाचमा सरीक हुन चाहनेहरू एक-एक जोडी मिलाएर काठको फल्याक ठोकिएको ठूलो बैठककोठामा पस्न थाले। सबभन्दा अगिल्तिर एकातेरिनायुगका बडाजर्नेल साहेब नै सरदारसाहेबकी सिकुटे पत्नीको हात समातेर नृत्यशालामा पसेका देखिए। उनको छातीमा तक्माको तारा झलल्ल चम्किरहेको थियो। त्यसपछि सरदारसाहेब पनि जरसाहेब-को पत्नीलाई डोऱ्याउँदै आए। अनि यस्तै क्रमसित अरू जोडीहरूले पनि त्यहाँ प्रवेश गरे। सबका सब नै त्यस बृबेर्नियाका शासक परिवारहरूबाट आएका थिए। त्यसै बेला जाभाल्शेभ्स्की पनि भित्र पस्यो। उसले उठेको अग्लो कलर र कुममा स्कन्धाभरणको फुर्का भएको नीलो रङ्गको कोट लगाइराखेको थियो भने गोडामा चाहिं माथिसम्म आउने जुराफ र फैशनदार जुत्ता थियो। ऊ भित्र पस्नासाथै चारैतिर अत्तरको मगमग बास्ना फैलियो, मानौं आफ्नो जुंगा, कोटको कलर र रूमालमा उसले चमेलीको अत्तर खन्याएको होस्! उसको साथमा एक सुन्दर हुस्सार पनि थियो जसले अश्वारोहीहरूको टम्म कसिएको नीलो जुराफ र सुनौला भुवाको घेरा हालिएको रातो कोट लगाइराखेको थियो। कोटमा भ्लादीमिर-क्रस र अठार सय बाह्र सालको युद्धको तक्मा पनि झुण्डिरहेका थिए। होचो कदका भए तापनि हुस्सारको शारीरिक गठन अत्यन्तै सुन्दर थियो। उनका नीलो र निर्मल आँखा टल्किरहेका थिए। गाढा

कैला घुम्रिएको कपालमा ठूल्ठूला चक्रहरू परिरहेका थिए। यसले गर्दा उनको अनुहार अझ बढ्ता खुलेको देखिन्थ्यो। सरदारसाहेबको नृत्यशालामा उनको आगमन अप्रत्याशित थिएन। जुन सुन्दर युवकसंग होटलमा उनको भेट भएको थियो उसले नै सरदारसाहेबलाई ग्राफ पनि नाच-समारोहमा सरीक हुन सक्छन् भन्ने सूचना दिइसकेको थियो। यस समाचारप्रति मानिसहरूको प्रतिक्रिया बेग्लाबेग्लै किसिमको थियो। परन्तु सामान्यतया खुशी त कोही पनि भएको थिएन। 'यस ठिटोले हाम्रो हाँसो त उडाउने होइन कतै!'—पुरूषहरू र उमेर ढल्किसकेका नारीहरूको मनमा यस्तो विचार उठेको थियो। 'अँ, कतै यसले मलाई नै उडाएर लान पनि के बेर र?'—अधिकांश युवतीहरू र भद्रमहिला-हरूको विचार चाहिं यस्तो थियो।

पोल्याण्डको नृत्य-धून समाप्त हुनेबित्तिकै नाचमा भाग लिइरहेका जोडीहरू एक दोस्राको सामुन्ने झुकेर अलग्गिए। नारीहरू नारीहरू नै भएको ठाउँमा गए भने पुरूषहरू पनि पुरूषहरू भएकै ठाउँमा फर्किए। गर्व र खुशीले गद्गद भएको जाभाल्शेभ्स्कीले ग्राफलाई घरपट्टिनीको नजीकै डोऱ्याएर लग्यो। सरदारसाहेबकी पत्नी चाहिं यस हुस्सारले कतै अरू सबैको सामुन्ने आफ्नो बेइज्जती त गर्ने होइन भन्ने विचारले केही झस्केकी समेत थिइन्। बडो रवाफ र बेवास्ताको प्रदर्शन गर्दै अर्कैतिर मुख फर्काएर उनले भनिन्: "ज्यादै खुशी लाग्यो! आशा छ, तपाईं पनि त नाच्नुहोला?" अनि यस्तो अविश्वासपूर्वक दृष्टिले उसतर्फ हेर्न लगिन्, मानौं भनिरहेकी होउन्: 'यदि तिमीले कुनै महिलाको अपमान गरि नै हालेछौ भने तिमी एक नम्बरको

गर्दा ठहरिनेछौ।' परन्तु ग्राफले केही मिनेटभित्रमा नै उनको मनोभावना बदलिदिए। आफ्नो विनम्रता, शिष्टता, रसिलो मिजास र सौम्य रूपले गर्दा उनले सरदारनीको मन जितिहाले। सरदारसाहेबकी पत्नीको अनुहारको भाव पनि एक्कासि बदलियो र सबैलाई उनले यस्तो भनिरहेको जस्तो प्रतीत भयो: 'बुझ्यौ? यस किसिमका मान्छेहरूलाई म राम्ररी जानेकी छु मैले! कससंग कुरा गर्दैछ भन्ने उसले तुरुन्तै बुझिहाल्यो। पुरै साँझभरि नै अब मेरै अगलबगलमा घुमिरहेको हुनेछ यो!' ठीक त्यसै बेला जरसाहेब ग्राफको छेउमा आइपुगे र कुरा गर्न भनेर उनलाई एकातिर डोऱ्याएर लगे। उनी ग्राफका बुबालाई चिन्थे। त्यसपछि त स्थानीय कुलीनहरूको मनको शङ्का समेत निवारण भयो। उनीहरूको दृष्टिमा ग्राफको स्थिति अझ माथि उठ्यो। केही बेरपछि जाभाल्शेभ्स्कीले उनलाई आफ्नो बहिनीसित पनि परिचय गराइदियो। त्यो मोटीघाटी एउटी तरुनी विधवा थिई। ग्राफको आगमनदेखि नै ऊ आफ्ना ठूल्ठूला कान्ना-काना आँखाले उनलाई खाउँला झैं गरेर हेर्दैथिई। ग्राफले उससंग वाल्ज नृत्य नाच्ने प्रस्ताव राखे। वाद्यवृन्द पनि त्यतिखेर त्यसै नाचको धून बजाउँदैथियो। ग्राफ ज्यादै नै राम्रो नाच नाच्नेगर्थे र उनको नाच देखेपछि त मानिसहरूको मनमा बचेखुचेको पूर्वाग्रह पनि हराएर गैहाल्यो।

"क्या गजब नाच्दो रैछ!"—एउटी थसुल्ली महिलाले भनी। ऊ नीलो जुराफ लगाइराखेको ग्राफको गोडाको चाल हेर्दै मनमनै ताल दिइरहेकी थिई: 'एक, दुई, तीन! एक, दुई, तीन!.. वाह! वाह! गजबको नाच!'

"अहो! क्या राम्रो नाच! वाह् रे वाह्!" – अर्की एउटी महिलाले भनी। ऊ केही दिनको लागि मात्र त्यस शहरमा आएकी थिई र कुलीन समाजमा उसलाई कुलटा ठानिन्थ्यो। – "उसको ऐंडीले कसैलाई ठक्कर समेत लगाउँदैन। कस्तो आश्चर्य! वाह्, क्या गजबसित ताल मिलाएर नाच्दैछ!"

ग्राफले कति राम्रोसंग नाचेका थिए भने त्यस गुबेर्नियाका तीन जना नाम चलेका नर्तकहरूको समेत सेखी झारिदिएका थिए। तीमध्ये एक जना थियो – जरसाहेबको हजुरिया। सनपाटका रेशा जस्तो कपाल भएको त्यो मान्छे निकै अग्लो पनि थियो। त्यो नाचमा आफ्नो फुर्तिलो चालले गर्दा प्रसिद्ध थियो। जुन महिलासंग ऊ नाच्थ्यो त्यसलाई आफ्नो जीउमा टाँसेर राख्न पनि ऊ सिपालु थियो। अर्को चाहिं अश्वारोही सेनाको अफिसर थियो। वाल्ज नाच्दाखेरि उसको जीउ ज्यादै मनमोहक ढंगले हल्लिनेगर्थ्यो। ऊ ज्यादै हलुका चालले छिटो-छिटो ऐंडी टेकाउने गर्थ्यो। त्यहाँ अर्को एक जना पनि खूब राम्रो नाच्ने मान्छे थियो जसलाई सबै मान्छेहरू नाच-समारोहको मुख्य पात्र ठान्नेगर्थे। हुन त ऊ त्यति समझदार अवश्य पनि थिएन। ऊ एक निजामती कर्मचारी थियो। नाच शुरू भएदेखि नै ऊ नाच्दैथियो र सास फेर्नको लागि समेत रोकिने गर्दैनथ्यो। हरेक नाचपछि ऊ लहरै बसिरहेका महिलाहरूको अगाडि पुगिहाल्थ्यो र क्रमानुसार एक-एक महिलासंग नाच्ने अनुरोध गर्थ्यो। कहिलेकाहिं मात्र ऊ निधारको पसीना पुछ्न भनेर अडिन्थ्यो। उसको मुख चिटचिट पसीनाले भिजेको भए तापनि हँसीलो देखिन्थ्यो र रूमाल पनि

निष्ट्रुक्क भिजिसकेको थियो। ग्राफले सबभन्दा प्रमुख तीन महिलाहरूको साथमा नाचेर यी सबैको मेख मारिदिएका थिए। ती महिलाहरूमध्ये एउटी चाहिं हट्टाकट्टा, अग्ली र निकै धनी थिई, हिसी पनि परेकी थिई, तर पटमूर्ख थिई। अर्की चाहिं मझौला कदकी र दुब्ली-पातली थिई, अनि उति राम्री नदेखिए तापनि शानदार पोशाकमा डटेकी थिई। तेस्री चाहिं पुडकी थिई र हेर्दा साधारण देखिए तापनि ज्यादै चतुर थिई। अन्य महिलाहरूको साथमा पनि ग्राफ नाचेका थिए अर्थात् सबै सुन्दरीहरूको साथमा उनले नाच गरेका थिए। त्यस नाच-समारोहमा थुप्रै सुन्दरी नारीहरू भेला भएका थिए। परन्तु ग्राफलाई चाहिं जाभा-न्स्कीकी बिधुवा बहिनी नै सबभन्दा ज्यादा मन परेकी थिई। उसको साथमा ग्राफले क्वाड्रिल, एकोसाएज र मजूर्का नाचहरू नाचे। शुरूमा क्वाड्रिल नाचको बखत नै उनले उसको रूप-लावण्यको खूब प्रशंसा गरे र भीनस, डायना, गुलाफको फूल र अरू थुप्रै फूलसित उसको तुलना गर्दैरहे। यसको जवाफमा तरूनी बिधुवा चाहिं खालि आफ्नो गोरो र सुन्दर गर्दन एकातिर झुकाउँथी र आँखाको पटल बन्द गर्नेगर्थी। अनि उसका आँखा आफूले लगाइरा-खेको सेतो मलमली जम्फरमा पर्थे र ऊ हातमा लिइराखेको पङ्खा अर्को हातमा सार्थी। "भैगो, ग्राफ! यस्तो ठट्टा गर्नुपर्दैन!"—ऊ यस्तै वा अर्कै कुनै वाक्य भन्थी। उसको स्वर मुरिलो थियो र त्यसमा सुधोपना, सरलता र सहृदय-ता झल्कन्थ्यो। ग्राफ सोच्नेगर्थे: 'यो वास्तवमा आइमाई होइन, बरू फूल हो फूल! यो वास्तवमा गुलाफको फूल पनि होइन, बरू कुनै फक्रेको बनफूल हो—गुलाफी र

सेतो रङ्गको फूल! त्यस फूलमा बास्ना त छैन, तर त्यो कतै निकै टाढा रमणीय प्रदेशमा थुप्रिएको हिउँ झैं एकलै फुलिरहेको प्रतीत हुन्छ।

उसको सूधोपना, सरलता र यसको साथसाथै उसको रूपको ताजापना देखेर ग्राफको मनमा एउटा अनौठो भावना उब्जिन थाल्यो। कुराकानीको क्रममा उनले कैयौं पटक चूपचाप उसका आँखामा सोझै हेरेका पनि थिए। उसका सुडौल गर्दन र पाखुरामा हेर्दाहेर्दै कतिपल्ट त उसको हात तानेर चुम्बन लिने समेत उनको मनमा उत्कट अभिलाषा जागेको थियो। आफूलाई काबूमा राख्न पनि उनलाई धौ-धौ परिरहेको थियो। तरूनी बिधुवा पनि आफ्नो प्रभावको सुइँको पाएर अति नै खुशी थिई। किन्तु ग्राफको व्यवहारमा झल्केको कुनै कुराले उसलाई व्याकुल तुल्याउन थाल्यो र ऊ बेचैन हुन लागी। युवा हुस्सार चाहिं उसलाई खुशी पार्न उसकै अगल-बगलमा घुमिरहेका थिए। अचेलको जमानालाई हेर्दा त उनको शिष्टता पनि चाहिनेभन्दा अलि ज्यादा नै थियो। उनले दगुरेर गई उसको निम्ति सर्बत ल्याइदिए, अनि उसको रूमाल खस्दा पनि झटपट टिपेर दिएका थिए। ग्राफले कमलपित्तको रोगी जस्तो देखिने एक युवकको हातबाट कुर्सी खोसेर उसलाई त्यसमा बस्न दिए। त्यो ख्याउटे युवकले पनि बिधुवाको लागि नै भनेर त्यो कुर्सी ल्याएको थियो। यस तरहका सानातिना कैयन् कुराहरू उनले गरेका थिए।

प्रेमाभिव्यक्तिका यस्ता कामकुराहरूले बिधुवामाथि कत्ति पनि असर नपारेको देखेर ग्राफले उसको मनोरञ्जनको लागि नाना थरीका किस्साचुट्किलाहरू सुनाउन शुरू गरे।

उनले के पनि विश्वास दिलाए भने उसले हुकुम मात्रै दिनुपर्छ उनी टाउकोले टेकेर उभिन, भाले कुखुरा बासे झैं बास्न, झ्यालबाट बाहिर हाम्फाल्न अथवा बरफ जमेको नदीमा जहाँनेर चिरा परेको हुन्छ त्यहाँ नै उफ्रेर ज्यान फाल्न समेत तैयार भैहाल्नेछन्। ग्राफको यस्तो भनाइको असर पर्‍यो पनि। तरूनी बिधुवा दङ्ग परी र खितिखिति हाँस्न लागी! उसका सेता र सुन्दर दन्तलहर पनि बेला-बेलामा टल्किन लागे। आफ्नो सहचरसित ऊ निकै प्रशन्न भई। ग्राफलाई चाहिं ऊ झन् झन् मन पर्दैगइरहेकी थिई। क्वाड्रिल समाप्त हुन पाउँदा नपाउँदै उनी त उसलाई प्रेम समेत गर्न लागिसकेका थिए।

क्वाड्रिल नाच समाप्त भयो। त्यस इलाकाको सबभन्दा धनी बिर्तावालको ढाक्रे छोरो तरूनी बिधुवाको नजिकै आयो। अठार वर्षको त्यो युवक बिधुवाको आसकी थियो। त्यो कमलपित्तको रोगी नै थियो त्यो जसको हातबाट ग्राफले कुर्सी खोसेर लिएका थिए। बिधुवाले उससित रूखो व्यवहार गरी। ग्राफले बिधुवाको मनमा जस्तो उत्तेजना पैदा गरिदिएका थिए त्यसको दशौं हिस्सा पनि यस ठिटोले उत्पन्न गर्न सकेको थिएन।

"तपाईं पनि बतासे मान्छे नै हुनुहुँदो रैछ!"—उसले भनी। उसका आँखा चाहिं ग्राफको पिठ्यूँमा परिहेका थिए र उनले लगाइराखेको कुर्ता सिउनमा कति गज कपडा धागो खर्च भएको होला भनेर पनि ऊ मनमनै हिसाब गरिरहेकी थिई।—"बतासे मान्छेको बतासे कुरा रहेछ! स्लेजमा सैर गराउने र चक्लेट पनि ल्याउने वचन दिनुभएको हैन र तपाईंले?"

"म त आएकै हुँ नि, आन्ना फ्योदोरोभ्ना! तपाईं पो घरमा हुनुहुन्थेन त! मैले तपाईंको लागि बढिया चक्लेट पनि त्यहाँ छोडेको छु।" – युवकले जवाफ दियो। ऊ निकै अग्लो कदको भए तापनि उसको स्वर चाहिं झीनो थियो।

"जहिले पनि कुनै न कुनै बहाना बनाउन त पास नै हुनुहुन्छ है तपाईं! मलाई तपाईंका चक्लेटहरू पनि चाहिया छैनन्! कृपया कतै यस्तो नसम्झनुहोला कि..."

"म देख्दैछु, आन्ना फ्योदोरोभ्ना! मंप्रति तपाईंको व्यवहार पनि बदलिएको छ। यसको कारण पनि मलाई थाहा छ। तपाईंको यस्तो चाला राम्रो होइन!" – उसले भन्यो। ऊ अरू पनि केही थप्न चाहन्थ्यो, तर उत्तेजनाले गर्दा उसका ओंठ काम्न लागे र उसले त्यसभन्दा बढ्ता केही बोल्न सकेन।

उसको कुरामा आन्ना फ्योदोरोभ्नाको ध्यान पटक्कै गइरहेको थिएन। ऊ त तुर्बीनलाई नै नियालेर हेर्दै थिई।

नाच-समारोहका आयोजक घरपट्टि सरदारसाहेब ग्राफको छेउमा आए। थोते भए तापनि उनी ज्यादै रवाफिला, हट्टाकट्टा र बुझक थिए। सरदारसाहेबले ग्राफको हात समातेर उनलाई आफ्नो लेखपढ गर्ने कोठामा लिएर गए। त्यहाँ धुम्रपान र मदिराको पनि चाँजोपाँजो मिलाइएको थियो। तुर्बीन बाहिर निस्कनु मात्रै के निस्केको थियो, आन्ना फ्योदोरोभ्नाको निम्ति नृत्यशाला एक तमासको उराठलाग्दो हुन गयो। आफ्नी एक पुरानी संगिनीलाई डोऱ्याएर ऊ पनि सोझै श्रृङ्गारकक्षमा पसी। उसकी संगिनी चाहिं दुब्ली-पातली र अधबैंसे बुढीकन्या थिई।

"कमो? मन पऱ्यो त?"—संगिनीले सोधी।

"नर जहिले पनि पछि लागेको लाग्यै छ!"—आन्ना म्योदोरोभ्नाले जवाफ दिई र ऐनाको अगिल्तिर गएर आफ्नो रूप निहार्न लागी।

ऊ अलिअलि लज्जाइरहेकी थिई। उसको अनुहार गन्किरहेको थियो र आँखा चाहिं मुस्कुराइरहेका थिए। एकाएक कुर्कुच्चा उचालेर ऊ बुढीऔंलाको बलमा एउटै मात्र गोडामा उभिई र चुनावको बेला आफूले देखेका ब्याले-नर्तकीहरूको नक्कल गरेर खितिखिति हाँस्दै फनक्क घुमेर दुवै ऐंडी ठोकी र बुर्लुक्क उफ्रिई।

"थाहा छ के? उसले सम्झनाको लागि भनेर कुनै चीज मागेको छ।"—उसले संगिनीलाई भनी।—"तर उसले केही पनि पाउनेछैन। केही पनि दि-इ-ने-ए छ-इ-न!"—अन्तिम दुई शब्द लेग्रो तानेर गाउँदै उसले औंला नचाउँदै भनी। हातमा उसले मुलायम छालाको पञ्जा लगाइराखेकी थिई।

सरदारसाहिबले तुर्बीनलाई लेखपढ गर्ने जुन कोठामा लिएर गएका थिए त्यहाँ किसिम किसिमका मदिरा, शैम्पेन, भोद्का र सितन-भुट्वा आदि राखिएका थिए। चुरोटको धुवाँले कोठा गुम्म भरिएको थियो। अभिजात वर्गका मानिसहरू कोही उभिएर त कोही बसेर चुनावको चर्चा-परिचर्चा गरिरहेका थिए।

"हाम्रो जिल्लाका सबै भद्र-भलादमीहरूले उसलाई चिनेर कदर गरेका छन् भने"—पुनर्निर्वाचित पुलिस-इन्सपेक्टर भन्दैथियो। ऊ मात लागेर चूर भैसकेको देखिन्थ्यो।—"समाजप्रति आफ्नो कर्तव्य पालना गर्नमा उसले आनाकानी

गर्न हुँदैनथ्यो ! यस्तो आनाकानी गर्ने उसलाई कुनै अधिकार छैन ! . ."

ग्राफले कोठामा प्रवेश गर्नेबित्तिकै कुराको मेसो नै बदलियो। सबैलाई ग्राफसंग परिचित गराइयो। खास गरी पुलिसको इन्स्पेक्टर दुवै हातले निकै बेरसम्म ग्राफको हात मिच्दैरह्यो र बारम्बार नाच सकिएपछि त्यसै साँझ एउटा नयाँ भट्टीपसलमा आयोजना गरिने जमघटमा पनि सामेल हुने निम्तो दोहोऱ्याउँदैथियो। "त्यहाँ भोजको प्रबन्ध गरिएको छ र जिप्सीहरूको सहगान पनि हुँदैछ।" – उसले भन्यो। ग्राफले उसको निम्तो स्वीकार गरिहाले र उसको साथमा त्यहाँ कैयौं गिलास शैम्पेन पनि घुट्क्याए।

"महाशय हो, तपाईंहरू किन नाचिरहनुभएको छैन ?" – ग्राफले लेखपढ गर्ने कोठाबाट निस्कँदै प्रश्न गरे।

"हामीलाई नाच्न-साच्न आउँदैन !" – पुलिस-इन्सपेक्टरले हाँस्दै जवाफ दियो। – "हामीलाई त रक्सी भए पुगिहाल्छ, ग्राफ ! फेरि यी ठिटीहरू मैले देख्दादेख्दै त हलक्क हुर्केका हुन् नि सबै ! कहिलेकाहिं त म पनि एकोसाएज-नाचमा सरीक हुने गर्छु, ग्राफ ! अझैं पनि थोरबहुत नाच देखाउन सक्छु हो, ग्राफ ! . ."

"ल त, हिन्नोस् ! अहिले नै नाचौं न !" – तुर्बीनले भने। – "जिप्सीहरूको गानाबजाना सुन्नुभन्दा पहिले यहाँको मजा पनि लिइहालौं न !"

"ठीक छ ! महाशय हो, हिन्नोस् ! घरपट्टिलाई खुशी पार्न त नाचौं कमसेकम !"

मात लागेर रातो देखिने अनुहार भएका तीन जना कुलीन सज्जनहरू उठे। नाच शुरू भएदेखि नै उनीहरू

म्बुमह गर्न कोठामा बसेर रक्सी धोक्दै थिए। कसैले नुन्यम छालाको कालो त कसैले चाहिं रेशमको सेतो ज्ञा लगाए। तीनै जना नृत्यशालातर्फ जान तैयार भैहाले। परन्तु त्यतिखेर नै कमलपित्तको रोगी युवक त्यहाँ दाखिल भयो। उसलाई देखेर सबै टक्क रोकिए। युवकको अनुहार रगत सुकेर पहेंलो देखिन्थ्यो र उसका आँखामा पनि आँसु टलपलाइरहेको थियो। ऊ सरासर तुर्बीनको बगनमा पुग्यो।

"के ठान्नुभएको हो तपाईंले आफूलाई? आफ हुनुहुन्छ भन्दैमा के जसलाई पनि धक्का दिएर हिंड्न पाउनुहुन्छ र? के यो हाटबजार हो र कुनै?"–उसले भन्यो। उसको माम बढ्दैगइरहेको थियो।–"यो त बिल्कुलै अभद्र व्यवहार पो हो! .."

उसका ओंठ काम्न लागे र उसले नचाहँदा नचाहँदै पनि वाक्य घाँटीमा नै रोकियो।

"के हो?"–तुर्बीनले कड्केर भने। उनको आँखिभौं एक्कासि खुम्चिन पुग्यो।–"के भन्छस् हँ, छाउरा?" तुर्बीनको स्वर झन् चर्को भयो। उनले युवकको दुवै हात निमोठेर यसरी थिचे कि युवकको अनुहार नै अपमानको कारणले होइन, बरू डरको कारणले गर्दा रातो भयो। तुर्बीन चाहिं कड्केर भन्दैथिए।–"लड्ने नै निहुँ खोजेको होस् त? ल आइज, लडौं! म तैयार छु!"

तुर्बीनले उसको हात छोडिदिनेबित्तिकै दुई जना भलादमीहरूले उसको पाखुरा समातेर उसलाई कोठाको पछिल्तिरको दैलोतिर धकेल्दै लिएर गए।

"मगज त ठाउँमा छ के? धेरै रक्सी घुट्क्याउनुभो

कि, कसो? बुबाले थाहा पाइबक्सेला है! के भो तपाईं-लाई?" –उनीहरूले युवकलाई भने।

"मैले रक्सी खाएको छैन! यो धक्का दिंदै हिड्छ, तर माफी चाहिं माग्दैन! निकै बढेको रैछ! गधा कहींको!" –युवकले झीनो स्वरमा भन्यो र साँच्ची नै सुँक्क सुँक्क गर्न पनि थालिहाल्यो।

उसको कुरातर्फ कसैले ध्यान नै दिएन र उसलाई घर-सम्म पुऱ्याइयो।

"भैहाल्यो, ग्राफ! छोडिदिनोस्!" –पुलिस-इन्सपेक्टर र जाभाल्शेभ्स्कीले तुर्बीनलाई शान्त गराउँदै भने। –"त्यो त अझै केटाकेटी नै छ। घरमा अझै पनि उसको पिटाइ हुन्छ। सोह्र वर्ष मात्रै त भयो भर्खर उसलाई! कुन्नि के जङ चलेछ उसलाई आज र यस्तो उत्पात मच्चाउन तम्सियो? सके मात लागेर होला! उसको बाबु चाहिं ज्यादै भलादमी छन् र उनको ठूलो मानमर्यादा पनि छ। चुनावमा उनी हाम्रा उम्मेदवार छन्।"

"ल, भैगो! लड्न-भिड्न चाहन्न भने भर्सेलो नै परोस्! .."

त्यसपछि ग्राफ नृत्यशालामा फर्किए र फेरि त्यही तरूनी बिधुवाको साथमा एकोसाएज-नाच नाच्न लागे। जो अध्ययन-कक्षबाट उसको पछि लागेर नाच्न आएका थिए तिनीहरूको नाच देखेर तुर्बीनलाई हाँसो आइरहेको थियो। एकपल्ट पुलिस-इन्सपेक्टरको खुट्टा चिप्लियो र ऊ नाचि-रहेका जोडीहरूको बीचमा बुङ्ग लड्यो। ग्राफ जोडले खित्का छोडेर हाँस्न लागे। सारा कोठाभरि नै उनको हाँसो गुञ्जायमान भयो।

ग्राफ जतिखेर अध्ययन-कक्षमा गएका थिए त्यतिखेर आन्ना फ्योदोरोभ्ना आफ्नो दाजुकहाँ गई। कुन्नि किन हो, ग्राफप्रति बेवास्ताको भाव झल्काउनुपर्ने कुरा उसले सोची। त्यसैले बेवास्ताको स्वरमा नै उसले सोधी: "दाजु, बताउनोस् न! को हो नि यो हुस्सार जो मसंग नाच्दैथियो?"

अश्वारोही दलको अफिसरले जाने-बुझे जति कुरा बताउँदै के भन्यो भने तुर्बीन बडो नाउँ चलेका हुस्सार हुन् र बाटोमा पैंसा चोरी भएकोले मात्र उनी त्यस शहरमा रोकिएका हुन्। स्वयं आफूले पनि ग्राफलाई एक सय रूबल सापटी दिएको तर त्यो रकम ज्यादै नै थोरै भएको कुरा पनि उसले बतायो र बहिनीले उसलाई अरू दुई सय रूबल सापटी दिन सक्छिन् कि भनेर पनि सोध्यो। तर जाभाल्शेभ्स्कीले यस बारेमा कसैलाई पनि नबताउने र खास गरी ग्राफसित त कुरै पनि नगर्ने अनुरोध गऱ्यो। आन्ना फ्योदोरोभ्नाले त्यसै साँझ पैंसा पठाइदिने र यो कुरा कसैलाई पनि नबताएर गोप्य राख्ने समेत वचन दिई। परन्तु एकोसाएज-नाच नाच्दाखेरि ग्राफलाई जति चाहिन्छ त्यति नै पैंसा स्वयं दिने कुरा गर्न उसको मनमा तीव्र इच्छा जाग्यो। परन्तु ग्राफलाई यसबारे प्याच्च भनिहाल्न चाहिं उसले निकै बेरसम्म आँट गर्न सकिन। शुरूमा बडो प्रयत्न गरेपछि उसले कुरा झिकी।

"तपाईंले बाटोमा कुनै दुर्घटना झेल्नुपरेको कुरा मेरा दाजु भन्दै हुनुहुन्थ्यो। तपाईंलाई पैंसाको पनि खाँचो छ

रे! गर्जो टार्नु नै छ भने मसंग नै सापटी लिनुभए पनि त हुन्छ? मलाई बडो खुशी लाग्नेछ!"

किन्तु यति भन्दाभन्दै आन्ना फ्योदोरोभ्ना लाजले भुतुक्क भई र एक किसिमको भयले उसको मुख पनि रातो भयो। ग्राफको अनुहार पनि एकाएक निदाउरो र मलिन देखियो।

"तपाईंको भाइ महामूर्ख रैछ!"—उनले रूखो स्वरमा भने।—"तपाईंलाई थाहा नै छ, यदि कुनै मर्दले अर्को मर्दको अपमान गर्छ भने उसलाई द्वन्द्वयुद्धको लागि हाँक दिइन्छ। तर कुनै आइमाईले मर्दको अपमान गरी भने त्यसको नतीजा के हुन्छ नि? थाहा छ के तपाईंलाई?"

लाजले गर्दा बिचरी आन्ना फ्योदोरोभ्नाको कान र गर्दन समेत रातै भयो। अकमक्क परेर उसले आँखा भुइँतिर झारी र मुखले पनि एक लवज नबोलेर चूप लागिरही।

"यस्ती आइमाईलाई सबैको सामुन्ने म्वाइँ खाइन्छ!"—ग्राफले झुकेर उसैको कानमा खासखुस गर्दै भने।—"तपाईं-को हातसम्म चुम्ने मलाई अनुमति मिलोस्!"—उनले निकै बेर चुप्पी साँधिसकेपछि सुस्त सुस्त भने। त्यस तरूनी विधुवाको व्याकुलता देखेर ग्राफको मनमा दया जागेको थियो।

"ओह! अहिले त नाइँ!"—आन्ना फ्योदोरोभ्नाले लामो सास फेरेर भनी।

"फेरि कहिले त? भोलि त सबेरै म हिंडि पनि हाल्छु।... तपाईंले भने यो ऋण चुकाउनु नै छ!"

"अँ, म यहाँ नै कसरी ऋण तिर्न सक्छु र?"—आन्ना फ्योदोरोभ्नाले मुस्कुराउँदै भनी।

"त्यसो हो भने आजै तपाईंसंग भेट्ने आज्ञा मिलोस्! मौका न म आफैं खोजिहालुंला!"

"कसरी तपाईं मौका खोज्नुहुन्छ नि?"

"यो तपाईंको चासोको विषय होइन। तपाईंसंग भेट्न न म जे पनि गर्न तैयार हुन सक्छु।... तपाईंलाई कुनै आपत्ति त छैन?"

"छैन!"

एकोसाएज-नाच समाप्त भयो। त्यसपछि एकपल्ट फेरि मजूर्का-नाच नाचियो। ग्राफले निकै चमत्कार गरेर देखाए: कहिले उनी उडिरहेको रूमाल पक्रन्थे, कहिले एउटा घुंडा टेकेर उभिन्थे, अनि कहिले चाहिं वार्सावासीहरूले जस्तै गरेर दुवै ऐंडी ढ्याक्क गरेर जोड्थे। जो बूढापाकाहरू मेचमा बसेर तास खेलिरहेका थिए ती समेत उठेर नाच हेर्न आए। नृत्यकलामा सर्वोत्कृष्ट मानिएको अश्वारोही सेनाको अफिसरले पनि आफ्नो हार स्वीकार गऱ्यो। त्यसपछि भोज शुरू भयो। अनि अन्तिमपल्ट "ग्रोस फाटेर" नाच चल्यो र पाहुनाहरू बिदाबारी हुन लागे। ग्राफका आंखा चाहिं तरूनी बिधुवालाई नै ताकिरहेका थिए। उसको खातिर बरफमा परेको भांजोमा हाम्फाल्न समेत तैयार भएको जुन कुरा उनले गरेका थिए सो अतिशयोक्ति कदापि थिएन। त्यो मायापीर्ति हो वा लहड या खालि हठ नै किन नहोस्, त्यतिखेर चाहिं उनको सारा आन्तरिक इच्छा र अभिलाषा एउटै कुरामा मात्र केन्द्रित थिए– त्यस आइमाईलाई एकान्तमा भेट्ने र उसलाई प्यारो गर्ने। आन्ना फ्योदोरोभ्ना घरपट्टिनीसंग बिदाबारी भैरहेको देख्नेबित्तिकै उनी दगुर्दै नोकरचाकरहरू बस्ने कोठामा पुगे र

त्यहाँबाट भुवादार ओभरकोट समेत नलगाएर सरासर आगनमा त्यस ठाउँमा दाखिल भैहाले जहाँनेर पाहुना-हरूका बग्गीहरू राखिएका थिए।

"आन्ना फ्योदोरोभ्ना जाइत्सेभाको बग्गी ल्याऊ!"– उनले जोडले कराएर भने। एउटा बडेमानको अग्लो बग्गी ढोकातिर जान लाग्यो। त्यसमा चार जना बस्ने ठाउँ थियो र बत्तीहरू पनि जडिएका थिए। "पर्ख!"–उनले कोचवानलाई रोके र घुँडासम्म आउने हिउँको रासमा टेक्दै बग्गीतर्फ दगुरे।

"के चाहियो?"–कोचवानले सोध्यो।

"म बग्गीमा चढ्न चाहन्छु!"–ग्राफले जवाफ दिए र बग्गी चल्दाचल्दै ढोका खोलेर दगुर्दै त्यसमा चढ्ने जमर्को गर्दै कराए: "रोक् भन्या बग्गी, गधा साले!"

"भास्का! पख्!"–कोचवानले टहलुवालाई डाँक्यो र लगाम तानेर घोडाहरूलाई रोक्यो।–"अर्काको बग्गीमा किन चढ्न लाग्नुभो, हजूर? यो बग्गी त हजूरको होइन! श्रीमती आन्ना फ्योदोरोभ्नाको बग्गी पो हो त यो!"

"चूप लाग्, ए चण्डाल! ला, तँलाई एक रूबल नै भयो! तल ओर्लेर ढोका थुनिदे!"–ग्राफले भने। तर कोचवान आफ्नो ठाउँबाट हटेन। ग्राफले आफै सिंढी माथि उठाए र झ्याल खोलेर जसोतसो ढोका चाहिं थुनिदिए। बग्गीभित्र डढेको ऊन गन्हाएको जस्तो एक तमासको गन्ध आइरहेको थियो, यस्तो दुर्गन्ध पहेंला गोटावाला गद्दा हालिएको पुरानो बग्गीबाट अक्सर आउनेगर्छ। घुँडासम्म आउने हिउँमा हिंडेको हुँदा ग्राफका गोडा भिजेका र चिसा थिए। उनले हलुका बूट र घोडचढीको कसिएको

मुस्कान लगाइराखेका थिए। त्यसैले उनको सारा जीउ नै कर्पेर कामिरहेको थियो। कोचवान आफ्नो आसनमा बसेर बडबडाइरहेको थियो र अहिलेको अहिल्यै ओर्लेर आउनेछ भन्ने लागिरहेको थियो। तर ग्राफले उसतर्फ कत्ति पनि ध्यान दिएनन् र उसको बडबड पनि सुनेनन्। उनको अनुहार रन्किएर आएको थियो र उनको मुटु पनि बेसरी ढुक्ढुक् गर्दैथियो। कठ्याङ्ग्रिएको औंलाले उनले पहेंलो डोरी समाते र बगलको झ्यालबाट टाउको बाहिर निकालेर हेर्न लागे। उनी सम्पूर्ण रूपले नै चिरइच्छित घडीको प्रतीक्षा गर्दैथिए। उनले यसरी धेरै बेर पर्खिनु पनि परेन। घरको द्वारमण्डपनेरै कसैले कराएर भनेको सुनियो: "काउन्टेसभाको बग्गी खै!" कोचवानले लगाममा एक झट्का दियो र बग्गी ठूल्ठूला कमानीहरूमाथि ढलपल गर्दै अघिल्तिर सऱ्यो। बग्गीको झ्यालबाट बगलको घरका झल-झलाकार झ्यालहरू ओझेल हुँदै गइरहेका देखिए।

"हेर् है, टहलुवालाई मेरो बारेमा केही पनि नभन्! बुझिस् के, हरामी?"—अगिल्तिरको सानो खिर्कीबाट टाउको निकालेर ग्राफले कोचवानलाई चेतावनी दिए।—"चुइँक्क मात्र बोलिस् भने दनक पाउनेछस्! मुखमा बुजो हालेर बसिस् भने दश रूबल बक्सीस पाउलास्!"

ग्राफले ढ्याम्म गरेर झ्याल बन्द गरे। ठीक त्यतिखेर नै बग्गी पनि क्याच्च गर्दै टक्क रोकियो। ग्राफ एक कुनामा टाँसिन पुगे। उनले सास समेत रोकेर राखे र आँखा पनि चिम्म बन्द गरे। कतै कुनै बाधा त आइपर्ने होइन भनेर उनी असाध्य नै हड्बडाइरहेका थिए। बग्गीको ढोका खुल्यो, एक-एक गरेर सिंढीका खुट्किलाहरू पनि

टक-टक-टक खुले। अनि एउटी महिलाको जम्फरको सरसराहट सुनियो। बग्गीभित्र जहाँ पहिले ढुसीको गन्ध व्याप्त थियो त्यहाँ अब चमेलीको अत्तरको मगमग बास्ना आउन थाल्यो। हलुका पाइला सारेर सटसट खुड्किलाहरू चढेको आवाज आयो र आन्ना फ्योदोरोभ्ना आफ्नो पछेउराको फेरले ग्राफका गोडाहरूलाई मुसारे झैं गरी अगाडि सरी र लामो सास फेर्दै उनको बगलमै थ्याच्च बसी।

के उसले ग्राफलाई देखिसकेकी थिई त? यो कुरा त कसैले पनि बताउन सक्दैन। स्वयं आन्ना फ्योदोरोभ्ना पनि बताउन असमर्थ होली। परन्तु जब ग्राफले उसको हात समातेर अब त तपाईंको हातमा जरूर पनि चुम्बन गरूँला भनी सुस्त-सुस्त भने, त्यतिखेर पनि ऊ झस्केकी थिइन। उसले केही पनि जवाफ दिइन। उसले आफ्नो हात मात्र फ्यात्त उनको हातमा राखिदिई। पञ्जा लगाइराखेको ठाउँभन्दा निकै माथि खालि ठाउँमा ग्राफले तारन्तार चुम्बन गरे। बग्गी पनि चल्न लागिहाल्यो।

"केही त भन न! रिसाएकी त छैनौ तिमी?"—ग्राफले भने।

आन्ना फ्योदोरोभ्ना खुम्चिएर आफ्नो कुनामा बसिरही। अनि एक्कासि कुनै कारण नै नभईकन उसका गहभरि आँसु टलपलायो र उसले ग्राफको छातीमा आफ्नो टाउको थपक्क राखिदिई।

६

नवनिर्वाचित पुलिस-इन्सपेक्टर र उसका साथीभाइहरू नयाँ भट्टीपसलमा निकै समयदेखि रक्सी घुट्क्याउँदैथिए

र जिप्सीहरूको गाना-बजाना पनि सुनिरहेका थिए। अश्वारोही दलको अफिसर पनि त्यहीं नै थियो। त्यत्तिकैमा ग्राफ पनि त्यहाँ आइपुगे। उनले भालुको छालाको भित्री हालिएको बनातको नीलो ओभरकोट लगाराखेका थिए। त्यो आन्ना फ्योदोरोभ्नाका दिवंगत पतिको ओभरकोट थियो।

"सवारी होस्, हजूर! सवारी होस्! हामीले त हजूर सवारी होइबक्सने आशा नै मारिसकेका थियौं।"—एक जिप्सीले ग्राफलाई ओभरकोट फुकाल्न मद्दत गर्दै भन्यो। त्यो दगुरेर ढोकानेर पुगेको थियो। कालो घुम्रिएको कपाल र डेढा आँखा हुने त्यो जिप्सी सेता दन्तलहर चम्काउँदै हाँसिरहेको थियो।—"हजूरसंग लेबेद्यानमा भेट भएपछि आजसम्म भेट हुन सकेको थिएन।... स्तेशा त हजूरसितको बिछोडले गर्दा सुकेर सिट्ठी भैसकी।..."

स्तेशा पनि दगुरेर ग्राफको स्वागत गर्न आइपुगी। भर्खरकी जिप्सी-तरूनी: गहुँगोरो रङ्ग, राता-राता गाला, चम्किला र ठूल्ठूला काला आँखा, लामा-लामा बाक्ला परेला!

"एहे, ग्राफज्यू! हाम्रा प्यारा ग्राफज्यू! हाम्रा हृदयका तारा ग्राफज्यू! अहो! मेरो त खुशीको सीमा नै रहेन!"—उसले मुसुमुसु हाँस्दै साँखिलो भएर भनी।

इल्यूश्का पनि भेट्न भनी दगुर्दै आयो। ग्राफको आगमनले गर्दा ज्यादै खुशी छ भन्ने ऊ देखाउन चाहन्थ्यो। बूढी र अधबैंसे आइमाईहरूको साथै भर्खरका युवतीहरू पनि दगुर्दै आएर ग्राफको वरिपरि झुम्मिए। कैयौंले उनीसंग मीत लगाएका थिए भने कैयौंका उनी आफन्त पनि ठानिन्थे,

किनभने उनका बालबच्चाहरूका उनी धर्मपिता बन्न पुगे-का थिए।

ग्राफले सबै तरूनी जिप्सिनीहरूको ओंठमा नै चुम्बन लिए। बूढी जिप्सिनीहरू र पुरूषहरूले चाहिं उनको काँधमा र हातमा चुमे। अभिजात वर्गका मान्छेहरू पनि पाहुना आइपुगेकोमा निकै रमाएका थिए। यसको खास कारण त के थियो भने जमघटको रौनक पनि पराकाष्टामा पुगिसकेपछि अब फिका पर्न लागिसकेको थियो। हरेकले थकाइको अनुभव गर्न थालिसकेको थियो। रक्सीले पनि अब त नसाहरूलाई उत्तेजित गर्न छोडिसकेको थियो र भुंडीको लागि मात्र भार बन्न थालेको प्रतीत हुन्थ्यो। सबैले जे जति हाँसोठट्टा गर्न सकिन्थ्यो त्यो सबै गरि पनि सकेका थिए र अब त एक अर्काबाट वाक्क समेत भैसकेका थिए। गीतहरू पनि सबै नै गाएर तुरिइसकेका थिए। अब त तिनको धून हरेकको मथिंगलमा खिचडी बन्न थालिसकेको थियो र त्यहाँ एक तमासको खैलाबैला र कोलाहलको अनुभूति मात्र बाँकी रहन गएको थियो। कसैले कुनै दिलबहलावको नयाँ तरीका निकालिहाले तापनि कसैको ध्यान त्यसमा लागिरहेको थिएन। कसैले पनि त्यहाँ कुनै कुरामा रमाइलो र मजा अनुभव गरिरहेको थिएन। पुलिस-इन्सपेक्टर बडो भद्दा ढंगले एउटी बुढियाको गोडैनेर भुइँमा गुडुल्किरहेको थियो।

"शैम्पेन!"—खुट्टा बजार्दै ऊ करायो।—"ग्राफ आइपुग्नुभो! .. ल, शैम्पेन ल्याओ! एक ठूलो खड्कलो नै शैम्पेनले भरिदिनेछु र त्यसमा डुबुल्की लगाएर स्नान गर्नेछु। प्यारा महानुभाव हो! आज मैले यस्ता उच्च

घरानाका भद्रभलादमीहरूको संगत पाएको छु। म ज्यादै खुशी छु! .. ए, स्तेश्का! लौ, 'सडक' भन्ने गीत गाएर सुना त!"

अश्वारोही भूतपूर्व अफिसर पनि मस्तीमा थियो। किन्तु उसको मस्तीको ढाँचाकाँचा केही अर्कै थियो। ऊ एउटा कोचको कुनामा एउटी अग्ली कदकी ज्यादै नै हिसी परेकी तरूनी जिप्सिनीको बगलमा बसिरहेको थियो। ऊ आँखा झिमझिम गर्दैथियो र रक्सीको मात लागेको केही मन्थर मनं बेला बेलामा टाउको झटकार्दैथियो। ऊ एक सुरमा खासखुस गर्दै जिप्सेनीलाई कतै भागेर जान फकाउँदैथियो। ल्युबाशा सुन्दैथिई र मुस्कुराउँदै पनि थिई, मानौं उसको कुरा निकै मनोरञ्जक हुनुको साथै केही करूणाजनक पनि लागिरहेको होस्! बीच बीचमा ऊ आँखा उठाएर डेढो आंखा भएको आफ्नो लोग्ने साश्कातिर हेर्नेगर्थी जो उसैको सामुन्ने एउटा कुर्सीपछिल्तिर उभिइरहेको थियो। यस्तो प्रेमालापको जवाफमा ल्युबाशाले केही झुकेर अश्वारोही भूतपूर्व अफिसरको कानैमा खुसुक्क भनी: "मेरो लागि केही रिबन र एक शिशी अत्तर पनि किनिदिस्योस् न! तर कसैलाई नभनिबक्सेला नि!"

"हुर्रा!"—ग्राफ भित्र पस्न मात्रै के पसेका हुँदा हुन्, अश्वारोही भूतपूर्व अफिसर करायो।

एक सुन्दर युवक कोठामा ओहोर-दोहोर गरिरहेको थियो। उसको चालमा अस्वाभाविक दृढता थियो भने उसको अनुहारमा चिन्ताको झलक देखिन्थ्यो। त्यो "अन्तःपुरमा विप्लव"* भन्ने संगीतको कुनै धून गुनगुनाउँदैथियो।

---

* «The Revolt in Seraglio».

एक वयोवृद्ध कुटुम्बपति जसलाई यी उच्च खानदानका मानिसहरूले बडो बिन्तिभाउ गरेर जिप्सीहरूकहाँ ल्याएका थिए त्यो चाहिं सोफामा पल्टिरहेको थियो। ऊबेगर त्यहाँ केही मजा हुनेछैन र ऊ नजाने भए त्यहाँ जानु नै व्यर्थ छ भनेर उसलाई भनिएको थियो। तर यहाँ पुग्नेबित्तिकै त्यो जसरी सोफामा पल्टिएको थियो त्यसरी नै अहिलेसम्म पनि पल्टि नै रहेको थियो र कसैले पनि उसतर्फ ध्यान दिएको थिएन। एक जना सरकारी कर्मचारी आफ्नो फ्रक-कोट फुकालेर एउटा टेबुलमा उपरखुट्टी लगाएर बसिरहेको थियो र बारम्बार आफ्नो कपाल गुजमुज्याउँदैथियो। यसरी ऊ आफूलाई एक लफङ्गा साबित गरिरहेको थियो। ग्राफ भित्र पस्नेबित्तिकै उसले आफ्नो कमीजको कलर पनि खोलिदियो र टेबुलमाथि खुट्टा फैलाएर बस्यो। जे होस्, ग्राफ आइपुगेपछि जमघटमा फेरि चहलपहल देखा पऱ्यो।

ती जिप्सिनीहरू, जो पहिले कोठामा यताउति टहल्दै थिए, अब एक घेरा बनाएर बसिसकेका थिए। जिप्सी-मण्डलीकी गायिका स्तेश्कालाई ग्राफले आफ्नै काखमा बसाले र फेरि शैम्पेनको आडर पनि दिए।

इल्यूश्का चाहिं हातमा गितार लिएर अगिल्तिर बस्यो र स्तेश्कालाई गाउने इशारा गऱ्यो। अनि 'प्ल्यास्का' अर्थात् एक विशेष क्रमसित गाइने जिप्सी गीतमाला शुरू भैहाल्यो। गीतका बोल थिए: "जब म सडकतिर घुम्न निस्कन्छु", "ए, हुस्सार हो", "सुन र सम्झ..." इत्यादि। स्तेश्काले खूब राम्रोसित गाई। उसको सुरिलो र गहिरो स्वरमा निकै लचक थियो। उसको भित्री अन्तः-

करणको गहिराइबाट नै आवाज निस्किरहेको जस्तो भान पर्थ्यो। उसका ओंठहरूमा मुस्कान थियो भने नजर चाहिं चंचल र तीक्ष्ण। गीत गाउँदै ऊ आफ्ना गोडाले भुईंमा ताल पनि दिंदैजान्थी। सहगानको शुरूमा ऊ हरेकपल्ट निश्वर आलाप छोड्नेगर्थी। गीत सुन्नेको मनको विरलै कम्पन हुने तार समेत बज्नेगर्थ्यो। मगनमस्त भएर गाउँथी ऊ ! इल्यूश्का गितार बजाउँदैथियो। गीतको साथसाथै उसको तनमन एकाकार हुँदैथियो। उसको पीठ हल्लिरहेको थियो, गोडाले भुईंमा ताल दिंदैथिए, ओंठमा मुस्कान खेलिरहेको थियो। गीतको लयको संगसंगै उसको टाउको पनि हल्लि-रहेको थियो। आँखा स्तेश्काको अनुहारमा गढेका थिए। उसको एकाग्रता र तल्लीनता देख्दा पहिलोपल्ट ऊ त्यो गीत सुनिरहेको हो कि भन्ने भान पर्थ्यो। गीतको अन्तिम चरण टुङ्गियो। इल्यूश्का एकाएक यसरी जुरूक्क उठ्यो, मानौं संसारमा ऊ आफूलाई मात्रै मै हुँ भन्ने सम्झँदो होस्! जानाजानी नै बडो गर्वपूर्वक उसले गितार आफ्नो घुंडाले धकेल्यो। गितार हावामा फनफन घुम्यो। त्यसपछि उसले स्वयं नै जुत्ताको कुर्कुच्चाले भुईंमा ठोकेर ताल दिन थाल्यो, कपाल पनि झट्का दिएर पछिल्तिर फर्कायो र आँखिभौं समेटेर सहगान-मण्डलीतर्फ कर्के आँखाले हेर्‍यो। अनि ऊ नाच्न लाग्यो। उसको अङ्ग-प्रत्यङ्ग थर्किरहेको थियो। बीसै जना जोडले चर्को स्वर निकाल्दै संगसंगै गाउन लागे, मानौं एक दोस्रोसंग प्रतिस्पर्धा गरिरहेका होऊन् र आफ्नो मौलिकता तथा दक्षताको प्रदर्शन गर्न खोजिरहेका होऊन्! बूढी जिप्सिनीहरू आफ्नो ठाउँमा बसेको बस्यै रूमाल हल्लाएर हाँस्न र बिस्तार-बिस्तार

काम्न लागे र गीतको लयसंगसंगै कराई कराई एक अर्कोसंग होडबाजी गर्न थाले। लोग्नेमान्छेहरू आ-आफ्ना कुर्सीहरूको पछिल्तिर उभिएर गहिरो र गम्भीर स्वरमा तान छोड्न लागे। उनीहरूको शिर एकातिर झुकेको र घाँटीको नसा फुलेको देखिन्थ्यो।

जतिखेर स्तेशाको स्वर चर्को भएर आउँथ्यो त्यतिखेर इल्यूश्का आफ्नो गितार उसको मुखको नजीक पुऱ्याउँथ्यो, मानौं उसलाई मद्दत गर्न खोजेको होस्! सुन्दर युवक खुशीले गद्गद हुँदै कराउन थाल्थ्यो: "ल सुन, अब स्तेश्काले पंचम स्वरमा गाउली!"

नाचको धुन बज्नासाथै दुन्याशा सामुन्ने आइपुगी र काँध औ छाती हल्लाउँदै ग्राफको अगाडि नाच्न र चक्कर मार्न थाली। त्यतिखेर तुर्बीन उफ्रेर उभिए र ज्याकेट पनि फुकाले। अब उनको आङमा एउटा रातो कमीज मात्र बाँकी थियो। अनि उनी दुन्याशासंग नाच्न लागे। जसै उनले खुट्टाको चालको करामत देखाउन शुरू गरे त्यतिखेर जिप्सीहरू आपसमा एक अर्कालाई हेर्दै मुस्कुराएर ग्राफको नृत्य-कौशलको तारीफ गर्न थाले।

पुलिस-इन्सपेक्टर तुर्कहरूको पाराले पलेटी कसेर बसेको थियो। आफ्नो छातीमा मुड्कीले हान्दै ऊ करायो: "वाह! वाह!" अनि उसले ग्राफको गोडा अँगालेर के बताउन थाल्यो भने ऊ त्यहाँ आउँदा उससंग दुई हजार रूबल थियो, तर अब चाहिं उससंग केवल पाँच सय रूबल मात्रै बाँकी रहन गएका छन्! जे होस् ग्राफको आज्ञा मात्र पाइन्छ भने ऊ आफूलाई मन लागेको जे पनि गर्न सक्छ। वृद्ध कुटुम्बपति ब्युंझियो र घरतिर जान तैयार भयो, तर

उनलाई बान दिइएन। सुन्दर युवकले निकै अनुनय-विनय गरेर एउटी जिप्सिनी ठिटीलाई आफ्नो साथमा वाल्ज नाच्न राजी गरायो। रिसल्ला अफिसर आफ्नो कुनाबाट उठेर आयो र आफूलाई ग्राफको घनिष्ठ मित्रको रूपमा प्रदर्शन गर्न उसने तुर्बीनलाई अँगाल्यो।

"अहो, प्यारा मित्र!"–उसले भन्यो।–"हामीलाई छोडेर तपाईं किन जानुभो हँ?" ग्राफले कुनै जवाफ फर्काएनन्। सके उनी कुनै अर्कै कुरा सोच्दैथिए। "तपाईं कहाँ हिंडिदिनुभो नि? बडो कपटी हुनुहुँदो रैछ तपाईं त! मुटुक्क कहाँ जानुभएको थियो, मलाई एक एक थाहा छ!"

किन हो कुन्नि, तुर्बीनलाई यस्तो घनिष्ठता मन परेन। उनी न मुस्कुराए, न त उनले केही भने। रिसल्ला अफिसर-लाई उनले खालि घृणापूर्वक घुरेर हेरे र अचानक यस्तो कठोर र अश्लील गालीको वर्षा उसमाथि गरे जसबाट रिसल्ला अफिसर खिन्न हुन पुग्यो र उसले निकै बेरसम्म ठम्याउन सकेन: यसलाई ठट्टा सम्झने कि साँच्ची नै ठान्ने? अन्तमा उसले यसलाई ख्यालठट्टा नै ठान्ने अठोट गऱ्यो र खिन्न दाँत देखाउँदै फेरि आफ्नी जिप्सिनी केटी भएको ठाउँमा नै फर्कियो। अनि ईष्टरको पर्व सकिनासाथ उससंग बिहे नै गर्ने उसले वचन दियो। सारा जिप्सी-मण्डलीले मिलेर फेरि एउटा अर्को गीत गाए र त्यसपछि फेरि एक अर्को गीत सुनाए। अनि नाच शुरू भयो। त्यसपछि एक दोस्राको सम्मानमा गीतहरू गाइए। हामी बडो आनन्द लुटिरहेका छौं भन्ने सबैको सोचाइ थियो। शैम्पेनको त खोलो नै बगिरहेको थियो। ग्राफले पनि रक्सी खूबै

घुट्क्याइसकेका थिए। उनका आँखा रसाइसकेका थिए, तर उनी लड्खडाइरहेका थिएनन्, बरू पहिलेको भन्दा पनि राम्रोसंग नाच्न लागे। उनी सबैसित स्थीर स्वरमा कुरा गर्दैथिए। जिप्सी-मण्डलीले सहगान गाउन लाग्दा उनले समेत साथ दिए र स्तेशाले "प्रेम-भावको मधुर उडान" भन्ने गीत गाउन थाल्दा त ग्राफ पनि सुरमा सुर मिलाएर तान छोड्न लागिहाले। नाचगान अझै चलि नै रहेको थियो। यत्तिकैमा भट्टीपसलको मालिक आयो र पाहुनाहरूसित घर फर्केर जाने आग्रह गर्न लाग्यो। त्यतिखेर बिहानको तीन बजिसकेको थियो।

ग्राफले भट्टीपसलको मालिकलाई कँठालोमा समातेर थैया थैया नाच्न कर गरे। उसले नाच्न नामञ्जूर गऱ्यो। ग्राफले भट्टीपसलको मालिकलाई उधमुन्टयाएर टाउकोको बलमा खडा गराइदिए र उसका गोडा समातेर यसै स्थिति मा उसलाई ठड्याइराख्न अरूहरूलाई अह्राए। अनि शैम्पेनको एक बोतल उठाएर बोतलको सारा मदिरा उसको आङमा खलल खन्याइदिए। सबै नै पेट मिचीमिची हाँस्न लागे।

मिर्मिरे बिहान भैसकेको थियो। ग्राफ एक जना बाहेक अरू सबैको अनुहार लस्त र मलिन देखिन्थ्यो।

"मलाई त छिटै नै मास्को पुग्नुछ!"—जुरुक्क उठ्दै उनले एकाएक भने।—"महानुभाव हो, मलाई बिदा गर्न मकहाँ हिंड्नोस्! त्यहीं नै हामी चियापान पनि गरौंला!"

सबका सब तैयार भैहाले। वृद्ध कुटुम्बपति एक जना चाहिं त्यतिखेर मस्त निद्रामा थियो। उसलाई त्यहीं नै

छोडियो। सबका सब नै ढोकैनेर राखिएका तीनवटा स्लेज-गाडीमा अटाई-नअटाई चढेर कोचाकोच गरेर बसिहाले र होटलतर्फ लागे।

७

"घोडा तयार गर!"—जिप्सीहरू र अन्य पाहुनाहरूको माथमा होटलको हलमा पस्नेबित्तिकै ग्राफले कराएर भने।—"साश्का! जिप्सी साश्का होइन, मेरो साश्का! जा, घोडा-चौकीको रेखदेखकर्तालाई भन् कि उसले जस्तो पायो उस्तो घोडा दियो भने उसको छाला काढ्नेछु। अनि हाम्रो निम्ति चिया पनि लिएर आइज! जाभाल्शेभ्स्की! तिमी चिया-चिनीको बन्दोबस्त मिलाउँदै गर! म यसो गएर हेर्छु—इल्यीनको कामकुरो कस्तो चल्दैछ?" यति भनेर तुर्बीन बाहिर बरण्डामा निस्किहाले र उल्हनको कोठातर्फ फटाफट लम्किए।

इल्यीनले भर्खरै मात्र तास खेलिसिध्याएको थियो। आखिरी चुनदामसम्म नै आफ्नो सारा रकम उसले हारिसकेको थियो र घोप्टिएर सोफामा पल्टिरहेको थियो। ठाउँ ठाउँमा फाटिसकेको सोफामा घोडाका रौंहरू प्रशस्त देखिन्थे। इल्यीन एक एक गर्दै घोडाको रौं सोफाबाट टिप्थ्यो र मुखमा हाल्थ्यो, अनि दाँतले टोकेर थुक्नेगर्थ्यो। एउटा टेबुलमा तासका चक्कीहरू छ्याल्लब्याल्ल छरिएका थिए। त्यसै टेबुलमा दुइटा मैनबत्तीहरू बलिरहेका थिए। एउटा मैनबत्ती चाहिं तलको कागजसम्म नै बलेर सिद्धिनै आँटेको थियो। मैनबत्तीको मधुरो धिपधिप प्रकाशले झ्यालबाट भित्र पसिरहेको बिहानको उज्यालोसंग संघर्ष गरिरहेको

थियो। त्यतिखेर उल्हनको मथिंगल कुनै पनि प्रकारको विचारले शून्य थियो। जुवाको जोशको कारणले गर्दा उसका सम्पूर्ण मानसिक शक्तिहरू धुमिल भैसकेका थिए। उसलाई पश्चात्तापसम्म पनि भइरहेको थिएन। एकपल्ट उसले यस्तो सोच्ने जमर्को चाहिं अवश्य नगरेको होइन: 'अब मैले के गर्ने? आफूसंग त एक कोपेक दाम पनि बाँकी रहेन! अब यस ठाउँबाट कसरी जाने? सरकारी पन्ध्र हजार रूबल पनि के गरी तिर्ने? फौंजका कम्याण्डरले के भन्लान्? आमाले के भन्नुहुने हो?. साथीभाइहरूले के भन्ने हुन्?' अनि आफूप्रति घृणा र भय अनुभव गर्‍यो उसले। यस्ता कुराहरू आफ्नो मनबाट हटाउन ऊ सोफा-बाट जुरूक्क उठ्यो र कोठामा ओहोरदोहोर गर्न लाग्यो यसरी टहल्दा ऊ कोठाको भुईंमा ठोकिएका फल्याकका जोर्नीहरूमा नै गोडाले टेक्ने प्रयत्न गर्दथियो। मनमनै उसले एकफेरा ती सबै दाउहरू एक-एक गरेर फेरि सम्झ्यो जुन उसले तासको खेलमा चालेको थियो। सानोतिनो चालको समेत उसलाई सम्झना भएर आयो। एकपल्ट कसरी जित्नै आँटिसकेको थियो भन्ने पनि उसलाई सम्झना भयो। उसले एउटा नहलको पत्ती टिपेको थियो र हुकुमको बादशाहउपर दुई हजार रूबलको दाउ थापेको थियो: दायाँतिर छक्का र बायाँतिर ईंटको बादशाह हुँदो हो त उसले आफ्नो साराको सारा रकम फेरि जितिहाल्ने थियो र त्यो रकम दाउमा थापेर अरू पन्ध्र हजार रूबल हात पार्नेथियो। अनि त उसले फौंजको कम्याण्डरसंग एउटा सवारी घोडा किनिहाल्नेथियो र त्यसमा थप एउटा फिटन-गाडी र एक जोर घोडा पनि किन्नेथियो। अँ, अरू के नि? निकै

मजा गर्न पाइनेथियो! हो, निकै रमाइलो हुनेथियो!

ऊ फेरि सोफामा पल्टियो र घोडाको रौं दाँतले चुँड्न थाल्यो।

'सात नम्बरको कोठामा गाना-बजाना किन हुँदैछ?'—उसले सोच्यो।—'सके तुर्बीन रमझम गर्दैहोला! बरू मैले पनि त्यहीं नै जानुपर्ला र टन्न लाएर घुट्क्याउनुपर्ला!'

ठीक त्यसै बेला ग्राफ उसको कोठामा पसे।

"के त, खल्ती रित्तिएन र?"—ग्राफले सोधे।

'सुतिरहेको जस्तो बहाना गर्नुपर्‍यो क्या रे।'—इल्यीनले सोच्यो।—'नत्र भने मैले उससंग कुरा गर्नुपर्नेछ, तर म भने सापै थाकिसकेको छु।'

परन्तु तुर्बीन उसको बगलमै आइपुगे र उसको टाउको मुसार्न थाले।

"के त, खल्ती सबै खाली नै भैहाल्यो र? एक चुनदाम पनि बाँकी रहेन त? सबै हारियो कि कसो? बताऊ, के भयो?"

इल्यीन चूप लागिरह्यो।

ग्राफले उसको हात ताने।

"हो, हारें! तिमीलाई यसको के चासो नि?"—इल्यीनले मसिनो स्वरमा जवाफ दियो। उसको स्वरबाट क्रोध र उपेक्षाको भाव झल्किरहेको थियो। उसले कोल्टे फेर्न समेत चाहेन।

"के त, सारा रकम हारियो?"

"हो, सर्वस्व नै हारें। तर तिमीलाई यस्तो चासो किन नि?"

"सुन त! मलाई एक हितैषी मित्र ठानेर सबका सब कुरा बताऊ!"–ग्राफले भने। रक्सीको मातले गर्दा उनको मनमा कोमल भावना जागिरहेको थियो। उनी अझै पनि इल्यीनको कपाल मुसार्दैथिए।–"धरोधर्म! तिमीलाई मैले मन पराउन थालिसकेको छु। मलाई साँचो कुरा बताऊ! सरकारी पैंसा पनि हारिसकेको भए म तिम्रो मद्दत गर्नेछु। हेर है, पछि त ढीलो भैसक्नेछ! मौका गुम्न नदेऊ! लौ, भन! सरकारी पैंसा थियो कि थिएन?"

इल्यीन सोफाबाट उफ्रेर जुरूक्क उठिहाल्यो।

"मबाट सब कुरा खुलस्त सुन्न चाहन्छौ भने मसंग यस छाँटले कुरै नगर, किनकि... जस्तो कि... कृपया तिमी मसंग कुरै नगर।... मेरो अगाडि त अब एउटै मात्र बाटो बाँकी छ। आफ्नो कन्चटमा गोली! बस्!"–ज्यादै निरास भएर उसले भन्यो। अनि दुवै हातले टाउको समातेर बस्यो र सुँक्क-सुँक्क गरेर रून लाग्यो, यद्यपि केही छिन अघिसम्म चाहिं एउटा सवारी घोडा किन्ने समेत कल्पना गर्दैथियो ऊ।

"एहे, तिमी त कुमारीकेटीभन्दा पनि पिलन्धरे रहेछौ। खैर, यो सब हामी सबैले भोगिसकेकै कुरा न हो! अझै पनि मौका बितिसकेको छैन। केही न केही अवश्य सुधार्न सकिन्छ। तिमी यहीं बसेर मेरो प्रतीक्षा गरिरहू!"

ग्राफ कोठाबाट बाहिर निस्किए।

"बितावाल लुखनोभ कुन कोठामा बस्नुहुन्छ हँ?"–होटलको टहलुवासंग उनले सोधे।

टहलुवा ग्राफलाई कोठा देखाउन तैयार भैहाल्यो। लुखनोभको नौकरले आफ्नो मालिक भर्खरै मात्र कोठामा

पसेका छन् र लुगा फुकाल्दैछन् भनेर रोक्न खोज्यो। परन्तु ग्राफ सरासर कोठामा पसिहाले। लुखनोभ उपर्ना मात्र लगाएर टेबुलको सामुन्ने बसिरहेको थियो र नोटको क्यांट गर्दैथियो। अगिल्तिर नोटको चाङ नै थियो। टेबुलमा राइन रक्सीको एक बोतल पनि थियो। यो रक्सी बिर्तावाल-लाई खूबै मन पर्थ्यो। यति ठूलो रकम जितेको खुशियालीमा उसले त्यस दिन अलि ऐशआराम गर्ने अनुमति आफूलाई दिएको थियो। लुखनोभले चश्माभित्रबाट ग्राफतर्फ यस्तो तीखो र उपेक्षापूर्ण नजरले हेर्‍यो, मानौं उसले ग्राफलाई चिन्दै पनि नचिनेको होस्!

"सके तपाईंले मलाई चिन्नुभएन क्या रे?"—ग्राफले दृढतापूर्वक सोझै टेबुलतर्फ लम्केर भने।

लुखनोभले ग्राफलाई चिनिहाल्यो।

"के कामले पाल्नुभो?"—उसले सोध्यो।

"म तपाईंसंग खेल्न चाहन्छु!"—सोफामा बस्दै तुर्बीनले भने।

"यस बेला?"

"हो।"

"कुनै अर्कोपटक म तपाईंसंग खुशीसाथ खेलुंला, ग्राफ! तर अहिले चाहिं म सार्है थाकेको छु र अलि आराम लिन चाहन्छु। अँ, अलिकति रक्सी छ! असल रक्सी!"

"म अहिले नै अलिकति खेल्न चाहन्छु।"

"आज त खेलबाडको उति इच्छा छैन। हुन सक्छ, अरू कोही खेल्न चाहनेहरू अवश्यै होलान्। म चाहिं खेल्न सक्तिन हुँला, ग्राफ! आशा छ, तपाईं मलाई माफ गरिदिनुहुनेछ!"

"के त खेल्नै चाहनुहुन्न र?"

लुखनोभले आफ्नो कुम बिस्तारै हल्लायो, मानौं ग्राफको इच्छा पूरा गर्न नसकिएकोमा खेद प्रकट गरिएको होस्।

"के खेल्दै नखेल्ने त?"

उसले फेरि त्यसरी नै कुम हल्लायो।

"म तपाईंसंग विशेष अनुरोध गर्दैछु।... कसो? खेल्नुहुन्छ, हैन त?"

लुखनोभ चूप लागिरह्यो।

"खेल्ने कि नखेल्ने?"—ग्राफले फेरि सोधे।—"हेर्नुस्! राम्ररी विचार गरेर जवाफ दिनोस्!"

लुखनोभ फेरि पनि चूप लागिरह्यो र चश्माको माथिबाट ग्राफको अनुहारतर्फ पल्याकपुलुक हेर्न लाग्यो। ग्राफको अनुहार मलिन हुँदैगइरहेको थियो।

"खेल्ने कि नखेल्ने?"—ग्राफले ठूलो स्वर निकालेर सोधे र टेबुलमा यति जोडसित मुड्कीले हाने कि रक्सीको बोतल ढल्यो र रक्सी पनि पोखियो।—"तपाईंले छलकपट गरेर जित्नुभएको हैन र? लौ, भन्नोस्! खेल्ने कि नखेल्ने? म अन्तिमपल्ट सोध्दैछु।"

"खेल्दिन भनेर त मैले भनिहालें नि! तपाईंको छाँट-काँट निकै अनौठा छ, ग्राफ! भलादमीहरू यसरी भित्र घुस्दैनन् र घाँटीमा तरवारको टुप्पोले थिचेर धम्की पनि दिंदैनन्!"—ग्राफतर्फ हेर्दा पनि नहेरेर लुखनोभले भन्यो।

त्यसपछि केही बेर दुवै मौन रहे। त्यस बेला ग्राफको अनुहार झन् झन् धुस्रोफुस्रो हुँदैगइरहेको थियो। एकाएक लुखनोभको टाउकोमा जोडले एक घुस्सा बज्रियो र ऊ रन्थनिएर सोफामा बुङ्ग ढल्यो। उसले नोटको बीटा समात्ने

प्रयत्न गर्‍यो र निकै जोडले करायो पनि। ऊ जस्तो शान्त र गम्भीर मान्छे पनि यति जोडले कराउन सक्छ होला भन्ने त कल्पना समेत हुँदैनथ्यो। तुर्बीनले टेबुलबाट नोटको बीटा उठाए र आफ्नो मालिकको चित्कार सुनेर दगुर्दै भित्र पसेको नौकरलाई एकातिर धकेल्दै ढोकाबाट फुत्त बाहिर निस्के।

"यदि द्वन्द्वयुद्ध नै चाहनुहुन्छ भने म तपाईंको सेवामा तत्पर रहनेछु। अझै आधा घण्टा त म कोठैमा हुनेछु।"– फेरि लुखनोभको कोठाको दैलोतिर फर्केर आफले भने।

"चोर! लुटेरा!"–कोठाभित्रबाट आवाज आयो।– "म तँलाई झ्यालखानामा जाक्न लगाउनेछु!"

इल्यीन अझै पनि निराश भएर सोफामै पल्टिरहेको थियो। हिक्क हिक्क गरेर रोइरहेको थियो ऊ! कामकुरो मिलिहाल्नेछ भन्ने आफको कुरामा उसलाई पटक्कै विश्वास थिएन। पहिले उसको मनमा एक प्रकारको अन्योल छाएको थियो र ऊ नाना थरीको तर्क-वितर्क गर्दै थियो। परन्तु आफको सहानुभूतिपूर्ण कुराले उसको मनमा गहिरो असर पारेको हुँदा उसलाई आफ्नो वास्तविक स्थितिको स्पष्ट बोध हुन थालेको थियो। ऊ के सोच्दैथियो भने जीवनमा के के न गरिने आशा राखिएको उसको यौवन, उसप्रति साथीभाइहरूको आदरभाव, आत्मसम्मान, प्रेम र मित्रताको सारा सपना सदाको लागि माटोमा मिलिसकेको थियो। आँसुको बलिन्द्र धारा अब सुकिसकेको थियो। झन् झन् गहिरो निराशा छाउँदैगइरहेको उसको मनमानसमा आत्महत्याको विचारले गहिरो जरा गाड्दैलगिरहेको थियो। आत्मघातप्रति घृणा र भयको भाव अब उसको

मनमा उठ्न छोडिसकेको थियो। ठीक त्यसै बेला ग्राफको दरिलो पदचापको आवाज सुनियो।

तुर्बीनको अनुहारमा क्रोधको चिन्ह अझै पनि देखिन्थ्यो। उनका हातहरू अझसम्म पनि कामि नै रहेका थिए। परन्तु उनका आँखा चाहिं प्रशन्नता र आत्मसन्तोषको भावनाले चम्किरहेका थिए।

"लौ, मैले जितेर ल्याएँ!"—टेबुलमा नोटको बीटा फ्याँकेर ग्राफले भने।—"गनी हेर! सबै रकम छ कि छैन? अनि तुरून्त हलमा आइहाल! म अहिले नै गइ-रहेको छु।"—उनले थपे। अनि उल्हनको अनुहारमा अपार कृतज्ञता र खुशीको भाव आफूले देखिसकेको भान नपर्ने किसिमबाट अरू केही पनि नभनेर उनी कुनै एउटा जिप्सी धून गुनगुनाउँदै कोठाबाट बाहिर निस्किहाले।

८

साश्का कमरपेटी बाँधेर भित्र पस्यो र घोडाहरू तैयार भैसकेको खबर गऱ्यो। अनि ग्राफसंग आफ्नो वर्दी पनि फिर्ता मगाउनुपर्ला भनेर उसले अनुरोध गऱ्यो। त्यस वर्दीको मोल तीन सय रूबलभन्दा कम त जरूर पनि हुँदैन होला, किनभने त्यसमा कलर समेत भुवादार हालिएको छ भन्ने तर्क झिक्दै त्यो नीलो ओभरकोट चाहिं त्यसै बदमाशलाई फिर्ता गर्नुपर्छ जसले सरदारसाहेबको घरमा ग्राफको वर्दीको बदलामा त्यो सट्टापट्टा गरेको थियो भन्ने निर्णय दियो। वर्दीको खोजीनीती गर्नुपर्ने कुनै जरूरत छैन भन्ने जवाफ दिएर तुर्बीन लुगा फेर्न भनी कोठामा पसे।

रिसल्ला अफिसर जिप्सिनी ठिटीको बगलमा चूपचाप बसेर बेला बेलामा हिक्का लिंदैथियो। पुलिस-इन्सपेक्टरले चाहिं भोद्काको आडर दियो र सबै महानुभावहरूलाई बिहानको खाना आफ्नो घरमा खानको निम्ति निम्त्यायो। "म वचन दिन्छु, मेरी स्वास्नी जिप्सिनीहरूको साथमा जरूर नाच्ली!" – ऊ भन्दैथियो। सुन्दर युवक तन्मयताका साथ इल्यूश्कालाई के सम्झाउने प्रयास गर्दैथियो भने पेनो-बाजा ज्यादै नै सजीव बाजा हो र गितारमा चाहिं पञ्चम स्वर बजाउनै सकिंदैन। सरकारी अधिकृत एक कुनामा बसेर खिन्न हुँदै चिया खाँदैथियो र दिनको उज्यालोमा आफ्नो दुराचारको विषयमा लज्जित देखिन्थ्यो। जिप्सीहरू आफ्नै भाषामा एक अर्कासंग बाझिरहेका थिए र रईसहरूको सम्मानमा एउटा गीत अरू गाउनुपर्छ भनेर जिद्दी गर्दै-थिए, किन्तु स्तेशा चाहिं 'बडोराय' (अर्थात् जिप्सी भाषामा 'रजौटा' वा 'ग्राफ' अथवा ठीक ठीक अर्थमा 'बडा राजा') रिसाउनेछन् भनेर आपत्ति झिकिरहेकी थिई। कुरा के त भने रसरङ्गको टिलपिलाउँदो झिल्को पनि अब निभ्नै आँटेको थियो।

"लौ, एउटा बिदाई गीत होस्! अनि सबै आ-आफ्नो घर जाओ!" – सफरी पोशाक लगाइराखेका ग्राफले कोठामा पदार्पण गर्दै भने। उनी पहिलेभन्दा पनि बढ्ता ताजा, हँसमुख र सुन्दर देखिन्थे।

जिप्सीहरू अन्तिम गीत गाउन भनेर फेरि घेरा लगाएर बसे। ठीक त्यसै बेला इल्यीन हातमा नोटको एक क्याँट लिएर भित्र पस्यो र ग्राफलाई एकातिर बोलाएर लग्यो।

"मसंग सरकारी रकम त पन्ध्र हजार रूबल मात्रै

थियो। तिमीले भने मलाई सोह्र हजार तीन सय रूबल दियौ।"–उसले भन्यो।–"यो बाँकी रकम त तिम्रै हुनुपर्छ।"

"ठीक छ! त्यसो हो भने ल्याऊ!"

इल्यीनले नोटको बीटा दियो। अनि लज्जाएर ग्राफतर्फ पुलुक्क हेर्‍यो। उसले केही भन्न खोज्दै मुख बाएको मात्र के थियो, ऊ फेरि लाजले रातो भयो। कहाँसम्म भने उसका आँखामा आँसु समेत छचल्कियो। उसको बक नै फुट्न सकेन। उसले ग्राफको हात समातेर जोडले मिच्यो।

"जाऊ, गैहाल! अँ, इल्यूश्का!.. सुन् त!.. ला, यो पैसा ले! तिमीहरूले गीत गाउँदै मलाई शहरबाहिरसम्म पुर्‍याउनू!"–यति भनेर उनले इल्यीनले दिएको एक हजार तीन सय रूबल जिप्सीको गितारमाथि फालिदिए। तर हिजो मात्रै रिसल्ला अफिसरसंग उनले जुन एक सय रूबल सापटी लिएका थिए त्यो चाहिं फिर्ता गर्ने त उनलाई सम्झना नै भएन।

बिहानको दस बजिसकेको थियो। घाम पनि घरका धुरीहरूमाथि पुग्न लागिसकेको थियो र सडकहरूमा मानिसहरूको चहल-पहल पनि शुरू भैसकेको थियो। व्यापारीहरूले पसल खोलेको त निकै समय बितिसकेको थियो। ठूलाबडाहरू र सरकारी कर्मचारीहरू गाडीमा ओहोरदोहोर गर्दैथिए। महिलाहरू एउटा पसलबाट अर्को पसल चहार्दैथिए। त्यत्तिकैमा जिप्सीहरूको जमात, पुलिस-इन्सपेक्टर, रिसल्ला अफिसर, सुन्दर युवक, इल्यीन र भालुको छालाको भित्री हालिएको नीलो ओभरकोट लगाइराख्ने ग्राफ होटलबाहिर सिंढीमा देखा परे। टहटह घाम लागिरहेको थियो

र हिउँ पग्लँदैथियो। तीनवटा स्लेजगाडीहरू हिलोमा छ्यापछ्याप गर्दै होटलको ढोकैनेर टक्क रोकिए। हरेक गाडीमा तीन-तीन वटा घोडाहरू नारिएका थिए र घोडाको पुच्छर चाहिं छोटो पारेर बाँधिएको थियो। हँसीठट्टा गर्दै सबै मानिसहरू स्लेजमा सवार भए। ग्राफ, इल्यीन, स्तेश्का, इल्यूश्का र ग्राफको टहलुवा साश्का पहिलो गाडीमा चढे। ग्राफको कुकुर ब्ल्यूहर चाहिं असाध्य नै उत्तेजित थियो। त्यो पुच्छर हल्लाउँदै आयो र बीचको मूली घोडालाई लक्ष्य गर्दै भुक्न लाग्यो। जिप्सी र जिप्सिनीहरूको साथै अन्य भलादमीहरू अरू गाडीहरूमा सवार भए। होटलदेखि नै गाडीहरू लहरै चल्न थाले र जिप्सीहरू मिलेर सहगान गाउन लागे।

गीतको गुञ्जन र घुंगुराहरूको टिनटिनका साथै स्लेज-गाडीहरू पूरै शहर पार गरेर शहरको ढोकासम्म नै पुगे। सडकमा अर्कोतर्फबाट आउने गाडीले चाहिं मूलबाटो छोडेर पेटीमा चढ्न समेत वाध्य हुनुपरेको थियो।

रक्सीको मात लागेर चूर भएका जिप्सीहरू र जिप्सि-नीहरूको गानाबजानासहित कुलघरानाका भद्रभलादमीहरू एकाएक मध्य दिनको झकमक्क समयमा शहरका सडकहरूमा यसरी त्यहाँ घुमिरहेको देखेर के पसल ढुक्ने व्यापारी र के बाटो हिंड्ने बटुवा सबै अपरिचितहरू र अझ जो परिचित थिए ती मानिसहरू त झन् बिखलबन्दमा परि-रहेका थिए।

शहरको ढोकाबाहिर पुगेपछि स्लेजगाडीहरू रोकिए। सबै नै पालैसान्ती ग्राफसंग बिदाबारी हुन लागे।

इल्यीनले बिदाईको उपलक्ष्यमा अलि बढ्ता रक्सी घुट्-

क्याइसकेको थियो र उसले स्वयं नै लगाम हातमा लिइराखेको थियो। ऊ एक्कासि निदाउरो देखियो र ग्राफसित एक दिन अझ त्यहाँ रोकिनको निम्ति अनुनय-विनय गर्न थाल्यो। यस्तो बिन्तिभाउको कुनै असर नपरेको कुरा बुझेपछि उसले रूँदै आफ्नो नयाँ मित्रलाई अँगालो मारेर चुम्बन लिन लाग्यो र आफ्नो फौंजमा फर्किनासाथै आफूलाई तुर्बीनको रिसल्ला फौंजमा सरूवा गराउने हेतुले निवेदनपत्र हाल्ने प्रतीज्ञा गर्दै किरिया खान लाग्यो। ग्राफ खास गरी निकै मस्त थिए। जो बिहानदेखि नै घनिष्ठता जनाउन ग्राफलाई "तिमी" भनेर सम्बोधन गर्दैथियो त्यस रिसल्ला अफिसरलाई उनले सडकको छेउमा थुपारिएको हिउँको रासमा धकेलिदिएका थिए भने पुलिस-इन्सपेक्टरमाथि आफ्नो कुकुर छोडिदिएका थिए। स्तेश्कालाई चाहिं उनले हातमा उठाएर लिए र मास्को लिएर जाने इच्छा जाहेर गरे। आखिर उफ्रेर उनी स्लेजगाडीमा चढे र ब्ल्यूहरलाई आफ्नै बगलमा बसाले, यद्यपि ब्ल्यूहरलाई उभिइरहन नै बढी मन परेको थियो। साश्काले फेरि एकपल्ट रिसल्ला अफिसरसंग ग्राफको वर्दी खोजेर पठाइदिने अनुरोध गऱ्यो र उफ्रेर कोचवानको आसनमा बस्यो। ग्राफले टोपी फुकाले र हावामा त्यसलाई हल्लाउँदै भने: "जाऊँ है!" अनि कोचवानले जस्तै गरी घोडाहरूलाई सुसेलेर संकेत गरे। तीनघोडे स्लेजगाडीहरूले विभिन्न दिशातर्फ प्रस्थान गरे।

परसम्म हिमाच्छादित फाँट फैलिएको थियो र एक तमासको उराठ लागिरहेको थियो। त्यसैको बीचमा मैलो

अरो झैं पहेंलो बाटो तन्किरहेको देखिन्थ्यो। पग्लिरहेको हिउँमाथि जमेको कडा बरफको पत्रमाथि घाम टल्किरहेको थियो र पिठ्यूँ तथा मुखमा सुखद न्यानो अनुभव भइरहेको थियो। घोडाहरूको आङ पसीनाले भिजिरहेको थियो र त्यसबाट बाफ उड्न लागिरहेको थियो। स्लेजगाडीको घुंगुराहरू छनछन बज्दैथिए। कुनै एक किसान मालमामान लादिएको स्लेजगाडी हाँक्दैथियो। लगामको काम उसले डोरीबाटै चलाइराखेको थियो। एकाएक ऊ डोरी तान्न लाग्यो जसले गर्दा ग्राफको स्लेजगाडी बिनारोकटोक अगाडि बढ्न पाउनेथियो। यसरी छेउ लाग्दा सडकको किनारामा जमेको पानीमा उसको नालुको जुत्ता निथ्रुक्कै भिज्यो। अर्को चाहिं एउटा स्लेजगाडीमा भेडाको छालाबाट बनेको कोट लगाइराख्ने एउटी मोटी खेतीवाल्नी आफ्नो सानो बालकलाई काखमा लिएर बसिरहेकी थिई र लगामको टुप्पोले घोडालाई बारम्बार धपाउँदैथिई। सेतो रङ्गको घोडा सुस्त-सुस्त जाँदैथियो। ग्राफलाई अचानक आन्ना स्भोदोरोभ्नाको सम्झना भएर आयो।

"फर्काऊ!" — उनले कराएर भने।

कोचवानले केही पनि बुझ्न सकेन।

"गाडी मोड! शहरतर्फ फर्क! छिटो गर!"

तीनघोडे स्लेजगाडीले फेरि शहरको ढोका पार गर्‍यो र बेगसित मैडम जाइत्सेभाको घरको द्वारमण्डपसामु पुग्यो। ग्राफ गाडीबाट उत्रिए, दगुरेर फल्याक ठोकिएको सिंढी चढे र लामो-लामो पाइला सार्दै दलान र बैठक पनि उनले पार गरे। तरुनी बिधवा अझै सुतिरहेकी नै थिई। लम्केर उनले उसलाई अँगाले, पलङबाट उठाए, उसको निद्राले

लट्ठ परेका आँखामा चुमे र दौडेर बाहिर निस्किए। आन्ना फ्योदोरोभ्ना त्यस बेलासम्म अझै पूरा ब्यूँझिसकेकी नै थिइन। उसले आफ्नो ओंठ जिब्रोले चाटी र गुनगुनाउँदै सोधी: "के भयो हँ?"

ग्राफ उफ्रेर स्लेजगाडीमा चढिहाले, अनि गाडी हाँक्न कोचवानलाई अह्राए र रोकिंदा पनि नरोकिएर याने लुखनोभ या तरूनी विधवा या स्तेशाको विषयमा कत्ति पनि सोच्दै नसोचेर सदाको लागि 'क' शहरबाट हिंडिहाले। त्यतिखेर त उनी केवल मास्कोको बारेमा र त्यहाँ के हुने हो भन्ने बारेमा मात्र विचार गरिरहेका थिए।

६

बीस वर्ष बित्यो। यस संसारमा धेरै कुरा बदलिइसक्यो। कैयौं मानिसहरू मरेर गैसके, कैयौंले जन्म लिइसके, कैयौं हुर्किसके या बूढा भैसके। मान्छेभन्दा बढी विचारहरू उत्पन्न भएका थिए र मरेर पनि गएका थिए। विगतका कतिपय खराब कुराहरू र कतिपय असल कुराहरू समाप्त भैसकेका छन्। कैयौं नयाँ र असल कुराहरूले विकास गरेका छन् भने त्यसभन्दा बढी कैयौं नयाँ खराबीहरू पनि पैदा भैसकेका छन्।

ग्राफ फ्योदोर तुर्बीन मारिएका पनि कैयौं वर्ष बितिसक्यो। उनी एक विदेशीसंगको द्वन्द्वयुद्धमा मारिएका थिए जसलाई उनले सडकमा चाबुकले बेसरी पिटेका थिए। ग्राफ तुर्बीन-को छोरो पनि आफ्नै बाबुको हूबहू तस्वीर हो। ऊ त्याइस वर्षको लक्का जवान छ र अश्वारोही सेनामा अफिसर

छ। परन्तु तरूण ग्राफ तुर्बीनको स्वभाव चाहिं बाबुको भन्दा एकदमै फरक छ। विगत युगका मानिसहरूको विशेष गुण, उनीहरूको खरो मिजास, उनीहरूको मगनमस्ती र साँच्चै भन्ने हो भने उनीहरूको भ्रष्टताको किञ्चित् मात्र पनि छाप उसमा पाइँदैनथ्यो। ऊ कुशाग्रबुद्धिको छ, सुशिक्षित र प्रतिभासम्पन्न पनि छ। यी गुणहरूको अतिरिक्त उसमा केही विशिष्ट गुणहरू पनि छन्–शिष्टता र ऐशआरामको जिन्दगीप्रति मोह, मान्छेहरू र परिस्थितिहरूको जाँच-तौलमा व्यावहारिकता एवं जीवनप्रति एक सतर्क र विवेक-शील दृष्टिकोण। जागीरमा तरूण ग्राफले निकै छिटो तरक्की गऱ्यो। त्याइस वर्षको उमेरमै ऊ लप्टन बनिसकेको थियो। फौजी कार्यवाही शुरू हुनेबित्तिकै उसले सक्रिय सेनामा सरूवा भएर नै छिटो-छिटो तरक्की गर्न सकिनेछ भन्ने निर्णय लिइहाल्यो। तसर्थ ऊ रिसल्ला पल्टनमा तत्कालै सरिहाल्यो। त्यहाँ उसले कप्तानको पद भेट्टायो र छिटै नै एक अश्वारोही दलको कमान पनि उसलाई सुम्पियो।

सन् १८४८ को मई महीनामा हुस्सारहरूको 'स' पल्टन 'क' गुबेर्निया हुँदै अगाडि बढिरहेको थियो। तरूण ग्राफ तुर्बीनको अश्वरोही दलले मोरोजोभ्का गाउँमा राति बास बस्नुपर्ने थियो। आन्ना फ्योदोरोभ्ना यसै गाउँकी मालिक्नी थिई। आन्ना फ्योदोरोभ्ना अझै पनि जीवितै थिई तर त्यो बैंस भने बितिसकेको थियो। आफूलाई बैंसालु ठान्नु वा नठान्नु आइमाईहरूको लागि निकै महत्वको हुन्छ। अब न आफूलाई उसले तरूनी ठान्न समेत छोडिसकेकी थिई। ऊ निकै मोटाएकी थिई। भन्छन्, मोटी आइमाईहरूको

उमेर कम देखिनेगर्छ। परन्तु उसको गोरो र मोटो जीउमा गहिरो चाउरीका रेखाहरू पर्न थालिसकेका थिए। अब त ऊ गाडीमा सवार भएर शहरतिर पनि कहिल्यै जानेगर्दिनथी। साँच्चै भन्ने हो भने त अब उसलाई गाडीमा चढ्न समेत भूभारत पर्न थालिसकेको थियो। किन्तु अहिले पनि ऊ पहिलेकै जस्ती फरासिली र मूर्ख पनि थिई। खास कुरा त के भने अब शारीरिक सौन्दर्यले पनि उसको मूढता लुकाउन सक्तैनथ्यो। छोरी लीजा र दाजु पनि उसैसंग बसेका थिए। उसको दाजुसित त हामी परिचित नै छौं। त्यो त्यही अश्वारोही सेनाको अफिसर हो। छोरी चाहिं त्याइस वर्षकी भइसकेकी थिई र गाउँघरतिरकी एक झर्रा रूसी सुन्दरी नै थिई ऊ। मनमौजी स्वभावले गर्दा दाजु चाहिंले आफ्नो सारा मौजा उडाइसकेको थियो र बुढेस कालमा अब उसले बहिनीको घरमा ओत लाग्ने ठाउँ पाएको थियो। उसको कपाल सेताम्यै फुलिसकेको थियो, माथिल्लो ओंठ लत्रेर भित्रतर्फ दोब्रिएको थियो, तर जूंगा चाहिं उसले पालिस लगाएर कालै पारेको थियो। खालि उसको निधार र गालामा मात्र नभएर नाक र घाँटीमा समेत चाउरीको माकुरे जालो देखा परिरहेको थियो। अझ ढाड पनि अलि कोप्रो परिसकेको थियो, तैपनि उसका कमजोर र बाङ्गा खुट्टाहरूमा चाहिं अश्वारोही सेनाको भूतपूर्व अफिसरको किञ्चित् छाप अझै बाँकी थियो।

त्यस दिन आन्ना फ्योदोरोभ्ना सारा जहान-परिवारको साथमा आफ्नो पुरानो घरको बैठकमा बसिरहेकी थिई। घरको बार्दलीका पुरानो बगैंचातर्फ फर्केका ढोका र झ्यालहरू खुलै थिए। बगैंचाको आकार चाहिं ताराको जस्तो थियो

र त्यहाँ लाइमका रूखहरू रोपिएका थिए। आन्ना फ्योदोरोभ्नाको कपाल फुलिसकेको थियो। ऊ फिका बैजनी रङ्गको फलाटीनको चोलो लगाएर सोफामा बसिरहेकी थिई र महोगनीको काठले बनेको टेबुलमाथि तासका चक्कीहरू फैलाउँदैथिई। बूढो दाजु चाहिंले नीलो कोट र सुकिलो सेतो पतलून लगाइराखेको थियो र हातमा सेतो सूती धागो र सुइरो लिएर झ्यालैनिर बसेर केही बुन्दैथियो। यो बसिबियाँलो उसलाई भान्जीले सिकाइदिएकी थिई। अब यस काममा उसको अभिरूचि खूबै बढिसकेको थियो। उसमा अब कुनै उपयोगी काम गर्ने क्षमता पनि त बाँकी रहन गएको थिएन। आँखा कमजोर भैसकेका थिए जसले गर्दा ऊ खबरकागतसम्म पनि पढ्न सक्तैनथ्यो, यद्यपि अखबार पढ्ने सोख उसलाई खूबै थियो। पीमोच्का भन्ने एउटी सानी केटी उसको छेउमै बसेर लीजाको रेखदेखमा आफ्नो पाठ तैयार पार्दैथिई। यस केटीलाई आन्ना फ्योदोरोभ्नाले पालनपोषण गर्नेगरेकी थिई। लीजा चाहिं काठका सुइराहरूको मद्दतले आफ्ना मामाको लागि बाख्राको ऊनबाट मोजा बुन्दैथिई। दिन ढल्कँदैगइरहेको थियो र डुब्नै आँटेको सूर्यको छड्के किरण लाइमका रूखहरू पछिल्तिरबाट छिरेर आइरहेको थियो। कुनाको अन्तिम ध्यानको ऐना र त्यसैको बगलमा रहेको किताबदान टल्किरहेका देखिन्थे। बगैंचा र कोठा दुवै ठाउँमा कस्तो निस्तब्धता छाएको थियो भने झ्यालबाहिर बगैंचामा गौंथलीले पखेटा फटफट गरेको, कोठामा आन्ना फ्योदोरोभ्नाले लामो सास फेरेको या बूढो दाजुले खुट्टामाथि खुट्टा राख्दै गुनगुनाएको समेत टडकारै सुनिन्थ्यो।

"लौ न लीजा, बता त! यो चक्की कहाँनेर राख्नुपर्ने हो। म जहिले पनि भुसुक्कै बिर्सन्छु।"—आन्ना फ्योदोरोभ्नाले आफ्नो खेल एक छिन रोकेर भनी।

लीजा बुन्ने काम नरोकेरै आमाको छेउमा पुगी र तासका चक्कीहरूमा उसले एक नजर दौडाई।

"अहो! तपाईंले त सबै कुरा गोलमाल गरिदिनुभो, माँ!"—उसले भनी र तासका चक्कीहरू फेरि मिलाउन लागी।—"यो त यस्तो पो हुनुपर्ने थियो। ठीकै छ, केही बिग्रेको छैन। जे होस्, तपाईंको इच्छा पूरा नै हुनेछ।" अनि आमा चाहिंले नदेख्ने किसिमबाट तासको एक चक्की निकालिदिई।

"अँ, तँ त मलाई जहिले पनि ठग्छेस् मात्रै! सोध्यो कि त मैले ठीकैसंग तास मिलाएको कुरा गर्छेस्!"

"हैन, माँ! ठीकै त भनेकी हुँ! हेर्नुस् न, ठीक ठीक निस्क्यो कि निस्केन?"

"भैगो, भैगो, नकच्चरी! के त अब चिया न खाने?"

"मैले सामोभारमा पानी उमाल्न अह्राइसकेकी छु। अहिल्यै हेरेर आउँछु। के त चिया यहीं नै मगाऊँ?.. पीमोच्का, झट्टै पढिसिध्या ल! अनि हामी दुवै घुम्न जाऔंला!"

यति भनेर लीजा ढोकाबाट बाहिर निस्किहाली।

"लीजा! लीजोच्का!"—बूढा मामाले बोलायो। उसका आँखा भने बुन्ने साँचोतर्फ नै तल्लीन थिए।—"सके एक घर बुन्नै छुट्यो क्या रे! लौ त छोरी, ठीक मिलाइदेऊ त!"

"अहिल्यै आउँछु, मामा! सक्खरको डल्लो फोर्न नगाउँछु र आइहाल्छु!"

लीजाले ठीकै भनेकी थिई। तीन मिनेट बित्न नपाउँदै ऊ झटपट दगुरेर आइहाली र मामाको छेउमा पुगेर उसको कान समात्न पुगी।

"घर बुन्न बिर्सनुभो कि त यस्तै सजाय पाउनुहुनेछ।"— उसले हाँस्दै भनी।—"तपाईंले त आजको भाग समेत बुन्न सक्नुभएनछ है!"

"भो, भो, पुग्यो अब! त्यसलाई ठीक पारिदेऊ न छिटै! कतै गाँठो पर्न गएको हुँदो हो!"

लीजाले बुन्ने साँचो हातमा लिई। टाउकोमा बेरिराखेको रूमालबाट हुक झिकी, अनि त्यसले गाँठो फुकाएर दुई-तीनपल्ट तानी र बुन्ने घर ठीक ठाउँमा पुऱ्याइदिई। त्यसपछि बुन्ने साँचो मामाको हातमा थमाइदिई। झ्यालबाट हावाको झोक्का भित्र आइरहेको थियो र यसले गर्दा हुक खोल्नासाथै लीजाको शिरको रूमाल भुक्क उठेको थियो।

"खै, मेरो ज्याला चुक्ता गरिहाल्नोस्!"—रूमालमा हुक सिउरेर घुसार्दै लीजाले भनी र आफ्नो गुलाफी गाला मामाको मुख सामुन्ने तेर्स्याएर च्वाक्क म्वाईं खाने संकेत गरी।—"आज चियाको साथसाथै अलिकति रम पनि खाने हैन त? आज त शुक्रबार हो नि!"

ऊ फर्केर चिया पकाउने कोठामा पुगी।

"मामा, आउनोस्! हेर्नोस् त हुस्सारहरू आउँदैछन्!"— त्यहाँबाट उसले चर्को स्वरमा कराएर भनी।

आन्ना फ्योदोरोभ्ना आफ्नो दाजुसंगै चिया पकाउने कोठामा पुगिहाली। त्यस कोठाका झ्यालहरू गाउँतर्फ

6—141

फर्केका थिए। हुन त झ्यालबाट कति नै देख्न सकिन्थ्यो र! धूलोको बादल उडिरहेको थियो र त्यसको बीचबाट एउटा हुल अगाडि जाँदैथियो।

"अफसोच! हाम्रो घर ज्यादै सानो छ र बङ्गला चाहिं अझै बनिसकेको छैन। नत्र भने केही अफिसरहरूलाई हामीकहाँ नै बास बस्न दिनुहुन्थ्यो!"—लीजाको मामाले आन्ना फ्योदोरोभ्नालाई भन्यो।—"रिसल्ला अफिसरहरू ज्यादै हँसिला र मिजासिला पो हुन्छन् त! उनीहरूसित भेटघाट गर्न पाए क्या मजा हुँदो हो!"

"हो, दाजु! आफूकहाँ उनीहरूलाई बास दिन पाउँदा मलाई पनि असाध्यै खुशी लाग्नेथियो। तर गर्ने नै के र? हामीकहाँ ठाउँ नै पुग्दैन! मसंग एउटा सुत्ने कोठा छ, एउटा सानो कोठामा लीजा सुत्छे, एउटा बैठक नै भैहाल्यो, अनि एउटा कोठामा तपाईं हुनुहुन्छ! बस्, यत्ति न हो! उनीहरूलाई हामी कहाँ बास दिन सक्छौं? तपाईं आफै विचार गर्नोस् ल! मिखाइल मात्भेयेभले उनीहरूको निम्ति गाउँका मुखियाको बङ्गला ठीकठाक पारिसकेको छ। त्यहाँ पनि सफासुग्घर नै छ रे!"

"लीजोच्का! तिनै हुस्सारहरूमध्येबाट एक जना वर तिम्रो लागि पनि हामी रोज्दा हौं! कुनै एक रातोपीरो सुन्दर हुस्सार!"—मामा चाहिंले थप्यो।

"अहँ! मलाई हुस्सार मन पर्दैन! मलाई त उल्हन पो बढी मन पर्छन् त। तपाईं पनि उल्हन फौजमा नै हुनुहुन्थ्यो, हैन र, मामा?.. म त हुस्सारहरूलाई फुटेको आँखाले पनि हेर्न चाहन्नँ! हुस्सारहरू बडो अल्लारे हुन्छन् रे! यसै भन्छन् त!"

अनि लज्जाले गर्दा लीजाको गालामा हलुका लाली चढ्यो। तर फेरि उसको तिक्खर हाँसो गुन्जियो।

"लौ, हेर्नोस्! ऊ, उस्त्युश्का दगुर्दै आइरहेकी छे! के देखेर आएकी रहेछ, बुझ्नुपऱ्यो!"—उसले भनी।

आन्ना फ्योदोरोभ्नाले उस्त्युश्कालाई बोलाउन पठाई।

"घरमा गर्ने काम केही नपाएर सिपाहींहरूलाई हेर्न दगुरादगुर गरेकी कि कसो?"—आन्ना फ्योदोरोभ्नाले भनी।—"लौ, भन् त! अफिसरहरूको बस्ने ठाउँको बन्दोबस्त कहाँ मिल्यो?"

"येरेम्किनको बङ्गलामा बस्ने रे, हजूर! दुई जना अफिसर रहेछन्! एक-से-एक राम्रा छन्! भन्छन्, एक जना त ग्राफ रे!"

"नाम के हो नि?"

"कुन्नि? काजारोभ हो कि तुर्बीनोभ हो? यस्तै केही हो! खै, बिर्सिहालें। मलाई त सम्झना नै रहेन। माफ पाऊँ!"

"कस्ती बुद्धु रहिछ हँ? केही पनि बताउन सक्तिनस्! नाम त कण्ठ हुनुपर्छ नि कम-से-कम!"

"म छिटै बुझेर आइहाल्छु नि!"

"हो, थाहा छ मलाई! यस्तो काममा त पास छेस्! थाहा नभएको हो र! भो, पर्दैन! घरमै बसिराख्! बसपटक दानिलो जाओस्! दाजु! उसलाई पठाइदिनोस् न! अफिसरहरूलाई कुनै चीजको खाँचो त छैन कतै? बुझेर पनि आओस् त्यल्ले! हामीले उनीहरूको मानमनितो राख्नैपर्छ! त्यहाँ गएर मालिक्नीले सोधिपठाइबक्स्या छ भनेर पनि जरूर भनोस्!"

बूढा र उसकी बहिनी दुवै जना फेरि चियापानकक्षमा गएर बसे। लीजा चाहिं नोकर्नीहरूको कोठामा सक्खर राख्न गई। त्यहाँ पनि उस्त्युश्का हुस्सारहरूकै चर्चा गर्दैथिई।

"अहो! मालिक्नी! के भनूँ खै? ग्राफ चाहिं बहुतै सुन्दर छन्!"—ऊ भन्न लागी।—"दुरूस्त कामदेवकै अवतार हुन्! आँखिभौं पनि काला काला! तपाईंलाई त्यस्तो वर जुन्यो भने निकै राम्रो जोडी मिल्नेथियो।"

अरू नौकर्नीहरूले पनि मुसुमुसु हाँस्दै हाँमा हाँ मिलाए। एउटी बूढी सुसारे झ्यालनेर बसेर मोजा बुनिरहेकी थिई। उसले लामो सास तानी र सुस्केरा हाल्दै प्रार्थनाको स्तोत्र गुनगुनाउन लागी।

"हुस्सारहरू त तिमीलाई सार्पै मन परेको छाँट छ नि, कसो?"—लीजा बोली।—"चिप्लो घसेर कुरा गर्न त तिमी बिछट्टै पो सिपालु छयौ! उस्त्युश्का, जाऊ त, अलिकति फलको रस लिएर आऊ! त्यो केही अमिलो होस्! हुस्सारहरूलाई मन पर्ने खालको होस्!"

त्यसपछि लीजा सक्खरको भाँडो उठाएर हाँस्दै फुत्त बाहिर निस्किहाली।

'त्यो हुस्सार कस्तो रैछ? एकफेरा हेर्न पाए त हुन्थ्यो नाइँ!'—उसले सोची।—'स्वर्णकेशी होला कि कृष्णकेशी? मलाई लाग्छ, ऊ पनि त हामीसंग भेटघाट गर्न पाउँदा खुशी नै होला! हुन सक्छ, ऊ यहाँबाट गइहाल्नेछ र यहाँ एउटी ठिटी पनि छ जो उसको बारेमा सोच्नेगर्छे भन्ने समेत उसलाई थाहापत्तो नहुन सक्छ। आजसम्म कैयन् युवक यहाँ आए र गए पनि! मामा र उस्त्युश्का

बाहेक अरू कसले मलाई देखेको छ र! मेरो केशश्रृङ्गार-को ढङ्ग र मेरो ब्लाउजको रङ्ग जे जस्तो भए पनि के नै फरक पर्छ र? मेरो प्रशंसा गर्ने नै यहाँ कोही छैन न!'–आफ्ना सुडौल गोरा हातहरूतर्फ हेर्दै लामो सास तानेर उसले सोची।–'त्यो अग्लो कदको होला, आँखा पनि ठूल्ठूला नै होलान् र सके जुँगा चाहिं पातलो र कालो हुँदो होला! मेरो उमेर बाइस वर्ष नाघिसक्यो, तर नज्जालु इभान इपातिचबाहेक अरू कसैको प्रेम पनि मैले पाउन सकेकी छैन। चार वर्षअघि त म अहिलेभन्दा पनि राम्री थिएँ। अब त म कन्याकेटी भन्न नै नसुहाउने पो भैमकें। सारा किशोरावस्था बितिहाल्यो, तर मैले अझै कसैको मन प्रशन्न पार्न सकेकी छैन। उफ्! कर्म नै फुटेको पाइयो। म त एक अभागिनी गाउँले ठिटी न ठहरिएँ।'

आमाको स्वर सुनियो। लीजाका विचारहरूको श्रृङ्खला टुटिहाल्यो। आमा चाहिं उसलाई चिया बनाएर ल्याउन अह्राउँदैथिई। लीजा टाउको झट्कारेर चियापानकक्षमा पसी।

असल घटनाहरू अक्सर अकस्मात् नै घटनेगर्छन्। जति बढी प्रयास गरिन्छ त्यत्तिकै नराम्रो परिणाम निस्कन्छ। गाउँघरनिर बालबालिकाहरूको शिक्षादीक्षामा कुनै ध्यान दिइँदैन, तसर्थ उनीहरूले जो शिक्षा पाउँछन् त्यो अधिकांश स्थितिहरूमा अद्भुत नै हुन्छ। लीजाको सन्दर्भमा पनि त्यस्तै भयो। आन्ना पयोदोरोभ्नाको बुद्धि थोरै थियो र स्वभाव चाहिं असाध्य नै अल्सी खालको थियो। लीजालाई कुनै किसिमको शिक्षा दिइएन। न संगीत सिकाइयो, न त

फ्रान्सेली भाषा नै जुन सिकाउनु ज्यादै उपयोगी ठानिन्थ्यो। यस्ती स्वस्थ र सुन्दर बालिका हुर्कने त आमाबाबुले कल्पनै समेत गरेका थिएनन्। आन्ना फ्योदोरोभ्नाले बुबुधाई र सुसारेको बन्दोबस्त गरिदिएकी थिई। आन्ना फ्योदोरोभ्ना नै उसलाई खाना ख्वाउँथी, छीटको कपडाको जम्फर र बाख्राको छालाको जुत्ता लगाउन दिन्थी, बाहिरतिर घुम्न पठाउँथी, च्याउ र फलफूल बटुल्न लगाउँथी। एक युवा विद्यार्थी उसलाई लेखपढ र हिसाब सिकाउन आउँथ्यो। एवं प्रकारले सोह्र वर्ष बितिहाल्यो। अचानक आन्ना फ्योदोरोभ्नाले लीजालाई एक फरासिली, मिलानसार र मेहनती युवतीको रूपमा पाई। उसले एक संगिनीको मात्र नभएर एक चल्तापूर्जा घरपट्टिनीको स्थान ग्रहण गरिसकेकी थिई। आन्ना फ्योदोरोभ्ना स्वयं पनि बडो दयालु स्वभावकी थिई। ऊ जहिले पनि कुनै भूदासका छोराछोरी अथवा कुनै टुहुरा केटाकेटीको लालनपालन गर्नेगर्थी। लीजाले दश वर्षको उमेरदेखि नै यसरी पालिएका केटाकेटीहरूको हेरचाह गर्न थालिसकेकी थिई। उनीहरूलाई ऊ कखहरा सिकाउँथी, लुगा लगाइदिन्थी, गिर्जाघरमा लिएर जान्थी, उपद्रव गर्न लाग्दा हप्काउँथी र दप्काउँथी। त्यसपछि लीजाका बृद्ध मामा पनि आएर घरमा बस्न थाले। दुब्लो-पातलो भए पनि ऊ दयालु मान्छे थियो। लीजाले एक बालकको जस्तै उसको पनि हेरचाह गर्नुपर्‍यो। यस बाहेक घरका नौकर-चाकर र गाउँका भूदासहरू नाना थरीका अनुरोधहरू लिएर उसकहाँ आउनेगर्थे। कोही बिरामी परेको छ भने उनीहरूलाई लीजा एल्डर फूलको रस, बाबरी र कपूरको अरक दिएर पठाउँथी। यसको साथै घरको सारा

जिम्मेवारी नै अचानक उसैको काँधमा पर्न गएको थियो। अनि प्रेमको लालसा पनि भित्रभित्रै दबिरहेको थियो र त्यो प्रकृतिप्रेम र धर्मकर्ममा व्यक्त हुनेगर्थ्यो। यसरी लीजा अचानक नै एक व्यस्त, हँसमुख, स्वाबलम्बी, मिलनसार, फरासिली र धर्मानुरक्त युवतीको रूपमा देखा परी। हो, कहिलेकाहिं गिर्जाघरमा आफ्नै बगलमा 'क' शहरबाट किनेर ल्याइएको नयाँ छाँटको टोपी लगाइराख्ने कुनै छरछिमेकीलाई देख्दा भने लीजाको मनमा पनि डाहको भावना उत्पन्न हुन्थ्यो। आमा बुढी र फतफते हुँदैगइरहेकी थिई र उसको नाटीकुटीले लीजालाई रूवाएर नै छोड्ने-गर्थे। प्रेमबारे उसका कल्पनाहरू उटपटाङ र कहिलेकाहिं त ज्यादै भद्दा खालका हुनेगर्थे। तर घरको कामधन्धाले गर्दा ती कल्पनाहरू त्यसै बिलाएर जान्थे। उसको निम्ति घरधन्धा अत्यावश्यक नै बनिसकेको थियो। यसरी बाइस वसन्त काटेकी र शारीरिक तथा नैतिक सौन्दर्यले भरिपूर्ण वय हुर्कंदी युवतीको आत्मामा एउटा पनि दाग थिएन, न त पश्चात्तापको नै कुनै यस्तो चिन्ह थियो जसले त्यसको दिप्ति र शान्ति कम गर्थ्यो। लीजा मझौला कदकी थिई र दुब्ली नभएर अलि मोटीघाटी नै देखिन्थी। उसका आँखा बदामी रङ्गका तर अति ठूला भने थिएनन् र तल्ला पलकमुन्तिर केही कालो आभा देखिन्थ्यो। चुल्ठो चाहिं लामो र सुनौला थियो। हिंड्न लाग्दा हाँस झैं ढल्कीढल्की पाइला सार्नेगर्थी र हिंडाइ नभन्दै लच्किलो थियो। जुन बेला ऊ कुनै काममा व्यस्त हुन्थी र मनमा कुनै किसिमको पीर हुँदैनथ्यो, त्यतिखेर जोकोहीले पनि उसको अनुहारमा हेर्दा यस्तो भाव पढ्न सक्थ्यो: जसको अन्तरात्मा स्वच्छ

छ र जसको हृदयमा कसैप्रति प्रेमभाव व्याप्त छ उसको निम्ति जीवन एक सुखमय वरदान नै हो। अनि जब कुनै किसिमको क्लेश या क्रोध, व्याकुलता या व्यथाले गर्दा उसको मन विक्षुप्त हुन्थ्यो, गह्भरि आँसु भरिएर आउँथ्यो, बायाँ आँखामाथिको आँखिभौं खुम्चिनेगर्थ्यो र ओंठ कठोर बन्थ्यो, त्यस्तो घडीमा पनि अनायासै कुनै पनि प्रकारको विकार र कृत्रिमताबाट मुक्त रहेको उसको दयालु र निष्कपट हृदयको ज्योति उसका गालामा पर्ने खोपिल्टा, उसका ओंठको कुनामा देखिने रेखा र उसका टल्किरहेका आँखाहरूमा झल्कँदैरहन्थ्यो।

१०

जतिखेर अश्वारोही दल मोरोजोभ्का गाउँमा आइपुग्यो त्यस बेलासम्ममा सूर्य अस्ताइसकेको थियो। परन्तु हावा भने अझै पनि न्यानो नै थियो। गाउँको धुलौटे सडकमा एउटा टाटेपाङ्रे गाई अगाडि अगाडि दगुर्दै गइरहेको थियो। कुनै कुनै बेला ऊ रोकिन्थ्यो र कराउन थाल्थ्यो। घोडाहरूको अगाडि नपर्न खालि बीच बाटो छोडेर एक कुनेउटोतिर तर्किनु नै पर्याप्त छ भन्ने कसै गरी बुझ्न सकिरहेको थिएन उसले। गाउँका बृद्ध किसानहरू, आइमाईहरू र केटाकेटीहरू हुस्सारहरूलाई हेर्न सडकको दुवैतर्फ हुल बाँधेर उभिएका थिए। हिनहिनाउँदा घोडाहरूमा सवार भएका हुस्सारहरू हातले छोटो लगाम समातेर, धूलोको बादल उडाउँदै अगाडि लम्किरहेका थिए। घोडचढी सैन्यको दायाँतर्फ दुई जना अफिसरहरू सुन्दर काला घोडाहरूमा आरामसित बसिराखेका थिए। तिनैमध्येको एक जना थियो — ग्राफ

तुर्बीन! ऊ कम्याण्डर थियो। अर्को चाहिं–पोलोजोभ भन्ने एक युवक थियो जो भर्खरै मात्र युन्केरबाट बढुवा भई अफिसर नियुक्त गरिएको थियो।

गाउँको सबैभन्दा राम्रो बङ्गलाबाट सेतो कोट लगाइराख्ने एक जना हुस्सार बाहिर निस्कियो र चाँदतोडावाल टोपी फुकालेर सोझै अफिसरहरूको सामुन्ने पुग्यो।

"डेराको बन्दोबस्त भयो त?"–ग्राफले उससंग सोध्यो।

"हजूरको लागि?"–सैन्यको आवासप्रबन्धकले भन्यो। ऊ एकदमै तन्केर उभिएको थियो।–"गाउँको मुखियाको यो बङ्गला हजूरकै निम्ति तयार पारिएको छ। बिर्तावालको घरमा एउटा कोठा लिन खोजेका त थियौं, तर पाउन सकिएन। बिर्तावाल्नी निकै रिसाहा होली जस्ती छे!"

"ठीक छ!"–ग्राफले घोडाबाट ओर्लेर गोडा मिलाउँदै भन्यो र मुखियाको बङ्गलातिर फटाफट पाइला सा-यो।–"गाडी त आइपुग्यो मेरो?"

"हो, हजूर! आइपुग्यो!"–आवासप्रबन्धकले ढोकैनेर उभिएको गाडीतर्फ आफ्नो टोपीले देखाउँदै जवाफ दियो र बङ्गलाको मण्डप-द्वारतर्फ फड्को मा-यो। आवासप्रबन्धकले झट्का दिएर भर्खरै साफ गरिएको बङ्गलाको ढोका खोल्यो। त्यहाँ एक किसान-परिवार अफिसरहरूलाई हेर्न गुजमुच्च परेर बसिरहेको थियो। उसको धक्काले एउटी बूढी झण्डैले लड्नै आँटेकी थिई। अनि ग्राफको निम्ति बाटो दिंदै ऊ एकातिर पन्छिएर उभियो।

बङ्गला ठूलो र फराकिलो थियो, तर उति सफासुग्घर थिएन। भलादमी झैं ठाँटिएको एक जर्मन-अर्दली घरभित्र

थियो। ऊ फलामे खाट मिलाएर सुटकेसबाट ओछ्याउने लुगा झिक्दैथियो।

"उफ्, कस्तो फोहोर कोठा!"—ग्राफले झर्केर भन्यो।—"द्यादेन्को! के बिर्तावालको बङ्गलामा एउटा कुना पनि पाउन सकिंदैनथ्यो र?"

"हुकुम हुन्छ-भने म अहिले नै कसैलाई बिर्तावालको घरतिर पठाइहाल्नेछु।"—द्यादेन्कोले उत्तर दियो।—"तर हजूर, बिर्तावालको घर पनि कुनै दर्बार त होइन, यस कटेरोभन्दा शायदै राम्रो होला!"

"भैगो, पर्दैन अब! जाऊ!"

अनि ग्राफ दुवै हात टाउकोमुन्तिर राखेर बिछ्यौनामा पल्टियो।

"जोहान्न!"—उसले आफ्नो अर्दलीलाई बोलायो।—"फेरि पनि बीचमा यो अग्लो उठ्ने गरेर बिछ्यौना के ओछ्याइस् हँ यसरी? के हो यो? तँ त बिछ्यौना पनि मिलाउन जान्दो रहिनछस्!"

जोहान्न बिछ्यौना मिलाउन भनेर अगाडि सऱ्यो।

"रहन दे अब! निकै बेर भैसक्यो!.. मेरो लुगा खै?"—असन्तोष जनाउँदै उसले भन्यो।

अर्दलीले भित्र लगाउने लुगा ल्यायो।

लुगा फेरिहाल्नुभन्दा पहिले ग्राफले त्यसको किनारा ध्यानपूर्वक हेऱ्यो।

"थाहा थियो मलाई यो! तैंले यो दाग सफा नै गरिनछस्! तँभन्दा बेकम्मा नौकर पनि होला र कतै?"—अनि अर्दलीको हातबाट लुगा थुतेर आफैंले लगाउन थाल्यो।—"के जानाजानी त तँ यसो गर्दैनस्? बता!.. चिया पाक्यो त?"

"मलाई फुर्सद नै हुँदैन, साप!" – जोहान्नले भन्यो।

"गधा मोरा!"

त्यसपछि ग्राफले एउटा फ्रान्सेली उपन्यास को किताब हातमा लियो जुन यस्तै बेला-मौकाको लागि उसले साथमा राख्नेगरेको थियो। निकै बेरसम्म चूपचाप पल्टेर ऊ उपन्यास पढ्दैरह्यो। जोहान्न सामोभारमा पानी उमाल्न बाहिर दलानमा निस्कियो। थाहा भएकै कुरा हो, ग्राफ मुर्मुरिइरहेको थियो। ऊ लस्तसंग थाकेको थियो र बाटोको धूलोमाटोले गर्दा फोहोर देखिन्थ्यो। उसले लगाइराखेको लुगा जिउमा कसिएको थियो र पेट चाहिं खालि थियो।

"जोहान्न!" – उसले कड्केर बोलायो। – "यता श्राइज! खै, त्यो दस रूबलको हिसाब देखा जुन मैले तँलाई दिएको थिएँ! शहरबाट के के किनेर ल्याइस्?"

अर्दलीले ल्याएको बिलमा ग्राफले सर्सर्रि नजर दौडाउन लाग्यो र माल-सामान ज्यादै महँगा भएकोमा टीकाटिप्पणी भन्यो।

"चियासंग रम पनि दिन्!"

"रम त किनिनँ, साप!" – जोहान्नले भन्यो।

"गधा! रम साथमा राख्नू भनेर कतिचोटि अह्राउने तँलाई!"

"पैसै पुगेन, साप!"

"पोलोजोभले पनि किन किनेन नि? उसैको नोकरसंग पनि त सापटी लिन सक्थिस्?"

"कोरनेट पोलोजोभले? कुन्नि, थाहा छैन! उसले त चिया र चिनी मात्रै किनेको थियो।"

"हरामी! .. जा यहाँबाट! .. जहिले पनि तँ त मलाई

जङ मात्र चलाउँछस्! कूच गर्दा म सधैं चियासंग रम पनि पिउँछु भन्ने तँलाई थाहा नभएको हो र?"

"यो, सदरमुकामबाट हजूरको नाउँमा आएका दुई चिठ्ठी!"—अर्दलीले भन्यो।

ग्राफले बिछ्यौनामा पल्टेको पल्टयै चिठ्ठीहरू खोल्यो र मनमनै पढ्न थाल्यो। ठीक त्यसै बेला स्क्वाड्रनलाई आफ्नो ठाउँसम्म पुऱ्याउन गएको कोरनेट पनि भित्र पस्यो। उसको अनुहार हँसिलो देखिन्थ्यो।

"के हाल छ, तुर्बीन? यो ठाउँ उति नराम्रो लाग्दैन! म भने थाकेर चूर भैसकें! ज्यादै गर्मी थियो!"

"राम्रै छ भन्नुपऱ्यो! फोहोर गन्हाउने कटेरो छ र तिम्रो कृपाले गर्दा चियासंग रम पनि खान नपाइने भैहाल्यो। न तिम्रो पाजी नोकरले किन्यो, न त यस स्वाँठले किनेर ल्यायो! जे भए तापनि तिमीले आफ्नो नोकरलाई त अह्राउनुपर्नेथियो।"

अनि ऊ फेरि चिठ्ठी पढ्न लाग्यो। एउटा चिठ्ठी पूरै पढिसकेपछि उसले त्यसलाई कच्याककुचुक पारेर गुजमुज्यायो र भुईंतिर मिल्काइदियो।

त्यस बेला दलानमा कोरनेटले आफ्नो नोकरसंग खासखुस गर्दै सोध्न थाल्यो।

"रम किन नकिनेको हँ? पैसा त थियो तँसंग?"

"हामीले मात्रै सबै कुरा किनमेल गर्नुपर्ने के छ र! सबका सब खर्च मैले नै बेहोर्नुपरिरहेको छ। यस जर्मनलाई चाहिं पाइप तान्न पाए पुगिहाल्यो। बस्!"

दोस्रो चाहिं चिठ्ठी, सम्भव छ, अरुचिकर थिएन, किनभने ग्राफ त्यो चिठ्ठी पढ्दै मुसुमुसु हाँसिरहेको थियो।

"कमको चिठ्ठी हो?"–पोलोजोभले सोध्यो। ऊ फेरि कोठामा फर्केर आइसकेको थियो र आतसखानाको छेवैमा फ्ल्याकमाथि आफ्नो बिछ्यौना ओछ्याउँदैथियो।

"मिनाको।"–ग्राफले रमाउँदै जवाफ दियो र चिठ्ठी पनि उसको हातमा दिंदै भन्यो।–"पढ्ने हो? सापै हिसी परेकी छे मोरी!.. हाम्रा युवतीहरूभन्दा कता हो कता राम्री छे।... पढी त हेर! कति सूझबूझ र भावनाहरू छन् यस पत्रमा!.. बस्, एउटै कुरा मात्र राम्रो छैन–पैसा माग्छे।"

"हो, यो त राम्रो होइन।"–कोरनेटले सही थाप्यो।

"मैले केही पैसा दिने वचन दिएको थिएँ उसलाई! तर हामीले यस कूचमा लागिहाल्नुपर्‍यो! अँ, फेरि... जे होस्, स्क्वाड्रनको कमान अरू तीन महीनासम्म मेरो मातहतमा रहि नै हालेछ भने म उसलाई केही पैसा जरूर पनि पठाइदिउँला! पक्कै पनि चित्त दुखाउनेछैन। ठिटी बिघ्नै राम्री छे, कसो?"–उसले मुस्कुराउँदै र चिठ्ठी पढ्दैगरेको पोलोजोभको अनुहारको भाव नियाल्दै सोध्यो।

"ह्रस्वदीर्घ त मिल्दैन, तर राम्रै लेख्तिरहिछ। लाग्छ, तिमीलाई प्रेम पनि गर्छे ऊ! साँच्चै!"–कोरनेटले जवाफ दियो।

"अँ, ठीकै त हो! यस्तै ठिटीहरू त वास्तवमा साँचो मायापीर्ति पनि गर्छन्!"

"अर्को चिठ्ठी कहाँबाट आएको रहेछ नि?"–कोरनेटले आफूले पढिसकेको चिठ्ठी फर्काउँदै सोध्यो।

"त्यो?.. छ एक जना भलादमी तर अति बेकम्मा! उसँग एकबाजि तास खेल्दा केही पैसा हार्न पुगियो।

तेस्रोपटक ताकेता गरिसक्यो।... अहिले त म उसलाई एक कानाकौडी पनि दिन सक्तिनँ!.. कस्तो वाहियात चिट्ठी!"–ग्राफले उत्तर दियो। सके त्यस घटनाको सम्झना भएर ऊ खिन्न हुन पुग्यो।

त्यसपछि दुवै अफिसर केही बेर चूप रहे। ग्राफको मनःस्थिति बुझेर कोरनेट पनि चूपचाप चिया पिउँदैथियो। कुरा कोटयाउने आँट गरिरहेको थिएन ऊ। बेला-बेलामा ऊ तुर्बीनको सुन्दर अनुहारतर्फ पुलुक्क हेर्थ्यो। तुर्बीन चाहिं कुनै विचारमा हराए झैं थियो र बारम्बार झ्यालबाहिर नजर दगुराउँदैथियो।

"हुन सक्छ, सब कुरा ठीक भैहालोस्!"–एकाएक शिर झटकार्दै पोलोजोभतर्फ फर्केर ग्राफले भन्यो।–"यदि हाम्रो पल्टनमा यस साल तरक्की भयो र यदि यसको साथै हामीलाई फौजी कार्यवाहीमा पनि पठाइयो भने, सम्भव छ, म आफ्ना जोरीपारीहरूलाई उछिन्न सकुँला! ती अहिले गार्डका कप्तान छन्।"

चियापानको दोस्रो क्रम शुरू भयो। त्यतिखेर पनि यस्तै-उस्तै विषयहरूमा कुराकानी चलिरह्यो। ठीक त्यसै बखत आन्ना फ्योदोरोभ्नाको सन्देश लिएर बूढो दानिलो त्यहाँ आइपुग्यो।

"मालिक्नीले सोधिबक्स्या, हजूर! कतै ग्राफ फ्योदोर इभानिच तुर्बीनका छोरा त होइसिन्न हजूर?"–अफिसरको नाउँ थाहा पाइएपछि दानिलोले आफ्नैतर्फबाट अजमाएर प्रश्न गऱ्यो, किनभने स्वर्गीय ग्राफको 'क' शहरमा आगमन-बारे पनि उसलाई सम्झना थियो।–"हाम्री मालिक्नी आन्ना फ्योदोरोभ्ना उहाँलाई राम्ररी नै चिनिसिन्थ्यो।"

"मेरा पिताजी नै थिए उनी। आफ्नी मालिक्नीलाई भन्नू कि हाम्रो खोजखबर लिइएकोमा हामी उहाँप्रति ज्यादै नै आभारी छौं। हामीलाई कुनै कुराको नपुग पनि छैन। अँ, के पनि भन्नू भने आफ्नै घरमा वा अन्त कतै बास बस्न हाम्रो निम्ति एउटा सफासुग्घर कोठाको बन्दोबस्त मिल्न सके त ज्यादै आभार हुनेछौं!"

"अरे, तिमीले यस्तो किन भन्यौ?"—दानिलो हिंडिसकेपछि पोलोजोभले सोध्यो।—"के नै फरक पर्छ र? एक रात न हो यहाँ बिताउनुपर्ने? किन बिनसित्तै उनीहरूलाई दुःख दिने?"

"के कुरा गर्छौ हँ तिमी पनि? ध्वाँसे कटेराहरूमा खूबै सुतियो। लाग्छ, तिमी व्यवहारपटु छैनौ!.. एक रात पनि कतै आरामका साथ सुत्न पाइन्छ भने किन यस्तो मौकाको सदुपयोग नगर्ने? अझ उनीहरूले चाहिं यसलाई आफ्नो सम्मान ठान्नेछन्!"—अनि चम्किरहेका दाँत झल्काएर बिस्तारै मुसुक्क हाँस्दै उसले थप्यो।—"बस्, एउटा कुरो चाहिं मलाई मन परेको छैन—यस महिलाले पनि मेरा पिताजीलाई चिनेकी रहिछ!.. स्वर्गीय पिताजीको जहिलेसुकै सम्झना हुँदा पनि मलाई असाध्य लाज लाग्नेगर्छ! कतै दङ्गाफसाद त कतै ऋण—बस्, यही मात्रै सुन्न पाइन्छ। त्यसैले त म उनका पुराना जानपहिचानका मान्छेहरूसंग भेटघाट गर्न मन पराउन्नँ। परन्तु त्यो जमाना नै त्यस्तो थियो।"—उसले गम्भीर भएर कुरा टुंग्यायो।

"मैले त तिमीलाई एउटा कुरा बताउनै बिर्सिराख्या!"—पोलोजोभले भन्यो।—"एकपल्ट मैले उल्हन ब्रिगेडको एक

जना कम्याण्डरलाई भेटेको थिएँ। उसको नाम इल्यीन थियो। ऊ तिमीलाई भेट्न चाहन्थ्यो। ऊ त तिम्रा पिताज्यूको खूबै पो गुणगान गर्थ्यो!"

"सके त्यो इल्यीन पनि त्यसै ड्याङको मूला हुँदो हो! कुरा के त भने यी सबै भद्रभलादमीहरू मसंग हिमचिम बढाउन नै आफू मेरो पिताजीको अन्तरङ्ग मित्र भएको दावी गर्छन् र मलाई थरी-थरीका यस्ता ठटेउला कथाहरू सुनाउँछन् जसलाई सुन्दा म लाजले भुतुक्कै हुन्छु। म ठण्डा मगजले हरेक कुरालाई तौलन्छु र त्यसको वास्तविक सार पत्ता लगाउन खोज्छु। मेरा पिताजी बडो जोशिला मान्छे थिए र कैयौं पल्ट उनले ज्यादै अनुचित कामकुरो पनि गरेका थिए। परन्तु त्यो जमानै त्यस्तो थियो। उनी आजको जमानामा जन्मेका हुँदा हुन् त ज्यादै नै काम लाग्ने मान्छे भएर निस्कँदा हुन्, किनभने उनको क्षमता र योग्यता निकै नै प्रखर थियो। यस कुरालाई चाहिं इन्कार गर्न सकिन्न।"

झण्डै पन्द्र मिनेटपछि नै दानिलो फर्केर आयो र दुवै जनालाई मालिक्नीको घरमा नै बास बस्ने सन्देश दियो।

११

त्यो हुस्सार अफिसर आफ फ्योदोर तुर्बीनको छोरो हो भन्ने थाहा पाउनेबित्तिकै आन्ना फ्योदोरोभ्ना हर्षविभोर भई।

"धन्य भगवान्! कस्तो सौभाग्य! .. ए, दानिलो! जा, छिटै गएर भन्–मालिक्नीबाट आफूकहाँ नै बोलावट

भएको छ भनेर!"–उसले अह्लाई। अनि दगुर्दै गएर लीजाको कोठामा पसी।–"लीजोच्का! उस्त्युश्का! तेरै यही कोठा छिटै तयार पार्नुपर्‍यो है, लीजा! आजको एक रात मामाकै कोठामा सुत्नुपर्ला तैंले। अँ, दाजु! नयाईंले चाहिं बैठककोठामा सुत्ने तरखर गर्नु ठीक होला। त्यहाँ एक रात बिताउन कुनै अप्ठेरो हुँदैन होला!"

"के को अप्ठेरो र, बैनी? म त यहीं तल भुइँमै पनि सुत्न सक्छु।"

"बाबुको बान्कीकै अनुहार छ भने त त्यो जरूर पनि निकै नै सुन्दर होला! ओ! उसको मुख हेर्न पाइनेभयो।... हेर्, लीजा, तँ पनि हेर्! उसका पिताजी असाध्यै सुन्दर थिए।... टेबुल कता लग्न खोज्या नि? यहीं रहोस्!"–आन्ना फ्योदोरोभ्ना हस्याङफस्याङ गर्दैथिई।–"दुइटा खाट ल्याओ! एउटा खाट रेखदेखकर्ताकहाँ होला! त्यो बिल्लौरको पानस पनि ल्याऊ जुन मेरो जन्मदिनको उपलक्ष्यमा दाजुले मलाई उपहार दिबक्स्या थियो। किताबदानमाथि छ त्यो। एउटा मैनबत्ती राखिदेऊ त्यसमा!"

आखिर सबै कुराको चाँजोपाँजो मिलाइयो। आमा चाहिंले बेला-बेलामा अह्लोट-पह्लोट गर्दैरहे तापनि लीजाले दुई जना अफिसरहरूको निम्ति आफ्नो कोठा आफ्नै रूचि-अनुसार नै सजाएकी थिई। उसले बिछ्यौनामाथि ओछ्याउन सफा तन्ना पनि ल्याई। त्यसबाट अत्तरको मगमग बास्ना आइरहेको थियो। अनि आफ्नै हातले उसले दुवै पलङ्ग सजाई। पलङ्गको छेउनेर एउटा टेबुलमा पानीको झारी र पानस पनि राख्न लगाई। अनि धूप बेह्रिएको कागज सल्काई र आफ्नो डसना-ससना बोकेर मामाको कोठामा

पुऱ्याई। आन्ना फ्योदोरोभ्नाको मनमा केही शान्ति छायो र ऊ आफ्नो नियमित ठाउँमा गएर बसी। उसले तासको बट्टा पनि झिकी, तर तासका चक्कीहरू फैलाउनतर्फ चाहिं लागिन। आफ्नो मासु लागेको कुहिनो टेबुलमा टेकाएर ऊ विचारमग्न भइहाली: 'समय बित्न पनि कति बेर लाग्दो रहेछ र? कति छिटो बित्छ यो समय!'–ऊ गुनगुनाउँदै मनमनै सोचिरहेकी थिई।–'धेरै कहाँ भयो र? अहिले पनि म उसलाई झल्झल्ति देख्दैछु।... अहो! कस्तो मनमौजी मान्छे थियो ऊ!'–अनि आन्ना फ्योदोरोभ्नाका आँखा आँसुले रसाए। –'अब त लीजोच्काको पो पालो हो।... तर यो त्यस्ती छैन जस्तो म उसको उमेरमा थिएँ।... हुन त मेरी छोरी नराम्री छैन, तर यो त्यस्ती पटक्कै होइन जस्ती म थिएँ।...'

"लीजोच्का! आज त तैंले रेशमी कपडाको नयाँ जम्फर लगाउनु बेस होला!"

"के उनीहरूलाई निम्त्याउन चाहनुहुन्छ र तपाईं, मुमा? यसको जरूरत नै किन?"–लीजाले भनी, तर अफिसरहरूलाई भेट्न पाइने विचारले गर्दा एक प्रकारको उत्तेजनाको ऊ अनुभव गर्दैथिई। "मेरो विचारमा यो अनावश्यक छ, मुमा!"

साँच्चै भन्ने हो भने उनीहरूलाई भेट्न ऊ जति उत्सुक थिई त्यसभन्दा बढ्ता त त्यस उत्तेजनापूर्ण सुखबाट भयभीत थिई जुन उसले पाउनै आँटेकी छे भन्ने ऊ ठानिरहेकी थिई।

"हुन सक्छ, उनीहरू आफै पनि भेटघाट गर्न चाहलान्, लीजोच्का।"–आन्ना फ्योदोरोभ्नाले छोरीको कपाल मुसार्दै भनी। यसको साथै ऊ सोचि पनि रहेकी थिई: 'यसको

कपाल पनि त त्यस्तो छैन जस्तो उसको उमेरमा मेरो कपाल थियो। ... ओह, लीजोच्का! म चाहन्छु कि तिमी ... तिमी ...' र उसले वास्तवमा नै आफ्नी छोरीको लागि मनमनै कुनै कुराको कामना गरी। परन्तु तन्नेरी ग्राफसंग नोजाको बिहे हुने कुराको ऊ आशा राख्न सक्तैनथी र स्वर्गीय ग्राफसंग आफ्नो जुन किसिमको सम्बन्ध थियो त्यस्तै सम्बन्धको चाहिं ऊ कामना गर्न चाहँदैनथी। तर पनि ऊ मनमनै आफ्नी छोरीको लागि कुनै उत्कट कामना गरिरहेकी थिई। सके उसले के आशा राखेकी होली भने आफ्नी छोरीको अन्तरात्मामा पनि ऊ त्यही भावना पुनः जागृत गर्न सक्षम होली जुन कुनै जमानामा स्वर्गीय ग्राफप्रति उसको मनमा उब्जेको थियो।

ग्राफ आइपुगेपछि रिसल्ला सेनाको बूढो अफिसर पनि अलिअलि उत्तेजित भएको थियो। आफ्नो कोठामा गएर उसले भित्रबाट चुकुल लगायो। पन्द्र मिनटपछि नै ऊ नयाँ वर्दी र नीलो पतलून लगाएर बाहिर निस्कियो। त्यस रिसल्ला अफिसरको स्थिति पनि त्यस्तै नै थियो जस्तो नाचमा जान भनेर पहिलोपल्ट नृत्य-पोशाक लगाउने युवतीको हुन्छ—केही प्रशन्न र केही लज्जित मुहार। ऊ त्यस कोठामा दाखिल भयो जुन पाहुनाहरूको लागि तैयार गरिएको थियो।

"बहिनी, हेरिहालौं! आजकलका हुस्सारहरू कस्ता हुँदा रहेछन्? स्वर्गीय ग्राफ त सच्चा हुस्सार हुनुहुन्थ्यो। हेर्नौं, यी कस्ता छन्?"

दुवै अफिसरहरू पछिल्तिरको द्वार-मण्डपबाट उनीहरूकै लागि तयार पारिएको कोठामा पुगे।

"मैले त भनेकै हुँ नि!" – ग्राफले भन्यो र धूलो लागेको बूट लगाएको लगायै भर्खरै सजाइएको पलङ्मा पल्टिहाल्यो। – "के यो ठाउँ त्यस कटेरोको भन्दा बेस छैन र? छिः, त्यहाँ त साङ्लाहरूकै बिगबिगी थियो।"

बेस त बेस छ नाइँ! तर बित्थामा घरवालाहरूको सत्कारको भारा पनि त बोकियो!"

"के कुरा गर्छौ? सबै कुरामा व्यावहारिक हुनुपर्छ मान्छेले। पक्का नै पनि उनीहरू हाम्रो आगमनबाट खुशी भएका होलान्! .. ए! कोही छ यहाँ?" – उसले जोडले कराएर भन्यो। – "यस झ्यालमा पनि कुनै पर्दा-सर्दा टाँग्नलाई भनियोस् न! नत्र त राति हावा चलेर बसिनसक्नु हुनेछ!"

ठीक त्यसै बखत तन्नेरी अफिसरहरूसंग चिनापर्ची गर्न भनेर बूढो भूतपूर्व अफिसर पनि भित्र पस्यो। उसले के पनि नभनेर बस्न सकेन भने ऊ स्वर्गीय ग्राफको साथी रहेको थियो र आफूप्रति उनको ठूलो मैत्रीभाव पनि रहने-गरेको थियो। बेला बेलामा स्वर्गीय ग्राफले आफूप्रति ठूलो अनुग्रह राख्ने गरेको कुरा पनि उसले बतायो। यस्तो कुरा सुनाउँदा बूढो अफिसरको अनुहारमा हलुका लाली पनि दौड्नेगर्थ्यो। अनुग्रहको तात्पर्य सके त्यो एक सय रूबल थियो कि त जुन स्वर्गीय ग्राफले उसलाई फिर्ता गरेका थिएनन्? वा त्यो घटना त थिएन जतिखेर ग्राफले उसलाई हिउँको रासमा धकेलिदिएका थिए अथवा बेस्मारी गाली गर्दै झाँटेका थिए? बूढाले यी सबै कुराहरूको चाहिं कुनै व्याख्या गरेन। युवा ग्राफले बूढा रिसल्ला अफिसरप्रति

ठूलो सम्मानको भाव दर्शायो र बास बस्ने ठाउँको बन्दोबस्त मिलाइदिएवापत् कृतज्ञता ज्ञापन गऱ्यो।

"ग्राफ, माफ गरिबक्सेला! यो कोठा उतिसारो आरामदायक छैन!" (माथिल्लो ओहोदाका मान्छेहरूसंग कुराकानी गर्ने उसको बानी छुटिसकेको थियो र यहाँ पनि ग्राफलाई 'हजूर' भनेर सम्बोधन गर्न आँटिसकेको थियो।) "मेरी बैनीको घर निकै सानो छ। यस झ्यालमा चाहिं अहिले नै कुनै पर्दा टाँगिदिनुपर्ला, जसले गर्दा हावा भित्र आउनेछैन!"—बूढाले भन्यो र पर्दा लिएर आउने बहाना बनाउँदै कोठाबाट बाहिरियो। वास्तविक कुरा त के थियो भने ऊ अफिसरहरूको बारेमा छिटै नै घरका अन्य मानिसहरूलाई खबर गरिहाल्न हतारिएको थियो।

त्यसपछि हिसी परेकी उस्त्युश्का झ्यालमा पर्दा हाल्न भनेर मालिक्नीको शाल-पछेउरा हातमा लिएर आई। अफिसरहरू चियापान गर्न पनि चाहन्छन् कि भनेर सोध्ने पनि उसले मालिक्नीबाट उर्दी पाएकी थिई।

कोठा राम्रो थियो, सफा-सुग्घर पनि थियो। ग्राफमाथि पनि यसको असर पऱ्यो। उसको उदासीनता बिलाएर गैसकेको थियो र उस्त्युश्कासंग ऊ ख्यालठट्टा पनि गर्न थाल्यो। मुसुक्क हाँस्दै कतिसम्म धक नमानेर ऊ कुरा गरिरहेको थियो भने उस्त्युश्का उसलाई नकच्चरो समेत भन्न पुगेकी थिई। ग्राफले तरूनी मालिक्नीको रूपलावण्यबारे पनि सोधपूछ गऱ्यो। जब उस्त्युश्काले चियाको कुरा चलाई, त्यतिखेर उसले खुशीसाथ चियापान गर्न सकिने उत्तर दियो र आफ्नो नोकरले अझै साँझको खाना तयार गरिनसकेको हुँदा छ भने अलिकति भोद्का, केही सितन-

सातन र सकिन्छ भने थोरबहुत गुलियो मदिरा पनि चियाको साथै पठाइयोस् भनेर अनुरोध गऱ्यो।

लीजाका मामा चाहिं त युवा ग्राफको बोलीबचनबाटै दङ्ग परिसकेको थियो र ऊ नयाँ पुस्ताका अफिसरहरूको प्रशंसाको पुल बाँध्न लागिहाल्यो। पुराना पुस्ताका मान्छे-हरूसंग त यिनीहरूको तुलना नै गर्न मिल्दैन, किनभने नयाँ पुस्ताका मान्छेहरू बढी रवाफिला छन् भन्ने उसको भनाइ थियो।

आन्ना फ्योदोरोभ्ना चाहिं यो कुरा मान्न तयार थिइन। ग्राफ फ्योदोर इभानिचभन्दा रवाफिलो अरू कोही हुनै सक्तैन भन्ने उसको मत थियो। कहाँसम्म भने ऊ एकदमै रिसाइ-हाली र रूखो स्वरमा भन्न लागी: "तपाईंको त कुरा नै के गर्नु र, दाजु! कसैले अलिकति आफूलाई स्नेहभाव देखायो कि त तपाईं उसको वाह वाह गर्न लागिहाल्नुहुन्छ! आजकल मानिसहरू बढी बाठा भैसके भन्ने पनि थाहा नभएको हो र? परन्तु ग्राफ फ्योदोर इभानिचसित दाँजिनु कस्को तागत? उनले जस्तरी एकोसाएज-नाच को नाच्न सक्छ? जो कोही पनि उनीप्रति आकृष्ट नभएर रहन सक्तैनथ्यो। तैपनि मबाहेक अरू कसैतर्फ ध्यान नै दिने-गरेका थिएनन् उनले! पुरानो पुस्तामा पनि असल मान्छे-हरूको कमी थिएन भन्ने तपाईंले मान्नैपर्छ!"

त्यसै बेला भोद्का, सितन र गुलियो मदिराको फर्माइस पनि आइपुग्यो।

"देखनुभो त, दाजु! जहिले पनि तपाईं यस्तै ढङ्गको काम गर्नुहुन्छ! खानपीनको बन्दोबस्त मिलाउनुपर्थ्यो नि तपाईंले?"–आन्ना फ्योदोरोभ्नाले भनी।–"एलीजा!

जा, छोरी, तँ नै अह्लाउने-पह्लाउने सब काम गर् अब!"

लीजा केही च्याउँ र ताजा नौनी लिन भण्डारतिर दगुरी र भान्सेलाई केही भुटुवा तयार पार्न पनि अह्लाई।

"केही गुलियो मदिरा त बाँकी छ, दाजु?"

"छैन, बहिनी! गुलियो मदिरा राख्ने नै गरेको छैन मैले त!"

"कस्तो कुरा गर्नुहुन्छ हँ तपाईं? चियासंग पिउनेगर्नु-भएको के हो नि त्यो?"

"रम प्युने गऱ्याछु, आन्ना फ्योदोरोभ्ना!"

"के एउटै कुरा होइन र? के फरक पर्छ र? पठाइ-दिनोस् त्यही रम! के उनीहरूलाई यतै डाँक्नु मुनासिब नपर्ला र, दाजु? भन्नोस्, के गर्नु ठीक होला? यहाँ बोलाउँदा उनीहरू रिसाउने त होइनन् कतै?"

बूढा रिसल्ला अफिसरलाई कुन कुरामा पूरा विश्वास थियो भने ग्राफ ज्यादै उदारहृदयी मान्छे हुँदा यतैतिर आउन पनि राजी भैहाल्नेछ र उनीहरूलाई ऊ जरूर नै डाँकेर ल्याउनेछ। आन्ना फ्योदोरोभ्ना कुन्नि किन हो आफ्नो "ग्रो-ग्रो"* पोशाक र नयाँ तनेटोपी लगाउन गई। लीजा चाहिं कतिसम्म व्यस्त थिई भने उसलाई लुगा फेर्ने त सम्झना समेत भएन। उसले ह्वार्लाङ्ङै बाहुला भएको गुलाफी रङ्गको छीटको जुन जम्फर लगाइराखेकी थिई त्यही नै उसको आङमा थियो। ऊ असाध्य हड्बडाएकी थिई। कुनै अनौठो कुरा हुँदैछ भन्ने उसको मनमा लागिरहेको थियो। कुनै घनघोर कालो बादलले उसको आत्मालाई छोपिराखेको

---

* ज्यादै बाक्लो रेशमी कपडाको जम्फर। –अनु०

जस्तो उसलाई अनुभव भइरहेको थियो। यो युवा ग्राफ अर्थात् सुन्दर हुस्सार कुनै ज्यादै नै शानदार मान्छे होला र उसको हरेक कुरा नौलो तथा अबोधगम्य पनि हुनेछ भन्ने ऊ ठानिरहेकी थिई। उसको चालचलन, बानीबेहोरा र कुरागराइ सबै नै लीजाले पहिले कहिल्यै पनि नदेखेको र नसुनेको किसिमबाट एकदमै अनौठा होलान्। जुन कुरा ऊ सोच्छ वा भन्छ त्यो सत्यता र विद्वताले भरिपूर्ण होला। उसको हरेक क्रियाकलापमा छलकपटको गन्ध पनि होवैन। उसको सम्पूर्ण व्यक्तित्व अति नै सुन्दर होला। लीजालाई यस कुरामा रत्तीभर पनि शङ्का थिएन। ग्राफले अलिकति गुलियो मदिरा र केही खानेकुराको जुन माग गरेको थियो त्यो त के भयो र, यदि उसले अत्तरको पोखरीमा नुहाउने नै माग गरेको भए पनि उसलाई आश्चर्य लाग्नेथिएन। यसको लागि ऊ ग्राफलाई कत्ति पनि दोष दिन्नथी, बरू यो नै उचित र आवश्यक हो भन्ने समेत दृढ निश्चय गर्नेथिई।

बहिनीको इच्छा बूढा अफिसरले सुनाउनेबित्तिकै ग्राफले तुरून्त निम्तो स्वीकार गरिहाल्यो। उसले झटपट कपाल कोर्‍यो, वर्दी लगायो र सिगारको बट्टा पनि टिप्यो।

"हिंड, जाऔं!" – उसले पोलोजोभलाई भन्यो।

"मेरो विचारमा त जानु ठीक नहोला!" – कोरनेटले जवाफ दियो। – "ils feront des frais pour nous recevoir".*

---

* उनीहरूमाथि हामी खर्चको भार थोपर्दैछौं (फ्रेन्च)। – अनु०

"वाहियात! उनीहरू त खुशी पो हुनेछन् त। घरपट्टिनीकी छोरी निकै हिसी परेकी राम्री छे भन्ने पनि मैले सुइँको पाइसकेको छु।... हिंड, गैहालौं!" – ग्राफले फ्रान्सेली भाषामा नै भन्यो।

"Le vous en prie, messieurs!"* – आफूलाई पनि फ्रान्सेली भाषाको ज्ञान छ र तन्नेरी अफिसरहरूले भनेको पनि बुझ्छु भन्ने आसय झल्काउने हेतुले मात्र भूतपूर्व रिसल्दार अफिसरले भन्यो।

१२

अफिसरहरू कोठामा पस्नेबित्तिकै लीजाको मुख लाजले गर्दा रातो भयो। उनीहरूतर्फ आँखा उठाएर हेर्न समेत डराउँदै ऊ चिया बनाउनमा नै तल्लीन रहेको जस्तो स्वाङ पारेर बसी। यसको विपरीत आन्ना फ्योदोरोभ्ना जुर्मुराएर उठी, उनीहरूको स्वागत गर्न अलिकति झुकी र ग्राफको मुखमा सोझै ताकेर उससंग कुराकानी गर्न लागी। ग्राफको व्यवहार पनि दुरुस्तै बाबुकै जस्तो रहेछ भनेर उसले बताई र आफ्नी छोरीसित उसलाई परिचित गराइदिई। ग्राफको सामुन्ने चिया, जैम र फलफूलको भाँडा पनि राखियो। कोर्नेट ज्यादै सोझो खालको थियो त्यसैले गर्दा उसतर्फ कसैले ध्यान दिएन। यसबाट ऊ खुशी नै थियो, किनभने उसरी चूपचाप बसेर शिष्टतापूर्वक लीजाको रूपलावण्य

---

* महाशय हो, हामीकहाँ स्वागत छ! (फ्रेन्च) – अनु०

चियाएर हेर्ने उसले राम्रो मौका पाइरहेको थियो। लीजामा नजर पर्नासाथै त्यो केटी असाधारण खालकी छे भन्ने उसले ठम्याइहाल्यो। मामा चाहिं कहिले बहिनीको फतफत रोकिएला र आफूले पनि एकाध लवज बोल्न पाइएला भन्ने प्रतीक्षा गर्दैथियो। ऊ अश्वारोही सेनामा आफ्नो सेवाकालको संस्मरण सुनाउन चाहन्थ्यो र उसले भन्न खोजेका कुराहरू ओंठमै झुण्डिरहेको जस्तो प्रतीत हुन्थ्यो। ग्राफले चिया खाँदाखाँदै एउटा सिगार सल्कायो। त्यसको कस कतिसम्म खरो थियो भने लीजाले रोक्दारोक्दै पनि आफ्नो खोकी रोक्न सकिन। ऊ गफी हुनुको साथसाथै विनम्र स्वभावको पनि थियो। शुरूमा त आन्ना फ्योदोरोभ्नाको धाराप्रवाह फतफतमा उसले एक-दुई शब्द मात्र जोड्नेगरेको थियो, तर पछि त आफैंले गफको फोहरा छोड्न थालिहाल्यो। श्रोताहरूलाई एउटा कुरा चाहिं ज्यादै विचित्र लागिरहेको थियो। ऊ आफ्ना किस्साहरूमा यस्ता शब्दहरूको पनि प्रयोग गर्दैथियो जुन उसको मित्रमण्डलीमा अश्लील मानिंदैनथे होलान्, तर त्यहाँ चाहिं निकै खट्किरहेका थिए। आन्ना फ्योदोरोभ्ना उसको कुरा सुनेर अलि हच्किइन् पनि। लाजले गर्दा लीजाको चाहिं कान समेत रातै भैसकेका थिए। परन्तु ग्राफलाई यसको कत्ति पनि अत्तोपत्तो थिएन र ऊ उसै गरी बेफिक्रीसित बडो विनम्रतापूर्वक गफ चुट्दैथियो। लीजाले चूपचाप गिलास भरी र पाहुनाहरूको हातैमा दिनुको सट्टा उनीहरूको छेवैमा थपक्क राखिदिई। अझै पनि ऊ ज्यादै व्यग्र थिई र ग्राफको एक एक शब्द ध्यान दिएर सुनिरहेकी थिई। ग्राफको कुरा एकदमै सरल थियो र बोल्दाबोल्दै ऊ केही बेर रोकिने पनि गर्थ्यो।

यसले गर्दा लीजा बिस्तार-बिस्तार निश्चिन्त हुँदैगई। जस्तो विद्वतापूर्ण कुरा सुन्ने उसले चाहना राखेकी थिई त्यस्तो न एकदमै सुन्न पाइएन, न त ग्राफको चालढालमा नै यस्तो कुनै सौम्यताको झलक पाइन्थ्यो जस्तो उसले मधुरो आशा राखेकी थिई। चियापानको तेस्रो क्रम चलिरहेको थियो। लीजाले केही लज्जालु आँखा उठाएर ग्राफतर्फ हेरी। ग्राफको आँखासित उसका आँखा जुधे र उसले त्यो नजरलाई मानौं आफ्ना आँखामा तानेर राखिछोडेको जस्तो लाग्यो। ऊ आँखा नै झिमिक्क नगरीकन गफ हाँक्दैथियो र एकटक लगाएर हेरेको हेऱ्यै हलुका मुस्कान पनि छोड्दै-थियो। लीजाको मनमा उसप्रति एक प्रकारको विरोध-भाव उत्पन्न भयो र त्यस मान्छेमा कुनै विशेष कुरा पटक्कै छैन भन्ने समेत तुरुन्तै उसलाई लाग्न थाल्यो। अझ जसलाई ऊ चिन्दथी ती मानिसहरूमा र उसमा कुनै अन्तर उसले भेट्टाउन सकिन। त्यसैले उससित डराउनुपर्ने पनि उसले कुनै कारण देखिन। हो, ग्राफको नङ सफा र लामा अवश्य नै थिए, तर उसमा कुनै खास सौन्दर्य भने छँदै थिएन। यसरी आफूले कल्पना गरे जस्तो कुरा त्यहाँ नपाउँदा अचानक लीजाको मन क्षुब्ध भयो र उसलाई ज्यादै नरमाइलो लाग्यो, तर यसको साथै उसको व्यग्रता पनि हटेर गयो। अब उसलाई एउटै कुराले मात्र बेचैन तुल्याउन थाल्यो। कारण, कोरनेट चूपचाप बसेर क्वारक्वारति उसलाई नै हेरिरहेको थियो। उसको तीखो नजर आफूमाथि परिरहेको लीजा राम्रै अनुभव गर्दैथिई। 'सके त्यो होइन, यो चाहिं होला कि ?'—उसले मनमनै सोची !

चियापान सकिएपछि अधबैंसे महिलाले आफ्ना पाहुना-हरूलाई अर्को कोठामा लिएर गई। त्यहाँ ऊ आफ्नो नियमित ठाउँमा गएर बसी।

"सके तपाईं आराम गर्न चाहनुहुन्छ होला! हैन त, ग्राफ?"—उसले सोधी। ग्राफबाट यस प्रश्नको नकारात्मक उत्तर पाइएपछि उसले अगाडि थपी—"खै, तपाईंहरूको मनोरञ्जनको के प्रबन्ध गरूँ? ग्राफ, के तास त खेल्नुहुन्छ तपाईं? दाजु, तासको कुनै खेल शुरू गरिस्योस् न!"...

"तिमी आफै पनि त 'प्रोफेरेन्स' खेल्छौ नि, बहिनी!"—भूतपूर्व रिसल्ला अफिसरले जवाफ दियो।—"एक हात खेलिहाल न! कसो त, ग्राफ? खेल्ने हैन त?"

अतिथ्यसत्कारी आतिथेयहरूलाई जस्तो चाहना होला त्यसमा नै अतिथिहरूले पनि खुशीसाथ भाग लिनेछन् भनेर युवा अफिसरहरूले सहमति जनाए।

लीजाले आफ्नो कोठाबाट पुराना तासको एक क्याँट ल्याई। ती तासका चक्कीहरूद्वारा ऊ जोखना हेर्नेगर्थी—आन्ना फ्योदोरोभ्नाको दन्तशूल छिटै बिसेक होला कि नहोला? शहरतिर गएका मामा कहिले गाउँमा फर्कलान्? कुनै छिमेकी उनीहरूलाई भेट्न आउला कि नआउला? आदि, आदि। तासको यस क्याँटका चक्कीहरूको प्रयोग दुई महीना यतादेखि हुँदैथियो, तर पनि तासका ती चक्कीहरूभन्दा त कता हो कता सफा थिए जुन आन्ना फ्योदोरोभ्ना जोखना हेर्नमा प्रयोग गर्थी।

"मके तपाईंहरू सानोतिनो दाउ थापेर त खेल्न रूचाउनुहुन्न होला?"—मामा चाहिंले सोध्यो।—"आन्ना फ्योदोरोभ्ना र म त आधा कोपेकको दाउ थापेर खेल्नेगर्छौं।... तैपनि उनी हामी सबलाई लुट्छिन्।"

"हैन, जुन दाउमा तपाईंहरू चाहनुहुन्छ त्यसैमा खुशीसाथ खेलुँला!"—ग्राफले भन्यो।

"लौ त, एक कोपेकको नै दाउ भयो! भुक्तानी चाहिं नोटद्वारा! यस्ता प्यारा पाहुनाहरूको निम्ति खेल हुँदैछ त! मेरो सर्वस्व नै जितेर लग्छन् भने पनि राजी छु!"—आन्ना फ्योदोरोभ्नाले भनी र गजक्क पर्दै आरामकुर्सीमा बमेर आफ्नो दोसल्ला मिलाउन लागी।

"हुन सक्छ, यिनीहरूबाट एक रूबलसम्म त जित्न पाइन्छ होला!'—आन्ना फ्योदोरोभ्नाले मनमनै सोची। बूढेम कालमा उसलाई जुवाको पनि केही लत लागिसकेको थियो।

"यो खेल अर्कै तरीकाले पनि खेल्न सकिन्छ। चाहनुहुन्छ भने सिकाइदिन तैयार छु! तुरूपचाल खेल्ने भने पनि लौ! बन्दचाल खेल्ने भने पनि लौ! ज्यादै रमाइलो पो हुन्छ त!"—ग्राफले भन्यो।

पिटर्सबर्गमा खेलिने यो नयाँ ढङ्गको खेल सबैलाई औधि नै मन पनि पऱ्यो। कुनै समयमा आफूले पनि यस तरीकाले खेल्नेगरेको कुरा मामा चाहिंले विश्वास पार्न खोज्यो। यो पनि 'बोस्टन' जस्तै हो, तर अब त्यो खेल केही बिर्सिन पुगियो भनेर पनि उसले बतायो। आन्ना फ्योदोरोभ्नाले भने पटक्कै बुझ्न सकिन, तर टाउको हल्लाउँदै र मुसुमुसु हाँस्दै के भन्नु ठीक ठानी भने उसले सबै राम्रोसंग

बुझेकी छे र सबै कुरा उसको लागि स्पष्ट छ। खेलको बीचमा एक्का र बादशाह हातमा बाँकी राखेर आन्ना फ्योदोरोभ्नाले 'चालबन्द' भनी र छक्काको चक्की चाली। सबै खित्का छोडेर हाँस्न लागे। उसलाई ज्यादै असजिलो लाग्यो। ऊ बिस्तारै मुस्कुराई र यति छिटो कसैले नयाँ तरीका कसरी सिक्न सक्छ र भनेर विश्वास पार्न थाली। परन्तु उसले हारिसकेकी थिई र उसको नामअगिल्तिर यो कुरा अङ्कित पनि गरियो। ऊ धमाधम हार्दैगई। ठूलो दाउ थापेर खेल्ने त ग्राफको बानी नै थियो र यसपल्ट पनि ऊ ज्यादै सतर्क भएर खेल्दैथियो। एक एक चालको ठीक ठीक हिसाब राख्दैथियो ऊ। टेबुलमुनि गोडाले बारम्बार ठक्कर दिंदै कोरनेटले उसलाई केही सम्झाउने कोशिश गरेको अर्थ पनि ऊ पटक्कै बुझ्न सकिरहेको थिएन, न त तासको खेलमा उसबाट ठूल्ठूला गल्तीहरू भैरहेको कारण नै ऊ बुझिरहेको थियो।

लीजाले फलफूलको माडा, तीन थरीका जैमहरू र विशेष किसिमले रसमा डुबाएर सुरक्षित राखिएको एक दाना स्याउ फेरि ल्याई। अनि ऊ आमा चाहिंको कुर्सीपछिल्तिर उभिएर खेल हेर्न लागी। कहिलेकाहिं ऊ अफिसरहरूतर्फ पनि पल्याकपुलुक हेर्दैथिई—खास गरी ग्राफको गोरो चिटिक्क परेको हात र गुलाफी पालिसदार नङतर्फ उसको नजर पर्नेगर्थ्यो। ग्राफ बडो आत्मविश्वास र अति चतुरतापूर्वक तासका चक्की फाल्दै र हातमा लिंदै ज्यादै मनमोहक ढंगले खेल्दैथियो।

आन्ना फ्योदोरोभ्ना फेरि एकपल्ट निकै जोशमा आई र दाउ जित्ने प्रयास गर्दै सात चालसम्म सुरिंदै खेल्दैरही,

नर तीन चाल त गुमिहाल्यो। दाजुले सम्झाएपछि उसले कागजमा आफूले जितेको अङ्क त लेखी, तर यति हतासिएकी र हड्बडाएकी थिई कि उसले लेखेको कसैले पनि पढ्न सक्तैनथ्यो।

"धन्दा मान्नुपर्दैन, आमा! तपाईंकै जीत हुनेछ!"—लीजाले मुस्कुराउँदै भनी। ऊ आमालाई यस्तो अप्ठ्यारो स्थितिबाट कसै गरी छुट्कारा दिन चाहन्थी।—"तपाईंले मामाको तासका चक्कीहरू लिनुभो भने उनीहरू बल्झिनेछन्!"

"लौ, अलिकति मद्दत गर् न, लीजा!"—आन्ना फ्योदोरोभ्नाले हड्बडाउँदै छोरीतर्फ हेरेर भनी।—"कुन चाल चाल्नुपर्ने हो, मलाई त थाहै हुन सकेन!.."

"म पनि त यसरी खेल्न जान्दिनँ!"—लीजाले भनी र आमा चाहिंले कति पैसा हारिसकी भनेर मनमनै हिसाब गर्न थाली।—"यसरी खेल्ने हो भने त तपाईं निकै पैसा हार्नुहुनेछ, मुमा! पीमोच्कालाई जम्फर किन्ने समेत पैसा बाँकी रहनेछैन है!"—उसले ठट्टा गर्दै भनी।

"हो, कुरा ठीकै हो! यसरी खेल्दै रहनुभो भने त कम्तीमा पनि चाँदीका दस रूबल त जरूर हार्नुहुनेछ!"—कोरनेटले लीजातर्फ हेरेर भन्यो। लीजासंग कुराकानी गर्न उसलाई कुतकुती लागिरहेको थियो।

"के हामी नोटको भुक्तानी दिने गरी तास खेलिरहेका छैनौं र?"—आन्ना फ्योदोरोभ्नाले भनी र सबैतर्फ नजर फिराई।

"खै, थाहा छैन कसरी?"—ग्राफले भन्यो।—"मलाई त नोटको हिसाब नै गर्न आउँदैन! यो कसरी?

भनाइको मतलब, यो नोटको हिसाब भनेको के हो?"

"अचेल त कोही पनि कागजी नोटद्वारा खेल्दैन!"— मामा चाहिंले सही थाप्यो। ऊ दाउ जित्दै थियो।

आन्ना फ्योदोरोभ्नाले फलको रस मगाई र आफैले पनि दुई गिलास रस टन्न पिई। उसको अनुहार रन्किएर रातै भैसकेको थियो। अब मेरो केही जोर चल्दैन भन्ने भाव उसको अनुहारबाट झल्किरहेको जस्तो लाग्थ्यो। अझ उसको तनेटोपी मुन्तिरबाट फुलेको कपालको एक लर्कन बाहिर निस्किरहेको थियो। तर ऊ त्यो मिलाउनपट्टि पनि लागिन। उसलाई यस्तो लागिरहेको थियो, मानौं लाखौंको रकम हारिरहेकी होस् र उसको टाट पल्टनै आँटेको होस्! कोरनेट बारम्बार टेबुलमुनि ग्राफलाई गोडाले ठक्कर दिएर इशारा गरिरहेको थियो। बुढिया हार्देगइरहेकी थिई र ग्राफ चाहिं त्यसको हिसाब लेख्तैगैरहेको थियो। अन्त्यमा खेल समाप्त भयो। आन्ना फ्योदोरोभ्नाले केही पैसा आफ्नो हिसाबमा जोड्ने कोशिश गरी र हिसाब लेख्ता गल्ती भएको समेत बहाना गरी र आफूलाई हिसाब जोड्न नै आउँदैन भन्ने पनि निहुँ झिकी। आफ्नो नाउँअगिल्तिर आफूले हारेको रकम लेखिएको देख्दा त झस्कि पनि हाली। जे होस्, हिसाब जोडियो र उसले नौ सय बीस प्वाइण्ट हारेको पत्ता लाग्यो। "के यो नोटको हिसाबले नौ रूबल भएन र?"—उसले धेरैपल्ट सोधपूछ गरी। उसको दाजुले उसलाई सारा हिसाब नबुझाएसम्म उसले आफ्नो नोक्सानको अनुमान नै लगाउन सकिन। नोटको हिसाबले पूरै बत्तीस रूबल उसले हारेको कुरा उसलाई बताइयो र यो रकम तुरून्तातुरून्तै तिरिदिनु राम्रो हुन्छ भनेर पनि दाजुले

भन्यो। हिसाब सुनेर त बुढियाको सातोपुत्लो नै उड्यो। ग्राफले चाहिं जितेको पैंसाको हिसाब जोड्ने समेत वास्ता गरेन। खेल समाप्त हुनेबित्तिकै ऊ जुरुक्क उठेर झ्यालनेर गैहाल्यो। त्यहाँ लीजा साँझको खाना सजाउँदै थिई र तारेको च्याउँ रिकापीमा हाल्दैथिई। कोरनेट पूरै साँझभरि लीजासंग कुराकानी गर्न छट्पटाइरहेको थियो तर धक मान्दैरह्यो। ग्राफ चाहिं लीजाको नजिकै गएर निर्धक्क भई उससंग मौसमबारे कुरा गर्न थालिहाल्यो।

त्यतिखेर कोरनेट भने बडो अप्ठेरो अवस्थामा परिरहेको थियो। ग्राफ तासको खाल छोडेर हिंडिसकेको थियो र आफूलाई सान्त्वना दिंदै हँसिलो मनोभावना बनाइराख्न मद्याउ पुऱ्याउने लीजा पनि हिंडिसकेकी थिई। बुढिया रोमले चूर चूर भैसकेकी थिई।

"तपाईंलाई हार्न लगाएर हामीले पैंसा जितेकोमा मलाई ठूलो खेद छ!"—पोलोजोभले भन्यो। आखिर उसले केही न केही त भन्नैपर्थ्यो।—"यो त ज्यादै नै नकाम गो हुन गयो।"

"हो त नि! तुरूपचाल र बन्दचाल रे! के के हो के के नयाँ खेल अजमाउनुभो तपाईंहरूले! मलाई के थाहा होस् र? अँ, नोटको हिसाबले कति पुग्यो नि सबै प्वाइन्ट जोडेर?"—उसले प्रश्न गरी।

"बत्तीस रूबल! ठ्याम्मै साढे बत्तीस रूबल!"—वृद्ध रिसल्ला अफिसरले जवाफ दियो। उसले पनि केही रकम जितेको थियो र ऊ असाध्यै खुशी पनि थियो।—"लौ त, बहिनी, ल्याऊ पैंसो पनि! लौ, लौ, झिकिहाल!"

"यसपल्ट त पूरै तिरिदिउँला, तर पछि एक चुनादाम

पनि भेट्टाउनुहुने छैन! यत्तिको पैंसा त जीवनभरिमा पनि जित्न गाह्रै पर्ला!"

आन्ना फ्योदोरोभ्नाले फटाफट पाइला सारी र ढल्मलाउँदै कोठाबाट बाहिर निस्की। केही बेरपछि एक एक रूबलका नौ थान नोट लिएर ऊ आइपुगी। तर दाजु चाहिं आफ्नो मागमा अड्डी जमाएर बसिरह्यो र लाचार भएर बुढियाले सारा रकम चुक्ता गरिदिनैपर्ने भयो।

पोलोजोभ मनमनै डराइरहेको थियो, किनभने आन्ना फ्योदोरोभ्नासंग कुरा गर्ने हो भने उसको सारा रीस त उसैमाथि पोखिने सम्भावना थियो। उसले चूपचाप त्यहाँबाट टाप कस्यो र त्यही खुला झ्यालनेर पुगिहाल्यो जहाँ ग्राफ र लीजा उभिएर कुरा गरिरहेका थिए।

खाना सजाइएको टेबुलमा दुइटा मैनबत्ती बालिएका थिए। वसन्तको ताजा र न्यानो बतास सिरसिर चलिरहेको थियो जसले गर्दा दीपशिखा कामिरहेको थियो। बगैंचातर्फ फर्केको खुला झ्यालमा पनि उज्यालो देखिन्थ्यो, तर कोठाभित्रको उज्यालोभन्दा त्यो एकदमै बेग्लै किसिमको थियो। झण्डै पूर्णचन्द्र जस्तै देखिने जूनले त्यतिञ्जेलसम्ममा आफ्नो सुनौला आभा गुमाइसकेको थियो र लाइमका अग्ला अग्ला रूखहरूको टुप्पामाथि तरिरहेको जस्तो प्रतीत हुन्थ्यो। कहिलेकाहिं स्वच्छ र सेता बादलका टुक्राहरू जूनलाई ढाक्दै उड्नेगर्थे र झलमल्ल चम्किएका देखिन्थे। तल पोखरीमा भ्यागुताहरू टर्यार्र टर्यार्र कराइरहेका थिए। त्यसको सतहमा जूनको टक परेर रूखहरूको पछिल्तिरबाट एक ठाउँ टल्किरहेको देखिन्थ्यो। झ्यालकै मुन्तिर लटरम्म फूल फुलेर मगमग बास्ना आउने हसिनाको झ्याङमा साना

आना चराहरू भुर्र भुर्र उडिरहेका थिए र पखेटा फटफटा- उँदैथिए। शीतले भिजेका फूलका गुच्छाहरू बिस्तारै बिस्तारै हल्लिरहेका थिए।

"कस्तो रमाइलो मौसम!"—लीजाको नजीकै गएर झ्यालको ठेलामा बस्दै ग्राफले भन्यो।—"मलाई लाग्छ, तपाईं त अक्सर घुम्न निस्कनुहुन्छ होला, हैन?"

"हो, घुम्छु!"—लीजाले जवाफ दिई। किन हो कुन्नि, ग्राफसंग कुरा गर्दा अब उसलाई कत्ति पनि धक लागिरहेको थिएन।—"घर-व्यवहारको चाँजोपाँजो मिलाउन पनि हरेक बिहान सात बजे बाहिरतिर निस्कन्छु। पीमोच्कालाई लिएर पनि घुम्न जानेगर्छु। पीमोच्कालाई मुमाले पालन-पोषण गर्नुहुन्छ!"

"गाउँघरतिर बस्नु रमाइलै हुन्छ!"—एउटा आँखामा चश्मा लगाउँदै कहिले बगैंचातिर त कहिले लीजातर्फ हेर्दै ग्राफले भन्यो।—"के तपाईं यस्तो जुनेली रातमा डुल्न निस्कनुहुन्न र?"

"अहँ! तर तीन वर्षअघि म र मामा जुनेली रातमा हरेकपल्ट घुम्न निस्कनेगर्थ्यौं। उनमा एउटा अनौठो रोग थियो—राति सुत्नै नसक्ने! पुर्णेको रातमा त उनी पटक्कै निदाउन सक्तैनथे। उनको यो कोठा सोझै बगैंचातर्फ खोलिएको छ र झ्याल पनि होचो छ। जूनको टक सोझै उनको मुखमा नै पर्छ!"

"अचम्म! मैले त यो तपाईंको कोठा पो भन्ठानेको त!"—ग्राफले भन्यो।

"म त आजको एक रात मात्रै यस कोठामा सुत्नेछु। मेरो कोठामा त तपाईंहरू पो सुत्नुहुनेछ!"

"साँच्चै? .. हे भगवान्! .. हामीले त तपाईंलाई दु:ख पो दिएका रहेछौं! यसको लागि म आफूलाई कहिल्यै पनि क्षमा गर्न सक्तिनँ!"—ग्राफले भन्यो र सद्भावना दर्शाउन आँखाको चश्मा खुकुलो पारिदियो, जसले गर्दा त्यो तल खस्यो।—"मेरो कारणले गर्दा तपाईंलाई तकलीफ हुनेछ भन्ने पहिलेबाटै थाहा हुँदो हो त..."

"के को तकलीफ र? बरू मलाई त खुशी पो लागेको छ। मामाको कोठा निकै राम्रो छ। झ्याल पनि निकै होचो छ। म त्यहीं बसिरहनेछु। कथंकदाचित् निद्रा परेन भने हाम्फालेर बगैंचामा पुग्नेछु र राति केही बेर घुमफिर गर्नेछु!"

'कति फरासिली केटी!'—ग्राफ सोच्दैथियो। उसको अनुहार बढी राम्रोसंग देखियोस् भनेर उसले फेरि आँखामा चश्मा लगायो र झ्यालमा बस्ने तरखर गरेर आफ्ना गोडाले उसको गोडा छुने कोशिश गऱ्यो।—'बाठी पनि कति बाठी नि! यदि मैले चाहें भने उससित झ्यालनेरै भेट गर्न सकिनेछ भनेर कस्तो चलाकीका साथ उसले मलाई इशारा गरी हुँ!' लीजाको मन जित्नु त वास्तवमा ज्यादै सजिलो रहेछ भन्ने उसलाई लाग्यो र यसले गर्दा उसको नजरमा युवतीको आकर्षण समेत निकै कम भएर गयो।

"आफ्नो प्रियतमसंग यस्तो रमाइलो रात बगैंचामा नै छर्लङ्ग काट्नु क्या मजा हुँदो हो!"—अँध्यारो उद्यानपथ-तर्फ विचारमग्न नजर दिंदै ग्राफले भन्यो।

यस्तो कुरा सुनेर लीजा निकै लज्जाई। अचानक दोस्रो-पल्ट पनि उसको खुट्टामा ग्राफको खुट्टाले स्पर्श गरेको

जस्तो उसलाई लाग्यो। लज्जाभाव लुकाउने प्रयास गर्दै कुनै सोचविचार नै नगरेर उसले झटपट भनी: "हो, जुनेली रातमा घुम्नु निकै रमाइलो हुन्छ!" तैपनि उसको संकोच हटेन र उसलाई ज्यादै अपठ्यारो लागिरह्यो। उसले च्याउँको भाँडो बिर्कोले झटपट छोपिदिई र झ्यालबाट हटेर पल्तिर जान पाइला सारी। ठीक त्यसै बेला कोरनेट त्यहाँ पुगेको थियो। यो कस्तो मान्छे रहेछ, हेरिहालौं भन्ने कौतुहल लीजाको मनमा एक्कासि जागेर आयो।

"कस्तो रमाइलो रात!"–कोरनेटले भन्यो।

'यी मान्छेहरू त मौसमको बाहेक अरू कुनै कुरा पनि गर्दा रहेनछन्!'–लीजाले मनमनै विचार गरी।

"क्या मजाको दृश्य देखिंदो रहेछ!"–कोरनेटले अगाडि थप्यो।–"हुन सक्छ, तपाईंलाई त यसबाट वाक्कै पनि लागिसक्यो होला!"–जो मान्छे आफूलाई ज्यादै मन पर्थे तिनको सामु जरूर पनि कुनै अप्रिय कुरा गर्ने न कोरनेटको बानी नै थियो।

"किन र? के कारणले तपाईं यसो भन्नुहुन्छ?"–लीजाले जवाफ दिई।–"हरेक दिन एकै किसिमको खाना खाँदा वा एउटै लुगा हररोज लगाउँदा त मान्छेलाई वाक्क लाग्नु स्वाभाविकै होला! तर राम्रो बगैंचा कसरी वाक्क लाग्न सक्छ र? खास गरी त्यस बेला जब आकाशमा ब्रह्ट जून लागेको हुन्छ र जब घुमफिर गर्ने रहर पनि हुन्छ। मामाको कोठाबाट तलाउको दृश्य पूरै देखिन्छ। आज राति म त्यो दृश्य अघाउन्जी हेरूँला!"

"शायद तपाईंहरूकहाँ बुलबुल चरा छैन क्या रे?"–कोरनेटले सोध्यो। पोलोजोभ यस्तो बेला त्यहाँ आइपुगेकोमा

ऊ अलि झर्केको थियो, किनभने उसले लीजासंग भेट्ने समय र ठाउँ निश्चित गर्न पाइसकेको थिएन।

"हैन, हामीकहाँ जहिले पनि हुन्थे। पोहोर साल शिकारीहरू आए र एउटालाई समातेर लगे। यस साल पनि गएको हप्ता मैले एउटा बुलबुल चरीले गाएको सुनेकी थिएँ। उसको चिर्बिर ज्यादै मीठो थियो। त्यसै बेला कताबाट हो कुन्नि कन्स्टेबल आइपुग्यो। उसको गाडीमा घुंगुरा लगाइएका थिए र त्यसको टिनटिन सुनेर बुलबुल चरी तर्सेर उडिहाली। परार सालको कुरा हो, मामा र म रूखमुनि बसेर घण्टौंसम्म बुलबुल चराको गाना सुन्दैथियौं . . .।"

"यो कुरौटे के सुनाउँदै छे नि तपाईंहरूलाई?"—मामा चाहिंले पनि त्यहाँ पुगेर भन्यो।—"हिंड्नोस्, केही खानपीन गरिहालौं!"

भोजनको समयमा ग्राफले परिकारहरूको खूब तारीफ गऱ्यो र आफ्नो भोकको पनि राम्रो प्रदर्शन गऱ्यो। आन्ना फ्योदोरोभ्नाको मनोभावना पनि केही ठीक भयो। साँझको खाना खाइसकेपछि दुवै अफिसरहरू बिदाबारी भए र आफ्नो कोठामा फर्के। ग्राफले मामाचाहिंसंग हात मिलायो। त्यसपछि आन्ना फ्योदोरोभ्नासंग पनि हात मिलायो तर उसको हातमा चुम्बन लिएन। यसले गर्दा आन्ना फ्योदोरोभ्ना छक्क परी। यसै गरी ग्राफले लीजासित पनि हात मिलायो र सोझै उसको आँखामा आँखा जुधायो। उसका ओंठमा मृदु मुस्कान झल्किरहेको थियो। उसको कटाक्षले गर्दा लीजा फेरि लज्जित भई।

'जिउडाल त नराम्रो छैन!'—लीजाले मनमनै सोची।—'तर आफूलाई खूब मै हुँ भन्ठान्दो रहेछ!'

"अलि लाज त लाग्नुपर्ने हो है तिमीलाई!"—दुवै अफिसरहरू आफ्नो कोठामा फर्किसकेपछि पोलोजोभले भन्यो।—"जानाजान नै केही पैसा हारौं भन्ने म कोशिश गर्दैथिएँ र टेबुलमुन्तिर गोडाले ठक्कर दिएर तिमीलाई पनि इशारा गर्दैथिएँ। तर तिमी त बेसोमती मान्छे पो रहेछौ। बिचरी बुढियाको चित्त दुखाइयो मात्रै!"

ग्राफ खित्का छोडेर हाँस्यो।

"विचित्रकी रहिछ आइमाई त! हारेपछि कस्तो मुख लगाई उसले, देख्यौ?"

ऊ फेरि पेट मिचिमिची हाँस्न लाग्यो। ऊ यति रमाउँदै हाँसिरहेको थियो कि उसको सामुन्ने नै उभिएको नोकर जोहान्न समेत आँखा छलेर मुसुक्क मुस्कुरायो।

"परिवारको पुरानो मित्रको छोरो।... हा! हा! हा!"—ग्राफको हाँसोको लहर छुट्दैगयो।

"तर, तिमीले कुनै राम्रो काम गरेनौ। मलाई त बुढियामाथि दया जागेर आएको थियो!"—कोरनेटले भन्यो।

"धिक्कार! तिमी त अझै नाबालक नै रहेछौ! के त मैले जानाजानी हारूँला भन्ठानेको तिमीले? किन हार्ने नि मैले? जतिखेर खेल्न जान्दिनथें, जरूर पनि हार्ने-गर्थे। यी दस रूबल 'काम लाग्नेछन्, भाइ! मान्छेले त जीवनमा व्यवहारपटु हुनुपर्छ! नत्र भने जहिले पनि मूर्खको मूर्ख नै रहनेछौ!"

पोलोजोभ चूप लागिहाल्यो। फेरि ऊ एकलै लीजाको

बारेमा मनमनै सोच्न पनि चाहन्थ्यो। लीजा ज्यादै पवित्र र सुन्दर छे भन्ने उसलाई लागिरहेको थियो। लुगा फुकालेर ऊ आफ्नो लागि तयार पारिएको कोमल र सफा पलङ्मा पल्टिहाल्यो।

'सैनिक जीवन सम्मानित र गौरवपूर्ण हुन्छ—यो सब झुठो हो!'—झ्यालतर्फ नजर दिंदै उसले सोच्यो। झ्यालमा टाँगिएको पातलो रेशमी पछ्यौरापछिल्तिरबाट जूनको फिका किरण कोठामा छिरेको देखिन्थ्यो।—'कुनै एकान्त स्थलमा, कुनै साधारण, समझदार र सुन्दर पत्नीसंग जीवन बिताउनु—यो पो त सच्चा सुख हो! यसैमा नै सच्चा र स्थायी सुख रहन्छ!'

परन्तु पोलोजोभले आफ्नो साथीलाई आफ्नो मनको विचार बताएन। उसले त्यस ग्रामीण युवतीको पनि कुनै चर्चा गरेन, यद्यपि ग्राफ पनि उसैको बारेमा सोच्दैहोला भन्ने उसलाई पक्का विश्वास थियो।

"किन लुगा नफेरेको हुँ तिमीले?"—उसले ग्राफलाई सोध्यो। ग्राफ कोठामा टहल्दैथियो।

"कुन्नि किन हो, मलाई त अझै पनि सुत्ने मन लागेको छैन! चाहन्छौ भने बत्ती निभाइदिन पनि सक्छौ। मलाई त्यसको जरूरत छैन!"

फेरि ऊ कोठामा एक कुनाबाट अर्को कुनासम्म ओहोर-दोहोर गर्दैरह्यो।

"कुन्नी किन हो, सुत्ने मन छैन!"—पोलोजोभले दोहोऱ्यायो। उसमाथि ग्राफको ठूलो प्रभाव थियो, तर आज साँझको घटनापछि ऊ मनमनै चिढिएको थियो। पहिले उसलाई कहिल्यै पनि यस्तो लाग्नेगरेको थिएन।

ऊ डटेर ग्राफको विरोध गर्न जुर्मुराउँदैथियो। मनमनै तुर्बीनलाई सम्बोधन गर्दै ऊ भनिरहेको थियो: 'थाहा छ मलाई, तेरो यस तलासिएको खप्परभित्र अहिले कस्तो विचार चक्कराउँदैछ! तँलाई यो केटी सार्है मन परेको पनि मैले देखिसकेको छु। तर यो जस्ती सूधी र निष्कपट केटीको मनको कुरा बुझ्ने क्षमता त तँमा एक फुट्टी पनि छैन। तँलाई त मिना जस्ती आइमाई र कर्णेलको जस्तो नानाबाना भए पुगिहाल्छ। जे होस्, यो केटी तँलाई कस्तो लाग्यो भनेर चाहिं तँसित सोध्नैपर्ला!'

परन्तु ग्राफतर्फ फर्केर हेर्नासाथै उसले आफ्नो मनसाय फेरिहाल्यो। ऊ के सोच्न लाग्यो भने लीजाको बारेमा ग्राफको विचार पनि उसले सोचेको जस्तै निस्क्यो भने त्यसको विरोध गरिटोपल्ने आँट नै उसलाई हुनेछैन, बरू उसको हाँमा हाँ मिलाउन पुग्नेछ। कारण, ग्राफको रोबरवाफलाई शिरोपर गर्ने त उसको बानी नै भैसकेको छ। उसको लागि ग्राफको यस्तो रोबरवाफ दिनानुदिन झन् झन् असह्य र अन्यायपूर्ण हुँदैजाँदो छ।

"कता हो?"—ग्राफलाई पगरी लगाएर दैलोतिर जान लागेको देखेर उसले सोध्यो।

"तबेलासम्म पुगिहालूँ! हेरूँ, त्यहाँ सबै कुरा ठीक छ कि छैन!"

'अचम्म!'—कोरनेटले सोच्यो। किन्तु उसले बत्ती निभाइदियो र कोल्टे फेर्‍यो। आफ्नो पहिलेको मित्रप्रति उसको मनमा जुन किसिमको ईर्ष्या र द्वेषको भाव उत्पन्न हुन गएको थियो त्यसलाई झिकेर फ्याँक्ने कोशिशमा लाग्यो ऊ।

त्यतिञ्जेलसम्म आन्ना फ्योदोरोभ्ना पनि सधैं जस्तो आफ्नो दाजु, छोरी र घरमा पालिएकी सानी केटीको जिउमा क्रसको चिन्ह बनाउँदै उनीहरूलाई चुमेर आफ्नो कोठामा दाखिल भैसकेकी थिई। लामो समयको अन्तरपछि आज पहिलोपल्ट एकै दिनमा उसले यतिकसा भिन्दाभिन्दै र गहन भावनाहरूको अनुभव गरेकी थिई। केही भावनाहरू स्वर्गीय ग्राफको विषादमयी र सजीव स्मृतिहरूसित सम्बन्धित थिए भने केही चाहिं यस तन्नेरी गुण्डाको कारणले गर्दा उत्पन्न भएका थिए जसले यतिबिघ्न निर्दयतापूर्वक उसबाट पैंसा थुतेको थियो। उसको मन ज्यादै विचलित भैसकेको थियो र ऊ निश्चिन्त भएर प्रार्थना समेत गर्न सकिरहेकी थिइन। जे भए तापनि उसले सधैंको जस्तो गरी लुगा फेरी, पलङ्को छेउमा रहेको टेबुलमा उसैको निम्ति राखिएको आधा गिलास क्वास पिई र बिछ्यौनामा पल्टिहाली। उसलाई निकै मन पर्ने बिरालो सुट्ट कोठाभित्र पस्यो। आन्ना फ्योदोरोभ्नाले बिरालोलाई आफ्नो नजीक बोलाई र उसको आङ मुसार्दै उसको ङ्यार्र-ङ्यार्र आवाज सुन्न लागी। ऊ निदाउन सकिरहेकी थिइन।

"यस बिरालोले गर्दा नै म निदाउन सकिरहेकी छैन!" – आन्ना फ्योदोरोभ्नाले ठानी र बिरालोलाई धकेलेर पलङ्बाट तल खसालिदिई। बिरालो पनि बिस्तारै आफ्नो झ्यापुल्ले र मुलायम पुच्छर बङ्ग्याउँदै बुर्लुक्क उफ्रेर टाँडमा पुग्यो। त्यतिखेर नै नौकर्नी आफ्नो दरी लिएर भित्र पसी र भुइँमा दरी बिछ्याई। अनि उसले मैनबत्ती निभाएर दियो बाली। त्यसपछि भुइँमा ओछ्याइएको दरीमा पल्टेर

घुर्न थालिहाली। परन्तु आन्ना फ्योदोरोभ्नालाई भने नींद लागि नै रहेको थिएन, न त उसको व्याकुल मन नै शान्त थियो। आँखा चिम्म गर्नेबित्तिकै हुस्सारको झझल्को आइहाल्थ्यो। अनि जब ऊ आँखा खोल्थी त कोठाको दराज, टेबुल, भित्तामा झुण्डिइरहेको सेतो जम्फर जसमा दियालोको मधुर प्रकाश परिरहेको थियो ती सब कुराहरू थरी थरीका रूप लिएर उभिइरहेका जस्ता लाग्नेगर्थे। कुनै बेला पातलो दोलाईभित्र उकुसमुकुस भएर सास नै रोकिन लागेको जस्तो हुन्थ्यो भने कुनै बेला चाहिं टेबुल-घडीको टिकटिक र नौकर्नीको घुरघुर असह्य हुन जान्थ्यो। उसले नौकर्नीलाई ब्युंझाइदिई र 'घुर्न बन्द गर्' भनेर अह्राई। उसको मगजमा छोरी, स्वर्गीय ग्राफ र युवा ग्राफका अनुहार र तासको खेलको सम्झना तँछाड्-मछाड् गर्दै चक्कराइरहेका थिए। कुनै बेला उसलाई स्वर्गीय ग्राफसंग नाचिरहेको झझल्को हुन्थ्यो—ऊ आफ्ना गोरा र चिल्ला कुम देख्थी र त्यसमा कसैको ओंठको स्पर्श पनि अनुभव गर्थी। अनि कुनै बेला चाहिं ऊ आफ्नी छोरीलाई युवा ग्राफको बाहुपाशमा परिरहेकी देख्नेगर्थी। उस्त्युश्का फेरि पनि घुर्न लागिसकेकी थिई।....

'अहँ! अहिले जमाना अर्कै छ! मान्छेहरू पनि बदलिइसकेका छन्। उनी मेरो खातिर आगो र पानीमा हाम्फाल्न समेत तैयार थिए। किन हाम्फाल्न नतम्सिनु र? तर यो चाहिं आफ्नो जीतमा मख्ख परेर अहिले गधा झैं मस्तसंग निदाइरहेको होला। प्रेमालापको बेला हो यो भन्ने त यसले विचारसम्म पनि गरेको छैन होला। मेरो अघिल्तिर घुँडा टेकेर उनी भन्नेगर्थे: "तिमी के चाहन्छचौ? लौ, बताऊ,

मैंले के गर्नुपऱ्यो ? के अहिलेको अहिल्यै ज्यान फालिदिऊँ त ? म हाँसिहाँसी तिम्रो लागि ज्यान दिन तैयार छु !" मैंले लौ त भनेको भए उनी गरेर पनि देखाइदिने थिए ।'

एकाएक बरण्डामा कोही हिंडेको आवाज सुनियो। त्यत्तिकैमा लीजा दगुरेर कोठाभित्र पसी। उसको अनुहार धुस्रोफुस्रो देखिन्थ्यो र शिरदेखि पैतालासम्म ऊ थरथर कामिरहेकी थिई। उसले एउटा पछ्यौरा मात्र ओढिराखेकी थिई। कोठामा पस्नासाथ ऊ आमाको पलङ्मा बुङ्ग लडिहाली।...

आमासंग बिदा भएर लीजा एक्लै मामाको कोठामा गएकी थिई। त्यहाँ उसले सेतो जामा लगाई र लामो केश रूमालले बाँधी। अनि बत्ती निभाई र झ्याल खोलेर मेचमा बसी। तलाउमाथि जून टहटह चम्किरहेकी थियो। त्यतैतिर नजर दिएर ऊ विचारमग्न भई।

सहसा आफ्ना सबै कामकाज र अभिरूचिहरूलाई ऊ नयाँ रूपमा देख्न थाली—सन्के स्वभावकी बूढी आमा जसलाई ऊ माया गर्थी र त्यो गहिरो माया उसको अस्तित्वको अङ्ग बनिसकेको थियो, बूढा तर मिजासिला मामा, नौकर-चाकर र धाइसुसारे जो आफ्नी सानी माहिक्नीको सेबाटहल गर्थे। घरमा दुहुना गाईवस्तु र बाछाबाछीहरू पनि थिए। चारैतिर प्रकृतिको मनमोहक दृश्य थियो र उसले देख्दादेख्दै कति वसन्त र कति शरद् बितिसकेका थिए। यिनैको माझमा ऊ हुर्केबढेकी थिई र सबै नै उसलाई प्रेम पनि गर्थे। यी सबैले उसलाई शारीरिक र मानसिक आनन्द प्रदान गर्नेगरेका थिए। परन्तु आज यी सबका सब एकाएक निरर्थक, निरस र अवाञ्छनीय प्रतीत हुन गएका

थिए, मानौं उसको कानमा कसैले खासखुस गर्दै भनिरहेको होस्: 'बहुलाही कहींकी! बीस वर्षदेखि अरूको सेवासुश्रुषामा हाड घोटिरहेकी छेस्! सब यो केको लागि? जीवन के हो? सुख केलाई भन्छन्? थाहा त छ केनलाई?' जुनेली रातको निस्तब्ध बगैंचाभित्र निकै पर-परसम्म चियाउँदै लीजा विचार गर्दैथिई। पहिले कहिल्यै पनि उसको मनमा यस्तो प्रबल विचार उठ्नेगरेको थिएन। कुन कुराले उसलाई यसरी उत्प्रेरित गरेको थियो? के ऊ एक्कासि ग्राफलाई प्रेम गर्न लागिसकेकी थिई त? अहँ, बिल्कुलै होइन। उसलाई त उसको छाँटकाँट समेत मन परेको थिएन। बरू ऊ त कोरनेटप्रति पो आकर्षित हुन नथ्थी, तर ऊ पनि बुद्धू, सीधासाधा र गुपचूप खालको मान्छे थियो। तर ऊ अनायासै उसलाई बिर्सेर त्यही ग्राफलाई सम्झन पुग्थी र उसको मनमा रीस र क्षोभ उर्लेर आउँनेगर्थ्यो। 'अहँ, त्यो मान्छे त यो हुँदै होइन!'–ऊ मनमनै भन्थी। उसको कल्पनाको आदर्श पुरूष त एकदमै अर्कै खालको थियो–परम सुन्दर! यस्तो आदर्श पुरूष उसलाई यस रमाइलो रातको समयमा प्रकृतिको काखमा प्रेम गर्दा प्रकृतिको सौन्दर्य कत्ति पनि कलुषित हुनेछैन! लीजाको मनमा आफ्नो आदर्श प्रेमीको धारणा यथावत् नै कायम रह्यो। आफ्नो आदर्शलाई स्थूल यथार्थको अनुकूल तुल्याउन लीजाले कत्ति पनि ताछतूछ पारेकी थिइन।

लीजाको जीवन एकान्तमा बित्नेगर्थ्यो र आसपास कतै पनि उसको रूचिको कुनै व्यक्ति थिएन। त्यसैले उसको मनमा प्रेमको सारा शक्ति अविचल र अक्षय रहेको थियो जुन विधाताले हरेक प्राणीलाई समान रूपमा प्रदान गरेको

हुन्छ। यस्तो स्थितिमा रहँदाबस्दा कहिलेकाहिं जब मनको भित्री तह्मा प्रेमभाव जागृत भएर आउँथ्यो त्यतिखेर सुखको साथसाथै दुःखको पनि अनुभव हुन्थ्यो उसलाई। तर अब यसको त उसलाई बानी नै परिसकेको थियो र कुनै नवागन्तुकलाई आफ्नो अन्तरिक प्रेमको सर्वस्व लुट्न दिनु नै उसको लागि असम्भव भैसकेको थियो। कहिले-काहिं आन्तरिक निधिको निरीक्षण गरेर सुखानुभूति प्राप्त गर्ने उद्देश्यले आफ्नो हृदयको पूर्ण कलश उघारेर हेर्न र त्यसको सर्वस्व नै अनायासै कसैउपर खत्याइदिन उसलाई मन लाग्थ्यो। भगवान्ले गरोस् कि उसले आफ्नो मृत्युको घडीसम्म नै यस नगण्य सुखको अनुभव गर्न पाइरहोस्! त्यो नै बढी राम्रो र बढी शक्तिशाली छ कि? कसलाई थाहा र? के त्यही एउटै मात्र नै सत्य र सम्भावित त छैन?

'हे भगवान्!'—ऊ सोच्न लागी।—'के म यौवन र सुखबाट वंचित नै रहुँला त? के यो सम्भव छ? के मैले त्यसको कहिल्यै पनि अनुभव गर्न नपाउने भएँ त? के यो सत्य हो र?' उसले आँखा उचालेर माथि आकाशतर्फ ताकी। त्यहाँ झकमक्क आकशमा सेता बादलका टुक्राहरू ताराहरूलाई ढाक्दै चन्द्रमातर्फ उडिरहेका देखिन्थे। 'त्यो सबभन्दा अगिल्तिरको बादलको टुक्राले चन्द्रमालाई ढाकि-दियो भने यो कुरा साँचो ठहरिएला!'—उसले मनमनै विचार गरी। बादलको धुवाँसे धरोले चन्द्रमाको तल्लो हिस्सा ढाक्न थाल्यो र बिस्तार-बिस्तार घाँसका पात, लाइमका रूखहरूका टुप्पा र तलाउमा जूनको चहक मधुरो हुँदैगयो र रूखको अँध्यारो छाया अझ बढी अस्पष्ट भयो।

प्रकृतिलाई ढाक्ने यस्तो नियास्रोलाग्दो छायादार पर्दाको पछिपछि लाग्दै मन्द मन्द बतास पनि सररर चल्न लाग्यो र पातहरू फरफर गर्न थाले। शीतले भिजेका घाँसपात, आर्द्र माटो र लटरम्म फुलेको हसिनाको मगमग बास्ना झ्यालबाट भित्र पस्यो।

'अहँ! यो साँचो होइन!'–उसले आफ्नो मनलाई सान्त्वना दिई।–'आज राति कुनै बुलबुल चरीको गाना सुन्न पाइयो भने म जे जस्तो सोच्दैछु त्यो सब बकबास हो र निराश हुनुपर्ने कुनै कारण छैन भन्ने मलाई पक्का भैहाल्नेछ!' यस्तो तर्कवितर्क गर्दै निकै बेरसम्म कसैको प्रतीक्षामा रहे जस्तै ऊ चूपचाप बसिरही। कुनै बेला बादल फाटेर झकमक्क जून देखिन्थ्यो र जताततै उज्यालो भएर आउँथ्यो त कुनै बेला चाहिं फेरि बादलले चन्द्रमालाई ढाकिदिन्थ्यो र जताततै अँध्यारो छाउँथ्यो। त्यहाँ बसेको बस्यै उसका आँखा लोलाउन लागिहाले। एकाएक तलाउ-निरबाट बुलबुल चरीको चिर्बिर सुनियो। त्यो आवाज ज्यादै सुरिलो थियो। ग्राम्य युवतीका आँखा खुलिहाले। चारैतिर सुनसान थियो र प्रकृतिको छटा झलमल्ल खुलेको थियो। नीनाको अन्तरात्मा नयाँ उल्लास र उमङ्गले भरिपूर्ण भयो। ऊ कुहिनाले टेकेर अधिल्तिर झुकी। एउटा सुखद उदासीनताको भावना उसको हृदयभित्र उर्लन थाल्यो। उसको आत्मा प्रेमको तृप्तिको लागि छटपटाइरहेको थियो। कुनै असीम र स्निग्ध प्रेमको आँसु उसका आँखामा छचल्किन लाग्यो। त्यो मीठो सान्त्वनाको आँसु थियो। झ्यालको संघारमा हात राखेर उसले आफ्नो टाउको त्यसमाथि बिसाइ-दिई। अनायासै उसलाई सबभन्दा बढ्ता मन पर्ने प्रार्थ-

नाका चरणहरू भित्री हृदयबाट उर्लेर आउन थाले। त्यसरी बस्दाबस्दै उसलाई निद्रा लागिहाल्यो। उसका आँखाहरू आँसुले भिजेका थिए।

कसैले उसलाई स्पर्श गर्‍यो। उसको निद्रा टुटिहाल्यो। स्पर्श सुकोमल र प्रिय थियो। उसको हात बेसरी मिचिंदै-गयो। एकाएक उसले वास्तविकता बुझिहाली। उसको मुखबाट एक मसीनो चित्कार निस्कियो र ऊ जुर्मुराएर उठी। झ्यालमुन्तिर उभिइरहेको त्यो मान्छे, जसको पूरै शरीरमा जूनको उज्यालो परिरहेको थियो, ग्राफ हुनैसक्तैन भन्ने कुरामा आफूलाई विश्वस्त पार्दै ऊ कोठाबाट बाहिर-तिर दगुरी।...

१५

वास्तवमा त्यो ग्राफ नै थियो। युवतीको चित्कार सुनेर पाले पनि खोक्दै कठबारनेर आइपुग्यो। यो देखेर ग्राफ तुरुन्तै त्यहाँबाट भाग्यो र शीतले भिजेको घाँसमा टेक्दै सरासर बगैंचाभित्र पस्यो। चोरी गर्दागर्दै पक्राउमा परेको जस्तो अनुभव भइरहेको थियो उसलाई। 'कस्तो मूर्ख रहेछु म पनि!'—उसले मनमनै विचार गर्‍यो।—'मैले त बित्थामा उसलाई तर्साइ पो दिएछु! मैले ज्यादै सतर्क हुनुपर्ने थियो। आवाज दिएर उसलाई ब्यूँझाउनुपर्ने थियो। अरे, म कस्तो गधा रहेछु!' ऊ एक ठाउँमा अडियो र कान ठाडो ठाडो पारेर आवाज सुन्न थाल्यो। पाले ढोका खोलेर बगैंचामा पसिसकेको थियो र बलौटे गोरेटोमा घोचा लतार्दै हिंडिरहेको थियो। ग्राफले लुक्नु जरूरी थियो।

ऊ तलाउतर्फ झऱ्यो। भ्यागुताहरू उतर्सिएर उसका गोडा-मुन्तिरबाट तलाउतर्फ उफ्रन लागेका थिए। ऊ झस्किरहेको थियो। उसका गोडा पनि निथ्रुक्कै भिजिसकेका थिए। त्यै भए पनि ऊ त्यहींनेर भुईंमा टुक्रुक्क बस्यो र मनमनै सारा घटनाहरूको सम्झना गर्न लाग्यो : 'म कठबार नाघेर भित्र पसेको थिएँ, अनि लीजाको झ्याल पत्ता लगाएँ र आखिर मैले उसको सेतो आकृति पनि देखिहालें। म चाल मारेर त्यसको नजीक पुगें। अलिकति पनि आवाज सुनिनेबित्तिकै म फर्किहाल्थें। यसरी धेरैपल्ट ओहोर-दोहोर गरियो। झ्यालनेर पुग्थें र फेरि फर्कन्थें। लीजा मेरै प्रतीक्षा गर्दैछे भन्ने कहिले मलाई पक्का विश्वास हुन्थ्यो त कहिले चाहिं उसलाई निकै बेरसम्म कुराइराखेकोले ऊ मसित रीसले चूरचूर भैसकेकी होली भन्ने पनि लाग्थ्यो। परन्तु फेरि नै यो असम्भव लाग्न थाल्थ्यो र मेरो विचार बदलिन्थ्यो। त्यो जस्ती ठिटी यति चाँडै प्रेममिलनको लागि तैयार भैहाल्ली भन्ने पत्यार हुँदैनथ्यो। यो गाउँले केटी लज्जाइरहेकी छे र निदाएको बहाना गर्दैछे भन्ने आखिर मैले ठानें र उसको छेउमा पुगें। तर ऊ वास्तवमा नै मस्तसंग निदाइरहेकी थिई। किन हो कुन्नि, म त्यहाँ-बाट तुरून्तै फर्किहालें, तर आफ्नो काँतरपनामा आफैलाई लाज लाग्न थाल्यो। म तुरून्तै झ्यालनेर फर्कें र च्याप्प उसको हात अँठ्याउन पुगें।' पालेले फेरि एकपल्ट खोक्यो र ढोका थुनेर बगैंचाबाट बाहिर निस्कियो। लीजाको कोठाको झ्याल पनि ढ्याम्म थुनियो र भित्रबाट त्यसमा चुकुल पनि हालियो। ग्राफ मनमनै असाध्यै कुढियो। यस्तो मौका फेरि पाइयो भने त यस किसिमको मूर्खता कदापि

पनि गरिनेथिएन भन्ने उसले सोच्यो।... 'कति ह्सिी परेकी छे! भर्खरकी तरूनी! षोडषी हो षोडषी! हातमा परिसकेको मौका पनि गुमाएँ! कस्तो गधा रहेछु म?'– ऊ सोच्दैथियो। उसको निद्रा पनि हराइसकेको थियो। रीसले चूर भएर टक टक पाइला सार्दै ऊ लाइमका रूखहरू रोपिएको उद्यानपथमा लम्किरहेको थियो।

परन्तु त्यस शान्त र निस्तब्ध रातबाट ऊ जस्तो मान्छेले पनि शान्तिको उपहार पायो। उसको हृदय सान्त्वनापूर्ण उदासीनता र प्रेमको लालसाले भरिपूर्ण थियो। कच्ची बाटोमा ठाउँठाउँमा घाँस र सुकेका डाँठहरू देखिन्थे। बाटो टाटेपाङ्रे देखिन्थ्यो। लाइमका रूखहरूका घना पातहरू छिचोलेर जूनको धमिलो प्रकाश त्यहाँ परिरहेको थियो। कुनै बाङ्गोटिङ्गो हाँगामा एकातिर छड्के टक परेर सेतो झ्याउले ढाकिएको जस्तो प्रतीत हुन्थ्यो। ज्योत्स्नामा लुटपुटिएका पातहरू कहिलेकाहिं एक अर्कासंग खासखुस गर्न थाल्थे। घरका सबै बत्ती निभिसकेका थिए। जताततै मौनता छाएको थियो। त्यस असीमित, निस्तब्ध र झकमक्क वातावरणमा फगत् बुलबुल चराको स्वरमाधुरी मात्रै गुञ्जिरहेको सुनिन्थ्यो। 'अहा! कस्तो मनोरम रात! कस्तो चकमन्न रात!'–बगैंचाको मगमग वास्नादार ताजा हावामा सास फेर्दै ग्राफ विचार गर्दैथियो।–'तर केही नपुगेको जस्तो लाग्छ! मानौं म आफूसित, अरूसित र जीवनसित नै असन्तुष्ट होऊँ! ठिटी त सार्पै मायालु र सूधी छे। सके साँच्ची नै रिसाएकी होली!..' यहाँनेर पुग्दा उसको कल्पनाले पखेटा हालिहाल्यो। यस ग्रामीण युवतीको साथमा आफूलाई ऊ बगैंचामा विचित्र-विचित्रका

विभिन्न स्थितिहरूमा देख्न लाग्यो। पछि त्यस युवतीको ध्यान मिनाले लिई। 'म पनि कस्तो मूर्ख त! सोझै उमको बारूले कमर अँगालेर ओंठमै म्वाइँ खानुपर्थ्यो मैले!'—यसरी पछुताउँदै ग्राफ आफ्नो कोठामा फर्क्यो।

कोरनेट अझै सुतेको थिएन। उसले तुरून्तै कोल्टे फेऱ्यो र ग्राफतर्फ मुख पाऱ्यो।

"के तिमी अझै सुतेका छैनौ?"—ग्राफले सोध्यो।

"छैन।"

"के भयो, बताऊँ तिमीलाई?"

"बताऊ!"

"हैन, मैले नबताउनु नै ठीक होला।... तर बताइदिन्छु! अलि पल्तिर सर न!"

ग्राफ कोरनेटको खाटमा बस्यो। उसका ओंठमा मुस्कानको रेखा देखिन्थ्यो। आफ्नो हातबाट गुमेको मौकाको बारेमा समेत अब उसलाई कत्ति पनि दुःख लागिरहेको थिएन।

"तिमीलाई पत्यार नलाग्ला, तर मैयाँ त मसंग rendez-vous* को लागि राजी भैसकेकी थिई।"

"के गफ हाँक्छौ हँ?"—पोलोजोभले कराएर भन्यो र पलङबाट जुरूक्क उठ्यो।

"लौ, सुन!"

"कसरी? कहिले? हुनै सक्तैन!"

"जतिखेर तिमीहरू हार-जीतको हिसाब लगाउँदैथियौं त्यसै बखत उसले मलाई राति झ्यालमा बसेर मेरो प्रतीक्षा

---

* प्रियमिलन (फ्रेन्च)।—अनु०

गर्ने संकेत दिएकी थिई। झ्याल चढेर भित्र पस्न सकिने कुरा पनि उसले बताएकी थिई। व्यवहारकुशलताले मान्छे-लाई यस्तै लाभ हुन्छ। यता तिमी बुढियासंग बसेर हिसाब जोड्दैथियौ, उता म चाहिं त्यो कामकुरो मिलाउँदैथिएँ। तिमीले आफैंले पनि त सुनेका थियौ नि उसले भनेको कुरा! आज राति झ्यालनेर बसेर तलाउतिर हेरिरहनेछु भनेर उसले भनेकी थिइन र?"

"हो, यो त उसले भनेकी थिई!"

"गाँठी कुरो यही त हो! मलाई थाहा छैन, उसले जानीबुझी यो कुरा भनेकी थिई वा अनजानमा नै भनेकी थिई! सके उसले एकैपल्टमा यो नचाहेको होस्, तर उसको आशय त यस्तै हुन आउँछ। सारा कुराको अन्त्य चाहिं अनौठो हुन गयो। मबाट बडो मूर्खता हुन गयो!"—उसले थप्यो। उसका ओंठमा पश्चात्तापको भाव झल्कने खालको मुस्कान देखियो।

"अनि के भयो? यतिका बेरसम्म तिमी कहाँ थियौ नि?"

ग्राफले सारा घटना जस्ताको तस्तै बतायो। खालि झ्यालसम्म पुग्नुभन्दा पहिले आफ्नो दुविधा र अनेकपल्टको ओहोर-दोहोरको चाहिं उल्लेख गरेन उसले।

"मैले आफैंले सबै काम बिगारें। मैले अलि आँटिलो हुनुपर्थ्यो। ऊ जोडले कराई र झ्यालबाट उठेर भागिहाली।"

"कराएर भागिहाली!"—कोरनेटले दोहोऱ्याएर भन्यो। ग्राफ मुसुमुसु हाँसिरहेको देखेर ऊ पनि अप्ठ्यारो मान्दै मुस्कुरायो। ग्राफको मुस्कानबाट ऊ ज्यादै गहिरोसित प्रभावित भैहाल्थ्यो।

"हो! लौ, अब सुत्नु पनि पर्ला!"

कोरनेटले फेरि कोल्टे फेऱ्यो। ढोकातिर पीठ फर्काएर ऊ दस मिनेट जति चूपचाप पल्टिरह्यो। उसको अन्तरा-त्मामा त्यतिखेर कस्तो आँधीबेरी चलिरहेको हुँदो हो त्यो त दैव नै जानोस्! तर जब उसले अर्कोपल्ट कोल्टे फेऱ्यो त्यतिखेर उसको मुखमा गहिरो वेदना र दृढ सङ्कल्पको छाप देखिन्थ्यो।

"ग्राफ तुर्बीन!"—उसले कड्केर बोलायो।

"के भो? होशमा छौ कि छैनौ?"—ग्राफले शान्त स्वरमा सोध्यो।—"किन हँ, कोरनेट पोलोजोभ?"

"ग्राफ तुर्बीन! तिमी अधम मान्छे रहेछौ!"—पोलोजोभ-ले कराएर भन्यो र पलङबाट जुरुक्क उठ्यो।

१६

भोलिपल्ट अश्वारोही दल त्यहाँबाट रमाना भयो। अफिसरहरू आफ्ना आतिथेयहरूसित बिदाबारी नै नभएर उठेर हिंडे। आपसमा पनि उनीहरू एक दोस्रासंग कुराकानी गरिरहेका थिएनन्। पहिलो बासमा नै आपसमा द्वन्द्वयुद्ध लड्ने उनीहरूले निश्चय गरिसकेका थिए। ग्राफले कप्तान शुल्जलाई आफ्नो सेकुन्दान्त* रोजेको थियो। त्यो कप्तान नामुद घोडचढी मानिन्थ्यो र पल्टनका सबै हुस्सारहरूको प्रियपात्र थियो। उसले बडो चतुरतापूर्वक सब कुराको प्रबन्ध गऱ्यो र द्वन्द्वयुद्धको कुरा त्यसै टरेर गयो। यति

* सेकुन्दान्त—सन्देशवाहक वारेस।—अनु०

मात्र होइन, सारा पल्टनमा कसैलाई पनि यस कुराको सुइँकोसम्म पनि हुन सकेन। हुन त तुर्बीन र पोलोजोभ अब पहिलेका जस्ता खूब मिल्ने साथी त रहन गएका थिएनन्, तर एक अर्कालाई पहिले झैं 'तिमी' भनेर नै सम्बोधन गर्नेगर्थे र भोजभतेर तथा तासका खेलहरूमा कहिलेकाहिं उनीहरूको भेटघाट पनि हुन्थ्यो।

सन् १८५६

पारिवारिक सुख

खण्ड एक

१

शरद् ऋतुमा आमाको देहान्त भयो। हामीले आमाको बर्खी बार्नु परेको थियो। हिउँदभरि हामी गाउँमै बस्यौं। साथमा कात्या र सोन्या मात्रै थिए।

कात्या हाम्रो घरकी एक चिरपरिचित मित्र थिई अर्थात् ऊ हाम्री बुबुधाई थिई जसले हामी सबैको लालनपालन गरेर हामीलाई हुर्काएकी थिई। मलाई सम्झना भएसम्म त मैले उसलाई बुझ्न र माया गर्न थालिसकेको थिएँ। सोन्या चाहिं मेरी सानी बहिनी थिई।

हामीले पोक्रोभ्स्कोएको आफ्नो मूल घरमा उराठलाग्दो र नियास्रो हिउँद बिताएका थियौं। मौसम चिसो थियो र स्याँठ चलिरहेको हुन्थ्यो। हिउँको रास झ्यालभन्दा पनि माथिसम्म चुलिइसकेको देखिन्थ्यो। झ्यालका ऐनाहरू सदैव नै कठ्याङ्ग्रिएका र धमिला देखिन्थे। हामी त्यो हिउँदभरि न कतै तिर पैदल गयौं, न त सवारीमा नै गयौं। हामीकहाँ आउनेहरू पनि कमै थिए। कथंकदाचित् कोही आइ नै हाल्यो भने पनि हाम्रो घरमा रमाइलो र खुशियाली थपिंदैनथ्यो। सबैको चेहरा उदास देखिन्थ्यो र सबै नै सुस्त सुस्त बोल्थे, मानौं कसैलाई निद्राबाट

झल्याँस्स ब्यूँझाइदिने डर मानिरहेका होउन्! हाँस्ने नाम कसैले पनि लिंदैनथ्यो, बरू मलाई र खास गरी कालो लुगा लगाएकी सानी सोन्यालाई देखेर सबै लामो सुस्केरा हाल्थे र अक्सर रून्थे पनि। फेरि घरमा अझै पनि मृत्युको छायाँ बिलाइसकेको थिएन। वातावरणभरि नै मृत्युको सन्ताप र भय व्याप्त थियो। आमाको कोठा रित्तो र चिसो थियो। ताल्चा मारिएको त्यस कोठाको बगलबाटै सुत्न भनेर जान लाग्दा किन हो कुन्नि म निकै उकुसमुकुस अनुभव गर्थें।

त्यतिखेर मेरो उमेर सत्र वर्षको थियो। आफ्नो स्वर्ग-वासकै वर्ष आमाले मलाई लिएर शहरतिर जाने अठोट गरेकी थिइन्। आमाको निधनले मलाई असह्य पीडा हुन गएको थियो। तर म के स्वीकार गर्छु भने यस्तो दुःखले गर्दा नै सबैले मलाई भन्ने गरे झैं म तरूनी छु र असाध्य नै राम्री पनि छु, तर दोस्रो हिउँद पनि बिनसित्तै गाउँको एकान्त वातावरणमा बिताइरहेकी छु भन्ने भावना मेरो मनमा उब्जने गर्थ्यो। हिउँद बित्न आँट्दा नआँट्दै एकलो-पनाको खिन्नता र निरीह उदासीनताको यो भावना कति हदसम्म तीव्र भइसकेको थियो भने म कोठाबाट न बाहिर नै निस्कने गर्थें, न पेनोबाजा नै खोलेर बजाउनेगर्थें, न त कुनै किताब नै हातमा लिएर पढ्नेगर्थें। कुनै न कुनै कुरामा समय अल्झाउन भनेर कात्याले मसित कर गर्दा म यत्ति भनेर फुत्कन खोज्थें: मन नै लाग्दैन, पटक्कै सक्तिनँ! अनि मनमनै विचार गर्थें: यो सब किन र? मेरो अमूल्य समय व्यर्थै खेर गइ नै रहेको छ भने केही न केही गर्नुको प्रयोजन नै के रह्यो र? केको लागि?

किन? आँसु चुहाउनुबाहेक अरू कुनै जवाफ मसित हुँदैनथ्यो।

म दुब्लाएर सिठ्ठी भैसकेकी छु र मेरो रूप-लावण्य पनि चौपट भैसकेको छ भनेर मानिसहरू भन्ने गर्थे। तर यसको मलाई किंचित् पनि पर्वाह थिएन। किन? कसको लागि? यस अनकन्टारको ठाउँमा र असहनीय सुर्तामा नै मेरो सारा जिन्दगानी बितेर जानेहोला भन्ने मलाई लाग्थ्यो। यस्तो धन्दासुर्ताबाट मुक्त हुन न मेरो सामर्थ्य थियो, न त इच्छा नै जाग्थ्यो। हिउँदको अन्त्यतिर कात्यालाई मेरो स्वास्थ्यको पीर पर्न थाल्यो र जसो गरेर भए पनि मलाई विदेशतर्फ लिएर जाने उसले अठोट गरी। यस विचारलाई साकार पार्न पैंसाको जरूरत पर्थ्यो तर आयज्यथाबारे हामीलाई थाहा थिएन र हामी आफ्नो नयाँ अभिभावकको आगमनको प्रतीक्षामा रह्यौं जसले आएर हाम्रा मामिलाहरूको एउटा टुंगो लगाइदिनुपर्थ्यो।

मार्च महीनामा ती अभिभावक पनि आइपुगे।

"धन्य परमेश्वर!"—एक दिन कात्याले उद्गार गर्थी। म त्यतिखेर छायाँ जस्तै गरेर व्यर्थै, निरूद्देश्य र बिनाइच्छा नै यत्ताबाट उता र उताबाट यता भौंतारिइरहेकी थिएँ।—"सेर्गेइ मिखाइलिच आइपुग्नुभएछ! हाम्रो बारेमा सोधिपठाउनुभएको रहेछ! दिउँसोको खाना खाने समयमा यहाँ आइपुग्नुहुनेछ! हे, मेरी माशेच्का! तिमी सिंगार-पटार गरिहाल!"—उसले थपी।—"नत्र कस्तो विचार बनाउँलान् उनले तिम्रो बारेमा? तिमीहरू सबैलाई उनी बिछट्टै पो माया गर्थे त!"

सेर्गेइ मिखाइलिच हाम्रा नजिकैका छिमेकी थिए र

हाम्रा स्वर्गीय बुबाज्यूका मित्र पनि थिए। हुन त उनी बुबाभन्दा निकै कम उमेरका थिए। यस बाहेक उनको आगमनले हाम्रा योजनाहरूमा फेरबदल ल्याइदिन्थ्यो र गाउँबाट कतै जाने पनि सम्भावना पाइन्थ्यो। बाल्यकालदेखि नै उनलाई माया गर्ने र कदर गर्ने मेरो बानी नै बसिसकेको थियो। हाम्रा परिचितहरूमध्ये सेर्गेइ मिखाइलिचको सामु आफ्नो पहिरनको कत्ति ख्याल नराखेर जथाभावी देखा पर्नु मेरो निम्ति असहनीय हुनेछ भन्ने कुरा कात्याले पनि राम्रैसित ठम्याएकी थिई र त मलाई सिंगारपटार गर्ने सल्लाह दिएकी थिई। यसको साथसाथै पछिल्लो समयसम्म नै म पनि बानीअनुसार नै सेर्गेइ मिखाइलिचलाई त्यसरी नै माया गर्थें जसरी कात्या र उनकी धर्मपुत्री सोन्या लगायत घरका अरू सबैले उनलाई माया गरेका थिए। मेरै अगिल्तिर आमाले भन्नुभएको एउटा वचनले गर्दा मेरो निमित्त चाहिं उनको विशेष महत्व पनि थियो। मेरो निम्ति यस्तै लोग्नेको चाहना राख्छु भनी आमाले भन्नुभएथ्यो। त्यस बेला मलाई यो कथन अनौठो र अज्ञ खल्लो समेत लागेको थियो। मेरो आराध्यदेव त एकदमै अर्कै खालको पो थियो। ऊ दुब्लो, सिकुटे, मलिन र शोकाकूल हुन सक्थ्यो। तर सेर्गेइ मिखाइलिच भने उमेर ढल्किसकेका अँधबैंसे थिए, अग्ला, हट्टाकट्टा र जहाँसम्म मलाई लाग्छ, सदा हँसमुख मान्छे प्रतीत हुन्थे। तर यति हुँदाहुँदै पनि आमाको त्यस कथनले मेरो कल्पनामा घर जमाइसकेको थियो र त्यसभन्दा छ वर्ष अगावै जुन बेला मेरो उमेर एघार वर्षको थियो त्यतिखेर नै उनले मलाई तिमी भनेर सम्बोधन गर्नेगरेका थिए र मसंग खेल्ने समेत गरेका थिए।

माथ उनी मलाई हिमसुमन मैयाँ भनेर बोलाउने गर्थे। कहिलेकाहिं म आफूसंग नै के भनेर सोध्ने गर्थें भने कथंकदाचित् उनले मसित नै बिहे गर्ने विचार गरे भने मैले के गर्ने हो?

दिउँसोको खानामा कात्याले क्रेम-केक र पालुंगोको अचार पनि थपेकी थिई। ठीक त्यतिखेर नै सेर्गेइ मिखाइलिच पनि आइपुगिहाले। एउटा सानो स्लेजगाडीमा उनी घरनजिकै आइपुगेको मैले झ्यालबाटै देखिसकेकी थिएँ। तर उनी देउडीमा पुग्नेबित्तिकै म हतरपतर बैठक कोठामा पुगें र उनको प्रतीक्षामा हुँदै नभएको जस्तो बहाना गर्ने प्रयासमा जुटें। परन्तु आगन्तुककक्षमा पदचापको ध्वनि, उनको ध्वाँके स्वर र कात्याको हिंडाइको चाल कानमा पर्नेबित्तिकै मैले आफूलाई रोक्न सकिनँ र आफै उनको स्वागत गर्न पुगिहालें। कात्याको हात समातेर उनी जोड जोडले बोलिरहेका थिए र मुस्कुराइरहेका थिए। मलाई देख्नासाथ उनको बोली रोकियो र निकै बेरसम्म मलाई नियालेर उनले हेरे। परन्तु उनी अभिवादनको लागि झुकेका भने थिएनन्। मलाई अप्ठेरो लागेर आयो र मेरो गालामा लाली चढेको समेत मलाई आभास भयो।

"एहे! तपाई पो!"—उनले आफ्नै पाराले दृढता बनाउँदै र सामान्य तरीकाले हात हल्लाएर मतिर लम्किंदै भने।—"यस्तोबिघ्न पनि फेरिनुहुन्छ र! तपाईं त झकिमक्नुभएको पो रहेछ! लौ, हेर, हिमसुमनको चाला! मलाई त पूरै गुलाफ पो बनिसक्नुभएको रहेछ!"

उनले आफ्नो बलिष्ठ हातले मेरो हात समाते र बेसरी थिचेर मिचे। सत्ते! तर पीडाको अनुभव चाहिं गरिनँ।

उनले मेरो हातमा म्वाइँ खानेछन् भन्ने मैले ठानेकी थिएँ र म उनीतर्फ झुक्नै आँटेकी पनि थिएँ। तर उनले फेरि एकपल्ट जोडले मेरो हात मिचे र आफ्ना दृढ र प्रशन्न नजरले सोझै मेरा आँखामा नियालेर हेर्न थाले।

उनलाई मैले नदेखेको छ वर्ष बितिसकेको थियो। उनमा निकै नै परिवर्तन आइसकेको रहेछ। उमेर पनि अलि ढल्किसकेको रहेछ र केही गहुँगोरो समेत भइसकेका रहेछन्। अनि गालेजुंगा पनि प्रशस्तै बढिसकेको रहेछ र त्यो उनको अनुहारमा एकदमै सुहाउँदो खालको थिएन। परन्तु उनको चालढाल भने उस्तै थियो—खुला, निष्कपट र फरासिलो चेहरा, चनाखा र चम्किला तेज आँखा, बालसुलभ मृदुमुस्कान!

पाँच मिनेट पनि बित्न पाउँदा नपाउँदै उनी पाहुना रहन गएका थिएनन्, बरू हामी सबैको लागि, अझ नोकर-चाकरहरूको लागि समेत निकटतम आफन्त बनिसकेका थिए। सबका सब नै उनको आगमनले गर्दा प्रफुल्ल थिए भन्ने त उनीहरूको सेवाभावबाट नै छर्लंग भइहालेको थियो।

उनको बानीबेहोरा ती छिमेकीहरूको जस्तो पटक्कै थिएन जो आमा खस्नुभएपछि आएका थिए र हामीकहाँ बसेर मौन रहनु र रूनु नै औचित्य हो भन्ने ठान्थे। यसको विपरित सेर्गेइ मिखाइलिच हँसमुख र प्रसन्नचित्त देखिन्थे, बाचाल पनि थिए, तर आमाको बारेमा चाहिं उनले आफ्नो मुखबाट एक लवज पनि निकालेनन्। शुरूमा त उनको यस्तो बेवास्ता मलाई ज्यादै अनौठो र अझ उनी जस्ता निकटतम व्यक्तिको तर्फबाट अलि अशिष्ट व्यवहार जस्तो पनि नलागेको होइन। किन्तु पछि मलाई

के बोध भइहाल्यो भने यो उनको बेवास्ताको परिचायक थिएन, बरू सौहार्दताको द्योतक थियो। यसको लागि म धेरै धेरै आभारी पनि रहें।

माँझपख कात्या बैठककोठाको पुरानै ठाउँमा चिया बाँड्ने काममा व्यस्त भइहाली। आमाको जीवनकालमा पनि यस्तै चियापान चल्थ्यो। सोन्या र म कात्याकै बगलमा बसिरहेका थियौं। बूढा ग्रिगोरीले चाहिं बुबाको पालाको तमाखु खाने पाइप पनि कुन्नि कताबाट हो खोजखाज पारेर ल्याइदिइहाले। उनी पनि पहिले पहिले जस्तै कोठामा ओहोर-दोहोर गर्दै पाइप तान्न लागे।

"अहो! यस घरमा कति भयङ्कर परिवर्तन भइसकेछ! सोच्नै पनि नसकिने हुँ।"—टक्क रोकिएर उनले भने।

"हो!"—लामो सुस्केरा हालेर कात्याले सही थापी। अनि सामोभार* ढकनीले छोपेर टुलुटुलु सेर्गेइ मिखाइलिचतर्फ हेर्न लागी। रूनै आँटिसकेकी थिई ऊ!

"बुबाको त तपाईंलाई सम्झना छ होला, हैन त?"—मलाई सम्बोधन गर्दै उनले भने।

"अलिअलि!"—मैले उत्तर दिएँ।

"अहिले उहाँ हुनुहुँदो हो त क्या राम्रो हुने थियो!"—आँखाभन्दा केही माथि मेरो टाउकोतर्फ नजर गाड्दै उनले सुस्त सुस्त भन्न शुरू गरे।—"तपाईंको बुबालाई म असाध्यै मन पराउँथें।"—उनले अझै सानो स्वरमा थपे। उनका आँखा चम्किरहेको जस्तो मलाई लाग्यो।

---

*रूसी टुटीवाल ठूलो चियादानी।—अनु०

"ईश्वरले उनलाई बोलाइहाले!"—कात्याले गुनगुनाउँदै भनी र चियादानीमाथि नैपकिन थपक्क राखेर हातेरूमालले मुख छोपेर सुँक्क सुँक्क गर्न लागिहाली।

"हो, यस घरमा भयङ्कर परिवर्तन भइसकेछ!"—मुख अर्कोतिर फर्काउँदै उनले दोहोऱ्याए।—"सोन्या, ल आफ्ना खेलौनाहरू देखाऊ त बा!"—केही बेरपछि उनले फेरि भने र अर्को कोठामा पसे। उनी बैठककोठाबाट बाहिरिएपछि आँसुले रसाएका आँखाले मैले कात्यातर्फ पुलुक्क हेरें।

"परम हितैषी मित्र हुन् उनी!"—उसले मलाई भनी।

सेर्गेइ मिखाइलिचसित कुनै साइनो नपर्ने भए तापनि यस्ता असल मान्छेको सहानुभूति पाएर वास्तवमा नै मलाई एक प्रकारले न्यानो र हाइसन्चो अनुभव भयो।

ठूलो कोठाबाट सोन्याको सुरिलो स्वर र सेर्गेइ मिखाइलिचको हस्याङफस्याङ र दगुरादगुरको आवाज आइरहेको थियो। मैले उनको निम्ति चिया पनि त्यसै कोठामा नै पठाइदिएँ। उनी पेनोबाजानेर बसेर सोन्याको हातले पर्दा थिच्न लागेको टङ्कारै सुनिन्थ्यो।

"मारिया अलेक्सान्द्रोभ्ना!"—उनको ध्वाँके स्वर घन्कियो।—"एक फेरा यतातिर पनि आउनोस् न! कुनै धून सुनिहालौं!"

उनले एक मित्रले जस्तै सामान्य तवरले मलाई सम्बोधन गरेर यस्तो आग्रह गरेको सुन्दा म निकै रमाएँ। म उत्तिखेरै उठेर उनी भएको ठाउँ पुगिहालें।

"लौ त, यो चाहिं बजाउनोस्!"—उनले बेथोभेनको स्वरलिपिपुस्तिका खोलेर guasi una fantasia

सनेटबाट आदाजिओ* तर्फ देखाउँदै भने।–"हेरिहालौं, यतिको राम्रो बजाउनुहुँदो रहेछ!"–उनले फेरि यत्ति कुरा थपे, अनि चियाको कप बोकेर कोठाको एक कुनातर्फ लागे।

किन हो कुन्नि, म उनको आदेशात्मक आग्रह अस्वीकार नै गर्न सक्तिनँ भने झैं मलाई लाग्यो, न त राम्ररी बजाउन आउँदैन भन्ने नै भूमिका बाँध्न सकें। आज्ञा शिरोपर गरेर म पेनोबाजाको अगिल्तिर मेचमा बसें र आफूले जाने झैं बजाउन पनि थालिहालें। हुन त मलाई उनको आलोचनाको डर नलागेको होइन, किनभने उनी एक संगीतमर्मज्ञ हुन् र संगीत मन पनि पराउँछन् भन्ने मलाई राम्ररी नै थाहा थियो। सनेटको आदाजिओ संस्मरणको त्यस भावनाको अनुरूप नै थियो जुन चियापानको बेलाभएको कुराकानीले उत्पन्न गरिदिएको थियो र मलाई के लाग्छ भने मैंले राम्रै गरी पेनोबाजा बजाएँ पनि। तर उनले मलाई स्केर्चो** भने बजाउन दिएनन्। "भो, पर्दैन। यो तपाईं राम्रो बजाउन सक्नुहुन्न!"–मेरो नजिकै आएर उनले भने।–"छोडिदिनोस्, यसलाई! पहिलो चाहिं नै उति नराम्रो छैन! लाग्छ, तपाईं संगीतको मर्म बुझ्नुहुन्छ!" यस्तो संयमित प्रशंसाले गर्दा मलाई आनन्दित तुल्यायो र लाजले गर्दा मेरो अनुहार अलि रातो समेत भयो। मेरो निम्ति यो ज्यादै नौलो र रमाइलो अनुभव थियो। मेरा बुबाका

* बिलम्बित लय।–अनु०

** द्रुत लय।–अनु०

समकालीन तथा अन्तरङ्ग मित्रले यसरी मसित एक निरीह बालकसित झैं नभएर बरू एक उमेरदार मान्छेसित जस्तरी गम्भीरतापूर्वक कुरा गरेका थिए। सोन्यालाई सुताउन भनेर कात्या चोटाकोठामा गइहाली र बैठककोठामा चाहिं हामी दुई जना मात्र बाँकी रह्यौं।

मेरा बुबाको बारेमा मलाई बताउन शुरू गरे उनले। जुन बेला म किताब पढ्न र खेलौनाहरूसित खेल्नमा नै बढी तल्लीन रहने गर्थें त्यसताका मेरा बुबासित उनको भेट कसरी भएको थियो र उनीहरू आनन्दसाथ कसरी समय बिताउँथे भन्ने पनि उनले बताएका थिए। उनको कथनबाट नै सर्वप्रथम मैले आफ्ना बुबाको सरल र सहृदय रूप देख्न पाएँ। बुबाको यो रूप मैले अहिलेसम्म कल्पना गरेको भन्दा एकदमै भिन्नै थियो। त्यसपछि कसरी समय बिताइयो, कुन किताब पढियो, कुन कुरा मन पऱ्यो भन्ने मसित उनले सोधपूछ गरेर सरसल्लाह पनि दिए। अब उनी पहिले जस्तो मलाई जिस्क्याउने र मेरो निम्ति खेलौनाहरू बनाइदिने ठटेउला र हँसिला जोकर रहन गएका थिएनन्, बरू गम्भीर, सरल र स्नेहालु मान्छे बनिसकेका थिए र उनलाई म अनायास कदर र माया गर्न लागिसकेकी थिएँ। उनीसंग कुरा गर्दा मलाई निकै रमाइलो समेत लागिरहेको थियो, तैपनि म एक किसिमको उत्तेजना र तनावको अनुभव गर्दैथिएँ। म हरेक शब्द तौलीतौलीकन बोलिरहेकी थिएँ, किनभने म उनको स्नेह पाउन लालायित थिएँ। त्यसो त उनको स्नेह पाइ पनि सकेकी थिएँ मैले, किनभने म बाबुकी छोरी न ठहरिएँ।

सोन्यालाई सुताएर कात्या पनि हामीकहाँ फर्केर आई।

उनले मेरो उदासीनताबारे पनि त्यहाँ बताइदिइहाली। यस विषयमा मैले कुरै चलाएकी थिइनँ।

"एहे, यिनले त गाँठी कुरा नै मलाई भनेकी रहिनछिन्!"—सेर्गेइ मिखाइलिचले मुसुमुसु हाँस्दै मलाई घोचपेच हुने गरी टाउको हल्लाउँदै भने।

"के बताउनु र!"—मैले जवाफ दिएँ।—"यो ज्यादै डराठलाग्दो छ र छिटै बिलाएर पनि जानेछ।"

त्यतिखेर मलाई के पनि लाग्यो भने मेरो खिन्नता बिलाएर जाने मात्र होइन, बिलाएर समेत गइसकेको छ, मानौं कहिल्यै पनि त्यो अस्तित्वमा नरहेको होस्!

"एकलोपनामाथि विजय पाउन नसक्नु राम्रो होइन।"—उनले भने।—"के तपाईं मामूली नारी हुनुहुन्छ र?"

"जरूर मामूली नारी हुँ!"—मैले हाँसेर जवाफ दिएँ।

"हैन, बरू यस्ती नारी पो हुनुहुन्छ होला जो अरूले माया गरेर पुल्पुल्याउन्जेल साप रमाउँछ, तर लाडप्यार गर्ने कोही नभएर एकली पर्नासाथै न्यास्निएर वैलाउँछ। यस्तो अवस्थामा पर्दा ऊ कुनै कुराबाट पनि आनन्दको अनुभव गर्दैन र सबै कुरा देखावटी मात्र रहेछ, आफ्नो निम्ति त कोही पनि हुँदो रहेनछ भन्ने ठान्छे।"

"मेरो बारेमा त तपाईंको यस्तो राम्रो धारणा पो रहेछ!"—केही त जवाफ दिनैपर्ने हुनाले मैले भनें।

"हो त नि!"—उनले तुरून्तै सही थापे। अनि केही बेर मौन रहेर फेरि थपे।—"आफ्नो बुबाकी छोरी त्यसै त हुनुभएको होइन नि तपाईं! उनको केही न केही अंश त तपाईंले अवश्य नै पाउनुभएको छ नाइँ!"

उनको दयालु र सचेत दृष्टिले फरि मलाई आकृष्ट

गरिहाल्यो र म आनन्दानुभूतिले अलि लज्जित समेत हुन पुगें।

उनको हँसिलो मुखमण्डलमा तब मात्र पो मैले त्यो विलक्षण दृष्टिको झल्को पाएँ जुन उनको लागि मात्र स्वाभाविक थियो। शुरूमा त त्यो दृष्टि चमकदार र छर्लङ्ग थियो, तर बिस्तार-बिस्तार बढी सतर्क र अलिक खिन्न पनि देखियो।

"तपाईंले दिक्क मान्नुपर्ने कुनै कारणै छैन र दिक्दार हुनु पनि हुँदैन।"—उनले भने।—"तपाईं संगीत पनि राम्रै बुझ्नुहुन्छ, अनि पुस्तक र अध्ययन पनि त छँदै छन्! तपाईंको सम्पूर्ण जीवन त बाँकी नै छ र त्यसको लागि तैयारी गर्नु नै अहिले तपाईंको काम पनि हो। अनि मात्र पछि तपाईंलाई पश्चात्ताप परोइन। एक वर्षपछि त ढीला समेत भइहाल्न सक्छ!"

मसित उनले बुबाले झैं अथवा काकाले झैं यसरी कुरा गरे। आफूलाई मेरो स्तरमा राख्न उनलाई बिघ्नै गाह्रो परिरहेको छ भन्ने मैले अनुभव गरें। एकातिर कुन कुराले गर्दा मलाई ग्लानि भइरहेको थियो भने उनी मलाई आफू-भन्दा ज्यादै कलिलो ठानिरहेका थिए, किन्तु अर्कोतिर कुन कारणले गर्दा मलाई बिछट्टै खुशी पनि लागिरहेको थियो भने म एउटीको निम्ति मात्र उनी आफूलाई अर्कै रूपमा प्रस्तुत गर्ने जमर्को गरिरहेका थिए।

त्यसपछि सारा साँझभरि नै उनी कात्यासंग घरव्यवहारको कुराकानी गर्दैरहे।

"लौ त, बिदा! मेरा प्याराहरू!"—उनी आफ्नो

अर्डेबाट उठे, अनि मनेर आएर मेरो हात समात्दै उनले भने।

"फेरि कहिले यतातिर आउनुहुन्छ नि?"—कात्याले सोधी।

"वसन्तमा!"—मेरो हात समातेको समात्यै उनले जवाफ दिए।—"अब म दानिलोभ्का (हाम्रो अर्को गाउँ) जाँदैछु! त्यहाँको हालखबर पनि बुझेर आफूसक्दो चाँजो-पाँजो मिलाउनेछु। त्यसपछि आफ्नै कामले गर्दा मास्को पनि जानुछ। तर ग्रीष्मयामभरि त हाम्रो भेटघाट प्रशस्तै हुनेछ!"

"किन यतिका लामो समयसम्म बाहिरतिर जानुहुन्छ नि?"—मैले ज्यादै दिक्दार हुँदै भनें।

हुन पनि मैले उनलाई दिनहुँ बगलमै देख्ने आशा राखेकी थिएँ। त्यसैले गर्दा मलाई अचानक विरक्त लागेर आयो र फेरि मेरो दिक्दारी फर्किने भयो भन्ने विचार उठेर अलि डर समेत लाग्यो। सके मेरो मनभित्रको यो भाव मेरो अनुहारमा र मेरो स्वरमा पनि झल्क्यो होला!

"कुनै न कुनै काममा आफूलाई अल्झाइराख्नोस्! दिक्क हुने त नामै नलिनोस्!"—उनले ज्यादै नै रूखो र चिसो स्वरमा भनेको जस्तो मेरो मनमा पऱ्यो।—"अँ, वसन्तमा त म तपाईंको जाँच लिनेछु नि!"— मतर्फ हेर्दै नहेरी चट्ट मेरो हात पनि छोडेर उनले अगाडि थपे।

मटानकोठामा उभिएर हामी बिदाबारी हुँदै थियौं। हतारपतर आफ्नो भुवादार ओभरकोट लगाएर मतर्फ उनले एक नजर फिराए। 'व्यर्थमा यस्तो प्रयत्न नगरे पनि हुने हो उनले!'—मैले मनमनै सोचें।—'मतर्फ यसरी नजर

दौडाएर मलाई अपार आनन्दको अनुभव हुँदो हो भन्ठानेका पो छन् कि क्या हो उनले? असल मान्छे हुन् उनी, सार्पै असल मान्छे हुन्! .. बस्, यत्तिकै हो!'

जे होस्, त्यस रात कात्या र म निकै बेरसम्म निदाउनै सकेनौं। हामी गफ चुटिरहेका थियौं, तर उनको सन्दर्भमा हुँदै होइन, बरू यो ग्रीष्ममा के के गर्ने र आउने हिउँद कसरी बिताउने भन्ने बारेमा! किन? यस भयङ्कर प्रश्नले अब मेरो पीछा गर्न छोडिसकेको थियो। हरेक व्यक्तिले सुखी भएर बाँच्नुपर्छ भन्ने कुरा मलाई ज्यादै स्पष्ट र सरल प्रतीत भइरहेको थियो। यसको कारण के त भने पोक्रोभ्स्कोएको हाम्रो पुरानो र अँध्यारो घर एकाएक जीवन र उज्यालोले भरिपूर्ण हुन गएको थियो।

२

आखिर वसन्त पनि लागिहाल्यो। मेरो पुरानो खिन्नताको ठाउँ सम्भ्रान्त आशा र आकांक्षाको स्वप्निल खिन्नताले लियो। वसन्तयाममा अक्सर यस्तो हुनेगर्छ। मेरो जीवन हिउँदको प्रारम्भमा जस्तो रहन गएको थिएन, बरू मैले आफूलाई सोन्याको साथमा, संगीत र पढाइमा व्यस्त राखेकी थिएँ। अक्सर म बगैंचामा जानेगर्थें र घण्टौंसम्म एक्लै उद्यानपथमा यताउति टहलिरहन्थें वा बेन्चमा बसेर कुन्नि के के हो के के विचार गरिरहन्थें। म के चाहन्थें र के कस्तो आशा राख्थें त्यो त दैव नै जानोस्! कहिलेकाहिं, खास गरी जुनेली रातमा आफ्नो कोठाको झ्यालनेरै बसेर म पूरै रात छर्लङ्ग काट्नेगर्थें।

अनि कहिले चाहिं कात्याले थाहापत्तो नै नपाउने गरी न्यानो कोट समेत नलगाएर बगैंचातिर डुल्न निस्कन्थें र शीतका थोपाले भिजेको घाँसमा कुल्चँदै तल तलाउसम्म नै दगुरेर जानेगर्थें। एकपल्ट खेतमा समेत टहल्न निस्केकी थिएँ भने अर्कोपल्ट चाहिं मध्य रातमा हाम्रै बगैंचाको एक छेउबाट अर्को छेउसम्म नै चक्कर लगाउन पुगेकी थिएँ।

मेरो मथिंगलमा ती दिनहरूमा कस्ता कस्ता कल्पना र विचारहरू उब्जन्थे तिनको अहिले सम्झना गर्न र तिनलाई बुझ्न समेत अब त मलाई निकै गाह्रो पर्छ। सम्झना नै गर्न पुगे तापनि ती वास्तवमा मेरै कल्पना थिए भनेर विश्वास गर्न चाहिं निकै कठिन हुन जान्छ। ती कल्पनाहरू यस किसिमले वास्तविकताबाट ज्यादै टाढा र अनौठा पनि थिए।

आफूले दिएको वचन पूरा गर्दै मई महीनाको अन्त्यतिर सेर्गेइ मिखाइलिच पनि आफ्नो यात्रा-भ्रमण सकेर टुप्लुक्क आइपुगे।

पहिलोचोटि उनी साँझपख हामीलाई भेट्न आएका थिए। त्यस बेला उनको आगमनको हामीले कुनै प्रतीक्षा नै गरेका थिएनौं। बरण्डामा बसेर हामी चियापान गर्ने तरखरमा थियौं। बगैंचा निकै हराभरा भइसकेको थियो र नछाँटिएको झ्याङभित्र जुरेलीहरू पनि फुर्र फुर्र उडि-रहेका देखिन्थे। पूरै ग्रीष्मऋतुभरि नै ती चराहरू त्यहीं बास बस्न आएका थिए। कोपिलाहरू पट्टपट्ट फुट्नै आँटेको हुँदा हसिनाका झ्याङहरूमा यत्रतत्र सेता र गुलाफी रङका झिरबिरे बुट्टा देख्न सकिन्थ्यो। उद्यान-पथमा उभिएका

भोजपत्रका पातहरू सूर्यास्तको प्रकाश परेर पारदर्शक प्रतीत भइरहेका थिए। बरण्डामा शीतल छहारी परिरहेको थियो। छिटै नै साँझको शीत झरेर घाँस पनि निथ्रुक्क भिज्नेछ। बगैंचा पछाडिको आगनबाट दिनको अन्तिम आवाज आइरहेको थियो भने पर गोरेटोमा गाईवस्तुको बथान धपाएर ल्याइएको स्वर पनि सुनिंदै थियो। बरण्डा अगाडिको बाटोमा पानीको ढ्वाङ बोकेर अर्धसिल्ली निकोन फटाफट जाँदैथियो। ऊ डलिया फूलको बोटमा पानी हाल्दैथियो र पानी छर्कने भाँडोबाट चिसो पानीको फोहरा छुटेर फूलका झ्याङहरू र तिनलाई अडयाउन ठड्याइएका घोचाका थाँक्रोहरूको वरिपरि खोस्रिएको माटोमा काला चक्काहरू देखा परिरहेका थिए।

हाम्रो बरण्डामा राखिएको टेबुल निक्खर सेतो टेबुलपोश-ले ढाकिएको थियो। त्यसमाथि टलक्क टल्किने गरी माझिएको सेतो सामोभारमा बाफ निकाल्दै पानी उम्लि-रहेको थियो। त्यहीं नै क्रेन्देल्की* र बिस्कुटहरूले सजाइ-एका रिकापीहरू पनि थिए, साथै एउटा भाँडोमा चाहिं सिकर्नी पनि राखिएको थियो। आफ्ना थसुल्ला हातहरूले कात्या लगनशीलताका साथ कपहरू माझ्दै थिई। नुहाइ-धुवाइ गरेपछि म लस्तसंग थाकेकी थिएँ र चिया पाकु-ञ्जेल पर्खेर बस्ने समेत धैर्य नभएकोले बाक्लो सिकर्नीमा चोपेर क्वाप्प क्वाप्प रोटी चपाउँदैथिएँ। आङमा मैले ह्वार्लाङ्ग बाहुला भएको एकसरो सूती ब्लाउज लगाइराखेकी थिएँ भने टाउकोमा चाहिं भिजेका कपाल समेटेर जुरो

---

*गुलियो रोटी।—अनु०

पारी एउटा रूमालले बाँधिराखेकी थिएँ। झ्यालबाट सबभन्दा पहिले कात्याले नै उनलाई देखी।

"ए, सेर्गेइ मिखाइलिच पो!"–उसले उद्गार पोख्दै भनी।–"हामी पनि तपाईंकै विषयमा कुरा गर्दैथियौं त।"

म लुगा फेर्न जाने विचारले हतपत उठें, तर ढोकाको संघार नाघ्न नपाउँदै उनले मलाई देखिहाले।

"गाउँघरतिर पनि यस्तो ठस्सा किन र?"–रूमाल बेरिएको मेरो टाउकोमा निहार्दै मुसुमुसु हाँसेर उनले भने।–"बूढा ग्रिगोरीको अगाडि त तपाईं लजाइरहनुभएको छैन भने म पनि त तपाईंको लागि ग्रिगोरी सरह नै त हुँ नि!"

तर उनले मलाई ग्रिगोरीको नजरले नहेरेर एकदमै अर्कै पाराले निहारिरहेका थिए र यो चाल पाउँदा मलाई कसो कसो ज्यादै नै अपठ्यारो लाग्यो।

"म छिटै आइहाल्छु ल!"–मैले पाइला अगाडि सार्दै उनलाई जवाफ दिएँ।

"यस पहिरनमा नसुहाएको नै के छ र?"–अलि चर्को स्वरले उनले भनेको सुनियो।–"हूबहू किसानकेटी जस्ती पो देखिनुहुन्छ त!"

'कस्तो अनौठा किसिमले उनले मलाई हेरेको त हुँ!'–माथि चोटाकोठामा हतपत लुगा फेर्दै मैले विचार गरें।–'जे होस्, भगवान्को कृपाले उनी आइपुगिहाले। अब निन्यास्रो हराउने भो नाइँ!' ऐनातर्फ एक नजर फिराएर म रमाउँदै भरेङबाट तल ओर्लिहालें। अनि आफ्नो हतपतलाई लुकाउनेसम्म पनि प्रयत्न नगरेर स्याँस्याँ र फ्याँफ्याँ

गर्दै म सरासर बरण्डामा दाखिल भइहालें। टेबुलको एक छेउमा बसेर उनी कात्यासंग हाम्रो घर-व्यवहारबारे कुरा-कानी गर्दैथिए। मतर्फ एक नजर दौडाएर उनी मुस्कुराए, अनि उनले कुराको मेसो फेरि अगाडि बढाउँदै लगे। उनको भनाइअनुसार त हाम्रो कामकुरा सबै नै निकै राम्ररी चलिरहेको थियो। एउटा ग्रीष्मयाम मात्र हामीले अब गाउँमा बिताए पुग्नेभयो। त्यसपछि हामी सोन्याको पढाइ-सढाइको लागि या त पिटर्सबर्गतर्फ लाग्नेभयौं, या त विदेशतर्फ नै प्रस्थान गर्नेभयौं।

"अँ, तपाईंसंगै विदेशतिर जान पाइए त हो! नत्र त हामी बनमा बाटो बिराउने बच्चाहरू झैं बडो बिचल्लीमा पर्नेछौं!"—कात्याले तर्क झिकी।

"तपाईंहरूको साथमा विश्वभ्रमण नै गर्न पनि म तयार छु!"—अलि गम्भीरता झल्काउँदै त अलि ठट्टा गर्दै उनले भने।

"विश्वभ्रमण भने विश्वभ्रमण नै सही!"—मैले भने।

उनले मुसुमुसु हाँस्दै टाउको हल्लाए।

"मेरी मुमाको साथमा को रहला? मेरो घर-व्यवहार कसले चलाउँला?"—उनले प्रश्न तेर्स्याए।—"तर अहिले यो गन्थनको कुनै प्रयोजन छैन। बरू बताउनोस्, तपाईं-हरूको समय कसरी बित्यो? कतै फेरि पहिले झैं खिन्न-ताले त छोपेन?"

उनको अनुपस्थितिमा लेखपढ गर्नमा नै आफूलाई व्यस्त राखेको र कत्ति पनि दिक्दार नभएको कुरा उनलाई मैले बताएँ। कात्याले पनि मेरो कुरामा सही थापी। त्यतिखेर उनले मेरो खूब प्रशंसा गरे, एक सानो बालकलाई जस्तरी

नै मीठा मीठा कुराले र मधुर नजरले मप्रति स्नेह जनाए, मानौं यसो गर्न उनलाई कुनै विशेष अधिकार नै प्राप्त भएको होस्! मलाई के पनि लागेर आयो भने मैले उनको अगाडि एकदमै स्पष्ट र इमान्दार हुनुपर्छ अर्थात् आफूले गरेका एक एक असल कामकुराहरूबारे उनलाई बताउनुपर्छ र उनलाई मन नपर्ने खालको कुनै कामकुरा गरिएको छ भने पनि साँचो कुरा स्वीकार गर्नुपर्छ।

त्यो साँझ निकै मनमोहक थियो। चियापान सकिएपछि पनि निकै बेरसम्म हामी बरण्डामा नै बसिरह्यौं। निकै रमाइलो कुराकानी चलिरहेको थियो र हाम्रो वरिपरि मानिसहरूको गुनगुन आवाज पनि कुन बेला सबै बिलाएर गयो त्यो मैले पत्तै पाउन सकिनँ। चारैतिरबाट फूलको मगमग बास्ना आइरहेको थियो र घाँस पनि शीतले निथ्रुक्क भिजिसकेको थियो। हसिनाको बोट नजिकै जुरेली चराको चिर्चिर सुनिएको थियो, तर हाम्रो स्वर सुन्ने-बित्तिकै चूप लागिहाल्यो। टिलपिल टिलपिल गर्दै ताराहरू चम्किरहेको आकाश हाम्रो टाउकोमाथिसम्म नै खस्किरहेको जस्तो प्रतीत भइरहेको थियो। निस्पट्ट अँध्यारो छाइसकेको थियो। निस्केर मात्रै मैले चाल पाएँ जब एउटा चमेरो कुनै स्वर नै ननिकालेर अचानक बरण्डाको छतमा उड्न लाग्यो र मैले टाउकोमा बेरिराखेको सेतो रूमालनेरै फटफट गर्दै त्यो फट्फटाउन थाल्यो। भित्ताको आड लागेर म लुक्याउनै मात्र के आँटेको हुँदो हुँ, त्यो चमेरो कुनै स्वर नै ननिकालेर जसरी उडेर आएको थियो त्यसै गरी तुरुन्त नै हुरिंएर बाहिर गइहाल्यो र बगैंचाको कालो अन्धकारमा विलीन भयो।

"तपाईंहरूको पोक्रोभ्स्कोए मलाई त खूबै मन पर्छ।"—सेर्गेइ मिखाइलिचले वार्तालापको प्रसंग नै मोडेर उद्गार पोखे।—"म त आफ्नो पूरै जिन्दगी यसरी नै तपाईंहरूको घरको बरण्डामा बसेरै बिताइदिन सक्छु!"

"बस्नोस् न, के छ र?"—कात्याले भनी।

"बस्न पाए त हुन्थ्यो नाइँ!"—उनले गुनगुनाउँदै भने।—"तर जीवन एकै ठाउँमा कहाँ बसिरहन्छ र?"

"बिहे-सिहे किन गर्नुहुन्न नि?"—कात्याले प्याच्च सोधी।—"तपाईं जस्तो लोग्ने त भाग्यमानी आइमाईलाई मात्रै जुर्छ है!"

"कुरा के भने म बसिरहन मन पराउँछु!"—उनले हाँस्दै उत्तर दिए।—"हैन, कातेरिना कार्लोभ्ना*, तपाईं-हाम्रो त बिहे गर्ने उमेर नै घड्किसक्यो अब! विवाह गर्नको लागि लायक वरको रूपमा त मलाई उहिले नै हेर्न पनि छोडिसके सबले। मैले पनि चित्त बुझाएकै छु र वास्तवमा यस्तो कुरा बेसै पनि लागेको छ मलाई!"

उनी बनावटी पाराले कुरा अजमाईअजमाई बोलिरहे जस्तो मलाई लाग्यो।

"कस्तो कुरा गर्नुभएको?"—कात्याले अपवाद गरी।—"छत्तीसै वर्षमा जिन्दगानी बितिहाल्छ र!"

"बितिहाल्दो रैछ त नि!"—उनले अगाडि भने।—"अब त खालि बसिरहने मात्र इच्छा हुन्छ। बिहे गर्न त अरू नै कुरा पो चाहिन्छ त! सोध्नोस् लौ, यिनैसित!"—उनले टाउको हल्लाएर मतर्फ इशारा गर्दै थपे।—

---

*कात्याको पूरा नाम र पितृनाम।—अनु.

"बिहे गनुपर्ने त यिनीहरूले पो हो! तपाईं-हामीले त उनीहरूको सुखी जीवन हेरेर रमाउने मात्रै हो!"

उनको स्वरमा मैले एक तमासको विरक्ति र थकथकीको भाव झल्किरहेको पाएँ। उनी एक छिन मौन रहे। न मैले, न त कात्याले नै केही बोल्यौं।

"एक छिन कल्पना त गरिहेर्नोस्!"—आफ्नो कुर्सीमा फर्किएर उनले भन्न शुरू गरे।—"कथंकदाचित् कुनै सत्र वर्षकी कन्याकेटीसंग मेरो बिहे भयो रे लौ! भनौं, माशा... के रे मारिया अलेक्सान्द्रोभ्नासित! यो निकै सुहाउँदो उदाहरण हो! अनायासै मेरो मुखबाट यस्तो कुरा निस्केकोमा मलाई खुशी लागेको छ।... यो वास्तवमा ज्यादै राम्रो उदाहरण हो!"

म खितिखिति हाँस्न थालें। किन उनी खुशी हुँदै छन् र के यस्तो कुरा निस्केको हो उनको मुखबाट भन्ने म ठम्याउन सकिरहेकी थिइनँ।...

"लौ त, नढाँटीकन साँचो साँचो भन्नोस्!"—उनले ठट्टा गर्दै मलाई भने।—"एउटा उमेर ढल्किसकेको अधबैंसे मान्छेलाई जीवनसाथी बनाउनु के तपाईंको लागि दुर्भाग्यको कुरा हुनेछैन त? आफ्ना बाँकी दिनहरू गन्दै ऊ त बसि मात्रै रहन चाहला, तर तपाईंका भने भित्री मनमा कति कति कुराहरू खेलिरहलान्, कस्ता कस्ता चाहनाहरू होलान्, के के गर्ने सुर होला! .."

मलाई साह्रै अपठ्यारो लागेर आयो। के बोल्ने, के नबोल्ने भन्ने मैले ठम्याउनै सकिनँ र म चूप लागेर त्यसै बसिरहें।

"निश्चय नै पनि म तपाईंसामु विवाहको प्रस्ताव

राखिरहेको छैन!"–उनले हाँस्तै भने।–"तर साँचो कुरा बताउनोस् त! साँझपख बगैंचाको उद्यानपथमा एक्लै घुम्न निस्कँदा आफ्नो लागि तपाईंले जुन खालको पतिदेव-को कल्पना गर्ने गर्नुभएको छ त्यो त म जस्तो अवश्य पनि हुँदैन होला! हैन त?... यो त वास्तवमा दुर्भाग्य नै हुनेछ! कसो?.."

"जरूर दुर्भाग्य हुनेछैन!.."–मैले बोल्न शुरू गरें।

"जे होस्, राम्रो कुरा त अवश्य नै हुनेछैन यो!"–उनले कुरा टुंग्याए।

"अँ, म गल्ती गरिरहेकी पनि त हुन..."

तर उनले बीचैमा मेरो कुरा काटे।

"ऊ, देख्नुभो त!"–उनले भने।–"यिनको भनाइ बिल्कुलै ठीक हो। खुलस्त कुराको लागि म यिनीप्रति आभार व्यक्त गर्छु। यस्तो कुराकानी चलेकोमा पनि मलाई खुशी नै लागेको छ। साँच्चै भन्ने हो भने मेरो निम्ति पनि यस्तो अमेल विवाह त ज्यादै दुर्भाग्यपूर्ण हुनेछ।"–उनले थपे।

"कस्तो अनौठो मान्छे हुनुहुँदो रैछ! तपाईं त एकफुट्टी पनि बदलिनुभएको रहेनछ है!"–कात्याले भनी र साँझको खाना तयार पार्ने काम अह्राउनवर्न बरण्डाबाट निस्केर गइ पनि हाली।

कात्या बाहिर निस्केपछि हामी दुवै एकाएक मौन भइहाल्यौं। हाम्रो वरिपरिको वातावरण पनि एकदमै शान्त थियो। एउटा जुरेलीले मात्र गाइरहेको सुनिन्थ्यो। त्यो स्वरमाधुरी संध्याकालीन कलरव जस्तो चड्का र उत्तेजक थिएन, बरू रात्रिकालीन गान जस्तै स्निग्ध र

प्रशान्त थियो। त्यो सुरिलो स्वर बगैंचाभरि गुन्जिरहेको थियो। अनि तल खोल्सोतिरबाट अर्को एउटा जुरेलीको जवाफ आयो। त्यस साँझ पहिलोपल्ट त्यहाँ त्यो चिर्बिर गुन्जेको थियो। अनि बगैंचाको जुरेलीले एक छिन आफ्नो गाना रोक्यो, मानौं ऊ अब नयाँ स्वर सुन्नमा तल्लीन होस्! त्यसपछि उसले झन् चर्को र सुरिलो स्वरमा गाउन शुरू गर्‍यो। हाम्रो निमित्त अबोधगम्य उनीहरूको त्यस गन्निसंसारमा त्यो स्वर चमत्कारपूर्ण निस्तब्धतालाई चिरेर गुन्जिरहेको थियो।

बगैंचाको रेखदेख गर्ने माली शिशाघरमा सुत्न भनी गयो। बाटोमा बजिएको उसको बाक्लो बूटको ट्याक-ट्वाक आवाज टाढिंदै गइरहेको थियो। पहाडको फेदीमा क्यैले दुईपल्ट जोडले सुसेलेको सुनियो र त्यसपछि फेरि निस्तब्धता छायो। रूखका पातहरू बिस्तारै हल्लिएर फरफर गरिरहेका थिए। बतासको एक झोक्का बरण्डाको छतमा झक्कर खान पुग्यो र एक प्रकारको सुमधुर बास्ना त्यहाँ फैलियो।

कुरा चलि नै हालेपछि अब चूपचाप बस्नु मलाई साह्रै अप्ठ्यारो लागिरहेको थियो। किन्तु अब के भन्नुपर्ने हो भन्ने चाहिं मलाई थाहा थिएन। मैले उनीतर्फ पुलुक्क हेरें। बरण्डाको मधुरो उज्यालोमा उनका एक जोर चम्किला आँखाहरूले पनि मलाई नै ताकिरहेका थिए।

"संसारमा बाँच्नु पनि कम राम्रो कुरा होइन।"—उनले मौनता भंग गर्दै भने।

किन हो कुन्नि, मैले लामो सुस्केरा हालें।

"के भन्नुभो?"—उनले सोधे।

"हो, संसारमा बाँच्नु पनि कम राम्रो कुरा होइन।"—मैले उनैको शब्द दोहोऱ्याइदिएँ।

फेरि हामी चूप लाग्यौं। मलाई फेरि अपठ्यारो लागेर आयो। उनी बूढा भैसकेका छन् भन्ने आसयको उनको कुरामा सही थापेर मैले उनको मनमा निकै चोट पुऱ्याएछु क्या र भन्ने नै म सोचिरहेकी थिएँ। म उनलाई अलि संतुष्ट पार्न चाहन्थें। तर यो सब कसरी गर्ने हो, मलाई पटक्कै केही थाहा थिएन।

"लौ त, बिदा पनि भैहाल्छु आज!"—उनले आफ्नो कुर्सीबाट उठ्तै भने।—"आमा पनि साँझको खाना पर्खेर बसिरहनुभएकी होला। आज मैले उहाँसंग कुरै गर्न पाएको छैन!"

"मैले त तपाईंलाई नयाँ सनेट सुनाउने पो विचार गरेकी!"—मैले भनें।

"अर्को कुनै दिन सुनौंला!"—उनको जवाफ ज्यादै रूखो लाग्यो मलाई।

"शुभ रात्रि!"

उनको चित्त दुखाएकी नै रहिछु मैले भन्ने अब मलाई पक्का भयो र ठूलो दुःख पनि लाग्यो। कात्या र मैले उनलाई घरबाहिरसम्म पुऱ्यायौं र आगनमा उभिएर त्यस सडकतर्फ हेरिरह्यौं जहाँबाट अलप भएर उनी गैसकेका थिए। उनको घोडाको टापको टकटक आवाज पनि सुनिन छाडेपछि मैले बरण्डावरिपरि एक चक्कर लगाएँ र फेरि बगैंचातर्फ र रातको स्वरले भरिपूर्ण शीतमिश्रित कुहिरोतर्फ एकटक लगाएर हेर्न थालें। त्यहाँ म निकै बेरसम्म कल्पना-

सागरमा डुबिरहें र मेरो कल्पनाले साकार रूप लिइरहेको जस्तो मलाई लागेर आयो।

सेर्गेइ मिखाइलिच दोस्रोपल्ट आए, तेस्रोपल्ट पनि आए, तसर्थ त्यस पुरानो कुराकानीबाट उत्पन्न हुनगएको एक प्रकारको अपठ्यारोपना एकदमै बिलाएर गयो। ग्रीष्मभरि नै उनी हप्ताको दुईतीन पटक हामीलाई भेट्न आउँथे। उनको उपस्थितिको मलाई कतिसारो बानी परिसकेको थियो भने उनी क्यै गरी लामो समयसम्म हामीकहाँ आएनन् कि त मलाई एकलोपनाको आभास हुन थाल्थ्यो। मलाई गक्नै छोडेर उनी मप्रति खराब व्यवहार गर्दैछन् भन्ने म सोच्न पुग्थें र म उनीसंग चिढिन थाल्थें। उनी मसित यस्तै व्यवहार गर्थे जस्तो एक कलिलो उमेरको साथीसंग गरिन्छ। नाना थरीका प्रश्नहरू मसंग उनी सोध्नेगर्थे, मनपेटका कुराहरू पनि विश्वासपूर्वक बक्न लगाउँथे, मलाई सरसल्लाह पनि दिन्थे, प्रोत्साहित पनि गर्थे, अनि कहिले-काहिं हप्काउँथे र गल्ती गर्नबाट रोक्थे पनि। मसित बराबरीको व्यवहार गर्ने उनको हजार प्रयास रहँदारहँदै पनि मलाई कस्तो अनुभव हुन्थ्यो भने उनको जे जति कुरा मलाई थाहा छ त्यसबाहेक पनि यस्तो एउटा सिंगै संसार मबाट अज्ञात नै रहेको छ जुन संसारमा मलाई प्रवेश गराउन समेत उनी कत्ति आवश्यक ठान्दैनन्। यसैले गर्दा म उनीप्रति म बढी आकर्षित पनि हुन पुगेकी थिएँ र उनी मेरो सम्मानका पात्र पनि बनेका थिए। कात्याबाट र अन्य छरछिमेकीहरूबाट पनि मलाई के थाहा हुन गएको थियो भने आफ्नी बूढी आमा, जसको साथमा उनी बस्थे तिनको हेरविचार गर्नु, आफ्नो मौजाको बरबन्दोबस्त गर्नु

र हामीहरूको अभिभावक बन्नुबाहेक पनि उनले केही यस्ता अभिजात्य दायित्व समेत बहन गर्नुपरेको छ जसबाट उनलाई झमेला मात्रै बढ्ता आइलाग्छ। परन्तु यी सबको विषयमा उनको धारणा के कस्तो छ, उनी के कस्तो विचार राख्छन्, उनका कार्यक्रम र सपनाहरू के कस्ता छन् भन्नेबारे उनबाट मैले कहिल्यै पनि केही थाहा पाउन सकिनँ। उनको मामिलाबारे मैले जतिपल्ट कुरा चलाउन खोजे त्यति उनी आफ्नै पाराले निधारमा गाँठो पार्थे। मानौं उनी यसो भनिरहेका होउन्–'बस्, छाड्नोस् यी सब कुरा! के चासो र तपाईंलाई यिनको?' अनि कुराको मेसो अर्कैतिर मोडिदिन्थे उनी। शुरू शुरूमा त यसबाट मेरो चित्त निकै दुख्ने गर्थ्यो, तर पछि त मेरै चासोको विषयमा नै सधैं कुरा गर्ने बानी परिहाल्यो र यसलाई नै म स्वाभाविक पनि ठान्न लागें।

मेरो शारीरिक सौन्दर्यप्रति उनको पूरै उदासीनता र अझ उपेक्षाभाव समेत यस्तो कुरा थियो जुन शुरू शुरूमा मलाई पटक्कै मन पर्दैनथ्यो, तर पछि त निकै रमाइलो पो लाग्न थालेको थियो। न कुराले, न त इशाराले नै उनले कहिल्यै पनि म राम्री छु भन्ने कुनै संकेत दिएनन्, बरू, यसको उल्टो, उनको सामु कसैले मेरो रूपलावण्यको चर्चा गर्न थाल्यो भने उनी निधार खुम्चाउँथे र हाँस्न थाल्थे। अझ उनी त मेरो मुखमण्डलमा खोटहरू भेट्टाउन मन पराउँथे र तिनको चर्चा गरेर मलाई खिज्याउँथे पनि। उत्सवपर्वका दिनहरूमा कात्या मलाई जुन फैसनदार जम्फर लगाउन दिन्थी र जसरी मेरो केशशृङ्गार गर्थी त्यसको पनि उनी खिसिटयूरी गर्न बाँकी राख्तैनथे। यसले गर्दा

बिचरी कात्याको मन कुढिन्थ्यो र शुरू शुरूमा त म अकमक्क समेत पर्ने गर्थें। उनले मलाई मन पराउन थालिसकेका छन् भन्ने कात्याले मनमा पक्का गरिसकेकी थिई, तर आफूलाई मन पर्ने आइमाईले अझ हिसी पारेर शृङ्गार-पटार गरेको किन उनलाई रूचिकर लाग्दैन भन्ने चाहिं उसले कसै गरी पनि बुझ्न सकिरहेकी थिइन। जहाँसम्म मेरो सवाल छ, मैले छिटै नै उनी के चाहन्छन् भन्ने ठम्याइहालें। वास्तवमा म कुनै नखरमाउली हैन भन्ने कुरामा उनी विश्वस्त हुन चाहन्थे। जब मैले यो कुरा बुझें, साँच्चै नै ममा ढाँचा पारेर लुगा लगाउने, कोरीबाटीकन कपाल तह लगाउने, आङ मर्काईकन मस्किने नखराको किंचित् छायाँ पनि बाँकी रहेन। बरू यसको ठाउँ अब देखावटी सादापनको नखराले लियो, किनभने म अझैं पनि वास्तवमा नै सादा बन्न सक्तिनथें। मलाई उनी प्रेम गर्छन् भन्ने त मलाई थाहा थियो, तर एक बालिकालाई झैं हो कि एउटी आइमाईलाई झैं हो भन्ने कुराको चाहिं मैले कुनै अन्दाज लगाउन सकेकी थिइनँ। जे होस्, म यस प्रेमको कदर गर्थें। मलाई उनी सारा संसारभरकी एउटी सर्वोत्कृष्ट युवती ठान्छन् भन्ने पनि मलाई थाहा थियो र उनमा यस्तो भ्रम कायम नै रहिरहोस् भन्ने पनि म चाहना नगर्न सक्तिनथें। यसरी म उनलाई अनायास धोखा दिंदै थिएँ। परन्तु उनलाई धोखा दिएर पनि म चाहिं सुध्रँदै गइरहेकी थिएँ। उनको अगाडि शरीरको भन्दा आत्माको सौन्दर्य प्रदर्शित गर्नु नै उत्तम र उचित हो भन्ने मलाई लाग्थ्यो। मेरा केशपुञ्ज, मेरा हातगोडा, मेरो चेहरा र मेरो बानीबेहोरा राम्रो वा

नराम्रो जस्तोसुकै भए तापनि उनले यथार्थ बुझिसकेका छन् र एकै नजरमा तिनको मूल्याङ्कन पनि गरिसकेका छन्, तसर्थ मेरो वाह्य रूपबारे उनको धारणामा उनलाई धोखा दिने इच्छासिवाय अरू केही पनि थप्न सकिन्न भन्ने मलाई लागेको थियो। तैपनि मेरो अन्तरात्माको भने उनलाई राम्रो बोध थिएन, किनभने एक त उनी त्यसलाई माया गर्थे र अर्को कुरा के भने त्यो अझै पनि क्रमशः विकसित र परिपक्व हुँदै थियो। यसैउसले यस क्षेत्रमा म उनलाई भ्रममा पार्न सक्थें र भ्रममा पार्दै पनि थिएँ। यो कुरा राम्ररी बुझिसकेपछि त उनको साथमा उठबस गर्न पनि मलाई कति सजिलो हुन गएको थियो! अकारणको लज्जा र असजिलो हिंड्डुल सबका सब एकदमै बिलाएर गए। मलाई उनी सोझै हेरून् वा छड्के नजरले हेरून्, उठेर हेरून् वा बसेरै हेरून्, माथिबाट मेरा केशपुञ्जलाई हेरून् वा तलबाटै हेरून् यसले केही पनि फरक पर्दैन भन्ने मलाई अनुभव भयो। उनले मेरो सौन्दर्य सम्पूर्ण रूपमा देखिसकेका छन् र म जे जस्ती छु त्यस्तै रूपमा उनलाई मन पनि परिसकेकी छु भन्ने मलाई प्रतीत भएको थियो। मलाई के लाग्छ भने यदि उनले आफ्नो बानीबेहोराको विपरीत अरूले जस्तै गरेर मेरो अनुहार बिछट्टै राम्रो छ भनेर अचानक भनेकै खण्डमा पनि मलाई पटक्कै खुशी लाग्नेछैन होला! परन्तु मेरो अन्तरात्मा त्यतिखेर कति उज्ज्वल र आल्हादित हुन्थ्यो जुन बेला मेरो कुनै टीकाटिप्पणी सुनेपछि मतर्फ एकटक लगाएर हेर्दै र व्यंगको पुट समेत दिन खोज्दै गम्भीर स्वरमा उनी यसरी भन्ने गर्थे –

"हो, हो, तपाईंमा केही कुरा त अवश्य नै छ! मैले के चाहिं भन्नै पर्छ भने तपाईं ज्यादै राम्री केटी हुनुहुन्छ!"

अनि मेरो मनमा गर्व र आनन्द छचल्किन थाल्थ्यो। मलाई यसरी पुरस्कृत गर्ने त्यो कुन कुरा थियो त? बूढा ग्रिगोरीले आफ्नी नातिनीलाई देखाएको लाडप्यारले मलाई पुलकित तुल्याउँछ भनेर मैले भनेकोले हो वा मैले पढेको कुनै कविता अथवा उपन्यासले मलाई आँसु झारेर रून लगाएको थियो भनेकोले हो, वा शुल्होफ* भन्दा त मोजार्ट** नै मलाई बढी मन पर्छ भनेकोले हो? अहिले घोत्लिएर विचार गर्दा चाहिं मलाई के ताजूब लाग्छ भने त्यो कुन असाधारण अन्तर्ज्ञान थियो होला जसको आधारमा मैले त्यसताका सबै राम्रा कुराहरू र प्रेम गर्न योग्य सबै कुराहरूलाई अचूक रूपले ठम्याउने गरेकी थिएँ, यद्यपि कुन कुरा राम्रो हो र कुन कुरालाई प्रेम गर्नुपर्छ भन्ने चाहिं मलाई कुनै अत्तोपत्तो नै थिएन।

सेर्गेइ मिखाइलिचलाई पहिलेका मेरा कैयन् रूचि र

---

* शुल्होफ, युली (Schulhoff) – उन्नाइसौं शताब्दीको मध्यतिरका पेनोवादक र संगीतकार। उनले आफ्ना मौलिक कृतिहरूको रचनामा भन्दा पेनोवादकको लागि मोजार्ट, बेथोभेन, हाइडेनका रचनाहरूको सम्पादनमा बढी ख्यातिप्राप्त गरेका थिए। – अनु०

** मोजार्ट (Mozart) (सन् १७५६–१७९१) – अष्ट्रियाली संगीतकार, भियना शास्त्रीय संगीतकला सम्प्रदायका प्रतिनिधि। उनको रचना अठारौं शताब्दीको संगीतको चरमोत्कर्ष मानिन्छ। – अनु०

बानीहरू मन परेका थिएनन्। म जुन कुरा भन्न खोज्थें त्यो उनलाई मन पर्ने खालको छैन भन्ने बुझ्न त उनको एक हलुका हेराइ र अझ आँखिभौंको सामान्य खुम्चाइ नै काफी हुन्थ्यो। जुन कुरालाई म सधैं मन पराउनेगर्थें त्यसलाई अब पटक्कै मन नपराउनको निमित्त समेत उनले अलिकति घृणाको भाव झल्कने गरी एक प्रकारको दिक्दारी प्रकट गर्दै आफ्नो मुख बिगार्नु नै पर्याप्त भैहाल्थ्यो। कहिले-काहिं जब उनी मलाई कुनै सल्लाह दिने जमर्को गर्थे, म उनले भन्न खोजेको खास कुरा के हो त्यसलाई छर्लङ्ग टिपिहाल्थें। जब उनी मेरो आँखामा गडेर हेर्दै मसंग कुनै कुरा सोध्थे त उनी मबाट त्यही विचार थुतेर लिइहाल्थे जुन उनी चाहन्थे। त्यतिखेर मेरा सबै विचार र मेरा सबै भावनाहरू वास्तवमा मेरा थिएनन्, बरू उनैका पो त थिए, परन्तु ती विचार र भावनाहरू अकस्मात् मेरा बन्न पुगेका हुन्थे। ती विचार र भावनाहरूले मेरो जीवनमा प्रवेश गरेका थिए र त्यसलाई प्रज्ज्वल्लित पनि पारिदिएका थिए। कत्ति पनि चाल नै नपाइने किसिमबाट कात्यालाई, सोन्यालाई, हाम्रा नोकर-चाकरहरूलाई, स्वयं आफैलाई र आफ्ना अभिरूचिहरूलाई अर्थात् सबका सब कुराहरूलाई म अर्कै दृष्टिले हेर्न थालिसकेकी थिएँ।

पहिले पहिले त नियास्रो मेटाउनको निम्ति नै म केही पढ्नेगर्थें, तर अब त मेरो लागि किताब पनि अचानकसित जीवनको एउटा अत्यन्त आनन्ददायक कुरा बन्न पुगेको थियो। यसको एक मात्र कारण के थियो भने हामी संगसंगै किताबहरू पढ्ने गर्थ्यौं र पढेका कुराहरूको बारेमा चर्चा-परिचर्चा पनि गर्ने गर्थ्यौं, साथै उनी मेरो

निम्ति नयाँ नयाँ किताबहरू समेत ल्याइदिन्थे। पहिले पहिले सोन्याको शिक्षादीक्षामा समय लगाउनु र उसलाई पाठ घोकाउनु मेरो लागि जटिलतम दायित्व जस्तै थियो र कर्तव्यको एक मात्र भावना लिएर म आफूलाई त्यो दायित्व पूरा गर्न विवश गर्थें। एक दिन सोन्याको पढाइमा उनको पनि उपस्थिति रह्यो र त्यसपछि त सोन्याले गरेको प्रगतिमा निगरानी राख्दा समेत मलाई अपार आनन्द लाग्न थाल्यो। पहिले पहिले एउटा सिंगै संगीत-नाटक बजाउन सिक्नु भनेको असम्भवप्राय: लाग्थ्यो मलाई, तर अब चाहिं उनले सुन्नेछन् र प्रशंसा पनि गर्ने सम्भावना छ भनेर थाहा पाउँदा संगीतको कुनै एक अंश पनि म चालीसभन्दा बढी पटक दोहोऱ्याएर रियाज गर्थें। बिचरी कात्या रूवाको बुजो कानमा कोचेर बस्ने गर्थी, परन्तु मलाई भने एउटै लयको तारन्तार रटन पनि कत्ति वाक्क लाग्दैनथ्यो। अब त पुराना ती सनेटहरू पनि एकदमै नयाँ प्रतीत हुन थालेका थिए र पहिलेको भन्दा बिल्कुलै फरक र बढ्ता सुमधुर सुनिन्थे। जसलाई म आफूलाई जत्तिकै राम्ररी बुझ्थें र उत्तिकै माया पनि गर्थें त्यही कात्या समेत मैले देख्तादेख्तै एकदमै बदलिइसकेकी थिई। अहिले मात्रै मैले के पनि बुझ्न थालिरहेकी थिएँ भने हाम्रो निम्ति जुन प्रकारले ऊ एउटी आमा, एउटी संगिनी र एउटी कमारीको भूमिका निर्वाह गरिरहेकी थिई त्यसरी उसले हाड घोट्नु पर्ने कुनै कर थिएन। ऊ कति निस्वार्थी, कति विश्वासिली र कति प्रिय नारी थिई भन्ने मैले बुझें। उसप्रति म कति आभारी छु भन्ने पनि मलाई राम्रो बोध भयो र उसलाई अझ बढ्ता माया पनि गर्न लागें।

मलाई हाम्रा मोही किसानहरू र छरछिमेकीहरू, घरका नोकर-चाकरहरू र धाइसुसारेहरूलाई पहिलेभन्दा एकदमै बेग्लै किसिमले हेर्न सिकाउने पनि सेर्गेइ मिखाइलिच नै त हुन्। अहिले यो हाँसउठ्दो लाग्छ, तर सत्र वर्षको उमेरसम्म नै म जसको माझमा हुर्के-बढेकी थिएँ तिनै व्यक्तिहरू मेरो लागि ती मानिसहरूभन्दा कम पराई थिएनन् जसलाई मैले देखेको र चिनेको थिइनँ। यी मान्छेहरू पनि मैले जस्तै प्रेम गर्छन्, मेरो जस्तै आकांक्षा राख्छन् र म झैं दुःखसुख अनुभव गर्छन् भन्ने त मैले कहिल्यै सोचेकीसम्म पनि थिइनँ। हाम्रा बगैंचा, हाम्रा वन र हाम्रा खेतहरू जसलाई मैले धेरै पहिलेदेखि नै देख्दै-आइरहेकी थिए ती सब अचानक मेरो लागि नौला र रमणीय बन्न पुगेका थिए। अरूको लागि जिउनु नै जीवनको वास्तविक आनन्द हो भनेर सेर्गेइ मिखाइलिच भन्नेगर्थे र वास्तवमा उनको यो भनाइ सही पनि थियो। तर त्यसताका मलाई यस खालको कुरा अनौठो लाग्थ्यो र म त्यसलाई बुझ्न पनि बुझ्दिनथें। परन्तु मैले बुझेको होऊँ वा नहोऊँ, यस धारणाले मेरो भित्री मनमा बिस्तार-बिस्तार जरा गाड्दैथियो। मेरो जिन्दगीमा कत्ति पनि फेरबदल नल्याएरै र मेरो हरेक अनुभूतिमा आफूलाई सिवाय अरू केही पनि नथपेरै मेरो वरिपरि विद्यमान जीवनको सिंगो आनन्दमयी संसारकै उनले उद्घाटन गरिदिएका थिए। यी सबै कुराहरूले बाल्यकालदेखि नै मलाई घेरि-राखेकै थिए, तर ती मौन रहेका थिए। परन्तु उनले प्रवेश गर्नासाथै ती सबै कुराहरू एकाएक वाचाल भइहाले र

मेरो अन्तरात्मालाई तिनले आडोलित र आल्हादित पार्न थालिहाले।

त्यस ग्रीष्मयाममा म अक्सर माथि चोटाकोठामा गएर बिछ्यौनामा पल्टिन्थें। वसन्तकालीन पुरानो खिन्नताबाट जन्मिएको भविष्यको आशा र आकांक्षाको सट्टा वर्तमान सुखको भावोद्रेकले म ओतप्रोत हुन्थें। कसै गरी पनि म निदाउनै सक्तिनथें। अनि जुरुक्क उठेर म कात्याको पलङमा बस्न पुग्थें र आफू एकदमै सुखी भएको कुरा उसलाई बताउन थाल्थें। अहिले सम्झंदा मलाई के लाग्छ भने मैले सबै कुरा त उसको अगाडि पोख्नु नै पर्ने थिएन— उसले आफै पनि त्यो सब बुझ्न सक्थी। उसले चाहना गरेको सबै कुरा उसलाई पुगेकै छ र ऊ पनि असाध्यै सुखी छे भनेर मलाई पनि ऊ बताउँथी र मलाई म्वाईं खान्थी। म उसको कुरामा विश्वास गर्थें। सुखी रहनु हरेक व्यक्तिको अधिकार हो र यो न्यायोचित पनि छ भन्ने म ठान्नेगर्थें। परन्तु कात्या भने मस्तसंग निदाउन पनि सक्थी। कहिलेकाहिं ऊ झर्केको बहाना गर्थी रै आफ्नो पलङबाट मलाई धपाएर समेत पठाउँथी, अनि भुसुक्क निदाइहाल्थी। तर म चाहिं निकै बेरसम्म आफ्नो सुखको कारण के हो भनेर नाना थरीका विचारहरू केलाउन थाल्थें। कहिलेकाहिं म पलङबाट जुरुक्क उठ्थें त अर्को एक प्रार्थना पनि गरिहाल्थें।... म आफ्नै शब्दहरू गुनगुनाएर प्रार्थना गर्थें र मलाई प्रदान गरिएको सारा सुखको लागि भगवान्प्रति आभार व्यक्त गर्थें।

हाम्रो सानो कोठामा निस्तब्धता छाएको हुन्थ्यो। कात्याले निद्रामा एकनाससित सास फेरेको स्याँस्याँ र

उसको पलङनेरै राखिएको घडीको टिकटिकबाहेक अरू कुनै स्वर सुनिंदैनथ्यो। म कोल्टे फर्कन्थें र फेरि प्रार्थना गुनगुनाउँथे अथवा आकाशमा क्रस चिन्ह बनाउँथे र घाँटीमा झुण्डिरहेको क्रस हातमा लिएर चुम्न थाल्थें। ढोकाहरू थुनिएका हुन्थे र झ्यालका पर्दाहरू पनि तानिएका हुन्थे। कतै एउटा झिंगा अथवा लामखुट्टे उडेर भुनभुनाइरहेको हुन्थ्यो। त्यस सानो कोठाबाट म बाहिर निस्कन चाहन्नथें, न त छिटै बिहान भइहालोस् भन्ने नै इच्छा गर्थें। मेरो वरिपरि व्याप्त यस्तो आध्यात्मिक वातावरण खल्बलियोस् भन्ने पनि म चाहना गर्दिनथें। मेरा कल्पनाहरू, मेरा चिन्तनहरू र मेरा प्रार्थनाहरू त यस्ता जीवन्त कुराहरू हुन् जो यस अन्धकारमा मसितै बस्छन्, मेरो पलङनेरै उडिरहन्छन् र मेरो जिउमाथि नै झुम्मिइरहन्छन् भन्ने मलाई लाग्थ्यो। अनि प्रत्येक विचार चाहिं उनैको विचार हुन्थ्यो भने प्रत्येक अनुभूति पनि उनैको अनुभूति हुन्थ्यो। प्रेम भनेको यही नै त हो भन्ने त्यतिखेर मलाई थाहा थिएन। बरू सधैं सधैं यस्तै हुनेगर्छ र यस्तो भावना जहिलेसुकै अनायासै आउन सक्छ भन्ने पो मलाई लागेको थियो।

३

अन्नको बाली काट्ने बेला एक दिन दिउँसोको खाना खाइसकेपछि कात्या र म दुवै जना सोन्यालाई पनि साथैमा लिएर बाहिर बगैंचामा गयौं। हामी आफूलाई खूबै मन पर्ने त्यही बेन्चमा बस्यौं जुन खोल्सोमाथि लाइमका रूखहरू-को छहारीमा राखिएको थियो। त्यहाँबाट खोल्सोपारि-

पट्टिको जङ्गल र खेतको दृश्य हामी राम्ररी नै देख्न सक्थ्यौं। सेर्गेइ मिखाइलिच तीन दिन यतादेखि हामीकहाँ आएका थिएनन् र त्यस दिन हामी उनैको प्रतीक्षामा पनि थियौं। त्यसमा पनि अझ उनी खेतको रेखदेख गर्न आउँदै छन् भनेर हाम्रो पटवारीले खबर ल्याएको थियो। एक घण्टा जति पछि त हामीले उनलाई घोडामा चढेर रईको फाँट चहारिरहेको पनि देखिहाल्यौं। कात्याले केही आरू र चेरीहरू ल्याउन भनी अह्राई। सेर्गेइ मिखाइलिचलाई यी फलफूलहरू निकै मन पर्थे। कात्याले मुरकुराएर मतर्फ पुलुक्क हेरी र बेन्चमा यसो पल्टेको पल्टचै एकै छिनमा उँघ्न थालिहाली। रसदार पात र चोपिलो बाक्लो बोक्रा भएको एउटा मोटो र बाङ्गो डाँठ लाइमको रूखबाट चुँडेर मैले लिएँ र यसले गर्दा लाइमको चोप मेरो हातमा च्याप्प च्याप्प लाग्यो। त्यसै लाइमको सिप्किनोले कात्यालाई हम्कँदै म एउटा किताब पढिरहेकी थिएँ। खेतको बीचमा तन्किएको त्यसै सडकतर्फ म बेला बेलामा पुलुक्क पुलुक्क हेर्दै थिएँ जहाँ उनी देखा पर्ने सम्भावना थियो। लाइमको एउटा बूढो रूखको फेदमा सोन्या आफ्ना पुतलीहरूको लागि घर बनाएर खेल्दै थिईं।

दिन निकै रापिलो थियो र उकुसमुकुस तथा हपहप लाग्दै थियो। बतास कत्ति पनि चलिरहेको थिएन। आकाशमा बादलका केही टुक्राहरू दगुरादगुर गरिरहेका थिए र बिहानदेखि नै मेघ गर्जने तरखर गर्दै थियो। आँधीबेरी चल्नुअगाडि सधैं जस्तै म आकुलव्याकुल भइरहेकी थिएँ। तर मध्यान्हपछि बादलहरू पर क्षितीजमा मात्रै बाँकी रहन गएका थिए र स्वच्छ आकाशमा सूर्य चम्किरहेको थियो।

आकाशको एक किनारामा मात्र बादल झुम्मिरहेको देखिन्थ्यो र खेतहरूको बुंग उडेको धुलोसम्म नै लतिएर क्षितीजभरि फैलिरहेको घनघोर मेघमालामा कहिलेकाहिं झिलिक्क गर्दै बिजुली चम्केको फिका तडित्रेखा देखिनेगर्थ्यो। त्यस दिन कमसेकम हाम्रो इलाकातिर त हुरीबेरी चल्नेछैन भन्ने स्पष्ट भैसकेको थियो। म त्यहाँ नै बसेर बगैंचाको पछिल्तिर देखा पर्ने सडकका खण्डहरूतर्फ दृष्टि दिंदै थिएँ। त्यहाँ एकातिरबाट छ्वालीका मूठाहरूले चुलिने गरी टन्न भरिएका गाडाहरूको ताँती चुइँ चुइँ गर्दै बिस्तार-बिस्तार घिस्रिरहेको देखिन्थ्यो भने अर्कोतिरबाट चाहिं रित्ता गाडाहरू खटखट गर्दै छिटो छिटो दगुरिरहेका देखिन्थे। ती गाडाहरूमा रहेका मानिसहरूका गोडाहरू हल्लिरहेका हुन्थे भने तिनले लगाइराखेका कमीजहरू हावामा फरफराइरहेका हुन्थे। बुंग उडेको धूलोको कुइरीमण्डल चाहिं न उडेर अलप हुन्थ्यो, न त भुइँमा नै थेग्रिएर बस्थ्यो, बरू डँडालीको बारपछिल्तिर बगैंचामा उम्रिरहेका रूखका हाँगा र पातहरूको माझमा तलतलसम्म झुम्मिरहेको देखिन्थ्यो। पर अन्न चुट्ने खलोमा पनि त्यही गुनगुन, गाडाका पाङ्ग्राहरूको त्यही खटखट सुनिन्थ्यो। कठबारनजिकैबाट बिस्तारै अगाडि सरिरहेका छ्वालीका त्यही पहेंला कुन्यूहरू त्यहाँ आकाशमा हुत्याइन्थे। अनि मेरो आँखासामुन्ने नै छानाहरू टड्कारै देखिने गुम्बजाकार घरहरू प्रकट हुन्थे जहाँ किसानहरू झुम्मिरहेका देखिन्थे। मेरो अगाडि फैलिरहेको धुलौटे खेतमा पनि गाडाहरू ओहोरदोहोर गरिरहेका थिए। त्यहाँ पनि त्यही पहेंला कुन्यूहरू देखिन्थे, अनि पाङ्ग्राको त्यही खटखट, मानिसहरूको त्यही गुनगुन र लयदार गीतका

छाँकीहरू सुनिन्थे। एक छेउबाट खेतहरूको साँधमा उम्रिरहे-को सोमराजको झाडीसहित बाली काटिसकेपछि बाँकी रहेको नलको धरो झन्झन् फराकिलो हुँदै गइरहेको देखि-न्थ्यो। दायाँतर्फ तल रङ्गीचङ्गी लुगा लगाइराखेका बेनाल्नीहरू काम गरिरहेका देखिन्थे। उनीहरू बाली काटिएको खेतमा छताछुल्ल परिरहेका अन्नका बालाहरू समेट्दै कुन्यू लगाउँदै थिए। उनीहरू घरी निहुरिन्थे, घरी हात यताउति हल्लाउँथे र अस्तव्यस्त खेतको फाँट सफा हुँदैजान्थ्यो र त्यहाँ ठाउँ ठाउँमा लहरै रमाइला कुन्यूहरू ठड्याइएका हुन्थे, मानौं हेर्दाहेर्दै नै ग्रीष्मऋतु एकाएक शरद्मा परिवर्तित भएको होस्! बगैंचाको त्यो रमणीय स्थल, जहाँ हामी बसिरहेका थियौं त्यसको कुरा नगर्ने हो भने अन्यत्र जताततै नै धूलो र गर्मीको राज्य थियो। हाम्रो चारैतिर व्याप्त त्यस धूलो र गर्मीमा घामको प्रचण्ड रापमुनि किसानहरू खलबल र गुनगुन गर्दै थिए, स्म्याङफस्याङ गर्दै काम पनि सक्याउँदै थिए।

शीतल छहारीमा राखिएको हामी बसेको बेन्चमा नै कात्या चाहिं मलमलको सेतो रूमालले मुख छोपेर मस्तसंग घुरघुर गर्दै थिई। रिकापीमा राखिएका चेरीका पाकेर काला भएका गेडाहरू रसिला र चम्किला देखिन्थे। हामीले घाममा लगाइराखेका जम्फरहरू पनि क्या सफासुग्घर थिए! कुनो मगमा भरिएको पानी पनि सूर्यको किरणसंग खेलि-रहेको पो हो कि झैं गरेर क्या चम्किलो र रमाइलो देखिन्थ्यो! मलाई अपार आनन्द लागिरहेको थियो। 'के गर्न सकिन्छ र?'—म मनमनै सोचिरहेकी थिएँ।—म यतिबिघ्न सुखी भएकोमा मेरो के नै दोष छ र? तर

अरूलाई पनि आफ्नो सुख कसरी बाँड्न सकिन्छ होला? कसलाई र कुन तरीकाले म स्वयं आफू र आफ्नो सारा सुख पनि सुम्पिदिन सकुँला? ..'

उद्यानपथको हाराहारीमा उभिरहेका भोजपत्रका रूखहरू-को टुप्पापछिल्तिर सूर्य ढल्किसकेको थियो र यसरी छड्के प्रकाश परेको हुँदा टाढा टाढासम्म छर्लङ्ग र स्पष्ट देख्न सकिन्थ्यो। धूलो पनि अब त खेतमा झरिसकेको थियो। आकाशमा बादल पनि एकदमै फाटिसकेको थियो। रूखहरू-को पछाडि खलोमा चाहिं नयाँ कुन्यूका अरू तीनवटा छानाहरू थपिइसकेका थिए र किसानहरू त्यहाँबाट तल पनि ओर्लिसकेका थिए। गाडाहरू खटखट गर्दै दगुरिरहेका थिए र त्यसमा बसेका मानिसहरू जोड जोडले कराइरहेका थिए। सके त्यस दिनको त्यो उनीहरूको अन्तिम दगुराइ थियो। हेंगा काँधमा बोकेका र हँसिया काखी च्यापेका खेताल्नीहरू भए भरको स्वर निकालेर गीत गाउँदै घरतिर फर्किरहेका थिए। सेर्गेइ मिखाइलिच भने अझै आइपुगेका थिएनन्। उनी थुम्कोबाट तलतिर झरेको चाहिं धेरै पहिले नै मैले देखिसकेकी थिएँ। एक्कासि उद्यानपथमा उनको आकृति झलक्क देखा पऱ्यो। त्यतातिरबाट उनी आउनेछन् भन्ने त मैले चिताएकै पनि थिइनँ (खोल्सोको एक फन्को मारेर उनी त्यहाँ पुगेका थिए)। हँसिलो र चहकिलो मुख लगाएर उनी मतिर नै ढल्किढल्की आइरहेका थिए। टोप चाहिं उनले शिरबाट फुकालेर हातमा लिइराखेका थिए। कात्यालाई सुतिरहेकी देखेर उनले ओंठ टोके, आँखा पनि चिम्म गरे र बिस्तारै चाल मार्दै अगाडि लम्किए। उनी अकारण नै विशेष आनन्दको मुद्रामा छन्

भन्ने तत्कालै मैले चाल पाइहालें। उनको यस्तो रमाइलो मुखमुद्रा मलाई असाध्यै मन पर्थ्यो र हामीले त्यसलाई भय र हर्षोन्माद भन्ने नाउँ दिएका थियौं। उनी त्यो अन्न जस्तै देखिन्थे जो स्कूलबाट छुट्टी पाएर आएको होस्! शिरदेखि पैतालासम्म नै उनको सारा तनमन अपार आनन्द, अति हर्षोल्लास र बालसुलभ स्फूर्तिले पुलकित थियो।

"नमस्कार है, युवा सुमन! कस्तो छ चालामाला? राम्रै त छ होला, हैन?.."—उनले मनेरै आएर मेरो ह्रान मिच्दै कानेसाउतीको स्वरमा सोधे। अनि मेरो सोधाइको पनि जवाफ फर्काउँदै उनले थपे—"मलाई त राम्रै छ! आजै त तेह्र पुग्यो भर्खर। लुकामारी खेल्ने र रूख चढ्ने पो रहर लागेको छ!"

"भय र हर्षोन्माद कि?"—उनको हँसिलो आँखातिर ताक्दै मैले भनें। साँच्चै, त्यो भयङ्कर हर्षोन्माद त मलाई पनि सरिरहेको जस्तो मैले अनुभव गरें।

"हो!"—कर्के नजरले मतिर हेर्दै र ओंठसम्म टप्किनखेको मुस्कान समेत रोक्तै उनले भने।—"तर कातेरिना कार्लोभ्नाको नाकमा त किन हिर्काउनु नि?"

उनीतर्फ हेरेको हेऱ्यै सिप्किनोले हम्कन पनि चालू नै राखेकोले मैले त कात्याको रूमाल समेत एकातिर पन्छ्याइनखेकी रहिछु र पातले उसको मुखमा मुसारिरहेकी पो रहिछु! मलाई त यसको होशै भएन। म हाँस्न थालें।

"आफू निदाउँदै ननिदाएको कुरा बताउली नाइँ अब उसले!"—कात्या ब्युँझिनहालोस् भने झैं गरी मैले कानेखुसी गर्दै भनें। तर वास्तविक कारण चाहिं यो थिएन, बरू उनीसंग कानेसाउती गर्नमा पो मलाई मजा लागिरहेको थियो।

मलाई गिज्याउँदै उनले यसरी ओंठ चलाए, मानौं म

ज्यादै अस्पष्ट स्वरमा कानेखुसी गरिरहेकी होऊँ र मेरो खासखुसबाट उनले केही पनि बुझ्दै नबुझेको होस्! अनि टेबुलमा चेरीको रिकापी देखेर उनले चाल नपाइने किसिमबाट त्यसलाई आफ्नो हातमा लिए र लाइमको रूखमुनि सोन्या भएको ठाउँमा गएर उसका खेलौनाहरूमाथि थचक्क बस्न पुगे। शुरूमा सोन्या निकै झोक्किई, तर कसो कसो छिटै नै उनले सोन्यालाई फकाइछोडे र कसले छिटो चेरी खान सक्दो रहेछ भन्ने बाजी समेत थापेर उससंग खेल्न लागिहाले।

"अलिकति चेरी फेरि मगाउँ कि?"—मैले सुझाउ राखें।—"हिंड्नोस्, आफै ल्याउन चाहनुहुन्छ भने जाऔं!"

उनले रिकापी हातमा लिए, त्यसमा पुतली पनि थपक्क राखिदिए र हामी करेसोबारीतिर लाग्यौं। सोन्या पनि हाँस्दै र रमाउँदै हाम्रो पछि पछि लागी र उनको कोटको फेर तान्दै पुतली माग्न थाली। उनले पुतली फर्काइदिए, अनि गम्भीर अनुहार लगाएर मतर्फ हेरे।

"अँ, तपाईं त साँच्चै नै हिमसुमन हुनुहुँदो रहेछ!"—उनले सुस्त सुस्त मलाई भने, यद्यपि कोही निद्रा खजमजिएर ब्युँझला भन्ने कुनै डर थिएन त्यहाँ।—"यस्तो धूप, धूलो र धपेडी भोगेर तपाईंकहाँ आउँदा हिमसुमनको नै मीठो बास्ना आयो। मगमग सुवास छर्ने हिमसुमन होइन, बरू त्यो पहिलो अति नै सानो र अझै पूरा फक्रिनसकेको नीलो हिमसुमन जसबाट पग्लिन थालेको हिउँ र वसन्तकालीन झारपातको सुगन्ध पनि आउँछ!"

"बालीनाली भित्र्याउने चटारो कस्तो चलिरहेछ नि?"—

उनको वचनले ममा उत्पन्न गरेको ग्रानन्दी भाव लुकाउन खोज्दै मैले सोधें।

"सबै ठीक छ! यी मानिसहरू जे गर्छन् सबै ठीकै गर्छन्! जति बढ्ता उनीहरूको बारेमा थाहा पाइन्छ त्यतिकै ज्यादा प्रेम पनि गर्न मन लाग्छ!"

"हो!"—मैले सही थापें।—"तपाईं ग्राउनुभन्दा अगाडि मैले पनि बगैंचाबाट उनीहरूको कामको निगरानी राखेकी थिएँ। अचानक मलाई लाज समेत लागेर ग्राएको थियो। उनीहरू पसीना काढेर काम गर्ने रे, ग्राफू भने रमाइलो मानेर हेरिरहने! .."

"हे, प्यारा! यसरी नखरा पार्नुपर्दैन! .."—उनले मेरो कुरा बीचैमा काटेर गम्भीर किन्तु स्नेहालु ग्राँखाले मलाई हेर्दै भने।—"यो पवित्र कुरा हो! कुनै हालतमा पनि यस्तो भावना लिएर घमण्ड गर्नुहुँदैन!"

"तर मैले त तपाईंलाई मात्रै पो यो कुरा भनेकी हुँ!"

"हो, मलाई थाहा छ। ग्रँ, खै त चेरी?"

करेसोबारीको ढोका थुनिएको थियो। बगैंचाको हेरचाह गर्नेहरूमध्ये कोही पनि त्यहाँ थिएन (ती सबैलाई उनले त बाली भित्र्याउने काममा सघाउन भनेर खेततिर पठाइ-सकेका रहेछन्)। साँचो ल्याउन भनेर सोन्या दगुरिहाली। तर उसको बाटो हेरेर बस्नुको सट्टा उनी त पर्खालमाथि गै चढे, ग्रनि त्यहाँको छेको उठाएर ग्रर्कोपट्टि बुर्लुक्क उफ्रिहाले।

"चेरी चाहनुहुन्छ, हैन? खै, ल्याउनोस् रिकापी!"—उताँबाट उनले कराएर भनेको सुनियो।

"नाइँ, म त आफैं टिप्न चाहन्छु। म तुरुन्तै साँचो लिएर आउँछु। सोन्याले के भेट्टाउली र! .."—मैले जवाफ दिएँ।

तर त्यत्तिकैमा मलाई त्यहाँ उनी के गर्दैछन् भन्ने हेर्ने इच्छा भयो। कसैले देख्दैन भन्ठानेर उनी कसरी हिंड्दा रहेछन् र कसरी हेर्दा रहेछन्? साँच्चै भन्ने हो भने मैले त्यतिखेर उनी मेरो आँखाबाट ओझेल भैहालुन् भन्ने पटक्कै चाहेकी थिइनँ। पर्खालको घाँचमा उम्रिरहेका सिस्नोका झ्याङ्हरू छिचोल्दै म अर्कोतर्फ पुगें जहाँ पर्खाल केही होचो थियो। अनि पर्खालको अग्लाइ मेरो छातीसम्म मात्र पुग्ने किसिमबाट रित्तो आरीमाथि उभिएर म पर्खालमा निहुरिएँ र भित्रपट्टि हेर्न लागें। मैले भित्री बगैंचामा चारैतिर नजर दौडाएँ जहाँ रसिला काला दानाहरूले लटरम्म झुलिरहेका चेरीका पुराना गठिला रूखहरू र चुच्चे पातहरू देखिन्थे। छेकोमुन्तिर टाउको घुसारेर हेर्दा मैले एउटा बूढो रूखको बाङ्गो हाँगामुनि सेर्गेइ मिखाइलिचलाई देखें। सके उनले म त्यहाँबाट गइसकेकी छु र कसैले पनि चियो लिइरहेको होवैन भन्ने ठानेका हुँदा हुन्! टोप फुकालेर आँखा चिम्लेर उनी रूखको कापमा बसिरहेका थिए र चेरीको एक टुक्रा गुँद हातमा लिएर बाटुलो गुच्चा बनाउँदै थिए। एकाएक उनले आफ्नो कुम हल्लाए, अनि केही गुनगुनाउँदै आँखा खोले र मुसुक्क हाँसे। त्यो गुनगुन र त्यो मुस्कान उनको जस्तो पटक्कै लागेन मलाई। फेरि आफूले यसरी उनको चियो लिइरहेकोमा पनि मलाई थक्क लागेर आयो। मलाई के लाग्यो भने उनले गुनगुनाउँदै भनेको शब्द थियो—"माशा!" 'यो त हुन सक्तैन!'—

मैले मनमनै विचार गरें। "प्यारी माशा!"–उनले अझ मुस्तरी र अझ बढ्ता प्रेमभावले दोहोऱ्याए। यी दुवै शब्द मैले प्रष्टसित सुनेकी थिएँ। मेरो मुटु जोडले धुकधुक चल्न थाल्यो र एक तमासको बेचैनी पनि भयो, मानौं प्रतिबन्धित आनन्दले म आक्रान्त भएकी होऊँ! आनन्दले मेरो टाउको चक्कराउन थाल्यो र माथिबाट ग्वार्लाम्म तल नखस्न र आफूले चियो लिइबसेको समेत थाहा नदिन भनेर म बेसरी पर्खाल अठ्याउन पुगें।

मेरो चलमल उनको कानमा परिहाल्यो र झसङ्ग हुँदै उनले पुलुक्क मतिर हेरे। अनि मुख रातो पार्दै उनले फेरि आँखाको पटल बन्द गरे र एउटी सुकुमारी झैं लाजले भुतुक्क भए। मलाई उनी केही भन्न चाहन्थे क्या रे! तर बक नै फुटिरहेको थिएन। उनको मुखमण्डल झन् झन् चहकिलो भएर आयो। उनले मुस्कुराउँदै फेरि मतर्फ हेरे। म पनि मुसुक्क हाँसें। उनको चेहरामा आनन्दको भाव छचल्कियो। अब उनी त्यो अधबैंसे मान्छे रहन गएका थिएनन् जो मलाई लाडप्यार गर्थे र अतिउपदेश पनि दिन्थे। अब त उनी म सरहकै दौंतरी बन्न पुगेका थिए। उनी मलाई प्रेम गर्थे र मसित डराउँथे भने म पनि उनीसंग डराउँथें र उनलाई प्रेम गर्थें। हामीले केही पनि बोलेनौं, मात्र एक अर्कालाई टुलुटुलु हेरिरह्यौं। अचानक उनको चेहरा मलिन भयो, उनका आँखाको टलक र मुस्कान पनि बिलाएर गयो र फेरि उनले पुरानै पितृसुलभ र रूखो स्वरमा मलाई सम्बोधन गरे। उनी मसित यसरी कुरा गरिरहेका थिए, मानौं हामीले कुनै बिराम गरेका होऔं! आफूले चाहिं आत्मसंयम कायम गरिसकेको बोध

घराउँदै मानौं मलाई पनि उनी यस्तै गर्ने सल्लाह दिइरहेका होउन् !

"ओर्लनुस्, ल! लड्नुहोला है!"—उनले भने।—"ऑं, कपाल पनि तह लाउनोस्! एक फेरा आफ्नो अनुहार त ऐनामा हेर्नोस्!"

'किन उनी यस्तो बहाना बनाउँदै छन्? किन उनी मेरो मनमा चोट पुऱ्याउँदै छन्?'—मैले झर्किएर मनमनै विचार गरें। त्यतिखेर नै मेरो मनमा उनलाई अझ एकपटक लाजमर्नु पार्ने र उनमाथि आफ्नो शक्तिको फेरि परीक्षा गर्ने प्रचण्ड इच्छा जागेर आयो।

"खै, म आफै केही चेरी टिप्न चाहन्छु!"—यति भनेर मैले नजिकैको हाँगा समातें र उफ्रेर गोडाले पर्खालको आड लिन पुगें। उनले आफ्ना हात पसारेर मलाई मद्दत गर्न नपाउँदै म तल उफ्रेर भित्री बगैंचामा पुगिहालें।

"कस्तो नचाहिने काम गर्नुहुन्छ हैं तपाईं त?"—एक्कासि उनको मुखबाट यी शब्दहरू निस्किए। फेरि उनी लाजले भुतुक्क भए र झर्केको बहाना गर्दै आफ्नो बिखलबन्दता लुकाउने प्रयास गर्न थाले।—"चोटपटक लाग्न पनि त सक्थ्यो! लौ, भन्नोस्, अब कसरी यहाँबाट बाहिर निस्कनुहुन्छ तपाईं?"

पहिलेभन्दा उनी अझ बढी लज्जित देखिए, तर अब उनको व्यग्रताले मलाई आनन्दित तुल्याएन, बरू भयभीत पाऱ्यो। अब लज्जित हुने पालो मेरो थियो। लाजले गर्दा मेरो मुख रातै भयो र उनका आँखामा सोझै हेर्ने पनि मलाई आँट भएन। म के गर्ने, के नगर्ने भनेर अकमक्क परिरहेकी थिएँ र धमाधम चेरी टिप्न लागें। मसंग चेरी

राख्ने भाँडो भने थिएन। मलाई के भान परिरहेको थियो भने कतै आफ्नो व्यवहारले गर्दा मैले उनको आँखासमक्ष आफूलाई निकै तल त गिराइनँ। ठूलो पश्चात्ताप भयो, आफूले आफैंलाई धिक्कार्न लागें र मलाई डर समेत लागिरहेको थियो। हामी दुवै मौन थियौं र हामी दुवैलाई उत्तिकै अपठ्यारो लागिरहेको थियो। साँचो लिन गएकी सोन्याले फर्केर आएपछि हामीलाई यस कठिन अवस्थाबाट छुट्कारा दिई। त्यसको निकै बेर पछिसम्म पनि हामीले एक दोस्रालाई केही पनि भनेनौं र सोन्यासित मात्रै कुरा गर्दैरह्यौं। जब हामी कात्याकहाँ फर्केर आयौं त्यतिखेर उसले के भनेर विश्वास पार्न खोजी भने ऊ निदाएकी त पक्कै पनि थिइन र सबै कुरा एक एक सुनेकी थिई। त्यसपछि मात्र मेरो व्यग्रता केही बिलाएर गयो र उनले पनि फेरि अभिभावकको नाताले पितृसुलभ स्वरमा कुरा गर्ने प्रयास गरे, परन्तु उनले स्वरमा स्वाभाविकता झल्काउन सकिरहेका थिएनन्, न त म नै भ्रममा परेकी थिएँ।

केही दिनअगाडि भएको कुराकानी अहिले म सम्झिरहेकी थिएँ। आइमाईलाईभन्दा लोग्नेमान्छेलाई प्रेमको अभिव्यक्ति गर्न सजिलो पर्छ भन्ने कात्याको तर्क थियो।

"लोग्नेमान्छेले त प्रेम गर्छु समेत भन्न सक्छ, तर आइमाईले सक्तैन।"– कात्याले भनेकी थिई।

"मलाई लाग्छ, लोग्नेमान्छेले पनि म प्रेम गर्छु भनेर भन्नु हुँदैन र भन्न पनि सक्तैन।"–सेर्गेइ मिखाइलिचले जवाफ दिएका थिए।

"किन र?"–मेरो सोधाइ थियो।

"किनभने यस्तो कुरा अक्सर झूठो साबित हुन्छ!

मान्छेले म प्रेम गर्छु भनेर घोषणा गर्नु कस्तो रहस्योद-घाटन हो? मानौं, यस्तो भन्नेबित्तिकै "खिटिक्क" भैहा-लोस् र उसले प्रेम पनि गर्न थालिहालोस्! मानौं, उसले यो शब्द उच्चारण गर्नेबित्तिकै कुनै चमत्कार भैहालोस् वा अनौठो कुरा घटिहालोस्! के यो एकैपल्ट सैयौं तोपको बडाइँ गर्नु झैं हो र?" – उनले अगाडि थपे। – "जहाँसम्म मलाई लाग्छ, जो 'म तपाईंलाई प्रेम गर्छु' भनेर भव्यताका साथ उच्चारण गर्छ उसले या त आफैलाई धोखा दिइरहेको हुन्छ, या त यसभन्दा पनि खराब काम गर्छ अर्थात् अरूहरूलाई धोखा दिन्छ!"

"तर भन्दै नभन्ने हो भने एउटी आइमाईले आफूलाई प्रेम गरिएको कुरा कसरी थाहा पाउन सक्छे त?" – कात्याको प्रश्न थियो।

"त्यो त मलाई थाहा छैन!" – उनले जवाफ दिए। – "हरेक मान्छेको आफ्नै बोलीवचन हुन्छ। कुनै भावना छ भने त्यसले अवश्यमेव नै अभिव्यक्ति पाइहाल्छ। उपन्यास-हरू पढ्दा म जहिले पनि के विचार गर्ने गर्छु भने लप्टन स्त्रेल्स्की वा अल्फ्रेडको अनुहारमा त्यतिखेर कस्तो बिखलबन्द-ता झल्कँदो हो जतिखेर उसले कुनै अनौठो कुरो भैहाल्नेछ भन्ठानेर 'एलेओनोरा, म तिमीलाई माया गर्छु!' भनी भन्नेछ, तर न आफूमा, न त उसैमा नै कुनै परिवर्तन भएको देख्नेछ अर्थात् त्यही आँखा, त्यही नाक र सबै कुरा त्यही त्यही नै!"

उनको यस ठट्टाको कुनै गम्भीर अर्थ होला जुन मसित सम्बन्धित पनि हुन सक्छ भन्ने त्यस बेला मैले ठानेकी थिएँ। परन्तु कात्या चाहिं उपन्यासका नायकहरूको

सन्दर्भमा कसैलाई पनि हलुका तवरले कुरा गर्न दिने पक्ष्यमा पटक्कै थिइन।

"जहिले पनि यस्तै बेसारे कुरा!"—उसले भनी।—"लौ त, कत्ति नढाँटीकन भन्नोस्! के तपाईंले आफै कहिल्यै पनि कुनै आइमाईलाई आफूले प्रेम गरेको कुरा भन्नुभएकै छैन त?"

"कहिल्यै भनेको छैन, न त एउटै मात्र घुंडाले टेकेर नै उभिएको छु!"—उनले हाँस्दै भने।—"कदापि यस्तो गरिने छैन!"

'हो, उनले मलाई प्रेम गर्छु भनेर भन्नै पनि त पर्दैन!'—त्यस कुराकानीको सम्झना गर्दै अहिले म सोच्दै थिएँ।—'मलाई उनी प्रेम गर्छन्। यो त मलाई त्यसै पनि थाहा छ! उनले जस्तोसुकै बेवास्ता देखाउन खोजे पनि मलाई यस कुरामा सन्देह हुनै सक्तैन।'

त्यस साँझ उनले मसित उतिसारो बोल्दा पनि बोलेनन्। तर कात्या र सोन्यालाई भनिएको उनको हरेक शब्दमा, उनको हरेक चालढालमा, उनको हरेक कटाक्षमा मैले त प्रेमकै अभिव्यक्ति पाइरहेकी थिएँ र यसमा मलाई किञ्चित् पनि शङ्का छैंदै थिएन। तर किन उनी यस कुरालाई लुकाउन खोज्छन् र किन बेवास्ताको भाव झल्काउने बहाना गर्दैछन्, जब सबै कुरा त्यसै पनि छर्लङ्ग भैसकेको छ र जब विश्वासै समेत गर्न नसकिने किसिमबाट सहजै र सजिलैसंग सुखी हुन सकिन्छ? मलाई उनको निम्ति खेद र अपसोच खालि यत्तिकै कुराको मात्र थियो। तैपनि बगैंचामा उनी भएठाउँ हाम्फालेर गएको कुराले भने मबाट एउटा अक्षम्य अपराध नै हुन गए झैं गरी

मलाई सताइराखेको थियो। यसैले गर्दा उनले अब मलाई तिरस्कार गर्नेछन् र मसित त उनी रिसिइ पनि सकेका छन् भन्ने मलाई खूब पीर परिरहेको थियो। बियापानपछि म पेनोबाजानेर गएँ। उनी पनि मेरो पछि पछि आए।

"कुनै संगीत सुनिहालौं न! धेरै भयो तपाईंको गानाबजाना नसुनेको!"—बैठक कोठामा नै मलाई भेट्टाएर उनले भने।

"म पनि यही चाहन्थें... सेर्गेइ मिखाइलिच!"—एकाएक उनको आँखामा सोझै गडेर हेर्दै मैले भनें।—"तपाईं रिसाउनु त भएको छैन मसित?"

"किन रिसाउने?"—उनले उल्टै प्रश्न गरे।

"किनभने दिउँसोको खाना खाइसकेपछि मैले तपाईंको अदब नै राखिनँ!"—मैले लाजले रातो मुख पार्दै भनें। उनले मेरो तात्पर्य बुझिहाले। अनि टाउको हल्लाएर मुसुमुसु हाँसे। झपार्नु त खूब झपार्नुपर्ने हो नाइँ भन्ने उनको कटाक्षले भनिरहेको थियो, तर यस्तो शक्ति आफूमा नभएको जस्तो उनी अनुभव गर्दै थिए।

"सबै कुरा ठीकै छ त? अब फेरि हामी मित्र बन्यौं त?"—पेनोबाजाको अगिल्तिर आसन जमाउँदै मैले भनें।

"अवश्य!"—उनले जवाफ दिए।

फराकिलो र अग्लो कोठामा खालि पेनोबाजामाथि मात्रै दुईवटा मैनबत्ती पिलपिल गर्दै बलिरहेका थिए। कोठाको अरू बाँकी ठाउँमा मद्धिम अँध्यारो व्याप्त थियो। ग्रीष्मकालीन चहकिलो रातले खुला झ्यालहरूबाट भित्र चियाइरहेको थियो। जताततै सूनसान थियो। यदाकदा भुईंमा ठोकिएका चिल्ला चिर्पटहरूमा कात्याको पदचाप सुनिन्थ्यो अथवा झ्यालमुन्तिरै बाँधिएको सेर्गेइ मिखाइ-

लिचको घोडाको हिनहिनाहट र खुरले घाँसमा कोत्रेको स्यारस्यारको आवाजले मात्रै निस्तब्धता भंग गरिदिन्थ्यो।

उनी मेरो पछिल्तिरै बसिरहेका थिए। तसर्थ म उनलाई देख्न सक्तिनथें। परन्तु त्यस मद्धिम अँध्यारो कोठामा सबैतिर, संगीतको लयमा र अझ स्वयं मभित्र समेत उनको उपस्थितिको आभास भइरहेको थियो मलाई। उनको प्रत्येक कटाक्ष र उनको प्रत्येक चाल मेरो हृदयमा प्रतिबिम्बित भइरहेको हुन्थ्यो, यद्यपि म उनलाई देख्न सक्तिनथें। मैले मोजार्टको सनेट संकल्पना बजाएँ। त्यसको स्वरलिपि उनले नै मेरो निम्ति ल्याइदिएका थिए र त्यसलाई उनकै लागि र उनकै उपस्थितिमा मैले बजाउन पनि सिकेकी थिएँ। जुन धून म बजाइरहेकी थिएँ त्यसको बारेमा म सोचिरहेकी थिइनँ। परन्तु मैले राम्रैसित बजाएको हुनुपर्छ र त्यो उनलाई मन पनि परेको हुनुपर्छ भन्ने मलाई आभास भने भइरहेको थियो। जुन आनन्द उनले पाइरहेका थिए त्यसको म अनुभव गर्दैथिएँ र उनलाई नदेखे पनि मेरो पछिल्तिरबाट ममाथि परिरहेको उनको दृष्टिको पनि मलाई राम्रै बोध भइरहेको थियो। अवचेतन रूपमा पेनोबाजाका पर्दाहरूमा औंलाहरू दौडाउँदै अनायास उनलाई म पुलुक्क हेर्न पुगें। जुनेली रातको पृष्ठभूमिमा उनको शिरको आकृति प्रष्ट खुलेको थियो। हातको अडेसोमा टाउको अड्याएर उनी चम्किला नेत्रले मतर्फ निर्निमेष हेरिरहेका थिए। उनको त्यो भावुक नजर देखेर मुस्कुराउँदै मैले पेनो बजाउन टक्क रोकें। उनी पनि मुसुक्क हाँसे, अनि टाउको हल्लाउँदै मलाई पेनो बजाउन नरोक्ने इशारा गरे।

मैले सनेट बजाउन पूरा गरुन्जेल त जून पनि आकाशमा

निकै माथिसम्म चढिसकेको थियो। कोठामा पनि मैनबत्तीको मधुरो प्रकाशको अतिरिक्त झ्यालबाट अर्कै टहटह सेतो उज्यालो पनि भित्रिएको थियो र कोठाको भुइँमा त्यसको बिम्ब परिरहेको थियो। मैले ताल मिलाएर पेनो बजाउन रोकेको जस्तो छैन र मैले बजाएको पनि उतिसारो राम्रो भएन भनेर कात्याले टीकाटिप्पणी गरी। तर यसको विपरीत मैले यति राम्रोसंग पेनोबाजा कहिल्यै पनि बजाएकी नै छैन भनेर उनले प्रतिवाद गरे। अनि उनी एक कोठा-बाट अर्को कोठामा ओहोरदोहोर गर्न लागे। घरी उनी बैठककोठामा जान्थे त घरी फर्केर फेरि त्यही अँध्यारो कोठामा आउँथे। हरेकपल्ट उनी मतर्फ एक नजर दौडाएर मुसुक्क हाँस्थे। म पनि मुस्कुराइदिन्थें। साँच्चै भन्ने हो भने म त अकारण नै हाँस्न समेत चाहन्थें। किन हो कुन्नि, म असाध्यै रमाएकी थिएँ। आज भर्खरै, अहिले भर्खरै घटेको कुनै घटनाले गर्दा नै मैले त्यस्तो अपार आनन्दको अनुभव गरेकी थिएँ। दैलोको संघार नाघेर उनी बाहिरिने-बित्तिकै म कात्यालाई अङ्कमाल गर्न पुगिहाल्थें। ऊ पेनो-बाजाका बगलमा ठिक्क उभिइरहेकी थिई। उसलाई अँगालोमा कसेर म आफूलाई बिघ्नै मन पर्ने उसको च्यापुमुन्तिरको कमलो घाँटीमा बेसरी म्वाइँ खान थाल्थें। तर जब उनी फर्केर कोठामा आइपुग्थे, तब गम्भीर मुखमुद्रा बनाउँथें र बलजफ्ती हाँसोलाई रोकेर राख्ने जमर्को गर्थें।

"उसलाई के भएको हो आज?"—कात्याले सेर्गेइ मिखाइलिचसंग सोधी।

उनले यसको कुनै उत्तर नदिई मलाई गिज्याइरहे। मलाई के भइरहेको छ भन्ने कुरा उनलाई यथार्थ थाहा थियो।

"हेर्नु त होस्, क्या राम्रो रात छ!"–बगैंचातर्फ फर्केको बार्दलीको खुला ढोकाअगाडि उभिएर बैठककोठा-बाट उनले भने।

उनी उभिएकै ठाउँमा हामी पनि पुग्यौं। त्यो साँच्ची नै यस्तो रमाइलो रात थियो जस्तो पछि मैले कहिल्यै पनि देख्न पाइनँ। घरमाथि सोझै आकाशमा पूर्णचन्द्र चम्किरहेको थियो र हाम्रो पछिल्तिर पर्ने हुँदा त्यसलाई हामी देख्न भने सक्तैनथ्यौं। बरण्डाको आधा छाना, खम्बा र त्रिपालको छड्के छायाँ en raccourci* बलौटे बाटो र फूलको क्यारीमा परिरहेको थियो। अन्यत्र सबै ठाउँमा उज्यालो छाइरहेको थियो र शीतका रजत कणहरूमा जूनको टक परेर चाँदी झैं टल्किरहेको थियो। फूलबारीको फराकिलो बाटो निकै परसम्म तन्किएर गई तुवाँलोमा विलुप्त भइरहेको भान पर्दथ्यो। चम्किलो र चिसो त्यस बाटोको एकातिर बगलमा लहरै डेलियाका बोटहरू र तिनलाई टेवा दिन ठड्याइएका घोचाका थाँक्राहरूको टेढो छाँया परिरहेको थियो भने अग्लोहोचो त्यसको सतह चाहिं जूनको उज्यालो परेर टल्किरहेको थियो। रूखहरूको पछाडि शीशाघरको सेतो छाना चम्कि-रहेको देखिन्थ्यो भने खोल्साको पारिबाट चाहिं बाक्लो तुवाँलो उठिरहेको थियो। पातहरू झरेर झण्डै नाङ्गिइसकेका हसिनाका बोटहरूको हरेक हाँगा चहकिलो थियो भने शीतले भिजेको हरेक फूललाई पनि बगैंचामा प्रष्टसंग अलगअलग ठम्याउन सकिन्थ्यो। उद्यानपथहरूमा प्रकाश र छाँयाको

---

*टेढो परेर (फ्रेन्च)।–अनु०

कस्तो तारतम्य मिलेको थियो भने बाटोको अगलबगलमा उभिएका रूखहरू कम्पायमान, चमत्कारपूर्ण र पारदर्शक भवन जस्ता प्रतीत हुन्थे। घरको छाँया परेको ठाउँमा दायाँतर्फ सबै कुरा कालो, अनजान र भयङ्कर देखिन्थ्यो। तर त्यस अँध्यारोबाट निस्केर माथि उठेको बनपिप्पलको एउटा रूखको झ्याम्म परेको टुप्पो चाहिं अझ बढी चहकिलो देखिन्थ्यो र त्यो माथि आकाशको नीलिमामा उडेर जानुको साटो किन यसरी घरनजिकै छानामाथि टक्क अडिएर झुण्डिराखेको होला भन्ने मनमा लाग्थ्यो।

"डुल्न जाऔं न!"—मैले सुझाव राखें।

कात्या पनि सहमत भइहाली। उसले मलाई गालोशी* पनि लगाउने सल्लाह दिई।

"पर्दैन, कात्या!"—मैले भनें।—"सेमेइ मिखाइलिचले आफ्नो हातले मलाई आड दिइहाल्नुहुनेछ!"

मानौं यसले गर्दा मेरा मोडाहरू भिज्न पाउनेछैनन्! तर त्यतिखेर सबैले यो कुरा बुझेका थिए र मेरो कथन कसैलाई पनि अनौठो लागेको थिएन। पहिले कहिल्यै पनि मलाई उनले आफ्नो हातको आड दिने गरेका थिएनन्, तर त्यस साँझ मैले स्वयं उनको हात समातें र उनले पनि यसमा कुनै आपत्ति जनाएनन्। हामी तीनै जना बरण्डाबाट तल ओर्लियौं। यो सारा संसार के आकाश, के बगैंचा, के हावा सबका सब त्यसबाट एकदमै भिन्न थियो जुन पहिले मलाई ज्ञात थियो। जुन उद्यानपथमा हामी हिंडि-रहेका थियौं त्यसबाट सोझै अगिल्तिर हेर्दा मलाई के भान

---

* रबरको जुत्ता।—अनु०

भयो भने त्यतातिर अगाडि जानु असम्भव छ, किनभने त्यहाँ सम्भाव्यताको संसार समाप्त भइहाल्छ र त्यसभन्दा अगाडि जे छ त्यसलाई सदाको लागि आफ्नै सौन्दर्यमा बन्द गरिदिनुपर्छ। तैपनि हामी अगाडि बढ्दै गयौं र सौन्दर्यको चमत्कारपूर्ण पर्खाल हटेर गयो। त्यहाँ पनि त्यही रूखहरू, त्यही उद्यानपथहरू, त्यही सुकेका पातहरू भएको हाम्रो त्यही बगैंचा थियो जसबाट हामी सुपरिचित थियौं। वास्तवमा नै हामी उद्यानपथहरूमा डुलिरहेका थियौं। प्रकाश र छाँयाका चक्काहरूमा पाइला सार्दैथियौं, सुकेका पातहरू हाम्रो गोडामुनि सरसर गर्दैथिए र रूखको हरियो हाँगाले मेरो मुखमा कोपर्दैथियो। अनि मेरो बगलमा हलुका पाइला सार्दै वास्तवमा नै उनी हिंडिरहेका थिए र हिफाजतपूर्वक मेरो हात समातेर उनले आड दिइराखेका थिए। अनि हाम्रो साथमा वास्तवमा कात्या नै हिंडिरहेकी थिई र बलौटे बाटोमा ऊ चुइँचुइँ पाइला सार्दैथिई। फेरि निश्चल हाँगाहरू छिचोलेर हामीमाथि उज्यालो छर्ने पनि वास्तवमा त्यही जून मात्र हुन सक्थ्यो जो आकाशमा टहटह चम्किरहेको थियो।

परन्तु पाइला पाइलामा हाम्रो अगिल्तिर र पछिल्तिर फेरि जादूको पर्खाल खडा भइहाल्थ्यो र हामी अझैं अगाडि लम्कन सक्छौं भन्ने मलाई विश्वास नै हुँदैनथ्यो, न त जुन कुरा घटिरहेको थियो त्यसमा नै विश्वास हुन्थ्यो।

"उफ्! भ्यागुता!" – कात्याले कराएर भनी।

'कसले र किन यो भन्दैछ?' – मैले सोचें। तर त्यो कात्याको नै स्वर हो भन्ने पछि मलाई सम्झना भइहाल्यो। भ्यागुतो देखेर कात्या सधैं डराउनेगर्थी। मैले

आफ्नो गोडातर्फ दृष्टिपात गरें। त्यहाँ बाटोको चमकदार बालुवामाथि एउटा सानो छाँया पार्दै एउटा स्यानो भ्यागुतो मेरै अगिल्तिर फुत्त उफ्रेर आइपुग्यो र निश्चल भइहाल्यो।

"तर्सनु त भएन तपाई ?"—उनले सोधे।

मैले पुलुक्क उनीतर्फ हेरें। जुन ठाउँबाट हामी गइरहेका थियौं त्यहाँनिर उद्यानपथमा लाइमको एउटा रूख थिएन र म टड्कारै उनको मुखमण्डल देख्न सक्थें। कति सुन्दर र सुखी थियो उनको अनुहार! ..

'तर्सनु त भएन तपाई ?' भनेर नै उनले सोधेका थिए, परन्तु मैले चाहिं के सुने भनें मानौं उनी भनिरहेका थिए: 'म तिमीलाई प्रेम गर्छु, प्रिया!' उनको नजर र हातको स्पर्शले प्रष्ट पारिरहेका थिए: 'तिमीलाई प्रेम गर्छु!' के प्रकाश, के छाँया, के बतास सबका सब नै यसै कुराको पुष्टि गर्दैथिए।

पूरै बगैंचाको एक चक्कर लगायौं हामीले। आफ्ना स-साना पाइला सार्दै र थाकेर स्वाँस्वाँ गर्दै लुरूलुरू कात्या पनि हाम्रो पछि पछि हिंडिरहेकी थिई। आखिर उसले फर्कने बेला भयो भन्ने कुरा पनि चलाई। उसप्रति मलाई अपार दया जागेर आयो। 'किन ऊ पनि त्यस्तै अनुभव गरिरहेकी छैन जस्तो हामीलाई अनुभव भइरहेको छ ?'—मैले मनमनै सोचें।—'यो रात जस्तै र हामी दुवै जस्तै किन सबै नै युवाहृदयी हुँदैनन्? किन सबै सुखी हुँदैनन्?

हामी घरतिर फर्कियौं, तर अझैं उनले निकै बेरसम्म बिदाबारी हुने विचार गरेनन्, यद्यपि कुखुराहरू पनि बास्ने तरखर गर्दैथिए र घरमा सबै नै मस्तसंग निदाइसकेका थिए। झ्यालमुन्तिर उनको घोडा चाहिं अधीर हुँदै खुरले

बारम्बार भुइँ कोतर्दै थियो र हिनहिनाउँदै पनि थियो। अबेर भइसक्यो भनेर न त कात्याले नै हामीलाई सचेत गराई। हामी नाना थरीका फोस्रा गफहरू चुटिरहेका थियौं र बिहानको तीन बजिसकेको समेत थाहापत्तै नपाईकन त्यहीं बसेर रात छलंगै काटिसकेका थियौं। तेस्रो प्रहरका कुखुराहरू पनि बासिसकेका थिए र उनी फर्केर जाँदासम्म त मिर्मिरे उज्यालो समेत भइसकेको थियो। सधैंको जस्तो सामान्य तरीकाले उनी बिदाबारी भएर गए। कुनै विशेष कुरा पनि उनले भनेका होइनन्। परन्तु अबउप्रान्त उनी मेरा भइसकेका छन् र उनलाई म कदापि गुमाउनेछैन भन्ने कुरा मलाई थाहा थियो। उनलाई प्रेम गर्छु भन्ने मलाई अनुभूति हुनेबित्तिकै मैले सारा कुरा कात्यालाई बताइहालें। ऊ चौपट्टै रमाई र उसप्रति मैले देखाएको विश्वासले गर्दा ज्यादै पुलकित समेत भई। परन्तु त्यस रात पनि ऊ मस्तसंग निदाउन सकेकी थिई। म चाहिं निकै बेरसम्म बरण्डामा नै ओहोरदोहोर गर्दैरहें, अनि बगैंचातिर डुल्न निस्किएँ र उनको हरेक वाक्य र हरेक चालको सम्झना गर्दै तिनै उद्यानपथहरूमा फेरि एक चक्कर लगाएँ जहाँ हामी उनको साथमा घुम्न निस्केका थियौं। आँखा झिमिक्क समेत नगरेर मैले त्यो रात बिताएँ र जीवनमा पहिलो पल्ट मिर्मिरे उज्यालो र सूर्योदयको छटा समेत देखेकी थिएँ। त्यसपछि मैले जीवनभर कहिल्यै पनि फेरि त्यस्तो रात र त्यस्तो बिहान देख्न पाइनें। 'म प्रेम गर्छु भनेर किन उनी मलाई सोझै भन्दैनन्?'—मैले विचार गरें।—'सबै कुरा यति सरल र यति सुन्दर छ, तर उनी थरी थरीका कठिनाइँहरू तेर्स्याउँ-

छन् र आफूलाई बूढो भन्नेगर्छन्? किन उनी यस्तो स्वर्ण मौका गुमाउँदैछन् जुन फेरि कहिल्यै पनि फर्केर नआउन सक्छ? 'म प्रेम गर्छु!'—बस्, यत्ति भनून् न उनी मुखले। अफ्नो हातले मेरो हात समातेर त्यसमाथि आफ्नो शिर झुकाउँदै उनी भनून्: 'म प्रेम गर्छु!' लाजले रातो मुख पारेर मेरो सामु आँखा ठाडो पार्न नसक्ने गरी उभियून् मात्र उनी! त्यतिखेर उनलाई सारा कुरा म आफै भन्नेछु। हैन, भन्ने छैन, बरू गलामा अँगालो हाल्नेछु, छातीमा टाँसिनेछु र बररर आँसु झारेर रूनेछु।' यत्तिकैमा अचानक मेरो मनमा अर्को विचार उब्जियो: 'यदि म भ्रममा परेकी रहिछु र मलाई उनी पटक्कै प्रेम गर्दैनन् भने नि?'

यस विचारले म झस्किएँ। यस्तो भावनाले मलाई कहाँ पुऱ्याउने हो, के थाहा? भित्री बगैंचामा घटेको त्यस घटनाको पनि मलाई सम्झना भएर आयो जुन बेला पर्खाल-बाट हाम्फालेर म उनको अँगालोमा पर्न पुगेकी थिएँ र यसले गर्दा उनी र म दुवै जना लाजले भुतुक्क हुन पुगेका थियौं। यस सम्झनाले गर्दा मेरो मन एक तमासले भारी भएर आयो, मेरा आँखा पनि रसाएर आए र म ईश्वरको प्रार्थना गर्न लागें। अनि मेरो मनमा एउटा अनौठो र सान्त्वनादायी विचार र आशा संचार भयो। त्यसै दिनदेखि नै व्रत-उपासना गर्ने, आफ्नो जन्मदिवसमा सात्विक भोजन गर्ने र त्यसै दिन उनकी दुलही बन्न पनि बाग्दान गर्ने मैले अठोट गरें।

किन, कसरी र कुन कारणले गर्दा यस्तो हुनुपर्ने हो त्यो त मलाई थाहा थिएन, परन्तु यस्तै हुनेछ भन्ने कुरा त्यसै क्षणदेखि नै मलाई बोध भैसकेको थियो र यसमा

म पूर्णतः विश्वस्त पनि थिएँ। दिन राम्रैसित खुलिसकेको थियो र जतिखेर म आफ्नो कोठामा फर्किएँ, त्यतिखेर घरका नोकरचाकरहरू ब्युँझन थालिसकेका थिए।

४

उस्पेन्स्की* पर्वको दिन थियो। यसैउसले त्यस दिन व्रत बस्ने मेरो निर्णयले कोही पनि छक्क परेन।

त्यस साताभरि नै सेर्गेइ मिखाइलिच एकपल्ट पनि हामीकहाँ आएनन्। तैपनि म अचम्ममा परिनँ, न त चिन्तित नै भएँ। उनीसंग म रिसाउँदा पनि रिसाइनँ। बरू उनी न आएकोमा म खुशी नै थिएँ र मेरो जन्मदिनमा मात्र उनको आगमनको म प्रतीक्षा गरिरहेकी थिएँ। त्यस हप्ताभरि नै म बिहान सबेरै उठ्ने गर्थें। मेरो निम्ति घोडा तैयार पारून्जेल म एक्लै बगैंचामा डुल्दै बितेको दिनका आफ्ना पापकर्महरूलाई मनमनै केलाउने गर्थें र कुनै पनि पापकर्म नगरेर पूर्ण सन्तोषका साथ त्यो नयाँ दिन कसरी बिताउने भन्ने योजना बनाउने गर्थें। पापबाट मुक्त हुन अलिकति प्रयास गर्नु नै पर्याप्त हुन्छ भन्ने त्यस बेला मलाई लागेको थियो।

केही बेरपछि काठी बाँधिएका घोडाहरू ल्याइन्थे। अनि कात्याको साथमा अथवा कुनै एउटी सुसारेको साथमा म घोडामा सवार हुन्थें र हामी तीन भेर्स्ता** टाढा रहेको गिर्जाघरतर्फ लाग्थ्यौं। गिर्जाघरभित्र पस्न लाग्दा जहिले

* २८ अगस्तका दिन मनाइने धार्मिक चाड।—अनु०

** अन्दाजी २/३ माइल वा ३५०० फिट।—अनु०

पनि म मनमनै सोच्ने गर्थें: 'ईसाको मनमा त्रास लिई जो पर्छ, धन्य हो!' अनि यस्तै भावना मनमा लिएर म गिर्जाघरको द्वारमण्डपमा घाँस उम्रिरहेका दुई खुड्किला-हरू चढ्ने गर्थें। त्यस बेला गिर्जाघरभित्र किसान आइमाइ-हरू र धाईसुसारेहरूमध्ये व्रत बसेका दसबाह्र जनाभन्दा बढी स्वास्नीमान्छेहरू हुँदैनथे र नम्रतापूर्वक म उनीहरूको अभिवादनको जवाफ फर्काउने पनि गर्थें। अनि म आफै मैनबत्तीको बाकसनेर जाने गर्थें र मलाई त्यतिखेर कुनै बहादुरी गरिरहेको जस्तो अनुभव हुन्थ्यो। म त्यहाँको नाइके एक जना बूढो सिपाहींबाट मैनबत्तीहरू लिन्थें र देवप्रतिमाको अगिल्तिर मैनबत्ती बालेर राखिदिन्थें। गिर्जाघर-को पवित्र द्वारभित्र वेदीको चँदुवा पनि देखिन्थ्यो जुन मेरी आमाले सिएर चढाएकी थिइन्। त्यहाँ देवप्रतिमापट-माथि ललाटमा तारा अङ्कित काठका दुई देवदूतहरू उभ्या-इएका थिए र ती त्यतिखेर मलाई निकै ठूला प्रतीत हुन्थे जब म सानी बालिका नै थिएँ र पहेंलो प्रभामण्डल भएको परेवाले पनि त्यस बेला मलाई निकै नै आकर्षित गर्ने-गरेको थियो। भजनमण्डलीको पछिल्तिर कुच्चिएको त्यो जलपात्र पनि देखिन्थ्यो जसमा कतिपल्ट त मैले नै हाम्रा नोकरचाकरहरूका बालबच्चाहरूको ईसाई धर्ममा दीक्षा-सम्बन्धी जलसंस्कार गरेकी थिएँ र त्यसैमा स्वयं मेरो समेत यस्तै जलसंस्कार गरिएको थियो। मेरो बुबाको शव-पेटिका जुन कपडाले ढाकिएको थियो त्यसैको लबेदा लगाएर बडापादरी बाहिर निस्किए र त्यस्तै स्वर झिकेर स्तोत्र-पाठ गर्न थाले जसरी सोन्याको दीक्षासंस्कारमा, बुबाको श्राद्धमा र आमाको अन्त्येष्ठिमा अर्थात् मलाई थाहा भएसम्म

हाम्रो घरमा सम्पन्न गरिएका कुनै पनि पूजाआजाको बेलामा पाठ गरिएको थियो। भजनमण्डलीमा पनि सेक्स्टनको त्यही चर्को स्वर सुनिंदैथियो। अनि त्यो कुप्रे बुढिया पनि त्यहीं नै थिई जो, जहाँसम्म मलाई सम्झना छ, गिर्जाघरमा जुनसुकै पूजापाठको समयमा पनि भित्तानेर उभिएकी हुन्थी, रसाएका आँखा लिएर भजनमण्डपनेर राखिएको देवप्रतिमातर्फ हेरिरहन्थी र हातका औंलाहरूले आफ्नो बुनौटे रूमाल च्यापेको च्याप्यै छातीनेर क्रसको चिन्ह बनाएर थोते मुखले कुन्नि के के हो गुनगुनाउने गर्थी।

यी सबै कुराहरू अब मेरो लागि कत्ति पनि जिज्ञासापूर्ण रहन गएका थिएनन्, न त खालि संस्मरणकै लागि भए पनि मेरो निम्ति प्रिय थिए। अब त मेरो दृष्टिमा यी सबै कुराहरू महान र पवित्र बनिसकेका थिए र तिनको अति गूढ महत्व समेत छ भन्ने मलाई लागिरहेको थियो। प्रार्थनाका शब्द शब्दलाई म खूब ध्यान दिएर सुन्दैथिएँ र अनन्य भक्तिभाव राखेर तिनको उत्तर पनि दिने जमर्को गर्दैथिएँ। कुनै नबुझिने शब्द सुनियो भने ईश्वरसित म आफूलाई सद्‌बुद्धि प्रदान गर्ने अनुरोध गर्थें अथवा कुनै प्रार्थना सुन्न नै सकिएन भने म त्यसको सट्टा आफैं प्रार्थना समेत रच्ने गर्थें। पश्चात्तापको प्रार्थना जुन बखत पाठ गरिन्थ्यो त्यतिखेर चाहिं म आफ्नो अतीतको सम्झनामा डुब्थें र आफ्नो आत्माको उज्ज्वल वर्तमान स्थितिको तुलनामा बाल्यावस्थाको त्यो निर्दोष अतीत चाहिं कलुषित नै प्रतीत हुन्थ्यो। अनि त म आफूसित नै झसङ्ग तर्सिन्थें र रून थाल्थें। यसको साथसाथै म के पनि ठान्ने गर्थें

भने यी सब कुराको लागि मलाई क्षमा गरिनेछ र मबाट यदि अज्ञ बढ्ता पापहरू हुन जाँदा हुन् त पश्चात्ताप पनि मेरो लागि उत्तिकै बढी रसिलो र मीठो हुँदो हो! पूजापाठ सकिएपछि बडापादरीले आशिर्वाद दिंदै भने: "भगवान्ले तिमीहरूको भलो गरून्!" यसले गर्दा आफूमा विशेष शारीरिक स्फूर्तिको भाव संचार भइरहेको मलाई अनुभव हुन गएको थियो। मानौं मेरो मनमन्दिरमा उज्यालो र न्यानोले एकाएक प्रवेश गरेको होस्! प्रार्थना समाप्त भएपछि बडापादरी मेरो छेउमा आए। कुनै दिन सांध्योपासनाको लागि आउनुपर्ने हो कि भनेर उनले सोधे। मेरो लागि उनले यस्तो पुण्यकार्य गर्न खोजेकोमा उनीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै मैले स्वयं आफू नै गिर्जाघरमा आउने चाहना व्यक्त गरें।

"स्वयं नै कष्ट गरेर यहाँसम्म पाल्नुहुने त?"—उनले प्रश्न गरे।

घमण्डको पाप नलागोस् भन्नाखातिर के भनेर जवाफ दिनुपर्ने थियो त्यो त मलाई थाहा थिएन।

कात्या आफ्नो साथमा नरहेको बेला प्रार्थना-समारोहमा पुगेपछि घोडाहरूलाई अक्सर म फर्काइदिने गर्थें र आफू चाहिं पैदलै घर पुग्थें। बाटोमा भेटिने सबैलाई म नम्रतापूर्वक शिर झुकाएर अभिवादन गर्थें र कसैको सहायता गर्ने, कसैलाई सल्लाह दिने, कसैको लागि आत्मोत्सर्ग गर्ने, कसैलाई भारी उठाउन सघाउने, कसैको बालबच्चालाई झोलुङ्गो हल्लाएर खेलाउने वा आफू हिलोमा गाडिएर भए पनि कसैलाई बाटो छोडिदिने हर्दम प्रयास गर्थें।

एक दिन साँझपख पटवारीले कात्यालाई रिपोर्ट दिइ-

रहेको मैले सुनें। सेम्योन भन्ने हाम्रो एक जना मोही आफ्नी छोरीको लागि शवपेटिका बनाउन काठका केही फल्याक र अन्तेष्ठिको निमित्त एक रूबल दाम पनि माग्न आएको रहेछ र पटवारीले उसलाई यति कुरा दिएर पनि पठाएको रहेछ। "के उनीहरू यतिसम्म दरिद्र छन् त?"—मैले सोधेको थिएँ। "हो, हजूर! ज्यादै गरीब छन् बिचराहरू! नून किन्ने समेत उनीहरूसंग पैंसा हुँदैन!"—पटवारीले उत्तर दियो। कुन्नि केले हो, मेरो मुटुमा चसक्क घोच्यो। तर अर्कोतिर पटवारीको कुरा सुनेर मलाई एक किसिमले खुशी पनि लागिरहेको थियो। कात्यालाई छल्न मैले बाहिरतिर घुम्न जाँदैछु भनें। अनि आफ्ना सबै पैसाहरू लिन भनेर म तुरून्त चोटाकोठामा पुगिहालें। मसित त्यहाँ धेरै पैंसा त थिएन, तर आफूसंग भएभरको सबै पैंसा मैले लिएँ। अनि छातीमा क्रस चिन्ह बनाएर सरासर बरण्डाबाट बाहिर निस्कें र बगैंचा पनि पार गरेर गाउँतर्फ जाने बाटो समाएँ। सेम्योनको कटेरो गाउँको पुछारमा पर्थ्यो। कसैले नदेख्ने गरी म उसको कटेरोको झ्यालसम्म पुगें र झ्यालमा पैंसा थपक्क राखिदिएर झ्यालको खापा पनि खटखटाएँ। दैलो खिरिक्क खुल्यो, अनि घरबाट कोही बाहिर निस्कियो र मलाई डाँक्न थाल्यो। मेरो मुटुमा चिसो पस्यो र एउटा अपराधी झैं डरले काम्दै म दगुरेर घर पुगें।

"कहाँ गएकी थियौ? तिमीलाई के भयो?"—कात्याले मसित सोधपूछ गरी। परन्तु मैले त उसले के भनेकी हो त्यो समेत बुझिनँ र कुनै उत्तर पनि फर्काइनँ। अकस्मात् सबै कुरा मलाई अति तुच्छ र अति महत्वहीन लाग्न

थाल्यो। आफ्नो कोठामा पसेर मैले भित्रबाट आग्लो हालिदिएँ र निकै बेरसम्म कोठामा ओहोरदोहोर गरिरहें। केही गर्ने वा केही सोच्ने त परै रहोस्, आफ्नो मनमा तँछाड्मछाड् गर्दै उर्लिरहेका भावनाहरूलाई केलाउने समेत ममा सामर्थ्य थिएन। म सेम्योन परिवारको आनन्दको बारेमा कल्पना गर्दैथिएँ। झ्यालमा पैंसा राखेर जाने मानिसप्रति उनीहरूले के कस्ता शब्दहरू भन्लान् भन्ने पनि सोच्दैथिएँ। उनीहरूको हातमा आफैले पैंसा नसुम्पेकोमा पनि मलाई थकथक लाग्यो। अनि मेरो यस्तो कामबारे थाहा पाएपछि सेर्गेइ मिखाइलिचले के भन्लान् भन्ने पनि म विचार गर्दै थिएँ। परन्तु कसैले पनि मेरो यस व्यवहारबारे कहिल्यै चाल पाउनेछैन भन्ने भावनाले म निकै रमाइरहेकी थिएँ। मभित्र आनन्दको छाल उर्लिरहेको थियो। सबै मानिसहरू दुष्ट नै हुन् र म मात्र यसको अपवाद कदापि होइन भन्ने मलाई लागिरहेको थियो। मैले हरेकलाई झैं आफूलाई पनि अति नै क्षुद्र देखिरहेकी थिएँ र परमानन्दको कल्पना झैं मृत्युको विचार मेरो मनमा उब्जिरहेको थियो। म मुस्कुराएँ, प्रार्थना गर्न थालें र रून पनि लागें। त्यस बेला मैले आफूलाई र पृथ्वीतलका हरेक मानिसलाई कति उत्कट र कति तिव्र माया गर्न थालें।

पूजापाठको बीच बीचमा म येभान्गेलिया* पढ्दैथिएँ र यी ग्रन्थहरू मेरो लागि बढी बोधगम्य पनि हुँदै गएका

---

*येभान्गेलिया (Euangelion ग्रीक०)—सुसमाचार—ईसामसीहका शिष्यहरूद्वारा रचित ईसामसीहको जीवन-चरित्र वर्णन गरिएका पौराणिक धर्मग्रन्थहरू।—अनु०

थिए। त्यो दिव्य जीवनको कथा ज्यादै सरल र हृदयस्पर्शी हुन गएको थियो। उनको अर्तिमा मैले जुन भावना र चिन्तनको गहिराइ पाउने गरेकी थिएँ त्यो अझ बढ्ता अबोधगम्य र विस्मयकारी हुन गएको थियो। परन्तु जब म धर्मग्रन्थलाई एकातिर पन्छ्याएर फेरि आफ्नो वरिपरिको जीवनमाथि नजर दौडाउन थाल्थें र त्यसउपर गमेर विचार गर्न थाल्थें त्यतिखेर सबै कुरा मलाई अति सरल र स्पष्ट प्रतीत हुन्थ्यो। मलाई के लाग्थ्यो भने अनैतिकतापूर्वक बाँच्नु ज्यादै कठिन हुन्छ, तर सबैलाई प्रेम गर्नु र सबैको प्रेमपात्र बन्नु ज्यादै सहज हुन्छ। मेरो निम्ति सबै नै दयालु र असल थिए। सोन्या समेत एकदमै अर्कै भइसकेकी थिई। उसलाई मैले पढाउन छोडेकी थिइनँ। ऊ बुझ्ने प्रयत्न गर्थी, म जे चाहन्थें त्यही गर्थी र मलाई खुशी पार्न प्रयत्नशील रहन्थी। अरूप्रति म जस्तो व्यवहार गर्थें त्यस्तै व्यवहार अरूले पनि मप्रति गर्नेगरेका थिए।

आफ्नो पापकर्मको प्रायश्चित्त गर्नुभन्दा पहिले क-कससंग माफी माग्नुपर्ने हो भनेर आफ्ना शत्रुहरूको बारेमा सोच-विचार गर्दा आफ्नो घरबाहिरकी मात्र एउटी महिलाको मलाई सम्झना भयो। एक वर्ष जति अगाडिको कुरा हो। पाहुनाहरूको अगिल्तिर नै छिमेकी ती महिलाको मैले हँस्सी उडाएकी थिएँ र यसै कारणले गर्दा उसले हाम्रो घरमा पाइला टेक्न समेत छोडिसकेकी थिई। मैले आफ्नो दोष स्वीकार गरेर त्यसको लागि माफी माग्दै उसलाई एउटा चिट्ठी लेखेर पठाएँ। उसबाट पनि मैले चिट्ठीद्वारा नै जवाफ पाएँ। आफ्नो पत्रमा स्वयं उसले नै मसंग क्षमायाचना गरेकी थिई र मलाई क्षमा गरिसकेको कुरा

पनि लेखेकी थिई। उसका ती सरल पंक्तिहरू पढ्दा म खुशीले रून पुगेकी थिएँ। त्यतिखेर मलाई उसका ती पंक्तिहरू ज्यादै गहन र मर्मस्पर्शी प्रतीत भएका थिए।

मेरी बुबुधाई चाहिं त्यस बेला आँसुको बलिन्द्र धारा बगाएर कतिबिघ्न रोएकी थिई जतिखेर मैले उससंग माफी मागेकी थिएँ। 'सबका सब मप्रति यति दयालु किन छन्? मैले के गरेकी छु र उनीहरू मलाई यतिबिघ्न माया गर्छन्?'—मैले मनमनै सोचें।

त्यसपछि मलाई अनायासै सेर्गेइ मिखाइलिचको सम्झना भएर आयो र उनको बारेमा निकै बेरसम्म मैले गौड गरेर सोचें। यसो गर्नबाट आफूलाई रोक्ने सामर्थ्य ममा छँदै थिएन र यसो गर्नु मैले कुनै पाप पनि ठानेकी थिइनँ। तर त्यतिखेर मैले उनको बारेमा निश्चय नै पनि त्यसरी सोचेकी थिइनँ जस्तो त्यस साँझ सोचेकी थिएँ जुन बेला उनलाई म प्रेम गर्छु भन्ने कुरा पहिलो पल्ट मैले चाल पाएकी थिएँ। आफ्नो भविष्यबारे हरेक विचारसित अनायासै उनलाई जोड्दै म आफ्नै विषयमा जस्तो गरेर उनको बारेमा पनि सोच्न पुगेकी थिएँ। उनको उपस्थितिमा म आफूमाथि उनको जे जस्तो अत्यधिक प्रभाव अनुभव गर्थे सो बिल्कुलै बिलाएर गएको थियो। त्यतिखेर आफूलाई म उनको समान नै ठानिरहेकी थिएँ र जुन किसिमको आध्यात्मिक भावनाको उच्चतामा म त्यतिखेर पुगेकी थिएँ त्यस अग्लाइबाट म उनलाई राम्रैसंग बुझिरहेकी थिएँ। उनमा जुन कुरा पहिले मलाई अनौठो लाग्ने गर्थ्यो त्यो अब मलाई स्पष्ट भइरहेको थियो। अरूको निम्ति बाँच्नु नै सुख हो भनेर उनले किन भन्ने गरेका थिए त्यो पनि

मलाई अब प्रष्ट भएको थियो र अब उनको कथनसित म पूर्णतः सहमत पनि थिएँ। मलाई के लागिरहेको थियो भने हामी दुवै नै सदासर्वदा अत्यन्त सुखी रहनेछौं। म विदेशयात्राको कल्पना गरिरहेकी थिइनँ, न त तडकभडक-पूर्ण जीवनको नै चाहना थियो। बरू यसको एकदमै विपरीत म त गाउँको एकान्तमा सुखी पारिवारिक जीवनको कामना गर्दैथिएँ। यस्तो जीवन, जहाँ एक अर्काप्रति निरन्तर आत्मोत्सर्ग र असीम प्रेमको भावना कायम रहोस्, जहाँ विधाताको अनन्त कृपादृष्टि परिरहोस्!

पूर्वनिश्चित विचारअनुसार आफ्नो जन्मोत्सवको दिन म उपवास बसें। त्यस दिन गिर्जाघरबाट फर्केर आउँदा मेरो हृदयमा आनन्दको भावना भरिपूर्ण थियो। यस सुखानुभूतिमा वाधा पुऱ्याउन सक्ने दैनिक व्यवहार र मानसिक चिन्ता अर्थात् जुनसुकै कुराको पनि मलाई ठूलो डर लागिरहेको थियो। किन्तु हाम्रो घरको द्वारमण्डपको संघार नाघ्नासाथै पुलमाथि उही परिचित टांगाको खटखट आवाज सुनियो र मैले सेर्गेइ मिखाइलिचलाई देखिहालें। जन्मोत्सवको उपलक्ष्यमा मलाई उनले शुभकामनाहरू दिए र हामीले संगसंगै बैठककोठामा प्रवेश पनि गऱ्यौं। त्यस दिन बिहान उनको साथमा आफूलाई मैले यति शान्त र आत्मनिर्भर अनुभव गरेकी थिएँ जति मलाई थाहा भएसम्म मैले उनलाई चिनेदेखि यता कहिल्यै पनि पहिले अनुभव गरेकी थिइनँ। आफूभित्र एउटा सिंगै नयाँ संसार नै सृष्टि भएको जस्तो मलाई लाग्यो। त्यो संसार उनको निम्ति बोधगम्य थिएन र उनको भन्दा निकै माथिल्लो स्तरको थियो। उनको अगाडि मैले अलिकति पनि संकोच अनुभव

गरिनँ। यसको कारण के हो भन्ने त सके उनलाई राम्रै थाहा हुँदो हो, तर मसंग उनी असाधारण किसिमबाट शिष्ट र ज्यादै विनम्र व्यवहार गरिरहेका थिए। म पेनोबा-जानेर पुगेकी मात्र के थिएँ, उनले त्यसलाई ढ्याप्प बन्द गरिदिए र साँचो चाहिं आफ्नो खल्तीमा घुसारे।

"आफ्नो मनस्थिति नबिगार्नुस्!"–उनले भने।–"तपाईंको आत्मा अहिले यस्तो संगीतले भरिपूर्ण छ जुन संसारभरिको जुनसुकै संगीतभन्दा पनि उच्चकोटिको छ!"

यसको लागि म उनीप्रति कृतज्ञ थिएँ, तैपनि उनले मेरो मनको कुरा, जुन सबैको निम्ति रहस्य नै रहनुपर्ने थियो, यति सजिलैसंग र यति छर्लङ्गसित बुझेकोमा चाहिं मलाई दिक्क त अवश्य लाग्यो नै। दिउँसोको खाना खाने बेलामा मलाई जन्मोत्सवको शुभकामना दिन र मसित बिदाबारी समेत हुन आएको कुरा उनले बताए। उनी भोलिपल्टै मास्को जाने भएका रहेछन्। कात्यातर्फ हेरेर उनी यो कुरा भनिरहेका थिए। परन्तु पछि मतर्फ पनि उनले पुलुक्क हेरे। मेरो मुखमा व्यग्रताको चिन्ह देखा पर्नेछ भनेर उनी डराइरहेको मैले चाल पाइहालें। तर न म अचम्ममा परेकी थिएँ, न त चिन्तित नै भएकी थिएँ। उनी कति दिनको लागि मास्को जाँदैछन् भन्ने समेत मैले कुनै प्रश्न सोधिनँ। उनले यसको जवाफ के भनेर दिनेछन् भन्ने पनि मलाई थाहा नभएको होइन। फेरि उनी जाने नै होइनन् भन्ने समेत मलाई थाहा थियो। कसरी मैले थाहा पाएँ? यसको व्याख्या त म आफ्नै निम्ति पनि गर्न असमर्थ छु। परन्तु त्यस दिन के भान परिरहेको थियो भने मलाई सब कुरा थाहा छ अर्थात् के भएको

थियो र के हुनेछ भन्ने एक एक थाहा छ। मानौं म यस्तो सुखमय सपनामा बाँचिरहेकी होऊँ जहाँ जे जति कुरा घटित हुन्छ त्यो सबै नै धेरै अगाडि घटिसकेको जस्तो लाग्छ र आफूलाई ती सबै कुराको राम्रो जानकारी छ भन्ने प्रतीत हुन्छ। यी सबै कुराहरू फेरि घट्नेछन् भन्ने मात्रै होइन, बरू कुन तरीकाले घट्नेछन् भन्ने समेत आफूलाई राम्रैसित थाहा भएको जस्तो भान पर्छ।

खाना खाइसकेपछि उनी तुरून्तै गइहाल्न चाहन्थे, तर खानपीनको जोरजामले गर्दा निकै थाकेकी हुनाले कात्या चाहिं आराम लिन गइसकेकी थिई र उनले कात्या नब्युँझुञ्जेल पर्खनुपर्ने भयो। कारण, उनी कात्यासंग पनि बिदाबारी हुन चाहन्थे।

कोठामा चहचह घाम लागिरहेको थियो, त्यसैले हामी बाहिर बरण्डामा निस्कियौं। जसै हामी बस्यौं, मैले एकदमै नहडबडाईकन बिस्तारै ती कुराहरू झिकें जसले मेरो प्रेमको छिनाफाना गर्नुपर्थ्यो। एक छिन पनि अगिपछि नपारेर ठीक त्यसै बेला मैले कुरा उठाएकी थिएँ जुन बेला हामी आ-आफ्नो ठाउँमा बस्न मात्रै के बसेका थियौं। त्यसभन्दा अगाडि कुनै कुराको चर्चा पनि पटक्कै गरिएको थिएन। कुराकानीको न कुनै मेसो बसिसकेको थियो, न त त्यसको विषयवस्तु नै बनिसकेको थियो। त्यसैले गर्दा मैले जुन कुरा भन्न खोजेकी थिएँ त्यसमा कतैतिरबाट पनि कत्ति बाधा पुगिरहेको थिएन। त्यस्तो धैर्य, दृढनिश्चय र अभिव्यक्तिको स्पष्टता कहाँबाट आयो ममा? यो त स्वयं मलाई समेत थाहा छैन। मानौं त्यहाँ म बोलिरहेकी थिइनँ, बरू मेरो इच्छाशक्तिमा भर नपर्ने मभित्रको कुनै आन्तरिक

आवाजले बोलिरहेको होस्! डण्डीमा अडेस लागेर उनी मेरो सामुन्ने बसिरहेका थिए र हसिनाको एउटा हाँगो तानेर त्यसका पातहरू चुँडाल्दैथिए। मैले बोल्न शुरू गर्नेबित्तिकै उनले हाँगो छोडिदिए र हातमा आफ्नो शिर अड्याएर बसे। उनको बसाइको ढंग त्यस व्यक्तिको जस्तो थियो जो या त बिल्कुलै सौम्य हुन्छ, या त एकदमै आकुल-व्याकुल हुन्छ।

"किन तपाईं गइरहनुभएको हो?"—मैले उनीतर्फ सोझै हेरेर गम्भीर पाराले बिस्तारै सोधें।

तत्कालै उनले कुनै जवाफ दिएनन्। केही बेरपछि नजर अर्कैतिर फर्काएर उनले गुनगुनाउँदै भने—

"काम छ!"

सोझै प्रश्न गरिंदा त्यसको जवाफमा असत्य बोलेर मलाई ढाँट्नु कति गाह्रो परिरहेको छ उनलाई भन्ने मैले स्पष्ट बुझिहालें।

"तपाईंलाई थाहा छ, मेरो निम्ति आज कस्तो दिन हो?"—मैले भनें।—" धेरै कारणले गर्दा आजको दिन महत्वपूर्ण छ। तसर्थ यदि म तपाईंलाई कुनै कुरा सोध्दैछु भने त्यो खालि फोस्रो चाख देखाउने उद्देश्यले मात्रै सोधिरहेकी होइन। तपाईंसित म कति अभ्यस्त भैसकेकी छु र तपाईंलाई कति मन पराउँछु भन्ने पनि मैले भनिरहनुपर्दैन होला। म किन सोध्दै छु भने मलाई थाहा पाउनु जरूरी छ। भन्नुस्, किन गइरहनुभएको छ तपाईं?"

"म किन जाँदैछु भन्ने कुरा तपाईंलाई यथार्थ बताउन मलाई निकै गाह्रो पर्नेछ!"—उनले जवाफ दिए।—"यस साताभरि मैले तपाईंको बारेमा र आफ्नो बारेमा

पनि खूबै सोचें र मैले जानैपर्छ भनेर निधो पनि गरें। किन भनेर त तपाईंलाई बताइरहन पर्दैन होला! मलाई प्रेम गर्नुहुन्छ भने यसबारे बताउन पनि कर गर्नुहुने छैन।"– उनले हातको लबटोले निधार पुछे र आँखा पनि चिम्म गरे।–"मेरो निम्ति यो कठिन छ।... तपाईंले बुझि-हाल्नुभएकै छ!"

मेरो मुटु जोडले धुकधुक चल्न थाल्यो।

"म बुझ्न सक्तिनँ!"–मैले भनें।–"बुझ्दै बुझ्दिनँ! त्यसैले तपाईंले मलाई बताउनै पर्छ।... भगवान्को नाममा, मेरो लागि यति ठूलो महत्व राख्ने आजको दिनको नाममा मलाई बताउनोस्! म जे पनि धैर्यपूर्वक सुन्न तयार छु!"

आफ्नो बसाइको ढंगमा उनले हेरफेर ल्याए, अनि मतर्फ हेरे र फेरि हसिनाको हाँगो आफूतर्फ ताने।

"ठीक छ!"–उनले भने। अनि एक छिन चूप लागे र दरो स्वर निकाल्ने असफल जमर्को गर्दै अगाडि थपे– "यद्यपि यो मूर्खतापूर्ण हुनेछ र शब्दहरूको सहायताले बताउन पनि असम्भव नै छ, यद्यपि यो मेरो निम्ति पीडाजनक पनि छ, तैपनि तपाईंलाई म बुझाउने प्रयास गर्छु!"– उनले यति भनेर कुनै शारीरिक पीडा भएको झैं गरेर निधार अलि खुम्च्याए।

"भन्नोस् न त!"–मैले भनें।

"मानिलिनोस्!"–उनले भन्न शुरू गरे।–"कुनै एक जना मान्छे छ रे। उसलाई हामी 'क' भनौं! ऊ वयोवृद्ध छ र आफ्नो जिन्दगीको पुछारतिर पुग्दैछ। अनि कुनै एउटी आइमाई पनि छे। उसलाई हामी 'ख' भनौं। ऊ तरुनी छे र सुखी पनि छे। उसले न जीवन देखेकी छे,

न त मानिसहरूको बारेमा नै उसलाई थाहा छ। पारिवारिक सम्बन्धले गर्दा त्यस लोग्नेमान्छेले त्यस आइमाईलाई छोरीको रूपमा माया गर्न थाल्यो र अर्को रूपमा पनि उसलाई माया गर्न सकिनेछ भन्ने उसलाई कत्ति डर थिएन।"

उनी टक्क अडिए। मैले पनि उनको कुरा काटिनँ।

"परन्तु 'ख' अझै कलिलै उमेरकी छे र उसको लागि जिन्दगी अझैं हाँसखेल नै छ भन्ने कुरा त 'क' ले भुसुक्कै बिर्सिंदियो।"—मतर्फ हेर्दा पनि नहेरीकन एकाएक र दरो स्वरमा उनले अगाडि भन्न थाले।—"सजिलैसित उसलाई अर्कै किसिमले पनि प्रेम गर्न सकिन्छ र उसको लागि यो रमाइलो समेत हुनेछ भन्ने पनि उसलाई थाहा हुन सकेन। उसले गल्ती गऱ्यो र अचानक उसको मनमा एक यस्तो भावनाले पनि प्रवेश गऱ्यो जुन पश्चात्ताप जत्तिकै दु:खदायी थियो। यसले गर्दा ऊ असाद्धै भयभीत भयो। पहिलेको आफ्नो मित्रतामा भाँजो पर्न सक्छ भनेर ऊ डरायो र यो सम्बन्ध बिग्रन नपाउँदै उसले निकै टाढा जाने अठोट गऱ्यो।" यो कुरा भन्दाभन्दै उनले अनायास हातले आँखा पुछे र फेरि आँखाको पटल बन्द गरे।

"अर्कै किसिमले उसलाई प्रेम गर्न ऊ किन डरायो नि?"—मनको उकुसमुकुस सकभर रोकेर मैले बिस्तारै सोधें।

आफ्नो स्वरलाई पनि मैले सकभर काम्न दिएकी थिइनँ। सके यसलाई उनले आफ्नो खिसी गरेको ठानेहोलान्! त्यसै कारण त उनले अलि चित्त दुखेको जस्तो स्वर निकालेर जवाफ दिए।

"अझैं तपाईंमा जवानीको जोश छ।"—उनले भने।—

"तर मेरो भने उमेर घडकिसकेको छ। तपाईंलाई खेल्ने-डुल्ने रहर हुन्छ भने मलाई अर्कै कुराको चाहना हुन्छ। तपाईं खेल्नोस्, डुल्नोस्, तर मसंग होइन! अन्यथा म पनि पत्यारमा पर्नेछु र यसबाट मलाई मनमा चोट पर्नेछ र तपाईं पनि लज्जित हुनुहुनेछ। 'क' ले यस्तो जवाफ दिएको थियो।"—उनले अगाडि थपे।—"यो सब निश्चय नै बकबास हो, तर म किन जाँदैछु त्यो त तपाईंले बुझेकै हुनुपर्छ। छाडिदिनोस्, यस विषयमा अब हामी कुरै नगरौं है!"

"हैन! हैन! यो कुरा त्यसै छोड्न मनासिब हुँदैन!"—मैले प्रतिवाद गरें। भक्कानो फुटे झैं गरेर मेरो आवाज कामिरहेको थियो। "उसलाई ऊ प्रेम गर्थ्यो कि गर्दैनथ्यो?"—मैले सोधें।

उनले कुनै उत्तर दिएनन्।

"प्रेम नै गर्दैनथ्यो भने उससंग किन ऊ खेल्ने गर्थ्यो न, एउटी सानी बालिकासंग जस्तै गरेर?"—मैले फेरि सोधें।

"हो! हो! अवश्य पनि 'क' दोषी छ!"—बीचैमा मेरो कुरा काटेर उनले हतपत जवाफ दिए।—"तर यसको एउटा टुङ्गो लाग्नु नै पर्नेथियो र उनीहरू छुट्टिए... परम मित्रको रूपमा!"

"तर यो त अचाक्लि नै भयो! के कुनै अर्को अन्त्य हुन सक्तैन र?"—म सुस्त सुस्त गुनगुनाएँ र आफूले भनेको कुरामा आफैंलाई डर पनि लागेर आयो।

"हो, सक्छ!"—आफ्नो विचलित अनुहारबाट हात हटाउँदै सोझै मतर्फ ताकेर उनले भने। "दुई बेग्लाबेग्लै

अन्त्य छन्। कृपया, बीचैमा मेरो कुरा नकाट्नोस्! ध्यान दिएर सुन्नोस्! कसै-कसैले! ..."—अनुहारमा एउटा अमिलो मुस्कान ल्याउन खोज्दै आफ्नो ठाउँबाट जुरुक्क उठेर उनले अगाडि भने।—"कसैकसैले 'क' त बहुलायो समेत भने। 'ख' को प्रेममा ऊ पागल भइसकेको थियो र यो कुरा उसले भन्यो पनि।... तर 'ख' चाहिं फिसिक्क हाँसि मात्र दिई। 'ख' को लागि त यो ख्याल-ठट्टा मात्रै थियो, तर 'क' को लागि चाहिं यो जीवन-मरणको सवाल थियो।"

म झस्किएँ। म उनको कुरा तत्कालै काट्न तम्सिहालें, किनभने उनले स्वयं नै मेरो तर्फबाट पनि केही बोल्ने आँट नगरून् भन्ने मेरो चाहना थियो। परन्तु उनले बिस्तारै मेरो हात समातेर मलाई बीचैमा रोकिदिए।

"पर्खनुस्!"—उनले काँमेको स्वरमा अगाडि भने।—"कसै-कसैको भनाइ के छ भने 'क' प्रति 'ख' लाई अपार दया जागेर आयो। कुनै अनुभव नपाएकी बिचरी 'ख' ले वास्तवमा नै 'क' लाई प्रेम गर्न सकिने कल्पना गरी र उसकी स्वास्नी बन्न पनि मन्जुर गरिहाली। अनि त्यो मूर्ख बिचरो 'क' ले पनि उसको जीवनमा नयाँ बहार आउँदैछ भन्ने विश्वास गरिहाल्यो।...हो, पक्का विश्वास गऱ्यो उसले। परन्तु छिटै नै 'ख' ले के चाल पाइहाली भने 'क' लाई उसले धोखा दिएकी छ र 'क' ले पनि उसलाई धोखामा नै पारेको छ।... अब यस विषयमा हामी कुरै नउठाऔं!"—उनले कुरा टुंग्याए। सम्भवत: उनी अगाडि अरू केही भन्न सक्ने अवस्थामा नै थिएनन्।

भन: चूपचाप मेरो सामुन्ने उनी ओहोरदोहोर मात्र गर्न लागे।

उनले भनेका थिए: "यस विषयमा कुरै नगरौं!" परन्तु भित्री हृदयदेखि नै उनी चाहिं मेरो भनाइ सुन्न लालायित देखिन्थे। म केही भन्न खोज्दैथिएँ, तर मेरो मुटुमा कुन्नि केले हो च्वास्स घोच्यो र मेरो बक नै फुटेन। मैंले उनीतर्फ नजर दिएँ। उनी धुस्राफुस्रा देखिन्थे र उनको तल्लो ओंठ थर्थर कामिरहेको थियो। उनीप्रति मलाई अपार दया लाग्यो। मैंले विशेष बल लगाएँ र अकस्मात् मलाई जकडेर राख्ने मौनताको बन्धन तोडेर आत्मीय स्वरमा मुस्त मुस्त भन्न थालें। स्वरको त्यो झीनो त्यान्द्रो कुनै पनि क्षण चुंडिन सक्छ भन्ने मलाई बडो डर लागिरहेको थियो।

"अँ, तेस्रो अन्त्य!"—यत्ति भनेर म चूप लागें। उनी पनि मौन थिए।—"तेस्रो अन्त्य के त भने 'ख' लाई 'क' पटक्कै माया गर्दैनथ्यो र उसको मनमा गहिरो चोट समेत पुऱ्याउँदैथियो। ऊ त 'ख' लाई अलपत्र पारी छोडेर जानु नै ठीक हो भन्ने सोच्दैथियो र किन हो कुन्नि उसलाई यसको त गर्व समेत थियो। मेरो लागि होइन, बरू तपाईंकै लागि पो यो ख्यालठट्टाको कुरा थियो। मैंले त पहिलो दिनदेखि नै तपाईंलाई प्रेम गर्दै आएकी छु। हो, हो, प्रेम गर्दै आएकी छु।"—मैंले दोहोऱ्याएर भनें र 'प्रेम' शब्द मुखबाट निस्किनेबित्तिकै मेरो झीनो भित्री स्वर एकाएक भयङ्कर चित्कारमा बदलियो र यसले गर्दा मलाई डर समेत लागेर आयो।

उनी मेरो अगाडि ठिंग उभिइरहेका थिए। उनको ओंठ

अझ जोडले काम्न थाल्यो र आँखाबाट चुहिएका दुई थोपा आँसु गालामा बगेर तल झरे।

"यो त अचाक्ली भो।"–मैले चिच्याएर भनें। मेरा आँखाबाट आँसु नचुहिएको हुँदा जडङ्ग रीस उठेर म चूर चूर भइसकेकी थिएँ। "के हो यस्तो?"–मैले झर्केर सोधें। अनि जुरूक्क उठेर त्यहाँबाट हिंड्नै आँटें।

तर उनले मलाई जान दिएनन्। उनले आफ्नो टाउको मेरा घुंडाहरूमा राखिदिए। मेरा कामिरहेका हातहरूमा उनले म्वाइँ खाए। उनको आँसुले गर्दा मेरा हातहरू निथ्रुक्कै भिजिसकेका थिए।

"हे, भगवान्! मलाई थाहा मात्र हुँदो हो त!"–उनले गुनगुनाउँदै भने।

"के हो यस्तो? के हो यस्तो?"–म दोहऱ्याउँदै थिएँ, किन्तु मेरो अन्तरात्मा सुखले भरिपूर्ण भइसकेको थियो। त्यो यस्तो सुखानुभूति थियो जुन कहिल्यै पनि फर्कंदै नफर्कने गरी सदासर्वदाको लागि बितेर गइसकेको थियो।

पाँच मिनेटपछि नै सोन्या भरेङबाट माथि दगुरेर चोटा-कोठामा कात्याकहाँ पुगिहाली। माशा त सेर्गेइ मिखाइ-लिचसंग बिहे गर्न चाहन्छे भनेर उसले घरभरि नै खलबल मच्चाइसकेकी थिई।

५

हाम्रो बिहेको तिथि पर सार्नुपर्ने कुनै खास कारण थिएन। यस्तो गर्ने पक्षमा न त उनी थिए, न त म नै। हो, कात्याले चाहिं मास्को गएर दाइजो-साइजो किन्ने र जोरजाम गर्ने मनसाय राखेकी थिई। अनि विवाह

गरिहाल्नुभन्दा पहिले नै सेर्गेइ मिखाइलिचले नयाँ बग्गी र नयाँ फर्निचरहरू पनि किनिहालून् भन्ने उनकी ग्रामाको चाहना थियो। उनी त घरका भित्ताहरूमा पनि नयाँ बुट्टे कागत लगाउने विचारमा थिइन्। यी सबै कुरा पछि गरे पनि भैहाल्छ, ग्रहिले नै हतार के छ र भन्ने हामी दुवै जनाको मत थियो। दाइजो-साइजो, पाहुनापात, भोजभतेर, बाजागाजा र जन्ती-बरियाँत ग्रादिको लण्ठा र विवाहका यस्तै-उस्तै रीतिरिवाजको टण्टा नगरेरै मेरो जन्मोत्सवको दुई हप्तापछि नै सामसुम विवाहोत्सव सिध्याउने हाम्रो इच्छा थियो। वैण्डबाजाबेगर, दाइजोका घरसामानबेगर र घरको सरसफाई तथा सिंगारपटारबेगर जुन किसिमले हाम्रो विवाह हुनेभएको थियो त्यसमा ग्रामा चाहिंको चित्त कत्ति पनि बुझेको छैन भनेर सेर्गेइ मिखाइलिचले मलाई बताएका थिए। हुन पनि हाम्रो विवाह त्यस किसिमबाट हुन गइरहेको थिएन जसरी उनकी ग्रामाको विवाहोत्सव सम्पन्न गरिएको थियो। त्यस विवाहमा पूरै तीस हजार खर्च भएको थियो। उनले मलाई के पनि बताएका थिए भने उनलाई थाहापत्तो नै नदिईकन उनकी ग्रामाले भण्डारकोठामा रहेका सन्दुसहरू खोतलखातल पारेकी थिइन् र हाम्रो सुखद दाम्पत्य जीवनको लागि के कस्ता गलैंचाहरू, झ्यालका पर्दाहरू र किस्तीहरू चाहिन्छन् भन्ने विषयमा गुप्त रूपले मान्यूश्कासित सरसल्लाह पनि गरेकी थिइन्।

यता हाम्रो घरमा कात्या पनि हाम्री बूढी बुबुधाई कुज्मीनिश्नासंग यस्तै सरसल्लाह गरिरहेकी थिई। यस विषयलाई लिएर उससंग ठट्टा समेत गर्नु हुँदैनथ्यो। उसलाई

कुन कुराको पक्का विश्वास थियो भने हामी आफ्नो भावी दाम्पत्य जीवनबारे आपसमा कुराकानी गर्दा समेत माया-पीर्तिकै कुरा मात्र गर्छौं र हाम्रो ठाउँमा जोकोही पनि हामी जस्तै काम न काजका फोस्रा बकमफुस गफहरू मात्रै गर्नेगर्छ। मानौं हाम्रो वास्तविक सुखसमृद्धि चाहिं कमीजको सिलाइ, ब्लाउजको कटाइ, टेबुलपोशको झल्लर वा रूमाल-को बुट्टामा निर्भर हुन्छ!

हरेक दिन कैयौं पल्ट प्रोकोभ्स्कोए र निकोल्स्कोए बीच गुप्त सन्देशहरूको आदानप्रदान भइरहन्थ्यो र के कति तैयारी भैसकेको छ भन्ने सूचना दिइन्थ्यो। झ्वाट्ट बाहिरबाट हेर्दा सेर्गेइ मिखाइलिचकी आमा ताच्याना सेम्योनोभ्ना र कात्याको पारस्परिक सम्बन्ध पनि ज्यादै सुमधुर र सौहार्दपूर्ण देखिन्थ्यो, किन्तु त्यसमा किंचित् विद्वेषभाव र सूक्ष्म कूटनीति पनि अवश्य नै चाल पाउन गाह्रो पर्दैनथ्यो।

उनकी आमा ताच्याना सेम्योनोभ्नासित अब त म पनि घनिष्ट रूपले परिचित भैसकेकी थिएँ। उनी सुशीला र कर्तव्यपरायणा गृहणी तथा विगत युगकी एक भद्र महिला थिइन्। सेर्गेइ मिखाइलिच आफ्नी आमालाई औधि माया गर्थे। यसरी आमालाई माया गरेर उनी एक सुपुत्रको कर्तव्य मात्र निर्वाह गरिरहेका थिएनन्। बरू उनी त आफ्नी आमालाई संसारभरकी एक सर्वोत्तम, अति बुद्धि-मत्तापूर्ण, अति दयालु र अति मायालु नारी ठान्थे। ताच्याना सेम्योनोभ्ना सदैव नै हामीप्रति अति दयाभाव राख्थिन् र खास गरी मप्रति उनी ज्यादै दयालु थिइन्। आफ्नो छोराको विवाह हुने कुराले उनी रमाएकी पनि थिइन्।

तैपनि उनका छोराको दुलही भन्न सुहाउने गरी म अझै बढी गुणवती हुन सक्नेथिएँ भन्ने कुरा सदैव नै मैले सम्झिराख्नु राम्रो हुनेछ भन्ने उनको धारणा थियो। एक भावी वधूको रूपमा जब म उनको घरमा गएँ, त्यतिखेर मलाई यस कुराको बोध भइहाल्यो। उनको भित्री मनसाय मैले तुरुन्तै बुझिहालें र उनको धारणासित म पूर्णतः सहमत पनि थिएँ।

त्यो अन्तिम दुई सातासम्म नै हरेक दिन नै सेर्गेइ मिखाइलिच र मेरो भेटघाट भइरहन्थ्यो। साँझको खाना खाने समयतिर उनी आउँथे र मध्य रातसम्म नै हामीकहाँ रहन्थे। तपाईंबेगर म बाँच्नै सक्तिनँ भनेर उनी मलाई भन्नेगर्थे। हुन त उनी सत्य कुरा भन्दै छन् भन्ने पनि मलाई थाहा नभएको होइन। परन्तु उनले कहिल्यै पनि पूरै दिन भने मेरो साथमा बिताएका थिएनन्। उनी जहिले पनि आफ्नै कामकाजमा व्यस्त रहने प्रयत्न गर्थे। बाहिरबाट हेर्दा त विवाह नहुञ्जेलसम्म नै हाम्रो आपसी सम्बन्धमा कुनै फरक देखिएको थिएन। पहिले झैं हामी एक अर्कालाई तपाईं भनेर नै सम्बोधन गर्थ्यौं। उनी मेरो हातमा म्वाइँ पनि खाँदैनथे। एकान्तमा मसंग बस्ने कुनै मौका खोज्नु त कता हो कता, बरू यस्तो मौका आइपरे पनि उनी त्यसलाई टार्ने प्रयास गर्थे। आफ्नो मनको सुकोमल तर हानिकारक उद्‌गार एक्कासि निक्लिहाल्ने न होइन भन्ने नै उनलाई ठूलो डर रहन्थ्यो। हामी दुवैमध्ये कसमा कति परिवर्तन आयो त्यो त मलाई थाहा थिएन। तर अब उनलाई म पनि आफूभन्दा पाको भन्ठान्दिनथें। शुरू शुरूमा त उनले सरलताको जस्तो ढोंग गर्नेगरेका

थिए त्यो नै मलाई मन पर्दैनथ्यो, तर अब भने मलाई उनी एक हँसिलो बालक झैं लाग्न थालेका थिए। अब मेरो निम्ति उनी यस्तो व्यक्ति रहन गएका थिएनन् जसलाई देख्नेबित्तिकै मेरो मनमा आदर र भयको भाव संचार भैहालोस्! 'उनी मान्छे नै यस्ता हुन्!'—म अक्सर मनमनै सोच्ने गर्थे।—'म जस्तै त छन् नि उनी! कुन कुरामा मभन्दा फरक छन् र?' अब त उनलाई म राम्रैसंग बुझ्छु भन्ने पनि मलाई भान पर्न थालेको थियो। उनको कुनै कुरा पनि अब मबाट छिपेको थिएन। उनको हरेक कुरा अब त मलाई सरल र मेरै धारणाको अनुकूल लाग्न थालिसकेको थियो। कहाँसम्म भने हाम्रो भावी दाम्पत्य जीवनको बारेमा उनका योजनाहरू समेत हूबहू मैले कल्पना गर्नेगरेका जस्ता नै थिए। अन्तर थियो त खालि कुन कुरामा थियो भने यी योजनाहरूलाई उनी बढी स्पष्ट र प्रभावशाली ढंगले व्यक्त गर्ने गर्थे।

त्यसताका मौसम राम्रो थिएन, त्यसैले हामी जहिले पनि घरमा नै बसिरहन्थ्यौं। बैठककोठाको त्यसै कुनामा बसेर हामी मायापीर्ति र मनका कुराहरू गर्नेगर्थ्यौं जुन झ्याल र पेनोबाजाको बीचमा पर्थ्यो। कालो झ्यालमा मैनबत्तीको टाटो पर्थ्यो। झ्यालको चम्किलो ऐनामा कहिलेकाहिं झरीवर्षाका एक-दुई बाछिटाहरू परिहाल्थे र बिस्तारै तल्तिर झर्थे। छानामा पानी परेको टपटप र बलेंसीबाट पानी झरेको झ्वारझ्वार सुनिनेगर्थ्यो। कहिले-काहिं पानीका एक-दुई छिटा झ्यालबाट उछिट्टिएर भित्र पनि आइपुग्थे। यी सबै कुराले गर्दा बैठककोठाको हाम्रो

त्यो कुना चाहिं अझ बढी न्यानो, अझ बढी उज्यालो र पहिलेभन्दा बढ्ता रमाइलो प्रतीत हुन्थ्यो।

"सुन्नोस् त! धेरै दिनदेखि नै तपाईंलाई एउटा कुरा भनूं भनूं भन्ने लागिरहेको छ।"—एकपटक उनले भने। रात निकै छिप्पिइसकेको थियो र हामी बैठककोठाको त्यसै कुनामा एक्लै बसिरहेका थियौं। उनले अगाडि थपे।—"जुन बेला तपाईं पेनो बजाउँदै हुनुहुन्थ्यो, त्यतिखेर पनि म यही नै सोच्तैथिएँ।"

"केही भन्नु पर्दैन! तपाईंले नभने पनि म तपाईंको मनको कुरा बुझ्न सक्छु!"—मैले जवाफ दिएँ।

उनी मुसुक्क हाँसे।

"अँ, ठीक हो! भैगो, म केही पनि भन्दिनँ!"

"हैन, भन्नोस्! के हो कुरा?"

"तपाईंलाई सम्झना छ? एकपल्ट तपाईंलाई मैले 'क' र 'ख' को विषयमा बताएको थिएँ।"

"त्यस्तो बकबास पनि म बिर्सन सक्छु र? जे होस्, त्यसको अन्त्य चाहिं उति नराम्रो भने निस्केन।..."

"हो, मैले अलि बढ्ता कुरा कोट्याएको भए आफ्नै हातले म आफ्नो सुख चकनाचुर पारिदिने थिएँ। तपाईंले मलाई बचाउनुभयो। तर साँच्ची भन्ने हो भने मैले तपाईं-लाई सही कुरा भनेकै थिइनँ। यस कुराले मलाई भित्रभित्रै चिमोट्नेगर्छ। आज म त्यस कुरालाई अन्त्यसम्म नै तपाईंलाई सुनाउन चाहन्छु!"

"भैगो, कुनै कुरा सुनाउनुपर्दैन!"

"डराउनुपर्ने कुरा केही छैन!"—उनले मुस्कुराउँदै भने।—"म आफ्नो सफाई मात्रै दिन चाहन्छु। जुन बेला

मैले कुरा शुरू गरेको थिएँ, त्यतिखेर म तर्कवितर्क गर्न चाहन्थें।"

"तर्कवितर्क? यसको प्रयोजन नै किन पर्‍यो?"—मैले सोधें।

"ठीक भन्नुभो! मेरो तर्कगराइ उति राम्रो निस्केन। यसपल्ट जब म ग्रीष्मयाममा यहाँ आएँ त्यतिखेर मलाई के लागिरहेको थियो भने जिन्दगीमा खप्नुपरेका सारा गल्तीहरू र निराशाहरू भोगिसकेपछि अब त म कसैलाई पनि प्रेम गर्न सक्तिनँ। आफ्नो जिन्दगीलाई कर्तव्य सम्झेर येनकेनप्रकारेण जिउनु मात्र अब मेरो निम्ति बाँकी रहन गएको थियो। त्यसै कारण निकै समयसम्म नै तपाईंप्रति आफ्नो आन्तरिक भावनालाई पनि मैले बुझ्नै सकिनँ। यसको परिणाम के हुने हो भन्ने पनि मलाई थाहापत्तो थिएन। तपाईं हाँसखेल गर्दैहुनुहुन्छ भन्ने कहिलेकाहिं म सोच्न पुग्थें त कहिले चाहिं तपाईंको व्यवहारमा मलाई विश्वास जागेर आउँथ्यो। के गरूँ, के नगरूँ भन्ने नै मैले ठम्याउन सकेको थिइनँ! म विश्वास र अविश्वासको दोधारमा थिएँ। तर त्यस रातको त तपाईंलाई सम्झना छ होला जब हामी बगैंचामा डुल्न निस्केका थियौं! त्यसपछि त म तर्सिहालें। आफ्नो अहिलेको सुख नै मलाई अव्यावहारिक र असम्भव प्रतीत भएको थियो। यस्तो सुख पाइने त म कल्पना समेत गर्न सक्तिनथें। साँच्चै, म आशामा झुण्डिरहेको भए र मेरो आशा माटोमा मिल्न पुगेको भए मेरो के गति हुन्थ्यो होला? हो, म जहिलेसुकै पनि आफ्नै बारेमा मात्रै सोच्नेगर्थें, किनभने म अति नै अहंवादी छु!"

बोल्न रोकेर उनले मतर्फ नजर दिए।

"तैंपनि त्यतिखेर मैंले जे जति भनेको थिएँ त्यो सब फोस्रो बकबास मात्रै अवश्य नै थिएन।—उनले अगाडि थपे।

मैंले डराउनुपर्ने कारण नभएको होइन र डराउनु पनि पर्नेथियो। तपाईंले मलाई यतिबिघ्न कुराहरू दिइसक्नुभएको छ, तर मसंग भने तपाईंलाई दिन सुहाउने कुरा केही पनि छैन। तपाईं त अझै किशोरी नै हुनुहुन्छ अर्थात् एक यस्तो कोपिला जुन फक्रन बाँकी नै छ! तपाईं पहिलो पल्ट प्रेम गरिरहनुभएको छ, तर म..."

"साँचो कुरा बताउनोस् ल! के तपाईंले..." — मैंले बोल्न शुरू गरें, तर एक्कासि उनको उत्तरको मलाई डर लागेर आयो।—"भो, पर्दैन! कुनै कुरा बताउनुपर्दैन!"—यति भनेर म चूप लागें।

"मैंले पहिले पनि कहिल्यै प्रेम गरेको थिएँ कि थिइनँ भनेर जान्न चाहनुभएको होला, हैन?"—मेरो मनको कुरा उनले टिपिहाले।—"यसको उत्तर म तपाईंलाई दिन सक्छु। प्रेम चाहिं गरेको थिइनँ! जस्तो म अहिले अनुभव गर्दैछु त्यस्तो अनुभव मलाई पहिले कहिल्यै पनि भएको थिएन।..."—तर त्यसै बेला कुनै दु:खद सम्झनाले एक्कासि उनको मुटुमा च्वास्स घोच्यो क्या रे! उनले उराठलाग्दो स्वरमा थपे।—"अँ, तपाईंलाई प्रेम गर्ने हक प्राप्त गर्न मैंले तपाईंको मनपेटको कुरा पनि थाहा पाउनु आवश्यक थियो। आफ्नो प्रेम प्रकट गर्नुभन्दा पहिले मैंले राम्रोसंग सोचविचार गर्नु आवश्यक थिएन र? मसित आफ्नो प्रेमसिवाय अरू दिने कुरा नै पो के छ र?"

"के यो लरतरो कुरा हो र?"—सोझै उनको आँखामा आँखा गाडेर मैले प्रश्न गरें।

"यो ज्यादै थोरै हो, प्यारी! तपाईंको लागि यो नगण्य कुरा हो!"—उनले उत्तर दिए।—"तपाईं सौन्दर्य-की रानी हुनुहुन्छ, यौवनकी खानी हुनुहुन्छ! कतिपल्ट त मैले आँखा नै चिम्म नगरेर रात छर्लङ्ग काटिसकेको छु। हाम्रो भावी दाम्पत्य जीवन कस्तो हुने हो भन्ने नै म अक्सर सोच्नेगर्छु। मैले जिन्दगीमा धेरै कुरा भोगि-सकेको छु। सच्चा सुख भनेको के हो भन्ने रहस्य पनि मलाई थाहा भएको जस्तो लाग्न थालिसकेको छ। सच्चा सुख त गाउँघरको एकान्त जीवनमा नै सम्भव हुन्छ। त्यसमा पनि परोपकार गर्ने केही मौका पाइयो भने सुनमा सुगन्ध हुन्छ। फेरि ती निमुखाहरूको सेवा गर्नु सजिलो पनि हुन्छ जसलाई सेवाको आशा नै हुँदैन। अनि मनुष्यको जुनी लिएर जन्मेपछि कुनै उपयोगी काम पनि गर्नै पर्छ। त्यसपछि आराम-विश्राम, प्राकृतिक सौन्दर्यपान, पठन-पाठन र संगीत-गान! साथै आफ्ना प्रियजनहरूप्रति स्नेह! यी सबै कुराहरूमा म सुखको अनुभव गर्छु र यसभन्दा बढ्ता म अरू कुनै सुखद कुराहरूको कल्पना नै गर्न सक्तिनँ। त्यसमाथि पनि तपाईं जस्ती जीवनसाथी र सम्भावित जहान-परिवार! यसभन्दा बढ्ता मलाई अरू थोक चाहिएको नै के छ र?"

"ठीक छ!"—मैले स्वीकार गरें।

"मेरो निम्ति त ठीकै छ, किनभने मेरो त जवानी नै बितिसकेको छ। तर तपाईंको निम्ति ठीक छैन।"—उनी अगाडि भन्दैगए।—"तपाईंले त अझै जिन्दगी नै

देख्नुभएको छैन। सके तपाईंलाई अरू नै कुनै कुराबाट सुख प्राप्त होस्! अनि तपाईं त्यस कुरालाई पाउन पनि त खोज्नुहुन्छ होला! अहिले त तपाईंलाई मैले भनेकै कुराबाट सुख प्राप्त हुने जस्तो लाग्न सक्छ, किनभने तपाईं मलाई प्रेम गर्नुहुन्छ।"

"हैन, कुरा यस्तो हैन! जहिले पनि यस्तै शान्त पारिवारिक जीवनकै मैले चाहना गर्देआएकी छु र यस-भन्दा बढी अर्को कुनै कुरा पनि मलाई राम्रो लाग्दैन।"—मैले भनें।—"तपाईंले त बरू मेरै मनको कुरा मात्र खुलस्त पारिदिनुभएको छ!"

उनी मुस्कुराए।

"तपाईंलाई यस्तो लागेको मात्रै हो, मैयाँ! तपाईंको लागि त यो एकदमै थोरै हो। तपाईं सौन्दर्यकी रानी हुनुहुन्छ, यौवनकी खानी हुनुहुन्छ।"—उनले विचारमग्न भएर दोहोऱ्याए।

मेरो कुरामा उनलाई पत्यार नपरेको देखेर मलाई रीस उठ्यो। उनले मेरो रूप र यौवनको नै उछित्तो खनिरहेको जस्तो लाग्यो मलाई!

"किन मलाई प्रेम गर्नुहुन्छ नि तपाईं?"—मैले झर्किएर भनें।—"तपाईंको प्रेम मसित होइन, मेरो यौवनसित मात्रै हो कि कसो?"

"थाहा छैन, तर म तपाईंलाई प्रेम गर्छु!"—उनले मेरो आँखामा सोझै हेरेर भने। म आकृष्ट भैहालें।

मैले कुनै उत्तर फर्काइनँ। तर मेरा आँखा भने उनका आँखातर्फ खिंचिइहाले। एकाएक मलाई अनौठो लागेर आयो। मेरो आँखा अगिल्तिरका सबका सब कुराहरू

अलप भइसकेका थिए। अनि उनको मुखमण्डल पनि बिलाएर गयो। मात्र उनका आँखा मेरो आँखाअगिल्तिर ट्वाल्ल चम्किरहेका थिए। अनि उनका आँखा पनि मेरा आँखाहरूमा एकाकार भइहाले। त्यसपछि त चारैतिर अँध्यारो छायो। कुनै कुरा पनि देखिरहेकी थिइनँ र मैले आँखा चिम्म गरिसकेकी थिएँ। अपार आनन्द र भयको भावनाले म झसंग झस्किएँ।...

हाम्रो बिहे हुने एक दिन अगाडिदेखि मौसम पनि सफा भयो। ग्रीष्मकालीन झरीबादलको सट्टा शरद्ऋतुको पहिलो स्वच्छ र शीतल सन्ध्याको छटा छाएको थियो। सबै कुरामा आर्द्रता, स्वच्छता र चहक व्याप्त थियो। बगैंचामा पनि त्यस दिन पहिलो पल्ट शरद्कालीन वातावरण छाएको थियो। यो बगैंचा ज्यादै विशाल, विचित्र र सुनसान प्रतीत भएको थियो। आकाश पनि खुलेको, स्वच्छ र फिका नीलो रङ्गको देखिन्थ्यो। त्यस रात सुत्न भनेर जाँदा मेरो मन एकदमै प्रफुल्ल थियो। भोलि हाम्रो विवाहको दिन रमाइलो मौसम हुनेछ भन्ने म सोच्दैथिएँ।

भोलिपल्ट म ब्युँझदा त सूर्य झलमल्ल उदाइसकेको थियो। आज त मेरो बिहेको दिन हो भन्ने मलाई झल्याँस्स सम्झना भएर आयो। मलाई विचित्रको अनुभव भयो र म अलि डराएँ पनि।... म बिछ्यौनाबाट उठेर सरासर बगैंचातिर टहल्न गएँ। लाइमको रूखका हाँगाहरू पहेंलिइसकेका थिए र त्यसका पातहरू पनि झर्दैथिए। रूखपछाडिबाट सूर्यको किरण पनि छिरेर उद्यानपथमा परिरहेको थियो। बाटो पातहरूले ढाकिएको थियो र तिनमा कुल्चेर हिंड्दा सरसर आवाज आउँथ्यो। सतिबयरका रूखहरूमा

झुप्पाका झुप्पा सुकेका गेडाहरू झुण्डिइरहेका थिए र सूर्यको प्रकाश परेर ज्यादै रातो देखिन्थे। ऐशका पातहरू चाहिं तुसारोले गर्दा या त ओइलाइसकेका थिए, या त सुकिसकेका थिए। डेलियाका बोटहरू ओइलाएर कालै भइसकेका थिए। घर नजिकै उम्रिरहेका लोपुखका पातहरू र सुक्नै आँटिसकेका घाँसहरूमा चाँदीका कणहरू झैं तुसारो टल्किरहेको थियो। स्वच्छ र शीतल आकाशमा बादलको एक टुक्रा पनि बाँकी थिएन। अन्यथा हुनै पनि त सक्तैनथ्यो।

'के आज नै हो त?'—मैले मनमनै विचार गरें। आफ्नो सुखमा मलाई विश्वास नै लागिरहेको थिएन।—'के भोलिदेखि म यहाँ आफ्नो घरमा नब्युँझिएर त्यहाँ निकोल्स्कोएको खम्बादार बिरानो घरमा पो बिहान ब्युँझनेछु? के अब कहिल्यै पनि म यहाँ उनको आगमनको प्रतीक्षा गर्नेछैन र उनको स्वागत गर्न भनी घरबाहिर पनि निस्कनेछैन? के रातको समयमा कात्यासंग पनि अब उनको बारेमा म कुराकानी गर्नेछैन? के अब म यहाँ पोक्रोभ्स्कोएको बैठककोठामा पेनोबाजानेर उनको बगलमा बस्नेछैन त? के अब म उनलाई बिदा गर्न पनि जानेछैन र अँध्यारो रातमा उनलाई कतै केही भैहाल्छ कि भनेर पनि पीर मान्नेछैन त?' परन्तु उनले हिजो मात्रै भनेको कुराको मलाई सम्झना भएर आयो। उनले हिजो अन्तिम-पल्ट यस घरमा आइरहेको कुरा गरेका थिए। कात्याले पनि बिहेको निम्ति भनेर सिलाइएको ब्याउलीको लुगा लगाएर हेर्न मलाई सापै कर गरेकी थिई र भनेकी पनि थिई: "भोलिको लागि!" तसर्थ एक छिनको लागि म विश्वस्त

पनि भइहालें, तर फेरि शङ्का लागेर आयो। 'के आजकै दिनदेखि नै म त्यहाँ सासुको साथमा रहनेभएँ त? के अब मेरो साथमा न नाद्या होली, न बूढा ग्रिगोरी होलान्, न त कात्या नै होली? के राती सुत्न जाँदा आफ्नी बुबुधाईलाई समेत मैले चुम्न पाउँदिन त अब? के पुरानो चालचलनअनुसार मेरो शरीरमा क्रसको चिन्ह बनाउँदै उनले अबउप्रान्त "शुभरात्रि, मैयाँ!" भनेर भन्दै नभन्ने भइन् त मलाई? के अब मैले सोन्यालाई समेत पढाउन नपर्ने भो त? के उससित खेल्न, बिहान बिहान उसको कोठाको भित्तामा टकटक गर्ने र उसको तीखो स्वर सुन्न नपाइने नै भयो त अब? के त मैले अब आफ्नो निम्ति आफै नै बिरानो बन्नुपर्ने भो र? के त अब मेरा आशा र सपनाहरू साकार पार्दै मेरो अगाडि नयाँ जीवन आरम्भ हुनेभयो? के यो नयाँ जीवन वास्तवमा नै सुखद होला त?'

अधीरतापूर्वक म सेर्गेइ मिखाइलिचलाई पर्खिबसेकी थिएँ। मनमा थरी थरीका तर्कनाहरू उठिरहने हुँदा एकलै बस्नु मलाई असह्य भइरहेको थियो। उनी एकाबिहानै आइपुगे, त्यसपछि मात्र आज नै म उनकी अर्धाङ्गिनी बन्नेछु भन्ने कुरामा मलाई पूरापूर विश्वास हुन गयो। साथै मेरा तर्कनाहरू पनि मलाई भयङ्कर लाग्न छोडे।

दिउँसोको खाना खाने बेला नहुँदै बुवाको श्राद्धमा शान्ति-स्वस्तिको पूजापाठ गराउन हामी गिर्जाघरतिर लाग्यौं।

'उहाँ अहिलेसम्म जीवितै हुनुहुँदो हो त!'—घरतर्फ फर्कंदा मैले विचार गरें। जुन व्यक्तिको बारेमा म सोचिरहेकी थिएँ उनैका एक अनन्य मित्रको पाखुरामा हातेमालो गर्दै म चूपचाप पाइला साररिरहेकी थिएँ। प्रार्थनाको समयमा

पनि उपासना-गृहको चीसो ढुंगे भुइँमा शिरले ढोग्दाखेरि मलाई यस्तो भान भइरहेको थियो, मानौं मेरा पिताज्यू मेरै अगिल्तिर उभिनुभएको होस्! उहाँको आत्माले मेरो आत्मालाई पूर्णत: बुझ्नेगरेको छ भन्ने मलाई पक्का विश्वास थियो र मलाई आफ्नो वर रोज्नमा आशिर्वाद पनि दिनुभएको थियो। उहाँको आत्मा हामीमाथि मडराइरहेको जस्तो मलाई लागिरहेको थियो र मलाई उहाँले आशिर्वाद दिंदै भन्नुभएका शब्दहरू पनि गुञ्जिरहेको म सुन्दैथिएँ। स्मृति र आशा, सुख र दु:ख सबका सब एकाकार भैरहेका थिए र मेरो मनमन्दिर नै गम्भीर तथा सुमधुर तर्कनाहरूले भरिपूर्ण भएका थिए। वाह्य वातावरण पनि मेरो मनको भावना अनुकूल नै थियो। सिरिसिरि बतास चलिरहेको थियो र चारैतिर सुनसान थियो। खेतहरूमा पनि निस्तब्धता छाएको थियो। आकाश चाहिं पहेंलो देखिन्थ्यो र सूर्यको किरण पनि उति रापिलो थिएन जसले गर्दा गाला तात्तियोस्! जसको बगलमा म हिंडिरहेकी थिएँ उनले पनि मेरो मनको भाव बुझिरहे झैं मलाई लाग्यो। उनको मनमा पनि यस्तै तर्कवितर्कहरू छचल्किरहेका हुँदा हुन्! उनी केही पनि नबोलेर लुरूलुरू हिंडिरहेका थिए। यदाकदा म आँखा उठाएर पुलुक्क उनीतर्फ हेर्नेगर्थे। उनको मुखमण्डलमा पनि म त्यस्तै गम्भीर भाव देख्थें जसमा हर्ष र विस्मात् दुवैको सम्मिक्षण पाइन्थ्यो। यस्तै भाव मेरो अन्तरात्मामा र मेरो अगलबगलका सबै कुराहरूमा व्याप्त थियो।

एकाएक उनी मतिर फर्किए। सके उनी केही भन्न चाहन्थे। 'जुन कुरा मेरो मनमा खेलिरहेको छ त्यसको

चर्चा नगरीकन कुनै अर्कै थोक उनले भन्न चाहनु के सम्भव छ र?'—अकस्मात् म यस्तो सोच्न पुगें। तर उनी पनि मेरै पिताज्यूको चर्चा गर्न लागे। बुवाको नाम नकाटेरै उनले यसरी भन्न शुरू गरे।

"मेरी माशासंग नै बिहे गर्नू है भनेर एकपल्ट उनले भनेका थिए। अवश्य पनि उनी यसरी ठट्टा गर्दैथिए।"

"अहिलेसम्म उहाँ बाँच्नुभएको भए कति खुशी हुनुहुन्थ्यो!"—मैले उनको पाखुरा जोडले च्यापेर भनें।

"हो, त्यतिखेर त तपाईं बालिका नै हुनुहुन्थ्यो"—मेरो आँखामा सोझै आँखा गाडेर उनी भन्न लागे।—"म तपाईंको आँखामा चुम्बन लिनेगर्थें। तपाईंका आँखा पनि उनकै आँखा जस्ता देखिने हुनाले मलाई ती औधि नै मन पर्थे। तर कुनै दिन यिनै आँखाहरू नै पनि मलाई यतिबिघ्न प्यारो लाग्नेछन् भन्ने त त्यसताका मैले सोचेकोसम्म पनि थिइन। ती दिनहरूमा म तपाईंलाई माशा मात्रै भनेर डाँक्नेगर्थें।"

"अहिले पनि त तपाईं माशा मात्रै भनेर बोलाउन सक्नुहुन्छ!"

"म यही त भन्न चाहन्थें!"—उनले जवाफ दिए।—"तिमी त अब पक्का पनि मेरी भैसक्यौ भन्ने कुरामा मलाई पूर्ण विश्वास हुन थालिसकेको छ।"—अनि निकै बेरसम्म उनले शान्त र उल्लासपूर्ण आँखाहरूले मतर्फ एकटक लगाएर हेरि मात्र रहे।

फसल काटिसकिएका खेतैखेतको बीचमा बनेको डोरेटोमा हामी हिंडिरहेका थियौं। हाम्रो पदचाप र हाम्रो कुराकानी बाहेक त्यहाँ अरू कुनै आवाज सुनिंदैनथ्यो। कान्लाको

पारिपट्टि एकातर्फका खेतहरूको बाली भित्र्याइसकिएको थियो र खैरो रङ्गको विस्तृत फाँट पर हाँगाबिंगा केही पनि नभएका रूखहरूको एक नाङ्गो झाडीसम्म नै फैलिएको थियो। एक जना किसान चुपचापसित काठको हलोले त्यो खेत जोत्दैथियो र जोतिएको खेतको कालो पाटो चाहिं बिस्तार-बिस्तार बढी फराकिलो हुँदैगइरहेको देखिन्थ्यो। ढिस्कोको फेदीनेरै घोडाहरूको एउटा बथान घाँसमा चरिरहेको थियो। घोडाको त्यो बथान नजिकै रहेको जस्तो प्रतीत हुन्थ्यो। कान्लाको अर्कोतर्फ र अगाडितर्फ हाम्रो बगैंचासम्म नै खेतको खनजोत भैसकेको थियो। बगैंचा-पछिल्तिर हाम्रो घर पनि टड्कारै देखिन्थ्यो। बिहान परेको तुषारो पग्लिसकेको हुँदा खेत निकै गाढा रङ्गको कालो प्रतीत हुन्थ्यो। तर कतै कतै चाहिं हिउँदे गहूँ छरिएको ठाउँमा हरिया पातहरू पनि टुसाएका देखिनेगर्थे। यी सबैमाथि निस्तेज सूर्यको मधुर प्रकाश परिहेको थियो। चारैतर्फ माकुराको जालो उडिरहेको थियो। ती जालोहरू गहूँ काटिएको खेतका सुक्नै आँटेका नलहरूमा अड्किनेगर्थे, हाम्रा आँखाहरूमा समेत पर्नेगर्थे, कपालमा र लुगामा पनि टाँसिन्थे। जब हामी कुरा गर्न थाल्थ्यौं त हाम्रो स्वर नै स्थिर हावामा झुण्डिरहेको जस्तो लाग्न थाल्थ्यो। सिङ्गै संसारभरि हामी मात्र एक्लै छौं भन्ने प्रतीत हुन्थ्यो। आकाशमा सूर्य त चम्किरहेकै थियो, तर त्यसमा उष्णता चाहिं पटक्कै थिएन।

म पनि उनलाई "तिमी" मात्र भनेर सम्बोधन गर्न चाहन्थें, तर मेरो निम्ति यो ज्यादै कठिन थियो।

"तिमी यति छिटो छिटो किन पाइला सार्दैछौ हँ?"—

मैले प्याच्च भनिहालें र यति भन्न पाउँदा नपाउँदै लाजले गर्दा मेरो मुख रातै भैसकेको मलाई अनुभव हुन थाल्यो।

उनले हिंडाइको चाल मन्द गरिहाले र पहिलेभन्दा पनि अझ मायालु नजरले मलाई हेर्न थाले। उनको अनुहार-मा मैले कहिल्यै पनि पहिले यत्तिको खुशियाली झल्केको देखेकी थिइनँ।

हामी घर पुग्यौं। सेर्गेइ मिखाइलिचकी आमा र हामीले ननिम्त्याइ नहुने अरू पाहुनाहरू पनि हाम्रै प्रतीक्षा गरिरहेका थिए। त्यसपछि त मैले त्यतिञ्जेलसम्म नै एकान्तमा उनीसंग बस्ने पनि अवसर पाइनँ जबसम्म गिर्जाघरबाट निस्केर निकोल्स्कोएतर्फ प्रस्थान गर्ने एउटा छुट्टै बग्गीमा गएर हामी बसेनौं।

गिर्जाघर प्राय: खाली नै थियो। मैले ढोकाको चिराबाट भित्रतर्फ चियाएर हेर्दा के देखें भने सेर्गेइ मिखाइलिचकी आमा भजनमण्डपको नजिकै ठिंग उभिइरहेकी थिइन्। उनका गोडामुन्तिर गलैंचा ओछ्याइएको थियो। कात्याले चाहिं बैंजनी रङ्गको तनेटोपी लगाइराखेकी थिई र उसका गालामा आँसुका थोपाहरू पनि टल्किरहेका थिए। घरको कामधन्धा गर्ने दुई-तीन जना नोकर र सुसारेहरू बडो कौतुहलका साथ मलाई ताकेर हेर्दैथिए। मैले सेर्गेइ मिखाइ-लिचतर्फ हेर्दा पनि हेरिनँ। तैपनि आफ्नो बगलमा नै उनको उपस्थितिको आभास चाहिं जहिले पनि भइ नै रह्यो। खूब ध्यान दिएर म प्रार्थनाको स्तोत्र सुनिरहेको थिएँ र त्यसलाई मनमनै दोहोऱ्याइ पनि रहेकी थिएँ। परन्तु मेरो अन्तरात्मामा भने त्यसको असर कत्ति पनि परिरहेको थिएन। प्रार्थनामा त मेरो मन नै थिएन। मेरा धमिला

आँखाहरू त देवप्रतिमाहरू, मैनबत्तीहरू, पादरीले लगाइराखेको लबेदाको पीठमा अंकित क्रस-चिन्ह, झ्यालहरू र देवचित्रपट रहेको भित्तातर्फ पल्याकपुलुक दगुरिरहेका थिए। कुनै कुरा पनि मेरो मस्तिष्कमा घुसिरहेको थिएन। मेरो जीवनमा कुनै असाधारण कुरा घट्दै छ भन्ने मात्र मलाई अनुभव भैरहेको थियो। त्यतिखेर नै हातमा क्रस उठाउँदै पादरी हामी भएतिर नै लम्कियो। उसले मलाई आशिर्वाद दियो। उसले नै मलाई दीक्षादान गरेको र ईश्वरको अनुकम्पाले गर्दा उसकै हातबाट मेरो विवाहकर्म पनि सम्पन्न भइरहेको कुरा ऊ बताउँदै थियो। कात्याले र सेर्गेइ मिखाइलिचकी आमाले पालैसान्ति हामीहरूको मुखमा चुम्बन गरे। अनि ग्रिगोरीले बग्गी तैयार पार्ने अह्रोट गरिरहेको स्वर पनि मैले सुनें। विवाहकर्म समेत सुसम्पन्न भैसकेको चाल पाउँदा मलाई एकातिर ज्यादै अचम्म लाग्यो भने अर्कोतिर अलि डर पनि लाग्यो। कुनै असाधारण कुरा चाहिं भएको थिएन। धार्मिक क्रिया समाप्त भैसकेको थियो, परन्तु त्यसै अनुरूप मेरो अन्तरात्मामा चाहिं कुनै पनि प्रक्रिया उत्पन्न भइरहेको थिएन। हामीले एक अर्कालाई चुम्बन गर्‍यौं, तर त्यो अधरपान एकदमै विचित्रको थियो अर्थात् हाम्रो प्रेमको स्वाइँभन्दा बिल्कुलै बेग्लै खालको थियो। 'बस्, यत्ति नै हो त मैले पाएको!'– मैले मनमनै सोचें। हामी ढोकैनेर पुगिसकेका थियौं। द्वारमण्डपको छतमुन्तिर बग्गीका पांग्राहरूको खटखट आवाज आयो र ताजा हावाको एक झोक्का आएर मेरो मुखमा बजि्रयो। सेर्गेइ मिखाइलिचले हातको टोपी आफ्नो शिरमा लगाए, अनि मेरो हातमा सहारा दिएर मलाई बग्गीमा चढाइ-

दिए। बग्गीको झ्यालबाट हेर्दा माथि आकाशमा मैले शीतल जून टहटह चम्किरहेको देखें। जूनको वरिपरि प्रभामण्डल पनि परेको थियो। सेर्गेइ मिखाइलिच मेरो बगलमै आएर बसे, अनि बग्गीको ढोका पनि लगाइदिए। मेरो मनमा एक तमासको चस्को पस्यो। जुन आत्मविश्वासका साथ उनले ढोका थुनेका थिए त्यो मलाई तिरस्कारपूर्ण जस्तो पो लाग्यो। मैले कात्याको चर्को स्वर सुनें। टाउकोमा घुम्टो हाल्नको निम्ति उसले मलाई भनेकी थिई। हाम्रो बग्गी शुरूमा चाहिं ढुंगा ठोकिएको बाटोमा दगुर्‍यो र त्यसपछि त छिटै नै कच्ची सडकमा पुगिहाल्यो। हामीले प्रस्थान गरिसकेका थियौं। म बग्गीको एक कुनामा टाँस्सिएर झ्यालबाट बाहिरतिर नजर दौडाउन लागें। खेतहरूमा जूनको शीतल ज्योत्स्ना परिरहेको थियो। बाटो पनि खेतहरूकै बीचबाट निकै टाढासम्म तन्किरहेको थियो। मैले उनीतर्फ हेर्दा पनि हेरिनँ, तर उनी मेरै बगलमा बसेका छन् भन्ने चाहिं मलाई थाहा थियो। 'के त, जुन घडीको मैले यस्तो अधैर्यताका साथ चिरप्रतीक्षा गरेकी थिएँ त्यसबाट मैले प्राप्त गरेको यत्ति नै हो?'–मेरो मुटुमा यस प्रश्नले च्वास्स च्वास्स घोच्न थाल्यो। किन हो कुन्नि, त्यतिखेर उनको बगलमा यति नजिकै बस्नुपर्दा मलाई तिरस्कार र आत्महीनताको आभास भइरहेको थियो। केही बोल्न भनेर म उनीतर्फ मोडिएँ, तर बक नै फुट्न सकेन। मेरो मनमन्दिरबाट उनीप्रतिको प्रेमभाव लोप भएर गैसकेको जस्तो मलाई लाग्यो। बरू पीडा र भयले पो त्यसको ठाउँ ओगटेका थिए।

मैंले पुलुक्क उनीतर्फ हेरें।

"यो सत्य हो भन्ने त अझै पनि मलाई पत्यार लागिरहेको छैन।"—उनले बिस्तारै भने।

"किन हो कुन्नि, मलाई त डर पो लाग्न थाल्यो!"—मैंले पनि भनें।

"के मसित डराएकी त, प्यारी?"—आफ्नो हातले मेरो हात समातेर उनले भने। त्यसपछि मेरो हातमाथि उनले आफ्नो शिर निहुराइदिए।

उनको हातमा मेरो हात त ज्यानै नभएको जस्तरी रत्तिभर चलमल नै नगरेर रहिरहेको थियो। म एकदमै हतोत्साह भैरहेकी थिएँ।

"हो!"—मैंले सुस्तरी जवाफ दिएँ।

यति भन्न पाउँदा नपाउँदै मेरो मुटु जोडले धुकधुक गर्न लाग्यो। कामेको हातले मैंले उनको हात बेसरी अँठ्याएँ। मेरो देहभरि नै भावनाको एक स्निग्ध लहर दौडेको भान हुन गयो। त्यस अन्योलमा मेरा आँखाहरूले उनका आँखालाई खोज्न थाले। उनको मलाई पटक्कै डर लागिरहेको छैन भन्ने एकाएक मलाई आभास भयो। यही डर नै प्रेम हो भन्ने पनि मैंले बुझिहालें। त्यो एक नौलो किसिमको प्रेम थियो जुन पहिलेको भन्दा बढ्ता सुकोमल र गहन थियो। मेरो सर्वस्व उनैको हो र मउपर उनको पूर्ण अधिकार छ भन्ने मलाई लाग्न थाल्यो। यस्तो भावना उत्पन्न हुनेबित्तिकै मेरो हृदय नै हर्षविभोर भैहाल्यो।

खण्ड दुई

६

दिनपछि दिन र हप्तापछि हप्ता बित्दै गए। शान्त ग्राम्य जीवनको दुई महीना कसरी बित्यो त्यसको अत्तोपत्तो नै भएन। ती दुई महिनाभित्र जस्तो प्रेम, उत्तेजना र उल्लासको अनुभव भएथ्यो त्यो जिन्दगीभरिकै निम्ति नै पर्याप्त थियो। हामी आफ्नो ग्राम्य जीवन कसरी बिताउने-छौं भन्ने विषयमा हामी दुवै जनाको इच्छा र पूर्वकल्पनाहरू एक अर्काबाट एकदमै बेग्लै निस्किए। परन्तु साँच्ची भन्ने हो भने हाम्रो जीवन त्यसभन्दा निकै सुखमय साबित भयो। बिहे हुनुभन्दा पहिले म अलि अर्कै विचार गर्थें। हामी कठोर परिश्रम गर्नेछौं, एक अर्काको लागि आत्मोत्सर्ग र बलिदान गर्नेछौं भन्ने सोच्थें। परन्तु यसको विपरीत हाम्रो मनमानसमा एक अर्कोप्रति प्रेमको स्वार्थपूर्ण भावना जागृत हुन गयो र एक अर्काको प्रेम प्राप्त गर्ने तिर्खा मेटिंदै मेटिएन। कुनै कारण नभए पनि हामी हाँस्न थाल्थ्यौं र सब कुरा बिर्सेर रमाउन लाग्थ्यौं। कहिलेकाहिं उनी आफ्नो अध्ययनकक्षमा कुनै काम गर्न भनेर जाने-गर्थे भने कहिले चाहिं कुनै कामले शहरतिर जान्थे वा मौजाको रेखदेख गर्न निस्कने गर्थे। तर मबाट अलग्गिनु नै उनको निम्ति असह्य छ भन्ने म स्पष्ट देख्नेगर्थें। तिमीबिना त संसारको प्रत्येक चीज ज्यादै खोक्रो लाग्छ र बेफ्वाँकको काममा व्यर्थै आफ्नो समय नष्ट गर्दैछु भन्ने भान हुन्छ भनेर उनी फर्केर आएपछि अक्सर गुनासो गर्ने-

गर्थें। मलाई पनि त्यस्तै लाग्थ्यो। म किताब पढ्थें, संगीत-को रियाज गर्थें, आफ्नी सासुको सेवासुश्रुषा गर्थें र स्कूलको हेरविचार गर्थें। यी सबै कामकुरा मात्र किन गर्थें भने यसको केही न केही सम्बन्ध उनीसित थियो। मैले यी सब कामकुरा गर्नाले उनलाई खुशी लाग्नेछ भन्ने पनि म सोच्थें। जुन कामसित उनको व्यक्तित्व कुनै न कुनै प्रकारले जोडिएको हुँदैनथ्यो त्यो काम गर्नु नै मलाई बिल्कुलै अरूचि-कर लागेर आउँथ्यो। संसारमा उनको अतिरिक्त पनि अरू सुन्दर कुराहरू हुन सक्छन् भन्ने विचार नै मलाई अनौठो प्रतीत हुन्थ्यो। सके यो एउटा तुच्छ र स्वार्थपूर्ण भावना नै थियो, तर त्यसबाट मलाई अपार सुखानुभूति हुन्थ्यो र त्यसले मलाई सम्पूर्ण संसारबाट माथि उचालिदिन्थ्यो। मेरो निम्ति त संसारमा सेर्गेइ मिखाइलिच नै सब थोक थिए। मेरो विचारमा उनी सर्वगुणसम्पन्न व्यक्ति थिए र उनबाट कुनै त्रुटि पनि हुन सक्तैनथ्यो। यस संसारमा अरू कसैको लागि नभएर खालि उनैको लागि नै म बाँचिरहेकी थिएँ र उनको निम्ति म त्यस्ती नै बनिरहन चाहन्थें जस्तो उनी मलाई ठान्थे। उनी पनि मलाई विश्व-भरिमा परम सुन्दरी, अत्युत्तम र सर्वगुणसम्पन्न नारी ठान्ने गर्थे। अनि म पनि त्यस्तै नारी बन्ने प्रयास गर्थें जो उत्तमोत्तम र सर्वगुणसम्पन्न पुरूषको निम्ति योग्य होस्!

एकपटक म प्रार्थना गरिरहेकी थिएँ। उनी सरासर मेरो कोठामा आइपुगे। मैले उनीतर्फ पुलुक्क हेरें, तर प्रार्थना रोकिनँ। मेरो प्रार्थनामा कुनै बाधा नपुगोस् भनेर उनी चूपचाप कुर्सीमा बसे र कुनै किताब पढ्न लागे। परन्तु उनले मतर्फ ताकिरहेका छन् भन्ने मलाई लाग्न

थाल्यो। मैले फर्केर उनीतर्फ नजर दिएँ। उनी मुस्कुराए र म पनि तुरुन्तै हाँस्न लागें। मैले त्यस बेला प्रार्थना पूरा नै गर्न सकिनँ।

"के तपाईंले प्रार्थना गरिसक्नुभो?"—मैले उनलाई सोधें।

"हो, सकें! तर म तिम्रो प्रार्थना भंग गर्न चाहन्न। लौ, म हिंडिहाल्छु!"

"तपाईं प्रार्थना त गर्नुहुन्छ के?"

उनले यस प्रश्नको कुनै उत्तर फर्काएनन्। उनी त बाहिर निस्कन लागिसकेका थिए। तर मैले उनलाई रोकें।

"प्रियतम! आउनोस्, संगसंगै प्रार्थना गरौं! मेरो लागि स्तोत्र पाठ गरिदिनोस्!"

उनी ज्यादै अनौठो तालले हात जोडेर मेरो बगलमा उभिए। उनको चेहरा त गम्भीर देखिन्थ्यो, तर प्रार्थनाको स्तोत्र चाहिं उनलाई राम्ररी कण्ठ थिएन। घरी घरी उनी मतर्फ यस्तो दृष्टि दिन्थे, मानौं मबाट स्वीकृति र सहायताको याचना गरिरहेका होउन्।

उनले प्रार्थना टुंग्याउनेबित्तिकै म खित्का छोडेर हाँस्न लागें र उनको गलामा अङ्कमाल गर्न पुगें।

उनी अलि लज्जाए र मेरो हातमा म्वाइँ खान थाले।

"तिमी मेरो सर्वस्व हौ! तिमी मेरो रोम रोममा बसेकी छ्यौ! तिम्रो साथमा रहँदा मलाई आफू दस वर्षको केटो जस्तो अनुभव हुन्छ!"—उनले भने।

हाम्रो घर गाउँको एउटा यस्तो प्राचीन घर थियो जसमा कंयन् पुस्ताका मान्छेहरूले आफ्नो जिन्दगानी व्यतीत गरिसकेका थिए र जो आपसमा एक अर्कालाई बडो स्नेह

र आदर पनि गर्थे। घरको हरेक चीजबीजसित सुमधुर पारिवारिक स्मृति गाँसिएको थियो। जहिलदेखि म त्यस घरमा आएँ त्यस बखतदेखि नै मलाई के अनुभव हुन थालिसकेको थियो भने त्यो स्मृति मेरो जीवनको पनि एक अभिन्न अङ्ग बन्न लागिसकेको छ। ताच्याना सेम्योनोभ्नाले घर सजाइसकेकी थिइन् र पहिलेकै जस्तरी घरको सारा बरबन्दोबस्त स्वयं नै गर्थिन्। सबै कुरा सुशोभित र सुन्दर थिए भन्न त सकिंदैन, तर हरेक चीजको प्राचुर्य चाहिं अवश्य थियो। नोकरचाकरदेखि लिएर मेचकुर्सी र खाने-कुरासम्म हरेक वस्तु सफासुग्घर देखिन्थ्यो र आ-आफ्नो ठाउँमा सजाएर राखिएका हुन्थे। यसैले गर्दा यस घरप्रति नै एक किसिमको आदरभाव उत्पन्न भैहाल्थ्यो। बैठक-कोठामा पनि मेचटेबुल ज्यादै मिलाएर राखिएका थिए, भित्तामा फोटोहरू टाँगिएका थिए र भुइँमा चाहिं घरबुना दरी र गलैंचा बिछ्याइएका थिए। अर्को कोठामा चाहिं एउटा पुरानो पेनोबाजा, दुईवटा बेग्लाबेग्लै ढाँचाका कोठा सजाउने दराजहरू, एउटा सोफा र केही सा-साना कुर्सीहरू राखिएका थिए। कुर्सीहरूमा बुट्टा समेत कुँदिएको थियो। सबभन्दा दामी फर्निचर त मेरै कोठामा थियो। त्यस कोठालाई ताच्याना सेम्योनोभ्नाले खूब रूचिपूर्वक सजाएकी थिइन्। त्यहाँ विभिन्न शैली र विभिन्न युगका चीजबीजहरू राखिएका थिए। त्यसमध्ये एउटा पुरानो हल्पी ऐना पनि थियो। शुरू शुरूमा त्यस ऐना अगिल्तिर उभिनु नै मलाई संकोच लाग्थ्यो तर बिस्तार-बिस्तार एक मित्रको रूपमा मलाई त्यो ऐना प्यारो लाग्न थाल्यो।

घरमा ताच्याना सेम्योनोभ्नाको चर्को स्वर कहिल्यै

पनि सुनिंदैनथ्यो, तैपनि सबै काम निश्चित समयमा नियमानुकूल चलि नै रहेको थियो। घरमा धेरै नोकर-चाकरहरू अनावश्यक नै थिए। सबै नोकरचाकरहरू ऐंडी बेगरका हलुका जुत्ता लगाएर ओहोर-दोहोर गरिरहन्थे (ताच्याना सेम्योनोभ्नालाई चुरूमचुरूम गर्ने बूट र जुत्ताको ऐंडीको टकटक पटक्कै मन पर्दैनथ्यो) र उनीहरूलाई आफ्नो कामको खूब गर्व छ भन्ने प्रतीत हुन्थ्यो। बूढी मालिक्नीको सामुन्ने त उनीहरू तिघ्रा कमाउँथे, तर जसरी ठूलाबडाहरू साना केटाकेटीहरूलाई माया गर्छन् त्यसरी नै हामी दुवैलाई चाहिं मन पराउँथे। हाम्रो सेवा गर्न पाइएमा उनीहरूलाई बिघ्नै आनन्द लाग्छ भन्ने समेत भान हुन्थ्यो। नियमअनु-सार हरेक शनिश्चरवारका दिन घरको भुइँमा ठोकिएका फल्याकहरू खूब मलेर साफ गरिन्थे र गलैंचामा लागेको धूलो टकटक्याइन्थ्यो। अनि हरेक महीनाको पहिलो तारीखका दिन सामूहिक प्रार्थना हुन्थ्यो र पवित्र जलले अभिशेष गरिन्थ्यो। ताच्याना सेम्योनोभ्ना र उनका सुपुत्रको नामाकरण-दिवसको अवसरमा भोजको आयोजना गरिन्थ्यो र छरछिमेकीहरू सबैलाई निम्त्याइन्थ्यो (त्यस साल शरद् ऋतुमा पहिलो पल्ट मेरो नामाकरण-दिवसको उपलक्ष्यमा पनि यस्तै भोज दिइएको थियो)। त्यस घरमा यो परम्परा पुस्तौंदेखि नै चल्दैआइरहेको छ भन्ने ताच्याना सेम्योनो-भ्नाको कथन थियो। घरव्यवहारमा सेर्गेइ मिखाइलिचको कुनै हस्तक्षेप हुँदैनथ्यो। उनी त घरबाहिरको कामकाज, खेतीपाती र किसानहरूसंगको लेनदेन आदि कामहरू मात्रै सम्हाल्ने गर्थे। यस काममा उनी खूबै लागिपर्दथे पनि। हिउँदमा समेत उनी हरेक दिन बिहान सबेरै उठ्ने गर्थे। म

ब्यूँझुन्जेलसम्ममा त उनी घरबाट निस्कि समेत सकेका हुन्थे। बिहानको चियापानको समयसम्म उनी अक्सर फर्किसकेका हुन्थे र हामी संगसंगै चमेना गर्थ्यौं। त्यस बेला खेतीपातीको झमेला र दौडधूपबाट मुक्त भएर उनी सदैव नै ज्यादै खुशी देखिन्थे। त्यस खुशियालीलाई हामी हर्षोल्लास भन्दथ्यौं। बिहानभरि उनी के काम गर्छन् भनेर उनीसंग अक्सर म सोधपूछ गर्नेगर्थें। उनी मलाई उटपटयाङ्का कुराहरू सुनाउँथे र हामी पेट मिचीमिची हाँस्नेगर्थ्यौं। कहिलेकाहिं म ज्यादै नै गम्भीर मुद्रामा बडो आग्रहपूर्वक आफ्नो कामको विवरण दिने माग गर्थें। उनी सकी नसकी आफ्नो हाँसो रोक्ने कोशीश गर्दै मलाई कामको बयान दिन थाल्थे। म उनका आँखा र चलमलाइरहेका ओंटतर्फ एकटक लगाएर हेरिरहन्थें र उनले भनेको कुनै कुरा पनि मेरो मस्तिष्कमा चाहिं घुस्तैनथ्यो। उनलाई हेरिरहनु र उनको स्वर सुनिरहनु नै मेरो निम्ति पर्याप्त हुन्थ्यो। "लौ, भन त, मैले के कुरा बताएँ?"—उनी एक्कासि सोध्थे। तर मलाई भने कुनै कुराको पनि सम्झना हुँदैनथ्यो। आफ्नो बारेमा र मेरो बारेमा बाहेक अरू नै कुनै विषयमा उनले कुरा चलाए कि त मलाई कस्तो कस्तो अनौठो लाग्थ्यो। मानों वाह्य जगतसित हाम्रो कुनै सरोकार नै थिएन। निकै दिनपछि उनका मामिलाहरूलाई मैले अलि अलि बुझ्न थालें र त्यसमा केही अभिरूचि समेत लिन लागें। ताच्याना सम्योनोभ्ना दिउँसोको खाना खाने बेलासम्म नै आफ्नै कोठामा हुन्थिन्। बिहानको चियापान उनी एकलै गर्थिन् र सन्देशवाहकहरू मार्फत् नै हामी एक अर्कालाई अभिवादन गर्नेगर्थ्यौं। आफ्नो सुखको संसारमा हामी यसरी विचरण

गरिरहेका थियौं। घरको त्यस व्यवस्थित खण्डमा जहाँ मेरी सासु बस्थिन् त्यहाँबाट कुनै आवाज सुनियो भने मलाई ज्यादै अनौठो लाग्नेगर्थ्यो। अक्सर उनको सुसारे नै मकहाँ आउँथी र आफ्नो एक हातमाथि अर्को हात राखेर बडो गम्भीर मुद्रा बनाएर भन्थी: "हिजो घुमफिर गरेपछि राती हजूरलाई कस्तो निद्रा पऱ्यो भनेर ठूली मालिक्नी सोधिबक्सँदै होइसिन्थ्यो! आफ्नो बारेमा चाहिं उहाँबाट यस्तो मर्जी भएको छ: ठूली मालिक्नीलाई त रातभरि कम्मर दुख्यो रे! गाउँमा पनि कुनै भुस्याहा कुकुर रातभरि नै भुक्दैथियो रे। त्यसैले गर्दा उहाँलाई निद्रा नै परेन रे! मालिक्नीले सोधिबक्सेको छ—हजूरलाई आजको बिस्कुट कस्तो लाग्यो रे! मालिक्नीले मर्जी भएको, हजूर! बिस्कुट त तारासले होइन, निकोलाशाले पो तयार पारेको रहेछ। पहिलो पल्ट उसले बिस्कुट बनाएको हो, तैपनि राम्रो बनाएको छ रे! खास गरी क्रिन्देल्की* त ज्यादै मीठो छ, तर केक चाहिं मोराले झण्डै डढाइहालेको रहेछ!"

दिउँसोको खाना खाने बेलाभन्दा पहिले मेरा पतिदेवसंग मेरो भेटघाट अक्सर कमै हुनेगर्थ्यो। म कि त पेनो बजाउँथे, कि त कुनै किताब पढ्थें। उनी चाहिं केही लेख्ने गर्थे र आखिर बाहिरतिर निस्कन्थे। परन्तु चार बजेतिर नै भोजनको लागि हामी सबै भोजनकक्षमा जम्मा भइहाल्थ्यौं। सासु पनि आफ्नो कोठाबाट बिस्तारै बाहिर निस्कन्थिन्। त्यस बेला कुनै न कुनै गरीबीको मारमा

---

* बेह्रुवा रोटी—अनु०

परेकी भद्र महिला वा तीर्थयात्री भोजनकक्षमा दाखिल भैहाल्थे। त्यस घरमा यस किसिमका दुइ-तीन जना त जहिले पनि बास बस्नेगर्थे। घरको नियमअनुसार मेरा पतिदेव आफ्नी आमालाई आफ्नो पाखुराले सहारा दिएर भोजनकक्षमा ल्याउँथे। अर्को पाखुराले चाहिं मलाई आड दिएर सेर्गेइ मिखाइलिच हिंडून् भनेर पनि उनी इशारा गर्थिन् र हररोज यसरी हामी तीनै जना एकैपल्ट बडो मुश्किलसित अटाई-नअटाई दैलोबाट पस्ने प्रयास गर्थ्यौं। भोजनको समयमा सासु टेबुलको शिरपट्टिको आसनमा विराजमान हुन्थिन् र त्यतिखेर जुन कुराकानी चल्थ्यो त्यो ज्यादै उपयुक्त, अति तर्कपूर्ण र निकै हदसम्म गम्भीर पनि हुन्थ्यो। मेरो र मेरा पतिदेवको सामान्य कुराकानीबाट त्यो गम्भीरता केही फीका पर्न जान्थ्यो। कहिलेकाहिं आमा र छोराको बीचमा गरमागरम बहस पनि चल्थ्यो वा उनीहरू एक अर्कालाई गिज्याउन र जिस्क्याउन समेत थाल्थे। जब उनीहरू बहस गर्थे वा ठट्टा गर्थे त मलाई राम्रो लाग्थ्यो, किनभने यसबाट उनीहरूको आपसी सुमधुर प्रेम र सद्भावनाहरूको राम्रो अभिव्यक्ति हुन्थ्यो।

भोजन समाप्त भएपछि maman* बैठककोठाको एउटा ठूलो आरामकुर्सीमा मस्तसंग बस्थिन् र तमाखु माडेर नस बनाउन लाग्थिन् वा नयाँ किताबहरूका पाना पल्टाउन थाल्थिन्। त्यतिखेर हामी चर्को स्वर निकालेर केही पढ्ने गर्थ्यौं वा अर्को कोठामा गएर पेनो बजाउन थाल्यौं। ती

---

* आमा वा सासु। —अनु०

दिनहरूमा हामी दुवैले मिलेर धेरै किताबहरू पढ्यौं। परन्तु संगीत नै हाम्रो मनोरञ्जनको मुख्य र सबभन्दा प्यारो साधन थियो। संगीतले हाम्रो हृदयको नयाँ नयाँ तन्तुमा झङ्कार उत्पन्न गरिदिन्थ्यो र हामी एक अर्कालाई बढी स्पष्टताका साथ बुझ्न थाल्थ्यौं। जब म उनलाई सबभन्दा बढी मन पर्ने संगीतका धूनहरू बजाउँथें त उनी निकै पर राखिएको कौंचमा गएर बस्थे र म उनलाई बडो मुश्किलले देख्न सक्थें। संगीतको प्रभाव आफूमाथि कस्तो किसिमले पर्नेगर्छ भन्ने प्रकट गर्न उनलाई संकोच लाग्थ्यो। किन्तु अक्सर म पेनोबाजा बजाउन छोडेर एकाएक जुरुक्क उठ्ने-गर्थें र उनको बगलमा पुगिहाल्थें। त्यतिखेर उनको अनुहार-मा म भावुकताको चिन्ह स्पष्ट देख्नेगर्थें। उनका आँखा रसाएका हुन्थे र उनको चेहरा चाहिं पहिलेभन्दा बढी चम्किलो देखिन्थ्यो। उनी यसलाई मबाट लुकाउने असफल प्रयास गर्थे। हामी त्यस कोठामा हुँदा सासु हामीलाई हेर्न चाहन्थिन्। तर हामीलाई अपठ्यारो नलागोस् भनेर सोझैं हामीतर्फ दृष्टि दिंदैनथिन्, बरू गम्भीर मुद्रा बनाएर बेवास्ताको भावले हाम्रो कोठा हुँदै निस्कन्थिन्। जे होस्, म उनको प्रयोजन बुझिहाल्थें। नत्र आपनो कोठामा पसेर किन कोही यति छिटो फेरि बाहिर निस्किरहन्थ्यो र?

साँझको चियापानको व्यवस्था चाहिं म मिलाउनेगर्थे। त्यस बेला पनि घरका सबै मानिसहरू फेरि बैठककोठामा जम्मा हुन्थे। टलक्क टल्किने सामोभारको वरिपरि मानिसहरू गम्भीर मुद्रा बनाएर बस्थे र म प्याला र गिलासमा चिया भर्दै पालैसन्ति। उनीहरूको अगिल्तिर राखिदिन्थें। निकै दिनसम्म मलाई असाध्य नै अपठ्यारो लागि रह्यो। आफू

यस्तो सम्मानको लागि योग्य छैन भन्ने मलाई लाग्ने-गर्थ्यो। सामोभार निकै ठूलो थियो र म त्यसको टुटी खोलेर निकिताको किस्तीमा गिलास राख्दै भन्नेगर्थें: 'यो प्योत्र इभानोभिचको लागि हो र यो चाहिं मारिया मिनिच्नाको लागि हो!' त्यसपछि म सोध्ने पनि गर्थें: 'चिनी अलि अरू थपौं कि?' यस्तो कामको लागि म आफूलाई अझै पनि सानी र अयोग्य नै ठान्थें। घरका धाई-सुसारे र नोकर-चाकरको लागि समेत चिनी पुग्छ कि पुग्दैन भनेर पनि मैले नै ध्यान दिनुपर्थ्यो। मेरो प्रशंसा गर्दै कैयौं पल्ट मेरा पतिदेवले भनेका थिए: 'वाह! वाह! तिमी त साँच्चीकै गृहणी झैं आतित्थ्यसत्कार गर्दिरहिछौ!' यस्तो कुराले मेरो संकोच अझ बढाइदिने गर्थ्यो।

चियापान सकिएपछि 'पेसेन्स'* खेल्न maman तासका चक्कीहरू लहरै राख्ने गर्थिन् अथवा मारिया मिनिच्ना तासका चक्कीहरू हेरेर जोखना गर्न थाल्थिन् र सासु चाहिं चूपचाप बसेर उनको भविष्यवाणी सुन्नेगर्थिन्। त्यसपछि उनी हामी दुवै जनालाई म्वाईं खान्थिन् र हाम्रो शरीरमा क्रसको चिन्ह बनाएर आशीष दिन्थिन्। त्यसपछि त हामी दुवै आफ्नो कोठामा गइहाल्थ्यौं। अक्सर आधा रातसम्म हामी सुतेका हुँदैनथ्यौं। त्यो समय नै मेरो निम्ति ज्यादै लोभलाग्दो र प्यारो हुन्थ्यो। त्यसै बेला नै मलाई उनी आफ्नो जीवनका घटनाहरू बताउनेगर्थे या हामी दुवै मिलेर भावी योजनाहरू बनाउनेगर्थ्यौं। कहिलेकाहिं बकमफुस गफ गरिन्थ्यो। हाम्रो स्वर चोटाकोठासम्म

---

*तासको खेल — अनु०

नपुगोस् भन्नाखातिर हामी सुस्तसुस्त कुरा गर्थ्यौं। ताच्याना सेम्योनोभ्नाले हामीलाई छिटै सुत्ने आदेश दिनेगरेकी थिइन्। कतिपल्ट त हामीलाई राति भोक लाग्नेगर्थ्यो र चाल मारेर हामी भण्डारकोठासम्म पुग्नेगर्थ्यौं। त्यहाँ निकिताले हामीलाई केही न केही सेलाएको खानेकुरा अवश्य दिन्थ्यो। आफ्नो कोठामा ल्याएर त्यो खानेकुरा मैनबत्तीको पिलपिल उज्यालोमा बाँडीचुँडी खानेगर्थ्यौं।

त्यस ठूलो घरमा कि त प्राचीनताको राज्य थियो, कि त ताच्याना सेम्योनोभ्नाको नै! हामी दुवै जना त्यस घरका अनौठा जीव जस्ता थियौं। ताच्याना सेम्योनोभ्नाबाट मात्रै होइन, बरू त्यस घरका पुराना नोकरचाकरहरू, त्यस घरका मेच-कुर्सीहरू, चित्र र तस्बीरहरू, कहाँसम्म भने झ्यालका पर्दाहरूबाट समेत मनमा एक किसिमको आदरभाव जागृत हुन्थ्यो र विशेष डर समेत लाग्थ्यो। साथै यो ठाउँ त हाम्रो हुँदै होइन र यहाँ जति दिन बसिने हो त्यतिञ्जेल बडो सावधानी र सतर्कतासित बस्नुपर्छ भन्ने पनि विचार उठ्थ्यो। अहिले सम्झँदा के लाग्छ भने त्यस घरमा ज्यादै उकुसमुकुसपूर्ण वातावरण थियो र आराम भन्ने कुरा त लेस मात्र पनि थिएन। घरको कठोर अनुशासनमा कुनै पनि हेरफेर हुन सक्तैनथ्यो। सबै नै त्यसबाट नै नियन्त्रित थिए। घरमा यस्ता जिज्ञासु मानिसहरू प्रशस्त थिए जो विस्मित नेत्रले हामीलाई हेर्ने गर्थे। यसले गर्दा हाम्रो मायापीर्ति झन् बढेर जान्थ्यो। मैले जस्तै गरेर उनी पनि कुनै कुरामा आफ्नो अनीच्छा प्रकट गर्ने गर्दैनथे। यति मात्रै होइन, कुनै अप्रिय कुरामा आफ्नो ध्यान नै आकर्षित नहोस् भनेर उनी भरसक कोशिश गरिरहेका हुन्थे।

हरेक दिन दिउँसोको खाना खाइसकेपछि जब हामी दुवै जना बैठककोठामा पस्थ्यौं, सासुको नोकर दिमित्री सीदोरोभ चाहिं मेरा पतिदेवको कोठामा सटुक्क पस्थ्यो र टेबुलको घर्राबाट चूपचाप आफ्नो निम्ति सूर्ती झिकेर लिन्थ्यो। उसलाई तमाखु खाने अम्मल थियो र सूर्ती चोरेको कसैले पनि देखेको होवैन भन्ने ऊ ठान्थ्यो। सेर्गेइ मिखाइलिच औंलाले ओंठ थिचेर चूप रहने संकेत गर्दै मतर्फ आँखा सन्काउँथे। अनि हामी दुवै जना सुस्त सुस्त चाल मारेर हिंड्दै लुकीछिपीकन दिमित्री सीदोरोभको चियो लिने गर्थ्यौं। दिमित्री सीदोरोभ चाहिं आफूलाई कसैले पनि देखेको छैन भन्ने कुरामा पूर्णतः विश्वस्त भएर रमाउँदै कोठाबाट बाहिर निस्किन्थ्यो। अरू बेला झैं त्यस पटक पनि निर्विघ्न ऊ कोठाबाट बाहिर निस्किसकेपछि सेर्गेइ मिखाइलिच मेरो बगलमा आइपुग्थे र "प्यारी!" भन्दै मेरो ओंठमा चुम्बन लिन्थे। यस्तो अधरपानको कुनै मौका पनि उनी गुम्न दिंदैनथे। कहिलेकाहिं त मलाई आफ्ना पतिदेवको यस्तो धैर्य, सहनशीलता र बनावटी उपेक्षाभाव ज्यादै खट्कनेगर्थ्यो। यसलाई म उनको कमजोरी ठान्थें। म सोच्नेगर्थे: 'खै, यिनको त एक बालकको जस्तै आफ्नो कुनै इच्छाशक्ति नै छैन क्या रे!'

तपाईं जस्तो मान्छेमा यस्तो कमजोरी देखेर म दिक्दार छु भनेर एकपल्ट त मैले प्याच्च भनि पनि दिएँ। यसको जवाफ उनले यसरी दिएका थिए: 'अँ, प्रियतमा! मेरो मन ज्यादै नै खुशी छ र कुनै पनि कुराले मलाई रत्तिभर पनि विचलित पार्न सक्तैन। अरूलाई तह लाउनु बडो गाह्रो हुन्छ, बरू आफू नै अनुकूल बनिदिनु सजिलो हुन्छ। यस

कुरामा मलाई पक्का विश्वास परिसकेको छ। जीवनमा मानिस कुनै न कुनै हदसम्म जुनसुकै परिस्थितिमा समेत सुखी रहन सक्छ। त्यसमा पनि हामी दुवै जना त चौपट्टै सुखी छौं! कुन कुरामा म क्रुद्ध हुन सक्छु र? मलाई अचेल कुनै कुरा पनि नराम्रो लाग्दैन। हो, कुनै कुरा चाहिं दयनीय वा हास्यास्पद लाग्न सक्ला! एउटा गाँठी कुरा हो – le mieux est l'ennemi du bien*। तिमी पत्याउँछ्यौ कि नाइँ? जब ढोकाको घण्टी बज्छ, या चिठ्ठी पाइन्छ, या बिहान सबेरै ब्युँझन्छु त मेरो मुटु धुकधुक गर्न थाल्छ। कतै आज हुनु नपर्ने कुनै कुरा त हुने होइन भन्ने डर लागेर आउँछ। कारण, आज जीवनको स्थिति जस्तो छ त्यसभन्दा बढ्ता राम्रो स्थिति त कहिल्यै हुन सक्तैन।'

उनको कुरामा मलाई विश्वास भइहाल्यो, यद्यपि उनले भनेको चाहिं मेरो मस्तिष्कमा घुसि नै रहेको थिएन। म सुखी थिएँ र सबै कुरा जस्तो हुनुपर्ने थियो त्यस्तै नै भइरहेको छ भन्ने मलाई लागिरहेको थियो। त्यसमा पनि म के सोच्दैथिएँ भने एउटा अर्को किसिमको सुख पनि छ जुन यसभन्दा ठूलो त होइन, तर यसभन्दा पृथक् चाहिं जरूर नै छ।

यस प्रकार दुई महीना बित्यो। अनि शिशिरऋतुको चीसो स्याँठ र हिमप्रपात पनि शुरू भैहाल्यो। मेरा पतिदेव मेरै साथमा थिए, तैपनि म आफूलाई बिल्कुलै एकली अनुभव गर्न थालें। जीवनको पुनरावृत्ति हुँदैछ, न

---

*असलको शत्रु – उत्तम (फ्रेन्च)। – अनु०

ममा, न त उनमा नै कुनै नवीनता बाँकी छ, बरू अब त हामी अतीततर्फ पो फर्किरहेका छौं भन्ने प्रतीत हुन थाल्यो। उनी पनि आफ्नो कामधन्धामा पहिलेभन्दा बढ्ता व्यस्त रहन लागे। म के विचार गर्न पुग्थें भने उनको आफ्नै एउटा गुप्त संसार छ जसमा मैले प्रवेश गरेको उनलाई मान्य हुनेछैन। निरन्तर शान्त रहने उनको स्वभावबाट पनि मलाई झर्को लाग्न थाल्यो। उनीप्रति मेरो प्रेममा भने कुनै फरक आएको थिएन। अब पनि म उनलाई पहिले झैं प्रेम गर्थें र उनको प्रेम पाएर पनि उत्तिकै खुशी हुन्थें। परन्तु मेरो प्रेमको विकास चाहिं अवरूद्ध भइसकेको थियो अर्थात् त्यसमा कुनै बृद्धि भइरहेको थिएन र मेरो मनमा एउटा नयाँ किसिमको व्याकुलता उत्पन्न हुन लागेको थियो। उनको प्रेमसागरमा आफूले चुर्लुम्म गोता लगाइसकेको त्यस महान् अनुभूतिपश्चात् अब खालि आफूलाई प्यारो गरिनु मात्र पर्याप्त थिएन। जीवनको गति बढी तीव्र होस् भन्ने मेरो चाहना थियो र उनको अचल जीवनबाट म त्यस्तो गति पाउन सक्तिनथें। जीवनमा उमङ्ग होस्, उत्तेजना होस् भन्ने मेरो इच्छा थियो। म त आफ्नो प्रेमको वेदीमा जीवनाहुति गरिदिन तैयार थिएँ। ममा उमङ्गउल्लासको बाहुल्य थियो, तर यस किसिमको हाम्रो निःस्पन्द जीवनमा त्यसको अभिव्यक्तिको कुनै माध्यम चाहिं मैले भेट्टाउन सकेकी थिइनँ। म अक्सर उदास हुन थालें, तर यसलाई म अवगुण ठानेर उनीबाट सकेसम्म लुकाउने नै कोशिश गर्थें। कहिलेकाहिं मेरो मनमा प्रेमको ज्वारभाटा चल्न थाल्थ्यो र यसबाट उनी भयभीत समेत हुनेगर्थे। मेरो मनःस्थितिको उनले पहिलेबाटै भेउ पाइ-

सकेका थिए र शहरतर्फ जाने प्रस्ताव पनि ल्याएका थिए। किन्तु मैले त्यसको ठाउँ विरोध गरें। हामीले आफ्नो जीवन-पद्धति फेर्नु हुँदैन, किनभने यसबाट हाम्रो सुखमा बाधा पुग्न सक्छ भन्ने मेरो तर्क थियो। हुन पनि म वास्तवमा नै सुखी थिएँ। परन्तु यो सुख मैले सित्तैमा नै उपभोग गर्न पाइरहेकी छु भन्ने विचारले मलाई पिर्न थालेको थियो। अर्थात् न यसको लागि मैले कुनै कष्ट झेल्नुपरेको छ, न त कुनै वलिदान नै गर्नुपरेको छ। म परिश्रम गर्न र आत्म-त्याग गर्न चाहन्थे र यसै कारणले गर्दा नै म व्याकुल पनि रहन्थें। उनलाई म बिछट्टै माया गर्थें। म नै उनको सर्वस्व हुँ भन्ने पनि मलाई थाहा थियो। परन्तु म के चाहन्थें भने अरू मानिसहरूले पनि हाम्रो प्रेमको डाह गरून्, हाम्रो प्रेमबन्धन तोड्ने प्रयत्न गरून् र उनीहरूको सबै प्रयत्न विफल पनि होस्! मेरो मन र मस्तिष्क भरिपूर्ण थियो र अनेक किसिमका तर्कनाहरू उठ्नेगर्थे। यसको साथसाथै एउटा अर्को भावना पनि थियो—यौवनको भावना! उमङ्ग र उत्तेजनाको चाहना गर्ने त्यस भावना-लाई हाम्रो शान्त जीवनबाट सन्तोष हुँदैनथ्यो। मैले इच्छा मात्र गर्नुपर्छ, जतिखेर पनि शहरतर्फ प्रस्थान गर्न सकिन्छ भनेर किन उनले भनेका होलान्? उनले यस्तो नभनिदिएको भए मलाई कुन कुरा छर्लङ्ग भइहाल्ने थियो भने मलाई आकुलव्याकुल पार्ने यस्तो भावना मनमा पालिराख्नु नै ठूलो मूर्खता हो र यसबाट खालि हानि मात्रै पुग्न सक्छ, बरू यस्तो भावनालाई दबाइदिनाले नै आत्मत्यागको लालसा शान्त हुनेछ। शहरतिर गएँ भने यस्तो नियास्रोबाट मुक्त हुनेछु भन्ने विचार पनि बारम्बार मेरो मनमा उब्जने-

गर्थ्यों। तैपनि मात्र आफ्नो सुखको लागि ती सबै कुराहरू-बाट उनलाई अलग्याउनेछु जुन कुराहरूलाई उनी औधि मन पराउँछन् भन्ने विचारले मन कुढिन्थ्यो र लाज समेत लागेर आउँथ्यो। यसरी जसोतसो दिनहरू चाहिं बिति नै रहेका थिए। घरको वरिपरि हिउँको रास निरन्तर अग्लिंदै गइरहेको थियो। हामी दुवै नै सधैंभरि संगसंगै रहन्थ्यौं र एक अर्काबाट टाढा हुँदैनथ्यौं। परन्तु निकै टाढा कतै शहरतिरको चहलपहल र तडकभडकमा झुण्डका झुण्ड मानिसहरू आशा र चिन्ता, सुख र दुःख, उत्साह र निराशाको अनुभव गर्दा होलान् र उनीहरूलाई न हाम्रो, न त हाम्रो क्षणिक जीवनको नै कुनै चिन्ता हुन्छ होला! म के सोच्न पुग्थें भने आफ्नो आनीबानीको वशमा परेर हामी एक निश्चित ढर्रा अनुसार जीवन गुजार्छौं र हाम्रो प्रेम चाहिं स्वच्छन्द हुनुको सट्टा समयको उत्साहहीन तथा अनुरागहीन शान्त गतिको अधिन रहेर अगाडि घिस्रँदैछ। यस प्रकारको सोचाइ मेरो निम्ति राम्रो कुरा अवश्य पनि थिएन।

बिहानपख हामी विशेष खुशी रहन्थ्यौं भने दिउँसोको खाना खाने बेलामा एक अर्काप्रतिको हाम्रो व्यवहार सत्कारपूर्ण र साँझपख चाहिं भावुकतापूर्ण हुन्थ्यो। म मनमनै विचार गर्थें: 'असल काम गर! यही ठीक छ! हामीले असल काम गर्नुपर्छ, ईमानदारीसाथ बाँच्नुपर्छ भनेर उनी जो भन्छन् सो सही हो! तर यसको लागि पछि पनि न प्रशस्तै समय बाँकी रहनेछ। यस्ता अरू पनि त कामहरू नभएका होइनन् जो अहिले शरीरमा ताकत छँदै छँदै गरिहाल्नुपर्छ!' मलाई त्यस्ता कुराहरूको खाँचो

थिएन। म त संघर्षको लागि पो उत्सुक थिएँ। हाम्रो प्रेमको नियन्त्रण जीवनद्वारा होइन, बरू हाम्रो जीवनको नियन्त्रण प्रेमद्वारा होस् भन्ने म चाहन्थें। मेरो त कस्तो इच्छा थियो भने उनको साथमा म एउटा अग्लो भीरको टुप्पामा उभिन पुगूँ र भन्न थालूँ: 'बस्, मात्र एक पाइला अरू सार्नुपर्छ, म भीरबाट तल गुल्टिन पुग्नेछु। एक छिन-पछि त मेरो नामोनिशाना बाँकी रहनेछैन!' मेरो यस प्रकारको कुरा सुन्नेबित्तिकै उनको अनुहार धुस्रोफुस्रो होस् र आफ्ना जब्बर हातले मलाई अँठ्याएर अङ्कमाल गरि-हालून्! अनि यस्तो अवस्थामा केही बेरसम्म हामी त्यस भीरको टुप्पामा नै उभिइरहौं र मेरो मुटुमा चसक्क होस्! त्यसपछि मलाई बोकेर उनी जहाँ चाहन्छन् त्यहीं लगून्!

यस्तो मनःस्थितिले गर्दा मेरो स्वास्थ्य पनि क्रमशः बिग्रँदैगयो। मेरा स्नायुहरू ज्यादै कमजोर भैसकेका थिए। एक दिन बिहानपख मेरो स्वास्थ्य अरू बेलाको भन्दा ज्यादै नराम्रो थियो। उनी अड्डाबाट फर्केर आए। उनको मिजास केही झर्कोलाग्दो थियो। पहिले उनलाई मैले त्यस रूपमा देखेकी थिइनँ। मैले तुरून्तै नै यसको चाल पाइहालें र कारण पनि सोधें। उनले केही पनि जवाफ दिएनन्। ज्यादै मामूली कुरा हो, व्यर्थमा किन चर्चा गरिरहने भनेर उनी चूप लागे। पछि मलाई के थाहा हुन गयो भने जिल्लाका हाकिमले हाम्रा मोही किसानहरूलाई डाँकेका रहेछन् र मेरा पतिदेवसित चिढिएका हुँदा किसान-हरूसित गैरकानूनी तरीकाले कोसेली आदिको माग गरेका रहेछन् र धम्काएका पनि रहेछन्। मेरा पतिदेवले यी सबै कुराहरूलाई अझैं पनि यस किसिमबाट पचाउन सकिरहेका

थिएनन् जसले गर्दा त्यो अप्रिय घटना हास्यास्पद र दयनीय मात्र रहन जाओस्! तर मैले चाहिं के सोचें भने उनी न मलाई अझ सानी बालिका नै ठान्छन् र जुन कुराले उनलाई आकुलव्याकुल पारेको छ त्यो त मेरो समझमा नै घुस्न सक्तैन भन्ने उनको सोचाइ हुन्छ। म चूप लागिहालें र त्यहाँबाट फन्किएर हिंडि पनि हालें। त्यसताका मारिया मिनिच्ना हाम्रो घरमा बसेकी थिइन्। दुवै जना संगै बसेर चिया खाऔं भनी मैले उनलाई डाँकिपठाएँ। हामीले छिटै नै चियापान सक्यौं र त्यसपछि म बैठककोठामा गएर मारिया मिनिच्नासंग बात मार्न लागें। कुनै मामूली कुरालाई लिएर म ठूलो ठूलो स्वरमा बताउँदैथिएँ, यद्यपि त्यसमा मलाई रत्तिभर पनि रूचि चाहिं थिएन। सेर्गेइ मिखाइलिच कोठामै ओहोरदोहोर गरिरहेका थिए। कुनै कुनै बेला उनी हामीतर्फ आंखा तरेर हेर्नेगर्थे। यसको त ममाथि कस्तो उल्टो असर पर्न गयो भने म झन् झन् चर्को स्वरमा बोल्न लागें र झिन्का छोडेर समेत हाँस्न थालें। मलाई जे कुरा पनि हास्यास्पद लाग्न थालेको थियो—आफूले भनेको र मारिया मिनिच्नाले भनेको कुरा पनि यस्तै हाँसउठ्दो लाग्यो। आखिर सेर्गेइ मिखाइलिच केही पनि बोल्दै नबोली आफ्नो अध्ययनकक्षमा पसिहाले र ढैलो पनि ढ्याम्म थुनिदिए। उनी भित्र जानेबित्तिकै मेरो सारा उत्साह नै मरेर गयो। मारिया मिनिच्ना छक्क परिन् र मसंग यसको कारण सोधन थालिन्। कुनै पनि उत्तर नफर्काएर म सरासर कोचमा गएर बसें। मुश्किल-मुश्किलले मैले आँखामा आंसुलाई थामेर राखेकी थिएँ। 'कुनै कुराले उनलाई यतिको चिन्तित तुल्याएको होला?'—म सोचिरहेकी

थिएँ। 'तिललाई पहाड बनाइरहेका छन् उनी! कुनै ठूलो कुरा हुँदै होइन भनेर म उनलाई देखाइदिन सक्छु! के सम्झेका छन् उनले? म अबूझ बालिका नै छु भन्ने उनी ठान्दा होलान्! आफ्नो महत्ता र रोबरवाफले नाक फुलाएर मेरो तिरस्कार गर्दै छन्। उनी जे कुरा भन्छन् त्यही नै ठीक हो भन्ने ठान्दैछन्। परन्तु साँच्ची भन्ने हो भने मलाई असाध्यै झर्को लागिसक्यो, मेरो जीवन नै नीरस र खोक्रो भैसक्यो, तर म जिउन चाहन्छु र अरू अगाडि बढ्न चाहन्छु। मेरो त के आकांक्षा छ भने हरेक क्षण र हर्घडी मेरो जीवनमा कुनै नौलो कुरा हुँदैरहोस्! उनी चाहिं एकै ठाउँमा स्थिर भएर उभिइरहन खोज्दैछन्। म पनि चूपचाप उनको बगलमा नै ठिंग उभिइरहूँ भन्ने उनी चाहन्छन्। मैले पनि आफ्नो इच्छालाई मनभित्र नै गुम्स्याएर राखिछाडें भने उनको जीवन सुगम हुन जानेछ। मलाई उनले शहरतिर पनि लिएर जानुपर्ने छैन। यसको लागि मैले सरल हुनुपर्छ, आफ्नो मनलाई बाँधेर बस्नुपर्छ र कुनै बनावटीपना हुनुहुँदैन। यसरी मलाई चाहिं उनी सरल बन्ने उपदेश दिन्छन्, तर आफूचाहिं सरल छैनन्। वास्तविक कुरा यही नै हो!'

मलाई ज्यादै खपि नसक्नु भयो। भित्रबाटै भक्कानो फुटेर आउला जस्तो मलाई अनुभव भयो। म दिक्क भएँ। मलाई डर पनि लागेर आयो र म उनी भएको ठाउँमा पुगिहालें। उनी अध्ययनकक्षमा बसेर केही लेख्दैथिए। मेरो पदचाप सुनेर उनले कान ठाडो पारे र मतर्फ एकटक लगाएर एक छिन हेरिरहे। अनि फेरि लेख्नमा नै व्यस्त भइहाले। उनी निस्पृह, स्थिर र शान्त थिए। उनको

कटाक्षमा जुन भाव झल्केको थियो त्यो मलाई मन परेन। उनको नजिक नगएर म त्यहीं नै टेबुलको छेउमै उभिइरहें। मैले पनि एउटा किताब हातमा लिएँ र त्यसका पानाहरू पल्टाउन थालें। उनले फेरि टाउको उचालेर मतर्फ पुलुक्क हेरे।

"के तिमीलाई बिसञ्चो त छैन, माशा?"—उनले सोधे।

उत्तरको सट्टा मैले रूखो नजरले उनीतर्फ तर्केर हेरें। 'सोधेर के फाइदा? यस्तो शिष्टाचार किन?'—त्यस हेराइको तात्पर्य यही थियो। उनले आफ्नो टाउको हल्लाए। उनका ओंठहरूमा एक संकोचपूर्ण र भावुक मुस्कानको झलक देखा पऱ्यो। उनी यसरी मुस्कुराएको देख्ता पनि म मुस्कुराएकी थिइनँ।

"के भएको थियो आज? किन तपाईं बताउन चाहनुहुन्न मलाई?"—मैले सोधें।

"कुनै खास कुरा होइन। एउटा सानोतिनो झमेला आइपरेको छ!"—उनले जवाफ दिंदै भने।—"लौ, तिमीलाई म पूरै कहानी सुनाइदिन्छु! हाम्रा दुई जना मोही किसानहरू शहर गएका थिए।..."

मैले उनको कुरा बीचैमा काटिदिएँ।

"चिया खान लाग्दा मैले सोधेको बेला चाहिं किन मलाईले बताउनु नभएको नि?"

"त्यतिखेर मेरो मुखबाट यस्तो कुवाक्य पनि निक्लन सक्थ्यो जसको लागि मलाई पछि पछुतो लाग्दो हो। त्यस बेला म रीसले चूर थिएँ।"

"परन्तु म त त्यतिखेर नै सारा कुरा सुन्न चाहन्थें।"

"किन ?"

"कुनै काममा पनि म तपाईंलाई सघाउन सक्तिनँ भन्ने नै किन सोच्नुहुन्छ हजुर, तपाईं ?"

"किन तिमीले यस्तो सोचेकी ?"—हातको कलम टेबुलमा राख्दै उनले भने।—"तिमीबेगर त म बाँच्नै समेत सक्तिनँ भन्ने म सोच्नेगर्छु। तिमी मलाई हरेक काममा र हरेक कुरामा मद्दत गर्दैछ्यौ। मद्दत मात्रै गरेकी होइनौं, बरू सबै कामकाज तिम्रै हातबाट भइरहेको छ। कस्तो नबुझेकी ?!"—उनी हाँस्न लागे।—"तिमी नै त मेरो सर्वस्व हौ! मलाई सब कुरा किन राम्रो लाग्छ भने तिमी यहाँ छ्यौ र मलाई तिम्रो जरूरत छ! .."

"थाहा छ मलाई! तपाईं मलाई यस्ती अज्ञानी बालिका ठान्नुहुन्छ जसलाई मीठा मीठा कुरा गरेर फकाउन-फुल्याउन सकिन्छ!"—रूखो स्वर निकालेर मैले यो वाक्य उच्चारण गरें। यसले गर्दा अकमक्क परेर उनी मतर्फ हेर्न लागे, मानौं उनी पहिलो पल्ट मलाई देखिरहेका होउन्! —"म शान्त भएर बस्न चाहन्नँ। तपाईं पो एकदमै शान्त हुनुहुन्छ, चाहनेभन्दा ज्यादै बढ्ता शान्त हुनुहुन्छ।"—मैले थपें।

"सुन लौ, पहिले त्यही घटनाको कुरा!"—उनले मेरो कुरा बीचैमा काटेर छिटो छिटो भन्न शुरू गरे। यस्तो लाग्थ्यो, मानौं उनी अगाडि मेरो कुरा सुन्न डराइरहेका होउन्! —"तिमी के गर्दी हौ, यदि..."

"अब म क्यै पनि सुन्न नै चाहन्नँ!"—मैले रिसिएर भनें। वास्तवमा म सुन्न चाहिं निकै उत्सुक थिएँ, तर मलाई उनको मनको शान्ति खल्बल्याउनमा निकै नै मजा लागिरहेको थियो।—"म पनि बाँच्न चाहन्छु, त्यसै गरेर

यसरी तपाईं बाँचिरहनुभएको छ! बाँचिरहेको जस्तो बहाना भने म गर्न चाहन्नँ!"

उनको भावुक अनुहारमा तत्कालै पीडाको रेखा देखा पऱ्यो र उनी बडो ध्यानपूर्वक मतर्फ हेर्न लागे।

"म चाहन्छु, मलाई पनि तपाईं आफूसरह नै ठान्नोस्! म..."

परन्तु मैले यसभन्दा बढ्ता अरू केही पनि भन्न सकिनँ। उनी अत्यन्तै उदास र गम्भीर देखिएका थिए। निकै बेरसम्म उनी चूप लागेर बसिरहे।

"मैले कुन कुरामा तिमीलाई आफूसरह ठानेको छैन र?"—उनले सोध्न शुरू गरे।—"हाकिम र जँडचाहा किसानहरूको मामिला पनि आफैंले सुल्झाउनुको सट्टा के तिमीमाथि नै थोपरिदिऊँ त?.."

"कुरा यत्ति मात्र होइन!"—मैले भनें।

"कृपया मेरो भनाइ सुन, प्यारी!"—अलि नरम भएर उनले अगाडि भने।—"मलाई थाहा छ, ज्यादा चिन्ता लिइरहनाले मनमा ठूलो चोट पर्न सक्छ। मैले जीवनमा धेरै कुरा देखिसकेको छु, त्यसैले मलाई राम्रो थाहा छ। म तिमीलाई माया गर्छु, त्यसैले गर्दा नै तिम्रो मनमा चिन्ताहरू थुप्रिरहुन् भन्ने म चाहन्नँ। यही प्रेम नै मेरो जीवन हो। बिन्ती छ, मलाई शान्तिपूर्वक बाँच्न देऊ!"

"तपाईंको हरेक कुरा सधैं ठीक हुन्छ!"—मैले उनीतर्फ हेर्दै नहेरीकन भनें।

उनको मन फेरि पहिले झैं निर्मल र शान्त भएको देखेर मलाई सही नसक्नुभयो। यता मेरो मनमा चाहिं गहिरो उत्तेजना र सन्ताप व्याप्त थियो र पश्चात्ताप भइरहेको थियो।

"माशा, कुरा के हो?"–उनले फेरि प्रश्न गर्दै अगाडि थपे।–"हामीमध्ये को सही छ भन्ने मात्र कुरा होइन। कुरा त यसभन्दा पनि कता हो कता गम्भीर छ। किन तिमी रिसिएकी छ्यौ मसित? भो, अहिले केही जवाफ दिनुपर्दैन। शुरूमा राम्ररी सोचविचार गर, अनि मात्र मलाई बताए भैहाल्छ! तिमी मसित असन्तुष्ट छ्यौ र सम्भवतः तिम्रो असन्तोष उति नाजायज पनि छैन होला! मबाट के भूलचुक हुन गयो? सिर्फ यत्तिकै मात्र ठीक ठीक बताइदेऊ!"

तर उनको अगिल्तिर आफ्नो मन खोलेर म कसरी कुरा गर्न सक्थें र? बरू उनले यति सजिलैसंग मेरो मनपेटको कुरा बुझेको देखेर मलाई झन् उदेक लाग्यो। उनको सामु मैले आफूलाई फेरि पनि एक अबूझ बालिका नै सम्झिन थालें र उनले पहिलेबाटै नदेखेको र नजानेको कुनै कामकुरा नै मबाट हुन सक्दो रहेनछ भन्ने भावना समेत जाग्न थाल्यो।

"तपाईंसंग म रिसाएकी होइनँ!"–मैले भनें।–"मलाई दिक्क मात्र लागेको हो। यसरी म दिग्दार भइरहन चाहन्नँ। तर तपाईं चाहिं यस्तै अवस्थामा रहनुपर्छ भनेर भन्नुहुन्छ। हुन सक्छ, तपाईंकै भनाइ ठीक होस्! तपाईं अनुचित कुरा नै कहाँ गर्नुहुन्छ र?"

यस्तो भन्दै मैले उनीतर्फ पुलुक्क हेरें। जुन कुरा म चाहन्थें त्यो नै मैले गरेर देखाइसकेकी थिएँ। उनको मनको शान्ति भङ्ग भैसकेको थियो। उनको मुखमा पीडा र भयको छाप थियो।

"माशा!"–उनले उत्तेजित स्वरमा सुस्तसुस्त भन्न

शुरू गरे।–"यो कुरा ज्यादै गम्भीर छ। अहिले हाम्रो भाग्यको नै फैसला भइरहेको छ। ममाथि कृपा गर! मेरो कुरा ध्यान दिएर सुन! बीचमा कुरा नकाट! भन, किन तिमी मेरो चित्त दुखाउन चाहन्छ्यौ?"

तर मैले बीचैमा उनको कुरा काटिदिएँ।

"जे जस्तो तपाईं भन्नुहुनेछ त्यो सब ठीक नै हुनेछ! मलाई यो थाहा नभएको होइन। त्यसैले राम्रो त यही नै हुनेछ कि तपाईं केही पनि नभन्नोस्!"–मैले उपेक्षा-भावले यो कुरा भनें, मानौं म बोलिरहेकी थिइनँ, बरू मेरो अन्तःकरणभित्रबाट कुनै दुष्ट प्रेतात्मा नै बोलिरहेको होस्!

"आह! तिमी जे भन्दैछ्यौ त्यसको तात्पर्य पनि तिमीलाई थाहा हुँदो हो ता!"–उनले काँपेको स्वरमा भने।

म भुँक्कभुँक्क गर्न लागिहालें। त्यसपछि मेरो मनःस्थिति केही ठीक भयो। उनी मेरो बगलमा चूपचाप बसिरहेका थिए। आफ्नो व्यवहारप्रति म लज्जित र क्षुब्ध थिएँ। उनीप्रति चाहिं मेरो मनमा दया जागेर आयो। आँखा उठाएर सोझै उनीतर्फ हेर्ने समेत ममा आँट थिएन। त्यतिखेर उनी ज्यादै कठोर वा विस्मित नजरले एकटक लगाएर मतर्फ हेरिरहेका होलान् भन्ने मेरो अनुमान थियो। आखिर मैले उनीतर्फ पुलुक्क हेरें। एक अत्यन्त सुकोमल र मोहक दृष्टि दिएर उनी मलाई यसरी हेरिरहेका थिए, मानौं उनका नेत्रहरू नै मसित क्षमायाचना गरिरहेका होइन्! मैले आफ्नो हातले उनको हात च्यापें।

"माफ गरिदिनोस् मलाई!"–मैले भनें।–"मैले

के बोलें, के बोलिनँ, मलाई थाहा नै भएन!"

"तर मलाई थाहा छ! जे कुरा तिमी भन्दैथियौ त्यो बिल्कुलै ठीक थियो।"

"के ?"

"हामीले जरूर पनि पिटर्सबर्ग* जानैपर्छ! यहाँ हाम्रो अब केही काम छैन!"

"जो तपाईंको इच्छा!"—मैले भनें।

मलाई जोडले अङ्कमाल गरेर मेरो आँखा र मुखमा उनी म्वाइँ खान लागे।

"मलाई क्षमा गरिदेऊ! मैले तिमीप्रति ठूलो अन्याय गरेको छु!"—उनले गुनगुनाउँदै भने।

त्यस दिन साँझपख निकै रात बितुञ्जेलसम्म नै पेनोबाजा बजाएर म उनीलाई संगीत सुनाउँदैरहें। उनी कोठामा यताउता गर्दैथिए र केही बड्बडाउँदै पनि थिए। यसरी आफै गुनगुन गर्ने उनको बानी नै थियो र उनी के के गुनगुनाउँदै छन् भनेर पनि म अक्सर सोध्नेगर्थें। उनी सधैं एक छिन सोचेर मनमा कुरा खेलाउँदै आफूले गुनगुन गरेको विषय पनि मलाई बताइदिन्थे। प्रायशः उनी कुनै कविताको पंक्ति वा अर्थ न बर्थको उटपटाङ कुरा बड्बडाउने-गर्थे। जे होस्, उनका यस्ता निरर्थक शब्दहरू सुनेर पनि म उनको मनःस्थिति चाल पाइहाल्थें।

"के गुनगुनाउँदै हुनुहुन्छ?"—मैले सोधें।

उनी टक्क रोकिए, अनि एक छिन विचारमग्न भए।

---

* पिटर प्रथमद्वारा निर्मित तत्कालीन रूसको राजधानी। हाल लेनिनग्राद भनिन्छ।—अनु०

त्यसपछि मुसुमुसु हाँस्दै लेर्मोन्तोभको* कविताका दुई चरण दोहोऱ्याइदिए।

...तर विद्रोही, खोज्दछ आँधी।
मानौं शान्ति छ आँधीभित्र॥**

'यी मनुष्य मात्र होइनन्, मनुष्यभन्दा ज्यादै उच्चकोटिका प्राणी हुन्! यिनलाई जे पनि थाहा छ!'–म विचार गर्दै थिएँ।–'यिनलाई प्रेम नगर्न नै कसरी सकिन्छ र?'

म जुरुक्क उठें। उनको पाखुरामा हातले अँगालो मारेर, उनको गोडामा गोडा मिलाएर कोठामा हिंड्न लागें।

"ठीक छैन त?"–मुस्कुराउँदै सोझै मेरो आँखातर्फ ताकेर उनले सोधे।

"ठीक!"–म गुनगुनाएँ। हामी दुवै नै तत्कालै खुशी भैहाल्यौं। हाम्रा नेत्रहरू हाँसोले टल्किरहेका थिए। हामी लामा लामा पाइला सार्दैथियौं र बूढीऔंलाको बलले टेकेर अग्लिने पनि जमर्को गर्दैथियौं। अनि पैतालाले टेक्दै कोठा कोठा चहार्न लाग्यौं। हाम्रो यस्तो चाला देखेर ग्रिगोरी त जङ्गिइहाल्यो, तर सासु भने जिल्ल परिन्। त्यतिखेर सासु बैठककोठामा "पेसेन्स" खेलिरहेकी थिइन्। सबै कोठा पार गरेर भोजनकक्षमा पुगेपछि हामी अडियौं र एक अर्कालाई हेरेर खित्का छोडेर हाँस्न लाग्यौं।

---

*लेर्मोन्तोभ, मिखाइल (ई० सं० १८१४–१८४१)–प्रसिद्ध रूसी कवि।–अनु०

**लेर्मोन्तोभ लिखित "डुङ्गाको पाल" शीर्षकको कविताको अन्तिम दुई चरण।–अनु०

दुई सातापछि बिदा शुरू हुनुभन्दा ठीक अगाडि हामी पिटर्सबर्ग पुगिहाल्यौं।

७

पिटर्सबर्गतर्फ हाम्रो प्रस्थान, मास्कोमा एक साताको बसाइ, कयौं नयाँ नयाँ शहरहरूको अवलोकन, ठाउँ ठाउँमा उनको तर्फका र मेरो तर्फका नातेदारहरूको स्वागतसत्कार, नयाँ नयाँ मानिसहरूसंगको भेटघाट–यी सबै कुराहरू त्यतिखेर मलाई सपना झैं लागिरहेका थिए। त्यहाँ जे कुरा पनि अर्कै छाँटको थियो र उनको उपस्थिति तथा प्रेमको कारणले गर्दा अति विचित्र, नवीन, उल्लास-पूर्ण, स्निग्ध र कान्तिमय प्रतीत हुन्थ्यो। पिटर्सबर्गको दाँजोमा हाम्रो अनकन्टारको देहाती जीवन त तुच्छ र उराठलाग्दो लागिरहेको थियो। शहरतिरका ठाँटिला मान्छेहरू बडा घमण्डी हुन्छन् र बडो रूखो व्यवहार गर्छन् भन्ने म सोच्नेगर्थें। तर हामीप्रति उनीहरूले खूब स्नेह र सहृदयता जनाए। म बिखलबन्दमा पर्न गएकी थिएँ। के अपरिचित व्यक्ति, के चिनजानका नातेदार सबैको व्यवहार बडो मैत्रीपूर्ण थियो। ती सबै हरहमेशा नै मेरै बारेमा सोच्छन्, सधैं मेरै प्रतीक्षामा रहन्छन् र मेरो उपस्थितिले गर्दा बिघ्नै रमाएका पनि छन् भन्ने मलाई भान परिरहेको थियो। त्यहाँका विख्यात इलाकाहरूमा र अझ जसलाई म बढ्ता उत्कृष्ट ठान्थें ती इलाकाहरूमा समेत मेरा पतिदेवका जानपहिचानका मानिसहरू प्रशस्तै फेला परे। उनले ती सबैको बारेमा कहिल्यै पनि बताएका थिएनन्, त्यसैले गर्दा मलाई साह्रै अचम्म लाग्यो। कति-

पल्ट त तिनै मानिसहरूमध्ये कैयौंको उनले तीक्ष्ण आलोचना समेत गरेका थिए। म चाहिं उनीहरूलाई ज्यादै असल मान्छे ठान्थें, त्यसैले मलाई उनको भनाइ अनौठो लाग्थ्यो। ती मानिसहरूसित उनी यस्तो रूखो व्यवहार किन गर्छन् भन्ने पनि मैले बुझ्न सकेकी थिइनँ। उनले चिने-जानेका यतिकसा भलादमीहरू छन् जससंगको उठबसलाई त हामीले आफ्नो सम्मान पो ठान्नुपर्ने थियो। परन्तु यस्ता मानिस-हरूसंग भेटघाट गर्न समेत किन उनलाई झर्को लागेको होला? असल खालका बढीभन्दा बढी व्यक्तिहरूसंग चिनापर्ची हुनु राम्रो हो भन्ने म विचार गर्थें र मलाई वास्तवमा नै ती मानिसहरू असल र दयालु लाग्थे।

"बुझ्यौ, हामीले कसरी चाँजोपाँजो मिलाउने हो!"—गाउँ छोड्नुअगाडि सेर्गेइ मिखाइलिचले भनेका थिए।—"यहाँ त हामी हो न हो क्रोइसुस* जस्ता नै छौं, तर त्यहाँ हामी उतिसारो धनाड्य ठहरिनेछैनौं। त्यसैले शहरमा त ईस्टर** पर्वसम्म मात्रै हामी बसौंला! कुलीन समाजमा पनि धेरैपल्ट जान सकिनेछैन। नत्र भने टाउकोमा ऋणको बोझ थोपरिन सक्छ। फेरि तिम्रो लागि पनि म चाहन्नँ कि..."

"कुलीन समाजमा जानै पो किन परेको छ र हामीलाई? हामी त्यहाँ आफ्ना नातेदारहरूसंग भेटघाट गरौंला, नाटक-

---

*क्रोइसुस—लिदियाका सम्राट् (अन्दाजी ५६०—५४६ ईसापूर्व)। प्राचीन यूनानको किम्बदन्तीअनुसार अत्यन्त धनी। भावार्थ धनकुबेर।—अनु०

**ईसाईहरूको धार्मिक चाड।—अनु०

साटक हेरौंला, केही नामूद ओपेरा र संगीत सुनौंला र ईस्टरभन्दा पहिले नै गाउँ फर्किहालौंला!"—मैले भनें।

परन्तु पिटर्सबर्गमा पुग्न मात्रै के पुगेका थियौं, यी सबै योजनाहरू त कता हराए कता। मैले आफूलाई एक्कासि एउटा नौलो र लोभलाग्दो संसारमा पाएँ। मेरो चारैतिर खुशियाली नै खुशियाली थियो। मेरो मनमा पनि नयाँ नयाँ आकांक्षा र इच्छाहरू जाग्दैथिए। आफ्नो अतीतसित र अतीतका आफ्ना सबै योजनाहरूसित कतिखेर मैले बिदा लिएँ त्यसको त मलाई अत्तोपत्तो समेत हुन सकेन। म सोच्न लागें: 'वास्तविक जीवन त यो पो हो! त्यहाँ त के नै थियो र? जिन्दगी त भर्खरै मात्र शुरू भएको छ। हेरौं, भविष्यले मेरो निम्ति लुकाएर के के राखेको रहेछ?' गाउँमा छँदा मेरो मनमा जुन दिक्दारी र नियासोपना व्याप्त थियो त्यो त पिटर्सबर्गमा पुग्नेबित्तिकै कता बेपत्ता भयो कता, मानौं एक्कासि कसैले फूमन्तर गरेको होस्! पतिदेवप्रति मेरो प्रेम झन् बढेर गयो। सके मलाई उनले पहिलेभन्दा कम माया गर्न थालेका होलान् भन्ने त कहिल्यै पनि विचारै उब्जेन मनमा। उनको प्रेमप्रति मलाई कुनै सन्देह नै हुन सक्तैनथ्यो। मेरो मनको एक एक कुरा उनी चाल पाइहाल्थे, मेरो एक एक भावना उनी अनुभूत गर्थे र मेरो एक एक इच्छा उनी पूरा गर्थे। उनको एकाग्रता पनि कता हो कता बिलाएर गैसकेको थियो। जे होस्, अब त्यसको मलाई कुनै अनुभव हुँदैनथ्यो। फेरि यहाँ उनी मलाई पहिले झैं प्रेम मात्र गर्दैनन्, बरू मेरो रूप-लावण्यमा मोहित पनि हुन पुगेका छन् भन्ने पनि मलाई लाग्न थालेको थियो। प्रायश: कसैसंग भेटघाट गरेर

फर्केपछि, कसैसित चिनापर्ची भएपछि वा कुनै साँझ आफ्नै घरमा निम्त्याइएका पाहुनापातहरूको स्वागत-सत्कार गर्दा जब मबाट कतै कुनै भूलचूक त हुन गएको छैन भन्ने डरको भावना उब्जन्थ्यो, त्यतिखेर उनी मेरो नजिकै आएर भन्नेगर्थे: "वाह! वाह! तिमीले त कमाल नै गरिदियौ! कुनै चिन्ता लिनुपर्दैन! सबै कुरा राम्रो भएको छ!" उनको यस्तो बोलीवचनले गर्दा मेरो मन प्रफुल्ल हुन्थ्यो।

हामी पिटर्सबर्गमा पुगेको केही दिनपछि नै सेर्गेइ मिखाइलिचले आफ्नी आमाको नाउँमा एउटा चिठी पठाएका थिए। त्यसमा आफ्नोतर्फबाट केही लेख्ने पनि मलाई उनले आग्रह गरे। तर उनले त्यसमा आफूले पहिलेबाटै लेखिराखेको हिस्सा हातले छोपिदिएका थिए। तसर्थ मैले त्यो नै सबभन्दा पहिले पढ्ने जिद्दी गरें। त्यहाँ यस्तो लेखिएको थियो: "मुमाज्यू, हजूरले त माशालाई चिन्न समेत चिनिबक्सनेछैन। म स्वयं नै आश्चर्यचकित भएको छु। उसको मायालु र सुकोमल यस्तो आत्मविश्वास पहिले कहाँ लुकिराखेको थियो कुन्नि? घरानियाँ व्यवहारकुशलता, वाक्पटुता र शिष्टता पनि उसमा खूबै पो रहेछ! फेरि त्यसमा कुनै आडम्बर र बनावटीपना चाहिं पटक्कै छैन, बरू सरलता र सद्भावना भरिपूर्ण छ र यसैले गर्दा ऊ सबैलाई मुग्ध पार्न सफल भइहाल्छे। म स्वयं पनि उसबाट मन्त्रमुग्ध भएको छु र सम्भव हुँदो हो त म उसलाई अहिलेभन्दा पनि बढ्ता माया गर्न थाल्दो हुँ!"

'हँ? यस्ती रहिछु त म?'—मैले मनमनै सोचें। अनि म खुशीले गद्गद भएँ। म पनि उनलाई पहिलेभन्दा

बढ्ता प्रेम गर्छु भन्ने मलाई लाग्यो। आफ्ना जानपहिचानका सबै व्यक्तिहरूको माझमा मेरो खूबै प्रशंसा हुन थाल्यो। म आफ्नो चारैतिर यस्तै तारीफ सुन्नेगर्थें। म स्वयं छक्क परिरहेकी थिएँ। कुनै भलादमीले मलाई निकै मन पराएको छ भनी कसैले भन्थ्यो भने कुनै भद्रमहिला मुग्धकण्ठले मेरो प्रशंसा गर्छे भनेर अर्कोले मलाई सुनाउँथ्यो। पूरै पिटर्सबर्ग-भरिमा मसित दाँज्न लायककी कुनै अर्की युवती नै छँदै छैन भनेर कुनै भद्रपुरूषले भन्थ्यो भने मैले चाहनु मात्र पर्छ, म उच्च समाजकी परम सुन्दरी नारी बन्न सक्नेछु भनेर कुनै भद्रमहिलाले विश्वास दिलाउँथी। राजकुमारी 'द' चाहिं एकाएक मप्रति कतिसम्म मुग्ध भइन् भने सब-भन्दा बढ्ता मेरो प्रशंसा नै उनैबाट हुन्थ्यो जसले गर्दा मेरो मगज समेत चक्कराउन थालिसकेको थियो। उमेर ढल्कि-सकेकी ती भद्रमहिला नाताको हिसाबले सेर्गेइ मिखाइलिचकी टाढाकी बहिनी पर्न आउँथिन्। एकपल्ट मलाई पनि उनले नाच-समारोहमा संगसंगै जान भनेर निम्त्याइन् र यसमा कुनै आपत्ति त छैन भनेर मेरा पतिदेवसित सोधिन् पनि। यसको जवाफमा मेरा पतिदेवले मतर्फ फर्केर चलाकीपूर्वक मुस्कुराउँदै मेरो के विचार छ नि भनेर सोधे। मैले अन्कनाएर नाचमा जाने इच्छा व्यक्त गर्दै टाउको हल्लाएँ, तर मेरो मुख लाजले रातै भैसकेको जस्तो मलाई लाग्यो।

"तिमी त यसरी लज्जाइरहेकी छ्यौ, मानौं कुनै अपराध गर्न गइरहेकी होऊ!"—उनले प्रेमपूर्वक मुस्कुराएर भने।

"हामी कुनै उच्च समाजमा जानेछैनौं भनेर तपाईंले नै त भन्नुभएको थियो नि! त्यस्तो ठाउँ तपाईंलाई मन

पनि त पर्दैन!"–मैले पनि मुस्कुराएरै जवाफ दिएँ, तर मेरो मुस्कानमा याचनाको झल्को थियो।

"तिमी चाहन्छ्यौ नै भने त हामी जरूर पनि जानेछौं।"–उनले भने।

"मलाई लाग्छ, हामीले जानु ठीक नपर्ला!"

"जाने नै मन छ भने के भो र? चाहनालाई किन मुम्स्याएर राख्नु नि?"

मैले कुनै पनि जवाफ दिइनँ।

"संगत नै निस्कृष्ट कुरा होइन। बरू अतृप्त वासनाहरू नै घृणित र कुरूप पनि हुन्छन्। हामी जानेछौं, अवश्य जानेछौं।"–उनले दृढ निश्चयका साथ भने।

"साँच्चै भन्ने हो भने यो नाचमा जानु नै मेरो सबभन्दा ठूलो धोको हो!"–मैले भनें।

हामी नाच-समारोहमा पुगिहाल्यौं। मेरो खुशीको त कुनै ठेगाना नै थिएन। म नै त्यस नाच-समारोहको आकर्षक केन्द्र हुँ भन्ने मलाई त्यहाँ पहिलेभन्दा पनि बढी प्रष्ट भइरहेको थियो। मेरै वरिपरि नै सबै झुम्मिरहेका थिए। नृत्यशालाका अनगिन्ती झिलिमिली बत्तीहरू, संगीतका धूनहरू, त्यहाँ खचाखच भरिएका मेरै सौन्दर्यमा मुग्ध मानिसहरूको घुइँचो साराका सारा मेरै सत्कारको निम्ति न हुन् भन्ने मलाई लागिरहेको थियो। एउटा हजाम र नोकरदेखि लिएर त्यहाँ नाचिरहेका सबै व्यक्तिहरू र ती बृद्ध पुरूषहरू पर्यन्त जो हलमा आवत-जावत गरिरहेका थिए ती सबै नै मप्रति आसक्त छन् वा मलाई प्रेम गर्छन् भन्ने उनीहरूको कुराकानी वा हावभावद्वारा नै प्रष्ट भइरहेको भान पर्थ्यो। नाच सकिएपछि मेरा पतिदेवकी बहिनी साइनो

पर्ने महिलाले मलाई बताएअनुसार सबैको विचारमा म अन्य सबै आइमाईहरूभन्दा भिन्न छु र एक विलक्षण कुरा के पनि छ भने ममा एक किसिमको ग्रामीण सरलता छ जसले गर्दा सबै नै मन्त्रमुग्ध हुन्छन् रे। यस्तो सफलताले गर्दा मेरो मन नै फुरूङ्ग थियो। कम्तीमा पनि यस साल दुई या तीनपल्ट यस्तो नाच-समारोहमा जाने रहर छ भनेर मैले आफ्ना पतिदेवलाई खुलस्त रूपमा नै भनि पनि दिएँ। "इच्छा पूर्ण नहुञ्जेल म नाच्न चाहन्छु!"— पाखण्डपूर्वक मैले अगाडि थपें।

मेरा पतिदेवले पनि सहर्ष मेरो यस्तो सुझाव स्वीकार गरिहाले। शुरू शुरूमा त उनी पनि खुशीसाथ मसंगै जान्थे, म रमाएकी देखेर बिघ्नै सन्तुष्ट पनि रहन्थे र के भान परिरहेको थियो भने जुन कुरा उनले पहिले भन्ने गरेका थिए कि त त्यो उनले भुसुक्कै बिर्सिसकेका छन्, कि त आफ्नो विचार नै उनले फेरिसकेका छन्।

पछि त उनलाई दिक्क पनि लाग्न थाल्यो। सके त्यस जीवनबाट नै उनी विरक्त भैसकेका थिए जुन हामी त्यहाँ व्यतीत गर्दैथियौं। तर मैले भने सबै कुरा चटक्क बिर्सिदिएकी थिएँ। कहिलेकाहिं उनको गम्भीर र चिन्तित नजर म देखिहाल्थें र उनको प्रश्नवाचक कटाक्षले मलाई नै ताकिरहेको हुन्थ्यो, तैपनि म त्यसको तात्पर्य ठम्याउन सक्तिनथें। जुन वातावरणमा म पहिलो पल्ट सास फेर्दैथिएँ त्यसको सौष्ठवता, उल्लास र नवीनताले मलाई कुहिराको काग झैं रनभुल्लमा पारिदिएका थिए। यसै गरी सबै परचक्री मानिसहरूको तर्फबाट मप्रति दर्शाइएको भावनाले गर्दा म अचानक उत्तेजित हुन पुगेकी थिएँ र

त्यस भावनालाई म प्रेम ठान्नेगर्थें। यस्तो प्रतीत भइरहेको थियो, मानौं म एक्कासि नै सेर्गेइ मिखाइलिचको नैतिक प्रभावबाट उम्किसकेकी होऊँ! यस संसारमा म उनको समकक्षमा पुगेंकी मात्र नभएर उनीभन्दा ज्यादै उच्च स्तरको समेत हुन पुगेकी थिएँ र यसबाट बडो आनन्द लागिरहेको थियो। यसै कारणले गर्दा उनलाई मैले अझ बढ्ता प्रेम गर्न थालेकी थिएँ। उच्च समाजमा मेरो उठबस उनलाई किन मन पर्दैन होला भन्ने कुरा मात्र म कुनै हालतमा पनि बुझ्न सकिरहेकी थिइनँ। जुन बेला मैले नृत्यशालामा पाइला हालें त्यतिखेर सबैको दृष्टि मतर्फ नै परेको थियो। यस्तो देख्दा मेरो मनमा गर्व र आत्म-सन्तोषको भावना जागेको थियो। यस्तो अनुभूति मेरो लागि एकदमै नौलो थियो। परन्तु सेर्गेइ मिखाइलिच चाहिं मलाई त्यहीं नै छाडेर कालैकाला कोटहरूको कुनै भीडभित्र छिटै बेपत्ता भैहाल्नेगर्थे। मानौं मलाई पत्नी भन्न समेत उनलाई लाज लागिरहेको होस्! पछि उनलाई म नृत्यशालाको कुनै एक छेउमा एक्लै उभिइरहेको देख्थें। उनीतर्फ कसैको पनि ध्यान जाँदैनथ्यो र म प्रायशः मनमनै भन्नेगर्थें: "पर्ख! घर पुगेपछि तिमीलाई थाहा हुनेछ! त्यतिखेर मात्रै कसको लागि यति सुन्दर र आकर्षक बन्ने प्रयास गर्छु भनेर तिमी थाहा पाउनेछौ! जसलाई म प्रेम गर्छु त्यो व्यक्ति को हो भन्ने पनि छर्लङ्ग पार्नेछु!' मलाई वास्तवमा नै के लाग्न थाल्यो भने उनैको लागि नै आफ्नो सफलतामा मलाई खुशी लाग्नेगर्छ र आफ्नो खुशियाली-लाई उनैमा नै म समर्पित पनि गर्न चाहन्छु। म सोच्ने-गर्थें: 'उच्च समाजमा कुनै चीज मेरो निम्ति हानिकारक

हुन सक्छ भने त्यो यही नै हो कि कुनै अर्को व्यक्तिलाई म प्रेम गर्न थालूं र यसबाट मेरा पतिदेवको मनमा ईर्ष्या पैदा होस्! परन्तु ममाथि उनको गहिरो विश्वास थियो र उनी एकदमै गम्भीर र शान्त देखिन्थे। उनको दाँजोमा त त्यहाँका सबै नै युवकहरू अति तुच्छ लाग्नेगर्थे र यसै कारणले गर्दा यस किसिमको खतराको मलाई कत्ति पनि डर थिएन। जे भए तापनि यतिकसा मानिसहरूको आकर्षण-केन्द्र बन्न पाउँदा भित्री हृदयमा त मलाई आनन्द नै लाग्थ्यो र आत्मगौरवको बोध हुन्थ्यो। आफ्ना पतिदेवलाई जुन किसिमले म प्रेम गर्छु त्यो पनि त मेरो एउटा ठूलो गुण हो भन्ने म सोच्न पुग्थें र उनीप्रति म बढी आश्वस्त र निश्चिन्त अनुभव गर्न लागेकी थिएँ।'

"आज त तपाईं खूब जिस्किजिस्कीकन 'न' संग कुराकानी गर्दैहुनुहुन्थ्यो नि!"—एकपटक साँझपख नाचबाट डेरातिर फर्किंदा रिसाएको नखरा पार्दै मैले उनलाई भनें। जुन महिलाको विषयमा म चर्चा गरिरहेकी थिएँ उसलाई नचिन्ने व्यक्ति त पिटर्सबर्गमा कोही पनि थिएन। त्यस साँझ सेर्गेइ मिखाइलिचले उससंग वास्तवमा कुरा पनि गरेका थिए। तर मैले चाहिं उनलाई चिढाउन नै भनेर अलि बढाई-चढाईकन यसो भनेकी थिएँ, किनभने उनी अलि बढ्ता मौन र उदास देखिएका थिए।

"धत्, के भनेकी माशा? किन तिमी यस्तो कुरा गर्छ्यौ?"—उनले निधारमा गाँठो पारेर ओंठ कमाउँदै यसरी भने, मानौं उनलाई असहनीय शारीरिक पीडा भएको होस्!—"यस्तो कुरा हामी दुवै जनाको बानी-बेहोरासित पटक्कै मिल्दैन। अरू नै मानिसहरू गरून् यस्ता

कुराहरू! यस खालका झूठा कुराहरूले हाम्रो वास्तविक सम्बन्धलाई बिथोल्न सक्छन्। म त अझैं पनि के आशा राख्छु भने हाम्रो वास्तविक सम्बन्ध फेरि पहिलेकै जस्तो हुनेछ!"

म लज्जाएर चूप लागिहालें।

"कसो त, माशा? के हाम्रो सम्बन्ध फेरि पहिले जस्तै नहोला त?"—उनले प्रश्न तेर्स्याए।

"हाम्रो सम्बन्ध न कहिल्यै बिग्रेको छ, न त कहिल्यै बिग्रन नै सक्छ!"—मैले जवाफ दिएँ। हुन पनि त्यतिखेर मलाई वास्तवमा यस्तै नै लागिरहेको थियो।

"भगवान्ले यस्तै गरून्! तर अब भने हामीले गाउँतिर फर्कनुपर्ला!"—उनले थपे।

बस्, एकैपल्ट मात्र उनले मसंग यस किसिमले कुरा गरेका थिए। अरू जुनसुकै बेला पनि मलाई के भान परिरह्यो भने म जति हदसम्म खुशी रहन्छु त्यत्तिकै हदसम्म उनी पनि रमाउँछन्। फेरि साँच्ची नै मेरो त भुइँमा खुट्टा नै थिएन। 'कहिलेकाहिं यिनलाई केही दिक्क नै लाग्छ भने पनि के फरक पर्ला र? गाउँमा छँदा मैले पनि त उनको खातिर कम दिक्दार हुनुपरेको थियो र?'—यसरी म आफ्नो चित्त बुझाउन लाग्थें।—'हाम्रो आपसी सम्बन्धमा अलिकति फरक नै आइहालेको भए पनि केही आपत्ति छैन। जब हामी फर्केर फेरि निकोल्स्कोये पुग्नेछौं र ग्रीष्मयाममा एकलै ताच्याना सेम्योनोभ्नाको साथमा बस्न थाल्नेछौं, त्यतिखेर सबै कुरा फेरि जस्ताको तस्तो नै भैहाल्नेछ!'

यस प्रकारले हिउँद कति छिटो बितेर गयो त्यसको

त मलाई अत्तोपत्तो नै भएन। ईस्टरको पर्व पनि आइ-हाल्यो, तर हामी चाहिं आफ्ना योजनाको विपरीत अझैं पनि पिटर्सबर्गमा नै थियौं। सन्त टिमोथी चाड शुरू हुनुअगाडि हामी गाउँ फर्कने सुरसारमा लाग्यौं। सबै झिटिमिटी मिलाइसकिएको थियो। मेरा पतिले केही कोसेली-उपहारहरू र हाम्रो ग्रामीण जीवनलाई अलि बढ्दा रोचक बनाउने हेतुले थरी थरीको फूलका बीउहरू पनि किनेका थिए। उनी विशेष रूपले प्रशन्न देखिन लागे र उमको व्यवहार पनि बढी स्नेहपूर्ण हुन थाल्यो। अचानक एक दिन उनकी नातेदार बहिनी हामीकहाँ आइपुगिन् र शनिश्चरवारसम्म कतै नजाने आग्रह गर्न थालिन्। ग्राफिन्या 'र' को भोज-महोत्सवमा हाम्रो पनि उपस्थिति रहोस् भन्ने उनको इच्छा थियो। मलाई पनि ग्राफिन्या 'र' ले भोजमा निम्त्याएकी छिन् भनेर उनले सूचना दिइन्। साथै उनले के पनि भनिन् भने त्यतिखेर पिटर्सबर्गमा रहेका राजकुमार 'म' पनि गत: नाचसमारोहमा नै मसित भेट गर्न इच्छुक थिए र मसंग भेट-परिचय भैहालोस् भनेर नै उनी पनि त्यस भोजमा सामेल हुन चाहन्छन्। म जस्ती सुन्दरी युवती रूसभरिमा कतै पनि पाइनु दुर्लभ छ भनेर पनि उनी भन्छन् रे! त्यस भोजमा सारा शहर नै उल्टिनेछ र मैले पनि जरूर त्यसमा भाग लिनैपर्छ भन्ने यस कुराको निचोड थियो।

मेरा पति त्यतिखेर बैठक कोठाको अर्को छेउमा बसेर कसैसंग कुरा गर्दैथिए।

"तिमी आउनेछ्यौ, हैन त मेरी?"—उनले मसित सोधिन्।

"हामी त पर्सि नै गाउँतिर गैहाल्ने विचारमा छौं!"—मैले आफ्ना पतितर्फ नजर दिंदै केही अनकनाएको स्वरमा भनें। सेर्गेइ मिखाइलिचसंग मेरो आँखा जुधिहाल्यो, तर उनले चाहिं झटपट अर्कैतिर हेरे।

"सेर्गेइ मिखाइलिचलाई मनाउने जिम्मा मेरो भयो।"—उनले भनिन्।—"हामी शनिश्चरबार त्यहाँ पुगेर बिल्पातै मच्चाउनेछौं। हैन त?"

"यसरी त हाम्रो सारा कार्यक्रम नै बिग्रनेछ। हामीले भने झिटिमिटी समेत मिलाइसकेका छौं।"—मैले उत्तर दिएँ। मेरो दृढनिश्चय केही शिथिल भैसकेको थियो।

"मेरो विचारमा त माशाले आज नै गएर राजकुमारको दर्शन गरिहाल्नु बेस होला!"—मेरा पतिले बैठकको अर्को छेउमा उभिएको उभियै भने। जुन तरीकाले आफ्नो झोंक लुकाउने चेष्टा गर्दै उनले यो कुरा भनेका थिए त्यसरी उनले झर्केर बोलेको मैले पहिले कहिल्यै पनि सुनेकी थिइनँ।

"हे भगवान्! उनी त डाहा समेत गर्दा रहेछन! उनको यस्तो रूप त मैले पहिले कहिल्यै पनि देखेकी थिइनँ!"—सेर्गेइ मिखाइलिचकी बहिनी चाहिंले हाँसेर भन्न थालिन्।—"तर सेर्गेइ मिखाइलोभिच, म राजकुमारको खातिर मात्र होइन, बरू हामी सबैको खातिर नै यिनलाई मनाउने कोशिश गरिरहेकी छु भनेर तपाईं किन बुझ्न सक्नुहुन्न हैं? यिनलाई लिएरै आउनको लागि ग्राफिन्या 'र' ले कति जोड गरिन् कति!"

"ऊ स्वयं नै आफ्नो निर्णय दिन सकिहाल्छे नि!"—मेरो पतिले उपेक्षाभावले भने र कोठाबाट लुसुक्क निस्कि पनि हाले।

उनी यसरी उत्तेजित भएको मैले कहिल्यै पनि देखेकी थिइनँ। म व्याकुल भैहालें र बहिनी चाहिंलाई मैले कुनै किसिमको वचन पनि दिइनँ। ऊ फर्केर गइसकेपछि म सेर्गेइ मिखाइलिचको छेउमा पुगें। उनी विचारमग्न भएर यताउति टहलिरहेका थिए। चाल मारेर मैले कोठामा प्रवेश गरें। म भित्र पसेको त उनले पत्तै पनि पाएनन्।

'यिनलाई त निकोल्स्कोयेको आफ्नो प्यारो घरको सम्झनाले सताएको जस्तो छ!'—उनलाई देख्दा मैले मनमनै सोचें।—'त्यो घाम लाग्ने बैठककोठामा बिहानको कफी, ती उनका खेतहरू र किसानहरू, त्यो भण्डारकोठा र मध्यरातमा लुकीछिपी खाएको खाना! अहँ! संसार-भरिका सबै नाच-समारोहहरू र विश्वभरिका सबै राजकुमार-हरूको वाह वाह पनि मलाई चाहिएको छैन। उनको मगनमस्त मुहार र उनका मीठा-मीठा स्नेहपूर्ण कुराहरू नै मलाई बढी प्रिय छन्!'—मैले अठोट गरिहालें। भोजमा जाँदै जान्न भनेर म सेर्गेइ मिखाइलिचलाई बताइदिन चाहन्थें र वास्तवमा नै त्यहाँ जाने मेरो इच्छा पनि थिएन। त्यत्ति-कैमा एक्कासि उनले टाउको उठाए र मलाई देखिहाले। उनको मस्तिष्कमा बल पर्न गयो क्या र! उनको मुहारबाट मृदुता र विचारमग्नता तत्कालै बिलाइहाल्यो। उनको कटाक्षमा फेरि त्यही मर्मभेदी तीक्ष्णता, त्यही विद्वता र त्यही रवाफिलो अभिभावक-सुलभ सौम्यता देखा पर्‍यो। उनी त मेरो सामु एक साधारण प्राणी जस्तो कहिल्यै पनि देखा पर्न चाहँदैनथे। उनी त जहिलेसुकै पनि उच्च आसनमा विराजमान एक महर्षि नै बनेर मेरो सामुन्ने देखा पर्न खोज्थे।

"के कुरा हो, प्रिया?" – बडो शान्त भावले मतिर फर्केर उनले बेवास्ताको जस्तो स्वरमा भने।

मैले कुनै उत्तर फर्काइनँ। मबाट उनले आफूलाई लुकाउन खोजेको हुँदा मेरो मन नै कुढिएको थियो। जुन रूपमा म उनलाई प्रेम गर्थें त्यसलाई त उनी मेरो सामुन्ने नै ल्याउन चाहँदैनथे।

"के तिमी शनिश्चरवार ठूलो भोजमा सामेल हुन नै चाहन्छयौ त?" – उनले सोधे।

"चाहना त नभएको होइन, तर यो कुरा तपाईंलाई मन पर्ने खालको चाहिं छैन।" – मैले भनें। – "फेरि मालसामान पनि त सबै मिलाइसकियो।"

यति उपेक्षाभावले पहिले कहिल्यै पनि उनले मतर्फ दृष्टि दिएका थिएनन्, न त यसरी बेवास्ता गरेर कहिल्यै कुरा नै गरेका थिए।

"म मङ्गलवारसम्म नै यहाँ रोकिन सक्छु र अहिले नै सब सरसामान खोल्न पनि अह्राइहाल्छु!" – उनले भने। – "भोजमा जान नै चाहन्छयौ भने अवश्य जाऊ! मेरो विनम्र अनुरोध छ। तिमीलाई छोडेर म जानेछैन।"

जहिले पनि जब उनी उत्तेजित हुन्थे त मतर्फ हेर्दै नहेरीकन छिटो छिटो कोठामा ओहोर-दोहोर गर्न थाल्थे। त्यस दिन पनि उनले यस्तै गरे।

"तपाईंको त कुरै बुझ्न सकिँदैन!" – जहाँ म उभिएकी थिएँ त्यहींबाट नै उनीतर्फ नियालेर हेर्दै मैले भन्न शुरू गरें। – "आफ्नो त जहिले पनि मन शान्त नै रहन्छ भनेर भन्नुहुन्थ्यो त (उनले यसो त कहिल्यै पनि भनेकै थिएनन्)। किन यस्तो अनौठो ढंगले मसंग कुरा गर्दैहुनुहुन्छ नि?

तपाईंको लागि यस्तो सोख त्याग्न पनि म तैयार छु, तर तपाईं भने मलाई भोजमा जान कर गरिरहनुभएको छ। यस्तो व्यंगपूर्ण स्वरमा त मसंग तपाईंले पहिले कहिल्यै पनि कुरा गर्नुभएको जस्तो लाग्दैन!"

"ज्यादै असल कुरा! तिमी त्याग गर्दैछयौ (त्याग शब्दमा उनले विशेष जोड दिएर भनेका थिए)! म पनि त्याग गर्दैछु। यसभन्दा बढी राम्रो कुरा अरू हुन नै पो के सक्छ र? को बढ्ता उदार छ भन्ने हामी दुवै जनामा होडबाजी पो त चलेको छ! यसैले त दाम्पत्य जीवन सुखी पनि हुन्छ, हैन र?"

पहिलो पल्ट उनको मुखारबिन्दबाट म कटुव्यंग सुन्दै-थिएँ। तर उनको व्यंगवाणले म लज्जित भइनँ, बरू रूष्ठ भएँ। अनि उनको कठोरताले म तर्सिनँ, बरू त्यसबाट म पनि उत्तेजित हुन पुगें। हाम्रो पारस्परिक सम्बन्धमा कतै छलकपट नहोस् भनेर सधैं डराउने मान्छे यही नै हो त? जसको मिजास ज्यादै सरल र खरो हुनेगर्थ्यो त्यही मान्छे आज यस्तो कुरा किन गर्दैछ? यसै कारण कि साँच्ची नै उसको लागि म दिलबहलाउको यस मौका-लाई त्याग्न समेत तयार छु? भोजमा जानाले आखिर मलाई हानि नै के भइहाल्ला र? एक छिनअघिसम्म यस मान्छेलाई म कति राम्रोसँग बुझ्थें र कति माया पनि गर्थें। किन्तु अब हामी दुवैको भूमिका बदलिइसकेको थियो। उनी स्पष्ट शब्दमा हाकाहाकी कुरा गर्न डराउँथे भने म चाहिं खरो कुरा गर्न खोज्थें।

"तपाईं त खुबै बदलिइसक्नुभयो है!"—मैले लामो सास तानेर भनें।—"मैले तपाईंको के बिगार गरें र?

कुरा यहाँ भोजको मात्रै होइन। तपाईंको मनमा मेरो विरूद्ध जरूर पनि कुनै पुरानो तुस हुनैपर्छ। किन मप्रति कपटपूर्ण व्यवहार गर्नुहुन्छ तपाईं? यसबारे पहिले तपाईं नै बढी सतर्क रहनुहुन्थ्यो। मेरो विरूद्ध के गुनासो छ? त्यो सोझै मलाई भनिदिनोस् ल!" मैले सोचें: 'अब त पक्कै पनि उनले केही भन्नेछन्।' त्यो हिउँदभरि नै मलाई घुर्की लगाउने कुनै निहुँ उनले भेट्टाएका छैनन् भन्ने मलाई पक्का विश्वास थियो।

म सोझै कोठाको ठीक माझमा उभिन पुगें। यसले गर्दा उनी टहल्दै आउँदा मेरै बगलबाट जान विवश हुन्थे। मैले उनीतर्फ पुलुक्क हेरें। 'उनी मनेर आउनेछन्, मलाई अङ्कमाल गर्नेछन् र सारा विवादको टुङ्गो लागिहाल्नेछ।'— मैले मनमनै सोचें। वास्तवमा गल्ती त उनैको हो भन्ने साबित गर्न समेत नपाइने देखेर मलाई झर्को लाग्न थालिसकेको थियो। परन्तु उनी त कोठाको अर्को छेउमा गएर ठिंग उभिए र मतिर टुलुटुलु हेर्न लागे।

"के अझैं पनि बुझिरहेकी छैनौ?"—उनले भने।

"छैन।"

"तब त मैले बताउनैपर्ला! जिन्दगीमा पहिलो बाजि मेरो अन्तःकरणमा एउटा यस्तो भावना जागेको छ जुन ज्यादै घृणित छ भन्ने पनि मलाई थाहा छ। तर म त्यसलाई अनुभव नगर्न नै सकिरहेको छैन।"—जस्तो कर्णकटु स्वरमा उनी बोलिरहेका थिए त्यसबाट स्वयं नै भयभीत भएर हो क्या रे, उनी तुरून्त चूप लागिहाले।

"के भन्न खोज्नुभएको हो तपाईंले?"—मैले प्रश्न गरें। रीसले गर्दा मेरा आँखामा आँसु छचल्किएर आइसकेको थियो।

"घृणित कुरा के हो भने राजकुमार तिमीलाई परम सुन्दरी ठान्छ र त्यसैले गर्दा नै तिमी पनि दगुरेर उसलाई भेट्न जान चाहन्छ्यौ–आफ्नो लोग्नेलाई बिर्सेर, आफूलाई समेत बिर्सेर, एउटी नारीको नाताले आफ्नो इज्जतलाई समेत चटक्क बिर्सेर! आफ्नो प्रतिष्ठाको तिमीलाई कुनै चासो नभए पनि तिम्रो लोग्नेलाई त त्यसको वास्ता नहुन सक्तैन? तर तिमी भने यत्ति पनि बुझ्न चाहँदिनौ! उल्टै तिमी आएर आफ्नो लोग्नेलाई के भन्छ्यौ भने तिमी त्याग गर्दैछ्यौ! भनाइको मतलब, 'राजकुमारलाई आफ्नो रूपलावण्य देखाउनमा साँच्ची नै मलाई आनन्द लाग्नेछ, तर त्यो आनन्द पनि म तिम्रो खातिर त्याग गरिरहेकी छु' भन्ने नै तिम्रो मनसाय हो!"

जति बढ्ता उनी बोल्दैथिए त्यत्ति नै ज्यादा आफ्नो स्वर सुनेर उनको रीस पनि झन् झन् चर्किंदै गइरहेको थियो। उनको आवाज अति रूखो, क्रूर र कटु भैसकेको थियो। पहिले कहिल्यै पनि उनलाई मैले यस्तो अवस्थामा देखेकी थिइनँ, न त कहिल्यै त्यसको कल्पना नै गरेकी थिएँ। मुटुमा रगत उम्लेर मेरो अनुहार रातै भैसकेको थियो। मलाई डर लाग्यो, तर बडो अनुचित ढंगले मलाई लज्जित र अपमानित गरिंदै छ भन्ने पनि लाग्न थाल्यो र यसको बदला नलिई नछाड्ने मैले अठोट गरें।

"म धेरै दिनदेखि यस्तै कुराको प्रतीक्षामा थिएँ! भन्दै जानुस्, भन्दै जानुस्!"–मैले भनें।

"तिमी कुन कुराको प्रतीक्षामा थियौ सो मलाई थाहा छैन।"–उनी कुर्लन थाले।–"तर म चाहिं सबभन्दा खराब कुराको प्रतीक्षा गर्न सक्थें। यस घृणित समाजको

मोजमज्जा र ऐशआराम लुट्न पल्केका मान्छेहरूको संगतमा तिमी दिन प्रतिदिन कसरी धापमा भासिंदै गइरहेकी छ्यौ भन्ने म देखिरहेको थिएँ।... यस्तो हुनेछ भन्ने त मैले पहिलेबाटै सोच्नुपर्ने कुरा थियो। आज यसलाई आफ्नै आँखाले देख्नुपरिरहेको छ। आज म भित्रभित्र नै यति दुःख र लज्जाको अनुभव गरिरहेको छु जति पहिले कहिल्यै पनि गरेकै थिइनँ। दुःख यस कारणले कि तिम्री संगिनी आइपुग्छे र आफ्नो घिनलाग्दो नङ्ग्रा सोझै मेरो मुटुमा धसेर उल्टो मैलाई नै म डाहा पो गर्दो रहेछु भनेर झपार्छे। हो, म डाह गर्छु। कुन मान्छेको म ईर्ष्या गर्छु त? त्यसलाई न तिमीले चिनेकी छ्यौ, न त मैले नै! अनि तिमी? मेरो मनोभावनालाई बुझ्नु त परै रहोस्, उल्टै त्याग गरिटोपलेकी कुरा सोच्न पुग्छ्यौ! कुन चीजको त्याग? आफुलाई तिमीले यति तल्लो तहमा ओराल्न लागेकी देखेर लाजले म भुतुक्क हुन थालिसकेको छु! तिमी यसैलाई त्याग भन्छ्यौ!"—उनले फेरि दोहोऱ्याए।

'ए! लोग्नेको अधिकार भनेको यस्तो हुँदो रहेछ!'—मैले विचार गरें।—'एक बिल्कुलै निर्दोष नारीको अपमान गरेर उसलाई लज्जित पार्न सक्दो रहेछ ऊ! आखिर पतिदेव न ठहरियो! तर म यसको अगिल्तिर झुक्ने खालकी हुँदै होइन!'

"अहँ, अब तपाईंको लागि म कुनै कुराको पनि त्याग गर्नेछैन! म शनिश्चरवार भोजमा जानेछु। अवश्य नगई छाड्दिनँ!"—मैले भनें। मेरो नाकका पोरा फुलिरहेका थिए र नाथ्रा फुटेर मुखमा रगतको एक सिर्का समेत परिसकेको थियो।

"हुन्छ! जाऊ र मजा गर! तर आजदेखि नै हाम्रो नाता टुटेको पनि सम्झ!"—उनी रीसले चूर भएर बम्कि-रहेका थिए।—"अब मलाई तिमी बढी सास्ती खेलाउन सक्तिनौ। म नै मूर्ख थिएँ जो..."—उनले फेरि भन्न शुरू गरे, तर उनका ओंठ फर्फराउन थालेका थिए र जुन कुरा उनी भन्न खोज्दैथिए त्यसलाई दबाउने उनी सकेसम्म प्रयास गरिरहेका छन् भन्ने पनि छर्लङ्ग नै थियो।

त्यतिखेर उनीप्रति मेरो मनमा भय र घृणा जागेर आयो। यस अपमानको बदला लिने ठूलो इच्छाले मलाई कुत्कुत्याइरहेको थियो। परन्तु त्यतिखेर मैले केही बोल्न भनी मुख बाएकै खण्डमा पनि म हिंक्क हिंक्क गरेर रून थाल्नेछु र उनको अगाडि यसबाट म अझ तल गिर्नेछु भन्ने पनि मलाई थाहा थियो। केही पनि बोल्दै नबोलीकन म कोठाबाट निस्किएँ। तर जसै मैले उनको पदचाप सुन्न छोडें त्यतिखेर नै मलाई आफ्नो क्रियाकलापप्रति नै डर लागेर आयो। मेरो सम्पूर्ण खुशियालीको एक मात्र सम्पर्कसूत्र पनि चुडिंनेभयो भन्ने सम्झेर म थर्कमान भएँ। उत्तिखेरै सेर्गेइ मिखाइलिचकहाँ फर्केर जाने मलाई चाहना भयो, तर म सोच्न लागें: 'चूपचाप उसको बगलमा गई आफ्नो हातले उसको हात समात्दै उसका आँखामा हेरे तापनि उसको मनमा स्थिरता आउन सक्ला र? उसले मलाई बुझ्न सक्ला र? मेरो उदारतालाई उसले ठम्याउन सक्ला र? मेरो दुःखलाई उसले नखरा भन्ठान्यो भने नि? अझ मेरो पश्चात्तापलाई स्वीकारेर उल्टै ऊ त ठीकै थियो, बरू दोष चाहिं मेरै थियो भन्ने सोच्ने पो हो कि? के थाहा र? यसरी आफूलाई निर्दोष सम्झेर मलाई क्षमा

गरिदिन पनि के बेर र? के कारणले गर्दा यो मान्छे मलाई यस्तो निर्ममतापूर्वक अपमानित गर्दैछ हुँ? कति मायाँ गर्थें म यसलाई?..'

म उनीकहाँ जाँदै गइनँ, बरू आफ्नो कोठामा पसेर निकै बेरसम्म रोइरहें। हामीले एक अर्कालाई भनेको एक एक शब्दको सम्झना गर्दा मलाई कम्प छुटेर आउँथ्यो। मनमनै ती शब्दहरूको साटो म अरू नै असल असल शब्दहरू छानेर मिलाउन थाल्थें र फेरि पनि क्षोभ एवं तिरस्कारको अनुभव गर्दै तिनै शब्दहरूलाई नै दोहोन्याउन पुग्थें जुन हामीले एक दोस्रालाई भनेका थियौं। त्यस साँझ चियापानको समयमा जब आफ्ना पतिसंग मेरो भेट भएथ्यो, त्यतिखेर हाम्रो बीचमा एउटा गहिरो भाँजो परिसकेको मलाई बोध भयो। त्यस साँझ 'स' पनि त्यहाँ उपस्थित थिए। उनी हामीलाई भेट्न भनी आएका थिए। हामी गाउँतर्फ कहिले फर्केर जाँदैछौं भनी 'स' ले मसंग सोधेका थिए।

"मङ्गलवार।"—मलाई उत्तर दिने कुनै मौका नै नदिएर सेर्गेइ मिखाइलिचले झटपट भनिदिइहाले।—"त्यसभन्दा पहिले आफिन्या 'र' को ठूलो भोजमा पनि हामी गइरहेका छौं। तिमी पनि जाँदैछ्यौ, हैन त?"—उनले मतर्फ फर्केर सोधे पनि।

मैले पुलुक्क उनीतर्फ हेरें। उनको स्वरमा त्यही उपेक्षा-भाव थियो र म तर्सिहालें। एकटक लगाएर उनी मलाई हेरिरहेका थिए। उनको नजरमा क्रोध र कटु व्यंग पनि झल्किरहेको थियो। उनको स्वर चाहिं रूखो र कठोर थियो।

"हो।"—मैले जवाफ फर्काएँ।

साँझपख जब हामी एक्लै रह्यौं, उनले मेरो छेउमा आएर आफ्नो हात पसारे।

"मैले जे भनें कृपया त्यसलाई बिर्सिदेऊ!"–उनले भने।

मैले उनको हात समातें। मेरा ओंठहरूमा मृदु मुस्कानको एक कम्प उठ्यो। मेरो गह्भरि आँसु पनि भरिएर आयो। तर उनले आफ्नो हात चट्ट थुतिहाले। सके भावुकताको कुनै स्वाङ्ग हुन जाला भन्ने डरले होला। त्यसपछि उनी टाढा राखिएको आरामकुर्सीमा गएर बसे। 'अझै पनि यसले आफ्नै व्यवहार ठीक थियो भन्ने त ठानिरहेको छैन?'–म मनमनै विचार गर्दै थिएँ। आफ्नो सफाई दिन म तैयार थिएँ। हामी भोजमा गइरहेका छैनौं भनेर बताइदिने मेरो सुर थियो, तर त्यो कुरा त मेरो मुखबाट बाहिर निस्कँदै निस्किएन।

"हाम्रो मनसाय फेरियो भनेर हामीले आमालाई चिठ्ठी लेख्नुपर्ला! नत्र भने उहाँ पीर लिनुहुनेछ।"–उनले भने।

"कहिले फर्कने विचार छ तपाईंको?"–मैले सोधें।

"मङ्गलवार। भोज मनाइएपछि।"

"मेरो लागि त यस्तो गरिरहनुभएको होइन तपाईंले?"–मैले सोझै उनीतर्फ दृष्टि दिएर सोधें। उनको नजर पनि मतर्फ नै थियो, तर त्यो नजर यति भावशून्य थियो, मानौं त्यसमाथि कुनै पर्दा हालिएको होस्! मलाई उनको अनुहार एकाएक बूढो र अप्रिय समेत लाग्न थाल्यो।

हामी भोजमा पुग्यौं। हाम्रो आपसी सम्बन्ध फेरि मैत्रीपूर्ण र सुमधुर भैसकेको प्रतीत हुन्थ्यो, यद्यपि अब त्यो सम्बन्ध पहिलेको जस्तो चाहिं एकदमै थिएन।

भोजमा म दुई जना महिलाहरूको माझमा बसेकी थिएँ। जब राजकुमार म भएठाउँ आए त्यतिखेर उनीसंग कुरा गर्न मैले उभिनुपऱ्यो। म उठ्नेबित्तिकै मेरा आँखाहरू अनायास नै मेरा पतिलाई खोज्न लागिसकेका थिए। कोठाको अर्को छेउमा उभिएर उनी पनि मतर्फ हेर्दैथिए, तर मैले देख्नासाथै उनले अर्कैतिर मुख फेरे। अनायासै कति लज्जाको र पीडाको मलाई अनुभूति भयो भने म विरक्त भैहालें। राजकुमार मतर्फ हेरिरहेका थिए र मेरो सम्पूर्ण अनुहार र गर्दन नै रात्तिंदै थियो। परन्तु उनको कुरा सुन्न त मैले नउभिएर धरै पाउँदिनथें, किनभने सोझै माथिबाट हेरेर उनी मसंग कुरा गर्दैथिए। हामीले एकै छिन आपसमा कुराकानी गऱ्यौं। मेरो छेउछाउतिर कतै यस्तो ठाउँ खाली थिएन जहाँ उनी बस्न सक्थे। फेरि मलाई दिक्क लागिसक्यो भन्ने पनि सके उनले बुझिहाले। अतः नाच-समारोहको हामीले चर्चा गऱ्यौं। ग्रीष्मयाम म कहाँ बिताउन गइरहेकी छु भन्ने पनि उनले सोधेका थिए। हामी यस्तैउस्तै कुराकानी गर्दैरह्यौं। अनि मेरा पतिदेवसंग पनि परिचित हुने चाहना व्यक्त गर्दै उनी त्यहाँबाट हिंडि पनि हाले। केही बेरपछि नै ती दुवै जनालाई कोठाको अर्को छेउमा एक अर्कोसित भेटेर कुरा गरिरहेको मैले देखें। राजकुमारले जरूरै पनि मेरो बारेमा केही भनेको हुनुपर्छ, किनभने मेरा पतिसंग कुराकानी गर्दागर्दै उनले घुमेर एक-पल्ट मतर्फ हेरेका थिए र मुसुक्क हाँसेका पनि थिए।

मेरा पतिको मुखमुद्रा एकाएक कठोर देखियो। उनको चेहरा रातो भैसकेको थियो। राजकुमारको सामुन्ने झुकेर उनी नै पहिले त्यहाँबाट पर हटेर गए। मैले पनि लाज

मानेर रातो मुख लगाएँ। मेरो बारेमा र अझ यसभन्दा बढ्ता मेरा पतिको बारेमा राजकुमार के सोच्दा होलान् भन्ने विचार उठेकोले मलाई लाज लागेको थियो। राजकुमारसंग कुरा गर्न लाग्दाखेरि मैले अनुभव गरेको संकोच र मेरा पतिको अनौठो चालढाल पनि सबैले देखिसकेका होलान् भन्ने म सोच्न लागें। यसको कारणबारे उनीहरू के कस्ता अड्कल काट्दा होलान्? के उनीहरूलाई मेरो र मेरा खसमबीच भएको कुराकानी पनि थाहा छ होला त? फर्कंदाखेरि सेर्गेइ मिखाइलिचकी बहिनी पनि डेरासम्म नै मेरो साथमा आएकी थिई र बाटोभरि हामीले मेरै पतिको कुरा गरेका थियौं। मैले आफूलाई रोक्नै सकिनँ र यस अलच्छिनी भोजको कारणले गर्दा हाम्रो बीचमा जुन ठाकठुक परेको थियो त्यो पनि सबै उसलाई बताइदिएँ। उसले मलाई सान्त्वना दिंदै के भनी भने यो कुनै महत्व नराख्ने ज्यादै मामूली मनोमालिन्य हो र त्यो बिस्तारै हटेर जानेछ। अनि मेरा पतिको बारेमा आफ्नो राय पनि मलाई ऊ बताउन लागी। उनी ज्यादै घमण्डी भैसकेका छन् र कसैसित पनि मिल्न सक्तैनन् भनेर उसले बताई। मैले पनि उसको भनाइको समर्थन नै गरें। अब त उनलाई म पनि बढी राम्रोसंग र बढी निष्पक्ष भएर बुझ्न लागेकी छु भन्ने मलाई भान परिरहेको थियो।

किन्तु पछि जतिखेर मेरा पतिसंग एकान्तमा मेरो भेट भयो, त्यस बेला उनको विषयमा मैले जुन राय व्यक्त गरेकी थिएँ त्यो त एउटा अपराध झैं मेरो अन्तस्करणमा भार बनेर टाँसियो र हाम्रो बीचको त्यो भाँजो पनि ज्यादा फराकिलो भैसकेको छ भन्ने पनि मलाई लाग्न थाल्यो।

त्यस दिनदेखि हाम्रो जीवन र हाम्रो आपसी सम्बन्ध पनि एकदमै बदलिइहाल्यो। एक दोस्राको छेउमा रहँदा पनि हामीलाई अब पहिलेको जस्तो आनन्दको अनुभव हुँदैनथ्यो। यस्ता कति विषयहरू पनि थिए जसको बारेमा कुरै गर्न समेत हामीले छाडिसकेका थियौं। हाम्रो साथमा जब कोही तेस्रो व्यक्ति रहन्थ्यो त हामीलाई कुराकानी गर्न अलि सजिलो पर्थ्यो। जब गाउँको जीवनबारे या नाच-समारोहबारे कुनै चर्चा चल्न थाल्थ्यो त हाम्रा आँखा निर्मिराउन थाल्थे र हामी एक अर्कालाई पुलुक्क हेर्ने गर्थ्यौं। हामी दुवैलाई हाम्रो बीचमा मुख बाएर तेर्सिरहेको गहिरो भाँजोको बोध अवश्य नै थियो र हामी त्यसको छेउसम्म जान पनि डराउँथ्यौं। उनी एक घमण्डी र जङ्गी मिजासका मान्छे हुन् र उनलाई चिढाउने खालको कुनै कुरा गर्नुहुँदैन भन्ने पनि मलाई पक्कापक्की भैसकेको थियो। म शानदार उच्च समाजबेगर बाँच्न नै सक्तिनँ र मलाई गाउँको जीवन नै मन पर्दैन, तसर्थ मेरो यस्तो कुरूचिपूर्ण चालीबेहोरलाई स्वीकार नगरी धरै छैन भन्ने उनको विश्वास थियो। यसैउसले यी विषयहरूमा हामी कहिल्यै पनि कुरा चलाउँदैनथ्यौं। हामी दुवै नै एक अर्काउपर झूठा आरोपहरू थोपर्नेगर्थ्यौं। यस्ता दिनहरू बितेर गैसकेका थिए जब हामी एक अर्कालाई संसारमा सर्वगुणसम्पन्न ठान्नेगर्थ्यौं। अब न हामी एक दोस्राको तुलना अरू मानिसहरूसंग गर्नेगर्थ्यौं र मनमनै एक दोस्राका खोटहरू गन्नेगर्थ्यौं। गाउँ फर्कनुअघि म बिरामी परें। हामीले शहरबाहिर एउटा

बङ्गला बहालमा लियौं। त्यहाँबाट सेर्गेइ मिखाइलिच एक्लै आफ्नी आमालाई भेट्न हिंडिहाले। त्यति बेलासम्म मेरो स्वास्थ्य ज्यादै नै सुध्रिसकेको थियो र म हिंडडुल पनि गर्न सक्ने भइसकेकी थिएँ। तर उनले मलाई त्यहीं नै बस्ने आग्रह गरेका थिए, मानौं उनलाई मेरो नातागतीको ठूलो चिन्ता भएको होस्! साँच्ची भन्ने हो भने उनलाई मेरो सन्चो-बिसन्चोको उतिसारो चिन्ता नै थिएन। गाउँमा फर्केपछि हामी एक अर्कासित खुशी रहनेछैनौं भन्ने पो उनको विचार थियो। मैले पनि कुनै नाइँनास्ती गरिनँ र त्यहीं नै बस्न थालें। उनीबेगर म आफूलाई एकली ठान्न लागें। यस्तो लाग्थ्यो, मानौं म शून्यमा अल्झिरहेकी होऊँ! परन्तु जब उनी फर्केर आए, त्यतिखेर पनि मलाई कुनै विशेष खुशीको अनुभव भएन जस्तो पहिले हुनेगर्थ्यो। हाम्रो पहिलेको सम्बन्ध त बिलाएर गैसकेको थियो। त्यसताका त आफ्नो मनको कुरा र भावहरू उनलाई भन्न नपाउँदा अपराध नै गरे झैं दिक्क लाग्थ्यो। उनको मुखार-बिन्दबाट निस्कने एक एक शब्द र उनको एक एक गतिविधि मेरो लागि आदर्श हुन्थ्यो। एक दोस्रासित आँखा जुध्यो कि त हामी रमाएर खितिखिति हाँस्न थाल्थ्यौं। तर अब त ती दिनहरू बितेर गैसकेका थिए। हाम्रो आपसी सम्बन्ध कतिसम्म बदलिइसकेको थियो भने हाम्रो प्रेम कता गयो कता हामीले चालै पाउन सकेनौं। हाम्रो अभिरूचि र विचारमा पनि आनका तान फरक हुन थाल्यो। हामीले एक दोस्रालाई आफ्नो मनको बह पोख्ने कोशिश नै गरेनौं। हामी आ-आफ्नो छुट्टै संसारमा बाँचिरहेका छौं भन्ने सोच्दा-खेरि पनि दिक्क लाग्न छोडिसकेको थियो। सुस्त-सुस्त

हामी यस किसिमको जीवन यापन गर्न अभ्यस्त भइसकेका थियौं। एक वर्षभित्र नै हाम्रो बचेखुचेको त्यो सौहार्दता पनि बिलाएर गइहाल्यो जुन पहिले हामी एक दोस्रालाई देख्दा अनुभव गर्थ्यौं। पहिले मसंग हँसीठट्टा गर्दा तमाम कुराहरू उनी बिर्सिदिने गर्थे, परन्तु अब त्यो हास्य-विनोद समाप्त भैसकेको थियो। साथै त्यो बालसुलभ सरलता र झट्टै माफ गरिदिने त्यो बानी पनि हराइसकेको थियो। पहिले उनको बेवास्ता मलाई बिझ्नेगर्थ्यो। अब त उनको त्यो गहिरो दृष्टि पनि बाँकी रहन गएको थिएन जसले मलाई त्यतिखेर लज्जित र पुलकित गराउनेगरेको थियो। लाग्थ्यो, मानौं उनी मलाई गढेर हेर्दै खोतल-खातल पो पारिरहेका होऊन्! हामीले मिलेर प्रार्थना गर्न पनि छोडिसकेका थियौं, न त त्यस हर्षविभोरको नै अनुभव हुन्थ्यो। हामी त अब यदाकदा नै एक अर्कालाई भेट्नेगर्थ्यौं। उनी प्रायः बाहिरतिर जानेगर्थे र मलाई एक्लै छोड्नुपरेकोमा पनि अब उनलाई अपशोच र चिन्ता लाग्न छाडिसकेको थियो। म सारा समय उच्च समाजमा नै आवत-जावत गरेर बिताउनेगर्थें र मलाई पनि उनको अनुपस्थिति खट्किने गर्दैनथ्यो।

हाम्रो बीचमा अब पहिलेको जस्तो कलह पनि हुँदैनथ्यो, न त कुनै विषयलाई लिएर वादविवाद नै चल्थ्यो। उनलाई म सकभर प्रशन्न नै राख्ने प्रयत्न गर्थें र उनी पनि मेरा सबै चाहनाहरू पुऱ्याउँदैरहन्थे। बाहिरबाट हेर्दा त हाम्रो प्रेममा कुनै अन्तर नै आएको छैन कि भने जस्तो भान हुन्थ्यो।

एकान्त-मिलनको मौका नै हामी कम पाउनेगर्थ्यौं,

तर जब हाम्रो मिलन हुन्थ्यो, त्यतिखेर पनि मलाई न खुशी लाग्थ्यो, न त उत्तेजना र दिक्दारी नै। त्यस बेला पनि म आफूलाई एक्लै बसिरहेकी अनुभव गर्थें। उनी मेरा पति हुन्, परचक्री होइनन्, मान्छे पनि असलै छन् र उनलाई म त्यत्तिकै राम्रोसंग बुझ्नेगर्छु जति स्वयं आफूलाई बुझ्छु भन्ने कुरा पनि मलाई राम्रै ज्ञान थियो। उनी के गर्लान्, के भन्लान्, कसरी हेर्लान् भन्ने पनि मलाई थाहा थियो। अर्कै ढङ्गले उनले कुरा गर्न थाले अथवा अर्कै दृष्टिले मतर्फ हेर्न लागे भने उनबाट कुनै गल्ती भएको छ भनेर म तत्कालै बुझिहाल्थें। मैले उनीबाट कुनै कुराको आशा राखेकी थिइनँ। छोटकरीमा भन्ने हो भने उनी मेरा पति थिए। बस्, यसभन्दा बढ्ता उनी केही थिएनन्। यस्तै त हुनु पनि पर्छ भन्ने मलाई लाग्थ्यो। लोग्नेहरू यस्तै त हुन्छन् नि! हामी पनि एक दोस्राका प्रति यस्तै नै थियौं। खास गरी शुरू शुरूमा जब उनी बाहिरतिर जानेगर्थे, त्यतिखेर आफूलाई म एकली ठान्थें र आफूलाई निराश्रित सम्झेर व्याकुल भैहाल्थें। उनी फर्केर आउँदा म कतिबिघ्न रमाउँथे भने म उनको गलामा झुण्डिन पुग्थें। परन्तु डेढ-दुई घण्टापछि नै यो उल्लास र उमङ्ग सेलाइहाल्थ्यो र उनीसंग के कुरा गर्ने हो भनेर म अकमक्क पर्नेगर्थें। खालि यदाकदा हाम्रो बीचमा हुने संयमित र शान्त रतिरागको बेलामा मात्रै मेरो मुटु-भित्र दबिरहेको पीडा प्रकट भएर आउँथ्यो र कतै केही टुटेको जस्तो लाग्न थाल्थ्यो। त्यतिखेर मन नै भारी भएर आउँथ्यो। उनका आँखामा पनि म यस्तै भावको छनक पाउँथे। यस भावोद्रेकको सीमालाई हामी दुवै जना

राम्ररी बुझ्थ्यौं। त्यसभन्दा पल्तिर न उनी अगाडि बढ्न चाहन्थे, न त म नै। कहिलेकाहिं म यसै कारणले गर्दा खिन्न पनि हुन्थें। परन्तु म ज्यादै नै व्यस्त थिएँ र यी सारा कुराहरूको सोचविचार गर्ने कुनै समय पनि मसित थिएन। हाम्रो सम्बन्ध बदलिइसकेको छ भन्ने अस्पष्ट आभास मलाई हुन्थ्यो। म खिन्न पनि भैहाल्थें, तर रसरङ्गमा त्यो नियास्रोपना बिर्सिदिने म चेष्टा गर्थें। यस्ता रसरङ्ग-हरूको कुनै अन्त्य नै थिएन। शुरू शुरूमा त शानदार उच्च समाजको रोबरवाफ र आत्मप्रशंसाले गर्दा म कुहिराको काग बन्न पुगेकी थिएँ। तर छिटै नै त्यस समाजको आकर्षणले मलाई खिंचिहाल्यो र त्यस समाजमा उठबस गर्ने बानी समेत परिहाल्यो। त्यस समाजले मेरा गोडामा सिक्री बाँधिसकेको थियो र प्रेमको लागि छटपटाइरहेको मेरो मनमा पनि आफ्नो प्रभुत्व जमाइसकेको थियो। एकान्त भन्ने कुरालाई नै मैले बिर्सिसकेकी थिएँ। आफ्नो जिन्दगीबारे सोच्नेसम्म पनि मलाई साहस हुँदैनथ्यो। बिहानदेखि लिएर रातीसम्म लगातार म व्यस्त रहन्थें। घरबाहिर जाँदै नगएर बसे पनि फुर्सद भनेको पटक्कै हुँदैनथ्यो। यस किसिमको जिन्दगीबाट न म प्रशन्न थिएँ, न त खिन्न नै। यस्तै त हुनुपर्ने हो, अन्यथा हुनै पनि के सक्छ र भन्ने म सदैव नै विचार गर्थें।

यसरी तीन वर्ष बित्यो। हाम्रो आपसी सम्बन्ध जस्ताको त्यस्तै थियो, मानौं त्यो एउटा निश्चित् ढर्रामा चलिरहेको होस् वा एउटा निश्चित् साँचोमा ढालिएको होस्, अर्थात् न बढी असल हुन सकोस्, न त बढी खराब नै! ती तीन वर्षभित्र हाम्रो पारिवारिक जीवनमा दुइटा महत्वपूर्ण

घटनाहरू घटिसकेका थिए। किन्तु ती दुवै घटनाहरूमध्ये एउटैले पनि मेरो दिनचर्यामा कुनै हेरफेर ल्याउन सकेन। यता मैले आफ्नो पहिलो बालकलाई जन्म दिएँ भने उता चाहिं ताच्याना सेम्योनोभ्नाको स्वर्गवास भयो। शुरू शुरूमा त आमा बन्न पाइएकोले मलाई अप्रत्यासित आनन्द लाग्यो र मातृ-स्नेहले गर्दा हर्षविभोर पनि भएँ। मेरो निम्ति एउटा नयाँ जीवनकै श्रीगणेश भइरहे झैं मलाई लाग्यो। परन्तु दुई महीनापछि नै उच्च समाजमा मेरो आवतजावत फेरि शुरू भैहाल्यो। अनि त त्यो ममता बिस्तारै शिथिल पर्दैगयो र अन्त्यमा खालि औपचारिक कर्तव्य पूरा गर्ने बानी जस्तै बन्न पुग्यो। पहिलेदेखि नै मेरा पति घरबार रूचाउने शान्त प्रकृतिका त छँदै थिए। हाम्रो पहिलो छोरो जन्मेपछि त उनी अझ बढी घरेलु बनिहाले र आश्वस्त पनि भए। आफ्नो सारा स्नेह र उल्लास अब उनी आफ्नो शिशुमाथि पोख्न लागे। कुनै नाच-समारोहमा गइहाल्नुभन्दा पहिले अक्सर म श्रृङ्गरपटार गरेर छोराको कोठामा पस्नेगर्थें र उसको शरीर अगिल्तिर क्रसचिन्ह बनाउँथे। मेरा पति चाहिं त्यहीं नै बसिरहेका हुन्थे र मर्मभेदी तथा भर्त्सनापूर्ण कटाक्ष मतर्फ फ्याँक्नेगर्थे। म लाजले भुतुक्कै हुन्थें। आफ्नै कोखको शिशुबाट पनि मैले पिठ्यूँ फर्काइसकेकी रहिछु भन्ने विचार गरेर म आफूलाई नै मनमनै धिक्कार्न थाल्थें। 'के म अरू आइमाईभन्दा पनि गए-गुज्रेकी छु त ?'—म आफैंसित प्रश्न सोध्नेगर्थें र मनमनै जवाफ पनि दिन्थें: 'गर्न नै पो के सकिन्छ र? जरूर पनि आफ्नो शिशुलाई म माया गर्छु। तर दिनभरि उसको छेउमा बसिरहन सक्छु र? यसरी त मलाई उराठ नै

लागिहाल्नेछ! जे भए पनि देखावटी माया भने म किमार्थ गर्न सक्तिनँ!' आमाको देहान्तले गर्दा सेर्गेइ मिखाइलिचको मनमा निकै चोट परेको थियो। आमा बितेर गइहाल्नुभए-पछि निकोल्स्कोयेमा बस्नु पनि असह्य हुनेछ भनेर उनले भनेका थिए। सासु मर्दा मैले पनि शोक मानेकी थिएँ र निकै पीर लागेको थियो। आफ्नो पतिको दुःखप्रति समवेदना पनि व्यक्त गरेकी थिएँ। तर मलाई चाहिं सासु नभएको हुँदा गाउँमा बस्नु बढी शान्तिपूर्ण र रमाइलो हुनेछ भन्ने लाग्न थाल्यो। ती तीन वर्षहरूमध्ये ज्यादाजसो समय त हामीले शहरतिर नै बितायौं। मात्र एकपल्ट, त्यो पनि दुई महीनाको लागि म गाउँ पुगेकी थिएँ र तेस्रो वर्षपछि त हामी विदेशतिर लागिहाल्यौं।

ग्रीष्मयाम हामीले एउटा यस्तो ठाउँमा बितायौं जहाँ खनिजजलका मुहानहरू थिए।

त्यसताका मेरो उमेर एक्काइस वर्षको थियो। हाम्रो आर्थिक स्थिति ज्यादै राम्रो छ भनेर ती दिनहरूमा म सोच्नेगर्थें। दाम्पत्य जीवनबाट मलाई जुन सुख प्राप्त भइरहेको थियो त्यसैमा नै म सन्तुष्ट थिएँ र अरू कुनै कुराको मलाई चाहना पनि थिएन। आफूले चिने-जानेका सबै मान्छेहरू मलाई प्रेम गर्छन् भन्ने म ठानिरहेकी थिएँ। मेरो स्वास्थ्य पनि राम्रै थियो। मेरो पहिरन त त्यहाँ सबैको भन्दा छाँट परेको थियो। म हिसी परेकी छु भन्ने पनि मलाई थाहा नभएको होइन। मौसम पनि निकै रमाइलो थियो। मेरो चारैतर्फ सुरम्य र रमणीय वातावरण थियो र म असाध्य खुशी थिएँ। हो, मेरो खुशियालीमा त्यो स्फूर्ति भने अवश्य नै थिएन जुन निकोल्स्कोयेमा छँदा

मौजूद हुन्थ्यो। त्यहाँ त म आफूमा नै मगनमस्त रहन्थें। यस्तो सुखको मलाई पूर्ण अधिकार छ र जति सुख प्राप्त भए पनि मेरो लागि थोरै नै हुनेछ भन्ने त्यहाँ म ठान्ने-गर्थें। त्यस बेला त सुख पनि अर्कै किसिमको थियो। जे होस्, यहाँ पनि म सन्तुष्ट नै थिएँ। त्यस ग्रीष्मयाममा पनि मलाई कुनै कुराको चाहना थिएन, कुनै कुराको आशा थिएन, न त कुनै कुराको डर नै थियो। आफ्नो जीवन मलाई भरिपूर्ण लागिरहेको थियो र मेरो अन्तरात्मा पूर्णतः शान्त थियो। त्यस ग्रीष्मयाममा जति पनि युवकहरू त्यहाँ पुगेका थिए तिनीहरूमध्ये कसैमा पनि कुनै विशेष खूबी थिएन। कहाँसम्म भने उनीहरू वयोबृद्ध रजौटा 'क' भन्दा पनि बढी रोचक थिएनन्। उनी त्यहाँ हाम्रो देशका राजदूत भएर बसेका थिए र अक्सर मप्रति प्रेम प्रकट गर्नेगर्थे। फरक केही थियो भने यत्तिकै मात्र थियो कि उमेरमा कोही जेठोपाको थियो त कोही कान्छो। एक जना अंग्रेज पनि थियो जसका केश सुनौला थिए; अनि अर्को एक फ्रान्सेली पनि थियो जसले झूसे दाह्री पालेको थियो। मेरो लागि सबका सब एकै काँटका थिए र सबै नै मलाई आवश्यक लाग्नेगर्थे। ती सबै नै यस्ता खालका मान्छेहरू थिए जसप्रति म अनासक्त थिएँ, तर जसले गर्दा मेरो वरिपरिको वातावरण चाहिं उल्लासपूर्ण बन्थ्यो। उनीहरूमध्ये मात्र एक जनाले मेरो ध्यान आकर्षित गर्न सक्यो। उसको नाम थियो—मार्क्विज 'द'। ऊ इटलीको बासिन्दा थियो। कत्ति धक नमानीकन ऊ मेरो तारीफ गर्थ्यो। मसंग नाच्ने, घोडामा सवार भएर सयर गर्ने, क्यासिनोमा संगसंगै बस्ने र मेरो रूपलावण्यको प्रशंसा

गर्ने कुनै पनि मौका ऊ चुक्तैनथ्यो। कतिपल्ट त मैले झ्यालबाट हेर्दा उसलाई आफ्नो डेराकै अगाडि उभिइरहेको देखेकी थिएँ। ऊ एकटक लगाएर मलाई हेरिरहन्थ्यो र उसका आँखामा एक अप्रिय खालको चमक हुन्थ्यो। म लज्जाएर अर्कैतिर हेर्नेगर्थें। ऊ नौजवान थियो, सुन्दर पनि थियो र आफ्नै एक किसिमको विशेषता उसमा थियो। परन्तु सबभन्दा रोचक कुरा के थियो भने उसको मुस्कान र उसको ललाट देख्दा मलाई आफ्नो पतिको झझल्को आउँथ्यो। अँ, मेरा पतिभन्दा ऊ बढी सुन्दर थियो। यस्तो समानताले गर्दा म अझ बढी चकित हुन पुगेकी थिएँ। हुन त मेरा पतिको मुहारमा सदैव नै शान्ति र दयाको झलक पाइन्थ्यो भने त्यस मान्छेमा – उसका ओंठमा, उसका आँखामा र उसको लाम्चो च्यापुमा चाहिं एक तमासको पाशविकता र अशिष्टता झल्कनेगर्थ्यो। त्यो मार्क्विज मलाई प्रेम गर्न पुगेर पागल भैसकेको छ भन्ने मलाई विश्वास भैहाल्यो। गर्वले नाक फुलाएर बडो कृपाभावले यदाकदा म उसको बारेमा विचार गर्न पुग्थें। उसलाई आफ्नो एक मित्र बनाऊँ र उसले पनि मेरा अन्य केही मित्रहरूले जस्तै विश्वासले भरिपूर्ण लज्जालु स्वरमा मसित कुराकानी गरोस् भन्ने म चाहन्थें। तर मेरो यस्तो प्रयासलाई ऊ तुरुन्त नै ठुकराइदिन्थ्यो र पागल प्रेमीहरूले जस्तै गरेर मलाई ट्वाल्ल हेरि मात्र रहन्थ्यो। अनि म लज्जाएर दिक्दार हुन्थें। उसले जुनसुकै बेला पनि मायापीर्तिका मीठा मीठा कुराहरू गर्न थाल्नेछ भन्ने मलाई लाग्थ्यो। त्यस मान्छेबाट मलाई डर पैदा हुन्थ्यो। तर म यो कुरा स्वीकार गर्दिनथें र अक्सर आफूले नचाहँदा नचाहँदै पनि

उसैको विषयमा सोच्न पुग्थें। मेरा पति पनि उससित परिचित थिए। हुन त मेरा जानपहिचानका मान्छेहरूको दृष्टिमा सेर्गेइ मिखाइलिच मेरा लोग्नेभन्दा बढी अरू केही पनि थिएनन्, तैपनि उनी अन्य परिचितहरूको तुलनामा उससित अलि रूखो र उपेक्षापूर्ण व्यवहार गर्थे। ग्रीष्मयाम समाप्त हुन लाग्दा नलाग्दै म बिरामी परें र दुई हप्तासम्म घरबाट कतै निस्किनँ पनि। अनि बिसेक लागिसकेपछि एक दिन जब म पहिलोपल्ट संगीत सुन्न भनेर बाहिर निस्कें, त्यतिखेर लेडी 'स' पनि आइपुगेकी छिन् भन्ने मलाई थाहा भयो। धेरै दिनदेखि नै उनको आगमनको हल्ला चलिरहेको थियो। लेडी 'स' परमसुन्दरी ठानिन्थिन्। जब म त्यहाँ पुगें, मेरो हार्दिक स्वागत भयो। आफ्ना परिचितहरूको समूहमा म आकर्षण-केन्द्र बनिहालें। परन्तु ती परमसुन्दरीको वरिपरि झुम्मिनेहरूको संख्या कता हो कता बढी थियो। जतातत‍ै उनैको सौन्दर्यको चर्चा हुन थाल्यो। मैले पनि उनलाई देखें। वास्तवमा नै उनी असाध्यै राम्री थिइन्। परन्तु उनको अनुहारमा एक यस्तो आत्मसन्तोषको भाव झल्किरहेको थियो जुन मलाई राम्रो लागेन। मैले त्यो कुरा भनि पनि दिएँ। पहिले पहिले जुन कुराहरू मेरो लागि रूपौला हुनेगर्थे ती सबै नै त्यस साँझ नीरस र फिका हुन पुगेका थिए। अर्को दिन लेडी 'स' ले किल्ला हेर्ने कार्यक्रम बनाइन्। मैले चाहिं त्यसमा सरीक हुन इन्कार गरिदिएँ। परन्तु मेरा परिचितहरूमध्ये त कोही पनि मेरो साथमा नरहने छाँट पो देखियो। सबै नै लेडी 'स' को साथमा लागिहाले। मेरो आँखाअगाडि सबै कुरा बदलियो। मलाई हरेक मान्छे र हरेक चीज नीरस र

उटपटाङ्ग लाग्न थाल्यो। मेरो मन नै रून्ने ताकमा थियो। छिटै उपचार सकिए त रूस फर्कन पाइन्थ्यो भन्ने पनि विचार उठ्न थाल्यो। मेरो भित्री हृदय नै खिन्न भैसकेको थियो, तर म स्वयं पनि यो कुरा स्वीकार गर्न भने तयार थिइनँ। मैले नातागती भएको बहाना रचेर उच्च समाजमा जान नै चटक्क छोडिदिएँ। खालि कहिलेकाहिं बिहानपख खनिजजलको मुहानसम्म गन्धक-पानी खान भनेर जाने गर्थे वा आफ्नै एक परिचित रूसी महिला 'ल० म०' संग बग्गीमा चढेर नजिकको गाउँसम्म हावा खान निस्कन्थें। त्यसताका मेरा पति केही दिनको लागि हीडलबर्ग गएका थिए। कहिले मेरो चिकित्सा-उपचार समाप्त होला र कहिलेसम्ममा हामी रूस फर्कन सकौंला भन्ने उनी प्रतीक्षा गरिरहेका थिए। यदाकदा उनी मलाई भेट्न पनि आउँथे।

एकपल्ट लेडी 'स' ले सबैलाई आफ्नो पछि लगाएर शिकार खेल्न भनी लिएर गइन्। दिउँसोको खाना खाइसके-पछि 'ल० म०' संगै म पनि बग्गीमा सवार भएर किल्ला-तर्फ लागें। कटुसका पुराना रूखहरूको माझबाट नागबेली पर्दै सडक अगाडि तन्किरहेको थियो र त्यहाँबाट बडेन आसपासका ग्रामीण इलाकाहरूको रमणीय दृश्य देखिन्थ्यो। अस्ताचलमा पुगिसकेका सूर्यको किरण परेर खेतहरू टल्कि-रहेका थिए। बग्गीमा बसेर हामी दुवै जना बिस्तार-बिस्तार गम्भीर कुराकानीमा निमग्न भैहाल्यौं। 'ल० म०' लाई म राम्रैसंग चिन्थें, तर उनी यति समझदार र दयालु होलिन् भन्ने त मलाई पत्तै थिएन। त्यसैले उनीसंग म मनपेट खोलेर कुरा गरूँला र उनी मेरो घनिष्ठ सहेली बन्लिन् भन्ने पनि मैले चिताएकी थिइनँ। हामी आफ्नो

घर-परिवार, बालबच्चा र बडेनको खोक्रो जीवनको बारेमा कुरा गर्न लाग्यौं। हामी दुवै रूस फर्केर गाउँघरमा जीवन बिताउने पक्ष्यमा थियौं। किल्लामा पुगेपछि त आफ्नो मातृभूमिको मधुर र मार्मिक सम्झनाले हामीलाई सताउन थालिहाल्यो। किल्लाभित्र शीतल छायाँ परेको थियो। माथि खण्डहरहरूमा सूर्यको किरण परिरहेको थियो र मानिसहरूको पदचाप र वार्तालापको आवाज पनि सुनिन्थ्यो। ढोकाको चौकोसबाट बडेनको ग्राम्य-दृश्य एउटा सुन्दर चित्र झैं देखिन्थ्यो। त्यो दृश्य अति नै मनोरम थियो, परन्तु हामी, रूसीहरूको लागि चाहिं निष्प्राण जस्तै प्रतीत हुन्थ्यो। हामी छहारीमा थकाई मारेर चूपचाप सूर्यास्तको दृश्य हेर्न लाग्यौं। आवाज बढी स्पष्ट सुनिन थाल्यो र कसैले मेरो नाउँ काटेर बोलाइरहे झैं मलाई लाग्यो। मैले कान दिएर सुनें। एक एक शब्द म प्रष्टसित सुन्दैथिएँ। स्वर पनि सुपरिचित नै थियो। मार्क्विज 'द' र उसको फ्रान्सेली मित्र, जसलाई म पनि चिन्थें, आपस्तमा कुरा गर्दैथिए। उनीहरू मेरो र लेडी 'स'को चर्चा गर्दैथिए। फ्रान्सेली चाहिं हामी दुवैको तुलना गरेर हाम्रो सौन्दर्यको विश्लेषण गरिरहेको थियो। ऊ जे जस्तो भनिरहेको थियो त्यसमा नराम्रो मान्नुपर्ने खालको कुनै कुरा थिएन। तर पनि उसको कुरा सुनेर मेरो मुख रातो भयो। ऊ एक एक गरेर मेरो र लेडी 'स' को विशेषता-हरूलाई केलाएर व्याख्या गर्दैथियो। ऊ के भन्दैथियो भने मेरो एउटा बच्चा पनि जन्मिसकेको छ, जब कि लेडी 'स' को उमेर मात्र उन्नाइस वर्षको छ; मेरो केश ज्यादा घना छन् त लेडी 'स' को शरीर बढी गठिलो

छ। उसले अगाडि भन्यो: 'लेडी 'स' उच्च घरानाकी नारी हुन्, तर तिम्री यो त यस्तैउस्तै छे अर्थात् ती रूसी मैयासाहेबहरू जस्तै नै छे जो यहाँ अक्सर आउन थालेका छन्!' अन्त्यमा उसले के पनि भन्यो भने मैले लेडी 'स' संग होडबाजी गर्ने प्रयास नगरेर बेस नै गरें। जहाँसम्म बडेनको सवाल छ, त्यहाँ त अब मेरो कुनै महत्व नै रहन भएन, किनभने म त बडेनको जमीनमुनि दफनाइएकी सरह नै भैसकेकी छु।

"मलाई उसप्रति दया लाग्छ!" – मार्किज 'द' ले भन्यो।

"उसले आफ्नो मन बहलाउको निम्ति कतै तिमीसंग प्रेम गर्न पनि शुरू नगरिदेओस्!" – फ्रान्सेलीले बडो निर्मम र व्यंगपूर्ण हाँसो झिकेर भन्यो।

"ऊ यहाँबाट कतै गइ नै हाली भने पनि म त उसको पीछा नगरी छोड्दिनँ!" – इट्लीवासीको रूखो आवाज सुनियो।

"भाग्यमानी रहेछौ! तिमी त अझै पनि प्रेम गर्न सक्छौ!" – फ्रान्सेलीले हाँसेर भन्यो।

"प्रेम!" – इटालियन भाकामा फेरि पनि मार्क्विजको रूखो आवाज आयो। केही बेर अडिएर उसले फेरि भन्न शुरू गऱ्यो। – "प्रेमबिना त म बाँच्नै सक्तिनँ। जिउनुको अन्यथा प्रयोजन नै के र? जीवनलाई रोमान्समा बदलिदिनुमा नै त जिउनुको सार छ। अनि मेरो रोमान्स अधूरो पनि त रहँदैन। यस रोमान्सलाई पनि म पूरै गरेर छोड्नेछु!"

"Bonne chance, mon ami"*, – फ्रान्सेलीले भन्यो।

---

* भाग्यले तिम्रो साथ देओस्, साथी! (फ्रेन्च) – अनु०

हामीले त्यसभन्दा बढी केही सुन्न सकेनौं। उनीहरू फर्केर अर्केतिर लागिसकेका थिए। अनि अर्कोतिरबाट उनीहरूको पदचाप सुनियो। खुड्किलाहरू उक्लेर केही क्षणपछि नै उनीहरू कुनाको ढोकाबाट भित्र पसे र हाम्रो-अगाडि उपस्थित भैहाले। हामीलाई त्यहाँ देखेर उनीहरू तीन छक परे। मार्क्विंज 'द' जुन बेला मेरो छेउमा आइपुग्यो, त्यतिखेर म लाजले भुतुक्कै भएँ र मुख रातो पारें। किल्लाबाट बाहिर निस्कन लाग्दा जब उसले मलाई आफ्नो हातले आड दिन खोज्यो, म डराइहालें। परन्तु मैले नाइँनास्ती केही पनि गर्न सकिनँ र उसको साथी र 'ल० म०' को पछि पछि पाइला सार्दै हामी बग्गी राखिए-को ठाउँतिर जान लाग्यौं। मेरो प्रसंगमा फ्रान्सेली चाहिंले भनेको कुरा सुनेर मलाई रीस उठिरहेको थियो, यद्यपि मेरो भित्री मनले चाहिं के कुरा स्वीकार गरिसकेको थियो भने उसले पनि त्यही नै कुरा भनेको हो जसको अड्कल मैले धेरै पहिले नै लगाइसकेकी थिएँ। किन्तु मार्क्विंज 'द' ले जुन हलुका खालले कुरा गरेको थियो त्यसबाट भने मलाई आश्चर्य र क्षोभ लागिरहेको थियो। हामीले उसको कुरा सुनिसकेका छौं भन्ने त उसले पक्कै पनि बुझिसकेको हुँदो हो, तर पनि मेरो छेउमा हिंड्न उसलाई अलिकति पनि अपठ्यारो लागिरहेको थिएन। यसले गर्दा म झन् बढी बिचलित हुन पुगें। आफ्नो त्यति निकटमा उसलाई पाउँदा मेरो मनमा घृणाको भाव भरिएको थियो। मैले उसतर्फ हेर्दा पनि हेरिनँ, न त उसको प्रश्नको नै कुनै जवाफ दिएँ। उसको पाखुरामा आफ्नो हात पनि मैले यस किसिमबाट राखिदिएकी थिएँ जसले गर्दा मलाई उसको

स्पर्शको आभास नै भइरहेको थिएन। छिटो छिटो पाइला सारेर म फ्रान्सेली र 'ल० म०' तर्फ लम्किरहेकी थिएँ। मार्क्विज 'द' चाहिं मनोरम दृश्यको बारेमा, मसंग सौभाग्यवश अचानक भेटघाट भएको बारेमा कुन्नि के के हो भन्दै गइरहेको थियो। तर उसको भनाइमा मेरो ध्यान पटक्कै थिएन। मेरो ध्यान त त्यतिखेर आफ्ना पति र पुत्रको विषयमा नै केन्द्रित थियो। मलाई आफ्नो मातृभूमि रूसको पनि सम्झना भइरहेको थियो। मलाई एक प्रकारको लाजको अनुभव भैरहेको थियो, कुनै कुराको पछुतो पनि लागिरहेको थियो र भित्री मनमा कस्तो कस्तो इच्छा पनि जागिरहेको थियो। एकान्तमा आरामसंग बसेर भर्खरै मात्र अन्तस्करणमा फुरेको आफ्नो मनस्थितिबारे गमेर विचार गर्ने म Hotel de Bade* को आफ्नो एकलासको कोठामा तत्कालै पुग्न चाहन्थें। किन्तु 'ल० म०' चाहिं मुस्तसुस्त पाइला सार्दै थिइन् र बग्गी पनि अझ निकै नै टाढा थियो। फेरि मलाई के पनि लागिरहेको थियो भने मेरो साथी बन्न पुगेको मार्क्विज 'द' पनि मलाई रोकेर राख्न जानाजानी नै आफ्नो हिंडाइको चाल मन्द गर्दै थियो। 'यो कदापि हुन सक्तैन!'—मैले सोचें र फटाफट पाइला सार्ने कोशिश पनि गरें। तर उसले चाहिं नाँच्ची नै मलाई पछिल्तिर नै तानिरहेको थियो। उसले त मेरो हात पनि बेसरी च्याप्यो। 'ल० म०' सडकको एउटा घुम्तीनेर अदृश्य भैहालिन्। त्यहाँ अब हामी दुई जना मात्र बाँकी रह्यौं। डरले गर्दा मेरो मुटु धुक्धुक् गर्न लाग्यो।

---

* बडेन होटल (फ्रेन्च)—अनु०

"माफ गर्नोस्!"–मैले रूखो स्वरमा भनें र उसको हातबाट आफ्नो हात फुत्काउने जमर्को गरें। तर मेरो पञ्जाको झल्लर त उसको ज्याकेटको टाँकमा अल्झिहाल्यो। ऊ अगिल्तिर निहुरिएर अल्झेको झल्लर झिक्न लाग्यो। उसको जीउ नै मेरो वक्षस्थलको नजीक पुगिसकेको थियो। उसका औंलाहरूले मेरो हात पनि स्पर्श गरिहाले। मलाई डर या खुशीको एउटा यस्तो नयाँ अनुभूति भयो जसले गर्दा मेरो आङभरि नै कम्प छुट्यो। मलाई देख्नासाथै उसलाई म घृणा गर्छु भन्ने कुरा उसले तुरुन्त बुझिहाल्नेछ भन्ने सोचेर मैले बडो कडाइका साथ उसतर्फ तरेर हेर्ने प्रयास गरें। तर यसको विपरीत मेरा आँखाले त भय र उत्तेजनाको मात्र अभिव्यक्ति गरेका थिए। मेरो गर्दन, मेरो छाती र मेरो सम्पूर्ण शरीरलाई नै क्वाप्प निलुँला झैं गरेर नियालिरहेका उसका कामातुर र मोहित आँखा मेरो मुखको एकदमै नजीक पुगिसकेका थिए। ऊ दुवै हातले मेरो हात मुसार्दै थियो, उसका खुला ओंठहरू केही गुनगुन गर्दैथिए। मलाई प्रेम गर्छु र म नै उसको सर्वस्व हुँ भनेर ऊ बड्बडाउँदै थियो। उसका ओंठ पनि अझ नजिकिए र उसका न्याना हातहरू पनि मेरो हातलाई अझ बढी जोडसित मिच्दै थिए। मेरो नसा नसामा आगोको लप्का दन्किरहेको जस्तो मलाई लाग्यो र जताततै अन्धकार व्याप्त भयो। मेरो शरीरमा कम्प छुट्यो। जस्तो वाक्य उच्चारण गरेर म उसलाई रोक्न चाहन्थें त्यो त मेरो घाँटीमा नै अड्किएको जस्तो भयो। आफ्ना गालाहरूमा मैले एकाएक उसका ओंठहरूको स्पर्श अनुभव गरें। म लुगलुग काम्न थालें र मेरो सारा देह नै मानौं चिसिइ-

मकेको थियो। म रोकिएर उसतर्फ हेर्न लागें। केही बोल्ने वा अगाडि लम्कने पनि ममा तागत बाँकी थिएन। डरले कालोनीलो भएर म कुनै कुराको प्रतीक्षा गरिरहेकी थिएँ। मेरो मनमा पनि कुनै कुराको इच्छा जागिरहेको थियो। यस्तो स्थिति क्षणभर मात्रै रहेको हुँदो हो। तर त्यो क्षण निकै नै भडङ्कर थियो। मैले तत्क्षण नै मार्क्विज 'द' लाई समग्र रूपमा देखिहालें। उसको मुखको भाव पनि मैले राम्रैसित पढें। हलुका टोपमुन्तिर उसको ठाडो निधार पनि देखिन्थ्यो जुन मेरा पतिको निधारकै बान्कीको थियो। उसको नाक चाहिं सीधा र सुन्दर थियो, यद्यपि नाकका पोराहरू खुलेका थिए। उसले बटारेको लामो जुंगा र झुसुले दाह्री पालिराखेको थियो। गालाका रौं राम्रासित खौरिएका थिए र गर्दन चाहिं घामले डढेर केही कालो भैसकेको थियो। उसलाई म घृणा गर्थें, उससित म डराउँथें। मेरो निम्ति ऊ बिल्कुलै पराई थियो, तर पनि हुंदा हुँदै पनि त्यस बिरानो र घिनलाग्दो मान्छेले मेरो मनभित्र कस्तो उत्तेजना र उन्माद जगाउन सकेको थियो त्यतिखेर! यस मान्छेको कामुक तर सुन्दर ओंठहरूको चुम्बनसमक्ष आफूलाई समर्पित गरिदिऊँ! औंलाहरूमा औंठी चम्कने र मसीना नसाहरू देखिने उसका हातहरूको पकडमा आफ्नो शरीरलाई त्यसै अस्तव्यस्त छोडिदिऊँ! मभित्र यस्तो दुर्दमनीय इच्छा जागेको थियो। जुन वर्जित कामवासना एकाएक मेरो सामुन्ने देखा परिसकेको थियो र जसले मलाई तल्तिर तान्दै थियो त्यसैको गहिरो खाल्डोमा झ्वाम्म हाम्फालिदिऊँ कि भन्ने मलाई लाग्न थालेको थियो।...

'म अहिले नै पनि दुःखी छँदैछु, त्यसमा अलिकति अरू दुःख थपियो नै भने पनि के फरक परिहाल्ला र!'– मैले विचार गरें।

मेरो कमरमा हात पुऱ्याएर ऊ मतर्फ झुक्यो। 'यस-भन्दा पनि बढ्ता पाप र लज्जा मेरो टाउकोमाथि बज्रे पनि के फरक पर्ला र!'–म सोच्दैथिएँ।

"Je vous aime!"*–उसले कानेखुसी गर्दै भन्यो।

उसको त्यो स्वर पनि मेरा पतिको स्वरसंग मिल्दो-जुल्दो थियो। मलाई आफ्ना पतिको र छोरोको झल्यास्स सम्झना भएर आयो। कुनै जमानामा ती मेरा प्राणप्यारा थिए, तर अब मेरो निम्ति तिनको कुनै अस्तित्व नै थिएन। सहसा त्यतिखेर नै सडकको घुम्तीमा 'ल० म०' को स्वर मैले सुनें। उनी मलाई डाँक्तै थिइन्। मैले तुरून्त आफूलाई सम्हालिहालें, एक झट्का दिएर मैले आफ्नो हात पनि तानें र मार्क्विज 'द' तर्फ हेर्दा पनि नहेरीकन म आफ्नी सहेली भएतर्फ दगुरिहालें। बग्गीभित्र बसिसके-पछि मात्र मैले मार्क्विज 'द' तर्फ एक नजर फ्याँकें। उसले आफ्नो टोप फुकाल्यो र मुसुमुसु हाँस्दै केही सोध्यो। म उसलाई कति घृणा गर्छु भन्ने पनि त्यतिखेर उसले पटक्कै बुझ्न सकेको थिएन।

मेरो जीवन नै मलाई अति दुःखमय लाग्न थालेको थियो। मेरो अतीत कलुषित थियो भने भविष्य चाहिं निराशमय! 'ल० म०' मलाई केही सुनाउँदै थिइन्, तर मेरो मथिंगलमा कुनै कुरा पनि घुसिरहेको थिएन।

---

*म तिमीलाई प्रेम गर्छु! (फ्रेन्च)–अनु०

मउपर उनलाई दया जागेर आएको छ र मबाट उनी आफ्नो घृणा लुकाउन चाहन्छिन्, त्यसै कारण त उनी बकबक गरिरहेकी होलिन् भन्ने म ठान्दै थिएँ। उनको एक एक शब्दमा र एक एक कटाक्षमा मलाई उनको तिरस्कार र अपमानजनक दयाको आभास भइरहेको थियो। मार्क्विज 'द' को चुम्बन परिसकेको मेरो गाला पनि लज्जाले गर्दा रनक्क रन्किएका थिए। त्यतिखेर आफ्ना पति र छोराको सम्झना पनि मलाई असहनीय भइरहेको थियो। आफ्नो कोठामा पुगी एकान्तमा बसेर आफ्नो स्थितिबारे सोचविचार गरूँला भन्ने मेरो सुर थियो, परन्तु अब त मलाई एक्लै बस्न समेत डर पो लाग्न थालेको थियो। मेरो निम्ति चिया पनि आइपुग्यो, तर मैले चिया खाइसिध्याउनपट्टि नलागीकन छिटो छिटो आफ्ना झिटी-मिटीहरू पोको पार्न शुरू गरें। के गर्न लागिरहेकी छु भन्ने समेत मैले सोचिनँ। त्यसै साँझको रेल चढेर मैले हीडलबर्ग-तिर प्रस्थान गरिहालें जहाँ मेरा पतिदेव थिए।

आफ्नी सुसारेलाई साथमा लिएर म रेलको एउटा खाली डब्बामा गएर बसें। जब रेलगाडी चल्यो र झ्यालबाट ताजा हावाको झोक्का भित्र आउन थाल्यो, अनि मात्र मेरो मनःस्थिति केही ठीक भयो र म आफ्नो अतीत तथा भविष्य पनि बढी स्पष्ट रूपमा देख्न सक्ने भएँ। पिटर्सबर्गमा बिताएको आफ्नो विवाहित जीवनलाई मैले एक नयाँ आलोकमा देख्न थालें। अनि मेरो सोमतले मलाई भित्र भित्र चिमोट्न थाल्यो। पहिलोपल्ट त्यहाँ ती दिनहरूको सम्झना बढी सजीव भएर मेरो आँखा अगिल्तिर झल्झली झल्कन लाग्यो जतिखेर हामी संगसंगै गाउँमा बसेका थियौं

र भर्खरै मात्र हाम्रो बिहे पनि भएको थियो। ती दिनहरूमा हामीले कस्ता कस्ता योजनाहरू बनाएका थियौं! के उनलाई पनि यस बीचमा सुखको कुनै अनुभूति भएको होला त? पहिलोपल्ट मेरो मनमा यस्तो प्रश्न उठेको थियो। अनि आफूलाई म दोषी ठान्न लागें। 'तर उनले मलाई किन रोकेनन् नि?' —मैले मनमनै प्रश्न गरें।— 'मसित यस्तो छलकपट किन? मसंग खुला दिलले कुरा गर्न पनि किन धक मान्ने गर्छन्? किन यसरी मेरो अपमान गर्छन् उनी? आफ्नो प्रेमको अधिकार प्रयोग गरेर किन उनले मलाई ठीक बाटोमा लगाएनन्? के उनी मलाई प्रेम नै गर्दैनन् त?' मेरा पतिदेवले जे जस्तो कसूर गरेका भए तापनि पराई मान्छेले मेरो गालामा चुम्बन जडिसकेको थियो र यसलाई म बिर्सिदिऊँ भनेर पनि बिर्सन सक्तिनथें। रेलगाडी हीडलबर्गको जति जति नजीक पुग्दैगयो त्यत्ति नै स्पष्टसंग मेरा पतिदेवको मुहार पनि मेरो सामुन्ने छर्लङ्ग हुन थाल्यो र उनीसंग भेट गर्न समेत मलाई डर लाग्न थाल्यो। 'उनलाई म सारा यथार्थ कुरा बताइदिनेछु!' —मैले सोचें।— 'मेरा आँखाबाट पश्चात्तापको आँसु बग्न थाल्नेछ र मलाई उनले क्षमा पनि गरिदिनेछन्!' तर त्यो "यथार्थ कुरा" भनेको के हो त्यसको नै मलाई जानकारी थिएन। फेरि उनले क्षमा नै गरिदेलान् भन्ने पनि मलाई विश्वास भएन।

परन्तु जतिखेर मैले कोठामा पाइला हालें र सेर्गेइ मिखाइलिचको शान्त तर विस्मित मुहार देखें, त्यसै बेला नै मैले केही पनि भन्नुपर्दैन भन्ने मलाई बोध भैहाल्यो। मैले कुनै कुरा स्वीकार गर्नुपर्ने वा कुनै कुराको निम्ति

क्षमा माग्नुपर्ने जरूरत नै थिएन। आफ्नो क्लेश र पश्चात्ताप-लाई आफ्नो मुखमा कत्ति पनि झल्कन नदिएर सदासर्वदाको लागि आफ्नै अन्तस्करणमा बन्द गरिदिनुपर्छ मैले।

"किन आएकी हौ? म भोलि नै तिमीकहाँ आउने विचारमा थिएँ!"—उनले भने। त्यसपछि बडो ध्यानपूर्वक मेरो मुखमा नियालेर हेर्दै केही तर्सिएको स्वरमा उनले सोधे—"के भयो? कुनै कुरा त आइलागेन?"

"अहँ! केही भएको छैन!"—मैले उत्तर दिएँ। मैले झण्डै आँसु चुहाइसकेकी थिएँ।—"अब म यहाँ बस्तिनँ! म रूस नै फर्कन चाहन्छु। भोलि नै हिंडिहालौं!"

निकै बेरसम्म उनी चूपचाप उभिएको उभियै बडो ध्यानपूर्वक मेरो मुखतर्फ ताक्तैरहे।

"तर केही त बताऊ! कुरा के हो?"—उनले फेरि प्रश्न दोहोऱ्याए।

लाजले रातो मुख पारेर मैले आँखा तल्तिर झारें। उनको मुहारमा अपमान र क्षोभको झलक देखा पऱ्यो। उनी अहिले के सोच्दै होलान्? यस्तो विचार मनमा उब्जनेबित्तिकै मलाई बिघ्नै डर लाग्यो। मैले तुरून्त आफ्नो स्वर फेरि हालें। आफ्नो यस्तो कपटव्यवहारप्रति म आफै पनि छक्क पर्न पुगें।

"के हुनुपर्थ्यो र? केही पनि भएको छैन! खालि मलाई वाक्क लागिसक्यो र मन पनि विरक्त भैसक्यो। जहिले पनि तपाईंको बारेमा र आफ्नो जीवनको बारेमा मात्रै विचारहरू उठ्नेगर्छन्। खास भन्ने हो भने तपाईंप्रति मेरो व्यवहार धेरै पहिलेदेखि नै उति राम्रो रहेन। मलाई यस्ता ठाउँहरूमा तपाईं किन लिएर जानुहुन्छ जहाँ स्वयं

आफू भने जानँ चाहनुहुन्न ? खास भन्ने हो भने धेरै पहिले-देखि नै तपाईंप्रति मेरो व्यवहार उति राम्रो रहेन !" – मैंले फेरि दोहऱ्याएँ। मेरो गहभरि आँसु भरिएर आयो। – "हिंड्नोस्, हामी सधैंको लागि गाउँ फर्किहालौं, सदासर्वदाको लागि !"

"अहो ! मेरी रानी ! नाटक खेल्नुपर्दैन !" – उनले रूखो स्वरमा भने। – "मलाई खुशी यस कुरामा छ कि तिमी अब गाउँतिर फर्किहाल्न चाहन्छयौं। पैंसो पनि त अब हामीसित सिद्धिनै आँटिसक्यो। तर जहाँसम्म 'सधैंको लागि' भन्ने कुरा छ, त्यो त अब एउटा सपना मात्रै हुनेछ। मलाई थाहा छ, त्यहाँ अब तिमी धेरै दिन टिक्नै पनि सक्तिनौ। बस, चिया त खाऊ। अहिलेलाई त यही नै तिम्रो लागि सबभन्दा उत्तम कुरा हुनेछ !" – उनले कुरा टुंग्याए र नोकरलाई डाँक्न भनेर घण्टी बजाउन लागे।

एकाएक सेर्गेइ मिखाइलिचले मतर्फ पुलुक्क हेरे। उनको आँखामा अविश्वास र संकोचको भाव झल्कन्थ्यो। उनको मनमा मेरो विषयलाई लिएर कस्ता कस्ता भयानक विचार-हरू उठिरहेका होलान् भन्ने मैले सोचें। यस्तो सोच्दा मलाई बडो हीनताभाव अनुभव भयो र मनमनै उकुसमुकुस हुन लाग्यो। अहँ, मलाई उनी बुझ्नै सक्तैनन्, न त बुझ्न नै खोज्छन्। छोरोलाई हेर्न जान्छु भनेर म त्यहाँबाट उठेर गइहालें। म एकान्तमा रून चाहन्थें, डाँको छोडेर ह्वाँ ह्वाँ रूने मेरो मन थियो।...

६

निकोल्स्कोयेको घर खाली थियो र कति दिनदेखि आतसखानामा आगो नै नबालिएको हुँदा चीसो पनि थियो, तर अब त्यसमा जीवन संचार हुन लागिसकेको थियो। जे होस्, त्यहाँ पहिले जीवनको जस्तो चहलपहल थियो त्यो चाहिं बिल्कुलै समाप्त भैसकेको थियो। सासुको स्वर्गवास भैसकेको थियो र हामी दुवै जना त्यहाँ एकला-एकलै थियौं। तर हामीलाई अब यस्तो एकान्तको खाँचो रहेकै थिएन, अझ हाम्रो निम्ति त त्यो एक किसिमको भाँडो नै बन्न पुगेको थियो। जसोतसो गरेर हिउँद काटियो। म त थला नै परें। दोस्रो छोरो पाएपछि मात्र मेरो स्वास्थ्य केही सुध्रियो। पतिसंगको मेरो सम्बन्ध त अहिले पनि त्यस्तै नै थियो जस्तो शहरमा छँदाखेरि थियो। हाम्रो सम्बन्ध मैत्रीपूर्ण हुनुको साथसाथै उपेक्षापूर्ण पनि थियो। परन्तु गाउँमा बस्दा त्यहाँको एक एक चीजले — के घरका भित्ता, के कोठाको फर्निचर, के चिर्पटको स्वाद — सबका सबले मलाई के सम्झना गराइरहेका थिए भने कुनै जमानामा सेर्गेइ मिखाइलिच नै मेरा सर्वस्व थिए, तर अब चाहिं उनलाई मैले पूरै गुमाइसकेकी छु। हाम्रो बीचमा मनोमालिन्यको पर्खाल खडा छ र मलाई उनले माफी दिएकै छैनन् भन्ने भान पर्थ्यो, मानौं मेरो कुनै कसूरको लागि उनी मलाई दण्ड दिइरहेका होउन्, तर केही पनि थाहा नभएको जस्तो बहाना पनि गर्दै होउन्! मैले उनीसंग क्षमा मागिरहनुपर्ने कुनै कारण नै छैन भन्ने मेरो विचार थियो। केको लागि उनीसंग मैले दयाको भीख

माग्ने ? मसित उनी भित्रभित्रै मुर्मुरिइरहेका थिए र पहिले झैं खुलस्त कुरा नै गर्दैनथे अर्थात् आफ्नो सम्पूर्ण आत्मा मेरो सामुन्ने खोलेर राख्तैनथे। यही नै मलाई दिइएको सजाय थियो। फेरि उनी त कसैको सामुन्ने पनि आफ्नो आत्मा खोलेर देखाउँदैनथे, मानौं उनको आत्माको कुनै अस्तित्व नै नरहेको होस्। मलाई ज्यादा सास्ती खेलाउने हेतुले उनी यस्तो देखावटी गर्दै होलान् भन्ने पनि कहिले-काहिं म सोच्न पुग्थें। मायापीर्तिको पहिलेको भावना अझै पनि उनको दिलमा मौजूद नै थियो र म त्यस भावना-लाई फेरि जगाउने प्रयत्न गर्थें। तर उनी आफ्नो मनको कुरा भन्न डराउँथे। मैले कपटपूर्ण व्यवहार गरिरहेकी छु भनेर पो उनी सोच्ने गर्छन् कि क्या हो भन्ने मलाई लाग्थ्यो। भावुकताको प्रदर्शनलाई हास्यास्पद ठानेर उनी त्यसबाट दस कोस टाढा रहन्थे। उनको नजर र उनको स्वरले भनिरहेको हुन्थ्यो: 'मलाई सब कुरा थाहा छ, एक एक कुरा थाहा छ! तिमी के भन्न चाहन्छ्यौ सो पनि मलाई थाहा छ र तिमी एक कुरा भन्लेऊ तर अर्कै कुरा गर्लेऊ भन्ने समेत पूरापूर थाहा छ!' मलाई आफ्नो आत्मीय बनाउन नै उनलाई डर लागिरहेको छ भन्ने पनि मैले बुझें। शुरूमा त यसबाट मेरो स्वाभिमानमा ठेस पनि लाग्यो, तर पछि के सोच्ने मेरो बानी नै बस्यो भने डराएर होइन, बरू कुनै जरूरत नै नपरेको हुनाले नै मसित उनी आफ्नो मनको कुरा गर्दैनन्। म तपाईंलाई प्रेम गर्छु भनेर उनलाई भन्न सक्ने स्थितिमा म स्वयं पनि त थिइनँ, न त आउनोस्, मिलेर प्रार्थना गरौं या म पेनोबाजा बजाउँछु, तपाईं सुन्नोस् भन्ने नै ममा ह्याउ

थियो। हाम्रो आपसी व्यवहारमा समेत भाँजो देखा परिनकेको थियो। हामी दुवै जनाको आ-आफ्नो बेग्लाबेग्लै जिन्दगी चलिरहेको थियो। उनको आफ्नै कामकाज थियो जसमा म कुनै पनि दखल पुऱ्याउँदिनथे, न त मेरो हृदयमा नै अब त्यसको कुनै इच्छा बाँकी रहन गएको थियो। मेरो यस्तो उदासीनताले न त उनी रिसाउँथे, न त खिन्न नै हुन्थे, जस्तो कि पहिले हुनेगर्थ्यो। हाम्रो बीचमा मेलमिलाप गराउनको लागि हाम्रा बालबच्चाहरू पनि अझै सानै थिए।

वसन्त लागेपछि कात्या र सोन्या पनि ग्रीष्मयाम गाउँमा हामीकहाँ नै बिताउन भनेर त्यहाँ आइपुगे। निकोल्स्कोयेमा हाम्रो घरको मर्मत हुँदैथियो। तसर्थ हामी पोक्रोभ्स्कोयेको आफ्नो घरतिर लाग्यौं। त्यहाँ हाम्रो त्यही दोहरी मेच, त्यही उज्यालो बैठककोठा, त्यही पेनोबाजा! मेरो कोठा पनि त्यही नै थियो जसका झ्यालहरूमा सेतो पर्दा टाँगिएका थिए। त्यसै कोठामा नै मैले आफ्नो बालिकासुलभ सपनाहरू देख्ने गरेकी थिएँ जसलाई मैले त्यहीं नै छोडेर गएकी थिएँ र अब त बिर्सि पनि सकेकी छु भन्ने भान परिरहेको थियो। त्यसै कोठामा अब दुईटा सा-साना पलङ्हरू राखिएका थिए। एउटा त मेरो त्यही पुरानो पलङ थियो जसमा अब कोकोशा आफ्ना कोमल हात फैलाएर सुत्नेगर्थ्यो। म हरेक रात सुत्न जानुभन्दा पहिले उसको शरीरमाथि क्रसको चिन्ह बनाउने गर्थें। अर्को चाहिं एउटा नयाँ पलङ थियो जसमाथि थाङ्नाहरूमा गुट्मुट्याइएको भान्याको स्यानो मुख मात्र देख्न सकिन्थ्यो। ती दुवैको पलङमाथि क्रस-चिन्ह बनाइसकेपछि म त्यस

शान्त कोठाको ठीक बीचमा उभिनेगर्थें र कोठाका भित्ताहरू, पर्दाहरू र कुनाकाप्चाहरूबाट किशोरी अवस्थाका पुराना विस्मृत सम्झनाहरू र सपनाहरू एकाएक उठेर मेरो सामुन्ने खडा हुनेगर्थे। मलाई आफ्ना कुमारी अवस्थाका गीतहरूको पनि सम्झना भएर आउँथ्यो। अहिले मेरा ती सपनाहरूको के गति भयो? ती प्यारा र सुमधुर गीतहरू खै कता गए? जुन कुराहरूको म कल्पनासम्म पनि गर्ने आँट गर्दिनथें ती सबै साँचो साबित हुन गए। मेरा अस्पष्ट र अमूर्त सपनाहरू यथार्थ बन्न पुगे भने वास्तविकता चाहिं एउटा यस्तो जीवनमा परिणत भैसकेको छ जुन भयङ्कर, कठोर र नीरस छ। तर यहाँ भने हरेक चीज जस्ताको तस्तै थियो—झ्यालबाट अहिले पनि म बगैंचाको त्यही दृश्य देख्नेगर्थें, त्यही उद्यानपथ, त्यही बाटो, कान्लाको छेउमा राखिएको त्यही बेन्च, तलाउनेरबाट गुञ्जने बुलबुल चरीको त्यही चिर्बिर गीत, त्यही हसिनाको झकमक्क फुलेका फूल र त्यही घरमाथि चम्किने जून! तर पनि हरेक कुरामा भयङ्कर परिवर्तन आइसकेको छ। हरेक चीज जुन यति प्यारो र आत्मीय हुन सक्थ्यो त्यो अब यति निष्प्राण भैसकेको छ! उहिले झैं गरेर अहिले पनि म बैठककोठामा कात्यासंग बसेकी हुन्छु र हामी दुवै जना सुस्तसुस्त सेर्गेइ मिखाइलिचको बारेमा नै कुरा पनि गरिरहेका हुन्छौं। तर कात्याको अनुहार निदाउरो भैसकेको छ र त्यसमा चाउरी समेत परिसकेको छ। उसका आँखामा पनि अब आशा र उमङ्गको चमक देखिंदैन, बरू तिनमा त अब विरक्ति, विषाद र पश्चात्तापको भाव पो झल्कन्छ। अब हामी पहिले झैं उनको गुणबखान गर्दैनौं,

यस्ता अवगुणहरूको पो विश्लेषण गर्छौं। ती दिनहरू त अब बितेर गैसकेका थिए जब हामी ज्यादै प्रशन्न रहन्थ्यौं र यति प्रशन्न किन छौं भन्ने पनि बुझ्न सक्तैनथ्यौं, तर पनि आफ्नो मनको कुरा संसारलाई बताइदिन आतुर रहन्थ्यौं। अहिले त हामी षड्यन्त्रकारीहरूले जस्तै खासखुस गर्नेगर्छौं र बारम्बार एक दोस्रालाई सोध्नेगर्छौं: कसरी यस्तो दुर्भाग्यपूर्ण परिवर्तन हुन गएको होला? सेर्गेइ मिखाइलिच भने कत्ति पनि फेरिएका छैनन्। खालि उनको आँखिभौंबीचको रेखा अलि बढ्ता गहिरो हुन गएको छ, कन्सिरीका रौंहरू पनि पहिलेको भन्दा ज्यादा सेता देखिन्छन्, तर उनको गहिरो र मर्मभेदी कटाक्ष चाहिं म देख्न पाउँदिनँ। म पनि त्यही नै माशा छु, तर अब मेरो हृदयको प्रेम निख्रिसकेको छ र प्रेम गर्ने इच्छा समेत बेमाख भएकेको छ। मेरो मनमा काम गर्ने कुनै इच्छा पनि बाँकी रहन गएको छैन, न त म स्वयं नै आफूबाट सन्तुष्ट छु। धर्मप्रति मेरो पहिलेको उत्साह, सेर्गेइ मिखाइलिचप्रतिको प्रेम, जीवनको मेरो त्यो पहिलेको पूर्णता – यी सब कुराहरू अब त निकै टाढा भैसकेका छन् र असम्भव समेत प्रतीत हुन लागिसकेका छन्। परोपकारमा नै सच्चा सुख हुन्छ भन्ने कुरा नै अब म बुझ्न असमर्थ भैसकेकी छु। उहिले भने यो कुरा मलाई स्पष्ट र सही लाग्ने गर्थ्यो। जब आफ्नै लागि बाँच्ने इच्छा ममा बाँकी रहेको छैन भने अरूको लागि जिउने किन र?

पिटर्सबर्ग गएपछि मैले संगीतलाई त तिलाञ्जली नै दिइसकेकी थिएँ। परन्तु अब चाहिं पुरानो पेनोबाजा र संगीतले मलाई फेरि आकर्षित गर्न थालेको थियो।

एकपल्ट मलाई उति सन्चो थिएन र म घरमा एक्लै बसिरहेकी थिएँ। घरको मर्मत कस्तो चलिरहेको छ भन्ने बुझ्न कात्या र सोन्या दुवै जना सेर्गेइ मिखाइलिचको साथ लागेर निकोल्स्कोये गएका थिए। टेबुलमा चिया पनि सजाइसकिएको थियो र उनीहरूको प्रतीक्षामा म तल पेनोबाजानेरै गएर बसें। मैले बेथोभेनको सनेट quasi una fantasia को स्वरलिपि खोलें र पेनो बजाउन थालें। कसैले पनि मैले बजाएको देखिरहेको वा सुनिरहेको थिएन। बगैंचातर्फका सबै झ्यालहरू खुलै थिए। अनि संगीतको चिरपिरिचित, शोकाकुल र गम्भीर ध्वनि कोठा-भरि गुन्जिरहेको थियो। मैले पहिलो चरण बजाएँ र पुरानै बानीअनुसार त्यस कुनातर्फ नजर दिएँ जहाँ सेर्गेइ मिखाइलिच बसेर पेनो बजाएको सुन्नेगर्थे। तर उनी त्यस ठाउँमा थिएनन्। उनको आरामकुर्सी चाहिं ज्यूँकात्यूँ नै कुनामा मिल्किरहेको थियो। धेरै दिनदेखि त्यसमा कोही पनि बसेको थिएन। झ्यालबाहिर हसिनाको बोट देखिन्थ्यो जसमा अस्ताउनै आँटेको सूर्यको किरण टल्किरहेको थियो। साँझको शीतल बतास खुला झ्यालबाट कोठामा पस्दै थियो। आफ्ना दुवै कुहिनाहरू पेनोबाजामा टेकाएर दुवै हातले मुख छोपी म सोच्न लागें। निकै बेरसम्म म यसरी बसिरहें। कहिल्यै पनि फर्केर नआउने गरी बितेका दिनहरूको सम्झना आएर मेरो मन नै व्यथित भएको थियो। अनि खूब अविश्वासपूर्वक म भविष्यको कल्पनामा डुबें। तर अगाडि कुनै कुराको आभास थिएन, साथै मलाई न कुनै कुराको चाहना छ, न त आशा नै भन्ने मनमा लागिरहेको थियो। 'मेरो जिन्दगी समाप्त भैसक्यो त? के यो सम्भव छ?'—

मैंले विचार गरें। यसंग हुँदै टाउको उचालेर म फेरि पेनो बजाउन लागें। अब कुनै कुराको सोचविचार नगरूँ, सब कुरा बिर्सिदिऊँ भन्ने एक मात्र विचार मेरो मनमा उब्जेको थियो। त्यनिखेर म फेरि पनि त्यही andante बजाउन लागें। 'हे भगवान्! मेरो दोष नै छ भने मलाई क्षमा गर! मेरो पहिलेको सुख फेरि मलाई फिर्ता गरिदे! नत्र भने मलाई शिक्षा दे! म के गरूँ? कसरी बाँचूं?'–म गुनगुनाउन लागें। यत्तिकैमा घाँसमाथि पाङ्ग्रा चलेको सरसर आवाज मेरो कानमा पऱ्यो। द्वारमण्डप र बरण्डाअगिल्तिर सतर्कतापूर्वक हिंडेको पदचापको सुपरिचित आवाज पनि सुनियो। त्यो आवाज बरण्डामा पुगेर बिलाइ पनि हाल्यो। पदचाप चिरपरिचित नै थियो, तर त्यो सुन्दा पनि पहिलेको जस्तो भावना मनमा जाग्रत भएन। मैले पेनो बजाउन रोकिहालें। अनि पदचाप पनि आफ्नै पछिल्तिर सुनें। यत्तिकैमा सेर्गेइ मिखाइलिचले मेरो काँधमा आफ्नो हातले स्पर्श गरे।

"यो सनेट बजाएर तिमीले ज्यादै बेस गऱ्यौ!"–उनले भने।

मैंले कुनै जवाफ दिइनँ।

"चिया त पियौ तिमीले?"

उनीतर्फ हेर्दै नहेरीकन मैले टाउको मात्र हल्लाइदिएँ, किनभने मेरो अनुहार देखेर उनले मेरो मनको भाव पढ्न नसकून् भन्ने मेरो चाहना थियो।

"उनीहरू पनि अब त आइपुगिहाल्नेछन्! घोडा निकै थाकिसकेको थियो, त्यसैले उनीहरू बग्गीबाट उत्रेका थिए र अब छेडो बाटोबाट हिंडेर आइरहेका होलान्!"–उनले बताए।

"उनीहरू आएपछि नै हामी चिया पिउनेछौं।" – यति भनेर म बाहिर बरण्डामा निस्कें। मेरो पछि पछि उनी पनि बाहिर आउनेछन् भन्ने मैले आशा राखेकी थिएँ, तर उनले खालि बालबच्चाहरूको खोजखबर लिए र उनीहरूलाई हेर्न भनी भित्र कोठामा पसे। फेरि उनको उपस्थिति र उनको मायालु निष्कपट स्वर सुन्दा त मलाई के लाग्यो भने मैले केही गुमाइसकेकी छु भनेर सोच्नु नै गलत कुरा हो। यसभन्दा बढ्ता म कुन कुराको इच्छा गर्न सक्छु र? यिनी यति सज्जन र दयालु छन्। सज्जन पति र सज्जन पिता – यसभन्दा बढ्ता अरू कुन कुराको कामना गर्न सकिन्छ र? म दलानमा निस्केर छतमुन्तिर राखिएको त्यसै बेन्चमा बस्न पुगें जहाँ कुनै दिन सेर्गेइ मिखाइलिचले मलाई आफ्नो प्रेम प्रकट गरेका थिए। सूर्य अस्ताइसकेको थियो र अँध्यारो पनि गाढा हुँदै गइरहेको थियो। घर र बगैंचाको माथि आकाशमा एक घनघोर बादलको लोला मड्राइरहेको थियो। रूखहरूको पछिल्तिर आकाशको खालि एक टुक्रा मात्र देख्न सकिन्थ्यो जहाँ सन्ध्याकालीन लालिमा छाएको थियो। त्यहाँ नै एक सान्ध्य तारा पनि चम्किरहेको थियो। भर्खरै मात्र त्यो तारा उदाएको थियो। हरेक वस्तुमा बादलको छाया परिरहेको थियो र हरेक चीज वसन्तको सिमसिमे झरीको प्रतीक्षामा थियो। बतास पनि चल्न थालिसकेको थियो। रूखको एउटा पनि पात र घाँसको एउटा पनि त्यान्द्रो हल्लिरहेको थिएन। हशिना र पारीजातका फूलहरूको बास्ना पनि यति चर्को थियो कि सारा वायुमण्डल नै सुगन्धले भरिएको जस्तो प्रतीत हुन्थ्यो। बगैंचा र बरण्डामा सुगन्धको झोक्का कहिले तीव्र

हुन्थ्यो न कहिले मन्थर भएर जान्थ्यो। आँखा चिम्म गर्दिहूँ, केही पनि नहेरूँ, केही पनि नसुनूँ, खालि यस सुगन्धको रसपान गर्दैरहूँ भन्ने मन लागिरहेको थियो। चम्पा र गुलाफका फूलहरू अझै फक्रिसकेका थिएनन्। भर्खर गोडिएको कालो क्यारीमा कलमी काटिएका गुलाफका हाँगाहरू पलाएर बिस्तारै माथि चढ्न थालेका छन् भन्ने भान परिरहेको थियो। खाल्डोमा भ्यागुताहरू टचार्रटचार्र गरेर कर्कश स्वर निकाल्दै थिए, मानौं ती अन्तिमपल्ट ठूलो स्वरमा चिच्याइरहेका होउन् र छिटै नै पानी पर्ने त्यसपछि पानीभित्र बस्नुपर्नेछ भन्ने उनीहरूलाई थाहा भएकेको हुँदो होस्! यस सारा कोलाहललाई चिरेर एउटा मधुर र मसीनो स्वर सुनिन्थ्यो। एक हाँगाबाट अर्को हाँगामा उफ्रँदै बुल्बुल चरीहरू आकुल-व्याकुल स्वरमा एक अर्कालाई बोलाइरहेका थिए। यसपल्ट वसन्तऋतुमा पनि एउटा बुलबुल चरीले फेरि आफ्नो गुँड झ्यालमुन्तिरको झाडीमा नै बनाइसकेको थियो। परन्तु म बाहिर निस्कँदा कहिले उसको स्वर बगैंचाको उद्यानपथबाट आइरहेको सुनिन्थ्यो। एकपल्ट चिर्र गरेर त्यो चूप लागिहाल्यो। त्यो कर्नको प्रतीक्षा गर्दै थियो।

'म पनि कुनै कुराको प्रतीक्षामा थिएँ।'—मैले आफ्नो मनलाई सान्त्वना दिंदै सोचें।—'परन्तु मेरो मन पश्चातापले भरिपूर्ण थियो।'

उनी तल ओर्लेर मेरो बगलमा बसे।

"शायद दुवै जना निथ्रुक्क भिजे होलान्!"—उनले भने।

"हो!"—मैले गुनगुनाउँदै जवाफ दिएँ। निकै बेरसम्म हामी चूप लागेर बसिरह्यौं।

२०

हावा पटक्कै चलिरहेको थिएन र बादल पनि निकै तलसम्म नै झरिसकेको थियो। वातावरण पहिलेभन्दा पनि बढी निस्तब्ध र सुवासित भएर आयो। एकाएक टाटको छतमा पानीको एक थोपा झर्‍यो र त्यसमा ठक्कर खाएर तल खसेको जस्तो भान भयो। अर्को एक थोपा पानी रोडादार बाटोमा खस्यो। केही ठूल्ठूला थोपाहरू लोपुखका ठूल्ठूला पातहरूमा परे। अनि त सिमसिम पानी पर्न थालिहाल्यो। सबै बुलबुल चरीहरू र भ्यागुताहरू सहसा चूप लागे। तर पनि एउटा तिक्खर स्वर चाहिं अझै हावामा गुन्जिरहेको थियो। झरीको कारणले गर्दा त्यो स्वर निकै टाढाबाट आइरहेको जस्तो लाग्थ्यो। कुनै एउटा चरा बरण्डाको नजिकै कतै सुकेका पातहरूमुनि ओत लागेर बसिरहेको थियो र एक सुरमा दुई नीरस स्वरहरू दोहोर्‍याउँदै थियो। सेर्गेइ मिखाइलिच भित्र जान भनेर जुरूक्क उठे।

"कता जाँदै हुनुहुन्छ?" – मैले उनलाई रोक्तै सोधें। – "यहाँ बस्नु बडो मजा लागिरहेको छ!"

"उनीहरूको निम्ति छाता र गालोशी जुत्ता पठाउने बन्दोबस्त गर्नुपर्ला!" – उनले जवाफ दिए।

"यसको खाँचो पर्नेछैन! छिटै नै झरी थामिइहाल्नेछ!"

उनले मन्जूर गरिहाले र हामी दुवै जना बरण्डाको डण्डीमा अडेस लागेर उभिइरह्यौं। पानीले भिजेको चिप्लो डण्डीमा मेरो कुहिना अडिएको थियो र टाउको चाहिं छतमुन्तिरबाट बाहिरपट्टि निस्कने गरी अगिल्तिर लगेकी थिएँ। यदाकदा चिसो चिसो बाछिटा मेरो कपाल र गर्दनमा पनि पर्नेगर्थे। हामीलाई भिजाइसकेपछि बादलको टुक्रा

पनि बिस्तारै फाट्दैगयो। झरीवर्षाको टिपटिप पनि रोकिइसकेको थियो। आकाशबाट र रूखका पातहरूबाट पनि पानीका एकाध थोपाहरू चाहिं झर्दै नै थिए। भ्यागुताहरूले टर्र टर्र टर्चार टचार्र आवाज निकाले। बुलबुल चराहरू पनि भिजेका झ्याङहरूबाट आँटिलो स्वरले फेरि कहिले यताबाट र कहिले उताबाट एक दोस्रालाई डाँक्न थाले। चारैतिरको वातावरण एकदमै चहकिलो भएर आयो।

"कति रमाइलो लागिरहेछ यहाँ!"—डण्डीमा बसेर पानी भिजेको कपाल मुसार्दै उनले भने।

उनको सामान्य लाडप्यारमा मलाई भर्त्सनाको आभास भयो र मेरा आँखाबाट बर्बर आँसु झर्न लाग्यो।

"यसभन्दा बढ्ता मान्छेलाई चाहिन्छ नै के र?"—उनले प्रश्न गरे।—"अहिले मलाई अपार सन्तोष लागिरहेको छ। मलाई कुनै कुराको जरूरत छैन। म पूर्णतः सुखी छु!"

'सुखको बारेमा पहिले त तिमी यस्तो भन्ने गर्दैनथ्यौ! जति सुख भोग गर्न पाइए तापनि लालसाको अन्त्य हुँदैन भनेर तिमी पहिले भन्नेगर्थ्यौ! अहिले तिमी शान्त र सन्तुष्ट छौ, तर मेरो मन चाहिं पश्चात्ताप र क्लेशले छटपटाइरहेको छ। न मेरो पश्चात्तापले वाणी पाउन सक्यो, न त मेरो क्लेशले आँसु नै!'—मैले मनमनै सोचें।

"म पनि सन्तुष्ट नै छु!"—मैले भन्न शुरू गरें।—"तर तिम्रो यस किसिमको सन्तोषबाट म दिक्क हुनेगर्छु! मेरो मनभित्र सबै कुरा छताछुल्ल र अपूर्ण छ। मलाई जहिले पनि कुनै न कुनै कुराको अभाव खट्किरहन्छ। हुन त यहाँ हरेक कुरा बिघ्नै सुन्दर र शान्त छ। के

प्रकृतिको छटा देखेर कहिल्यै पनि तपाईंलाई यस्तो उराठलाग्दो सुखको अनुभव भएको छैन, जब मनमा असम्भव कुराको चाहना जाग्छ र अतीतको सम्झनाले गर्दा मन नै भारी भएर आउँछ?"

मेरो कपालबाट उनले आफ्नो हात झटपट झिकिहाले र केही बेरसम्म मौन रहे।

"हो, पहिले पनि यस्तो हुनेगर्थ्यो, खास गरी वसन्तयाममा!"—मानौं उनलाई अतीतको कुनै घटनाको सम्झना आइरहेको थियो।—"म पनि भरररात निदाउन सक्तिनथें। कुनै कुराको आशा र प्रतीक्षा गरिरहेको हुन्थें। ती रातहरू असाध्यै रमाइला हुन्थे!.. किन्तु त्यतिखेर सबै कुरा भविष्यको गर्भमा थियो। अब त सबै कुरा अतीतको गर्भमा बिलाइसक्यो। अब त जे जति मसंग बाँकी रहन गएको छ त्यत्तिकैमा मलाई सन्तोष लाग्छ। अब मेरो मन स्थिर भैसकेको छ।"—उनले निकै आत्मविश्वास तर बेवास्ताको स्वरमा वाक्य टुंग्याए। हुन त उनको कुरा सुनेर मेरो मन खिन्न भैसकेको थियो, तर पनि उनी साँचो कुरा भन्दैछन् भन्ने मलाई पूरापूर पत्यार परिसकेको थियो।

"के अब तपाईंको मनमा कुनै कुराको पनि लालसा छैन त?"—मैले सोधें।

"जुन कुरालाई प्राप्त गर्न सकिंदैन त्यसको कुनै लालसा राख्तिनँ!"—म के सोच्तैछु भन्ने उनले अडकल काटिसकेका थिए।—"तिम्रो कपाल भिजिसक्यो।"—उनले अगाडि थपे। अनि एक अबोध बालिकालाई जस्तै गरेर मेरो कपाल मुसार्दै भन्न लागे।—"झार र पातलाई देख्दा तिम्रो मनमा डाह उत्पन्न हुँदो हो, किनभने झरीवर्षाले तिनलाई निथ्रुक्क

भिजाइरहेको छ र तिमी स्वयं नै झार, पात र झरी बन्न चाहन्छचौ होला। तर म चाहिं तिनलाई हेरेर नै सन्तुष्ट भइहाल्छु। मलाई ती सबै कुरा देख्दा सन्तोष लाग्छ जो विकासशील, सुन्दर र आनन्ददायी हुन्छ।"

"के अतीतको कुनै कुरामा पनि तपाईंलाई अपसोच हुँदैन त?"—मैले प्रश्न गरें। मेरो मन ज्यादै भारी र खिन्न भैसकेको थियो।

उनी एक छिन विचारमग्न भए र मौन रहे। पूरा इमान्दारीपूर्वक उनी जवाफ दिन खोज्दैछन् भन्ने म स्पष्ट देखिरहेकी थिएँ।

"हुँदैन!"—उनले छोटकरी जवाफ दिए।

"यो साँचो होइन! एकदमै झूठ हो!"—मैले चिच्याएर भनें र फनक्क घुमेर उनका आँखाहरूमा हेरें।—"के तपाईं-लाई अतीतको कुनै अपसोच छैन र?"

"छैन!"—उनले फेरि जोड दिए।—"अतीतको निम्ति मेरो मनमा अपसोच होइन, बरू कृतज्ञताको भाव छ।"

"बितेका दिनहरू फेरि फर्केर आओस् भन्ने पनि तपाईंको चाहना छैन त?"

अर्कोतर्फ मुख फर्काएर उनी निकै टाढा बगैंचातिर हेर्न लागे।

"के त म मेरो आङमा प्वाँख उम्रोस् भन्ने पनि कहीं इच्छा गर्न सक्छु र? के मैले चाहँदैमा बितेर गैसकेका दिनहरू फर्केर आउलान् त?"—उनले भने।

"के अतीतको कुनै कुरामा तपाईं खोट देख्नुहुन्न? आफ्नो व्यवहार वा मेरो बानीबेहोरामा पनि कुनै दोष देख्नुहुन्न त?"

"अहँ! जे भयो सो राम्रै भयो!"

"सुन्नोस्!"—मैं ले उनको दृष्टि आफूतिर तान्ने मनसायले उनको हातमाथि आफ्नो हात राख्दै भनें।—"किन तपाईंले मलाई आफ्नो इच्छामाफिक चलाउनु नभएको? मैंले के गर्नु हुन्छ र के गर्नु हुँदैन भन्ने विषयमा तपाईंले एक लवज पनि कहिल्यै बोल्नुभएको छैन त! किन तपाईंले मलाई यति बिघ्न स्वतन्त्रता दिनुभयो जसको उपयोग गर्न समेत म जान्दिनथें? मलाई अतिउपदेश दिन तपाईंले किन रोक्नुभयो? मलाई तपाईंले बाटो देखाउनु-भएको हुँदो हो त मबाट कुनै बिगार नै हुनेथिएन!"—पहिलेको जस्तो प्रेमभावले होइन, बरू घृणा र रोषले गर्दा मेरो स्वर निकै नै चर्केर गइसकेको थियो।

"के बिगार हुनेथिएन?"—उनले मतिर फर्केर अचम्म मान्दै सोधे। अनि मुस्कुराउँदै थपे—"केही बिगार भएको पनि त छैन। सबै कुरा ठीक छ, जस्तो हुनुपर्ने थियो त्यस्तै नै भइरहेको छ!"

म सोच्न लागें: 'मेरा कुरा कि त यिनी बुझ्दै बुझ्दैनन्, कि त बुझ्नै समेत चाहँदैनन्। यो त ज्यादै नराम्रो हो। के यस्तो पनि हुन सक्छ र?'—अनि मेरा आँखामा आँसु छचल्कियो।

"के बिगार हुने थिएन भने मैंले हरबखत तपाईंको उपेक्षाभावको डण्ड भोग्नुपर्ने थिएन। उपेक्षाको मात्रै कहाँ हो र, घृणाको पनि! आखिर मेरो चाहिं दोष पटक्कै छैन। ती कुराहरूबाट पनि म वंचित गरिने थिइनँ जुन मलाई प्यारा छन्, यद्यपि म एकदमै निर्दोष छु!"

"तिमी के भन्दैछ्यौ, माशा?.. के भयो?"—उनले

यस तरीकाले भने, मानौं मेरो कुरा नै उनको मगजमा नघुसेको होस्!

"पर्खनोस्, मलाई भन्न दिनोस्! बीचैमा मेरो कुरा नकाट्नोस्! .. तपाईंले मबाट आफ्नो विश्वास, प्रेम, आदर समेत सबै कुरा फिर्ता लिइसक्नुभएको छ। बितेका दिनहरूको सम्झना गरेर भन्ने हो भने त अब मलाई माया पनि गर्नुहुन्न तपाईं! पर्खनोस्! मलाई पूरै भन्न दिनोस्! यसै कारणले गर्दा कति दिनदेखि म आकुलव्याकुल छु! जीवनको बारेमा केही पनि थाहा नहुनुमा के मेरो दोष थियो र? यो सब थाहा पाउन तपाईंले किन एक्लै छोडिदिनुभएको मलाई? .. अब मैले आफ्ना मनोकांक्षाहरू बुझ्न थालेकी छु। झण्डै एक वर्ष यतादेखि म फेरि तपाईंको निकट आउने कोशिश गर्दैछु। तर तपाईं भने मलाई बारम्बार लत्याइरहनुभएको छ, मानौं म के चाहन्छु भन्ने कुरा नै तपाईंलाई थाहा नभएको होस्! फेरि यो सब कुरा तपाईं कुन किसिमबाट गरिरहनुभएको छ भने तपाईं-लाई कुनै दोष नै दिन सकिंदैन। आखिर कसूर पनि मेरै हुन्छ र दुःखी पनि म नै हुन्छु! पक्कै पनि तपाईं फेरि मलाई यस्तो जिन्दगीको भुमरीमा फ्याँकिदिन खोज्नुहुन्छ जसले गर्दा हामी दुवैको जिन्दगी बर्बाद हुन सक्छ!"

"तिमी यस्तो सोच्तछ्यौ नै किन?"—उनले प्रश्न गरे। उनी चकमन्न भैसकेका थिए र हडबडाइरहेका थिए।

"म यहाँ धेरै दिन टिक्नेछैन भनेर हिजो मात्रै फेरि पनि तपाईंले भन्नुभएको होइन र? हिउँदमा हामीले फेरि पिटर्सबर्ग जानुपर्ला भनेर जहिले पनि भन्ने गर्नुभएको छैन र तपाईंले? त्यो ठाउँदेखि नै मलाई त घृणा जागिसकेको

छ! मलाई आडभरोशा दिनु त परै रहोस्, अझ तपाईं त कहिल्यै पनि आफ्नो मनको कुरा खुलस्त पारेर मलाई बताउनु नै हुन्न! प्यारो बोली त कहिल्यै पनि बोल्नुभएकै छैन तपाईंले! तर जब मेरो पूरै पतन हुनेछ, त्यतिखेर चाहिं दोष पनि तपाईं मेरै थाप्लोमा थोपर्नुहुनेछ र मनमनै रमाउनु समेत हुनेछ!"

"पर्ख! पर्ख!"–उनको स्वर कठोर र रूखो भइसकेको थियो।–"तिमी आज एकदमै उटपटाङ कुरा गर्दैछ्यौ! यसबाट त एउटै के कुरा छर्लङ्ग हुन्छ भने मप्रति तिम्रो मनमा केही दाग छ। मलाई तिमी..."

"प्रेम गर्दिनौ!.. यही भन्न खोज्नुभएको होला, हैन त? भन्नोस्! किन भन्नुहुन्न?"–मेरो मुखबाट यी वाक्यहरू निस्किनासाथै म डाँको छोडेर रून लागिहालें। बेन्चमा थचक्क बसेर मैले आफ्नो मुख रूमालले छोपें।

'मलाई यिनी यस्तो ठान्दा रहेछन्!'–मैले मनमनै सोचें। मेरो सुँक्क सुँक्क जति रोक्न खोज्दा पनि रोकिंदै रोकिएन। मेरो घाँटी नै हिक्क हिक्क भैसकेको थियो। 'हाम्रो मायापीर्ति निख्रिसक्यो!' –मेरो अन्तस्करणमा कुनै स्वरले बारम्बार सम्झना गराइरह्यो। उनी मेरो नजीक आएनन्, न त मलाई सम्झाउने-बुझाउने नै कुनै जमर्को गरे उनले। मेरो कुराले गर्दा उनले आफूलाई अपमानित ठाने। उनले बोल्न शुरू गर्दा उनको आवाज स्थिर तर रूखो थियो।

"कुन कुरालाई लिएर तिमी घुर्की लगाउँदैछ्यौ त्यो त मलाई थाहा छैन।"–उनले भन्न शुरू गरे।–"तिम्रो

भनाइको तात्पर्य के हुन सक्छ भने तिमीलाई म पहिलेको जस्तरी प्रेम गर्दिनँ..."

"प्रेम!"–रूमालले मुख छोपेको छोप्यै म गुनगुनाएँ। क्षोभले गर्दा मेरा आँखाबाट बलीन्द्र धारा बगिरहेको थियो।

"तर यसमा त समयको दोष छ र हाम्रो पनि दोष छ। समयअनुसार नै प्रेमको रूप पनि बदलिंदै जान्छ!"–उनले केही बेर रोकिएर फेरि भने।–"त के साँचो साँचो बताऊँ? तिमी खुलस्त रूपमा नै सुन्न चाहन्छ्यौ भने सुन! त्यस वर्ष, जब पहिलो पल्ट मैले तिमीलाई चिनेको थिएँ, म रात रातभरि निदाउनै सक्तिनथें। हरेक क्षण म तिम्रै बारेमा सोच्नेगर्थें। मेरो हृदयमा प्रेमको यस्तो अङ्कुर टुसाएको थियो जुन हलक्क बढ्दै गइरहेको थियो। पिटर्स-बर्गमा र विदेशमा छँदा पनि मैले कैयौं भयङ्कर रातहरू भुत्कार्नुपरेको थियो। म निदाउनै सक्तिनथें। त्यतिखेर जुन प्रेमले मलाई पिरोलेको थियो त्यसलाई म कुल्चेर पिसिदिन र नष्टविनष्ट गरिदिन चाहन्थें। तर मैले त्यसलाई कुल्चेर मिल्काइदिन सकिनँ। मैले त खालि त्यस कुरालाई मात्र चकनाचूर पारिदिएँ जसले गर्दा मलाई छटपटी लाग्ने गर्थ्यो। अन्त्यमा मैले चित्त स्थिर गरें। म अहिले पनि तिमीलाई प्रेम नै गर्छु, तर अर्कै ढङ्गले।"

"के त यसै यन्त्रणालाई नै तपाईंले प्रेम भन्ने नाउँ राखिदिनुभएको हो?"–म बड्बडाएँ।–"तपाईंले मलाई त्यस उच्च समाजमा लिएर नै किन जानुभयो जुन तपाईंको दृष्टिमा यति खराब थियो र जहाँ तपाईंको प्रेमलाई नै मैले गुमाउनु समेत पऱ्यो?"

"दोष त्यस समाजको होइन, माशा!"–उनले भने।

"ममाथि आफ्नो अधिकारको प्रयोग किन गर्नुभएन नि तपाईंले ?" – म अगाडि भन्दैगएँ। – "मेरा हात-गोडा किन बाँधिदिनु भएन तपाईंले ? किन मारि नै दिनु भएन नि ? तपाईंले त मेरो सुखबाट नै मलाई वंचित गरिदिनु-भयो ! यसभन्दा बेस त बरू मरेर जानु नै हुनेथियो ! मैले यति लज्जित त हुनुपर्ने थिएन कि ? मेरो मनले त शान्ति पाउनेथियो कि ?"

म फेरि सुँक्क सुँक्क गर्न लागें र मैले आफ्नो मुख छोपें।

ठीक त्यसै बेला कात्या र सोन्या पनि बरण्डामा आइपुगे। लुगाहरू निथ्रुक्क भिजाएर उनीहरू उत्तेजित र चर्को स्वरमा कुरा गर्दै र हाँस्दै भित्र पसे, तर हामीलाई देख्नेबित्तिकै चूप लागेर उनीहरू त्यहाँबाट हिंडिहाले।

उनीहरू गइसकेपछि पनि निकै बेरसम्म हामी चूपचाप त्यहीं बसिरह्यौं। म अघाउन्जी रोएकी थिएँ र मेरो मन हलुका भैसकेको थियो। त्यसपछि मैले उनीतर्फ पुलुक्क हेरें। उनी हत्केलामा टाउको अडयाएर बसिरहेका थिए। उनले पनि मतिर हेरे। उनी के हो कुन्नि, भन्न खोज्दै-थिए, तर खालि एउटा लामो सुस्केरा हालेर फेरि हातमा शिर अडयाएर बसिरहे।

उनको बगलमा गएर मैले उनको हात तानें। अनि खूब विचारमग्न नजरले उनी मतर्फ हेर्न लागे।

"ठीक छ !" – आफ्ना विचारहरूको क्रमलाई जारी राखे झैं गरेर उनले भने। – "जीवनको भित्री तहसम्म चियाउन हामी सबैले र त्यसमा पनि आइमाईहरूले त सबभन्दा पहिले त्यसका सारा विडम्बनाहरूलाई भोग्नु

जरूरी हुन्छ र स्वयं नै त्यसको अनुभव हासिल गर्नुपर्छ। कुनै अर्को व्यक्तिको अनुभवबाट आफूलाई कत्ति लाभ हुँदैन। यस्तो रमझमपूर्ण र मनमोहक विडम्बनाको तिमीले अझै पनि राम्रो स्वाद पाइसकेकी छैनौ। तिमीलाई एकलै त्यसको अनुभव प्राप्त गर्ने मौका मैले दिएको हुँ। तिमीलाई रोक्ने कुनै अधिकार मलाई थिएन, यद्यपि यी सब कुराहरूबाट मेरो अभिरूचि भने निकै पहिले नै समाप्त भैसकेको थियो।"

"मलाई प्रेम गर्नुहुन्थ्यो नै भने तपाईंले मलाई यी सब वाहियात कुराहरू किन भोग्न लगाउनुभयो र त्यसै वातावरणमा मेरो साथमा किन रहनु पनि भयो त?"—मैले प्रश्न गरें।

"किनभने तिमीले चाहेकै भए पनि मेरो कुरामा तिमीलाई पत्यार लाग्ने नै थिएन। स्वयं तिमीले नै त्यस जीवनको अनुभव पाउनुपर्ने थियो र पायौ पनि!"

"सोचविचार चाहिं तपाईंले खूबै गर्नुभएको रहेछ, तर प्रेम भने ज्यादै नै थोरै!"—मैले भनें।

त्यसपछि हामीले फेरि मौनधारण गऱ्यौं।

"तिमीले अहिले जुन कुरा भन्यौ त्यसमा टर्रोपना अचाक्लि बढी छ। तर जे भए तापनि कुरा चाहिं बेठीक होइन।"—उनी भन्न लागे। अनि एकाएक जुरूक्क उभिएर बरण्डामा ओहोरदोहोर गर्न थाले।—"हो, यो सत्य हो! दोष मेरै थियो!"—हिंड्दाहिंड्दै मेरो सामुन्ने पुगेर उनी टक्क अडिए।—"आफूले आफैलाई नै रोक्नुपर्ने थियो मैले! तिमीलाई प्रेम नै नगर्नुपर्ने थियो मैले! प्रेम गरे पनि ज्यादै सरल तरीकाले गर्नुपर्थ्यो नाइँ!"

"छोड्नुस्! जे भयो सो भयो! त्यसलाई चटक्कै बिर्सिदिऔं!"–मैले धक मान्दै भनें।

"अहँ! असम्भव छ यो! बितेको कुरा कहिल्यै पनि फर्केर आउँदैन! कहिल्यै पनि!"–उनले भने। उनको स्वर ज्यादै नै आर्द्र भइसकेको थियो।

"बितेको कुरा फर्काइसकिएको छ!"–मैले उनको काँधमा आफ्नो हात राख्दै भनें।

उनले मेरा हात आफ्ना दुवै हत्केलाले च्यापेर बिस्तारै थिचे।

"बितिसकेको कुरामा मलाई बडो दुःख छ! मलाई कुनै अपसोच छैन भनेर चाहिं म झूटो बोल्दैथिएँ। जुन प्रेम मरिसकेको छ र अब जुन फेरि ज्यूँदो हुन सक्तैन त्यसको सम्झना भएर आउँदा म क्षुब्ध हुन्छु। यसमा दोष कसको छ? यो त मलाई पटक्कै थाहा छैन। प्रेम त अहिले पनि जीवितै छ, तर यो प्रेम त्यस खालको होइन जुन पहिले थियो। प्रेमको भावना अहिले पनि छ, तर त्यो ओजहीन र निष्प्राण छ, मानौं रोग लागेर खिइएको होस्! हो, केही स्मृतिहरू बाँकी नै छन् र कृतज्ञताको भाव पनि मौजूद नै छ। तर..."

"यसो नभन्नोस्!"–मैले बीचैमा कुरा काटेर भनें।–"फेरि सब कुरा पहिले झैं भैहाल्नेछ! कसो? हुन सक्तैन र?"–मैले उनका आँखाहरूमा सोझै ताकेर भनें। उनको दृष्टि शान्त र स्वच्छ थियो, तर उनले मेरो आँखामा आँखा गाडेर हेरेनन्।

अनि मैले के महसूस गरें भने जुन कुराको म याचना गर्दैछु त्यो अब कहिल्यै पनि मलाई प्राप्त हुन सक्तैन।

उनका ओंठहरूमा एक शान्त र दयालु मुस्कानको रेखा देखा पऱ्यो र मलाई त्यो कुनै वृद्धको मुस्कान जस्तो लाग्यो।

"तिमी अझै तरूनी नै छचौ, तर मलाई चाहिं बुढेस कालले छोइसक्यो।"—उनले भन्न शुरू गरे।—"जुन चीज मबाट पाउने तिम्रो चाहना छ त्यो त धेरै पहिले नै बेमाख भैसक्यो। किन आफूलाई धोका दिने र?"—उनको ओंठमा मुस्कुराहट अझै पनि बाँकी थियो।

म चूपचाप उनको बगलमा उभिएँ। मेरो मनलाई सान्त्वना प्राप्त भइरहेको थियो।

"जुन कुरा बितेर गैसकेको छ त्यसलाई फर्काउने अब हामी चेष्टा नगरौं!"—उनले अगाडि भन्दैगए।—"हामी आफूलाई भ्रममा नपारौं! पहिलेको जस्तो उत्तेजना र भावावेश अब छैन त के भो? यसको लागि कृतज्ञ नै हुनुपर्ला हामीले! अब हामीले कुनै कुराको खोजी गरिरहनु-पर्ने छैन, न त कुनै कुराले हामीलाई चिन्तित नै तुल्याउन सक्नेछ। जुन सुख हामीले पाइरहेका छौं त्यो पनि कुनै प्रकारले कम छैन।"—अनि भान्यातर्फ सान गर्दै उनले भने।—"अब त यस्तो समय आइसक्यो जुन बेला हामीले एकातिर पन्छिएर उसको निम्ति ठाउँ छोडिदिनुपर्छ!"—बबुआई चाहिं भान्यालाई हातमा लिएर ढोकैनेर उभिएकी थिई।—"बस्, कुरा यत्तिकै हो, प्यारी माशा!"—अन्त्यमा यत्ति भनेर उनले मेरो टाउकोमा चुम्बन लिए। परन्तु त्यो चुम्बन एक प्रेमीको जस्तो थिएन, बरू एक पुरानो मित्रको जस्तो थियो।

बगैंचामा रातको अँध्यारो छाइरहेको थियो। त्यहाँको सुगन्ध पनि निकै गाढा भैसकेको थियो। रातको निस्त-

ब्धतामा थरी थरीका स्वरहरू पनि बढी स्पष्टसंग सुनिंदै-थिए र ताराहरू पनि निकै नै चम्किला देखिन्थे। मैले उनीतर्फ एक नजर दिएँ। अनायासै मेरो मन पनि शान्त भयो, मानौं रोगग्रस्त नैतिक स्नायुमा बिझिरहेको कुनै पीडाजनक काँढा त्यहाँबाट स्वाट्ट थुतिएको होस्! अतीतको प्रेम अब कहिल्यै पनि फर्केर नआउने गरेर समयको संगसंगै बितिसकेको छ र त्यसलाई फेरि जीवित पार्नु असम्भव मात्र होइन, अझ बढ्ता कष्टकर र यन्त्रणापूर्ण हुन्छ भन्ने मैले छर्लङ्ग बुझिहालें। के त ती दिनहरू, जसलाई म सुखमय ठान्नेगर्थें, साँच्ची नै त्यस्तै थिए त? त्यो समय बितेर गएको पनि त एक जुग भैसक्यो! अहिलेको कुरा हो र यो!

"चिया खान त हामीले भुसुक्कै पो बिर्सेछौं!" – उनले भने। हामी दुवै जना संगसंगै बैठकमा पस्यौं। ढोकैमा फेरि धाइबुबुसंग हाम्रो भेट भयो। उसले भान्यालाई काखमा लिइराखेकी थिई। मैले शिशुलाई हातमा लिएँ र उसका गुलाफी रङ्गका नाङ्गा गोडाहरूलाई छोपिदिएँ र छातीमा टाँसेर म्वाइँ पनि खाएँ। मेरा ओंठले उसलाई हलुकासंग स्पर्श मात्र गरेका थिए। उसले आफ्ना हातका झीना औंलाहरू खोलिदियो, मानौं ऊ निदाइरहेको होस्! अनि उसले आफ्ना चिम्म आँखा पनि खोल्यो, मानौं ऊ कुनै कुराको खोजी गरिरहेको होस् वा उसलाई कुनै घटनाको सम्झना भइरहेको होस्! एकाएक उसले आफ्ना आँखाअगाडि मलाई पायो र उसका आँखाहरू टल्कन लागे। उसका रसिला ओंठहरूमा पनि मुस्कान झल्कियो। 'यो मेरो हो! यो सम्पूर्ण रूपले मेरो हो!' – मैले सोचें। मेरो रोम रोम

पुनकिन भयो र उसलाई मैले बेसरी छातीमा च्यापें। उसको सुकोमल जिउमा पीडा नहोस् भनेर मैले अथक प्रयास गर्नुपरेको थियो। अनि उसका साना साना चीसा गोडाहरू, उसको पेट, उसका हात र मसीना रौं उम्रिरहेको टाउकोमा म लगातार म्वाइँ खान लागें। मेरा पति पनि मेरै छेउमा आए। मैले झटपट आफ्नो छोरोको मुख ढाकिदिएँ र तत्कालै खोलि पनि दिएँ।

"इभान सेर्गेइच!" – छोरोको च्यूँडोमा औंलाले काउकुती लगाउँदै मेरा पतिले भने। तर मैले फेरि पनि छोरालाई छोपिदिएँ। मबाहेक अरू कसैले पनि लामो समयसम्म उसलाई हेर्न पाउनुहुँदैन भन्ने मैले विचार गरें। मैले आफ्ना पतितर्फ दृष्टि दिएँ। उनका आँखाहरू मुस्कुराइरहेका थिए र मेरा आँखाहरूमा सोझै ताकिरहेका थिए। निकै समयको अन्तरपछि पहिलोपल्ट उनका आँखाहरूमा हेर्दा मलाई साँच्चीकै शान्ति र सुखको अनुभूति भयो।

त्यसै दिनदेखि नै सेर्गेइ मिखाइलिचसंग मेरो युवाप्रेम टुङ्गिएको थियो। पहिलो प्रेम अब त संस्मरण मात्रै रहन गएको थियो – एउटा यस्तो सुमधुर संस्मरण जुन अब कहिल्यै पनि फेरि फर्केर आउनेछैन। परन्तु आफ्ना बालबच्चाहरूप्रति र उनका बाबुप्रति चाहिं एक नौलो किसिमको प्रेम जागेर आयो। यसरी एउटा अर्को सुखमय जीवनको शुभारम्भ भयो, तर त्यो जीवन पहिलेको ज़ीवनभन्दा एकदमै फरक थियो। आजपर्यन्त यस नयाँ प्रेम र नयाँ जीवनको अन्त्य भएको छैन।...

सन् १८५९

खोल्स्तोमेर

एक घोडाको कथा

म० अ० स्ताखोभिचको पुण्य स्मृतिमा *

अध्याय एक

आकाश खुल्दैगइरहेको थियो। मिर्मिरेको उज्यालो फैलिंदैथियो। टल्किरहेका शीतका रजतमय कणहरू अझ बढी चम्किरहेका थिए। हँसिया आकारको चन्द्रमा फिका र निर्जीव प्रतीत हुन थालेको थियो र वनजङ्गलमा नाना थरीका आवाजहरू घन्किन लागिरहेका थिए। मानिसहरू ब्युँझदैथिए। बिर्तावालको तबेलामा चाहिं सुकेको घाँस र परालमाथि उभिएका घोडाहरू नाकको पोरा फुलाएर घुरघुर गर्दैथिए। कहिलेकाहिं ती घोडाहरू एक अर्कोसित ठक्कर खान पुग्थे, अनि एक दोस्रालाई धकेल्थे र ठूलो स्वर निकालेर हिनहिनाउन थाल्थे।

"हैट! अझैं समय प्रशस्तै छ! भोकै मर्नेछैनस्!" – ढोका खोलेको घ्यारर आवाज आयो र बूढो घोडा-गोठालो पनि भित्र पस्यो। ढोका खुलेको देखेर एउटी घोडी

---

* यो कथानक चाहिं "रातको चरन" र "घोडचढीहरू" कथाका रचयिता म० अ० स्ताखोभिचद्वारा अजमाइएको थियो र लेखकलाई अ० अ० स्ताखोभिचले बताएका थिए। (लेभ निकोलायेभिच तोल्सतोइको टिप्पणी)।

बाहिरतिर लम्किइहालो। "ए! .. खबरदार!" – घोडा-गोठालो हात हल्लाउँदै चिच्यायो।

त्यस घोडा-गोठालोको नाउँ थियो – नेस्तेर! उसले काशाक ज्याकेट लगाइराखेको थियो र त्यसलाई कमरपेटीले कसिराखेको थियो। रूमालमा पोको पारिएको रोटी कमर-पेटीमा घुसारिएको थियो। उसले चाबुक काँधमा झुण्ड्याइराखेको थियो र हातले चाहिं काँठी र लगाम समातिराखेको थियो।

घोडा-गोठालोको आवाजमा व्यंग झल्किन्थ्यो, तर त्यसबाट घोडाहरू न त डराए, न त क्रुद्ध नै भए। बरू उनीहरू न बेवास्ताको प्रदर्शन गर्दै ढोकाबाट बिस्तारै हटेर गए। लामो लामो याल भएकी बदामी रङ्गकी एउटी बूढी घोडीले मात्र कान ठाडो ठाडो गर्दै फनक्क घुमेर गोठालो-तर्फ पीठ फर्काई। यत्तिकैमा एउटी कोरली घोडी, जो चुपचाप पछिल्तिर उभिइरहेकी थिई, जोडले हिनहिनाई र उसले आफ्नै बगलमा उभिइरहेको एउटा घोडालाई आफ्नो पुठ्ठाले बेसरी धकेलिदिई।

"हो-हो!" – घोडा-गोठालोले कड्केर झपार्‍यो र तबेलाको अर्को कुनातिर लम्कियो।

तबेलामा झण्डै एक सय जति घोडाहरू थिए। त्यहाँ भएका घोडाहरूमध्ये सबभन्दा बढ्ता धैर्य त्यस टाटेपाङ्रे घोडाले देखायो जो खरानी रङ्गको थियो। एक कुनामा बाँधिएको त्यो घोडा एक्लै उभिएर अर्धमुदित आँखा चिम्म्याउँदै तबेलाको एउटा बाँझको खम्बा चाटिरहेको थियो। त्यस खम्बाको स्वाद के कस्तो हुँदो हो त्यो त भन्न सकिंदैन, तर त्यसलाई चाट्न थाल्दा त्यो घोडा बडो गम्भीर र विचारमग्न देखिन्थ्यो।

"पख् ! नचाट् !" – त्यस घोडाको नजिकै पुगेर घोडा-गोठालोले फेरि त्यही पहिलेकै जस्तो स्वरमा भन्यो र काँठीको साथै जीन पनि नजिकैको लीदीको डंगुरमाथि राखिदियो।

टाटेपाङ्रे घोडाले खम्बा चाट्न छोडिदियो र हलचल नै नगरेर नेस्तेरतर्फ एकटक लगाएर हेरिरह्यो। त्यो घोडा हाँस्दा पनि हाँसेन, न त उसले रीस नै झिक्यो, न त आँखिभौं नै खुम्च्यायो। किन्तु एक छिनपछि नै उसको पेटमा एक हलुका कम्प छुट्यो। उसले एक लामो सास तान्यो र मुख अर्कैतिर फर्काइहाल्यो। घोडा-गोठालोले आफ्नो हातले उसको गर्दनमा अँगालो हाल्यो र लगाम पनि लगाइ-दियो।

"किन लामो-लामो सास फेर्छस् हँ ?" – नेस्तेरले सोध्यो।

टाटेपाङ्रे घोडाले पुच्छर हल्लायो। मानौं ऊ भनिरहेको थियो : 'कुनै खास कुरा होइन, नेस्तेर !' घोडा-गोठालोले उसको पिठ्यूँमा पहिले जीन-पोश राखिदियो र त्यसमाथि काँठी कसिदियो। टाटेपाङ्रे घोडाले आफ्नो अस्वीकृति जनाउन आफ्नो कान पछिल्तिर लग्यो, तर यसको लागि उसले घोडा-गोठालोबाट झँटाइ मात्र पायो। काँठीको पेटी बेसरी कस्न थाल्दा चाहिं टाटेपाङ्रे घोडाले खूब लामो सास तान्यो, तर जब मुखमा एक घुस्सा र पेटमा एक लात पऱ्यो, त्यतिखेर उसले भित्र रोकिराखेको सास बाहिर निकाल्न करै लाग्यो। तर पनि नेस्तेरले दाँतले टोकेर काँठीको फीता तान्न लाग्दाखेरि घोडाले फेरि एकपल्ट कान पछिल्तिर लग्यो र घुरेर समेत हेर्न थाल्यो। यसले केही पनि लछार्न सक्तैन भन्ने त उसलाई थाहा थियो, तैपनि उसले नेस्तेरलाई के जनाउ दिन आवश्यक ठान्यो

भने उसलाई यो कत्ति पनि मन परेको छैन र सधैं नै उसले आफ्नो यो घुर्की अवश्य देखाउनेछ। जब उसमाथि काँठी कसियो त उसले आफ्नो तन्किएको दाहिने टाँग होलो पारिदियो र मुखमा कोचिएको फलामको कडी चबाउन थाल्यो, यद्यपि फलामको टुक्रो जस्तो बेस्वादको चीज अरू केही हुँदैन भन्ने त त्यतिञ्जेलसम्म उसले बुझिसक्नुपर्ने थियो।

नेस्तेरले छोटो रिकाबमा गोडा राख्यो र घोडाको पीठ्यूँमा सवार भइहाल्यो। उसले चाबुक खोल्यो, घुँडा-मुनिरबाट आफ्नो काजाक ज्याकेटको फेर निकाल्यो र यस पाराले काँठीमा बस्यो जसरी केवल कोचवान, शिकारी र गोठालाहरू मात्रै बस्नेगर्छन्। अनि उसले लगाम पनि तन्काउन थाल्यो। जहाँ भन्छौ त्यहीं लिएर जान तैयार छु भन्ने आशय झल्काउँदै घोडाले टाउको उचाल्यो, तर ऊ आफ्नो ठाउँबाट चाहिं टसको मस पनि चलेन। हिंडिहाल्नुभन्दा अगाडि घोडा-गोठालो निकै बेर उसमाथि सवार भएर कराउनेछ र अर्को घोडा-गोठालो भास्कालाई उसले जरूरी निर्देशनहरू दिनेछ भन्ने उसलाई थाहा थियो। भास्कालाई मात्र कहाँ र, अरू घोडाहरूलाई पनि निर्देशन दिइनेछ! उस पनि नेस्तेर कराउन लागिहाल्यो: "भास्का! ए, भास्का! माऊ घोडीहरूलाई फुकालिस् कि फुकालिनस्? कतै मर्न गइराख्या' छस् हँ, बदमाश? अझैं सुतिराख्या' छस् कि क्या? ढोका खोलिदे ल! माऊ घोडीहरूलाई अगाडि बाहिर ल्या!" – यस्तैउस्तै ऊ बडबडाउँदैथियो।

ढोको घ्यार्र खुल्यो। रीसले चूर भएको भास्का लो-ग्ग्को आँखा मिच्दै ढोकामा ठिङ्ग उभियो। उसले एउटा

घोडाको लगाम हातले समातिराखेको थियो र अरू घोडाहरूलाई बाहिर निकाल्न लाग्यो। घोडाहरू एक एक गरेर बाहिर निस्किरहेका थिए। उनीहरू खूब होशियारीका साथ सुकेको घाँसमा टेक्दै र त्यसलाई सुँघ्दै हिंडिरहेका थिए। जवान घोडीहरू, साना साना बछेडाहरू, दूध चुस्ने घोडाका बच्चाहरू र आफ्नो पेटमा कहीं ठक्कर नलागोस् भनेर बडो सावधानीपूर्वक पाइला सारिरहेका गर्भवती घोडीहरू सबका सब एक एक गर्दै लाममा लागेर बाहिर निस्किरहेका थिए। यदाकदा जवान घोडीहरू कतै दुई त कतै तीन-तीन गरेर अगाडि दगुर्दैथिए। उनीहरूको टाउको एक अर्काको पिठ्यूँमा पर्दथ्यो र छिटो छिटो हिंड्दा खुट्टा पनि ढोकामा ठक्कर खान पुग्थ्यो। त्यसैले त घोडा-गोठालो पछिल्तिरबाट फोहोर गाली फलाँक्न थाल्थ्यो। घोडाका दूधे बच्चाहरू अपरिचित घोडीहरूको टाँगमुनि यताउता दगुर्दैथिए। जब घोडीहरू हिनहिनाउँथे, त्यतिखेर यी भूरा घोडाहरू पनि कर्कश आवाज निकालेर हिनहिनाउन थाल्थे।

एक चकचके जवान घोडी ढोकाबाट बाहिर निस्किई। शुरूमा उसले टाउको झटकार्न थाली, अनि पछिल्ला गोडाले लात बजार्दै हिनहिनाउन लागी। तर उसले दौडेर जिउमा थोप्लैथोप्ला भएको कैरो रङ्गको घोडी झुल्दीबाभन्दा अगाडि जाने आँट गर्न सकेन। झुल्दीबा उमेर गइसकेकी घोडी थिई र सधैं जस्तो सुस्त-सुस्त मगनमस्त चालले पेटलाई कहिले दायाँ त कहिले बायाँ झुलाउँदै सबै घोडाहरूभन्दा अगिल्तिर हिंडिरहेकी थिई।

केही मिनेटपछि नै गोठ खाली भैहाल्यो र सारा

चहलपहल पनि सामसुम भैहाल्यो। जुन खम्बाहरूमा तबेलाको छाना अडिरहेको थियो ती पनि उदास र एक्लै ठिङ्ग उभिइरहेका जस्ता देखिन थाले। मूत र लिदीमा मुछिएका पराल र भूसाबाहेक त्यहाँ अरू केही पनि थिएन। टाटे-पाङ्रे घोडालाई त यो दृश्य हेर्ने बानी नै परिसकेको हुँदो हो, तैपनि यस दृश्यले उसलाई पनि खिन्न तुल्याएको छ भन्ने प्रतीत हुन्थ्यो। बिस्तारै उसले टाउको हल्लायो, मानौं कसैलाई शिर झुकाएर अभिवादन गर्न लागेको होस्। अनि उसले एक लामो सास तान्यो जुन त्यत्तिकै मात्र गहिरो थियो जतिसम्म उसको पेटमा बाँधिएको फीताले उसलाई सास फेर्ने सम्भावना दिन्थ्यो। त्यसपछि त ऊ पनि आफ्नो दुब्लो-पातलो पिठ्यूँमा बूढा नेस्तेरलाई चढाएर आफ्नो बाङ्गो नलीहाड भएको खुट्टा घिसार्दै घोडा-बथानको पछि पछि लागिहाल्यो।

'जसै हामी सडकमा पुग्नेछौं, उसले जरूर पनि चिर्पट्याई कोर्नेछ र आफ्नो पुरानो सुल्पामा सूर्ती बाल्नेछ जुन मुन्या पित्तलको पाटाले मोडिएको छ र जसमा एउटा सिक्री पनि झुण्ड्याइएको छ।'—घोडा विचार गर्न थाल्यो।—'यसबाट मलाई खुशी नै लाग्छ, किनभने बिहान सबेरै घाँसमा शीत परिरहेको बेला यस सुल्पाको बास्ना मलाई खूबै मन पर्छ र यसबाट मेरो मनमा कैयन् मृदु स्मृतिहरू पनि ब्युँझिन्छन्। हो, मलाई यत्तिकै मात्र अपसोच छ कि जब यस बूढाको मुखमा सुल्पा रहन्छ त्यतिखेर ऊ आफूलाई मै हुँ भनी ठान्छ र जिउ मर्काउन थाल्छ, मजाले लेटेर तमाखुको सर्को तान्छ र जहिले पनि मेरो त्यसै ठाउँमा अडेस लिन्छ जहाँनेर मेरो ढाडमा

मलाई बढी दुख्छ। मोज गर्न पाएको छ, मोज गरोस् मोरो! अरूको मोजको लागि आफूले दुःख भोग्नुपरेको के यो पहिलोपल्ट हो र? आखिर घोडाको जुनी लिएर जन्मिनुपरेपछि गर्न नै के सकिन्छ र? अब त यसबाट पनि मलाई एक किसिमको सन्तोष अनुभव हुन थालेको छ। अलिकति आङ तन्काइहालोस् न बिचरो! जब ऊ एक्लै हुन्छ तब मात्र न ऊ यस्तरी गजबक पर्ने आँट गर्छ! उसको यस्तो फूर्ती कसैले देखेको हुँदैन। मेरो पिठ्यूँमा लेटेर नै यसलाई आनन्द लाग्दो रहेछ भने लेटेर नै बसोस्!'— सडकको बीचमा घोडा आफ्नो बाङ्गो टाँगले होशियारी-साथ टेक्दै यस्तो सोचिरहेको थियो।

अध्याय दुई

घोडाको बथानलाई नदीको किनारासम्म पुऱ्याएर नेस्तेर घोडाबाट ओर्लियो र उसको पिठ्यूँबाट काँठी पनि झिकि-दियो। त्यसै ठाउँमा घोडाहरूले चर्नुपर्थ्यो। घोडाहरू बिस्तार-बिस्तार चरनमा फैलिंदैगए। त्यहाँ हरिया घाँसहरू शीतले भिजिराखेका थिए। त्यो चरन नदीको घुम्तीनेरै थियो। पानीको सतहबाट र नदीले दुईतिर घेरिराखेको चहुरबाट समेत बाफ उडेर सारा वातावरणमा छाइरहेको थियो।

टाटेपाङ्रे घोडाबाट लगाम पनि उतारेर नेस्तेरले त्यस घोडाको घाँटीमा कन्याइदियो। घोडाले आँखा चिम्म गऱ्यो, मानौं यसरी ऊ आफ्नो खुशी र कृतज्ञता प्रकट गरिरहेको

होस्! "मजा लिंदैछस्, खच्चर!"—नेस्तेर बड्बडाउँदै थियो। तर त्यसरी कन्याइदिएको चाहिं घोडालाई पटक्कै मन परिरहेको थिएन। खालि शिष्टाचारको लागि मात्रै ऊ मजा लागेको बहाना गर्दैथियो र स्वीकृति जनाउँदै आफ्नो टाउको पनि हल्लाइरहेको थियो। तर अचानक कुनै कारणबेगर र कुनै प्रकारको चेतावनी समेत नदिएर (ज्यादा घनिष्ठता बढाएर लग्नाले घोडाको नजरमा उसको रोबरवाफको महत्व नै कम हुन सक्छ भन्ने पनि नेस्तेरले सोचेको हुनु सम्भव छ) नेस्तेरले झट्का दिएर घोडाको मुख पल्तिर धकेलिदियो, लगाम हातमा समेटेर घोडाको दुब्लो टाँगमा जोडले हिर्कायो र केही पनि नबोलेर एउटा ढिस्कोमाथि चढेर त्यहाँ रहेको एउटा रूखको जरामाथि बस्यो। ऊ यसरी दिनहुँ नै त्यहाँ बस्नेगर्थ्यो।

उसको यस्तो व्यवहारबाट टाटेपाङ्रे घोडालाई अवश्य नै पनि रीस उठेर झर्को लागेको हुनुपर्छ, तर उसले त्यसको प्रदर्शन चाहिं पटक्कै गरेन। ऊ फनक्क घुम्यो र बिस्तार-बिस्तार आफ्नो ठूटे पुच्छर हल्लाउँदै नदीतर्फ लाग्यो। ऊ लामो सास तानिरहेको थियो र यताउति सुँघ्दै अलिअलि घाँस चुँडेर चर्दै पनि थियो। उसको चारैतिर जवान घोडी-हरू, सा-साना बछेडाहरू र दूधे बच्चाहरू बिहानको स्वच्छ हावाको आनन्द लिंदै रमाएर उफ्रिरहेका थिए। तर उसले ती सबैतर्फ कत्ति पनि ध्यान दिएन। स्वास्थ्यको निम्ति, खास गरी उसको उमेरमा, खाली पेट टन्न पानी पिउनु र त्यसपछि मात्र घाँस चर्नु नै सबभन्दा राम्रो कुरा हो भन्ने उसलाई थाहा थियो। उसले नदीको किनारामा सबभन्दा कम भिरालो र खुला ठाउँ खोज्यो, अनि खुर र

घुँडाका रौंको गुच्छा भिजाएर पानीमा टेक्दै थुतुनो पानीमा गाडेर आफ्नो फाटेको ओंठले घटघट गर्दै पानी पिउन थाल्यो। उसको पेट डम्म फुलेर आयो। ऊ रमाउँदै केही रौं झरिसकेको आफ्नो ठूटे पुच्छर पनि हल्लाउँदै थियो।

एउटी चुलबुले कैली घोडी चाहिं यस बूढो घोडालाई जहिले पनि जिस्क्याउनेगर्थी। पानीमा दगुर्दै ऊ त्यसतर्फ लम्कँदै आइहाली, मानौं उसले कुनै काम पटाउनुपरेको होस्! तर वास्तवमा चाहिं उसको मनसाय त त्यस ठाउँको पानी नै धमिलो पारिदिनु मात्र थियो जहाँनेर टाटेपाङ्रे घोडा मजासित पानी पिउँदैथियो। परन्तु ऊ त्यहाँ पुगुन्जेल बूढो घोडाले टन्न पानी खाइसकेको थियो। अनि त्यस कैली घोडीको मनसाय थाहा नै नपाएको जस्तो गरेर उसले पहिले एउटा र त्यसपछि अर्को खुट्टा पानीबाट बाहिर निकाल्यो, आफ्नो टाउको झट्कार्‍यो र जवान घोडीहरू र बछेडाहरूलाई एकातिर छोडेर अलग्गै आफ्नो बिहानको नास्ता लिन लाग्यो। तीन घण्टासम्म ऊ टाउको नै नउचालेर लगातार घाँस चबाउँदैरह्यो। ऊ आफ्नो शरीरको बोझ कहिले एक खुट्टामा त कहिले अर्को खुट्टामा सार्दैरहन्थ्यो, जसले गर्दा आसपासको घाँस कुल्चिन पाउँदैनथ्यो। आखिर उसले कतिसम्म घाँस खायो भने उसको पेट एउटा टन्न भरिएको थैलो जस्तै गरेर उसका झीना करङहरूमा तुर्लुङ्ग झुण्डिएको देखियो। उसको टाँगमा पीडा पनि अनुभव हुन थालिसकेको थियो। तसर्थ उसले आफ्नो बोझ चारै खुट्टा-हरूमा यस किसिमबाट सन्तुलित गर्‍यो जसले गर्दा कम पीडा होस्! खास गरेर ऊ आफ्नो अगिल्लो दायाँपट्टिको

त्यस खुट्टालाई ज्यादा जोगाउन चाहन्थ्यो जुन सबभन्दा कमजोर थियो। त्यसपछि ऊ मस्तसंग निदायो।

बुढ्यौली कहिले गौरवपूर्ण हुन्छ त कहिले चाहिं घृणास्पद र कहिले दयनीय समेत हुन्छ। कहिलेकाहिं त त्यो एकै बाजि गौरवपूर्ण र घृणास्पद हुनेगर्छ। टाटेपाङ्रे घोडाको बुढ्यौली केही हदसम्म यस्तै नै थियो।

टाटेपाङ्रे घोडाको कद राम्रो थियो–दुई आर्शिन तीन भेर्शोक* त अग्लो हुँदो होला। उसको रङ्ग फिका कालो थियो तर कतै कतै सेता टाटाहरू देखिन्थे। कुनै जमानामा ती टाटाहरू निक्खर सेता थिए, तर अब त मटमैला देखिन्थे। जम्मा मिलाएर उसको जीउमा तीनवटा टाटाहरू थिए। एउटा टाटो उसको नाकको एकापट्टिबाट शुरू भएर पूरै टाउको र आधा गर्दनसम्म फैलिएको थियो। उसको जगल्टे र लामो याल कतै कतै सेतो त कतै कतै कैलो रङ्गको थियो। अर्को टाटो चाहिं दायाँ ह्याकुलाबाट शुरू भएर पेटको आधा-आधीसम्म पुगेको थियो। अनि तेस्रो चाहिं टाटो पुच्छरबाट शुरू भएर त्यसको माथिल्लो हिस्सा हुँदै कम्मरको आधा भागसम्म फैलिएको थियो। पुच्छरको बाँकी हिस्सामा चाहिं हलुका सेता रङ्गका धर्साहरू थिए। टाउको त हाडखोडको एउटा ढाँचा मात्र रहन गएको थियो र त्यसको आकार भने निकै ठूलो थियो। आँखाहरूको माथितिर ठूल्ठूला खोपिल्टा परेका थिए। फाटेको र कालो कालो तल्लो ओंठ झुण्डिरहेको थियो।

---

*पुरानो रूसी नाप: १ आर्शिन–अठ्ठाइस इन्च, १ भेर्शोक–पौने दुई इन्च।–अनु०

गर्दन झीनो र स्याप्प सुकेको थियो, मानौं त्यो काठको होस् र त्यसमाथि टाउको चाहिं बोझ बनेर तुर्लुङ्ग झुण्डि-रहेको होस्! लत्रिएको तल्लो ओंठको पछिल्तिर उसको कालो जिभ्रो मुखभित्र चलमलाइरहेको देखिन्थ्यो। दाँतहरूको ठाउँमा केही पहेंला ठुटाहरू मात्र बाँकी रहन गएका थिए। दुवै कान लत्रिरहेका हुन्थे र त्यसमध्ये एउटा चाहिं चिरिएको थियो। कुनै कुनै बेला मात्र आङमा टाँसिएको झिंगा धपाउन भनेर ऊ कान फटफट हल्लाउँथ्यो। टाउकोका रौंहरूको एउटा लुर्कन कानपछिल्तिरबाट लत्रिरहेको थियो। निधारको बीचमा खोपिल्टो परेको थियो र खस्रो रौंले ढाकिएको थियो। घाँटीमुन्तिरको छाला फितिक्क परेर लत्रिरहेको थियो। जब कुनै झिंगा उसको गर्दन वा टाउकोमा बस्न पुग्थ्यो, त्यतिखेर उसको स्पर्श मात्रले उसको अङ्ग-प्रत्यङ्गमा कम्प छुट्थ्यो। उसको मुखमा धैर्य, गाम्भीर्य र गहन यातनाको भाव टप्किनेगर्थ्यो। अगाडिका दुवै टाँग घुँडानेर मोडिएका थिए, दुवै खुरहरू सुनिएका थिए र अगिल्तिरको टाटो देखिने दाँया टाँगमा घुँडैनेर एउटा ठूलो सुनिएको गाँठो पनि थियो। उसका पछिल्तिरका टाँग चाहिं केही राम्रो हालतमा थिए, तर पुठ्ठाका रौं खुइलिएका थिए। सके धेरै पहिले कतै घिसिएको हुँदो हो र त्यहाँ फेरि रौं उम्रेका थिएनन्। उसको दुब्लोपातलो शरीर देख्दा उसका टाँगहरू निकै नै अग्ला प्रतीत हुन्थे। उसका करङहरू भुक्क फुलेका थिए र तिनको बीचमा टाँगिएको छाला चाहिं सुकेर टाँस्सिएको जस्तो भान पर्थ्यो। पीठचूँ र काँधमा चाहिं कोर्रा ठोकेका डामहरू थिए। पछिल्ला खुट्टानेरको एउटा आलो घाउ पीप भरिएर पाक्न लागिरहेको

थियो। रौं झरिसकेको पुच्छर मेरूडण्डको टुप्पामा एउटा ठूटो जस्तै गरेर झुण्डिरहेको थियो। पुच्छरनेरै एउटा हत्केला जत्रै आकारको ठूलो फोका थियो जुन सम्भवतः कुनै कीराले टोकेको हुँदा उठेको होला। त्यसमा सेता सेता रौं उम्रिरहेका थिए। काँधनेर चाहिं एउटा अर्को घाउको खत पनि थियो। अपचको पुरानो रोगले गर्दा पछिल्ला खुट्टाहरू र पुच्छर जहिले पनि भिजिरहन्थे। जिउभरि साना साना झुसे रौंहरू जिरिङ्ग परेर उम्रिरहेका थिए। यस्तो घिन-लाग्दो बुढ्यौलीले ग्रस्त हुन गएको भए तापनि यस घोडालाई जो देख्थ्यो उसले यो घोडा कुनै जमानामा अवश्य पनि एक शानदार वाहन रहेको हुँदो हो भन्ने विचार नगर्न सक्तैनथ्यो।

पारखीले त के पनि भन्नेछ भने जुन गुण यस घोडामा पाइन्छ त्यो त रूसमा खालि एउटै जातको घोडामा मात्र देख्न पाइन्छ – फराकिलो हाड, घुँडाका ठूलठूला चक्का, बढिया खुर, सुरिलो टाँग, लचकदार गर्दन र सबभन्दा ठूलो विशेषता त के भने सुडौल टाउको र काला र ठूलठूला चम्किला आँखा! फेरि मुखमा र गर्दनमा नसा-हरूका सुन्दर ग्रन्थिहरू पर्दथे भने छाला र रौं चाहिं ज्यादै नै मुलायम थिए। उसको जिउ र चालढालमा वास्तवमा नै सौम्यता र आत्मविश्वास टप्कन्थ्यो, यद्धपि अहिले त त्यो घोडा निकै दुर्बल र दयनीय थियो (अझ टाटेपाङ्रे भएको हुँदा त त्यो झन् घिनलाग्दो देखिन्थ्यो)। तर यी दुवैको सम्मिश्रणले गर्दा नै त्यस घोडामा एक विलक्षण व्यञ्जना झल्कन्थ्यो जुन सुन्दर र प्रभावशाली पनि थियो।

शीतले भिजेको त्यस चहुरको बीचमा त्यो घोडा एक

जिउँदो कंकाल जस्तै ठिंग उभिइरहेको थियो। केही पर अरू घोडाहरू जवानीमा मस्त भएर यताउता चहार्दैथिए। कुनै घोडाहरू भुईंमा खुर बजार्दैथिए, कुनै चाहिं जोडले सास फेरिरहेका थिए, कुनै हिनहिनाइरहेका थिए।

अध्याय तीन

सूर्य पनि अब त जङ्गलमाथि चम्किरहेको थियो र त्यसको प्रकाश चहुरको घाँस र नदीको मोडसम्म फैलिन लागेको थियो। शीत सुक्दैगइरहेको थियो र कतै कतै जमेर थोपाको रूप लिंदैथियो। कतै कतै धाप र जङ्गल-माथि फैलिरहेको बिहानको तुवाँलो पनि अब हलुका धुँवा झैं फाट्दैगैरहेको थियो। आकाशमा बादल मडारिंदैआइरहेको थियो, परन्तु बतास भने पटक्कै चलिरहेको थिएन। नदी-पारि खेतहरूमा उवाका सा-साना, हरिया र झुसिला बोटहरू लहलहाइरहेका थिए। चारैतिर झारपात र फूल-हरूको मगमग बास्ना आइरहेको थियो। बनमा कोयलीको तिक्खर स्वर सुनिंदैथियो। उत्तानो परेर पल्टिरहेको नेस्तेर कोयलीको कू-कू गर्दै आफ्नो बाँकी आयुको हिसाब लगाइ-रहेको थियो। चरन र खेतहरूमाथि भद्राइ चरीहरू उडिरहेका थिए। घोडाहरूको बीचमा कतै एउटा खरायो अलमलिएको थियो। खतराको संकेत पाउनासाथ त्यो बेतोडसित भाग्यो र कुनै एउटा झ्याङमुनि बसेर सतर्क हुँदै आवाज सुन्न लाग्यो। भास्का घाँसमा पल्टेर उँघिरहेको थियो र उसको चारैतिर घाँस चरिरहेका घोडाहरू निकै

पर खोल्सासम्म पुगिसकेका थिए। बूढी घोडीहरू यस्तो ठाउँमा उभिएका थिए जहाँ कसैले पनि उनीहरूलाई बाधा पुऱ्याउँदैनथ्यो र उनीहरूको हिंडाइबाट शीतले भिजेको रसिलो घाँसमा डोब परेको देखिन्थ्यो। उनीहरू चरिरहेका थिएनन्, बरू यदाकदा रसिलो घाँस चुँडेर चाखिरहेका थिए। बिस्तार-बिस्तार पूरै बथान एउटै दिशातर्फ अगाडि सर्दैगैरहेको थियो। फेरि पनि त्यही बूढी झुल्दीबा सबैभन्दा अगाडि लागेर बाँकी सबैलाई बाटो देखाउँदैथिई। कालो रङ्गकी भर्खरकी मूश्का पुच्छर उचाल्दै र गिजा देखाउँदै आफ्नो पहिलो बेतको बछेडोलाई हेरेर हिनहिनाइरहेकी थिई। बैंजनी रङ्गको सानो बछेडो चाहिं काम्दै र लड्खडा-उँदै उसैको बगलमा उभिएको थियो। कैली रङ्गकी एकली घोडी लास्तोच्का खेल्दाखेल्दै घाँस चुँडाल्थी, अनि टाउको उचालेर माथि फाल्थी र जब घाँसका टुक्राहरू तल भुइँमा खस्न लाग्थे त्यतिखेर शीतले भिजेको रौंको झुप्पा भएको टाँगले तिनलाई ठक्कर दिन्थी। उसका रौं रेशम झैं कोमल र मिहीन थिए। जब ऊ टाउको तल झुकाउँथी त्यस बेला उसको रेशम जस्तो मुलायम र कालो यालले उसको निधार र आँखा छोपिन्थ्यो। एउटा ठूलो बछेडा आफ्नो सानो घुंगुरिएको पुच्छर उचाल्दै आफ्नी माउको अगल-बगलमा घुमिरहेको थियो र यसरी उसले छब्बीसपल्ट चक्कर काटिसकेको थियो। शायद ऊ कुनै खेलको अभिनय गरि-रहेको हुँदो हो। उसकी आमा चाहिं आफ्नो छोरोको चालीबेहोराबाट राम्रै परिचित भैसकेकी थिई र चूपचाप घाँस चर्दैथिई। हो, कहिलेकाहिं मात्र ऊ आफ्ना ठूल्ठूला काला आँखा तर्काएर हेर्नेगर्थी। एउटा सानो-सानो कालो

बछेडो ज्यादै अचम्म परिरहेको जस्तो देखिन्थ्यो। त्यसको टाउको चाहिं निकै ठूलो थियो र कानहरूको बीचमा उभिरहेका रौं पनि ठाड़ठाडा थिए। त्यसको पुच्छर त्यसै गरेर एकापट्टि मोडिएको थियो जस्तो आमाको पाठेघरमा छँदा रहेको होस्! त्यो बछेडो अकमक्क परेर अर्को चाहिं बछेडो उफ्रेको र दौडेको एकटकले हेर्दैथियो। उसका बिखलबन्द आँखामा ईर्ष्याको भाव झल्कन्थ्यो कि क्रोधको भन्ने कुरा त बताउनु गाह्रै थियो। कैयन् स-साना बछेडाहरू बडो आतुरताका साथ आफ्नो थुतुनो आमाको भुँडीमा जोतेर थुन खोजिरहेका थिए। अनि कयौं अरू बछेडाहरू चाहिं आमाहरूले बारम्बार हिनहिनाएर बोलाउँदा समेत अनौठो चालले कुदेर एकदम उल्टो दिशातिर सोझै हानिइ‍रहेका थिए, मानौं कुनै कुराको खोजखबर लिइरहेका होउन्! त्यसपछि उनीहरू किन हो कुन्नि फेरि एकाएक कुनै एक ठाउँमा उभिएर तिक्खर स्वरले हिनहिनाउन थाल्थे। केही बछेडाहरू घाँसमा पल्टिरहेका थिए भने केही चाहिं घाँस चर्न सिक्दैथिए। अनि कोही कोही त आफ्नो पछिल्लो खुट्टाले कानको पछिल्तिर कन्याउँदै पनि थिए। दुइवटा गर्भवती घोडीहरू अरू घोडाहरूबाट केही अलग्गिएर बिस्तारै पाइला सार्दै संगसंगै चरिरहेका थिए। शायद उनीहरू दुवैप्रति सबैको आदरभाव रहेको थियो, किनभने कुनै बछेडा पनि उनको नजीक पुगेर उनीहरूलाई झिज्याउने-गर्दैनथ्यो। कथंकदाचित् कुनै अल्लारे बछेडा उनीहरूको नजिक पुगिहाल्यो भने पनि कान या पुच्छरको एक हलुका झट्काद्वारा नै उसको कामकुरो त अवश्य पनि ठीक होइन भनेर उनीहरू सम्झाइहाल्थे।

एक वर्षका जवान घोडा र घोडीहरू चाहिं उमेरदार झैं देखिने जमर्को गर्दैथिए। उनीहरू बहुतै कम उफ्रन्थे र कुद्थे या सा-साना बछेडाहरूसंग खेल्थे। उनीहरू बडो रवाफिलो ढाँचाले घाँस खान्थे र आफ्ना सुरिला गर्दनहरू निहुराएर हामीसंग पनि पुच्छर छ है भने झैं गरेर आफ्ना छोटे पुच्छरहरू हल्लाउने कोशिश गर्थे। उमेरदार झैं उनीहरू पनि कहिलेकाहिं भुइँमा पल्टिन्थे, गुडुल्किन्थे वा एक दोस्राको पीठमा कन्याउँथे। दुई या तीन सालका घोडीहरू वा अझैं एक बेत पनि नब्याएकी घोडीहरू चाहिं सबभन्दा बढी खुशी थिए। हँसिला कन्याकेटीहरूको जमात जस्तै तिनको पनि आफ्नै अलग बथान थियो। उनीहरू जहिले-मुकै उफ्रिरहन्थे, खुट्टा बजार्थे, जोडले कराउँथे र हिनहिनाउँथे। उनीहरू नजिकै उभिएर एक दोस्राको काँधमा आफ्नो टाउको राखिदिन्थे र एक अर्कालाई सुँघ्नेगर्थे। उनीहरू हनुका तवरले हिनहिनाउँदै र पुच्छर हल्लाउँदै एक अर्कोको अगिल्तिर कहिले कदम चाल त कहिले दुलकी चाल चाल्दै नाक फुलाएर नखरा समेत पारेर दगुर्न थाल्थे। यी सबै मगनमस्त र अल्लारे घोडीहरूमध्ये कैली चाहिं घोडी नै एक नम्बरकी राम्री, चुलबुले र निहुँखोजुवा थिई। अरू सबै घोडीहरू उसको हरेक चालको नक्कल गर्नेगर्थे। ऊ जता जता जान्थी त्यतैतिर सबै तरूनी घोडीहरू हुल बाँधेर उसको पछि पछि लाग्थे। आज त त्यो चुलबुले घोडी पहिलेभन्दा बढ्ता मगनमस्त थिई। उसको मनमा पनि त्यस्तै उत्साह जाग्यो जस्तो मानिसहरूको मनमा जाग्नेगर्छ। नदी किनारामा पानी खाने ठाउँमा बूढो टाटेपाङ्रे घोडासंग जिस्किइसकेपछि त्यो किनारैकिनारा दगुर्न लागी। सके

कुनै कुराको उसलाई डर लागेको छ भन्ने नै ऊ देखाउन चाहन्थी होली! अनि बिस्तारै फुंकार गर्दै ऊ बेतोडले दौडी र चहुरमा निकै पर पर भाग्न लागी। उसैको देखासिकी गर्दै उसका संगिनीहरू पनि उसको पछि पछि भाग्न थाले। उनीहरूलाई रोक्न भनेर भास्काले उसको पीछा गर्दै आफ्नो घोडा दगुराउनुपर्‍यो। एक ठाउँमा पुगेर कैली घोडी टक्क रोकिई र घाँस चर्न लागी। त्यसको केही समयपछि ऊ भुइँमा लडिबुडी खेल्न थाली। अनि ऊ बूढी घोडीहरूलाई जिस्क्याउन उनीहरूको सामुन्ने दगुर्न लागी। त्यसपछि आफ्नी आमाको बगलनेरै उभिएको एउटा बछेडो-लाई धकेलेर पर धपाइदिई र यसरी त्यसको पीछा गर्न लागी, मानौं उसलाई रोक्न खोजेको होस्! आमा चाहिं भयभीत भइहाली र उसले घाँस चर्न समेत छोडिदिई। बछेडा दया उठ्ने स्वर झिकेर चित्कार गर्न लाग्यो। परन्तु त्यस चुलबुले कैली घोडीले उसलाई छुनसम्म पनि छोएको थिएन। ऊ त मात्र आफ्नी संगिनीहरूको मन बहलाउन उसलाई तर्साउँदै थिई। संगिनीहरू टाढै उभिएर तमाशा हेर्दै थिए। नदीपारि निकै टाढा उवाको खेतमा खैरो रङ्गको एक घोडा हलोमा जोतिएको थियो। त्यसलाई मूर्ख तुल्याउने नै त्यस कैली घोडीले मनसाय लिई। ऊ टक्क अडिएर उभिई, गर्वपूर्वक उसले शिर ठाडो पारी, आफ्नो जीउ थुर्र हल्लाई र बडो सुमधुर र सुरिलो स्वर झिकेर हिनहिनाई। उसको त्यस हिनहिनाहटमा मादकता थियो, भावुकता पनि थियो र किंचित् खिन्नताको भाव समेत थियो। यसको साथै त्यसमा एक मनोकामना थियो, प्रेमको आश्वासन थियो र त्यसको लागि दिक्दारीको भावना समेत थियो।

ऊ, नरकटको झ्याङमा एउटा सारौं उफ्रिउफ्री बडो कामातुर स्वरमा आफ्नी संगिनीलाई बोलाइरहेको छ। कोयली र बट्टाई चरी प्रेमको गीत गाउँदैछन्। फूलहरू पनि आफ्नो सुगन्धी पराग बतासको झोक्काको साथमा एक अर्कोलाई पठाइरहेका छन्।

'म पनि तरूनी छु, सुन्दरी छु, बलियी छु।'—चकचके घोडी हिनहिनाई।—'तर अझै पनि मैले प्रेमको अनुभव पाएकी छैन। यति मात्रै कहाँ र? कुनै पनि प्रेमीले मतर्फ आँखा झिम्क्याएकै छैन!'

जवानीको उमङ्ग र उदासताको अर्थ भरिएको त्यो हिनहिनाहट भिरालोमा र त्यसपछि खेतहरूमा फैलिंदै निकै टाढा उभिइरहेको एउटा खैरो घोडाको कानसम्म पुग्यो। उसले कान ठाडो ठाडो पाऱ्यो र निश्चल भएर ठिङ्ग उभियो। नालुको जुत्ता लगाइराख्ने एक किसानले उसलाई एक लात चखायो। परन्तु त्यो घोडा त टाढाबाट आएको हिनहिनाहटको मनमोहक आवाजमा कतिसम्म मुग्ध भैसकेको थियो भने ऊ टसको मस पनि नभएर हिनहिनाउन थाल्यो। किसान उधुमसित रिसायो। उसले लगाम तान्यो र घोडाको पेटमा अर्को एक लात जमायो। त्यो प्रहार कति जोडदार थियो भने घोडाले तुरून्त हिनहिनाउन रोकिहाल्यो र लुरूलुरू हलो तान्न थाल्यो। किन्तु मधुर उदासीन्याले गर्दा त्यस खैरो घोडाको मन भरङ्ग भयो। उसको प्रेमालाप र किसानको क्रुद्ध स्वर उवाको खेतलाई समेत पार गरेर निकै टाढा रहेको घोडाको बथानसम्म पुग्यो।

खैरो घोडा त चुलबुले घोडीको आवाज सुनेर नै कतिसम्म मन्त्रमुग्ध भैसकेको थियो भने उसले आफ्नो कामकुरो

नै भुसुक्क बिर्सिहाल्यो। यदि त्यसले त्यो चुलबुले सुन्दरीलाई आफ्नो आँखाले देख्न पाउँदो हो त उसको कस्तो हालत हुँदो हो? त्यो घोडा कान ठाडो पारेर, हावा सुँघेको जस्तै गरेर नाकका पोरा फुलाएर गर्दन केही झुकाएर उभिइ-रहेको थियो। उसको सुडौल र सुन्दर शरीर नै सिरिङ्ग सिरिङ्ग गर्दै थियो।

परन्तु चुलबुले घोडीले धेरै बेरसम्म आफूलाई भावुक-तामा बग्न दिइन। जब निकै टाढाबाट खैरो घोडाको आवाज आउन छोड्यो, त्यतिखेर ऊ एकपल्ट मात्र फेरि हिनहिनाई, अनि त टाउको झुकाएर खुरले माटो खोस्रन लागिहाली। त्यसपछि ऊ टाटेपाङ्रे घोडालाई ब्युँझाउन र जिस्क्याउन हिंडी। त्यो बूढो घोडा यी मनमौजी तन्नेरी-हरूको खिसीटच्यूरीको पात्र रहिआएको थियो। उसले मान्छे-हरूबाट त्यति सास्ती खानुपर्दैनथ्यो जति ती जवान घोडा-हरूको ठट्टा र हँसीदिल्लागीबाट सकस भोग्नुपर्थ्यो। के मान्छे र के घोडा उसले चाहिं ती दुवैलाई कुनै प्रकारको नोक्सान पुऱ्याएको थिएन। मान्छेलाई त अझै पनि उसको आवश्यकता थियो। तर ती जवान घोडाहरू उसलाई किन सताउँदा होलान्?

अध्याय चार

त्यो बूढो थियो, उनीहरू जवान नै थिए। त्यसको जिउमा हाड-छाला मात्र थियो, उनीहरूको शरीर हृष्टपुष्ट थियो। त्यो निराश थियो, उनीहरूमा उत्साह र उमङ्ग थियो।

छोटकरीमा भन्ने हो भने त्यो पराई थियो, अमिल्दो थियो, एकदमै अर्कै खालको थियो, त्यसैले उनीहरूको दयाको पात्र हुन सक्तैनथ्यो। घोडाहरू केवल आफूप्रति मात्र दयाभाव राख्छन् र यदि कहिलेकाहिं उनीहरूको मनमा दयाको भाव उब्जन्छ भने पनि त्यो तिनैको प्रति मात्र हुन्छ जसलाई उनीहरू आफ्नै स्थितिमा पाउँछन्। जे होस्, टाटेपाङ्रे घोडा बूढो, दुब्लो र कुरूप हुनुमा उसको के दोष?.. अवश्यमेव उसको कुनै दोष थिएन। तर ती घोडाहरू चाहिं उसैको दोष ठान्थे। आखिर जहिले पनि तिनीहरू नै सही निक्लन्थे जो बलिया थिए, तरूना थिए र सुन्दर थिए, जो आफ्नो भविष्य उज्ज्वल देख्नेगर्थे, हुनका उत्तेजनाले पनि जसको मस्सल थर्कन लाग्थ्यो र पुच्छर पनि ठाडो भैहाल्थ्यो। सके टाटेपाङ्रे घोडालाई पनि यसको बोध थियो। जब उसको मन शान्त हुन्थ्यो त्यतिखेर ऊ के कुरा स्वीकार गर्दो होला भने आफ्नो सारा जीवन गुजारिसकेकोमा दोष त आखिर उसैको हो। यस दोषको सजाय भोग्न पनि ऊ तैयार भैहाल्थ्यो। तर ऊ आखिर घोडा न ठहरियो। त्यसैले अहिले आफूलाई बिना-मतलब सताइरहेका ती जवान घोडाहरूले पनि भविष्यमा जीवनको अन्त्यतिर यस्तै कुरा देख्नुपर्नेछ भन्ने सोचेर ऊ ईर्ष्या, खिन्नता र क्षोभको भाव प्रायः रोक्नै सक्तैनथ्यो। घोडाहरूको यस्तो निर्दयताको कारण त कुलीनताको भावना नै थियो। प्रत्येक घोडाको आफ्नै वंश-परम्परा थियो र हरेकले आफूलाई बाबुको तर्फबाट नभए आमाकै तर्फबाट पनि विख्यात स्मेतान्कालाई नै आफ्नो पूर्वज मान्थ्यो। तर्नु बूढो टाटेपाङ्रे घोडा चाहिं कुन वंशको हो सो

कसैलाई अत्तोपत्तो नै थिएन। तीन साल अघि एउटा मेलामा अस्सी रूबल दिएर त्यसलाई किनिएको थियो।

कैली घोडी बिस्तारै टहल्दै टाटेपाङ्रे घोडाको नजिकै आई र बेवास्ताको भावले उसलाई धक्का दिएर हिंडिहाली। टाटेपाङ्रे घोडालाई यस्तै हुनेछ भन्ने थाहा नभएको होइन। आँखासम्म पनि नखोलेर उसले कान निहुरायो र ङिच्च दाँत देखायो। घोडीले उसतर्फ पीठ फर्काई र उसमाथि दुई लात बजार्न ठिक्क परेको जस्तो गरी। यत्तिकैमा टाटेपाङ्रे घोडाले आँखा खोल्यो र सुरूक्क एकातिर पन्छिदियो। उसको निद्रा त कता हरायो कता! ऊ चूपचाप घाँस चर्न थाल्यो। चकचके घोडी चाहिं आफ्ना संगिनीहरूलाई समेत बटुलेर फेरि नखरा गर्दै उसको बगलमा आइपुगी। त्यसै बथानमा दुई वर्ष जतिको एउटी खल्वाट मूर्ख घोडी पनि थिई। ऊ जुन कुरामा पनि कैली घोडीकै नक्कल गर्थी। परन्तु सबै नक्कलीहरूको जस्तै उसको नक्कलमा पनि कुनै तालमेल हुँदैनथ्यो। जब कैली घोडी जिस्क्याउन भनेर आउँथी, त्यतिखेर ऊ टाटेपाङ्रे घोडाको अगिल्तिरबाटै गजक्क परेर हिंड्थी, मानौं कुनै काममा गइरहेकी होस्! उसतर्फ त टेढो आँखाले समेत हेर्दैनथी ऊ! यसले गर्दा बूढो घोडाले आफू रिसाउनुपर्ने हो वा होइन भन्ने समेत अड्कल काट्न पाउँदैनथ्यो। यो वास्तवमा ज्यादै हाँसउठ्दो हुन्थ्यो। यसपल्ट पनि कैली घोडीले यस्तै गर्न खोजेकी थिई। तर खल्वाट घोडी, जो उसको पछि पछि हिंड्दै थिई, जिस्क्याउन आतुर भैसकेकी थिई। ऊ सरासर अगाडि लम्किई र टाटेपाङ्रे घोडालाई एक घुस्सा चखाएर हिंडिहाली। बूढो घोडा बेसरी करायो,

उसले फेरि ङिच्च दाँत देखायो र दौडेर उसको पुठ्ठामा दाँत गाडिदियो। ऊ यस्तोबिधि जङ्गिनेछ भन्ने त आशा नै गर्न सकिंदैनथ्यो। खल्वाट घोडीले उसको फुक्क उठेका करङमा सोझै दुई लात दिई। यसले गर्दा त्यो बूढो टाटे-पाङ्रे घोडाले चित्कार गऱ्यो। ऊ त्यसको पछिल्तिर दगुर्न चाहन्थ्यो, तर यसबाट कुनै लाभ हुने नदेखेर उसले आफ्नो विचार फेऱ्यो। ऊ लामो सास तान्दै एकातिर पन्छियो। सके बथानका सबै जवान घोडाहरूले यसको बदला लिने सूर कसे क्या रे! बूढो टाटेपाङरेले खल्वाट घोडीमाथि जाइलाग्ने आँट नै कसरी गर्न सक्यो? जवान घोडाहरूले उसलाई कतिसम्म सताए भने उसले त्यस दिनभरि घाँसको एक त्यान्द्रो पनि पेटमा हाल्नै पाएन। कतिपल्ट त घोडा-गोठालोले उनीहरूलाई खेदेर धपाइ समेत दिएको थियो। किन उनीहरू बूढो घोडालाई पिर्दैछन् भन्ने त उसले बुझ्नै सकेको होइन। बूढो घोडो कतिसम्म हैरान भैसकेको थियो भने घर फर्कने बेला हुन लाग्दा नलाग्दै ऊ स्वयं नै नेस्तेरको छेउमा पुगिहाल्यो। जब उसमाथि काँठी कसियो र घोडा-गोठालो पनि त्यसमा सवार भयो, त्यतिखेर उसले हाइसन्चो अनुभव गऱ्यो।

बूढा नेस्तेरलाई आफ्नो पिठ्यूँमा बोकेर त्यो बूढो टाटे-पाङ्रे घोडा घरतर्फ जाँदैथियो। त्यतिखेर घोडाको मनमा के कस्ता तर्कनाहरू उठिरहेका हुँदा हुन्? खै, कसलाई के थाहा र? सके बैंसमा घोडाहरू बडा निर्दयी हुन्छन् भन्ने ऊ सोच्दैथियो होला! अथवा आफूलाई बेपर्वाकमा सताउनेहरूलाई पनि सके उसले माफी दिइसकेको होला! बुढापाकाहरूको बानी यस्तै त हुन्छ! जे होस्, एक गर्वपूर्ण

तर मौन भर्त्सनाको भावना चाहिं उनीहरूप्रति उसको मनभित्र अवश्य नै हुँदो हो। जस्तोसुकै तर्कवितर्क किन नगरेको होस् उसले, तर तबेलामा नपुगुञ्जेलसम्म नै उसले आफ्नो मनको विचार कुनै किसिमबाट पनि प्रकट गरेन।

त्यस साँझ नेस्तेरका केही इष्टमित्रहरू उसलाई भेट्न भनेर आएका थिए। घोडाको बथानलाई धपाउँदै ऊ हरूवाचरूवाहरूका कटेराहरू नजिकैबाट गुज्रेर मात्र के जान लागेको थियो, आफनो घरबाहिर मूलढोकैनेर एउटा गाडा र त्यसलाई तान्ने घोडा पनि त्यहाँ बाँधिएको उसले देखिहाल्यो। ऊ घर पुग्न हतारिएको थियो, त्यसैले तबेलामा पुग्नेबित्तिकै टाटेपाङ्रे घोडालाई उसले जस्ताको तस्तै छोडिदियो र भास्कालाई त्यसको काँठी-साँठी फुकाल्न अह्रायो। हतपत तबेलाको ढोका थुनेर ऊ सरासर आफ्ना इष्टमित्रहरूलाई भेट्न घरतिर हिंडि पनि हाल्यो।

त्यस रात तबेलामा एक अनौठो घट्ना घट्यो। स्मेतान्काकी पनातिनी साइनो पर्ने त्यस खल्वाट घोडीको अपमान हुन जानु नै सके यसको मूल कारण हुँदो हो। मतलब, सारा घोडा-बथानकै त्यस दिन मानहानि हुन गएको ठानियो क्या रे! त्यो पनि यस्तो "लुते टट्टू" को तर्फबाट मानहानि भएको थियो जो मेलामा किनिएको थियो — न आमाको अत्तोपत्तो थियो, न त बाबुकै ठेगान! अथवा के पनि हुन सक्छ भने पिठ्यूँमा कुनै सवारबेगर अग्लो काँठी बाधिएको त्यो टाटेपाङ्रे घोडा एउटा विचित्रको तमाशा बन्न पुगेको थियो। के साना, के ठूला सबै घोडाहरू तीखा दाँत ङिच्च देखाउँदै त्यस टाटेपाङ्रे घोडाको पीछा गर्न लागिहाले। कुनै बेला त्यो एकतर्फ भाग्थ्यो त कुनै

बेला अर्कोतर्फ। उसका ख्याउटे ढाडमा पटापट खुर बजारिन थाले र ऊ पीडाले गर्दा चित्कार गर्न लाग्यो। घोडाले यस्तो सास्ती खप्नै सकेन, न त आफूमाथि धमाधम परिरहेको मार नै रोक्न सक्यो। ऊ एकाएक तबेलाको बीचमा टक्क रोकियो। उसको अनुहारमा पहिले दुर्बल बुढेसकालको झर्कोलाग्दो हलुका क्रोध झल्कियो, त्यसपछि गहिरो निराशाको भाव छायो। उसले कान झुकायो र सहसा एउटा यस्तो कुरा गऱ्यो जसले गर्दा साराका सारा घोडाहरू जहाँको त्यहीं नै एकाएक टक्क अडिए। भ्याजोपुरिखा भन्ने एउटी जेठीपाकी घोडी उसको बगलमा आइपुगी। उसले टाटेपाङ्रे बूढो घोडालाई सुँघी र लामो सास फेरी। टाटेपाङ्रे घोडाले पनि लामो सुस्केरा हाल्यो।

. . . . . .

अध्याय पाँच

जुनेली रातमा तबेलाको ठीक बीचमा टाटेपाङ्रे घोडाको अग्लो आकृति देखिन्थ्यो। उसको पिठ्यूँमा काँठी कसिएको थियो। अरू सबै घोडाहरू उसको वरिपरि चूपचाप उभिइरहेका थिए, मानौं उसको नौलो र अनौठो कुरा सुनेर छक्क परेका होउन्! हुन पनि उसबाट उनीहरूले नयाँ र आश्चर्यजनक कुरा थाहा पाएका थिए।

उसले त्यहाँ जे जति भनेको थियो सो यस प्रकार थियो।

. . . .

"हो, म लुबेज्नी प्रथम र बाबाको पुत्र हुँ। वंशावली-अनुसार मेरो नाउँ मुजिक प्रथम हो। जन्मकुण्डलीको नाम त मुजिक प्रथम भए तापनि मानिसहरू मलाई खोल्स्तोमेर* भनेर बोलाउँछन्। म लामो लामो पाइला सारेर हिंड्थे। रूसभरिमा अरू कोही पनि यस्तो लामो डग सारेर हिंड्दैनथ्यो होला। त्यसैले त मेरो नाम खोल्स्तोमेर राखियो। संसारभरिमा कुनै पनि घोडाको नसामा मेरो जस्तो खानदानी रगत बग्दैन। तिमीहरूको सामुन्ने पनि म कदापि यसको चर्चा गर्नेथिइनँ। किन गर्ने र? तिमीहरूले मलाई चिनेका नै कहाँ छौ र? अरूको त के कुरा, जब कि भ्याजोपुरिखाले समेत मलाई चिन्न सकिन! ऊ ख्रेनोभोमा पहिले मसंगै बस्थी, तर भर्खरै मात्र मलाई उसले चिनी। अहिले यो भ्याजोपुरिखा यहाँ नहुँदी हो त तिमीहरूले मेरो भनाइमा विश्वासै समेत गर्नेथिएनौ। म पनि तिमीहरूलाई यो कुरा बताउने नै थिइनँ। घोडाको बथानको दयामाया पनि मलाई चाहिएको छैन। परन्तु तिमीहरूले मलाई वाध्य गरिदियौ। हो, म त्यही खोल्स्तोमेर हुँ जसलाई पारखीहरू चारैतिर खोजेर हिंड्छन्, तर भेट्टोउन सक्तैनन्। म त्यही नै खोल्स्तोमेर हुँ जसलाई स्वयं ग्राफ समेत चिन्दथे। उनैले त मलाई अश्वशालाबाट निकाल्न लगाएका थिए, किनभने मैले उनको अति प्यारो घोडी लेबेदलाई एउटा घोडदौडमा उछिनेको थिएँ।"

---

* कपडा नाप्ने गज अर्थात् मापडण्ड। — अनु०

"जतिखेर म जन्मेको थिए त्यसताका टाटेपाङ्रे भनेको के हो भन्ने मलाई थाहा नै थिएन। म त आफूलाई घोडा मात्रै सम्झन्थें। मलाई अझै सम्झना छ, पहिलोपल्ट मेरो रङ्गको विषयमा टीकाटिप्पणी गरिएको बेला मलाई र मेरी आमालाई खूब दुःख लागेको थियो। हुन सक्छ, राति मैले जन्म लिएँ हुँला। बिहानसम्म त मेरी आमाले चाटीचाटीकन मेरो जिउ सफा गरिसकेकी थिइन् र म आफ्नो टाँगको बलमा उभिएको थिएँ। मलाई सम्झना छ, मेरो मनमा त्यतिखेर कुन्नि के हो एउटा इच्छा जागेको थियो। प्रत्येक कुरा अति नै आश्चर्यजनक तर यसको साथसाथै अत्यन्त सरल पनि लागिरहेको थियो। हाम्रो अस्तबल एउटा लामो बरण्डामा थियो। अश्वशालाका कोठाहरूमा पस्ने ढोकाहरूमा जाली लगाइएको थियो र त्यसबाट बाहिरको सबै कुरा देख्न सकिन्थ्यो। आमाले मलाई दूध चुसाउने कोशिश गरिन्, तर म त्यतिखेर कतिसम्म मूर्ख थिएँ भने कहिले आफ्नो थुतुनो आमाको अगिल्ला टाँगभित्र घुसार्थें त कहिले उनको छातीमा मुन्टोले धकेल्थें। एक्कासि आमाले जालीबाट बाहिर चियाएर हेरिन्, आफ्नो टाँग उचालेर मलाई नाघ्दै पछिल्तिर हटिन्। त्यस दिन जुन सईसको पालो परेको थियो उसले जालीबाट चियाएर भित्रतर्फ हेरिरहेको थियो।

"अहो! बाबाले त बच्चा पनि पाइसकिछ!" — साङलो खोल्दै उसले भन्यो। अस्तबलमा बिछ्याइएको ताजा भोतरमाथि पाइला सार्दै आएर उसले मलाई आफ्नो हातले

अँगालो हाल्यो। "ए, तारास! यता आइज त! हेर, ल!"–उसले कराउँदै भन्यो।–"यस बछेडोभन्दा बढ्ता टाटेपाङ्रे त च्याखुरा पनि हुँदैन होला!"

मैले उफ्रेर भाग्ने प्रयत्न गरें, तर घुँडा टेकेर उधमुन्टिन पुगें।

"ईस! शैतानको छाउरो!"–उसले भन्यो।

आमा हड्बडाइरहेकी थिइन्, तर मलाई बचाउने उनले कोशिश गरिनन्। केवल लामो लामो सास फेर्दै एकातिर पन्छिइन्। यत्तिकैमा अरू सयसहरू पनि आइपुगे र आँखा गाडेर मैलाई हेर्न लागे। एक जना सईस अश्वशालाको नाइकेलाई खबर गर्न गयो। सबै नै मेरो रङ्गीबिरङ्गी जिउ देखेर हाँस्न थाले र अनौठा-अनौठा नाउँ दिएर मलाई बोलाउन लागे। यस्ता नाउँहरूको अर्थ मैले त के मेरी आमाले समेत बुझ्न सकिरहेकी थिइनन्। त्यतिञ्जेल-सम्म हाम्रो कुलमा र हाम्रा नातेदारहरूको कुलमा समेत कुनै टाटेपाङ्रे घोडाले जन्म लिएको थिएन। घोडाको रङ्गमा कुनै नराम्रो कुरा हुन सक्छ भन्ने त हामीलाई थाहा पनि थिएन। तर त्यतिखेर पनि मेरो जिउडाल र बलबर्कतको चाहिं सबैले तारीफ नै गरिरहेका थिए।

"हेर न हेर, कति स्फूर्तिलो छ यो भर्खरै ब्याएको बछेडो!"–सईस भन्दैथियो।–"समात्न नै सकिंदैन ए गाँठे!"

केही बेरपछि नाइके पनि त्यहाँ आइपुग्यो। मेरो रङ्ग देखेर ऊ छक्क परिरहेको थियो र अलि व्याकुल र दिक्क पनि देखिन्थ्यो।

"यो रङ्गीबिरङ्गी भूत कहाँबाट आइपुग्यो हँ?"–

उसले भन्यो।—"जर्सापबाट त यसलाई अस्तबलमा राख्न समेत अनुमति पाइनेछैन। अरे, बाबा! तैंले मेरो आशा चकनाचूर पारिदिइस्!"—मेरी आमातर्फ फर्केर उसले भन्यो।—"यस टाटेपाङ्रे लवारपाँडेलाई जन्माउनुसट्टा त बरू खल्वाट बछेडो नै ब्याइदिएकी भए बेस हुन्थ्यो!"

मेरी आमाले केही पनि जवाफ दिइनन्, न त चलमल नै गरिन्। यस्तो बेलामौकामा लामो सुस्केरा लिनु सिवाय अरू गर्न नै के सकिन्छ र? त्यस बेला उनले पनि त्यसै गरिन्।

"यो शैतान जन्मेकै पनि किन होला? हूबहू मुजिक* जस्तै देखिन्छ मोरो! यसलाई अस्तबलमा त राख्नै पनि मिल्दैन। यसले त हाम्रो नाक नै काटिदिने भयो बा! तर बछेडो त राम्रै देखिन्छ, ज्यादै उम्दा लाग्छ!"—नाइकेले र अरू सईसहरूले पनि मलाई जाँच्दै भने। केही दिनपछि स्वयं जर्सापि मलाई हेर्न आए। उनी पनि मलाई देखेर जंगिए। मेरो जिउमा उम्रेको रौंको रङ्गको कारणले गर्दा सबैले मलाई र मेरी आमालाई भन्नु नभन्नु के के भने के के! तैपनि ज-जसले मलाई देखेका थिए उनीहरू सबै नै भन्नेगर्थे—"बछेडो त राम्रै छ, उम्दा नै होला जस्तो छ!"

घोडीहरूको अस्तबलमा हामी वसन्तसम्म नै रह्यौं। प्रत्येक बछेडो आफ्नो कोठामा आफ्नी आमाको साथमा नै राखिएको थियो। परन्तु घामको रापले गर्दा छानाको हिउँ पग्लिन थालेपछि त हामीलाई आफ्नी आमाको साथमा

---

* साधारण किसान।—अनु०

कहिलेकाहिं बाहिर खुला बरण्डामा पनि लग्नेगरियो। त्यहाँ ताजा सोतर बिछ्याएको हुन्थ्यो। त्यहीं नै पहिलोपल्ट आफ्ना नजिकका र टाढाका नातेदारहरूसंग मेरो भेटपरिचय भएको थियो। त्यहीं नै मैले त्यस जमानाका नामूद घोडीहरूलाई पनि आ-आफ्ना बछेडाहरूको साथमा बेग्ला-बेग्लै ढोकाहरूबाट बाहिर निस्कनेगरेको देखेको थिएँ। उनीहरूमध्ये नै बूढी गोलान्का, स्मेतान्काकी छोरी मूश्का, कास्नुखा र सवारीकी घोडी दोब्रोखोतिखा पनि थिए। आ-आफ्ना बछेडाहरूको साथमा उनीहरू पारिलो घाममा डुलफिर गर्नेगर्थे, सोतरमा लडीबुडी खेल्थे र बिल्कुलै साधारण घोडीहरूले झैं एक अर्कालाई सुँघ्नेगर्थे। त्यस जमानाका एकसेएक सुन्दरी घोडीहरूद्वारा भरिएको त्यस घोडागोठको दृश्य आजसम्म पनि म झल्झली सम्झनेगर्छु। तिमीहरूलाई पत्यार नपर्न सक्छ र आश्चर्य समेत लाग्न सक्छ, तर कुनै जमाना यस्तो पनि थियो जतिखेर म पनि नौजवान नै थिएँ र म पनि उफ्री-उफ्री खेल्नेगर्थें। त्यसैताका नै मेरो परिचय यही भ्याजोपुरिखासंग भएको थियो। त्यस बेला उसको उमेर एक सालको मात्रै हुँदो हो–बडो मिलनसार, हँसिली र दिलदार पनि थिई। म अहिले उसको चित्त दुखाउन चाहन्न, तर यति त मैले भन्नैपर्ला कि आज जुन घोडीलाई तिमीहरू बडो घरानियाँ ठान्दैछौ उसलाई त्यसताका सबभन्दा तल्लो जातको सम्झन्थे। भ्याजोपुरिखाले स्वयं नै मेरो भनाइको पुष्टि गर्ली।

टाटेपाङरे मेरो रङ्ग मानिसहरूलाई त एक फुट्टी पनि राम्रो लाग्दैनथ्यो, तर घोडाहरूलाई भने निकै मन परेको थियो। सबै घोडाहरू मेरो वरिपरि झुम्मिन्थे, मेरो सराहना

गर्थे र मसंग खेल्दथे। समय बित्दैगयो र मेरो टाटेपाङरे रङ्गबारे मानिसहरूको टीकाटिप्पणीमा पनि मैले ध्यान दिन छोडें र म अपार सुखको अनुभव गर्न लागें। तर छिटै नै मलाई आफ्नो जीवनको पहिलो दुःखको अनुभव भयो। मेरी आमा नै यसको कारण बन्न पुगेकी थिइन्। हिउँ पग्लन लागिरहेको थियो, छतको मुन्तिर भँगेराहरू चिरबिर गर्न थालेका थिए र सारा वातावरणमा नै वसन्तको छटा छाइसकेको थियो। मेरी आमाले मसंग अर्कै प्रकारको व्यवहार गर्न शुरू गरिन्। उनको स्वभावमा नै एकदमै फरक आइसकेको थियो। काहिलेकाहिं उनी अस्तबलमा दगुर्ने र उफ्रने गर्थिन् जुन उनको उमेरकी घोडीहरूलाई पटक्कै सुहाउँदैनथ्यो। अनि कहिले उनी उभिएको उभियै विचारमग्न हुन्थिन् र हिनहिनाउन लाग्थिन् त कहिले चाहिं अरू घोडीहरूलाई टोक्न र जिस्क्याउन लाग्थिन्। कहिले मलाई सुँघ्थिन् र बडो घृणाभावले घुर्न थाल्थिन् भने कहिले चाहिं आफ्नी झट्केली बहिनी कुप्चिखाको बगलमा घाम ताप्न जान्थिन् र आफ्नो टाउको उसको काँधमा अडयाएर सारा कुरा बिर्से झैं गरी निकै बेरसम्म उसको पीठमा कन्याइदिन्थिन्, तर मलाई चाहिं थुन चुस्न समेत दिंदैनथिन् र कतै म नजिक गएं भने बडो रूखो तवरले धकेलिदिन्थिन्। एकपल्ट अस्तबलको नाइके टुप्लुक्क आइपुग्यो र आमालाई लगामले बाँधेर कता हो कुन्नि लिएर गयो। आमा हिनहिनाइन्। मैले पनि हिनहिनाएर यसको जवाफ दिएँ र उनको पछि पछि दौडें। परन्तु उनले भने मतर्फ हेर्दा पनि हेरिनन्। न्इम तारासले मलाई आफ्नो अँगालोमा अँठ्याइहाल्यो

र ढोकामा ताल्चा नलगाउञ्जेल छोड्दै छोडेन। मैले दौडेर भागिहाल्ने जमर्को गरें र सईसलाई सोतरमा पछारिदिएँ। किन्तु ढोका बन्द भैसकेको थियो र आमाको हिनहिनाहट पनि प्रतिक्षण टाढिंदै गइरहेको थियो। फेरि त्यस हिनहिनाहटमा मलाई आह्वान गरिएको होइन, बरू अर्कै पुकार पो सुनिन्थ्यो। त्यो पुकार कसप्रति थियो भन्ने त पछि मात्र मलाई थाहा भयो। मेरी आमा कुनै अर्को घोडाको तिक्खर र सुरिलो आह्वानको जवाफ दिइरहेकी थिइन्। त्यो आवाज दोब्री प्रथमको थियो। दुई जना सईसहरू उसलाई डोऱ्याएर मेरी आमासंग भेट गराउन ल्याउँदैथिए। मेरो हृदयमा यसले गर्दा सारै ठूलो चोट पर्न गयो। तारास कुन्नि कुन बेला अस्तबलबाट बाहिर निस्कियो त्यसको समेत मलाई होश भएन। मलाई त के लाग्यो भने मैले सदासर्वदाको लागि नै आफ्नी आमाको ममता गुमाइसकेको छु र त्यो पनि यसै कारणले गर्दा कि मेरो रङ्ग नै टाटेपाङ्रे छ। म त यस्तै कुरा सोच्दैरहें। यस सम्बन्धमा मानिसहरूले भन्ने गरेका नाना थरीका कुराहरूको सम्झना हुँदा मलाई कस्तो जङ चल्थ्यो भने म अस्तबलको भित्तामा टाउको जोत्न र घुंडाले ठोक्न पुग्थें। त्यतिञ्जेलसम्म म यसरी भिड्थें जबसम्म मेरो जिउबाट खलखली पसीना बग्दैनथ्यो र म लस्त भएर गलेको अनुभव गर्दिनथें।

केही समयपछि आमा मकहाँ नै फर्केर आइन्। मैले बरण्डामा उनले कदम चालेको आवाज सुनें। त्यस दिन उनको दुलकी चाल अरू बेलाको जस्तो सामान्य थिएन। जब ढोका खेलियो र उनी भित्र दाखिल भइन् त मैले

बडो मुश्किलले मात्र उनलाई चिन्न सकें। उनी अति राम्री र तरूनी देखिएकी थिइन्। उनले मलाई सुंघिन्, लामो सास तानिन् र हिनहिनाउन लागिन्। उनको हरेक चालढाल-बाट के थाहा पाइन्थ्यो भने मप्रति अब उनमा कुनै ममता बाँकी छैन। उनी त मलाई दोब्रीकै सौन्दर्यको बयान गर्दैथिइन् र उसप्रति आफ्नो प्रेमबारे बताउँदै थिइन्। उनीहरूको भेटघाट त्यसपछि पनि कैयौंपल्ट भएको थियो र मप्रति मेरी आमाको व्यवहार पनि झन् झन् रूखो हुँदैगयो।

केही दिनपछि हामीलाई घाँसमा चराउन पनि लग्न थालियो। त्यस समयदेखि मलाई पनि एक नौलो किसिमको खुशीको अनुभव हुन थाल्यो र आमाको ममताको जुन अभाव थियो त्यो पनि केही हदसम्म पूर्ति हुन लाग्यो। मैले नयाँ साथीहरू र संगिनीहरू भेटें। हामीले संगसंगै घाँस चर्न, उमेरदार घोडाहरू झैं हिनहिनाउन र आफ्ना आमाहरूको अगलबगलमा दगुर्न र उफ्रन सिक्यौं। त्यो समय ज्यादै सुखमय थियो। मेरा सबै भूलचूकहरूको माफी दिइन्थ्यो। जो पनि मलाई प्रेम गर्थ्यो, मेरो मानमर्यादा गर्थ्यो र मेरा त्रुटिहरूतर्फ कत्ति पनि ध्यान दिंदैनथ्यो। तर यस्तो सुख धेरै दिनसम्म रहेन। छिटै नै एउटा भयानक घटना घट्यो।"—टाटेपाङ्रे घोडाले लामो सुस्केरा हाल्यो र घोडाहरूको माझबाट निकै पर हटेर गयो।

मिर्मिरे उज्यालो भैसकेको थियो। दैलो ख्यार्र गऱ्यो र नेस्तेर भित्र पस्यो। घोडाहरू पनि यताउता छरिए। घोडा-गोठालोले टाटेपाङ्रे घोडामा काँठी कस्यो र घोडाको बयानलाई चरनतर्फ धपाएर लग्यो।

अध्याय छ

दोस्रो रात

साँझपख घोडाहरू तबेलामा फर्काइए र तत्कालै उनीहरू फेरि टाटेपाङ्रे घोडाको चारैतर्फ झुम्मिइहाले।

"अगष्ट महीनामा मलाई आमाबाट अलग्याइयो।" – टाटेपाङ्रे घोडाले आफ्नो कथा जारी राख्दै भन्यो। – "यसबाट मलाई कुनै विशेष दुःख लागेन। मेरी आमाले पेटमा मेरो सानो भाइलाई बोकिराखेको पनि मैले देखें। त्यो पछि उसान नामले प्रसिद्ध भयो। आमाको निम्ति अब ममाथि पहिलेको जस्तो कुनै ममता नै थिएन। मेरो मनमा कुनै ईर्ष्या पनि थिएन। उनीप्रति मेरो स्नेह पनि चिसिइसकेको छ भन्ने म अनुभव गर्दैथिएँ। यति मात्र होइन, मलाई के पनि थाहा भैसकेको थियो भने आमाबाट अलग भएपछि मलाई बछेडाहरू राख्ने तबेलामा राखिनेछ जहाँ दुई-दुई वा तीन-तीन बछेडाहरू एक कठघरामा रहनेछन् र हामी सबैलाई दिनहुँ नै हावामा डुलाउन पनि लगिनेछ। मलाई मीली संगसंगै एउटै कठघरामा राखियो। मीली सवारी घोडा थियो र त्यो पछि सम्राट्को नै सवारी घोडा बन्न पुग्यो। चित्रकारहरूले उसको तस्वीर बनाए भने मूर्तिकारहरूले चाहिं उसको मूर्ति पनि ढाले। त्यतिखेर चाहिं ऊ एउटा मामूली बछेडा थियो, उसको छालाको रौं नरम र चिल्लो थियो, अनि गर्दन राजहंसको जस्तो थियो भने टाँग चाहिं झीना र सुलुत्त परेका थिए, मानौं ती बीणामा तन्क्याइएका तार होउन्! उसको स्वभाव

पनि हँसिलो, मिलनसार र दयालु थियो। ऊ जहिले पनि उफ्रेर वा दगुरेर खेल्न, साथीहरूलाई चाटेर माया गर्न र घोडा होस् वा मान्छे जससंग पनि जिस्किन तैयार रहन्थ्यो। संगसंगै रहँदा-बस्ता हाम्रो आपसमा गाढा मित्रता कायम भएको थियो र यो मित्रता हामी जवान रहुञ्जेल-सम्म नै मौजूद रहेको थियो। त्यसताका ऊ ज्यादै चञ्चल र प्रसन्नचित्त रहन्थ्यो। उसले त्यतिखेर नै साना बछेडी-हरूसंग छेडछाड र प्रेमको अभिनय गर्न थालिसकेको थियो र मेरो सूधोपनाको अक्सर हाँसो पनि उडाउनेगर्थ्यो। दुर्भाग्यवश भनौं वा आत्माभिमानवश भनौं, मैले पनि त्यही गर्न थालें जुन ऊ गर्नेगर्थ्यो। छिटै नै म पनि प्रेम-पाशमा बाधिइहालें। यही मेरो पहिलो प्रेमोन्माद नै मेरो जिन्दगीमा एक ज्यादै ठूलो परिवर्तनको कारण बन्यो। जे होस्, म प्रेममा परिसकेको थिएँ।

व्याजोपुरिखा मभन्दा एक वर्षले जेठी थिई। हामी दुवैको बीचमा घनिष्ठ मित्रता कायम थियो। परन्तु शरद्को अन्त्यतिर मैले के चाल पाएँ भने ऊ मलाई देखेर लज्जाउन थालेकी थिई।... परन्तु म आफ्नो यो प्रथम प्रेमको त्याग दुःखद बखान यहाँ गर्न चाहन्नँ। स्वयं उसलाई नै मेरो उन्मत्त प्रेमको सम्झना छ जसको कारणले गर्दा नै मेरो जीवनमा अति महत्वपूर्ण परिवर्तन हुन गएको थियो। घोडा-गोठालाहरूले धपाएर उसलाई मबाट छुट्याइदिए र मलाई चाहिं थिलोथिलो पारेर बेस्मारी चुटे। साँझ मलाई एक्लै एउटा खास कठघरामा लगेर बाँधिदिए। त्यहाँ रोएर नै मैले त्यो रात छर्लङ्ग काटें, मानौं भोलिपल्ट के हुने हो भन्ने कुराको मलाई पूर्वसंकेत मिलेको होस्!

२५

बिहान सबेरै जर्सापको साथसाथै अस्तबलको नाइके, सईसहरू, चिरूवादारहरू र घोडा-गोठालाहरू मेरो कठघराको बरण्डामा आए। ठूलो खैलाबैला मच्चियो। जर्सापले अस्तबल-को नाइकेलाई झपारे। नाइकेले आफ्नो सफाई दिंदै के भन्यो भने उसले त मलाई बाहिरतिर नै ननिकाल्ने अह्रोट गरेको हो तर सईसहरूले लापरवाही गरेका हुन्। सबैलाई कोर्राले पिटिनेछ भनेर जर्साप कड्किए र मलाई चाहिं खसी पारिदिने हुकुम दिए। जर्सापको मर्जीबमोजिम काम तमाम गरिनेछ भनेर नाइकेले वचन दियो। अनि सबै त्यहाँबाट हिंडिहाले। मैले चाहिं केही पनि अनुमान लगाउन सकेको होइन, तर मलाई केही त अवश्य नै गर्नभएका छन् भन्ने मैले बुझिहालें।

. . . .

. . . .

भोलिपल्टदेखि मेरो हिनहिनाहट सदाको लागि नै बन्द भइहाल्यो। म त्यो नै बनाइएँ जुन आज तिमीहरू देखिरहेका छौ। मेरो आँखामा संसार नै अर्कै भयो। कुनै कुराले पनि मेरो मन खुशी हुँदैनथ्यो। म त विरक्त भएर आफूमा नै तल्लीन रहन लागें। शुरू शुरूमा त मलाई कुनै कुरामा पनि रूचि लागेको थिएन। साथी-भाइहरूसंग उफ्रने-खेल्ने त के कुरा, मैले त खान, पिउन र घुम्न समेत छोडि-दिएको थिएँ। कहिलेकाहिं मलाई उफ्रने, नाच्ने र हिनहि-नाउने इच्छा अवश्य नै हुन्थ्यो, तर उत्लिखेरै मेरो मथिंगल-मा यस्तो भयङ्कर प्रश्न उठ्थ्यो: 'किन? केको लागि?' अनि मेरो सारा उत्साह नै मरेर जान्थ्यो।

एकपल्ट साँझपख मलाई घुमाउन भनेर बाहिर लगियो। [illegible] घोडाहरूलाई चरनबाट फर्काउँदै थिए। मैले [illegible]बाट धूलोको मुस्लो उड्दै आइरहेको देखें। त्यसमा [illegible] सबै घोडीहरूको अस्पष्ट तर चिरपरिचित आकृति [illegible] देखिन्थ्यो। तिनको आनन्दित हिनहिनाहट र टापको [illegible] पनि मेरो कानमा पऱ्यो। म टक्क अडिएँ। सईसले [illegible] घाँटीमा बाँधिएको डोरी जोडले तान्न थाल्यो। यसले [illegible] मेरो गर्दनको छाला समेत खुल्कियो। तर म उभिइ[illegible] र नजिकिंदै आइरहेको घोडाको बथानलाई आँखा [illegible] त्यसरी नै हेर्न लागें जसरी मानिसहरू त्यस सुखलाई [illegible] बाडेर हेर्छन् जुन नफर्किने गरेर सदाको लागि बिदा [illegible] हुन्छ। जब घोडाहरू नजिक आए त मैले एक [illegible] चिनिहालें – सबै मेरा चिरपरिचित थिए। कति [illegible] गर्विला, तगडा र हृष्टपुष्ट थिए उनीहरू! कसै-[illegible] मनर्फ पुलुक्क हेरे पनि। सईसले तारन्तार डोरी [illegible] थियो, तर म भने पीडा पनि अनुभव गरि-[illegible] थिइनें। सारा कुरा बिर्सेर म पहिले झैं हिनहिनाएँ [illegible] उनीहरूतर्फ। परन्तु मेरो हिनहिनाहट अति नीरस, [illegible] र भद्दा लागिरहेको थियो। घोडीहरूमध्ये कोही [illegible] देखिएन। कैयन् घोडीहरूले त अदबको ख्याल [illegible] मनर्फ पीठ समेत फर्काए। के चाल पाइन्थ्यो भने [illegible] उनीहरूको नजरमा तुच्छ, घृणित र दयनीय [illegible] थिएँ। सबभन्दा बढ्ता अप्रिय कुरा त के भने [illegible] हास्यास्पद हुन पुगेको थिएँ। मेरो झीनो र अनाकर्षक [illegible] ठूलो टाउको (म त्यतिखेर दुब्लाएर हल्लन-[illegible] थिएँ), मेरा लामा-लामा कुरूप टाँग र

मेरो भद्दा दुलकी चाल – यी सबै कुरा देखेर सके उनीहरूले आफ्नो हाँसो नै रोक्न सकिरहेका थिएनन् होला। अझ म भने पहिले-पहिले झैं नै सईसको वरिपरि रमाउँदै नाचिरहेको थिएँ। मेरो हिनहिनाहटको जवाफसम्म पनि कसैले दिएन। सबैले मबाट मुख फर्काए। अनि एकाएक सबै कुरा मैले बुझिहालें। उनीहरूको दृष्टिमा त अब म सदासर्वदाको लागि हिजडा बनिसकेको थिएँ। मेरो मन साह्रै खिन्न भयो। कुन्नि, कसरी म घर आइपुगें, मलाई थाहा नै भएन।

मेरो स्वभाव पहिलेदेखि नै गम्भीर र चिन्तनशील थियो। अब त म अझ बढ्ता विचारमग्न हुन पुगें। मेरो टाटेपाङ्रे रङ्ग देखेर मानिसहरू घिन मान्दै नाक खुम्च्याउँथे। त्यसमाथि थप अझ यो सोच्दै पनि नसोचिएको दुर्भाग्य र झर्रा जातका घोडाहरूको माझमा मेरो त्यस्तो विशेष स्थितिले गर्दा म सोचसागरमा डुब्न वाध्य हुन गएको थिएँ। अस्तबलमा आफ्नो अनौठो स्थितिको बोध मलाई नभएको होइन, तर मैले त्यसको कारण ठम्याउन सकिरहेको थिएन। मान्छे कतिसम्म अन्यायी हुन सक्दो रहेछ जो मेरो रङ्ग टाटेपाङ्रे हुनुमा मेरै पो दोष ठान्छ भनेर म मनमनै सोच्नेगर्थें। आइमाईहरूको प्रेमको त के कुरा, आमाको ममता समेत कति अस्थिर हुँदो रहेछ भन्ने पनि म सोच्न पुग्थें। आईमाईहरूको प्रेम त केवल शारीरिक आकर्षणमा मात्रै निर्भर रहने कुरा न ठहरियो! किन्तु सबभन्दा बढ्ता म त्यस अनौठो जीवको बारेमा नै विचार गर्थें जो मान्छे भनिन्छ। हुन पनि हाम्रो जीवनमा यस जातका जीवहरूको नै विशेष महत्वपूर्ण स्थान छ।

मान्छेको सन्के स्वभावको कारणले गर्दा नै त मैले आफैले पनि यस्तो अनौठो स्थिति भोग्नुपरेको छ। अस्तबलमा आफ्नो यस्तो स्थितिको मलाई बोध त छ, तर त्यसलाई बुझ्न चाहिं सकेको थिइनँ। एक दिन यस्तो घटना पनि घट्यो जसले मान्छेको यस्तो स्वभाव र विशेषताको रहस्य मेरो सामुन्ने स्पष्ट हुन गयो।

यो हिउँदका उत्सवहरूको कुरा हो। एकपल्ट दिनभरि नै मलाई न खान दिइयो, न त पिउन नै! पछि मलाई के थाहा भयो भने सईस रक्सी लागेर टन्न भएको हुँदा नै यस्तो हुन गएको थियो। त्यस दिन अस्तबलको नाइकेले आएर मेरो कठघरामा हेऱ्यो। मलाई चारादाना केही पनि नदिएको देखेर उसले सईसलाई उसको पीठपछाडि जथाभावी गाली गऱ्यो र त्यहाँबाट हिंडिहाल्यो। अर्को दिन सईस र उसको एक जना साथी मेरो कठघरामा सुकेको घाँस हाल्न आए। सईसको अनुहार ज्यादै पहेंलो र उदास देखिन्थ्यो। उसको ढाड देख्नेबित्तिकै मलाई अपार दया लागेर आयो। उसले खूब रीस पोख्दै आरीमा घाँस झोंकिदियो। मैले ज्यादै प्यारो गर्दै उसको काँधमा टाउको राख्न मात्रै के राखेको हुँदो हुँ, उसले त जङ्ग रिसाएर मेरो नाकमा जोडले एक घुस्सा चखाइहाल्यो। अनि मेरो पेटमा समेत एक लात दियो।

"यो लुते खच्चर यहाँ नहुँदो हो त केही पनि हुने नै थिएन।"—उसले भन्यो।

"किन र?"—अर्को सईसले सोध्यो।

"जर्सापका बछेडाहरूको चाहिं मोरो खोजखबर नै गर्दैन। उनीहरूले चारादाना पाउन् वा नपाउन् उसलाई

कुनै चासो हुँदैन। तर 'आफ्नो' बछेडोको हेरविचार गर्न भने दिनको दुईपल्ट अन्नभरिन आइपुग्छ।"

"के यो टाटेपाङरे उसले बकस पाइसक्यो र?"—अर्को चाहिंले सोध्यो।

"दैव नै जानोस्—उसले बकस पाएको हो कि किनेकै पो हो! जर्सापका बछेडाहरू भोकभोकै मरे पनि कस्को के बित्छ र? तर 'उसको' बछेडालाई चारादाना नदिने हिम्मत नै कसले गर्ला! मलाई भुइँमा पल्टिने आदेश फर्मायो र दिन थाल्यो चाबुकले दनक! तैपनि मोरो आफूलाई ईसाई भन्छ। उसलाई भने मान्छेभन्दा जनावर बढी प्यारो छ। भगवान्को रत्तीभर पनि डर छैन उसलाई! आफैंले गनीगनीकन कोर्रा ठोकाउन लगायो नरपशु मोरोले! जर्सापबाट कहिल्यै पनि कसैलाई यतिबिधि कोर्रा ठोकाइबक्सिन्न। त्यसले त मेरो ढाडको छालै खुइलिने गरेर गोद्न लगायो। त्यस पापीको मनमा दयामाया भनेको रत्तिभर पनि छैन।"

ईसाईको व्यवहार र कोर्राको पिटाइबारे जे जति उसले भनेको थियो त्यो त मैले राम्रैसंग बुझें। परन्तु 'आफ्नो' बछेडो र 'उसको' बछेडो भन्ने जुन शब्दहरूको प्रयोग गरिएको थियो त्यसको चाहिं मैले कुनै अर्थ नै पहिल्याउन सकिनँ। तैपनि कतिसम्म आसय बुझियो भने उसले मेरो र नाइकेको बीचको कुनै प्रत्यक्ष सम्बन्धतर्फ औंल्याएको थियो। परन्तु त्यतिखेर यो कस्तो सम्बन्ध हो भन्ने मैले बुझिसकेको थिइनँ। यसको राम्रो बोध त पछि मलाई त्यतिखेर मात्र भयो जब मलाई अरू घोडाहरूबाट अलग्याएर राख्न थालियो। त्यसताका त मलाई सम्झाइएको नै भए

पनि म कुनै मान्छेको सम्पत्ति हुन सक्छु भन्ने कुरा मैले बुझ्नै सक्नेथिइनँ। मलाई लक्ष्य गरेर कसैले म जस्तो एउटा जिउँदो प्राणीलाई समेत 'मेरो' घोडा भनेको म [illegible]निकै अनौठो ठान्थे जति कसैले 'मेरो' जग्गा, 'मेरो' [illegible] र 'मेरो' पानी भनेको सुन्दा अनौठो लाग्छ।

परन्तु यी शब्दहरूको ममाथि ठूलो असर पर्‍यो। म [illegible]घडी नै यसैको विषयमा विचार गर्न लागें। यी शब्दहरूको पूरा अर्थ त्यति बेला मात्र खुलस्त भयो जब मान्छे[illegible] नाना थरीको मलाई सरोकार पर्न थाल्यो। अनि [illegible] अनौठा शब्दहरूको अर्थ पनि मैले बुझें — मानिसहरू [illegible]नमा कार्यको होइन, बरू शब्दको अनुसरण गर्छन्। [illegible] कुनै काम गर्ने वा नगर्ने सम्भावना पाइयोस् भन्ने [illegible] गर्दैनन्, बरू केही औपचारिक शब्दहरूलाई [illegible] वस्तुहरूसंग जोडिदिने सम्भावना नै मन पराउँ[illegible] उनीहरूले सबभन्दा बढी महत्व दिने शब्दहरू हुन् — [illegible] र आफ्नो। यी शब्दहरूलाई नै उनीहरू विभिन्न [illegible] वस्तुहरू र प्राणीहरूको सम्बन्धमा प्रयोग गर्छन्, [illegible] भने जग्गाजमीन, मान्छे र अझ घोडाहरूको [illegible] समेत! कुनै एक चीजलाई 'मेरो' भन्ने अधि[illegible] एक जनालाई मात्र हुनेछ भन्ने उनीहरूले सम्झौता [illegible] छन्। उनीहरूबीच भएको यसै सम्झौताअनुसार [illegible] यस खेलमा बाजी मार्नेछ अर्थात् जसले सबभन्दा [illegible] वस्तुहरूलाई 'मेरो' भन्न पाउनेछ उसैलाई नै उनीहरू [illegible] ठान्छन्। यस्तो किन हुन्छ भन्ने त मेरो समझमा [illegible] कुरा यस्तै छ। मैले पहिले निकै समयसम्म [illegible] रूपमा कुनै प्रत्यक्ष लाभ हुन्छ होला भनेर

यसको व्याख्या गर्न खोजेको थिएँ, तर यो न्यायसंगत ठहरिएन।

जो मलाई आफ्नो घोडा ठान्थे ती मानिसहरूमध्ये अधिकांशले ममाथि सवारी नै चलाउँदैनथे। सवार हुने चाहिं अक्सर कोही अरू नै हुन्थ्यो। मलाई चारादाना पनि उनीहरूले होइन, अरूहरूले नै दिनेगरेका थिए। मलाई कोही दयामाया गर्थे त ती पनि पराई मानिसहरू नै हुन्थे, जस्तै चिरूवादार, सईस, कोचवान इत्यादि, न कि उनीहरू जो मलाई आफ्नो घोडा भन्नेगर्थे। यस प्रकार आफ्नो निरीक्षणको क्षेत्र विस्तार गर्दै लगेर गरिएको गहन विश्लेषणपश्चात् म कुन निष्कर्षमा पुगें भने केवल हामी जस्ता घोडाहरूको सम्बन्धमा मात्र होइन, बरू सबै कुरामा समेत 'मेरो' र 'आफ्नो' भन्ने धारणाको आधार त्यही क्षुद्र मानव स्वभाव मात्रै हो जसलाई उनीहरू स्वयं स्वामित्वको भावना या अधिकार भन्छन्। कोही भन्छ—'यो घर मेरो हो।' परन्तु ऊ कहिल्यै पनि त्यस घरमा बस्दैन। उसले त त्यो घर बनाउन लगाउँछ र त्यसको स्याहारसम्भार र रेखदेख मात्र गर्छ। कुनै व्यापारी भन्छ—'मेरो पसल' अथवा 'मेरो कपडा पसल'। तर उसले आफ्नो पसलमा भएको सबभन्दा बढिया कपडाको लुगा चाहिं आफूले लगाउँदैन। यस्ता पनि मान्छेहरू हुन्छन् जो कुनै एक टुक्रा जग्गालाई आफ्नो भनेर दाबी गर्छन्, तर उनीहरूले त्यस जग्गालाई आफ्नो आँखाले देखेका समेत हुँदैनन्, न त त्यसमा कहिल्यै टेकेकै पनि हुन्छन्। यस्ता मान्छेहरू पनि पाइन्छन् जो अन्य मान्छेहरूलाई समेत आफ्नो सम्पत्ति ठान्छन्। उनीहरूले कहिल्यै पनि यी मान्छेहरूलाई देख्दै

नदेखेको समेत हुन सक्छ। बस्, यिनीहरूसंग उनीहरूको सम्बन्ध भन्नु नै कति मात्र हुन्छ भने यिनीहरूलाई उनीहरूले दुःखयातना मात्र भोगाउनेगरेका हुन्छन्। यस्ता मान्छेहरू पनि देखिन्छन् जो कतिपय आइमाईहरूलाई आफ्नी स्वास्नी वा पत्नी भन्दछन्, तर यी स्वस्नीमान्छेहरू अरू नै लोग्ने-मान्छेसित सम्बन्ध राख्छन्। यी मान्छेहरूको जीवनको उद्देश्य नै सकभर अर्काको भलाई गर्नु चाहिं हुँदैन, बरू अर्कोभन्दा बढी वस्तुहरूलाई 'आफ्नो' भन्न खोज्नु नै हुन्छ। यही नै मान्छे र हाम्रो बीचको मुख्य अन्तर हो। जे होस्, मैले चाहिं यस्तै ठान्न थालेको छु। अन्य गुणहरूको तुलना गर्ने हो भने पनि यही एक मूल अन्तरको आधारमा म के ठोकुवा गर्न सक्छु भने जीवजन्तुहरूको मर्यादाक्रममा हाम्रो स्थान मान्छेको भन्दा एक खुड्किलो माथि नै पर्छ। जहाँसम्म मेरो आफ्नो अनुभवको कुरा छ, त्यसको हकमा म के भन्न सक्छु भने मान्छेहरूको कार्यकलापको निर्देशन शब्दद्वारा हुन्छ, तर हाम्रो चाहिं कामद्वारा। जे होस्, मलाई 'आफ्नो' घोडा भन्ने अधिकार अस्तबलको नाइकेले पाइसकेको थियो। त्यसैले त उसले सईसलाई कोर्रा लगायो। यो कुरा थाहा पाउँदा र यसको साथै मेरो टाटे-पाटे रङ्गको कारणले गर्दा मानिसहरू मसंग यस्तो व्यवहार गर्छन् भन्ने समेत सोचविचार गर्दा म अवाक् भैहालें। अरु आमाको चर्तिकलाको कारणले गर्दा त म उदास छँदै थिएं। यी सबै कुराहरूले मलाई अझ बढी क्षुब्ध र चिन्तन-शील बनाइदिए र आज म यस्तै रूपमा तिमीहरूको सामु छु पनि।

मैले तीन किसीमका दुर्भाग्यहरूको शिकार बन्नुपर्‍यो:

एक त म टाटेपाङरे थिएँ। दोस्रो – मलाई हिजडा पारियो। तेस्रो – भगवान्को सम्पत्ति या सबै जीवधारीहरूको लागि स्वाभाविक नै हुने स्वतन्त्र प्राणी ठानिनुको साटो मलाई अस्तबलको नाइकेको सम्पत्ति तुल्याइयो।

मान्छेहरूको यस्तो धारणाको अनेक कुपरिणाम त मैले पो भोग्नुपऱ्यो। पहिलो कुरा त के भने मलाई अलग्याएर राख्न थालियो। म अरूको भन्दा राम्रै खुराक पाउँथें, कसरत पनि बढी गराइन्थ्यो र छिटो नै मलाई जोताउन पनि थाले। जब पहिलोपल्ट मलाई गाडामा नारेका थिए, त्यति बेला मेरो उमेर तीन वर्षको मात्र थियो। त्यस दिनको मलाई अझैंसम्म पनि राम्रै सम्झना छ, जतिखेर मलाई आफ्नो सम्पत्ति ठान्ने त्यस अस्तबलको नाइकेले एक हुल सईसहरूलाई बटुलेर ल्याएको थियो र निकै फूर्ति गरेर मलाई बाँध्न लगाएको थियो। म प्रतिरोध गर्दै उधुम मच्चाउँला र काबूमा ल्याउन गाह्रो पर्ला भन्ने उसले ठानेको थियो। उनीहरूले मेरो ओंठ काटिदिए, गाडाको जुवामुनि धकेलेर मलाई डोरीले बेसरी बाँधबूँध पारे, मेरो पिठ्यूँमा क्रस पार्दै छालाको फराकिलो पेटीले बाँधेर त्यसलाई जुवामा जोडिदिए। मैले पछिल्ला टाँगले लात मार्न नसकूँ भनेर नै यो सब बन्दोबस्त गरिएको थियो। त्यतिखेर म काम गर्न कति उत्सुक छु र कस्तो लगन-शीलताका साथ काम गर्ने मन छ भन्ने देखाउन पाइने मौकालाई मात्र म पर्खेर बसेको थिएँ।

जब मैले एउटा सधाइएको घोडाले जस्तै पाइला सारें, त्यतिखेर उनीहरू सबका सब नै तीन छक परे। उनीहरूले मलाई दौडाउन थाले र मैले दुलकी चालमा दगुर्ने जमर्को

गरें। दिन प्रतिदिन मैले तरक्की गर्दैलगें। तीन महीना जनि पछि नै जर्साप र अरू पनि कैयन् मान्छेहरूले मेरो चालको प्रशंसा गर्न लागे। तर अचम्मको कुरा त के भने उनीहरूको धारणाअनुसार म स्वयं आफ्नो थिइनँ, बरू अस्तबलको नाइकेको सम्पत्ति थिएँ। त्यसैले गर्दा उनीहरूको निम्ति मेरो चालको पनि केही अरू नै अर्थ हुन गयो।

मेरा दाजुभाइ अन्य घोडाहरूलाई घोडदौडमा पनि नचाइन्थ्यो, उनीहरूको हरेक चाल बहीखातामा दर्ता गरिन्थ्यो, मान्छेहरू उनीहरूलाई हेर्न आउँथे, सुनको जलप लगाइएका बग्गीहरूमा उनीहरू नारिन्थे र उनीहरूको पिठ्यूँमा पनि मूल्यवान् साजबाजहरू झुण्डिएका हुन्थे। तर म चाहिं नाइके-को मामूली गाडामा नारिन्थें र उसैको काममा मैले अक्सर चेस्मेन्का र अन्य गाउँहरूमा जानुपर्थ्यो। यो सबैको कारण के थियो भने म टाटेपाङ्रे थिएँ र उनीहरूको भनाइअनु-सार मेरा मालिक पनि कुनै जर्साप नभएर अस्तबलको रेखदेख गर्ने एक मामूली नाइके मात्र थियो।

म नाइकेको सम्पत्ति हुँ भन्ने उसको धारणाले गर्दा मैले के कस्ता दुःखयातनाहरू भोग्नुपऱ्यो ती सबैको बेलीबिस्तार नमरी बाँचे कालले साँचे म भोलि लगाउँला।"

त्यस दिन घोडाहरूले खोल्स्तोमेरप्रति बडो सम्मान र आदरको व्यवहार गरे। तर नेस्तेरको व्यवहार चाहिं पहिलेकै जस्तो क्रुर थियो। कुनै एक किसानको मरन्च्याँसे बछेडो घोडाहरूको बथानमा पुगेर हिनहिनायो र कैली घोडी चाहिं फेरि उससंग नखरा गर्दै जिस्किन लागी।

अध्याय सात

तेस्रो रात

आकाशमा नयाँ जून उदाएको थियो र अर्धचन्द्रको मृदु किरण खोल्स्तोमेरको जिउमा परिरहेको थियो। ऊ तबेलाको माझमा उभिएको थियो। सबै घोडाहरू उसको वरिपरि झुम्मिरहेका थिए।

"म न इश्वरको थिएँ, न त जर्सापकै थिएँ, बरू अस्त-बलको नाइकेको पो थिएँ। यसको विस्मयकारी परिणाम के भयो भने मेरो तेज चाल, जुन कुनै पनि घोडाको सबभन्दा ठूलो गुण मानिन्छ, मेरो निर्वासनको कारण बन्यो।" – टाटेपाङ्रे घोडाले आफ्नो कथा जारी राख्दै भन्यो। – "कुनै एक दिन लेबेदलाई कसरत गराइँदैथियो। अस्तबलको नाइके चेस्मेन्काबाट फर्केर आएको थियो र मलाई उसले घोडदौडको मैदानमा लिएर गयो। लेबेद हाम्रै बगलबाट पार भएर गयो। त्यो दगुर्न त राम्रो नै दगुर्थ्यो, तर स्वाँग ज्यादा पार्थ्यो। फेरि उसले त्यस किसिमबाट दगुर्न पनि जानेको थिएन जुन मैले खूब अभ्यास गरेर सिकिसकेको थिएँ। मेरो एक टाँग जसै भुइँमा पर्थ्यो, अर्को टाँग तुरून्त उठिहाल्थ्यो। यसले गर्दा अलिकति पनि परिश्रम खेर जाँदैनथ्यो र पाइला पाइलामा जिउ अगिल्तिर मात्रै बढ्दैरहन्थ्यो। लेबेद हाम्रो छेवैबाट अगाडि गयो। म पनि घोडदौडको मैदानतर्फ लम्किएँ र नाइकेले पनि मलाई रोक्ने कोशिश गरेन। 'मेरो टाटेपाङ्रेको बलबर्कत दाँजेरै हेरौं त?' – उसले भन्यो। अर्को बाजि जब लेबेद फेरि मेरो हाराहारीमा आइपुग्यो, उसले लगाम खुकुलो

गरिदियो। लेबेदको गति निकै तीव्र भैसकेको थियो, त्यसैले पहिलो चक्करमा म केही पछि परें। परन्तु दोस्रो चक्करमा चाहिं तेज गतिले दगुर्दै म उसको गाडीसम्म नै पुगें, अनि सँगसँगै दगुर्न थालें र आखिर मैले उसलाई उछिनिहालें। त्यसपछि फेरि दौड गराइयो। यसको नतीजा पनि त्यस्तै निस्कियो। मेरो दौड निकै तेज थियो। यसले गर्दा सबै नै डराए र मलाई कतै टाढा लगेर बेचिदिने फैसला गरियो, ताकि मेरो खोजखबर नै कसैले लिन नपाओस्! 'जर्सापसम्म यो कुरा पुग्यो भने ठूलो काण्ड मच्चिनेछ!'–उनीहरू भन्दैथिए। मलाई कुनै एक जना घोडाव्यापारीको हातमा बेचियो र तीनघोडे बग्गीको मूली घोडाको ठाउँमा मलाई जोतियो। घोडाव्यापारीको साथमा पनि म धेरै लामो समयसम्म रहिनँ। उसले एक जना यस्तो हुस्सारको हातमा मलाई बेचिदियो जो घोडाकै खोजमा निस्केको थियो। मप्रति कति निर्मम र अन्यायपूर्ण व्यवहार गरिएको थियो भने अब मलाई ख्रेनोभोबाट बाहिर लैजान थालियो र मलाई त्यहाँ जे जति चीजहरू प्यारा र आफन्त लाग्थे ती सबैबाट सदासर्वदाको लागि विमुख तुल्याइयो, त्यतिखेर पनि मलाई पटक्कै दुःख लागेन। पुराना साथीभाइहरूसंग छुट्टिनु पर्नु नै अब मेरो निम्ति असह्य भैसकेको थियो। अरूहरूले प्रेम, प्रतिष्ठा र स्वतन्त्रता–सबै कुरा पाएका थिए, मेरो पुर्पुरोमा भने सासको धुक्धुकी बाँकी रहुञ्जेल-सम्म नै कडा परिश्रम र तिरस्कार मात्र लेखिएको थियो। किन? यो सब केको लागि? किन रे भने म टाटे-पाटे थिएँ। यसै कारण नै मलाई अरू नै कसैको सम्पत्ति बनाइएका थिए।"

त्यस राति खोल्स्तोमेरले यसभन्दा बढ्ता अरू केही भन्न सकेन। तबेलामा एउटा यस्तो घटना घट्न गएको थियो जसले गर्दा सबै घोडाहरू उत्तेजित हुन पुगेका थिए। कुप्चीखा नाउँकी घोडी, जसले पेट बोकिराखेकी थिई, बडो ध्यानपूर्वक टाटेपाङ्रे घोडाको कथा सुन्दैथिई। परन्तु एकाएक ऊ फनक्क घुमी र बिस्तार-बिस्तार कटेरोतर्फ लागी। त्यहाँ पुग्नासाथ उसले अति तिक्खर स्वरमा चित्कार गरी। सबै घोडाहरूको ध्यान उतैतर्फ आकृष्ट भैहाल्यो। उनीहरूले के देखे भने त्यहाँ त्यो घोडी कहिले भुइँमा लडीबुडी खेल्थी, कहिले चाहिं छटपटाउँदै जुरुक्क उठ्थी र त्यसपछि फेरि गुँडुल्किन पुग्थी। बूढी घोडीहरूले त उसको हालत बुझिहाले, तर तरूना बछेडाहरू चाहिं बिघ्नै हड्बडाए र हिजडा टाटेपाङ्रे घोडालाई जहाँको त्यहीं छोडेर व्यथाले छट्पटाइरहेकी घोडीको वरिपरि झुम्मिन पुगे। बिहानपख त्यहाँ एउटा अर्को बछेडो आफ्ना लडखडाउँदा खुट्टाहरूको भरमा उभिइरहेको देखा पर्‍यो। नेस्तेरले तबेलाको नाइकेलाई डाक्यो। उसले घोडी र बछेडोलाई अस्तबलमा लिएर गयो। नेस्तेरले बाँकी सबै घोडाहरूलाई धपाउँदै बाहिर निकाल्यो।

अध्याय आठ

चौथो रात

साँझपख, जब ढोका बन्द भयो र चारैतिर निस्तब्धता छायो, टाटेपाङ्रे हिजडा घोडाले आफ्नो कथा जारी राख्दै यसो भन्यो :

"जसै म एक हातबाट अर्को हातमा बेचिंदैगएँ, मान्छे र घोडाहरूको विषयमा मेरो जानकारी पनि बढ्दैगयो। सबभन्दा बढी समय म आफ्ना दुई जना मालिकहरूको साथमा रहें। एक जना रजौटा थिए जो अश्वारोही सेनामा अफिसर थिए र अर्को चाहिं एक बृद्ध महिला थिइन् जो निकोलाइ याम्लेनी गिर्जाघरनजिकै बसेकी थिइन्।

आफ्नो जीवनको सबभन्दा सुखमय समय मैले अश्वारोही अफिसरको साथमा बिताएँ।

हुन त उसैले गर्दा नै मेरो जीवन बर्बाद पनि भयो। आफ्नो जीवनभर उसले न कुनै मानिसलाई कहिल्यै प्रेम गर्‍यो, न त कुनै अरू कुरालाई। परन्तु म यसै कारणले गर्दा उसलाई प्रेम गर्थें। ऊ सुन्दर, सम्पन्न र सुखी पनि थियो। त्यसैले ऊ कसैलाई माया पनि गर्दैनथ्यो। यस भावनालाई तिमीहरू बुझ्न सक्छौ, किनभने यो हामी घोडाहरूको उत्कृष्टतम भावना हो। मप्रति उसको उपेक्षा र निर्दयता, अनि उसमाथि मेरो निर्भरता—यसले गर्दा उसप्रति मेरो प्रेमले एक विशेष बल प्राप्त गरेको थियो। 'मलाई खूब पिट, थिलथिलो पार र गोदेर मारि नै देऊ! यसबाट मलाई अझ बढ्ता खुशी लाग्नेछ।'—ती सुखद दिनहरूमा म यस्तो सोच्नेगर्थें।

अस्तबलको नाइकेले जुन घोडा-व्यापारीको हातमा मलाई आठ सय रूबलमा बेचिदिएको थियो त्यसैबाट अश्वारोही अफिसरले मलाई किनेको थियो। अरू कसैसंग पनि म जस्तो टाटेपाङरे घोडा नभएको हुँदा उसले मलाई मन पराएको थियो। मेरो जीवनका ती सुखमय दिन थिए।

उसले एउटी रखौटी राखेको थियो। यो कुरा मलाई किन थाहा हुन गएको थियो भने म मालिकलाई हरेक दिन उसकहाँ लिएर जानेगर्थें र कहिलेकाहिं त दुवै जनालाई नै संगसंगै घुमाउन पनि लग्थें। उसकी रखौटी अति हिसी परेकी थिई। ऊ स्वयं पनि सुन्दर थियो र उसको कोचवान समेत सुन्दर थियो। यसै कारण म उनीहरू सबैलाई प्रेम गर्थें। मेरो खुशीको कुनै सीमा थिएन। त्यसताका मेरो दिनचर्या यस्तो हुन्थ्यो: बिहानै चिरूवादार मेरो हेरविचार गर्न आउँथ्यो, स्वयं कोचवान आउँदैनथ्यो कि चिरूवादार आउँथ्यो। चिरूवादार ज्यादै नै ठटेउलो ठिटो थियो र ऊ एक किसानको छोरो थियो। ऊ ढोका ह्वाङ्ङै खोलिदिन्थ्यो जसले गर्दा भित्रको गन्हाउने हावा सफा हुन्थ्यो, अनि लिदी सोहरेर फ्याँक्थ्यो, त्यसपछि उपर्ना झिकिदिन्थ्यो र बुरूसले मेरो आङ मल्न थाल्थ्यो। भुवा झरेर काठ ठोकेको भुइँमा सेता रेखाहरू पर्दथे। मेरो खुरमा ठोकिएका नालहरूले गर्दा भुइँका फल्याकहरूमा ठाउँ-ठाउँमा खाल्टाखुल्टी परिसकेको थियो। म बेला-बेलामा खुट्टा बजार्थें र ख्याल-ख्यालमा चिरूवादारको बाहुलामा दाँत गाड्नेगर्थें। अनि आलोपालो गरी ऊ हामीलाई एउटा चीसो पानीको खँड्कलोनेर डोऱ्याएर लान्थ्यो। त्यहाँ ऊ मेरो सुडौल जिउको राम्रो निरीक्षण गर्थ्यो र आफ्नो श्रमको पनि तारीफ गर्थ्यो। उसैको सेवासुश्रुषाको कारणले गर्दा मेरो जिउ पनि निकै नै लागेको थियो। ऊ मेरो शरीरको सबै अङ्गप्रत्यङ्ग नियालेर हेर्थ्यो। मेरा टाँगहरू वाण जस्तै सीधा थिए र खूब हृष्टपुष्ट पनि थिए। ढाड र पुट्ठा चाहिं कतिसम्म मुलायम र चिल्ला थिए भने त्यहाँ हात

गर्दा मुन्ल चिप्लनेगर्थ्यो। अग्ला अग्ला जालीपछिल्तिर-बाट मेरो निम्ति पराल र घाँस, अनि काठको आरीमा चाहिं जौं हालिन्थ्यो। अन्त्यमा बडाकोचवान फेओफान भित्र पस्थ्यो।

कोचवान र मालिकबीच निकै समानता थियो। ती दुवै जना न कसैसित डराउँथे, न त आफूबाहेक अरू कसैलाई माया गर्थे। यसै कारण सबै नै उनीहरूलाई प्रेम गर्थे। फेओफान रातो रङ्गको कमीज, मखमली पतलून र इस्टकोट लगाउँथ्यो। बिदाको दिन जब ऊ कपालमा बास्नादार तेल हालेर इस्टकोट लगाएर अस्तबलमा आउँथ्यो, त्यतिखेर म ज्यादै रमाउँथे। भित्र पस्नासाथ ऊ कराउँथ्यो: 'ए! बिर्सिमकिस् कि के हुँ, तैंले मलाई? गधा कहींको!'— अनि अंकुशेको बींडले मेरो पुठ्ठामा प्याट्ट हिर्काउँथ्यो। जोडले होइन. त्यसै ठट्टैठट्टामा! म तुरुन्तै उसको ठट्टा बुझिहाल्थें र आफ्नो कान पछिल्तिर फर्काएर दाँत बजाउन थाल्थें।

हामीकहाँ एउटा सर्वाङ्ग कालो बछेडो थियो जो एक घोडामा जोतिन्थ्यो। रातको बेला मैले उसैसंग नारिनु-पर्थ्यो। पोल्कान नाउँको त्यो बछेडो हँसीठट्टा नै बुझ्दैनथ्यो। सधैं भूतसवार भए झैं क्रुद्ध रहन्थ्यो। हाम्रा कठघराहरू एकअर्काको बगलमा थिए र कहिलेकाहिं हामी एक अर्कालाई दाँतले टोक्नेगर्थ्यौं। यसमा ठट्टाको भाव त पटक्कै हुँदैन-थ्यो। फेओफान उससंग अलिकति पनि डराउँदैनथ्यो। ऊ सधैं उसको नजीक पुग्थ्यो र यति जोडले कराउँथ्यो, मानौं मारि नै हाल्ने हो कि के भन्ने भान पर्थ्यो। तर कुरा त्यस्तो थिएन। ऊ त खालि उसको बगलबाट गुज्रेर जान्थ्यो र दाम्लो लिएर फर्किहाल्थ्यो। एकपल्ट पोल्कान र म

कुज्नेत्स्की सडकमा वेगले दौडिरहेका थियौं। न मालिक डरायो, न त कोचवान नै। उनीहरू दङ्गदास परेर हाँसिरहेका थिए र जोडले कराएर सडकबाट मानिसहरूलाई भगाउँदैथिए। उनीहरूले हाम्रो लगाम कसिराखेकै थिए र कस्तो निपुणताका साथ हामीलाई हाँकेका थिए भने कसैलाई पनि कत्ति चोटपटक लागेन।

मैले आफ्नो आधा जीवन र आफ्नो सर्वश्रेष्ठ गुण पनि मालिककै सेवामा अर्पण गरें। उनीहरूले मलाई खूब पानी पिउन दिने गरेका थिए, तसर्थ मेरा टाँग बर्बाद भैहाले। जे जसो भए तापनि त्यो मेरो जीवनको सबभन्दा असल समय थियो। बाह्र बजे उनीहरू मलाई जोताउन आइपुग्थे। मेरा खुरहरूमा तेल हालिदिन्थे, मेरो याल र टाउकोका रौं भिजाइदिन्थे र मलाई बग्गीको जुवामुन्तिर नारिदिन्थे।

हाम्रो बग्गी बेतको चोया बुनेर बनाइएको थियो र भित्रपट्टि चाहिं मखमलको झल्लर हालिएको थियो। साजबाज-मा चाँदीका खिपहरू जडिएका थिए भने जाली र लगाम-हरू चाहिं रेशमी थिए। साजबाज कुन किसिमबाट चिट्ट मिलाइएको थियो भने जब सबै खिप र पेटीहरू आ-आफ्ना ठाउँमा कसिन्थे, त्यतिखेर घोडामा साजबाज लगाइएको छ भनेर कसैले पनि भन्न सक्तैनथ्यो। अक्सर मलाई टहरोमुनि बग्गीमा नारिन्थ्यो। अनि फेओफान, जसको जाँघ काँध-भन्दा बढी फराकिलो थियो, कम्मरमा रातो पेटी लगाएर आउँथ्यो, बग्गीको जाँच गर्थ्यो, रकाबमा खुट्टा घुसार्थ्यो, ठट्टामा एक-दुई कुरा भन्थ्यो र हातले चाबुक उठाउँथ्यो— खालि रवाफ देखाउनको लागि मात्रै। हुन पनि, मलाई

[illegible] कहिल्यै पनि कोर्रा लगाएन। ऊ भन्ने गर्थ्यो: 'ल, [illegible]!' म पनि गजक्क परेर पाइला सार्थें र ढोकाबाट [illegible] पुगिहाल्थें। जूठो भाँडाकुँडा खगालेको फोहोर पानी [illegible] बाहिर निस्केकी भान्सेनी मलाई देखेर संघारमै [illegible] रोकिन्थी। मोही किसानहरू, जो दाउराको भारी [illegible] आगनमा आइरहेका हुन्थे, मलाई देख्नेबित्तिकै वाल्ल [illegible] क्वारक्वारती मलाई नै हेरिरहन्थे। ढोकाबाहिर [illegible] केही बेर हिंडेर हामी रोकिन्थ्यौं। त्यसपछि अरू [illegible] र चिरूवादारहरू हाम्रो वरिपरि झुम्मिन्थे र [illegible] थाल्थे। ढोकाबाहिर हामी पर्खिरहेका हुन्थ्यौं। [illegible] न तीन-चार घण्टासम्म नै यसरी कुर्नुपर्थ्यो। [illegible]काहिं अलिकति दौड लगाइन्थ्यो र फेरि फर्केर प्रतीक्षा [illegible]न्थ्यो।

. [illegible] ढोकानेर खैलाबैला सुनिन्थ्यो र कपाल फुलेको र [illegible] तीखोन दगुर्दै आउँथ्यो। उसले फ्रक-कोट [illegible]को हुन्थ्यो र कराउनेगर्थ्यो: "हाँक!" त्यसताका [illegible]!" भन्ने यस्तो अर्थ न बर्थको चलन थिएन– [illegible] बइदैंन, अगाडि नै गइन्छ भन्ने पनि मानौं मलाई [illegible] नभएको होस्! फंग्रोफान जिभ्रो फट्कार्नेगर्थ्यो। [illegible] अगाडि हिंड्थ्यौं। राजासाहेब ओंतको खैरो भुवादार [illegible] लामो कोट लगाएर र शिरमा टोप ढल्काएर [illegible] चालाले फटाफट पाइला सार्दै ढल्कीढल्की [illegible] मानौं स्लेजगाडी, घोडाहरू र फेग्रोफानमा कुनै [illegible] नै उसले नदेखेको होस्। उसको कालो आँखीभौं [illegible] सुन्दर चेहरा भुवादार कलरको पछिल्तिर [illegible] हुन्थ्यो। उसको अनुहार त यसरी छोपिएको

हुनै नपर्ने थियो। फेम्रोफानको पीठचूँ त्यतिखेर झुकेको हुन्थ्यो र हात चाहिं अगिल्तिर फैलिएका हुन्थे। यस्तो मुद्रामा ऊ धेरै बेर टिक्न सक्नेछैन भन्ने म सोच्थें। राजासाहेब हिंड्न लाग्दा उसको जुत्ताको ऐंडी र तरवार बज्न लाग्थे। दलानमा ओछ्याइराखेको गलैंचामा टेक्दै ऊ यसरी हिंड्थ्यो, मानौं हतारमा होस्! सबै मानिसहरू मलाई र फेम्रोफानलाई अचम्म मान्दै हेरिरहेका हुन्थे, तर राजासाहेब भने हामीतर्फ कत्ति पनि ध्यान दिंदैनथ्यो। फेम्रोफान जिभ्रो फटकार्थ्यो। म बाटोमा पुग्थें र सवारी चढ्ने मण्डपनेर पुगेर टक्क रोकिन्थें। त्यहाँ म छड्के आँखाले एकपल्ट राजासाहेबलाई हेर्थें र आफ्नो शानदार टाउको माथितिर बेसरी झट्कार्थें, यसले गर्दा निधारनेरका मुलायम पलखहरू फन्न घुम्थे। राजासाहेब खुशी भएको बेला ऊ फेम्रोफानसंग केही ख्यालठट्टा पनि गरिहाल्थ्यो। फेम्रोफान जवाफ दिन लाग्दा आफ्नो मनमोहक टाउको एकातिर अलिकति ढल्काएर पछिल्तिर मोडिन्थ्यो। हात तल नझारेरै ऊ लगाम अलिकति हल्लाउँथ्यो र म त्यसको आसय तुरून्त नै बुझिहाल्थें। अनि टक-टक-टक मेरो टापको आवाज सुनिन्थ्यो। कदम कदममा मेरो वेग बढ्दैजान्थ्यो, मेरो आङ्को एक एक मस्सल थर्कन लाग्थ्यो र हिउँ र हिलोका छिटाहरू उड्दै गाडाको फलकमा पर्न थाल्थ्यो। अहिलेको जस्तो 'ओ!' भनेर चिच्याउने अर्को एउटा वाहियात चलन पनि ती दिनहरूमा थिएन, मानौं कोचवानको पेटमा शूल उठेको होस्! त्यसताका त केवल 'होशियार!' भन्ने शब्द नै प्रयोग गरिन्थ्यो। जब फेम्रोफान 'होशियार!' भनेर चिच्याउँथ्यो, त्यतिखेर मानिसहरू एकातिर पन्छिन्थे र घाँटी

अगिल्तिर तानेर मनमोहक हिजडा घोडा, आकर्षक कोचवान र सुन्दर राजासाहेबलाई ट्वाल्ल परेर हेर्न थाल्थे।

दुलकी चालले दगुर्ने कुनै पनि घोडालाई उछिन्न पाए मलाई बडो आनन्द लाग्थ्यो। कतै मैले र फेओफानले पनि स्लेजगाडीमा नारिएको कुनै यस्तो घोडा देख्यौं जससंग होडबाजी गर्नु हाम्रो प्रतिष्ठाको विपरीत हुँदैनथ्यो भने म दुगौंने झैं उसलाई पछ्याउन लागिहाल्थें। हेर्दाहेर्दै नै म उसको हाराहारीमा पुगिहाल्थें। मेरा टापहरूबाट स्लेज-गाडीमा हिलोका छिटाहरू पर्न थाल्थे। म अगिल्तिर धकेलिएर सवारको बगलमै पुग्थें र उसको टाउकैमाथि फुं गरेर नाक बजाउँथें। दुई कदम अरू चाल्नेबित्तिकै त म जुवानेर नै पुगिसकेको हुन्थें। अनि त म वाण झैं हानिएर अगाडि अगाडि दगुर्न थालिहाल्थें। प्रतिद्वन्द्वी मेरो आँखाबाट ओझेल भैसकेको हुन्थ्यो, बिस्तार-बिस्तार उसको आवाज पनि हराउँदैजान्थ्यो र अन्त्यमा सुनिन समेत छोड्थ्यो। के राजा-साहेब, के फेओफान, के म — हामीमध्ये कोही पनि बोलि-रहेको हुँदैनथ्यो। हामी तीनैले यस्तो मुख पारेका हुन्थ्यौं, मानौं हाम्रो सारा ध्यान नै आफ्नै काममा केन्द्रित भएको होस् र बाटोमा दगुरिरहेका कमसल घोडाहरूतर्फ दृष्टि दिने समेत हामीलाई कत्ति फुर्सद नभएको होस्! अरू घोडाहरूलाई उछिनेर अगाडि जान म निकै मन पराउँथें। त्यसै साथसाथै उम्दा घोडाहरूलाई हेर्ने पनि मलाई ठूलो रहर थियो। कुनै बढिया घोडा अगिल्तिरबाट दौडेर आइ-रहेको छ भने तत्कालै मेरो नजर उसमाथि परिहाल्थ्यो। तर एक क्षणको मात्रै यो कुरा हुन्थ्यो। घोडाको एक

झलक, एक आवाज र त्यसपछि ऊ आफ्नो बाटोमा, म आफ्नै बाटोमा। यसरी हामी आ-आफ्नो दिशातर्फ हुर्रिंदै गइरहेका हुन्थ्यौं।"

ढोका ख्यार्र खुल्यो, अनि नेस्तेर र भास्काको स्वर सुनियो।

पाँचौं रात

मौसम बदलिंदै थियो। बिहानदेखि नै आकाश घुम्म थियो र शीत पनि परेको थिएन। हावा रापिलो थियो र लाम्खुट्टेले पनि सताउँदैथियो। घोडाको बथान तबेलामा फर्काइनेबित्तिकै टाटेपाङ्रे घोडाको वरिपरि सबै घोडाहरू झुम्मिइहाले र उसले पनि कथा टुंग्याउँदै भन्यो–

"छिटै नै मेरो सुखी जीवनको पनि अन्त्य भयो। खालि दुई वर्ष मात्रै मैले यस्तो जीवन बिताउन पाएँ। दोस्रो हिउँदको अन्त्यमा मैले अपार सुखको अनुभव गरें र त्यस-पछि तुरुन्त नै मेरा दुर्दिनहरू शुरू भैहाले। एकपल्ट मैले राजासाहेबलाई घोडदौडमा लिएर गएँ। त्यतिखेर मास्लेनि-त्साको* पर्व मनाईंदैथियो। अत्लास्नी र बिचोक दौड लगाउँदैथिए। मन्चमा मालिकले के गर्‍यो, के गरेन, त्यो त मलाई थाहा हुन सकेन, तर बाहिर निस्कनेबित्तिकै उसले मलाई पनि घोडदौडको मैदानमा लिएर जाने आज्ञा

---

* वसन्तऋतुको शुरूमा शीतऋतुलाई बिदा गर्न मनाइने उत्सव जुन बेला ब्लीनी भनिने रोटी पकाइन्छ र हाँसखेल तथा रमाइलो गरिन्छ।–अनु०

दियो। मलाई अझै सम्झना छ, त्यहाँ अत्लास्नीको विरूद्ध मलाई दौडाइने भएको थियो। अत्लास्नी सानो गाडी तान्दैथियो, म चाहिं स्लेजगाडीमा नारिएको थिएँ। घुम्तीनेर मैले उसलाई उछिनिहालें। अनि त मान्छेहरूले खूब हाँसेर हल्ला मच्चाउँदै ताली बजाउन लागे।

जब मलाई बाहिर लैजान खोजिंदैथियो, त्यतिखेर त मान्छेहरूको एक हुल नै मेरो पछि पछि लाग्यो। कम्तीमा पनि पाँच जनाले मलाई किन्न भनेर राजासाहेबलाई हजारौं रूबल दिने कुरा झिके। परन्तु ऊ चाहिं हाँसि मात्र रह्यो र उसका सेता दाँतहरू झलल्ल टल्किरहे।

"नाईं!"—उसले भन्यो।—"यो घोडा होइन, मेरो साथी हो। कसैले सुनको पहाडै दिन्छ भने पनि यसलाई म बेच्नेछैन। सलाम, महानुभाव हो!"—स्लेजगाडीको ढोका खोलेर ऊ भित्र बस्यो।

"ओस्तोझिन्का सडकमा लिएर जा!"—त्यहाँ नै उसकी प्रेमिकाको घर थियो। हामी त्यतैतिर हाँकियौं। त्यो नै हाम्रो सुखको अन्तिम दिन थियो।

हामी उसको घरमा पुग्यौं। उसलाई राजासाहेब 'मेरी' भन्थ्यो, तर ऊ चाहिं कुनै अर्कोलाई प्रेम गर्थी र उसैसंग भागेर निस्केकी थिई। यो खबर मालिकले त्यतिखेर पायो जब हामी उसको घरमा पुग्यौं। त्यस बेला पाँच बजेको थियो र मेरो साजबाज निकाल्दै ननिकालेर उसको खोजमा हाँकिहाल्यो। त्यसै दिन ससित यस्तो व्यवहार गरियो जस्तो पहिले कहिल्यै भएको थिएन। मेरो जिउमा कोर्रा बर्साइयो र मलाई जबर्जस्ती बेतोडसित दगुराउन थालियो। पहिलोबाजि मेरा खुट्टा फतक्क गले। म लज्जित

भएँ र आफ्नो मर्यादा कायम राख्न मैले तन्किने कोशिश गरें। परन्तु एकाएक राजासाहेबको चित्कार सुनियो: "दौड्, पाजी!" कोर्रा सुइँय्य हावामा सुसाउँदै मेरो ढाडमा बज्रियो। म छार्तोस कसेर दगुर्न लागें। मेरा उफ्रिरहेका खुट्टा स्लेजगाडीको फलामे पटरीमा ठक्कर खान पुग्थे। करीब पच्चीस भेर्स्ता पार गरेपछि हामीले उसलाई भेट्टायौं। मैले राजासाहेबलाई घरमा फिर्ता ल्याएँ, तर रातभरि मेरो जिउमा कम्प छुटिरह्यो र खाने पनि कत्ति रूचि भएन। बिहान मलाई पानी खान दिइयो। मैले टन्न पानी खाएँ। त्यसै समयदेखि म पहिलेको जस्तो घोडा रहन गइनँ। म बिरामी परें। मलाई खूब सताइयो, तर मानिसहरू भने यसैलाई नाना उपायले उपचार गरेको भन्ने नाउँ दिंदा रहेछन्। मेरो खुर फुक्लियो, सारा आङभरि खटेराहरू उठे, खुट्टाहरू बाङ्गिए, छाती पनि स्याप्प सुकेर गयो। मेरो तनमन सारा नै शिथिल र लस्त भैसकेको थियो। मलाई एक जना घोडा-व्यापारीको हात बेचेर पठाइदिए। व्यापारीले मलाई गाँजर र यस्तै-उस्तै केही चीजबीजहरू खूब खुवायो। अनजान मानिसहरूलाई ठग्न नै मलाई उसले यसरी तैयार पाऱ्यो जसले गर्दा म स्वस्थ र हट्टाकट्टा देखिएँ। तर न मेरो जिउमा शक्ति थियो, न त चालमा फूर्ति नै। घोडा-व्यापारीले मलाई पिर्नसम्म पिऱ्यो। जब कोही ग्राहक आउँथ्यो त्यतिखेर ऊ मेरो कठघरामा पस्थ्यो र मलाई चाबुकले बेसरी चुट्थ्यो। म डरले बौलाइसकेको हुन्थें। अनि ऊ मेरो पिठ्यूँमा कोर्राको डाम पुछपाछ गरेर मलाई बाहिर निकाल्थ्यो। आखिर एउटी बुढियाले मलाई किनेर लगी। ऊ मलाई गाडामा नारेर

मैं निकोलाइ याम्लेन्नी गिर्जाघरसम्म जोताउँथी। त्यो बूढिया आफ्नो कोचवानलाई मारसित कोर्राले हिर्काउँथी। बिचरो कोचवान मेरो कठघरामा पसेर धुरूधुरू रून्थ्यो। आँसुको स्वाद नुनिलो-नुनिलो र प्रिय पनि हुँदो रहेछ भन्ने मलाई त्यति बेला नै थाहा भयो। एक दिन त्यस बुढियाले पनि कहिल्यै नफर्कने बाटो ततायी। उसको [illegible] मलाई गाउँमा लग्यो र एक जना पसलेको हातमा बेचिदियो। त्यस पसलेले मलाई खूब गहुँ खान दियो र [illegible] मेरो रोग अझ चर्कियो। अनि एक किसानको [illegible] मलाई उसले बेचिदियो। म उसको हलो जोत्थें। [illegible] खान त म उतिसारो केही पनि पाउँदिनथें र फालीले [illegible] मेरो खुट्टा समेत जखमी हुन गयो। म फेरि बिरामी [illegible] त्यहाँबाट म सट्टा-पट्टामा एउटा जिप्सीको हातमा [illegible] उसले पनि हुनसम्म मलाई सतायो र आखिर यहाँको [illegible] हातमा बेचिदियो। त्यसैले म अहिले यहाँ छु।"

[illegible] पनि एक लवज बोलेन। सिमसिम पानी पर्न [illegible] थियो।

अध्याय नौ

[illegible] दिन साँझ घोडाको बथान घरतिर फर्काइँदैथियो। [illegible] आफ्नो मालिकलाई देखे। उसको साथमा कुनै [illegible] थियो। झुल्दीवाले नै सबभन्दा पहिले उनीहरू-[illegible] थिई। त्यहाँ दुई जना उभिएका थिए। एक [illegible] चायाको टोप लगाइराखेको थियो, तन्नेरी

मालिक थियो। अर्को अग्लो कदको मोटो चाहिं मान्छेले फौजी वर्दी लगाइराखेको थियो। बुढी घोडी झुल्दीबाले उत्सुकतापूर्वक उनीहरूतर्फ आँखा तरेर हेरी र नजिकैबाट तर्केर हिंडी। अझै हुर्किनसकेका अरू बछेडाहरू लज्जाइ-रहेका थिए र धक मान्दैथिए। त्यतिखेर त उनीहरूलाई विशेष गरी लाज लाग्यो जब आफ्नो पाहुनाको साथमा उनीहरूको युवा मालिक सोझै उनीहरूको बीचमा आइपुग्यो र ती दुवै जना उनीहरूकै विषयमा समेत आपसमा कुरा गर्न लागे।

"देख्नुहुन्छ यो घोडी? यो कैलो रङ्गकी टाटेपाटे घोडीलाई मैले भोयेइकोभबाट किनेर ल्याएको हुँ!"—मालिकले भन्यो।

"अँ, यो कोरली काली घोडी कहाँ किन्नुभएको नि? त्यो क्या, जसको खुट्टा चाहिं घुँडामुन्तिर सेतो रङ्गको छ? ज्यादै चिटिक्क परेकी छे!"—पाहुनाले भन्यो।

उनीहरूले कैयौं घोडीहरूको जाँच गरे। घोडीहरूलाई दौडाइन्थ्यो र फेरि तुरुन्त टक्क रोकिन्थ्यो। आखिर उनीहरूको नजर खैरी घोडीमाथि पर्‍यो।

"यो ख्रेनोभो जातको सवारी घोडी हो!"—मालिकले भन्यो।

उनीहरू सबै घोडाहरूको बेग्लाबेग्लै जाँच त गर्न सक्तैन-थे। मालिकले नेस्तेरलाई डाँक्यो। बूढाले हतारिंदै टाटेपाङ्रे हिजडा घोडाको जिउको पाटोमा ऐंडीले जोडले हिर्कायो र दुलकी चालमा उसलाई उनीहरूको सामुन्ने ल्याइपुर्‍यायो। टाटेपाङ्रे घोडाले दगुर्ने पूरापूर कोशिश गर्‍यो, यद्यपि उसको एक टाँग लड्खडाइरहेको थियो। परन्तु उसको

ढङगढङबाट के स्पष्ट भइरहेको थियो भने उसलाई सकभर छोटो चालले संसारको अर्को छेउसम्म दगुर्ने आदेश दिइएको अवस्थामा पनि उसले कुनै नाइँनास्ती गर्नेछैन। ऊ बडो भानभिन टकटक दगुर्न लालायित थियो र आफ्नो तन्दुरूस्त लम्बा टाँगका बलले यसरी दगुर्ने जमर्को पनि गर्दैथियो।

"यसभन्दा उम्दा घोडी त तपाईंले रूसभरि कतै पनि भेट्टाउनहुनेछैन! म खसोखास कुरा गर्दैछु है!"—एउटी घोडीतर्फ संकेत गर्दै मालिकले भन्यो। पाहुनाले पनि उसको प्रशंसामा एक-दुई शब्द भन्यो। मालिक कहिले यता त कहिले उता दगुर्दै निकै जाँगर लगाएर आफ्ना घोडाहरू देखाउँदैथियो र एक एक घोडाको वंशावली र इतिहास पनि बताउँदैथियो। सके पाहुनालाई यो सब कुरा वाक्क लाग्न थालिसकेको थियो। तर यस विषयमा आफ्नो ठूलो चासो भएको जस्तो भान परोस् भनेर नयाँ नयाँ प्रश्न पनि सोध्दै पनि थियो।

"हो र?"—ऊ अकमक्क परेर सोध्थ्यो।

पाहुनालाई वाक्कै लागिसक्यो भन्ने समेत मालिक चाहिं-लाई अलिकति पनि होश थिएन। ऊ त आफ्नै सुरमा भन्दै-गइरहेको थियो—"यतातिर त एक नजर दिनोस्! अँ, त्यसको टाँग त हेर्नोस्!.. यसको लागि त मोटै रकम तिरेको थिएँ। यसैको तेस्रो बेतको बछेडा त अहिले दगुर्दैछ!"

"कस्तो दगुर्छ के?"—पाहुनाले सोध्यो।

यसरी नै एकपछि अर्को घोडाको चर्चा हुँदैगयो। कहाँ-सम्म भने उनीहरूले सबका सब घोडाहरूको बखान गरिसके। अब बताउने र देखाउने कुनै कुरा बाँकी रहेन अब। केही बेरको लागि दुवै जना चूप लागे।

"लौ त, गइहालौं?"

"हो, जाऔं!"

दुवै जना ढोकाबाट बाहिर निस्किए। यो प्रदर्शनी समाप्त भएकोमा पाहुनाले हाइसन्चो मान्यो। अब उनीहरू घरभित्र पस्नेछन्, त्यहाँ बसेर केही खानपीन गर्नेछन् र चुरोटको सर्को तान्नेछन्। तसर्थ ऊ केही प्रशन्न समेत देखियो। उनीहरू अगाडि लम्कँदै टाटेपाङ्रे घोडाको बगलमा पुगे। नेस्तेर कुनै अरू अह्लोट-पह्लोटको प्रतीक्षा गर्दै त्यसैमाथि चढेर बसिरहेको थियो। त्यतिखेर पाहुनाले आफ्नो थसुल्लो हत्केलाले टाटेपाङ्रे घोडाको पुठ्ठामा थपथपायो।

"अहो, कस्तो रङ्गीचङ्गी घोडा रहेछ!"—उसले भन्यो।—"कुनै जमानामा मसंग पनि एउटा टाटेपाङ्रे घोडा थियो। मैले तिमीलाई त्यसको बारेमा बताएको पनि थिएँ। सम्झना त छ होला नि?"

आफ्ना घोडाहरूको बारेमा कुरा चलिरहेको नहुँदा मालिकले यस टिप्पणीतर्फ ध्यानै दिएन। ऊ त फर्कीफर्की आफ्नै घोडाहरूको बथानतर्फ हेर्दैथियो।

एकाएक ऊ झसङ्ग भयो। एक कमजोर, भद्दा र कर्कश आवाज उसको कानमा पर्‍यो, मानौं कुनै घोडाले हिनहिनाउने प्रयास गरिरहेको होस्! हिजडा टाटेपाङ्रे घोडाले हिनहिनाउन शुरू गरेको थियो तर ऊ अकमक्क परेर बीचैमा चूप लाग्यो। न पाहुनाले, न त मालिकले नै उसतर्फ कुनै ध्यान दियो। ती दुवै जना घरभित्र पसिहाले। खोल्स्तोमेरले त्यो मोटो मान्छेलाई चिनिहाल्यो। त्यो वृद्ध थियो—उसको त्यही पुरानो मालिक सेर्पुखोभ्स्की जो कुनै जमानामा धनी र सुन्दर पनि थियो।

अध्याय दश

. .

. . . .

[illegible] छिटाउन लागिरहेको थियो। तबेलाको वातावरण [illegible]ाम्दो थियो, किन्तु मालिकको घरको कुरा अर्कै [illegible] घरभित्र शानदार बैठकमा संध्याकालीन चियापान [illegible]हेको थियो। सजाइएको टेबुलवरिपरि मालिक, [illegible] र आगन्तुक पाहुना बसिरहेका थिए।

[illegible] मामोभार* नजिकै सीधा तन्किएर बसेकी [illegible] उनी बसेको तरीका, उनको मोटो जिउडाल र [illegible] भरी उनका ठूल्ठूला आँखाबाट नै उनी गर्भवती छिन् [illegible] प्रष्ट भइरहेको थियो। उनका आँखामा विनम्रता र [illegible]नाको भाव झल्किरहेको थियो।

[illegible]कको हातमा एउटा बट्टा थियो जसमा बढिया [illegible] दश वर्ष पुराना सिगारहरू भरिएका थिए। यस्तो [illegible] अन्यत्र कतै पाउन सकिंदैन भनेर ऊ भन्दैथियो। [illegible] ज्यादै सुन्दर देखिन्थ्यो। उसको उमेर पनि पच्चीस [illegible] लगभग हुँदो हो। उसको अनुहारमा ताजापन [illegible]न्थ्यो, कपाल पनि निकै मिलाइएका थिए र पहिरन [illegible] शानदार नै थियो। घरमा बस्दा उसले त्यो ह्वार्लाङ्ग [illegible] लगाइराखेको हुन्थ्यो जुन लण्डनमा सिलाइएको [illegible] घडीको सिक्रीमा मूल्यवान लर्कनहरू झुण्डिरहेका [illegible] बाहुलामा पनि सुनका नै ठूल्ठूला भालेपोथी टाँकहरू

---

* टुटीवाल रूसी चियादानी। –अनु०

थिए जसमा यूं जडिएको थियो। दाह्री चाहिं नेपोलियन तृतीयको ढाँचाले पालिएको थियो भने जुँगाका दुवै टुप्पा मूसाको पुच्छर जस्तै ठिङ्ग उठेका थिए जसलाई पालिस राम्ररी लगाएर बटारिएको थियो। पेरिसमा नै त्यो तह लगाइएको होला भन्ने भान पर्थ्यो। मालिक्नीले मिहिन रेशमी जम्फर लगाइराखेकी थिइन्। त्यसमा रङ्गचङ्गी फूलका गुच्छा बनाइएका थिए। उनको घना सुनौला केशमा सुनका ठूल्ठूला विशेष किलिपहरू लगाइएका थिए। केश निकै सुन्दर थियो, चाहे त्यो साराको सारा उनको आफ्नै केश चाहिं नहोला। नाडीमा बालाहरू र औंलाहरूमा चाहिं औंठीहरू लगाइएका थिए र ती सबै निकै दामी र महँगा थिए। सामोभार चाँदीको थियो भने रिकापी र प्यालाहरू चाहिं बढिया खालका थिए। चिटिक्क परेको फ्रक-कोट, सेतो इष्टकोट र टाई समेत लगाइराख्ने एक टहलुवा ढोकैनेर शालीक झैं ठिङ्ग उभिइरहेको थियो र अह्राेट-पह्रोटको प्रतीक्षा गर्दैथियो। मेच-कुर्सी पनि दामी काठबाट बनाइएका थिए र त्यसमा बुट्टा पनि कुँदिएका थिए। भित्तामा गाढा रङ्गको फूलबुट्टे कागज टाँसिएको थियो। टेबुलनेरै असल जातको एउटा बेलायती कुकुर पनि पल्टिरहेको थियो जसको घाँटीमा चाँदीको सिक्री बाँधिएको थियो। त्यो अलिकति चलमलाउनासाथ छनछन सिक्री बज्थ्यो। मालिक्नीले कुकुरलाई एउटा अनौठो अंग्रेजी नाम दिइराखेकी थिइन्। त्यस नामको उच्चारण भने न मालिक गर्न सक्थे, न त मालिक्नी नै। ती दुवै अंग्रेजी पटक्कै जान्दैनथे। एक कुनामा फूलका गमलाहरूको बीचमा एउटा

ठूलो पेनोबाजा खडा थियो जसमा incrusté * मोलम्बा गरिएको थियो। कोठाको सारा सज्जा ज्यादै नौलो, विरल र भड्किलो थियो। सबै कुरा निकै भव्य थियो तर हरेक कुरामा विलास र आडम्बरको छाप परेको थियो। कुनै पनि चीजबाट सुरुचिको परिचय पाइँदैनथ्यो।

मानिकलाई घोडदौडका घोडाहरूको सौख थियो। ऊ ज्यादै तगडा, स्वस्थ र उत्साही मान्छे थियो। ऊ त्यस्तो मान्छेहरूमध्ये एक थियो जो सेबलको भुवादार छालाबाट बनेका कोट लगाउँछन्, अभिनेत्रीहरूलाई अति मूल्यवान फूलका गुच्छाहरू उपहार दिन्छन्, सबभन्दा नामी होटल-हरूमा सबभन्दा महँगा र नयाँभन्दा नयाँ मार्काका मदिरा-हरू पिउँछन्, आफ्नो नाउँबाट पुरस्कारहरू वितरण गर्छन् र सबभन्दा खर्चिला रखौटीहरू राख्छन्।

आगन्तुक निकिता सेर्पुखोभ्स्कोइको उमेर चाहिं चालीस वर्षजतिको हुँदो हो। अग्लो कद, मोटो जिउ, खुइलेको टाउको ठूल्ठूला गालेजुंगा र लामालामा जुंगा! जवानीमा ऊ अवश्य पनि ज्यादै सुन्दर हुँदो हो। अहिले चाहिं स्पष्टतः के शारीरिक, के नैतिक र के आर्थिक तीनै प्रकारले उसको अवनति भैसकेको छ।

उसमाथि ऋणको भार कतिसम्म बढिसकेको थियो भने जेलखानाको हावा खान नपरोस् भनेर उसले सरकारी जागिर खानुपरेको थियो। त्यतिखेर ऊ मोफसलको कुनै ठूलो शहरतर्फ जाँदैथियो जहाँ उसलाई अश्वशालाको प्रबन्धकको पदमा नियुक्त गरिएको थियो। उसका पहुँच-

* मोलम्बा लगाउनु (फ्रेन्च) — अनु०

वाला नातेदारहरूले कोशिश नगर्दा हुन् त उसले यो नौकरी पनि भेट्टाउन सक्नेथिएन। उसले जंगी वर्दी र नीलो पतलून लगाइराखेको थियो। वर्दी र पतलून दुवै नै यस किसिमले सिलाइएका थिए जसरी कुनै धनाड्यले सिलाउने-गर्छ। भित्री लुगा र घडी पनि बेलायती नै थिए। बूटको तलुवा समेत एक इन्च बाक्लो थियो।

निकिता सेर्पुखोभ्स्कोइले आफ्नो जीवनमा बीस लाखको श्रीसम्पत्ति स्वाहा पारिसकेको थियो र अहिले आफ्नो थाप्लोमा उसले एक लाख बीस हजार रूबलको ऋण बोक्नुपरिरहेको थियो। यति ठूलो धनराशि जुन मान्छेले खेलाउन पाएको हुन्छ उसको आफ्नो बेग्लै स्थान हुन्छ। यसैको आधारमा ऊ जहाँबाट पनि आफूलाई चाहिएको बेला ऋण काढ्न सक्छ र यसरी कम्तीमा पनि अरू दस वर्षसम्म ऐशआरामसित जिन्दगी बिताउन सक्छ। परन्तु यी दस वर्षहरू पनि बितेर गैसकेका थिए र नामको पनि अब त कुनै महत्व रहन गएको थिएन। निकिताको निम्ति जिन्दगी नै भार बनिसकेको थियो। उसले रक्सी घुट्क्याउन थालिसकेको थियो। भनाइको मतलब, टन्न रक्सी खाएर ऊ मात्तिन थालेको थियो। यस्तो पहिले कहिल्यै पनि हुँदैनथ्यो। पिउनुको नै जहाँसम्म प्रश्न छ, त्यो त उसले न कहिल्यै शुरू गऱ्यो, न त अन्त्य नै। उसको दृष्टिको व्यग्रतामा (उसका आँखाहरू निकै चञ्चल थिए र पल्याक-पुलुक यताउति दगुरेका देखिन्थे) तथा उसको स्वर र हावभावको अस्थिरतामा उसको पतन राम्रैसित झल्कन्थ्यो। यस किसिमको व्यग्रता पहिले कहिल्यै पनि उसमा देखिएको थिएन। तसर्थ नै त्यो अझ बढ्ता अनौठो लाग्यो। जीवनमा

ऊ पहिले कसैसंग र कुनै कुरासंग पनि कहिल्यै डराउने-[illegible]थ्यो। किन्तु अहिले चाहिं दिनदशा बिग्रन गएको हुँदा [illegible] मात्र उसमा आफ्नो स्वभावसित अमिल्दो खालको [illegible] र होडाहा देखा परेको थियो। मालिक र मालिक्नी [illegible] यसको भेउ पाइसकेका थिए। दुवैले एक अर्कालाई [illegible] हेरे। उनीहरूले एक अर्काको मनोभावना पनि [illegible], तर अहिले यस विषयमा कुनै चर्चा नउठाउने [illegible] मौन सहमतिमा पुगे। चर्चा गरिएला त पछि पलङमा [illegible] जब दुई जोईपोइ मात्र एकान्तमा रहनेछन्। अहिले [illegible] निकिताको छेउमै बस्नुपर्नेछ र अज्ञ आतिथ्य-[illegible] पनि देखाउनुपर्नेछ। युवा घरपतिको यस्तो खुशीको [illegible] देखेर निकिता केही तिरस्कार अनुभव गर्दैथियो। [illegible] उसलाई आफ्नो विगतको सम्झना भइरहेको [illegible] जुन अब कहिल्यै पनि फर्केर आउन सक्तैनथ्यो। [illegible] मनमा ईर्ष्याको भावना जागृत भयो।

“[illegible] सिगार सल्कायौं भने तपाईंलाई कुनै आपत्ति [illegible] मारी?”—उसले मालिक्नीसंग एक विशेष रहस्य-[illegible] स्वरमा सोध्यो। त्यस स्वरमा शिष्टता र मैत्रीभाव [illegible], तर आदर-भाव चाहिं एकदमै कम थियो। [illegible] अनुभवले मात्र प्राप्त गर्न सकिने स्वरमा कुलीन [illegible] मान्छेहरू आफ्ना मित्रहरूका रखौटीहरूलाई मात्र [illegible] गर्छन्, तर उनका पत्नीहरूलाई चाहिं होइन। [illegible] रिझाउन चाहेको होला भन्ने यसको तात्पर्य होइन, [illegible] उल्टो, ऊ त उसको र मालिकको समेत [illegible] गर्न चाहन्थ्यो, यद्यपि मनमनै यो कुरा स्वीकार [illegible] गर्दो थिएन होला। परन्तु यस खालका आइमाई-

हरूसंग यस्तो स्वरमा कुरा गर्ने उसलाई बानी परिसकेको थियो। एक भद्र महिलालाई जसरी सम्बोधन गरिन्छ त्यसरी नै यदि उसलाई पनि सम्बोधन गर्ने हो भने ऊ स्वयं नै अचम्म पर्ली र अझ रिसाइहाल्न समेत बेर छैन भन्ने कुरा उसलाई थाहा थियो। यसको साथै आफ्नो शिष्टाचार पनि ऊ जोगाएर राख्न चाहन्थ्यो र पछि आवश्यक परेको बेला आफ्नो कुनै साथीको धर्मपत्नीको निम्ति त्यसको प्रयोग गर्न सकिनेछ भन्ने ऊ ठान्दथ्यो। यस्ता भद्र महिलाहरूलाई जहिलेसुकै पनि ऊ शिष्टतापूर्वक सम्बोधन गर्थ्यो। परन्तु यसको कारण के होइन भने उसको विचार पनि त्यस्तै नै छ जस्तो पत्रिकाहरूमा छपिनेगर्छ—प्रत्येक मान्छेलाई उसको गुणानुसार कदर गर्नुपर्छ, विवाह त देखावटी ढोंग मात्रै हो इत्यादि (ऊ त यस्ता वाहियात कुराहरू पढ्दा पनि पढ्दैन)। बरू यसको कारण के हो भने सबै शिष्ट व्यक्तिहरू यस्तै व्यवहार गर्छन्। ऊ पनि शिष्ट व्यक्ति नै थियो, यद्यपि उसको पतन भैसकेको थियो।

उसले एउटा सिगार टिप्यो। घरपतिले कुनै सोचविचार नै नगरीकन एक क्याँट सिगार झिकेर पाहुनाको सामुन्ने राखिदियो।

"लौ, खाएर त हेर, कति मीठो छ!"

निकिताले सिगार पल्तिर सारिदियो। उसका आँखामा अपमान र क्षोभको किञ्चित् झल्को देखा पऱ्यो।

"धन्यवाद!"—उसले आफ्नो सिगार-केस झिक्यो।—"मेरो सिगार पनि खाई हेर ल!"

घरपट्टिनी बढी संवेदनशील थिई। परिस्थितिलाई बुझेर उसले झटपट भनी—

"मलाई सिगार निकै मन पर्छ। घरमा सबका सब [illegible]ले पनि सिगार मात्रै सल्काइरहन्छन्, त्यसैले म चाहिं [illegible] सिगार नखाने विचारमा छु।"

[illegible]नि उसका ओंठहरूमा एक स्निग्ध र सुमधुर मुस्कान [illegible]यो। उत्तरमा ऊ पनि मुसुक्क हाँस्यो। उसका दुई [illegible] झरिसकेका रहेछन्।

"नाइँ! यो चाहिं नै सल्काऊ!"—घरपति कर लगाउन [illegible]।—"अरू सिगार यति कडा छँदै छैनन्। फ्रिट्ज, [illegible]agen Sie noch eine Kasten, dort zwei.*"

[illegible]न टहलुवाले सिगारको एउटा नयाँ बट्टा झिकेर [illegible]।

"तिमी कुन चाहिं बढी मन पराउँछौ? कडा सिगार? [illegible] बढिया छन्। लौ, सबै लेऊ!"—ऊ जोड [illegible]को थियो। सके उसलाई आफूसंग विरल र बढिया [illegible] भएको कुरा जनाउनमा निकै मजा आइरहेको [illegible]। [illegible] कुनै पनि कुराको उसलाई वास्ता थिएन। [illegible]काइले एउटा सिगार सल्कायो र कुराकानीको [illegible] जोड्दै अगाडि भन्न शुरू गऱ्यो।

"[illegible] आत्लास्नीको निम्ति तिमीले कति दाम दिनु-[illegible] नि?"—उसले सोध्यो।

"[illegible] दाम दिनुपऱ्यो। कम्तीमा पनि पाँच हजार! [illegible] घोडाको लागि त यो उति ठूलो रकम होइन। [illegible]डाहरू पनि त कम कहाँ छन् र?"

---

*[illegible] एक बट्टा पनि ल्याऊ त, त्यहाँ दुई बट्टा छन्। [illegible]।—अनु०

"तेज छन् ?" – सेर्पुखोभ्स्कोइले सोध्यो।

"हो, निकै तेज छन्। यस साल उसको बछेडोले तीनवटा पुरस्कार जित्यो: तुला, मास्को र पिटर्सबर्गमा। भोयेइकोभको घोडा भोरोनोईसंग प्रतिस्पर्धा गर्दै दगुरेको थियो। पाजी घोड्चढीले एकपछि अर्को गरेर चार गल्तीहरू नगर्दो हो त त्यसलाई यस बछेडोले निकै पछाडि पो छोडि-दिनेथियो त!"

"अझैं त्यो राम्रोसंग सधाइएको छैन। मेरो विचारमा यसको नसामा डच रगत निकै बढ्ता छ।" – सेर्पुखोभ्स्कोइ-ले भन्यो।

"अरू माऊ घोडीहरू कस्ता छन् नि? भोलि म तिमी-लाई ती घोडीहरू पनि देखाउँला। मैले दोब्रीन्याको निम्ति तीन हजार र लास्कोभायाको निम्ति दुई हजार तिरेको थिएँ।"

घरपतिले फेरि आफ्नो सम्पन्नताको बखान शुरू गर्‍यो। यो कुराकानी सेर्पुखोभ्स्कोइको लागि असह्य भैसकेको छ र ऊ अनिच्छापूर्वक यो कुरा सुन्दैछ भन्ने घरपट्नीले देखिरहेकी थिई।

"फेरि अलिकति चिया हालूँ कि?" – उसले सोधी।

"पुग्यो!" – घरपतिले भन्यो र फेरि बताउन थाल्यो। घरपट्नी उठेर जानै आँटिसकेकी थिई, तर मालिकले उसलाई रोकिहाल्यो र बेसरी अँठ्याएर अङ्कमाल गर्दै म्वाइँ खायो।

उनीहरूलाई देखेर सेर्पुखोभ्स्कोइको मुखमा एक कृत्रिम मुस्कानको रेखा देखा पर्‍यो। मालिक उठ्यो र घरपट्नीको कम्मरमा हातले अँगालो हाल्दै दैलोसम्म पुर्‍याउन गयो।

निकिताको अनुहारको भावभंगिमा अचानक फेरियो। उसले नरमो मुस्केरा हाल्यो र उसको हुप्प फुलेको मुखमा ...को भाव झल्कियो। कहाँसम्म भने उसको अनुहारमा ...को समेत आभास देखा परिरहेको थियो।

अध्याय एघार

...निक फर्केर आयो र मुस्कुराउँदै निकिताको सामुन्ने ... उनीहरू दुवै जना केही बेरसम्म चुप लागिरहे।

"... तिमी बताउँदैथियौ, भोयेइकोभसंग घोडा किनेको ..." —सेर्पुखोभ्स्कोइले त्यसै सोध्यो।

"... ! आत्लास्नी चाहिं उसैसंग किनिएको हो। दुबोभि-... म एक घोडी किन्न चाहन्थें, तर उससंग काम ... कुनै घोडी नै बाँकी थिएन।"

"... त बर्बाद भैसक्यो।" —सेर्पुखोभ्स्कोइले भन्यो। ... एकाएक रोकियो र यताउति पल्याकपुलुक हेर्न लाग्यो। ... "बर्बाद" भएको मान्छेलाई बीस हजार रूबल तिर्नु ... उसलाई सम्झना भएर आयो। दुबोभित्स्कीको ... कुरा चल्दा मान्छेहरू उसलाई "बर्बाद भैसक्यो" ... भन्छन् भने उसको बारेमा के भन्दा होलान्? ऊ ... नाबिहाल्यो।

...पछि निकै बेरसम्म दुवै मौन रहे। मालिक चाहिं ...को अगिल्तिर कुन कुराको डिंग हाँक्न सकिन्छ ... आफ्नो श्रीसम्पत्तिको बारेमा सोच्न लाग्यो। सेर्पुखो-... पनि कुन कुरा गर्नाले उसको हालत उतिसारो

बिग्रेको छैन भन्ने देखाउन सकिन्छ होला भनेर विचार गर्दैथियो। परन्तु उनीहरू दुवैको मगज निकै बोधो भैसकेको थियो, यद्यपि सिगारको सर्को तानेर उनीहरू आफूलाई झक्झक्याउन खोज्दैथिए। 'यसले पिउने कुरा कहिले पो निकाल्ने होला?'–सेर्पुखोभ्स्कोइले मनमनै सोच्यो। 'केही त जरूर पिउनैपर्ला, नत्र भने उराठ लागेर मरिनेछ!'–मालिक पनि सोच्दैथियो।

"के यहाँ निकै दिन रोकिने विचार छ त?"–सेर्पुखोभ्स्कोइले सोध्यो।

"एक महीना अरू बसिएला! कसो, केही खाने होइन त? फ्रिट्ज, खाना पाकेन र?"

उनीहरू भोजनकक्षमा पसे। त्यहाँ झाड-फानूसको ठीक मुन्तिर टेबुल सजाइएको थियो। टेबुलमा पानस र अरू नाना थरीका चीजबीजहरू राखिएका थिए: काँचको बुट्टादार सिफोन*, बिर्कोमा पुतलीहरू जडिएका शिशीहरू, किसिम किसिमका मदिराहरू राखिएका काँचका अन्तीहरू र स्वादिष्ट परिकारहरूले भरिएका किस्तीहरू। दुवैले सबभन्दा पहिले रक्सी घुट्क्याए, त्यसपछि खाना खाए, त्यसपछि फेरि मदिरा पिए, फेरि खाना खाए र आखिरमा कुरा गर्न लागे। सेर्पुखोभ्स्कोइको मुख रातै भैसकेको थियो। उसले धक नमानेर बोल्न शुरू गरिसकेको थियो।

आइमाईहरूको चर्चा चल्यो। ज-जसलाई उनीहरूले

---

* सोडापानीको भाँडो।–अनु०

आफ्नो रखौटी तुल्याइसकेका थिए तिनको कुरा भयो: जिप्सी, फ्रान्सेली र नर्तकी।

"के त तिमीले मात्येलाई छोडि नै दियौ?" – मालिकले सोध्यो। मात्ये नै त्यो आइमाई थिई जसको कारणले गर्दा सेर्पुखोभ्स्कोइ तवाह भएको थियो।

"हैन, मैले उसलाई छोडेको होइन, बरू उसैले नै मलाई छोडी! हरे! आफ्नो जिन्दगीमा त कति पैसा उडाइयो कति, गनेर पनि साध्य नै हुँदैन! अचेल त एक हजार रूबल मात्रै पनि हातमा परेको बेला म आफूलाई भाग्यमानी ठान्छु। सबै टन्टा छोडेर दुनियाँबाटै भाग्ने मन लाग्छ। मास्कोमा त अब एक दिन पनि बस्ने मन छैन। उफ्! के भनौं, खै?"

सेर्पुखोभ्स्कोइको कुरा सुनेर मालिक पनि उदास भैसकेको थियो। ऊ त आफ्नै कुरा गर्न चाहन्थ्यो र डिंग हाँक्न पाए उसलाई पुगिहाल्थ्यो। तर सेर्पुखोभ्स्कोइ पनि आफ्नो सुखमयी अतीतको चर्चा गर्न इच्छुक थियो। मालिकले उनको गिलासमा अरू रक्सी थपिदियो र उसको कुरा कहिले टुंगिनेहोला भनेर प्रतीक्षा गर्न लाग्यो। आफ्नो अश्वशालाका उम्दा घोडाहरूको बारेमा ऊ बताउने मौका पर्खिरहेको थियो। ऊ भन्न चाहन्थ्यो: सके अरू कसैसित पनि यति सुव्यवस्थित अश्वशाला छैन होला जस्तो उससित छ, अनि मारी पनि उसलाई भित्री हृदयदेखि नै प्रेम गर्छे, धन-दौलतको खातिर होइन!

"म तिमीलाई के बताउँदैथिएँ भने मेरो अश्वशालामा ..." – उसले भन्न शुरू मात्र गरेको थियो, तर सेर्पुखोभ्स्कोइले बीचैमा उसको कुरा काटिदियो।

"मेरो कुरा त सुन! कुनै जमाना यस्तो पनि थियो जब म जीवनलाई मोह् गर्थें र जिउने ढंग पनि मलाई थाहा थियो। तिमी आफ्नो घोडदौडको कुरा गर्दैथियौ। लौ, भन त, तिम्रो सबभन्दा तेज घोडा कुन हो?"

फेरि आफ्ना घोडाहरूको बारेमा बताउने मौका पाइएको हुँदा मालिक निकै रमायो। उसले केही भन्न शुरू मात्रै के गरेको हुँदो हो, सेर्पुखोभ्स्कोइले उसको कुरा बीचैमा काटिदियो।

"हो! हो!"–उसले भन्यो।–"तिमीहरू त अश्वशालाका मालिक न ठहरियौ। बस्, केवल नाउँ कमाउन चाहन्छौ। जीवनको आनन्द लुट्न र सुखभोग गर्न त जानेकै हुँदैनौ। मैले त आफ्नो जीवन अर्कै ढंगले बिताएको छु। मैले भर्खरै तिमीलाई बताएको थिएँ–मसंग एउटा टाटेपाङ्रे घोडा थियो। त्यसमा पनि हूबहू त्यस्तै रङ्गका धब्बाहरू थिए जस्तो तिम्रो घोडा-गोठालोले चढ्ने गरेको घोडाको छ। अहो! त्यो घोडाको बयानै गर्न सकिन्न! तिमीलाई थाहा नहुन सक्छ, यो धेरै पुरानो कुरा हो, सन् बयालीस साल तिरको। त्यतिखेर म भर्खरभर्खरै मास्को आएको थिएँ। म एक जना घोडा-व्यापारीकहाँ पुगें। उससंग एउटा टाटेपाङ्रे घोडा थियो। सबै लक्षण राम्रा थिए। मैले मोल सोधें। उसले भन्यो–एक हजार! मलाई त्यो घोडा मन परिसकेको थियो। मैले तुरुन्त किनिहालें र त्यसमा सवार हुन थालें। त्यस्तो घोडा त न मसंग छ, न तिमीसंग नै छ, न त अरू कसैसंग छ र भविष्यमा नै हुनेछ। के वेग, के बल, के सौन्दर्य–सबै कुरामा त्योभन्दा उम्दा कुनै अर्को घोडा भएको मलाई थाहा छैन। तिमी त त्यतिखेर सानो केटो नै थियौ।

तर्मैले त्यस घोडालाई तिमीले देख्ने त कुरै भएन, बरू उसको नामसम्म त जरूर सुनेका होग्रौला! सारा मास्को-भरि नै त्यो घोडा प्रख्यात थियो।

"हो, मैले त्यसको नाउँ सुनेको थिएँ।"–मालिकले उपेक्षाभावमा भन्यो।–"तर म तिमीलाई आफ्ना..."

"तिमीले पनि सुनेका रहेछौ। मैले त त्यसलाई हचुवामा नै किनेको थिएँ, न नस्ल सोधियो, न त कागतपत्र नै जाँचियो, न कसैसंग सोधपूछ नै गरियो। पछि मात्र थाहा भइयो। भोयेइकोभ र मैले त्यसको वंशको जाँच गर्यौं। ऊ ल्युबेज्नी प्रथमको छोरो थियो र उसको नाउँ खोल्स्तोमेर थियो। ऊ गजले कपडा नापे झैं लामो लामो डग चालेर हिंड्थ्यो। रुग्रेनोभोको ग्रश्वशालाबाट उसलाई एक जना सईसको हातमा बेचिदिएका थिए, किनकि ऊ टाटेपाङरे रङ्को थियो। त्यस ग्रश्वशालामा चाहिं ग्रसल जातका घोडाहरू मात्र पालिन्थे। सईसले त्यस घोडालाई खसी पारेर हिजडा तुल्याइदियो र एक जना घोडाव्यापारीलाई बेचिदियो। त्यो जस्तो घोडा त कसैले देखेकै छैन होला। ग्रहो त्यो कस्तो समय थियो! 'हाय, जवानी! गयो जवानी!'"–उसले लामो सास फेर्दै जिप्सी गीतको एक चरण दोहोर्‍यायो। उसलाई नसा लाग्न थालिसकेको थियो।–"त्यो समय ज्यादै रमणीय थियो। त्यतिखेर मेरो उमेर पच्चीस वर्षको थियो। सालिन्दा ग्रसी हजार मेरो ग्राम्दानी थियो। एउटा रौं पनि फुलेको थिएन, एउटा दाँत पनि फुक्लेको थिएन। सबै दाँतहरू मोती जस्तै टल्कन्थे। कुनै कुरामा हात हालिन्थ्यो त्यो फत्ते भैहाल्थ्यो। तर ग्रब सब खेल खतम भयो।"

"ती दिनहरूमा घोडाको यस्तो वेग हुँदैनथ्यो जस्तो आज छ।"—एक छिनको विश्रामबाट फाइदा उठाउँदै मालिकले झटपट भन्यो।—"खै, के भनौं, मेरा पहिला घोडाहरूले दौड्न शुरू गर्दा बिना..."

"तिम्रा घोडाहरूले? ती दिनहरूमा घोडाहरू यीभन्दा कता हो कता बढी तेज हुन्थे।"

"के रे? बढी तेज हुन्थे?"

"हो ज्यादै तेज! मलाई त्यस दिनको सम्झना छ जब मैले खोल्स्तोमेरलाई मास्कोमा घोडदौडमा लिएर गएको थिएँ। मेरा घोडाहरू कहिल्यै पनि घोडदौडमा सामेल भएका थिएनन्। घोडदौडका घोडाहरूलाई म मन पनि पराउँदिनथें। म त केवल असल जातका घोडाहरू मात्रै पाल्थें—गेनेराल, शोले, मागोमेत। त्यो टाटेपाङ्रे घोडालाई बग्गीमा नारेर म त्यहाँ पुगें। मेरो कोचवान पनि निकै शानदार पो थियो त। मलाई ऊ मन पर्थ्यो। रक्सीले आखिर उसलाई बिगारिदियो। अँ, म घोडदौडको मैदानमा पुगें। 'सेर्पुखोभ्स्कोइ, कहिले किनौला हँ तिमी घोडदौडका घोडाहरू?'—मान्छेहरूले मसंग सोधपूछ गर्न थाले। 'तिम्रा जस्ता बेकम्मा घोडाहरू किन चाहियो र मलाई? मेरो यै टाटेपाङ्रे घोडाले तिमीहरूका सबै घोडाहरूलाई उछिन्न सकिहाल्छ नि!'—मैले भनें। 'के ठट्टा गर्छौ? यस्तो पनि कहीं हुन सक्छ र?'—उनीहरूले भने। 'बाजी थाप्ने त? लौ, एक हजारको बाजी भयो!'—हामीले हात मिलायौं। घोडदौड शुरू भैहाल्यो। मेरो घोडा पूरै पाँच सेकेण्ड अगावै पुग्यो। मैले बाजीमा एक हजार रूबल जितें। यो त के भयो र! एकपल्ट बग्गीमा तीनवटा

उम्दा घोडालाई नारेर मैले तीन घण्टाभित्र पूरै एक सय भेर्स्ता पार गरेको थिएँ। सारा मास्कोभरि नै सनसनी मच्चिएको थियो।”

मेर्पुखोभ्स्कोइ यसरी सरासर झूठो बोल्दैगइरहेको थियो र मालिकले एक शब्द भन्ने पनि मौका पाइरहेको थिएन। निदाउरो मुख लगाएर उसको सामुन्ने ऊ बसिरहेको थियो र आफ्नो गिलासमा र उसको गिलासमा पनि रक्सी थप्दैरहेको थियो। यसबाहेक अरू गर्न नै के सकिन्थ्यो र?

मिर्मिरे उज्यालो हुनै आँटेको थियो। उनीहरू दुवै रक्सी घुट्क्याउँदै बसिरहेका थिए। उराठ लागेर मालिकको मन खराब भएर जाँदैथियो।

“अँ, अब त सुत्नु नै ठीक होला।”—मेर्पुखोभ्स्कोइले भन्यो र बडो मुश्किलले कुर्सीबाट उठेर लड्खडाउँदै आफ्नो कोठातर्फ लाग्यो।

मालिक पलङमा आफ्नी रखौटीसंग लेटेर कुरा गर्दैथियो।

“यो मान्छे त वाक्कलाग्दो पो रहेछ! टन्न पिएपछि र [illegible] नभएको झूठो कुरा पो फतफताउँदो रहेछ!”

“मसित जिस्किन पनि त चुकेन ऊ!”

“[illegible] मबाट केही पैंसा थुत्ने उसको दाउ होला!”

मेर्पुखोभ्स्कोइ लुगासमेत नफुकालिकन बिछ्यौनामा [illegible] पल्टिरहेको थियो र लामो लामो सास फेर्दैथियो।

‘शायद आज मैले अलि बढी नै झूठो बोलें क्या रे?’—उसले सोच्यो।—‘तर यसले के बिग्र्यो त? रक्सी त

मीठै थियो। जे होस्, त्यो सुंगुरको छाउरो नै हो। व्यापारी न ठहरियो। म पनि सुंगुरकै छाउरो रहेछु।'—उसले मनमनै सोच्यो र खित्का छोडेर हाँस्न थाल्यो।—'पहिले म अरूलाई पाल्थें, तर अब मलाई अरूले पाल्छन्। त्यो मोरी विंक्लरले मलाई राखेको छ। म उसबाट पैंसा लिन्छु। जे रोपिन्छ आखिर त्यही न फल्छ। अब त त्यही फल नचाखी सुख पाइन्छ र? हो, अब त मैले लुगा फुकालेर सुतिहाल्नुपर्छ! अरे, यी पाजी बूटहरू त अटेरी भएर बसे जस्ता छन् हँ!'

"ए, कोही छ यहाँ?"—उसले बोलायो। तर जुन टहलुवालाई उसको सेवा-सुश्रुषा गर्न भनेर राखिएको थियो त्यो त उहिले नै गएर मस्तसंग निदाइसकेको थियो।

ऊ उठ्यो। उसले एक एक गरेर आफ्नो कोट, इस्टकोट र जसोतसो गरी आफ्नो पतलून पनि फुकाल्यो, तर बूट चाहिं निकै बेरसम्म पनि फुकाल्न सकेन। उसको कमलो भुंडीले बीच बीचमा बाधा पुऱ्याउँथ्यो। आखिर एउटा बूट तानेर निकाल्यो, तर हजारपल्ट तानतुन गर्दा पनि अर्को बूट चाहिं निकाल्नै सकिएन। ऊ निकै थाकिसकेको थियो र त्यो बूट लगाएको लगायै विछ्यौनामा पल्टेर घुर्न लागिहाल्यो। कोठाभरि तमाखु, रक्सी र बुढ्यौलीको घिनलाग्दो गन्ध फैलिरहेको थियो।

अध्याय बाह्र

त्यस राति खोल्स्तोमेरले अरू पनि धेरै कुराको सम्झना गर्न सक्थ्यो, तर भास्काले उसको पिठ्यूंमा जीनपोश हालेर

[illegible] सरासर दौडाएर लग्यो र रातभरि एउटा भट्टीको [illegible] बाँधेर राख्यो। उसैको छेउमा कुनै एक किसानको [illegible] पनि बाँधिएको थियो। दुवै घोडाहरू एक अर्कालाई [illegible]का थिए। बिहान उसलाई तबेलामा फर्काइयो तर [illegible] जिउ चिलाउन थाल्यो।

'किन यस्तरी कन्याइलागेको होला?'—उसले मनमनै [illegible]।

[illegible] दिन त्यसरी नै बिते। आखिर एक शालीहोत्रीलाई [illegible]।

"[illegible] नै हो।"—शालीहोत्रीले हाँसेर भन्यो।—"[illegible] त अब जिप्सीहरूको हातमा बेचेर पठाइदिए [illegible]।"

"किन र? मारि नै दिए पनि हुन्छ, तर यहाँबाट [illegible] अहिले नै हटाऊ!"

[illegible]नको शान्त र रमाइलो बेला थियो। घोडाको [illegible] चरनतर्फ गइसकेको थियो। खोल्स्तोमेर एक्लै रह्यो। [illegible] बना डरलाग्दो मान्छे उसको छेउमा आयो—ऊ [illegible] कालो र फोहोरी थियो। उसको कालो भोटोमा [illegible] अर्दे ठाउँमा दाग लागेको थियो। त्यो छाला काढ्ने [illegible] थियो। उसले खोल्स्तोमेरतर्फ हेर्दा पनि नहेरेर [illegible] दाम्लो हातमा लियो र उसलाई हाँकेर लग्यो। [illegible]मेर पनि पछिल्तिर नफर्केरै आफ्ना टाँगहरू घिसार्दै [illegible] हिड्न थाल्यो। पछिल्ला टाँगहरू परालका त्यान्द्रा-[illegible] अल्झिनेगर्थे। ढोकाबाट बाहिर निस्केपछि हिजडा [illegible] इनारतर्फ मोडियो, तर छाला काढ्ने मिजारले उसलाई [illegible] तानेर भन्यो: "अब के गर्न जाने र त्यता?"

भास्का पछि पछि हिंडिरहेको थियो। मिजार र उसले मिलेर खोल्स्तोमेरलाई ईंटको टहरो पछिल्तिरको एक खोंचमा पुऱ्याए र त्यहाँ पुगेर टक्क रोकिए, मानौं त्यहाँ कुनै अनौटो कुरा घटिहालोस्! मिजारले लगाम भास्काको हातमा थमाइदियो र आफूले चाहिं कोट फुकाल्यो। अनि उसले भोटोको बाहुला माथि सर्कायो, आफ्ना बूटहरूमा घुसारिराखेको चुपी र सान लगाउने रेत निकाल्यो, अनि ऊ चुपी उध्याउन लाग्यो। हिजडा घोडाले गर्दन उठाएर लगामसम्म मुख पुऱ्याउने कोशिश गऱ्यो। लगाम चबाएर समय बिताउने उसको सुर थियो, तर त्यो निकै टाढा थियो। उसले लामो सुस्केरा हाल्यो र आँखा चिम्म गऱ्यो। उसको ओंठ लत्रिरहेको थियो र पहेंला ठूटे दाँतहरू पनि देखिन थाले। चुपीमा सान लगाएको सुन्दै त्यसैको लयमा ऊ उँघ्न थाल्यो। उसको एउटा गोडा दुखेर उसलाई पिर्न लागिरहेको थियो र बेला बेलामा उसको त्यो गोडा थर्र काम्थ्यो पनि। घाउ लागेकोले त्यो गोडा सुनिएको थियो। उसको टाउको कसैले जगल्टचाएर माथि उचालेको जस्तो एकाएक उसलाई अनुभव भयो। उसले आँखा खोल्यो। आफ्नो ठीक सामुन्ने नै उसले दुईवटा कुकुर देख्यो। एउटा कुकुर मिजार भएको ठाउँतिर फर्केर हावा सुँघ्दैथियो। अर्को चाहिं भुइँमा बसेर हिजडा घोडालाई नै ताक्दैथियो, मानौं उसबाट केही पाइने आशा राखेको होस्! हिजडा घोडाले कुकुरहरूतर्फ पुलुक्क हेऱ्यो र जुन हातले उसलाई जगल्टचाइराखेको थियो त्यसैमा मुख दल्न थाल्यो।

'सके यो मेरो उपचार गर्न आएको होला!'—उसले विचार गऱ्यो।—'ठीक छ, गरोस्!'

हुन पनि उसको घाँटीमा केही कुरा गरिएको उसलाई अनुभव भयो। एक्कासि एउटा तीक्ष्ण पीडा भयो। ऊ अमङ्ग भयो, भुइँमा लात्तले हान्न थाल्यो, अनि एक छिन रोकिएर अगाडि के हुने हो भन्ने प्रतीक्षा गर्न लाग्यो। अगाडि यही भयो कि कुनै तातो तातो तरल पदार्थ उसको घाँटो र छातीमा बग्न लाग्यो। उसले लामो सास तान्यो। त्यो सास कतिसम्म गहिरो थियो भने उसको पूरै आङ इस्त फुल्यो। उसले तत्कालै हाइसन्चो अनुभव गर्‍यो, मानौं उसको जीवनको सारा बोझ नै उसको जीउबाट हटाइएको होस्! उसले आँखा चिम्लिदियो र टाउको तल झुकुलो पारिदियो। टाउको एकापट्टि लत्रिहाल्यो। कसैले पनि त्यसलाई समातेर माथि उठाएन। अनि उसले घाँटी पनि शिथिल पारिदियो, उसका टाँगहरू काम्न लागे र उसको सारा शरीरमा नै कम्प छुट्यो। उसलाई डर र त्रास लागिरहेको थिएन, तर ज्यादै अकमक्क परेको थियो। हरेक कुरा एकदमै नयाँ लागिरहेको थियो। ऊ चकित पर्‍यो र उसले अगाडि लम्कने र माथि उफ्रने कोशिश गर्‍यो। परन्तु उसका टाँग लड्खडाएर लुला हुँदैगए। ऊ एकातिर ढल्न लाग्यो। आफूलाई उभ्याइराख्ने कोशिश गर्दै ऊ बायाँतिर बुङ्ग ढलिहाल्यो। उसको जीउमा कम्प छुटिर-हेकैसम्म मिजार कुकुरहरूलाई धपाउँदैथियो। अनि उसले एउटा टाँग समात्दै र हिजडा घोडालाई उत्तानो पारेर पल्टाइ-दियो। त्यसपछि भास्कालाई घोडाको खुट्टा समातिराख्नको लागि अह्राएर मिजार उसको छाला काढ्न लाग्यो।

"कुनै जमानामा यो एक उम्दा घोडा थियो।"—भास्काले भन्यो।

"अलि मोटोघाटो हुँदो हो त छाला पनि बढिया नै हुनेथियो।" – छाला काढ्ने मिजारले भन्यो।

साँझपख घोडाको बथान भिरालो चढ्दै घरतिर फर्किरहेको थियो। बायाँ छेउ लागेर हिंडिरहेका घोडाहरूले तल भुइँमा एउटा रातो टाटो देखे। त्यहाँ कुकुरहरू पनि झुम्मिएका थिए र आकाशमा चाहिं काग र चीलहरू मडराइरहेका थिए। एउटा कुकुर आफ्ना दुवै पञ्जाले सिनुलाई समातेर दाँतले लुछ्दैथियो। एउटा ठूलै चोक्टा नलुछिएसम्म र उसको दाँतमुन्तिर चुरूम-चुरूम आवाज नहुञ्जेलसम्म त्यसले टाउको हल्लाउँदै लुछिरहेको देखिन्थ्यो। कैली घोडी टक्क रोकिई, अनि आफ्नो गर्दन र टाउको अगाडि लगेर निकै बेरसम्म हावा सुँघ्दैरही। बडो मुश्किलले त्यसलाई त्यहाँबाट धपाएर लगियो।

पुरानो बनको बीचमा रहेको गहिरो खोंचमा बिहानपख बाक्लो झाडीको पछाडि ब्वाँसोका केही छाउराहरू रमाउँदै कराइरहेका थिए। त्यहाँ जम्मा पाँचवटा छाउराहरू थिए जसमध्ये चारवटा त करीब करीब एकैनासका थिए, किन्तु पाँचौं चाहिंको कद सानो थियो भने टाउको चाहिं धडभन्दा निकै ठूलो थियो। एउटी दुब्लीपातली माउ झाडीबाट बाहिर निस्केर लत्रिरहेको पेट घिसार्दै आई र आफ्ना छाउराहरूको सामुन्ने बसी। उसका थुनहरू पनि भुइँसम्म नै लत्रिरहेका थिए। छाउराहरू उसैको वरिपरि

अर्धवृत्त बनाएर उभिएका थिए। माउ आफ्नो सबभन्दा सानो छाउरोको नजिक पुगी र अगिल्ला टाँग झुकाई, खुट्टा पनि तल्तिर निहुराई, बंगारा खोली, आफ्नो पेटलाई केही बेरसम्म जोडले हल्लाई र एक निकै ठूलो चोक्टा घोडाको मासु मुखबाट बाहिर ओकेली। ठूला छाउराहरू त्यतर्फ लम्किए, तर माउ चाहिंले तिनीहरूलाई पल्तिर हटाइदिई र पूरै चोक्टा सानो छाउरोलाई खान दिई। सानो छाउरोले घुर्र गऱ्यो, मानौं ऊ क्रुद्ध भएको होस्! अनि उसले मासुको टुक्रालाई झम्टेर पञ्जामा लियो र [illegible] टोकेर खान थाल्यो। यसै गरेर माउले दोस्रो टुक्रा ओकेली, तेस्रो टुक्रा ओकेली र एवं रीतले पाँचैवटा छाउराहरूलाई खान दिई। अनि मात्र ऊ छाउराहरूको [illegible] पल्टेर आराम लिन लागी।

एक हप्तापछि नै ईंटको कटेरोपछिल्तिर एउटा ठूलो खप्पर र दुइटा फिलाका हाड सिवाय अरू केही बाँकी थिएन। घोडाको सिनुलाई लुछिचुंडीकन लगिसकेका थिए। ती फिलाका हाडहरू र खप्पर पनि गर्मीको याममा हाड बटुल्ने कुनै एक किसानले उठाएर लग्यो र आफ्नो जरूरत-अनुसार त्यसलाई पनि काममा प्रयोग गऱ्यो।

ग्रेखोम्स्कोइको मृत शरीर चाहिं निकै दिन बितेर [illegible] मात्र धरतीलाई सुम्पियो। ऊ स्वादिष्ट भोजन र मसिने पेट भर्नेगर्थ्यो। तर उसको छाला, मासु र हाडखोड कसैको निम्ति पनि काम लाग्ने ठहरिएन। बीस वर्षसम्म नै उसको हिंडडुल गर्ने "जिउँदो लाश" यस

धरतीको निम्ति असह्य भार बनिरह्यो। ती मानिसहरूको निम्ति पनि ऊ अनाहक बोझ नै थियो जसमाथि उसलाई गाड्ने जिम्मेदारी आइपरेको थियो। ऊ कसैको निम्ति पनि उपयोगी रहेको थिएन। जे होस्, अरूको मृत लाश-लाई जो गाडिदिन्छन् ती "जिउँदा लाशहरूले" उसको थसुल्लो, भद्दा, सड्न थालेको र गन्हाउने शरीरलाई दामी वर्दी र टल्कने बूट लगाइदिनु जरूरी नै ठाने। एउटा निकै राम्रो शवपेटिकामा उसलाई सुताइयो। शवपेटिकाको चारैतिर झल्लर हालिएको थियो। यस नयाँ शवपेटिकालाई पछि अर्को सीसाको शवपेटिकामा हालियो। अनि नयाँ वर्दी र टल्कने बूट लगाइएको यस सड्न आँटेको र कीरा पर्न लागेको देहलाई मास्को लगेर त्यसै ठाउँमा गाडियो जहाँ त्यसभन्दा पहिले उसका अरू कैयौं नातेदारहरूका हाडखोडहरू मक्किइसकेका थिए।

सन् १८८५

इभान इल्यीचको मृत्यु

१

न्यायालयको विशाल भवनमा मेल्भिन्स्कीहरूको मुद्दाको सुनुवाइ भइरहेको थियो। मध्यान्तरको समयमा सरकारी अभियोक्ता र न्याय परिषदका सदस्यहरू इभान एगोरोभिच शेबेकको कोठामा पसे। क्रासोभको प्रख्यात मुद्दाको बारेमा कुरा चल्यो। त्यो मुद्दा अदालतको अधिकार-क्षेत्रभित्र पर्दैन भन्ने सिद्ध गर्न फ्योदोर भासिल्येभिच निकै तात्तिइरहेको थियो भने इभान एगोरोभिच चाहिं आफ्नै कुरामा अडिइरहेको थियो। परन्तु प्योत्र इभानोभिच चाहिं बहसमा शुरूदेखि नै भाग नलिएर भर्खरै आएको ताजा अखबार "भेदोमोस्ती" पल्टाउँदैथियो।

"महाशय हो!" – उसले भन्यो। – "इभान इल्यीच त बितिहालेछ!"

"साँच्चै?"

"हेर्नु! पढ्नोस् ल!" – उसले फ्योदोर भासिल्येभिचलाई छापाखानाको गन्ध अझै आइरहेको ताजा अखबार दिंदै भन्यो।

कालो घेराभित्र त्यसमा छापिएको थियो: 'प्रस्कोभ्या

फ्योदोरोभ्ना गोलोभिना आफ्ना नाताकुटुम्ब र इष्टमित्र-लाई गत: ४ फरवरी, १८८२ का दिन आफ्ना प्यारा पति, न्यायिक समितिका सदस्य इभान इल्यीच गोलोभिनको स्वर्गारोहण भएको दु:खद समाचार दिन्छिन्। अन्त्यष्टि-क्रिया शुक्रवार दिउँसो एक बजे सम्पन्न गरिनेछ।'

इभान इल्यीच तिनै सज्जनहरूको साथमा काम गर्थे जो त्यहाँ जम्मा भएका थिए। उनी सबैका प्रियपात्र थिए। उनी कैयन् हप्ता यतादेखि थला परेका थिए र उनको रोगको कुनै उपचार हुन सक्तैन भन्ने कुरा सुन्नमा आउँथ्यो। उनको जागीर त सुरक्षित नै राखिएको थियो, परन्तु क्यै गरी उनको देहान्त भैहालेछ भने उनको पदमा अलेक्सेएभ र अलेक्लेएभको ठाउँमा चाहिं भिन्निकोभ या श्ताबेल नियुक्त गरिनेछन् भन्ने गाइँगुइँ चलेको थियो। त्यसैले गर्दा इभान इल्यीचको मृत्युको खबर सुन्नेबित्तिकै कोठामा उपस्थित सज्जनहरूमध्ये प्रत्येकको मनमा यस मृत्युले उनीहरूको आफ्नै वा उनका परिचित व्यक्तिहरूको नौकरीमा के कस्तो हेरफेर र तरक्की हुनेछ भन्ने नै पहिलो विचार उब्जेको थियो।

फ्योदोर भासिल्येभिच सोच्दैथियो: 'अब त पक्कै पनि मैले श्ताबेल या भिन्निकोभको ठाउँमा बहाली पाउनेछु। धेरै पहिले नै मलाई यसको वचन पनि दिइएको छ। यदि यो पदमा मैले नियुक्ति पाउन सकें भने मेरो तलब पनि आठ सय रूबल बढ्नेछ र यसको अतिरिक्त मसलन्द खर्च पनि चलाउन पाइनेछ।'

प्योत्र इभानोभिच मनमनै विचार गर्दैथियो: 'मेरो सालालाई कालुगाबाट यहाँ सरूवा गरियोस् भनेर तुरून्तै

निवेदन दिनु ठीक होला। मेरी पत्नी खूबै रमाउली। उसका नातेदारहरूको लागि मैले केही पनि गर्नेगरेको छैन भनेर न अब उसले गुनासो गर्न पाउनेछैन।

"बडो दु:खको कुरा हो! यस रोगले उनलाई थल्याएको न्यायँ पार्नेछ भन्ने त मलाई पहिलेबाटै थाहा थियो।" —प्योत्र इभानोभिचले सबैले सुन्ने गरी भन्यो।

"आखिर उनको रोग के थियो नि?"

"डाक्टरहरूले कुनै निधो नै गर्न सकेनन्। रोगको निदान त गरे, तर सबैले अलग अलग! अन्तिमपल्ट जब म उनलाई भेट्न गएको थिएँ, उनलाई बिसेक भैरहेको जस्तो मलाई लागेको थियो।"

"उत्सवको छुट्टीपछि त मैले उनीकहाँ आज जाउँला, भोलि जाउँला भन्दाभन्दै जानै पाइनँ।"

"घरको हालत कस्तो थियो नि उनको?"

"उनकी धर्मपत्नीसंग चाहिं थोरबहुत सम्पत्ति छ क्यार। तर त्यो ज्यादै नगण्य छ!"

"जे होस्, त्यहाँ जानैपर्ला! धेरै टाढा पो बस्छन् त!"

"तपाईंकहाँबाट टाढा पर्छ भन्नोस् न बरू! तपाईं-कहाँबाट जे पनि त टाढै छ!"

"मेरो घर नदीपारि पर्ने हुँदा मलाई माफ गर्नै चाहँ-दैनन्!" —शेबेकतर्फ हेरेर मुसुमुसु हाँस्दै प्योत्र इभानो-भिचले भन्यो। अनि त शहरको लामो लामो दूरीको बारेमा कुरा चल्न थाल्यो र त्यसपछि सबै नै कचहरीतर्फ लागे।

मृत्युको खबर थाहा पाइएपछि क-कसले तरक्की गर्नेछन् र के कस्तो अदलीबदली हुनेछ भन्ने विषयमा नाना थरीका अड्कलबाजी त पक्कै पनि लगाइने नै भए। यसको साथ-

साथै एक सुपरिचित व्यक्तिको मृत्युबाट, जस्तो कि सधैं हुनेगर्छ, सबैको भित्री मनमा चाहिं मृत्यु भयो त उसको मित्रको भयो, उसको आफ्नै चाहिं होइन भन्ने विचारले एक किसिमको खुशीको भावना पनि संचार भइरहेको थियो।

'अरे, मरेछ! तर म त बाँचेकै छु।'—हरेकको मनमा यही भावना उठिरहेको थियो। अनि इभान इल्यीचका निकटतम परिचितहरू, तथाकथित मित्रहरू चाहिं अनायासै के पनि सोचिरहेका थिए भने अब उनीहरूले एउटा उराठलाग्दो कर्तव्य पनि पूरा गर्नुपर्नेछ, शिष्टाचारको ख्याल राखेर अन्त्येष्टि क्रियामा पनि सामेल हुनैपर्नेछ र विधवा-कहाँ गएर समवेदना पनि प्रकट गर्नैपर्नेछ।

फ्योदोर भासिल्येभिच र प्योत्र इभानोभिच त यस परिवारका सबभन्दा घनिष्ठ मित्र नै थिए। ल-कलेजमा पढ्दा प्योत्र इभानोभिच इभान इल्यीचको सहपाठी थियो र धेरै कुराको लागि उनीप्रति आफूलाई आभारी पनि ठान्नेगर्थ्यो।

साँझको खाना खाने बेला उसले आफ्नी पत्नीलाई इभान इल्यीचको मृत्युको खबर सुनायो र उसको भाइ पनि सरूवा भएर त्यसै जिल्लामा आउने सम्भावनाको पनि ढाडस दिलायो। त्यसपछि सधैं जस्तो पल्टेर आराम लिनुको सट्टा उसले आफ्नो फ्रक-कोट लगायो र इभान इल्यीचको घरतर्फ लाग्यो।

इभान इल्यीचको घरको ढोकैनेर एउटा बग्गी र दुइटा गाडाहरू उभिएका थिए। तल घरको दलानमा ओभरकोट र बरसाती टाँग्ने खुटीको नजिकै शवपेटिकाको ढकनी

भित्तामा ठड्याएर राखिएको थियो। त्यो ढकनी पुष्पमाला र सुनौला रेशमी फीताले सिंगारिएको थियो। कालो लुगा लगाइराख्ने दुई जना महिलाहरू आफ्ना भुवादार कोट फुकाल्दैथिए। तीमध्ये एउटीलाई प्योत्र इभानोभिच चिन्दथ्यो। त्यो इभान इल्यीचकी बहिनी थिई। अर्की महिलालाई ऊ पटक्कै चिन्दैनथ्यो। त्यसै बखत प्योत्र इभानोभिचको एक जना साथी माथिबाट ओर्लिरहेको देखियो। उसको नाम श्वार्ज थियो। प्योत्र इभानोभिचलाई भित्र पसिरहेको देख्नेबित्तिकै त्यो टक्क अडियो र यस किसिमले आँखा झिम्क्यायो, मानौं ऊ भनिरहेको होस्: 'देख्यौ? इभान इल्यीच त हिंडिहाल्यो! तिमी-हामी त अझै सास फेर्दैछौं!'

बेलायती छाँटको गालेजुंगा पालिएको श्वार्जको अनुहार र फ्रक-कोट लगाइराखेको उसको दुब्लो-पातलो जीउमा सधैंको जस्तै आज पनि एक खास किसिमको स्फूर्ति र भव्यता झल्कन्थ्यो। यो सजधज र उसको स्वभावगत चञ्चलतामा कुनै तालमेल बसेको हुँदैनथ्यो, तैपनि त्यतिखेर चाहिं विशेष आकर्षक लागिरहेको थियो। जे होस्, प्योत्र इभानोभिचलाई चाहिं यस्तै लागिरहेको थियो।

प्योत्र इभानोभिचले एकातिर पन्छिएर महिलाहरूको लागि बाटो छोडिदियो र उनीहरूको पछि लाग्दै बिस्तारै सिंढी चढ्न थाल्यो। श्वार्ज त्यहीं माथि उभिएर उसको प्रतीक्षा गर्दैथियो। प्योत्र इभानोभिचले उसको मनसाय बुझिहाल्यो। जरूर पनि ऊ आज साँझ कहाँ बसेर तास खेल्ने हो भन्ने पक्कापक्की गर्न चाहन्थ्यो। महिलाहरू विधवालाई भेट्न भनेर भित्र पसे। श्वार्जका ओंठहरूमा

गम्भीरताको भाव झल्कन्थ्यो भने आँखामा चाहिं चंचलता खेलिरहेको थियो। उसले आफ्ना आँखिभौं खुम्च्याएर मृतक कुन कोठामा राखिएको छ भन्ने संकेत दिइहाल्यो।

प्योत्र इभानोभिच कोठामा पस्यो। उसले के गर्नुपर्ने हो भन्ने उसलाई थाहा नै भइरहेको थिएन, जस्तो कि अक्सर यस्तो मौकामा हुन्छ नै। यस्तो बेलामौकामा छातीनेर क्रसको चिन्ह बनाउन सकिन्छ भन्ने उसलाई थाहा नभएको होइन। तर शिर झुकाउनुपर्ने हो कि होइन भन्ने चाहिं उसलाई यकीन हुन सकेन। यसै कारणले गर्दा उसले बीचको बाटो रोज्यो। कोठामा पस्नेबित्तिकै उसले क्रसको चिन्ह बनायो र टाउको पनि अलिकति झुकाइदियो। यसो गर्दागर्दै उसले भ्याउञ्जेलसम्म कोठामा चारैतिर नजर पनि दौडाइहाल्यो। दुई जना तन्नेरीहरू, जो सम्भवत: इभान इल्यीचका भतीजा थिए र जसमध्ये एक जना चाहिं विद्यार्थी पनि थियो, बाहिर निस्कने तरखर गर्दै क्रसको चिन्ह बनाउँदैथिए। एउटी बुढिया ठिङ्ग उभिइरहेकी थिई। उसको छेवैमा अर्की एउटी आइमाई अनौठो पाराले आँखिभौं उचाल्दै उसको कानैमा केही खासखुस गर्दैथिई। लम्बाकोट लगाइराख्ने एक जना फूर्तिलो र आँटिलो पादरी ठूलो स्वर निकालेर पाठ गर्दैथियो। कसैको विरोध उसलाई सह्य हुन सक्दैन भन्ने त उसको लेग्रोतनाइबाट नै छर्लङ्ग भैरहेको थियो। भण्डारकोठाको रेखदेखकर्ता गेरासिम हलुका पाइला सार्दै प्योत्र इभानोभिचको सामुन्नेबाटै गुज्रेर गयो। ऊ भुइँमा केही गर्दै पनि थियो। उसलाई देख्नेबित्तिकै लाश गलेर केही गन्हाउन समेत थालिसकेको जस्तो प्योत्र इभानोभिचले अनुभव गऱ्यो। अन्तिमपल्ट जब ऊ इभान

इल्यीचसित भेट गर्न आएको थियो, त्यतिखेर उसको कोठामा यसै मान्छेलाई उसले देखेको थियो। ऊ बिरामी-कुरुवा भएर बसेको थियो र इभान इल्यीच उसलाई विशेष मन पनि पराउँथे। प्योत्र इभानोभिच बारम्बार क्रसको चिन्ह बनाउँदैगइरहेको थियो र शवपेटिका, पादरी तथा [illegible] कुनाको टेबुलमा राखिएका देवप्रतिमाहरूको दिशातर्फ [illegible] झुक्ने पनि गर्थ्यो। केही समयपछि चाहिनेभन्दा [illegible] बढी पटक क्रसचिन्ह बनाइसकेको जस्तो उसलाई [illegible] थाल्यो र ऊ ठिङ्ग उभिएर मृतकको अनुहारतर्फ [illegible] लगाएर हेर्न थाल्यो।

सबै मृतकहरू जस्तै त्यो पनि शवपेटिकामा राखिएका [illegible]हरूको बीचमा धसिएको जस्तो देखिन्थ्यो र ज्यादै [illegible] बोझिलो लागिरहेको थियो। हात-खुट्टा कक्रक्क परेका [illegible] टाउको सदाको लागि अगिल्तिर झुकेको देखिन्थ्यो, [illegible] पहेंलो मैनबाट बनेको जस्तो लाग्थ्यो, भित्र धसिएका [illegible] चम्किरहेका थिए। अगिल्तिर चुस्स उठेको नाकले [illegible] ओंठलाई थिचिरहेको जस्तो प्रतीत हुन्थ्यो। इभान इल्यीचमा ठूलो हेरफेर आइसकेको थियो। अन्तिमपल्ट प्योत्र इभानोभिच जतिखेर उनलाई भेट्न आएको थियो त्यतिखेर [illegible] अनि दुब्ला देखिंदैनथे। तैपनि सबै मृतकको जस्तै [illegible] उनको मुखाकृति ज्यादै सुन्दर देखिन्थ्यो अर्थात् अति [illegible] लाग्थ्यो। जिउँदो रहँदासम्म उनी यस्तो कहिल्यै [illegible] देखिएका थिएनन्। उनको अनुहारमा यस्तो भाव [illegible]. मानौं उनी भनिरहेका होउन्: 'जे जति मैले [illegible] सो गरिएको छ र जे जति गरिएको छ सो [illegible] गरिएको छ।' यसको अतिरिक्त यस्तो भान पर्थ्यो,

मानौं उनी जीवित मान्छेहरूको निन्दा गरिरहेका होउन् वा उनीहरूलाई नसीहत दिइरहेका होउन्। प्योत्र इभानोभिचलाई यो नसीहत अलि असंगत जस्तो लागिरहेको थियो। जे भए तापनि आफूसित त यसको कत्ति पनि सम्बन्ध छैन भन्ने ऊ ठान्दैथियो। ऊ अलि अप्ठेरो पनि अनुभव गर्न लाग्यो। तसर्थ उसले फेरि एकपल्ट झटपट ऋसको चिन्ह बनायो र कोठाबाट बाहिर निस्कियो। आफ्नो यस्तो हतपत स्वयं उसैलाई पनि ज्यादै अशिष्ट लागिरहेको थियो। बगलको कोठामा श्वार्ज उसैको प्रतीक्षामा थियो। ऊ गोडा फराकिलो पारेर उभिइरहेको थियो र पीठपछिल्तिर दुवै हातले आफ्नो टोप खेलाइरहेको थियो। उसको हट्टाकट्टा, स्फूर्तिलो र रवाफिलो जिउमा एक नजर पर्नेबित्तिकै प्योत्र इभानोभिचमा फेरि उमङ्ग जागेर आयो। श्वार्ज यी सबै कुराहरूबाट माथि उठिसकेको छ र ऊ कहिल्यै पनि आफूलाई खिन्निक्क पर्न दिन्न भन्ने प्योत्र इभानोभिचले बुझिहाल्यो। उसको सारा भावभंगिमाले फगत् एउटै कुरा भनिरहेको थियो: 'इभान इल्यीचको अन्त्येष्टि यस्तो कुनै ठूलो घटना होइन जसको लागि हामीले आफ्नो दैनिक बैठक नै स्थगित गर्न परोस्! आज साँझपख पनि नियमित रूपमा बैठक जम्नेछ, तासका नयाँ पत्तीहरू पनि खोलिनेछन् र टहलुवाले चारवटा सग्ला मैनबत्ती पनि ठड्याउनेछ। यसैउसले यस घटनाले आजको साँझ पनि रमाइलै वातावरणमा बिताउन बाधा पुऱ्याउनेछ भन्ठान्ने कुनै कारण छैन।' कोठाबाट बाहिर निस्किरहेको प्योत्र इभानोभिचको कानमा श्वार्जले यो कुरा सुट्ट भन्यो र फ्योदोर भासिल्येभिचकहाँ हुने जमघटमा भाग लिने निम्तो

[illegible] दियो। परन्तु त्यस साँझ रमझम गर्ने कुरा प्योत्र इभानोभिचको भाग्यमा लेखिएको रहेनछ। प्रस्कोभ्या फ्योदोरोभ्ना अरू केही महिलाहरूको साथमा ठीक त्यसै बेला आफ्नो एकान्त कोठाबाट निस्किन्। उनी होचो कदकी [illegible] महिला थिइन्, उनको जिउ माथिभन्दा तल झन् झन् फैलिंदै गएको थियो, यद्यपि यसको उल्टो परिणाम [illegible] गर्न उनले सकभर कोशिश गरेकी थिइन्। उनले [illegible] लुगा लगाइराखेकी थिइन् र टाउकोमा जालीदार [illegible] घुम्टो हालेकी थिइन्। उनको आँखिभौं पनि [illegible]काको सामुन्ने उभिएकी आइमाईको आँखिभौं जस्तै [illegible] पाराले माथितिर फर्केको थियो। उनले अरू महिला-[illegible] पनि मृतक राखिएको कोठाको ढोकासम्म डोऱ्याइन्।

"अहिले दिवंगतको लागि प्रार्थना हुनेछ। कृपया भित्र [illegible]!" – उनले भनिन्।

[illegible] अलि झुकेर त्यहीं नै टक्क अडियो। उसले यो [illegible] न स्वीकार गऱ्यो, न त ठुकरायो नै। प्योत्र इभानोभिचलाई देख्नेबित्तिकै प्रस्कोभ्या फ्योदोरोभ्नाले [illegible] चिनिहालिन् र लामो सुस्केरा हाल्दै उसको छेउमा [illegible]

"[illegible]ई त इभान इल्यीचका सच्चा मित्र हुनुहुन्छ।... [illegible] थाहा छ।" – उसको हात समातेर उनले भनिन् [illegible] कुनै उचित प्रतिक्रिया जनाइनेछ भन्ने आशाले [illegible] तर्फ ताक्न लागिन्।

[illegible] इभानोभिचलाई के थाहा थियो भने जसरी [illegible] मृतकको अगिल्तिर क्रस-चिन्ह बनाउनुपर्थ्यो [illegible] नै यहाँ विधवाको हात विस्तारै मिचेर लामो सास

फेरेर भन्नुपर्थ्यो : "म तपाईंलाई पक्का विश्वास दिलाउँछु।..." उसले यस्तै गऱ्यो पनि। यति गरिसकेपछि त्यसको वाञ्छित असर पनि परेको छ भन्ने उसले अनुभव गऱ्यो। उसको मन ढुक्क भयो र विधवा पनि आश्वस्त भइन्।

"तपाईंसंग एउटा कुरा गर्नुछ! पाल्नोस्, प्रार्थना शुरू हुनुभन्दा पहिले नै कुरा गरिहालौं। मलाई हातको सहारा दिनोस् त!"–विधवाले भनिन्।

प्योत्र इभानोभिचले आफ्नो हात पसारिदियो र दुवै जना भित्री कोठामा पसे। श्वार्जको बगलनेरबाट गुज्रेर जाँदा उसले प्योत्र इभानोभिचलाई आँखा झिम्क्याएर इशारा गऱ्यो, मानौं ऊ आफ्नो निराशा जनाउँदै होस्: 'ल, खेल्नोस् अब तासको खेल! तपाईंको सट्टा अर्को व्यक्तिलाई खोज्यौं भने दुःख नमान्नुहोला! यहाँबाट छुट्टी पाइनासाथै सरासर उतै आउनुहोला। खेलमा पाँच जना भए पनि केही आपत्ति छैन!'

प्योत्र इभानोभिचले अझ लामो र विषादयुक्त सुस्केरा हाल्यो। प्रस्कोभ्या फ्योदोरोभ्नाले चाहिं यसको लागि कृतज्ञता जनाउँदै उसको हात दबाइन्। कोठामा पुगेर उनीहरू दुवै जना एउटा टेबुलनेर बसे। भित्तामा गुलाफी रङ्गको छिटको कपडा टाँसिएको त्यस कोठामा एउटा मधुरो बत्ती धिपधिप बलिरहेको थियो। विधवा सोफामा बसिन् भने प्योत्र इभानोभिच चाहिं एउटा कमानीदार गद्दा हालिएको मेचमा बस्यो। गद्दाको स्प्रिङ्ग भाँचिएको थियो र उसको शरीरको बोझ त्यसमाथि पर्नेबित्तिकै मेच एकातिर कोल्टे पर्न गयो। प्रस्कोभ्या फ्योदोरोभ्नाले त

पहिलेबाटै उसलाई सावधान गराउन चाहेकी थिइन् र अर्को मेचमा नबसेर अर्को मेचमा बस्नको निम्ति इशारा गर्न आँटेकी थिइन्, परन्तु आफ्नो अवस्थालाई ख्यालमा राख्दा यस्तो गर्नु असुहाउँदो ठानेर विचार फेरिन्। त्यस मेचमा बस्दाबस्दै प्योत्र इभानोभिचलाई कुन कुराको सम्झना भएर आयो भने इभान इल्यीचले यो बैठककोठा सजाउन लाग्दा हरियो बेलबुट्टा भएको यसै गुलाफी छीटको कपडाले भित्ता सिंगार्ने प्रश्नमा उससंग पनि सरसल्लाह गर्बेका थिए। सोफामा बस्न भनेर टेबुलनेरैबाट अगाडि जान लाग्दा विधवाको जालीदार घुम्टोको फेर टेबुलको कापमा अड्कियो (हुन पनि बैठककोठा मेच-कुर्सी र यस्तै अरो थरीका सरसामानहरूले खचाखच भरिएको थियो)। त्यसलाई फुस्काउन भनेर प्योत्र इभानोभिच आफ्नो आसनबाट अलिकति उठ्यो। बोझ हट्नासाथै कमानी पनि तन्कियो र उसलाई जोडले धकेलिदियो। विधवा आफै आफ्नो घुम्टोको फेर निकाल्न लागिन् र प्योत्र इभानोभिच चाहिं विद्रोही कमानीलाई दबाउँदै एकपल्ट फेरि थच्च बस्यो। तर विधवाले आफ्नो पछ्यौराको फेर पूरा निकाल्न सकेकी थिइनन्, त्यसैले प्योत्र इभानोभिच फेरि अलिकति उठ्यो र कमानी फेरि उफ्रेकोले उसलाई झट्का लाग्यो। घुम्टोको फेर निस्केपछि विधवाले एउटा सेतो रेशमी रूमाल झिकिन् र रुन लागिन्। घुम्टोको फेर अल्झेको घटना र कमानीको विरुद्ध संघर्षले गर्दा प्योत्र इभानोभिचको सारा उत्साह चिसिइसकेको थियो र त्यसैले गर्दा ऊ नाक खुम्च्याएर बसिरहेको थियो। यस अप्ठेरो स्थितिबाट इभान इल्यीचको सहुवा सोकोलोभले छुटकारा दियो। उसले कोठामा प्रवेश

गऱ्यो र कब्रिस्तानमा जुन ठाउँ प्रस्कोभ्या फ्योदोरोभ्नाले रोजेकी छिन् त्यसको लागि दुई सय रूबल तिर्नुपर्नेछ भन्ने सूचना दियो। विधवा सुँक्क सुँक्क रोइन् र बलिको बोकोको नजरले प्योत्र इभानोभिचतर्फ पुलुक्क हेरिन्। अनि आफूले कैयौं कठिनाईहरूको सामना गर्नुपरिरहेको कुरा फ्रेन्च भाषामा बताइन्। प्योत्र इभानोभिचले मुखले त केही पनि बोलेन, तर यस्तो पक्का विश्वास झल्काउने मौन संकेत गऱ्यो जसको अर्थ मात्र यही हुन्थ्यो: 'खैर, यस्तो त हुने नै भयो।'

"चुरोट खाने मन भए खानुभए पनि हुन्छ!" – विधवाले अत्यन्त दुखित तर उदार स्वरमा भनिन् र सोकोलोभसंग चिहानको लागि चाहिने जग्गाको मोलतोलबारे कुरा गर्न लागिन्। प्योत्र इभानोभिचले चुरोट सल्कायो। चिहानको लागि कुन कुन ठाउँको जग्गा कति कति मोलका छन् भन्ने एक एक गरेर विधवाले सोधपूछ गरिन् र त्यो चाहिं जग्गा पनि रोजिन् जुन किन्नु जरूरी थियो। चिहानको लागि ठाउँ रोजिसकेपछि उनले भजनमण्डलीको सम्बन्धमा पनि खटनपटन गरिन्। त्यसपछि सोकोलोभ बाहिर निस्कियो।

"जे कुरा पनि मैले आफै गर्नुपर्छ!" – उनले भनिन् र टेबुलमा थुप्रिरहेका अल्बमहरूलाई एकातिर पन्छ्याइदिइन्। अनि प्योत्र इभानोभिचको चुरोटबाट खरानी टेबुलमा झर्न आँटेको देखेर झटपट उठेर एउटा एसट्रे अगिल्तिर राखिदिइन्।

"शोकको कारणले गर्दा आफ्नो व्यावहारिक काममा ध्यान दिन सक्तिनँ भनेर पत्यार पार्ने कोशिश गर्नु त फगत् स्वाङ मात्र हुनेछ।" – उनले अगाडि थपिन्। – "यदि

कुनै चीजले... सान्त्वना नै दिन नसके पनि कमसेकम मेरो ध्यान अन्यत्र हटाइदिन्छ त त्यो सिर्फ के हो भने म उनैको खातिर यो सब गर्दैछु भन्ने भावना!" —उनले फेरि रुमाल झिकिन्, मानौं रून खोजेकी होउन्! तर खूब बल गरेर उनले रून रोकेको जस्तो गरिन् र हलुका तवरले टाउको झटकारेर फेरि बडो गम्भीर पाराले कुरा गर्न थालिन्।

"एउटा कुरामा मलाई तपाईंको सल्लाह चाहिएको छ।" —उनले भनिन्।

प्योत्र इभानोभिच अलिकति झुक्यो, तर ऊ मेचको कमानीले फेरि उधुम मच्चाउन नपाओस् भन्ने कुरामा पनि खूबै सतर्क रहेको थियो।

"अन्तिम दिनहरूमा उनले ज्यादै दुःखकष्ट भोग्नुपर्‍यो।"

"ज्यादै संकष्ट पर्‍यो के?" —प्योत्र इभानोभिचले बल्ल सोध्यो।

"ज्यादै संकष्ट! अन्तिम समयतिर त उनी खूब चिच्चाएका थिए। पूरा तीन दिनसम्म उनी लगातार ऐय्या! ऐय्या! भन्दै कराइरहे। उनको छटपटी असह्य थियो। म बयानै गर्न सक्तिनँ: कसरी मैले यो सब सहन गर्न सकेकी हुँला? तीन तीन कोठा पार गरेर उनको चित्कार कानमा पर्थ्यो। ममाथि कस्तो आपद बज्रिन पुग्यो त्यसको त तपाईं अन्दाज पनि गर्न सक्नुहुनेछैन।"

"के अन्तिम घडीसम्म नै होशमा थिए त उनी?" —प्योत्र इभानोभिचले प्रश्न गर्‍यो।

"हो! अन्तिम क्षणसम्म नै!" —उनले सुस्त सुस्त भनिन्। —"मर्नुभन्दा केवल पन्द्र मिनेटअगाडि मात्र उनी

हामीहरू सबैसंग बिदाबारी भएका थिए र भलोद्यालाई पनि अगिल्तिरबाट लिएर जाने अनुरोध गरेका थिए।"

जुन व्यक्तिलाई आफूले शुरूमा एक चुल्बुले र ठटेउलो विद्यार्थीको रूपमा, त्यसपछि एक प्रौढ व्यक्ति र आफ्नो सहकर्मीको रूपमा यति घनिष्ठतापूर्वक चिनेका थिए त्यसले यस्तो कष्ट भोग्नुपरेको थियो भन्ने थाहा पाउँदा प्योत्र इभानोभिचलाई ठूलो दुःख लाग्यो, यद्यपि आफू र त्यो विधवा दुवैले नै स्वाङ पारिरहेको पनि उसलाई नराम्रोसंग खट्किरहेको थियो। उसको आँखासामुन्ने फेरि इभान इल्यीचको झझल्को आउन थाल्यो: त्यो निधार र माथिल्लो ओंठलाई थिचिराख्ने त्यही नाक। उसलाई आफ्नै निम्ति पनि डर लाग्न थाल्यो।

उसले मनमनै विचार गऱ्यो: 'तीन दिनसम्म असह्य यन्त्रणा र त्यसपछि मृत्यु! जुनसुकै बेला ममाथि पनि त यस्तो घटना घट्न सक्छ!' अनि एक छिनको लागि ऊ भयभीत भएर स्तम्भित भयो। तब एकाएक–किन हो कुन्नि, कारण त स्वयं उसलाई पनि थाहा छैन–एउटा सामान्य विचार उसको मनमा फुऱ्यो जसले गर्दा उसको मन ढुक्क भयो: 'मरेर गए त इभान इल्यीच नै पो मरेर गए, मेरो त मृत्यु भएको होइन क्या रे! मेरो त मृत्यु हुनै सक्तैन, न त यस्तो हुनु नै पर्छ। यस्ता नचाहिने कुराहरू सोच्न थालियो भने त मन नै भरङ्ग हुन्छ, तसर्थ यस्तो कुरा विचार गर्नै पनि हुँदैन। श्वार्जको अनुहारबाट नै ज्यादै टड्कारो रूपमा यो कुरा स्पष्ट भइरहेको थियो।' यस प्रकारको तर्कनाले गर्दा उसको मन फेरि शान्त भइहाल्यो। कहाँसम्म भने इभान इल्यीचको मृत्यु के कसरी भयो

भन्ने पनि उसले कोटचाईकोटचाईकन सोध्यो र सारा यथार्थ वर्णन समेत खूब ध्यानपूर्वक सुन्यो, मानौं मृत्यु एक यस्तो दुर्घटना होस् जुन फगत् इभान इल्यीचसंग मात्र घट्न सक्छ – उससंग चाहिं किमार्थ पनि घट्दैन !

इभान इल्यीचले कस्तो भयावह शारीरिक यन्त्रणा भोग्नुपरेको थियो (प्योत्र इभानोभिचलाई इभान इल्यीचको यन्त्रणाबारे त प्रस्कोभ्या फ्योदोरोभ्नामाथि त्यसको असर कस्तो पर्‍यो त्यसबाट मात्र जानकारी हुन गएको थियो) को सविस्तार बताइसकेपछि मात्र विधवा मुख्य कामकुराको चर्चा गर्न लागिन्।

"उफ्, प्योत्र इभानोभिच ! कस्तो कष्ट आइपर्‍यो ! कस्तो आपद-विपद बज्रियो ! कस्तो पीर खप्नुपर्‍यो !" – उनले फेरि रून शुरू गरिन्।

प्योत्र इभानोभिचले लामो सुस्केरा लियो र विधलाले कहिलेर नाक साफ गर्लिन् भन्ने प्रतीक्षा गर्न लाग्यो। विधवाले नाक साफ गरेपछि उसले भन्न शुरू गर्‍यो –

"विश्वास गर्नुस् ! . ."

विधवा फेरि फतफताउन लागिन् र त्यो चर्चा पनि चलाउन थालिन् जसको बारेमा सम्भवतः उनी प्योत्र इभानोभिचको सल्लाह माग्न चाहन्थिन्। पतिको मृत्युको सम्बन्धमा कुन तरीकाले सरकारी अनुदान प्राप्त गर्न सकिन्छ भनेर उनले सोधपूछ गरिन्। उनी प्योत्र इभानोभिचसंग पेन्सनको विषयलाई लिएर सल्लाह मागिरहेको जस्तो देखाउँथिइन्, तर त्यस आइमाईलाई वास्तवमा यस्ता यस्ता कुराहरूको पनि राम्ररी नै जानकारी छ जुन स्वयं उसलाई समेत थाहा छैन भन्ने ऊ छर्लङ्ग देखिरहेको थियो।

विधवालाई सानोतिनो कुराको पनि राम्रो बोध थियो। यस मृत्युको कारणले गर्दा सरकारी ढुकुटीबाट कतिसम्म रकम पाउन सकिन्छ भन्ने पनि विधवालाई राम्रै थाहा थियो। त्यतिखेर त उनी फगत् यस्तो तरीका मात्र थाहा पाउने प्रयास गर्दैथिइन् जसको सहायताबाट यो रकम अझ बढाउन सकियोस्। यो कसरी सम्भव होला भन्ने विषयमा प्योत्र इभानोभिच खूब गहिरिएर सोचविचार गर्न लाग्यो। केही बेर विचार गरिसकेपछि आफ्नो संवेदनशीलताको परिचय दिने उद्देश्यले सरकारलाई उसले बडो कन्जूस भनेर निन्दा गऱ्यो र यसभन्दा बढ्ता त कसै गरे पनि हात पार्न नसकिने कुरा बतायो। यस्तो कुरा सुनेर विधवाले लामो सुस्केरा हालिन्। यस्तो भान पर्न थाल्यो, मानौं अब यस भेटलाई कसरी समाप्त गर्ने भन्ने उनी सोचविचार गर्न लागेकी होउन्। उसले पनि यसको अडकल काटिहाल्यो र चुरोट निभाइदियो। अनि आफ्नो आसनबाट उठेर ऊ विधुवासंग हात मिलाएर बाहिरी कोठामा निस्कियो।

भोजनकक्षमा त्यो भित्तेघडी टाँगिएको थियो जुन इभान इल्यीचले विरल वस्तु बिक्री ार्ने पसलमा किनेर रमाउँदै घर ल्याएका थिए। त्यसै कोठामा प्योत्र इभानोभिचको भेट पादरी र अन्य केही परिचित व्यक्तिहरूसंग भयो जो अन्त्येष्टिमा भाग लिन आइपुगेका थिए। त्यहीं नै उसले एक सुन्दरी युवतीलाई पनि देख्यो जो इभान इल्यीचकी छोरी थिई। उसले पनि टाउकोदेखि पैतालासम्म नै कालो वस्त्र लगाइराखेकी थिई र उसको बारूले कमर अझ बढी मसीनो देखा परिरहेको थियो। उसको अनुहारमा विषाद, सङ्कल्प र झण्डै झण्डै क्रोधको भाव झल्किरहेको थियो।

उसले प्योत्र इभानोभिचलाई यसरी झुकेर अभिवादन गरी, मानौं उसले कुनै घोर अपराध गरेको होस्! उसको पछिल्तिर एक सम्पन्न युवक उभिएको थियो। त्यो पनि ज्यादै असन्तुष्ट देखिन्थ्यो। प्योत्र इभानोभिच उसलाई पनि चिन्दथ्यो। ऊ जाँच-इन्सपेक्टर थियो र इभान इल्यीचकी छोरीको भावी दुलहा हो भन्ने गाईंगुईं सुनिन्थ्यो। अभिवादनको उत्तरमा प्योत्र इभानोभिच पनि शोकाकूल मुख पारेर झुक्यो र मृतक राखिएको कोठातर्फ जान मात्रै के खोजेको थियो, उसको नजर भरेङमुन्तिर झल्याक्क एउटा आकृतिमा पऱ्यो। इभान इल्यीचको छोरो त्यहाँ उभिइरहेको थियो जो जिम्नेजियमको छात्र थियो र उसको अनुहार पनि ठ्याम्मै इभान इल्यीचको जस्तै थियो। प्योत्र इभानोभिचलाई झल्यास्स सम्झना भएर आयो—इभान इल्यीच बल्खिर ल-कलेजमा पढ्नेगर्थे, त्यस बेला उनको रूप पनि ठ्याक्कै यस्तै थियो। ज्यादा रूनाले उसका आँखा डम्म फुलेका थिए र तेह्र-चौद्ध वर्षका अल्लारे केटाहरूका जस्ता देखिन्थे। प्योत्र इभानोभिचलाई देख्नेबित्तिकै उसले लज्जालु पाराले आँखिभौं खुम्च्यायो र घुरेर हेर्न लाग्यो। प्योत्र इभानोभिचले उसतर्फ टाउको हल्लायो र मृतक राखिएको कोठामा पस्यो। प्रार्थना पनि शुरू भयो—धूप-दीप र मैनबत्ती, सुँक्क-सुँक्क र आँसु, सुस्केरा र हिक्का। प्योत्र इभानोभिच निदाउरो मुख पारेर आफ्नो अगाडि उभिएका मान्छेहरूको गोडातर्फ एकटक लगाईकन हेरिरहेको थियो। एकपल्ट पनि उसले आँखा उचालेर मृतकतर्फ हेरेन। उसले अन्त्यसम्म नै आफ्नो मन बाँधेर राखेको थियो र ऊ त्यस कोठाबाट पनि सबैभन्दा पहिले बाहिर निस्कियो। मटानमा कोही

पनि थिएन। भण्डारको रेखदेखकर्ता गेरासिम पनि मृतकको कोठाबाट दगुर्दै तल ओर्लियो र आफ्ना जब्बर हातले सबका सब भुवादार ओभरकोटहरू एकातिर फ्याँक्दै प्योत्र इभानोभिचको ओभरकोट खोजेर झिक्यो र उसलाई लगाइदिन थाल्यो।

"कसो त, भाइ गेरासिम? तिमीलाई त निकै दुःख लागेको होला, हैन?"—केही त भन्नै पर्ने ठानेर प्योत्र इभानोभिचले भन्यो।

"ईश्वरको इच्छा हो, हजूर! एक दिन सबैले त्यहाँ जानै पर्छ त!"—गेरासिमले आफ्ना दन्तलहर देखाउँदै जवाफ दियो। उसका दाँत सेता र जस्तो किसानहरूको हुन्छ त्यस्तै जब्बर पनि थिए। अनि उसले कामको खूब चटारो भएको व्यस्त मान्छे झैं झटपट ढोका खोल्यो, कराएर कोचवानलाई डाँक्यो, प्योत्र इभानोभिचलाई बग्गीमा चढाइदियो र उफ्रेर द्वारमण्डपमा कुदिहाल्यो, मानौं हतारहतारमा अर्को कुनै काम गर्नुपरेको होस्!

धूप-दीप, मृत देह र कार्बोलिक एसिडको गन्धपछि बाहिर निस्केर ताजा हावा सास फेर्न पाइएको हुँदा प्योत्र इभानोभिचलाई निकै खुशी लाग्यो।

"कता मर्जी हुन्छ?"—कोचवानले सोध्यो।

"अझै ढीलो भैसकेको छैन। एक छिनको लागि फ्योदोर भासिल्येभिचको घरमा पस्नै पर्ला!"

अनि त्यतैतर्फ ऊ रमाना पनि भयो। त्यहाँ भर्खरै उनीहरूले एक हात मात्र खेल समाप्त गरेका थिए। त्यसैले अर्को हात खेल शुरू हुँदा पाँचौं व्यक्तिको स्थानमा बसेर तास खेल्न प्योत्र इभानोभिचलाई ज्यादै सजिलो पर्न गयो।

२

इभान इल्यीचको जीवनको कथा अति सरल र साधारण र ज्यादै भयङ्कर पनि छ।

पैंतालिस वर्षको उमेरमा इभान इल्यीचको मृत्यु भयो। उनी न्याय परिषद्का सदस्य थिए। उनी यस्तो एक सरकारी अधिकारीका छोरा थिए जसले विभिन्न मन्त्रालयहरू र विभागहरूमा काम गरिसकेपछि पिटर्सबर्गमा आफ्नो लागि एउटा विशिष्ट स्थान बनाइसकेको थियो। यस खालका मान्छेहरू आखिर यस्तो ओहदामा पुगिहाल्छन् जहाँबाट उनीहरूलाई कसैले पनि हटाउन सक्तैन, यद्यपि उनीहरू-बाट कुनै पनि महत्वपूर्ण काम पूरा होला भन्ने आशा गर्न सकिन्न भन्ने समेत छर्लङ्ग नै भैसकेको हुन्छ। लामो समयसम्मको नोकरी र उच्च ओहदाको कारणले गर्दा उनीहरूलाई हटाउन सकिंदैन। जुन पदहरूमा उनीहरू बहाल रहन्छन् ती त खालि नाममात्रका पद हुन्छन्, परन्तु जुन तलब उनीहरूले पाउँछन् त्यो चाहिं नाममात्रको हुँदैन। उनीहरू बुढेसकालसम्म नै छदेखि दस हजार रूबलसम्म पाउँदैरहन्छन्। यस्तै थियो – सल्लाहकार सभाको सदस्य इल्यिन् अनावश्यक संस्थाहरूका अनावश्यक सदस्य इल्या एफिमोभिच गोलोभिन!

उनका तीन जना छोराहरू थिए जसमध्ये इभान इल्यीच माहिला छोरा थिए। जेठो छोराले चाहिं आफ्नो बाबुले जस्तै तरक्की गरेको थियो। हो, ऊ चाहिं कुनै अर्कै मन्त्रालयमा काम गर्थ्यो। छिटै नै उसको नोकरीको अवधि पनि त्यस सीमासम्म पुग्दैछ जब स्वत: नै तनखा पाइन

थाल्नेछ। कान्छो छोरो चाहिं भाग्यमानी निस्केन। उसले विभिन्न पदमा रहेर विभिन्न ठाउँमा काम गऱ्यो, तर कतै पनि सफलता पाउन सकेन र हाल ऊ रेलवे विभागमा कतै जागिरे थियो। उसका बाबु र उसका दाजुहरू, खास गरी भाउजुहरू उससंग भेटघाट गर्नु त के अति जरूरत नपरेसम्म उसको अस्तित्वको समेत सम्झना गर्न मन पराउँदैनथे। उसकी बहिनीको बिहे चाहिं बारोन ग्रेफसंग भएको थियो जो आफ्नो ससुरा जस्तै पिटर्सबर्गमा एक माथिल्लै ओहदामा थियो। इभान इल्यीचलाई मान्छेहरू le phenix de la famille* भन्नेगर्थे। उनी आफ्नो जेठो दाजु झैं रूखा र लकीरको फकीर थिएनन्, न त कान्छो भाइ जस्ता अल्लारे नै थिए। उनी ती दुवैको बीचमा थिए— चलाक, हँसमुख, आकर्षक र मिलनसार मान्छे! उनी र उनको कान्छो भाइ दुवै जनाले ल-कलेजमा पढेका थिए। कान्छो भाइले कोर्स पूरा गर्न सकेन, किनभने पाँचौं वर्षमा पढ्दापढ्दै कलेजबाट निकालियो। इभान इल्यीचले चाहिं राम्रो नम्बर ल्याएर कोर्स समाप्त गरे। उनी कानूनका विद्यार्थी छँदा पनि उनको चरित्र त्यस्तै थियो जस्तो त्यसपछि उनको सारा जीवनभरि नै कायम रह्यो: सुयोग्य, प्रसन्नचित, मिलनसार, विनम्र र कर्तव्यनिष्ठ। उनी ती सबै कुराहरूलाई आफ्नो कर्तव्य ठान्दथे जसलाई माथिका पदाधिकारीहरू कर्तव्य सम्झन्थे। कसैको चाकरी र खुशामद चाहिं उनले न बचपनमा गरे, न त पछि उमेरदार भएपछि नै गरे। परन्तु सानै उमेरदेखि नै उनी आफूभन्दा ठूला-

---

*कुलको गौरव (फ्रेन्च) — अनु०

[illegible]हरूप्रति त्यसरी नै आकृष्ट हुनेगर्थे जसरी कीटपतङ्गहरू
[illegible]तर्फ आकर्षित हुन्छन्। उनले पनि तिनीहरूकै
[illegible]द्वारा र तिनीहरूकै जीवन-दृष्टिकोण अपनाइराखेका
[illegible] र उनीहरूको साथमा नै उठबस पनि गर्थे। वाल्यकाल
र युवावस्थाका उनका सबै जोशहरू बिलाइसकेका थिए
र तिनको नामनिशानसम्म पनि बाँकी रहन गएको थिएन।
[illegible] उनमा किञ्चित् भ्रमात्मक अभिमान र भावुकता
[illegible] हाइन, तर कलेजका अन्तिम वर्षहरूतिर उनी
[illegible]को लागि उदारवादी पनि बन्न पुगेका थिए।
[illegible] सबै कुराहरूमा उनले आफ्नो सहजबुद्धिले गर्दा
[illegible]को सीमा चाहिं उलङ्घन गरेका थिएनन्।

[illegible]नकालमा उनले जे जस्ता कामकुराहरू गरेका
[illegible] उनलाई पहिले ज्यादै घृणित लाग्नेगरेका थिए र
[illegible] उनलाई आफैंप्रति बडो क्षोभ पनि हुन थालेको
[illegible] जब पछि उनले ठूलाबडा मानिसहरूले समेत
[illegible] दुविधाबेगर नै त्यस्तै कामहरू गरिरहेको देखे त
[illegible] उनले पटक्कै बिर्सिदिए। ती कामकुराहरूलाई
[illegible] पनि उनी असल त ठान्दैनथे, तर तिनको सम्झना
[illegible] उनलाई पश्चात्ताप पनि लाग्दैनथ्यो।

इभान इल्यीचले ल-कलेजको पढाइ समाप्त गरेपछि
[illegible] निम्ति अवश्यक सरसामान किन्न आफ्ना बाबुबाट
[illegible] पनि पाए। त्यस रकमबाट उनले शार्मरको सिलाइ
[illegible]नियमा आफ्नो लागि नयाँ लुगा सिलाए, घडीको
[illegible]मा एउटा बिल्ला पनि झुण्डयाए जसमा "respice
finem"* भन्ने कुँदिएको थियो। ल-कलेजका संरक्षक

* शुरूमै अन्त्य ठम्याऊ (ल्याटिन)।–अनु०

राजकुमार र प्राध्यापकसंग बिदाबारी भएर आफ्ना साथीभाइहरूको साथमा उनले डोनोन रेष्टुराँमा भोज मनाए। त्यसपछि नयाँ छाँटको सुटकेश, नयाँ फैशनको लुगाफाटो, नुहाउने-धुने सामान, शृङ्गार-पटारका सामान, कोठा सजाउने दरी-गलैंचा आदि सबभन्दा नामी पसलहरूबाट किनेर उनी एउटा प्रान्तीय नगरतर्फ रमाना भैहाले। उनलाई उनका पिताले गभर्नरको कार्यालयमा विशेष सचिवको पद मिलाइदिएका थिए।

मोफसलमा पनि छिटै नै इभान इल्यीचले आफ्नो विद्यार्थी जीवनको जस्तै आफ्नो रहन-सहन आरामदायक र सुखी बनाइहाले। उनी आफ्नो काम गर्थे, आफ्नो तरक्की पनि बढाउँदैथिए र यसको साथसाथै शिष्ट र सुरूचिपूर्ण आमोद-प्रमोदको पनि रस लिन्थे। कहिलेकाहिं उनी आफ्नो हाकिमद्वारा खटाइएको कामको सिलसिलामा विभिन्न जिल्लाहरूको भ्रमणमा पनि जानेगर्थे जहाँ उनी आफूभन्दा माथिका र मुनिका सबै पदाधिकारीहरूसमक्ष आत्मगौरव र प्रतिष्ठा कायम राख्नेगर्थे। आफ्नो कर्तव्य उनी ईमानदारीपूर्वक पालना गर्थे जसले गर्दा सच्चा गर्वको अनुभव नहुन सक्तैनथ्यो। त्यहाँ खास गरी उनले "सनातन धर्म" विषयक मामिला हेर्नुपर्थ्यो।

तन्नेरी उमेर र आमोदप्रिय स्वभाव हुँदाहुँदै पनि सरकारी काममा चाहिं उनी एकदमै गम्भीर र औपचारिक रहन्थे, अझ कठोर समेत हुन पुग्थे। परन्तु साथीभाइहरूको माझमा उनी हाँसखेल गर्थे, हाजिरजवाफ रहन्थे र सधैं मिलीजुलीकन नै बस्थे। उनका हाकिम र हाकिमकी पत्नी पनि घरकै मानिससरह ठानेर उनलाई bon enfant* भन्नेगर्थे।

* भलादमी (फ्रेन्च)। – अनु०

अन्य प्रान्तीय नगरमा एउटी आइमाईसंग पनि उनको सम्बन्ध हुन गयो। त्यो त्यस आइमाईहरूमध्ये एक थिई जो अब ठाँटिलो कानूनविद्प्रति आशक्त भैसकेका थिए। त्यहाँ एउटी अर्की आइमाई पनि थिई जो फैशनदार जनाना लुगा बनाउने काम गर्थी। जो अधिकृतहरू त्यस शहरमा आइपुग्थे उनीहरूसंग भोजभतेर पनि हुन्थ्यो र साँझको खाना खाइसकेपछि निकै टाढा रहेको गल्लीमा पनि आवत-जावत हुन्थ्यो। आफ्नो हाकिम र अझ आफ्नो हाकिमकी स्वास्नीलाई खुशी पार्न नजराना-सौगात पनि पठाइन्थ्यो। तर यी सबै काम शिष्टताको कतिसम्म उच्च स्तरमा सम्पन्न गरिन्थ्यो भने तिनलाई कुनै नराम्रो संज्ञा दिन सकिँदैनथ्यो। यो सब त्यही फ्रान्सेली आहानको अनुरूप ढंगमा भनिएको छ: il faut que jeunesse se passe*। जे जति गरिन्थ्यो त्यो सब सफासुग्घर हातले गरिन्थ्यो, सुकिलो लुगा लगाएर गरिन्थ्यो, फ्रान्सेली भाषा बोलेर गरिन्थ्यो र सबभन्दा महत्वपूर्ण कुरा त के भने उच्चतम समाजमा गरिन्थ्यो अर्थात् त्यसमा उच्च ओहदामा रहेका मान्छेहरूको सहमति हुन्थ्यो।

यसरी पाँच वर्षसम्म इभान इल्यीचले काम गरे। अनि अन्त कानूनमा केही अदलीबदली भयो। नयाँ अदालतहरू खुले र तिनको संचालनको लागि नयाँ पदाधिकारीहरूको पनि आवश्यकता पर्‍यो।

यो नयाँ खालका मान्छेहरूमध्ये इभान इल्यीच पनि एक भए।

---

* जवानीमा जोश त हुनैपर्छ (फ्रेन्च)।—अनु०

इभान इल्यीचसमक्ष जाँचपडताल गर्ने अधिकृतको पद प्रस्तावित गरियो र उनले सो पद स्वीकार पनि गरे, यद्यपि उनले अर्कै प्रान्तमा जानुपर्ने थियो – भलै यहाँ आफ्नो बनिसकेको सम्बन्ध थियो। उनका साथीभाइहरूले उनीसंग बसेर फोटो खिचाए र सम्झनाको लागि चाँदीको सिगरेट-केस पनि उपहार दिए। यसरी उनी आफ्नो नयाँ स्थानतिर रमाना भए।

जाँचबूझ अधिकृतको पदमा पनि इभान इल्यीच त्यसै गरी comme il faut* थिए। उनले त्यत्तिकै ल्याकतको प्रदर्शन गरे, त्यत्तिकै दक्षतापूर्वक उनले सरकारी काम र निजी कामलाई अलग्याएर राखे तथा त्यसै गरी सबैको आदरपात्र पनि बने जस्तो उनी ती दिनहरूमा थिए जतिखेर गभर्नरको विशेष सचिव भएर काम गर्नेगर्थे। पहिलो नौकरीको तुलनामा जाँचबूझ अधिकृतको काम उनलाई बढ्ता रोचक र प्रिय लाग्यो। निश्चय नै पनि पहिलो नौकरीको पनि आफ्नै विशेषता थियो। शार्मरकहाँ सिलाइएको रवाफिलो वर्दीमा डटेर जब उनी प्रतीक्षा-कक्षमा पालो कुरेर बसिराखेका आगन्तुकहरू र ईर्ष्याका नजरले उनलाई घुरेर हेर्ने अड्डाका कारिन्दाकर्मचारीहरूको अगिल्तिरबाट फुर्तिसाथ हिंडेर सरासर आफ्नो हाकिमको कोठामा पस्थे र उसको बगलमै बसेर चियाको चस्को लिन्थे वा चुरोटको सर्को तान्थे, त्यतिखेर उनलाई अपार आनन्द लाग्थ्यो। तर त्यहाँ यस्ता मान्छेहरू ज्यादै कम थिए जसको उनी भाग्यविधाता बन्न सक्थे। फगत् जिल्लाका पुलिस-इन्सपे-

* यथायोग्य (फ्रेन्च) – अनु०

[illegible] र "सनातन धर्म"का समर्थकहरूसंग मात्र सरकारी [illegible]मा जाँदा उनको सरोकार रहन्थ्यो। परन्तु उनीहरूसंग [illegible] शिष्टतापूर्वक, यहाँसम्म कि झण्डै साथीभाइसित जस्तै [illegible] गर्नेगर्थे र यस्तो अनुभव गर्न लगाउँथे, मानौं [illegible] चाहेको खण्डमा उनीहरूलाई मुठ्ठीको माखोलाई [illegible] थिचिदिन समेत उनी सक्छन्, तर पनि त [illegible] उनको व्यवहार कति मैत्रीपूर्ण र विनम्र छ। [illegible] यस्ता मानिसहरूको संख्या त्यतिखेर ज्यादै कम थियो। [illegible] उनी जाँचबूझ अधिकृत बनिसकेका थिए। अब त [illegible] विचार गर्न थालिसकेका थिए भने सबै मान्छे-[illegible] यहाँसम्म कि सबभन्दा प्रतिष्ठित र आत्मतुष्ट [illegible] समेत उनको वशमा छन्। सरकारी कागजमा [illegible] बेहोरा लेखेर पूर्जी काट्नेबित्तिकै ठूलाभन्दा ठूला [illegible]भन्दा घमण्डी मान्छे पनि उनको सामुन्ने खडा [illegible]। इभान इल्यीच उदारतावश उसलाई मेचमा [illegible] गर्थे, अन्यथा उसले उभिएको उभियै एक [illegible] हैसियतले वा एक अभियुक्तको हैसियतले आफूलाई [illegible] सबै प्रश्नहरूको एक एक जवाफ दिनुपर्थ्यो। [illegible] इल्यीच आफ्नो यस अख्तियारको कहिल्यै पनि दुरुप-[illegible], बरु उनले सदैव नै त्यसको सद्भावनापूर्वक [illegible] गर्ने प्रयास गरेका थिए। उनको दृष्टिमा यस नयाँ [illegible] मुख्य आकर्षण नै कुन कुरामा थियो भने त्यसले [illegible] आफ्नो शक्तिको बोध गराउनुको साथसाथै आफ्नो [illegible]को समेत प्रदर्शन गर्ने सम्भावना दिन्थ्यो। छिटै [illegible] आफ्नो काममा दक्षता हासिल गरिहाले। उनी [illegible]मिलाको जाँचपडताल गर्दा ती सबै परिस्थितिहरूलाई

अलग्याइदिनेगर्थे जसप्रति जाँचबूझ अधिकृतको नाताले उनको कुनै पनि उत्तरदायित्व हुँदैनथ्यो। उनले जटिलभन्दा जटिल अभियोगहरूलाई तिनको वाह्य परिस्थितिहरूकै अनुरूप बेग्लाबेग्लै नाम दिनेगरेका थिए। यसले गर्दा उनले कतै पनि आफ्नो राय दिइरहनु पर्दैनथ्यो र औपचारिक रूपमा ऐनकानूनको सबै रीत पनि पुगिहाल्थ्यो। यो काम नयाँ थियो। इभान इल्यीच पनि ती व्यक्तिहरूमध्ये एक थिए जसले सन् १८६४ मा जारी गरिएको अदालती बन्दोबस्तको तर्जुमामा व्यावहारिक योगदान पुऱ्याएका थिए।

जाँचबूझ अधिकृत बनेर नयाँ शहरमा पुगेपछि इभान इल्यीचले नयाँ सम्पर्क स्थापित गरे, नयाँ जानपहिचान बढाए, नयाँ ढाँचाले बस्न थाले र बोल्ने ढंगमा पनि केही नयाँपन ल्याए। आफ्नो प्रतिष्ठाको ख्याल राखेर यसपल्ट उनले स्थानीय पदाधिकारीहरूबाट आफूलाई उचित दूरीमा राखे र न्यायप्रशासनका उच्चपदस्थ व्यक्तिहरू र शहरका सम्पन्न खानदानका मानिसहरूसंग मात्र हेलमेल बढाए। यसको साथसाथै सरकारप्रति थोरबहुत असन्तोष, संयमित उदारतावाद र शिष्ट नागरिक जीवनमा पनि रूचिको प्रदर्शन गर्न थाले। इभान इल्यीच आफ्नो वेष-भूषामा पनि पहिले झैं खूब ध्यान दिन्थे। नयाँ पदमा बहाल भएपछि चाहिं उनले दाह्री काट्न छोडिदिएका थिए र दाह्रीलाई आफुखुशी बढ्ने मौका दिएका थिए।

नयाँ शहरमा पनि इभान इल्यीचको जीवन उत्तिकै सुखद रह्यो। गभर्नरको विरोधी दल ज्यादै नै मिलनसार र रोचक निस्कियो। उनको वेतन पनि पहिलेको भन्दा बढेको थियो। उनले ह्वीष्ट खेल्न समेत सिकेको हुँदा त

[illegible] रमाइलोसित जीवन बित्न थाल्यो। सामान्यतया उनी [illegible] उत्साहपूर्वक तास खेल्नेगर्थे, ज्यादै चलाखीपूर्वक सूक्ष्म [illegible] समेत चल्नेगर्थे र अक्सर जीत पनि उनैको हुन्थ्यो।

[illegible] शहरमा दुई वर्ष नोकरी गरिसकेपछि आफ्नी भावी [illegible] इभान इल्यीचको भेट भयो। उनी जुन समाजमा [illegible] सर्नेगर्थे त्यसमा प्रस्कोभ्या फ्योदोरोभ्ना मिखेल नै [illegible] आकर्षक, बुद्धिमती र चतुर युवती थिइन्। यसरी [illegible] अधिकृतको दायित्व वहन गरिसकेपछि बाँकी रहन [illegible] फुर्सदको समयमा बसिबियाँलो र आमोदप्रमोदको [illegible] अर्को साधन उनले भेट्टाइहाले। इभान इल्यीचले [illegible]भ्या फ्योदोरोभ्नाको साथमा अलिअलि जिस्किन र [illegible] शुरू गरिहाले।

[illegible] बेला इभान इल्यीच विशेष सचिवको पदमा थिए [illegible] उनी बेलाबखतमा नाचहरूमा सरीक हुनेगर्थे, [illegible] जाँचबूझ अधिकृतमा नियुक्ति पाएपछि चाहिं कहिलेकाहिं [illegible] नाच्ने गर्न थाले। अनि जब नाच्थे त फगत् के देखाउन-[illegible] मात्रै नाच्नेगर्थे भने नयाँ अदालती बन्दोबस्तको [illegible] र पाँचौं श्रेणीको अधिकृत हुँदाहुँदै पनि उनी [illegible] क्षेत्रमा समेत सामान्य मानिसहरूभन्दा माथिल्लो [illegible] छन्। यसरी कहिलेकाहिं सन्ध्या-समारोहको [illegible] उनी प्रस्कोभ्या फ्योदोरोभ्नासंग नाच्नेगर्थे। यस्तै [illegible] नै उनले प्रस्कोभ्या फ्योदोरोभ्नाको हृदय जितेका [illegible] उनको प्रेमी बन्न पुगेका थिए। इभान इल्यीचले [illegible] कुनै ठोस मनसाय राखेका थिएनन्, तर जब [illegible] एक युवतीको प्रेमपात्र बने, त्यतिखेर नै उनको मनमा [illegible] सुझ्यो: 'वास्तवमा बिहे नै किन नगरिहालूँ त?"

प्रस्कोभ्या फ्योदोरोभ्ना कुलघरानाकी छोरीबेटी थिइन्, हेर्नमा पनि राम्री नै थिइन् र साथमा केही धनदौलत पनि छँदैथियो। इभान इल्यीचले यसभन्दा बढ्ता ल्याकतकी अर्धाङ्गिनी पाउन सक्थे, तर यो पनि नसुहाउँदो जोडी थिएन। इभान इल्यीच राम्रै तलब पाउँथे र प्रस्कोभ्या फ्योदोरोभ्नाको आयस्ता पनि उनको विचारमा आफ्नो तलबकै बराबर पुग्न आउँथ्यो। ससुराली खलक पनि राम्रै थियो। केटी पनि मायालु, सुन्दरी र सुशील थिई। इभान इल्यीच आफ्नी भावी दुलहीलाई प्रेम गर्न लागिसकेका थिए र उनीहरू दुवैको जीवन-दृष्टिकोण पनि समान थियो। त्यसैले उनले बिहे गरे भन्नु त्यत्तिकै गलत हुनेछ जति उनका आफन्त र मित्रहरूले यस जोडीलाई मन पराएको हुँदा उनीहरूको बिहे भयो भन्नु पनि गलत छ। इभान इल्यीचले यी दुवै कुराहरूलाई ध्यानमा राखेर बिहे गरेका थिए। यस विवाहमा सुख र औचित्य दुवै कुरा मौजूद थिए। सुख यस कारणले कि उनले यस्ती अर्धाङ्गिनी प्राप्त गरेका थिए, अनि औचित्य कुन कारणले भने यस जोडीलाई माथिका ठूलाबडाहरूले उचित ठहराएका थिए।

तसर्थ इभान इल्यीचले बिहे पनि गरिहाले।

विवाहको जन्ती-बरियाँत र विवाहपछिका पहिला दिनहरू त ज्यादै नै रमाइलोसित बिते—नयाँ सरसामान, नयाँ भाँडाबर्तन, नयाँ लत्ता-कपडा र नवदम्पतिको प्रेम-क्रीडा! आनन्दपूर्वक समय बित्दैगइरहेको थियो। इभान इल्यीच के सोच्दैथिए भने विवाह हुनुभन्दा पहिलेको जस्तै अब पनि उनको जीवन उल्लासपूर्ण, आरामदायी, आमोदपूर्ण एवं शिष्ट नै रहिरहनेछ र यस विवाहबाट त्यसमा कुनै

[illegible]को बाधा पुग्नेछैन, बरू अझ बढ्ता रोचक हुन थाल्नेछ। केही महीनापछि नै उनकी पत्नीले गर्भ धारण गरिन्। अनि त उनले एक नौलो र अप्रत्याशित स्थितिको सामना गर्नुपर्‍यो जुन ज्यादै अप्रिय, अनुचित र असह्य थियो। जीवनले यस्तो मोड लिनेछ भन्ने त उनले सपनामा [illegible] विचार गरेका थिएनन् र अब यसबाट छुट्कारा पाउनु पनि असम्भव थियो।

कुनै कारणबेगर नै, अर्थात् उनको शब्दमा de gaieté de coeur * उनकी पत्नीले जीवनको सुख र शिष्टता [illegible] गर्न थालिन्। अकारण नै उनी पतिको ईर्ष्या गर्न थालिन् र उनबाट आफ्नो बढी सेवासुश्रुषाको पनि माग गर्न थालिन्। पतिको हरेक कुरामा उनी खोटहरू निकाल्थिन् र [illegible] अनुचित र भद्दा किसिमबाट उनीसंग बाझ्न समेत थालिन्।

[illegible] न इभान इल्यीचले पहिले झैं नै आरामदायक र [illegible] ढंगबाट जीवन बिताएर यस अप्रिय स्थितिबाट मुक्ति पाइनेछ भन्ठानेका थिए। आफ्नी पत्नीको लहड-[illegible] बेवास्ता गर्ने र पहिले जस्तै ऐशआराम र सुखपूर्वक [illegible] पनि उनले प्रयास गरे। आफ्ना साथीभाइहरूलाई [illegible] कि न आफूकहाँ तास खेल्न बोलाउनेगर्थे, कि त स्वयं आफैं नै क्लब वा इष्टमित्रहरूकहाँ जानेगर्थे। परन्तु एकपल्ट उनकी पत्नीले उनलाई कतिसम्म अश्लील शब्दहरूद्वारा [illegible] भने उनी चकित भए। त्यसपछि पनि जब उनी [illegible] इच्छाको विपरीत कुनै काम गर्थे त यस्तै झँटाइ

---

* [illegible]ले गर्दा (फ्रेन्च) —अनु०

पाउँथे। पतिलाई आफ्नो काबूमा लिन नसकुन्जेल नै यस्तै गर्ने उनले अठोट गरेकी छिन् भन्ने प्रतीत हुन्थ्यो। यसरी कज्याएर राख्नुको अर्थ के हुन्थ्यो भने उनी पनि आफ्नी पत्नी झैं सधैंभरि घरमा नै बसिराखून् र वाल्ल परेर उनैलाई मात्र हेरिराखून्! दाम्पत्य जीवन र खास गरी यस्ती आइमाईसंग विवाह गरेपछि शुरू हुने जीवनमा सुख र शिष्टता बढ्नु त परै रहोस्, बरू एकदमै नष्ट भएर जाला भन्ने पो डर छ भनेर उनले छर्लङ्ग बुझिहाले। तसर्थ उनले यस खतराबाट आत्मरक्षा गर्नु आवश्यक ठाने र उनी यसको लागि उपायहरू पनि खोज्न लागे। प्रस्कोभ्या फ्योदोरोभ्नालाई प्रभावित पार्न सक्ने एउटै मात्र कुरा थियो – इभान इल्यीचको जागीर। तसर्थ इभान इल्यीचले आफ्नो जागीर र त्यस जागीरबाट उत्पन्न हुने जिम्मेदारीहरूलाई नै आपनी पत्नीको विरूद्ध संघर्ष गर्ने र आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्ने साधन तुल्याए।

बच्चा जन्मेपछि त झन्झट अझ थपियो। कहिले बच्चालाई दूध ख्वाउनाको सास्ती त कहिले चाहिं आमा अथवा बच्चाको वास्तविक या मनगढन्त अस्वस्थता। यस झमेलाप्रति उनीबाट सहानुभूतिको आशा राखिन्थ्यो, तर उनी त त्यसलाई बुझ्नसम्म पनि बुझ्दैनथे। यस्तो घर-व्यवहारबाट निकै टाढा रहेर आफ्नै बेग्लै संसार बनाउनु इभान इल्यीचको निम्ति आवश्यक हुन गएको थियो।

जति जति उनकी पत्नीको स्वभाव हठी र दुराग्रही हुँदैगयो त्यत्तिकै बढी मात्रामा उनले पनि जानाजानी नै आफ्नो कार्यालयलाई आफ्नो जीवनको केन्द्रबिन्दु बनाउँदैलगे। पहिले कहिल्यै पनि उनी अहिले जस्तो बढी महत्वा-

कम्ती रहेका थिएनन्, न त आफ्नो नोकरीलाई नै उनले अति ज्यादा प्रेम गर्नेगरेका थिए।

छिटै नै, बिहे भएको एक वर्षभित्र नै, दाम्पत्य जीवनमा केही आराम त अवश्य छ, तर विवाह एक ज्यादै जटिल र कठिन समस्या हो भन्ने कुरा इभान इल्यीचलाई [illegible] भैहाल्यो। यस सम्बन्धमा पनि मान्छेले केही यस्ता स्पष्ट नियमहरू बनाउनुपर्छ जस्तो उसले आफ्नो व्यवसायको [illegible] बनाइराखेको हुन्छ र त्यसैअनुसार आफ्नो कर्तव्य पनि पालन गर्दैरहनुपर्छ अर्थात् दाम्पत्य जीवन यस्तो शिष्ट होस् कि समाजले औंला ठड्याउन नसकोस्!

[illegible] इभान इल्यीचले दाम्पत्य जीवनसम्बन्धी आफ्ना नियमहरू पनि बनाइहाले। विवाहित जीवनबाट उनले यति मात्र माग गरे कि घरमा गृहणी होस्, खाना उपलब्ध [illegible], बिछ्यौनाको सुविधा रहोस् र मुख्य कुरा त के अरू मानिसहरूको दृष्टिमा गार्हस्थ्य जीवनको यस्तो औपचा-रिक शिष्टता कायम रहिरहोस् जसको आधारमा समाजको अनुमोदन प्राप्त भइरहन सक्थ्यो। जीवनका अन्य पक्षहरू-मा चाहिं उनी सुख र आनन्दको चाहना राख्थे। अनि [illegible] सुख प्राप्त भएको खण्डमा उनी ज्यादै कृतज्ञ हुनेगर्थे [illegible], झर्काई वा भर्त्सनाको सामना गर्नुपरेको खण्डमा [illegible] तुरुन्त नै आफ्नो कामधन्धाको दुनियाँमा लुसुक्क [illegible]। त्यहाँ उनी सुखी रहन्थे।

बडो लगनशीलतापूर्वक काम गरे बापत इभान इल्यीचको [illegible] भयो र तीन वर्षभित्र नै उनले सहायक सरकारी अभियोक्ताको पद भेट्टाइहाले। त्यसमा नयाँ नयाँ महत्वपूर्ण उत्तरदायित्वहरू थिए—कसैउपर मुद्दा चलाउने र उसलाई

कैदको सजाय तोक्ने समेत उनले अख्यितार पाएका थिए र मान्छेहरूको सामु आफ्नो वाक्पटुताको सफल प्रदर्शन गर्ने पनि सम्भावना पाएका थिए। त्यो काम उनलाई अझ बढ्ता आकर्षक लाग्यो।

फेरि लालाबाला जन्मिए र परिवार बढ्दैगयो। उनकी पत्नी चाहिं अझ बढ्ता झर्कने, फतफताउने र जङ्ग रिसाउने स्वभावकी हुँदैगइन्, परन्तु गार्हस्थ्य जीवनका स्वनिर्धारित नियमहरूको पालना गर्दै जानाले यस फत-फतको पनि इभान इल्यीचमा कुनै असर पर्दैनथ्यो।

सात वर्षसम्म त्यस शहरमा काम गरिसकेपछि कुनै अर्को गुबेर्नियामा सरकारी अभियोक्ताको पदमा इभान इल्यीच सरूवा भएर गए। उनी सपरिवार अर्को शहरमा पुगे, तर त्यहाँ पैंसाको कमी अनुभव हुन थाल्यो। उनकी पत्नीलाई त्यो नयाँ शहर पटक्कै मन परेन। त्यहाँ वेतन त पहिलेको भन्दा बढी नै पाइन्थ्यो, तर जीवनयापनको खर्च पनि बढ्न गएको थियो। यस बाहेक दुई जना बाल-बच्चाको मृत्यु पनि भयो। यसले गर्दा इभान इल्यीचको निम्ति पारिवारिक जीवन अझ बढी अप्रिय हुन गयो।

नयाँ शहरमा जे-जति आपद-विपदहरू आइपरे ती सबैको लागि प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्ना पतिलाई नै दोषी ठहराउनेगर्थिन्। कुराकानीको अधिकांश विषयमा, खास गरेर बालबच्चाहरूको पालनपोषणको विषयलाई लिएर जोईपोइबीच कैयौंपल्ट ठाकठुक समेत परिसकेको थियो र यस्ता कलहहरू फेरि जुनसुकै बखत पनि शुरू हुन सक्ने सम्भावना मौजूद थियो। कहिलेकाहिं यस्ता दिनहरू पनि आकलझुकल आउँथे जब जोईपोइ दुवै जना मायापीर्तिका

कुरा पनि गर्थे, तर यो धेरै लामो समयसम्म कायम रहँदैनथ्यो। ती क्षणहरू यस्ता टापूहरू जस्तै थिए जहाँ केही बेर विश्राम गरेर ती दुवै जना भित्री शत्रुताको समुद्रमा फेरि आफ्नो यात्रा जारी राख्थे। एक दोस्राप्रतिको उपेक्षाभावमा नै त्यो भित्री शत्रुताको अभिव्यक्ति हुने-गर्थ्यो। इभान इल्यीच यस उपेक्षाभावलाई अवाञ्छनीय ठान्दा हुन् त अवश्य पनि उनको मनमा यसले ठूलो चोट पुऱ्याउनेथियो। परन्तु उनले त यसलाई अब सामान्य मात्र होइन, अझ आफ्नो पारिवारिक क्रियाकलापको लागि वाञ्छित समेत ठान्न थालिसकेका थिए। घरको कलहबाट आफूलाई सकभर टाढै राख्ने र त्यसलाई अहित एवं अशि-ष्टताको सीमासम्म पनि पुग्न नदिने त उनले लक्ष्य नै बनाइसकेका थिए। घर-परिवारमा कमभन्दा कम समय दिएर नै उनी यो लक्ष्य प्राप्त गरिरहेका थिए। घरमा नबसी नहुने खण्ड आइपरेमा चाहिं आफ्नो अमनचैन कायम गर्न उनी आफ्ना केही साथीभाइहरूलाई निम्त्याउनेगर्थे। आफ्नो जीवनमा बढीभन्दा बढी महत्व त उनी आफ्नै कामलाई नै दिन्थे। सरकारी काममा नै वास्तवमा उनलाई उनको अभिरूचि पनि थियो र त्यसैमा नै उनी तन-मन लगाउनेगर्थे। यसैबाट उनलाई सुख पनि प्राप्त हुन्थ्यो। उनलाई आफ्नो शक्तिको र सामर्थ्यको पनि बोध थियो। उनले चाहनु मात्र पर्छ, जसलाई पनि उनी बर्बाद गरिदिन सक्छन् भन्ने उनलाई थाहा थियो। उनलाई आफ्नो बाहिरी आकरवाफको पनि गर्व थियो। अदालतमा आइपुग्दा आफु-भन्दा मुनिका कर्मचारीहरूसंग एक विशेष ढंगले नै उनी कुरा गर्थे। के ठूला, के साना सबै तहका कर्मचारीहरू-

समक्ष उनी आफ्नो सफलताको प्रदर्शन गर्थे। मुद्दामामिलाको जाँचपडताल पनि उनी निकै दक्षतापूर्वक गर्नेगर्थे र यसबाट पनि उनलाई आत्मसन्तोष हुनेगर्थ्यो। यी सबै कुराले उनको मन ज्यादै नै प्रफुल्ल हुन जान्थ्यो। यसको साथै साथीभाइ-हरूसंग गफ-सफ पनि चल्थ्यो, भोज-भतेर पनि भैहाल्थ्यो र ह्विष्ट पनि खेलिन्थ्यो। यसले गर्दा उनको जीवन भरि-पूर्ण थियो। यसरी मोटामोटी रूपमा भन्ने हो भने इभान इल्यीचको जीवन त्यसरी नै चलिरहेको थियो जस्तो उनले इच्छा राखेका थिए अर्थात् त्यसमा शिष्टता पनि थियो र आमोदप्रमोद पनि थियो।

यस प्रकारले अरू सात वर्ष बितेको पत्तै भएन। जेठी छोरी पनि सोह्र वर्षकी तरूनी भैसकेकी थिई। एउटा अर्को बच्चाको पनि मृत्यु भैसकेको थियो। अब एक जना छोरा मात्र बाँकी रहन गएको थियो जो जिम्नेजियममा पढ्दै-थियो। त्यो नै घरमा कलहको समेत मूल कारण बन्न पुगेको थियो। इभान इल्यीचले उसलाई पनि ल-कलेजमा पठाएर कानून नै पढाउन चाहेका थिए, तर प्रस्कोभ्या फ्योदोरोभ्नाले चाहिं पतिसंगको वैमनस्यको कारणले गर्दा उसलाई जिम्नेजियममा भर्ना गरिदिएकी थिइन्। छोरी चाहिं घरमै पढ्नेगर्थी र राम्रो प्रगति पनि गर्दैथिई। छोरोको पढाइ पनि उतिसारो नराम्रो थिएन।

३

यसरी नै इभान इल्यीचले विवाहित जीवनको पूरै सत्र वर्ष बिताए। अब उनी एक अनुभवी सरकारी अभियोक्ता

बनिसकेका थिए। अन्य केही पदहरूमा सरुवा हुने मौका पनि उनले पाएका थिए, तर अझ बढी अनुकूल ओहोदा भेट्टाइने आशा राखेर ती सबै ठाउँहरू उनले अस्वीकार गरिदिएका थिए। यत्तिकैमा अचानक एउटा यस्तो अप्रिय घटना घट्यो जसले गर्दा उनको जीवनको शान्ति नै झण्डै जल्बलियो। इभान इल्यीच चाहिं कुनै विश्वविद्यालय-युक्त शहरमा प्रधान न्यायाधीशको पद टप्काउने आशा राखेर बसेका थिए। परन्तु गोप्पे भन्ने कुनै व्यक्तिले कसरी हो कुन्नि उनलाई उछिन्यो र त्यो पद टप्काइहाल्यो। इभान इल्यीच रीसले चूर भइहाले र गोप्पे तथा माथिका हाकिमहरूउपर आरोप, घोचपेच र घुर्की समेत लगाउन थाले। यसको परिणाम के भयो भने आफूभन्दा माथिल्लो दर्जाका हाकिमहरूले उनबाट मुख फर्काइहाले र त्यसपछि खाली हुन गएका पदहरूमा समेत उनलाई कुनै वास्ता गरिएन।

यो सन् १८८० को कुरा हो। त्यो साल इभान इल्यीच-को जीवनमा सबभन्दा खराब वर्ष साबित भयो। एकातिर उनको आय कम थियो र त्यसबाट परिवारको गुजारा नै चलिरहेको थिएन भने अर्कोतिर चाहिं सबैले उनलाई बेवास्ता गरिहेका थिए। आफूप्रति गरिएको यस्तो व्यवहार-लाई उनी क्रूर, अनुचित र अन्यायपूर्ण ठानिरहेका थिए भने अरूहरूलाई चाहिं त्यो ज्यादै सामान्य कुरा लागि-रहेको थियो। कहाँसम्म भने आफूलाई जन्माउने बाबुबाट समेत उनले कुनै सहायता पाउन सकेनन्। वार्षिक ३५०० रुबल तलब पाइने उनको अवस्था सामान्य मात्र नभएर अझ भाग्यशाली समेत छ भन्ठानेर सबैले उनीप्रति सहानु-

भूति जनाउन छोडिदिएका छन् भन्ने इभान इल्यीचलाई लाग्न थाल्यो। उनीप्रति गरिएको अन्याय, उनकी पत्नीको रातदिनको कचकच र आम्दानीभन्दा बढी खर्चले गर्दा आफ्नो थाप्लोमा पर्दैगइरहेको ऋणको बोझलाई ध्यानमा राख्ने हो भने उनको स्थिति सामान्य थिएन भन्ने त उनै एक जनालाई मात्र थाहा थियो।

खर्चमा केही किफायत भैहालोस् भन्नाखातिर त्यस साल ग्रीष्मऋतुमा घरबिदा लिएर उनी सपरिवार आफ्नी पत्नीको दाजुको गाउँतिर लागे।

गाउँमा कुनै काम नभएको हुँदा इभान इल्यीचलाई ज्यादै नियास्रो लाग्यो। जिन्दगीभर उनले कहिल्यै पनि यसरी हात पोका पारेर बस्नुपरेको थिएन। उनी कहाँसम्म दिक्दार भैसकेका थिए भने यसरी त बाँच्न नै नसकिने ठानेर उनले कुनै न कुनै काम गर्ने र कुनै निर्णायक कदम चाल्ने अठोट गरे।

एक रात उनलाई पटक्कै नींद नै लागेन र बरण्डामा ओहोर-दोहोर गर्दै उनले सारा रात छर्लङ्गै काटे। त्यसै रात उनले सोझै पिटर्सबर्ग जाने निश्चय गरे। त्यहाँ गएर कुनै अर्कै मन्त्रालयमा आफ्नो सरूवा गराउने र जसले उनको कामको उचित कदर गरेनन् उनीहरूलाई उचित सजाय दिलाउन भनसुन गर्ने उनको विचार थियो।

भोलिपल्ट नै उनी पिटर्सबर्गतर्फ रमाना भैहाले। हुन त उनकी पत्नी र जेठानले उनलाई रोक्ने खूब कोशिश गरेका थिए तर उनले मान्दैमानेनन्।

उनको सामुन्ने एउटै मात्र लक्ष्य थियो– त्यहाँ गएर पाँच हजार रूबल तलब ठेकिएको कुनै जागिर खोज्नु।

काम कुन मन्त्रालय वा विभागमा पाइने हो या कुन किसिमको हुने हो भन्ने कुराको उनलाई उतिसारो चासो थिएन। उनलाई त पाँच हजार तलब पाइने कुनै पनि एउटा पद चाहिएको थियो, चाहे त्यो कुनै प्रशासकीय विभागमा होस्, कुनै ब्यांकमा होस्, कुनै रेलवेमा होस्, सम्राज्ञी मारियाकै कुनै संस्थामा होस् र अझ कहाँसम्म भने भन्सारअड्डामा नै किन नहोस्! मुख्य कुरा के थियो भने तलब चाहिं पाँच हजार रूबल नै हुनुपर्थ्यो जसले गर्दा उनले त्यस मन्त्रालयमा अब काम गर्न नपरोस् जहाँ उनको कामको कुनै कदर नै भइरहेको छैन।

यस यात्रामा इभान इल्यीचलाई अप्रत्याशित र आश्चर्य-जनक सफलता प्राप्त भयो। रेलगाडी कुर्स्कमा पुग्दा पहिलो श्रेणीको उनकै डब्बामा फ० स० इल्यीन पनि बस्न आइ-पुग्यो जसलाई उनी पहिलेदेखि नै चिन्दथे। उसैले उनलाई के बतायो भने कुर्स्कका गभर्नरले भर्खरै मात्र एउटा यस्तो तार पाएका छन् जसमा सूचित गरिएअनुसार मन्त्रालयमा ठूलो अदलीबदली हुने छाँट छ र प्योत्र इभानोभिचको स्थानमा इभान सेम्योनोभिचको नियुक्ति हुनेभएको छ।

यस सम्भावित पुनर्गठनको महत्व रूसको निम्ति त हुने नै भयो, साथै इभान इल्यीचको निम्ति पनि यसको विशेष महत्व थियो। सम्भवतः उनले एक जना नयाँ मान्छे प्योत्र पेत्रोभिचलाई पनि अगाडि ल्याउनेछन्। थाहा भएकै कुरा हो कि उसको साथी जाखार इभानोभिचले पनि तरक्की गर्नेछ। यसरी परिस्थिति स्वतः नै इभान इल्यीचको अनुकूल बन्दैगइरहेको थियो। जाखार इभानोभिच इभान इल्यीचको मित्र थियो—ती दुवै सहपाठी नै थिए।

मास्को पुगेपछि यस खबरको पुष्टि पनि भयो। पिटर्सबर्ग पुग्नेबित्तिकै इभान इल्यीच जाखार इभानोभिचलाई भेट्न गए। उनको पहिलेकै न्यायमन्त्रालयमा नै उनलाई राम्रो जागीर मिलाइदिने उसले वचन पनि दियो।

त्यसको एक सातापछि नै उनले आफ्नी पत्नीलाई निम्न बेहोराको तार पठाए :

"मिल्लेरको ठाउँमा जाखारको नियुक्ति भयो। पहिलो रिपोर्टपछि नै मेरो पनि नियुक्ति हुनेछ।"

यो पुनर्गठन इभान इल्यीचको लागि ज्यादै नै लाभदायी सिद्ध भयो। अचानक उनले आफ्नै मन्त्रालयमा एक यस्तो पद पनि भेट्टाइहाले जसले गर्दा उनी आफ्ना सहकर्मीहरूभन्दा पूरै दुई तह माथि पुगे : पाँचहजार तलब र त्यसमाथि साढे तीन हजार रूबल लुगाफाटोखर्च र भ्रमणभत्ता पनि। आफ्ना पहिलेका विपक्षीहरू र पूरै मन्त्रालयको विरूद्ध उनको सारा रीसईबी तत्कालै साम्य भएर गयो। अब उनी एकदमै खुशी थिए।

इभान इल्यीच गाउँ फर्किए। उनको मन ज्यादै प्रफुल्ल र सन्तुष्ट थियो। पहिले उनी कहिल्यै पनि यति रमाएका थिएनन्। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि प्रशन्न भइन् र केही समयको लागि घरमा शान्ति छायो। पिटर्सबर्गमा आफ्नो कस्तो स्वागतसत्कार भयो, उनका विरोधीहरू सबैको नूर कसरी गिराइयो र अब उनीहरू कसरी उनको अगिल्तिर चेपारे भइटोपल्छन् तर पिठ्यूंपछिल्तिर चाहिं डाह गर्नेगर्छन् भन्ने विषयमा इभान इल्यीचले एकएक बयान गरे। पिटर्सबर्गमा सबैले उनीप्रति कस्तो स्नेह देखाएका थिए भन्ने नै उनले खास गरी चर्चा गरेका थिए।

प्रस्कोभ्या फ्योदोरोभ्नाले बडो ध्यान दिएर उनको बयान सुनिन् र बीचबीचमा उनको कुरा पनि काटिनन् । उनले यस कुरामा आफूलाई खूबै पत्यार परेको जस्तो अनुहार पनि लगाइन् । उनी त अब नयाँ शहरमा पुगेर नयाँ किसिमको जीवन बिताउने चाँजोपाँजो कसरी मिलाइनेछ भन्ने मात्र सोचविचार गरिरहेकी थिइन् । आफ्नी पत्नीको इच्छा आफ्नै इच्छाको अनुकूल छ र उनीहरू दुवै जना नै एक दोस्रोको विचारप्रति सहमत छन् भन्ने थाहा पाइंदा इभान इल्यीच औधि नै रमाए । उनको कुण्ठित जीवन अब फेरि सुखमय र सुरुचिपूर्ण हुनेछ भन्ने उनले विचार गरे । यही नै उनलाई स्वाभाविक पनि लागिरहेको थियो ।

इभान इल्यीच केही दिनको लागि मात्रै गाउँमा फर्केका थिए । दस सेप्टेम्बरका दिन त उनले नयाँ पदको बहाली लिनुपर्नेथियो । यसको साथसाथै नयाँ शहरमा पुगेर डेरा-डण्डाको पनि बन्दोबस्त मिलाउनुपर्थ्यो, आफ्नो पुरानो ठाउँबाट सारा मालसामान ओसार्नुपर्थ्यो, थुप्रै नयाँ माल-मत्ताहरू किन्नुपर्थ्यो र कैयौं चीजको आडर दिनुपर्थ्यो । छोटकरीमा भन्ने हो भने जुन किसिमको नयाँ जीवनको रूपरेखा उनको मनमा खिंचिएको थियो त्यसलाई नयाँ शहरमा पुगेर साकार तुल्याउनुपर्थ्यो । जीवनको यस्तो रूपरेखा नै प्रस्कोभ्या फ्योदोरोभ्नाका सबै कल्पना र तर्कनाहरूको निचोड थियो ।

सबै चाँजेपाँजो ज्यादै राम्रोसंग मिल्न गएको थियो । जोईपोइको विचार मिल्दोजुल्दो थियो र एक दोस्रासंग उनीहरूको भेटघाट पनि कमै हुनेगर्थ्यो । तसर्थ उनीहरूको

सम्बन्ध पनि यति मैत्रीपूर्ण हुन गएको थियो जति विवाहका पहिला दिनहरूपश्चात् जीवनमा अहिलेसम्म कहिल्यै हुँदै-भएको थिएन। इभान इल्यीचले आफ्नो पूरै परिवारलाई पनि तुरुन्तै साथमा लग्ने विचार गरेका थिए, तर इभान इल्यीच र उनको परिवारप्रति एकाएक ज्यादै आत्मीय र स्नेहपूर्ण बन्न पुगेका जेठान र उसकी पत्नीको आग्रह टाल्न नसकेर इभान इल्यीचले एक्लै जाने निश्चय गरे।

इभान इल्यीच हिंडि पनि हाले। उनको मन गद्‌गद थियो। एक त उनले सफलता हासिल गरेका थिए, अनि दोस्रो चाहिं आफ्नी पत्नीसंग पनि उनको हितचित मिलेको थियो। एउटा कुराले अर्कोको परिपूर्ति गरिरहेको थियो। यात्राकालभरि नै उनको मनःस्थिति यस्तै रह्यो। बस्ने डेरा पनि निकै राम्रो पाइयो—ठीक त्यस्तै जस्तो दुवै जोईपोइले खोजेका थिए। अग्लो छत भएका र पुरानो छाँटका ठूल्ठूला कोठाहरू, एउटा खुला र सुविधाजनक अध्ययन-कक्ष, पत्नी र छोरीको निम्ति छुट्टाछुट्टै कोठाहरू, छोरोको पढ्ने कोठा—यस्तो भान पर्दथ्यो, मानौं त्यो घर उनीहरूकै आवश्यकतालाई ध्यानमा राखेर बनाइएको होस्! घर सजाउने सारा काम पनि इभान इल्यीचले आफ्नै हातमा लिए। भित्तेकागज, झ्यालको पर्दा, सतरञ्जा, खास गरी पुरानो ढाँचाका मेच-टेबिल जुन उनलाई विशेषतः Comme il faut* लाग्ने गरेको थियो। उनले यी सबै कुराहरू किन्दैलगे र उनको निवासगृह त्यस आदर्श नमूनाको अनुरूप बन्दैगयो जुन उनले कल्पना गरेका थिए।

---

* सुरुचिपूर्ण शैली (फ्रेन्च)।—अनु०

आधा जति काम समाप्त भएपछि त घरको रूप देखेर उनी आफैं दङ्ग परे। उनले कल्पना गरेकोभन्दा पनि राम्रो रूप थियो उनको त्यस डेराघरको! तैयारी पूरा भैसकेपछि त उनको डेराको साजसज्जा कति भव्य र कति सुरूचिपूर्ण हुनेछ भन्ने उनी त्यतिखेरै पनि कल्पना गर्न सक्थे। त्यहाँ पाखेपनाको किञ्चित् पनि झलक पाइनेछैन। राति सुत्दा समेत उनको आँखा अगाडि त झकिझकाउ पारेर सजाइएको त्यसै बैठककोठाकै झझल्को आइरहन्थ्यो। त्यो बैठककोठाको सजावट अझै समाप्त भैसकेको थिएन, तर जब उनी त्यहाँ चियाएर हेर्नेगर्थे त आतसखाना, त्यसअगिल्तिरको पर्दा, दराज, जताततै छयाल्लब्याल्ल परिरहेका मेचहरू, भित्तामा टाँगिएका चिनियाँ माटोका सुन्दर रिकापीहरू, आ-आफ्ना ठाउँमा सिंगारेर राखिएका काँसका मूर्तिहरू झल्झल देख्नेगर्थे। पाशा र लिजान्का जब यहाँ आइपुग्लान्, त्यतिखेर उनीहरूलाई यो सब एक एक गरेर देखाउँदा उनीहरू कति रमाउलान् भन्ने विचार गर्दा उनी स्वयं नै दङ्ग पर्थे। यी चीजहरूमा उनीहरूलाई पनि रूचि थियो। उनीहरूले यो सब देख्न पाउने त कल्पना समेत गर्न सक्तैनथे। राम्रो मौका परेकोले पुराना फर्निचरहरू उनले सस्तैमा भेट्टाएका थिए। ती फर्निचरहरूले गर्दा घरको सज्जामा एक विशेष सौम्यता झल्केको थियो। आफ्ना चिट्ठीहरूमा उनी हरेक चीजको वर्णन जानाजान नै केही घटाएर दिनेगर्थे जसले गर्दा उनीहरू आउँदा घर देखेर दङ्गदास पर्न सक्थे। यिनै कामहरूमा उनी कति व्यस्त रहन थाले भने आफ्नो नयाँ सरकारी काममा समेत उनले यथोचित ध्यान दिन पाइरहेका थिएनन्। यस्तो पनि

स्थिति आउला भन्ने त पहिले उनले ठानेकै थिएनन्, किनभने उनलाई सरकारी काम नै सबभन्दा बढी मन पर्थ्यो। कचह्रीमा बसिरहेको बेला कहिलेकाहिं उनलाई उच्चाट लाग्न थाल्थ्यो र उनको मन बह्किन थाल्थ्यो। 'पर्दाको माथिल्लो भाग खुलै रहन दिनु ठीक होला कि बन्द गर्नु बेस होला!'–उनी यस्तो तर्कना गर्न पुग्थे। यस काममा उनी कहाँसम्म तल्लीन भएका थिए भने अक्सर आफै नै सलग्न हुन पुग्थे, स्वयं नै झ्यालका पर्दाहरू टाँग्नेगर्थे र अझ दराज र मेच-टेबिल समेत स्वयं नै एक ठाउँबाट अर्को ठाउँमा सार्न पुग्थे। एकपल्ट कुनै एक अबूझ कामदारलाई कसरी पर्दा हाल्ने भन्ने कुरा बुझाउन भनेर सीढी उक्लन लाग्दा खुट्टा चिप्लेर उनी झण्डै झण्डै पछारिन पुगेका थिए। तर ज्यादै टाठोबाठो र बलियो मान्छे भएको हुँदा उनी तुरून्त नै सतर्क भइहाले। पछारिन लाग्दा चाहिं खालि उनको ढाड मात्रै खापाको हातामा बजारियो र यसले गर्दा उनलाई अलिकति चोट लाग्न गयो। केही समयसम्म उनको ढाड दुखेको समेत थियो, परन्तु त्यो पीडा छिटै नै बिलाएर गयो। त्यसताका इभान इल्यीच विशेष स्वस्थ र प्रशन्नचित देखिन्थे। उनले लेखेका थिए: 'मेरो उमेरमा पन्द्र वर्षको कटौती गरिएको पो हो कि त भने जस्तो मलाई लाग्नेगरेको छ।' सबै काम सेप्टेम्बरको अन्त्यसम्ममा समाप्त भैहाल्नेछ भन्ने उनले ठानेका थिए, परन्तु अक्टोबरको मध्यसम्म पनि काम चलि नै रह्यो। तर जस्तो परिणाम निस्कियो सो अति विस्मयकारी थियो। उनको मात्र विचार यस्तो भएको होइन, बरू उनको डेरामा आउने जो कोही पनि यस्तै भन्नेगर्थ्यो।

वास्तविक कुरा चाहिं के थियो भने उनले पनि आफ्नो घरडेरा त्यस्तै नै रूपमा तयार पारेका थिए जस्तो उनकै तरह औकात भएका ती सबैले नै बनाउन खोज्छन् जो स्वयं त उति सम्पन्न हुँदैनन्, तर धनी झैं देखिने चाहना गर्ने हुँदा अन्त्यमा खालि एक अर्काको सरह नै बन्न पुगेका हुन्छन्। के पर्दा, के कालीकाठको फर्निचर, के फूल, के गलैंचा, के काँसका मूर्ति—सबका सब नै गाढा रङ्गका र भड्किला थिए अर्थात् ठीक त्यस्तै नै देखिन्थे जस्तो त्यस वर्गका मान्छेहरू जम्मा गर्नेगर्छन् र आफ्नै वारिपारी सरह बन्न पुग्छन्। उनको डेरामा पनि सबै कुरा त्यस्तै नै थिए जस्तो अरूहरूको डेरामा हुन्छ। यसैले कसैको तिनमा ध्यान पनि जाँदैनथ्यो। परन्तु उनलाई भने ती सब बडो भव्य र बेजोड लाग्नेगर्थे। रेलवे स्टेशनमा आफ्नो परिवारलाई भेटेर बत्ती बालेर झकिझकाउ पारिएको डेरामा उनले ल्याइपुऱ्याए। सेतो नेकटाई लगाइराख्ने एक नोकरले फूलहरूद्वारा सजाइएको द्वारमण्डपको ढोका खोलिदियो। त्यहाँबाट उनीहरू सरासर बैठककोठामा दाखिल भए। अनि सबै नै उनको अध्ययन-कक्षमा पुगे। सबका सब दङ्ग परेका थिए। खुशीले गर्दा इभान इल्यीचको त खुट्टा भुइँमा खुट्टैं थिएन। उनले सबैलाई सम्पूर्ण घरडेरा देखाए। उनीहरूको मुखबाट आफ्नो प्रशंसा सुनेर उनी गद्गद भइरहेका थिए र आत्मसन्तोषले गर्दा उनको मुहार चम्किरहेको देखिन्थ्यो। कसरी उनी चिप्लिन पुगेका थिए भनेर त्यसै साँझ चियापानको समयमा प्रस्कोभ्या फ्योदोरोभ्नाले गरेको एक प्रश्न गर्दा उनी हाँस्न लागे। कसरी उनी झण्डैले लड्नै आँटिसकेका थिए र कसरी कामदार भयभीत हुन

पुगेको थियो भन्ने कुरा नाटकीय ढंगबाट उनले हावभाव गर्दै यसरी बताए पनि –

"कसरत गर्ने गरेको खूब काम लाग्यो। मेरो ठाउँमा अरू कोही हुँदो हो त उसको खप्पर नै फुट्न बेर थिएन। मलाई ढाडमा मात्र अलिकति चोट लाग्यो, बस्! त्यस ठाउँमा छुँदा त अलिअलि अझै पनि दुख्छ, तर बिस्तारै निको हुँदैगैरहेको छ। मामूली नीलडाम बाँकी छ!"

उनीहरू नयाँ घरमा बस्न लागे। राम्रैसंग त्यस घरमा बसोबास गरिसकेपछि, जस्तो कि प्रायः हुने नै गर्छ, सिर्फ एक कोठाको कमी अनुभव हुन लाग्यो। साथै सधैं जस्तो के पनि लाग्न थाल्यो भने तलब अलिकति मात्र, केवल पाँच सय रूबल जति, थप पाइँदो हो त परिवारका सबै खाँचोहरूको पूर्ति हुन सक्नेथियो। जे होस्, सबै कुरा राम्रै चलिरहेको थियो। खास गरी शुरू शुरूमा जुन बखत डेरा सिंगार्ने काम अझै समाप्त भैसकेको थिएन र कैयौं कुराहरू किन्नु, मर्मत गर्नु, एक ठाउँबाट अर्को ठाउँमा सार्नु आदि काम बाँकी नै थियो। सानातिना केही मत-भेदहरू रहँदारहँदै पनि जोईपोइ दुवै जना सन्तुष्ट नै थिए र कामको चटारो पनि निकै भएको हुनाले मतभेद पनि छिटै नै बिलाएर जान्थे अर्थात् ठूलो रडाको मच्चिनेगर्दैन-थ्यो। आखिर सबै चाँजोपाँजो मिलिसकेपछि चाहिं जीवन पनि केही नियास्रो लाग्न थाल्यो र कुन्नि के के नपुगेको जस्तो पनि अनुभव हुन लाग्यो। किन्तु त्यस बेला नयाँ मानिसहरूसंग जान-पहिचान पनि बढ्दैगइरहेको थियो, नयाँ जीवन-पद्धतिमा बानी बस्दैगयो र जीवन भरिपूर्ण हुन थाल्यो।

इभान इल्यीच बिहानको समय अदालतमा बिताउँथे र दिउँसोको खाना खान घर आइपुग्थे। शुरू शुरूको समयमा त उनमा निकै उत्साह र उमङ्ग थियो, यद्यपि घरडेराको सामान गर्दा उनी केही दिक्क पनि हुन पुग्थे। (पर्दा वा मेजपोशमा कतै कुनै दाग लाग्न गयो र पर्दाको कुनै डोरी फुस्कन गयो भने उनी झर्कनेगर्थे। उनले सबै कुराको सजावटको मिलाउन निकै ठूलो परिश्रम लगाएका थिए र त्यसैले गर्दा कतै कुनै कुरा बिग्रन गएमा उनलाई झोंक चल्थ्यो।) परन्तु मोटामोटी तवरमा इभान इल्यीचको जीवन यस्तै नै थियो जस्तो उनले बनाउन खोजेका थिए; सहज, सुविधाजनक, सुरम्य र शिष्ट! उनी बिहान नौ बजे उठ्थे, कफी खान्थे, खबरकागत पढ्थे र आफ्नो सरकारी वर्दी लगाएर अदालत जान्थे। त्यहाँ उनको दैनिक कामको ढाँचो पहिलेबाटै सुनिश्चित भैसकेको थियो र त्यसमा उनी सजिलैसित ठ्याप्प मिलिसकेका थिए। त्यहाँ पक्षकारहरूसंग भेटघाट, सोधपूछ र ताकेताका पूर्जीहरूको काम, अड्डाको काम इत्यादि तमाम गरिन्थ्यो। कचहरीमा मुद्दामाथि बहस चल्थ्यो—खुला र प्राथमिक। यी सबै कामहरूमध्ये यस्ता सब कुराहरूलाई छाँट्ने क्षमता हुनु पर्ने थियो जसले सरकारी काममा बाधा-अडचन हाल्न सक्छ यद्यपि ती रोचक र जीवन्त नै किन नहोउन्। मानिसहरूसंग औपचारिक सम्बन्धसिवाय अरू कुनै पनि प्रकारको सम्बन्ध हुनुहुँदैन। यी सम्बन्धहरूको मूल आधार नै सरकारी काम मात्र हुनुपर्छ र फगत् सरकारी स्तरमा मात्र सम्बन्ध कायम रहनुपर्छ। उदाहरणको लागि भनौं—कुनै मान्छे कुनै कामकुरा बुझ्न अड्डामा आउँछ। इभान इल्यीचले आफ्नो

सरकारी ओहदालाई बिर्सेर उससंग एक साधारण व्यक्तिले जस्तै कुरा गर्न थाल्नु कत्ति पनि सुहाउँदैन। परन्तु न्याया-लयको एक सदस्यको नाताले उनीसंग त्यस मान्छेको यस्तो सम्बन्ध छ जसको उल्लेख सरकारी शब्दावलीमा सरकारी कागजमा हुन सक्छ भने यस सम्बन्धको परिधिभित्र चाहिं इभान इल्यीच उसको लागि सबै कुरा गरिदिन्छन्, वास्तव-मा नै यथाशक्ति सब कुरा गरिदिन्छन्, कहाँसम्म भने उसप्रति उनको व्यवहार अति विनम्र र प्रत्यक्षतया मानवीय मात्र नभएर मैत्रीपूर्ण समेत हुन्छ। तर जसै सरकारी सम्बन्ध समाप्त हुन्छ, त्यतिखेर नै बाँकी सबै सम्बन्ध पनि समाप्त भएर गैहाल्छ। इभान इल्यीचमा सरकारी सम्बन्धहरूलाई अलग्गै राख्ने असाधारण क्षमता थियो। उनी यथार्थ जीवनबाट तिनलाई एकदमै अलग्याउन सक्थे। आफ्नो लामो अनुभव र योग्यताले गर्दा उनको यो क्षमता सूक्ष्म कलाको स्तरसम्म नै विकसित भैसकेको थियो। उनी कहिलेकाहिं ठट्टा गरे झैं गरी आफूलाई कतिसम्म छूट दिनेगर्थे भने केही समयको लागि मानवीय र सरकारी सम्बन्धहरू एकाकार समेत हुन पुग्थे। आफूमा उनी कस्तो क्षमताको अनुभव गर्थे भने आवश्यकता पर्ना-साथै आफ्नो दृढ इच्छाशक्तिको सहायताबाट जुनसुकै बेला पनि सरकारी र मानवीय सम्बन्धहरूलाई अलग्याइदिन सक्थे। इभान इल्यीच यो सब काम ज्यादै सजिलोसित, सुमधुर र शिष्ट तरीकाले, अझ साँच्चै भन्ने हो भने अति कलापूर्ण ढंगले गर्नेगर्थे। फुर्सदको बेला उनी चुरोट तान्थे, चिया पिउँथे, थोरबहुत राजनीतिको चर्चा गर्थे, अलिकति कामधन्धाको पनि गफ भैहाल्थ्यो, थोरै तासका

दाउहरूको बारेमा र धेरै चाहिं नयाँ नियुक्तिहरूको बारेमा कुरा गरिन्थ्यो। आखिर थाकेर लस्त भएपछि उनी घर फर्कन्थे, तर उनको मन त्यसै गरी प्रफुल्ल रहन्थ्यो जसरी राम्रो वाद्यवादन समाप्त गरिएपछि कुनै अर्केष्ट्राको प्रधान वादकको मन प्रफुल्ल हुनेगर्छ। घरमा पुग्दा या त उनकी स्वास्नी र छोरी कतै गएका भेट्टिन्थे, या त कोही घरमा पाहुना आइरहेको उनी पाउँथे। उनको छोरो चाहिं जिम्नेजियममा गइरहेको हुन्थ्यो वा आफ्नो अध्यापकसंग पाठ सिकिरहेको हुन्थ्यो। जुन कुरा जिम्नेजियममा उसलाई पढाइन्थ्यो त्यो बडो मेहनत गरेर ऊ कण्ठाग्र नै पार्दथ्यो। सबै कुरा राम्रैसित चलिरहेको थियो। यदि घरमा कोही पाहुना आइरहेका छैनन् भने भोजनपछि इभान इल्यीच कुनै यस्तो राम्रो किताब पढ्नेगर्थे जसको त्यतिखेर खूब चर्चा-परिचर्या भइरहेको हुन्थ्यो। अनि साँझपख चाहिं उनी मिसिल अर्थात् कागजपत्रहरू जाँच्नेगर्थे, ऐनका दफाहरू भिडाउँथे, साक्षीहरूको बयान ध्यानपूर्वक केलाउँथे र कुन ऐनको कुन दफा उपयुक्त होला भन्ने अडकल गर्थे। यो काम उनलाई न नीरस लाग्थ्यो, न त रूचिकर नै। तासको खेल भन्दा पनि अवश्य नै नियास्रो लागेर आउँथ्यो, तर तासको खेल छैन भने चाहिं एकलै बस्नु वा पत्नीसित बस्नूभन्दा त यो नै बढ्ता राम्रो हुन्थ्यो। समाजका गण्य-मान्य पदाधिकारीहरू र तिनका पत्नीहरूलाई घरमा बोलाएर साना-तिनो भोजभतेरको बन्दोबस्त गर्नमा इभान इल्यीचलाई बडो आनन्द लाग्नेगर्थ्यो। यस्ता भोजभतेरको समयमा पनि सधैं त्यस्तै नै हुन्थ्यो जस्तो यी मान्छेहरूको आफ्नो घरमा हुनेगर्थ्यो र साँझ त्यसरी नै बितेर जान्थ्यो जसरी

यी मान्छेहरू बिताउने पनि गर्छन्। उनको घरको बैठक-कोठा पनि त्यस्तै नै थियो जस्तो यी मानिसहरूको घरका बैठकहरू हुन्छन्।

एकपल्ट उनीहरूकहाँ नाच-समारोहको आयोजना गरिएको थियो। नाचगान निकै चहलपहलपूर्ण रह्यो। इभान इल्यीच असाध्यै खुशी भएका थिए। केवल केक र चक्लेटको कुरालाई लिएर मात्र जोईपोइबीच ठूलै रडाको मच्चिएको थियो। प्रस्कोभ्या फ्योदोरोभ्नाले खानपीनको बारेमा केही अर्कै योजना बनाएकी थिइन्, तर इभान इल्यीचले चाहिं सब चीजबीज नामूद पसलबाट नै मगाउने जिद्दी गरे। उनले केकहरू पनि थुप्रै मगाए। केक बाँकी रहन गयो र बिल चाहिं पूरै पैंचालीस रूबलको आयो। जोईपोइको बीचमा निकै ठाकठुक पऱ्यो। त्यो कलह कतिसम्म गम्भीर र अप्रिय थियो भन्ने अनुमान त केबाट पनि सहजै लगाउन सकिन्छ भने प्रस्कोभ्या फ्योदोरोभ्नाले आफ्ना पतिलाई "गधा र नामर्द" समेत भनिन्। इभान इल्यीचले आफ्नो पुर्पुरोमा हात पुऱ्याए र आवेशमा आएर पारपाचुकेको समेत कुरा सोचे। परन्तु नाच-समारोह भने निकै रमाइलो वातारणमा सम्पन्न भएको थियो। ठूलाबडा मान्छेहरू त्यसमा उपस्थित थिए। इभान इल्यीच राजकुमारी त्रुफोनोभाको साथमा नाचेका थिए। उनी त्यही त्रुफोनोभाकी बहिनी थिइन् जसले "मेरो भार लगाऊ पार" भन्ने समाजको स्थापना गरेर नाम कमाएकी थिइन्। सरकारी कामबाट इभान इल्यीचलाई जस्तो आनन्द लाग्थ्यो त्यो महत्वाकांक्षापूर्तिको आनन्द थियो। आफ्नो सामाजिक जीवनबाट उनी अर्कै किसिमको आनन्द प्राप्त गर्नेगर्थे।

म्भबाट उनको अहंको तुष्टि हुन्थ्यो। किन्तु सच्चा आनन्द र उनी तासको खेलबाट पाउँथे। जेसुकै भए पनि र जीवनमा जस्तोसुकै नियास्रोलाग्दो घटना घटे पनि यस आनन्दले एक दीपकले जस्तै उनको जीवनलाई आलोकित गरिदिन्छ भन्ने उनले स्वीकार गर्नेगरेका थिए। चार जना साथीहरू, ... असल खेलाडी पनि हुन्छन्, जतिखेर तासको खेलमा ...बाप गर्न थाल्छन् त्यस बखत मन नै गद्गद भएर ...छ। (हो, पाँचौं खेलाडी बनेर तास खेल्नमा कुनै मजा आउँदैन, यद्यपि मजा लागिरहेको जस्तो नक्कल भने ... हुनजान्छ।) साथै खूब चलाकीका साथ गम्भीर ... खेल्नु राम्रो हुन्छ (खास गरी त्यतिखेर जब राम्रो ... हातमा परेको हुन्छ)। अनि साँझको खाना र एक ... मदिरा पनि होस्! जतिखेर इभान इल्यीच यसरी ... खेल्ने मौका पाउँथे र सानोतिनो दाउ पनि जित्नेगर्थे ... दाउ जितियो भने उनी केही व्याकुल हुन पुग्थे), ... बखत राति सुत्ने बेला उनी ज्यादै नै प्रसन्नचित्त ...।

...री उनीहरूको जीवन चलिरहेको थियो। माथिल्लो ... मानिसहरूसंग उनीहरूको उठबस थियो, उनीहरूको ... पनि ठूलाबडाहरू र तन्नेरीहरू नै पाहुना बनेर ... हुन्थे।

...तो खालका मान्छेहरूसंग हेलमेल बढाउनुपर्छ भन्ने ... पनि, पत्नी र छोरी तीनै जनाबीच पूर्ण सहमति ... एक अर्कासित सल्लाह नै नगरे पनि उनीहरू ... आफूभन्दा तल्लो स्तरका ठान्थे त्यस्ता परिचित ... ...हरूबाट पिण्ड छुटाइहाल्थे। यस्ता मान्छेहरू बडो

चेपारे भएर उनीहरूलाई भेट्न आउँथे र लोलोपोतो पनि गर्थे। अनि त्यस बैठककोठामा समेत पस्न हिच्किचाउँदैनथे जसको भित्ता जापानी रिकापीहरूले सिंगारिएको थियो। परन्तु छिटै नै उनीहरूको आवत-जावत बन्द भैहाल्यो र समाजका अति प्रतिष्ठित व्यक्तिहरू मात्रै गोलोभिन परिवारको इष्टमित्रको रूपमा बाँकी रहन गए। लीजाका प्रेमाभिलाषी तन्नेरीहरूमध्ये प्रेत्रीश्चेभ पनि एक थियो– दिमित्री इभानोभिच पेत्रीश्चेभको छोरो। त्यो युवक आफ्नो बाबुको सारा जायजेथाको एक मात्र हकवाला थियो र स्वयं पनि न्यायालयमा अधिवक्ता थियो। एक दिन इभान इल्यीचले प्रस्कोभ्या फ्योदोरोभ्नासित यस विषयमा कुरा गरेर उनीहरूको निम्ति त्रोइकाको* सयर वा कुनै खेल-तमाशाको प्रबन्ध गर्नु कसो होला भन्ने पनि सल्लाहसाउती गरे। यस्तो थियो उनीहरूको जीवन। कुनै हेरफेरबिना एकपछि अर्को दिन बितेर गइरहेको थियो र सबै कुरा बडो मजासित चलिरहेको थियो।

४

सबैको स्वास्थ्य राम्रो थियो। कहिलेकाहिं इभान इल्यीच आफ्नो मुखको स्वाद केही अनौठो किसिमको हुँदैगएको गुनासो गर्थे वा पेटको बायाँतर्फ कोखामा केही अप्ठेरो लागिरहेको छ भन्ने पनि बताउँथे। तर यसलाई बिसन्चो भन्न मिल्दैनथ्यो।

---

* तीन घोडे बग्गी।–अनु०

परन्तु यो अप्ठेरो बढ्दै जान लाग्यो। यसलाई पीडा न अझै भन्न सकिंदैनथ्यो, तर एक प्रकारको ऐंठन चाहिं अनुभव भइरहन्थ्यो। यसले गर्दा उनी हर्दम खिन्न रहन थाले। मनको यो खिन्नता पनि गहिरो हुँदैगयो र गोलोभिन परिवारमा फेरि स्थापित भैसकेको खुशियाली र शिष्ट जीवनमा त्यसले बाधा पुऱ्याउन लाग्यो। जोईपोइ बीचको कलह पनि बढ्दैगयो। छिटै नै घरगृहस्थीको अमन-चैन पनि बिलाएर गयो। घरको शिष्टता कायम राख्न समेत धौधौ पर्न थाल्यो। बेलाबेलामा रडाको समेत मच्चिनेगर्थ्यो। जोईपोइको मेलमिलापको कुनै ठाउँ नै बाँकी रहन गएको थिएन र पारिवारिक जीवन उकुसमुकुसपूर्ण हुन गएको थियो।

आफ्नो पतिको मिजास रूखो छ भनेर प्रस्कोभ्या फ्योदो-रोभ्ना भन्नेगर्थिन् र यस कथनमा सत्यको पुट पनि नभएको होइन। कुरा केही बढाईचढाईकन भन्ने त उनको बानी नै थियो, तसर्थ उनी के पनि भन्नेगर्थिन् भने उनको पतिको स्वभाव शुरूदेखि नै यस्तै थियो र आफ्नो सहनशील स्वभावको कारणले गर्दा मात्रै बीस वर्षसम्म उनीहरूको सहजीवन सम्भव हुन गएको थियो। सही कुरा के थियो भने अब घरमा जति पनि रडाको मच्चिन्थ्यो त्यसको प्रारम्भ इभान इल्यीच नै गर्नेगर्थे र जहिले पनि भोजन गर्ने बेला भयो कि त निहुँ खोज्न थालिहाल्थे। अक्सर आफ्नो अगाडि सुरूवाको रिकापी आइपुग्यो कि उनी खोटहरू निकाल्न थाल्थे। कहिले उनी कुनै भाँडाबर्तन फुटेको देख्थे भने कहिले चाहिं खाना नै उनले चाहेको जस्तो हुँदैनथ्यो। कहिले उनको छोरोले टेबिलमा कुहिनो अडचाएर

बसेको उनलाई मन पर्दैनथ्यो भने कहिले चाहिं छोरीले कपाल बाटेको छाँट नै उनलाई चित्त बुझ्दैनथ्यो। जुनसुकै कुराको लागि पनि प्रस्कोभ्या फ्योदोरोभ्ना नै दोषी ठहराइन्थिन्। शुरू-शुरूमा त प्रस्कोभ्या फ्योदोरोभ्ना पनि ह्राकाह्राकी ठाउँ ओंठे जवाफ दिन्थिन् र उनलाई भन्नु-नभन्नु समेत भन्नेगर्थिन्। तर दुई-तीनपल्ट कस्तो पनि भयो भने भोजन शुरू हुनेबित्तिकै इभान इल्यीच त्यसै पनि खूब जङ्गिए। उनकी पत्नीले के ठम्याइहालिन् भने भोजनमा वास्तवमा नै कुनै चीज यस्तो छ जसले उनलाई त्यसै पनि रीस उठाइदिन्छ। यो पनि एक किसिमको रोग नै होला भन्ठानेर उनले आफूलाई काबूमा राखिन् र केही पनि जवाफ दिइनन्। जतिसक्यो चाँडो भोजन समाप्त गर्न नै उनी प्रयत्नशील रहिन्। यस्तो आत्म-नियन्त्रणको लागि उनी मनमनै आफै आफ्नो प्रशंसा पनि गर्नेगर्थिन्। लोग्नेको मिजास नै राम्रो छैन र उनबाट पाउनसम्मको दुःख पाइसकिएको छ भन्ठानेर प्रस्कोभ्या फ्योदोरोभ्नालाई आफूउपर नै दया जागेर आयो। जति बढ्ता उनलाई आफूउपर दया लाग्नेगर्थ्यो त्यत्ति नै बढी मात्रामा उनलाई आफ्नो लोग्नेप्रति घृणा पनि लाग्दै जान थाल्यो। पतिको मृत्युको समेत उनले चाहना नगरेकी होइनन्, तर यस्तो अवस्थामा आम्दानीको मुहान नै सुकेर जानेछ भन्ने पनि उनी बुझ्थिन्। यसले गर्दा उनी आफ्ना पतिसित झन् मुर्मरिएकी थिइन्। लोग्ने मरेरै गए पनि आफूलाई कुनै अमनचैन हुनेछैन भन्ठानेर त झन् उनको क्षोभ बढेर जानेगर्थ्यो। उनी आफूलाई ज्यादै अभागी सम्झन्थिन् र मनमनै रूष्ट हुन्थिन्। उनी बलजफ्ती त्यो रोषलाई दबाउने समेत

चेष्टा गर्थिन् र यो देख्ता त उनका पतिको जङ्ग अझ बढेर जान्थ्यो।

एकपल्ट जोईपोइमा ठूलो रडाको मच्चियो र इभान इल्यीचले आफ्नी पत्नीमाथि भए-नभएको दोषारोपण गरे। त्यो दोषारोपण कतिसम्म निराधार थियो भने पछि मेलमिलाप हुँदा आफू अस्वस्थ भएको कारणले नै उनको मिजास यस्तो जंगी हुन गएको हो भन्ने पनि उनले स्वीकार गरे। यदि उनी वास्तवमा बिरामी नै छन् भने त्यसको उपचार गराइहाल्नु जरूरी हुन्छ भनेर उनकी पत्नीले जवाफ दिइन् र तुरुन्त कुनै नामी डाक्टरलाई जँचाएर आवश्यक सल्लाह लिनुपर्छ भन्ने पनि आग्रह गरिन्।

इभान इल्यीचले पनि त्यस्तै गरे। उनी डाक्टरकहाँ पुगे। सबै कुरा त्यस्तै थियो जस्तो सदैव नै हुने पनि गर्छ। डाक्टरले निकै बेरसम्म कुर्न लगाइसकेपछि बडो रोब देखाएर उनलाई हेऱ्यो। इभान इल्यीचको निम्ति यस्तो अभिनय कुनै नौलो कुरो थिएन, किनभने उनी स्वयं पनि त कचहरीमा यस्तै रोबिलो व्यवहार गर्नेगर्थे। डाक्टरले उनको आङमा औंलाले ट्वाकट्वाक गरेर जाँच्यो, छातीमा कान थापेर सुन्यो र थुप्रै प्रश्नहरू सोध्यो। इभान इल्यीच पनि जवाफ दिंदैथिए। थाहा भएकै कुरा हो. ती प्रश्नहरू एकदमै अनावश्यक थिए, किनभने उत्तर त डाक्टरलाई पहिलेबाटै थाहा थियो। अनि डाक्टरले बडो गम्भीर मुद्रा धारण गरेर उनीतर्फ हेऱ्यो जसको अर्थ थियो: 'धन्दा नमान्नोस्! सब कुरा ठीक भैहाल्नेछ! खालि तपाईं आफूलाई मेरो हातमा सुम्पिदिनोस्! बस्, यति मात्र चाहिएको छ! रोगको उपचार त आखिर

मलाई मात्रै थाहा छ!' हरेक रोगीप्रति डाक्टरको एकै प्रकारको व्यवहार हुनेगर्छ। सबै कुरा ठीक त्यस्तै थियो जस्तो कचहरीहरूमा हुनेगर्छ। अदालतमा अभियुक्तप्रति स्वयं इभान इल्यीच जुन किसिमको रोबरवाफ देखाउने-गर्थे ठीक त्यस्तै रोबरवाफ त्यस प्रसिद्ध डाक्टरले पनि उनीप्रति देखाएको थियो।

डाक्टरले रोगको निदान गर्दै भनेको थियो: "यस लक्षणबाट के अनुमान लगाउन सकिन्छ भने तपाईंलाई यस्तो यस्तो रोग छ, परन्तु जाँच गरेर हेर्दा परिणाम हाम्रो अनुमानबमोजिम ठीक मिल्न आएन भने तपाईंलाई यो यो रोग लागेको हुनु पनि सम्भव छ। अनि तपाईंलाई यो वा त्यो व्यथाले व्यापेको रहेछ भन्ने मान्ने हो भने चाहिं त्यस हालतमा... इत्यादि।" इभान इल्यीच मात्र एउटै प्रश्नको उत्तर थाहा पाउन उत्सुक थिए: "मेरो अवस्था चिन्ताजनक छ कि छैन?" परन्तु डाक्टरले यस प्रश्नलाई कुठाउँमा परेको ठान्यो र कुनै जवाफ दिएन। यो प्रश्न नै असंगत हुनाले त्यसमाथि विचार गर्नु नै व्यर्थ छ भन्ने डाक्टरको दृष्टिकोण थियो। मुख्य प्रश्न त सम्भावनाहरूको लेखाजोखा गर्नु नै थियो—मृगौंलाको सूजन हो, आउँमासी र आन्द्राको अल्सरको दोष हो? इभान इल्यीचको जीवनको त कुनै प्रश्न नै उठेको थिएन। प्रश्न त खालि मृगौंलाको सूजन र आन्द्राको अल्सरको मात्रै पो थियो! डाक्टरले अत्यन्त विद्वतापूर्वक आखिर अल्सरकै पक्षमा आफ्नो मत प्रकट गऱ्यो। साथै उसले के पनि भन्यो भने पिसाब जाँचिसकेपछि चाहिं कुनै अरू कुरा पनि पत्ता लाग्ने सम्भावना छ र त्यस्तो स्थितिमा फेरि

केहोऱ्याएर विचार गर्नु जरूरी हुनेछ। ठीक यस्तै कुरा स्वयं इभान इल्यीचले पनि हजारौंपटक अभियुक्तहरूको समक्ष बडो विद्वतापूर्वक भन्दैआएका थिए। डाक्टरले पनि यस्तै विद्वतापूर्ण निष्कर्ष निकालेको थियो र विजयोल्लास मात्र प्रकट नगरी अझ गद्गद समेत हुँदै आफ्नो चश्माको माथिबाट आफ्नो गाहकउपर नजर फ्याँकेको थियो। डाक्टरको निष्कर्षबाट इभान इल्यीचले आफ्नो हालत चिन्ताजनक नै भएको निचोड निकाले। तर यसको चिन्ता न डाक्टरलाई छ, न त अरू कसैलाई! यस निचोडबाट इभान इल्यीचको चित्त साह्रै नै दुख्यो र उनलाई नमज्जा लाग्यो। यस्तो महत्वपूर्ण प्रश्नप्रति डाक्टरको बेवास्ता देखेर उनलाई साह्रै रीस समेत उठ्यो। परन्तु उनले कुनै गुनासो गरेनन्। उनी उठे, डाक्टरको फीम टेबिलमाथि थपक्क राखिदिए र लामो सास फेरेर भने –

"रोगीहरूको उटपटाङ प्रश्नहरू सुन्दा सुन्दा त तपाईंलाई वाक्कै पनि लागिसक्यो होला र यस्तो प्रश्न गरेको सुन्ने त तपाईंलाई बानी समेत परिसक्यो होला। किन्तु सामान्यतया मेरो रोग खतरनाक छ कि छैन? के यत्ति बताइदिन सक्नुहुन्छ कि?"

डाक्टरले चश्मामाथिबाट एक तीक्ष्ण दृष्टि उनीतर्फ फ्याँक्यो, मानौं ऊ भनिरहेको होस्: 'ए, अभियुक्त! जुन प्रश्न सोध्ने तिमीलाई अनुमति दिइएको छ त्यसको सीमा उलङ्घन गरेर बोल्न थाल्यौ भने मैले तिमीलाई इजलासबाट बाहिर निकाल्ने आदेश दिनुपर्नेछ है, हेर!'

"मैले जे जति उचित र आवश्यक ठानेको छु सो सबै

तपाईंलाई बताइहालें!"–डाक्टरले जवाफ दियो।–"अरू कुरा त अब जाँचपछि मात्रै पत्ता लाग्नेछ।"

अनि डाक्टरले केही झुकेर अभिवादन गर्दै उनलाई बिदा गऱ्यो।

इभान इल्यीच बिस्तारै बाहिर निस्किए, चूपचाप आफ्नो बग्गीमा चढे र घरतर्फ रमाना भए। बाटोभरि नै उनले मनमनै डाक्टरले भनेको कुरा दोहोऱ्याइरहे र ती अन्योलमा पार्ने अस्पष्ट वैज्ञानिक शब्दहरूको उल्था यस्तो साधारण भाषामा गर्ने प्रयास गरिरहे जसले गर्दा तिनबाट आफ्नो प्रश्नको स्पष्ट उत्तर पाउन सकिन्थ्यो: 'मेरो हालत ज्यादै खराब र नाजूक नै भैसक्यो कि अझै उतिसारो केही बिग्रेको छैन?' उनलाई के लागिरहेको थियो भने डाक्टरले जे जति भन्यो त्यसको सारांश चाहिं हालत निकै खराब भैसक्यो भन्ने नै हो। त्यसपछि त बाटोभरि जुन कुरामा दृष्टि परे पनि उनलाई ज्यादै नै उराठलाग्दो प्रतीत हुन लाग्यो। बग्गी हाँक्ने कोचवानहरू ज्यादै उदास देखिन्थे, बाटो हिंड्ने मानिसहरू पनि शोकाकूल थिए, घर र पसलहरू पनि नियास्रोलाग्दा थिए। डाक्टरको दुर्बोध शब्दहरूको सम्झना गर्दा त उनको कोखामा अलि-अलि दुख्ने र जहिले पनि चसक्क चस्किरहने पीडाले पनि अर्के, अझ बढी गम्भीर अर्थ ग्रहण गऱ्यो। अझ बढी र नयाँ व्याकुलता मनमा लिएर अब उनी त्यसको बारेमा सोच्न लागे।

घर पुगेर उनले सारा कुरा आफ्नी पत्नीलाई बताए। उनी सुनिरहेकी थिइन्, तर कथा आधा मात्र भनिसिद्धिएको के हुँदो हो उनकी छोरी टाउकोमा टोपी ढल्काएर त्यहाँ

आइपुगी। आमाछोरी दुवै जना कतै बाहिर जान तैयार थिए। छोरीले केही बेरसम्म त विवश भएर नै यो नीरस कथा सुनी, तर लामो समयसम्म सुनिरहने धैर्य उसमा थिएन। प्रस्कोभ्या फ्योदोरोभ्नाले पनि त्यो कथा अन्त्य-सम्म सुनिनन्।

"तपाईंले डाँक्टर जँचाएर ज्यादै राम्रो गर्नुभयो।" – पत्नीले भनिन्। – "अब बेला-बेलामा औषधि पनि खान नबिर्सनुहोला! म गेरासीमलाई अहिले नै औषधालयतर्फ दगुराइहाल्छु! खै, नुस्खा कहाँ छ? ल्याउनोस् त यता!" – अनि उनी लुगा फेर्न हिंडिहालिन्।

पत्नी कोठामा रहुन्जेल त उनले सास रोकि नै राखे, त्यसपछि उनले गहिरो र लामो सास फेरे। अनि भने –

"हुँ! हालत त्यति खराब छैन होला जति म ठान्दैछु!"

उनले ओखती खान शुरू गरे र डाक्टरका सबै निर्देशन-हरूको पनि पालना गर्न थाले। पिसाबको जाँचपछि त्यस निर्देशनमा हेरफेर गरियो। तर यस विश्लेषण र त्यसपछि जे हुनुपर्नेथियो त्यसमा चाहिं कुनै तालमेल मिलिरहेको थिएन। डाक्टर भेटन पनि सजिलो थिएन। परन्तु स्थिति चाहिं त्यस्तो थिएन जस्तो डाक्टरले भनेको थियो। कि त डाक्टरले कुनै भूल गरेको हुँदो हो, नत्र भने उसले रोगीको अगिल्तिर झूठो बोलेको थियो वा कुनै कुरा लुकाए-को थियो।

तैपनि इभान इल्यीचले डाक्टरको निर्देशनको पूरापूर पालन गरे र यसबाट उनलाई शुरू-शुरूमा किंचित् सान्त्वना समेत प्राप्त भएको थियो।

डाक्टरलाई जँचाएपछि त आफ्नो शारीरिक स्थितिको

हरेक सानोतिनो परिवर्तन र खास गरी आफ्नो पीडाप्रति विशेष ध्यान दिनु नै इभान इल्यीचको मुख्य काम हुन गयो। उनी औषधि खाने गर्थे, स्वास्थ्यरक्षासम्बन्धी डाक्टरका निर्देशनहरूको पालना गर्नेगर्थे। मानव-स्वास्थ्य र रोगव्याधिमा नै अब इभान इल्यीच सबभन्दा बढी रूचि लिनेगर्थे। जहिले पनि उनको उपस्थितिमा कसैले बिरामी परिरहेको वा मरिसकेको वा स्वास्थ्यलाभ गर्दैरहेको कुनै अर्को व्यक्तिको चर्चा गर्दा र खास गरी अझ उसको रोग पनि इभान इल्यीचको रोगसंग मिल्दोजुल्दो छ भने त उनी आफ्नो उकुसमुकुस दबाउने प्रयास गर्दै अति ध्यानपूर्वक उसको कुरा सुन्नेगर्थे, प्रश्न माथि पश्न सोध्थे र मनमनै उसको रोगसंग आफ्नो रोग दाँजेर हेर्थे।

उनको कोखाको व्यथा भने जस्ताको तस्तै रह्यो। परन्तु इभान इल्यीचले आफ्नो रोग निको हुँदैगइरहेको छ र पहिले-को तुलनामा अवस्था बढी राम्रो रहेको छ भन्ने आफूलाई विश्वास पार्ने प्रयास गर्दैरहे। यसरी आफ्नो स्थिति सामान्य रहुञ्जेल उनले आफूलाई भ्रममा पार्दैरहे। परन्तु जब आफ्नी पत्नीसंग उनको ठाकठुक पर्थ्यो अथवा कचहरीमा कुनै अप्रिय घटना घट्थ्यो वा तास खेल्दा नराम्रा चक्कीहरू मात्र हातमा पर्थ्यो, त्यस बेला उनलाई आफ्नो रोगको बडो तीव्रताका साथ अनुभव हुन थाल्थ्यो। कुनै समय यस्तो पनि थियो जतिखेर उनी बडो धैर्यपूर्वक आफ्ना दुर्दिनहरूको सामना गर्नेगर्थे र त्यसउपर काबू हासिल गर्न सकिनेछ तथा अन्त्यमा बाजी माथ गरिनेछ भन्ने उनी विश्वास गर्थे। तर अब भने सानोतिनो असफलतामा पनि उनका तिघ्रा काम्नेगर्थे र उनी ज्यादै अधीर एवं निराश

भैहाल्थे। उनी मनमनै भन्नेगर्थे: 'मलाई भर्खर-भर्खर बिसेक हुन लागिरहेको थियो र औषधिले पनि राम्रो असर पार्न थालिरहेको थियो, तर फेरि कताबाट यो नयाँ झमेला आइपऱ्यो! ..' उनी त्यस झमेलाप्रति रीसले चूर-चूर हुन्थे र ती मान्छेहरूसित पनि उनलाई रीस उठ्थ्यो जो त्यस अप्रत्याशित झमेला र दुर्भाग्यको कारण बन्न पुगेका हुन्थे र यसरी सास्ती खेलाएर उनलाई मानौं मार्न नै तम्सेका हुन्थे। यसरी जङ्ग रीस झिक्नाले नै बरू उनको मृत्यु हुन बेर लाग्नेछैन भन्ने पनि उनलाई थाहा थियो, तर पनि उनी त्यसलाई काबूमा राख्न असमर्थ थिए। आफ्नो परिस्थितिमाथि र अन्य मानिसहरूमाथि यस किसिमले रीस पोखेर त रोग अझ चर्कनेछ, तसर्थ यस्ता आकस्मिक झमेलाहरूप्रति उनले कुनै चासो राख्नु उचित हुँदैन भन्ने कुरा त उनले वास्तवमा नै छर्लङ्ग बुझिसक्नुपर्ने थियो। तर उनको तर्क एकदमै उल्टो थियो। उनलाई फगत् शान्तिको मात्र खाँचो छ भनेर उनी भन्नेगर्थे। शान्ति भङ्ग हुन नपाओस् भन्ने मात्र उनको ध्याउन्ना रहन्थ्यो। अनिखेर शान्ति खल्बलिन्थ्यो, उनी जङ्ग रिसाइहाल्थे। फेरि चिकित्सासम्बन्धी पुस्तकहरू खूब पढ्नाले र विभिन्न डाक्टरहरूसंग सरसल्लाह लिनाले त उनको स्थिति झन् बिग्रन गएको थियो। उनको अवस्था नजानिंदो किसिमबाट बिस्तार-बिस्तार बिग्रँदैगइरहेको थियो। हुन त एक दिनको तुलना अर्को दिनसंग गरेर हेर्दा उनी कुनै अन्तर भेट्टाउँदैनथे र यसरी सधैं आफूलाई सहजै भ्रममा पारिरहेका हुन्थे। परन्तु जब डाक्टरी जाँच गराउन पुग्थे, त्यतिखेर चाहिं उनको अवस्था बिग्रँदै मात्र गइरहेको नभएर ज्यादै

तीव्र गतिले बिग्रिरहेको छ भन्ने उनी अनुभव गर्न थाल्थे। यति हुँदाहुँदै पनि उनले बेला बेलामा डाक्टरहरूको सल्लाह-परामर्श लिन चाहिं छोडेका थिएनन्।

त्यसै महीना उनी एक अर्को प्रख्यात डाक्टरकहाँ पुगे। त्यस डाक्टरले पनि झण्डै त्यही कुरा भन्यो जुन पहिलो चाहिंले भनेको थियो। फगत् उसले समस्या चाहिं बेग्लै ढंगले राखेको थियो। यस डाक्टरको भनाइ सुनेर त इभान इल्यीचको भय र संशय अझ बढ्न गयो। त्यसपछि इभान इल्यीच तेस्रो डाक्टरकहाँ पुगे। त्यो डाक्टर उनका मित्रको पनि मित्र थियो र खूबै ख्यातिप्राप्त पनि थियो। त्यस डाक्टरले जाँचबूझपछि एकदमै अर्कै रोगको निदान गऱ्यो। इभान इल्यीचलाई बिसेक भैहाल्नेछ भनेर उसले आश्वासन दियो। तर जुन किसिमबाट उसले प्रश्नहरू सोधेको थियो र जुन प्रकारको अनुमान लगायो त्यसबाट त इभान इल्यीच झन् बढी अन्योलमा पर्न गए र उनको शंका पनि निकै बढेर गयो। एक जना होमियोपैथले चाहिं एकदमै अर्कै निदान बतायो। इभान इल्यीच कसैलाई केही सुइँकोसम्म पनि नदिएर एक हप्ता जति उसैको औषधि खाँदैरहे। तर एक हप्ता बितिसक्दा पनि उनलाई कुनै लाभ भएन र त्यसप्रति उनको विश्वास नै हराएर गयो। अझ अन्य उपचारहरूप्रति पनि उनको आस्था रहन नजाँदा त उनी ज्यादै नै हतोत्साह हुन पुगे। एकपल्ट उनको जानपहिचानकी एउटी महिलाले देव-चित्रहरूद्वारा पनि रोगको उपचार हुन सक्ने कुरा बताइन्। इभान इल्यीच बडो ध्यानपूर्वक सुन्दैरहे र यस्तो उपचार सम्भव पनि हुन सक्छ भन्ने उनलाई पक्का विश्वास समेत भयो। तर

पछि उनी भयभीत हुन पुगे। उनले सोचे: 'यो कस्तो मिथ्या कुरा हो! के मेरो मगज नै बोधो भैसक्यो त? यो सब बकबास हो! यदि यस किसिमबाट आकुलव्याकुल हुने हो भने त सब कुरा चौपट हुनेछ! मैले कुनै एक जना डाक्टर रोजेर उसको सल्लाहबमोजिम नै उपचार गराउनुपर्छ। अब यसै गर्नेछु! जे भयो सो भयो! म आफ्नो रोगको विषयमा सोच्न समेत रोकिदिन्छु र आउँदो ग्रीष्मयामसम्म नियमित रूपले डाक्टरको निर्देशनबमोजिम औषधोपचार गर्दैरहनेछु। त्यसपछि जे होला सो होला! अब म यस्तो धरमरमा पर्नेछैन!..' यस्तो अठोट गर्नु त कुनै गाह्रो कुरा थिएन, तर त्यसलाई कार्यान्वित गर्नु चाहिं असम्भव थियो। कोखाको पीडाले उनलाई लखतरान पारिसकेको थियो। त्यो पीडा अझ बढेर आएको जस्तो उनले ठाने। जहिले पनि देब्रे कोखामा कता कता दुखेको अनुभव हुन्थ्यो। उनको मुखको स्वाद पनि अझ बढी बन्नो भैसकेको थियो। उनको सास पनि ह्वास्स गन्हाइरहेको जस्तो उनलाई लाग्न थालेको थियो। खाने रूचि पनि हराइसकेको थियो र उनी झन् झन् दुब्लाउँदैगए। अब आफूलाई अझ बढी धोका दिनु वाञ्छनीय थिएन। इभान इल्यीचमा कुनै यस्तो भयङ्कर, अनौठो र महत्वपूर्ण कुरा भइरहेको थियो जस्तो पहिले कहिल्यै पनि उनको जीवनमा भएको थिएन। उनी एक जनालाई मात्र यस्तो आभास भइरहेको थियो। उनको अगल-बगलमा रहेका मान्छेहरू कि त यो कुरा बुझ्दै बुझ्दैनथे, कि त बुझेर पनि बुझ पचाउँथे। संसारमा जे पनि पहिलेकै जस्तरी चलिरहेको छ भन्ने उनीहरू ठान्नेगर्थे। इभान इल्यीचलाई यस कुराबाट

जति दु:ख हुन्थ्यो त्यति त अरू कुनै कुराबाट पनि हुँदैनथ्यो। घरका मान्छेहरू पटक्कै केही पनि बुझ्दैनथे, खास गरेर उनकी पत्नी र छोरी जो अक्सर समारोहरूमा जानेगर्थे। तसर्थ उनीप्रति कसैको कुनै ध्यान नै जाँदैनथ्यो। बरू उल्टै उनको उदासीनता र चिड्चिडे स्वभाव तीव्र हुँदैगइरहेकोमा सबै नै उनीसंग रिसाउनेगर्थे, मानौं यो सब उनैको दोष होस्! उनीहरू यसलाई प्रकट नगर्ने खूबै प्रयत्न गर्थे, तर यसलाई उनीहरू आफ्नो दुर्भाग्य ठान्छन् भन्ने कुरा इभान इल्यीच छर्लङ्ग देखिरहेका हुन्थे। उनकी पत्नीले त उनको रोगप्रति एक खास राय नै बनाइसकेकी थिइन्। इभान इल्यीचले जे भने पनि र जे गरे पनि उनको यो राय बदलिंदैनथ्यो। उनी आफ्ना इष्टमित्रहरूलाई आफ्नो राय सुनाउने गर्थिन्। उनको राय यस्तो थियो:

"हेर्नोस् न, इभान इल्यीच त डाक्टरको सल्लाह-निर्देशनको कत्ति पनि पालना नै गर्नुहुन्न! के कुनै समझदार मान्छे यस्तो गर्छन् र? आज ओखती खानुहुन्छ, खुराक पनि डाक्टरको निर्देशनअनुसार नै खानुहुन्छ र बेलैमा सुत्नु पनि हुन्छ, तर भोलि नै, यदि मैले ध्यान दिन सकिनँ भने, उहाँ ओखती खान पनि बिर्सनुहुन्छ र माछा समेत खाइहाल्नुहुन्छ जुन कुरा डाक्टरले निषेध गरिराखेको छ। फेरि रातको एक बजेसम्म नै नसुतेर तास खेल्नेगर्नुहुन्छ!"

"मैले कहिले यस्तो गरेको छु र?"—एकपल्ट इभान इल्यीचले जङ्गिएर भने।—"एक फेरा प्योत्र इभानोभिच-कहाँ जाँदा यस्तो भएको न हो!"

"अनि हिजो चाहिं शेबेककहाँ!"

"कोखा दुखेर रातभरि निद्रै नपरेपछि के गर्ने नि?"

"कुरो र कुलो त जता लगाए पनि भैहाल्छ नि! तर यस्तै चाला हो भने तपाईंलाई कहिल्यै बिसेक हुनेछैन र हामीलाई पनि दुःख भोग्न लगाउनुहुनेछ।"

प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्ना इष्टमित्रहरूसंग वा ठाडै इभान इल्यीचसंग जुन किसिमको कुरा गर्थिन् त्यसबाट त उनी यस्तो रोगको लागि आफ्नै पतिलाई नै दोषी ठह्याउँथिन् र के पनि विचार गर्थिन् भने यो रोग नै उनका पतिको हातमा यस्तो साधन बन्न पुगेको छ जसको मद्दतले उनी बेसरी सताउनेगर्छन्। यस्तो कुरा जानीबुझीकन गर्ने-गरिएको छैन भन्ने इभान इल्यीचलाई लाग्थ्यो। तर पनि त्यो महिदिनु सजिलो हुँदैनथ्यो।

कचहरीमा आफूप्रति अनौठो व्यवहार गरिन थालेको जस्तो इभान इल्यीचलाई लाग्थ्यो वा उनी यस्तो विचार गर्न पुग्थे। कहिलेकाहिं उनलाई के भान हुन जान्थ्यो भने उनका सहकर्मीहरू उनले चाल नपाउने गरी उनीतर्फ यसरी घुरेर नजर लगाउँछन्, मानौं छिटै नै उनी एउटा रिक्त पदको सृजना गर्न गइरहेका होउन्! कहिलेकाहिं उनका साथीभाइहरू ठट्टा गर्थे र उनी बिरामी भएको नखरा गर्दैछन् भनेर व्यंग छोड्थे, मानौं कसैले पनि कहिल्यै कतै नाम समेत नसुनेको उनको त्यो भयानक र अत्यन्त नै विकराल रोग, जुन भित्रभित्रै बढ्दैगइरहेको थियो. जसले दिनरात उनको शक्ति क्षीण पार्दैथियो र उनलाई जबरजस्ती कुनै निश्चित दिशातिर धकेलेर लग्दै-थियो. यस्तो हलुका ठट्टाको विषय होस्! श्वार्जबाट त उनलाई निकै झर्को लागिसकेको थियो, किनभने उसको हँसी-ठट्टा, उसको मनमौजी स्वभाव र आमोदप्रियता

देख्दा त उनलाई दस वर्षअघिको आफ्नै बानीबेहोराको झझल्को आउनेगर्थ्यो।

उनका साथीभाइहरू उनीसंग तास खेल्न आउनेगर्थे। उनीहरू टेबिलवरिपरि बस्थे। अनि तासका चक्कीहरू फेटिन्थे र बाँडिन्थे। इभान इल्यीच आफ्नो भागमा परेका तासका चक्कीहरू उठाउँथे, तिनलाई मिलाउँथे, ईंटका सबै चक्कीहरू एकातिर राख्थे—जम्मा सातवटा चक्की हुन्थे। उनको साथीले भन्थ्यो: "तुरूपचाल बाद!" अनि ऊ दुई चक्की खोलेर अगाडि राखिदिन्थ्यो र ईंटका अरू दुई चक्की त्यहाँ पनि हातमा पर्थ्यो। बस्, अरू के चाहियो र? उनले त खुशी हुनु पर्नेथियो। जीत उनैको हुनेछ। परन्तु एक्कासि इभान इल्यीच कोखामा च्वास्स दुखेको अनुभव गर्न थाल्थे र मुख पनि एक तमाशको खल्लो भएर आउँ-थ्यो। यस्तो अवस्थामा बाजी जित्ने नै भए पनि खुशी हुनु त मूर्खता नै हुनेछ भन्ने उनी सोच्नेगर्थे। उनी आफ्नो साथी मिखाइल मिखाइलोभिचतर्फ पुलुक्क हेर्थे जो आफ्नो थसुल्लो हातले टेबिल ट्वाकट्वाक गरिरहेको हुन्थ्यो। आफ्ना चक्कीहरू उठाएर लिनुको सट्टा ऊ शिष्टता र विनम्रतापूर्वक तिनलाई घचेटेर इभान इल्यीचको नजिकै सारिदिन्थ्यो, ताकि हात पसारेर ती चक्कीहरू उठाएर लिन उनलाई कत्ति गाऱ्हो नपरोस्! 'म ज्यादै कमजोर भैसकेको छु र धेरै टाढासम्म आफ्नो हात पसार्न सक्तिनँ-हुँला भन्ने पो यो सोच्दैछ कि क्या?'—इभान इल्यीच मनमनै सोच्थे र तुरूपको रङ्ग भुसुक्कै बिर्सेर आफ्नै साथीको चक्कीको रङ्ग अनुसारको चक्की फ्याँकिदिन्थे र यसरी उनको जीत हुँदैनथ्यो। मात्र तीन फुट्टी नपुग हुन

ग्रान्थ्यो। सबभन्दा नराम्रो कुरा त के थियो भने उनी मिखाइल मिखाइलोभिचलाई ज्यादै व्यग्र भएर हेर्नेगर्थे। तर उसलाई यसको कुनै चासो हुँदैनथ्यो। किन यस्तो नि? भो सोच्दासोच्दै उनी झसङ्ग हुनेगर्थे।

इभान इल्यीच असह्य यातना भोग्दैछन् भन्ने सबैले देखिरहेका थिए। उनीहरू उनलाई भन्नेगर्थे: "थाक्नु-भएको हो भने हामी खेल बन्द गरिदिन्छौं। अलि बेर आराम लिनोस्!" आराम? अहँ, कत्ति पनि थकाइ लागेको छैन उनलाई। उनी त खेल पूरा भएपछि मात्रै आफ्नो आसनबाट उठ्नेछन्। सबै ज्यादै दिक्दार हुँदै चूप लाग्नेगर्थे। उनीहरूको यस्तो खिन्नताको कारण आफू नै भएको कुरा इभान इल्यीचलाई थाहा नभएको होइन, परन्तु उनी त्यसलाई हटाउन असमर्थ थिए। पाहुनाहरू खानपीन गर्थे र घरतिर हिंडिहाल्थे। इभान इल्यीच एकलै रहन्थे र के सोच्न पुग्थे भने उनको जीवन नै विषाक्त हुन गएको छ र अरूको जीवनलाई समेत उनी विषाक्त तुल्याइदैछन्। त्यो विष चाहिं घटेर जानुको सट्टा झन् झन् उनको भित्री अन्तरकुन्तरसम्म बढ्दै जाँदो थियो।

यस कुराको बोध र कोखाको पीडाले गर्दा सुत्न भनेर बिछ्यौनामा पल्टे तापनि उनी निदाउनै सक्तैनथे। राति धेरै बेरसम्म नै उनी शारीरिक पीडाले गर्दा छटपटाइ-रहन्थे। परन्तु बिहान चाहिं नउठी धर थिएन। उठेर कचहरीतिर जानुपर्थ्यो र त्यहाँ बहस गर्नु र फैसला गर्नुपर्थ्यो। यदि कुनै दिन कचहरी जानुपरेको छैन भने चौबीसै घण्टा त्यस घरमा डल्लिनुपर्थ्यो जहाँ हरेक घण्टा कष्टसाथ निकै सकस पर्थ्यो। एवं रीतले नै उनले जीवन

गुजार्नुपरिरहेको थियो। आपदविपद टाउकोमाथि मडराइ-रहेको बेलामा उनी एकदमै एकलो पर्न गएका थिए। उनको मनको कुरा बुझ्ने या उनीप्रति सहानुभूति जनाउने एक जना पनि थिएन।

५

यस प्रकार एक-दुई महीना बितिहाल्यो। नयाँ वर्ष शुरू हुनुभन्दा केही दिनअगाडि उनका जेठान त्यस शहरमा आइपुग्यो र सरासर उनैको डेरामा दाखिल भयो। त्यतिखेर इभान इल्यीच अदालतमा थिए। प्रस्कोभ्या फ्योदोरोभ्ना किनमेल गर्न बजारतिर गइराखेकी थिइन्। घर पुग्दा इभान इल्यीचले आफ्नो अध्ययन-कक्षमा आफ्ना जेठानलाई आफै सुटकेशबाट सामान झिकेर मिलाउन लागेको देखे। कस्तो हँसिलो मान्छे! इभान इल्यीचको पाइलाको आवाज सुन्नेबित्तिकै उसले आफ्नो टाउको माथि उचाल्यो र इभान इल्यीचमाथि नजर पर्नासाथै विस्मित भएर पुलुक्क हेऱ्यो। उसको त्यस्तो नजरबाट नै इभान इल्यीचले सब कुरा बुझिहाले। उनको जेठानले कुन्नि के भन्न खोजेको थियो तर केही पनि बोलेन। यस्तो चालढालबाट त कुरा अझ छर्लङ्ग भयो।

"के निकै फेरिएको छु र?"

"हो... केही त बद्लिनुभएछ!"

बस्, त्यसपछि इभान इल्यीचले आफ्नो बाहिरी रूपमा आएको परिवर्तनबारे कुरा थुत्ने अनेक प्रयास गर्दा पनि

जेठानको मुखबाट कुनै कुरा बकाउन सकिएन। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि आइपुगिन् र जेठान पनि उनैकहाँ पुग्यो। इभान इल्यीचले दैलो थुनिदिए र हत्पी ऐनामा आफ्नो अनुहार हेर्न लागे – शुरूमा आमने-सामने, त्यसपछि चाहिं छड्के परेर! त्यसपछि उनले एउटा तस्बीर हातमा लिए जुन उनले आफ्नो पत्नीसंगै बसेर खिंचाएका थिए। अनि त्यस तस्बीरमा आफ्नो अनुहार दाँज्न लागे। भयानक परिवर्तन टड्कारै देखिन्थ्यो। कुमसम्म नै आफ्नो कमीजको बाहुला समेटेर उनले आफ्नो पाखुरा जाँचे र बाहुला फेरि तल झारिदिए। त्यसपछि उनी निराश भएर कौचमा थचक्क बसे। उनको अनुहार कालोनीलो भैसकेको थियो।

'अहँ! यस्तो गर्नुहुँदैन!' – मनमनै भनेर उनी जुरुक्क उठे। अनि टेबिलको नजिकै पुगेर एउटा मिसिल झिकेर त्यसका कागजातहरू पढ्न लागे। तर पढ्नमा उनको ध्यान गइरहेकै थिएन। त्यसपछि दैलो उघारेर उनी बैठककोठा-तिर लागे। बैठककोठाको दैलो बन्द गरिएको थियो। उनी स्वास मारेर दैलोसम्म पुगे र कान थापेर कुरा सुन्न लागे।

"हैन, तपाईं अलि बढाई-चढाई भनिरहनुभएको छ!" – प्रस्कोभ्या फ्योदोरोभ्ना भनिरहेकी थिइन्।

"बढाई-चढाई? के तिमी देख्दिनौ र? उनको अनुहार-मा रगत समेत सुकिसकेको छ – मुर्दाको जस्तै! उनका आँखामा त हेर! त्यहाँ कुनै ज्योति नै देखिंदैन। के भयो उनलाई यस्तो?"

"कसैलाई केही थाहा छैन! निकोलायेभ (एक अर्को डाक्टर) ले के हो कुन्नि बताएका थिए, तर मलाई थाहा

भएन।... लेश्चेतित्स्की (प्रसिद्ध डाक्टर) ले चाहिं एकदमै अर्कै कुरा बताए।..."

इभान इल्यीच दैलोबाट पर सरे। सोझै आफ्नो कोठामा पुगेर उनी बिछ्यौनामा पल्टिए र सोच्न लागे: 'मिर्गौला! मिर्गौलाको गडबडी!' उनलाई डाक्टरले भनेको एक-एक कुराको सम्झना भएर आयो। मानौं एउटा मिर्गौलो आफ्नो ठाउँबाट चुँडिएर यताउति भौंतारिंदै थियो। त्यस मिर्गौलोलाई च्याप्प समातेर त्यसकै ठाउँमा टाँसिदिएको उनी कल्पना गर्न पुगे। यो काम उनलाई असाध्यै सहज लागिरहेको थियो: 'आजै म फेरि प्योत्र इभानोभिचकहाँ पुग्नेछु!' (त्यो उनको त्यही साथी थियो जसको एक डाक्टरसित मित्रता थियो।) उनले घण्टी बजाए, गाडी तैयार गर्ने आदेश दिए र बाहिर निस्कने तरखर गर्न लागे।

"टाढै हो कि क्या हो, Jean?"— उनकी पत्नीले दिक्दार प्रकट गर्दै सोधिन्। आज उनको स्वरमा एक असाधारण दयाभाव झल्किरहेको थियो।

यो असाधारण दयाभाव उनलाई राम्रो लागेन। उनले आँखा तरेर आफ्नी पत्नीतर्फ उदासीन नजर फ्याँके।

"प्योत्र इभानोभिचकहाँ जानुपर्ने एउटा काम छ!"

उनी आफ्नो त्यस साथीकहाँ पुगे जसको एक डाक्टरसंग मैत्री थियो। अनि दुवै त्यही डाक्टरकहाँ पुगे। डाक्टर पनि घरैमा भेटियो। इभान इल्यीच निकै बेरसम्म त्यस डाक्टरसंग कुराकानी गर्दैरहे।

उनको शारीरिक तथा आन्तरिक अवयवको गतिविधिको सम्बन्धमा डाक्टरले विस्तृत रूपमा बताएपछि इभान इल्यीचलाई सारा कुरा छर्लङ्ग भइहाल्यो।

बोसेआन्द्रोमा कुनै गडबडी थियो, कुनै एकदमै सानो खटिरा निस्केको थियो। त्यसको उपचार हुन सक्थ्यो। एउटा अवयवको क्रिया केही तीव्र पारेर अर्को अवयवको क्रिया अलि कमजोर तुल्याउनु जरूरी थियो। त्यस खटिरा-लाई यसरी निचोर्न सकिन्थ्यो। यति गरेपछि सब कुरा ठीक भैहाल्नेथियो।

इभान इल्यीच खाना खाने समयभन्दा केही पछि मात्रै घर पुगे। उनले भोजन गरे र केही समयसम्म खुशी हुँदै कुराकानी गर्दैरहे। उनी निकै बेरसम्म आफ्नो कोठामा काम गर्न गएनन्। आखिर उनी उठे, अध्ययन-कक्षमा गमे र काममा लागिहालें। उनले केही मिसिलहरू हेरे र खूब तल्लीनताका साथ काम गरे, परन्तु उनको मनमा एउटै कुराले मात्र चक्कर काटिरहेको थियो। त्यो के त भने एउटा यस्तो अत्यन्त जरूरी र निजी मामिला पनि छ जसमाथि विचार गर्न हाल उनले स्थगित राखेका छन्। मुद्दामामिलाको काम सकिएपछि त्यस कामपट्टि लागिहाल्नु-पर्छ। काम समाप्त भएपछि उनलाई आफ्नो निजी मामिलाको पनि झल्यास्स सम्झना भएर आयो। आफ्नो बोसेआन्द्रोको अवस्थाउपर सोचविचार गर्नु नै त्यो निजी मामिला थियो। तर उनले त्यसतर्फबाट आफ्नो ध्यान अन्यत्र नै हटाए। यसको सट्टा चियापानको लागि उनी बैठककोठामा पुगे। त्यहाँ पाहुनाहरू बसिराखेका थिए र गफगाठ्ठा एवं गानाबजाना चलिरहेको थियो। कोही पेनो बजाउँदैथिए त कोही गीत गाउँदैथिए। ती पाहुनाहरूमध्ये अनुसन्धान-निरीक्षक पनि एक जना थियो जसलाई उनी आफ्नी सुपुत्रीको लागि सुयोग्य वर ठान्नेगर्थे। प्रस्कोभ्या

फ्योदोरोभ्नाको भनाइअनुसार त्यस साँझ इभान इल्यीच अरूको दाँजोमा बढी खुशी देखिन्थे। किन्तु इभान इल्यीचले भने आफ्नो बोसेआन्द्रोको विषयमा सोचविचार गर्ने काम स्थगित राखिएको कुरा एक छिनको लागि पनि बिर्सिन सकेका थिएनन्। एघार बजेतिर उनी सबैसंग बिदाबारी भएर आफ्नो कोठामा गए। आफू बिरामी भएदेखि नै उनी आफ्नो अध्ययन-कक्षको बगलमै रहेको सानो कोठामा एकलै सुत्नेगर्थे। उनी त्यसै कोठामा पसे, अनि लुगा फुकाले र जोलाको एउटा उपन्यास हातमा लिए, परन्तु उनी त्यो उपन्यास पढ्नुको साटो आफ्ना विचारहरूको भुमरीमा बेपत्ता भैहाले। आफ्नो बोसेआन्द्राको चिरइच्छित उपचार भैसकेको छ भन्ने उनी कल्पना गर्न लागे। जुन खटिरा निचोर्नु थियो सो निचोरिइसकेको थियो र जुन कुरा घोलिनुपर्ने थियो सो पनि घोलिइसकेको थियो र अब उनको शरीरले फेरि नियमित रूपमा काम गर्न थालि-सकेको थियो भन्ने उनलाई लागिरहेको थियो। 'हो, जरूर यस्तै हो! प्रकृतिलाई मद्दत गर्नु हाम्रो काम हो!'—उनले मनमनै भने। यत्तिकैमा उनलाई औषधिको सम्झना भएर आयो। जुरूक्क उठेर उनले औषधि खाए, अनि उत्तानो परेर पल्टिंदै ओखतीले कस्तो असर पारिरहेको छ र कसरी कोखाको पीडा बिलाएर जाँदो छ भन्ने अनुभव गर्न लागे। 'अनुपान मिलाएर औषधि खाँदै गर्नुपर्छ र पथपरहेजमा पनि रहनुपर्छ। अहिले नै म आफूलाई स्वस्थ र निकै आरोगी अनुभव गर्न लागिरहेको छु।' उनले आफ्नो कोखा छामेर हेरे। त्यहाँ थिच्दा अलिकति पनि दुखेको थिएन। 'अँ, मलाई दुखेको कत्ति अनुभव भइरहेको छैन। साँच्ची,

पहिलेभन्दा निकै बिसेक भइसकेको छ!' उनले बत्ती निभाइदिए र अर्कोतर्फ कोल्टे फेरे। बोसेआन्द्रोको गडबडी ठीक हुँदैथियो, खटिरा निको हुँदैथियो।... एक्कासि उनलाई फेरि भित्री पीडाको झस्को भयो–सुस्तसुस्त, निरन्तर र गहन पीडा! मुखको स्वाद पनि पहिले जस्तै खल्लो भयो। उनको मन कुढियो र टाउको चक्कराउन लाग्यो। 'हे भगवान्! हे परमात्मा!'–उनी गुनगुनाउन लागे।–'यो त फेरि शुरू भैहाल्यो। यो कहिल्यै पनि निको हुँदैन क्या रे!' एकाएक सबै कुरालाई उनी अर्कै रूपमा देख्न लागे। 'बोसेआन्द्रो!.. मिगौँला!'–उनले मनमनै विचार गरे।–'यो बोसेआन्द्रोको कुरा होइन! न त यो मिगौँलाकै कुरा हो! यो त जीवन र... मरणको पो त सवाल हो! हो, कुनै बखत यस्तो पनि थियो जुन बेला जीवन भरपूर थियो। अब त त्यो खिइँदै जाँदो छ, खनम हुँदैछ र म त्यसलाई कसै गरी रोकेर राख्न पनि सक्तिनँ! किन मैले आफूलाई आफैले धोका दिने र? म बाहेक अरू सबैलाई म बिस्तार-बिस्तार मृत्युको घाटतिर घिस्रिंदै छु भन्ने छर्लङ्ग नै भैसकेको छ। अब केही हप्ता, केही दिन वा सके केही घण्टाकै न कुरो हो! कुनै बेला उज्यालो थियो, अब त अँध्यारो भैसक्यो। पहिले म यहाँ थिए, अब त म त्यहाँ जाँदैछु! कहाँ जाँदैछु?' उनको आङभरि चिटचिट पसीना आयो र उनलाई सास फेर्न समेत आच्छु आच्छु पर्न थाल्यो। आफ्नो मुटुको धुकधुक बाहेक अरू कुनै कुरा पनि सुन्न छोडिसकेका थिए उनले।

'मेरो अस्तित्व बिलाएर जानेछ। अनि के बाँकी रहला? केही पनि रहनेछैन। म मरेपछि कहाँ हुनेछु? के यो

वास्तवमा नै मृत्यु नै हो त? अहँ, म मर्न चाहन्न!' उनी बत्ती बाल्न भनेर जुरुक्क उठे र कामेको हातले मैनबत्ती छामछाम छुमछुम गर्न लागे। मैनबत्ती र पानस पनि उनको हातबाट भुइँमा खस्यो र उनी फेरि बिछ्यौनामा नै लमतन्न परेर पल्टिए। अनि आँखा फारेर अँध्यारोमा चियाउँदै उनी बडबडाउन लागे: 'के फरक पर्छ र? एउटै कुरो त हो! मृत्यु! हो, मृत्यु! उनीहरूमध्ये कसैलाई पनि थाहा छैन, न त कोही थाहा पाउन नै चाहन्छ। उनीहरू-लाई मेरो कुनै चासो छैन। उनीहरू त गानाबजानामा नै मस्त छन्!' (थुनिएको दैलोपछिल्तिरबाट गानाको स्वर र पेनोबाजाको धुन सुनिंदैथियो।) 'उनीहरूलाई वास्ता छैन, तर उनीहरू पनि त आखिर अजम्बरी होइनन्। पागलहरू! पहिले म मरेर जानेछु, अनि यिनीहरूको पालो आउनेछ। मृत्युको घाटतिर यिनीहरूले पनि नगई सुख छैन। तर यी खुशियाली मनाउँदैछन्! नरपशुहरू!' रीसले मुर्मुरिएर उनको घाँटी बन्द हुन लागिरहेको थियो। अनि उनलाई असह्य पीडा र घोर निराशाको अनुभव भयो। हरेकले यस्तो भयानक आतङ्कको मारमा नपरी धरै छैन भन्ने उनलाई विश्वास नै लागिरहेको थिएन। उनी बिछ्यौ-नाबाट अलि उठे।

'कतै केही मिलेको छैन। मन नै ठेगानामा छैन। सबभन्दा पहिले मन नै सम्हाल्नुपर्छ, अनि शुरूबाट नै सारा कुराको सोचविचार पनि गर्नुपर्छ।' त्यसपछि उनी विचार गर्न लागे। 'अँ, मेरो रोग कहाँबाट शुरू भयो? मेरो कम्मरमा ठक्कर लाग्यो, तर त्यतिखेर मलाई कुनै प्रकारको पीडाको अनुभव भएको थिएन। दोस्रो दिन पनि

त्यस्तै नै रह्यो। त्यसपछि आलिअलि दुख्न लाग्यो। त्यो दुखाइ बढ्दैगयो। त्यसपछि त म डाक्टरहरूकहाँ जान लागिहालें। अनि म हतोत्साह र निराश हुन थालें। फेरि डाक्टरहरूको सरसल्लाह लिन थालें। म बिस्तार-बिस्तार खाल्डोको नजीक पुग्दैगएँ। मेरो नातागती बढ्दैगयो। साथै खाल्डोको झन् नजिकै पुगियो। अहिले आएर म त्यसको डीलमा नै पुगिसकेको छु। अब त अस्थिपञ्जर मात्र बाँकी रहन गएको छु। मेरो आँखाको चमक समेत बिलाइसक्यो। यो मृत्युको घडी हो। तर म चाहिं अझै पनि आफ्नो कोनेआन्द्रोको बारेमा सोच्दैछु। आफ्ना आन्द्राहरूको मर्मत गरिहाल्नेछ भन्ने म ठान्दैछु। तर मृत्यु मेरो अगिल्तिरै उभिएको छ। के साँच्चीकै मृत्यु नै हो त यो?' उनी डरले झमक्क झस्किए। उनको सास बढेर आयो। उनी अलि झुकेर सलाई खोज्न लागे, तर पलङ्गको छेवैमा राखिएको त्रिपाईमा उनको हातको कुहिनो ठक्कर खान पुग्यो। त्रिपाई-ले बाधा पुऱ्याइरहेको थियो र कुहिनोमा पनि दुखेको उनी अनुभव गर्दैथिए। उनलाई जङ्ग रीस आइहाल्यो र उनले खोडले त्रिपाईमा मुडकी बजारे। त्रिपाई बुङ्ग पल्टियो। ज्यादै हतोत्साह भएर उनी स्वाँस्वाँ र फ्वाँफ्वाँ गर्दै फेरि उत्तानो परेर पल्टिए। त्यतिखेर नै मृत्युले अँगालिहाल्नेछ भन्ने उनलाई लागिरहेको थियो।

पाहुनाहरू आ-आफ्ना घरतिर जान लागेका थिए। प्रस्कोभ्या फ्योदोरोभ्ना उनीहरूलाई बिदा गर्दैथिइन्। ठीक त्यतिखेर नै उनले त्रिपाई ढलेको आवाज सुनिन् र उनी कोठामा पसिन्।

"के भयो?"

"केही भएको छैन। अचानक त्रिपाई ढाल्न पुगें।"

उनी बाहिर निस्किन् र एउटा मैनबत्ती बालेर ल्याइन्। बिछ्यौनामा उनका पति लमतन्न परेर पल्टिरहेका थिए र लामो-लामो सास फेर्दैथिए, मानौं निकै लामो बाटो दगुरेर पार गर्नुपरेको होस्! उनी एकटक लगाएर आफ्नी पत्नीलाई हेरिरहेका थिए।

"के भयो, Jean?"

"के... ही हैन! ढल्यो!"

'किन बताउने र? जब यसले बुझ्दै बुझ्दिन।'—उनले सोचे।

उनले बुझ्दा पनि बुझिनन्। उनले ढलेको त्रिपाई उठाएर राखिन्, मैनबत्ती बालिदिइन् र झटपट बाहिर निस्कि-हालिन्। उनी आफ्ना पाहुनाहरूलाई बिदा गर्न हतारिएकी थिइन्।

उनी फर्केर आउँदा पनि उनका पति चाहिं उत्तानो परेर पल्टिएको पल्टियै छततिर ट्वाल्ल परेर ताकिरहेका थिए।

"कुरा के हो? कतै बिसन्चो त बढेको छैन?"

"हो!"

उनी टाउको हल्लाउँदै बसिन्।

"कसो, Jean? डाक्टर लेश्चेतित्स्कीलाई हाम्रै घरमा बोलाउनु ठीक नहोला र?"

एक नाम चलेको डाक्टरलाई घरैमा डाँक्नुको मतलब हुन्थ्यो—पैसा बेसरी खर्च गर्नु। उनको मुखमा एक तीतो व्यंग झल्कने मुस्कान देखा पर्‍यो र उनले ठाडै इन्कार

गर्दै भने : "अहँ!" प्रस्कोभ्या फ्योदोरोभ्ना केही बेरसम्म हलचल नगरेर बसिरहिन्, अनि पतिको नजिक गएर उनको निधारमा चुम्बन गरिन्।

उनको यस्तो चुम्बनबाट इभान इल्यीचको अन्तरात्मा नै घृणाले भरिपूर्ण भयो। बडो मुश्किलले आफूलाई उनले रोके, नत्र भने पत्नीलाई परसम्म धकेलिदिन पनि बेर लाग्नेथिएन।

"अहिले म जान्छु। भगवान्‌को कृपादृष्टि रह्यो भने तपाईंलाई राति राम्रो नींद लाग्ने नै छ।"

"हुन्छ, जाऊ!"

६

इभान इल्यीच आफ्नो आसन्न मृत्यु देखिरहेका थिए। उनी जहिले पनि हतोत्साह रहन्थे।

भित्री हृदयदेखि नै उनलाई आफ्नो मृत्युको बोध भइरहेको थियो। परन्तु यस्तो विचारको बानी पार्नु मात्र उनलाई कठिन भएको नभई यो विचार नै उनको समझमा आउँदैनथ्यो र कसै गरेर पनि उनी यसलाई बुझ्न सकिरहेका थिएनन्।

अध्ययनकालमा उनले कीजेवेटरको तर्कशास्त्रमा यस्तो संकेतानुमान पढेका थिए: "केयस मनुष्य हो। सबै मनुष्य नश्वर हुन्छन्, त्यसैले केयस पनि नश्वर छ।" त्यसपछि आफ्नो जीवनभरि नै यो संकेतानुमानलाई उनले केयसको सम्बन्धमा मात्र सत्य मान्दैआएका थिए, आफ्नो सम्बन्धमा चाहिं होइन। केयस मनुष्य थियो, केवल भाववाचक

अर्थमा, तसर्थ यो संकेतानुमान पनि उसैमाथि लागू हुन्थ्यो। किन्तु इभान इल्यीच त अवश्य पनि केयस थिएनन्, न त भाववाचक अर्थमा नै मनुष्य थिए। उनी त अन्य सबै मनुष्यहरूभन्दा सदासर्वदा नै एकदमै विशिष्ट रहिआएका थिए। आमाबाबुको लागि उनी भान्या* थिए। त्यसै गरी आफ्ना दाजु मीत्या र भाइ भलोद्याको साथै कोचवान र बुबुधाईको लागि पनि उनी भान्या नै थिए। आफ्ना खेलौनाहरूको लागि र पछि कात्याको लागि समेत उनी भान्या नै थिए। त्यही भान्याको रूपमा नै उनले वाल्यावस्था, किशोरावस्था र युवावस्थाका सबै सुखदुःख तथा हर्ष-विस्मातहरू पार गरेका थिए। के केयसले कहिल्यै त्यो मिठो बास्ना थाहा पाएको थियो होला र जुन छालाको त्यस भकुण्डोबाट आउनेगर्थ्यो जुन भान्यालाई असाध्यै प्यारो थियो? के केयसले पनि कहिल्यै आफ्नी आमाको हात यति भावुकतापूर्वक चुमेको थियो होला र? के केयसलाई आमाको रेशमी लुगाको सरसराहट यति प्यारो लाग्नेगर्थ्यो र? के केयसले पनि स्कूलमा पढ्दा केकको निम्ति उधुम मच्चाएको थियो होला र? के केयस कुनै युवतीको प्रेममा यति हुरूक्क भएको थियो होला र? के केयसले अदालतमा कुनै मुद्दाको पैरवी हुँदा यति दक्षतापूर्वक सभा-संचालन गरेको थियो होला र?

'केयस वास्तवमा नश्वर थियो र उसको मृत्यु युक्तिसंगत र स्वाभाविक नै थियो पनि। तर मेरो अर्थात् भान्याको याने इभान इल्यीचको त कुरै अर्कै थियो। मेरा

---

* इभानको स्नेहवाचक रूप। —अनु०

मारा विचार र भावनाहरूलाई दृष्टिगत गर्दा मेरो मृत्यु न कदापि उचित र न्यायसंगत हुनै सक्तैनथ्यो। यस्तो विचार नै अति भयावह थियो।'

उनको मनमा यस्तो तर्कना उठेको थियो।

'यदि मेरो पनि केयसको जस्तै मृत्यु हुनु अवश्यंभावी हुँदो हो त मलाई यसको बोध भैहाल्नेथियो। भित्रको आवाजले पक्कै पनि मलाई यस कुराको संकेत दिनेथियो। परन्तु मलाई यस किसिमको कुनै कुराको आभास भएको छैन। मेरो सृष्टि त्यसरी भएको नै होइन जसरी केयसको सृष्टि भएको थियो भन्ने कुरा त मलाई सदासर्वदा थाहा थियो र मेरा मित्रहरूलाई पनि थाहा छ। तर अहिले अचानक यो के हुन लागेको हो?'—उनले मनमनै विचार गरे।—'यो हुन सक्तैन, कदापि हुनै सक्तैन। यो असम्भव छ। तर पनि यस्तो हुन आँटिरहेको छ। यो कसरी हुन सक्छ? कसरी बुझ्ने यसलाई?'

उनले बुझ्नै सकेनन् र यस विचारलाई असत्य, भ्रमपूर्ण र कष्टकर ठानेर मनबाट नै निकालिदिने र त्यसको ठाउँमा सही र स्वस्थ विचार जागृत गर्ने चेष्टा उनले गरे। तर यो विचार फगत् विचार मात्र थिएन, बरू यथार्थता थियो र त्यो बारम्बार उनको मनमा उब्जिरहन्थ्यो।

यस विचारको ठाउँमा उनले एक एक गरेर कैयौं अन्य विचारहरूलाई ल्याउने प्रयत्न गरे र यसबाट कुनै सहारा पाइनेछ भन्ने पनि आशा राखेका थिए। उनले फेरि पहिलेकै तरीकाले सोच्ने जमर्को गरे र मृत्युको विचारलाई बिर्सिदिन खोजे। तर अनौठो कुरा त के थियो भने जुन कुराले पहिले मृत्युको विचारलाई एक पर्दाले जस्तै गरेर

छोपिराख्नेगरेको थियो, लुकाइदिनेगरेको थियो र अझ त्यसको अस्तित्वको समेत आभास हुन दिंदैनथ्यो त्यो अब चाहिं यस्तो गर्न असमर्थ थियो। पछिल्लो समयमा इभान इल्यीच फेरि पनि त्यसै विचारक्रमलाई ग्रहण गर्न खोज्दै-थिए जसले गर्दा मृत्यु उनको नजरबाट ओझेल भइरहने-गर्थ्यो। खास गरी उनी मनमनै भन्नेगर्थे: 'मैले सरकारी काममा लागिपर्नु राम्रो हुनेछ। कुनै समयमा त्यही नै त मेरो जीवनको मुख्य लक्ष्य रहेको थियो।' यसरी आफ्नो मनबाट सबै प्रकारका आशङ्काहरूलाई धपाएर उनी अदालत-मा पुग्थे। त्यहाँ उनी आफ्ना साथीभाइहरूसंग कुराकानी गर्थे, सधैंको जस्तो गरेर उनीहरूको माझमा मेचमा बस्थे, बजराँठको काठबाट बनाइएको मेचका हाताहरूमा आफ्ना झीना हातहरू अड्याउँथे, अनि कचहरीमा भेला भएका मानिसहरूलाई आफ्नो पुरानै बानीअनुसार केही व्यग्र र केही विचारमग्न नजरले हेर्नेगर्थे, आफ्नो छेवैमा बसेको मान्छेतर्फ अलि झुक्नेगर्थे, मिसिलहरू यताउता सार्नेगर्थे, खासखुस गरेर केही भन्नेगर्थे, त्यसपछि एकाएक आङ तन्काएर र आँखिभौं खुम्च्याएर त्यही परिचित वाक्य उच्चारण गर्थे जसको साथसाथै अदालतको कार्यवाही शुरू भैहाल्थ्यो। परन्तु मुद्दाको कुनै पनि अंशको सुनुवाई भइरहेको किन नहोस्, अकस्मात् कोखामा च्वास्स घोच्त-थ्यो र त्यसले भित्रभित्रै आफ्नै "कार्यवाही" शुरू गरि-हाल्थ्यो। इभान इल्यीच त्यसतर्फ कुनै विशेष ध्यान दिन चाहँदैनथे, त्यसको विचार समेत मनमा उब्जन नदिने चेष्टा गर्थे, तर त्यसले चाहिं आफ्नो करतूत जारी नै राख्नेगर्थ्यो, मानौं मृत्यु नै उनको सामुन्ने आएर ठिङ्ग उभिएको होस्

र उनको आँखामा आँखा गाडेर हेर्न लागेको होस्! इभान इल्यीच हड्बडाइहाल्थे, उनको आँखाको ज्योति फिका परिहाल्थ्यो र उनी फेरि एकपल्ट मनमनै प्रश्न गर्थे: 'के यही मात्र सत्य हो त?' उनका सहकर्मीहरू र मातहतका कर्मचारीहरू कुन कुरा देख्ता दुःख र आश्चर्यमा पर्न जान्थे भने त्यो मान्छे, जो सदैव नै एक प्रतिभावान् र सूक्ष्मदर्शी न्यायाधीश मानिन्थ्यो, अब चाहिं अन्योलमा पर्दै गल्तीहरू गर्न लागेको छ। उनी झसङ्ग हुन्थे, आफूलाई सम्हाल्थे र येनकेन सुनुवाईको कार्य अन्त्यसम्म पुऱ्याउँथे। अनि घर फर्कन्थे। परन्तु हरहमेशा नै कुन निराशापूर्ण विचारले उनको चेतनालाई चिमोट्दैरहनेगर्थ्यो भने जुन कुरालाई उनले आफूबाट लुकाउन खोजेका थिए त्यसलाई पहिले झैं उनको अदालती कार्यवाहीले पनि अब लुकाउन सक्तैन। कुनै प्रकारको अदालती कामकार्यवाहीले पनि अब त्यसबाट छुटकारा पाउनमा उनको मद्दत गर्न सक्तैन। त्यभन्दा खराब कुरा त के थियो भने त्यसले उनको सारा ध्यान नै आफूतर्फ खिच्नेगरेको थियो, उनलाई कुनै काम गर्न दिंदैनथ्यो, बरू उनले आफूलाई मात्र एकटक लगाएर त्यसै आँखामा क्वारक्वारति हेरिरहून् भन्ने त्यसको चाहना हुंदो हो। असह्य यन्त्रणामा पिल्सिइरहनु सिवाय उनी अरू केही गर्न सक्तैनथे।

यस्तो मनःस्थितिबाट मुक्ति पाउने उद्देश्यले इभान इल्यीचले अन्य सान्त्वनाहरू र अन्य बहानाहरू पनि खोज्ने जमर्को गरे। केही बहानाहरू भेट्टाइ पनि हालिन्थे र केही समयको लागि उनलाई त्राण पनि मिल्दथ्यो। परन्तु छिटै त्यो पनि फाटिहाल्थ्यो वा पारदर्शी भइदिन्थ्यो, मानौं

मृत्युले जुनसुकै कुरालाई पनि छेड्न सक्दो होस् र कुनै पनि कुराले उसको बाटोमा छेकबार हाल्न नसक्दो होस् !

ती अन्तिम दिनहरूमा उनी यदाकदा आफ्नो त्यसै बैठककोठामा जानेगर्थे जुन कोठालाई उनले त्यत्रो भूभारत गरेर सजाएका थिए। त्यसै बैठककोठामा उनी लडेका थिए र त्यसैको कारणले गर्दा उनी अहिले आएर आफ्नो जिन्दगीबाट नै बिदा लिंदैछन्। यस विचारले उनका ओंठ-हरूमा मुस्कानको एक रेखा पर्‍यो। जुन दिन उनी लडेका थिए त्यसै दिनदेखि उनको रोग शुरू भएको थियो भन्ने उनलाई पक्का विश्वास थियो। त्यस बैठककोठामा नै उनी एकपल्ट पसे र त्यहाँ पालिशदार सफा टेबिल एक ठाउँमा निकै नै कोरिएको भेट्टाए। यो कसरी भयो ? त्यसको कारण पनि उनले छिटै नै ठम्याइहाले। फोटो-अल्बम सिंगार्ने काँसको किलिपको टुप्पो थ्याम्चिएको पाइयो। उनले अल्बम हातमा लिए। त्यो अल्बम ज्यादै दामी थियो र उनले त्यसमा स्वयं नै बडो ध्यानपूर्वक तस्बीर सजाएका थिए। बाहिरको जिल्ला झुत्रो भैसकेको थियो भने भित्रका तस्बीरहरू उप्केर उल्टोपुल्टो पर्न गएका थिए। उनलाई आफ्नी छोरी र उसका सहेलीहरूको बेवास्ता देखेर खूब रीस उठ्यो। उनले बडो मेहनत गरेर तस्बीरहरू ठीकसंग मिलाए र कुच्चिएको किलिप पनि सोझ्याइदिए।

त्यसपछि फोटो-अल्बम लगायत यो सब éstablis-sement* नै कोठाको अर्को कुनामा सारिदिने उनलाई

---

* सरसामान (फ्रेन्च)। – अनु०

विचार सुझ्यो जहाँ फूलका गमलाहरू राखिएका थिए। उनले नौकरलाई डाँके। कहिले उनकी पत्नी त कहिले छोरी पनि मद्दत गर्न आइपुग्थे। परन्तु कोही पनि उनीसंग महमत हुँदैनथ्यो। उनलाई यो झमेला कत्ति पनि मन परेन। उनले सम्झाउने पनि कोशिश गरे, तर कसैले पनि उनको कुरा मान्न चाहेन। उनी जङ्गिए। जे होस्, यो सब राम्रै भयो, किनभने यसले गर्दा उनले मृत्युको कुरा बिर्से। त्यो उनको दृष्टिमा परेन।

किन्तु उनी स्वयं नै टेबिल सार्न अग्रसर भएको देख्ने-बित्तिकै उनकी पत्नीले भनिन्: "पर्खनुस्! नौकरहरूले नै यो काम गरिहाल्छन् नि! तपाईंलाई फेरि चोट लाग्न सक्छ!"

अनि एकाएक त्यो फेरि पर्दाको पछिल्तिरबाट सुट्ट निस्किहाल्यो र उनको सामुन्ने नै खडा भैहाल्यो। त्यो फेरि अलप भएर जानेछ भन्ने उनले ठानेका थिए। परन्तु कोखाको पीडा फेरि उनलाई अनुभव हुन लाग्यो। त्यो पीडा जहाँको तहीं थियो र भित्रभित्रै त्यसले उनलाई सताइरहेको थियो। उनी त्यसलाई बिर्सन सक्तैनथे। त्यसले त गमलाहरूको पछिल्तिरबाट उनैतर्फ सोझै ताकिरहेको थियो। यो सब के हो?

'के साँच्ची नै यहाँ यिनै पर्दाहरूको नजीकै मैले आफ्नो मृत्युलाई निम्त्याएको रहेछु त? ठीक त्यसै गरी जसरी आक्रमणमा जाँदा सैनिकले प्राण गुमाउँछ। के यो साँचो होइन र? उफ्, कति भयानक र कति मूर्खतापूर्ण! यो हुनै सक्दैन! यो असम्भव छ... तर यो सत्य हो!'

उनी आफ्नो अध्ययन-कक्षमा गएर पल्टिहाले। त्यहाँ

पनि उनले त्यसलाई आफ्नो सामु नै देखे। त्यो आँखामा आँखा जुधाएर उभिइरहेको थियो। उनी त्यसलाई पन्छ्याउन एकदमै असमर्थ थिए। उनी टुलुटुलु त्यसलाई ताकेर हेर्दै बिस्तार-बिस्तार चिसिंदै मात्र जान सक्थे।

७

इभान इल्यीच बिरामी भएको तीन महीनाभित्रै यस्तो कसरी हुन गयो त्यो भन्नै गाह्रो छ। किनभने यो ज्यादै सुस्तसुस्त र अदृश्य ढंगले हुन गएको थियो। कहिलेसम्ममा उनले आफ्नो ठाउँ खाली गर्नेछन्, जीवितहरूलाई आफ्नो यस्तो स्थितिको झञ्झटबाट कति छिटो छुटकारा दिलाउनेछन् र स्वयं नै आफ्ना यन्त्रणाहरूबाट मुक्ति पाउनेछन् भन्ने मात्र अब अन्य मानिसहरूको उनीप्रति रुचि बाँकी रहन गएको छ। उनकी पत्नी, छोरी, छोरा, नौकरचाकर, इष्टमित्र, डाक्टर र खास गरी स्वयं उनैलाई पनि यो कुरा थाहा भैसकेको थियो।

उनलाई अब झन् झन् कम निद्रा पर्न लाग्यो। उनलाई अल्प मात्रामा अफीम र मार्फीनको सुई दिन थालियो। तर यसले पनि कुनै आराम भएन। शुरू-शुरूमा त यस अर्धचेतनावस्थामा मनको पिरलोबाट उनले केही मुक्ति पाउँथे, किनभने यो एक नयाँ अनुभव थियो। परन्तु छिटै नै उनलाई पहिले जस्तै वा अझ बढ्ता सास्ती हुन्थ्यो। त्यो अर्धचेतना अब शारीरिक पीडाभन्दा पनि कष्टकर हुँदैगइरहेको थियो।

डाक्टरहरूको निर्देशनबमोजिम उनको निम्ति विशेष

प्रकारको भोजन तैयार पारिन्थ्यो। तैपनि उनलाई सबै कुरा खल्लो लाग्थ्यो र खानाप्रति अरूचि बढ्दै गएर घीन समेत लाग्न थालिसकेको थियो।

उनको पेट साफ गर्न पनि विशेष व्यवस्था गर्नुपरेको थियो। उनको निम्ति यो एक नयाँ यन्त्रणा बन्न पुगेको थियो जुन उनले दिनहुँ सहनुपर्थ्यो। फोहोर, दुर्गन्ध र संकोचको कारणले गर्दा केही सकस पर्नेगर्थ्यो भने अर्को एक जना मान्छेले पनि यसमा सघाउनुपर्ने हुँदा अझ बढी कष्ट हुन जान्थ्यो।

परन्तु यस अप्रिय काममा पनि इभान इल्यीचलाई एक कुराको सन्तोष लाग्थ्यो। भण्डारको रेखदेखकर्ता नोकर गेरासिम नै सधैं फोहोर सफा गर्न आउँथ्यो।

गेरासिम एक सुग्घरी र रातोपीरो गाउँले ठिटो थियो। उसलाई शहरतिरको खानपीनको निकै पोस लागेको थियो। ऊ सधैं हँसिलो र रसिलो रहन्थ्यो। शुरू-शुरूमा त रूसी पोशाक लगाइराख्ने यस सफासुग्घर ठिटोले यस्तो घिन-लाग्दो काम गरिरहेको देख्दा इभान इल्यीचलाई ज्यादै अप्ठेरो लागेको थियो।

एकपल्ट इभान इल्यीच कोपराबाट उठ्न त जुरूक्क उठे, तर पतलून माथि तान्ने समेत उनमा ताकत बाँकी रहेन। उनी आरामकुर्सीमा थ्यात्त बसे। उनी भयातुर आँखाले आफ्ना नाङ्गा पिंडौलातर्फ ताक्न लागे। पिंडौलामा फिनन्लो मस्सल तुर्लुङ्ग झुण्डिरहेको देखिन्थ्यो।

त्यनिम्बेर नै हिउँदको ताजापन र आफूले लगाइराखेको बाक्लो बूटमा लागेको कोलतारको मगमग वास्ना छर्दै हल्का तर दरिलो पाइला सार्दै गेरासिम भित्र पस्यो।

उसले सुकिलो सूती कमीज र त्यसमाथि घरबुना कपडाको सफा इस्टकोट पनि लगाइराखेको थियो। कमीजको बाहुला माथि सारिएको थियो, तसर्थ उसको तरूण र हृष्टपुष्ट पाखुरा खुलै थियो। सके जीवनको उमङ्गले भरिपूर्ण उसको रातोपीरो अनुहार देखेर रोगीको चित्त नदुखोस् भन्ने हेतुले ऊ इभान इल्यीचतर्फ हेर्दै नहेरीकन सरासर कोपरानेर पुगिहाल्यो।

"गेरासिम!"–इभान इल्यीचले झिनो आवाजमा बोलाए।

गेरासिम झसङ्ग भयो। उसबाट कुनै गल्ती त भएन कतै भन्ने विचारले ऊ अलि डरायो पनि। उसले आफ्नो भर्खरै मात्र झुसे दाह्री उम्रन थालेको तरूनो, विनम्र, सरल र दयालु अनुहार झटपट रोगीतर्फ फर्कायो।

"किन र, हजूर?"

"तँलाई यो काम ज्यादै नराम्रो लाग्दो हो। मलाई माफ गर्! म आफैं यो गर्न सक्तिनँ!"

"के भनिबक्स्या, हजूर?"–गेरासिम मुसुक्क हाँस्यो र यसले गर्दा आँखा चम्किला देखिए र मजबूत सेता दन्तलहर झलमल्ल भयो।–"मैले किन हजूरको सेवा-सुश्रुषा नगर्ने र? हजूर जो हो बिरामी होइबक्सिन्छ त!"

आफ्ना जब्बर र दक्ष हातले उसले आफ्नो नियमित काम गर्‍यो र चाल मारेर कोठाबाट बाहिरियो। पाँच मिनेटपछि नै फेरि ऊ त्यसरी नै चाल मारेर भित्र पस्यो।

इभान इल्यीच त्यतिखेर पनि आरामकुर्सीमै यथावत् बसिरहेका थिए।

नोकरले सफा गरी धोएको कोपरा पहिलेकै ठाउँमा राखिदियो।

"गेरासिम!" – इभान इल्यीचले भने। – "खै, अलि वर आइज त! लौ, मलाई केही सहारा दे त!" – गेरासिम मालिकनेर पुग्यो। – "मलाई उठाइदे! म आफै उठ्न सक्तिनँ। दिमित्री पनि यहाँ छैन। उसलाई मैले बाहिर पठाएको छु।"

गेरासिम अलि निहुरियो र आफ्ना जब्बर हातले इभान इल्यीचलाई उसले बिस्तारै बडो जतनका साथ उठाइदियो। उसको स्पर्श त्यत्तिकै हलुका थियो जति उसको पाइलाको चाल! उसले एक हातले उनलाई थामिराखेको थियो भने अर्को चाहिं हातले उनको पतलून माथि सारिदियो। अनि उसले आरामकुर्सीमा उनलाई बसालिदिने जमर्को गऱ्यो। परन्तु इभान इल्यीचले उसलाई सोफातर्फ डोऱ्याउने अनुरोध गरे। गेरासिमले सजिलैसित उनलाई झण्डै झण्डै बोकेर नै सोफासम्म पुऱ्यायो र त्यसमा बसालिदियो।

"धन्यवाद! तँ ज्यादै टाठो छस् र काम पनि राम्रो गर्छस्!"

गेरासिम फेरि मुसुक्क हाँस्यो र बाहिर निस्कने तरखर गर्न लाग्यो। किन्तु इभान इल्यीचलाई उसको उपस्थिति निकै राम्रो लागिरहेको थियो र उसलाई उनले बाहिर जान दिएनन्।

"ल, त्यो मेच पनि यता ल्या न! त्यो होइन, त्यसको नगिचैको चाहिं! त्यसैमा मेरा गोडा पनि राखिदे! गोडा माथि रहँदा मलाई आराम हुन्छ!"

गेरासिमले मेच ल्यायो। अलिकति पनि आवाज नआउने

किसिमबाट हलुकासाथ उसले त्यसलाई थपक्क भुइँमा राखिदियो। अनि इभान इल्यीचको गोडा उचालेर त्यसैमा बिसाइदियो। गेरासिमले गोडा माथि उठाउँदा आफूलाई केही आराम भएको जस्तो इभान इल्यीचलाई लाग्यो।

"गोडा अग्लो ठाउँमा रहँदा मलाई सजिलो लाग्नेगर्छ।" — इभान इल्यीचले भने। — "ऊ त्यो तकिया पनि ल्याएर मेरा गोडामुन्तिर राखिदे न!"

गेरासिमले त्यसै गऱ्यो। उसले इभान इल्यीचको गोडा उचालेर मुन्तिर तकिया हालिदियो। यसपल्ट पनि गेरासिमले गोडा उचाल्दा उनलाई निकै सन्चो लाग्यो। तर गोडा तल झार्दा चाहिं कसो कसो अपठ्यारो लाग्न थाल्यो।

"गेरासिम, अहिले कामको चटारो छ कि कसो?" — उनले सोधे।

"छैन, हजूर!" — मालिकहरूसंग कसरी कुरा गर्नुपर्छ भन्ने त गेरासिमले शहरिया मान्छेहरूबाट सिकिराखेकै थियो।

"अरू के काम गर्नुछ नि तैंले?"

"के हुनु र, हजूर! सब काम सिध्याइसकें। भोलिको लागि अलिकति दाउरा चिर्नु बाँकी छ। बस्, त्यत्तिकै हो।"

"के तँ अलि बेर मेरा गोडा माथि उचालेर समातिराख्न सक्दैनस् त?"

"किन नसक्नु र, हजूर!"

गेरासिमले इभान इल्यीचका गोडा माथि उचाल्यो। यस्तो स्थितिमा दुखेको नै कत्ति अनुभव नभइरहेको जस्तो उनलाई लाग्न थाल्यो।

"दाउरा कसरी चिर्छस् नि?"

"धन्दा नगरिबक्स्योस्, हजूर! म भ्याइहाल्नेछु!"

इभान इल्यीचले गेरासिमलाई बस्ने आज्ञा दिए। अनि गोडा उचालेर आफूसंग कुरा गर्न पनि अह्राए। अनौठो कुरो त के थियो भने गेरासिमले उनका गोडा उचालि-राखुन्जेल उनलाई वास्तवमा नै हाईसन्चो अनुभव भइरहेको थियो।

त्यसै बेलादेखि इभान इल्यीच कहिलेकाहिं गेरासिमलाई आफूकहाँ बोलाउँथे र उसको काँधमा आफ्ना गोडा बोकाउने-गर्थे। त्यतिखेर नौकरसंग कुराकानी गर्दा उनलाई मजा लाग्थ्यो। गेरासिम जुन कामकुरो पनि सजिलैसित, राजीखुशीसंग र हाँसीहाँसीकन पूरा गर्थ्यो जसले गर्दा इभान इल्यीच ज्यादै प्रशन्न हुन्थे। गेरासिमलाई छोडेर घरमा अरू मानिसहरूलाई स्वस्थ, रातोपीरो र स्फूर्तिलो देख्दा इभान इल्यीच डाहले गर्दा मनमनै चिढिन्थे, तर गेरासिमलाई हँसिलो-खुसिलो र बलियो-फूर्तिलो देख्दा भने उनी रिसा-उनुको सट्टा रमाउँथे।

इभान इल्यीचलाई सबभन्दा बढ्ता दुःख कुन कुराले हुन्थ्यो भने सबका सब नै उनीसंग झूठो कुरा गर्नेगर्थे। किन हो कुन्नि, सबै नै के भन्नेगर्थे भने उनी मात्र बिरामी भएका छन्, मर्न लागिरहेका चाहिं छैनन् र धैर्यपूर्वक औषधि-उपचार गर्दैगएमा उनी फेरि तगडा भैहाल्नेछन्। जेसुकै गरे पनि अब आफ्नो स्वास्थ्य सुध्रन सक्तैन, बरू उनको मकर्स बढ्दैजानेछ र आखिर उनको मृत्यु हुनेछ भन्ने उनलाई राम्रैसंग थाहा थियो। तसर्थ यस्तो झूठो कुराबाट उनलाई कष्ट हुन्थ्यो। साँचो कुरा के हो भन्ने

सबैलाई थाहा थियो। स्वयं उनलाई पनि थाहा थियो। तैपनि उनको भयङ्कर अवस्थाको कारणले गर्दा सबै नै यस झूठो कुरालाई उनीमाथि थोपर्दैगइरहेका थिए र उनले पनि यस असत्यलाई सत्य मानून् भनेर उनलाई विवश गर्न खोज्थे। जतिखेर उनी मृत्युको घाटमा पुग्नै आँटिसकेका थिए त्यस बखत उनीमाथि यस्तो झूठो कुरा थोपर्नु भनेको उनको मृत्युको गम्भीर र गरिमायम क्रियालाई तल्लो स्तरसम्म गिराउनु सरह थियो अर्थात् त्यो स्तरसम्म तल खसाल्नु सरह थियो जहाँ मान्छेहरू एक अर्काको घरमा पाहुना बन्न जान्छन्, भोजन गर्छन्, ओसेत्रिना माछाको परिकार चाख्छन् र बैठककोठामा बसेर गफ हाँक्छन्। यो कुरा सोच्दा इभान इल्यीचलाई जस्तो कष्टको अनुभव हुन्थ्यो त्यसको बयान गरी साध्य नै हुँदैन। अनि अनौठो कुरा त के भने कति हो कति पटक उनले आफूप्रति उनी-हरूबाट यस्तो बनावटी ढोंग गरिंदा उनले झर्केर ठाडै भन्ने सुर कसेका थिए: 'झूठो कुरा गर्नुपर्दैन भो! मेरो मृत्यु टाढा छैन भन्ने कुरा तपाईंलाई थाहा छ, अनि मलाई पनि थाहा नभएको होइन। तसर्थ कमसेकम झूठो त नबो-ल्नोस्!' परन्तु यस्तो भनिहाल्ने आँट चाहिं उनले कहिल्यै पनि गरेनन्। उनलाई कुन कुराको राम्रो बोध थियो भने उनको वरिपरि रहेका सबै मान्छेहरू उनको मृत्युको गम्भीर र भयावह क्रियालाई एक अप्रिय घटना ठान्छन् र केही हदसम्म अशिष्टता समेत मान्छन् (त्यसरी नै जसरी बैठककोठामा पस्नेबित्तिकै पादेको गन्ध फैलाउने व्यक्तिलाई अशिष्ट मान्नेगरिन्छ), मानौं उनी शिष्टाचारका ती नियमहरूको उलङ्घन गरिरहेका होऊन् जसलाई स्वयं उनले

जीवनभर पालना गर्दैआएका थिए। कसैको पनि उनीप्रति सहानुभूति छँदैछैन, किनभने कसैले पनि उनको अवस्था-लाई बुझ्न समेत खोजेको छैन भन्ने उनलाई लाग्नेगर्थ्यो। गेरासिम एक जना मात्रै यस्तो थियो जो उनको अवस्था-लाई राम्रो बुझ्थ्यो र उनीप्रति सहानुभूति पनि राख्थ्यो। यसैउसले गर्दा नै उसलाई आफ्नो साथमा पाउँदा इभान इल्यीच निकै खुशी हुन्थे। कहिलेकाहिं त गेरासिम उनका गोडाहरू थामेर सारा रात नै छर्लङ्ग काट्नेगर्थ्यो र जति कर गरे पनि ऊ सुत्न समेत जाँदैनथ्यो। ऊ भन्नेगर्थ्यो: "चिन्ता नगरिबक्स्योस्, हजूर! म पछि सुतुँला!" अनि कहिलेकाहिं त एकाएक बढी घनिष्टता जनाउँदै "तिमी" भन्ने शब्द प्रयोग गर्दै यस्तो भन्थ्यो: "तिमी थला परेका छौ! मैले हेरविचार किन नगर्नु र?" गेरासिम नै एक त्यस्तो मान्छे थियो जो कहिल्यै पनि झूठो बोल्दैनथ्यो। उसको हरेक कामबाट के थाहा पाइन्थ्यो भने यथार्थ स्थितिलाई बुझ्न सक्ने मान्छे ऊ एक जना मात्रै छ र त्यसलाई लुकाउनुपर्ने पनि ऊ कुनै जरूरी ठान्दैनथ्यो। मालिकको शक्ति बिस्तार-बिस्तार क्षीण हुँदैगइरहेको देखेर उसको मनमा दया उब्जेको थियो। एकपल्ट उसलाई इभान इल्यीचले कतै बाहिर पठाउन लाग्दा त उसले ठाडै भनिदिए-को थियो –

"एक दिन सबैले मर्नैपर्छ क्या रे! यस बेला म हजूरको सेवासुश्रुषा किन नगरूँ?"

यस किसिमबाट गेरासिमले के प्रष्ट पारिदिएको थियो भने इभान इल्यीचको सेवा गर्नुपरिरहेकोमा उसलाई कत्ति पनि कष्ट भइरहेको छैन, किनभने ऊ एक यस्तो व्यक्तिको

सेवा गर्दछ जो मर्न लागिरहेको छ र उसलाई कुन कुराको पनि आशा छ भने जतिखेर उसको पनि मिति आइपुग्नेछ त्यस बखत कसैले उसको पनि सेवासुश्रुषा गर्नेछ!

ढाँट कुरा त छँदै थियो, त्यसदेखि बाहेक इभान इल्यीच-लाई सबभन्दा बढी यन्त्रणा दिने अर्को कुरा थियो – उनीप्रति कसैको पनि यस्तो सहानुभूति नहुनु जस्तो उनी चाहन्थे। लामो समयको संकष्ट भोगिसकेपछि इभान इल्यीचलाई कहिलेकाहिं कसैले एक रोगी बालकलाई जस्तै आफूलाई स्याहारसुसार गरोस् भन्ने तीव्र इच्छा हुनेगर्थ्यो। एक बिरामी बालकलाई जसरी फकाइन्छ-फुल्याइन्छ त्यसरी नै कसैले उनीसंग पनि लाडिलो भएर कुरा गरिदेओस्, उनलाई मुसारोस् र म्वाइँ खाओस्, उनको अवस्थामाथि आँसु चुहाओस्, उनीप्रति दयामाया जनाओस् भन्ने उनको चाहना हुन्थ्यो। यो असम्भव छ भन्ने पनि उनलाई थाहा नभएको होइन। एक त उनी न्यायसमितिका प्रतिष्ठित सदस्य थिए, अनि अर्को कुरा – उनका दाह्रीजुँगा समेत फुल्न लागिसकेका थिए। तसर्थ यो कसरी हुन सक्थ्यो र? तैपनि उनलाई यसको चाहना थियो। यसै चाहनासित अलि अलि मिल्दोजुल्दो कुरा उनी गेरासिमको व्यवहारबाट पाउनेगर्थे। त्यसैले गर्दा जतिखेर गेरासिम नजिकै हुन्थ्यो, उनलाई पनि त्यतिखेर सान्त्वना प्राप्त हुन्थ्यो। इभान इल्यीचलाई रून मन लाग्थ्यो। कसैले उनीप्रति सहानुभूति प्रकट गरोस् र उनको अवस्था देखेर आँसु चुहाओस् भन्ने उनको चाहना थियो। त्यसै बेला शेबेक उनलाई भेट्न आयो। ऊ पनि न्यायसमितिको सदस्य हो र इभान इल्यीचको सहकर्मी पनि हो। उसको अगिल्तिर इभान

इल्यीच रून सक्तैनन्, न त उसबाट लाडप्यारको नै आशा राख्न सक्छन्। यसैउसले उनी गम्भीर, कठोर र विद्वता-पूर्ण मुखमुद्रा बनाउँछन् र अपील अदालतद्वारा लिइएको निर्णयको महत्वबारे अनजानमा नै आफ्नो राय दिने र बडो दृढतापूर्वक त्यसको पुष्टि गर्ने प्रयत्न गर्छन्। इभान इल्यीचको जीवनका अन्तिम दिनहरूलाई कटु तुल्याउन सबभन्दा बढ्ता विष छर्ने कुनै कुरा थियो भने त्यो थियो यही झूठ जुन उनको भित्र र बाहिर सबैतिर व्याप्त थियो।

८

बिहान भैसकेको थियो। कुन कुराबाट यो थाहा पाइन्थ्यो भने गेरासिम कोठाबाट बाहिर निस्किसकेको थियो र टहलुवा प्योत्र भित्र पसिसकेको थियो। टहलुवाले मैनबत्तीहरू निभाइदियो, एउटा झ्यालबाट पर्दा खोलिदियो र बिस्तार-बिस्तार कोठा बढार्न लाग्यो, बिहान होस् वा बेलुका, शुक्रवार होस् या आइतवार यसबाट इभान इल्यीचलाई केही फरक पर्दैनथ्यो। उनको निम्ति सबै दिनहरू एकैनासका थिए। जहिले पनि कोखाको पीडाले सताइरहन्थ्यो र एक छिन पनि त्यो पीडा कम हुँदैनथ्यो। उनलाई एउटै कुराको मात्र चेतना थियो। त्यो के त भने कुनै अटल नियमअनुसार उनको जीवन तुरिंदै गइरहेको थियो तर अझै पूर्णतया समाप्त चाहिं भइसकेको थिएन र त्यही भयङ्कर र घृणित मृत्यु शनैःशनैः उनैतर्फ लम्कँदै आइरहेको थियो जुन एक मात्र यथार्थता थियो। अनि त्यही झूठो!

दिन, हप्ता र प्रहरको विचार नै उनलाई कसरी आउन सक्थ्यो र?

"चिया ल्याउँ कि, हजूर?"

'सबैकुरा नियमअनुसार भए यसलाई पुगिहाल्छ। एकाबिहानै मालिकहरू चिया पिउँछन्, त्यसैले त सोध्दै पनि छ', – इभान इल्यीचले मनमनै सोचे।

"पर्दैन!" – उनले यत्ति मात्र जवाफ दिए।

"अब सोफामा आराम लिइबक्सिन्छ कि त, हजूर?"

'यसलाई कोठा सफा गर्नुपरेको छ र म यस काममा बाधक बनेको छु। मेरो कारणले गर्दा कोठा फोहोर भएको छ र चीजबीजहरू पनि छ्याल्लब्याल्ल छन्', – इभान इल्यीचले विचार गरे।

"अहँ! मलाई यहीं ठीक छ!" – उनले भने।

टहलुवा केही बेरसम्म बढारकुँढार गर्दैरह्यो। इभान इल्यीचले आफ्नो हात फैलाए। प्योत्र हतपत गर्दै उनको अगाडि आइपुग्यो।

"के मर्जी हुन्छ, हजूर?"

"घडी।"

प्योत्रले इभान इल्यीचको हातनजिकै पडिरहेको घडी उठाएर दियो।

"साढे आठ बजिसकेछ। के सबै मान्छे ब्युँझिसके त?"

"अझै उठिसकेका छैनन्, हजूर! भासिली इभानोभिच (यो उनको छोराको नाउँ थियो) स्कूल सवारी होइस्यो। हजूरबाट बोलावट हुनेबित्तिकै उठाइहाल्नु भनेर प्रस्कोभ्या फ्योदोरोभ्नाबाट मर्जी होइस्याछ! बोलाऊँ कि त, हजूर?"

"भैगो, पर्दैन!" ('अलिकति चिया खाइहाल्नुमा

के आपत्ति होला र?'–उनले सोचे।)–"अँ, चिया ने'रा न त!"

त्योत्र दैलोतिर लम्कियो। कोठामा आफू एकलो पर्न गएको देखेर इभान इल्यीच निकै आकुलव्याकुल हुन पुगे। ('के गर्दा यसलाई यही रोकेर राख्न सकिन्छ होला? हो, ओखतीको बहाना गर्नुपर्ला!') "प्योत्र! खै, ओखती ल्या पहिले!" ('किन ओखती खाइ नहाल्ने र? सके यसबाट साँच्चै नै केही फाइदा पनि भैहालोस्!') उनले एक चम्चा ओखती खाइहाले। 'अहँ, यसबाट केही फाइदा हुने छाँट छैन। व्यर्थै हुनेछ। बित्थामा आफूलाई धोका दिनु हो यो!'–मुखमा त्यही परिचित खल्लो स्वादको अनुभूति हुनेबित्तिकै उनले निराश हुँदै विचार गरे।–'यसबाट त अब मेरो विश्वासै समेत हराइसक्यो। यस पीडाले किन लगातार सताउनेगर्छ? केही बेर दुःख छोडे पनि त हुन्थ्यो नि!' उनी पीडाले गर्दा कन्न लागे। प्योत्र तुरुन्तै फर्किहाल्यो।–"भैगो, तँ जा! चिया लिएर आइज झट्टै!"

प्योत्र बाहिरियो। इभान इल्यीच कोठामा एकलै रहे। असह्य पीडाको कारणले भन्दा पनि बढ्ता त मानसिक क्लेशको कारणले गर्दा उनी कन्न लागे। 'जहिले पनि उस्ताको उस्तै। दिन असाध्य लम्बिनेगर्छ भने रात चाहिं कहिल्यै पनि नबित्ने प्रतीत हुन्छ। त्यो छिटै आइहाले हुन्थ्यो। के छिटो आइहालोस्? मृत्यु! अन्धकार! अहँ, नाइँ! मृत्युभन्दा त अरू नै जे पनि राम्रो होला!'

किस्तीमा चिया-चमेना लिएर प्योत्र कोठाभित्र पस्यो। इभान इल्यीचले अन्यौलमा परे झैं गरी उसलाई ट्वाल्ल

परेर निकै बेरसम्म हेरिरहे। त्यो को हो र के कामले आएको हो भन्ने उनले बुझ्नै सकिरहेका थिएनन्। उनले यसरी धुरेर हेरिरहेको देख्ता प्योत्रलाई केही लाज समेत लाग्यो। उसले सङ्कोच मानेको देखेपछि इभान इल्यीच झसङ्ग भए।

"ए! चिया ल्याइस्! ठीक छ! राखिदे त्यहीं!"— उनले भने।—"अँ, मेरो हात-मुख धोइदे र सुकिलो कमीज पनि ल्याइदे!"

इभान इल्यीच हात-मुख धुन लागे। उनले बीच-बीचमा रोकिंदै बिस्तार-बिस्तार हात पखाले, मुख धोए, दाँत माझे, कपाल कोरे र ऐनामा आफ्नो अनुहार हेरे। ऐनामा आफ्नो मुहार देख्नेबित्तिकै उनी चकमन्न भए। खास गरेर उनी त्यतिखेर झस्किन पुगे जब उनले आफ्नो फुङ्ग उडेको ललाटमा कपाल स्याप्प टाँसिएको देखे।

कमीज फेर्दाखेरि उनले के कुरा राम्ररी नै बुझिसकेका थिए भने यदि ऐनामा आफ्नो शरीर निहारेर हेर्ने हो भने अझ बढी भयङ्कर दृश्य देखिनेछ। तसर्थ उनले ऐनामा आफ्नो प्रतिबिम्बतर्फ हेरेनन्। आखिर नित्यक्रिया समाप्त भयो। उनले उपर्ना लगाए, सिरक ओढे र आरामकुर्सीमा बसेर चिया खान थाले। एक छिनको लागि उनले आफूलाई ताजा अनुभव गरे। परन्तु चियाको चस्को लिन थाल्नासाथै फेरि दुख्न लागिहाल्यो र मुखको स्वाद पनि फेरियो। उनले जसोतसो चिया खाइसिध्याए र फेरि गोडा पसारेर लमतन्न परिहाले। यसरी बिछ्यौनामा पल्टनेबित्तिकै उनले प्योत्रलाई पनि बाहिर पठाइदिए।

फेरि त्यही क्रम शुरू भयो। एक छिनको लागि आशाको

लहर संचार हुन्थ्यो, तर फेरि तत्कालै निराशाको महासागर उर्लन थालिहाल्थ्यो। जहिले पनि त्यही असह्य पीडा र त्यही दुर्दमनीय यातनाले उनलाई सताउन छोड्दैनथ्यो। जहिले पनि उनी विरक्त र शोकाकूल रहन्थे। एक्लै बसेको बेला त चिन्ता अझ बढी असह्य भएर आउँथ्यो। कसैलाई बोलाउने मन हुन्थ्यो, तर अरूको अगिल्तिर त यो अझ बढ्ना कष्टकर हुनेछ भन्ने उनलाई थाहा थियो। 'बरू फेरि पनि मलाई मार्फिन दिए हुन्थ्यो जसले गर्दा यो दुखाइ त बिर्सिइनेथियो। मैले डाक्टरलाई अवश्य नै के भन्नुपर्ला भने उसले सोचविचार गरेर कुनै उपाय पत्ता लगाओस्! यसरी त काम चल्न सक्तैन। यो एकदमै असह्य छ।'

यस प्रकारले दुई घण्टा जति बित्यो। द्वारमण्डपमा कसैले घण्टी बजायो। सके डाक्टर आइपुग्यो होला। हो, डाक्टर नै रहेछ—रातोपीरो, स्फूर्तिलो, मोटोघाटो, हँसिलो! उसको अनुहारमा आत्मविश्वास झल्किरहेको थियो, मानौं उसले भनिरहेको होस्: 'तपाईं डराएको जस्तो देखिनुहुन्छ। चिन्ता गर्नुपर्ने कुनै कारण छैन। म सबै कुरा अहिलेको अहिल्यै ठीक पारिदिनेछु।' अनुहारमा यस्तो भाव बोकेर त्यहाँ आउनु नै असंगतिपूर्ण छ भन्ने कुरा डाक्टरलाई थाहा नभएको होइन, तर उसले त सधैंसर्वदाको लागि नै यस्तो मुखमुद्राको मुखुण्डो लगाइ-सकेको छ र अब त्यसलाई फेर्नु पनि उसको बुतादेखि बाहिर-को कुरा भैसकेको छ। यो त अब उसले एकाबिहानै आफ्नो निरीक्षण शुरू गर्दाखेरि लगाएको फ्रक-कोट फुकाल्नु जत्तिकै कठिन छ।

डाक्टर रोगीलाई ढाडस दिने किसिमबाट आफ्नो हात मल्दैथियो।

"मेरो हात नै चिसो भैसकेको छ। बाहिर ठिहि्र्याउने जाडो छ। एक छिन हात तताइहालौं!"–डाक्टरले यो कुरा यस्तो पाराले भन्यो, मानौं एक छिन मात्र प्रतीक्षा गर्नु आवश्यक छ र जिउ अलिक तात्नेबित्तिकै सब कुरा ठीक भइहाल्नेछ। अनि उसले सोध्यो–

"भन्नोस्, कस्तो छ आज?"

इभान इल्यीचलाई के प्रतीत भयो भने मानौं डाक्टरले सोध्न चाहेको होस्–'हालखबर कस्तो छ?' परन्तु यसरी सोधपूछ गर्नु उचित होवैन भन्ने उसले ठान्यो र प्रश्नलाई अर्कैतिर मोडेर सोध्यो:

"भन्नोस्, राति कस्तो निद्रा पर्‍यो?"

इभान इल्यीचले डाक्टरतर्फ यस्तो नजर दिए, मानौं उनले भन्न चाहेका होउन्: 'के तपाईंलाई झूठो बोल्न पनि लाज लाग्दैन र?' तर डाक्टरले उनको भावलाई बुझ्न नै खोजेन।

"ज्यादै सकस पाइयो। दुखेको दुख्यै छ! पीडा न हराउँछ, न त कम नै हुन्छ। कुनै ओखती पाए हुन्थ्यो!"– इभान इल्यीचले जवाफ दिए।

"बिरामी परेपछि तपाईंहरू सबै नै उस्तैउस्तै हुनुहुन्छ! ल, अब त मलाई पनि न्यानो भैहाल्यो जस्तो छ। अब ज्यादै सतर्क रहने प्रस्कोभ्या फ्योदोरोभ्नाले पनि मेरो शरीरको तापमानबारे कुनै चिन्ता गर्नुहुनेछैन। अँ, नमस्ते!"– डाक्टरले यसो भन्दै इभान इल्यीचसंग हात मिलायो।

ख्यालठट्टा एकातिर पन्छ्याएर अब डाक्टर गम्भीर

मुद्रा धारण गर्दै एकाग्र भएर रोगीको जाँच गर्न लाग्यो। उसले नाडी छाम्यो, ज्वर जाँच्यो, छातीमा ट्वाक-ट्वाक ठोकेर हेऱ्यो र मुटुको गति पनि सुन्यो।

यो सब व्यर्थ हो, हाकाहाकी धोका हो भन्ने इभान इल्यीचलाई यकीन थाहा थियो, तर जब डाक्टर उनको सामुन्ने घुँडाले टेकेर उभिंदै केही अगिल्तिर झुकेर आफ्नो कान उनको छातीमा कहिले तल त कहिले माथि टाँसेर लाम्बा चिम्स्याउँदै र गम्भीर हुँदै आफ्नो शरीरको स्थितिमा तरह तरहको हेरफेर ल्याएर उनको जाँच गर्न लाग्यो, त्यतिखेर इभान इल्यीच त्यसै गरी उसको प्रभावमा पर्थिहाले जसरी उनी स्वयं अधिवक्ताहरूको व्याख्यानको प्रभावमा पर्नेगर्थे, यद्यपि उनीहरू झूठो बोल्दैछन् भन्ने मात्र होइन, किन झूठो बोल्दैछन् भन्ने समेत उनलाई राम्रैसँग थाहा थियो।

सोफामा घुँडाले टेकेर डाक्टर अझै पनि इभान इल्यीचको छातीमा ट्वाक-ट्वाक गरेर ठोक्दै थियो। त्यत्तिकैमा ढोकानिर रेशमी लुगाको सरसराहट र प्रस्कोभ्या फ्योदोरोभ्नाको स्वर पनि सुनियो। आफूलाई डाक्टर आइसकेको खबर नगरिएकोमा उनी प्योत्रलाई झपारिरहेकी थिइन्।

उनले भित्र पस्नासाथै आफ्ना पतिलाई चुमिन् र केही सफाई दिन लागिन् भने ब्युँझन त उनी धेरै पहिले नै ब्युँझिसकेकी थिइन्, परन्तु केही तालमेल नमिलेको कारणले गर्दा मात्रै डाक्टर आइपुग्दा उनी कोठामा उपस्थित रहन नसकेकी हुन्।

इभान इल्यीचले उनीतर्फ पुलुक्क हेरे। पत्नीलाई शिरदेखि पैतालासम्म ध्यान दिएर हेर्दा उनको भित्री मनमा

कटुता भरिएर आयो : पत्नीको ज्यादै गोरो छाला, हृष्टपुष्ट जिउ, सफासुग्घर हात र गर्दन, चिल्ला कपाल, चम्किला आँखा – अङ्गप्रत्यङ्गबाट जीवनको रस टप्किरहेको थियो। इभान इल्यीचको अन्तरात्माको अन्तरकुन्तरसम्म पत्नीप्रति घृणा भरिएर आयो। पत्नीको स्पर्शले इभान इल्यीचको सम्पूर्ण जिउभरि नै घृणा र विद्वेषको एक लहर चल्यो।

पति र उनको रोगप्रति प्रस्कोभ्या फ्योदोरोभ्नाको धारणामा कुनै परिवर्तन आएको थिएन। जसरी डाक्टरले आफ्ना रोगीहरूप्रति कुनै एउटा धारणा स्थिर गरेपछि त्यसलाई बदल्न सक्तैन त्यसरी नै उनले पनि आफ्ना पतिको सम्बन्धमा एउटा धारणा स्थिर गरिसकेकी थिइन् – त्यो के त भने आफ्नो रोगको लागि उनी स्वयं नै दोषी छन् र उनी यस्तो कामकुरा गर्छन् जुन उनले गर्नु ठीक हुँदैनथ्यो। अनि लाडिलो भएर उनी यसको लागि पतिको भर्त्सना समेत गर्थिन्। उनी यस धारणालाई फेर्न पनि सक्तैनथिन्।

"यिनी त कसैले भनेको सुन्ने हुन् र? बेला-बेलामा औषधि समेत खाँदैनन्। मुख्य कुरा त के भने जसरी गोडा माथितिर फैलाएर यिनी पल्टिरहनेगर्छन् त्यसबाट त यिनको स्वास्थ्यमा जरूर पनि धक्का पुग्दो हो!"

गेरासिमलाई गोडा उचाल्न लगाएर इभान इल्यीच कसरी पल्टिरहनेगर्छन् भन्ने पनि उनले बताइन्।

डाक्टरका ओंठमा घृणामिश्रित स्नेहले भरिएको मुस्कान देखा पऱ्यो। उसको भावभङ्गिमाले यही भनिरहेको थियो : 'गर्न नै पो के सकिन्छ र? यी रोगीहरू नाना थरीका

नाटीकुटी त गर्दैरहन्छन् नाइँ! जे होस्, उनीहरूलाई माफ गरिदिनै पर्छ हामीले!'

जाँच्न सिध्याएर डाक्टरले आफ्नो घडीतर्फ हेऱ्यो। त्यत्तिकैमा प्रस्कोभ्या फ्योदोरोभ्नाले के भन्न शुरू गरिन् भने इभान इल्यीचलाई राम्रो लागोस् वा नलागोस् तर एक प्रसिद्ध डाक्टरलाई पनि आज उनले निम्त्याएकी छिन् र त्यो डाक्टर तथा मिखाइल दानिलोभिच (यो चाहिं साधारण डाक्टरको नाम थियो) दुवैले मिलेर जाँचून् र आपसमा छलफल गरून्।

"कृपया तपाईं यसको विरोध नगर्नुहोला! यो त म आफ्नै लागि गर्दैछु।"–उनले व्यंगपूर्वक भनिन्। यसरी उनले यो सब प्रबन्ध उनैको लागि गरेकी हुन् भन्ने बोध गराउनाको साथै उनले नाइँनास्ति समेत गर्न नसकून् भन्ने चाहेकी थिइन्। इभान इल्यीचले मुख बिगारे, तर बोल्न चाहिं केही पनि बोलेनन्। आफू झूठैझूठको यस्तो कुचक्रमा फसेको जस्तो उनलाई लाग्यो जहाँ सत्य के हो र असत्य के हो भन्ने ठम्याउन समेत उनलाई गाऱ्हो भइरहेको थियो।

वास्तविकता चाहिं के थियो भने प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्नो पतिको निम्ति जे जसो गरिहेकी थिइन् सो सबै आफ्नै निम्ति नै गरिरहेकी थिइन्। फेरि म आफ्नो लागि नै यो सब गरिरहेकी छु भनेर उनी भन्थिन् भने गर्न पनि आफ्नै निम्ति गर्थिन्। परन्तु जुन ढङ्गले उनी यो भन्थिन् त्यसबाट यो असम्भव लाग्नेगर्थ्यो र जे जसो भैरहेको छ सो सबै आफ्नै निम्ति भैरहेको छ भन्ने इभान इल्यीचले सम्झनुपर्थ्यो।

हुन पनि ठीक साढे एघार बजे प्रसिद्ध डाक्टर आइ-

पुग्यो। फेरि इभान इल्यीचको शरीरको जाँच गरियो र उनको सामुन्ने तथा बगलको कोठामा पनि मिगौंला र बोसेभ्रान्द्राको बारेमा विद्वतापूर्ण कुराकानी भयो। गम्भीर मुद्रामा प्रश्नोत्तरहरू गरिए, मानौं प्रश्न चाहिं जीवन र मरणको होइन, जुन वास्तवमा नै इभान इल्यीचको सामु खडा थियो, बरू प्रश्न त मिगौंला र बोसेभ्रान्द्राको मात्रै पो हो जसले आफ्नो नियमित कार्य सम्पन्न गरिरहेका थिएनन् र जसलाई अब एक छिनमै मिखाइल दानिलोभिच तथा प्रसिद्ध डाक्टरले ठीकसित चल्न लगाउनेछन्।

गम्भीर तर निराशाको भाव नझल्किने मुद्रा धारण गरेर प्रसिद्ध डाक्टर बिदाबारी भयो। इभान इल्यीचले भय र आशाद्वारा चम्किएका आँखा माथि उठाएर डाक्टरलाई हेर्दै 'के मलाई बिसेक होला त?' भन्ने प्रश्न सोध्दा 'पूरा विश्वासका साथ केही पनि भन्न नसकिने भए पनि यसको सम्भावना चाहिं जरूर नै छ' भनेर डाक्टरले जवाफ दियो। कोठाबाट बाहिर निस्कन लागेको डाक्टरलाई इभान इल्यीचले आफ्नो नजरले दैलोसम्म पछ्याए। उनको नजरमा आशाको झलक कतिसम्म हृदयविदारक थियो भने प्रसिद्ध डाक्टरको फीस दिन भनेर कोठाबाट बाहिर निस्कन लाग्दा प्रस्कोभ्या फ्योदोरोभ्नाका आँखाबाट समेत बरर आँसु झरेका थिए।

डाक्टरको ढाडसबाट इभान इल्यीचको हौसला फेरि बढ्यो। तर त्यो धेरै बेरसम्म टिकेन। फेरि त्यही कोठा, त्यही चित्रपटहरू, त्यही पर्दा, त्यही भित्तेकागज, त्यही साजसामान र त्यही पीडा एवं यन्त्रणाले ग्रस्त देह। इभान

इल्यीच दाह्रा किटेर कन्न लागिहाले। उनलाई एउटा सुई लगाइयो र उनी अचेत भैहाले।

जतिखेर उनी होशमा आए त्यस बेला झमक्क साँझ परिसकेको थियो। उनको निम्ति खाना ल्याइयो। उनले अलिकति सुरूवा बल्लतल्ल खाए। फेरि सबै कुरा उस्तै-उस्तै भइरहेको थियो। फेरि रात पर्न थालिरहेको थियो।

भोजनपछि सात बजे प्रस्कोभ्या फ्योदोरोभ्ना कोठाभित्र पसिन्। बाहिरतिर जानको निम्ति उनले लुगा फेरेकी थिइन्। मुखमा पाउडर घसिएको थियो, फुक्क उठेको वक्ष बेसरी कसेर बाँधिएको थियो। बिहान सबेरै नै उनले इभान इल्यीचलाई साँझपख परिवारका सबै मान्छेहरू थिएटरमा जाने कुराको सम्झना गराइसकेकी थिइन्। सार्रा ब्रेरनार* त्यस नगरमा आइरहेकी थिइन्। इभान इल्यीचले कर गरेको हुँदा नै उनीहरूले टिकट किनेका थिए। परन्तु अहिले उनले यी सबै कुरा भुसुक्कै बिर्सिसकेका थिए र पत्नीको यस्तो ठाँटबाट देखेर उनको मनमा चोट परेको थियो। परन्तु उनैको आग्रहमा उनीहरूले नाटक हेर्ने चाँजोपाँजो मिलाएका थिए भन्ने सम्झना हुनेबित्तिकै उनले आफ्नो मनको भावनालाई मनैमा दबाएर राखे। हुन पनि कलात्मक अभिनय हेरेर केटाकेटीहरूले राम्रो शिक्षा पाउन सक्छन् भनेर उनैले त भनेका पनि थिए।

प्रस्कोभ्या फ्योदोरोभ्ना आत्मसन्तुष्ट तर आफूलाई केही

---

*प्रसिद्ध फ्रान्सेली अभिनेतृ (सन् १८४४–१९२३)। सन् १८८१–१८८२ को हिउँदमा पहिलोपल्ट रूसमा आएकी थिइन।—अनु०

अपराधी ठान्दै कोठाभित्र पसिन्। उनी थचक्क बसिन् र पतिको स्वास्थ्यबारे सोधपूछ गर्न लागिन्। उनी यसरी सोधेर औपचारिकता मात्रै पूरा गर्दैछिन् भन्ने पनि इभान इल्यीचलाई थाहा थियो। केही थाहा नै पाउने उद्देश्यले चाहिं उनी सोधिरहेकी थिइनन्। फेरि थाहा पाउनुपर्ने कुरा नै पो के थियो र? उनी जे कुरा गर्दैथिइन् त्यो त सिर्फ औपचारिकता मात्रै थियो। उनी के भन्दैथिइन् भने टिकट मात्रै नकिनिएको भए उनी त जाने नै थिइनन्। हेलेन, छोरीमैयाँ र पेत्रिश्चेभ (अनुसन्धान-निरीक्षक, छोरीको भावी दुलहा) तीनै जना जान चाहन्थे र उनीहरू-लाई एक्लै जान दिनु पनि ठीक हुँदैनथ्यो। नत्र उनको लागि त लोग्नेकै छेउमा बसिराख्नु नै कता हो कता रमाइलो हुनेथियो। उनको अनुपस्थितिमा डाक्टरले भने जस्तै मात्र इभान इल्यीचले गरे बेस हुनेथियो।

"अँ, फ्योदोर पेत्रोभिच (छोरीको भावी दुलहा) तपाईंसित भेटघाट गर्न चाहन्छन्। के उनलाई भित्र बोलाऊँ? लीजा पनि भेट्न चाहन्छे।"

"आउन् न त भित्र!"

छोरी भित्र पसी। उसको शरीरको अधिकांश हिस्सा नाङ्गै थियो। उसको जिउ सुकोमल र स्निग्ध थियो, जब कि इभान इल्यीचको जिउ चाहिं असह्य पीडाले गर्दा छटपटाइरहेको थियो। ऊ आफ्नो शरीरको प्रदर्शन गरिरहेकी थिई। ऊ स्वस्थ र हृष्टपुष्ट थिई, सके प्रेममा ऊ चुर्लुम्म डुबेकी थिई र बाबुको बिरामी, यन्त्रणा र आसन्न मृत्यु-बाट उसको सुखमा केही आँच परिरहेको हुँदा ऊ केही रूष्ठ पनि थिई।

फ्योदोर पेत्रोभिच पनि भित्र पस्यो। उसले चिटिक्क परेको फ्रक-कोट लगाइराखेको थियो, केश चाहिं á la Capoul छाँटले घुम्रिएको थियो, नसा फुलेको लामो गर्दनमा कलफ लगाइएको सेतो कलर टम्म मिलेको थियो, छातीमा पनि सेतो कमीज देखिन्थ्यो, पुष्ट पिंडौलामा चाहिं कालो सुरूवाल टिनिक्क कसिएको थियो, अनि एउटा हातमा सेतो पञ्जा लगाइराखेको थियो भने अर्को चाहिं हातले दोब्रिने टोप समातिराखेको थियो।

उसको पछि लागेर इभान इल्यीचको छोरो पनि बिस्तारै मुटुक्क भित्र पस्यो। ऊ जिम्नेजियममा पढ्दैथियो र उसले नयाँ पोशाक लगाइराखेको थियो र हातमा पञ्जा थियो। बिचरा! उसको आँखाको मुन्तिर त्यो कालो घेरा थियो जसको अर्थ इभान इल्यीचलाई राम्रै थाहा थियो।

इभान इल्यीचलाई आफ्नो छोरोप्रति सधैं दया जागेर आउँथ्यो। किन्तु अहिले चाहिं उसको भयातुर र सहानुभूतिपूर्ण नजर देख्दा उनलाई डर लाग्न थालेको थियो। इभान इल्यीच के अनुभव गर्दैथिए भने गेरासिमलाई छोडेर भास्या मात्रै एक जना यस्तो व्यक्ति छ जो उनलाई बुझ्दछ र जसको मनमा उनीप्रति सहानुभूति पनि छ।

सबै जना लहरै बसे। सबैले फेरि पनि इभान इल्यीचको स्वास्थ्यबारे प्रश्न गरे। अनि एक छिन सबै चूप लागे। लीजाले आमासंग नाटक हेर्ने दूरबीनको विषयमा सोधी। त्यो दूरबीन कसले कहाँ राखिदियो भन्ने प्रश्नलाई लिएर आमा र छोरीबीच सानो बखेडा खडा भैहाल्यो। ज्यादै अप्रिय घटना घटिहाल्यो।

फ्योदोर पेत्रोभिचले इभान इल्यीचसंग उनले सार्रा बेरनारको अभिनय देखेका छन् कि छैनन् भन्ने प्रश्न सोध्यो। इभान इल्यीचले शुरूमा त यस प्रश्नलाई बुझ्दा पनि बुझेनन्, तर पछि उनले भने –

"अहँ! के तपाईंले देख्नु भएको छ त?"

"हो! «Adrienne Lecouvreur»* हेर्दाखेरि देखेको थिएँ।"

प्रस्कोभ्या फ्योदोरोभ्नाको भनाइ के रह्यो भने अमुक नाटकमा सार्रा बेरनारको अभिनय विशेष मनमोहक थियो। तर छोरी चाहिंको राय बेग्लै थियो। अनि त अभिनेतृको अभिनयकलाको स्वाभाविकता र आकर्षणबारे बहस चल्न थालिहाल्यो। त्यस बहसमा दुवैले त्यही कुरा भने जस्तो सधैं नै यस किसिमको प्रसङ्गमा भनिनेगरिन्छ।

कुराकानी चल्दाचल्दै फ्योदोर पेत्रोभिचको दृष्टि इभान इल्यीचमा पर्‍यो र ऊ चूप लागिहाल्यो। अरूहरूले पनि उनीतर्फ पुलुक्क हेरे र मौन भैहाले। इभान इल्यीच आपनो अगाडि हेर्दैथिए, रीसले गर्दा उनका आँखा चम्किरहेका थिए। उनी आफ्नो क्रोध लुकाऊँ भनेर पनि लुकाउन सकिरहेका थिएनन्। केही त अवश्य नै गरिनुपर्थ्यो, तर गर्न के नै सकिन्थ्यो र? मौनता भङ्ग गरिनुपर्थ्यो, परन्तु कसैमा पनि यस्तो आँट थिएन। सबै नै त्राहिमाम् थिए,

---

* फ्रान्सकी प्रसिद्ध अभिनेतृ आद्रिएना लेकुभ्रेरको हृदयविदारक प्रारब्धबारे फ्रान्सेली नाटककारद्वय ओग्यूस्टेन स्क्रीब (सन् १७९१–१८६१) र गाब्रिएल लेगुभे (सन् १७६४–१८१२) को नाटक। – अनु०

कतै यम झूठको भेद त खुल्नेहोइन भनेर। शिष्टताको ख्याल राखेर त्यो झूठलाई कायम राखिएको थियो र सारा कुरा सबैको अगाडि छर्लङ्ग हुन सक्थ्यो। सबभन्दा पहिले नीजाले नै साहस बटुली र मौनता भङ्ग गरी। उसले पनि त्यनिखेर सबैले जुन कुरा अनुभव गरिरहेका थिए त्यसलाई दबाएर नै राख्न नखोजेकी होइन, तैंपनि उसले त्यस भावनालाई उदाङ्गो नै पारिदिई।

"यदि जाने नै हो भने उठिहालौं!"—उसले आफ्नो घडीतर्फ हेर्दै भनी। त्यो घडी उसले आफ्ना पिताजीबाट उपहारस्वरूप पाएकी थिई। त्यतिखेर उसको अनुहारमा एक महत्वपूर्ण मृदुमुस्कान पनि देखियो जुन अरू कसैले पनि चाल पाउन सकेन र जसको अर्थ उसलाई र उसको प्रेमाभिलाषीलाई मात्र थाहा थियो। अनि लुगाको सरसर आवाज निकाल्दै ऊ जुरुक्क उठि पनि हाली।

सबै आ-आफ्नो ठाउँबाट उठे र बिदाबारी भएर हिंडि-हाले।

उनीहरू सबै बाहिर निस्किसकेपछि इभान इल्यीचलाई जिउ केही चङ्गा भएको जस्तो लाग्यो। जे भए पनि त्यस झूठबाट चाहिं उनले छुटकारा पाइसकेका थिए। उनीहरूकै पछि लागेर त्यो झूठ पनि गइसकेको थियो। परन्तु पीडाबाट भने मुक्ति पाइएन। त्यही पुरानो पीडा! त्यही पुरानो त्रास! यसभन्दा बढी निर्मम कुरा अरू केही थिएन। त्यो कत्ति पनि साम्य हुँदैनथ्यो। बरू त्यो त अझ तीव्र हुँदै-थियो।

फेरि त्यसै गरेर मिनेटपछि मिनेट गर्दै घण्टापछि घण्टा बित्न लागे। सब कुरा पहिलेकै जस्तो थियो र त्यसको कुनै

अन्त्य नै देखिंदैनथ्यो। त्यसमाथि पनि अनिवार्य अन्त्यको भयले सताउन लाग्यो।

"हो, गेरासिमलाई भित्र पठाइदेऊ!" – प्योत्रको प्रश्नको उत्तर फर्काउँदै उनले भने।

९

निकै रात बितिसकेपछि इभान इल्यीचकी पत्नी फर्किन्। उनी चाल मार्दै कोठाभित्र पसिन्। परन्तु उनले पदचाप सुनिहाले। उनले आँखा खोले, तर तुरुन्तै बन्द गरिहाले। गेरासिमलाई बाहिर पठाएर प्रस्कोभ्या फ्योदोरोभ्ना स्वयं नै आफ्ना पतिको साथमा बस्न चाहन्थिन्। परन्तु उनले आँखा खोले र भने –

"हैन! तिमी नै जाऊ!"

"के ज्यादै दुख्न थाल्यो?"

"ज्यादा या कम, केही फरक पर्दैन!"

"अलिकति अफीम लिनोस् न!"

उनले स्वीकृति जनाए र ओखती खाए। प्रस्कोभ्या फ्योदोरोभ्ना बाहिर निस्किन्।

राति तीन बजेसम्म उनी अर्धचेतनावस्थामा सास्ती सहँदैरहे। उनलाई के लाग्न थालेको थियो भने एउटा साँगुरो कालो थैलोमा उनलाई कोचकाच पारेर हुल्ने प्रयास गरिंदैछ र त्यसमा निकै गहिराईसम्म उनलाई कोचेर घुसारिएको पनि छ, तर तल पींधसम्म भने कोच्न सकिएको छैन। यस्तो भयानक कामले उनलाई असाध्य पीडा पनि

भइरहेको छ। उनलाई डर लागिरहेको थियो, तैपनि उनी थैलोभित्र घुसिहाल्न चाहन्थे। यसरी उनी आफूलाई रोक्ने र भित्र घुसार्ने दुवै काम एकैपल्ट गरिरहेका थिए। एकाएक थैलो पट्ट फुट्यो, उनी तल खसे र एकाएक झसङ्ग ब्युँझिए। त्यही गेरासिम बिछ्यौनाको पुछारमा गोडातर्फ बसिरहेको थियो र चूपचाप उँघिरहेको थियो। इभान इल्यीच आफ्ना मिकुटे गोडाहरू उसलाई काँधमा बोकाएर पल्टिरहेका थिए। उनले गोडामा जुराफ लगाइराखेका थिए। ढकनी-मुन्तिर मैनबत्ती पनि पिलपिल गर्दै बलिरहेकै थियो। इभान इल्यीचको पीडा पनि ज्यूंकात्यूं नै थियो।

"सुत्न जा, गेरासिम!"—उनले खासखुस गर्दै बिस्तारै भने।

"चिन्ता नगरिबक्सियोस्, हजूर! म केही बेर अरू बस्छु!"

"पर्दैन, जा!"

उनले गोडा तल झारे, अनि टाउकोमुन्तिर आफ्नो हात घुमारेर कोल्टे परेर सुते। उनलाई आफूप्रति नै अपार दया जागेर आयो। गेरासिम बगलको कोठामा नजाउन्जेल उनी पर्खेर बसे। उनले आफूलाई रोक्नै सकेनन् र एक शिशु झैं बरर आँसु झारेर रून थाले। आफ्नो असहायता, आफ्नो भयावह एकलोपन, मान्छेहरूको निर्दयता र ईश्वरको क्रूरता देखेर मात्र होइन, ईश्वरको अस्तित्व नभएको सम्झेर पनि उनी रोएका थिए।

'किन तैंले यो सब गरिस्? किन तैंले मलाई यहाँ ल्याइस्? मबाट यस्तो के पाप हुन गयो र तैंले यसरी सास्ती दिइरहेको छस् मलाई?..'

उनले कुनै प्रत्युत्तरको आशा राखेका थिएनन्। यसको कुनै उत्तर छँदा पनि थिएन र हुनै पनि सक्तैनथ्यो। यसैउसले त उनी रोइरहेका पनि थिए। पीडा फेरि शुरू भयो, तर उनले न कत्ति हलचल गरे, न त कसैलाई डाँके नै! उनले मनमनै मात्र यत्तिकै भने: 'ठीक छ! गोद्, लौ! जोडले गोद्! तर किन गोद्दै छस्? कारण के हो? तेरो के बिगार गरें मैले?'

त्यसपछि उनी चूप लागे। उनले रून मात्र छोडिदिएको नभएर सास तान्न समेत रोकिदिए र बडो ध्यान दिएर सुन्न लागे। उनी यस्तो तन्मयका साथ सुनिरहेका थिए, मानौं उनी कुनै मान्छेको स्वर होइन, बरू अन्तःकरणको आवाज सुनिरहेका होउन्, आफ्नो मनभित्र खेलिरहेको विचारप्रवाहलाई सुनिरहेका होउन्!

'तँ के चाहन्छस्?'—यो नै यस्तो पहिलो विचार थियो जुन एकदमै स्पष्ट रूपमा उनको मनमा शब्दबद्ध हुन पुगेको थियो। 'तँ के चाहन्छस्? तँ के चाहन्छस्?'—उनले दोहोऱ्याएर आफूसंग नै सोधे। 'के रे?.. म दुःख भोग्न चाहन्न! म जिउन चाहन्छु!'—उनले आफै उत्तर पनि दिए।

फेरि बडो तन्मयका साथ उनले सुन्ने चेष्टा गरे। कहाँसम्म भने उनको शारीरिक पीडाले पनि उनको तल्लीनता भङ्ग गर्न सकेन।

'जिउनु? कसरी जिउन चाहन्छस्?'—उनको अन्तर्मनको आवाजले सोध्यो।

'त्यसरी नै जिउन चाहन्छु जसरी म पहिले जिउनेगर्थें—एक शिष्ट र सुखी जीवन!'

'के तेरो जीवन पहिले वास्तवमा नै शिष्ट र सुखी थियो त?'–त्यस आवाजले प्रश्न गऱ्यो। अनि मनमनै आफ्नो सुखी जीवनका उत्कृष्टतम घडीहरूको सम्झनामा उनी डुबे। परन्तु उनलाई कुन कुराले गर्दा अचम्म लाग्यो भने सुखी जीवनका ती सबै उत्कृष्टतम घडीहरू अब त्यस्तो लागिरहेका थिएनन् जस्तो पहिले लाग्नेगर्थे। हो, बाल्यावस्थाका सबभन्दा पहिला संस्मरण चाहिं अहिले पनि सुखद नै प्रतीत भइरहेका थिए। उनको बाल्यावस्थाका कतिपय क्षणहरू साँच्ची नै रमणीय थिए र ती क्षणहरू फेरि फर्काउन सकिंदा हुन् त जिउनुको पनि केही प्रयोजन हुनेथियो। परन्तु त्यो व्यक्ति नै अब यहाँ थिएन जसले त्यस सुखमय जीवनको रसास्वादन गरेको थियो। यो त अब कुनै अर्कै व्यक्तिको संस्मरण जस्तो पो उनलाई लागिरहेको थियो।

फेरि ती घटनाहरूको सम्झना भएर आयो जसका नायक थिए–आजका इभान इल्यीच। त्यतिखेर उनलाई ती सबै कुराहरू निरर्थक र घृणित लाग्न थाले जुन कुनै समयमा सुखकर प्रतीत हुनेगर्थे।

जति जति उनी आफ्नो बाल्यावस्थाबाट टाढिंदै वर्तमानको नजीक पुग्दैजान्थे, त्यति त्यति नै उनलाई आफ्नो सुख पनि निरर्थक र सन्देहजनक लाग्न थालेको थियो। ल-कलेजबाट नै यसको आरम्भ भयो। कतिपय कुराहरू त्यहाँ राम्रा पनि थिए–त्यहाँ ख्यालठट्टा हुन्थ्यो, मित्रता थियो, भविष्यप्रति आशा पनि थियो। परन्तु जति जति कक्षा चढ्दै गयो, त्यति त्यति नै यस्ता रमाइला क्षणहरू पनि विरल हुँदैगए। त्यसपछि त नौकरी शुरू भैहाल्यो।

आरम्भका दिनहरूमा जतिखेर उनी गभर्नरका सचिव थिए त्यस बेला पनि केही सुखद क्षणहरू देखा परेका थिए। ती अधिकांशतः प्रेमका क्षणहरू थिए। त्यसपछि चाहिं उनको जीवन अस्तव्यस्त हुँदैगयो र असल कुराहरू झन् कम हुँदैगए। हुँदा हुँदा असल कुराहरू झन् झन् घट्दैगए। जति जति उनी नौकरीमा तरक्की गर्दैजान्थे, त्यति त्यति नै असल कुराहरू घट्दैजान्थे।

अनि उनलाई विवाहको सम्झना भयो। अचानकसंग उनको बिहे हुन पुगेको थियो। छिटै नै उनी निराश भैहाले। आफ्नी पत्नीको सास गन्हाएको उनलाई झल्यास्स सम्झना भएर आयो। 'त्यो कामुकता र नखरा! त्यो नीरस जागीर र पैंसाको चिन्ता! एक वर्ष, दुई वर्ष, दस वर्ष, बीस वर्ष–जहिले पनि उस्ताको उस्तै! जति जति वर्षहरू बित्दैगए, त्यत्ति नै बढी मात्रामा जीवन नीरस हुँदैगयो। मैले त के ठानेको थिएँ भने म पहाडमाथि उक्लँदैछु, तर म त ओरालो पो झरिरहेको रहेछु! ठीक हो, यस्तै नै थियो। म माथि उठ्दैगइरहेछु भन्ने मान्छेहरूको मत थियो, परन्तु वास्तवमा चाहिं स्वयं जीवन नै मेरो पैतालामुनिबाट खस्किंदैगइरहेको थियो।... अनि आज त म मृत्युको घाटमा समेत पुगिसकेको छु!'

'यो सब के हुँदैछ? किन हुँदैछ? विश्वास नै हुँदैन। मेरो जीवन यतिसम्म निरर्थक र घृणास्पद त हुनै सक्तैन। यदि यो जीवन घृणित र निरर्थक नै छ भन्ने स्वीकार गर्ने नै हो भने म किन मर्दैछु त? त्यो पनि यति कठोर सास्ती भोगेर किन मेरो मृत्यु हुँदैछ? जरूर पनि कतै कुनै गल्ती भएको होला!'

'मके मैले आफ्नो जीवन त्यस किसिमबाट व्यतीत गरिनँ जमरी व्यतीत गर्नुपर्नेथियो?'–एकाएक उनको मगजमा यस्तो विचार फुर्‍यो। 'तर यो कसरी हुन सक्छ, जब कि मैले सबै कुरा त्यसरी नै गर्नेगरेको थिएँ, जसरी गर्नु आवश्यक थियो?'–उनले मनमनै सोचे। जीवन र मृत्युका सबै रहस्यहरूको यो एक मात्र समाधानलाई एकदमै असम्भव मान्दै उनले तुरून्तै यसलाई आफ्नो मनमानसबाट धोक्याइदिए।

'के चाहन्छस् नि अब तँ? जिउन? कसरी जिउन चाहन्छस्? मानिलेऊ, तिमी अदालतमा छौ र अदालतको परिचायकले फलाकेर भनिरहेको होस्: न्यायाधीशको सवारी!.. न्यायाधीशको सवारी भयो। न्यायाधीश आइपुगे।' उनले मनमनै दोहोर्‍याए–'ऊ, न्यायाधीश आइपुगिहाले! तर अपराधी त म होइन!' रीसले चूर हुँदै उनी चिच्याए–"मैले के अपराध गरें र?" उनले रुन पनि छोडिदिए र भित्तातर्फ मुख फर्काएर बारम्बार उही एउटा कुरा सोच्न लागे–'किन, के कारणले गर्दा मैले यो भयानक सास्ती खानुपरेको हो?'

परन्तु जति विचार गरे तापनि उनले कुनै उत्तर पाइन्हका थिएनन्। उनले त्यसरी जीवन व्यतीत गरेनन् जसरी उनले व्यतीत गर्नुपर्नेथियो भन्ने विचार जतिखेर उनको मनमा उठ्नेगर्थ्यो (र यस्तो प्रायः उठ्ने पनि गर्थ्यो) उस बखत तुरून्त नै उनी यस असंगत विचारलाई आफ्नो मस्तिष्कबाट निकालिदिनेगर्थे र आफूले एकदमै उचित तरीकाले आफ्नो जीवन व्यतीत गरेको पनि सम्झना गर्न थाल्थे।

दुई हप्ता अरू बितेर गए। इभान इल्यीच अब सोफामा नै गुडुल्किरहेका हुन्थे। उनी बिछ्यौनामा पल्टिरहन चाहँदैनथे, त्यसैले सोफामा लेटिरहन्थे। उनी प्राय: जतिखेर पनि भित्तातिर नै मुख फर्काएर पल्टेको पल्टचै एकलै छटपटाइरहन्थे। उनको यन्त्रणाको वर्णन गर्न सकिंदैनथ्यो। एकलै पल्टिएर उनी यस्ता जटिल प्रश्नहरूको उत्तर पनि खोतल्नेगर्थे: 'यो के हो? के यो साँच्चिकै मृत्यु नै हो त?' अनि आन्तरिक आवाजले उत्तर दिन्थ्यो: 'हो, यो साँच्ची नै मृत्यु हो।' 'किन यस्तो सासना नि?' जवाफ हुन्थ्यो: 'त्यसै! बिना कुनै कारण!' बस्, यत्तिकैमा कुरा टुङ्गिइहाल्थ्यो। यसभन्दा बढ्ता कुनै उत्तर पाइँदैनथ्यो।

जहिलेदेखि उनी बिरामी परेका थिए र पहिलोपटक डाक्टरकहाँ पुगेका थिए, इभान इल्यीचको जीवन दुई परस्परविरोधी मन:स्थितिमा विभाजित भएको थियो र त्यो पालैसान्ति आउनेगर्थ्यो। एउटा चाहिं घोर निराशाको मन:स्थिति थियो र भयानक एवं अबोधगम्य मृत्यु सन्निकट छ भन्ने पूर्वाभास त्यसबाट हुन्थ्यो। दोस्रो चाहिं आशाको मन:स्थिति थियो र त्यसको प्रेरणाले गर्दा उनी आफ्ना शारीरिक क्रियाहरूको बडो ध्यानपूर्वक निरीक्षण गर्दैरहन्थे। कुनै बेला उनको दृष्टिसामु एउटा मिर्गौला अथवा बोसे-आन्द्रो मात्र हुन्थ्यो र त्यसले केही समयको लागि आफ्नो काम ठीक-ठीकसंग गरिरहेको छैन भन्ने उनी सोच्न पुग्थे भने कुनै बेला चाहिं मृत्युबाहेक अरू केही पनि देख्दैनथे र त्यो मृत्यु भयावह र अबोधगम्य हुनुको

नाथै त्यसबाट छुटकारा पाउने पनि कुनै उपाय थिएन।
रोग लागेको दिनदेखि नै यी दुवै मन:स्थितिहरू आलो-पालो गरेर आउने-जाने गर्दैथिए। परन्तु रोगले जति जति च्याप्दैलग्यो मिगौँला र बोसेआन्द्रोको बारेमा अनुमान पनि त्यत्ति नै बढी मात्रामा काल्पनिक र असम्भव हुँदै-ग्यो र आसन्न मृत्युको चेतना अधिकाधिक स्पष्ट हुन थाल्यो।

उनको अवस्था तीन महीना अघिसम्म कस्तो थियो र अहिले कस्तो छ, कसरी त्यो क्रमश: तल्तिर खस्किंदो छ भन्ने सम्झना मात्रै गर्नेबित्तिकै आशाको सम्भावना मात्र पनि टुटेर जान्थ्यो।

आफ्नो जीवनको अन्तिम दिनहरूमा यस्तो एकलोपनमा उनी ह्र्घंडी भित्तातर्फ मुख फर्काएर पल्टिरहन्थे र सिर्फ आफ्नो अतीतको बारेमा सोच्नेगर्थे। यस्तो घना जनसंख्या भएको शहरमा, जहाँ यतिकसा इष्टमित्र र नाताकुटुम्बहरू थिए, उनी एकदमै एकला थिए। धरतीतलमा त के, समुद्रको पींधमा पुगिएको भए तापनि उनी यति एकलो हुने थिएनन्। उनको सामुन्ने विगतका चित्रहरू एक-एक गरेर प्रकट हुन्थे। त्यसको आरम्भ त जहिले पनि वर्तमानकै कुनै घटनाबाट हुन्थ्यो, तर त्यसले सुदूर अतीततर्फ डोऱ्याएर लैजान्थ्यो र उनको वाल्यावस्थामा पुऱ्याएर त्यहाँ निकै बेरसम्म रुमल्याएर राख्थ्यो। अहिले उनलाई उसिनेको आलुबखडा खान दिइयो भने उनलाई अवश्य पनि वाल्य-कालमा खाने गरिएको सुकाइएको आलुबोखडाको सम्झना आइहाल्थ्यो, त्यसको विशेष स्वाद र त्यसको बियाँ चुस्दा मुखमा भरिएर आउने रालको समेत सम्झना

हुन्थ्यो। त्यस स्वादको सम्झना हुनेबित्तिकै त्यस बेलाका विभिन्न संस्मरणहरूको ताँती नै लाग्थ्यो : बुबुधाई, भाइ, खेलौना इत्यादि। 'यस विषयमा सोच्नु ठीक हुँदैन।... यसबाट मन कुढिन्छ।'—इभान इल्यीच मनमनै भन्दथे र आफ्नो विचारप्रवाहलाई वर्तमानतर्फ नै तानेर ल्याउँथे। उनी सोफाका पीठमा जडिएको टाँक र त्यस सोफामा मडिएको मुलायम छालामा परेको चाउरीको बारेमा सोच्न थाल्थे। 'यो छाला खूबै महँगो छ, तर टिकाउ भने छैन। यो किन्ने बेला पत्नीसंग मेरो ठाकठुक समेत परेको थियो। हामीले बुबाको जुन ब्याग च्यातिदिएका थियौं त्यसको छाला चाहिं अर्कै खालको थियो। त्यतिखेर पनि कलह खडा भएको थियो, तर त्यो बखेडा अर्कै किसिमको थियो। हामीलाई दण्ड दिइएको थियो, तर आमाले हाम्रो लागि केक ल्याउनुभएको थियो।' फेरि इभान इल्यीचको विचार वाल्यावस्थामा नै पुग्थ्यो र फेरि उनको मन दुःखी हुन्थ्यो। अरू कुनै कुरामा ध्यान केन्द्रित गरेर उनी त्यस विचारलाई अर्केतिर मोड्ने प्रयास गर्थे।

किन्तु त्यतिखेर नै यी संस्मरणहरूको साथसाथै केही अन्य संस्मरणहरू पनि उनको मनमा उर्लेर आउँथे—कसरी उनको रोग बढ्दैगयो र त्यो चर्किंदैगयो भन्ने सम्झना हुन्थ्यो। उनी आफ्नो अतीतमा जति टाढासम्म पुग्थे त्यत्ति नै बढ्ता जीवनको ओज पनि अनुभव गर्न थाल्थे। जीवनमा त्यतिखेर असल कुराहरू पनि प्रशस्त थिए र स्वयं जीवन पनि प्रशस्त बाँकी थियो। 'जसरी मेरो यन्त्रणा बढ्दै जाँदो छ त्यसरी नै मेरो सम्पूर्ण जीवन पनि झन् झन् बेकम्मा हुँदैगैरहेको छ।'—उनी सोच्नेगर्थे। एउटै मात्र

जुन उज्ज्वल बिन्दु थियो त्यो त्यहाँ अतीतमा जीवनको आरम्भमा नै थियो। त्यसपछि त जीवनमा कालिमा छाउँदैगयो र त्यो कालिमा झन् झन् गहिरो हुँदैगयो। 'मृत्यु अति नजीक आउँदैछ त्यसैको अनुपातमा त्यो उज्ज्वल बिन्दु टाटिंदैछ!'–इभान इल्यीच विचार गर्दैथिए। अनि उनको अन्तर्मनमा एउटा ढुङ्गाको चित्र कोरियो जुन निरन्तर बढ्दो वेगले तल खस्दैथियो। जीवन पनि त निरन्तर बढ्दैजाने दुःखहरूको एउटा शृङ्खला न हो जुन तीव्रतर गतिले आफ्नो गन्तव्यतर्फ हुरिंदैगइरहेको हुन्छ। अनि त्यो गन्तव्य हो–घनघोर यन्त्रणा। 'म हुरिंदै छु!..'–उनी असङ्ग भए। उनले त्यसको प्रतिरोध गर्ने प्रयास गर्दै हात-गोडा हल्लाए। परन्तु प्रतिरोध गर्नु नै व्यर्थ छ भन्ने अब उनलाई थाहा भैसकेको थियो। यस किसिमका विचारहरूबाट निकै थाकेर उनी फेरि सोफाकै पीठमा टुलुटुलु एकटक [illegible] हेर्न लागे। उनी आफ्नो सामु देखा परिरहेका ती कुराहरूलाई पन्छयाउन सक्तैनथे जुन विकराल रूप धारण गरेर उनको आँखाअगाडि नै ठिङ्ग उभिइरहेका थिए। उनी प्रतीक्षा गर्न थाले–कहिले उनी हुरिंएर खस्नेछन्, कहिले उनलाई आखिरी धक्का लाग्नेछ र कहिले उनी [illegible] हुनेछन्! 'प्रतिरोध गर्नु असम्भव छ!'–उनले [illegible] भने।–'तर यसको कारणसम्म त थाहा पाउन [illegible]पर्ने हो? परन्तु यो पनि असम्भव छ! जसरी जीवन [illegible] गर्नुपर्नेथियो त्यसरी मैले जीवन व्यतीत गरिनँ [illegible] भनिंदो हो त यो कुरा बुझ्न पनि सकिनेथियो। किन्तु [illegible] कुरा पनि मान्नु असम्भव नै छ।'–उनले मनमनै [illegible] उनलाई आफ्नो जीवनको कर्तव्यपरायणता, शिष्टता

एवं औचित्यको सम्झना भएर आयो। 'म यस्तो कुरा मान्नै सक्तिनँ।'—ओंठमा मुस्कान भर्दै उनले मनमनै भने, मानौं उनको मुस्कुराहट देखेर कोही धोकामा परिहालोस्।—'यसको कुनै व्याख्या छैन! यन्त्रणा, मृत्यु ... किन?'

११

एवं रीतले दुई हप्ता अरू बिते। त्यसै बीच यस्तो घटना घट्यो जुन इभान इल्यीच र उनकी पत्नीले प्रतीक्षा गरिरहेका थिए: पेत्रीश्चेभले बिहेको प्रस्ताव राख्यो। एकदिन साँझपख यो घटना घट्यो। भोलिपल्टै बिहान प्रस्कोभ्या फ्योदोरोभ्ना आफ्ना पतिको कोठामा पसिन्। फ्योदोर पेत्रोभिचको प्रस्ताव कुन प्रकारले पतिको सामुन्ने पेश गर्ने भनेर उनी मनमनै गुन्दैथिइन्। त्यसै रात इभान इल्यीचको हालत अझ बढी चिन्ताजनक हुन गएको थियो। प्रस्कोभ्या फ्योदोरोभ्ना कोठामा पुग्दा उनी त्यसै सोफामा नै पल्टिरहेका थिए, तर पल्टाइको ढङ्ग चाहिं अर्कै थियो। उनी उत्तानो परेर पल्टैको पल्ट्यै दाँत किटेर कन्न लागिरहेका थिए र एकटक लगाएर ट्वाल्ल पर्दै आफ्नो अगिल्तिर ताकिरहेका थिए।

प्रस्कोभ्या फ्योदोरोभ्नाले ओखतीको कुरा झिकिन्। उनले आफ्नो नजर पत्नीतर्फ फिराएर हेरे। उनको नजरमा आफूप्रति उनले यति गहिरो घृणा र क्रोध अनुभव गरिन् कि आफ्नो वाक्य पूरा गर्न नपाउँदै उनी चूप लागिहालिन्।

"भगवान्को नाममा मलाई शान्तिपूर्वक मर्न देऊ!"—उनले भने।

प्रस्कोभ्या फ्योदोरोभ्ना बाहिर निस्कनै आँटिसकेकी थिइन्, तर ठीक त्यसै बेला छोरी भित्र पसी र अभिवादनको निम्ति बाबुको अगिल्तिर पुगी। उनले छोरीतर्फ पनि त्यस्तै दृष्टिले हेरे जसरी पत्नीलाई हेरेका थिए। अनि छोरीले उनको स्वास्थ्यको बारेमा प्रश्न गर्दा छिट्टै नै तिमीहरूलाई मबाट छुट्कारा मिल्नेछ भनेर बडो रूखो स्वरमा जवाफ दिए। दुवै जना चूप लागिहाले र केही बेर त्यहाँ बसेपछि उठेर बाहिरतिर हिंडिहाले।

"यसमा हाम्रो के दोष र?" – लीजाले आफ्नी आमासंग सोधी। – "दोष हाम्रो नै भए जस्तो पो कुरा गरिसिन्छ बुवा त! मलाई बुवाको हालत देखेर दया लाग्छ, तर उहाँ किन हाम्रो चित्त यसरी दुखाइसिन्छ?"

सधैं जस्तो डाक्टर ठीक समयमा आइपुग्यो। इभान इल्यीचले क्रुद्ध नजरले घुरेर हेर्दै "अँ" र "अहँ" मा जवाफ दिए।

"अब केही उपाय लाग्दैन भन्ने तपाईंलाई थाहै छ। त्यसैले मलाई छोडिदिनोस्!" – अन्त्यमा उनले भने।

"हामी तपाईंको सकस त कम गरिदिन सक्छौं!"

"अहँ, तपाईं त्यो पनि सक्नुहुन्न! मलाई छोडिदिनोस्!"

डाक्टर बैठककोठामा पुग्यो र प्रस्कोभ्या फ्योदोरोभ्नालाई इभान इल्यीचको अवस्था ज्यादै नाजूक छ भनेर खबर गर्‍यो। उनी अहिले असह्य पीडाको अनुभव गर्दैछन् र उनको पीडा केही कम गर्ने एक मात्र साधन अफीमको सुई दिनु मात्रै हो भनेर पनि उसले बतायो।

डाक्टरले जे भनेको थियो सो ठीकै थियो। इभान इल्यीच त्यतिखेर घोर शारीरिक यन्त्रणा भोगिरहेका थिए। परन्तु उनी जे जस्तो नैतिक यातना भोगिरहेका थिए सो यस शारीरिक यन्त्रणाभन्दा कता हो कता बढी कष्टकर थियो। वास्तवमा उनको दुःखको मुख्य कारण पनि यही नै थियो।

त्यस रात गेरासिमको अनिंदो, दयालु र चौडा अनुहार-मा नजर पर्दा इभान इल्यीचको मस्तिष्कमा अचानक यस्तो विचार फुरेको थियो: 'के थाहा र? मेरो सम्पूर्ण जीवन, मेरो चेतनशील जीवन सके त्यस किसिमले व्यतीत नभएको होस् जसरी हुनुपर्थ्यो?' यस विचारद्वारा नै उनको नैतिक यातना शुरू भएको थियो।

उनको मथिङ्गलमा कुन विचारले घोच्न थाल्यो भने उनको जीवन जसरी बित्नुपर्नेथियो त्यसरी बितेको छैन भन्ने जुन कुरा पहिले एकदमै असम्भव प्रतीत हुन्थ्यो सो सही हुन सक्थ्यो। उनको मनमा यो विचार बारम्बार आउन लाग्यो: 'माथिल्लो तहका मान्छेहरूको रुचि र धारणा-हरूको विपरीत जुन भावनाहरू मेरो मनमा उब्जन्थे र जसलाई म तत्कालै दबाइदिन्थे सके ती अलि अलि मात्रै प्रकट हुन खोज्ने भावनाहरू नै सत्य हुँदा हुन् र बाँकी अरू सब सत्यबाट कोसौं टाढा रहेका हुँदा हुन्! मेरो नौकरी, मेरो रहन-सहन, मेरो जहान-परिवार, मेरा सामाजिक तथा व्यावसायिक अभिरूचिहरू–यी सबैको त्यस सत्यसंग कत्ति पनि सम्बन्ध नहुन सक्छ।' उनले यी सबै कुराहरूको पक्ष-समर्थन गर्ने प्रयत्न गरे, परन्तु एकाएक उनलाई ती सबै कुराहरूको निरर्थकताको बोध भयो जसको

उनी पक्ष-समर्थन गरिरहेका थिए। पक्ष-समर्थन गर्नुपर्ने कुरै पो के थियो र?

उनले मनमनै विचार गरे: 'यदि कुरा यस्तै हो र जे कुरा मैले पाएको थिएँ त्यो सब मैले गुमाइसकें अनि अब गर्न पनि त केही सकिंदैन भन्ने ज्ञान समेत प्राप्त गरेर जीवनबाट बिदा लिंदैछु भने अगाडि के होला?' उनी उत्तानो परेर पल्टिए र एकदमै अर्कै दृष्टिकोणबाट आफ्नो जीवनको विश्लेषण गर्न लागे। बिहान उनले सर्वप्रथम नोकरलाई देखे, त्यसपछि आफ्नी पत्नी, अनि आफ्नी छोरी र अन्त्यमा डाक्टरलाई देखे। त्यस बेला उनीहरू-को प्रत्येक शब्द र प्रत्येक हावभावबाट त्यसै सत्यको समर्थन भइरहेको थियो जुन बितेको राति उनको सामुन्ने प्रकट भएको थियो। तिनमा उनले आफूलाई देखे र उनको सामु ती सबै तत्वहरू प्रकट भए जसबाट नै उनको जीवन बनेको थियो। यो सब वास्तविक सत्यबाट ज्यादै टाढाको कुरा उनको माथि ज्यादै ठूलो र भयङ्कर धोका थियो र यसले उनबाट जीवन र मृत्युको सत्य समेत लुकाइराखेको छ भन्ने पनि उनलाई छर्लङ्ग भइरहेको थियो। यस सत्यबोधले उनको शारीरिक यन्त्रणा अझ बढ्न गयो, दसौं गुना बढ्यो। उनी कन्दैथिए, छट्पटाउँदैथिए र आफूले लगाइ-रहेको लुगा च्यात्दैथिए। आङको लुगाले उनलाई कसिराखेको छ र उनको घाँटी अठ्याइराखेको छ भन्ने उनलाई भान भइरहेको थियो। यसैउसले लुगाप्रति नै उनलाई घृणा भएको थियो।

उनलाई अफीमको ठूलो मात्रा दिइयो। उनी अचेत भइहाले परन्तु दिउँसोको खाना खाने बेलामा फेरि यही

क्रिया शुरू भयो। उनले सबका सबलाई कोठाबाट बाहिर धपाइदिए र बिछ्यौनामा छट्पटिन लागे।

उनकी पत्नीले भित्र आएर भनिन्:

"प्यारा Jean! एउटा काम गर्दिनुस् मेरो लागि!" (मेरो लागि?) यसबाट तपाईंलाई कुनै हानि हुनेछैन! अक्सर यसबाट लाभ नै हुनेगर्छ। तपाईंले कुनै कष्ट गर्नुपर्दैन। धेरैपल्ट स्वस्थ मान्छेहरू पनि त..."

आँखा फारेर उनले पत्नीतर्फ हेरे।

"के? धार्मिक अनुष्ठान गराऊँ? किन? चाहिएको छैन! खैर..."

प्रस्कोभ्या फ्योदोरोभ्ना रून लागिन्।

"नगराउने र, प्रिय? म हाम्रा पादरीलाई बोलाउन पठाउँछु। उनी ज्यादै असल छन्।"

"हुन्छ! ठीक छ!" – उनले भने।

पादरी आइपुग्यो र धार्मिक अनुष्ठान सम्पन्न गर्न थालियो। उसको सामुन्ने आफ्ना पापकर्महरू स्वीकार गर्न लाग्दा इभान इल्यीचको मन द्रवित भयो र उनका शङ्काहरू पनि समाधान हुँदैगए जस्तो उनलाई लाग्न थाल्यो। यसले गर्दा उनको पीडा पनि केही शान्त भयो र एक छिनको लागि उनमा आशा पनि फेरि संचार भयो। उनी फेरि आफ्नो बोसेआन्द्रोको विषयमा सोच्न लागे। सके त्यसको उपचार पनि भैहालोस्! धार्मिक अनुष्ठान सम्पन्न गरिंदा उनका आँखामा आँसु भरिएको थियो।

धार्मिक अनुष्ठान सकिए पछि उनलाई बिछ्यौनामा सुताइदिए। केही क्षणको लागि उनले आफूलाई पहिलेभन्दा चङ्गा अनुभव गरे। फेरि जीवनको आशा उनको मनमा

भरिएर आयो। उनलाई त्यस अपरेशनको बारेमा सम्झना भएर आयो जुन एकपल्ट उनलाई डाक्टरले सल्लाह दिएको थियो। 'म मर्न चाहन्न! म बाँचिरहन चाहन्छु!'– उनले मनमनै भने। उनकी पत्नी बधाई ज्ञापन गर्न भित्र आइन्। उनले त्यही कुरा भनिन् जुन यस्तो अवसरमा सामान्यतः भन्नेगरिन्छ: "तपाईंलाई पहिलेभन्दा बिसेक छ, हैन त?"

"हो!"–उनले पत्नीतर्फ हेर्दा पनि नहेरेर उत्तर दिए।

उनको वेषभुषा, उनको जिउ, उनको अनुहारको भाव, उनको स्वर–सबैबाट एउटै कुरा झल्किरहेको थियो: 'यो सब सत्य होइन। जुन कुरा अहिलेसम्म मेरो जीवनको अभिन्न अङ्ग रहिआएको थियो वा छ त्यो सब झूठो हो, धोका हो र त्यसले मबाट जीवन र मरणको सत्यलाई लुकाएर राखेको छ।' यो विचार मनमा उब्जनेबित्तिकै उनको मन घृणाले भरिएर आयो र घृणाको साथसाथै शारीरिक पीडाले पनि जोर पक्रँदैलग्यो र पीडा बढ्दैगए-अनुसार उनलाई आफ्नो अनिवार्य र आसन्न मृत्युको पनि बोध भयो। उनको शरीरले नयाँ नयाँ कुराहरूको अनुभव गर्न थाल्यो। उनको भित्र कुन्नि के हो बेह्रिन र चुँडिन लाग्यो र उनको सास अवरूद्ध हुन थाल्यो।

अनिखेर उनले मुखबाट "हो" भन्ने शब्द उच्चारण गर्ने त्यस बेला उनको अनुहारको भाव बिघ्नै डरलाग्दो थियो। पत्नीको आँखामा आँखा गाड्दै हेरेर उनले "हो" भनेका थिए र त्यसपछि उनी फनक्क फर्केर घोप्टो परेर पल्टिएका थिए। जस्तो झट्का दिएर उनी बुर्लुक्क पल्टिएका थिए त्यसलाई देख्दा यस्तो कमजोर मान्छेमा यति तागत

कहाँबाट आउँदोहोला भनेर जो पनि छक्क पर्न सक्थ्यो। घोप्टो पर्दै उनले कराउँदै भने :

"जाऊ! गइहाल! मलाई एक्लै रहन देऊ!"

१२

त्यसपछि तीन दिनसम्म अटूट रूपले इभान इल्यीच 'ऐटया! ऐटया!' भन्दै कराइरहे। उनको क्रन्दन कतिसम्म भयङ्कर थियो भने त्यो दुई कोठा परबाट समेत सुनिन्थ्यो र त्यसले आङ नै सिरिङ्ग गरिदिन्थ्यो। जतिखेर उनले आफ्नी पत्नीको प्रश्नको जवाफ दिएका थिए त्यसै बेला नै उनलाई के पनि बोध भैसकेको थियो भने सब खेल खतम भैसकेको छ, कुनै आशा बाँकी रहन गएको छैन, अन्तिम घडी आइसकेको छ र उनका सबै शङ्काहरू सिर्फ शङ्का नै बनिरहनेछन् र तिनको समाधान कहिल्यै पनि हुन पाउनेछैन।

"ऊँ! ऊँ! ऊँ!"—उनी बेग्लाबेग्लै स्वरमा कराऊँदै-थिए। शुरूमा उनी जोडले कराएका थिए: "म... चा... ह... न्नँ!" त्यसपछि त "ऊँ! ऊँ!" को क्रन्दन मात्र सुन्न सकिन्थ्यो।

तीन दिनको त्यस अवधिभर उनले यस्तो अनुभव गरे, मानौं समयको गति नै रोकिएको छ र उनी त्यस कालो धोक्रोविरूद्ध संघर्ष गरिरहेका छन् जसमा कुनै अदृश्य र अदम्य शक्तिले उनलाई कोचेर हाल्न खोजिरहेको छ। उनी त्यो मान्छे झैं छटपटाइरहेका थिए जसले प्राणदण्डको

मजाय पाएको छ र जो आफ्नो बचाउको कुनै उपाय छैन भन्ने पनि थाहा पाएर हत्याराको हातमा तडपिरहेको हुन्छ। यस्तो अथक संघर्ष गर्दागर्दै पनि प्रतिक्षण उनी त्यस भयावह वस्तुको झन् झन् नजीक पुग्दैगइरहेको समेत उनलाई बोध थियो। उनलाई के अनुभव भइरहेको थियो भने त्यस कालो धोक्रोमा जबरजस्ती कोचेर हालिनु नै उनको यस यन्त्रणाको कारण हो भने त्यसभित्र पस्ने शक्ति आफूमा नहुनु चाहिं झन बढ्ता सकसको कारण हो। आफूले उचित रूपमा आफ्नो जीवन व्यतीत गरेको छु भन्ने विश्वासले उनलाई त्यसभित्र पस्न रोक्नेगर्थ्यो। आफ्नो जीवनको यस किसिम-बाट सफाई दिने प्रयास नै उनको प्रगतिमा बाधक बनि-रहेको थियो। यसैउसले गर्दा उनको यन्त्रणा झन् बढ्न लागेको थियो।

अकस्मात् कुनै शक्तिले उनको छाती र कोखामा एक धक्का दियो। यसले गर्दा उनको सास नै अवरूद्ध भयो र उनी मोझै त्यस धोक्रोको प्वालभित्र घुस्न पुगे। प्वालको अन्त्यमा उनले टिलपिल गरिरहेको कुनै हलुका ज्योति देखे। त्यस बेला उनलाई त्यस्तै अनुभव भइरहेको थियो जस्तो रेलगाडीमा बस्दाखेरि अनुभव हुनेगर्थ्यो। रेल गाडी अगाडितिर बढ्दैगइरहेको छ भन्ने भान पर्थ्यो, तर वास्तव-मा चाहिं त्यो पछिल्तिर गइरहेको हुन्थ्यो र एकाएक वास्तविक दिशाको बोध हुनेगर्थ्यो।

उनले मनमनै विचार गरे: 'हो, मैले आफ्नो जिन्द-गानी त्यसरी बिताइनँ जसरी बिताउनुपर्थ्यो। तर केही कुरा अझै पनि केही बितिसकेको छैन। म त्यस्तै गर्न

सक्छु। परन्तु यो "त्यस्तै" आखिर हो के?' उनले आफैंसंग प्रश्न सोधे र अचानक चूप लागिहाले।

यो सब तेस्रो दिनका अन्तिम घडीहरूमा, उनको मृत्यु-भन्दा एक घण्टा जति पहिले भएको थियो। ठीक त्यसै बेला उनको छोरो बिस्तारै उनको कोठामा पस्यो र आफ्नो बाबुको पलङ्को छेवैमा ठिङ्ग उभिन पुग्यो। मरणासन्न इभान इल्यीच अझै पनि चिच्याइरहेका थिए र जोडले हात हल्लाइरहेका थिए। एउटा हात छोरोको टाउकोमा पनि बज्रिन पुग्यो। छोरोले त्यसलाई समातिहाल्यो र आफ्ना ओंठमा पुऱ्याएर ऊ रून थाल्यो।

ठीक त्यसै बखत नै इभान इल्यीच त्यस धोक्रोको प्वालभित्र ह्वात्त खसेका थिए र उनले त्यो हलुका उज्यालो देखेका थिए। उनको जीवन त्यस किसिमबाट बितेको थिएन जसरी बित्नुपर्नेथियो, तर अझै पनि उनी यसमा सुधार ल्याउन सक्छन् भन्ने ज्ञान पनि त्यतिखेर नै उनले पाएका थिए। 'सच्चा जीवन के हो?'–उनले आफैंसित सोधे र चूप लागेर उत्तर सुन्न लागे। त्यसै बखत कसैले आफ्नो हात चुमिरहेको उनले चाल पाए। उनले आँखा खोलेर आफ्नो छोरोतर्फ पुलुक्क हेरे। उनको मनमा उसप्रति दया जागेर आयो। प्रस्कोभ्या फ्योदोरोभ्ना पनि कोठामा पसिन्। उनले एक नजर आफ्नी पत्नीतर्फ पनि फ्याँके जो मुख बाएर पक्क पर्दै एकटक लगाएर पतिलाई हेरिरहेकी थिइन्। उनको नाक र गालामा आँसु बगिरहेको थियो जुन पुछिएको थिएन। उनको अनुहारमा निराशाको भाव झल्कन्थ्यो। इभान इल्यीचलाई आफ्नी पत्नीप्रति पनि अपार दया जाग्यो।

'हो, म यिनीहरूलाई सताउँदै छु।'—उनले सोचे—'मेरो कारणले गर्दा यिनीहरूले दुःख भोग्नुपरिरहेको छ। म मरेर गएपछि यिनीहरूको बोझ हलुँगो हुनेछ।' यो कुरा उनी भन्न पनि चाहन्थे, तर बोल्ने त उनमा शक्ति नै बाँकी रहन गएको थिएन। 'हो, भनेर के पो फाइदा हुन्छ र! बरू गरेर देखाउनुपर्छ!'—उनले विचार गरे। उनले पत्नीतर्फ पुलुक्क हेरे र आँखाको सान गरेर छोरातर्फ देखाए।

"यसलाई लैजाऊ!.. बिचरा!.. अँ, तिमी पनि।..."—उनले भने। यसको साथै उनी भन्न चाहन्थे: 'मलाई माफ गरिदेऊ!' परन्तु उनको मुखबाट निस्कियो: "मलाई बिर्सिदेऊ!" यो गल्ती सुधार्ने त उनमा अब तागत नै थिएन। जसले बुझ्नुपर्ने हो उसले बुझिहाल्नेछ भन्ठानेर उनले सिर्फ हात मात्रै हल्लाइदिए।

अनि एकाएक उनलाई सब कुरा छर्लङ्ग भैहाल्यो। जसले गर्दा उनलाई असह्य सासना पुगिरहेको थियो र जसबाट उनले छुटकारा पाइरहेका थिएनन् त्यो अब स्वयं नै हटिरहेको थियो—दुबैतर्फबाट हटिरहेको थियो, दशैतर्फबाट हटेर गैरहेको थियो, सबैतर्फबाट हटेर गैरहेको थियो। त्यसपछि उनको हृदयमा करूणा उत्पन्न भयो। उनीहरूको दुःख मेट्न केही त जरूरै पनि गर्नुपर्छ र यस यन्त्रणाबाट उनीहरूलाई र आफूलाई पनि मुक्त तुल्याउनैपर्छ भन्ने उनी सोच्न लागे। 'यो कति राम्रो कुरा हो र कति सरल पनि छ!'—उनले विचार गरे।—'अनि यो पीडा नि?'—उनले स्वयं आफैसंग सोधे।—'कता गयो त्यो? ए, पीडा मै, कहाँ छस् तँ?'

— ४१

उनी ध्यानपूर्वक सुन्दै पीडाको खोजखबर लिनपट्टि लागे।

'ऊ, यहाँ रहेछ त्यो! के भो त? रहिरहोस् त्यो यहीं नै!'

'अनि मृत्यु नि? खै, मृत्यु कहाँ छ?'

उनी मृत्युको भय पनि खोज्न लागे जसको उनलाई बानी नै परिसकेको थियो। परन्तु उनले त्यसलाई पाउन सकेनन्। मृत्यु कहाँ गयो? मृत्यु भनेको के हो? मृत्युकै अस्तित्व थिएन भने मृत्युको कुनै भय पनि त नहुने नै भयो।

मृत्युको ठाउँमा ज्योति थियो।

"ए, यस्तो पो!" – एक्कासि उनले ठूलो स्वर निकालेर भने। – "कस्तो सुखद छ यो!"

यो सब कुरा एकै छिनभित्र हुन पुगेको थियो। परन्तु त्यस क्षणको महत्व क्षणभङ्गुर थिएन। वरिपरि उपस्थित रहेका मान्छेहरूको लागि उनको मृत्यु-यातना अरू दुई घण्टासम्म जारी रहेको थियो। सास बढेर उनी हिक्क हिक्क गर्न लागिसकेका थिए। उनको दुर्वल शरीर बारम्बार सिरिङ्ग सिरिङ्ग गर्दै चलमलाउँथ्यो। परन्तु बिस्तार-बिस्तार उनको स्वाँस्वाँ र हिक्क-हिक्क रोकिंदैगयो।

"इतिश्री!" – कसैले भन्यो।

उनले यो शब्द सुने र आफ्नो अन्तरात्मामा उनले त्यसलाई दोहोऱ्याए। 'मृत्युको इतिश्री भैहाल्यो!' – उनले मनमनै भने। – 'अब मृत्यु बाँकी रहेन!'

उनले एउटा लामो सास ताने जुन बीचैमा चट्ट रोकियो। अनि उनले आफ्नो आङ तन्काएर प्राण पनि त्याग गरे।

सन् १८८६

क्रूजर सनेट

"...म तिमीलाई भन्छु : जब कुनै पुरूषले कुनै महिलातर्फ लालचपूर्ण आँखा तरेर हेर्छ त उसले मनमनै पहिलेबाटै उसप्रति व्यभिचार गरिसकेको हुन्छ।"

—मैथ्यू, ५-२८।

"उसका अनुयायीहरूले उसलाई भन्न थाले : पत्नीप्रति पतिको सम्बन्ध यस प्रकारको छ भने यस्तो विवाह अनुचित हुन्छ।

तर उसले भन्यो : यो कुरा हरेक पुरूषमाथि लागू हुँदैन। फगत् तिनैमाथि मात्र यो लागू हुन्छ जसको स्थिति यस्तो हुन्छ।

यस्ता व्यक्तिहरू पनि हुन्छन् जो जन्मजात नै नपुंसक हुन्छन्, साथै यस्ता पनि हुन्छन् जसलाई नपुंसक बनाइन्छ, फेरि यस्ता पनि हुन्छन् जो स्वर्गको राज्यको खातिर आफूलाई नपुंसक पार्छन्। प्रत्येक पुरूषलाई त्यस्तै परामर्श दिइयोस् जसको ऊ अधिकारी हुन्छ।"

—मैथ्यू, १९-१०, ११, १२।

१

वसन्त भर्खरै शुरू भएको थियो। हामी सफरमा हिंडेको झण्डै दुई दिन पूरा हुनै आँटेको थियो। नजिकको यात्रा गर्नेहरू रेलगाडीमा चढ्ने र उत्रने गरिरहन्थे। परन्तु तीन जना अन्य यात्रुहरूको साथमा म चाहिं पहिलो स्टेशनमा नै गाडीमा चढेको थिएँ र हामी अहिलेसम्म पनि यात्रा गर्दैथियौं। हाम्रो माझमा एउटी अधबैंसे आइमाई पनि थिई जो ज्यादै कुरूप र थाकेर लस्त देखिन्थी र एकपछि अर्को गरेर अविरल चुरोटको सर्को तान्दैथिई। उसले मर्दाना कोट र टोपी लगाइराखेकी थिई। उसको बगलमा उसले चिनेजानेको एक अर्को मान्छे बसिराखेको थियो जसको उमेर करीब चालीस वर्षको हुँदो हो। ऊ बडो गर्फी थियो र उसले जिउमा खूब मिल्ने नयाँ सुकिलो लुगा लगाएको थियो। तेस्रो चाहिं एक मझौला कदको भलादमी थियो र जब ऊ हिंडडुल गर्थ्यो त ज्यादै भद्दा लाग्दथ्यो। त्यो उति बूढो त भैसकेको थिएन, तर उसको घुम्रिएको कपाल समय नहुँदै तीलचामले देखिन्थ्यो। उसका आँखामा पनि असाधारण चमक झल्कन्थ्यो। ती ज्यादै चञ्चल पनि थिए र जहिले पनि कुनै न कुनै चीजमा पल्याकपुलुक नजर परिरहन्थ्यो। भेडाको छालाको कलर भएको एउटा पुरानो ओभरकोट उसले आफ्नो जिउमा लगाइराखेको थियो। टाउकोमा पनि भेडाकै छालाको भुवादार टोपी थियो। उसको ओभरकोट कुनै नामूद सुजिकारले सिएको जस्तो प्रतीत हुन्थ्यो। जतिखेर ऊ ओभरकोटको टाँक फुकाल्दथ्यो त्यति बेला चाहिं भित्र लगाइराखेको रूसी

फेशनको ज्याकेट र कमीज पनि देखिन्थ्यो। कमीजको कलरमा बेलबुट्टा भरिएको थियो। त्यस मान्छेमा एउटा विचित्र कुरा के थियो भने त्यो बेला बेलामा यस्तो अनौठो आवाज निकाल्नेगर्थ्यो, मानौं घाँटी सफा गरिरहेको होस् अथवा आफ्नो हाँसो रोक्ने प्रयास गरिरहेको होस्।

त्यो मान्छेले यात्राकालभरि नै मुख खोल्दै नखोल्ने र कसैसंग पनि हिमचिम नगर्ने कोशिश गरेको थियो। कसैले उससंग कुरा गर्न खोज्यो भने ऊ बडो रूखो पाराले छोटो जवाफ दिन्थ्यो। जहिले पनि त्यो कि त पढि मात्र रहन्थ्यो, कि त झ्यालबाट बाहिरतिर हेरिरहन्थ्यो या चुरोटको सर्को तानिरहन्थ्यो। कहिलेकाहिं ऊ आफ्नो पुरानो सफरी थैलोमा केहीकुरा खोज्थ्यो र झिक्तै खाँदै चिया पिउन थाल्थ्यो।

यसरी एकलै बस्दाबस्दा नराम्रोसंग नै उसलाई पट्यार लागिसकेको होला भन्ने म बारम्बार सोच्न पुग्थें। उससंग केही कुरा गर्नुपर्‍यो भन्ने पनि कति हो कतिपल्ट मेरो मनमा विचार उब्जेको थियो, परन्तु जब हाम्रा आँखा जुध्न पुग्थे (यस्तो अक्सर भइ पनि रहन्थ्यो, किनभने हामी एक डब्बाको सम्मुख बसेका थियौं) त्यतिखेर ऊ अर्कैतिर मुख फर्काउँथ्यो वा किताब हातमा लिन्थ्यो वा फेरि झ्यालबाट बाहिर चियाउन थालिहाल्थ्यो।

अर्को दिन साँझपख एउटा स्टेशनमा हाम्रो रेलगाडी [illegible] वेगसम्म रोकियो। जहिले पनि हतासिएको जस्तो [illegible] बसिरहने त्यो मान्छे झटपट बाहिर निस्क्यो र [illegible] उम्लिरहेको पानी ल्याएर उसले आफ्नो लागि चिया [illegible] गर्‍यो। थोरबहुत सामान हुने मान्छे (त्यो एक [illegible] हो भन्ने पछि मात्र मलाई थाहा हुन गयो)

स्टेशनको रेष्टुराँमा चिया खान गयो। उसैको पछिपछि लागेर त्यो मर्दाना कोट लगाइराख्ने अधबैंसे आइमाई पनि बाहिर निस्की जो त्यतिञ्जेलसम्म चुरोटमाथि चुरोट सल्काउँदै थिई।

ती दुवै जना बाहिर निस्केर जानेबित्तिकै कैयौं नयाँ यात्रीहरू हाम्रो डब्बामा आएर बसे। तिनीहरूमध्ये एक जना चाउरी नै चाउरी परेको वृद्ध थियो जसले दाह्रीजुँगा केही पालेको थिएन। उसले तकुवा भित्री हालिएको कोट र टाउकोमा चाहिं अग्लो उठेको कानेटोपी लगाइराखेको थियो। ऊ कुनै व्यापारी होला भन्ने ठम्याउन गाह्रो थिएन। त्यो मान्छे वकिल र उसको साथकी आइमाईको ठीक अगिल्तिरको सीटमा गजधम्म परेर बसिहाल्यो र तत्कालै एक जना युवकसंग कुराकानी गर्न थाल्यो। युवकको चालढालबाट नै त्यो कुनै पसलको कारिन्दा होला भन्ने पत्ता लागिहाल्थ्यो र ती दुवै जना संगसंगै गाडीमा पनि चढेका थिए। जुन ठाउँमा म बसिरहेको थिएँ त्यो उनीहरूको अगिल्तिर नै पर्थ्यो तर ठीक सामुन्ने चाहिं होइन। त्यतिखेर गाडी रोकिएकै हुँदा उनीहरूको कुराकानीको केही अंश म पनि सुन्न सक्थें, खास गरी त्यस बेला जब आवत-जावत गर्ने कोही यात्रु हुँदैनथे। व्यापारीले आउने अर्को स्टेशनमा नै उत्रने कुरा गऱ्यो। त्यस गाउँमा उसको बङ्गला पनि रहेछ। कुरै न ठहऱ्यो! कुराको मेसो शुरू भैहाले पछि कुरामा कुरा थपिन लागिहाल्यो। बजारको मोलभाउ, मास्कोका पसल-ससल र निज्नी-नोभ्गोरोदको मेला इत्यादिको चर्चा चल्यो। पसलको कारिन्दाले कुनै धनी व्यापारीको कुरा झिक्यो जसलाई ती दुवै जना राम्ररी

नै चिन्दथे। उसले बताएअनुसार त्यो धनी व्यापारी एउटा [illegible]नामा गएको थियो जहाँ उसले सारा समय नै सुरा र [illegible]न्दरीको फेरमा परेर बिताएको थियो। परन्तु बूढोले [illegible]चमा नै उसको कुरा काटिदियो र स्त्रीलम्पटताको कुनै [illegible] कथा सुनाउन लाग्यो। त्यो घटना कुनाभिनोमा [illegible]टेको थियो जसमा उसले स्वयं पनि भाग लिएको थियो। [illegible]समा भाग लिएकोमा बूढालाई ठूलो गर्व लागेको छ [illegible] पनि छर्लङ्ग भैरहेको थियो। कसरी उसले र त्यही [illegible]को व्यापारीले रक्सीको मात लागेको बेला एउटा यस्तो [illegible] पनि गरे जसको बारेमा सुट्ट कानमा मात्र भन्न [illegible] भन्ने कुरा ऊ बडो मजा मान्दै सुनाइरहेको थियो। [illegible] पमलको कारिन्दा यसरी खित्का छोडेर हाँस्यो [illegible] गर्दा सारा डब्बा नै गुञ्जायमान भयो। बूढो पनि [illegible] हाँस्न थाल्यो र उसका दुई ओटा सुनका दाँत पनि [illegible] परे।

[illegible]नै रोचक कुरा सुन्न पाइएला भन्ने विचार थियो, [illegible] त्यो आशा चकनाचूर भएपछि मैले गाडीबाट उत्रेर [illegible] प्लेटफार्ममा घुम्ने अटोट गरें। डब्बाको ढोकैनेर [illegible] र उसको साथकी आइमाईसंग मेरो भेट भयो। [illegible] जना एक दोस्रासंग गरमागरम बहस गर्दैथिए।

[illegible]केही गर्न भ्याउनुहुने छाँट छैन!" — वकिलले मलाई [illegible]। ऊ निकै मिलनसार होला जस्तो थियो। — "दोस्रो [illegible] बज्न अब कुनै ढीला हुनेछैन!"

[illegible] ठीकै भनेको थियो। म गाडीको हाराहारी हिंडेर [illegible] पुछारसम्म पुग्न मात्र के पुगेको थिएँ, आखिरी सिट्टी [illegible] बजेको सुनियो। म तुरुन्तै फर्किहालें। त्यो आइमाई

र वकिल भने अझै पनि निकै जोश झिकेर आपसमा बहस गर्दैथिए। बूढो व्यापारी उनीहरूको अगिल्तिर चूपचाप बसिराखेको थियो र एकटक लगाएर आफ्नो अगाडि हेरिरहेको थियो। कुनै कुनै बेला चाहिं ऊ आफ्नो दाँतले केही चबाउँथ्यो पनि। यसैबाट नै उसलाई यो बहस मन परिरहेको छैन भन्ने स्पष्ट भैहालेको थियो।

म भित्र पस्दाखेरि वकिल मुसुक्क हाँसेर भन्दैथियो –

"अनि त्यस आइमाईले आपनो लोग्नेलाई ठाडै के भनिदिई भने अब उसको साथमा त ऊ एक दिन पनि बस्न सक्तिन र बस्न समेत चाहँदिन, किनभने ..."

यसभन्दा बढ्ता मैले सुन्न पाइनँ। मेरो पछि लागेर अरू यात्रुहरू पनि त्यहाँ आइपुगेका थिए। अनि एक कन्डक्टर आयो र त्यसपछि एक जना मिस्त्री पनि दगुर्दै आएर नजिकैबाट लम्केर गयो। त्यहाँ एक छिनसम्म कति होहल्ला र गन्जागोल भइरह्यो भने मैले उनीहरूको कुरा पटक्कै सुन्न सकिनँ। केही बेरपछि होहल्ला कम भयो र त्यस वकिलको आवाज फेरि सुनिन थाल्यो। कुराकानीको विषय बदलिइसकेको थियो र अब त्यहाँ सामान्य चर्चा चलिरहेको थियो।

वकिल के भन्दैथियो भने यूरोपतिरका मान्छेहरू पारपाचुकेको समस्याले ज्यादै नै चिन्तित छन् र रूसमा पनि पारपाचुके बढेर जाँदो छ। आफूले मात्र एक्लै बोलिरहेको अनुभव गरेर उसले बूढालाई सम्बोधन गर्दै मुस्कुराएर भन्यो –

"पुरानो जमानामा त यस्तो थिएन क्यारे, हैन त?"

बूढाले जवाफ फर्काउन आँटेको मात्र के थियो गाडी

पनि चल्न थालिहाल्यो। त्यति बेला बूढाले आफ्नो टोपी फुकाल्यो, छातीनेर क्रसको चिन्ह बनायो र सुस्तसुस्त प्रार्थनाको स्तोत्र गुनगुनाउन थाल्यो। वकिलले शिष्टताको ख्याल राखेर अर्कैतिर नजर दियो र कहिले बूढोको प्रार्थना सकिएला भन्ने प्रतीक्षा गर्न थाल्यो। प्रार्थना समाप्त भएपछि बूढोले फेरि तीनपल्ट क्रसको चिन्ह बनायो, अनि टोपी टाउकोमा राख्यो र सोझै थ्याच्च थिचेर मिलाइसकेपछि आफ्नो सीटमा आरामपूर्वक बसेर बिस्तारै जवाफ दिन लाग्यो।

"पुरानो जमानामा पनि यस्तो कुरा हुँदै नहुने त कहाँ हो र ? हो, बरू धेरै हुँदैनथ्यो। अचेल त यस्तो हुने नै भयो अब कि मान्छेहरू खूब पढैया भएर निस्कँदैछन्।"—बूढोले भन्यो।

रेलगाडीले लाइन बदल्न थालेको थियो र त्यसको गति तेज भयो। यसैले म कुराकानी पनि राम्रोसंग सुन्न सक्दिनथें। कुराकानी ज्यादै रोचक थियो, त्यसैले म आफ्नो सीट छोडेर उनीहरू बसेकै ठाउँतिर लागें। मेरो अर्को सहयात्री, जसको आँखा चम्किला थिए र जसको रूप चालढाल नै अनौठो र हतासिएको जस्तो लाग्नेगरेको थियो अब न यस कुराकानीमा मजा लिइरहेको देखिन्थ्यो। ऊ आफ्नो आसनबाट उठ्न त उठेन, तर उसले आफ्नो ध्यान चाहिं अगिल्तिर तन्काएको थियो र बडो ध्यानपूर्वक उनीहरूको कुरा सुन्दैथियो।

"शिक्षामा खराबी नै के छ र?"—अलि अलि मुस्कुराउँदै त्यस आइमाईले सोधी।—"के त तपाईं त्यो विवाह-प्रथा नै राम्रो ठान्नुहुन्छ, जब बिहे हुनुभन्दा पहिले

दुलहा-दुलहीले एक अर्कालाई देखेका समेत हुँदैनथे?" – त्यस आइमाईको कुराबाट पनि त्यस्तै नै थियो जस्तो प्रायश: सबै आइमाईहारूको हुन्छ। कुरा के त भने असली सवाल राम्ररी सुन्नु त कता कता, आफै नै के कस्तो भनिनेछ भन्ने पहिलेबाटै अजमाएर उनीहरू जवाफ दिन थालिहाल्छन्। – "जो पायो उसैसंग बिहे गरिदियो, बस्, भैहाल्यो। उनीहरू एक दोस्रालाई प्रेम गर्छन् कि गर्दैनन्, या प्रेम गर्नै पनि सक्छन् कि सक्तैनन् भन्ने कसैले पनि चासो लिंदैन। अनि ठूलो दु:ख भोगेर जिन्दगी गुजार्छन्। के त्यो प्रथा बढी राम्रो थियो त?" – उसले हामीतर्फ फर्केर थपी, मानौं उसलाई त्यस बूढोको सहमतिभन्दा हाम्रो सहमतिको बढी खाँचो होस्।

यस प्रसङ्गमा बूढो व्यापारीले ज्यादै घृणाले भरिएको नजर त्यस आइमाईतर्फ फ्याँक्यो र उसको प्रश्नको कुनै पनि जवाफ नदिएर फेरि आफ्नै कुरा दोहोऱ्यायो –

"आजकल मान्छेहरू ज्यादा पढैया भएर निस्कँदैछन्!"

"तपाईंको दृष्टिमा शिक्षा र असफल विवाहबीच के कस्तो सम्बन्ध छ नि?" – हलुका मुस्कान भर्दै वकिलले सोध्यो।

व्यापारीले जवाफ फर्काउन मात्रै के आँटेको हुँदो हो त्यो आइमाई नै बीचमा बोल्न थाली –

"अहँ, अब त्यो पुरानो जमाना त कुनै हालतमा पनि फर्केर आउँदैन!"

"पर्ख! पहिले यिनको कुरा त सुनिहालौं!" – वकिलले भन्यो।

"पढाइले थरी थरीका चाहिने-नचाहिने कुराहरू

मथिंगलमा भरिदिन्छ!" –बूढाले दृढतापूर्वक भन्यो।

नर त्यो आइमाई फेरि झटपट बोली –

"उनीहरू त यस्तो बिहे गरिदिन्छन् जहाँ ठिटा-ठिटीको आपसमा मायापीर्ति नै बसेको हुँदैन। जब पछि दुवै जना दुःखी हुन पुग्छन् त उनीहरू नै यस्तो कसरी हुन गयो भनेर चिन्ता पनि गर्छन्।" –त्यस आइमाईले मतिर, अनि वकिलतिर र त्यसपछि पसलको कारिन्दातिर पुलुक्क हेरी। त्यो कारिन्दा चाहिं सीटको अडेसोमा सहारा लिएर उभिएको उभियै मुस्कुराइरहेको थियो। – "फगत् पशुहरू-लाई मात्र मालिकको हुकुमबमोजिम जबरजस्ती मिलाइदिन सकिन्छ, मानिसहरूलाई कदापि सकिंदैन। मानिसहरूको त आफ्नै रूचि र इच्छा भन्ने कुरा पनि हुन्छ।" –त्यो आइमाई जानाजानी नै बूढोलाई तीतो कुरा भन्न खोज्दैछे भन्ने स्पष्ट भैसकेको थियो।

"तपाईं गलत कुरा भन्दै हुनुहुन्छ, श्रीमतीज्यू! पशु त पशु नै भैहाल्यो। तर मान्छेले चाहिं नियम र मर्यादाको पनि त ख्याल राख्नुपर्छ।"

"के त तपाईंको विचारअनुसार प्रेम नै नगरेर पनि मान्छेहरू लोग्ने-स्वास्नी बनेर एकै ठाउँमा बस्न सक्छन्?" –आइमाईले प्रश्न गरी। ऊ आफ्ना विचारहरूलाई निकै ठीक ठान्दैथिई र त्यसलाई प्रकट नगरेर बस्नै सकिरहेकी थिइन।

बूढाले बडो गम्भीर स्वरमा यसरी जवाफ दियो –

"उहिले कसैको मथिंगलमा पनि यस्तो विचार सुझ्दैनथ्यो। यो त अचेलकै नयाँ फैशन हो। उहिले कुनै पत्नीले पनि आफ्नो पतिलाई 'म तिमीलाई छोडेर हिंडिदिन्छु'

भनेर कदापि भन्ने आँट गर्दैनथी। अचेल त गाउँका किसान कामदारनीहरूमा समेत नयाँ जमानाको रङ्गढङ्ग देखा पर्न थालेको छ। उनीहरूले समेत भन्न थालिसकेका छन्: 'लौ, लेऊ आफ्नो लुगाफाटो! म त हिंडे अब भान्याको साथमा! उसको कपाल तिम्रो भन्दा ज्यादा घुम्रिएको छ!' हेर, कस्तो छ चाला? केही डरत्रास त हुनुपर्छ कि आइमाईहरूको मनमा!"

पसलको कारिन्दाले शुरूमा वकिलतिर नजर दगुरायो, अनि मतिर हेऱ्यो, त्यसपछि चाहिं त्यस आइमाईतिर दृष्टि दियो। व्यापारीको तर्कले हामीउपर के कस्तो प्रतिक्रिया उत्पन्न गरिरहेको छ भन्ने ऊ थाहा पाउन इच्छुक थियो। किनभने उसका विचारहरूको समर्थन गर्ने कि गिल्ला गर्ने भन्ने कुरा हाम्रो प्रतिक्रिया अनुरूप नै निधो गरेर ऊ टाउको हल्लाउने ताकमा थियो। उसको ओंठमा मुस्कुराहट देखिन्थ्यो जसलाई दबाउने ऊ प्रयास गरिरहेको थियो।

"कसको डरत्रास नि?"–आइमाईले सोधी।

"कसको? लो-ग्ने-को। अरू कसको र?"

"अरे, महाशय! त्यो जमाना त अब बितिसक्यो!"– आइमाईले झर्केर उत्तर दिई।

"हैन, महाशया! त्यो जमाना अझैं कायमै छ र सदैव नै कायम रहनेछ। हेवा त आदमको करङ्बाटै उत्पन्न भएकी न हो। जबसम्म संसार रहनेछ त्यतिञ्जेल हेवा हेवा नै रहली, आदम आदम नै रहला।"–बूढाले दृढतापूर्वक र पूर्ण विश्वासका साथ टाउको हल्लाएर भन्यो। यसबाट पसलको कारिन्दाले वादविवादमा जीत चाहिं बूढाकै हुने छाँट देख्यो र तुरून्त नै ऊ खितितिति हाँस्न थाल्यो।

"यस्तो त तपाईं लोग्नेमान्छेहरूको सोचाइ हुने नै गर्‍यो।" – आइमाईले भनी। उसको अनुहारको भावमा हारको किञ्चित् मात्र पनि छाप पाइँदैनथ्यो। – "तपाईंहरू आफू त स्वतन्त्र भएर बस्नुहुन्छ, तर हामी आइमाईहरूलाई चाहिं चारदिवारभित्र बन्द गरेर गुम्स्याइराख्न खोज्नुहुन्छ। आफ्नो मनपरी गर्नलाई नै त तपाईंहरूले सारा अधिकार बनाउनुभएको छ!"

"अधिकार त हामीलाई कसैले दिएको हो र! लोग्ने-मान्छेबाट घरगृहस्थीलाई कुनै हानि हुँदैन तर आइमाईहरूको कुरा नि नै अर्को छ। चुहिने गाग्रो न हुन् उनीहरू!" – [illegible] रवाफिलो पाराले भन्यो।

उसले कस्तो तरीकाले कुरा गर्‍यो भने सबै मान्छेहरूले हाँमा हाँ मिलाइहाले। आइमाईले आफ्नो तर्कशक्तिको कुनै असर नपरेको चाल पाई। तैपनि उसले आफ्नो कुरामा अड्डी लिइ नै राखी।

"तपाईं यति त अवश्य पनि मान्नुहुन्छ होला कि आखिर आइमाई पनि त मान्छे नै हो र उसको छातीभित्र पनि त मुटु भन्ने कुरा छ। यदि उसको हृदयमा लोग्नेप्रति रत्ती पनि प्रेम छैन भने उसले के गर्ने नि?"

"प्रेम छैन!" – व्यापारी बूढोले घुरेर आफ्ना ओंठ बटार्दै गम्भीरतापूर्वक दोहोर्‍यायो। – "उसले प्रेम गर्न सक्नुपर्छ!"

यस्तो अप्रत्याशित उत्तर सुनेर पसलको कारिन्दा चाहिं खुशीले बदबद भयो र उसले उत्तेजित हुँदै चर्को स्वर [illegible] यस कथनको अनुमोदन गर्‍यो।

"किन उसले यस्तो गर्नुपर्ने हो?" – आइमाई बोली। –

"यदि ऊ प्रेम गर्दिन भने कसरी उसलाई बलजफ्ती प्रेम गर्न वाध्य तुल्याउन सकिन्छ?"

"अनि कोही आइमाई पतिव्रता छैन भने के नि?"—वकिलले सोध्यो।

"यस्तो हुनु नै हुँदैन। त्यसैले त आइमाईहरूमाथि कडा निगरानी रहनुपर्छ भनेको!"—बूढाले जवाफ दियो।

"तर यदि क्यै गरे पनि उसलाई तह लगाउन सकिएन भने नि? आखिर यस्तो पनि त नहुन सक्ने कहाँ हो र?"

"कतै कतै यस्तो हुन पनि सक्ला र हुन्छ पनि होला। तर हामीकहाँ यस्तो कुरा हुन्न!"—बूढाले भन्यो।

कसैले पनि केही बोलेन। पसलको कारिन्दाले गोडा हल्लायो र केही नजिक सरेर मुसुमुसु हाँस्दै कुरा गर्न लाग्यो, मानौं यस बहसमा कतै आफूले पछि पर्न नपरोस् भन्ने उसलाई ठूलो पीर परेको होस्।

"हो, मेरा मालिकको घरमा पनि एकपल्ट यस्तै काण्ड मच्चिएको थियो।"—उसले बताउन शुरू गऱ्यो।—"दोष कसको हो भन्ने ठम्याउन समेत गाऱ्हो परेको थियो। साहुजी चाहिंकी बुहारी ज्यादै मापाकी निक्ली। उसले आफ्नो चर्तिकला देखाउन शुरू गरी। उसको पति बडो सज्जन र सुयोग्य युवक थियो। त्यो आइमाई पहिले एक खजान्चीको आँखामा परी। पतिले सम्झाई-बुझाईकन उसलाई ठीक बाटोमा ल्याउने अनेक कोशिश गऱ्यो, तर सबै व्यर्थ भयो। त्यो त निर्लज्ज भएर पो निस्की। पतिको पैसा समेत चोर्न लागी। उसले पनि रीसको झोंकमा एकपल्ट सापसंग पिटिदियो। त्यसपछि त ऊ काबूबाहिर भइहाली। यत्तिकैमा एक विधर्मीसंग उसको लसपस शुरू भयो। नराम्रो

मान्नुहुन्न भने भनिदिइहालौं—त्यो एक यहूदी थियो। अब, भन्नोस्, उसको पतिले के गरोस्? उसले घरबाट नै निकालिदियो स्वास्नीलाई। अझैंसम्म ऊ चाहिं नागो नै रहेको छ। त्यो नकच्चरी चाहिं नाठो खेलाएर हिंड्छे र टोलको रौनक नै बढाउने गर्छे!"

"त्यो त महाबुद्दू पो रहेछ।"—बूढाले भन्यो।—"उसले आफ्नी स्वास्नीलाई शुरूमा नै तह लगाउनुपर्थ्यो र आफ्नो टाउकोमा नाच्न दिनुहुन्नथ्यो। शुरूदेखि नै आफूले चाहेको झैं गरी उसको लगाम हातमा लिनुपर्थ्यो। खेतमा घोड़ाको र घरमा स्वास्नीको भर कदापि पर्नु हुँदैन।"

ठीक त्यसै बेला कन्डक्टर अगिल्लो स्टेशनको टिकट जम्मा गर्न आइपुग्यो। बूढाले आफ्नो टिकट उसको हातमा थमाइदियो...

"हो, आइमाईहरूलाई शुरूदेखि नै काबूमा राख्नुपर्छ। नत्र भने सब कुरा बरबाद हुन्छ!"

विवाहित हुँदाहुँदै पनि कुनाभिनो मेलामा के के हो कुन्नि रमरङ्गहरू गरेको जो तपाईं एउटा कथा सुनाउँदैहुनुहुन्थ्यो त्यसको बारेमा तपाईंको विचार सुन्न पाइन्छ कि?"—मैले आफूलाई रोक्नै नसकेर एक्कासि प्रश्न तेर्स्याइदिएँ।

"त्यो कुरा त बेग्लै हो!"—व्यापारीले भन्यो र चूप लागेर बस्यो।

रेलगाडीको सिट्ठी बज्नेबित्तिकै बूढो उभियो र सीट मुनिबाट आफ्नो ब्याग तान्यो, आफ्नो ओभरकोट पनि काँधमा हाल्यो र बिस्तारै बिदाबारी भएर बाहिर निस्कियो।

२

ऊ बाहिर मात्र के निस्केको हुँदो हो, मानिसहरू थरी थरीका तर्कवितर्क गर्न लागिहाले।

"पुरानो खालको मान्छे रहेछ!"—पसलको कारिन्दाले भन्यो।

"छ्या! लोग्नेमान्छे नै घरको स्वामी हो रे! लोग्ने-मान्छे नै हर्ताकर्ता हो रे! कस्तो पुरानो विचार—नारी-हरूको बारेमा र विवाहसम्बन्धको बारेमा पनि!"—आइमाई भन्न लागी।

"यूरोपको समसामयिक विचारको दाँजोमा त विवाह-बारे हाम्रो धारणा नै ज्यादै पुराना लाग्छन्!"—वकिलले सही थाप्यो।

"प्रेम नै नभईकन यदि लगनगाँठो बाँधिन्छ भने त्यस्तो विवाहलाई विवाह नै भन्न मिल्दैन। तर यी मान्छेहरू त यो कुरा बुझ्दा पनि बुझ्दैनन्। मायापीर्तिको जगमा गरिने विवाह नै वास्तवमा सच्चा विवाह हो। त्यसैमा पवित्रता पनि हुन्छ।"

पसलको कारिन्दा कुरा सुन्दै मुस्कुराइरहेको थियो। ऊ त यस्ता घतलाग्दा वाक्यहरू सकभर बढी कण्ठाग्र पार्ने कोशिश गरिरहेको थियो जसले गर्दा पछि बेलामौकामा तिनको प्रयोग पनि गर्न सकियोस्!

आइमाई पनि बोलि नै रहेकी थिई। त्यत्तिकैमा मैले आफ्नो पछिल्तिर एउटा अनौठो आवाज सुनें, मानौं कसैले आफ्नो हाँसो वा खित्कालाई सकी नसकी रोक्ने जमर्को गरिरहेको होस्। मैले पछिल्तिर फर्केर हेरें। त्यहाँ त्यही

निचामले कपाल भएको मेरो सहयात्री बसिरहेको थियो ऊ एकान्तप्रेमी थियो र जसका आँखा चम्किरहेका थिए। कुराको मिलसिलामा ऊ ज्यादै वर आइसकेको थियो, यद्यपि हामीले त्यसतर्फ कुनै ध्यान दिएकै थिएनौं। निश्चय नै पनि उमलाई यस विषयमा खूब रूचि हुँदो हो। ऊ काठको अडेसोमा सहारा लिएर उभिइरहेको थियो र ज्यादै नै उत्तेजित पनि देखिन्थ्यो। उसको अनुहार रातै भैसकेको थियो र गालाको मासु पनि थर्थर हल्लिरहेको थियो।

"आखिर त्यो ... अँ, त्यो प्रेम भन्ने कुरा के हो जसले विवाहलाई पवित्र बनाइदिन्छ ?" – उसले खूब जोड लगाएर प्रश्न गर्‍यो।

उसलाई यसरी उत्तेजित भएको देखेर आइमाईले बडो नम्र र बडो गम्भीर हुँदै उसको प्रश्नको उत्तर दिन शुरू गरी –

"सच्चा प्रेम ! .. यो पुरूष र स्त्रीको आपसी प्रेम हो र विवाह पनि हुन सक्छ।"

"तर सच्चा प्रेम यही नै हो भनेर कसरी ठम्याउन सकिन्छ नि ?" – चम्किला आँखा हुने मान्छेले संकोच मान्दै भन्यो। उसका ओंठमा अनौठो मुस्कान जडिएको थियो।

सच्चा प्रेम कस्तो हुन्छ भन्ने त जसलाई पनि थाहा छ – आइमाईले उत्तर फर्काई। ऊ छिटै कुरा टुंग्याउन चाहन्थिई।

"मलाई थाहा छैन। तपाई कुन कुरालाई प्रेम भन्नुहुन्छ क्या रे ?" – उसले अगाडि भन्न शुरू गर्‍यो। – "यसको परिभाषा समेत बताइदिनुभए बेस हुनेथियो !"

"यो त सामान्य कुरा हो।" – आइमाईले झटपट भनी,

तर तुरून्त रोकिएर गौड गर्न लागी।—"प्रेम! .. प्रेम भनेको कुनै एक जनालाई मन पराउनु हो।"

"कति समयको लागि मन पराउनु नि? एक महीनाको लागि कि? दुई दिनको लागि कि? वा एकाध घण्टाको लागि?"—तिलचामले कपाल भएको मान्छेले हाँसेर भन्यो।

"पर्खनुस्! सके तपाईं कुनै अर्कै कुराको विचार गर्दै-हुनुहुन्छ क्या रे!"

"हैन, म कुनै अर्को चीजको बारेमा सोचिरहेको छैन!"

"यिनको भनाईको तात्पर्य के हो भने..."—वकिलले आइमाईको समर्थन गर्ने तवरले भन्न शुरू गऱ्यो।—"विवाहको मुख्य आधार आकर्षण हुनुपर्छ। तपाईं निसन्देह त्यसलाई प्रेमको संज्ञा दिन सक्नुहुन्छ। यदि यो मौजूद छ भने त्यतिखेर गरिएको विवाहलाई ... पवित्र भन्न सकिन्छ। साथै जुन विवाहको आधार यो पारस्परिक आकर्षण (अवश्य पनि तपाईं यसलाई प्रेम भन्न सक्नुहुन्छ) हुँदैन त्यससित कुनै नैतिक जिम्मेदारी पनि त जोडिएको हुँदैन। के तपाईंले भन्न खोज्नुभएको यही होइन त?"—उसले आइमाइलाई सम्बोधन गर्दै सोध्यो पनि।

आइमाईले उसको भनाइ सकारी।

"अनि फेरि..."—वकिल अगाडि भन्दैगयो । तर त्यस मान्छेले उसको कुरा बीचैमा काटिदियो। उसका आँखा आगोका फिलिङ्गा झैं टल्किरहेका थिए। साथै ऊ कति उत्तेजित भयो भने अब नबोलीकन चूप लाग्नु त उसको निम्ति सम्भव नै थिएन।

"हैन, हैन! म त्यही कुरा गर्दैछु। यदि सबैमध्ये कुनै एक जनालाई मन पराउनु नै प्रेम हो भने म फेरि

रोज्याएर मोध्न चाहन्छु : कति लामो अवधिको लागि ?"

"कति लामो अवधिको लागि ? किन र ? लामै अवधिको लागि ! यहाँसम्म कि जिन्दगीभरकै लागि !"

"तर यस्तो कुरा त दन्त्यकथामा मात्र हुन सक्छ, व्यावहारिक जीवनमा हुँदैन। जीवनमा त कहिलेकाहिं कसैलाई कसैले रोजिहालियो भने पनि त्यो विरलै केही वर्षसम्म मात्र कायम रहन्छ, नत्र भने केही महीनाभित्रमा नै त्यो टुङ्गिहाल्छ। अझ कहिलेकाहिं त केही हप्ता, दिन वा घण्टा पछि नै समाप्त भैहाल्छ !" – उसले भन्यो। उसको विचार सुनेर मानिसहरूलाई वाक्क लागिसक्यो भन्ने उसलाई थाहा थियो तर अरूलाई हैरान तुल्याउनमा नै उसलाई मजा लागिरहेको थियो।

"वाह रे वाह ! तपाईं एकदमै गलत कुरा भन्दैहुनुहुन्छ ! त्यसो न !" – हामी तीनै जनाले एकै स्वरमा उसको खण्डन गर्‍यौं। कहाँसम्म भने पसलको कारिन्दा समेत आफ्नो विरोध जनाउन भनेर सुस्तसुस्त केही बड्बडायो।

"हो, हो ! मलाई थाहा छ !" – तिलचामले कपाल भएको मान्छेले कति जोडसित कराएर भन्यो भने हाम्रो स्वर न त्यसै कता बिलायो कता। – "तपाईंहरू काल्पनिक कुरा गर्दैहुनुहुन्छ, म चाहिं वास्तविकताको कुरा गर्दैछु। जहिले पनि कुनै मान्छेले कुनै सुन्दरीलाई देख्दा उसको मनमा त्यही भावना उब्जन्छ जसलाई तपाईंहरू प्रेम भन्नुहुन्छ।"

"तपाईं त बडो भयङ्कर कुरा पो गर्दैहुनुहुन्छ। आखिर मान्छेमा यस्तो भावना पनि त पाइन्छ जसलाई हामी प्रेम

भन्छौं। त्यसलाई महीना वा वर्षको नापोले नाप्न सकिंदैन। त्यो त जीवनभर नै कायम रहन्छ।"

"अहँ! यस्तो कुनै भावना-सावना छँदैछैन। कुनै व्यक्तिले कुनै विशेष आइमाईलाई जिन्दगीभरि नै अरूलाईभन्दा बढी मन परायो रे भन्ने मानेको खण्डमा पनि त्यस आइमाईले चाहिं कुनै अर्कै व्यक्तिलाई मन पराएको हुनु बढी सम्भाव्य छ। वास्तविक स्थिति यस्तो छ जुन परापूर्व कालदेखि यसरी नै चलेर आइरहेको छ।"—उसले चुरोट झिकेर सल्काउँदै भन्यो।

"तर दुवैको भावना एक दोस्रोप्रति एकैनासको हुनु पनि त सम्भव छ।"—वकिलले भन्यो।

"अहँ! यस्तो कदापि हुनै सक्तैन।"—उसले नकार्दै जवाफ दियो।—"केराउँका दुई गेडालाई हातमा लिएर बोरामा हालियो भने के ती दुवै गेडा एकै ठाउँमा रहन्छन् र? हो, त्यसै गरी यो कुरा पनि असम्भव छ। अझ साँच्चै भन्ने हो भने स्त्री र पुरूषको सम्बन्ध संयोगमा त्यति आधारित हुँदैन जति भोगविलासमा हुन्छ। कसैले जिन्दगीभरि कसैलाई प्रेम गरिराख्न सक्छ भन्ने ठान्नु नै गलत हो। मैनबत्तीले कति नै बेर उज्यालो दिइराख्न सक्छ र?"—चुरोटको लामो सर्को तान्दै उसले भन्यो।

"तपाईं फगत् शारीरिक प्रेमको मात्र कुरा गरिरहनुभएको छ। यति त तपाईं जरूर पनि मान्नुहुन्छहोला कि एक अर्कै किसिमको प्रेम पनि हुन्छ जो विचारको साम्यता तथा आन्तरिक तादात्म्यतामा आधारित हुन्छ।"—आइमाईले भनी।

"आन्तरिक तादात्म्यता! विचारको साम्यता!"—

[illegible] दोहोऱ्यायो। उसको मुखबाट त्यस्तै आवाज निस्कियो [illegible] मैले शुरूमै सुनेको थिएँ। –"यदि कुरा यस्तै हो भने [illegible] मुत्नु नै किन पऱ्यो र (मेरो अशिष्ट भाषाको [illegible] माफ गर्नुहोला)! जसको विचार मिल्छ उनीहरूले [illegible] दोस्रोलाई च्यापेर सुत्नैपर्छ भन्ने कतै कसैले कहिल्यै [illegible] छ त?" –उसले भन्यो र हतासिंदै हाँस्यो।

"पर्खनोस् त!" –वकिलले भन्न शुरू गऱ्यो। – "[illegible]ाईंको तर्क वास्तविक जीवनमा लागू नै हुँदैन। जीवनमा [illegible] र पत्नीको नातामा स्थिरता हुने कुरा हामी देख्छौं। [illegible] सब त नभनौं, तर अधिकांश मान्छेहरू स्थिरता-[illegible] रहन्छन्। अधिकांश दम्पत्ति अन्त्यसम्म नै एक दोस्रा-[illegible] इमानदारीपूर्वक व्यवहार गर्छन्!"

[illegible]चामले केश भएको मान्छे फेरि हाँस्न लाग्यो।

"[illegible]कानिर त तपाईं विवाहको आधार नै प्रेम हो [illegible]। अनि जब म शारीरिक प्रेमसिवाय अरू पनि [illegible] प्रेम छ कि छैन भन्ने कुरामा सन्देह प्रकट गर्छु त [illegible] चाहिं विवाहको अस्तित्व भएको हुनाले प्रेमको पनि [illegible] छ भन्ने तर्क झिक्नुहुन्छ। आजकल जुन विवाहको [illegible] पुऱ्याइन्छ त्यो त धोखा मात्र हो, अरू केही पनि [illegible]..."

"[illegible] होइन! बिल्कुलै होइन!" –वकिलले भन्यो। – "[illegible] मात्रै भनेको हुँ भने विवाह आज पनि सम्पन्न [illegible] र सदासर्वदा नै सम्पन्न गरिंदैआएको छ।"

"[illegible] छ। तर त्यसको आधार के हो? तिनै मान्छे-[illegible] विवाहमा स्थिरता हुन्छ जो विवाहलाई पवित्र [illegible] आफ्नो वैवाहिक पवित्रता अन्तर्गत कर्तव्य पनि

पर्ने जान्छ र त्यसको लागि उनीहरू ईश्वरको समक्ष आफूलाई उत्तरदायी ठान्न पुग्छन्। यस्ता मान्छेहरूको विवाहमा स्थिरता हुन्छ, तर हामीकहाँ यस्तो हुँदैन। हामी त फगत् इन्द्रिय सुखभोगको लागि मात्रै बिहे गर्छौं। यसै कारण हाम्रो विवाहको परिणाम कि त हिंसा हुन्छ, कि त धोखा। यी दुई खराबीहरूमध्ये कुनै एकलाई रोज्नु पर्‍यो भने धोखा नै बढी बेस मानिनेछ। एक-पत्नी या एक-पति विवाहको सूत्रले बाँधिएको जस्तो देखाएर पति र पत्नी दुवै नै मानिसहरूको आँखामा छारो हाल्छन्, जब कि उनीहरू वास्तवमा बहु-पत्नी वा बहु-पति विवाहको जीवन बिताइरहेका हुन्छन्। यो बहुतै घृणित कुरा हो, परन्तु यसलाई स्वीकार गर्न सकिन्छ। तर जतिखेर पति र पत्नी आजीवन संगसंगै रहने दायित्व आफूमा लिन्छन्, जस्तो कि सामान्यतया हुन्छ पनि, र विवाह सम्पन्न भएको एक महीना बित्न पाउँदा नपाउँदै एक दोस्रालाई घृणा गर्न थाल्छन् र एक अर्काबाट छुट्टिन चाहँदा चाहँदै पनि संगसंगै रहनेगर्छन् भने यसको नतीजा कस्तो हुन्छ? यसको परिणाम हुन्छ—त्यही घोर यन्त्रणा जसले मानिसलाई टन्न रक्सी खाएर मात्तिन, आत्महत्या गर्न, अरूलाई मार्न र बिष दिन वाध्य गराइदिन्छ।"—उसको उत्तेजना बढ्दै-गइरहेको थियो र ऊ चर्को स्वरमा भन्दै पनि गइरहेको थियो। सके कसैले बीचैमा कुरा नकाटिदेओस् भनेर ऊ डराएको हुँदो हो। उसको बोली रोकिनेबित्तिकै त्यहाँ एउटा अनौठो मौनता छाएको थियो।

"हो, ठीक हो! निसन्देह नै कहिलेकाहिं लोग्ने-स्वास्नीको बीचमा निर्णायक घडी पनि आउँछ।"—वकिलले यो कुरा

के आशा राखेर भनेको थियो भने उसको यस कथनबाट ... उत्तेजनापूर्ण र अप्ठेरो कुराकानी त्यत्तिकैमा टुङ्गिइ-सक्यो।

"के तपाईंले मलाई चिनिहाल्नुभो त?" – तिलचामले ... भाको मान्छेले बिस्तारै भन्यो, मानौं उसको उत्तेजना ... शान्त भएको होस्।

"अहं! मलाई यो सौभाग्य प्राप्त भएको छैन!"

"यसमा सौभाग्यको त कुनै कुरा नै छैन। मेरो नाम पोज्दनिशेभ हो। जुन निर्णायक घडीको तपाईंले चर्चा ... त्यसलाई मैले पार गरिसकेको छु। त्यही घडीलाई ... बेला नै मैले आफ्नी पत्नीको हत्या गरिदिएको ..." – एक एक गर्दै हामी सबैतर्फ नजर दौडाएर उसले भन्यो।

... चुपचाप बसिरहे। कसैले पनि केही भन्नै सकेन।

"... छैन!" – उसले नै मौनता भङ्ग गर्दै भन्यो। ... अनौठो आवाज उसको मुखबाट निस्कियो। – "... माफ गर्नुहोला! तपाईंहरूलाई तकलीफ पुऱ्याउने ... कुनै इरादा थिएन।"

"हैन, हैन! कृपया भन्दैजानोस्!" – वकिल बोल्यो। ... "हैन, हैन" भन्नुमा उसको के अभिप्राय थियो त्यो ... उसैलाई समेत थाहा थिएन।

... कति पनि ध्यान नदिएर पोज्दनिशेभ फनक्क ... फर्क्यो। वकिल र त्यो आइमाई आपसमा खासखुस ... थाले। म पोज्दनिशेभको बगलमा नै बसिरहेको थिएँ, ... मैले पनि केही बोलिनँ। के भन्ने भनेर नै म ठम्याउन सकिरहेको थिइनँ। अँध्यारो भैसकेको हुँदा केही पढ्न

पनि सकिंदैनथ्यो। मैले आँखा चिम्म गरेर उँघ्न लागेको बहाना गरें। अर्को स्टेशनसम्म नै हामी चूप्पी साँधेर यसरी नै सफर गर्दैरह्यौं।

अर्को स्टेशन आइपुगेपछि वकिल र त्यो आइमाई कुनै अर्कै डब्बातिर लागे। टिकटबाबूसंग उनीहरूले यसको लागि कुरा मिलाइसकेका थिए। पसलको कारिन्दा बेन्चमा पल्टियो र पल्टिएको पल्टियै भुसुक्क निदाइ पनि हाल्यो। पोज्द-निशेभ चाहिं एकपछि अर्को चुरोट सल्काएर सर्को तान्दै-थियो र अगिल्लो स्टेशनमा नै तयार पारिएको चिया पनि खाँदैथियो।

जतिखेर मैले आँखा खोलेर उसतर्फ पुलुक्क हेरें, त्यस बेला एकाएक ज्यादै क्षुब्ध तर दृढ स्वरमा मलाई सम्बोधन गर्दै उसले भन्यो –

"अब त म को हुँ भन्ने तपाईंलाई थाहा भैहाल्यो। हुन सक्छ, म यहाँ बसेको नै तपाईंलाई नराम्रो लागिरहेको होला? कुरा यस्तै हो भने म यहाँबाट उठेर अन्तैतिर गैहाल्छु!"

"होइन! बिल्कुलै होइन!"

"के तपाईं चिया खान चाहनुहुन्छ? तर ज्यादै कडा छ नि!" – मेरो निम्ति चिया खन्याउँदै उसले भन्यो। – "फोस्रा र बकमफुस कुराहरू! .. अनि सबका सब झूठ!"

"कसको बारेमा तपाईं भन्दैहुनुहुन्छ?" – मैले जिज्ञासा देखाएँ।

"त्यही कुरा! उनीहरूको प्रेमको कुरा! वास्तवमा कुन चीज हो यस्तो यो? के तपाईं थाक्नु त भएको छैन?"

"एकदमै थाकेको छैन!"

"तपाईं अनुमति दिनुहुन्छ भने म तपाईंलाई आफ्नो नामकहानी सुनाउँछु। यही प्रेमद्वारा प्रेरित भएर त्यो कर्म कसरी गर्न पुगें भन्ने बताउँछु!"

"हुन्छ! यदि तपाईंलाई कुनै आपत्ति छैन भने!"

"चूप लागेर बस्नुपर्दा मलाई ज्यादै आपत पर्छ। ल, चिया पिउनोस्! तपाईंको लागि त्यो ज्यादै कडा त होइन?"

चिया वास्तवमा नै बीयर जस्तै तीतो थियो, परन्तु मैले पूरै एक गिलास चिया खाइदिएँ। त्यतिखेर नै कन्डक्टर हाम्रो वगलबाटै अगाडि लम्कियो। मेरो सहयात्रीले खूब क्रुद्ध भएर उसतर्फ आँखा तरेर हेर्‍यो र त्यो कहिले त्यहाँबाट जाला र आफ्नो कथा शुरू गर्न पाइएला भन्ने प्रतीक्षा गर्न लाग्यो।

३

"सुनाइहालूं त? के तपाईं साँच्ची नै सुन्न चाहनुहुन्छ?"

मैले फेरि पनि चाहना दोहर्‍याएँ। ऊ एक मिनेट चूप रह्यो, अनि दुवै हातले आफ्नो अनुहारको पसीना पुछ्यो र आफ्नो कथा भन्न शुरू गरिहाल्यो।

"सुनाउनु नै छ त शुरूदेखि नै सुनाउँछु। मैले विवाह कसरी गरें र विवाहभन्दा पहिले मेरो जीवन कस्तो थियो भन्ने पनि त बताउनुपर्ला!

"विवाह हुनुभन्दा अगाडि मेरो जीवन पनि सामान्य मान्छेहरूको जस्तै नै थियो — हाम्रो वर्गका अन्य व्यक्तिहरूको

जस्तै। म एक बिर्तावाल हुँ र विश्वविद्यालयको स्नातक पनि हुँ। अनि म कुलीनवर्गको सर्दार पनि थिएँ। विवाह-भन्दा अगाडि मेरो समय पनि त्यसरी नै बित्नेगर्थ्यो जसरी अरू व्यक्तिहरूको बित्छ – अर्थात् व्यसनहरूमा। आफ्नो वर्गका सबै व्यक्तिहरू जस्तै म पनि यसैलाई नै जीवनको सही बाटो ठान्नेगर्थें। आफूलाई म ज्यादै असल र शिष्ट ठान्थें। म ती मान्छेहरूमध्येको थिइनँ जो आइमाईहरूको सतीत्व डगाउनमा आनन्द मान्छन्। मेरो रूचि पनि नराम्रो थिएन र दुर्व्यसनहरूलाई पनि मैले आफ्नो जीवनको लक्ष्य बनाइनँ, जस्तो कि ती दिनहरूमा अधिकांश मानिसहरू गर्नेगर्थे। हुन त म पनि मोजमज्जा र सुखभोग गर्थें, तर ज्यादै शिष्ट र मर्यादित तरीकाले। म आफ्नो स्वास्थ्यको पनि खूब हेरविचार गर्थें। म ती आइमाईहरूबाट टाढै रहन्थे जसबाट बच्चा जन्मने डर रहन्थ्यो, किनभने यसबाट त मेरो जिम्मेदारी बढ्ने सम्भावना हुन्थ्यो। मैले आफूलाई कसैको प्रेम-पाशमा पनि बाँधिन दिइनँ। कुरा के त भने यसबाट पनि बच्चा जन्मने सम्भावना थियो र कसैसंग गहिरो प्रेममा फँस्ने पनि डर थियो। तर म यी सबैबाट टाढै रहें। यसैलाई मैले नैतिक मात्र ठान्नेगरेको होइन, अझ यसको गर्व पनि गर्नेगर्थें।"

यति भनेर ऊ रोकियो। अनि उसको मुखबाट फेरि अनौठो आवाज आयो। यो त उसको आदत नै थियो भन्ने भान पर्दथ्यो। उसलाई कुनै नयाँ कुराको सम्झना भएर आउँदाखेरि जहिले पनि उसको मुखबाट यस्तो आवाज निस्कन्थ्यो।

"यो नै सबभन्दा घृणित कुरा पनि हो।" – उसले

एकाएक चिच्याएर भन्यो। – "शारीरिक सुखभोगमा कुनै नराम्रो कुरा हुँदैन, पतन शारीरिक क्रियामा हुँदैन। पतन... वास्तविक पतन त त्यतिखेर नै हुन्छ जब कोही पुरुष कुनै आइमाईसित सुत्छ, तर उसप्रतिको आफ्नो नैतिक जिम्मेदारी चाहिं भुसुक्कै बिर्सन पुग्छ। यस्तो नैतिक जिम्मेदारीबाट आफूलाई मुक्त राख्न सक्नुलाई म आफ्नो एउटा ठूलो गुण नै ठान्नेगर्थें। एकपल्ट एउटी आइमाई मलाई प्रेम गर्न लागी। उसले आफूलाई नै मेरो अगाडि सुम्पिदिई। तर मैले उसलाई पैसा दिन समेत बिर्सें। निकै लामो समयसम्म मेरो अन्तरात्मामा यो कुरा एउटा ठूलो भार बनेर रहेको थियो भन्ने मलाई अझै पनि सम्झना छ। आखिर पैसा पठाइदिएपछि मात्र मेरो मनलाई शान्ति मिल्यो। यसरी उसप्रति आफ्नो नैतिक जिम्मेदारीबाट मैले मुक्ति पाएको थिएँ। तपाईं यसरी मेरो हाँमा हाँ नमिलाउनोस् न!" – ऊ एकाएक करायो। – "तपाईंलाई भन्दा बढ्ता मलाई थाहा छ। सबै लोग्नेमान्छेहरू एकै डचाङ्का हुन्छन् नि! सके तपाईं अरूभन्दा केही बेग्लै हुनुहुन्छ होला! असलभन्दा असल मान्छेको विचार पनि त्यस्तै हुन्छ जस्तो त्यस बेला मेरो थियो। तर यसले के नाप्छ र? माफ गर्नुहोला है!" – उसले भन्यो। – "तर गाँठी कुरा के हो भने यो ज्यादै भयानक छ! अति डरलाग्दो छ। उफ्, अति भयङ्कर छ!"

"कुन कुरा?"

"भ्रमजालको त्यो गुजुल्टो जसमा नै हामी अलमलिएर बाँचिरहेका हुन्छौं। आइमाईहरूको सम्बन्धमा र आइमाई-सम्बन्ध हाम्रो जुन सम्बन्ध हुन्छ त्यसको बारेमा म बताउँदै

छ। यस विषयमा म स्थिर भएर कुरै गर्न सक्तिनँ। त्यो मान्छेले भने जस्तो मेरो जीवनमा त्यो निर्णायक घडी आयो भन्ने कुराले अवश्य पनि होइन, बरू कुन कुराले भने त्यस घटनापछि मेरो आँखाको पट्टी खुलेको छ र हरेक कुरा अब म अर्कै रूपमा देख्नेगर्छु। सबै कुरा उल्टिसकेको छ!"

उसले चुरोट सल्कायो, घुँडामा कुहिनो टेकाएर अगिल्तिर झुक्यो र आफ्नो कथा भन्न थाल्यो।

अँध्यारोमा उसको अनुहार म देखिरहेको थिइनँ। तर रेलगाडीको छकछक आवाजमा पनि मलाई उसको स्वर तिक्खर र ज्यादै आकर्षक लागिरहेको थियो।

४

"यस अनिष्टको मूल कारण के हो? जीवनमा उचित के हो र अनुचित के हो? यो त मैले ठूलो यातना भोगेपछि मात्रै र यातनाकै माध्यमद्वारा नै थाहा पाएँ। अनि मात्र मैले वर्तमान स्थितिको भयङ्कर रूप देखें।

तपाईं अनुमति दिनुहुन्छ भने अब म त्यो घटनाक्रम कहिले कसरी शुरू भएको थियो र त्यस निर्णायक घडी सम्म पुग्यो भन्ने बारेमा पनि सुनाउँछु। त्यसको आरम्भ त त्यतिखेर भयो जब म सोह्र वर्षको अल्लारे केटो नै थिएँ। त्यस बेला म जिम्नेजियममा पढ्नेगर्थें। मेरा जेठा दाजु चाहिं विश्वविद्यालयको पहिलो वर्षमा पढ्दैथिए। त्यतिञ्जलेसम्म मैले यौन-सम्बन्धको कुनै अनुभव पाइसकेको थिइनँ। परन्तु हाम्रो वर्गका सबैजसो अभागी ठिटाहरू

[illegible] म पनि सूधो केटो थिइनँ। दुई वर्ष यतादेखि मउपर अन्य ठिटाहरूको कुप्रभाव पर्दैथियो। त्यतिखेर नै म आइमाईहरूतर्फ आकर्षित हुन थालिसकेको थिएँ – कुनै [illegible] आइमाईतर्फ होइन, बरू सामान्यतया आइमाई-हरूतर्फ। आइमाईको विचार गर्दा मलाई एक तमासको [illegible] आउँथ्यो र उसको नग्न रूपले मलाई आकर्षित [illegible]। एकान्तमा बसिरहँदा पनि मेरो विचार स्वच्छ [illegible]। म पनि त्यस्तै यन्त्रणा सहँदैथिएँ जुन हाम्रा [illegible] प्रतिशत ठिटाहरू सहँदैथिए। म डराउँथें, दुखित [illegible] ईश्वरको सामु प्रार्थना गर्थें र आखिरकार विवश [illegible] कल्पना र यथार्थ दुवै रूपले म पापकर्म गर्दै-[illegible]। तर पनि मैले आखिरी कदम चाहिं अझै उठाएको [illegible]। आफूलाई आफै नै म बर्बाद गर्दैथिएँ, तर अझै [illegible] कुनै दोस्रो व्यक्तिलाई भने छोएको थिइनँ। त्यसै-[illegible] एक दिन साँझपख मेरा दाजुको एक जना साथी [illegible] आइपुग्यो। त्यो पनि विद्यार्थी नै थियो र बडो [illegible] स्वभावको पनि थियो। त्यो उनै "भलादमीहरू" [illegible] एक जना थियो जो अरूहरूलाई जुवा खेल्न र [illegible] खान सिकाउँछन् र पहिला दर्जाका गुण्डा मानिन्छन्। [illegible] चल्यो। त्यसपछि मेरा दाजुको त्यसै साथीले [illegible] जाने प्रस्ताव पनि राख्यो। हामी गयौं पनि। [illegible] अघि मेरा दाजुले पनि यौन-सम्भोगको अनुभव [illegible] पाएका थिएनन्। त्यसै राति पहिलो पल्ट उनको [illegible] भएको थियो। मेरो उमेर त्यतिखेर सोह्र वर्षको [illegible] थियो। मैले आफूलाई भ्रष्ट गरें र अरूको हाहामा [illegible] एउटी आइमाईको सतीत्व पनि भङ्ग गरिदिएँ,

तर म के गर्दैछु भन्ने समेत मलाई बिल्कुलै चिन्ता थिएन। म जे गर्दैछु सो राम्रो होइन भन्ने कुराको चेतावनी मैले आफ्ना आमाबाबुबाट कहिल्यै पनि पाएको थिइनँ। आज पनि त ठिटाहरूले आमाबाबुहरूबाट कुनै शिक्षा पाउने-गरेका छैनन्। हो, हाम्रा दशशीलसम्बन्धी धर्म-प्रवचन-हरूमा भने यो काम राम्रो होइन भन्ने अवश्य नै लेखिएको छ, तर हामी त बाइबलको परीक्षा हुँदा उत्तीर्ण हुने नियत राखेर मात्रै न ती धर्म-प्रवचनहरू पढिटोपल्छौं। आश्रित वाक्यांशमा ut को प्रयोग कसरी गर्नुपर्छ भन्ने खालका व्याकरणका नियमहरूको जति महत्व हुन्छ त्यति पनि त धर्मप्रवचनहरूबारे हाम्रो ज्ञानको महत्व हुँदैन।

घरमा जे-जति उमेरदार मान्छेहरू थिए र जसको सल्लाह-परामर्शको म कदर पनि गर्थें उनीहरूमध्ये कुनै एक जनाले पनि म गलत बाटोमा हिंड्दैछु भनेर बताइ-दिएको थिएन। यसको विपरीत मैले त सबका सब ठूलाबडाहरूबाट जे म गर्दैछु सो ठीकै गर्दैछु भन्ने मात्र पो सुन्नेगरेको थिएँ। एकपल्ट इन्द्रियभोग गरिसकेपछि मेरो मनको व्याकुलता र मानसिक द्वन्द्व सबका सब बिलाएर गैहाल्नेछ भन्ने उनीहरूको राय थियो र मैले यस्तै पढेको पनि थिएँ। यो त स्वास्थ्यको निम्ति समेत लाभ-दायक हुन्छ भनेर मान्छेहरूले भनेको पनि मैले सुनिराखेको थिएँ। पुरूषार्थ भनेको नै यही हो र यसैमा त अपार सुख निहित छ भन्ने मेरा साथीभाइहरूको कथन थियो। यसले गर्दा यसमा मैले कुनै नराम्रो कुरा देख्दा पनि देखिनँ। रोग सर्ला भन्ने डर? त्यसको पनि पहिलेबाटै प्रबन्ध गरिएको थियो। दयालु सरकारले नै यसको पूरापूर

व्यवस्था मिलाइराखेकै त छ। जिम्नेजियमका ठिटाहरूले निष्फिक्रीसंग यौनेच्छापूर्ति गर्न सकून् भन्ने उद्देश्यले रण्डी-कोठीहरूको पूरा निरीक्षण राखिन्थ्यो। यसै कामको लागि डाक्टरहरूले तनखा समेत पाउँथे। यो स्वाभाविकै पनि थियो। स्त्रीलम्पटतालाई स्वास्थ्यको लागि हितकर उनीहरू मान्दछन् र सुनियोजित र उपयुक्त तरीकाले विषयभोग गर्न सकियोस् भनेर यस्तो व्यवस्था पनि गर्दछन्। यस्ता आमाहरूलाई पनि मैले देखेको छु जो आफ्ना छोराहरूको लागि यी सबै कुराहरूको चाँजोपाँजो आफै मिलाइदिन्छन्। विज्ञानले स्वयं नै ठिटाहरूलाई वेश्यालयहरूमा पठाउनेगरेको छ।"

"विज्ञान?" – मैले प्रश्न गरें।

"के डाक्टर वैज्ञानिक होइन र? उनीहरू नै त विज्ञानका पुरोहित हुन्। यसबाट स्वास्थ्य राम्रो हुन्छ भनेर हाम्रा नन्नेरीहरूलाई भ्रष्ट तुल्याउने को हो त? उनीहरू नै त यसो भन्छन्। त्यसपछि फेरि उनीहरू नै गम्भीर मुद्रा धारण गरेर भिरिङ्गीको उपचार पनि गर्न आइपुग्छन्।"

"किन उनीहरूले भिरिङ्गीको उपचार नगर्ने नि?"

"किन भने जे जति परिश्रम भिरिङ्गीको चिकित्सामा लगाइन्छ त्यसको सय खण्डको एक खण्ड मात्रै पनि दुर्व्यसन निवारणमा खर्च गरिंदो हो त भिरिङ्गीको रोग उहिले नै निर्मूल भैसक्नेथियो। परन्तु दुर्व्यसनलाई हटाउनुको सट्टा त्यसलाई बढाउने पो त यहाँ प्रयास भइरहेको छ र त्यसको बचावट गर्ने कोशिश गरिंदैछ। परन्तु खास कुरा यो होइन। खास कुरा त के हो भने कुनै विशेष आइमाईको

आकर्षण मेरो निम्ति दुर्दमनीय भैदिनु नै मेरो कुकर्मको कारण हुँदैन। अहँ, कुनै आइमाईले मलाई पथ-भ्रष्ट गरेकी होइन। मेरो स्थिति पनि त्यस्तै नै थियो जस्तो मेरो वर्गका दसमध्ये नौ जना तन्नेरीहरूको हुन्छ (यदि यसभन्दा बढ्ता हुँदैन भन्ने मान्ने हो भने)। फेरि मेरो वर्गको मात्र कुरा होइन, बरू सबै वर्गका मानिसहरूको लागि यो लागू हुन्छ जसमध्ये किसानहरू पनि पर्दछन्। मेरो पतनको उत्तरदायित्व पूरै मेरो समाजमाथि छ। मेरो अगलबगलका मानिसहरूले मेरो दुष्कर्मलाई स्वस्थ्यलाभको साधन मान्नेगरेको हुँदा नै मेरो अधोपतन हुन गएको थियो। कोही यस्ता मान्छे पनि थिए जो यसलाई एक तरूणको स्वाभाविक मनोरञ्जन ठान्थे र त्यसलाई केवल क्षम्य मात्रै होइन, बरू दोषरहित समेत ठह्याउँथे। स्वयं म पनि यसलाई पाप भन्ठान्दिनथें। मैले विषयभोगमा लाग्नुको कारणमध्ये एउटा चाहिं केही इन्द्रियसुखको चाहना थियो भने अर्को चाहिं त्यस भोकलाई शान्त गर्नु नै थियो जुन एक विशेष अवस्थामा अवश्य नै जाग्नेगर्छ (कम्तीमा पनि मलाई त यस्तै कुरा बताइएको थियो)। मैले त्यसरी नै विषयभोग शुरू गरें जसरी चुरोट वा रक्सी खाने लत शुरू गरिन्छ। तैपनि मेरो त्यस प्रथम पतनमा कुनै यस्तो कुरा अवश्य नै थियो जुन हृदयविदारक हुनुको साथसाथै स्वयं आफैमा अनौठो पनि थियो। मलाई सम्झना छ, त्यतिखेर कोठाबाट बाहिर निस्कन पाउँदा नपाउँदै मेरो मन ज्यादै नै खिन्न हुन पुगेको थियो। मलाई मारसित डाँको छोडेर रूने मन लागेको थियो, किनभने मैले आफ्नो सदाचार गुमाइसकेको थिएँ। आइमाईहरूप्रति मेरो सहज-

स्नेहको सम्बन्ध पनि सदाको लागि समाप्त भैसकेको थियो। त्यसै लागि आइमाईहरूप्रति स्वाभाविक र सरल सम्बन्ध नष्ट भएर गैसकेको थियो र बाँकी रहन पनि सक्तैनथ्यो। त्यस बखत म एक स्त्रीलम्पट र व्यभिचारी बन्न पुगिसकेको थिएँ। एक व्यभिचारीलाई पनि त्यस्तै प्रकारको लत लागेको हुन्छ जस्तो लत रक्सीबाज, चुरोटबाज र अफीमचीलाई लागेको हुन्छ। जसरी एक रक्सीबाज वा अफीमची सामान्य व्यक्ति रहँदैन त्यसरी नै इन्द्रियसुखभोगको लागि आइमाई-हरूमा पल्किसकेको मान्छे पनि सामान्य रहन जाँदैन। ऊ सदासर्वदाको लागि नै पतित र व्यभिचारी बनिहाल्छ। जसरी कुनै रक्सीबाज या अफीमचीलाई उसको रूपरङ्ग र हावभावबाट नै चिन्न सकिन्छ त्यसै गरी एक स्त्रीलम्पट-लाई ठम्याउन पनि गाह्रो पर्दैन। कुनै व्यभिचारीले आफ्नो कुलतबाट आफूलाई मुक्त तुल्याउन त्यसलाई दबाउन सक्छ, त्यसको विरुद्ध संघर्ष पनि गर्न सक्छ, परन्तु आइमाईहरूसंग पहिले उसको जुन सम्बन्ध थियो त्यो पवित्र, उज्ज्वल, सरल र भातृभावपूर्ण सम्बन्ध अब उसले फेरि कहिल्यै पनि प्राप्त गर्न सक्दैन। एक व्यभिचारीले जुन किसिमबाट कुनै एक युवतीतर्फ नजर लगाउँछ त्यसैबाट नै तुरुन्तै उसको स्त्रीलम्पटताको परिचय पाउन सकिन्छ। यसरी म एक व्यभिचारी बन्न पुगेको थिएँ र आजसम्म पनि व्यभिचारी नै रहेको छु। यसै कारणले गर्दा मेरो जीवन नै पथभ्रष्ट हुन पुगेको छ।"

५

"केही समयसम्म मेरो जिन्दगानी यसै क्रमले चल्दै-रह्यो। त्यतिञ्जेलसम्ममा मैले नौला नौला ढंगले व्यभिचार गर्न थालिसकेको थिएँ। हे, भगवान्! यस बर्बर पाशविकताको सम्झना मात्रले पनि मेरा रौं ठाडा-ठाडा हुनेगर्छन्। मलाई सम्झना छ, कुनै बेला मेरा साथीभाइहरू मेरो त्यस तथाकथित सूधोपनाको गिल्ला गर्नेगर्थे। ती युवकहरूको त कुरै किन गर्नु र जो धनी थिए र बडो ठाँटिलो जीवन बिताउँथे। ती अफिसरहरू! ती पेरिसका गुण्डाहरू! तीस वर्षको उमेरका मान्छेहरू व्यभिचारमा लग्गू भैसकेका थिए र आइमाईहरूप्रति नाना थरीका सैयौं घोर अपराधहरू उनीहरूबाट भैसकेको थियो। उनीहरूकै बीचमा म पनि थिएँ। हामी तीस वर्ष उमेर पुगेका दुराचारीहरू ठाँटिएर, सिंगारिएर, दाह्री-जुँगा खौरेर, अत्तरको मगमग बास्ना छरेर, फ्रक-कोट र वर्दीमा डटेर अतिथिकक्ष र नाचघर-हरूमा टमटम कदम चालेर कसरी हिंड्ने गर्थ्यौं भन्ने पनि मलाई सम्झना छ। त्यतिखेर हामी मनमोहक र आकर्षक देखिन्थ्यौं र पवित्रताको अवतार नै हौं कि भने जस्ता प्रतीत हुन्थ्यौं!

अलिकति गमेर सोचविचार त गर्नोस्! स्थिति कस्तो हुनुपर्थ्यो र कस्तो छ? कथंकदाचित् यस्तै कुनै सुकुलगुण्डा मेरी बहिनी वा छोरीबेटीलाई भेट्न आयो भने उसको चरित्रको राम्रो जानकारी भैसकेको हुँदा मैले उसलाई एकान्तमा लगेर सुस्तरी यसो भन्नुपर्ने हो: "हेर, भाइ! तिम्रो जीवन कस्तो छ, तिम्रो रात क-कसको साथमा

कहाँ-कहाँ बित्छ भन्ने मलाई पूरापूर थाहा छ। यहाँ तिम्रो लागि कुनै स्थान छैन। भोलाभाला र सच्चरित्र युवतीहरू मात्र बस्छन् यहाँ त। चूपचाप आफ्नो बाटो तताऊ!" हुनु त त्यो नै पर्थ्यो। तर वास्तवमा के हुन्छ? जब कुनै यस्तो मान्छे मेरी वहिनी अथवा छोरीको कम्मरमा हात राखेर नाच्न थाल्छ त हामी मनमनै औधि नै रमाउन थाल्छौं। यदि त्यो मान्छे धनीमानी छ र ठूलाबडा मानिसहरूको सङ्गमा उसको बसउठ पनि छ भने त सोधिरहनुपर्ने कुरै केही भएन। रात त उसले रिगोलबोशमा नै बिताएको थियो, तर अहिले चाहिं मेरी छोरीबेटीसंग हाँसखेल गर्दैछ र मैले यसलाई आफ्नो अहोभाग्य नै ठान्नुपर्छ! जताततै त्यसको छि: छि: र दुर् दुर् हुन्छ र त्यो रोगी समेत छ तर पनि केही आपत्ति छैन! अचेल यस्ता रोगहरूको राम्रो उपचार भैहाल्नेगरेकै छ त! अरूको त के कुरा स्वयं म समेत यस्ता कैयौं युवतीहरूलाई चिन्दछु जसलाई उनका आमाबाबुहरूले भिरिङ्गीका रोगीहरूसंग खुशीसाथ बिहे गरेर पठाइदिएका थिए। कस्तो नीचता! कस्तो घिनलाग्दो कुरा! मलाई विश्वास छ, कुनै समय त्यस्तो पनि आउने नै छ जब यी सबै नीचता र छलकपट-हरूको भण्डाफोड भइछाड्नेछ!"

यो अनौठो आवाज उसको मुखबाट कैयौंपल्ट निस्केको थियो। त्यसपछि ऊ चिया खान लाग्यो। चिया ज्यादै कडा थियो र पानी हालेर त्यो फिका पारिएको थिएन। मैले पनि चिया टन्न दुई गिलास पिएँ। त्यसको असर पनि मलाई पर्न लागिहाल्यो। उसमाथि पनि असर नपर्ने त

कुरै थिएन, किनभने ऊ पनि झन् झन् उत्तेजित हुँदैगइरहेको थियो। उसको स्वर पनि बढी भावपूर्ण हुन पुगेको थियो र लेग्रोतनाइ पनि सुरिलो हुँदैथियो। बेला बेलामा ऊ आफ्नो ठाउँ फेर्नेगर्थ्यो। कहिले टोपी फुकाल्थ्यो त कहिले चाहिं फेरि टाउकोमा लगाउँथ्यो। त्यस मधुरो उज्यालोमा उसको अनुहारमा पनि नयाँ नयाँ र अनौठा अनौठा भावहरू देखिन्थे र बिलाएर जानेगर्थे।

"तीस वर्षको उमेरसम्म नै मेरो जीवन यसै ढर्रामा चलिरह्यो।"—उसले आफ्नो कथा फेरि शुरू गर्‍यो।—"तर बिहे गर्ने र बिहे गरिसकेपछि चाहिं सत्यनिष्ठ र पवित्र जीवन व्यतीत गर्ने मनसाय चाहिं मैले एक क्षण पनि त्यागेको थिइनँ। यसै इच्छापूर्तिको लागि म कुनै राम्रो शीलस्वभावकी कन्याकेटीको खोजी समेत गर्न लागें।"—उसले अगाडि थप्यो।—"एकातिर त म आफै नै व्यभिचारको धापमा फसिरहेको थिएँ, अनि अर्कोतिर चाहिं म नै त्यतिखेर एउटी यस्ती युवतीको खोजतलाश पनि गर्दैथिएँ जो आफ्नो पवित्रताको कारणले गर्दा मेरी पत्नी बन्न सुयोग्य हुन सक्थी। कति जनालाई त मैले के भनेर अस्वीकार गरिदिएको थिएँ भने ती युवतीहरूमा त्यस पवित्रताको गन्ध समेत छैन जुन म चाहन्थें। अन्त्यमा एउटी कन्याकेटी मेरो नजरमा परी। उसलाई मैले आफ्नो निम्ति योग्य ठानें। त्यो पेन्जानिवासी एक बिर्तावालकी छोरी थिई। त्यस बिर्तावालका दुई जना छोरीहरू थिए। त्यो कुनै जमानामा खूबै धनाड्य पनि थियो। तर अब भने उसको टाट उल्टिसकेको थियो।

एकपल्ट साँझपख नौकाविहारबाट हामी घरतिर फर्कि-

रहेका थियौं। टहटह जून चम्किरहेको जुनेली रात थियो। म उसको बगलमा नै बसिरहेको थिएँ र उसको सुडौल शरीरको सौन्दर्य हेर्दैथिएँ। उसले एउटा ऊनी जर्सी लगाइ-राखेकी थिई। उसको घुम्रिएको केश ज्यादै मनमोहक थियो। अचानक मेरो मनमा के विचार उब्जियो भने यो सुन्दरी त्यही नै हो जसको खोजमा म लागिपरेको छु। त्यस साँझ मलाई के लागिरहेको थियो भने उसले मेरा सबै भावना र विचारहरू पनि एक-एक बुझेकी छे र तिनको महत्ता समेत ठम्याइसकेकी छे। वास्तविकता चाहिं के थियो भने उसले लगाइराखेको जर्सी र उसको केशका तर्कनहरू उसको जिउडाललाई सुहाउँदो खालका थिए। उसको सान्निध्यमा निकै समय बिताइएपछि उसको अझ निकट हुने मेरो चाहना बढिरहेको थियो।

सौन्दर्य मङ्गलमयी हुन्छ भन्ने हाम्रो भ्रमले कति अनौठो किसिमबाट हाम्रो मनमा प्रभाव पार्न सक्दो रहेछ! एउटी सुन्दरी नारीले जस्तोसुकै बकमफुस कुरा गरे पनि तपाईं त्यसलाई सुनेर मक्ख पर्नुहुन्छ र उसले फोस्रो कुरा गरि-रहेकी छैन, बरू बुद्धिमत्तापूर्ण कुरा गरिरहेकी छे भन्ठान्नु-हुन्छ! उसले नचाहिंदो कुरा गरेको होस् वा मूर्खतापूर्ण त्यस नै किन नगरेको होस्, तपाईं त उसले ज्यादै राम्रो गरिरहेकी जस्तो पो त देख्नुहुन्छ। संयोगवश न हुँदा न त छिचरो नै कुनै प्रकारको कुरा नै नगरेर ऊ चुपचाप बसिरहेकी छे भने त तपाईं तुरून्त नै के विश्वास गरिहाल्नुहुन्छ भने त्यो सर्वगुणसम्पन्न छे र बुद्धिमत्ताकी त मानौं मूर्ति नै बन्न पुगेकी छे।

म आल्हादित हुँदै घर पुगें। त्यो युवती सदाचारकी त

प्रतिमूर्ति नै हो भन्ने मलाई पक्का विश्वास भैसकेको थियो। यसै कारण मैले उसलाई आफ्नो अर्धाङ्गिनी हुन योग्य भएकी ठानें। भोलिपल्टै मैले उसको सामुन्ने विवाहको प्रस्ताव पनि राखिहालें।

परन्तु यो सब कति छलकपटपूर्ण छ! बिहे गर्ने एक हजार पुरूषहरूमध्ये सके एक जना पनि यस्तो भेट्टाउन मुश्किल पर्नेछ जसले डोन-जुआँ झैं यसभन्दा पहिले नै कम्तीमा पनि दसपल्ट, अझ साँच्चै भन्ने हो भने सय वा हजारपल्ट नै बिहे गरिसकेको नहोस्! दुर्भाग्यवश यस्तो कुरा हाम्रो वर्गको लागि मात्र लागू हुँदैन, तल्लो वर्गको समेत यही नै हालत छ। (हो, मैले आफैंले के देखेको र सुनेको छु भने अचेल यस्ता तन्नेरीहरू पनि यदाकदा भेट्टाइहालिन्छन् जो साँचो अर्थमा ईमान्दार हुन्छन्, जो यसलाई विषयभोग होइन, बरू एक महान् र पवित्र कुरा मान्छन् र यसलाई तुच्छ ठान्दैनन्। भगवान्ले उनीहरूको भलो गरून्! परन्तु मेरो जमानामा त दस हजार मान्छे-हरूमा एक जना पनि यस्तो मान्छे पाउन सकिंदैनथ्यो।) यो कुरा सबैलाई थाहा छ, तर थाहै नभएको जस्तो बहाना गरिटोपल्छन्। सबै उपन्यासहरूमा नायकका भावना-हरूको बडो सूक्ष्म ढंगले वर्णन गरिएको हुन्छ। कहाँसम्म भने जुन पोखरीको किनारामा ऊ घुम्न निस्कन्छ त्यहाँको एक-एक बोटबिरूवाको समेत बयान गरिन्छ। अनि त्यस महान् प्रेमको पनि बखान गरिन्छ जुन कुनै युवतीप्रति त्यस नायकले अनुभव गर्छ। तर त्यस सुन्दर नायकले पहिले कुन किसिमबाट समय बिताउनेगरेको थियो भन्ने विषयमा चाहिं चर्चासम्म पनि गरिएको हुँदैन। न त ती कोठी-

हरूको नै वर्णन गरिन्छ जहाँ त्यो नायक पुग्नेगर्थ्यो, न त नौकर्नी, भान्सेनी वा अरू कुनै आइमाईहरूको नै उल्लेख गरिन्छ। कथंकदाचित् यस प्रकारका अश्लील उपन्यासहरू नेम्बिइ नै हालेछ भने पनि ती मानिसहरूको हातमा त्यस्ता उपन्यासहरू पर्नै दिइँदैन जसलाई यो सब कुरा थाहा पाउनु सबभन्दा बढी आवश्यक हुन्छ। तिनको सबभन्दा बढी खाँचो हुन्छ — युवतीहरूलाई। शुरूमा ती युवतीहरूलाई यस्तो भ्रममा पारिन्छ भने व्यभिचार भन्ने कुनै कुरा छँदै छैन. यद्यपि हाम्रा शहरहरूको सामाजिक जीवनमा र अझ गाउँघरतिरको जीवनमा समेत त्यसको बिगबिगी हुन्छ। पछि त उनीहरूलाई यस्तो स्वाङ्ग पार्ने त बानी नै परिहाल्छ र अन्त्यमा उनीहरू स्वयं नै अंग्रेजहरूले जस्तै कुनै कुरामा पक्का विश्वास गर्न थाल्छन् भने उनीहरू त उच्च नैतिकताले सम्पन्न मान्छे हुन् र उच्च नैतिकताले परिपूर्ण संसारमा नै उनीहरू बस्छन् पनि। बिचरा सूधा-साधा युवतीहरू यसलाई वास्तवमा नै सत्य मान्दछन्। मेरी अभागिनी पत्नी पनि यस्तै एक युवती थिई। मलाई लाग्दछ, उसको भावी दुलहा बनिसकेपछि मैले उसलाई आफ्नो डायरी पढ्न दिएँ। त्यस डायरीबाट उसलाई मेरो विगत जीवनको केही न केही बोध अवश्य हुन सक्थ्यो। त्यसैगरी पनि उसले मेरो अन्तिम प्रेमबारे थाहा पाइ-हालोस् भन्ने मेरो इच्छा थियो। यसबारे अरूहरूको मुखबाट पनि त उसले थाहा पाइहाल्ने सम्भावना थियो। यसैउसले मैले आफैंले यो सब बताइदिनु नै आवश्यक र उचित ठानेको थिएँ। डायरी पढिसकेपछि मेरो प्रेमलीलाको बारेमा थाहा पाउँदा उसको मनमा ठूलो चोट पर्‍यो। मलाई

सम्झना छ, ऊ एकदमै निराश र हतोत्साह भएकी थिई। त्यतिखेर नै उसले मसंग सम्बन्धविच्छेद गरिदिन चाहेकी छे भन्ने समेत मलाई भान पर्‍यो। हरे! उसले किन यस्तो नगरेकी होली!"

फेरि उसको मुखबाट त्यही अनौठो आवाज आयो। ऊ चूप लागिहाल्यो र उसले चियाको एक चस्को लियो।

६

"हैन! जे भयो सो राम्रै भयो। यही नै ठीक थियो!" — उसले जोडले कराएर भन्यो। — "आफ्नै करतूतको फल पाएँ मैले! तर गाँठी कुरो यो होइन। मैले भन्न खोजेको के त भने यस्तो छलकपटको शिकार त बिचरा युवतीहरू मात्रै बन्न पुग्छन्। उनका आमाहरूलाई सब कुरा यथार्थ थाहा हुन्छ, खास गरेर ती आमाहरूलाई जसले आफ्ना पतिहरूबाट यी कुराहरू थाहा पाइसकेका हुन्छन्। उनीहरू-लाई पुरूषहरूको ईमान्दारितामा पक्का विश्वास भएको जस्तो उनीहरू स्वाङ्ग पार्दछन्, तर कामकुरो चाहिं यसको बिल्कुलै उल्टो गर्दछन्। आफ्नो निम्ति र आफ्ना छोरी-बेटीहरूको निम्ति लोग्नेमान्छेहरूलाई फसाउन के कस्तो बल्छी चाहिन्छ भन्ने उनीहरूलाई थाहा हुन्छ।

हामी, पुरूषहरू मात्रै केही पनि थाहा पाउँदैनौं। हामी थाहा पाउने पनि त चाहना राख्तैनौं, त्यसैले थाहा पनि पाउँदैनौं। आइमाईहरूलाई चाहिं कुन कुराको राम्रो बोध हुन्छ भने उच्चातिउच्च, जस्तो कि हामी भन्ने गर्छौं,

कवित्वपूर्ण प्रेम पनि नैतिक गुणहरूमा आधारित हुँदैन। त्यो न आधारित हुन्छ – शारीरिक सन्निकटतामा, केश-विन्यासमा, लुगाको छाँट र रङ्गमा! कुनै लोग्नेमान्छेलाई रमाउन खोज्ने जुनसुकै अनुभवी नखरमाउलीसंग सोधि-हेर्नोस् – कुन स्थिति तिमीलाई ग्राह्य हुनेछ: आफ्नो प्रिय-तमको अगाडि कुलटा, कपटी र अज्ञ वेश्या भनेर कसैले लाञ्छना लिएको रोज्छयौ कि आङमा नमिल्ने गरी भद्दा किसिमले सिइएको नसुहाउँदो जम्फर लगाएर उसको सामुन्ने देखा पर्नुपरेको रोज्छयौ? कुलटा भनेर भर्त्सना गरेको नै वरू उसलाई ग्राह्य हुनेछ, किन्तु भद्दा जम्फर लगाउन न ऊ कदापि राजी हुनेछैन। कुनै लोग्नेमान्छेले आफ्नो अगाडि उच्च भावनाहरूको विषयमा कुरा गर्ने गरेको छ भने त्यो फटाहा कुरा गर्दछ भनेर त्यस आइमाई-ले बुझिसकेकी हुन्छे। पुरूषको चाहना त उसको शरीरसित मात्र हुन्छ, तसर्थ उसका सबै दुष्कर्महरूलाई उसले क्षमा गरिदिनेछ, परन्तु उसको नसुहाउँदो, छाँट नपरेको भद्दा जम्फरको लागि भने कदापि उसले माफ गर्नेछैन भन्ने ऊ तुरून्त नै बुझिहाल्छे। जुनसुकै नखरमाउलीले पनि चेतनशील रूपमा यो कुरा बुझेकी हुन्छे। अनि जुनसुकै सूधीसाधी युवतीले पनि अचेतन रूपमा कुनै जीवजन्तुले झैं अन्तर्प्रेरणा-द्वारा यो कुरा बुझ्नेगर्छे।

यो निर्नै घृणित जर्सीहरू, नाङ्गा पाखुरा र कुम, झण्डै झण्डै नाङ्गो पुष्ट छातीहरूको कारण हो, साथै ती पोशाकहरूको कारण हो जसको फेर माथि उठेको देखिन्छ। आइमाईहरू, खास गरी ती आइमाईहरू जसले लोग्नेमान्छेहरूबाट सारा ज्ञान हासिल गरिसकेका हुन्छन्, उच्च आदर्शको कुरा

फोस्रो गफ हो भन्ने निकै राम्रोसंग बुझ्दछन्। पुरूषलाई त वास्तवमा नारीको शरीर मात्रै चाहिएको हुन्छ। जुन प्रकारले त्यसलाई आकर्षक र रूचिकर पारेर सिंगारिनेछ त्यत्तिकै बढ्ता त्यो उसलाई मन पनि पर्नेछ। आइमाईहरू यही नै गर्छन् पनि। हाम्रा उच्च वर्गहरूको जीवनलाई हाम्रो स्वभावको अभिन्न अङ्ग बनिसकेको र जे हेरे पनि राम्रो मात्रै देखिने रङ्गीन चश्मा लगाएर होइन, बरू वास्तवमा त्यो जस्तो छ त्यस्तै देखिने आँखाले हेर्ने हो भने त्यस जीवनलाई हामी वास्तवमा नै लाजभाँड पचाइसकेको एक वेश्यालयको रूपमा पाउनेछौं। के तपाईंलाई यो कुरा मान्य छैन? आउनोस्, म सत्य साबित गरेर देखाइदिन्छु ल!"—मलाई केही भन्ने मौका नै नदिएर उसले अगाडि भन्यो।—"तपाईं के भन्न खोज्नुहुन्छ होला भने हाम्रो समाजका आइमाईहरूको अभिरूचि वेश्यालयमा बस्ने आइमाईहरूको भन्दा बेग्लै प्रकारको छ। तर तपाईंको भनाइ सही होइन। म यो कुरा प्रमाणित गरेर देखाइदिन सक्छु। यदि जीवनमा मानिसहरूको लक्ष्य बेग्लाबेग्लै छ र उनीहरूको आन्तरिक जीवन पनि भिन्दाभिन्दै छ भने यो अन्तर उनीहरूको जीवनको वाह्य रूपमा समेत देखा पर्नेछ। परन्तु ती अभागी नारीहरूलाई हेर्नोस् जसलाई हामी छि: छि: दुर् दुर् गर्छौं र ती भद्र महिलाहरूलाई पनि हेर्नोस् जो उच्चातिउच्च समाजमा रहन्छन्। त्यही शृङ्गारपटार, त्यही फैशन, त्यही अत्तर-पाउडर, त्यही नाङ्गा पाखुरा, कुम र छाती, त्यही माथि उठेको फेर हालेको लुगा, त्यही चम्किला मणिमाणिक्यको हार र महँगा गरगहनाको सोख, त्यही आमोद-प्रमोद, त्यही नाच-गान र त्यही

मवीन! पुरुषहरूलाई फसाउने जुन साधनहरूको प्रयोग वेश्याहरू गर्छन् तिनैको प्रयोग यी पनि गर्छन्। यी दुवै वर्गका आइमाईहरूमा कत्ति पनि अन्तर छैन। सूक्ष्म रूपको कुरा गर्दा के भन्न सकिन्छ भने हामी ती आइमाई-हरूलाई घृणाको दृष्टिले हेर्नेगर्छौं जो अल्प समयको लागि वेश्या बन्न पुगेका हुन्छन्, तर ती आइमाईहरूको चाहिं आदर र मानमनितो गर्दछौं जो जीवनभरि नै वेश्यावृत्ति गर्छन्।"

७

"म पनि यसरी नै यी जर्सीहरू, यी घुम्रिएको कपालका नर्कनहरू र यी फेर उठेका लुगाहरूको जालमा फस्ने। मलाई फसाउनु सजिलो थियो, किनभने मलाई जे जस्तो परिस्थितिमा हुर्काइएको थियो त्यो त त्यस्तै बगैंचाघर ममान थियो जहाँ काँक्रो फलाइन्छ। यस्तै परिस्थि-तिहरूमा नै त युवकहरूको कामवासना पनि इन्याङ्गिन्छ। अत्यधिक ऐशआरामको साथसाथै कामोत्तेजक खुराकले कामवासना जगाउनु त स्वाभाविकै भयो। म एकदमै साँचो कुरा गर्दछु, चाहे तपाईं अचम्म मान्नोस् वा नमान्नोस्! मलाई पनि त केही समयअघिसम्म यसको ज्ञान पटक्कै थिएन। तर अब मैले यो राम्ररी नै बुझ्न थालेको छु। यसै कारणले गर्दा नै जतिखेर कसैले यो कुरा बुझेको हुँदैन, त्यस बखत आइमाईले जस्तै उटपटाङका कुराहरू गर्न सक्छ उस बेला मेरो कन्सरी तातेर आउँछ र म बौलाउन थाल्छु।

यसै साल त हो, वसन्तयाममा केही किसानहरू रेलमार्गमा काम गर्दैथिए। त्यो ठाउँ मेरो छिमेकमै थियो। सामान्यतया एक जना लाठे किसानको खुराक साधारण नै हुन्छ: रोटी, क्वास* र प्याज। यत्तिकैको भरमा ऊ बाँचेको पनि हुन्छ, हट्टाकट्टा एवं स्फूर्तिलो पनि रहन्छ र खेतीपातीको सामान्य काम पनि गर्छ। जब ऊ रेलमार्गमा काम गर्न जान्छ, त्यस बेला उसको दैनिक खुराक हुन्छ – लिटो र एक पाउण्ड मासु। परन्तु उसले दिनको सोह्र घण्टा काम गर्छ र तेह्र पुद** गह्रौं ठेला तान्छ। यसरी उसले जे जति खान्छ त्यो सब हजम भैहाल्छ। यो खुराक ठीक उसको जरूरतबमोजिम नै छ। परन्तु हाम्रो के हाल छ? हामी दिनहुँ दुई-दुई पाउण्ड माछामासु, चराको फुल र नाना थरीका कामोत्तेजक परिकारहरू खान्छौं, रक्सी पनि घुट्क्याउँछौ। यो सब खुराक कसरी हजम पार्छौं त? भोगविलास गरेर! यदि हामी यसलाई त्यसमा उपयोग गर्छौं भने ठीकै छ, किनभने अतिरिक्त उत्तेजनाबाट मुक्ति पाउने साधन सदैव नै हामीसंग हुनेछ। किन्तु यदि यस्तो हुन सकेन भने मान्छेको कामुकता एकदमै जागेर आउनेछ, जस्तो कि अक्सर मलाई हुनेगर्थ्यो। हाम्रो यस उत्ताउलो कृत्रिम जीवनमा यही कामुकता नै अति सुकोमल प्रेममा अभिव्यक्त हुन थाल्छ। कहिलेकाहिं त निष्काम प्रेममा समेत त्यसको अभिव्यक्ति हुन्छ। सबैले जस्तै मैले पनि प्रेम गर्न थालेको हुँ। मेरो प्रेममा पनि सबै कुरा विद्यमान

---

*सुकेको रोटीबाट तैयार पारिने एक रूसी पेय। – अनु०

** पुद – १६ किलोग्राम। – अनु०

थिए : उन्माद, भावुकता, कविता! परन्तु वास्तविक कुरा चाहिं के थियो भने यो प्रेम एकातिर त उसकी आमा र उसको निम्ति लुगा सिउने सुजिकारले मेरो मनमा उत्पन्न गरिदिएका थिए भने अर्कोतिर चाहिं यो मेरो कामोत्तेजक बुरक र मेरो ऐयासी जीवनको उपज थियो। यदि हामीहरू नौकाविहारमा नजाँदा हौं, यदि उसले बारूले कम्मर र पुष्ट जिउ देखिने छाँटको लुगा नलगाएकी हुँदो हो, यदि मेरी भावी पत्नीले एउटा मामुली जम्फर मात्र पहिरेकी हुँदी हो र ऊ घरमै मात्र बस्न रूचाउँदी हो, यदि मेरो खान-पान पनि आफ्नै कामकाजको निमित्त चाहिने किसिमको मात्र हुँदो हो, यदि मेरो दिनचर्या पनि एक सामान्य मान्छेको जस्तै हुँदो हो र यदि अतिरिक्त उत्तेजनाबाट सुख पाउने साधन पनि मसित हुँदो हो (तर त्यतिखेर स्वयंवश त्यो साधन थिएन) त म कदापि पनि प्रेमपाश-मा फस्नेथिइनँ र यस्तो कुनै दुष्परिणाम पनि निस्किने थिएन।

८

परन्तु के हुन पुग्यो भने सबै कुरा ठ्याक्क मिल्न पुगे: मेरो मनःस्थिति, उसको शृङ्गारपटार र साथै नौकाविहार! पहिले बीसौंपल्ट यसको कुनै असर नै परेको थिएन तर त्यस बखत पर्‍यो। म पासोमा परिहालें। मैले ठट्टा गरिरहेको होइन। अचेल वास्तवमा पासो थापेर नै बिहेबारी पनि गरिन्छ। हुनुपर्ने चाहिं के हो? कन्या बेटी हुर्केपछि उसको बिहे गरिदिनैपर्छ। लाग्छ, यो

कुनै गाह्रो कुरै होइन। यदि केटी कुरूप छैन र बिहे गर्न इच्छुक केटो पनि छँदै छ भने कुरा सजिलै छ। प्राचीन कालमा यस्तै हुन्थ्यो पनि। कन्याकेटी उमेरदार हुनेबित्तिकै आमाबाबुले उसको बिहेको लागि कुमारकेटो खोज्नेगर्थे। जताततै यस्तै चलन थियो। आज पनि सबै मान्छेहरू यस्तै गर्छन् – चिनियाँ, हिन्दुस्थानी, मुसलमान र हाम्रै सर्वसाधारण मानिसहरूमा पनि यस्तै हुन्छ। संसारका उनान्सय प्रतिशत जति मान्छेहरूमा अचेल पनि यस्तै प्रथा छ। परन्तु एक प्रतिशत जति हामी व्यभिचारीहरूले यो प्रथा राम्रो होइन भन्ने फैसला गरिदियौं र एउटा नयाँ चलन पत्ता लगायौं। हुन त यसमा नयाँ नै के छ र? नयाँ कुरा केही छ भने त्यो यही नै छ कि केटीहरू लहरै बसिरहन्छन्, तर केटाहरू चाहिं मेलाबजारमा जस्तै उनीहरूको वरिपरि झुम्मिएर आफूलाई मनपरेकी एउटीलाई रोज्दछन्। पालो पर्खेर बसिरहेका केटीहरू मनमनै भन्छन्: 'हजूर, म यहाँ बसेकी छु, मलाई लिइहाल्नोस्! त्यसलाई होइन, मलाई रोज्नोस्! हेर्नोस् न, मेरा कुम कति सुडौल छन्।... मेरा अन्य अङ्गप्रत्यङ्ग पनि सुन्दर छन्!..' उनीहरू यो सब मुख खोलेर भन्ने चाहिं आँट गर्दैनन्। अनि हामी पुरूषहरू चाहिं उनीहरूको वरिपरि ढल्कीढल्की हिंड्छौं, एकटक लगाएर उनीहरूलाई निहार्छौं र मनमनै रमाएका हुन्छौं। 'थाहा छ, यस्तो पासोमा पर्नेवाला नठान मलाई!' – हामी मनमनै सोच्छौं, मक्ख परेर निरीक्षण गर्छौं र हाम्रो लागि यस्तो रमाइलो प्रदर्शनीको आयोजना गरिएकोमा ज्यादै खुशी हुन्छौं। परन्तु हामीले अलिकति

...न मनर्क हुन छाडयौं कि त स्वाट्ट पासोमा फसि-न्छौं।"

"...यमा भए के गर्ने नि?"–मैले सोधें।–"के त, ...इमाईहरूले विवाह-प्रस्ताव आफैं नै ल्याउन् भन्ने तपाईं ...हुन्छ?"

"...के हुनुपर्ने हो त्यो त मलाई पनि थाहा छैन। यदि ...धिकार हुनुपर्छ भन्ने कुरा गर्ने हो भने वास्तवमा ...समानाधिकार हुनुपर्छ। यदि आमाबाबुले वर खोजिदिएको ...नजनक ठान्ने हो भने अहिले जुन किसिमको चलन ...न हज्जार गुना बढ्ता अपमानजनक छ। पहिलो ...मा कमसेकम अधिकार र अवसर त समान छन्। ...न नारी या त यस्तो दासी हो जसलाई बजारमा ...न्छिन्छ, या त कसैलाई पासोमा फसाउने प्रलोभन ...। परन्तु तपाईंले साहस बटुलेर कथंकदाचित् कुनै ...लाई अथवा उसकी आमालाई उसको एक मात्र काम ...धनिलाई जालमा फसाउनु हो भनेर सत्य कुरा भन्दिइ-...न् भयो भने ऊ हुनसम्म रिसाउली। हे भगवान्, उसलाई ...को मर्म पर्ला! परन्तु उनीहरू वास्तवमा त यही नै ...हेका हुन्छन् र उनीहरूसित अर्को गर्ने काम पनि ...केही हुँदैन। यी सूधासाधा र कलिलै उमेरका बिचरी ...हरूले यस्तो गर्नुपरिरहेको देख्दा साह्रै चित्त दुख्छ! ...मा पनि यदि यो सब खुल्लामखुल्ला गरिंदो हो त ...अर्क हुनेथियो। तर यहाँ त सब गुपचुपसित गरिन्छ। ...! तपाईंले जीवजन्तुहरूको उत्पत्ति पढ्नुभएको छ? ...रुचिकर छ! ओ! लीजा त चित्रकलामा खूब सोख ...न्छन्! के प्रदर्शनी हेर्न जाने होइन त? अहो तपाईंको

रूचि त निकै राम्रो रहेछ! त्रोइकाको* सफर गर्नुहुन्छ, नाटक हेर्नुहुन्छ, सिंफनी संगीत सुन्नुहुन्छ। रूचिको कस्तो विविधता! मेरी लीजा त संगीत बिछट्टै मन पराउँछिन्।... तपाईं यस विचारसित किन सहमत हुनुहुन्न हुँ? अनि नौकाविहार!..' उसको मनमा चाहिं एउटै विचार मात्र रन्थनिइरहेको हुन्छ: 'लौ, लिनोस्! मलाई लग्नोस्! अथवा मेरी लीजालाई नै लिएर जानोस्! हैन, मलाई नै लग्नोस्! मात्र लगेर त हेर्नोस्!..' उफ्! कस्तो छलकपट! कति घिनलाग्दो कुरा!"—यति भनेर उसले चियाको अन्तिम चस्को लियो। अनि गिलास र चियादानी उठाएर एकातिर पन्छ्याउन थाल्यो।

६

"तपाईंलाई थाहै छ होला, यसबाट नै त नारीहरूको यस्तो प्रभुत्व उत्पन्न हुन्छ जुन संसारमा अकथनीय दु:ख र क्लेशको मूल हो!"—आफ्नो थैलोमा चिया र चिनी थन्क्याउँदै उसले भन्न शुरू गऱ्यो।

"नारीहरूको प्रभुत्व भनेर तपाईं कुन कुरालाई भन्दैहुनुहुन्छ?" —मैले सोधें।—"ऐनकानूनबमोजिम त पुरूषहरूलाई नै बढी अधिकार प्राप्त छ।"

"हो! हो! गाँठी कुरो यही त हो!"—उसले मेरो कुरा बीचैमा काटेर भन्यो।—"यही नै त म पनि तपाईंलाई भन्न चाहन्छु। यसैको आधारमा नै त यस अनौठो

---

*तीनवटा घोडा हाँकिएको बग्गी।—अनु०

ध्वनिको व्याख्या पनि गर्न सकिन्छ। एकातिरबाट नारीलाई पददलित र अपमानित गरिएको छ, तर अर्कोतिरबाट चाहिं उसकै हुकुम चल्छ। नारीहरू त्यसरी नै एक कुराको क्षतिपूर्ति अर्को कुराले गर्नेगर्छन् जसरी यहूदीहरू आफ्नो उत्पीडनको क्षतिपूर्ति त्यस शक्तिको आडमा गर्छन् जुन उनीहरूलाई पैसाबाट प्राप्त हुन जान्छ। यहूदीहरू भन्ने गर्छन्: 'हामीहरू व्यापारीको व्यापारी नै बनिरहौं भन्ने नै तपाईंहरू चाहनुहुन्छ त? ठीक छ, हामी व्यापारी नै बनेर तपाईंहरूउपर शासन गर्नेछौं!' यसै गरी नारीहरू पनि भन्छन्: 'हामी केवल वासनातृप्तिको साधन मात्र बनिरहौं भन्ने तपाईंहरू चाहनुहुन्छ त? ठीक छ, वासना-तृप्तिको साधन बनेर नै हामी तपाईंहरूलाई कृतदास बनाइछाड्नेछौं!' मतदानको अधिकार नहुँदैमा या न्यायाधीश बन्ने हक नहुँदैमा नारीलाई अधिकारविहीन भन्ठान्नु गलत हो। यस्तो कामबाट कुनै अधिकार प्राप्त पनि हुँदैन। उसको अधिकारहीनता त कुन कुरामा नीहित छ भने यौन-तुष्टिको क्षेत्रमा ऊ पुरूषको समान छैन, आफुखुशी कुनै पुरूषसमक्ष आफुलाई स्वयं सुम्पने र आफूलाई मन नपर्ने कुनै पुरूषसित सम्पर्क नराख्ने उसलाई अधिकार छैन। कुनै पुरूषद्वारा आफू रोजिनुको बदला आफ्नो इच्छाअनुसार पुरूष रोज्ने अधिकारबाट पनि ऊ वंचित राखिएकी छे। त्यो न अनुचित हुनेछ भनेर तपाईं भन्नुहोला। ठीक छ! पुरूषले पनि यस्तो अधिकार पाउनुहुँदैन। अहिले भने नारीलाई त्यस अधिकारबाट वंचित राखिएको छ जुन पुरूषले उपभोग गर्न पाइराखेको छ। यसै अधिकारको अभावको क्षतिपूर्ति गर्न नै उसले पुरूषको सुकोमल भावना-

हरूबाट फाइदा उठाउँदै तिनै सुकोमल भावनाहरूको माध्यम-द्वारा उसलाई वशमा पार्ने गरेकी छे। कहाँसम्म भने पुरूषको चयनाधिकार त औपचारिकतामा मात्रै सीमित रहन जान्छ। वास्तवमा चयन त नारीले पो गर्छे! एकपल्ट मात्रै आफ्नो लक्ष्यप्राप्तिको निम्ति यो साधनको उपयोग गर्न पाइयो कि त उसले त्यसको दुरूपयोग गर्न थालिहाल्छे र ऊ सबै मानिसहरूउपर आफ्नो भयानक प्रभुत्व जमाउन त्यसको पूरा पूरा प्रयोग गर्छे।"

"यो भयानक प्रभुत्व कुन कुरामा जम्छ नि?"—मैंले प्रश्न गरें।

"कुन कुरामा रे? जे कुरामा पनि! जहाँसुकै पनि! कुनै पनि ठूलो शहरका पसलहरूमा गएर हेर्नोस्! जुन चीजबीज त्यहाँ राखिएका हुन्छन् ती सब लाखौं-करोडौं, अझ अनगन्ती मानिसहरूको श्रमका उपज हुन्। यस्ता पसलहरूमध्ये सयकडा नब्बे पसलहरूमा के तपाईं पुरूषहरूको उपयोगको कुनै पनि चीज भेट्टाउन सक्नुहुन्छ त? भोग-विलासका सबै सामग्रीहरूको माग र तिनको उपयोग पनि नारीहरू नै त गर्छन्। ल, कलकारखानाहरूकै नाम गन्नोस्! त्यसमध्ये अधिकांश कलकारखानाहरूले नारीहरूकै लागि गरगहना, बग्गी, फर्निचर र नाना थरीका खेलौनाहरू जस्तै अनावश्यक चीजबीजहरू नै त बनाउनेगर्छन्। आइ-माईहरूको लहड पूरा गर्न नै त लाखौंलाख मानिसहरूले, दासहरूका पुस्तनपुस्ताले यी कलकारखानाहरूमा हाड घोट्नुपर्ने हुन्छ। महारानीहरू झैं बनेर नारीहरूले मनुष्य-जातिको सयकडा नब्बे हिस्सालाई दासताको बन्धनमा पारिराखेका छन् र असहनीय काम गर्न विवश तुल्याइ-

गर्नेका छन्। नारीहरूलाई तिरस्कृत गर्नु र उनीहरूलाई पुरुषहरूको सरह समान हक प्रदान नगर्नु नै यी सबै कुराको एक मात्र कारण हो। यसैउसले उनीहरू हामीलाई आफ्नो जालमा फसाएर हाम्रा भावनाहरूसंग खेलवाड गर्दै गर्न निनेगर्छन्। हो, यो नै यी सब कुराको कारण हो। नारीहरूले आफूलाई पुरुषहरूको भावनासंग खेलवाड गर्ने गर्ना अमोघ साधन बनाइसकेका छन् भने नारीहरूको उपस्थितिमा पुरुषहरूको मानसिक स्थीरता नै कायम रहँदैन। कुनै आइमाईको नजिक जसै कुनै लोग्नेमान्छे पुग्छ त गाँजा खाएका जस्तै गरी उसको मति नै मन्द भइहाल्छ। पहिलेपहिले नाच्ने पोशाकमा डटेकी कुनै भद्र महिलालाई देख्नेबित्तिकै मलाई उकुसमुकुस भएर आउँथ्यो र कम्प गर्न छुट्नेगर्थ्यो। किन्तु अचेल चाहिं यस्तो आइमाईलाई देख्दा मनाई डर लाग्न थाल्छ, किनभने उसलाई म ज्यादै खतरनाक र कानूनको समेत उलङ्घनकर्ता ठान्न थाल्छु र बोइने कराएर पुलिस बोलाउन मन लाग्छ र पुलिसले यस्तो यस खतराबाट मानिसहरूको तत्कालै रक्षा गरिदेओस् भन्ने चाहना हुन्छ।"

"तपाईं हाँस्दै पो हुनुहुन्छ!"—उसले कड्केर भन्यो।—"यसमा हाँस्नुपर्ने कुरा केही पनि छैन। मलाई पक्का विश्वास छ, कुनै दिन यस्तो पनि आउनेछ, सके त्यो छिट्टै नै आइहालोस्, जब मानिसहरूले यस कुरालाई बुझ्नेछन्। कुनै बेला यस्तो पनि समाज थियो जहाँ आइमाईहरूलाई आफ्नो जिउडाल सिंगार्ने अनुमति समेत दिएर त्यस्तो कार्यको लागि प्रोत्साहित गरिन्थ्यो जसले सामाजिक शान्ति नै खल्बल्याइदिन सक्थ्यो र जसको एक मात्र उद्देश्य

नै कोमल भावनाहरूलाई उत्तेजित पार्नुथियो। यो त एकदमै यस्तो काम हो जस्तो कि पुरूषहरूको बाटोमा ठाउँ-ठाउँमा खाल्डो खनेर राख्नु र धराप थाप्नु! अझ यसभन्दा पनि ज्यादा खराब! जुवा खेल्नमा भने प्रतिबन्ध लगाइएको छ, तर वेश्याहरूले जस्तै पुरूषको कामुकता जगाउने आइमाईहरूको शृङ्गार-पटार र वेशभुषामा चाहिं कुनै किसिमको प्रतिबन्ध लगाइएको छैन। यसको कारण के हो? यो त हजारौं गुना बढ्ता खतरनाक छ!"

१०

"अँ, यसै गरेर मलाई पनि फसाइहाले! म त्यतिखेर बडो 'प्रेमी' बन्न पुगेको थिएँ। आफू वर भइटोपलेको बखत त्यो केटीलाई म सम्पूर्णताकी देवी नै ठान्न पुगेको थिएँ। यति मात्र होइन, स्वयं आफूलाई पनि म सर्वगुण-सम्पन्न सम्झन्थें। संसारमा कुनै अति अधम मान्छे भएकै खण्डमा पनि उसले यस्तो मान्छे नभेट्टाउन सक्तैन जो उस-भन्दा कता हो कता महाधम देखिनेछ। यसले गर्दा नै उसले आफूप्रति गर्व र आत्मसन्तोषको भावना राख्ने कारण नपाउन सक्दैन। मेरो पनि स्थिति यस्तै थियो। धनसम्पत्तिको लोभले मैले बिहे गरेको थिइनँ, न त कुनै स्वार्थवश नै, जस्तो कि मेरो जान-पहिचानका अधिकांश मान्छेहरूले गरेका थिए। उनीहरू कि त पैंसाको लागि, कि त उच्च कुलघरानामा नाता जोड्नको लागि बिहे गर्थे। म चाहिं धनी थिएँ, तर ऊ गरीब थिई। पहिलो कुरो यो थियो।

अनि दोस्रो चाहिं के त भने अन्य व्यक्तिहरू विवाह-पश्चात् पनि त्यस्तै गरी बहुपत्नी जीवन बिताउने मनसाय राख्छन् जस्तो विवाहपूर्व बिताइरहेका हुन्छन्, परन्तु मेरो चाहना चाहिं यस किसिमको छँदै थिएन। बिहेपछि सिर्फ एकपत्नीव्रती रहने नै मैले अठोट गरेको थिएँ। यसै कारणले गर्दा आफूप्रति अकथनीय गर्वको भावनाले मेरो मन नै दङ्ग थियो। हो, हुन त म नरपशु नै थिएँ, परन्तु आफूलाई देवदूत झैं ठान्नेगर्थें।

मैले लामो समयसम्म वरको भूमिका निर्वाह गर्नुपरेन। प्रेमाभिलाषी वर भइटोपलेको त्यस बेलाको सम्झना भएर आउँदा मलाई लाज लाग्नेगर्छ। कस्तो घिनलाग्दो बेला थियो त्यो! त्यो आध्यात्मिक प्रेमको समय हो, शारीरिक प्रेमको होइन भन्ने हामी विचार गर्थौं। यदि यो आध्यात्मिक प्रेम र आध्यात्मिक मिलन नै हुँदो हो त हाम्रो कुराकानी, हाम्रो गतिविधि र हाम्रो वार्तालापमा त्यसको झलक पाइनुपर्ने हो! तर यस्तो कुनै झलक पाइएको थिएन। जतिखेर हामी एकलै हुन्थ्यौं, त्यस बेला कुरा गर्न समेत ज्यादै मुश्किल पर्थ्यो। यो त सिसिफसको* कामभन्दा पनि गाह्रो काम बन्न पुगेको थियो। के भन्ने भनेर निकै बेर सोचविचार गरिसकेपछि बल्ल बक् फुट्थ्यो,

---

*ग्रीक पुराणको एक पात्र जसले पहाडमाथि चट्टान धकेल्दै पुऱ्याउने श्राप पाएको थियो, तर चट्टान पहाडको टाकुरामा बल्लतल्ल पुऱ्याइएपछि त्यो फेरि फेदीमा नै खुडेर खस्तथ्यो र उसले फेरि त्यसलाई धकेल्दै टाकुरातर्फ लानुपर्थ्यो। – अनु०

तर फेरि चूप लाग्नुपरिहाल्थ्यो र अब अगाडि के भन्ने भनेर विचार गर्नुपर्थ्यो। भन्ने कुरा नै मगजमा सुझ्दैनथ्यो। आफ्नो भावी जीवन, आफ्ना योजना तथा घरव्यवस्थाबारे जे जति भन्नुपर्ने कुराहरू थिए त्यो सब हामीले भनिसकेका थियौं। बाँकी नै पो के थियो र? यदि हामी पशु हुँदा हौं त कुरा गर्नु हाम्रो काम नै होइन भन्ने हामीलाई थाहा भैहाल्नेथियो। परन्तु मान्छे भएको नाताले हामीले कुरा गर्नुपर्दथ्यो। कुरा गर्नको लागि चाहिं कुनै विषय नै थिएन, किनभने मनमा जुन कुरा आउँथ्यो त्यसलाई मुखबाट बाहिर निकाल्न त अवश्य नै हुँदैनथ्यो। यो सबै हुँदाहुँदै पनि केही भद्दा रीतिरिवाजहरू समेत थिए: चक्लेट बाँड! मिठाईंहरू खाऊ! अनि विवाहको झर्कोलाग्दो तैयारी – घरको सर-सफाई, सुत्ने कोठा, बिछ्यौना, उपर्ना, भित्री लुगा, शृङ्गार-सामग्री, दराज! तपाईं के बुझिहाल्नुहुन्छ भने त्यस बूढाले भने झैं पितृसत्तात्मक समाजको पुरानो चलन-अनुसार बिहेबारी गर्दा दाइजो, पलङ, सिरक-डसना इत्यादिको जुन कुरा हुन्थ्यो ती सबैको पछिल्तिर एक विशेष रहस्य लुकिरहेको हुन्थ्यो। तर अचेल हामीकहाँ त बिहेको लागि ठिक्क परेका दस जनामध्ये एक जना पनि यस्तो भेट्टाउन धौ धौ पर्नेछ जो यस्तो रहस्यमा विश्वास गर्नु त परै रहोस्, अझ जुन काम गर्न ऊ तम्सिएको छ त्यसमा कुनै उत्तरदायित्व पनि जोडिएको हुन्छ भन्ने समेत मान्न तैयार होस्! सयकडा एक मात्रै बल्लतल्ल यस्तो मान्छे भेट्टाइएला जसले बिहे हुनुभन्दा पहिले नै बिहेको अनुभव नगरेको होस्! अनि पचास जनामध्ये शायदै एक जना यस्तो निस्केला जसले विवाहपश्चात् जुनसुकै अनुकूल

मौकामा पनि आफ्नी पत्नीप्रति विश्वासघात नगरोस् ! अधिकांश मानिसहरू त यस्ता हुन्छन् जो गिर्जाघरमा गएर लगनगाँठो जोर्नु त एउटा यस्तो विशेष शर्त मात्र ठान्नेगर्छन् जसअनुसार कुनै एउटी आइमाई सहजै पुरूषको हातमा परिहाल्छे। यी सब कुराहरूबारे विचार गर्नेबित्तिकै बिहेको तयारीको भयानक महत्व छर्लङ्ग भइहाल्नेछ। मूल कुरो त यही नै हो भन्ने स्पष्ट नै छ। यस्तो बिहेबारी त एउटा यस्तो व्यापार मात्रै न हो जहाँ एउटी सूधी कन्या-केटीलाई एक जना भ्रष्ट पुरूषको हातमा बेचेर पठाइन्छ र यस सुक्रीबिक्रीलाई रीत पुऱ्याएर पक्का गरिन्छ।"

११

"यसै रीतले सबका सब नै विवाह गर्छन्। यसरी मैंले पनि बिहा गरें। अनि हाम्रो त्यो मधुमास शुरू भयो जसको मानिसहरू गुणगान गर्नेगर्छन्। यो नाम नै पनि कस्तो घिनलाग्दो छ!" – जडङ्ग रिसाउँदै ऊ फतफतायो। – "एकपल्ट म पेरिसमा एउटा प्रदर्शनी हेर्न गएको थिएँ। त्यहाँ मैले नाना थरीका तमाशाहरू देखें। एउटी स्वास्नी-मान्छे पनि देखियो जसले दाह्री पालेकी थिई। अनि एउटा कुकुर पनि देखियो जसको आधा आङ चाहिं माछाको थियो। पछि के थाहा पाइयो भने त्यो दाह्रीवाली आइमाई त वास्तवमा एक लोग्नेमान्छे नै थियो जसले आइमाईलुगा मात्र लगाइराखेको थियो। अनि कुकुरलाई चाहिं एउटा सीलमाछाको छालामा हालेर नुहाउने टबमा छोडिराखेको

रहेछ जहाँ त्यो पानीमा तैरिरहेको थियो। त्यहाँ खास रमाइलो कुरा त केही पनि थिएन, परन्तु म बाहिर निस्कन लागिरहेको बेला पालेले मलाई खूब मानमनितो गरेर ढोकैसम्म पुऱ्याइदियो र मलाई देखाउँदै त्यहाँ झुम्मिरहेका तमासेहरूलाई सम्बोधन गर्दै भन्यो: 'लौ, प्रदर्शनी कस्तो छ भनेर यिनै सज्जनसित सोध्नोस्! हेर्ने लायक छ कि छैन? आउनोस्! आउनोस्! सिर्फ एक फ्रेन्कमा तमाशा हेर्नोस्!' प्रदर्शनीमा हेर्ने लायक केही पनि छँदैछैन भनेर मैले लाज पचाएर भन्नै सकिनँ। पालेले पनि मबाट सके यसै कुराको आशा राखेको थियो होला! मलाई के लाग्छ भने सके ती मान्छेहरूको हालत पनि यस्तै हुन्छ जसले मधुमासको सारा छुद्रताको अनुभव गरिसकेका हुन्छन्। उनीहरूलाई पनि अरूको भ्रम निवारण गर्न लाज लाग्छ। मलाई पनि यस्तो गर्न संकोच लाग्नेगर्थ्यो, तर अब चाहिं यस्तो हुँदैन। सत्य कुरा खुलस्त पार्न पनि लज्जाउनुपर्ने किन र? अझ म त के ठान्छु भने सत्य कुरा अवश्य नै बताइदिनु आवश्यक छ। मेरो मधुमास पनि त लज्जा, घृणा, दया र मुख्य कुरा उराठले भरिएको थियो! त्यो कति नीरस थियो त्यसको त बयान गरेरै साध्य हुँदैन! त्यो यस्तै किसिमको अनुभव थियो जस्तो शुरू-शुरूमा चुरोट खान थाल्दा हुनेगर्छ जतिखेर मुख नै तीतो भएर आउँछ, वाक्क-वाक्क लाग्छ, मुखभरि राल र थुक भरिन्छ, तर म त्यो थुक निलेर के देखाउने कोशिश गर्छु भने चुरोट खाएर मलाई असाध्य मजा लागिरहेको छ! चुरोट खानमा कुनै मजा आउँछ भने त्यो केही समयपछि मात्र आउँछ होला। मधुमासको बारेमा पनि यही कुरा भन्न सकिन्छ।

बोईपोइले पनि यस व्यसनको बानी बसाल्नुपर्छ, अनि मात्र त्यसबाट केही मजा पाउन सकिन्छ।"

"कस्तो व्यसन?"–मैले सोधें। –"तपाईं यसलाई व्यसन भन्नुहुँदो रहेछ, तर यो त मानव मात्रको स्वाभाविक क्रिया हो।"

"स्वाभाविक?"–ऊ बोल्दैगयो।–"स्वाभाविक रे? कहाँ, हुँदै होइन। म त यसको एकदमै उल्टो निष्कर्षमा पुगेको छु। यो बिल्कुलै अस्वाभाविक छ... प्रकृतिको नै विरुद्ध छ! हो, हो! एकदमै अस्वाभाविक! केटाकेटी-हरूसंग सोधिहेर्नोस्! नबिग्रेका शीलवती युवतीसंग सोध्नोस्! मेरी बहिनीको विवाह यस्तो व्यक्तिसंग भयो जसको उमेर दोब्बर बढी थियो र ऊ ज्यादै भ्रष्ट र व्यभिचारी पनि थियो। मलाई सम्झना छ, सुहागरातमा नै मेरी बहिनी कोठाबाट भागेर आएकी थिई। हामी अकमक्क परेका थियौं। उसको अनुहार फुङ्ग उडेको थियो, आँखाबाट अविच्छिन्न धारा आँसु बगिरहेको थियो, उसको सम्पूर्ण जिउ नै थर्थर कामिरहेको थियो, ऊ चिच्याइरहेकी थिई र के भन्दैथिई भने उसबाट यस्तो कर्म कहिल्यै पनि कदापि हुनेछैन। त्यो मान्छेले उससंग कस्तो कर्म गर्न खोजेको थियो त्यसको चाहिं उसले बयान समेत गर्न सकेकी थिइन।

तपाईं भने यसलाई स्वाभाविक भन्नुहुन्छ! स्वाभाविक कुराहरू पनि नहुने होइनन्! शुरूदेखि नै ती प्रिय र आनन्द-दायक हुन्छन् र प्रकृतिको अनुकूल हुन्छन्। ती कुराहरू तिनमा लज्जाको पनि अनुभव हुँदैन। तर यहाँ त यी कुराहरू त्यस्तै छैनन्। यो त लज्जास्पद, घृणास्पद र क्लेशदायक

पो कुरा हो। यो किमार्थ पनि स्वाभाविक कुरा हुँदै होइन। मलाई पच्चीसै आना विश्वास छ, शीलवती युवतीहरू सदैव नै यस कुरालाई घृणा गर्छन्।"

"भन्नोस्, मनुष्य-जातिको अस्तित्व नै कसरी सम्भव होला?"—मैले प्रश्न गरें।

"मनुष्य-जातिको अस्तित्व?"—उसले व्यङ्ग्यपूर्वक यस किसिमबाट भन्न शुरू गर्‍यो, मानौं मैले यस्तै थोत्रो र लाजमर्दो प्रश्न तेर्स्याउनेछु भन्ने उसलाई पहिलेबाटै थाहा भएको होस्!—"सन्तति-निरोधको उपदेश दिनु सम्भव छ, किनभने यसले गर्दा बेलायतका लार्डहरू सदैव नै अजीर्ण हुने गरी कोचीकोचीकन खान सक्छन्। सन्तति-निरोधको उपदेश दिंदैजानोस्, जसले गर्दा मान्छेले कुनै अप्रिय परिणामको सम्भावनाबेगर मजा लुट्न सक्छ! परन्तु सदाचारको नाममा एकपल्ट पनि कसैले सन्तति-निरोध-को उपदेश दिन चुइँक्क मात्रै गर्‍यो भने त अरे बाबा खैलाबैला नै मच्चिइहाल्छ! दस-बार जनाले पशुहरूको जस्तो जीवन बिताउन छोडेर मान्छेको जस्तो जीवन व्यतीत गर्ने निधो गरे कि त मनुष्य-जातिकै अस्तित्व खतरामा पर्न गएको जस्तो ठान्नेगरिन्छ। माफ गर्नोस्! यस उज्यालोले आँखा तिर्मिर्‍याइरहेको छ। त्यसलाई कुनै चीजले ढाकि-दिने अनुमति दिनुहुन्छ कि?"—उसले बत्तीतर्फ संकेत गर्दै भन्यो।

मलाई कुनै आपत्ति छैन भनेर मैले जवाफ दिएँ। अनि हतारिंदै र हस्याङफस्याङ गर्दै ऊ सीटमाथि उक्लियो र बत्तीको अगिल्तिर पर्दा पनि हालिदियो।

"जे होस्, यदि सबै मान्छेहरूले तपाईंको विचारको

नै अनुसरण गर्न थाले भने त मनुष्य-जातिको अस्तित्व नै नामेट भएर जान सक्छ!" – मैले भने।

उसले यसको जवाफ तुरून्त दिएन।

"मनुष्य-जातिको वंशवृद्धि कसरी हुन्छ भन्ने चिन्ता छ तपाईंलाई, हैन त?" – उसले भन्यो। अनि उसले फेरि मेरो सामुन्नेको सीटमा गोडा फैलाएर घुँडामा आफ्ना कुहिनाहरूले टेकेर अलि झुकेर अगाडि थप्यो – "मनुष्य-जातिको वंशवृद्धिकै पो के खाँचो छ र?"

"के खाँचो रे? यस्तो नहुँदो हो त तपाईं-हाम्रो पनि त अस्तित्व मेटिनेथियो!"

"हाम्रो अस्तित्वकै पनि के खाँचो र?"

"कस्तो कुरा? बाँच्नको लागि!"

"बाँच्ने नै किन? यदि जीवनको कुनै लक्ष्य छैन र यदि बाँच्नको लागि मात्र जीवन पाइएको हो भने बाँचेर नै के फाइदा? यदि यस्तै नै हो भने शोपनहावर, हार्टमैन र बौद्धहरूको भनाइ नै बिल्कुल सही हुन्छ। अनि यदि जीवनको कुनै लक्ष्य छ भने चाहिं त्यस लक्ष्यको पूर्तिपछि जीवन पनि समाप्त भैहाल्नुपर्छ भन्ने प्रष्टै छ। यसबाट त यही नै निष्कर्ष निस्कन्छ।" – उसले उत्तेजित हुँदै भन्यो। ऊ सम्भवत: आफ्नो विचारलाई खूब महत्व दिन्छ भन्ने पनि छर्लङ्ग भैरहेको थियो। – "यसबाट त यही नै निष्कर्षमा पुगिन्छ। मानिलिनोस्! यदि मानव-जीवनको लक्ष्य त्यही नै हो जसको उल्लेख सन्तहरूको वाणीमा पाइन्छ, यदि सबै मात्र नै एउटै प्रेमसूत्रमा बाँधिएको हुँदो हो, यदि भालाको सट्टा कुटोकोदालोको निर्माण गरिंदो हो इत्यादि अर्थात् यदि जीवनको लक्ष्य सदाचार, कल्याण र प्रेम नै

हुँदो हो त यस लक्ष्यप्राप्तिको बाटोमा बाधक बन्ने के हो? त्यही वासनाहरू। सम्पूर्ण वासनाहरूमध्ये सबभन्दा तीव्र, सबभन्दा अनिष्टकर र सबभन्दा बलवती वासना हो—कामवासना अर्थात् शारीरिक सम्भोगको कामेच्छा। तसर्थ यदि वासनाहरूमाथि विजय पाउन सकिन्छ, खास गरी जुन सबभन्दा बढी बलवती छ त्यस कामवासनामाथि काबू जमाउन सकिन्छ भने सन्तहरूका सबै वाणीहरू साकार हुनेछन्, मनुष्यजाति नै एक सूत्रमा बाँधिनेछ, मानव-जीवनको उद्देश्य पनि पूर्ति हुनेछ। अनि त जीवनको पनि कुनै अभिप्राय बाँकी रहनेछैन। मानवजीवनको अस्तित्व रहुञ्जेल उसको सामु एउटा आदर्श पनि रहन्छ। अनि अवश्यमेव यो आदर्श जति सकिन्छ त्यति नै बढी सन्तान उत्पादन गर्दैजाने खरायो वा सुंगुरको जस्तो होइन, न त शारीरिक भोगविलासबाट जति सकिन्छ त्यत्ति नै बढी मजा लुट्दैजाने बाँदर वा पेरिसवासीहरूको जस्तो नै हो। यो त नैतिकताको उच्च आदर्श हो जुन सदाचार र इन्द्रिय-दमनद्वारा प्राप्त हुन सक्छ। मानिसहरूले सदासर्वदा नै त्यसको प्राप्तिको लागि प्रयत्न गर्दैआएका छन् र गर्दै पनि रहनेछन्। तर हेर्नोस्, यसको परिणाम कस्तो हुँदैछ!

शारीरिक प्रेम त एक सुरक्षा-साधन समान छ। मानव-जातिको अहिले जीवित पुस्ताले उद्देश्यपूर्ति गर्न नसक्नाको एक मात्र कारण हो—उसको वासना! अनि सबभन्दा तीव्र वासना हो—कामवासना। कामवासना अस्तित्वमा छ भने त्यसले नयाँ पुस्तालाई पनि जन्म दिन्छ। अनि यो उद्देश्य-पूर्तिको अवसर नयाँ पुस्ताले पाउँछ। परन्तु नयाँ पुस्ताले

पनि लक्ष्यप्राप्ति गर्न सकेन भने त्यो अवसर त्यसभन्दा पछाडिको पुस्ताले पाउँछ। यो क्रम त्यस बेलासम्म चलि नै रहनेछ जबसम्म मानवजातिले वास्तवमा नै आफ्नो उद्देश्य पूर्ति गरिसक्नेछैन, जबसम्म सन्तहरूको वाणी अनुसारको आचरण हुँदैन, जबसम्म सम्पूर्ण मानवजाति नै एक सूत्रमा बाँधिदैन। यसको विपरित हुनै पनि त के सक्छ र? मानिलिनोस्. ईश्वरले मान्छेहरूलाई एक विशेष लक्ष्यप्राप्तिको निम्ति सृजना गऱ्यो, तर उनीहरूलाई या त यस्तो मर्त्यजीव बनाइदियो जसमा कामवासनाको नामोनिसान थिएन, या त उनीहरूलाई अमर बनाइदियो। यदि उसले मान्छेलाई मरणशील तर कामवासनारहित बनाइदिएको भए त्यसको परिणाम निस्कँदो हो? उनीहरू लक्ष्यप्राप्ति नहुँदै मरेर गैहाल्नेथिए र लक्ष्यप्राप्तिको लागि ईश्वरले नयाँ मान्छेहरू सृष्टि गर्नुपर्नेथियो। फेरि यदि उसले मान्छेहरूलाई अमर बनाइदिएको भए कैयौं हजार शताब्दी बितेर गैसकेपछि उनीहरूले आफ्नो लक्ष्यप्राप्ति गर्नेथिए होलान्। (यद्यपि एउटै पुस्ताका मानिसहरूको लागि आफ्नो भूल सुधार गर्नु कठिन हुन्छ, जब कि नयाँ पुस्ताका मान्छेहरूको लागि आफ्ना पितापुर्खाका भूलहरू सुधार गर्दै लगेर पूर्णताको निकट पुग्नु ज्यादा सजिलो पर्छ।) तर ती अमर मान्छेहरूको के प्रयोजन? उनीहरूलाई कहाँ राख्ने? त्यसैले स्थिति जस्तो छ त्यो नै सबभन्दा उत्तम छ।... सके जुन किसिमबाट म यस कुराको अभिव्यक्ति गर्दैछु त्यो तपाईंलाई मन परेको छैन क्या रे? सके तपाईं क्रमिक विकासम्बन्धी सिद्धान्तका पक्षसमर्थक हुनुहुन्छ क्या रे? जे होस्, त्यसको परिणाम पनि उस्तै नै हुनेछ। प्राणीमात्र-

मा सबभन्दा श्रेष्ठतम जीव अर्थात् मनुष्य-जातिले अन्य जीवजन्तुहरूको विरूद्ध संघर्षमा आफ्नो अस्तित्व कायम राख्न माहुरीको गोला झैं एकगठ हुनुपर्नेछ। उसले अनियमित तरीकाले सन्तान उत्पन्न गर्दैरहनुहुँदैन। माहुरीहरूले जस्तै गरेर वासनाशून्य व्यक्तिहरूको सृजना गर्नुपर्छ अर्थात् ब्रह्मचर्यको लक्ष्य राख्नुपर्छ, न कि विषयवासनाको, जस्तो कि आजको हाम्रो समाजमा व्याप्त छ।"—एक छिन मौनता धारण गरेर उसले फेरि भन्न शुरू गऱ्यो।—"के मानवजातिको अन्त्य होला? यो अनिवार्य छ। यसमा कसैलाई पनि कत्ति शङ्का हुन सक्तैन, चाहे उसको धारणा जस्तोसुकै किन नहोस्! यो त्यत्तिकै पक्का छ जति मृत्यु पनि निश्चित छ। एक दिन विश्वको अन्त्य हुनेछ भन्ने कुरा केवल पवित्र धर्मग्रन्थहरूमा मात्र लेखिएको होइन, वैज्ञानिकहरूको समेत यस्तै भनाइ छ। यदि नैतिकतासम्बन्धी शिक्षाले समेत यसै अन्त्यतिर सङ्केत गर्छ भने यसमा आश्चर्य मान्नुपर्ने कुरै पो के छ र?"

यसपछि ऊ निकै बेरसम्म मौन रह्यो। उसले फेरि चिया खायो, चुरोट पनि खाइसिध्यायो र आफ्नो थैलोबाट अरू चुरोटहरू झिकेर आफ्नो त्यही थोत्रो र फोहोर सिगरेटकेशमा हाल्न थाल्यो।

"मैले तपाईंको भाव बुझें!"—मैले भनें।—"शेकेर सम्प्रदायका मताबलम्बीहरू पनि केही यस्तै-यस्तै किसिमको विश्वास गर्छन्!"

"हो, हो! उनीहरूको मत सही हो!"—उसले भन्यो।—"कामवासना, चाहे त्यो जस्तोसुकै रूपमा प्रकट भएको किन नहोस्, पाप हो, महापाप हो र त्यसको

विरुद्ध संघर्ष गर्नु हाम्रो कर्तव्य हो। त्यसलाई प्रोत्साहित गर्नुहुँदैन, जस्तो कि अचेल हामीकहाँ भैरहेको छ। कामातुर नजरले जो कुनै आइमाईलाई हेर्छ उसले पहिलेबाटै उससंग व्यभिचार गरिसकेको हुन्छ भन्ने एभान्गेलिएको शब्द केवल परस्त्रीको सन्दर्भमा मात्र लागू हुँदैन, बरू हाम्रा आफ्नै पत्नीहरूमा र विशेष गरी आफ्नै पत्नीमा लागू हुन्छ।"

१२

"हाम्रो यस संसारमा जे कुरा पनि उल्टो हुन्छ। विवाह हुनुभन्दा पहिले कथंकदाचित् कुनै मान्छे संयममा रहन्छ नै भने पनि विवाह भैसकेपछि चाहिं तुरून्त नै उसले संयमलाई अनावश्यक ठानिहाल्छ। आखिर विवाह-पछि जो रीतिरिवाज पूरा गरिन्छ सो के हो? युवा दम्पति आफ्ना आमाबाबुहरूको पूर्ण अनुमति पाएर एकान्तमा जान्छन्। यो व्यभिचारको लागि अनुमति दिनु नभए अरू के हो त? परन्तु सदाचारको पनि आफ्नै नियम हुन्छ। यदि त्यसको उलङ्घन गरियो भने मान्छेले त्यसको दण्ड पनि भोग्नुपर्ने हुन्छ। मैले मधुमासलाई वास्तवमा नै मधुमास बनाउने खूब प्रयास गरेको थिएँ, तर सफल हुन सकिनँ। शुरूदेखि अन्त्यसम्म नै त्यो सारा केलिक्रीडा लज्जास्पद, घृणाजनक र नीरस रह्यो। छिटै नै त्यो अझ बढी कष्टकर समेत भएर आयो। यस्तो हुन कुनै बेर नै लागेन। तेस्रो दिन हो वा चौथो दिन मैले आफ्नी पत्नीलाई उदास पाएँ।

मैंले कारण सोधें र माया पनि गर्न थालें। उसले चाहेको पनि यही नै होली भन्ने मलाई लागेको थियो, तर उसले मेरो हात झटकारिदिई र रून पो त लागी। किन? उसले कुनै कारण बताउँदा समेत बताइन। ऊ शोकाकूल र दुखित थिई। सम्भवतः ज्यादा स्नायविक जोड परेर उसका नसाहरू समेत शिथिल भैसकेका थिए र यसैबाट नै हाम्रो सम्बन्ध ज्यादै भद्दा खालको छ भन्ने उसलाई आभास भैसकेको हुँदो हो, तर यो कुरा उसले शब्दद्वारा व्यक्त गर्न सकिन। मैंले कारण सोधेको सोध्यै गरें। आफ्नी आमाको सम्झना आइरहेकोले दिक्क लागिरहेछ भनेर उसले बिस्तारै भनी। परन्तु यो सत्य हुन सक्तैन भन्ने मलाई लाग्यो। म उसलाई फकाउन-फुल्याउनपट्टि लागें, तर आफ्नी आमाको बारेमा जुन कुरा उसले भनेकी थिई त्यतापट्टि पटक्कै ध्यान दिइनँ। कुनै अरू नै कारणले गर्दा ऊ दुखी भएकी छे र आमाको पीर चाहिं त बहाना मात्रै हो भन्ने मैंले बुझ्न सकिनँ। ऊ जङ्ङ रिसाइहाली र के भन्न थाली भने मैंले उसकी आमाको आदरभाउ नै राखिनँ र उसको कुरामा एक फुट्टी विश्वास पनि गरिनँ। म उसलाई प्रेम पनि गर्दिनँ भन्ने कुरामा आफूलाई विश्वास भएको कुरा पनि उसले गरी। मैंले यसलाई आइमाईको नखरा भन्न मात्र के भनेको हुँदो हुँ, एकाएक उसको अनुहारको भाव नै बदलियो र त्यहाँ खिन्नताको सट्टा आक्रोश देखा पऱ्यो। मलाई उसले स्वार्थी र निर्दयी भनेर भन्नसम्म भनी। म अकमक्क परेर उसलाई ट्वाल्ल हेर्दैरहें। उसको अनुहार कठोर भैसकेको थियो र उसका आँखामा मप्रति विरोध र घृणाको भाव भरिएको थियो। यो सब देखेर म कति भयभीत हुन पुगेको थिएँ

समको मलाई राम्रो सम्झना छ। 'किन? यो के हुँदै छ?' – मैले सोचें। – 'प्रेम! दुई आत्माको मिलन! खै, यो मनको ठाउँमा यो के हो? असम्भव! यो हुनै सक्तैन! ... पनि यसको मन ठेगानमा छैन!' मैले उसलाई शान्त गर्ने कोशिश गरें, परन्तु मेरो अगाडि उपेक्षा र कटु-विरोधको एक दुर्लंघ्य पर्खाल नै खडा भैदियो। एकाएक मलाई पनि जङ चलेर आयो र हामीले एक दोस्रालाई अप्रिय कुराहरू भन्यौं। ममाथि यस पहिलो कलहको निकै भयानक असर पऱ्यो। मैले यसलाई कलह भनें, तर ... वास्तवमा कलह थिएन, बरू यो त यस्तो ज्योति थियो ... मेरो आँखा खोलिदियो र मैले त्यो भाँजो छर्लङ्ग ... थानें जुन हामी दुवैको माझमा परिसकेको थियो। ... तृप्त हुनासाथै हाम्रो प्रेमको मादकता पनि हटि-सकेको थियो र अब हामी आफ्नो सच्चा स्वरूपमा एक ... मामुन्ने उभिन पुगेका थियौं। अब हामी पूर्णतया ... अलग र यस्तो स्वार्थी जीव बनिसकेका थियौं जो ... अर्कोबाट आफ्नो कामवासनाको अधिकाधिक तृप्ति ... थ्यो। हाम्रो बीचमा जुन घटना घट्यो त्यसलाई मैले कलह भन्ने नाउँ दिएँ, परन्तु त्यो कलह थिएन, बरू ... कामवासनाको परिपूर्ति हुन गएको कारणले गर्दा ... वास्तविक सम्बन्धको अनावरण मात्र भएको थियो। ... कठोर उपेक्षाभाव र क्रूर वैमनस्य नै हाम्रो वास्तविक सम्बन्ध थियो भन्ने मैले बुझ्न सकिनँ। कुन कारणले गर्दा ... यो बुझ्न सकिनँ भने छिटै नै कामेच्छाको अर्थात् ... एक लहर उठ्यो र त्यो आपसी वैमनस्यको भाव ... विलाएर गयो।

म के विचार गर्न पुगें भने हाम्रो बीचमा कलह उठेको थियो, तर सम्झौता भैहाल्यो र अब फेरि यस्तो कहिल्यै पनि हुन दिइनेछैन। परन्तु मधुमासको त्यस पहिलो महीनामा नै फेरि एकपल्ट हामी एक अर्काबाट अघायौं। हामीलाई फेरि एक दोस्राको आवश्यकता रहेन र यसको परिणाम-स्वरूप फेरि एकपल्ट कलह हुन गयो। यस दोस्रो कलहले मलाई पहिलो कलहले भन्दा बढी चकित पारिदियो। 'हाम्रो पहिलो कलह आकस्मिक थिएन र त्यो अवश्य हुनैपर्ने थियो र भएरै छोड्यो पनि। भविष्यमा पनि यस्ता कलहहरू बेला-बेलामा हुँदैरहनेछन्।'—मैले मनमनै सोचें। यस दोस्रो कलहले मलाई बढी चकित तुल्याउनुको कारण के थियो भने त्यो कलह एउटा ज्यादै नै तुच्छ निहुँबाट शुरू भएको थियो अर्थात् पैंसाको कुनै कुराबाट! पैंसाको जहाँसम्म सवाल छ, त्यसको हकमा म कुनै कञ्जुस्याइँ गर्दिनँ र पत्नीको लागि पैंसाको कञ्जुसी त मबाट हुने कुरै भएन। मलाई यत्तिकै मात्र के सम्झना छ भने मैले पैंसाको सन्दर्भलाई लिएर कुन्नि के हो भनें जसलाई बंग्याएर उसले के अर्थ लगाई भने म पैंसाको माध्यमद्वारा उसमाथि आफ्नो मर्जी लाद्न खोज्दैछु र यसै पैंसाको कारणले गर्दा मैले आफ्नो लागि विशेषाधिकार पनि खोज्नेगरेको छु। उसले यस्तैउस्तै केही अर्थ न बर्थका नचाहिंदा कुराहरू भनी जुन न उसलाई, न त मलाई नै सुहाउँदा किसिमका थिए। मलाई जङ चलिहाल्यो। 'तिमीलाई कुरा गर्ने सहुर नै छैन' भनेर मैले प्वाक्क भन्दिइहालें। यसको पनि जवाफ दिन उसले बाँकी राखिन र हामी मुख फोरेर भनाभन गर्न लागिहाल्यौं। उसको शब्दमा, उसको अनुहारको

भावमा र उसका आँखामा फेरि मैले त्यही कठोरता, उपेक्षा र वैमनस्यको झलक पाएँ जसलाई देख्दा पहिलोपल्ट म त्यति चकित भएको थिएँ। आफ्नो दाजुसंग, आफ्ना माथीभाइसंग र अझ पिताजीसंग नै पनि मेरो कतिपल्ट हो कतिपल्ट झगडा भैसकेको थियो र त्यसको मलाई राम्रै सम्झना पनि छ, तर कहिल्यै पनि हाम्रो बीचमा यस्तो अनौठो किसिमको विषाक्त कटुताको अनुभव भएको थिएन जस्तो यहाँ मलाई अनुभव भएको थियो। बिस्तारै समय बित्दैगयो र यो आपसी घृणा फेरि त्यही प्रेम अर्थात् इन्द्रिय-सुखभोगको पर्दाद्वारा ढाकियो। यी दुवै कलहहरू भूलचूकले हुन गएका हुन् र भविष्यमा त्यसबाट बच्न सकिनेछ भन्ने विचार गरेर मैले आफूलाई सान्त्वना समेत दिएँ। परन्तु त्यसपछि तेस्रोपल्ट पनि कलह खडा भयो र फेरि चौथो कलह समेत भयो। अनि न यो आकस्मिक कलह होइन, जो हुनुपर्ने थियो त्यही नै भएको छ र यसलाई भविष्यमा पनि टार्न सकिनेछैन भन्ने मलाई पक्का विश्वास भैहाल्यो। भविष्यमा के हुन गैरहेको छ भन्ने कल्पना मात्र गर्दा पनि मेरो आङ्का रौंहरू ठाडा-ठाडा भएर आउँथे। मेरो मानसिक वेदना त कुन विचारले अझ बढाइदिएको थियो भने मेरा मनोकांक्षा-हरूको विपरीत नै म त एउटा यस्तो अभागी व्यक्ति हुन पुगेको छु जसको विवाह नै सोचेको जस्तो किसिमले सफल हुन सकेन, जब कि अन्य व्यक्तिहरूको विवाह सफल नै भएको देखिन्छ। त्यतिखेर मलाई कुन कुरा थाहा थिएन भने अरूहरूको पनि यस्तै दुर्दशा हुनेगर्छ, हरेक व्यक्ति मैले जस्तै आफूलाई महाअभागी सम्झनेगर्छ। जो कोही

पनि आफ्नो दुर्भाग्यलाई असामान्य र लज्जाजनक ठान्नेगर्छ र त्यसलाई अन्य व्यक्तिहरूबाट लुकाउने प्रयास गर्छ। यति मात्र होइन, अझ उसले त आफैंबाट समेत त्यसलाई लुकाउनेगर्छ र आफ्नो अगाडि समेत यो कुरा स्वीकार गर्न चाहँदैन।

हाम्रो विवाहको लगत्तैपछिदेखि नै यो विद्वेष शुरू भैहाल्यो। हाम्रो बीचमा घृणा र वैमनस्यको भाँजो झन् झन् गहिरो र फराकिलो हुँदैगयो। विवाह भएको पहिलो साताभित्रै मेरो अन्तरात्माले के अनुभव गर्न थालिसकेको थियो भने म बल्छीमा परिसकेको छु, सबै कुरा मेरो मनोकांक्षाको विपरीत हुँदैछ, मेरो विवाह नै सुखमय घटना हुनुको सट्टा बडो दुःखदायी दुर्भाग्य बन्न पुगेको छ। किन्तु म पनि अरूहरूले जस्तै यो कुरा स्वीकार गर्न चाहँदैनथें (यदि यसको यति भयङ्कर अन्त्य नभैदिंदो हो त म अहिले पनि स्वीकार गर्दिनथें हुँला)। मैले यस कुरालाई अरूबाट मात्रै नभई आफैंबाट समेत गुपचुप राखेको थिएँ। आफ्नो वास्तविक स्थितिलाई बुझ्न मैले किन नसकेको हुँला भन्ने सम्झना गर्दा अहिले आफै नै छक्क पर्छु। हाम्रो कलह कस्ता सानातिना कुराहरूबाट शुरू हुनेगर्थ्यो भने पछि तिनको सम्झनासम्म पनि रहँदैनथ्यो। कलह समाप्त भएपछि त्यसको कारण नै भेट्टाउन नसकिने एउटै तथ्यबाट समेत मैले सत्य के हो भन्ने कुरा ठम्याउन सक्नुपर्ने थियो। हाम्रो स्थायी पारस्परिक विद्वेषको कुनै आधार भेट्टाउन कुनै ठोस कारण पत्ता लगाउने समेत हामीलाई होश रहँदैनथ्यो। किन्तु यसभन्दा पनि बढी अनौठो कुरा त के थियो भने जुन उपायहरूद्वारा हामी आफ्नो कलह साम्य पार्नेगर्थ्यौं

त्यो त अझ बढ्ता फोस्रा हुन्थे। कहिले एक-दुई शब्दद्वारा, कहिले स्पष्टीकरणद्वारा, कहिले आँसुद्वारा...। अहो! एक दोस्रालाई अत्यन्त कठोर शब्दहरू भनिसकेपछि पनि कहिलेकाहिं त हामी अचानक चूप लागेर एक अर्कालाई टुलुक्क हेर्नेगर्थ्यौं, लज्जाएर मुसुक्क हाँसिदिन्थ्यौं, एक अर्कालाई म्वाइँ खान्थ्यौं र अँगालोमा अठ्याइहाल्थ्यौं।... छि:! आज यो कुरा सम्झँदा समेत घिन लागेर आउँछ। उफ्! यसभन्दा बढी नीचता अरू के हुन सक्छ? यी सारा क्रियाकलाप यतिसम्म घृणास्पद हुँदाहुँदै पनि मैले त्यस बेला किन देख्न नसकेको हुँला?.."

१३

दुई जना यात्रुहरू डब्बामा पसे र अर्को छेउमा रहेको सीटमा गएर बसे। उनीहरू नबसुञ्जेल ऊ पनि चूप लागिरह्यो. तर उनीहरू सीटमा शान्त भएर बसिसकेपछि उसले फेरि भन्न शुरू गऱ्यो। एक छिनको लागि पनि उसको चिन्तनक्रम टुट्न पाएन।

"त्योभन्दा बढ्ता घीनलाग्दो कुरा त के हो भने जुन कुरालाई हामी सिद्धान्तत: यति आदर्श र उत्कृष्ट ठान्छौं त्यो नै व्यवहारत: यति तुच्छ र पाशविक हुन्छ कि त्यसको बारेमा सोच्दा र कुरा गर्दा समेत घृणा र लाज लागेर आउँछ।" – उसले अगाडि थप्यो। – "प्रकृतिले नै यसलाई यतिसम्म घृणास्पद र लज्जास्पद बनाएको छ भने यसको अरू पनि कुनै कारण हुनैपर्छ। मान्छेहरूले यसलाई वास्तव-

मा नै घृणित र लज्जाजनक नै ठान्नु पनि पर्छ। परन्तु यसको विपरीत मान्छेहरू त के देखाउने जमर्को गरिटोपल्छन् भने यो घीनलाग्दो र लाजलाग्दो छैन, बरू सुन्दर र महान् पो त छ! मेरो प्रेमका पहिला लक्षणहरू के कस्ता थिए? पाशविक यौन-तुष्टिको निम्ति लाज मान्नु त कता हो कता म त यस अत्यधिक शारीरिक भोग-विलासको गर्व समेत गर्न लागेको थिएँ। म यस्तो गर्न सक्छु भन्ने मलाई घमण्ड थियो। यस्तो गर्दा मैले आफ्नी पत्नीको आध्यात्मिक त के शारीरिक हितको समेत कुनै वास्ता राखिनँ। हामी एक दोस्राप्रति विद्वेषको भावना किन राख्छौं भन्ने त्यतिखेर मलाई कुनै अत्तोपत्तो थिएन र म बिखलबन्दमा परेको थिएँ। तर अहिले यसको कारण प्रष्ट भैसकेको छ। यस विद्वेषको एक मात्र कारण के थियो भने जुन किसिमबाट हामी पशुवत् जीवन यापन गर्दैथियौं त्यसको घोर विरोध नै हाम्रो मानव-स्वभावले गर्न थालेको थियो।

हामी एक दोस्रालाई यतिसम्म पनि घृणा गर्न सक्दा रहेछौं भन्ने कुराले म अकमक्क परेको थिएँ। तर यसभन्दा बढी अरू कुनै कुराको आशा पनि त गर्न सकिंदैनथ्यो। यो घृणा त्यस्तै किसिमको थियो जस्तो कुनै अपराधका मतियारहरू आपसमा एक दोस्राप्रति गर्नेगर्छन्। हामीले पनि एक दोस्रालाई अपराधको निम्ति उक्साएका थियौं र मिलीजुलीकन अपराध समेत गरेका थियौं। विवाह भएको एक महीना समेत बित्न नपाउँदै बिचरी गर्भवती भैसकेकी थिई, तैपनि हाम्रो पाशविक यौन-सम्बन्ध चाहिं जारी नै थियो। के यो अपराध नै होइन र? म आफ्नो कथाबाट

बहकिंदै छु भन्ठान्नुहुन्छ के? पक्कै पनि होइन! मैले आफ्नी धर्मपत्नीको हत्या कसरी गरें भन्ने नै म सविस्तार बताउँदैछु। कसरी, कुन हतियारद्वारा मैले उसको हत्या गरें भन्ने विषयमा अदालतमा मबाट बयान लिइएको थियो। मूर्ख कहीँका! उनीहरू त मैले पत्नीको हत्या पाँच अक्टोबरका दिन एउटा छुरीको मद्दतले गरेको थिएँ पो भन्ठान्छन्! मैले त्यस दिन उसको हत्या गरेको होइन। उसको हत्या त मैले धेरै पहिले नै गरिसकेको थिएँ। मैले पनि यो हत्या त्यसरी नै गरेको थिएँ जसरी अरू सबैले गरिरहेका छन्! हो, अहिले पनि सबैले गरिरहेका छन्!"

"भनाइको तात्पर्य?" – मैले सोधें।

"यसै कुराले त मलाई बिखलबन्दमा पारेको छ। कोही पनि यस स्पष्ट र सरल सत्यलाई स्वीकार्न चाहँदैन। यो त यस्तो सत्य हो जुन डाक्टरहरूले बुझ्नु र अरूहरूलाई बुझाउनु समेत पर्ने हो। तर यसबारे उनीहरू मौन नै रहन्छन्। यो कुरा त ज्यादै सरल छ। पुरूष र स्त्रीको शारीरिक रचना पनि त जीवजन्तुहरूको जस्तै नै भएको छ। यौन-सम्भोगपछि गर्भाधान र त्यसपछि शिशुपालन त एक स्वाभाविक प्रक्रिया नै हो। जतिखेर स्त्री गर्भवती हुन्छे त्यस बेला रतिक्रीडा आमा र शिशु दुवैको लागि हानिकारक हुन्छ। स्त्री र पुरूष दुवैको संख्या समान छ। यसको तात्पर्य के हो? मेरो विचारमा तात्पर्य स्पष्ट नै छ। यसलाई बुझ्न र सही निष्कर्षमा पुग्न गहिरो ज्ञानको पनि खाँचो पर्दैन। जीवजन्तुहरूलाई समेत यो कुरा छर्लङ्ग छ। त्यो निष्कर्ष हो – संयम। तर यस निष्कर्षमा कोही पनि पुग्दैन। विज्ञानले रगतमा श्वेताणुहरू दगुरादगुर

गरिरहन्छन् भन्ने र यस्तैउस्तै नचाहिंदा कुराहरू त पत्ता लगाएको छ, तर यो कुरा चाहिं बुझ्न असमर्थ नै रहेको छ। कम्तीमा मैले चाहिं विज्ञानले यस्तो कुराको चर्चा गरेको सुनेकै छैन।

यस प्रकार आइमाईको सामुन्ने मात्र दुईवटा उपाय छ। पहिलो उपाय के त भने उसको पतिले जुन बेला मन लाग्यो त्यस बेला निश्चिन्त भएर जहिले पनि उसको शरीरको उपभोग गर्न सकोस् भन्नाखातिर उसले त्यो स्त्रीसुलभ क्षमता अर्थात् आमा बन्ने क्षमता एकैबाजिमा वा बिस्तार-बिस्तार नष्ट गरिहालोस्! अनि दोस्रो उपाय त उपाय होइन, बरू अपाय पो हो। यो त प्राकृतिक नियमहरूको सोझै, सीधै र सरासर सीमा नै उलङ्घन गरिदिनु हो र यस्तो सीमाउलङ्घन त सबका सब तथाकथित सदाचारी परिवारहरूमा भइ नै रहन्छ। यसको अर्थ के हो भने आइमाई आफ्नो स्वभावको विपरीत एकै समयमा गर्भवती पनि बनोस्, बच्चालाई पनि दूध चुसाओस् र आफ्नो पतिको कामवासना पनि तृप्त गर्दैरहोस्। यस्तो गर्न त कुनै जन्तु समेत राजी हुन सक्तैन। आइमाईमा यो सब धान्ने तागत पनि त हुँदैन। यसै कारणले गर्दा त हाम्रो वर्गका आइमाईहरूमा कोही स्नायुविकारले पीडित छन् भने कोही उन्मादको शिकार बनेका छन्। गाउँघरतिरका आइमाईहरू चाहिं क्लिकुशा* बन्न पुग्छन्। तपाईंले ध्यान दिनुभएकै होला, किशोरीहरू र सूधासाधा युवतीहरूमध्ये "क्लिकुशा" भेट्टाइँदैनन्। खास गरी ती गाउँले आइमाईहरू

---

*चर्को स्वरले कराउने र बाङ्ने स्वास्नीमान्छे।—अनु०

नै "क्लिकुशा" पनि हुन्छन् जसका लोग्नेहरू पनि हुन्छन्। हाम्रोकहाँ स्थिति यस्तो छ। यूरोपतिर पनि स्थिति यस्तै छ। सबै अस्पतालहरू यस्तै आइमाईहरूले खचाखच भरिएका छन् जो प्राकृतिक नियमहरूको उलङ्घन गर्नाले उन्मादको रोगले ग्रस्त हुन्छन्। परन्तु "विलकुशा" र शार्कोको रोग त नै आइमाईहरूलाई लागेको हुन्छ जसको मगज नै सङ्कि-र्ण भएको हुन्छ। परन्तु मानसिक दृष्टिले अर्धपंगु आइमाईहरू त समाजमा छ्यासछ्यसती भेट्टाइन्छन्। एकपटक विचार त गर्नुहोस्! नारीहरूको गर्भधारण हुनु र त्यसपछि उनको शिशुको पालनपोषण गर्नु—यो कति महान् कार्य हो! नारीहरूले हाम्रा उत्तराधिकारीहरूलाई जन्म दिन्छन् जसले मानववंशलाई जारी राख्छ। तर त्यो कुन कुरा हो जसले यस पवित्र कार्यलाई अवरूद्ध गरिदिन्छ? विचार गर्दा मर्दा पनि आङ नै जिरिङ्ग भएर आउँछ! फेरि त्यसै मान्छेहरू नारी-स्वतन्त्रता र नारी-अधिकारको कुरा गर्दै हिंडिरहेका छन्। यो त त्यस्तै कुरा भयो जस्तो कुनै नरभक्षी राक्षसले आफ्नो आहाराको लागि बन्दी तुल्याइएका मान्छे-हरूलाई राम्रो खुराक खान दिएर मोटोघाटो पार्दैलगोस् र उनीहरूको अधिकार र स्वतन्त्रताको उसलाई चिन्ता छ भन्ने पनि आश्वासन दिंदैजाओस्!"

उनको विचार मलाई ज्यादै नौलो र अनौठो लागिरहेको थियो।

"तर गर्न पनि त के नै सकिन्छ र?"—मैले बीचैमा भनें।—"जुन कुरा तपाईं भनिरहनुभएको छ सो नै यदि ठीक हो भनेर मान्ने हो भने त पुरूषले आफ्नी पत्नीसित

दुई वर्षमा एकपल्ट मात्रै सहवास गर्नुपर्ने हुन जान्छ, तर लोग्नेमान्छे त..."

"लोग्नेमान्छे त त्यसबेगर रहनै सक्तैन।"—उसले मेरो कुरा काट्दै बीचैमा भन्यो।—"यस विषयमा पनि विज्ञानका ठेकेदारहरूले सबैलाई विश्वास पारिसकेका छन्। यी धुरन्धरहरूले त आइमाईहरू लोग्नेमान्छेहरूको निम्ति अति आवश्यक हुन्छन् भन्ने सिद्ध गरिदिइसकेका छन्। यदि उनीहरूले आइमाईहरूले गर्नुपर्ने सम्पूर्ण क्रियाहरू गर्नुपर्दो हो त उनीहरू के भन्दा हुन् त्यो म सोध्न चाहन्थें? कुनै मान्छेलाई भोडका, सूर्ति र अफीम नभई काम चल्दैन भनेर विश्वास पार्ने हो भने उसको निम्ति यी सबै कुराको आवश्यकता पर्नेछ। लाग्छ, ईश्वरले सबै कुराको सृष्टिमा कैयौं गल्तीहरू गरेको छ, किनभने न उसलाई कुन कुरा चाहिने हो र कुन कुरा चाहिने होइन भन्ने थाहा थियो, न त उसले यी दिग्गजहरूसंग कुनै सरसल्लाह नै लियो। यहाँ कुनै कुरा मिलेको छैन भनेर यी धुरन्धरहरू भन्ने-गर्छन्। पुरूषलाई आफ्नो कामवासनाको तृप्ति गर्नु आवश्यक हुन्छ भनेर उनीहरूले निर्णय गरिसकेका छन्, परन्तु शिशुजन्म र बालकको पालनपोषण नै यस वासनाको तृप्तिमा बाधक बन्न आइपुगेको छ। गर्ने के अब? दिग्गज-हरूको परामर्श चाहिन्छ। उनीहरू सब कुराको बन्दोबस्त मिलाइदिन सक्छन्। उनीहरूले तरीका पत्ता लगाइसकेका छन्। हरे! त्यो समय कहिले आउला जब यी धुरन्धरहरूको छलकपटको भण्डाफोड हुनेछ? त्यो समय आइसक्यो! कुरा कहाँसम्म पुगिसक्यो भने मानिसहरू कामवासनाकै कारणले गर्दा बहुलाउन समेत लागिसकेका छन् र आफ्नै

कन्वटमा गोली चलाउन समेत हिच्किचाउँदैनन्। अरू गर्न नै पो के सकिन्छ र? सन्तानले नै वंश जारी राख्छन् भन्ने कुरा जीवजन्तुहरूलाई राम्रो थाहा छ र उनीहरू त्यसै अनुरूप नियमहरू पनि पालन गर्छन्। मान्छेले मात्र यो कुरा बुझेको छैन र बुझ्न समेत चाहेको छैन। ऊ त एउटै कुरा मात्र खोज्छ र त्यो हो–सकभर बढी सुखभोग गर्नु! मान्छे को हो? त्यो नै त प्रकृतिको राजा हो! एक छिन विचार त गर्नोस्! जीवजन्तुहरू सन्तानोत्पत्तिको लागि मात्र सम्भोग गर्छन्। तर यो प्रकृतिको राजा भनाउँदो तुच्छ मान्छे चाहिं केवल सुखभोगको लागि बेला न कुबेला जहिले पनि सम्भोग गर्न तम्सन्छ। यति मात्र कहाँ र? उसले त आफ्नो यस बाँदरको कामलाई मनुष्यको सर्वश्रेष्ठ भावना र प्रेम भन्ने नाम समेत दिएको छ। अनि ऊ यस प्रेमको नाउँमा अर्थात् यस कुत्सित कार्यको नाममा के मात्रै गर्दैन? मनुष्य-जातिको आधा वंशलाई नै ऊ नष्ट गरिदिन्छ। आफ्नो सुखभोगको लागि उसले त्यस नारीजातिलाई आफ्नो वैरी बनाउँछ जसले मानवजातिलाई सत्य र समृद्धितर्फ अग्रसर गराउने कार्यमा पुरूष-जातिको सहायक हुनुपर्नेथियो। हेर्नोस्. मानवजातिको प्रगतिपथमा जताततै सबभन्दा ठूलो बाधक को बनेको छ? नारी। किन नारीजाति बाधक बनेको हुन्छ? केवल यसै कारण। हो, ठीक हो!”–उसले धेरैपल्ट यी शब्दहरू दोहोर्‍यायो र आफ्नो थैलीमा चुरोट खोज्न लाग्यो। अनि चुरोट झिकेर सल्कायो र त्यसको धुवाँ फाल्न थाल्यो। सके यसरी ऊ आफ्नो उत्तेजना शान्त गर्ने कोशिश गरिरहेको थियो।

"म यस किसिमको पशुवत् जीवन बिताउँदैथिएँ।"– उसले पहिलेकै जस्तो स्वरमा आफ्नो कथा जारी राख्दै भन्यो।–"सबभन्दा खराब कुरा त के थियो भने यस किसिमको निकृष्ट जीवन व्यतीत गर्दागर्दै पनि म ठान्नेगर्थें: 'म अन्य आइमाईहरूबाट कोसौं टाढा रहेको छु र आफ्नी पत्नीप्रति ईमानदार रहेको छु, तसर्थ म सदाचारी र एकदमै निर्दोष छु। यदि हाम्रो बीचमा कहिलेकाहिं ठाकठुक परिहाल्छ भने पनि यसमा दोष मेरो पत्नीकै छ, अर्थात् उसको स्वभाव नै दोषी छ।'

अवश्यमेव उसको दोष पटक्कै थिएन। ऊ पनि अन्य आइमाईहरू जस्तै नै थिई अर्थात् अधिकांश आइमाईहरूमा र उसमा केही फरक थिएन। हाम्रो समाजका नारीहरूको स्थिति जस्तो हुनुपर्थ्यो त्यही अनुरूप नै उसको पनि लालन-पालन भएको थियो। सम्पन्न वर्गका महिलाहरूको निमित्त जुन प्रकारको शिक्षादीक्षा स्वाभाविक ठानिन्थ्यो त्यसै ढंगबाट नै उसले शिक्षादीक्षा पाएकी थिई। नारीहरूको आधुनिक शिक्षाको बारेमा जुन कुरा हामी आजकल सुन्नेगर्छौं सो सब बकबास मात्रै हो। अहिले नारीहरूप्रति हाम्रो जस्तो धारणा छ त्यसैको अनुरूप नै उनीहरूको शिक्षा-दीक्षा पनि हुन्छ। हाम्रो धारणा चाहिं देखावटी छ जुन वास्तविक धारणाबाट एकदमै भिन्न छ।

नारीहरूको शिक्षा सदैव नै पुरूषहरूको धारणामुताबिक नै हुनेगर्छ। पुरूषले नारीको बारेमा के विचार गर्छ भन्ने पनि हामी सबैलाई थाहा नै छ। "Wein, Weiber und

Gesang" * — कविहरू आफ्ना कविताहरूमा यस्तो भन्ने-गर्छन्। तपाईं सम्पूर्ण काव्य-संग्रह पढ्नोस् वा चित्रकला र मूर्तिकलाको इतिहास पल्टाउनोस्! शुरू-शुरूमा जहिले-देखि प्रेमगीतहरू रचिन थालिएका थिए र भीनस र फ्रीन आदिका नग्नमूर्तिहरू बनाइन लागेका थिए त्यस बेलादेखि [illegible] जहाँ पनि नारी त सुखसयलकै साधन मानिंदै आएको छ, चाहे तुवनायामा ** होस् वा ग्राचेभ्कामा *** होस् [illegible] दरवारहरूमा आयोजना गरिने नृत्यसमारोहहरूमा नै किन नहोस्! अब शैतानको चलाकी पनि अलिकति [illegible]! यदि आइमाई सुखभोग र रसरङ्गको साधन मात्र हो भने उसलाई एउटा स्वादिलो चोक्टा सिवाय अरू केही पनि मान्न सकिंदैन। हैन, उहिले मध्ययुगीन सामन्त-हरूले नारीलाई दिव्य शक्ति मानेर उसको आराधना गर्न [illegible] थिए (आराधना पनि गर्थे र उसलाई सुखभोग-को साधनको रूपमा पनि प्रयोग गर्थे)। अचेल चाहिं नारीको सम्मान गरिन्छ भनेर पुरूषहरू विश्वास पार्न [illegible]। कोही नारीको लागि आफ्नो आसन छोडिदिन्छन्, [illegible] रूमाल भुईंमा खस्यो भने लम्केर टिपिदिन्छन्। कहीं चाहिं प्रशासनमा या अन्य कुनै पनि ठाउँमा सबै [illegible] रहेर काम गर्न सक्ने नारीको अधिकार पनि [illegible] गर्छन्। यो सबै गरिन्छ, तर नारीप्रतिको दृष्टि-कोण भने उस्ताको उस्तै छ। नारी सुखभोगको [illegible] ठानिन्छे। उसको शरीर इन्द्रिय-सुखभोग-

---

* [illegible]. सुन्दरी र संगीत (जर्मन)।—अनु०

** [illegible] प्लोश्याद — मास्कोको एक चोक।—अनु०

*** [illegible] उलिच्चा — मास्कोको एक सडक।—अनु०

को एक साधन हो। नारीलाई पनि यो कुरा थाहा छ। यो सब उसको लागि एक प्रकारको दासता नै हो। दासता भनेको नै यस्तो स्थिति हो जहाँ काम गर्छ कालुले, तर मर्छ चाहिं खान्छ भालुले। तसर्थ दासता तब मात्रै नामेट हुनेछ जब मान्छेहरूले अरूको श्रमको शोषण गर्नुलाई महापाप र लज्जाजनक ठान्दै त्यसबाट फाइदा उठाउने चाहना राख्नेछैनन्। तर वास्तवमा चाहिं दासताको वाह्य रूपलाई मात्र फेरेर करियाहरूको सुक्रीबिक्री हुन नपाउने बन्दोबस्त मिलाउनेबित्तिकै उनीहरू दासप्रथा समाप्त भएको कल्पना गर्न पुग्छन् र यस कुरामा विश्वास समेत गरिहाल्छन्। दासप्रथा त कायमै छ भन्ने उनीहरू देख्दैनन् र देख्न समेत चाहँदैनन्, किनभने अचेल मान्छेहरू अरूको श्रमबाट लाभ उठाउन मन पराउँछन् र यसलाई उचित एवं न्यायसंगत समेत ठान्दछन्। जहिलेसम्म यस कुरालाई न्यायोचित ठानिनेछ त्यतिञ्जेलसम्म यस्ता मान्छेहरू पनि देखा परि नै रहनेछन् जो अरूभन्दा बलियो र बाँठो हुनाको कारणले गर्दा अरूमाथि थिचोमिचो चलाउँदै रहनेछन्। नारीउद्धारको पनि हालत यही नै छ। नारीको दासता मात्र कुन कुरामा निहित छ भने पुरूषहरू उसलाई सुखभोगको साधनको रूपमा उपयोग गर्नु उचित र वाञ्छनीय ठान्नेगर्छन्। अनि नारीको उद्धार गरिटोपल्छन्, उसलाई ती अधिकारहरू पनि सुम्पिदिन्छन् जुन पुरूषहरूले प्राप्त गरेका हुन्छन्। तैपनि उसलाई सुखभोगको साधन नै ठान्नेगरिन्छ। बाल्यावस्थादेखि नै यसै अनुरूप उसलाई शिक्षा दिइन्छ र जनमतको समर्थन पनि प्राप्त गरिन्छ। परिणाम के निस्कन्छ भने नारी जस्ताकी तस्तै नीच र पातर्नी दासी

बनिरहन्छे भने पुरूष चाहिं पहिले झैं दुराचारी स्वामी नै रहिरहन्छ।

कलेजहरूमा र अड्डाखानाहरूमा नारीको उद्धार गरिन्छ, तर पनि उसलाई सुखभोगको साधनको रूपमा विचार गर्न छोडिन्न। जहिलेसम्म उसले आफूलाई यस्तै नै ठानिराखोस् भन्ने उसलाई शिक्षा दिइरहनुहुनेछ (जस्तो कि अहिले पनि हामीकहाँ दिनेगरिएको नै छ) त्यतिञ्जेलसम्म ऊ अवस्थामा नै निम्नकोटिको जीव बनिरहने छ। कि त [illegible]मा डाक्टर भनाउँदाहरूको मद्दतले उसले कहिल्यै पनि गर्भधारण गर्नेछैन र यस अर्थमा ऊ पूरै वेश्या बन्न पुग्नेछ र उसको स्तर पशुहरूको स्तरभन्दा पनि तल झरेर [illegible] निर्जीव वस्तुको स्तरमा पुग्ली, कि त उसको [illegible] त्यस्तै होला जस्तो अधिकांश आइमाईहरूको छ [illegible] यस्ती दुःखी, उन्मादग्रस्त र बहुलाही बन्न पुग्ली [illegible] आध्यात्मिक विकासको अलिकति पनि क्षमता [illegible]।

[illegible] र कलेजहरूले यस स्थितिमा किंचित् पनि [illegible] ल्याउन सक्तैनन्। नारीप्रति पुरूषको र आफूप्रति [illegible]को दृष्टिकोणमा हेरफेर ल्याएर मात्र यस स्थितिमा [illegible] हुन सक्छ। तब मात्र यस स्थितिमा परिवर्तन [illegible] जब नारीले कौमार्यको अवस्थालाई अचेलको जस्तो [illegible] र अपमानको कुरा नमानेर आफ्नो लागि मानवोचित [illegible] कुरा मान्ली। यस्तो भैनसकुञ्जेल त जतिसुकै पढे-[illegible] भए तापनि हरेक युवतीको एक मात्र महत्वाकांक्षा [illegible]—[illegible] बढी संख्यामा पुरूषहरूलाई अर्थात् लोग्ने-

मान्छेहरूलाई आफूप्रति आकर्षित गर्नु जसले गर्दा चयनको बढी सम्भावना प्राप्त होस्!

एउटीले गणित केही मात्रामा बढी जानेकी छे वा अर्कीले चाहिं आर्फा समेत बजाउने गरेकी छे भन्दैमा स्थितिमा केही फरक परिहाल्दैन। जब कुनै आइमाई कुनै लोग्नेमान्छेलाई आफूतर्फ आकर्षित गर्न सफल हुन्छे त्यतिखेर ऊ अपार आनन्दको अनुभव गर्छे र महालक्ष्य सिद्ध गरिएको ठान्न पुग्छे। यस प्रकार पुरूषलाई आकर्षित गर्नु नै उसको जीवनको मुख्य लक्ष्य बन्न पुगेको हुन्छ। अतीतमा यस्तै थियो र भविष्यमा पनि यस्तै हुनेछ। यो कुरा कन्याकेटी-हरूको निम्ति पनि उत्तिकै लागू हुन्छ जति विवाहिता नारीहरूको निम्ति। कन्याकेटीको लागि वर चुन्ने मौका सुरक्षित राखिराख्न यस क्षमताको आवश्यकता हुन्छ भने विवाहिता नारीको लागि चाहिं आफ्नो लोग्नेउपर प्रभाव जमाइराख्न यसको जरूरत पर्छ।

हो, लालाबालाहरूको कारणले गर्दा यसमा अवरोध उत्पन्न हुन्छ, अर्थात् केही समयको निम्ति यो प्रयास स्थगित रहन्छ। तर यो पनि त्यस्तो बेलामा मात्र हुन्छ जब आइमाई निर्दयी हुँदैन अर्थात् आफ्नो शिशुको पोषण ऊ स्वयं गर्न थाल्छे। परन्तु यहाँ पनि फेरि डाक्टरहरू पुगिहाल्छन्।

मेरी पत्नी आफै नै आफ्ना बालबच्चाहरूको पालनपोषण गर्न चाहन्थी। पाँच जना बच्चाहरूको पालनपोषण पनि उसले स्वयं नै गरी। किन्तु पहिलो बच्चा जन्मनासाथ ऊ बिरामी परी। डाक्टरहरू कतिसम्म नकच्चरा निस्किए भने सब लुगा फुकाल्न लगाएर उसलाई जिउभरि नै

क्रमक्रम गरेर हेरे। यसको लागि मैले उल्टै उनीहरूलाई धन्यवादको साथै फीस समेत टक्र्याउनुपर्ने रे! ती डाक्टर महोदयहरूले नै मेरी पत्नीले आफ्नो पहिलो बालकलाई दूध ख्वाउनु हुँदैन भन्ने समेत बन्देज लगाइदिए। यसरी मेरी पत्नी शुरूमा नै त्यस एक मात्र साधनबाट पनि वञ्चित पारिई जसको महत्तले ऊ नखरमाउली बन्नबाट बच्न सक्नेथिई। बच्चाको लागि चाहिं धाइआमाको बन्दोबस्त गर्नुपऱ्यो अर्थात् एउटी महिलाको गरीबी, खाँचो र अज्ञानताबाट हामीले फाइदा उठायौं। उसको आफ्नै बच्चाको चाहिं दूध छुटाइदियौं र उसलाई अलिकति पैंसाको लालच देखाएर आफ्नो बालकलाई दूध ख्वाउन लगायौं। त्यसको लागि हामीले उसलाई जडाउरी लुगाफाटो पनि लगाइदियौं। तर यो अर्कै प्रसङ्ग हो। खास कुरा त के हो भने जब मेरी पत्नीको सुत्केरीको समय बित्यो र बच्चालाई दूध ख्वाउने अभिभाराबाट समेत जब ऊ मुक्त भई त्यतिखेर उसको त्यो स्त्रीसुलभ चर्तिकला, जुन अहिलेसम्म सुसुप्तावस्थामा रहेको थियो, एकदमै जागेर उठ्यो। उसको चर्तिकला जति जति चर्कँदै जाँदैथियो त्यत्ति नै ठूलो मात्रामा मेरो ईर्ष्या पनि बढ्दैथियो। हाम्रो बिहे भएदेखि नै यस ईर्ष्याले मलाई एक छिनको लागि पनि शान्ति दिएको थिएन। यस्तो यन्त्रणा ती सबै पतिहरूले अनिवार्य रूपमा नै भोग्नुपर्ने हुन्छ जो आफ्नी पत्नीहरूसंग जस्तै दुराचारपूर्ण सम्बन्ध कायम राख्नेगर्छन् जस्तो मेरी पत्नीको मायमा मेरो सम्बन्ध थियो।"

१५

"आफ्नो सम्पूर्ण विवाहित जीवनभर मैले ईर्ष्याको यन्त्रणाबाट एक छिन पनि मुक्ति पाउन सकेको थिइनँ। बरू यस्ता दिनहरू पनि थिए जतिखेर मेरो यन्त्रणा अझ बढी तीव्र भएर जानेगर्थ्यो। मेरो पहिलो बच्चा जन्मेपछिका दिनहरू पनि यस्तै नै एउटा अवधि रह्यो। डाक्टरहरूले मेरी पत्नीलाई आफ्नो बच्चालाई दूध ख्वाउन मनाही गरिदिएका थिए। मेरो मनमा ईर्ष्या जागेको थियो। पहिलो कुरा त के भने मेरी पत्नी स्वयं नै चिन्तित हुन थालेकी थिई र एउटा बच्चाकी आमा हुनेचाहिंको जीवनको स्वाभाविक क्रममा अकारण नै कुनै अवरोध खडा हुन गयो भने यस्तो चिन्ता उठ्नु स्वाभाविकै थियो। दोस्रो—जसरी सजिलैसंग उसले एक आमाको नैतिक दायित्वलाई तिलाञ्जली दिएकी थिई त्यसरी नै उसले आफ्नो पतिव्रत धर्मलाई पनि त मिल्काइदिन सक्छे भन्ने मैले ठीकै निष्कर्ष निकालेको थिएँ, यद्यपि अनायासै यस्तो निर्णयमा म पुगेको थिएँ। खास कारण के त भने ऊ एकदमै स्वस्थ थिई। डाक्टर महानुभावहरूले मनाही गर्दागर्दै पनि उसले पछि आफ्ना अरू सबै बालबच्चाहरूलाई आफ्नै दूध चुसाएकी थिई र यसबाट उसको स्वास्थ्यमा कत्ति पनि धक्का पुग्न गएको थिएन।"

"सके तपाईं डाक्टरहरूलाई मन पराउन हुन्न क्या र?"—मैले भनें। हुन पनि डाक्टरहरूको चर्चा चल्यो कि त जहिले पनि उसको स्वरमा एक विशेष किसिमको द्वेषको भाव झल्कनेगर्थ्यो।

“कुरा मन पराउनु वा मन नपराउनुको होइन। उनीहरूले अरू जीवन पनि त्यसरी नै बर्बाद गरिदिए जसरी अन्य राजनीतिज्ञ मानिसहरूको जीवन बर्बाद गर्छन्। म कारण र परिणामलाई न जोड्न सक्तिनँ। उनीहरू पनि वकिलहरू र अन्य पेशाका मान्छेहरूले झैं पैसा झार्ने ताकमा रहन्छन् भन्ने कुरा म बुझ्न सक्छु। यदि उनीहरूले हाम्रो पारिवारिक जीवनमा हस्तक्षेप मात्र नगर्ने भैदिएका भए र उनीहरूलाई मग्रै टाढा राख्न सकिने भए त म खुशीसाथ आफ्नो कम्पनाको आधा हिस्सा दिन समेत तैयार हुनेथिएँ। उनीहरू के गर्न सक्छन् भनी वास्तविक स्थिति थाहा पाउने भए कोही पनि यस्तै नै गर्दो हो। मैले तथ्याङ्क त सङ्कलन गरेको छैन तर पनि गर्भवती आइमाईले बच्चालाई जन्म दिन सक्तैन भनेर बच्चालाई गर्भमा नै मारिदिएको उदाहरण एक-दुई होइन, दशौंको संख्यामा म प्रस्तुत गर्न सक्छु (यस्ता उदाहरण अनगन्ती छन्)। पछि उसै आइमाईको कोखबाट कैयौं बालकहरू सजिलैसित जन्मेका पनि भेटिन्छन्। फेरि कुनै किसिमको अपरेशन गरेर आमा बच्चाहरूलाई नै मृत्युको मुखमा होमिदिएको उदाहरण पनि प्रशस्त छन्। यसरी मारिदिनुलाई कसैले पनि हत्या भन्नेगरेको छैन। इन्क्वीजिशनले* पनि त कैयौंलाई मृत्युको मुखमा पुऱ्याइदिनेगरेको थियो तर त्यसलाई पनि हत्या भनिँदैनथ्यो, किनभने मानव-हितको निम्ति नै यस्तो सजाय दिइन्थ्यो भन्ने आम धारणा थियो। डाक्टरहरूको हातबाट कति हत्या हुन्छ तिनको गन्ती गरेर साध्य छैन। परन्तु

* धर्म-कचहरी। – अनु०

यी सबै अपराधहरू त्यस नैतिक भ्रष्टताको तुलनामा केही पनि होइनन् जुन उनीहरूको भौतिकवादले संसारमा ल्याउनेगरेको छ, खास गरी आइमाईहरूको माध्यमबाट। साथै यत्रतत्र र सर्वत्र हरेक वस्तुबाट संक्रामक रोगको डर रहन्छ भन्ने उनीहरूको चेतावनीलाई यदि स्वीकार गर्ने हो भने त मानिसलाई मानिसको निकट ल्याउनुको सट्टा एक दोस्राबाट कोसौं टाढा राख्नुपर्ने हुन जान्छ। उनीहरूको भनाइअनुसार त प्रत्येक व्यक्तिले मुखमा कार्बोलिक एसिड-को झोल भरेर छुट्टाछुट्टै बस्नुपर्ने हुन्छ (हुन त हालै पत्ता लगाइएअनुसार यसले पनि कुनै काम दिंदैन)। तर यो नै मुख्य कुरा होइन। गाँठी कुरा के हो भने उनीहरू मानव मात्रलाई, विशेष गरी नारीहरूलाई भ्रष्ट गरिदिन्छन्।

अचेल तपाईं कुनै मान्छेलाई पनि यसो भन्न सक्नुहुन्न: 'हेर, तिम्रो रहनसहन ठीक भएन। तिमीले आफ्नो आचरण बदल्नुपर्छ!' यो कुरा कसैले पनि न आफूलाई भन्न सक्छ, न त अरूलाई नै। यदि तपाईंको आचारविचार ठीक छैन भने पक्कै पनि तपाईंको स्नायुप्रणालीमा कुनै विकार भएको होला वा यस्तै कुनै गडबडी हुन गएको होला। यसैउसले तपाईंले डाक्टरकहाँ जानुपर्नेछ। उसले तपाईंलाई पैंतीस कोपेक* पर्ने कुनै औषधिको नुस्खा लेखिदिनेछ र औषधा-लयबाट त्यो औषधि किनेर तपाईं खानुहुनेछ। यसरी तपाईंको अवस्था सप्रनुको सट्टा बिग्रने बढी सम्भावना छ र तपाईं अरू डाक्टरहरूकहाँ पुग्नुहुनेछ। अनि पहिलेको

---

* कोपेक – रूबलको एक सयौं भाग मूल्य बराबरको सिक्का। – अनु०

भन्दा झन् बढ्ता औषधि खानुपर्नेछ र बढी डाक्टरहरूकहाँ आउनुपर्नेछ। खूब राम्रो उपाय!

तर मैले यस कुराको चर्चा गर्न चाहेको होइन। म त के भन्दैथिएँ भने मेरी पत्नीले आफ्ना अन्य बच्चाहरूलाई राम्रैसित आफ्नो दूध खुवाएकी थिई। जतिखेर ऊ गर्भवती हुन्थी र बच्चाको पालनपोषण गरिरहेकी हुन्थी त्यस बखत मात्र मैले ईर्ष्याको आगोमा पिल्सिनुपरेको हुँदैनथ्यो। यदि त्यसो नहुँदो हो त त्यो घटना धेरै पहिले नै घटिसक्ने थियो। बालबच्चाहरूले नै उसलाई र मलाई पनि बचाएर राखेका थिए। आठ वर्षको विवाहित जीवनमा उसले पाँच जना बच्चा जन्माएकी थिई। ती पाँचैको पालनपोषण उसले स्वयं नै गरी।"

"अहिले ती तपाईंका बालबच्चाहरू कहाँ छन् नि?"

"बालबच्चा?"–उसले दोहोऱ्यायो र उसको मुखाकृतिमा आतङ्कको भाव झल्कियो।

"माफ गर्नोस्! सके उनीहरूको सम्झनाले तपाईंको मनमा चोट पर्छ क्या रे?"

"हैन। चोट पर्नुपर्ने कुनै कुरा छैन। मेरा बालबच्चा मेरी साली र सालाको साथमा छन्। बालबच्चाहरू मसंगै रहून् भन्ने उनीहरूले चाहेनन्। मैले आफ्नो सारा सम्पत्ति उनीहरूकै नाउँमा लेखिदिएँ, तर उनीहरूले मलाई बालबच्चाहरू दिन चाहेनन्। उनीहरू त मलाई बहुलाहा भन्ठान्छन्। भर्खरै मात्र म आफ्ना बालबच्चाहरूलाई भेटेर आउँदैछु। म उनीहरूलाई भेट्न सक्छु, तर मलाई नै बालबच्चा सुम्पिदिन उनीहरू कदापि तैयार हुँदैनन्। यदि बालबच्चाहरू मसंग रहँदा हुन् त म उनीहरू-

लाई आफ्ना आमाबाबु जस्तो नबन्ने शिक्षा दिन प्रयत्नशील रहँदो हुँ। तर ती पनि आमाबाबु जस्तै होउन् भन्ने नै सबैको चाहना छ। अँ, गर्न नै पो के सकिन्छ र? उनीहरूले मलाई पत्यार नगर्नु र बालबच्चाहरू पनि नसुम्पनु स्वभाविकै हो। उनीहरूको स्याहारसुसार गर्न सकुँला भन्ने कुरामा स्वयं मलाई पनि त विश्वास छैन। मलाई लाग्छ, शायद ममा यस्तो क्षमता पनि छैन। मेरो शरीर कमजोर भै-सकेको छ र जराजीर्ण बनिसकेको छ। हो, मसंग एक कुरा जरूर बाँकी छ। त्यो हो–जानकारी। मलाई ती कुराहरूको राम्रो बोध छ जसलाई थाहा पाउन अरूहरूलाई बर्षौं लाग्न सक्छ।

अँ, मेरा बालबच्चाहरू जीवित छन् र उनीहरू पनि हुर्केबढेपछि आसपासका अरू सबै जस्तै क्रूर र निर्दयी नै बन्नेछन्। मैले अहिलेसम्ममा उनीहरूलाई तीनपल्ट भेट्ने मौका पाएको छु। म उनीहरूलाई कुनै किसिमले मद्दत गर्न पनि सक्तिनँ–एकदमै सक्तिनँ। अहिले म दक्षिणतिर जाँदैछु। त्यहाँ मेरो एउटा सानो घरबारी छ।

हो, मलाई जुन कुरा थाहा छ सो थाहा पाउन अरूहरू-लाई निकै समय लाग्नेछ। हुन पनि सूर्य र अन्य नक्षत्रहरूमा फलाम कति छ र अन्य धातुहरूको मात्रा कति छ भन्ने पत्ता लगाउन धेरै समय लाग्नेछैन। परन्तु जसबाट हाम्रो पाशविकताको भण्डाफोड हुन्छ त्यस रहस्यको भेद खोल्नु कठिन हुन्छ, असाध्य गाह्रो हुन्छ...।

तपाईं मेरो कुरा सुनिरहनुभएको छ र यो पनि लरतरो कुरा होइन। यसको लागि म तपाईंप्रति कृतज्ञ छु।"

"तपाईंले मेरा बालबच्चाहरूको बारेमा सोध्नुभयो। यो, बालबच्चाहरूको विषयमा पनि हाम्रो दृष्टिकोण कति बदलिन छ! बालबच्चा नै जीवनको महासुख र ईश्वरको सबभन्दा ठूलो वरदान हो भन्ने कुरा पनि पच्चीसै आना झूठो हो। कुनै जमानामा यस्तो हुँदो हो, तर अहिले चाहिं होइन। लालाबाला भनेको झन्झट र दुःखसिवाय अरू केही पनि होइन। अधिकांश आमाहरू यो कुरा राम्ररी नै बुझ्छन् र कहिलेकाहिं अनायासै उनीहरूको मुखबाट समेत यो कुरा बकिन्छ। हाम्रो वर्गका हुनेखाने कुलघरानाका कुनै पनि बालबच्चाकी आमासंग तपाईं एकपल्ट त सोधिहेर्नोस्! मलाई बालबच्चाको चाहना छैन, किनभने मलाई उनीहरूको रोगव्याधि र मृत्युको डर लाग्छ भनेर उसले जवाफ देली। कुनै महिलाले कथंकदाचित् बच्चा जन्माइहाली भने पनि ऊ त्यसको पालनपोषण स्वयं गर्न इच्छुक भएको पाउनुहुनेछैन। किन रे भने कहीं त्यसको मायामोह नलागिहालोस् र पछि पीर नपरोस्! कुनै बच्चाको सुकोमल जिउ देख्दा, उसका मुलायम र चिटिक्क परेका हातगोडा र स्निग्ध अङ्गप्रत्यङ्ग देख्दा अवश्य नै मन रमाउँछ नै, तर त्यसभन्दा बढी त मानसिक सन्ताप नै उत्पन्न हुन्छ – उसको बिरामी र मृत्युको कारणले होइन, बरु कहीं त्यो बिरामी परिहाल्ने त होइन या मरेर जाने त होइन भन्ने डरले र पीरले। यसरी लाभ र हानि दुवै तौलेर हेर्दा त बालबच्चा नहुनु नै जाती हुन्छ। आइमाईहरू यो कुरा निर्धक्कसित र स्पष्टसित भन्छन् पनि। बालबच्चा-

को माया लाग्ने हुनाले नै यस्तो भन्नेगरिन्छ भनेर उनीहरू ठान्छन्। बालबच्चालाई माया गर्नु भनेको एउटा राम्रो र सराहनीय भावना हो र उनीहरूलाई यसको गर्व पनि रहन्छ। परन्तु उनीहरू कुन कुरा ठम्याउन सक्तैनन् भने यस्तो कुराले त उनीहरूको मायाको होइन, बरू स्वार्थको नै अभिव्यक्ति गर्छ। उनीहरूलाई शिशुबाट आनन्दभन्दा बढ्ता दु:ख नै प्राप्त हुन्छ। त्यसैले त उनीहरू बालबच्चा नै नहोस् भन्ने चाहना राख्छन्। उनीहरू शिशुप्रतिको आफ्नो ममताको खातिर आत्मोत्सर्ग गर्दैनन्, बरू आफ्नो खातिर त्यस मायालु जीवलाई नै वलिदान गरिदिन्छन्।

स्पष्ट छ, यो ममता होइन, बरू स्वार्थ हो। परन्तु सम्पन्न परिवारहरूमा बालबच्चाहरूको स्वास्थ्यको कारणले गर्दा (हाम्रो कुलीन समाजमा यहाँ पनि ती डाक्टरहरूकै कृपाले गर्दा) आमाहरूले के कस्ता दु:खयातनाहरू भोग्नु-परेको हुन्छ भन्ने देख्दादेख्दै यस स्वार्थको लागि उनीहरू-लाई दोषी ठहराउनु वा उनीहरूमाथि दोषारोपण गर्नु गाह्रै पर्छ। अहिलेसम्म पनि मलाई शुरू-शुरूका वर्षहरूमा आफ्नी पत्नीको दिनचर्या र उसको मन:स्थितिको सम्झना भएर आउँदा म झस्किनेगर्छु। घरमा तीन-चार जना बाल-बच्चा थिए। उनीहरूकै लालन-पालनमा उसको सारा समय र शक्ति बित्नेगर्थ्यो। हाम्रो जिन्दगीलाई जिन्दगी नै भन्न सुहाउँदैनथ्यो। जहिले पनि हामीलाई बालबच्चाकै मात्र पीर लागिरहन्थ्यो। एकपल्ट खतरा टरेपछि कहीं अर्को खतरा त आइलाग्ने होइन फेरि भन्ने डर हुन्थ्यो। यसै सम्भावित खतराबाट बच्ने प्रयासमा नै सदैव लागिपर्नुपर्थ्यो। जहिले पनि यस्तो लागिरहन्थ्यो, मानौं हामी डुब्न आँटेको

जहाजमा होम्रौं। मेरी पत्नीले नै जानाजानी यस्तो वाता-वरण सिर्जना गरिरहेकी छे र बालबच्चाहरूको फिक्री र चिन्ताको बहाना गरेर मलाई ऊ श्रापनो वशमा पारिराख्न चाहन्छे भन्ने समेत कहिलेकाहिं म सोच्न पुग्थें। मलाई के लाग्थ्यो भने उसले एउटा यस्तो उपाय फेला पारेकी छे जसको मद्दतले ऊ सबै समस्याहरूको समाधान श्रापनै हितानुकूल गर्न सक्छे। कहिलेकाहिं म के पनि विचार गर्थें भने जुन कुरा ऊ गर्छे वा भन्छे सो सब ढोंग मात्रै हो। तर कुरा यस्तो थिएन। ऊ वास्तवमा नै ज्यादै चिन्तित रहन्थी। बालबच्चाहरूको सानोतिनो बिरामी र स्वास्थ्यको बीग्रने गर्दा ऊ जहिले पनि श्राकुलव्याकुल रहनेगर्थी। यो उसको लागि मात्र नभई मेरो लागि पनि ठूलो यातना थियो। अनि यस यातनाबाट मुक्ति पाउने पनि उससंग कुनै साधन थिएन। सबै जीवधारी प्राणीहरूलाई जस्तै उसलाई पनि श्रापना बालबच्चाहरूको बारेमा त्यत्तिकै चिन्ता थियो जति अधिकांश श्राइमाईहरूलाई हुन्छ। उनीहरूले राम्रो खुराक पाउन्, श्रारामसित खेल्न पाउन् र सुरक्षित रहुन् भन्ने उसको पनि चाहना थियो। यसको साथै उसमा केही यस्ता कुराहरू पनि थिए जुन पशुहरूमा पाइन्छन्, ती हुन्—बुद्धि र कल्पनाको अभाव! श्रापनो चल्लालाई केही भैहाल्ला वा त्यो बिरामी पर्ला भन्ने पीर एउटी पोथी कुखुरीलाई पटक्कै हुँदैन। उसलाई त ती सबै रोगहरूको पनि ज्ञान हुँदैन जुन उसको चल्लालाई लाग्न सक्छ। यसै गरी उसलाई रोगको उपचार गर्ने ती साधनहरूको पनि जानकारी हुँदैन जसको सहायताले रोग र मृत्युलाई समेत रोक्न सकिन्छ भन्ने हामी ठान्नेगर्छौं। यसैउसले गर्दा एउटी

पोथी कुखुरीको निम्ति उसका चल्लाहरूबाट कुनै क्लेश उत्पन्न हुँदैन। उसले त आफ्ना चल्लाहरूको लागि त्यही मात्र गर्छ जुन उसले गर्नुपर्ने हुन्छ र ऊ खुशीसाथ गर्छ पनि। चल्लाहरूबाट उसलाई आनन्द प्राप्त हुन्छ। कथंकदाचित् चल्ला बिरामी परिहाल्यो भने पनि माउलाई यस्तो बेला के गर्नुपर्छ भन्ने राम्रो थाहा हुन्छ। ऊ चल्लालाई आहारा ख्वाउँछ र आफ्नो पखेटाले छोपेर राख्छ। उसले जे गरिरहेको छ त्यो गर्नु आवश्यक छ भन्ने पनि उसलाई थाहा हुन्छ। कथंकदाचित् चल्ला मरि नै हाल्यो भने पनि त्यो किन मरेको होला र कहाँ गयो होला भन्ने प्रश्न नै उसले आफूसंग सोध्नेगरेको हुँदैन। केही बेर क्वा-क्वा गरेपछि ऊ चूप लागिहाल्छ र फेरि पहिलेकै जस्तरी जीवन बिताउन थाल्छ। परन्तु हाम्रा अभागी आइमाईहरूको लागि भने यो नै पर्याप्त हुँदैन। मेरी पत्नीको लागि पनि यो पर्याप्त थिएन। उसले बालबच्चाहरूको स्याहारसुसार र शिक्षादीक्षाको बारेमा अनेकौं कुरा सुनेर वा पढेर थाहा पाइराखेकी थिई र विभिन्न किसिमका नियमहरूको पनि यसरी नै जानकारी हासिल गरेकी थिई। अवश्य पनि यस्ता नियमहरूमा निरन्तर हेरफेर आइरहन्थ्यो। यसको अतिरिक्त बालरोगहरू र तिनको उपचारको बारेमा पनि उसले थुप्रै कुराहरू सुनेर र पढेर थाहा पाएकी थिई। बालबच्चाहरूलाई फलानो थोक ख्वाउनुहुन्छ, ढिस्कानो थोक ख्वाउनुहुँदैन, अहँ, फलानो र ढिस्कानो होइन, बरू ढिस्कानो र फलानो मात्र ख्वाउनुपर्छ। एक साता पनि बित्न पाएको हुँदैनथ्यो, हामीलाई, खास गरी मेरी पत्नीलाई कुनै न कुनै नयाँ नियम थाहा भैहाल्थ्यो ; जस्तो कि बालकहरूलाई

कसरी ख्वाउनुपर्छ, कसरी नुहाउनुपर्छ, कस्तो लुगा लगाइ-दिनुपर्छ, बिछ्यौनामा कसरी सुताउनुपर्छ, कसरी डुलाउनुपर्छ र ताजा हावामा घुमाउनुपर्छ इत्यादि। यस्तो भान पर्थ्यो, मानौं संसारमा जन्म लिने यी नै सबभन्दा पहिला बालबच्चा होउन्। कथंकदाचित् कुनै बालक बिरामी परिहाल्यो भने यसको कारण उसलाई ठीकसंग नख्वाउनु, ठीकसंग ननुहाउनु वा ठीक समयमा ननुहाउनु नै हो भन्ने हुन जान्थ्यो। भनाइको मतलब के त भने उसको रोगको लागि आमा चाहिं नै दोषी थिई अर्थात् उसबाट नहुनुपर्ने कुनै भूल हुन गएको थियो।

बालबच्चाहरूको स्वास्थ्य राम्रै छ भने पनि चिन्ता घट्ने कुरा होइन। कथंकदाचित् थला नै परेका छन् भने त कुरै नगर्नोस्! जिन्दगी नै नरकमा परिणत हुन्छ। आम आग्मा के छ भने रोगको उपचार हुन सक्छ। विज्ञानको एउटा यस्तो शाखा पनि छ जुन चिकित्सा भनिन्छ, अनि यस्ता मानिसहरू पनि छन् जो डाक्टर कहलाउँछन् र जो रोगको उपचार गर्न जान्दछन्। सके सबै डाक्टर यस्ता नहोलान्, तर असल डाक्टरहरूलाई जरूर पनि रोगको उपचार थाहा हुन्छ। तसर्थ कथंकदाचित् कुनै बालक बिरामी पऱ्यो भने सबभन्दा असल डाक्टर खोजेर देखाइहाल्नुपर्छ र उसले ओखतीमूलो गरेर बालकलाई बचाइदिनेछ। अनि बालक तंग्रिहाल्नेछ। कथंकदाचित् त्यस डाक्टरलाई फेला पार्न सकिएन अथवा तपाईं त्यस शहरमा नै बस्नुहुन्न जहाँ त्यो डाक्टर बस्छ भने त बालकको प्राण जाने नै थियो भन्ने सम्झनुभए फरक पर्दैन। सिर्फ मेरी पत्नीको मात्रै यस्तो विश्वास थिएन, हाम्रो वर्गका सबै महिलाहरू यस्तै

नै विश्वास गर्छन्। यसैउसले त जतातत ऊ यही सुन्नेगर्थी: 'एकातेरिना सेम्योनोभ्नाका दुई जना बालबच्चा मरेर गए, किनभने उसले बेलैमा इभान जाखारिचलाई जँचाइन... इभान जाखारिचले मारिया इभानोभ्नाकी जेठी छोरीको ज्यान बचाइदिए।... पेत्रोभ परिवारमा जोईपोइ दुवैले डाक्टरको सल्लाह मानेर आफ्ना बालबच्चाहरूलाई लिएर बेग्लाबेग्लै होटलमा बस्ने बन्दोबस्त मिलाए र बालबच्चाहरू सबै छन्। यदि उनीहरूले डाक्टरको रायसल्लाह नसुनेको भए उनका बालबच्चाहरू निश्चय नै मरेर जानेथिए।... फलानी आइमाईको बच्चा मरञ्च्याँसे थियो, तर डाक्टरको परामर्शअनुसार उसलाई दक्षिणतिर लगियो र बच्चा तन्दुरूस्त भैहाल्यो।... सबै जीवधारी प्राणीहरू झैं मेरी पत्नी पनि आफ्ना बालबच्चाहरूको बारेमा सदासर्वदा चिन्तित रहने-गर्थी। यस्तो नहोस् पनि किन, जब कि डाक्टर इभान जाखारिचको सरसल्लाहमा नै आफ्ना बालबच्चाहरूको जीवन निर्भर छ र उनको रायसल्लाह तुरून्त थाहा पाइ-हाल्नुपर्छ, कत्ति पनि ढीलासुस्ती गर्नुहुँदैन भन्ने नै उसको सोचाइ पनि थियो। परन्तु इभान जाखारिचले के भन्ने हुन् त्यो चाहिं पहिलेबाटै कोही पनि थाहा पाउँदैनथ्यो। स्वयं उनलाई नै यो कुरा सबभन्दा कम थाहा थियो। आफ्नो ज्ञान शून्यको बराबर छ र उनी केही पनि मद्दत गर्न सक्तैनन् भन्ने उनलाई राम्रैसित थाहा थियो। उनी खूब जान्दछन् भन्ने मानिसहरूमा विश्वास परोस् भन्ना-खातिर उनी त जसरी-तसरी आफ्नो रोबरवाफ जमाइ-राख्न खोज्थे। यदि मेरी पत्नीको स्वभाव पशुहरूको जस्तो हुँदो हो त उसले यस्तो यन्त्रणा भोग्नु नै पर्नेथिएन। अनि

यदि उमको स्वभाव पूर्णतया मानिसको जस्तो हुँदो हो न ईश्वरमाथि उसको पूरा श्रद्धा रहनेथियो र सबै भक्तिनीहरूले झैं विचार गर्थी र भन्थी: 'ईश्वरले दियो, ईश्वरले नै फिर्ता लियो। जे हुन्छ सो ईश्वरकै इच्छाअनुसार हुन्छ।' उसका बालबच्चाहरूको मात्रै होइन, सारा प्राणीमात्रको जीवन र मरण ईश्वरकै अनुकम्पामा निर्भर रहने कुरा हो र यो मान्छेको शक्तिबाहिरको वस्तु हो भन्ने पनि उसले सोच्नेथिई। अनि आफ्ना बलबच्चाहरूलाई रोगव्याधि र मृत्युबाट बचाउन सकिन्छ भन्ने विचारले न उसलाई सताउने थियो, न त यस्तो प्रयास नै गर्नेथिई। तर उसको धारणा त अर्कै पो थियो। ऊ के सोच्नेगर्थी भने उसका बालबच्चाहरू सबभन्दा नातागत र कमजोर छन् र उनीहरूलाई असंख्य रोगव्याधिले पनि सताउन सक्छ। फेरि उनीहरूप्रति उसको मायामोह पनि असाध्य नै थियो, जस्तो आफ्ना बच्चाहरूप्रति पशुहरूको हुन्छ। यसको साथै ऊ के पनि भन्थी भने उनीहरूको हितको उत्तरदायित्व समेत उसैउपर छ, यद्यपि उनीहरूलाई सुरक्षित राख्ने साधनहरूको ज्ञान चाहिं हामीलाई नभएर सिर्फ एक-दुई जना विद्वान्हरूलाई मात्रै छ र उनीहरूको परामर्श र सहायता डक्कै रकम बुझाएपछि मात्र पाउन सकिन्छ, तर त्यो पनि सधैं चाहिं होइन।

बालबच्चाहरूको कारणले गर्दा न मेरी पत्नीको जीवन सुखी थियो, न त मेरै जीवन सुखद थियो। सिर्फ दुःख नै दुःख थियो। अन्यथा हुनै पनि पो के सक्थ्यो र? ऊ सदासर्वदा दुखित रहन्थी। हाम्रो बीचमा ठाकठुक परि नै रहन्थ्यो – कहिले इर्ष्याको कारणले गर्दा त कहिले

सानोतिनो र नगण्य कारणले गर्दा। रडाको अथवा कलह शान्त भएपछि म प्रायश: कुनै किताब हातमा लिन्थें या त्यसै सोच्न थाल्थें – कतै अलिकति मानसिक शान्ति पाइहालिन्छ कि त भनेर। परन्तु कुनै काम गर्न आँटचो कि त एक्कासि खबर पाइन्थ्यो: 'भास्यालाई वाक्वाकी लागिरहेको छ, या माशालाई आउँमासी परेको जस्तो छ, या आन्द्रयुशाको आङभरि खटिरैखटिरा निस्केको छ।' बस्, सब आशा तत्कालै चकनाचूर भइहाल्थ्यो। कहाँ जाने? कुन चाहिं डाक्टरलाई बोलाउने? केटाकेटीहरूलाई कसरी अलग्याएर राख्ने? त्यसपछि – ओखतीमूलो, थर्मामीटर र डाक्टर! .. एउटा झमेला समाप्त हुन नपाउँदै अर्को झमेला शुरू भैहाल्थ्यो। सुव्यवस्थित र सुसंगठित पारिवारिक जीवनको त नामनिशाना नै थिएन। के थियो त? मैले तपाईंलाई बताइहालें नि! कहिले वास्तविक त कहिले काल्पनिक खतराहरूबाट बच्नको लागि दौडधूप! हामीकहाँ अधिकांश परिवारहरूमा यस्तै स्थिति छ। मेरो परिवारको त खास हालत यस्तै थियो, किनभने मेरी पत्नीको स्वभाव सहजै विश्वासमा पर्ने खालको थियो। उसलाई बालबच्चाहरूको पनि ठूलो मायामोह थियो।

यस प्रकार बालबच्चाहरू भएको हुनाले हाम्रो जीवन सुखी हुनुको सट्टा विषाक्त बन्न पुगेको थियो। फेरि बालबच्चाहरू नै हाम्रो बीचमा बैमनस्यको नयाँ कारण बन्न पुगेका थिए। जति जति उनीहरू हुर्कंदैगए त्यति त्यति नै हाम्रो बीचमा कलह पनि बढ्दैगयो। कहिले उनीहरू कलहको कारण बन्न पुग्थे भने कहिले चाहिं कलहको विषय! यति मात्रै कहाँ हो र? हाम्रो आपसी झगडामा हतियारको

रूपमा पनि केटाकेटीहरूको प्रयोग हुन थाल्यो। हामी बच्चाहरूको पक्ष्य लिएर एक दोस्राको विरूद्ध लड्नेगर्थ्यौं। हामी दुवैमध्ये हरेकको आ-आफ्नै प्यारो बच्चा थियो जसलाई हामी कलहको साधनको रूपमा उपयोग गर्थ्यौं। म खास गरी जेठो छोरो भास्यालाई विषय बनाएर झगडा गर्ने नम्सिन्थें भने ऊ चाहिं लीजालाई लिएर। अनि जब केटाकेटीहरू हुर्कंदैगए र उनीहरूको व्यक्तित्वको पनि विकास हुँदैगयो त उनीहरूले पनि मेरो वा उसको पक्ष्य लिन थाले। त्यस बखत हामी दुवै उनीहरूलाई आ-आफ्नो पक्षमा मिलाउने कोशिश गर्थ्यौं। यसले गर्दा ती बिचरा-हरूको ठूलो दुर्दशा हुन जान्थ्यो, परन्तु हाम्रो बीचमा सधैं युद्ध चलि नै रहन्थ्यो र हामीलाई केटाकेटीहरूको बारेमा विचार गर्ने फुर्सद पनि हुँदैनथ्यो। जेठी छोरीले मेरो पक्ष्य लिन थालेकी थिई भने जेठो छोरो उसको पक्षमा मिल्न पुगेको थियो। भास्याको अनुहार पनि आमाकै जस्तो बान्की परेको थियो र उसलाई ऊ बढी माया पनि गर्थी। म भने उसलाई अक्सर घृणा गर्न लागिसकेको थिएं।

१७

यसरी हाम्रो जीवन बितिरहेको थियो। हाम्रो आपसी वैमनस्य झन् झन् चर्किंदैगइरहेको थियो। अन्त्यमा स्थिति यहाँसम्म पुग्यो भने मतभेदको कारणले गर्दा कलह उत्पन्न हुने नभई कलहको कारणले गर्दा नै बरू मतभेद उत्पन्न हुन लागिसकेको थियो। उसले जेसुकै भने तापनि म त्यसको विरोध गर्न लागिहाल्थें र ऊ पनि ठीक यस्तै गर्थी।

बिहे भएको चौथो वर्षमा हामी दुवै नै स्वतन्त्र रूपमा कुन निष्कर्षमा पुगिसकेका थियौं भने हामी न एक दोस्रालाई बुझ्न सक्छौं, न त एक अर्कासित सहमत नै हुन सक्छौं। अनि हामीले सम्झौता गर्ने प्रयास नै गर्न छोडिदियौं। सानोतिनो कुरामा पनि, खास गरेर ती कुराहरूमा जसको सम्बन्ध केटाकेटीहरूसंग हुन्थ्यो, हामी आ-आफ्नो कुरामा अड्डी लिएर बस्नेगर्थ्यौं। अहिले जब म त्यस बेलाको सम्झना गरेर सोच्न थाल्छु त मलाई के लाग्छ भने जुन कुराको म लिंडेढिपी लिनेगर्थें त्यो मेरो लागि यति प्रिय त निश्चय नै पनि थिएन कि त्यसलाई त्याग नै गर्न नसकियोस्! परन्तु उसको विचार मेरो विचारसंग बाझ्दथ्यो। यसैउसले गर्दा आफ्नो विचार त्यागिदिनुको अर्थ नै उसको सामु घुँडा टेक्नु सरह हुन जान्थ्यो। यस्तो कुरा मबाट किमार्थ हुन सक्तैनथ्यो, न त उसबाट नै यो सम्भव थियो। जे जसो ऊ गर्छे सो ठीक छ भन्ने नै सके ऊ सोच्ने गर्दी हो। आफ्नो बारेमा मलाई पनि कुन कुरामा पक्का विश्वास थियो भने जे जसो म गर्दछु सो नै ठीक छ। जतिखेर हामी एकान्तमा बसिरहेका हुन्थ्यौं त्यस बेला कि त हामी एकदमै मौन रहन्थ्यौं, नत्रभने यस्तो कुराकानी मात्र गर्दथ्यौं जुन मूक पशुहरू पनि सके आपसमा गर्दा होलान्: 'कति बज्यो हँ? सुत्ने बेला भयो क्या र! आज दिउँसो के खाने बन्दोबस्त छ? कतै जानु छ कि? अखबारमा कुनै ताजा खबर छ कि? माशाको घाँटी दुखिरहेको छ, डाक्टर त बोलाउनैपर्ला!' कथंकदाचित् हाम्रो कुराकानीको मेसो यस्तै नगण्य विषयको घेराबाट अलिकति पनि बाहिरतिर पुग्यो कि त फेरि रडाको मच्चिन बेर लाग्दैनथ्यो।

हामी उत्तेजित भैहाल्थ्यौं र कफी, टेबिलपोश, घोडागाडी, ताश खेल्दाखेरि चालिने कुनै चाल इत्यादि जस्ता कुनै पनि सानोतिनो कुरालाई लिएर समेत आपसमा गालीगलौज गर्न लागिहाल्थ्यौं, यद्यपि यी तुच्छ कुराहरूको न उसको निम्ति, न त मेरै निम्ति नै कुनै खास महत्व हुन्थ्यो। जहाँसम्म मेरो प्रश्न छ, म के भन्न सक्छु भने कति हो कतिपल्ट उसप्रति मेरो घृणा भकभक उम्लेर पोखिनै आँटिसकेको थियो। कहाँसम्म भने कहिलेकाहिं उसले कपमा चिया हालिरहेको, खुट्टा हल्लाइरहेको, चम्चा मुखतर्फ लगिरहेको वा चियाको चस्को लिइरहेको देख्दा नै घृणाले मेरो कन्सिरीका रौं समेत तातेर आउँथे, मानौं ऊ जे जो गर्छ सो सब नै कुनै ठूलो अपराध होस्। घृणाको अर्को लहर एकदमै नियमित र अनिवार्य रूपमा त्यस समयावधिको लगत्तैपछि चल्नेगर्थ्यो जसलाई हामी प्रेमको लहर भन्छौं। हुन त ती दिनहरूमा मलाई यस तथ्यको थाहापत्तो नै थिएन। प्रेमको समयावधि बितेर गएपछि घृणाको समयावधि शुरू हुन्थ्यो र प्रेमको लहर चल्दा भावना ज्यादा गहिरिएको थिएन भने घृणाको समयावधि पनि छोटो नै हुन्थ्यो, परन्तु प्रेमको लहर गहिरोसित चलेको छ भने चाहिं घृणाको समयावधि पनि असाध्य नै लामो हुन जान्थ्यो। प्रेम र घृणा त एउटै पाशविक भावना-का दुई पक्ष हुन् भन्ने त्यतिखेर हामीलाई थाहापत्तो नै थिएन। वास्तविक स्थिति यस्तो छ भन्ने कथंकदाचित् कुनै बेला हामीले थाहा पाइहाल्दा हौं त हाम्रो जीवन नै दुःस्वप्न बन्न पुग्नेथियो। परन्तु स्थितिको यथार्थ रूप हाम्रो दृष्टिगोचरमा पर्दैपरेन। यसैमा त मनुष्यको मुक्ति

र दण्ड दुवै कुरा नीहित छन्। कुनै मान्छेको जीवनयापनको तौरतरीका जतिसुकै गलत किन नहोस्, उसले त्यसप्रति आँखा चिम्लिदिन सक्छ र आफ्नो दयनीय स्थितिलाई देख्न समेत देख्दैन। हामीले पनि यस्तै गऱ्यौं। घरको कामधन्दामा नै ऊ आफूलाई भुलाएर राख्नेगर्थी, त्यसैको भारमा ऊ अल्झिरहेकी थिई र उसलाई सास फेर्ने समेत फुर्सद रहँदैनथ्यो। ऊ कोठा मिलाउँथी, आफ्नो शृङ्गारपटारमा लाग्थी, बालबच्चाहरूलाई लुगासुगा लगाइदिन्थी, पढ्थी र पढाउँथी, बच्चाहरूको सन्चोबिसन्चोको रेखदेख गर्थी! मेरो चाहिं आफ्नै लत्तो थियो–जागीर, शिकार र ताश! हामी दुवै जहिले पनि कुनै न कुनै काममा व्यस्त रहन्थ्यौं। जति बढ्ता हामी व्यस्त रहन्थ्यौं त्यत्तिकै ज्यादा हामी एक अर्काप्रति असह्य बन्दैगैरहेका छौं भन्ने हामी अनुभव गर्थ्यौं। म मनमनै उसलाई भन्नेगर्थें: 'अहिले तँ मुख बिगार्दैछेस्! राति त्यो उपद्रव नमच्चाउँदी होस् त म मजाले सुत्न त पाउनेथिएँ! रातभरि जाग्राम बसियो, अब चाहिं सम्मेलनमा जानुछ!' ऊ चाहिं मनमनै भन्ने मात्र होइन, बरू डाँको छोडेर गर्जन्थी: "तिमीलाई त के र? आफूले भने बच्चालाई फकाउनु-फुलाउनुपर्दा रातभरि पटक्कै सुत्न पाइएको होइन!"

यसरी हाम्रो जिन्दगी बित्दैगइरहेको थियो र अन्योलको कुहिरो टन्न लागिरहेको हुँदा हामी आफ्नो वास्तविक स्थितिलाई देख्दा पनि देखिरहेका थिएनौं। कथंकदाचित् त्यो घटना नघटेको हुँदो हो त म बुढेसकालसम्म नै र अन्तिम सास फेर्दासम्म नै पनि के विचारं गर्दो हुँ भने मैले एउटा राम्रै जीवन व्यतीत गरेको छु, यद्यपि यसलाई

[illegible] राम्रो भन्न सकिंदैन तापनि निकै हदसम्म राम्रै [illegible] बिनेको छ जस्तो अरू सब व्यक्तिहरूको छ। आफू [illegible] दुर्भाग्य र घृणित झूठको खाल्डोमा जाकिन पुगेको [illegible] भन्ने समेत मलाई कहिल्यै होश आउने थिएन।

[illegible] स्थिति ती दुई घनघोर शत्रुहरूको जस्तै थियो [illegible] एकै ठाउँमा एउटै सिक्रीले बाँधेर राखिएको थियो र [illegible] एक अर्काको जीवनलाई विषाक्त बनाइरहेका भए [illegible] यस कुराको चाल समेत पाउँदैनथे। संसारका [illegible] उनान्सय दम्पतिहरू मैले जस्तै गरी यस प्रकारको [illegible] जीवन बिताउँछन् र यो अनिवार्य समेत छ भन्ने [illegible] बुनिखेर मलाई बोध थिएन। त्यसताका म न आफ्नो [illegible] नै राम्ररी बुझ्न सक्थें, न त अरूकै स्थितिलाई [illegible] बुझेको थिएँ।

[illegible] सही तरीकाले बितिरहेको होस् या गलत [illegible]. तर त्यसमा कैयौंपल्ट अनायास नै एकैचोटि [illegible] घटनाहरू घट्नेगर्छन् जसले गर्दा मान्छेहरू बिखल-[illegible] पर्न जान्छन्। जब आमाबाबुको आपसी विद्वेष चरम [illegible] घुमिरहेको हुन्छ ठीक त्यति बेला नै केटाकेटीहरूको [illegible] समस्या उठिदिन्छ र त्यस परिवारले कुनै शहरमा [illegible] [illegible] हुन्छ।"

[illegible] चुप लाग्यो। दुईपल्ट फेरि उसको मुखबाट त्यही [illegible] आवाज निस्कियो जुन अहिले चाहिं सुंक्क सुंक्क नै [illegible] रोक्ने प्रयास गरेको जस्तो लाग्न थालेको थियो।

[illegible] रेलगाडी पनि कुनै स्टेशननेर पुग्नै आँटेको थियो।

"[illegible] बज्यो हँ?"—उसले सोध्यो।

[illegible] घडी हेरें। दुई बज्नै आँटेको थियो।

"तपाईं थाक्नु त भएन के?" – उसले फेरि प्रश्न गऱ्यो।

"अहँ, थाक्या छैन! बरू तपाईं पो त थाक्नुभो होला!"

"मलाई यहाँ उकुसमुकुस लाग्न थालेको छ। म यसो डुलेर आउँछु। अलिकति पानी पनि खानैपर्ला!"

अनि ढलमलिंदै उसले डब्बा पार गऱ्यो। म एक्लै बसिरहेको थिएँ र उसको कथनमा घोरिएर विचार गरिरहेको थिएँ। म आफ्नो विचारमा कतिसम्म तल्लीन हुन पुगेको रहेछु भने अर्को ढोकाबाट ऊ फर्केर भित्र पसिसकेको समेत मैले चाल पाउन सकिनँ।

१८

"हो, म कुरा गर्दा बहकिनेगर्छु। – ऊ भन्दैथियो। – "मैले कैयौं दिनसम्म घोत्लिएर यी कुराहरूमा मगज लडाएँ र अब धेरै कुरामा मेरो धारणा नै फेरिइसकेको छ। आफ्नो विचार अरूहरूलाई पनि सुनाउने इच्छा ममा जागेर आउँछ। अँ, हामी शहरमा बस्न थाल्यौं। दुःखी मान्छेहरूलाई शहरतिर जीवन बिताउनु नै सजिलो पर्छ। शहरतिर मान्छे कथंकदाचित् शय वर्षसम्म नै बाँच्यो भने पनि ऊ उहिले नै मरिसकेको थियो र उसबाट कुहिगन्ध आउन थालिसकेको छ भन्ने समेत उसलाई अत्तोपत्तो हुँदैन। आफ्नो बारेमा सोचविचार गर्ने त उसलाई फुर्सद नै हुँदैन। सबै नै व्यस्त रहन्छन् – कामकाज, सामाजिक सम्बन्ध, स्वास्थ्य, कला, बालबच्चाहरूको सन्चोबिसन्चो र उनीहरूको

शिक्षा-दीक्षा! कहिले कसैलाई पाहुना डाँक्नुपर्ने हुन्छ त कहिले चाहिं आफू नै कसैकहाँ पाहुना बन्न जानुपर्ने हुन्छ। कहिले केही हेर्नुपर्ने हुन्छ त कहिले केही सुन्नु पनि पर्ने हुन्छ। शहरमा जहिलेसुकै पनि एक जना मात्र होइन, दुई र तीन जनासम्म पनि प्रख्यात व्यक्तिहरूको आगमन भइ नै रहन्छ र उनीहरूप्रति बेवास्ता गरेर बस्न पनि सकिन्न। आज यस बच्चाको वा उस बच्चाको उपचार गराउनुपर्नेछ भने भोलि शिक्षक, ट्यूशन-माष्टर र सुसारे-आईको समस्याले पिर्दछ। अनि जीवन चाहिं भित्रभित्रै घोको परिसकेको हुन्छ। हाम्रो जिन्दगी पनि यस्तै किसिमले बितेर जान थाल्यो र संगसंगै रहँदा-बस्दा पहिले जुन क्लेश अनुभव हुनेगर्थ्यो त्यो पनि कम भयो। फेरि शुरू-शुरूमा त हामी नयाँ शहरसित परिचित हुन र आफ्नो नयाँ डेराको चाँजोपाँजो मिलाउनमा नै व्यस्त रह्यौं। यो काम ज्यादै रूचिकर पनि थियो। यसबाहेक हामी बेला-बेलामा शहरबाट गाउँ त गाउँबाट शहर पनि आउने-जाने गर्दैरह-न्थ्यौं।

पहिलो हिउँद त यसरी नै काटियो। तर दोस्रो हिउँद-मा एउटा यस्तो सानो घटना घट्यो जुन हेर्दा त नगण्य र मामूली नै प्रतीत हुन्थ्यो, तर पछि जुन घटना घट्न पुग्यो त्यससंग त्यसको सोझै सम्बन्ध थियो।

मेरी पत्नी जहिले पनि अस्वस्थ रहन्थी। डाक्टरहरूले उसलाई बच्चा जन्माउने अनुमति दिएनन्। उनीहरूले त उसलाई गर्भ नै नरहने एउटा जुक्ति पनि सिकाइदिए। मलाई चाहिं यो कुरा ज्यादै नै घृणित लाग्यो। मैले त्यसलाई आलटाल गर्ने निकै प्रयत्न गरें, तर मेरी पत्नी भने बुझ्नु

न सुझ्नु आफ्नै कुरामा मात्र ढीपी लिएर बस्न लागी। आखिर मैले हार मान्नैपर्‍यो। जब सुंगुरले झैं बच्चा जन्माउने एउटा प्रयोजन पनि जीवनबाट हटाइयो त हाम्रो जीवन अझ बढी घृणित र पाशविक हुन पुग्यो।

खेतीवाल र ज्यामीहरूको लागि बच्चाको जरूरत रहन्छ। केटाकेटीहरूको पालन-पोषण गर्नु र उनीहरूलाई हुर्काउनु जतिसुकै गाह्रो पर्ने भए तापनि उनीहरूलाई बालबच्चा-हरूको खाँचो रहन्छ। तसर्थ उनीहरूको वैवाहिक सम्बन्धको औचित्य पनि पुष्टि हुन जान्छ। परन्तु हामी बालबच्चा भएका मानिसहरूलाई फेरि बच्चाहरूको जरूरत पर्दैन। बच्चाको कारणले गर्दा एकातिर हाम्रो चिन्ता बढ्छ भने अर्कोतिर चाहिं खर्च पनि बढ्छ। हामी चाहौं वा नचाहौं, उनीहरू हाम्रो श्रीसम्पत्तिका हकदार बन्न पुग्छन्। उनीहरू हाम्रो जीवनमा बित्थामा भार बन्न पुग्छन्। यसरी हाम्रो पशुवत् जीवनको कुनै औचित्य नै रहन जाँदैन। कि त हामी कृत्रिम जुक्तिहरूको प्रयोग गरेर बच्चा नै नजन्मने उपाय गर्छौं, कि त भने हाम्रो हेलचक्र्याइँको कारणले गर्दा मात्र दुर्भाग्यवश बच्चा जन्मेको हो भन्ने सोच्न पुग्छौं। यो कतिसम्म घिनलाग्दो कुरा हो! यस्तो कुराको औचित्य नै हुन सक्तैन। परन्तु हामी नैतिक दृष्टिले कतिसम्म तल खसिसकेका छौं भने हामी उचित के हो र अनुचित के हो भनेर विचार गर्नुपर्ने समेत कुनै अवश्यकता देख्दैनौं। अचेल शिक्षित भनाउँदा अधिकांश मान्छेहरूको जीवन नै यस्तै व्यभिचारले भरिपूर्ण हुन्छ, किन्तु यसको लागि उनीहरूको सोमतमा अलिकति पनि ठेस लाग्दैन।

फेरि हाम्रो समाजमा सोमत छँदा पनि छैन भने त

ठेस लागोस् पनि कसरी र? हो, लोकमतलाई वा फौजदारी ऐनकानूनलाई नै सोमत मान्ने हो भने चाहिं कुरा अर्कै हो। परन्तु यहाँ त न पहिलोको, न त दोस्रोको नै उलङ्घन हुन्छ। लोकमतले कुनै आपत्ति जनाउँदैन, किनभने सबका सब नै यस्तै गर्छन्। साँच्चै भन्ने हो भने मारिया पाभ्लोभ्ना र इभान जाखारिच समेत यस्तै गर्छन्। के त हामी हरिकङ्गालहरूलाई जन्माउँदैजाऔं अथवा समाजमा हाम्रो उठबससम्म पनि समाप्त भएर जाओस्? जहाँसम्म फौजदारी ऐनकानूनको प्रश्न छ, त्यससंग पनि हच्किनुपर्ने अथवा तर्सिहाल्नुपर्ने कुनै कारण छैन। सिर्फ वेश्यावृत्तिमा लागेका केटीहरू र सिपाहींहरूका घरकुरुवा स्वास्नीहरू मात्रै आफ्ना नवजात शिशुहरूलाई इनारमा वा पोखरीमा फाल्न लैजान्छन्। निश्चय नै पनि तिनलाई कैदखानामा जाकिदिनुपर्छ। किन्तु हाम्रो त कुरै अर्को हुन्छ। हामी त सब काम यथासमयमा नै सोचविचार गरेर निकै सफाईका साथ सम्पन्न गर्छौं।

एवं रीतले हामीले अरू दुई वर्ष बितायौं। ती बदमाशहरूले जुन उपाय बताएका थिए त्यसको प्रभाव पनि देखा परिहाल्यो। मेरी पत्नी पहिलेको दाँजोमा बढी स्वस्थ र रातोपीरो देखिन लागी, मानौं ग्रीष्मयामको अन्तिम सौन्दर्य फक्रिएको हो कि त भने झैं। यो कुरा उसले पनि बोध गर्ने भैहाली र उसले आफ्नो शृङ्गारपटारमा समेत विशेष ध्यान दिन थाली। उसको सौन्दर्य यस्तो हाँक समान थियो जसले सबैलाई मुग्ध पारिदिन्थ्यो। उसको उमेर भर्खर तीस वर्ष पुगेको थियो — शरीरबाट यौवन टप्किरहेको थियो, स्वभाव अलि उत्ताउलो थियो र गर्भ रहला भन्ने पनि

कुनै चिन्ता थिएन। उसको रूपलावण्यले नै मोहिनी लगाइहाल्थ्यो। जतिखेर ऊ पुरूषहरूको माझबाट अगाडि लम्कन्थी, त्यस बेला त ऊ सबैका आँखाको तारो नै बन्न पुगेकी हुन्थी। ऊ त त्यसताका दाना खुवाएर र बुरूस लगाएर ताजा पारिएको यस्तो घोडा जस्तै थिई जसलाई साजबाजले सिंगारिएको होस् र जसको लगाम अलि होलो पनि पारिएको होस्! अझ उसमा त कुनै किसिमको लगाम समेत लगाइएको थिएन। हामीकहाँ सयकडा उनान्सय आइमाई-हरू यसरी नै त कुनै नियन्त्रणमा राखिएका हुँदैनन्। म यस कुराको अनुभव गर्दैथिएँ र मलाई मनमा ठूलो डर पनि लागिरहेको थियो।"

१६

आफ्नो सीटबाट जुरूक्क उठेर ऊ सरासर झ्यालनेरै रहेको सीटमा बस्न पुग्यो।

"माफ गर्नुस्!"—उसले भन्यो र झ्यालतर्फ हेर्न लाग्यो। झण्डै तीन मिनेटसम्म नै चूपचाप ऊ झ्यालबाट बाहिरतिर हेरिरह्यो। त्यसपछि उसले लामो सुस्केरा हाल्यो र फर्केर फेरि मेरै सामुन्नेको सीटमा बस्यो। उसको मुखाकृति अर्कै भैसकेको थियो, आँखामा दयनीय भाव झल्किरहेको थियो र ओंठमा एउटा अनौठो किसिमको मुस्कुराहट देखिन्थ्यो।—"म अलि थाकेको अनुभव गर्दैछु, परन्तु आफ्नो रामकहानी पूरै बताउनेछु। अझै समय प्रशस्तै बाँकी छ, अझै मिर्मिरे उज्यालो भैसकेको छैन।"—अनि उसले एउटा चुरोट सल्कायो र चुरोटको सर्को तान्दै उसले भन्ने क्रम जारी

राख्यो। – "हो, उसले बच्चा जन्माउनुपर्ने झन्झटबाट छुट्कारा पाइसकेपछि उसको जिउ पनि लागेर आयो र ऊ मोटीघाटी देखिन थाली। बच्चाहरूको कारणले गर्दा जुन रोगले सताउनेगरेको थियो त्यो पूरै नै समाप्त भइसकेको थिएन, तर निकै हदसम्म कम भने निश्चय नै भएको थियो। उसको अवस्था त्यस व्यक्तिको जस्तो लाग्दथ्यो जो नशाको लागूबाट मुक्त हुँदैगइरहेको हुन्थ्यो। जुन संसारको बारेमा पहिले उसलाई रत्तिभर पनि कुनै बोध मात्र नभएको होइन, अझ जसको ठीक-ठीक मूल्याङ्कन नै उसले गर्न सकेकी थिइन र जहाँ उसलाई बाँच्न समेत महाभारत परिरहेको थियो त्यहाँ चारैतिर अब उसले यस्तो खुशियाली नै खुशियाली अनुभव गर्न लागेकी थिई जसको बारेमा उसलाई पहिले पटक्कै ज्ञान थिएन। 'समय त बित्दैगइरहेको छ। त्यो अब फर्केर आउने होइन! अहिले मौका गुम्यो भने सदाको लागि गुम्यो!' – यस्तो नै मेरी पत्नी विचार गर्दी हो अथवा अनुभव समेत गर्दी हो भन्ने मलाई लाग्छ। यसबाहेक अर्को विचार र भावना त उसको मनमा उब्जनै पनि त सक्तैनथ्यो। जुन किसिमको उसले शिक्षादीक्षा पाएकी थिई त्यसअनुसार त उसको दृष्टिमा संसारमा एउटै मात्र कुराको खास महत्व थियो र त्यो हो – प्रेम। उसले विवाह गरी र आफ्नो दाम्पत्य जीवनमा यस प्रेमबाट उसले केही न केही निश्चय नै प्राप्त पनि गरी, परन्तु जुन कुरा पाउने उसले आशा राखेकी थिई अथवा जुन कुराको उसलाई आश्वासन दिइएको थियो त्यसको दाँजोमा यो एकदमै नगण्य थियो। यसको उल्टो अझ उसले त निराशा र दुःख नै कता हो कता बढ्ता पाएकी थिई। उसले यस्तो

पीर पनि खप्नुपरेको थियो जसको त उसले कहिल्यै कल्पना समेत गरेकी थिइन। त्यो थियो — बालबच्चाहरूको पीर। यसै पीरले गर्दा ऊ फतक्क गलेकी थिई। पछि तिनै दयालु डाक्टरहरूको कृपाले गर्दा उसले गर्भधारणबाट नै मुक्ति पाउन सकिन्छ भन्ने कुरा पनि चाल पाई। त्यसैले ऊ अपार खुशी थिई र मगनमस्त बन्न पुगेकी थिई। प्रेमलाई नै उसले जीवनको लक्ष्य मान्दैआएकी थिई र त्यसैलाई प्राप्त गर्न ऊ फेरि तरूनी बन्न पुगेकी थिई। तर अब ईर्षालु, रिसाहा र कलङ्कित पतिको प्रेम चाहिं उसको आराध्य वस्तु थिएन। ऊ त अब अरू नै किसिमको कुनै नयाँ र स्वच्छ प्रेमको सपना देख्नेगर्थी। जे होस्, म चाहिं कम्तीमा पनि यस्तो विचार गर्थें। अनि उसले यता-उता पल्याकपुलुक हेर्न पनि शुरू गरिहाली, मानौं ऊ कसैको चिरप्रतीक्षामा होस्! यो देखेर म एकदमै व्याकुल हुन पुगें। अन्य कुनै व्यक्तिहरूको माध्यमबाट मसंग कुरा गर्ने त उसको बानी जस्तै नै भैसकेको थियो। भनाइको मतलब के भने उसको कुराकानी त कुनै अर्कै व्यक्तिसंग हुन्थ्यो तर कुरा चाहिं मलाई सुनाउनेगर्थी। यस प्रकार उसले कैयौंपल्ट ठट्टैठट्टामा बडो निर्भिकताका साथ के पनि सुनाउनेगरेकी थिई भने बालबच्चाहरूप्रतिको मायामोह त धोका मात्रै हो र जवानी रहुन्जेल र जीवनको सुखभोग गर्ने क्षमता रहुन्जेल बालबच्चाको स्याहारसुसारमा आफूलाई घोट्नु ठूलो गल्ती हो। एक घडीअगाडि मात्रै आफूले यसको एकदमै उल्टो कुरा भनेको समेत त्यतिखेर ऊ भुसुक्कै बिर्सिदिनेगर्थी। बिस्तार-बिस्तार उसले बालबच्चाहरूतर्फ पनि कम ध्यान दिंदैलगी। जति ध्यान दिनेगर्थी त्यसमा पनि पहिलेको जस्तो उत्साह देखिंदैनथ्यो। उसले ज्यादाभन्दा

ज्यादा समय आफ्नो शृङ्गारपटार र वेशभूषामा लगाउन थालेकी थिई, यद्यपि ऊ यसलाई लुकाउने प्रयत्न गर्थी। उसले आफ्नो सुखसुविधामा पनि ध्यान दिन थाली र यसको साथै आत्म-विकास पनि गर्न थाली। पेनोबाजा बजाउन त कुन जमानामा नै उसले छोडिसकेकी थिई, तर फेरि उसले यसमा सोख देखाउन लागी। यसैबाट त त्यो सारा घटना शुरू भयो।"

थकित तर चञ्चल आँखाले फेरि झ्यालतर्फ उसले पुलुक्क हेऱ्यो। किन्तु तुरुन्त नै उसले आफूलाई काबूमा राख्यो। आफूमाथि नियन्त्रण राख्न नै उसलाई खूब बल गर्नुपरिरहेछ भन्ने प्रतीत हुन्थ्यो।

"हो, हो! त्यो मान्छे त्यहाँ आइपुग्यो।"—यति भन्दै ऊ टक्क रोकियो। त्यही अनौठो आवाज दुई-तीनपल्ट उसको मुखबाट फेरि निस्कियो।

त्यस मान्छेको नाउँ उच्चारण गर्नु, त्यसको सम्झना गर्नु वा त्यसको चर्चा गर्नु उसलाई ज्यादै असहनीय भैरहेको छ भन्ने म स्पष्ट नै देखिरहेको थिएँ। तर आफ्नो मन काबूमा राखेर ऊ भन्दैगइरहेको थियो। उसको स्वरमा निकै नै दृढता झल्कन्थ्यो, मानौं ऊ सबै तगारो र पर्खाल-हरू भत्काइदिन चाहन्थ्यो!

"मेरो दृष्टिमा र मेरो विचारमा पनि त्यो मान्छे ज्यादै नीच लाग्यो मलाई! मेरो जीवनमा उसको व्यवहार नीच हुनाले मात्रै होइन, बरू वास्तवमा नै ऊ अधम मान्छे थियो। त्यस मान्छेको नीचता पनि पटक्कै देख्न नसक्नु नै मेरी पत्नीको कामान्धताको प्रमाण हो। कथंकदाचित् उसको ठाउँमा अरू कुनै मान्छे हुँदो हो तापनि यो घटना

घट्ने नै थियो।"–ऊ फेरि चूप लाग्यो।–"हो, ऊ संगीतज्ञ थियो र बेला पनि बजाउँथ्यो। हुन त ऊ पेशागत संगीतज्ञ निश्चय नै थिएन। साँच्चै भन्ने हो भने ऊ आधा संगीतज्ञ थियो भने आधा चाहिं सामाजिक मान्छे थियो।

उसको बाबु एक बिर्तावाल थियो जो मेरा पिताजीको छिमेकी थियो। उसको बाबुको सारा धनसम्पत्तिले पखेटा हालेपछि सबभन्दा कान्छो चाहिं छोरोबाहेक अरू दुवै छोराहरूको बन्दोबस्त मिलिहाल्यो। कान्छोचाहिंलाई उसकी धर्ममाताकहाँ पेरिसमा पठाइयो। त्यहाँ नै उसलाई एक संगीत-महाविद्यालयमा भर्ना गरियो, किनभने संगीतप्रति उसमा रूचि थियो। त्यहींबाट ऊ बेलाबादक बन्यो र संगीत-कार्यक्रमहरूमा भाग पनि लिन लाग्यो। एक मान्छेको नाताले त ऊ..."–सम्भवत: त्यस मान्छेको सम्बन्धमा ऊ कुनै खराब कुरा भन्न चाहन्थ्यो, तर बीचैमा उसले आफूलाई रोक्यो र तुरून्त अगाडि थप्यो,–"जे होस्, त्यहाँ ऊ कुन किसिमको जीवन बिताउँथ्यो भन्ने त मलाई थाहा छैन। मलाई जे जति थाहा छ त्यो के त भने त्यसै वर्ष ऊ रूस फर्कियो र मकहाँ आइपुग्यो।

उसका आँखा बदामबान्कीका थिए र ती जहिले पनि सजल रहन्थे। राता ओंठहरू जहिले पनि मुस्कुराइरहेका देखिन्थे। उसको जुँगा बटारिएको थियो भने कपाल चाहिं नयाँ फेशनअनुसार तलासिएको थियो। मुखाकृति चिटिक्क परेको थियो, तर त्यसमा अश्लीलता झल्कन्थ्यो। यस्तो अनुहारलाई आइमाईहरू अक्सर 'राम्रै' भन्छन्। जिउ पातलो भए पनि कुरूप चाहिं थिएन र तिघ्रा चाहिं खूबै मोटा थिए, जस्तो कि आइमाईहरूको हुन्छ वा जस्तो कि

हाटेन्टाटहरूको हुन्छ। भनिन्छ, यी हाटेन्टाटहरू पनि संगीतमा खूबै अभिरूचि राख्छन् रे! अलिकति पनि मौका पाइयो कि त हेलमेल बढाउन अग्रसर भइहाल्थ्यो ऊ, परन्तु अनुभूतिशील स्वभावको भएको हुँदा अलिकति मात्रै पनि कर्ममा उपेक्षाभाव देखियो कि त ऊ पछि हटिहाल्थ्यो र बडो टाठबाठका साथ रहन्थ्यो। उसको जुत्ता पेरिसमा प्रचलित खास रङ्गको हुन्थ्यो र त्यसमा टाँक समेत लगाइएको हुन्थ्यो। उसका टाईहरू ज्यादै भडकिलो रङ्गका हुन्थे, ठीक त्यस्तै जस्तो कि प्रायश: बाहिरतिरबाट आउनेहरू पेरिसवासीहरूको देखासिकी गरेर लगाउन थाल्छन्। उसको अन्य पहिरन पनि त्यस्तै किसिमको थियो जस्तो आइमाईहरूलाई खूब नौलो र मौलिक लाग्छ र यसैले गर्दा ज्यादै मन पनि पर्नेगर्छ। उसको हँसिलो मुखमा जहिले पनि एक किसिमको बनावटी मुस्कान जडिराखेको जस्तो देखिन्थ्यो। बोल्नु परि नै हालेछ भने चाहिं ऊ संकेतको भाषामा बोल्थ्यो। ऊ टुक्राटाक्री अपूर्ण वाक्यहरूको प्रयोग गर्थ्यो र यस्तो भान पार्न खोज्थ्यो, मानौं जो उसको कुरा सुन्दैछ उसलाई उसको अभिप्राय थाहा छ र स्वयं उसले नै वाक्य पनि पूरा गर्न सकिहाल्छ!

जे भयो सो सब उसैको कारणले गर्दा र उसको संगीतको कारणले गर्दा नै भयो। अदालतमा चाहिं जे भयो सो ईर्ष्याको कारणले गर्दा नै भयो भन्ने प्रमाणित गर्ने कोशिश गरिएको थियो। तर यो सही होइन अर्थात् हुँदै होइन भनेर त ठोकुवा गर्न नसकिएला तापनि यति त निश्चय नै भन्न सकिन्छ कि सिर्फ ईर्ष्या मात्रै यसको कारण थिएन। अदालतले त के फैसला गरिदियो भने एक पतिको नाताले मप्रति अन्याय हुन गएको थियो र

आफ्नो इज्जतको रक्षा गर्न नै (उनीहरूले यसै शब्दको प्रयोग गरेका थिए) मैले आफ्नी पत्नीको हत्या गरिदिएँ। यसरी मलाई निरपराध घोषित गरियो। अदालतमा मैले सारा कुरा खुलस्त पार्ने प्रयत्न गरेको थिएँ, तर आफ्नी पत्नीको इज्जत बचाउन नै म यसो गर्दैछु भन्ने पो त उनीहरूले ठाने।

त्यस संगीतज्ञसंग मेरी पत्नीको जे जस्तो सम्बन्ध रहेको होस् त्यसको मेरो निम्ति कुनै महत्व थिएन, न त मेरी पत्नीको निम्ति नै महत्व थियो। कुनै कुराको महत्व थियो भने त्यसैको मात्र थियो जसबारे मैले तपाईंलाई बताइसकेको छु। त्यो हो—मेरो पाशविकता। मूल कारण के थियो भने हाम्रो बीचमा त्यो भयङ्कर भाँजो उत्पन्न भैसकेको थियो जसको बारेमा पनि मैले तपाईंलाई बताइसकेको छु। आपसी द्वेषले गर्दा हाम्रो बीचमा कतिसम्म चर्काचर्की परिसकेको थियो भने सानोतिनो कुराले पनि हामीलाई उत्तेजित गराइहाल्थ्यो र हाम्रो बीचमा रडाको मच्चिइहाल्थ्यो। हाम्रो झगडाले डरलाग्दो रूप लिन्थ्यो। त्यो कलह कुन कारणले गर्दा अझ भयङ्कर प्रतीत हुन थाल्थ्यो भने पाशविक कामुकतापछि यस्तो घम्साघम्सी पर्दथ्यो र फेरि पाशविक कामुकताको लहर चल्थ्यो। यो क्रम निरन्तर जारी रहन्थ्यो।

कथंकदाचित् हाम्रो जीवनमा त्यो मान्छे नआइदिएको भए उसको ठाउँमा अरू नै कोही हुन सक्थ्यो। यसै गरी ईर्ष्याको निहुँ नहुँदो हो त अरू नै कुनै निहुँ पनि भेट्टाइँदो हो। म कुन कुरामा विशेष जोड दिन चाहन्छु भने मेरो जस्तै जीवन बिताउने व्यक्तिहरू कि त एकदमै दुराचारी

हुनेछन्, कि त आफ्नी पत्नीलाई त्यागिदिनेछन्, कि त आत्महत्या गरेर मर्नेछन्, कि त मैले जस्तै पत्नीहत्या गर्न पुग्नेछन्। यसको अपवाद कोही निस्कि नै हालेछ भने पनि त्यो विरलकोटिको हुन पुग्नेछ। जुन किसिमबाट मैले कामकुरोको अन्त्य गरिदिएँ त्यसभन्दा पहिले मैले नै कतिपल्ट हो कतिपल्ट आत्महत्या गर्ने तारतम्य मिलाइसकेको थिएँ। मेरी पत्नीले पनि विष खाएर मर्ने प्रयत्न नगरेकी होइन।"

२०

"हो, त्यो घटना घट्नुभन्दा पहिलेको स्थिति यस्तै थियो।

हाम्रो बीचमा एक किसिमले युद्धविरामको स्थिति कायम थियो। यो स्थिति नै यथावत् कायम राखिछाड्नु आवश्यक थियो। परन्तु एक दिन मैले अनायासै कुनै एउटा कुकुरलाई तक्मा दिइएको कुरा चलाएँ। 'तक्मा कहाँ हो र? प्रशंसापत्र मात्रै पो त दिइएको हो!'—उसले मेरो कुरा काट्दै भनी। अनि त के चाहियो र! कलह शुरू भैहाल्यो। लहरो तान्दा पहरो गर्जन लागिहाल्यो। हामी एक अर्कालाई भन्नु-नभन्नु भन्न थाल्यौं। 'अँ, यो त कसलाई थाहा नभएको हो र! सधैं यस्तै त हुन्छ! तपाईंले नै त भन्नुभएको हो...।' 'अहँ, मैले यस्तो कुरा भनेको हुनसक्तैन!' 'मलाई फटाहा भन्न खोज्नुहुन्छ, हैन त?..' अब ठूलो रडाको मच्चिन कत्ति पनि बेर लाग्नेछैन र त्यस रडाकोमा कि त मेरो ज्यान बाँकी रहनेछैन, कि त उसको ज्यान जानेछ भन्ने मलाई लाग्न थाल्यो। जे जस्तो काण्ड

मच्चिन ग्राँटिसकेको थियो त्यसबाट म कोसौं टाढा भाग्न चाहन्थे र डढेलोबाट जस्तै त्यसबाट पनि असाध्य डर लाग्नेगर्थ्यो। म आफ्नो मनको क्रोध मनभित्र नै लुकाएर राख्न चाहन्थे, तर म चाहिं रीसले चूर भैसकेको थिएँ। उसको अवस्था पनि मेरै जस्तो थियो, अझ मेरो भन्दा पनि बढी नराम्रो थियो भन्नुपर्छ। मैले जे भने तापनि ऊ त्यसलाई बंग्याएर अर्थको अनर्थ गर्न पुग्थी। उसको एक-एक लवजले विषमिश्रित छीरले जस्तै च्वास्स च्वास्स घोच्नेगर्थ्यो। ऊ मेरो मर्मस्थलमा नै चोट पर्ने गरीकन शब्दवाण प्रहार गरिरहेकी थिई। कलहको आगो झन् झन् दन्कँदैगइरहेको थियो। 'चूप लाग्!' वा यस्तै कुनै शब्द उकेल्दै म चिच्याएँ। ऊ जुरूक्क उठेर केटाकेटीहरूको कोठातर्फ दुगुर्न थाली। मैले अफ्नो कुरा पूरै सुनाउने हेतुले उसलाई रोक्ने चेष्टा गरें। मैले टप्प उसको हात समातें। उसले आफूलाई निकै दुखेको जस्तो बहाना गरी र चिच्या-उँदै भन्न लागी: 'केटाकेटी हो, तिम्रा बा मलाई कुट्दै-छन्!' 'फटाहा कुरा नगर्!'–मैले कड्केर भनें। 'पहिलो-पटक मात्र हो र यस्तो पिटेको!'–उसले कराउँदै यस्तै किसिमको केही शब्द भनी। केटाकेटीहरू दगुर्दै आइपुगे र उसको वरिपरि झुम्मिइहाले। उनीहरूलाई उसले शान्त पार्ने कोशिश गरी। 'धेरै बहाना नगर्!'–मैले भनें। 'तपाईंलाई त जे पनि बहाना गरे जस्तै लाग्छ क्या रे! तपाईं त कुनै मान्छेलाई मारिसकेपछि पनि त्यसले बहाना गरिरहेको छ भनेर पुष्टि गर्न खोज्नुहुनेछ। मैले अब बुझें। तपाईंले चाहनुभएको पनि त यही हो!'–उसले तर्क झिकी। 'उफ्, तँ मरिहाले नै हाइसन्चो हुन्थ्यो मलाई!'–

मैले चिच्याएर भनें। आफ्नो मुखबाट यस्तो कुवाक्य निस्केको सुनेर मलाई नै त्यतिखेर कस्तो डर लागेको थियो त्यो त अहिलेसम्म पनि म सम्झनेगर्छु। यस्तो कर्णकटु र भयङ्कर शब्द पनि मेरो मुखबाट निस्कन सक्छ भन्ने त मलाई विश्वासै हुँदैन। यी शब्दहरू मैले भनेकै हुँला भन्नेमा समेत मलाई पत्यार लाग्दैन। यस्तो कुवाच्य उच्चारण गरिसकेपछि म दगुर्दै आफ्नो अध्ययन-कक्षमा पुगें र चुरोट सल्काएर सर्को तान्न थालें। ऊ बैठककोठातर्फ नम्किरहेको मैले पदचाप सुनें। त्यसपछि उसले लुगा फेर्न थालेको पनि चाल पाएँ। ऊ कहाँ जाने तरखर गर्दैछे भनेर मैले सोधें। उसले कुनै उत्तर नै फर्काइन। 'जा, नं भर्सेलोमा नै पर्!'—मैले मनमनै सोचें र फनक्क फर्केर आफ्नै अध्ययन-कक्षमा पसें। अनि पलङ्मा लेटेर चुरोट तान्न थालें। मेरो मथिंगलमा नाना थरीका योजना र विचारहरू चक्कराउन थाले। कहिले उससित कसरी बदला लिने र उसबाट छुट्कारा पाउने भन्ने कुरा सोच्न पुग्थें त कहिले चाहिं यो सब रडाको कसरी साम्य पार्ने र हाम्रो बीचमा कुनै खटपट नै नभएको जस्तो उससित मेलमिलाप गर्ने भन्ने गुन्न पुग्थें। त्यहाँ पल्टेको पल्टचै म सोच्दैथिएँ र एकपछि अर्को चुरोट सल्काएर धुवाँको फोहरा छोड्दैथिएँ। कतै भागेर नै पो गइहालूं कि, कतै गएर लुकिरहूँ कि, अमेरिकातिर नै पो लागूं कि भन्ने पनि कहिलेकाहिं मनमा विचार उठ्ने गर्थ्यो। यस्तो विचार गर्दागर्दै म कस्तोसम्म कल्पना गर्न पुग्थें भने यसबाट छुट्कारा पाइएगछि त कति हाइसन्चो होला, मेरो जीवनमा कुनै अर्को आइमाई पनि त आउन सक्छे जो यसभन्दा कता हो कता

राम्री होली र एकदमै अर्कै किसिमकी होली। कुनै न कुनै किसिमले यसबाट छुट्कारा पाइहालुँला। यसलाई पारपाचुके नै दिइहालुँला वा यस्तो कुनै तरीका पनि अजमाउँला जसले गर्दा यो मरेर नै जाली। म मनमनै तर्कवितर्क गर्न लागें। मलाई के लाग्न थाल्यो भने मैले यस्तो कुरा सपनामा समेत सोच्नु हुँदैन, म जुन कुरा सोच्दैछु सो ठीक होइन र जुन कुरा सोच्नुपर्ने हो सो म सोचि नै रहेको छैन। यसैले गर्दा म चुरोटपछि चुरोट सल्काउन थालें।

घरको सबै काम पूर्ववत् नै चलिरहेको थियो। सुसारे आई र सोध्न लागी: 'madame* कहाँ होइसिन्छ? कैले फर्किबक्सने हो?' नोकर आयो र 'चिया ल्याउँ कि' भनेर सोध्न थाल्यो। म भोजनकक्षतिर लागें। केटाकेटी-हरूको आँखामा नै प्रश्न र शत्रुताको भाव झल्किरहेको देखिन्थ्यो। खास गरी जेठी छोरी लीजाको दृष्टिमा मैले यो भाव देखें। हुर्किसकेकी हुनाले कुरा पनि बुझ्न थालि-सकेकी थिई उसले। हामी चूपचाप चिया खान लाग्यौं। मेरी पत्नी चाहिं फर्कंदै फर्किन। झमक्क साँझ परिसक्ता पनि ऊ घर आइन। मेरो अन्तरात्मामा दुई परस्परविरोधी भावनाहरू उर्लन थालेका थिए। एकातिर मेरो मनमा उसप्रति क्रोध चढ्न थालेको थियो, किनभने घर फर्किनुपर्छ भन्ने थाहा पाउँदापाउँदै पनि ऊ घर नफर्केर मलाई र केटाकेटीहरूलाई सताउँदैथिई। अनि अर्कोतिर मलाई कुन कुराको डर लाग्न थालेको थियो भने सके अब ऊ घर

---

*madame (फ्रेन्च) – मालिक्नी। – अनु०

फर्केर आउँदै नआउली र उसले आत्मघात समेत गर्न बेर छैन! म उसलाई खोज्न जाँदो हुँ। तर जाने नै कहाँ र? के उसकी बहिनीकहाँ? तर त्यहाँ गएर उसको बारेमा सोध्नु पनि त मूर्खता हुनेथियो। उसले चाहेको पनि न यही नै हो। जे गर्न चाहन्छे गरोस्! उसले दुःख दिन नै खोजेकी हो भने आफैलाई दुःख दिएर सताओस्! यसपल्ट यस्तो भएन भने अर्कोपल्ट उसले झन् भयङ्कर रडाको मच्चाउली। कथंकदाचित् ऊ आफ्नी बहिनीकहाँ पनि नभए के गर्ने? कतै उसले आत्मघात नै त गर्ने पक्का मनमाय लिएकी होइन वा यतिञ्जेलसम्म आत्महत्या नै न गरिमकिन?.. रातको एघार बजिसक्यो, बाह्र बजिसक्यो. एक पनि बजिसक्यो। म सुत्ने कोठामा पनि गइनँ। त्यहाँ एकलै पल्टेर प्रतीक्षा गर्नु पनि त मूर्खता नै हुनेथियो। न न यहाँ नै म निदाउन सकें। म आफूलाई कुनै न कुनै काममा अल्झाएर राख्न चाहन्थें। चिट्ठी लेखूं वा कुनै किताब नै पढूं भन्ने विचार सुझ्यो, तर कुनै काममा पनि मन लागेन। अध्ययन-कक्षमा एकलै बसेर पीर गर्न थालें, मनमा जङ पनि चल्यो र अनकौं तर्कनाहरूले पनि सताउन थाले। कतै खिटिक्क आवाज आउनासाथै कान ठाडा हुन्थे। तीन बज्यो, चार समेत बज्यो—ऊ भने फर्केर आउँदै आइन। मिर्मिरे हुन लाग्दा म भुसुक्क निदाएँ। बल्लबल्ल निद खुल्यो। तैपनि ऊ आएकी होइन।

घरको कामकाज यथावत् नै चलिरहेकै थियो। सबै छक्कछक्का थिए र सबै नै मतर्फ नै विस्मयपूर्ण र प्रश्नात्मक दृष्टिले हेर्नेगर्थे, मानौं सारा दोष मेरै होस्! मेरो मनमा पनि कहीं परस्परविरोधी भावनाहरू नै उर्लिरहेका थिए—

कुनै बेला म क्रुद्ध हुन पुग्थें र त्यसबाट मलाई निकै सास-नाको अनुभव हुन्थ्यो भने कुनै बेला चाहिं उसको बारेमा धन्दासुर्ता र चिन्ता लाग्नेगर्थ्यो।

एघार बज्दा नबज्दै उसकी बहिनी आइपुगी – उसको सन्देशवाहक बनेर! उसले बडो सामान्य तरीकाले भन्न शुरू गरी: 'दिदीको हालत ज्यादै नै खराब छ। के कुरा हो यस्तो!' 'केही भएको जस्तो त लाग्दैन मलाई।' – मैले उत्तर दिएँ। – 'उसको स्वभाव नै यस्तो छ कि मलाई वाक्कै लागिसक्यो। मैले उसलाई केही गरेकै होइन!'

'हरे! यसरी त काम नै चल्न सक्तैन है।' – उसकी बहिनीले भनी।

'यो त उसैले विचार गर्नुपर्ने हो, मैले होइन।' – मैले जवाफ दिएँ। – 'म आफ्नो तर्फबाट पाइला सार्ने पक्षमा छैन। पारपाचुके भने पारपाचुके नै सही!'

मेरी साली जसरी आएकी थिई उसरी नै खाली हात नै फर्केर गई। हुन त मैले उसलाई आफ्नो तर्फबाट पहिलो पाइला सार्दै नसार्ने कुरा साफ-साफ भनिदिएको थिएँ, परन्तु ऊ हिंडिसकेपछि जब म बाहिर निस्कें, त्यतिखेर केटाकेटीहरूको भयभीत र निदाउरो अनुहार देखें। उनीहरूको अवस्था कतिसम्म दयनीय थियो भने म स्वयं नै पहिलो पाइला सार्न तम्तयार भैहालें। म पहिलो पाइला सार्न राजी भैसकेको थिएँ, तर त्यो पाइला कहाँ र कसरी सार्नुपर्ने हो भन्ने चाहिं मलाई थाहा थिएन। म फेरि कोठामा फर्केर चुरोट तान्न लागें। चमेनाको साथ मैले अलिकति भोड्का र दाखको मदिरा पनि घुट्क्याएँ र यसले गर्दा मेरो अवस्था त्यस्तै भैहाल्यो जस्तो मैले त्यतिखेर

चाहेको पनि थिएँ। मलाई के लाग्न थाल्यो भने मबाट कुनै नकाम भएकै छैन, न त कुनै मूर्खता नै हुन गएको छ।

तीन बजेतिर मेरी पत्नी स्वयं घर फर्केर आई। मलाई देखेर पनि उसले केही बोलेकी होइन। उसलाई आफ्नो व्यवहारमा पश्चात्ताप भैरहेको होला भन्ठानेर मैले आफ्नो सफाई दिन शुरू गरें र भनें कि उसले मेरो तिरस्कार नगरेकी हुँदो हो त मेरो मुखबाट यस्तो कुवाच्य नै निस्कने-थिएन। परन्तु उसको मुखाकृति पहिले जस्तै कठोर र ज्यादै थकित नै रहिरह्यो। उसले भनी: 'म सफाई माग्न आएकी होइन, बरू केटाकेटीहरूलाई लिन आएकी हुँ। अब हामी एकै छानामुनि बस्न समेत सक्तैनौं!' मैले के भनेर उसको कुरा काटें भने उसको कुरागराइले नै मेरो जङ चलेको थियो र त्यसमा मेरो दोष एक रत्ती पनि थिएन। उसले बडो कठोर र व्यंगात्मक दृष्टिले पुलुक्क मतर्फ हेरी र भन्न लागी—'हेर्नुस् है! बढ्ता नबोल्नोस्! नत्र पछुताउनुपर्नेछ तपाईंले!'

यस्तो नाटक रचेको मलाई कत्ति पनि मन पर्दैन भनेर मैले जवाफ दिएँ। त्यसपछि उसले कान खाने गरी चिच्याएर केही भनी जसको अर्थ मैले बुझ्दा पनि बुझिनँ। अनि ऊ दगुरेर आफ्नो कोठाभित्र पसी। उसले भित्रपट्टिबाट आग्लो लगाएको खिटिक्क आवाज मेरो कानमा पऱ्यो। उसले रुनो थुनिसकेकी थिई। मैले ढक्ढक् गरेर खापामा धक्का दिएँ, तर कुनै जवाफ नै पाइएन। रीसले चूर भएर म जोडा भुइँमा बजार्दै फर्किएँ। लगभग आधा घण्टा बितेपछि लीजा दगुरेर आई। ऊ रूँदैथिई।

"के भो ? के केही भयो र ?" – मैले प्रश्न गरें। "आमाको कोठाबाट कुनै आवाज नै आउँदैन।" – उसले जवाफ दिई। हामी दगुर्दै त्यस कोठातर्फ गयौं। मैले खूब जोडले खापामा एक धक्का दिएँ। भित्रबाट लगाइएको आग्लो पिटक्क टुट्यो र दुवै खापाहरू ह्वात्त उघ्रिइहाले। म खाटतिर लम्किएँ। उसले जामा र ऐंडीदार जुत्ता लगाइराखेकी थिई र अनौठो किसिमले पलङ्गमा बेहोश भएर पल्टिरहेकी थिई। नजिकै टेबुलमा चाहिं अफीमको एउटा रित्तो शिशी थियो। हामीले येनकेन प्रकारेण उसलाई होशमा ल्यायौं। त्यसपछि एकछिन रूवाबासी चल्यो र आखिरमा फेरि हामीले मेलमिलाप गऱ्यौं। तर यो सच्चा मेलमिलाप चाहिं थिएन। हामीमध्ये हरेकको मनमा अहिले पनि पुरानै मनोमालिन्यको तुस बाँकी नै थियो र अझ त्यसमाथि यस कलहको झोंक पनि थपिएको थियो जसको लागि हामी एक दोस्रालाई दोषी ठान्नेगर्थ्यौं। जे भए पनि कसै गरी झगडा साम्य पार्नुपर्नेथियो र साम्य पारियो पनि। अनि हाम्रो जीवन फेरि पुरानै ढर्रामा चल्न थाल्यो। यस्तै झैझगडा मात्र होइन, अझ यसभन्दा पनि नराम्रा झगडाहरू बेला-बेलामा भइ नै रहन्थे। कहिले केही महीना-पछि त कहिले भने एक हप्ता बित्न नपाउँदै र कहिले चाहिं दिनका दिन नै कलह खडा हुन्थ्यो। अनि त्यही घटना बारम्बार दोहोरिन्थ्यो। एकपल्ट मैले विदेशतिर लाग्ने विचारले राहदानी समेत लिएँ। हाम्रो झगडा दुई दिनदेखि साम्य भइरहेको थिएन। परन्तु हामी दुवैले एक अर्कासमक्ष आफ्नो सफाई दियौं र हाम्रो बीचमा थोरबहुत मेलमिलाप भैहाल्यो। मैले विदेशतर्फ जाने विचार छोडिदिएँ।"

२१

"जतिखेर त्यो मान्छेले हाम्रो जीवनमा प्रवेश गरेको थियो, त्यसताका हाम्रो स्थिति यस्तो थियो। मास्को पुग्नेबित्तिकै ऊ मकहाँ आएको थियो। उसको थरनाम त्रुखाचेभ्स्की हो। ऊ एकाबिहानै मलाई भेट्न भनेर आइ-पुगेको थियो। मैले उसको स्वागत गरें। कुनै जमानामा हामी एक दोस्रालाई 'तिमी' भनेर नै सम्बोधन गर्नेगर्थ्यौं। जतिखेर हामी कुरा गर्दैथियौं, त्यस बेला उसले बिस्तार-बिस्तार फेरि पहिलेकै जस्तो घनिष्ठता बढाउने प्रयास नगरेको होइन, तर मैले शुरूमा नै 'तपाईं' भन्ने शब्दको प्रयोग गरेर उससंग घनिष्ठता बढाउने कुनै इच्छा नभएको जनाउ दिइहालें। उसले पनि मेरो आसय बुझेर आफ्नो स्वरको भाव बदलिहाल्यो। उसलाई देख्नेबित्तिकै मेरो मनमा घृणा उत्पन्न भैसकेको थियो। तर आश्चर्यलाग्दो कुरा के त भने मैले उसलाई पन्छयाउने र आफूबाट टाढै राख्ने कत्ति पनि प्रयास गरिनँ। कुनै अनौठो र अनष्टकारी शक्तिले यसो गर्नबाट रोकिराखेको मात्र नभएर उसलाई आफ्नो निकट राखिराख्न समेत मलाई विवश गरिरहेको थियो। म त्यतिखेर सजिलैसंग बेवास्ता जनाउँदै उससित कुरा गर्न सक्थें र आफ्नी पत्नीलाई उससंग परिचित नै नगराईकन बिदा पनि गरिदिन सक्थें। तर यसको विपरीत उसको संगीतको बारेमा पो म उससंग कुराकानी गर्न लागें। उसले बेला बजाउन नै छोडिसकेको छ भनेर कसले पो हो कुन्नि मलाई भनेको थियो भन्ने समेत चर्चा गर्न थालें। यस्तो कुरा हुँदै होइन, बरू पहिलेको भन्दा कता

हो कता बढी बेला बजाउने गरेको छु भनेर उसले मलाई जवाफ दियो। मैले पनि पहिले बेला बजाउने गरेको समेत उसले सम्झना गरायो। मैले त उहिले नै बजाउनु-सजाउनु छोडिसकें, तर मेरी पत्नी भने अलिअलि बजाउनेगर्छे भनेर मैले उसलाई बताएँ।

उदेकलाग्दो कुरो! जुन दिन हाम्रो भेटघाट भएको थियो त्यसै दिनदेखिन्, अझ साँच्ची भन्ने हो भने त त्यसै क्षणदेखिन् नै हाम्रो सम्बन्ध यस्तो किसिमको भैसकेको थियो जस्तो त्यस घटनापछि मात्रै हुनुपर्ने थियो। हाम्रो बीच एउटा अनौठो तनावपूर्ण सम्बन्ध कायम हुन गएको थियो। म कुराकानीको हरेक शब्द र हरेक वाक्यमा ध्यान दिइरहेको थिएँ, चाहे त्यो मेरो मुखबाट निस्केको होस् वा उसको मुखबाट। साथै त्यसको विशेष महत्व छ भन्ने पनि म ठान्दैथिएँ।

मैले उसलाई आफ्नी पत्नीसित परिचित गराएँ। उत्तिखेरै संगीतको चर्चा चलिहाल्यो। उसले मेरी पत्नीसंग संगसंगै बेला बजाउने सुझाव पनि राखिहाल्यो। मेरी पत्नीले ज्यादै नै सुहाउँदो र लोभलाग्दो लुगा लगाइराखेकी थिई। उसले केही दिन यतादेखि यसरी लुगा लगाउन थालेकी थिई र वास्तवमा नै अति आकर्षक पनि देखिंदैथिई। सम्भवतः मेरी पत्नीलाई पनि ऊ पहिलो दृष्टिमा नै मन परिसकेको हुँदो हो। यसको साथसाथै उनीहरू दुवैले मिलेर बेला बजाउन पाइने कुराले गर्दा त ऊ अपार खुशी भई, किनभने यसरी मिलेर बेला बजाउने उसलाई खूब सोख थियो र ऊ यसको लागि नै अक्सर थियेटरबाट कुनै न कुनै बेलावादकलाई निम्त्याउने समेत गर्थी। यसैउसले गर्दा

उसको मुखमण्डल नै आनन्दको भावले चम्किलो हुन पुग्यो। परन्तु मतर्फ हेर्नासाथै उसले मेरो मनको भाव बुझिहाली र तुरुन्तै आफ्नो मुखको भाव पनि फेरिहाली। हो, त्यसै क्षणदेखि नै हाम्रो बीचमा आपसी छलकपटको खेल आरम्भ भइहाल्यो। म बडो कृतज्ञता जनाउँदै मुसुक्क हाँसें र यस्तो अभिनय समेत गर्न पुगें, मानौं मलाई ज्यादै खुशी लागेको होस्! उसले पनि मेरो पत्नीतर्फ त्यसै पाराले हेऱ्यो जसरी सबै व्यभिचारीहरू सुन्दरी आइमाईहरूतर्फ हेर्नेगर्छन्, यद्यपि ऊ यस्तो देखावटी बहाना पनि गर्दैथियो, मानौं उसलाई कुराकानीको प्रसङ्गमा नै खूब अभिरूचि भएको होस्! परन्तु साँचो कुरा त के थियो भने उसलाई कुराकानीको विषयमा पटक्कै रूचि नै थिएन। मेरी पत्नी पनि आफूलाई केही थाहा नभएको जस्तो देखाउने प्रयत्न गरिरहेकी थिई, परन्तु आफ्नो ईर्ष्यालु लोग्नेको अनुहारमा त्यही सुपरिचित बनावटी मुस्कान र हाम्रो पाहुनाको आँखामा चाहिं लालची भाव देखेर सम्भवतः ऊ पनि केही विचलित अवश्य नै हुन पुगेकी थिई। मेरी पत्नीले पहिलोपल्ट उसतर्फ पुलुक्क हेर्नासाथै उसका आँखा विशेष किसिमले चम्किन थालेको मैले चाल पाइसकेको थिएँ। परन्तु उनीहरू दुवैको बीचमा तुरून्त नै बिजुलीको लहर दौडेको जस्तो मलाई भान भयो। सके यसको कारण चाहिं मेरै ईर्ष्या नै हुँदो हो। उनीहरू दुवैको मुखको भाव, उनीहरूको नजर र उनीहरूको मुस्कानमा निकै नै सामञ्जस्यता देखिन थालेको थियो। जतिखेर मेरी पत्नी लाज मान्नेगर्थी, त्यस बेला ऊ पनि लजाउँथ्यो भने जतिखेर मेरी पत्नी मुस्कुराउँथी, त्यस बखत उसको ओंठमा पनि मुस्कानको रेखा देखा

पर्थ्यो। हामीहरू संगीतबारे, पेरिसबारे र यस्तैउस्तै साना-तिना विषयहरूबारे गफ गर्दैथियौं। अनि ऊ बिदाबारी हुन जुरुक्क उठ्यो र हातमा आफ्नो टोप पनि लियो जसले कामिरहेको पिडौंलामा छोइराखेको थियो। ऊ उभिएको उभियै मुस्कुराइरहेको थियो र कहिले मेरी पत्नीतिर त कहिले मतिर हेर्दै पनि थियो, मानौं हामी अब के गर्नेछौं भन्ने नै ऊ प्रतीक्षा गरिरहेको होस्! मलाई त्यस क्षणको राम्रो सम्झना छ, किनभने त्यतिखेर म उसलाई आफ्नो घरमा फेरि आउनको लागि नडाँक्न पनि सक्थें र कथंकदा-चित् यस्तो गरिंदो हो त त्यो सब काण्ड पनि मच्चिने नै थिएन। परन्तु मैले त्यतिखेर उसतर्फ हेरें र आफ्नी पत्नीतर्फ पनि नजर फिराएँ। अनि मनमनै आफ्नी पत्नीलाई भनें: 'मैले ईर्ष्या गर्न लागेको छु भन्ने तिमी नसम्झ!' अनि मनमनै त्यस मान्छेलाई पनि भने: 'म तिमीसंग डराउँदैछु भन्ने पनि तिमी नठान!' त्यसपछि मैले उसलाई कुनै एक साँझ बेलाबाजा समेत लिएर आउने र मेरी पत्नीको साथमा मिलेर बेला बजाउने समेत निम्तो दिएँ। मेरी पत्नीले उदेक मानेर मतर्फ पुलुक्क हेरी। लाजले गर्दा उसको मुख रातै भैसकेको थियो। फेरि कुनै कुराबाट ऊ डराएकी जस्ती पनि देखिन्थी। अनि ऊ भन्दै पनि थिई: "मलाई राम्ररी बजाउन नै आउँदैन।" उसले यसरी अस्वीकार गर्न लागेको देख्दा मलाई मनमनै जङ समेत चल्यो र मैले ढिपी नै कसें। मलाई अझै पनि सम्झना छ—त्यो मान्छे कोठाबाट बाहिर निस्कँदा मेरो नजर उसको घुच्चुकमा पऱ्यो र मलाई एक तमासले अनौठो लागिरह्यो। उसले आफ्नो कालो केश दुईतर्फ ढल्काएर कोरिराखेको

थियो र गोरो गर्दन देखिनेगर्थ्यो। ऊ कुनै चरा बुद्रुक्-बुद्रुक् उफ्रँदै उडेको जस्तो गरेर पाइला सार्दैथियो। उसको उपस्थिति नै मेरो लागि असह्य हुन थालेको छ भन्ने म मनमनै स्वीकार नगर्न सक्तिनथें। 'यस मान्छेसंग भेट गर्नु वा नगर्नु मेरै वशको त कुरा हो नि!'–मैले मनमनै सोचें।–'तर यससंग भेट नगर्नुको अर्थ त उसबाट म डराउँदो रहेछु भन्ने पो हुन जानेछ। अहँ! मलाई उसको डर छैन! यसरी डराउनु त लाजमर्दो कुरा पो हुनेछ!' यस्तो विचार गर्दै जब म उसलाई पुऱ्याउन दलानसम्म पुगें त मैले आफ्नी पत्नीले पनि सुनिहालोस् भन्ने उद्देश्यले जानजान नै ठूल्ठूलो स्वरमा त्यसै दिन साँझपख बेलाबाजा समेत लिएर आउने आग्रह गरें। उसले पनि आउने वचन दियो र ऊ हिंडि पनि हाल्यो।

साँझपख ऊ बेलाबाजासहित आइपुग्यो र उनीहरू दुवैले मिलेर संगसंगै बेला बजाए। परन्तु धेरै बेरसम्म संगीत जम्न पाएन, किनभने उनीहरूसंग चाहिने किसिमका स्वरलिपिहरू नै थिएनन्। जे जस्ता स्वरलिपिहरू थिए तिनलाई मेरी पत्नी रियाज नगरीकन त बजाउनै सक्तिनथी। मलाई पनि संगीतको खूब सोख थियो र सकभर मैले उनीहरूलाई सघाउने पनि प्रयास गरें। मैले त्यस बेलावादकको अगिल्तिर स्वरलिपि राख्ने अडेसो ठड्याइदिएँ र त्यसको छेवैमा उभिएर स्वालिपिको पाना समेत पल्टाउनेगरें। उनीहरूले एकाध संगीत बजाइ पनि हाले, केही गीतका धूनहरू पनि गुञ्जिए र मोजार्टको* सनेट पनि सुन्न

---

*मोजार्ट (Mozart) (ई० सं० १७५६–१७९१)–अष्ट्रियाली संगीतकार।–अनु०

पाइयो। उसले निकै राम्रोसित बेलाबाजा बजाएको थियो र उसको श्रवणशक्ति पनि ज्यादै विलक्षणको थियो। साथै उसको रूचि पनि ज्यादै नै परिष्कृत थियो, अपितु उसको चरित्रसंग चाहिं त्यसको कत्ति पनि सामञ्जस्य थिएन।

निसन्देह नै मेरी पत्नीभन्दा ऊ कता हो कता दक्ष थियो। उसले मेरी पत्नीलाई सघायो र उसको संगीतवादनको बडो सम्मानपूर्वक सराहना पनि गऱ्यो। उसको व्यवहार वास्तवमा नै प्रशंसनीय थियो। मेरी पत्नीको अभिरूचि पनि सिर्फ संगीतमा मात्रै छ भन्ने लागिरहेको थियो। उसको व्यवहार पनि ज्यादै सरल र निष्कपट नै थियो। म चाहिं आफूलाई संगीतमा खूबै अभिरूचि भएको जस्तो देखावटी स्वाङ पार्दैथिएँ, तर वास्तवमा चाहिं त्यसमा साँझभरि नै ईर्ष्याको आगोमा पिल्सिइरहेको थिएँ।

उसका आँखा मेरी पत्नीको आँखासित जुध्नेबित्तिकै नै मैले उनीहरू दुवैको मनमा विराजमान त्यो पशुलाई तुरून्तै चिनिहाले जो सामाजिक स्थिति र नियमहरूका सबै बन्देजहरूलाई उलङ्घन गर्दै सोधिरहेको थियो: 'हुन्छ?' यसको जवाफ पनि तत्कालै दिइयो: 'जरूर हुन्छ!' ऊ मेरी पत्नीसंग भेटघाट हुन पाएकोले निकै रमाएको थियो। मास्कोमा बस्ने यस नारीमा यस्तो आकर्षण होला भन्ने त उसले कल्पनासम्म पनि गरेको थिएन। आखिर त्यो रूपसी नारी अवश्य पनि उसकै होली भन्ने कुरामा त उसलाई कत्ति पनि सन्देह थिएन। उसको झर्कोलाग्दो लोग्नेलाई आफ्नो बाटोबाट कसरी हटाउने भन्ने एउटै मात्र प्रश्न त्यहाँ खडा थियो। कथंकदाचित् मेरो मन शुद्ध हुँदो हो त उसको अभिप्रायबारे मलाई थाहापत्ता समेत

हुनेथिएन। परन्तु बिहे हुनुभन्दा पहिले आइमाईहरूप्रति मेरो दृष्टिकोण पनि त्यस्तै नै थियो जस्तो अधिकांश सबै पुरूषहरूको हुन्छ। यसैउसले उसको मनको भाव एउटा खुला किताबमा जस्तै मेरो सामुन्ने छर्लङ्ग नै थियो। मेरी पत्नीको मनमा पनि मप्रति निरन्तर रोषबाहेक अरू केही छैन भन्ने समेत मलाई राम्रै थाहा थियो। यसैले गर्दा मेरो मनमा जलन हुन्थ्यो। कहिलेकाहिं मात्र कामवासनाले जोर पर्नेको समयमा ऊ यो सब कुरा बिर्सिदिनेगर्थी। तर यसको विपरीत यो मान्छे चाहिं खूबै सुन्दर तथा नौलो समेत हुनाले र खास गरेर संगीतमा उसको विशेष दक्षताको कारणले गर्दा मेरी पत्नीलाई मन पर्ने मात्र छैन, बरू संगसंगै बाजा बजाउँदा उनीहरूमा जुन निकटता कायम हुनेछ त्यो र संगीतको, विशेष गरी बेलाबाजाको जुन गहिरो प्रभाव भावुक प्राणीहरूमा पर्नेगर्छ त्यो पनि यसमा सहायक बन्नेछन्। यसले निसन्देह नै उसलाई आफ्नो वशमा पार्नेछ, आश्चर्यचकित तुल्याउनेछ, आफ्नो औंलाको इशारामा नचाउनेछ, फन्फनी घुमाउनेछ र उससंग आफूले जे चाह्यो त्यही नै गर्नेछ। यो सब म नदेख्न सक्तिनथें र यसले गर्दा मेरो यन्त्रणा पनि असह्य भैरहेको थियो। यति हुँदाहुँदै पनि र सम्भवतः यसै कारणले गर्दा नै कुनै यस्तो शक्तिले मेरो इच्छाविरुद्ध मलाई उससंग विशेष मिजासिलो मात्र होइन, बरू ज्यादै विनम्र समेत हुन प्रेरित गरिरहेको थियो। सके म आफ्नी पत्नीलाई धोका दिन चाहन्थें वा आफूलाई नै भ्रममा राख्न चाहन्थें, वा उसबाट मलाई कुनै डर छैन भन्ने नै म त्यस मान्छेलाई देखाउन चाहन्थें। उससंग शुरूदेखि नै सोझो र सरल सम्बन्ध कायम

राख्नु मेरो लागि असम्भव भइसकेको थियो। यसको कारण चाहिं मलाई पटक्कै थाहा छैन। उसलाई उत्लिखेरै मारि-हालूं कि भन्ने पनि मेरो मनमा विचार नउठेको होइन, तर उसप्रति आफ्नो विनम्र व्यवहारद्वारा मैले यस्तो इच्छालाई दमन गरें। साँझको खाना खाँदा मैले उसलाई दामी मदिरा पनि चाख्न दिएँ। उसको संगीतको भुरिभुरि प्रशंसा गरें र उससंग कुरा गर्दा ओंठमा ज्यादै विनम्र मृदुमुस्कान पनि कायम नै राखें। हाम्रै घरमा भोजन गर्न र मेरी पत्नीको साथमा बेला बजाउन उसलाई मैले आगामी आइतवार पनि आउने निम्तो दिएँ। आफ्ना केही संगीतप्रेमी साथीभाइहरूलाई पनि उसको संगीत सुन्न भनेर त्यस दिन निम्त्याउने आफ्नो मनसाय पनि उसलाई मैले सुनाएँ। यसरी नै त्यो साँझ बितेर गयो।"

ज्यादै उत्तेजित भएर पोज्दनिशेभले आफ्नो आसन फेऱ्यो। उसको मुखबाट फेरि त्यही अनौठो आवाज निस्कियो।

"अनौठो कुरा के त भने त्यस मान्छेको उपस्थितिले गर्दा मेरो मन ज्यादै विचलित हुनेगर्थ्यो।" — आफूलाई शान्त पार्ने खूब प्रयास गर्दै उसले फेरि भन्न शुरू गऱ्यो। — "त्यसको दुईतीन दिनपछि म एकपल्ट कुनै प्रदर्शनी हेरेर घर फर्कें। दलानमा पाइला हाल्नेबित्तिकै मेरो मनमा चिसो पस्यो, मानौं मेरो मुटुमा कुनै ढुंगाले थिचेको होस्! किन यस्तो भएको होला, सो त मलाई पटक्कै थाहा छैन। कारण के हुँदो हो भने दलानबाट भित्र पस्दा ढोकानेरै मैले कुनै यस्तो चीज देखें जसले झल्यास्स उसको सम्झना गराइहाल्यो। त्यो चीज के थियो त भन्ने विषयमा

चाहिं मलाई त्यतिखेर मात्रै होश भयो जब म आफ्नो अध्ययनकक्षमा पुगें। म लगत्तै फर्केर फेरि दलानमा ढैनोनेर पुगें, किनभने म आफ्नो मनको शङ्का निवारण गर्न चाहन्थें। मैले ठीकै सोचेको रहेछु। त्यहाँ खुटीमा उसको लामोकोट झुण्डिराखेको थियो। त्यो लामोकोट नयाँ फ्रॉटको थियो (अनजानमा नै म उसको हरेक चीजलाई बडो ध्यानपूर्वक हेर्नेगर्थें)। मैले सोधपूछ गरें। ऊ साँच्ची नै घरमै थियो। म अतिथिकक्ष पार गरेर होइन, बरू केटाकेटीहरूको पढ्ने कोठा हुँदै ठूलो बैठकतर्फ लम्किएँ। जेठी छोरी लीजा किताब पढ्नमा तल्लीन थिई भने धाईसुसारे चाहिं काखमा एउटा सानो बालकलाई लिएर एउटा टेबुलनेरै बसिरहेकी थिई र बिर्को हो कि के हो घुमाइरहेकी थिई। बैठकको दैलो थुनिएको थियो। भित्रबाट arpeggio* को सुरिलो आवाज आइरहेको थियो र उनीहरू दुवैले कुराकानी गरेको स्वर पनि सुनिन्थ्यो। मैले कान थापेर सुन्ने चेष्टा गरे, परन्तु केही पनि स्पष्ट सुनिंदैनथ्यो। सके उनीहरूको कुराकानी र अझ हुन सक्छ चुम्बनको आवाज नै बिलाएर जाओस् भन्ने हेतुले पेनोबाजा पनि बजाइएको हुँदो हो। हे भगवान्! त्यतिखेर मेरो मनमा कस्तो खैलाबैला मच्चिएको होला! त्यस बेला मेरो मनमा जुन भूत चढिरहेको थियो त्यसको सम्झना मात्र गर्दा पनि म थर्थर काम्न थाल्छु। मेरो मुटुको धुक्धुक् नै अडेको जस्तो भएको थियो, मेरा हातगोडा

---

*arpeggio (आर्फावादन) – द्रुत गतिले बजाइने संगीत। – अनु०

सीताम्य भएका थिए। अनि एकै छिनपछि मेरो मुटु हल्लेर धक्धक् चल्न थालेको थियो। सधैं जङ चल्दाखेरि झैं त्यतिखेर पनि मलाई आफैप्रति नै अति दया लाग्न थालेको थियो। म सोच्दैथिएँ: 'केटाकेटीहरूको मुखेञ्जि! यस धाईको मुखेञ्जि! थुक्क, नकच्चरी!' सके त्यतिखेर मेरो मुखाकृति नै ज्यादै डरलाग्दो हुन गएको हुँदो हो, किनभने लीजाले अनौठो दृष्टिले मलाई हेरेकी थिई। 'मैले के गर्नुपर्ने हो? के भित्र पसूँ? अहँ! परमात्मालाई मात्र थाहा होला, म कुन्नि के कस्तो उधुम मच्चाउन सक्छु भन्ने कुरा!'—मैले आफैलाई मौन शब्दमा भनें। किन्तु म त्यहाँबाट अन्यत्र जान पनि सक्दिनथें। धाईले मतर्फ यस्तो कटाक्ष दिई, मानौं उसलाई मेरो मनको भावना राम्रो बोध होस्! 'मैले निश्चय पनि भित्र जानैपर्छ!'—मैले मनमनै आफूलाई भनें र झटपट दैलो खोलें। ऊ पेनोबाजासामु बसेर arpeggio बजाउँदै थियो र उसका गोरा बूढीऔंलाहरू माथितिर उठिराखेका थिए। मेरी पत्नी चाहिं कुनै स्वरलिपि हेर्दै पेनोबाजाको छेवैमा उभिएकी थिई। सबभन्दा पहिले उसले नै मलाई भित्र पसेको पनि देखेकी थिई। सके उसले मेरो पाइलाको चाल सुनिहोली र आँखा माथि उठाउँदा मलाई देखिहाली। सके ऊ तर्सिहोली अथवा तर्सेर पनि उसले आफ्नो भय प्रकट हुन नदिएकी होली वा ऊ कत्ति नडराएको पनि हुन सक्छ। ऊ न झस्की, न त चलमलाई। हो, ऊ अलि लजाई र रातै देखिई, तर त्यो पनि केही समयपछि मात्रै।

"तपाईं आउनुभएकोमा खुशी लाग्यो। आइतवार के बजाउने भन्ने त हामीले निधो नै गर्न सकिरहेका

थिएनौं।" – उसले भनी। कथंकदाचित् हामी एकान्तमा हुँदा हौं त उसले यस्तो स्वरमा किमार्थ कुरा गर्नेथिइन। यसको साथै उसले आफू र त्यस मान्छेको सन्दर्भमा 'हामी' शब्दको जुन प्रयोग गरी त्यसले समेत मलाई निकै घोच्यो। मैले केही पनि नबोलेर उसलाई अभिवादन गरें।

उसले मसित हात मिलायो। अनि मुसुमुसु हाँस्दै (ऊ मेरो हँस्सी उडाउँदैछ भन्ने मलाई लाग्यो) उसले के भनेर आफ्नो सफाई दिन लाग्यो भने उसले आइतवार बजाउन भनेर केही स्वरलिपिहरू आफ्नो साथमा ल्याएको छ, तर उनीहरू दुवै जना नै के बजाएर सुनाउने भन्ने टुङ्गोमा चाहिं पुग्न सकिरहेका छैनन्: 'कुनै सानोतिनो धून बजाउने कि कठिन भए पनि शास्त्रीय धून नै प्रस्तुत गर्ने, जस्तो कि बेलाबाजाको निम्ति बेथोभेनको* सनेट?' उसले यो कुरा कति स्वाभाविक र सरल ढङ्गले भन्यो भने मैले आपत्ति जनाउने कुनै आधार नै पाइनँ। तैपनि मलाई कुन कुराको पक्का विश्वास थियो भने उसले जे जसो भनि-रहेको छ त्यो सरासर झूठो कुरा हो र मलाई धोका दिने हेतुले दुवै जनाले आपसमा कुनै मिलिमतो गरिराखेका छन्।

ईर्ष्यालुहरूको छटपटीको सबभन्दा ठूलो कारण हो (हाम्रो समाजमा सबका सब ईर्ष्यालु नै हुन्छन्) – हाम्रो सामाजिक प्रथाअनुसार कुनै निश्चित परिस्थितिहरूमा नारी र पुरूषहरूबीच घनिष्ठतम र खतरनाक सान्निध्यको

---

* बेथोभेन, ल्युडभिग भान (Beethoven, Ludwig van) (सन् १७७०–१८२७) – जर्मन संगीतकार। – अनु०

लागि दिइने छूट! कथंकदाचित् यसको विरोध जनाउँदै नारी र पुरूषहरू संगसंगै ननाचून्, डाक्टरहरू रोगिनीहरूको नजीक नजाऊन्, ललितकला, चित्रकला र खास गरी संगीतकला सिक्ने केटीहरू आफ्ना कलाशिक्षकहरूको नजीक नबसून् भनेर कसैले भनिहालेछ भने पनि मानिसहरूले उसको गिल्ला गर्नेछन्। संगीत जस्तो उत्कृष्ट कला अध्ययन गर्ने दुई व्यक्तिहरूले एक दोस्राको बगलमा बस्नु त अनिवार्य नै हुन्छ। यस्तो सान्निध्यमा कुनै नराम्रो कुरा हुँदा पनि हुँदैन। कुनै पटमूर्ख र ईर्ष्यालु पतिलाई मात्र यस्तो कुरा अमान्य हुन सक्छ। तैपनि सबैलाई कुन कुराको राम्रो जानकारी छ भने यस किसिमको सहशिक्षाको माध्यमबाट, खास गरेर संगीतको सहशिक्षाको माध्यमबाट नै हाम्रो समाजमा व्यभिचार फैलिनेगर्छ। सके मेरो मनमा जुन किसिमको कुरा खेलिरहेको थियो त्यसको झलक मेरो मुखाकृतिमा परेको हुँदा उनीहरूले मेरो अन्योल पनि चाल पाए होलान्। हुन पनि म निकै बेरसम्म अकमक्क परेर टोल्हाइरहेको थिएँ। टन्न भरिएको बोतललाई घोप्टाएर राखिदिने हो भने पनि त्यसबाट पानी चुहिंदैन। ठीक त्यस्तै अवस्था मेरो पनि थियो। म त्यस मान्छेलाई हपार्न चाहन्थें, घरबाट घोक्र्याएर समेत पठाइदिन चाहन्थें, परन्तु मैले विनम्र हुनुपर्छ भन्ने मैले ठानें। म विनम्र नै भएँ पनि। उनीहरूको व्यवहारमा मेरो निम्ति आपत्तिजनक कुरा केही पनि छैन भन्ने म देखावटी स्वाङ्ग पारिरहेको थिएँ। त्यस मान्छेको उपस्थिति नै मेरो लागि असह्य भइरहेको थियो, तर फेरि त्यही अनौठो भावनाले मलाई उससंग विनम्रतापूर्वक व्यवहार गर्न बाध्य गराइरहेको

थियो। यसरी मेरो वाह्य व्यवहार र भित्री भावनामा कत्ति पनि सामञ्जस्यता थिएन। उसले आफ्नो रूचिअनुसार जे बजाउनेछ सो अवश्यमेव राम्रै हुनेछ भनेर मैले उसलाई भनें। अनि आफ्नी पत्नीलाई पनि मैले उसैको रोजाइमा सहमत हुने सल्लाह दिएँ। म एक्कासि बैठकको ठामा दाखिल भएको र भयभीत अनुहार लगाएर चूपचाप उभिइरहेकोबाट उनीहरू दुवैलाई अप्ठेरो लागिरहेको थियो। यस्तो अप्ठेरो स्थिति हटाउन भनेर ऊ केही बेर त्यहाँ नै बसिरह्यो। अनि ऊ बिदाबारी भएर हिंडि पनि हाल्यो। जाने बेलामा भोलिपल्ट कुन चाहिं धून बजाउने भन्ने उनीहरूले निधो गरिसकेको जस्तो देखाउने उसले खूब चेष्टा गऱ्यो। के बजाउने र के नबजाउने भन्ने प्रश्नमा उनीहरूको चासो पटक्कै पनि थिएन भन्ने त मलाई पक्कै थियो। उनीहरूको मुख्य चासोको विषय त एकदमै अर्को थियो।

विशेष रूपले विनम्रताको प्रदर्शन गर्दै उसलाई म बाहिरसम्म बिदा गर्न गएँ (जुन व्यक्ति कसैको घर-गृहस्थीको सुख र आनन्द नै भताभुङ्ग पारिदिन भनेर आएको हुन्छ उसलाई शिष्टतापूर्वक बिदा नगर्न कसरी सकिन्छ र!)। उसको सुकोमल र गोरो हातलाई मैले बडो स्नेहपूर्वक समातेर मिचें।"

२२

"त्यसपछि दिनभरि नै म मौन रहें—पत्नीसंग एक शब्द पनि बोलिनँ। भन्नै पनि त के सक्थें र म? उसको उपस्थिति नै मलाई असह्य भैरहेको थियो। मेरो मनमा

उसप्रति घृणा पैदा भएको थियो र यसको कस्तो परिणाम निस्कने हो भन्ने नै मलाई डर लागिरहेको थियो। दिउँसोको खाना खाने बेला उसले केटाकेटीहरूको सामुन्ने नै म बाहिरतिर कहिले गैरहेको छु भन्ने सोधनी गरी। मैले दोस्रो साता नै एउटा जिल्ला-सम्मेलनमा भाग लिन जानुपर्नेभएको थियो र यसबारे बताइदिएँ। बाटोमा कुनै कुराको जरूरत त पर्नेहोइन भनेर पनि उसले सोधी। मैले कुनै उत्तर फर्काइनँ। म केही बेरसम्म चूपचाप टेबुलको छेउमा बसिरहें र त्यसपछि पनि केही नबोलेर अध्ययनकक्षमा गएँ। पछिल्लो समयमा उसले मकहाँ त्यस कोठामा आउन नै छोडिसकेकी थिई, त्यो पनि खास गरी यस्तो अवस्थामा। म त्यहाँ पल्टिरहेको थिएँ र मेरो मनमा क्रोध उम्लिरहेको थियो। अचानक मैले उसको चिरपरिचित पदचाप सुनें। मेरो मथिंगलमा कस्तो भयानक र घृणास्पद विचार उत्पन्न भयो भने ऊ आफ्नो पाप लुकाउन नै यस्तो अप्रत्यासित समयमा मकहाँ आउँदैछे–ऊरियाकी* पत्नी झैं। 'के ऊ मकहाँ नै आउँदैछे त?'–मैले सोचें। उसको पदचाप नजिकिंदै थियो। 'मकहाँ नै आई भने त मेरो अनुमान नै सही साबित हुनेछ।'–मैले मनमनै अठोट गरें। मेरो मनमा उसप्रति अकथनीय घृणा भरिएर आयो। पदचाप झन् झन् नजिकियो। 'के ढोकाबाट अगाडि लम्केर अर्को बैठककोठामा नजाली त?'–मैले आफैंसित सोधें। अहँ! दैलो घरक्क खुल्यो र ढोकैनेर उसको अग्लो र सुन्दर

---

*ऊरिया–बाइबलको एक पात्र जसकी पत्नीलाई उसको अनुपस्थितिमा राजा डाभिडले हरण गरेको थियो।–अनु०

आकृति देखा पऱ्यो। उसको मुहार र उसका आँखामा संकोच र दयनीयता झल्किरहेको थियो जसलाई लुकाउने ऊ चेष्टा गर्दैथिई। परन्तु मैले त्यसको चाल पाइहालें र त्यसको तात्पर्य पनि ठम्याइहालें। मैले निकै बेरसम्म आफ्नो सास रोकेर राखें र मेरो सास रोकिएर उकुसमुकुस समेत हुन थाल्यो। एकटक लगाएर उसतर्फ हेरेको हेऱ्यै मैले सिगरेटकेस हातमा लिएँ र चुरोट झिकेर सल्काएँ।

"के हो यस्तो? म तपाईंसंग कुरा गर्न आएकी छु, तपाईं भने चुरोट सल्काउनुहुन्छ!"—उसले सोफामा मेरै बगलमा नजिकै बसेर मतर्फ निहुरिएर भनी।

उसले मेरो आङमा छुन नपाओस् भन्ने हेतुले म केही पल्तिर सरें।

"आइतवार मैले पेनोबाजा बजाउने भएको हुँदा तपाईं मसंग रिसाउनुभएको होला।"—उसले भनी।

"अहँ! एकदमै होइन!"—मैले जवाफ दिएँ।

"के मैले चाल नपाएकी हुँ र?"

"यसरी चाल पाउँदी रहिछयौं! बडो राम्रो कुरा हो। म त यसरी चाल पाउन सक्तिनँ। तर के चाहिं देख्दैछु भने एउटी नखरमाउलीको जस्तै आनीबानी छ तिम्रो।..."

"यसरी तपाईंले गल्लीको गुण्डाले जस्तरी गाली गर्न लाग्नुभयो भने म यहाँबाट तुरुन्तै गइहाल्नेछु।"

"जाऊ! तर के कुरा सम्झिराख भने तिमीलाई घर-परिवारको इज्जतको कुनै वास्ता छैन भने पनि मलाई चाहिं यस्को वास्ता छ। मलाई तिम्रो कुनै पर्वाह छैन

(भर्सेलोमा नै पर न तिमी)! तर म घर-परिवारको इज्जत बेच्न दिनेछैन!"

"तपाईं के भन्दैहुनुहुन्छ यस्तरी?"

"यहाँबाट गैहाल! ईश्वरको नाम लिएर भन्दैछु, तुरून्त गैहाल!"

मेरो कुरा कत्ति पनि नबुझेको जस्तो बहाना गर्दै (सके साँच्ची नै उसले नबुझेकै पनि होस्!) ऊ जुरूक्क उठी। ऊ खूब रिसाएकी थिई र व्याकुल पनि हुन पुगेकी थिई। तर ऊ बाहिर निस्केर जानुको सट्टा कोठाको बीचमा पुगेर ठिङ्ग उभिई।

"तपाईंको स्वभाव नै अब त मलाई असह्य हुन थालिसक्यो।"—उसले भन्न शुरू गरी।—"कुनै देवदूत नै भए पनि तपाईंको साथमा मिलेर बस्न सक्नेछैन।"— अनि सधैंको जस्तो मेरो मर्मस्थलमा नै चोट पुऱ्याउने प्रयास गर्दै उसले मलाई त्यस घटनाको सम्झना गराई जुन मेरी बहिनीसंग घटेको थियो। (एकपल्ट रीसले चूर भएर मैले बहिनीलाई भन्नु-नभन्नु अश्लील शब्दहरू भन्न पुगेको थिएँ। यस घटनाको सम्झना हुँदा मेरो मनमा असाध्य पीडा हुनेगर्थ्यो र यो कुरा उसलाई थाहा थियो। यसैउसले ऊ मलाई मर्माहत गर्नुपर्दा जहिले पनि यही कुरा कोटचाउनेगर्थी।)—"तपाईं यो सब त गर्न सक्नुहुन्छ भने मसंग यस्तो व्यवहार गर्ने गर्नुभएकोमा आश्चर्य नै के मान्नु र?"— उसले भनी।

'एहे! मेरो अपमान गर्ने पनि तँ नै, मेरो इज्जतमा दाग लगाउने पनि तँ नै र सबै दोष मेरै टाउकोमा थोपर्ने पनि तँ नै!'—मैले मौन शब्दमा आफैलाई भनें। अनि

एकाएक मेरो मन उसप्रति तीव्र घृणाले भरियो। पहिले कहिल्यै पनि मैले यस्तो घृणाको अनुभव गरेको थिइनँ।

जीवनमा पहिलोपल्ट मैले उसलाई पिटेर आफ्नो रीस शाम्य पार्न चाहें। म बुर्लुक्क उफ्रेर उसलाई झम्टन पुगें। परन्तु, मलाई राम्रै सम्झना छ, जुन बेला म यसरी झम्टिन भनेर दौडेको थिएँ, त्यतिखेर नै मलाई होश भयो र मैले आफ्नै मनसंग प्रश्न गरें: 'के यसरी भावावेशमा आउनु ठीक होला त?' अनि तुरुन्तै आफैंले आफूलाई जवाफ पनि दिएँ: 'ठीक नै होला, किनभने यसरी ऊ तर्सिहाल्ली।' अनि आफ्नो क्रोध रोक्नुको सट्टा मैले त्यसलाई झन् उत्तेजित पारें। आफूलाई क्रोधोन्मत्त भएको देख्दा मलाई एक किसिमको आनन्दको अनुभव पनि भैरहेको थियो।

"गैहाल यहाँबाट! नत्र म तिमीलाई मारि नै छोड्छु आज!"—उसको नजीकै पुगेर उसको पाखुरा समात्दै मैले चिच्याएर भनें। यसरी जानाजान नै म आफ्नो क्रोधको मात्रा चर्काएर बोल्दैथिएँ। त्यतिखेर मेरो मुखाकृति पनि भयङ्कर नै देखिएको हुनुपर्छ, किनभने ऊ साँच्ची नै तर्सिई र हलचल पनि नगरेर ठिङ्ग उभिइरही।

"भास्या! के भयो तपाईंलाई? के हो यस्तो?"—उसले मात्र यत्ति भनी।

"जाऊ! गैहाल यहाँबाट!"—मैले अझ ठूलो स्वर झिकेर भनें।—"तिमी यसरी मलाई बहुलाहा नै बनाइदिन सक्छ्यौ। कथंकदाचित् मबाट केही भैहाल्यो भने मेरो दोष हुनेछैन है!"

आफ्नो रीसको झोंक यसरी प्रकट गर्दा मलाई मजा लागिरहेको थियो। आफ्नो भावावेश कति तीव्र भैसकेको छ भन्ने देखाउन म कुनै न कुनै अनौठो कुरा गर्न चाहन्थें। उसलाई पिट्न वा अझ मारि नै दिन चाहन्थें म त! किन्तु यस्तो कुनै काम गर्नु ठीक हुँदैन भन्ने पनि मलाई ज्ञान थियो। त्यसै कारण आफ्नो क्रोधोन्माद प्रकट गर्न भनेर मैले टेबुलमा रहेको पेपरवेट उठाएँ र उसतर्फ भुइँमा जोडले हुत्याएँ। "जा, भनेको!" – म दाह्रा किटेर कराएँ। मेरो निशाना अचूक थियो, त्यसैले गर्दा पेपरवेटले उसलाई रौंप्रमाणले चोट भने लागेन, तर उसको नजीकै बज्रिन पुग्यो। त्यसपछि ऊ बाहिर जान लागी, परन्तु दैलोनेर पुगेर रोकिई। म टेबुलबाट एक-एक गरेर पानस, मसीदानी इत्यादि उठाउँदै भुइँमा बजार्न लागें (म जानीबुझीकनै उसले देखोस् भनेर नै यो सब गर्दैथिएँ)।

"जा, गैहाल् छिटै! मेरो अगाडि पर्दै नपर्। कथंकदाचित् क्यै भैहाल्यो भने मलाई दोष नदिनू!" – म फलाक्दै थिएँ।

ऊ त्यहाँबाट अलप भई र मेरो रीस पनि तुरुन्तै साम्य भैहाल्यो।

एक घण्टा जति पछि धाई दगुरेर आई र मेरी पत्नी हिस्टेरियाले ग्रस्त भएकी छे भन्ने खबर गरी। म उसकहाँ गएँ। ऊ कहिले डाँको छोडेर रून्थी त कहिले खित्का छोडेर हाँस्थी, मुखले भन्न चाहिं केही पनि सक्तिनथी र उसको सारा जिउमा नै कम्प छुटिरहेको थियो। उसले यो स्वाङ्ग पारिरहेको थिइन। वास्तवमा नै ऊ रोगको मारमा परेकी थिई।

बिहानपख ऊ केही शान्त भई र हाम्रो बीचमा त्यसै

भावनाको प्रतापले मेलमिलाप भैहाल्यो जसलाई हामीले प्रेम भन्ने गरेका छौं।

बिहान मेलमिलाप भैसकेपछि मैले तुखाचेभ्स्कीको कारणले गर्दा उसप्रति ईर्ष्या गरेको कुरा पनि स्वीकार गरें। यो सुनेर उसलाई कत्ति पनि संकोच लागेन, बरू ऊ त स्वाभाविक तवरले नै हाँस्न पो लागी। त्यस्तो खालको मान्छेलाई उसले प्रेम गर्न सक्छे भन्ने त कल्पना गर्नु समेत हास्यास्पद हुन्छ भनेर उसले भनी।

"के कुनै पनि भद्र महिला उसप्रति आकर्षित हुन सक्छे र कतै? उसमा छ नै पो के र? उसको संगीतमा चाहिं थोरबहुत आकर्षण अवश्य नै छ। यदि तपाईं चाहनुहुन्छ भने म उससंग कहिल्यै भेटघाट नै गर्नेछैन। आउँदो आइतवारपनि भेट गर्दिनँ। हुन त पाहुनाहरू बोलाइएका छन्। तर मेरो स्वास्थ्य अलि ठीक छैन भनेर उसलाई एउटा सानो चिठ्ठी लेखिदिए त पुगिहाल्छ नि! यो किस्सा नै खतम हुन्छ। अँ, कसैले र खास गरी स्वयं उसले नै ऊ खतरनाक मान्छे हो भन्ने सोच्न पुग्यो भने चाहिं अवश्य नै राम्रो हुनेछैन नाईं! यस्तो विचार गर्न थालियो भने मेरो स्वाभिमानमा निश्चय पनि चोट लाग्नेछ!"

उसले झूटो बोलेकी थिइन। जे कुरा ऊ भनिरहेकी थिई त्यसमा उसलाई पच्चीसै आना विश्वास थियो। तुखाचेभ्स्कीको विषयमा यस्ता शब्दहरू भन्नाले उसप्रति उसको मनमा घृणा उत्पन्न हुनेछ भन्ने उसले आशा राखेकी थिई। उसको आकर्षणबाट आफूलाई बचाउन नै ऊ यस्तो गर्दैथिई। तर यसमा उसले सफलता पाउन सकिन। सबै कुरा उसको चाहनाको प्रतिकूल थियो, विशेष गरेर सबै

आपदको स्रोत – उसको त्यो अभिशप्त संगीत! यस विषय-मा हामीहरूबीच फेरि कुनै चर्चा चलेन। अनि आइतवार त पाहुनाहरू पनि जम्मा भैहाले र ती दुवैले मिलेर युगलधून बजाए।"

२३

"म महत्वाकांक्षी मान्छे थिएँ भन्ने कुरा त बताइरहनु-पर्ने खाँचो छैन होला। मलाई लाग्छ, कथंकदाचित् हाम्रो समाजमा कसैमा महत्वाकांक्षा नै छैन भने उसले बाँच्नुको पनि के प्रयोजन र? त्यसै कारण मैले आइतवारका दिन भोजभतेरको र साँझपख गानाबजानाको पनि राम्रो बन्दो-बस्त मिलाएँ। मैले स्वयं नै बजारमा गएर चाहिने सरसामान किनें र पाहुनाहरूलाई पनि निम्त्याएँ।

छ बजेतिर पाहुनाहरू भेला भए। त्रुखाचेभ्स्की पनि आइपुग्यो। ऊ भोजभतेरमा लगाउने पोशाकमा डटेको थियो र कमीजको बाहुलामा हीरा जाडिएको भद्दा टाँक लगाइराखेको थियो। ऊ निर्धक्क देखिन्थ्यो र उससंग कसैले कुरा गर्न थाल्यो कि त ऊ ओंठमा सम्मतिसूचक मुस्कान जडेर तुरुन्तै जवाफ दिन लागिहाल्थ्यो, मानौं यस्तो बोध गराउन खोजिरहेको होस् कि तपाईं जे गर्दैहुनुहुन्छ वा भन्दैहुनुहुन्छ सो नै त्यही कुरा हो जसको तपाईंबाट उसले अपेक्षा गरेको थियो। उसको व्यवहारमा जे जति अशिष्टता थियो त्यो सब म विशेष ध्यानपूर्वक खुट्याएर हेर्दैथिएँ र यसबाट मलाई ज्यादै खुशी पनि लागिरहेको थियो, किनभने यसबाट मेरो मनले खूबै सान्त्वना पाइरहेको थियो

र यसको साथसाथै मेरी पत्नीभन्दा कता हो कता तल्लो स्तरमा रहेको छ र स्वयं उसैको भनाइअनुसार त्यस स्तरसम्म त कुनै हालतमा पनि ऊ तल गिर्न सक्तिन भन्ने पुष्टि भइरहेको थियो। मैले आफ्नो ईर्ष्यालाई भित्रभित्रै दबाएर राखें। यसको एउटा कारण त के थियो भने मैले यस ईर्ष्याले गर्दा निकै ठूलो यन्त्रणा भोगिसकेको थिएँ र अब केही बेर आराम लिनु जरूरी थियो। दोस्रो कारण चाहिं के थियो भने म आफ्नी पत्नीको आश्वासनमा आश्वस्त हुन चाहन्थें र त्यसमा मलाई विश्वास समेत जागिसकेको थियो। परन्तु मेरो मनमा ईर्ष्याभाव नभए तापनि उनीहरू दुवै जनाप्रति मेरो व्यवहार चाहिं स्वाभाविक हुँदैभएन। गानाबाजाना शुरू नहुञ्जेल भोजनको समयमा र झमक्क साँझ परेपछि पनि म निश्चिन्त भएर बस्नै सकिनँ। मैले त्यो सारा समयभरि नै उनीहरू दुवैको भावभंगिमा र आँखाको ईशाराकै मात्र चेवा लिइराखें।

त्यो भोज पनि सबै भोजभतेर जस्तै औपचारिक र नीरस थियो। केही चाँडो नै संगीत शुरू भैहाल्यो। ऊफ्! मलाई त्यस साँझको एक-एक कुरा राम्रो सम्झना छ। उसले आफ्नो बेला ल्यायो, त्यसको बाकसको ताल्चा खोल्यो, अनि कुनै आइमाईले सिइदिएको त्यसको खोल पनि पन्छ्यायो, त्यसभित्रबाट साजबाज झिक्यो र सुर मिलाउन थाल्यो। मलाई सम्झना छ, पेनोबाजा बजाउन भनेर मेरी पत्नीले पनि आसन जमाई। आफ्नो संकोच लुकाउन उसले आफ्नो मुहारमा देखावटी उपेक्षाको भाव पोतेकी थिई (आफ्नो दक्षताप्रति उसलाई केही संकोच लागिरहेको थियो)। यस्तै बनावटी भावले ऊ पेनोबाजाको

सामुन्ने बसेकी थिई। अनि स्वरलिपि मिलाएर राखेको, बेलाको झन्कार गुञ्जेको र पेनोबाजामा la* स्वर मिलाएको सुनियो। मलाई कुन कुराको पनि सम्झना छ भने उनीहरूले एक अर्कालाई पुलुक्क हेरे, अनि पाहुनाहरू-तिर दृष्टि दिए, त्यसपछि खासखुस गरेर आपसमा केही कुरा गरे अनि बाजा बजाउन थाले। उसको बेलामा पहिलो स्वर झन्कृत भयो। उसले गम्भीर मुद्रा बनायो, उसको अनुहार केही कठोर देखियो, तर त्यतिखेर उसको मुखाकृति ज्यादै सुन्दर प्रतीत भैरहेको थियो। उसले बेलाबाजाका तारहरू बिस्तार-बिस्तार आफ्ना औंलाहरूले थिच्नेगरेको थियो। अनि पेनोबाजाको स्वर पनि त्यसमा सामेल भयो। यसरी संगीत शुरू भयो।..."

बीचैमा त्यो रोकियो। उसले फेरि आफ्नो मुखबाट त्यो अनौठो आवाज कैयौंपल्ट निकाल्यो। उसले फेरि भन्न शुरू गरेको थियो, तर मुखबाट त्यही स्वर मात्र निस्कियो। त्यसैले ऊ केही बेर फेरि चूप लाग्यो।

"उनीहरूले बेथोभेनको क्रूजर सनेट** बजाए। के तपाईं-लाई त्यसको पहिलो presto*** याद छ? साँच्चै नै थाहा छ?" – उसले जोडले कराएर सोध्यो। – "ऊफ्!

---

*la (इटा०) – ध। – अनु०

**क्रूजर, रूडोल्फ (सन् १७६६–१८३१) – फ्रान्सेली बेलावादक, संगीतकार, संगीतनिर्देशक र शिक्षक। बेथो-भेनले आफ्नो सनेट (तथाकथित "क्रूजर सनेट") उनैप्रति समर्पित गरेका थिए। – अनु०

***presto (इटा०) – द्रुत संगीत। – अनु०

यो सनेट ज्यादै भयङ्कर छ। खास यही खण्ड! वास्तवमा संगीत भनेको नै भयानक कुरा हो। संगीत के हो? मलाई थाहा छैन। संगीत भनेको के हो? त्यसले मान्छेमाथि कस्तो प्रभाव पार्छ र किन यस्तो हुन्छ? भन्छन्, संगीतले मान्छेको आत्मालाई माथि उचाल्छ रे! यो सब बकबास हो। यो हुँदै नभएको झूटो कुरा हो। त्यसले जरूर पनि प्रभाव पार्छ र त्यो प्रभाव ज्यादै भयङ्कर हुन्छ। म सिर्फ आफ्नो बारेमा भन्न सक्छु—यो आत्मालाई माथि उठाउने खालको प्रभाव त पटक्कै हुँदै होइन। त्यसले आत्मालाई न माथि उठाउँछ, न त तल गिराउँछ, बरू उत्तेजित मात्र गर्छ। कसरी बुझाऊँ म तपाईंलाई? संगीत सुनेर म आफूलाई र आफ्नो यथार्थ स्थितिलाई पनि बिर्सिदिन सक्छु। त्यसले मलाई एकदमै अर्कै स्थितिमा पुऱ्याइदिन सक्छ जुन मेरो आफ्नो स्थिति हुँदैन। संगीतको प्रभावले मभित्र यस्तो भावना जाग्न थाल्छ जसलाई म वास्तविक जीवनमा अनुभव गर्न सक्तिनँ, म यस्तो कुरा बुझ्न थाल्छु जुन मैले वास्तवमा बुझेको हुन्नँ, यस्तो गर्ने सामर्थ्य अनुभव गर्छु जुन मेरो बुताको बाहिर हुन्छ। म के भनेर यसको व्याख्या गर्न सक्छु भने संगीतले ममाथि त्यस्तै असर पार्छ जस्तो असर हाई या हाँसोले पार्नेगर्छ। मलाई नींद लागेको हुँदैन, तर कसैले हाई काढिरहेको देख्दा म पनि हाई काढ्न पुग्छु। मलाई कुनै कुरामा हाँसो नउठ्न सक्छ, तर जब म कोही हाँसेको देख्छु त स्वयं पनि खित्का छोडेर हाँस्न पुग्छु।

संगीतले मलाई तत्कालै त्यस मानसिक स्थितिमा पुऱ्याइ-हाल्छ जुन मनःस्थितिमा नै त्यो व्यक्ति रहेको होला

जसले त्यस संगीतको रचना गरेको थियो। मेरो आत्मा पनि उसको आत्मासित एकाकार भैहाल्छ र त्यसले मलाई एउटा मन:स्थितिबाट अर्को मन:स्थितिमा पुऱ्याइदिन्छ। परन्तु यस्तो मन:स्थितिहरूमा म किन पुग्नेगर्छु त्यसको चाहिं मलाई ज्ञान हुँदैन। त्यो संगीतकार जसले क्रूजर सनेटको रचना गरेको थियो अर्थात् बेथोभेनले चाहिं ऊ किन यस्तो विशेष मन:स्थितिमा हुन्छ भन्ने कुरा बुझेको थियो। यसै मन:स्थितिबाट प्रभावित भएर नै ऊ निश्चित कार्य गर्छ र त्यसै करणले गर्दा उसको लागि यस मन:स्थितिको कुनै अर्थ पनि हुन्छ। परन्तु मेरो लागि यसको कुनै अर्थ हुँदैन। यसै उसले गर्दा संगीतले खालि उत्तोजित तुल्याउँछ, तर त्यसको कुनै अभिप्राय हुँदैन। हो, कुनै फौजी धून बजाइयो भने सिपाहीहरू त्यसबाट प्रभावित भएर कवाज खेल्दै अगाडि लम्कन्छन् त संगीत सार्थक भयो। कुनै नृत्य-धून बजाइयो र म नाच्न थालें भने पनि संगीत सार्थक भयो। अनि कुनै धार्मिक धून बजाइयो र मैले कुनै धार्मिक कार्य सम्पन्न गरें भने पनि संगीत सार्थक नै भयो। अरू बेला संगीतले उत्तेजित मात्र पार्छ तर त्यस उत्तेजनालाई व्यक्त गर्ने कुनै साधन हुँदैन। यसै कारणले गर्दा त कहिलेकाहिं संगीतको प्रभाव ज्यादै भयङ्कर र ज्यादै वीभत्स हुनेगर्छ। चीनमा संगीत सरकारी नियन्त्रणमा राखिएको छ। यस्तै हुनु पनि पर्छ। जसलाई मन लाग्छ उसले कुनै अर्को मान्छेलाई अथवा अरू कैयौं मान्छेलाई मोहित पारिदेओस् र उनीहरूसंग आफूले जे चाह्यो सो गरोस् भन्ने कुरा कतै स्वीकार्य हुन सक्छ र? फेरि सबभन्दा नराम्रो कुरा त त्यस बेला हुनेछ जब कुनै पनि नैतिक सिद्धान्तमा

आस्था नराख्ने व्यक्ति नै त्यो मोहनिद्राको ज्ञाता हुन पुग्नेछ।

यस्ता टपर्टुइँयाहरूको हातमा संगीत एक भयानक अस्त्र बन्न पुग्छ। उदाहरणको लागि यही क्रूजर सनेटकै पहिलो presto लाई नै लिनोस्! खुला कठालो भएको पोशाक लगाइराख्ने महिलाहरूले टन्न भरिएको कुनै बैठकमा यस संगीतको त्यो खण्ड बजाउन हुन्छ र कतै? शुरूमा यो संगीत बजाइन्छ, अनि ताली बज्छ, त्यसपछि आइसक्रीम खाने जमर्को गरिन्छ र यताउताको गफ पनि सुनिन्छ। यस किसिमको संगीत त खालि यस्ता महत्वपूर्ण, गम्भीर र निश्चित अवस्थाहरूमा मात्रै बजाइनुपर्छ जतिखेर त्यसै संगीतको अनुरूप निश्चित तथा सारपूर्ण कार्य पनि सम्पन्न गरिन्छ। यस्तो संगीत त्यतिखेर नै बजाइनुपर्छ जब त्यसबाट जुन काम गर्ने प्रेरणा पाइन्छ त्यो काम गरिन्छ पनि। अन्यथा समय र स्थानसित कत्ति पनि सामञ्जस्य नराख्ने जुन अव्यक्त भावना र शक्ति जागृत गरिन्छ सो पछि गएर ज्यादै नै विनष्टकारी सिद्ध हुन्छ। कम्तीमा पनि ममाथि चाहिं यस संगीतले जस्तो प्रभाव पारेको थियो सो एकदमै घातक सिद्ध भयो। मैले आफूमा यस्तो नयाँ नयाँ भावना र क्षमताहरूको अनुभव गर्न थालें जसबाट पहिले म बिल्कुलै अनभिज्ञ थिएँ। यस्तो लाग्न थाल्यो, मानौं संगीतले मलाई सुटुक्क भनिरहेको थियो: 'वास्तविक स्थिति त यो पो हो! त्यो त एकदमै होइन जुन तिमीले पहिले ठान्नेगरेका थियौ र जसअनुरूप तिमीले जीवन बिताएका पनि थियौ।' त्यो नयाँ स्थिति कुन हो भन्ने कुरा बुझ्न चाहिं मलाई महाभारत परिरहेको थियो, परन्तु यस नयाँ स्थितिको आभास पाउँदा मलाई

अपार आनन्द लागिरहेको थियो। के मेरी पत्नी र के तुखाचेभ्स्की, सबका सब मान्छेहरू उही नै थिए, तैपनि मेरो नजरमा चाहिं ती सबैको रूप एकदमै अर्कै हुन पुगेको थियो।

यस presto को धून बजिसकेपछि उनीहरूले andante बजाए। त्यो एक मनोरञ्जक संगीत हो, यद्यपि ज्यादै साधारण छ। त्यसको आरोह-अवरोह अमिल्दो छ र अन्त्य पनि असध्य फीका छ। त्यसपछि पाहुनाहरूको अनुरोधमा उनीहरूले एकाध अन्य धूनहरू पनि बजाए, सके अर्नस्टको "एलेजी"* र यस्तैउस्तै अरू केही संगीतहरू थिए। यी सबै ज्यादै नै रोचक थिए, परन्तु पहिलो धूनले ममाथि जत्तिको गहिरो प्रभाव पारेको थियो त्यसको दस खण्डको एक खण्ड पनि प्रभाव यी सबैले पार्न सकेनन्। यी सबै धूनहरू सुनिरहँदा समेत मेरो मनमा चाहिं हर्दम नै त्यही पहिलो धून नै गुञ्जिरहेको थियो। त्यो साँझभरि नै मेरो मन चङ्गा रह्यो र मलाई खुशी लागिरहेको थियो। मैले आफ्नी पत्नीलाई पहिले त्यस रूपमा कहिल्यै पनि देखेको थिइनँ जस्तो त्यस साँझ ऊ देखिएकी थिई। पेनोबाजा बजाइरहँदा उसका आँखा चम्केका थिए र उसको मुखमुद्रा गम्भीर र विलक्षण देखिएको थियो। जतिखेर उनीहरूले गानाबजाना समाप्त गरे त्यस बेला चाहिं उसको सारा शरीर नै लस्त र म्लान देखियो, उसको ओंठमा हलुका मुस्कानको जुन रेखा खिंचियो त्यो उल्लासपूर्ण हुनुको साथसाथै करूणाजनक पनि थियो। मैले यो सब देखें, तर

---

* शोकसंगीत। — अनु०

यसको मैले अरू कुनै अर्थ नलगाएर मात्र के अर्थ निकालें भने उसलाई पनि ती नौला र अपरिचित भावनाहरूको अनुभूति भइरहेको छ जुन म अनुभव गर्दैछु र संगीतले नै त्यस नयाँ भावनाहरूलाई विस्मृतिको गर्भबाट जगाइ-दिएको छ। त्यो साँझ निकै राम्रोसंग बित्यो। अनि सबै आ-आफ्नो घरतिर लागे।

दुई दिनपछि नै म जिल्लासम्मेलनमा भाग लिन मोफसल-तर्फ जाँदैछु भन्ने त्रुखाचेभ्स्कीलाई थाहा थियो। बिदा हुँदै उसले के भन्यो भने त्यो साँझ निकै रमाइलोसंग बिताउन पाइयो र अर्को चोटि आउँदा यस्तै रमाइलो अझ दोहोऱ्याइनेछ भन्ने पनि उसलाई आशा छ। यसबाट मैले के निष्कर्ष निकालें भने मेरो अनुपस्थितिमा ऊ मकहाँ घरमा आउने कुनै पनि सम्भावना देख्दैन। यो थाहा पाउँदा मलाई खुशी नै लाग्यो। म सम्मेलनबाट फर्कुञ्जेल त उसले प्रस्थान पनि गरिसक्ने हुँदा अब हाम्रो भेटघाट फेरि कहिल्यै हुनेछैन भन्ने नै मैले ठानें।

पहिलोपल्ट मैले उससित सच्चा हार्दिकताका साथ हात मिलाएँ र रमाइलो साँझको लागि उसप्रति कृतज्ञता पनि जनाएँ। मेरी पत्नीसंग पनि ऊ त्यसरी नै सदाको लागि बिदाबारी भयो। उनीहरूको व्यवहार मलाई एकदमै स्वाभाविक र शिष्ट लाग्यो। सबै कुरा राम्रै थियो। म र मेरी पत्नी त्यस साँझको सफलतामा निकै खुशी थियौं।"

२४

"दुई दिनपछि म मोफसलतिर लागें। पत्नीसंग बिदा-बारी हुँदा मेरो मनोभावना शान्त र ज्यादै राम्रो थियो। मोफसलतिर जहिले पनि कामको चटारो नै रहन्छ। त्यो आफ्नै किसिमको संसार हो। त्यहाँको जीवन र रहनसहन पनि खास आफ्नै प्रकारको हुन्छ। पहिला दुई दिनसम्म मैले पूरै द-दस घण्टा सम्मेलनमै बिताएँ। तेस्रो दिन त्यहीं नै मलाई पत्नीको चिठ्ठी हस्तान्तरित गरियो। मैले तत्कालै त्यो चिठ्ठी पढें। उसले केटाकेटीहरूको बारेमा, काकाको बारेमा, धाईको बारेमा र आफूले किनमेल गरेका चीजबीज-हरूको बारेमा लेखेकी थिई। प्रसंगवश अति सामान्य कुरा जस्तै गरेर उसले त्रुखाचेभ्स्कीको पनि चर्चा गरेकी थिई र के सूचित गरेकी थिई भने ऊ आएको थियो र उसले आफ्नो साथमा ती स्वरलिपिहरू पनि ल्याएको थियो जुन ल्याउने कुरा उसले गरेको थियो। उसले फेरि मिलेर बाजा बजाउने आग्रह गरेको रहेछ, तर मेरी पत्नीले अस्वीकार गरिदिई। उसले स्वरलिपिहरू ल्याउने कुरा गरेको त मलाई सम्झना नै हुन सकेन। हामीसंग पूरै बिदाबारी भएर ऊ गइसकेको थियो भन्ने पो त मेरो ठनाइ थियो। तसर्थ मलाई अप्रिय र नरमाइलो लाग्यो। तर त्यतिखेर म काममा ज्यादै नै व्यस्त हुनाले सोचविचार गर्ने फुर्सद नै थिएन। साँझपख आफ्नो डेरामा फर्केपछि मैले चिठ्ठी फेरि पढें। मेरो अनुपस्थितिमा त्रुखाचेभ्स्की मेरो घरमा फेरि पुगेको नरमाइलो खबरको साथसाथै चिठ्ठीको भाका पनि मलाई असाध्यै तनावपूर्ण लाग्यो।

ईर्ष्याको भयानक जन्तु आफ्नो दुलोमा घुर्राउन लागिहाल्यो र बाहिर निस्कन खोज्यो। तर मैले त्यसलाई त्यहीं नै थुनेर राखें। मलाई त्यसको पाशविकतासित डर लाग्नेगर्थ्यो। 'ईर्ष्याको भावना अति तुच्छ भावना हो!'—मैले मनमनै भनें।—'जुन कुराको चिठ्ठीमा उल्लेख गरिएको छ त्यो न एकदमै स्वाभाविक नै छ।'

म बिछ्यौनामा पल्टिएँ र भोलिपल्टको आफ्नो कामको बारेमा सोच्न लागें। नयाँ ठाउँमा ती सम्मेलनका दिनहरूमा अक्सर म निकै बेरसम्म निदाउनै सक्तिनथें। परन्तु त्यस राति म छिटै निदाइहालें। जे होस्, कहिलेकाहिं यस्तो पनि हुनेगर्छ नाइँ! म एकाएक झसङ्ग भएँ, मानौं बिजुलीको झटका लागेको होस्! यसै गरी म झल्यास्स ब्युँझिएँ। मेरो मथिङ्गलमा चाहिं मेरी पत्नी, हाम्रो वासनामय प्रेम र त्रुखाचेभ्स्की नै चक्कराउन थाले। मेरी पत्नी र मेरो बीचको सारा सम्बन्ध नै टुटिसकेको छ भन्ने मलाई पक्का विश्वास भयो। क्रोध र भयले मेरो मुटुमा गाँठो पर्‍यो। नैपनि म आफ्नो मनलाई सम्झाउन लागें: 'यस्तो कुरा हुन सक्तैन। यसको कुनै प्रमाण छैन। उनीहरू दुवैको पारस्परिक सम्बन्ध एकदमै सामान्य छ, जस्तो पहिले थियो र अहिले छ। यस्तो भयानक कुराको कल्पना गरेर त म आफ्नी पत्नीको र आफ्नै समेत अपमान गरिरहेको हुनेछु। त्यो को हो र त्यस्तो? एक साधारण बेलावादक न हो त्यो! पैसा हातमा थापेर बाजा बजाउने मान्छे न हो त्यो! त्यो एक ज्यालादारी हरिकंगाल न हो! परन्तु मेरी पत्नी भने एक कुलीन महिला हो, एक परिवारकी सम्मानित आमा हो, मेरी आफ्नै अर्धाङ्गिनी हो! ती दुवैको

बीचमा कुनै लसपस हुन सक्छ र कतै?'–एकातिर म यस किसिमबाट तर्क गर्दैथिएँ। तर अर्कोतिर म यस्तो पनि सोच्न पुग्थें: 'यो हुनै नसक्ने त कहाँ हो र?' एउटै कुरा यस्तो छ जसले गर्दा कुनै पनि पुरूष कुनै पनि स्त्रीतर्फ आकर्षित भैहाल्छ। त्यो त्यही नै कुरा हो जसको लागि मैले आफ्नी पत्नीलाई बिहे गरेर ल्याएको थिएँ र त्यसैको लागि नै त म उससंग बसेको पनि छु। म उसबाट जुन कुरा चाहन्छु त्यही कुरा त अरू मानिसहरू झैं यो बेलावादक पनि उसबाट चाहन्छ होला। ऊ अविवाहित छ, स्वस्थ पनि छ (उसले कुर्कुरे हाडसहितको चप पनि कसरी चरमचरम चपाएर खाएको थियो र मदिराको गिलास आफ्ना राता ओंठनेर पुऱ्याएर कसरी घटघट पिएको थियो भन्ने मलाई सम्झना भएर आयो), मोटोघाटो र रातो-पिरो देखिन्छ। सके उसको कुनै सिद्धान्त नै छैन होला! सके उसको एउटै मात्र यस्तो सिद्धान्त होला–कुनै राम्रो मौका हात लाग्छ भने त्यसलाई गुम्न नदेऊ! संगीतले उसलाई र मेरी पत्नीलाई एउटै सूत्रमा जोडिदिएको छ। कामवासनालाई जगाउने त त्यसभन्दा राम्रो र शिष्ट साधन अर्को कुनै छैन। त्यस कामवासनामा अंकुश लगाउने के छ र त्यहाँ? केही पनि छैन। बरू त्यसलाई जगाउने मात्रै पो छन् त त्यहाँ सबै कुराहरू! आइमाई? को हो त्यो आइमाई? त्यो एक रहस्य नै बनिरहेकी छे–मेरो लागि सदैव नै एक रहस्य रहँदै आएकी छे। मैले उसलाई चिन्नै सकिरहेको छैन। म त उसको स्वभावको पाशविक वृत्तिलाई मात्रै चिन्छु। एउटा पशुले आत्मसंयम भन्ने कुरा बुझेको हुँदैन, न त उसलाई रोक्न नै सकिन्छ।

अनि मलाई उनीहरूको मुखाकृतिको सम्झना भएर आयो। त्यस साँझ उनीहरूले क्रूजर सनेट बजाइसकेपछि जब एक छोटो तर उद्वेगपूर्ण धून बजाएका थिए, त्यतिखेर उनीहरूको मुखको भाव एक तमासको थियो। त्यस संगीतका रचयिताको नाम मलाई सम्झना रहेन, तर त्यो धून असाध्य वासनापूर्ण र कामोत्तेजक थियो। उनीहरूको अनुहारमा देखा परेको भावको सम्झना हुनासाथै मैले आफैंसित प्रश्न सोधें: 'किन तँ त्यहाँबाट हिंडिस्? उनीहरूको बीचमा जुन कुरा हुनुपर्नेथियो सो त्यसै साँझ भैसकेको थियो भन्ने के छर्लङ्ग थिएन र? त्यसै दिन नै उनीहरूबीच रहेका सब अडचनहरू हटिसकेको मात्र थिएन, बरू ती दुवै जना, खास गरेर तेरै पत्नीले उनीहरूबीच घटेको घटनापछि केही लज्जाको अनुभव गरिरहेको पनि प्रष्ट भैसकेको थिएन र?' मलाई उसको त्यो दयनीय र आत्मविभोर मृदुमुस्कानको सम्झना भयो। म पेनोबाजानेर पुग्दा लाली चढेको मुखबाट उसले पसीना पुछेकी थिई। त्यस बेला नै उनीहरू चोर नजरले एक अर्कालाई नहेर्ने प्रयास गर्दै-थिए। साँझको खाना खाने बेलामा मात्रै मेरी पत्नीको लागि गिलासमा पानी खन्याउँदा उनीहरू एक दोस्रालाई हेर्दै मुसुमुसु हाँसेका थिए। उनीहरूको त्यो कटाक्ष र त्यस मृदुमुस्कानको सम्झना हुनेबित्तिकै म झस्किन पुगें। मेरो एक मनले भन्यो: 'बस्, सब कुरा सिद्धियो!' परन्तु मेरो अर्को मनले चाहिं तत्कालै यमको उल्टो कुरा भन्यो: 'तँ भ्रममा परेको छस्! यस्तो कुरा हुँदै होइन!' त्यहाँ अँध्यारोमा पल्टिरहनु मेरो लागि असम्भव भैसकेको थियो। मैले सलाई कोरें। पहेंलो भित्तेकागज टाँसिएको त्यस सानो

कोठामा मलाई कुन्नि किन हो कस्तो कस्तो डर लाग्न थाल्यो। मैले चुरोट सल्काएँ। यस्तै बानी परिसकेको थियो मलाई। जहिले पनि मेरो मन कुनै विकट अन्तर्द्वन्द्वको भुमरीमा परेर आकुल-व्याकुल हुँदा म चुरोट तान्न थाल्छु। तसर्थ मैले एकपछि अर्को चुरोट सल्काएँ र अन्तर्द्वन्द्वबाट उम्कने र आफूलाई नै बिर्सने प्रयासमा लागें।

म रातभरि नै निदाउन सकिनँ। यस्तो उकुसमुकुसमा बढी बस्न सकिन्न र तत्कालै हिंडिहाल्नुपर्छ भन्ने अठोट गरेर मैले आफ्नो टहलसेवा गर्ने पालेलाई सखारै पाँच बजेतिर ब्युँझाएँ र घोडाहरू ल्याउन पठाएँ। सम्मेलनमा चाहिं मैले मास्कोबाट जरूरी कामले तुरून्त फर्कने बोलावट भएको छ भन्ने आसयको चिट्ठी पठाएँ र मेरो सट्टामा कुनै अर्कै व्यक्तिलाई सदस्य निर्वाचित गरियोस् भन्ने पनि अनुरोध गरें। बिहान आठ बजे नै म घोडागाडीमा चढें र रमाना भैहालें।"

२५

कन्डक्टर भित्र पस्यो। हाम्रो डब्बाको मैनबत्ती बलेर सिद्धिनै आँटेको देखेर उसले बत्ती निभाइदियो, तर त्यसको ठाउँमा नयाँ मैनबत्ती बालेन। बाहिर मिर्मिरे उज्यालो हुन थालिसकेको थियो। पोज्दनिशेभ चूप लागिरह्यो। कन्डक्टर त्यस डब्बामा रहुञ्जेल ऊ लामो-लामो सास तान्दैथियो। उसले त्यस बेला मात्रै फेरि आफ्नो कथा भन्न शुरू गऱ्यो जब कन्डक्टर त्यहाँबाट बाहिर निस्क्यो। दगुरिरहेको रेलगाडीको हल्लाइले गर्दा डब्बाको झ्यालका

ऐनाहरू चरमर गरेको र पसलको कारिन्दा एकनाससंग घुर्राइरहेको स्वरबाहेक त्यस मिमिरे अँध्यारोमा अरू कुनै आवाज सुनिंदैनथ्यो। हाम्रो डब्बाभित्र अझै पनि अँध्यारो नै थियो र मिर्मिरे उषाकालमा उसको अनुहार म प्रष्ट देख्न सक्तिनथें। मात्र उसको आवाज त्यहाँ सुनिन्थ्यो। उसको आवाजमा उत्तेजना र क्लेश झन् झन् बढ्दैगइरहेको थियो।

"अन्दाजी पैंतीस भेर्स्ता बाटो मैले घोडागाडीमा पार गर्नुपरेको थियो। त्यसपछि आठ घण्टा रेलको सफर पनि गरियो। घोडागाडीमा सफर गर्नु निकै रमाइलो लाग्यो। शरदीय जाडो शुरू भैसकेको भए पनि आकाशमा सूर्य चम्किरहेको थियो। यस्तो समयमा भिजेको बाटोमा घोडा-गाडीका पांग्राको डोब स्पष्ट पर्नेगर्छ। बाटो सिनित्त परेको थियो, टहटह घाम लागिरहेको थियो र हावा पनि स्फूर्ति-दायक थियो। घोडागाडीमा सफर गर्दा निकै आनन्द आइरहेको थियो। यसरी सफर गर्दागर्दै दिन निकै चढि-सक्दा मेरो मन चङ्गा भैसकेको थियो। कहिले घोडाहरूतर्फ त कहिले खेततर्फ र कहिले चाहिं बाटोमा भेटिने मानिस-हरूतर्फ म दृष्टि दिंदैथिएँ। म कहाँ जाँदैछु भन्ने समेत मलाई सम्झना भइरहेको थिएन। कहिलेकाहिं म त्यसै सफर गर्दैछु भन्ने मलाई लाग्नेगर्थ्यो। जुन कारणले गर्दा म घोडागाडीमा सफर गर्दैथिएँ सो एकदमै काल्पनिक जस्तो भान परिरहेको थियो। यसरी सबै कुरा भुसुक्क बिर्सि-दिनुमा नै म विशेष सुख अनुभव गर्दैथिएँ। म कहाँ जाँदैछु भन्ने जब मलाई झल्याँस्स सम्झना भएर आउँथ्यो, त्यतिखेर म आफैलाई भन्नेगर्थें: 'अहिले चिन्ता नगर! पछि जे

हुनुपर्ने हो सो थाहा भैहाल्ला!' आधा बाटो पार गरिसके-पछि एउटा यस्तो घटना घट्यो जसले गर्दा मैले यात्रा रोक्नुपर्‍यो र अरू केही समयसम्म मैले अल्झिइरहने मौका पाएँ। घोडागाडी बिग्रियो र त्यसको मर्मत गर्नुपर्ने भयो। यस घटनाको बडो महत्वपूर्ण नतीजा निस्कियो। मैले एकस्प्रेस-गाडी भेट्टाउन सकिनँ र पेसेन्जेर-गाडीमा सफर गर्नुपर्‍यो। यसरी म साँझ पाँच बजे नै मास्को पुग्नुको सट्टा रातको बाह्र बजे मात्र मास्को पुगें र घर पुग्दा त रातको एक पनि बजिसकेको थियो। पहिले एउटा बैल-गाडीमा चढें, त्यसपछि घोडागाडीको मर्मत भयो, अनि ज्याला-भाडा इत्यादि चुक्ता गरियो, बाटोमा एउटा भट्टीपसल-मा चियापान भयो, पालेसंग कुराकानी गरें—यी सबै कुरामा म धन्दासुर्ता बिर्सेर अल्झिरहें। साँझसम्ममा सबै कुरा ठीक भैहाल्यो। फेरि मेरो यात्रा शुरू भयो। राति घोडागाडीमा सफर गर्नु त दिनको सफरभन्दा पनि बढी रोचक हुँदो रहेछ। आकाशमा अर्धचन्द्र उदाइरहेको थियो, अलिअलि तुषारो परिरहेको थियो। बाटो निकै सफा थियो, घोडाहरू स्फूर्तिला थिए, गाडीवान पनि ठठेउलो मिजासको थियो। म मजासित सफर गर्दैथिएँ। घर पुगेर मैले कुन कुराको मुकाबिला गर्नुपर्ने हो भन्ने मलाई कत्ति पनि फिक्री रहन गएको थिएन। सके पछि के हुने हो भन्ने कुरा मलाई पक्का भएको हुँदा नै म विशेष खुशी थिएँ र अन्तिमपल्ट जीवनमा जुन सुख लुट्न पाइन्छ त्यसलाई लुटि-हालूँ भन्ने पनि चाहन्थें क्या र! परन्तु मेरो यो मानसिक शान्ति र आफ्ना भावनाहरूलाई भित्रभित्रै दबाएर राख्ने क्षमता घोडागाडीको सफरको साथसाथै समाप्त भयो।

रेलगाडीको डब्बाभित्र पस्नेबित्तिकै मलाई अर्कै किसिमको अनुभव हुन थाल्यो। त्यो आठ घण्टा लामो रेलको सफर कति उराठलाग्दो रह्यो भने म त्यसलाई भरजीवन बिर्सनेछैन। सके रेलको डब्बामा प्रवेश गर्नासाथै मलाई आफ्नो घर पुगिसकेको अनुभव भएर हो वा रेलको सफरले मानिसहरूको स्नायुतन्तुमा उत्तेजना पैदा गर्नेहुनाले हो, जसै मैले डब्बामा आफ्नो आसन जमाएँ, त्यतिखेर नै आफ्नो मनलाई काबूमा राख्न म असमर्थ भैहालें। मेरो ईर्ष्या जगाउन एकपछि अर्को गरेर तरह तरहका दृश्यहरू मेरो मानसपटमा चित्रित हुन लागे। हरेक नयाँ चित्र पहिलोभन्दा बढी अश्लील हुनेगर्थ्यो। अनि हरेक चित्रबाट एउटै कुरा थाहा पाइन्थ्यो – मेरो अनुपस्थितिमा मेरी पत्नीको चालामाला कस्तो रह्यो र उसले मलाई कसरी धोका दिंदैरही। क्रोध र ईर्ष्याको आगोमा म पिल्सिइरहें। मेरो मानसपटमा उब्रेका ती चित्रहरूको कारणले गर्दा मलाई एक विशेष प्रकारको हीनताबोध भइरहेको थियो। तर म त्यसैमा रूमल्लिइरहेको थिएँ र त्यसबाट उम्कन सकिरहेको थिइनँ। न म ती चित्रहरूलाई मेटिदिन सक्थें, न त तिनबाट कतै अन्यत्र नै आँखा हटाउन सक्थें। अझ कहाँसम्म भने ती चित्रहरू बारम्बार मेरै आँखाअगिल्तिर झल्झल्ती आउनेगर्थे। ती काल्पनिक चित्रहरू जतिजति म हेर्दैजान्थें त्यसै अनुरूप त्यसको वास्तविकतामा पनि विश्वस्त हुँदैजानेगर्थें। ती चित्रहरूको स्पष्टता नै मेरो लागि तिनको सत्यताको प्रमाण बन्न पुगेको थियो। म जुन कुराको कल्पना गरिरहेको थिएँ त्यो नै मलाई यथार्थ जस्तो लाग्न थालिरहेको थियो। मैले नचाहँदा नचाहँदै पनि कुनै शैतानले नाना थरीका

भयङ्करभन्दा भयङ्कर अनुमान मेरो कानैमा खासखुस गर्दै सुनाइरहेको थियो। धेरै पहिले तुखाचेभ्स्कीको दाजुसंग गरिएको एउटा कुराकानी मैले सम्झें। त्यस कुराकानीको झल्याँस्स सम्झना हुनेबित्तिकै मेरो मुटु नै छियाछिया भयो। त्यस कुराकानीमा चर्चा गरिएको विषयलाई मैले तुखाचे-भ्स्की र आफ्नी पत्नीमा चरितार्थ गर्न थालें।

त्यो कुराकानी भएको धेरै समय बितिसकेको थियो, तर मलाई त्यसको एक-एक कुरा सम्झना भयो। तुखाचे-भ्स्कीको दाजुसंग कहिलेकाहिं रण्डीकोठीतिर गइन्छ कि गइँदैन भनेर मैले सोधेको थिएँ। यस प्रश्नको जवाफमा उसले भनेको थियो: 'कुनै पनि भद्रभलादमी त्यस्तो ठाउँमा जानेगर्दैन, किनभने त्यहाँ रोग सर्ने डर रहन्छ। त्यसै पनि असाध्य फोहेर हुन्छ र दुर्गन्ध चल्छ। फेरि चाहिएको बेला जहिले पनि भद्र महिला भेट्टाइहालिन्छ भने त्यहाँ जानु नै पर्ने के छ र?' आखिर यस्तै भयो! त्यसैको भाइले मेरै पत्नीलाई भेट्टाइहाल्यो। 'हुन त अब उसको बैंस पनि छिप्पिइसक्यो, जिउडाल पनि अलि थसुल्लो देखिन्छ, एउटा चपाउने दाँत पनि फुक्लिसकेको छ!'—मैले उसको सट्टामा मनमनै सोचें।—'तर बिग्रिहाल्ने कुरो केही छैन। जो हाथ सो साथ!' 'हो, उसलाई आफ्नी रखौटी तुल्याएर उसउपर अझ उसले कृपा नै गरेको सम्झनुपर्ला।'—मैले मनमनै भनें।—'उसबाट उसलाई रोग सर्ने पनि कुनै डर छैन!' 'धत्, के सोचेको यस्तो! यस्तो असम्भव कुरा पनि सोच्नुहुन्छ कतै?'—भयभीत हुँदै मैले आफैलाई सान्त्वना दिएँ।—'यस किसिमको कुनै कामकुरा गरिएको हुन सक्तैन। यस खालको अडकल काट्ने समेत कुनै ठोस आधार छैन।

के तेरै स्वास्नीले स्वयं नै भनेकी होइन र – त्यो जस्तो मान्छेसित मैले ईर्ष्या गर्नु नै सुहाउँदैन र यसबाट उसको सम्मानमा चोट पुग्नेछ भनेर !? हुन त हो, तर उसले हाकाहाकी नै फटाहा कुरा गरेकी हो। ऊ झूठो बोल्दैथिई !' – म मनमनै बेसरी चिच्याएँ र मेरो मथिङ्गलमा फेरि त्यस्तै कल्पनाहरू ओइरिन लागे।... हाम्रो डब्बामा दुई जना मात्र यात्रुहरू थिए – एउटी बुढिया र अर्को चाहिं उसको पति। ती दुवै जना चूपचाप बसिरहेका थिए। एउटा स्टेशनमा उनीहरू पनि उत्रिहाले र डब्बामा म एक्लै रहन गएँ। त्यतिखेर मेरो मनस्थिति त्यो जनावरको जस्तो थियो जो भर्खरभर्खर पिंजरामा बन्द गरिएको हुन्छ। कुनै बेला म लसक्क लम्केर झ्यालनेर पुग्थें भने कुनै बेला चाहिं लर्खराउँदै डब्बामा बेगसित हिंडिरहेको हुन्थें, मानौं यस प्रकारले रेलको डब्बालाई समेत उछिन्न सकिंदो होस्! परन्तु रेलगाडी भने आफ्नै गतिले सबै बेञ्चहरू र झ्यालहरूसहितको डब्बालाई हल्लाउँदै त्यसरी नै अगाडि दगुरिरहेको थियो जसरी अहिले यो हाम्रो रेलगाडी गइरहेको छ।..."

पोज्दनिशेभ जुरुक्क उठ्यो र डब्बामा दुई-तीन चक्कर काटेर फेरि आफ्नै सीटमा बस्यो।

"उफ्! मलाई रेलगाडीको डब्बामा सफर गर्दा डर लाग्छ, असाध्य डर लाग्छ। रेलका डब्बाहरू मलाई ज्यादै भयङ्कर लाग्छन्। हो, म त्राहित्राहि हुन्छु!" – ऊ अगाडि भन्दैगयो। – "म जहिले पनि आफूलाई सम्झाउँदै भन्छु: 'कुनै अर्कै विषयमा सोच्न थाल्, बाबू! लौ त्यसै भट्टी-पसलको मालिकको बारेमा सोचे पनि हुन्छ जसकहाँ जलपान

गरेको थिइस्!' अनि मेरो आँखाअगिल्तिर लामो दाह्रीवाल भट्टीपसले र उसको नाति झल्कन आइपुग्छन्। उसको नातिचाहिं पनि मेरै भास्याको उमेरको छ। 'मेरो छोरो भास्या! उसले आफ्नी आमालाई त्यस बेलाबादकले अङ्कमाल गरेर म्वाइँ खाएको समेत देख्छ होला! बिचरोको मन कति कुढिन्छ होला! उसकी आमाचाहिंलाई यसको के चासो र? ऊ त आफ्नो प्रेमलीलामा मस्त होली!..' फेरि कल्पनाको त्यही क्रम शुरू भैहाल्थ्यो। 'हैन! अब म स्थानीय अस्पतालको बारेमा सोच्न थालुँला! अँ, त्यो रोगीले हिजो कसरी डाक्टरको विरूद्ध उजूर गर्न लागेको थियो। त्यस डाक्टरको जुँगा पनि हूबहू तुखाचेभ्स्कीकै जुँगा जस्तो देखिन्छ। अहो, त्यो मान्छे कस्तो नकच्चरो रैछ त!.. मलाई छकाउन नै त्यसले आफू जाँदैछु भन्ने कुरा गरेको रैछ! ती दुवैले मलाई धोका दिएका रहेछन्!' यसरी फेरि तिनै चित्रहरू झल्झल्ती देखा पर्न लागिहाल्थे। जुन कुरा सोच्न थाले पनि आखिर घुमीफिरीकन उनीहरूकै बारेमा विचार गर्न पुग्थें। म ज्यादै पीडित थिएँ। मेरो पीडाको मुख्य कारण थियो—मेरो अज्ञान, मेरो शंका-उपशंका, मेरो दुविधा! उसलाई प्रेम गर्नुपर्ने हो कि घृणा गर्नुपर्ने हो सो छुट्याउन नै मलाई कठिन भैरहेको थियो। मेरो मानसिक वेदना कतिसम्म चर्को थियो भने एकपल्ट मेरो मथिङ्गलमा एउटा यस्तो विचार पनि उब्जियो जुन मलाई ज्यादै राम्रो लागेको थियो—'डब्बाबाट निस्केर रेलको लीगमा लम्पसार परेर पल्टिनु मात्र पर्छ तैंले! बस्, सब मामिला खतम भैहाल्छ! यसो गर्दा कमसेकम तैंले आफ्नो मनलाई शंका र द्विविधाको भुमरीमा पार्नुपर्ने-

छैन!' तर यस्तो गर्नबाट मलाई रोक्ने एउटै मात्र कुरा थियो र त्यो हो–आफूप्रति दयाभाव! यसै कारणले गर्दा मेरो मनमा आफ्नी पत्नीप्रति अपार घृणा उत्पन्न हुन्थ्यो। त्यस बेलावादकप्रति पनि मेरो मनमा घृणाभाव जाग्दथ्यो, परन्तु त्यो घृणा चाहिं अर्कै खालको थियो। मेरो अपमान भयो र उसको जीत भयो भन्ने भावना पनि त्यस घृणामा ओतप्रोत थियो। किन्तु आफ्नी पत्नीप्रति भने प्रचण्ड घृणा जागृत हुन्थ्यो। 'म आत्महत्या गरूँ, तर उसलाई चाहिं त्यसै छोडिदिऊँ? अहँ, यस्तो कुरा हुँदैन! उसले पनि यस्तो यन्त्रणा भोग्नैपर्छ जस्तो म अहिले भोग्दैछु। मैले जुन यातना भोग्नुपरेको छ त्यसको किञ्चित् मात्र भए पनि ज्ञान उसलाई हुनैपर्छ!'–मनमनै म विचार गर्थें। हरेक स्टेशनमा म आफ्नो मन बहलाउन भनेर उत्रनेगर्थें। एउटा स्टेशनमा एक क्याफेहाउसमा मानिसहरू रक्सी खाँदै-थिए। मैले पनि भोड्का मगाएर खाएँ। मेरो छेवैमा उभिएर एक जना यहूदी पनि रक्सी घुट्क्याउँदैथियो। उसले मसंग कुरा गर्‍यो। आफ्नो डब्बामा एक्लै बस्न नपरोस् भनेर म पनि उसको साथ लागेर उसैको डब्बामा गएँ। त्यो तेस्रो श्रेणीको डब्बा थियो र साह्रै फोहोर तथा धुवाँले भरिएको थियो। भुईंमा सूर्यमुखी फूलका बियाँ खाएर फ्याँकिएका छोक्राहरू छ्याल्लब्याल्ल थिए। त्यहाँ म उसको छेवैमा बसें र नाना थरीका कुराहरू सुन्न थालें। उसले अनेकौं चुड्किला किस्साहरू पनि सुनायो। म ध्यान दिएर सुन्दैथिएँ, तर उसले भनेको एक कुरा पनि म बुझ्न सकि-रहेको थिइनँ। मेरो मन त आफ्नै तर्कनाहरूमा नै डुबिरहेको थियो। उसले यस कुराको चाल पाइहाल्यो र ध्यानपूर्वक

उसको कुरा सुन्ने अनुरोध गऱ्यो। त्यसै बेला म उठें र सरासर आफ्नो डब्बामा फर्कें। 'मैले सब कुरा दोहोऱ्याई-तेहऱ्याई सोच्नुपर्छ!'—मैले मौन भाषामा आफैंलाई भनें।—'जुन कुरा म सोच्दैछु सो सही हो कि होइन भन्ने पनि बुझ्ने प्रयास गर्नुपर्छ! म जसरी यन्त्रणा भोग्दैछु त्यसको कुनै कारण नै छ कि छैन!' म शान्तिपूर्वक विचार गर्ने उद्देश्यले बसें। परन्तु स्थिरचित्त तुल्याएर विचार गर्नुको सट्टा तत्कालै फेरि त्यही नै तर्कना शुरू भयो जुन पहिले पनि उठ्नेगर्थ्यो। तर्कपूर्ण विचारहरूको सट्टा त्यही अडकलबाजी र त्यही चित्रहरू चक्कराउन लागिहाले। 'कतिपल्ट हो कतिपल्ट मैले यस्तो यन्त्रणा भोगिसकें।'—मैले आफैंलाई भनें (मलाई पहिले-पहिलेका ती सबै घटनाहरूको पनि सम्झना भएर आउँथ्यो जब म ईर्ष्याको कारणले गर्दा क्रोधान्ध हुनेगर्थें)।—'तर हरेकपल्ट मेरो ईर्ष्या निराधार साबित हुनेगरेको थियो। अहिले पनि सके यस्तै होला! पक्कै पनि यस्तै हुनेछ। बडो मजासंग पलङ्गमा निदाइरहेकी नै भेट्टाउनेछु म उसलाई! ऊ ब्युँझली र मलाई देखेर खूब रमाउली। अनि उसको भनाइ र उसको हेराइबाट नै मलाई यी सब कुरा हुँदै होइनन् भन्ने थाहा भैहाल्नेछ। जुन कुरा म सोच्दछु सो सब निराधार साबित हुनेछ। ओ! यो कति राम्रो कुरा हुनेछ!' अनि त्यतिखेर नै मेरो अन्तरात्माले विरोध जनाउँथ्यो।—'अहँ! धेरैपल्ट यस्तो नभएको होइन। तर अब पनि यस्तै चाहिं त हुनेछैन!' त्यसपछि फेरि त्यही क्रम शुरू भैहाल्थ्यो। हो, यही नै मेरो सासना थियो। म तन्नेरीहरूलाई स्त्रीलम्पट नबन्ने उपदेश दिन ती अस्पतालहरू देखाउन लाने पक्षमा

छैन जहाँ भिरङ्गीका रोगीहरूको उपचार गरिन्छ, बरू म उनीहरूलाई मेरो अन्तरात्मामा चियाएर हेर्ने सल्लाह दिनेछु। त्यहाँ उनीहरूले ती दैत्यहरूलाई देख्नेछन् जसले मेरो मुटु लुछेर खाने गरेका छन्। सबभन्दा भयङ्कर कुरा त के थियो भने म कुनै समयमा आफूलाई आफ्नी अर्धाङ्गिनीको शरीरको वास्तविक मालिक ठान्थें। म उसको शरीरलाई निसन्देह नै आफ्नै शरीरको एक अंश ठान्नेगर्थे। यसको साथसाथै म के पनि बुझ्थें, भने उसको शरीरमाथि मेरो कुनै अधिकार छैन, किनभने त्यो मेरो शरीर होइन र उसले नै आफ्नो इच्छाअनुसार त्यसको प्रयोग गर्न सक्छे। मेरो इच्छाको विपरीत पनि आफ्नो शरीरको उपयोग गर्न सक्छे ऊ! म न उसको, न त उसको नाठोको नै केही बिगार गर्न सक्छु। भान्का-पाले जसरी आफ्नो अधरपान र मधुर चुम्बन आदिको गीत गाउँदै शूलीमा चढेको थियो त्यसै गरेर ऊ पनि गीत गाउँदै फाँसीको तख्तामा चढ्न तयार भैहाल्नेछ। यति मात्र कहाँ हो र! फेरि म आफ्नी पत्नीलाई समेत केही गर्न सक्तिनँ। यदि उसले अझै यस्तो पापकर्म गरेकी छैन भने पनि ऊ यस्तो गर्न चाहँदी होली! उसले यस्तो चाहना राखेकी छे भन्ने थाहा पाउनु त झन् नराम्रो कुरा हुनेछ, किनभने म यसबाट अझ बढी चिन्तित हुनेछु। बरू उसले यस्तो पापकर्म गरेको होस् र मलाई थाहा पनि होस् त राम्रो हुनेछ, किनभने यस्तो स्थितिमा कुनै सन्देह रहँदैन। अन्यथा म त्यो कुरा भन्न सक्तिनँ जुन म भन्न चाहन्थे! म त के चाहन्छु भने उसले त्यस कुराको ईच्छा नै नगरोस् जुन उसले चाहेकी थिई। शुरूदेखि अन्त्यसम्म नै यी तमाम कुराहरू बौलठ्ठीपूर्ण थिए।"

२६

"अगिल्लो स्टेशनमा कन्डक्टर हाम्रो टिकट लिन आयो। मैले आफ्ना झिटीमिटी उठाएँ र डब्बाबाट बाहिर ओर्लने ठाउँमा निस्किएँ। यस नाटकको चरमोत्कर्ष सन्निकट छ भन्ने बोध हुँदा मेरो उत्तेजना झन् बढ्यो। मलाई असाध्य जाडोको अनुभव भयो, मेरो आङ काम्न लाग्यो र च्यूंडो पनि लगलग कामेकोले दाँत बज्न थाले। म हुलको साथ-साथै यन्त्रवत् नै स्टेशनबाहिर पुगें। त्यहाँ मैले एउटा टाङ्गा लिएँ र त्यसमा सवार भएर हिंडि पनि हालें। सडकमा त्यतिखेर छिटपुट मान्छेहरू र घरपालेहरू ओहोर-दोहोर गरिरहेका देखिन्थे। सडकमा बालिएका ग्यासबत्ती-हरूका खम्बाको छाया कहिले मेरो टाङ्गाको अघिल्तिर पर्दथे त कहिले पछिल्तिर पर्नेगर्थे। म अनायासै यी सब कुराहरू हेर्दैथिएँ र मनमा कुनै विचार उठिरहेको थिएन। झण्डै आधा भेर्त्ता बाटो पार भैसकेपछि मेरो गोडा चीसो भएको मलाई होश आयो। रेलगाडीमा नै आफ्नो ऊनी मोजा फुकालेर झोलामा राखेको कुरा मलाई सम्झना भएर आयो। झोला खै? कता पऱ्यो? यहाँ त छ के? यहीं छ। अनि टोकरी खै नि? आफ्नो मालमत्ता त लिनै समेत बिर्सिएको रहेछु। बल्ल मलाई सम्झना भयो। तर रसीद चाहिं मसित नै थियो र मालमत्ता लिन भनेर तत्कालै फर्किनुपर्ने आवश्यकता छैन भन्ने मैले अठोट गरें। टाङ्गा अगाडि दगुरिरहेकै थियो।

अहिले जति सम्झना गर्न खोजे पनि त्यस बेलाको मेरो मन:स्थितिबारे म स्पष्ट हुन सक्तिनँ। त्यतिखेर म के कसो

सोच्दैथिएँ? मेरो चाहना के कस्तो थियो? मलाई पटक्कै थाहा छैन। मलाई सिर्फ यत्तिकै मात्र सम्झना छ कि मेरो जीवनमा कुनै अति भयङ्कर र ज्यादै महत्वपूर्ण घटना घट्दैछ भने झैं मलाई पूर्वाभास भइरहेको थियो। त्यो भयङ्कर घटना घट्नुको कारण मलाई त्यसको पूर्वाभास हुनु नै थियो कि मैले पहिलेबाटै त्यसको सङ्कल्प गरिराख्नु नै थियो? कुन्नि, मलाई थाहा छैन। हुन सक्छ, त्यतिखेर मेरो मन एकदमै विचारशून्य हुँदो हो र यस किसिमका वीभत्स विचार मेरो मनमा उठिरहेका थिए भनेर त्यो घटना घटिसकेपछि मात्र मैले कल्पना गरेको हुँदो हुँ।

म घरको द्वारमण्डपमा पुगें। त्यस बेला रातको एक बजिरहेको थियो। घरअगाडि प्रशस्त घोडागाडीहरू देखिन्थे। घरका झ्यालहरूमा बत्तीको प्रकाश परेको थियो। त्यसैले गर्दा गाडावानहरू प्रशस्त ग्राहक पाउने आशाले त्यहाँ पर्खेर बसिरहेका थिए। (हाम्रो घरडेराका बैठककोठा र अतिथि-कक्षका झ्यालहरूमा बत्तीको प्रकाश थियो।) किन यति रात बितिसक्दा पनि हाम्रा कोठाका झ्यालहरूमा बत्ती बालेको उज्यालो देखिन्छ भन्ने त त्यस बखत मलाई विचार-सम्म पनि सुझेन। कुनै भयानक घटना नघटिछोड्दैन भन्ने नै त्यस बेला पनि मलाई भान भइरहेको थियो। मैले सिंढी चढेर घण्टी बजाएँ। इगोरले ढोका खोल्यो। हाम्रो त्यो नोकर ज्यादै दयालु तर मूर्ख थियो र दिलोज्यानले काम गर्थ्यो। सबभन्दा पहिले नै मेरो दृष्टि त्रुखाचेभ्स्कीको ओभरकोटमा पर्‍यो। दलानमै अन्य लुगाफाटोहरूको साथै त्यो ओभरकोट पनि टाँगिएको थियो। मैले त्यो देखेर अचम्म मान्नुपर्नेथियो, तर मलाई कुनै अचम्म लागेन।

यसको त मलाई पूर्वज्ञान जस्तै थियो। 'मेरो सोचाइ ठीकै निस्कियो।'—मैले आफैलाई भनें। को आइरहेको छ भनेर मैले इगोरसंग सोधें। उसले त्वुखाचेभ्स्कीको नाउँ लियो। अरू पनि कोही छ कि भनेर सोध्दा उसले जवाफ दियो :

"अरू त कोही होइसिन्न, हजूर!"

मलाई सम्झना छ, उसले बडो हँसिलो पाराले यो कुरा भन्यो, मानौं त्यहाँ अरू पनि कोही छ कि भन्ने मेरो शङ्का निवारण गरिदिन चाहँदो होस्! 'अरू कोही छैन, हँ!'—मैले आफै आफूलाई भनें।

"केटाकेटीहरू खै त?"

"भगवान्को कृपाले सबैलाई सन्चै छ, हजूर। अहिले हो र सुतेका उनीहरू!"

मलाई चाहिं सास फेर्न समेत धौधौ परिरहेको थियो। च्यापू थर्थर कामेको पनि म रोक्न सकिरहेको थिइनँ। 'हो, यसपल्ट चाहिं कुरा अर्कै निस्कियो। पहिले-पहिले म आपद बज्रिएला भनेर सोच्नेगर्थे, तर सब कुरा टरेर जान्थ्यो। सबै कुरा पूर्ववत् नै हुन्थ्यो। तर यसपल्ट भने त्यस्तो हुँदैभएन। जो मैले सोचेको थिएँ सोही भयो। आपद त यथार्थ नै बन्न आइपुगेको छ। यस्तो पो भयो।...'

म गर्जनै आँटिसकेको थिएँ, तर उत्तिखेरै शैतानले मेरो कानमा साउती गर्दै भन्यो: 'तँ यहाँ रूँदैगर्, भावुक आँसु झार्दैगर्! उता उनीहरू बडो मजासित एक दोस्रासंग बिदाबारी हुनेछन्! तैंले उनीहरूको अपराधको कुनै सबूत-प्रमाण नैं भेट्टाउनेछैनस्! तँ भरजीवन शङ्काहरूमा नै डुबिरहलास् र ठूलो यन्त्रणा भोग्दैगर्लास्!' अनि तत्कालै

मेरो भावुकता बिलाइहाल्यो। त्यसको ठाउँमा एक अनौठो भावना पैदा भयो। तपाईंलाई पत्यार नपर्न सक्छ, तर त्यतिखेर मेरो मनमा आनन्दको भाव संचार भयो। अब मेरो यन्त्रणा समाप्त हुनेछ, अब म उसलाई सजाय दिन सक्छु, अब म उसबाट छुट्कारा पाउन सक्छु, अब म आफ्नो रीस बेसरी खत्याउन सक्छु। मैले नभन्दै आफ्नो रीस झिक्न शुरू पनि गरिहालें–मेरो व्यवहार एक क्रूर र कुटिल जन्तुको जस्तो हुन लाग्यो।

"पख्! भित्र नजा!"–मैले इगोरलाई भनें। ऊ भित्र बैठकतिर जान आँटेको थियो।–"ला, यो रसीद लिएर स्टेशनतिर गैहाल्! छिटै एउटा टाङ्गा लिएर जा र मालमत्ता बुझेर ल्या! लौ, गैहाल्!"

आफ्नो ओभरकोट लिन भनेर ऊ दलानतर्फ लाग्यो। उसलाई देखेर उनीहरूमा कुनै किसिमको शङ्का उत्पन्न भैहाल्छ कि भन्ने डरले म पनि पछि पछि लागेर उसको कोठासम्म नै पुगें। उसले आफ्नो लुगा नफेरून्जेल म त्यहीं नै पर्खेर बसें। बैठकबाट पल्तिर पर्ने अतिथिकक्षमा सुस्त-सुस्त कुरा गरेको र छुरी, काँटा तथा रिकापीहरू बजेको आवाज सुनिन्थ्यो। उनीहरू खाना खाँदैथिए र घण्टी बजेको आवाज निश्चय नै सुनेका थिएनन्। 'अहिले उनीहरू बाहिर ननिस्के बेस हुनेथियो!'–मैले विचार गरें। आस्त्राखानको भुवादार कलर भएको आफ्नो ओभरकोट लगाएर इगोर बाहिर निस्किहाल्यो। मैले ढोकासम्म नै उसलाई पुऱ्याएँ र दैलो थुनेर आग्लो पनि लगाइदिएँ। म एक्लै रहन गएँ र मैले तत्कालै केही न केही नगरी हुँदै भएको छैन भन्ने सोच्दा मेरो आङ नै सिरिङ्ग भयो। मैले के

गर्नुपर्ने हो भन्ने चाहिं मलाई अझै स्पष्ट थिएन। मलाई खालि के मात्र थाहा थियो भने अब सारा खेल समाप्त भैसकेको छ, ऊ निर्दोष छे भन्ने त अब प्रश्न नै उठ्दैन, मैले अब यसलाई डण्ड दिनैपर्छ र म अहिलेको अहिल्यै उससंगको सारा नाता नै टोडिदिनेछु।

पहिले म अक्सर दुविधामा पर्नेगर्थें र मनमनै सोच्नेगर्थें: 'हुन सक्छ, यो साँचो होइन! हुन सक्छ, म गल्ती गर्दैछु!' अब भने यस किसिमको कुनै दुविधा रहन गएको थिएन। अब म निर्यौलमा पुगिसकेको थिएँ। मेरो अनुपस्थितिमा रातको बेला यसको साथमा ऊ एकलै बसिरहेकी छे। लाजशरम भन्ने कुरालाई यसले भुसुक्कै बिर्सिदिएकी छे। कुरा त यसभन्दा पनि गम्भीर छ: जानीबुझीकन नै उसले खुल्लमखुल्ला व्यभिचार गर्ने यत्रो आँट र हिम्मत गरेकी छे र यसरी अरूको अगाडि ऊ आफूलाई निर्दोष समेत देखाउन खोज्दैछे। सब कुरा छर्लङ्ग थियो। शङ्का गर्नुपर्ने कुनै ठाउँ नै थिएन। एउटै कुन कुराको मात्र मलाई डर थियो भने कतै यिनीहरू फुत्केर गइनहालून्, कतै यिनीहरूले मसंग अर्को कुनै नयाँ छलकपट गर्न नपाऊन्, कतै यस्तो नहोस् कि मेरो हातमा परिसकेको सबूत-प्रमाणबाट वंचित हुन परोस् र उनीहरूलाई उचित दण्ड दिने मौका पनि गुमोस्। यसैउसले गर्दा उनीहरूलाई छिटोभन्दा छिटो पक्रिहाल्नुपऱ्यो भन्ने सोचेर म चाल मार्दै त्यस कोठातर्फ लागें जहाँ उनीहरू दुबै बसिराखेका थिए। म सरासर बैठककोठाबाट नगएर दलान पार गर्दै केटाकेटीहरूको कोठामा पसेर त्यतातिर गएको थिएँ।

केटाकेटीको पहिलो कोठामा छोराहरू सुतिरहेका थिए।

दोस्रो कोठामा पुग्दा धाई अलि चल्मलाई र झण्डै ब्युँझन लागिसकेकी थिई। 'सबै कुरा खुलस्त भएपछि यसले के सोच्ली?'—यस्तो विचार मनमा उठ्नासाथ मलाई फेरि आफूमाथि नै अपार दया जागेर आयो र मेरा आँखा समेत रसाइहाले। कतै केटाकेटीहरू ब्युँझिनहालून् भन्ने विचारले चाल मार्दै छिटो छिटो पाइला सारेर मैले दलान पार गरें र सरासर आफ्नो अध्ययनकक्षमा पसें। त्यहाँ पुग्नेबित्तिकै म आफ्नो सोफामाथि थचक्क बसें र घुँक्क-घुँक्क गर्दै रून लागें।

'म एक ईमानदार मान्छे हुँ! मेरा आमाबाबु इज्जतदार थिए। मैले जीन्दगीभरि नै सुखी दाम्पत्य जीवनको चाहना गरें। लोग्नेमान्छे भएर पनि मैले आफ्नी पत्नीलाई कहिल्यै धोका दिएको छैन।... तर यो पाँच-पाँच जनाकी आमा भैसकेर पनि जाबो बेलावादकसंग अँगालो मारेर बसेकी छे। कारण, उसका ओंठ राता-राता छन्। अहँ, यो स्वास्नीमान्छे होइन! यो कुकुर्नी हो! बाइफाले कुकुर्नी! बगलको कोठामा यसैका बालबच्चाहरू सुतिरहेका छन्। उनीहरूलाई माया गरेको कस्तो स्वाङ्ग पार्थी यो! मलाई कस्तो चिठ्ठी लेखेर पठाएकी थिई यसले! कति लाज पचाएर अहिले यहाँ उसलाई अङ्गालेर बसेकी छे यो! मलाई के थाहा र? हुन सक्छ, सधैंभरि यस्तै भएको होस्! सबै बालबच्चाहरू यसले नोकरचाकरहरूलाई नाठो खेलाएर पाउँदैगरेकी हुँदो हो, तर म तिनलाई आफ्नै ठानिरहेको छु। कथंकदाचित् म आज नआएर भोलि आइ-पुग्दो हुँ त यसले आफ्नो कपाल कोरीबाटी शृङ्गारपटार गरीकन कम्मर भाँच्दै लसक्क हिंडेर मेरो स्वागत गर्दी

हो (उसको हिसी परेको तर घिनलाग्दो अनुहारको एक एक हावभाव मैले झलक्क देखें)। अनि त ईर्ष्याको त्यो जन्तुले फेरि मेरो मुटुलाई भित्रभित्रैबाट लुछ्न थाल्दो हो। धाईले के सोच्ली? इगोरले के ठान्ला? अनि बिचरी लीजा के विचार गर्ली? उसले अब त अलिअलि बुझ्न समेत थालिसकी! अहो! कस्तो निर्लज्जता! कस्तो छलकपट! यो त्यही पाशविक कामुकता हो जसलाई म राम्रैसंग चिन्छु!' – मैले आफैले आफैलाई भनें।

म जुरूक्क उठ्न चाहन्थें, तर सकिनँ। मेरो मुटु कति जोडले धुक्धुक् गरिरहेको थियो भने म आफ्ना गोडाहरूको भरमा उभिन समेत असमर्थ भएँ। अँ, यसरी त म हृदयशूलले ठाउँ मर्न सक्छु। उसले मलाई ठहरै मारिदिन बेर छैन! सके उसले खोजेको पनि यही होला! के उसले मलाई मार्ने नै भयी त? होइन, यो त उसको लागि ज्यादै खुशीको कुरा पो हुनेछ। अहँ, म उसलाई कदापि यस्तो खुशी प्रदान गर्नेछैन। म यहाँ बसिरहेको छु, उनीहरू भने त्यहाँ मजाले खाँदैछन्, हाँस-खेल गर्दैछन् र...। हो, मेरी पत्नीको कुर्कुरे बैंस अब छैन, तैपनि त्यो मान्छे उससंग लसपस गर्न कत्ति संकोच मान्नेछैन। जे होस्, ऊ अझै राम्री नै देखिन्छे र मुख्य कुरा चाहिं के भने यसबाट त्यस मान्छेको अमूल्य स्वास्थ्यको लागि कम्तीमा पनि कुनै किसिमको खतरा छैन। 'मैले त्यसै दिन नै उसलाई किन नमारिदिएको हुँला?' – मैले मनमनै त्यो काण्डको सम्झना गरें जतिखेर मैले हप्ता दिन जति पहिले उसलाई आफ्नो अध्ययनकक्षबाट निकालिदिएको थिएँ र मालसामान धमाधम उठाउँदै फ्काँकिदिएको थिएँ। मलाई त्यतिखेर आफ्नो मनः-

स्थिति जस्तो थियो त्यसको पूरापूर सम्झना भएर आयो। सम्झना मात्र भएको होइन, मलाई त त्यस बेलाको जस्तै गरेर एक एक चीज उठाउँदै फ्याँक्ने र फुटालिदिने समेत इच्छा जागेर आयो। मेरो हात केही गर्नको निम्ति चिलाइ-रहेका थिए। मेरो मन विचारशून्य भैसकेको थियो। केही न केही त गर्नैपर्छ भन्ने एउटै मात्र कुरा मनमा खेलिरहेको थियो। त्यतिखेर मेरो अवस्था त्यस जनावर वा त्यस मानिसको जस्तो भइसकेको थियो जो सन्निकट खतराको समयमा सचेत भैहाल्छ र यस्तो बेलामा विशेष सतर्क भएर बिस्तार-बिस्तार तर एक पलक पनि व्यर्थमा नजाने किसिमबाट निश्चित लक्ष्यलाई मात्र ध्यानमा राखेर एकाग्र चित्तले आफ्नो सारा काम गर्नेगर्छ।"

२७

"पहिलो काम मैले के गरें भने मैले आफ्नो बूट फुकालें र मोजा मात्र लगाइछाडेर भित्तातिर गएँ। त्यहाँ सोफा-माथि केही बन्दूक र छूरीहरू झुण्ड्याइएका थिए। मैले एउटा घुमाउरो आकारको छूरी झिकें। त्यसको उपयोग पहिले कहिल्यै पनि गरिएको थिएन र त्यसको धार ज्यादै नै तेज थियो। मैले त्यसलाई दापबाट बाहिर निकालें। दाप चाहिं सोफाको पछिल्तिर खस्यो। मलाई सम्झना छ, त्यतिखेर मैले मनमनै भनेको थिएँ: 'पछि आएर त्यसलाई खोज्नुपर्ला, नत्र हराउन पनि बेर छैन!' त्यसपछि मैले आफ्नो ओभरकोट फुकालें जुन त्यस बेलासम्म मेरो जिउमा नै थियो। अनि बिस्तारै मोजा मात्र लगाइएको पाइला सार्दै म कोठाबाट निस्कें।

चाल मार्दै दैलोसम्म पुगेर मैले झटपट ढोका उघारें। उनीहरूको अनुहारमा जुन भाव देखिएको थियो त्यसको सम्झना मलाई अझैंसम्म पनि ज्यूँकात्यूँ नै छ। यसरी त्यसको सम्झना भैरहनुको कारण के हो भने त्यतिखेर मेरो मनमा एउटा पीडा उत्पन्न भएको थियो र त्यस पीडामा पनि मलाई आनन्दको अनुभव भएको थियो। उनीहरूको अनुहारमा अपार डरको भाव देखिन्थ्यो। मैले चाहेको कुरा पनि यही नै थियो। मलाई देख्नेबित्तिकै उनीहरूको अनुहारमा भय र निराशाको जुन भाव देखा परेको थियो त्यसलाई म कहिल्यै पनि बिर्सनेछैन। लाग्छ, त्यो मान्छे टेबुलनेरै मेचमा बसेको थियो, तर मेरो पदचाप सुन्नेबित्तिकै वा मलाई एकाएक देख्नेबित्तिकै ऊ बुर्लुक्क उफ्रेर दराजपट्टि पीठ फर्काएर उभिन पुगेको थियो। उसको अनुहारमा डरको छाप परेको थियो भन्ने कुरामा कुनै शङ्का छैन। मेरी पत्नीको अनुहारमा पनि डरको भाव देखिन्थ्यो, तर त्यसमा एउटा अर्को भाव पनि झल्कन्थ्यो। कथंकदाचित् त्यसमा डरको भाव मात्र हुँदो हो त त्यो घटना घट्ने नै थिएन जुन पछि घट्यो। उसको अनुहारमा त्यतिखेर मैले निराशाको भाव पनि देखें। हुन सक्छ, त्यस बेला पहिला क्षणहरूमा मलाई यस्तो प्रतीत मात्रै भएको होस्! उसको अनुहारमा एक किसिमको यस्तो असन्तोषको भाव पनि झल्केको थियो, मानौं उसको प्रेमलीला र मिलनसुखमा अप्रत्यासित बाधा पुग्न गएको होस्! यस्तो भान पर्न गएको थियो, मानौं उसलाई त्यतिखेर सुखको अतिरिक्त अरू कुनै कुराको चाहना नै थिएन। उनीहरू दुवैको अनुहारमा यस्ता भावहरू एक छिन मात्र झुल्किएका

थिए। त्यस मान्छेको अनुहारमा भयको स्थानमा तुरुन्त नै जिज्ञासा देखा पर्‍यो : 'यस बेला झूठो बोल्न सकिएला कि नसकिएला? सकिन्छ भने मैले तत्कालै केही न केही भनिहाल्नुपर्छ। सकिंदैन भने त अहिले नै कुनै अर्कै काण्ड मच्चिहाल्नेछ! के हुने हो?' त्यस मान्छेले मेरी पत्नीतर्फ प्रश्नसूचक दृष्टि फ्याँक्यो। मलाई के लाग्यो भने त्यस मान्छेको आँखासित आफ्नो आँखा जुध्नेबित्तिकै मेरी पत्नीको अनुहारबाट निराशा र झर्कोको भाव मेटिइहाल्यो र त्यसको ठाउँमा त्यस मान्छेप्रति चिन्ताको भाव देखा पर्‍यो।

एक छिन म दैलोनेर नै उभिइरहें। छूरी चाहिं मैले पछिल्तिर लुकाइराखेको थिएँ। त्यतिखेर नै त्यो मान्छे मुसुक्क हाँस्यो र भन्न लाग्यो—

"हामी थोरबहुत रियाज गर्दैथियौं।..."

"एहे! तपाईं पो..."

उसैको भाकामा भाका मिलाउँदै मेरी पत्नी पनि बोली।

परन्तु ती दुवैमध्ये कसैले पनि आफ्नो वाक्य पूरा गर्न पाएन। एक हप्ता अघि जसरी मैले-आफूलाई काबूमा राख्न सकेको थिइनँ त्यसै गरी त्यस दिन पनि मैले आफ्नो भावनालाई वशमा राख्न सकिनँ। फेरि मलाई त्यसै गरी जे हात पर्‍यो त्यो सबै हुर्‍याइदिने, फुटालिदिने, मिल्काइ-दिने, भाँचिदिने इच्छा जाग्यो। रीसले चूर भएर म बहुलाइसकेको थिएँ र त्यसलाई दबाउने पनि मैले प्रयत्न गरिनँ।

दुवै जनाले आफ्नो कुरा टुंग्याउन पाएनन्।... त्यही कुरा हुन थालिसकेको थियो जुन हुनेछ भन्ने त्यस मान्छे-लाई असाध्य डर लागेको थियो। यसैले गर्दा नै उनीहरू

दुवै बोल्दाबोल्दै बीचैमा रोकिएका थिए। म लम्केर आफ्नी पत्नीनेर पुगें। छूरी चाहिं मैले आफ्नो पछिल्तिर नै लुकाइराखेको थिएँ र यसले गर्दा त्यस मान्छेले मलाई बीचैमा रोक्न सक्तैनथ्यो। आफ्नी पत्नीको छातीमा वायाँतर्फ कोखामा नै छूरी प्रहार गर्ने मेरो सुर थियो। मैले धेरै पहिलेदेखि नै त्यसै ठाउँलाई लक्ष्य बनाइराखेको थिएँ। मैले आफ्नी पत्नीलाई झम्टन लाग्नेबित्तिकै त्यस मान्छेले मेरो आसय बुझिहाल्यो र झटपट मेरो हात समात्यो। यस्तो हुनेछ भन्ने त मैले पटक्कै सोचेको थिइनँ।

"के गर्नुभएको हो? अलि सोचविचार त गर्नोस्! गुहार! गुहार!"—त्यो मान्छे कराउन लाग्यो।

मैले झट्का दिएर आफ्नो हात मुक्त गरें र चूपचाप उसैमाथि नै हमला गरें। उसका आँखा मेरा आँखासित जुध्न पुगे र सहसा उसको नै अनुहार ओंठसम्म रगत सुकेर धुस्रोफुस्रो भयो। उसका आँखा अनौठो किसिमले चम्किए र ऊ झटपट पेनोबाजामुन्तिर छिरेर सरासर दैलोतिर लम्केर कुलेलम भइहाल्यो। यस्तो होला भन्ने पनि मैले ठानेको थिइनँ। म उसलाई लखेट्न चाहन्थें, तर मेरो देब्रे पाखुरामा कुनै गह्रौं कुरा झुण्डिएको थियो। त्यो मेरी पत्नी रहिछ। मैले हात फुक्का गर्न खोजें। परन्तु उसले मलाई झन् बल गरेर समाती र मलाई छोड्दै छोडिन। यस्तो अप्रत्यासित बाधा, पाखुरामा थपिएको बोझ र पत्नीको घिनलाग्दो स्पर्श त मेरो मनमा दन्किरहेको रीसको आगोमा घिउ थपे जस्तै हुन गयो। म एकदमै बहुलाइ-सकेको थिएँ। मेरो मुखाकृति भयङ्कर देखिंदो होला भन्ने पनि मलाई बोध भइरहेको थियो र यसले गर्दा मलाई

खुशी समेत लागिरहेको थियो। म बेसरी झट्का दिएर आफ्नो देब्रे पाखुरा फुक्का गर्न लागें। यसो गर्दा मेरो कुहिनोले उसको मुखमा चोट पर्न गयो। ऊ चिच्याई र उसले तुरून्त मेरो पाखुरा पनि छोडिदिई। म लम्केर त्यस मान्छेको पीछा गर्न चाहन्थें, परन्तु मोजा मात्र लगाएर आफ्नी स्वास्नीको नाठोको पछि पछि दगुर्नु नै मलाई हाँसउठ्दो लाग्न थाल्यो। म हास्यास्पद देखिन चाहँदैनथें, बरू भयङ्कर पो त देखिन चाहन्थें। म त्यतिखेर रीसले बहुलाइसकेको भए तापनि अरूहरूमा मेरो कस्तो असर परिरहेको छ भन्ने कुरामा मेरो ध्यान केन्द्रित थियो। अझ साँच्चै भन्ने हो भने कुनै न कुनै हदसम्म यस्तो प्रभावले मेरो क्रियाकलाप समेत निर्धारित गर्नेगरेको थियो। म आफ्नी पत्नीतर्फ फनक्क फर्किएँ। ऊ बालिष्टमा थचारिन पुगेकी थिई र एकटक लगाएर मतर्फ हेरिरहेकी थिई। आफ्नो हातले उसले एउटा आँखो छोपिराखेकी थिई जहाँ मेरो कुहिनोले चोट पर्न गएको थियो। उसको अनुहारमा मप्रति अर्थात् आफ्नो शत्रुप्रति भयङ्कर घृणाको भाव झल्कन्थ्यो। यो भाव त्यस्तै किसिमको थियो जस्तो खोरमा परेको मूसाको मुखमा त्यस बेला देखिन्छ जब कसैले त्यो खोर उठाइदिन्छ। कम्तीमा पनि मैले चाहिं उसको अनुहारमा भयङ्कर घृणासिवाय अरू केही पनि देखिनँ। अर्कै व्यक्तिलाई प्रेम गर्न पुगेकी हुनाले उसको अनुहारमा मप्रति यस्तो भयङ्कर घृणाको भाव त हुने नै भयो। कथंकदाचित् ऊ चूप लागेर बसेकी हुँदो हो त म सचेत भैहाल्नेथिएँ र त्यो काम मबाट हुनेथिएन जुन मैले गरें। परन्तु ऊ एकाएक फतफताउन लागी र मेरो त्यो

हात पनि अँठ्याउन खोजी जसमा छूरी थियो।

"सोचविचार त गर्नोस्! तपाईं के गर्दैहुनुहुन्छ? हरे! तपाईंलाई के भयो? हाम्रो बीचमा कुनै कुरा भएको छैन! सत्ते! धरोधर्म! केही हुँदै भएको छैन! तपाईंको कसम! .."

सके म अझै पनि रोकिइहाल्नेथिएँ हुँला! परन्तु यो पछिल्लो वाक्यको तात्पर्य त मेरो निम्ति एकदमै उल्टो पो थियो अर्थात् उनीहरूको बीचमा केही न केही त अवश्य नै भएको थियो। यसको उत्तर त म आफ्नो मनोभावनाको अनुकूल नै दिन सक्थें। मेरो झोंक चाहिं crescendo* बढ्दैगइरहेको थियो र त्यो अवश्य पनि चरमसीमासम्म नपुगुन्जेल नै बढ्ने छाँट देखिन्थ्यो। क्रोधोन्मादको पनि त आफ्नै नियम हुन्छ।

"नढाँट्, पातर्नी!"–म कराएँ र देब्रे हातले उसको पाखुरा समातें। तर ऊ फुत्किहाली। त्यसपछि मैले हातको छूरी हातैमा राखिछाडेर आफ्नो देब्रे हातले उसको घाँटी अठ्याएँ र बालिष्टमा पछारेर घाँटी थिच्न लागें। उसको गर्दन पनि ज्यादै कडा थियो।... आफ्नो घाँटीबाट मेरो हात छुटाउने प्रयत्न गर्दै उसले जोडले अँठ्याई। मानौं यसैको प्रतीक्षामा रहे झैं गरेर मैले उसलाई देब्रे कोखामा करङमुनि छूरीले प्रहार गरें।

क्रोधोन्मादको बखत के गरिंन्छ के गरिंदैन थाहा नै हुँदैन भनेर मानिसहरू जो भन्छन् सो साँचो होइन। यो बिल्कुलै गलत कुरा हो, बकबास मात्रै हो। मलाई सारा

---

* उत्तरोत्तर (इटा०)–अनु०

कुराको सम्झना थियो र एक छिनको लागि पनि मेरो चेतना शिथिल भएको थिएन। मभित्र जुन क्रोधको आगो दन्किरहेको थियो त्यसले गर्दा मानौं मेरो चेतनाशक्ति झन् चम्किरहेको थियो। प्रतिक्षण म आफ्नो हरेक कामकुरा छर्लङ्ग नदेख्न सक्तैनथें। भविष्यमा म के गर्न गइरहेको छु भन्ने कुराको स्पष्ट ज्ञान ममा थियो कि थिएन त्यो त म भन्न सक्तिनँ। परन्तु जतिखेर म कुनै काम गर्थें त्यस बेला चाहिं म के गर्दैछु भन्ने मलाई स्पष्ट ज्ञान रहन्थ्यो र त्यो काम गर्नुभन्दा पहिले नै त्यसको थोरबहुत आभास निसन्देह नै पाइन्थ्यो। म पछि पश्चात्ताप गर्न सकूं र आफूलाई रोक्न सक्नेथिएँ भनेर आफूलाई नै भन्न सकूं भनेर नै सके यस्तो हुन्थ्यो होला। म करङमुन्तिर छूरीले प्रहार गर्दैछु र त्यस ठाउँबाट छूरी भित्र गोपिन सक्छ भन्ने मलाई त्यस बेला थाहा थियो। म एउटा यस्तो भयानक काम गर्दैछु जस्तो पहिले कहिल्यै पनि मबाट भएको थिएन र यसको बडो भयङ्कर परिणाम पनि निस्कनेछ भन्ने समेत मलाई त्यस बखत राम्रो ज्ञान थियो। परन्तु बिजुली चम्के झैं गरेर यो विचार मेरो मनमा उब्जेको थियो र यसको बोध हुनेबित्तिकै मैले त्यो काम पनि पूरा गरिदिएको थिएँ। जुन काम मबाट भयो त्यो पनि एकदमै स्पष्टसंग मेरो चेतनामा प्रतिबिम्बित भएको थियो। मलाई सम्झना छ, एक छिनको निम्ति उसको चोलो वा अरू नै कुनै कुराले गर्दा छूरीको धारमुनि मैले कुनै अल्झन महसूस गरेको थिएँ, तर त्यसपछि छूरी नरम मासुमा ग्वाप्प गोपिइहाल्यो। उसले दुवै हातले छूरी समात्ने चेष्टा गरेकी थिई जसले गर्दा उसका दुवै हात जखमी

हात पनि अँठ्याउन खोजी जसमा छूरी थियो।

"सोचविचार त गर्नोस्! तपाईं के गर्दैहुनुहुन्छ? हरे! तपाईंलाई के भयो? हाम्रो बीचमा कुनै कुरा भएको छैन! सत्ते! धरोधर्म! केही हुँदै भएको छैन! तपाईंको कसम! .."

सके म अझै पनि रोकिइहाल्नेथिएँ हुँला! परन्तु यो पछिल्लो वाक्यको तात्पर्य त मेरो निम्ति एकदमै उल्टो पो थियो अर्थात् उनीहरूको बीचमा केही न केही त अवश्य नै भएको थियो। यसको उत्तर त म आफ्नो मनोभावनाको अनुकूल नै दिन सक्थें। मेरो झोंक चाहिं crescendo* बढ्दैगइरहेको थियो र त्यो अवश्य पनि चरमसीमासम्म नपुगुञ्जेल नै बढ्ने छाँट देखिन्थ्यो। क्रोधोन्मादको पनि त आफ्नै नियम हुन्छ।

"नढाँट्, पातर्नी!"—म कराएँ र देब्रे हातले उसको पाखुरा समातें। तर ऊ फुत्किहाली। त्यसपछि मैले हातको छूरी हातैमा राखिछाडेर आफ्नो देब्रे हातले उसको घाँटी अठ्याएँ र बालिष्टमा पछारेर घाँटी थिच्न लागें। उसको गर्दन पनि ज्यादै कडा थियो।... आफ्नो घाँटीबाट मेरो हात छुटाउने प्रयत्न गर्दै उसले जोडले अँठ्याई। मानौं यसैको प्रतीक्षामा रहे झैं गरेर मैले उसलाई देब्रे कोखामा करङमुनि छूरीले प्रहार गरें।

क्रोधोन्मादको बखत के गरिंन्छ के गरिंदैन थाहा नै हुँदैन भनेर मानिसहरू जो भन्छन् सो साँचो होइन। यो बिल्कुलै गलत कुरा हो, बकबास मात्रै हो। मलाई सारा

---

* उत्तरोत्तर (इटा०)—अनु०

कुराको सम्झना थियो र एक छिनको लागि पनि मेरो चेतना शिथिल भएको थिएन। मभित्र जुन क्रोधको आगो दन्किरहेको थियो त्यसले गर्दा मानौं मेरो चेतनाशक्ति झन् चम्किरहेको थियो। प्रतिक्षण म आफ्नो हरेक कामकुरा छर्लङ्ग नदेख्न सक्तैनथें। भविष्यमा म के गर्न गइरहेको छु भन्ने कुराको स्पष्ट ज्ञान ममा थियो कि थिएन त्यो त म भन्न सक्तिनँ। परन्तु जतिखेर म कुनै काम गर्थें त्यस बेला चाहिं म के गर्दैछु भन्ने मलाई स्पष्ट ज्ञान रहन्थ्यो र त्यो काम गर्नुभन्दा पहिले नै त्यसको थोरबहुत आभास निसन्देह नै पाइन्थ्यो। म पछि पश्चात्ताप गर्न सकूं र आफूलाई रोक्न सक्नेथिएँ भनेर आफूलाई नै भन्न सकूं भनेर नै सके यस्तो हुन्थ्यो होला। म करङमुन्तिर छूरीले प्रहार गर्दैछु र त्यस ठाउँबाट छूरी भित्र गोपिन सक्छ भन्ने मलाई त्यस बेला थाहा थियो। म एउटा यस्तो भयानक काम गर्दैछु जस्तो पहिले कहिल्यै पनि मबाट भएको थिएन र यसको बडो भयङ्कर परिणाम पनि निस्कनेछ भन्ने समेत मलाई त्यस बखत राम्रो ज्ञान थियो। परन्तु बिजुली चम्के झैं गरेर यो विचार मेरो मनमा उब्जेको थियो र यसको बोध हुनेबित्तिकै मैले त्यो काम पनि पूरा गरिदिएको थिएँ। जुन काम मबाट भयो त्यो पनि एकदमै स्पष्टसंग मेरो चेतनामा प्रतिबिम्बित भएको थियो। मलाई सम्झना छ, एक छिनको निम्ति उसको चोलो वा अरू नै कुनै कुराले गर्दा छूरीको धारमुनि मैले कुनै अल्झन महसूस गरेको थिएँ, तर त्यसपछि छूरी नरम मासुमा ग्वाप्प गोपिइहाल्यो। उसले दुवै हातले छूरी समात्ने चेष्टा गरेकी थिई जसले गर्दा उसका दुवै हात जखमी

हुन गए, तर छूरीको मारलाई उसले छेक्न सकिन। पछि जब म जेल परें र मेरो नैतिक कायाकल्प पनि हुन गयो त्यस बखत पनि म यस क्षणको बारेमा नै सोचविचार गर्नेगर्थें। बेला बेलामा मलाई त्यस क्षणको सम्झना भएर आउँथ्यो र मबाट त्यो कृत्य हुन सक्थ्यो र मलाई त्यसको बोध पनि थियो भन्ने निष्कर्षमा पुग्नेगर्थें। मलाई सम्झना छ, त्यस कृत्यको एक्कै छिन मात्र पहिले त्यो पनि एक क्षणको निम्ति मात्र मलाई यस्तो भयानक कुराको बोध हुन गएको थियो—म एउटी अबलाको हत्या गर्न तम्सेको छु, उसलाई मारिसकेको छु, त्यो मेरै स्वास्नी हो र एकदमै असहाय पनि छे। यस्तो बोध हुँदा मलाई जस्तो डर लागेको थियो त्यसको मलाई सम्झना छ। म यस निष्कर्षमा पुगेको छु र कुन कुराको पनि धमिलो सम्झना आउँछ भने यसै डरको कारणले गर्दा नै त छूरी गोपिसक्नेबित्तिकै तुरुन्त नै त्यसलाई मैले तानेर झिकेको थिएँ र आफूबाट हुन गएको कामलाई सपार्ने चाहना राख्दै टक्क अडिएको थिएँ। एक छिनसम्म म अकमक्क परेर ठिङ्ग उभिइरहें। अब के हुने हो र काम सपार्न सकिने हो कि होइन भन्ने नै सके म प्रतीक्षा गर्दैथिएँ। मेरी पत्नी जुरुक्क उठी र चिच्याउन लागी—

"धाई! उनले मलाई मारिदिए!"

चिच्याहट सुनेर धाई ब्यूँझिई र दैलोनेर उभिन पुगी। म पनि आफ्नै ठाउँमा उभिएर प्रतीक्षा गर्दैथिएँ। आफूबाट हुन गएको कार्यमा अझै पनि मलाई विश्वास भइरहेको थिएन। परन्तु उसले लगाइराखेको चोलोमुन्तिरबाट भलभल रगत बगिरहेको थियो। जे गरियो त्यो अब

सपार्न सकिंदैन भन्ने अनि मात्रै मलाई बोध भयो। सपार्नु-पर्ने कुनै खास जरूरत पनि छैन र जुन कुरा म चाहन्थें सो पूरा गरिएको छ भन्ने तत्कालै मैले निश्चय गरिहालें। मेरी पत्नी बुङ्ग भुईंमा नढलुन्जेल म पर्खेर नै उभिइरहें। 'हे भगवान्!'—धाई चिच्याउँदै उसको छेउमा पुगिहाली। अनि मात्र मैले हातको छूरी मिल्काइदिएँ र दैलोतर्फ पाइला सारें।

'आत्तिनुपर्ने आवश्यकता छैन, बरू म के गर्दैछु भन्ने नै धैर्यपूर्वक विचार गर्नुपर्छ!'—आफ्नी पत्नी र धाईतर्फ हेर्दै नहेरेर मैले मनमनै भनें। धाई डाँको छोडेर रूँदैथिई र नौकर्नीलाई डाँक्दैथिई। मटान पार गरेर बाहिर पुगेर मैले नौकर्नीलाई भित्र पठाइदिएँ। त्यसपछि म आफ्नो कोठाभित्र पसें। 'अब के गर्नुपर्ला?'—मैले आफैंसित प्रश्न गरें। के गर्नुपर्ने हो भन्ने मलाई थाहा भैहाल्यो। म अध्ययन-कक्षमा पसें र सोझैं गएर भित्तामा झुण्ड्याइराखेको एउटा पिस्तोल झिकें। मैले त्यसलाई वल्टाई-पल्टाई हेरें—त्यसमा गोली भरिएको थियो। त्यसलाई मैले टेबुलमाथि थपक्क राखिदिएँ। त्यसपछि मैले सोफाको पछिल्तिर खसेको छूरीको दाप टिपें र सोफामा थचक्क बसें।

म निकैबेरसम्म यसरी बसिरहें। म कुनै कुरा सोचि-रहेको थिइनँ, न त कुनै कुराको सम्झना नै भइरहेको थियो। त्यत्तिकैमा कुनै आवाज आयो। घोडागाडी आएको सुनियो। त्यो घरनेरै रोकियो। त्यसबाट कोही उत्रियो र घरभित्र पस्यो। त्यसपछि फेरि कोही भित्र आयो। मैले इगोरको स्वर सुनें र ऊ मेरो झिटीमिटी लिएर कोठामा पसेको देखियो। त्यो मालमत्ताको अब के प्रयोजन रह्यो र?

"सुनिस्, के भयो?" – मैले भनें। – "जा, पुलिसकहाँ रिपोट गर्न पालेलाई अह्रा!"

केही पनि नबोलेर ऊ बाहिर निस्कियो। म उठें, दैलो थुनें, चुरोट र सलाई झिकेर चुरोट सल्काएँ। मैले एउटा चुरोट पनि खाइसिध्याउन नपाउँदै मलाई झम्म निद्रा परिहाल्यो। निश्चय पनि म दुई घण्टासम्म सुतें हुँला! मलाई सम्झना छ, मैले सपना देखेको थिएँ – हामी दुवैबीच मैत्रीपूर्ण सम्बन्ध कायम थियो, अलिकति खटपट नभएको होइन, तर अब मेलमिलाप भैसकेको थियो, थोरबहुत मनोमालिन्य अझै पनि मौजूद छ, तर हाम्रो सम्बन्ध मैत्रीपूर्ण नै छ। कसैले ढोकामा खटखट गऱ्यो र मेरो नींद टुटिहाल्यो। 'पुलिस होला! सके मैले उसलाई मारिदिएँ क्यारे!' – ब्युँझेर मैले विचार गरें। – 'पत्नीले ढोका घच्घच्याएको पनि त हुन सक्छ! सके उसलाई केही पनि नभएको होस्!' ढोकामा फेरि खटखट आवाज सुनियो। मैले कुनै उत्तर दिइनँ। त्यो घटना साँच्चै घटेको हो कि होइन भन्ने प्रश्नको गाँठो फुकाउनमा नै मेरो मगज तल्लीन थियो। हो, घटेकै हो! मलाई सम्झना भाइहाल्यो – उसको आङको चोलोले गर्दा केही बाधा खडा भएको थियो, तर पछि छूरी उसको आङभित्र घुसेको थियो। अनि मेरो पिठ्यूँमा सिरिङ्ग भयो। 'हो, भएकै हो! अब मेरो पालो हो!' – मैले आफैलाई भनें। तर जतिखेर मैले यस्तो भनेको थिएँ त्यसै बेला नै म आत्महत्या गर्नेछैन भन्ने मलाई पक्का भैसकेको थियो। तैपनि म उठें र पिस्तोल हातमा लिएँ। तर अनौठो कुरा – पहिले पनि कैयौंपल्ट आत्महत्या गर्ने विचार गरिसकेको कुरा मलाई सम्झना

भएर आयो। त्यसै दिन पनि रेलगाडीमा फर्किरहेको समयमा यस्तो विचार उठेको थियो। त्यतिखेर आत्महत्या गर्नु कुनै गाह्रो काम होइन भन्ने मलाई लागेको थियो। मेरो आत्महत्या नै मेरी पत्नीको लागि सबभन्दा भयङ्कर सजाय हुनेछ भन्ने मलाई थाहा थियो। त्यसैले यो ज्यादै सजिलो लागेको थियो। तर अब चाहिं आत्महत्या गर्नु त परै रहोस्, यसबारे विचार समेत गर्न असमर्थ थिएँ। 'मैले किन आत्महत्या गर्ने र?'–आफैसंग मैले सोधें। तर कुनै जवाफ पाइएन। फेरि एकपल्ट ढोका घच्घच्याइयो। 'ढोकामा खटखट गर्ने को रहेछ त्यसको नै पहिले थाहापत्तो लगाइहालूं! हतार पो के छ र?'–मैले पिस्तोल थपक्क राखिदिएँ र माथिबाट त्यसलाई अखबारले समेत छोपिदिएँ। त्यसपछि दैलोनेर गएँ र आग्लो सारिदिए। मेरी साली त्यहाँ उभिइरहेकी थिई–ऊ विधुवा भैसकेकी छे र केही मूर्ख जस्ती देखिए तापनि ज्यादै दयालु छे।

"भास्या! के भयो?"–उसले भनी र उसका आँखाबाट बरबर आँसु झर्न लागिहाल्यो। आँसु त उसको परेलामा जहिले पनि तम्तयार नै हुन्थ्यो।

"के चाहियो?"–मैले रूखो स्वरमा सोधें। उससित रूखो व्यवहार गर्नु व्यर्थ थियो र त्यसको कुनै आवश्यकता पनि थिएन। तर मैले अर्को स्वर निकाल्नै सकिरहेको थिइनँ।

"भास्या! ऊ त मर्नै आँटेकी छे। इभान फ्योदोरोभिच यस्तै भन्नुहुन्छ!"

इभान फ्योदोरोभिच डाक्टर थिए। उनी मेरी पत्नीको उपचार गर्थे र उसलाई परामर्श पनि दिनेगर्थे।

"के उनी यहीं छन् र?"—मैले सोधें र मलाई फेरि आफ्नी पत्नीउपर जडङ्ग रीस उठिहाल्यो।—"त के भयो फेरि?"

"भास्या! भित्र उसकहाँ जानुस्! हरे, कस्तो भयानक कुरा हुन गयो!"—मेरी सालीले भनी।

'उसकहाँ जाने?'—मैले आफैंसित प्रश्न गरें। अनि तुरुन्तै आफैंलाई जवाफ पनि दिएँ।—'जरूर, मैले उसकहाँ जानै त पर्ला! सके सधैं यस्तै नै गरिन्छ। मैले पनि यस्तै गर्नुपर्ला! कुनै मान्छेले मैले झैं आफ्नी स्वास्नीलाई मारिदिन्छ भने उसले यस्तै गर्नुपर्छ र उसकहाँ अवश्य जानैपर्छ। यदि यस्तो गरिन्छ भने मैले अवश्य जानैपर्छ।'—मैले मनमनै भनें।—'मैले अर्को कुनै काम गर्नुछ भने त्यो पछि गर्न सकिन्छ।' आत्महत्याको बारेमा मैले यस्तो विचार गरें र उसकहाँ गएँ। 'उसले थरी थरीका कुराहरू गर्ली, मुख बिगार्ली, तर अब यसले ममाथि कुनै असर पार्न सक्नेछैन।'—मैले मनमनै आफूलाई भनें।

"पर्ख!"—मैले आफ्नी सालीलाई भनें।—"कमसेकम चप्पल त लगाउनैपर्ला! मोजा मात्र लगाएर नाङ्गो गोडाले हिंड्नु अलि मूर्खता होला!"

२८

"अनौठो कुरा! म कोठाबाट बाहिर निस्कें र चिर-परिचित चोटाकोठा चहार्दै अगाडि लम्किएँ। त्यतिखेर पनि केही भएको छैन भन्ने आशा मेरो मनमा संचार भैरहेको थियो। परन्तु डाक्टरी औषधिहरूको तिक्खर गन्ध मेरो

नाकमा पस्यो — आयडोफार्म, कार्बोलिक एसिड इत्यादि। हैन, घटना त घटेकै हो। केटाकेटीहरूको कोठानजिकैबाट दलानमा जाँदाजाँदै मैले लीजालाई देखें। ऊ काँतर आँखाले मतर्फ हेर्दैथिई। पाँचै जना केटाकेटीहरू त्यहाँ लहरै उभिएर मलाई क्वारक्वारती हेर्दैछन् भन्ने मलाई भान परिरहेको थियो। म दैलोनेर पुगें। सुसारेले भित्रबाट दैलो खोलिदिई र आफूचाहिं फुत्त बाहिर निस्की। मेरो नजरमा परेको पहिलो कुरा थियो — मेचमा राखिएको फिका बदामी रङ्गको जम्फर। त्यो रगतको दागले एकदमै कालो देखिन्थ्यो। हाम्रो पलङ्मा, अझ मेरै बिछ्यौनामा मेरी पत्नी घुँडा खुम्च्याएर पल्टिराखेकी थिई। हुन पनि मेरो बिछ्यौनामा मजिलैसंग पुग्न सकिन्थ्यो। ऊ एउटै मात्र तकिया हालेर लमतन्न परेर पल्टिरहेकी थिई र उसले तनो खोलिएको चोलो मात्र लगाइराखेकी थिई। घाउमाथि कुन्नि के हो राखिएको थियो। कोठामा आयडोफार्मको तिक्खर गन्ध फैलिरहेको थियो। खास-गरी र सबभन्दा बढ़ी त मलाई उसको सुनिएको र रगत निस्रेर नीलो भैसकेको अनुहार देखेर उदेक लाग्यो। नाकको डँडाल्नी र आँखामुन्तिर चाहिं नीलडाम देखिन्थ्यो। मेरो कुहिनोको चोटबाट त्यो नीलडाम परेको थियो। मलाई उसले रोक्न खोज्दा त्यो चोट लागेको थियो। उसको अनुहारमा सौन्दर्य भन्ने कुरा एक फुट्टी पनि थिएन, बरू मलाई त त्यो ज्यादै कुरूप पो लागेको थियो। म दैलोको संघारनेरै टक्क अडिएँ।

"हिंड्नोस्! उसनेर जानोस्!" — सालीले मलाई भनी।

'अँ, सके उसले पश्चात्ताप गर्न चाहेकी होली।' — मैले सोचें। — 'के क्षमा गरिदिने त? भैगो, ऊ मर्न

ग्राँटिसकेकी छे र उसलाई क्षमा पनि गर्न सकिन्छ।'– मैले क्षमाशील हुने प्रयास गर्दै विचार गरें। म उसको छेवैमा पुगें। उसले बडो मुश्किलसित मतर्फ पुलुक्क हेरी। एउटा ग्राँखो त चोट लागेर जखमी नै भैसकेको थियो। ग्रनि सकी नसकी बीच बीचमा ग्रडिंदै उसले भनी–

"तपाईंको मनोकांक्षा पूरा भयो।... ग्राखिर मारेरै छोड्नुभो।..."–उसको ग्रनुहारमा शारीरिक पीडा र ग्रज्ञ ग्रासन्न मृत्युको ग्राभास टड्कारै देखिनुको साथसाथै मेरो निम्ति सुपरिचित त्यही पुरानै पाशविक घृणाभाव पनि झल्कन्थ्यो।–"केटाकेटीहरू चाहिं... तपाईंले पाउनु-हुनेछैन।... ग्रहँ, म... तपाईंलाई किमार्थ दिन्न।... मेरी बहिनीकै जिम्मा लगाइदिन्छु।..."

मेरो निम्ति जुन कुराको विशेष महत्व थियो त्यसको ग्रर्थात् ग्राफ्नो ग्रपराधको र छलकपटको चाहिं उसले चर्चासम्म गर्नु पनि ग्रावश्यक ठानिन।

"लौ, तपाईंले जुन काम गर्नुभो त्यसलाई हेरेर रमाउ-नोस्।"–उसले दैलोतिर दृष्टि दिएर यत्ति भनी र हिक्क हिक्क गरी। दैलोनेर चाहिं मेरा लालाबालाहरूको साथमा मेरी साली उभिइरहेकी थिई।–"ऊ, त्यही हो तपाईंको करामत!"

मैले केटाकेटीहरूतर्फ पुलुक्क हेरें। ग्रनि ग्राफ्नी पत्नीको सुनिएको र नीलडाम परेको ग्रनुहारतर्फ दृष्टि दिएँ। पहिलो पल्ट मैले ग्राफूलाई बिर्सें, ग्राफ्नो हक पनि बिर्सें, ग्राफ्नो गर्वको पनि हेक्का रहेन र पहिलोपल्ट उसमा मैले एक मनुष्यको ग्राभास पाएँ। जुन कुराले मलाई ग्रपमानित गरेको थियो त्यो त बिल्कुलै नगण्य पो प्रतीत भयो मलाई।

मेरो सारा ईर्ष्याको कुनै महत्व रहेन। मबाट जुन कुरा हुन गएको थियो त्यो चाहिं कता हो कता महत्वपूर्ण थियो। आफ्नी पत्नीको हातमा आफ्नो शिर थपक्क राखिदिएर म भन्न चाहन्थें: 'माफ गर!' परन्तु यस्तो ह्याउ ममा थिएन।

मेरी पत्नी मौन थिई र उसले आँखा पनि चिम्लि-राखेकी थिई। सके उसमा बढी बोल्न सक्ने तागत पनि थिएन। केही बेरपछि उसको क्षतविक्षत अनुहार थर्र काम्यो र चाउरी परेको देखियो। उसले मलाई बिस्तारै धकेलि-दिई।

"किन यो सब भयो? किन?"

"माफ गर मलाई!"—मैले भनें।

"माफ? यो सब बकबास हो! .. मर्न मात्रै नपरोस्! .."—टाउको उचालेर ऊ कराई। उसका ज्यादै चम्किला आँखाहरू मलाई नै एकटक लगाएर हेर्दैथिए।—"हो, तपाईंले आफ्नो इरादा पूरा गर्नुभयो।... म तपाईं-लाई घृणा गर्छु! .. ऐय्या! ओह!"—कुनै कुराबाट भय उत्पन्न भएको झैं गरेर सके अचेतावस्थामा ऊ कराउँदै-थिई।—"लौ, मार्नोस्! मारि नै दिनोस्! .. मलाई कत्ति डर छैन! .. साराका सारालाई नै मारिदिनोस्! उसलाई पनि बाँकी नराख्नोस्! एहे! ऊ त भागिहाल्यो!"

ऊ इन्तु न चिन्तु भैहाली। उसले मान्छे चिन्न पनि छोडिसकेकी थिई। त्यसै दिन अपरान्हतिर उसको प्राण गइहाल्यो। मलाई चाहिं त्यसभन्दा पहिले नै आठ बजेतिर ठानामा पुऱ्याइयो र त्यहाँबाट झ्यालखानातर्फ चलान

गरियो। त्यहाँ अदालतको कार्यवाही पर्खेर एघार महीना बिताएँ। मैले आफ्नो वर्तमान र अतीतबारे खूब सोचविचार गरें र त्यसको राम्रो बोध पनि भयो। तेस्रो दिन नै मलाई यसको बोध हुन थालेको थियो। तेस्रो दिन मलाई त्यहाँ हाजिर गराइयो।..."

उसले अझै केही भन्न खोजेको थियो, तर हिक्का रोक्ने तागत नै नभएकोले ऊ टक्क अडियो। अनि अलिकति तागत बटुलेर उसले फेरि भन्न शुरू गऱ्यो—

"त्यतिखेर मात्र मैले बुझ्न थालेको थिएँ जुन बेला आफ्नी पत्नीलाई मैले शवपेटिकामा पल्टिरहेकी देखेको थिएँ।..."—उसलाई हिक्का छुट्यो, तर उत्तिखेरै हतार-हतारमा अगाडि भन्न थाल्यो।—"जुन बेला मैले उसको प्राणशून्य अनुहार देखें त्यतिखेर मात्र मलाई आफ्नो सारा करतूतको बोध भयो। मैले उसलाई ठहरै मारिदिएँ भन्ने मलाई अवगत भयो। अनि उसलाई ज्यूँदो, गतिशील र न्यानो नै राखिछाड्न मबाट केही काम पनि गरिएको थियो। तर अब त ऊ निश्चल, निर्जीव र शीताम्य भैसकेकी थिई र यसलाई कहिल्यै पनि, कतै पनि र कुनै कुराले पनि सच्याउन सकिंदैनथ्यो। जसले यो सब कुरा भोगेको हुँदैन उसले त यो कुरा बुझ्न समेत सक्तैन।... ऊ! ऊ! ऊ!.."—कैयौंपल्ट ऊ यसरी करायो र त्यसपछि चूप लागिहाल्यो।

हामी निकै बेरसम्म चुप्पी साँधेर बसिरह्यौं। उसले हिक्क हिक्क गऱ्यो र चूपचाप मेरो अगिल्तिर आङ कमायो।

"लौ, माफ गर्नुहोला!.."

उसले मबाट मुख फर्कायो र कम्बल ओढेर बेन्चमा

पल्टिहाल्यो। बिहानको आठ बजेतिर त्यस स्टेशनमा, जहाँ मैले उत्रिनुपर्नेथियो, म बिदाबारी हुन भनेर उसको बगलमा पुगें। कुन्नि, ऊ निदाइरहेको थियो वा निदाएको बहाना गर्दैथियो? जे होस्, ऊ हलचल नै नगरीकन पल्टि-रहेको थियो। मैले हातले उसलाई छोएँ। उसले कम्बल सान्यो। ऊ निदाएको थिएन भन्ने छर्लङ्ग भैहाल्यो।

"बिदा!" – मैले उसतर्फ हात पसार्दै भनें।

उसले पनि मतर्फ आफ्नो हात पसान्यो र मुसुक्क हाँस्यो पनि। परन्तु उसको मुस्कान कतिसम्म दयनीय थियो भने मलाई रूने मन लाग्यो।

"लौ, माफ गर्नुहोला!" – उसले त्यही शब्द फेरि दोहोन्यायो जुन शब्दद्वारा उसले आफ्नो सारा कथा समाप्त गरेको थियो।

सन् १८८९

नाच सकिएपछि

"तपाईं भन्नुहुन्छ – मान्छेले आफै नै असल के हो र खराब के हो भन्ने ठम्याउन सक्तैन, सब कुरा परिस्थितिमा निर्भर हुन्छ, मान्छे नै परिस्थितिको उपज हो। तर म के ठान्छु भने सबै कुरा संयोगको नै फल हो। कम्तीमा पनि आफ्नो बारेमा त मलाई यस्तै लाग्छ।"

यो कुरा स्वनामधन्य इभान भासिल्येभिचले बहस टुंग्याउँदै भनेका थिए। हामीहरू बहस गर्दै थियौं। मान्छेको चरित्र सुधार्नुभन्दा पहिले जीवनका परिस्थितिहरूलाई नै सुधार्नु जरूरी छ भन्ने कुरा भयो। साँचो कुरा त के थियो भने बहसको क्रममा चाहिं आफैले असल र खराबको अन्तर छुट्याउन सकिंदैन भनेर कसैले पनि भनेको थिएन। परन्तु इभान भासिल्येभिचको बानी नै कस्तो थियो भने गरमागरम बहस चलिरहँदा जुन प्रश्नहरू उनको मनमा उठ्नेगर्थे तिनैको नै उनी उत्तर दिन लागिहाल्थे र यिनै विचारहरू-सित मेल खाने किसिमका आफ्नो जीवनका अनुभवहरू पनि सुनाउनेगर्थे। कुनै घटनाको बयान गर्दा उनी अक्सर कुन किसिमले तल्लीन भैहाल्नेगर्थे भने उनलाई चर्चित विषयको उद्देश्यको समेत वास्ता रहँदैनथ्यो। सदैव नै

उनी बडो उत्साह र इमान्दारीका साथ कुराहरू सुनाउने-गर्थे।

यसपल्ट पनि यस्तै नै भएको थियो।

"आफ्नो विषयमा त म यस्तै भन्नेछु। मेरो जीवनलाई यस किसिमबाट ढाल्नुमा परिस्थितिहरूको होइन, बरू अरू नै कुनै कुराको हात रह्यो।"

"कुन कुराको?"—हामीले प्रश्न राख्यौं।

"यो त एउटा लामो गन्थन हुनेछ। यसलाई बुझ्न नै खोज्नुहुन्छ भने त मैले यो कहानी शुरूदेखि अन्त्यसम्म नै सुनाउनुपर्नेछ!"

"सुनाउनोस् न त!"

इभान भासिल्येभिचले एक छिन सोचेर मुन्टो हल्लाए।

"अँ, ठीक छ!"—उनले भने।—"मेरो सम्पूर्ण जीवन नै एक रातभरिमा, अथवा भनौं, एक विहानभरिमा नै बदलिएको थियो।"

"कसरी?"

"कसरी भन्नुहोला भने म प्रेमविह्वल बनेको थिएँ। हुन त त्यसभन्दा पहिले पनि कैयौं पटक मैले प्रेम गरिसकेको थिएँ, तर त्यसको रङ्गढङ्ग यति गाढा कहिल्यै पनि भएको थिएन। कुरा धेरै वर्ष पुरानो हो। अहिले त त्यस युवतीका छोरीहरूको समेत बिहेबारी भैसक्यो। उसको नाम थियो—'ब', अँ, भारेन्का 'ब'..."—इभान भासिल्येभिचले उसको पूरा नामथर बताइदिए।—"पचास वर्षको उमेरमा पनि ऊ कम हिसी परेकी छैन भने त्यसताका उसको उमेर त मात्र अठार वर्षको थियो र गजब राम्री पो थिई—अग्ली, गठिली, चिटिक्क परेकी र गर्विली,

हो, बिछट्टै गर्विली! ऊ जहिले पनि ठाडो शिर गरेर गजक्क परिरहन्थी, मानौं निहुरिनु त उसले जानेकै नहोस्! उसको शिर चाहिं अलिक पछिल्तिर ढल्केको थियो। यसको साथै उसको अग्लो र सुन्दर कदले गर्दा ऊ रानी झैं सौम्य देखिन्थी। हुन त ऊ यतिसम्म दुबलीपातली थिई कि आङको एक एक करङ गन्न सकिन्थ्यो। तर उसको रवाफिलो चाल-ढाल देखेर डर लागिहाल्थ्यो। अनि उसका ओंठमा पनि हरहमेशा लोभलाग्दो मृदुमुस्कान जडिराखेको जस्तो थियो। उसका आँखा पनि असाध्यै सुन्दर थिए र जहिले पनि चम्किरहेका हुन्थे। नम्रटाई नम्रटाई फुट्न आँटेको यौवनताले गर्दा त्यस युवतीमा आकर्षण पनि निकै भरपूर थियो।

"इभान भासिल्येभिच त साँच्चीकै कविता पो सुनाउँदै छन् है!"

"जस्तोसुकै कविता रचेर सुनाए पनि उसको सौन्दर्य-लाई तुकबन्दीभित्र बाँध्न त असम्भव नै छ बा! जे होस्, यो त अर्कै कुरा हो। जुन घटनाको बारेमा म बताउन लागेको छु त्यो सन् १८४० ताका घटेको थियो। त्यतिखेर म एउटा प्रान्तीय विश्वविद्यालयमा पढ्दै थिएँ। ती दिन-हरूमा हाम्रो विश्वविद्यालयमा त्यस्ता वाद-विवाद गोष्ठी-हरूमा मत-मतान्तरहरू हुने गर्दैनथे जस्तो आजकल छ। कुन्नि, यो कुरा असल हो कि खराब, मलाई थाहा छैन। जे भए पनि हामी नौजवान थियौं र नौजवानहरू झैं रहन्थ्यौं पनि – पढ्थ्यौं र रमाइलो गर्नेगथ्यौं। त्यसताका म बडो हँसिलो र हट्टाकट्टा लक्का जवान थिएँ। त्यसमाथि फेरि धनदौलत पनि छँदै थियो। मसित एउटा उम्दा घोडा पनि थियो। युवतीहरूको साथमा स्लेज-गाडीमा बसेर पहाडी

भिरालोहरूमा चिप्लेटी खेल्न पनि जानेगर्थें (त्यतिखेर स्केटिङ्को चलन अझैं आइसकेको थिएन)। आफ्ना साथी-भाइहरूको साथमा भोजभतेरमा पनि म पुग्नेगर्थें (त्यसताका हामी शैम्पेन बाहेक अरू केही पनि पिउँदैनथ्यौं, गोजी रित्तो छ भने त झन् पिउने सवालै उठ्दैनथ्यो, अनि अचेलको जस्तरी भोद्का त हामी छुँदा पनि छुँदैनथ्यौं)। तर म नाचगान र भोज-भतेर भने पछि हुरूक्क हुन्थें। नाच्न पनि म खूबै राम्ररी नाच्थें र हेर्दाखेरि पनि म कम सुन्दर थिइनँ।"

"यति विनम्रताको प्रदर्शन किन गर्नुपरेको नि?" – एक महिलाले बीचैमा टीकाटिप्पणी गरी। – "हामी सबैले नै तपाईंको त्यस बेलाको तस्बीर देखिहालेकै छौं क्यारे! तपाईंलाई सुन्दर मात्रै भन्नु त कम नै हुनेछ, बरू परम-सुन्दर नौजवान पो भन्नु ठीक होला!"

"परमसुन्दर भने परमसुन्दर नै सही! तर मेरो भन्नुको तात्पर्य यो थिएन। कुरा के त भने उसप्रति मेरो प्रेमको त्यस पराकाष्ठाको समयमा एक दिन म एउटा नाच-समारोहमा गएँ जुन मास्लेनित्सा उत्सवको अन्तिम दिन हजुरिया जर्नेलले आयोजना गरेका थिए। उनी सार्है असल मिजासका बूढा मान्छे थिए, धनी थिए र कामेरहैरको* उपाधिद्वारा विभूषित पनि थिए। साथै उनी यस किसिमका समारोहहरूको आयोजना गर्न पनि निकै सोख राख्थे। उनकी पत्नी पनि उनी जस्तै असल स्वभावकी थिइन्। उनी पनि पाहुनाहरूको स्वागत-सत्कार गर्न भनी आफ्ना पतिको

---

* कामेरहैर – बैठके। – अनु०

साथमा ढोकैमा उभिएकी थिइन्। उनी मखमली गाढा खैरो रङ्गको पोशाकमा सजिएकी थिइन् र शिरमा चाहिं हीरा जडिएको शिरबन्दी लगाइराखेकी थिइन्। गौरवर्णका उनको सुकोमल छाती र काँध खुलै थिए, र ढल्कँदो उमेरको चिन्ह प्रष्टै देखिन्थ्यो। हूबहू महारानी एलिजाबेता पेत्रोभ्नाको तस्बीर जस्तै! नाच-समारोह अति नै भव्य थियो। शानदार बैठकमा नाच भएको थियो। विख्यात वाद्यवृन्द र गायकवृन्द त्यहाँ उपस्थित थिए र उनीहरूमध्ये संगीतमर्मज्ञ एक जमिन्दारका भूदास पनि थिए। खानेकुरा-हरूको छेलोखेलो थियो र शैम्पेनको त खोला नै बगिरहेको जस्तो भान हुन्थ्यो। आफू शैम्पेनको बडो शौकीन भए तापनि मैले त्यहाँ एक पेग पनि पिइनँ। मलाई त प्रेमको नशाले नै लठ्ठ पारिसकेको थियो। म यतिबिघ्न नाचें कि थाकेर चूर भइहालें। के क्वाड्रिल, के वाल्ज, के पोल्का हरतरहको नाचमा मैले भाग लिएँ। सबभन्दा बढ्ता त मैले भारेन्काकै साथमा नाच गरेको थिएँ। उसले निक्खर सेतो जम्फर र गुलाफी रङ्गको कमरपेटी लगाइराखेकी थिई। हातमा मुलायम छालाको बढिया सेता पञ्जा थिए जुन उसको झीना र चुच्चे कुहिनाहरूसम्म नै पुगेका थिए। गोडामा चाहिं सेता जुत्ता थिए। मजुर्का नाचको बेला आनिसिमोभ भन्ने एक जना बेइमान इन्जीनियरले मसंग दाउ खेल्यो र भारेन्कासंग नाच्न थालिहाल्यो। यसको लागि उसलाई मैले अहिलेसम्म पनि क्षमा गर्न सकेको छैन। नाट्यशालामा भारेन्काले पाइला टेक्नासाथै ऊ झटपट उसको छेउमा पुग्यो र नाचको प्रस्ताव राखिहाल्यो। म पहिले नै केश-शृङ्गारककहाँ गैसकेको थिएँ र त्यसपछि

पञ्जा किन्न पनि गएँ। त्यसैले म फर्कंदा अबेर भैसकेको थियो। मैले भारेन्काको सट्टा एउटी जर्मन युवतीसंग मजुर्का नाच नाच्नुपर्‍यो। त्यस युवतीप्रति पनि पहिले म आकर्षित भएको थिएँ। तर त्यस साँझ चाहिं त्यस युवतीसंग मैले ज्यादै रूखो व्यवहार गरे झैं मलाई लाग्छ। मैले न उससंग कुनै कुरा गरें, न त उसतर्फ दृष्टि नै दिएँ। मेरो आँखा-अगिल्तिर त थिई – त्यही गुलाफी कमरपेटीले बाँधेको सेतो जम्फर लगाउने अग्ली र असाध्य हिसी परेकी युवती! गालामा सा-सानो खोपिल्टो पर्ने उसको चेहरामा उत्साह र उमङ्गको लाली थियो भने आँखामा चाहिं मनमोहक मृदुता झल्कन्थ्यो। खालि मेरो मात्र होइन, सबैको नजर उसैमाथि नै गाडिएका थिए। कहाँसम्म भने आइमाईहरू समेत उसैलाई नियालेर हेरिरहेका थिए। उसको सामुन्ने त त्यहाँ उपस्थित सबै आइमाईहरू एकदमै भद्दा लाग्थे। उसको रूपलावण्यबाट प्रभावित नभएर कोही पनि रहन सक्तैनथ्यो।

नढाँटी भन्ने हो भने रीतबमोजिम मजुर्का नाच त मैले उसको साथमा नाचेको थिइनँ, तर उसैसंग नाच्नमा नै मैले सबभन्दा बढी समय लगाएको थिएँ। कत्ति पनि संकोच नमानीकन ऊ पूरै बैठक पार गर्दै सरासर मतर्फ लम्केर आउँथी। म पनि निमन्त्रणाको प्रतीक्षा नै नगरीकन लम्केर उसको छेउमा पुगिहाल्थें। ऊ मुसुक्क हाँस्थी र मैले उसको मनको कुरा बुझेको देखेर मुस्कुराउँदै मप्रति कृतज्ञता जनाउँ-थी। परन्तु म र अर्को कुनै युवक नाच्दै जब उसको नजिक पुग्थ्यौं तर मेरो छद्मनाम उसले ठम्याउन सक्तिनथी र नाचको जोडीको रूपमा उसले मलाई रोज्न पाउँदैनथी,

त्यतिखेर ऊ आफ्नो सिकुटे कुम हल्लाउँथी र आफ्नो हात मतिर होइन, बरू अर्को युवकतर्फ पसारिदिन्थी। अनि मतर्फ हेरेर मुसुक्क हाँस्थी, मानौं उसलाई अपसोच लागि-रहेको होस् र मलाई ढाडस दिइरहेकी होस्! मजुर्का नाच्दा नाच्दै जब वाल्जको धुन बज्दथ्यो, त्यतिखेर म निकै बेरसम्म उसैसंग नाच्दै रहन्थें। नाच्दा नाच्दा उसको सास बढ्न थाल्यो र ऊ मुस्कुराएर सुस्तरी मलाई भन्थी: "Encore"*। म उसको साथमा नाच्दै रहन्थें र आफू हावामा गोता लगाइरहेको छु कि भने झैं मलाई आफ्नो जिउको होश रहँदैनथ्यो।"

"वाह! होश नै रहँदैनथ्यो रे! तपाईंलाई होश त अवश्य नै रहँदो हो! खास गरी त्यतिखेर जब तपाईं उसको कम्मरमा हातले अँगाल्नुहुन्थ्यो होला! त्यस बेला त तपाईंलाई आफ्नो जिउको मात्र होइन, अझ उसको जिउको पनि होश रहन्थ्यो होला!"—एक जनाले व्यंगवाण प्रहार गर्‍यो।

इभान भासिल्येभिचको मुख एकाएक रन्किएर आयो र उनले रिसाउँदै चर्को स्वर निकालेर भने—

"हो, आजकलका पठ्ठाहरूको कुरै यस्तो हुन्छ! तपाईं-हरू त जिउ बाहेक अरू केही पनि देख्नै सक्नुहुन्न! हाम्रो जमानामा त यस्तो छँदै थिएन। कुनै युवतीप्रति हाम्रो प्रेम जति गहिरिंदै जान्थ्यो त्यसै अनुपातमा हाम्रो नजरमा ऊ एक अमूर्त देवी समान हुँदै जान्थी। आजकल त तपाईंहरू सिर्फ पाखुरा र पिंडौला वा अरू यस्तै-उस्तै कुरा मात्रै

* फेरि एकपल्ट (फ्रेन्च)।—अनु०

देख्नुहुन्छ। तपाईंहरूको दृष्टि त आफ्नी प्रेमिकाको नाङ्गो शरीरमा मात्रै टाँसिएको हुन्छ। तर म त, जस्तो कि Alphonse Karr* लेख्छन् – साँच्ची, उनी असल लेखक पनि हुन्, – आफ्नी प्रियतमालाई सदैव नै काँसको वस्त्रभित्र छोपिएको देख्नेगर्थें। हामी त नग्नतालाई उदाङ्ग पार्नुको सट्टा सधैं नै नोयको दयालु पुत्रले झैं लुकाउने चेष्टा गर्थ्यौं। तर यस्तो कुरा त सके तपाईंहरू बुझ्नै सक्नुहुन्न होला। ...”

“यिनको कुरामा वास्ता नगर्नोस्! बरू आफ्नो कुरा बताउँदैजानोस्!” – अर्को एक श्रोताले भन्यो।

“अँ, म त उससंग नाच्दैरहें। समय बितेको पनि पत्तै पाइनं। नाच्दा नाच्दा हामी नराम्रोसंग थाकिसकेका थियौं। संगीतज्ञहरू पनि थाकेर चूर भैसकेका थिए। नाचको अन्त्यतिर कसरी लस्त भइन्छ भन्ने कुरा त तपाईंहरूलाई बताइरहन परोइन। त्यहाँ मजुर्काकै धून बजिरहेको थियो। त्यसै वेला बैठकमा तास खेलेर बसिरहेका सबै आमाबाबुहरू उठेर खाना सजाइएको टेबुलतर्फ जान थालिहाले। नोकर-चाकरहरू हस्याङ-फस्याङ गर्दै यताउति दगुरिरहेका थिए। तीन बज्नै आँटिसकेको थियो। हामी बाँकी रहन गएका केही मिनटहरूको पनि मजा लुटेर लिन चाहन्थ्यौं। मैले फेरि पनि उसलाई नाचको निम्ति आग्रह गरें र नाटच-शालाको एक पुछारबाट अर्को पुछारसम्म सके सैयौं पल्ट हामीले नाच्दै चक्कर लगायौं।

“खाना खाइसकेपछि मसंग क्वाड्रिल नाच नाच्ने होइन

---

* अलफांस कार्र (फ्रेन्च) – अनु०

त ?"–उसलाई उसैको ठाउँमा पुऱ्याइसकेपछि मैले सोधें।

"जरूर! घर फर्किने सुरसार गरिएनछ भने जरूर नाचुँला!"–मुस्कुराउँदै उसले जवाफ दिई।

"यस्तो सुरसार कस्न दिनेछैन!"–मैले भनें।

"मेरो पङ्खा त फर्काइदिनुस् ल!"–उसले भनी।

"यो पङ्खा त आफूसंगै पो राखूं कि भन्ने लाग्छ!"–सस्तो खालको सेतो पङ्खा उसको हातमा थमाउँदै मैले जवाफ दिएँ।

"ठीक छ! लौ, लिनोस्!"–उसले यत्ति भनी र पङ्खाबाट एउटा प्वाँख चुंडेर मलाई दिई।

मैले त्यो प्वाँख लिएँ। हर्ष र कृतज्ञताले गर्दा मेरो मन ढक्क फुल्यो, तर मेरो मुखबाट भने एक शब्द पनि निस्कन सकेन। आँखाले नै उसका आँखामा गडेर हेर्दै मैले आफ्नो मनको भाव व्यक्त गरें। त्यतिखेर मलाई अपार सुख र परमानन्दको अनुभव भइरहेको थियो। मेरो मुटु हर्षले धुक्धुक् गर्दै उफ्रन थाल्यो। ममा असीम दया जागेर आयो। म अब पहिलेको त्यो युवक हुँदै होइन भन्ने मलाई लाग्न थाल्यो। मलाई के प्रतीत हुन थाल्यो भने मानौं म कुनै अर्कै लोकको यस्तो प्राणी हुं जसले कुनै पाप गर्न सक्तैन र केवल सत्कार्य मात्रै गर्न सक्छ। मैले त्यो प्वाँख आफ्नो पञ्जाभित्र घुसारें र उसको बगलनेरै उभिइरहें। यस्तो लाग्थ्यो, मानौं मेरा गोडाहरूमा कीला ठोकिएका होउन्!

"ऊ, हेर्नोस्! उनीहरू मेरा पिताज्यूलाई नाच्ने आग्रह गर्दैछन्!"–एक जना अग्ला, सुडौल र रवाफिलो मान्छेतर्फ औंल्याउँदै उसले भनी। त्यस मान्छेले कर्णेलको वर्दी लगाइराखेको थियो र कुममा चाँदीको स्कन्धाभरण

देखिन्थ्यो। ऊ ढोकानेरै उभिइराखेको थियो। घरपट्टिनी र अन्य भद्र महिलाहरूले उसलाई घेरेर राखेका थिए।

"भारेन्का, यहाँ आऊ त!" – घरपट्टिनीले कराएर डाँकी। त्यो त्यही महिला थिई जसको शिरमा हीरा-जडित शिरबन्दी थियो भने खुला काँध चाहिं दुरूस्त महारानी एलिजाबेताकै जस्ता देखिन्थे।

भारेन्का ढोकातिर लम्किन् र म पनि उसको पछि पछि लागें।

"बुबालाई भन, ma chére*! नाचून् ल, तिमीसितै!" – यति भनेर ऊ कर्णेलतर्फ फर्किई र फेरि भन्न लागी। – "नाच्नोस् न हो, प्योत्र भ्लादिस्लाभिच!"

भारेन्काका पिता अग्ला, हट्टाकट्टा, सुन्दर र रवाफिला थिए। उमेर केही ढल्किसकेको भए पनि रातापीरा नै देखिन्थे र आफ्नो स्वास्थ्यको खूब ध्यान राख्छन् भन्ने प्रष्टै हुन्थ्यो – चहकिलो अनुहार, तह लगाइएका सेता जुँगा, á la Nicolas I**, र जुँगासम्म नै पुग्ने गरी पालिएका गालेजुँगा! अनि अगिल्तिर फर्काएर कोरिएको कन्सिरीको केशले चाहिं कान छोपिराखेको थियो। उनको चेहरामा झल्किने लोभलाग्दो र मृदुमुस्कान चाहिं दुरूस्त उनकै छोरीको जस्तो थियो। उनले मुसुक्क हाँस्दाखेरि उनका आँखा चम्किनेगर्थे र ओंठमा स्मितरेखा देखा पर्थ्यो। उनको जिउडाल पनि बिछट्टै राम्रो थियो – फौजी जवानको जस्तो फराकिलो र अगाडितर्फ उठेको छाती जहाँ एकाध

---

* मेरी प्यारी (फ्रेन्च)। – अनु०

** निकोलाइ प्रथमको जस्तै (फ्रेन्च)। – अनु०

तक्माहरू पनि टल्किरहेका थिए, अनि काँध निकै जब्बर र गोडाहरू चाहिं लामा र गठिला थिए। उनी पुरानो पाराका जङ्गी अफिसर थिए। उनको चालढाल पनि निकोलाई प्रथमको पालाका अफिसरहरूकै जस्तो थियो।

हामी ढोकानेर पुग्दासम्म कर्णेलले कैयौंपल्ट दोहोऱ्याइसकेका थिए: "अब त नाच्ने-साच्ने मेरो बानी नै छुटिसक्यो!" तैपनि उनले मुस्कुराउँदै बायाँतर्फ हात लगेर म्यानाबाट तरवार झिके र नजिकै उभिइराखेको एउटा फूर्तिलो युवकको हातमा थमाइदिए। अनि उनले आफ्ना दायाँ हातमा साबरको पञ्जा लगाए। "सबै कुरा रीतपूर्वक नै हुनुपर्छ!" – उनले मुस्कुराउँदै अगाडि थपे। त्यसपछि आफ्नी छोरीको हात आफ्नो हातमा लिएर अलिकति छड्के घुनेर नाच्न समेत तम्तयार परिहाले। उनी नृत्यधूनको प्रतीक्षामा थिए।

मजुर्काको लय बज्न लागिहाल्यो। एक गोडाले भुइँमा जोडले ठोकेर अर्को गोडा फनक्क घुमाउँदै कर्णेल नाच्न लागे। उनको अग्लो र हट्टाकट्टा जिउ नृत्यशालामा फनफन चक्कर लगाउँदै थियो। कहिले नाचको गति मन्द हुन्थ्यो भने कहिले चाहिं ढल्की ढल्की नाच्नुपर्थ्यो, अनि कहिले नाचले तीव्र गति लिन्थ्यो र उनी जोडले ऐडी बजाउन थाल्थे। भारेन्का चाहिं लहरो जस्तै लचकिलो थिई र उनको संगसंगै फन्को मार्दैथिई। ऊ सेतो सनपाटको जुत्ता लगाइराखेको गोडा उचाल्ने गर्थी र तालमा ताल मिल्ने गरी आफ्ना पिताजीको कदमको साथसाथै कहिले लामो फड्को लगाउँथी त कहिले छोटो पाइला सार्थी। यसै जोडीको एक एक अङ्ग सञ्चालनमा नै सबै पाहुनाहरूको नजर

परिरहेको थियो। म चाहिं त्यतिखेर उनीहरूलाई प्रशंसाको भन्दा पनि बढ्ता आनन्दको भावनाले हेरिरहेको थिएँ। कर्णेलको मोटो फित्ताले तानतुन गरेर बाँधिएको बूट देख्दा त मेरो हृदय नै द्रवित भएर आउँथ्यो। हुन त ती बूटहरू खासा मुलायम छालाबाट बनेका थिए, तर तिनको टुप्पो चाहिं नयाँ फैशनअनुसार चुच्चे हुनुको साटो थ्याप्चे थियो र ऐडी पनि अग्लो थिएन। फौजकै मातहतमा काम गर्ने सार्कीले नै ती बूटहरूको सिलाइ गरेको हुनुपर्छ भन्ने त त्यसै पनि छर्लङ्ग भैरहेको थियो। 'कर्णेल त फैशनदार बूट किन्दा रहेनछन्, बरू घरेलु बूटले नै काम चलाउँदा रहेछन् र यसरी आफ्नी छोरीलाई दामी दामी लुगा लगाउन दिएर उच्च समाजमा उसलाई लिएर जाँदा रहेछन्!'– मैले मनमनै विचार गरें। त्यसै कारण त कर्णेलका थ्याप्चे बूटजुत्ता देखेर मेरो मन पग्लेको थियो। कुनै जमानामा यी कर्णेल ज्यादै राम्रोसित नाच्दा होलान् भन्ने प्रष्ट हुन्थ्यो। अब त उनको जिउमा बोसो लागिसकेको थियो र गोडामा पनि त्यो फूर्ति बाँकी थिएन। नाचको तालमा चाल मिलाउन उनी छिटो छिटो एक्कासि मोडिन नै सक्तैनथे, तर प्रयास गर्न चाहिं छोडेका थिएनन्। जे होस्, उनले फूर्तिसाथ नै नृत्यशालामा दुई चक्कर लगाइसकेका थिए। त्यसपछि उनले आफ्ना दुवै गोडालाई छरितो ढंगले फराकिलो पारे, अनि एक्कासि तिनलाई एकै ठाउँमा जोडेर केही अपठ्यारो परे तापनि एउटा घुँडाले टेकेर उभिए। भारेन्काले पनि मस्कुराउँदै कर्णेलको घुँडामुन्तिर थिचिन पुगेको आफ्नो जम्फर-को फेरलाई सुट्ट तानेर मिलाई र बडो नखरा पार्दै नाचेर उनको वरिपरि घुम्न थाली। सबैले जोडले ताली बजाए।

अलि बल गरेर कर्णेल पनि जुरूक्क उठे र बडो प्यारोसित आफ्नी छोरीको शिर आफ्ना दुवै हातले समातेर उनले ललाटमा चुम्बन गरे। त्यसपछि उनले छोरीलाई मतिर डोऱ्याउँदै ल्याए। सके मलाई नै उनले आफ्नी छोरीको साथमा नाच्ने केटो भन्ठानेका होलान्! मैले आफू भारेन्काको जोडा नभएको कुरा उनलाई बताइदिएँ।

"के भो र? अब तपाईं नै यसको साथमा नाच्नोस् ल!"—ज्यादै मधुर ढंगले मुसुक्क हाँसेर उनले भने। अनि आफ्नो कमरपेटीमा तरवार पनि बाँधे।

जसरी रक्सीको बोतलबाट पहिले एकाध थोपा चुहिन्छ र पछि धारा नै छुट्न थाल्छ, ठीक त्यसै गरी भारेन्काप्रति मेरो अन्तरात्मादेखि नै प्रेम ओइरिएर आयो। मैले आफ्नो प्रेमले सम्पूर्ण विश्वब्रह्माण्डलाई नै अँगालोमा कसें। हीराजडित शिरबन्दी लगाइराख्ने एलिजाबेताको जस्तो आवक्ष रूप भएकी घरपट्टिनीप्रति मात्र होइन, के घरमालिक, के पाहुनापात, के नोकर-चाकर, अझ आफूसंग रिसिएका इन्जीनियर आनिसिमोभ लगायत साराका साराप्रति मेरो मनमा अनुराग जागेको थियो। भारेन्काका पिताप्रति चाहिं मेरो हृदयमा अगाध श्रद्धाको भाव छचल्किन थाल्यो। उनले थ्याप्चे परेको घरेलु बूट लगाइराखेका थिए र उनको सुमधुर मुस्कान चाहिं उनकै छोरीको मुस्कानसित निकै नै मिल्दोजुल्दो थियो।

मजुर्का नाच समाप्त भयो। आतिथेयहरूले हामी अतिथिहरूलाई भोजनको निम्ति आमन्त्रित गरे। परन्तु कर्णेल 'ब' खाने कुरा सजाइएको टेबुलतर्फ गएनन्। भोलिपल्ट बिहान सबेरै नउठि नहुने काम छ भनेर उनले बताए र

आतिथेयहरूसंग बिदाबारी हुन लागे। कहीं भारेन्कालाई समेत आफ्नै साथमा लिएर हिंड्ने त हैनन् उनले भन्ने मलाई डर थियो, तर भारेन्का चाहिं आफ्नै आमाको साथमा बसिरही।

भोजन सकिएपछि भारेन्कासंग मैले क्वाड्रिल नाचें। उसले मसंग नै यो नाच नाच्ने वचन दिएकी थिई। मेरो खुशीको कुनै सीमा छैन भन्ने मलाई लागिरहेको थियो। अझ मेरो सुखानुभूति त हरेक क्षण निरन्तर बढ्दैगइरहेको थियो। हामीले प्रेमको विषयमा कुनै कुरा गरेनौं। ऊ मलाई प्रेम गर्छे कि गर्दिन? यस विषयमा मैले न उससंग, न त आफ्नै हृदयसंग कुनै प्रश्न सोधें। म प्रेम गर्छु भन्ने मैले अनुभव गरें र मेरो लागि त यत्तिकै पनि प्रशस्त थियो। मेरो सौभाग्यमा कतै कुनै आँच त आइलाग्ने होइन भन्ने एक मात्र मलाई डर थियो।

म घर फर्किएँ। अनि लुगासुगा फुकालेर बिछ्यौनामा पल्टिएँ। तर नींद भने एक फुट्टी पनि लागेन। मैले अझैं पनि हातमा भारेन्काको पङ्खाको प्वाँख र उसको पञ्जा लिइ नै राखेको थिएँ। पञ्जा चाहिं उसले मलाई त्यतिखेर दिएकी थिई जब ऊ आफ्नी आमाको साथमा बग्गीमा चढेकी थिई। मैले शुरूमा उसकी आमालाई र त्यसपछि उसलाई नै बग्गीमा चढ्न मद्दत गरेको थिएँ। उसले दिएका ती चीजहरूमा दृष्टि पर्नासाथै मलाई उसको अनुहारको झझल्को भयो। कि त म त्यस क्षणको सम्झना गर्न पुग्थें जुन वेला नाचको लागि दुई पुरूषहरूमध्ये एउटालाई चयन गर्नुपर्दा उसले मेरो छद्मनाम ठम्याइसकेकी थिई र सुमधुर

स्वरमा भनेकी थिई: "के तपाईंको छद्मनाम गोर्दोस्त * हैन र?" अनि उसले रमाउँदै आफ्नो हात मतर्फ पसारिदिएकी थिई। कि त फेरि म त्यस बेलाको सम्झना गर्न थाल्थें जुन बेला उसले साँझको खाना खाँदाखेरि शैम्पेनको हलुका चस्को लिंदै प्यालामाथिबाट एकपल्ट पुलुक्क मतर्फ हेरेकी थिई। त्यतिखेर उसका आँखामा मृदुता छचल्किरहेको थियो। तर उसको सबभन्दा मनमोहक रूप मलाई त्यही नै लाग्यो जुन बेला आफ्ना पिताको साथमा ऊ कति सजिलैसित फनफन नाचिरहेकी थिई र आफ्ना प्रशंसकहरूतर्फ गर्व र उल्लासले भरिपूर्ण नजर पनि दौडाउँदै थिई। उसमा गर्व र उल्लासको त्यो भाव जति आफूप्रति थियो त्यत्ति नै आफ्ना पिताप्रति पनि थियो। कुनै प्रकारको चेष्टाबेगर नै अनायासै ती दुवै प्राणीले मेरो हृदयमा अमिट छाप पारिसकेका थिए र मेरो मनमा ती बाबुछोरीप्रति अपार स्नेह पनि जागिसकेको थियो।

मेरा दाजुको हाल देहान्त भैसकेको छ, तर त्यतिखेर हामी दुवै जना संगसंगै बसेका थियौं। मेरा दाजुलाई उच्च समाजप्रति कुनै अभिरूचि थिएन र उनी ती नाच-समारोहहरूमा पनि कहिल्यै जाँदैनथे। ती दिनहरूमा उनी स्नातकोत्तर परीक्षाको लागि तैयारी गरिरहेका थिए र बड़ो आदर्श जीवन बिताउँदैथिए। त्यस बेला तकियामा टाउको अडयाएर उनी मस्तसंग सुतिरहेका थिए। उनको आधा मुख तकुवा सिरकले ढाकिएको थियो। उनलाई देख्नासाथै मेरो मनमा अपार दया जागेर आयो। उनलाई मेरो

---

* गोर्दोस्त (रूसी) – गर्व। – अनु०

मुखको बारेमा किंचित् पनि थाहा थिएन र म उनलाई त्यसको भागीदार पनि बनाउन सक्तिनथें। हाम्रो नोकर पेत्रूशाले मैनबत्ती बालेर ल्यायो र लुगा फुकाल्नमा मलाई मद्दत पनि गर्न खोज्यो। तर मैले उसलाई बिदा गरिदिएँ। निद्रा लागेर उसका आँखा लोलाइरहेका थिए र उसको कपाल पनि गुजमुज्ज परिरहेको थियो। ऊ मलाई ज्यादै नै दयनीय लाग्यो। कुनै प्रकारको आवाज नआओस् भन्ने हिसाबले म चाल मार्दै आफ्नो कोठामा पसें र पलङमा बस्न पुगें। मलाई अपार हर्ष लागिरहेको थियो। कहाँसम्म भने म खूशीले गर्दा निदाउनै सकिरहेको थिइनँ। तताइएको कोठामा निकै गर्मी भएको जस्तो मलाई लाग्न थाल्यो। म वर्दी नै नफुकालीकन चूपचाप बाहिर मटानमा निस्कें, अनि ओभरकोट लगाएँ र दैलो खोलेर फटाफट सडकतर्फ निस्किएँ।

करीब पाँच बजेतिर म नाचबाट फर्केको थिएँ र घर पुगेर केही बेर बसेपछि झण्डै दुई घण्टा बितिसकेको थियो। त्यसैले म बाहिर निस्कुञ्जेल त निकै उज्यालो भैसकेको थियो। मास्लेनित्सा पर्वको याम थियो। चारैतर्फ कुहिरो लागिरहेको थियो, सडकमा जमेको हिउँ पग्लिरहेको थियो र छानाबाट टपटप गर्दै पानीका थोपाहरू झरिरहेका थिए। ती दिनहरूमा 'ब' परिवार शहरको पुछारमा पर्ने हिस्सामा बसेको थियो। उनको बङ्गला एउटा खुला मैदानको छेउमा थियो। एकातर्फ मानिसहरू घुम्नेवर्ने ठाउँ थियो। त्यसको दोस्रो छेउमा चाहिं एउटा कन्या पाठशाला थियो। म आफ्नो घरको छेडोमा पर्ने एउटा सुनसान गल्ली पार गरेर फराकिलो सडकमा निस्किसकेको थिएँ। त्यहाँ

मानिसहरू आवत-जावत गर्न लागिसकेका थिए। गाडावानहरू स्लेजगाडीमा काठका फल्याक र मूढाहरू लादेर ओसार्दै-थिए। सडकको बरफमा स्लेजको गहिरो डोब परिरहेको थियो। घोडाहरूलाई पालिस लगाइएका साजबाजहरूद्वारा कसिएको थियो। टलकदार जुआमुन्तिर नारिएका घोडा-हरूका भिजेका टाउकाहरू एकैनाससित डोलाइरहेका थिए। काँधमा भाङ्ग्राको राडी ओढेका गाडावानहरू लामो लामो बूटले हिलोमा टेक्दै स्लेजगाडीको संगसंगै हिंडिरहेका थिए। सडकको अगल-बगलमा उभिएका घरहरू समेत तुवाँलोले गर्दा गगनचुम्वी भवन झैं प्रतीत भइरहेका थिए। मलाई चाहिं हरेक कुरा ज्यादै प्रिय र महत्वपूर्ण लागिरहेको थियो।

म त्यस मैदानको नजिकै पुगें जहाँ उनीहरूको बङ्गला थियो। जुन ठाउँमा मानिसहरू घुमफिर गर्न निस्कनेगर्थे त्यहाँ एक कुनामा मैले कुनै एक बडेमानको र कालो आकृति देखें। यसको साथसाथै ड्रम र बाँसुरी बजेको आवाज पनि मेरो कानमा पऱ्यो। त्यसो त हरघडी नै मेरो मन खुशीले गद्गद भएर नाचिरहेकै थियो र यदाकदा मजूर्काको धून पनि मेरो कानमा गुन्जि नै रहेको थियो। तर यो संगीत चाहिं अलि बेग्लै खालको थियो—ज्यादै कर्कश र कर्णकटु!

'यो के हुन सक्छ?'—म सोच्न लागें। चिप्लो सडकमा त्यसै दिशातर्फ म अगाडि पाइला सार्दै गएँ जताबाट त्यो भद्दा आवाज आइरहेको थियो। करीब एक सय जति कदम पार गरिसकेपछि मैले तुवाँलोमा मान्छेहरूको एक हुल देखें। कुरा छर्लङ्ग भइहाल्यो। त्यहाँ फौंजी जवानहरू थिए। 'सके बिहानको कवाज खेल्दै होलान्।'—मैले सोचें।

सडकमा मेरो संगसंगै एक जना कामीदाइ पनि हिंडिरहेको थियो। उसले ठाउँ ठाउँमा दाग लागेको ज्याकेट र मयलपोश लगाइराखेको थियो र उसको हातमा एउटा पोको पनि थियो। म लम्केर उसको बगलमा पुगें। कालो वर्दी लगाइराखेका फौंजी जवानहरू मुखामुख गरेर दुई लाममा उभिइरहेको मैले देखें। उनीहरू हातमा बन्दुक लिएर चूपचाप उभिइरहेका थिए। उनीहरूको पछिल्तिर एक जना बाँसुरी बजाउने मान्छे र एक जना ड्रम बजाउने मान्छे उभिएका थिए। उनीहरू लगातार कर्कश र भद्दा धून बजाइरहेका थिए।

"के गर्दैछन् हँ, त्यहाँ?"—मैले कामीदाइसंग सोधें, जो मेरै बगलनेर टक्क अडियो।

"एक जना तातारलाई सजाय दिइँदै छ। उसले फौंजबाट भाग्ने प्रयास गरेको थियो।"—कामीदाइले रिसिएर जवाफ दियो र आँखा फारेर दोहोरो लामको अर्को छेउतर्फ नियालेर हेर्न लाग्यो।

मैले पनि त्यतैतर्फ दृष्टि दिएँ। दुई लामको बीचबाट कुनै भयानक वस्तु नै आइरहेको थियो। त्यो आइरहेको वस्तु एक जना मान्छेको शरीर नै थियो जुन कम्मरसम्म नाङ्गै थियो र उसका हात चाहिं उसलाई डोऱ्याएर ल्याउने दुई जना हुद्दा सिपाहीका बन्दुकहरूमा बाँधिएका थिए। उनीहरूको संगसंगै अग्लो कदको एक अफिसर पनि हिंडिरहेको थियो। उसले ओभरकोट लगाइराखेको थियो र टाउकोमा फौंजीटोपी पनि ढल्काइराखेको थियो। त्यो अफिसरलाई मैले कता कता चिने जस्तो लाग्यो। त्यो भगुवा अपराधीको पिठ्यूँमा दुबैतर्फबाट चाबुक बज्रिरहेको *थियो। त्यसको*

सारा शरीरमा नै कम्प छुटेको थियो र उसका गोडा चाहिं पग्लनै आँटेको बरफमा धसिंदै थियो। ऊ लड्खडाउँदै सकी नसकी अगाडि सर्दैथियो। कुनै वेला जब ऊ पछिल्तिर ढल्नै आँट्थ्यो त बन्दुकमा उसको हात बाँधेर डोऱ्याउने दुबै हुद्दा उसलाई अगिल्तिर धकेलिदिन्थे, अनि जतिखेर ऊ अगिल्तिर गुडुल्किन पुग्थ्यो त्यतिखेर चाहिं कतै ऊ उध-मुन्टिएर लडि नहालोस् भन्नखातिर उसलाई पछिल्तिर तानि-दिन्थे। उसको संगसंगै दरो पाइला सार्दै त्यो अग्लो अफिसर पनि फटाफट हिंडिरहेको थियो। मेरो नजर उसको रातोपीरो अनुहार, फुलेका जुंगा र गालेजुंगामा पऱ्यो। ती अफिसर त भारेन्काकै बाबु पो रहेछन्।

हरेक प्रहारमा अपराधीको अनुहार असह्य पीडाले गर्दा चाउरिन्थ्यो। ऊ व्याकुल भएर त्यतातिर फर्कन्थ्यो जताबाट उसको पिठ्यूँमा चाबुक बज्रिनेगर्थ्यो। वाल्ल परेर उसले मुख बाइराखेको हुन्थ्यो र सेता दाँत किटिरहेको देखिन्थ्यो। बेला बेलामा ऊ केही बड्बडयाउँथ्यो पनि। जबसम्म ऊ मेरो एकदमै नजीक आइपुगेन त्यतिञ्जेल मैले उसको शब्द ठीक ठीक सुन्नै सकिनँ। ऊ बोलिरहेको थिएन, बरू हिक्काइरहेको थियो। "दया गर, भाइ हो! लौ न, अलिकति त दया गर!"—ऊ भन्दैथियो, तर भाइहरूमा भने दयामायाको कुनै चिन्ह नै थिएन। मेरो सामुन्ने नै उभिएको एक जना सिपाहीले त दृढताका साथ एक कदम अगाडि लम्केर त्यस तातारको पिठ्यूँमा कति जोडसित दनक दियो भने चाबुकको सुसाइ हावामा गुञ्जायमान भयो। तातार झण्डै अगिल्तिर गुल्टनबाजी खान पुगिसकेको थियो, तर हुद्दाले झट्का दिएर उसलाई ढल्नबाट रोकिहाले। त्यत्तिकैमा

अर्कोतर्फबाट एक चाबुक फेरि उसमाथि स्याट्ट बज्रियो। अनि त कहिले यतातर्फबाट त कहिले उतातर्फबाट चाबुकको वर्षा हुन थाल्यो। कर्णेल चाहिं उसको बगलमै हिंडिरहेको थियो। घरी ऊ आफ्नो गोडातर्फ हेर्थ्यो त घरी त्यस अपराधीतर्फ। अनि ऊ गहिरो सास फेर्थ्यो, गाला हुप्प फुलाउँथ्यो र ओंठ खुम्च्याएर बिस्तार-बिस्तार सास मुखबाट बाहिर निकाल्थ्यो। जतिखेर त्यो जुलूस म उभिएको ठाउँ-बाट अगाडि गुज्रेर गयो, त्यतिखेर सिपाहीहरूको दोहरी लामको बीचबाट गइरहेको त्यस हतभागी अपराधीको पिठ्यूँ एकचोट मैले झलक्क देख्ने मौका पाएँ। त्यो कतिसम्म अनक्शिन, रगनाम्य र अस्वाभाविक थियो भने कुनै एक मान्छेको शरीर नै हो त्यो भन्ने त मलाई पटक्कै विश्वास हूँदै भएन।

"हे भगवान्!"—मेरो छेवैमा उभिइरहेको कामीदाइले लामो सुस्केरा हाल्यो।

जुलूस मबाट टाढिंदै गयो। त्यहाँ रन्थनिएर बारम्बार दयाको भीख मागिरहेको त्यो मान्छेउपर दुवैतर्फबाट चाबुक-को मार पर्दैगयो। ड्रमहरू बजिरहेकै थिए, बाँसुरीबाट पनि कानै खाला जस्तो तिक्खर धून निक्लिरहेकै थियो। अनि रवाफिलो कर्णेलको अग्लो र हट्टाकट्टा आकृति पनि अपराधीको संगसंगै लम्कि नै रहेको थियो। एकाएक कर्णेल टक्क अडियो र लमक्क एक सिपाहीतर्फ लम्कियो।

"चाख्लास्, पाजी! तेरो बाबुलाई दया गरेको मजा चाख्लास्!"—रीसले मुर्मुरिंदै उसले डाँटेको आवाज मेरो कानमा पर्‍यो।

मैले के देखें भने उसले साबरको पञ्जा लगाइराखेको

हातले एउटा दुब्लो-पातलो र होचो कदको सिपाहीको गालामा चडकन दिन शुरू गरिहाल्यो। त्यस सिपाहीको कसूर चाहिं के थियो भने उसले रगतपच्छे भैसकेको तातार-को पिठ्यूँमा पूरा जोडले आफ्नो चाबुकले कसेर हिर्काएको थिएन।

"नयाँ कोर्राले ठोक्!" – कर्णेलले कड्केर भन्यो। अनि फनक्क मोडियो र उसको दृष्टि सोझै ममाथि परिहाल्यो। मलाई देखेको नदेख्यैं गरेर उसले निकै रीस झिकेर निधारमा मुजा पार्दै झटपट मतर्फ पीठ फर्काइहाल्यो। मलाई ज्यादै लाज लाग्यो। कतातर्फ फर्किनुपर्ने हो भन्ने समेत मलाई होश भएन। कुनै घिनलाग्दो काम गर्दागर्दै आफू पक्राउमा परेको जस्तो मलाई लाग्यो। शिर झुकाएर छिटो छिटो पाइला सार्दै म घरतर्फ लागें। बाटोभरि नै ड्रम र बाँसुरीको कर्कश आवाज मेरो कानमा गुञ्जिरहेको थियो। कहिले 'दया गर, भाइ हो!' भन्ने आर्तनाद त कहिले 'चाख्लास्, पाजी! तेरो बाबुलाई दया गरेको मजा चाख्लास्!' भन्ने रीस र घमण्डले भरिएको कर्णेलको चिच्याहटले गर्दा मेरो कानको पर्दा नै फाट्ला-फाट्ला जस्तो भैरहेको थियो। मेरो हृदय असह्य पीडाले कतिसम्म भरिएर आयो भने मलाई वाक्क वाक्क लाग्न थाल्यो र बाटोमा हिंड्दाहिंड्दै बारम्बार झसङ्ग भएर झस्किन समेत लागें। यस्तो दृश्य देखेर मेरो मनमा जुन क्षोभ उब्जेको थियो त्यसलाई कसै गरी भित्रबाट बाहिर ओकेल्न पाए हुन्थ्यो भन्ने मलाई लाग्न थालेको थियो। म कसरी घरसम्म पुगें र कसरी बिछ्यौनामा पल्टिन सकें त्यसको समेत मलाई कत्ति होश रहेन। तर जसै आँखा चिम्म गर्थें त्यतिखेर नै त्यो दृश्य

फेरि मेरो सामुन्ने चक्कराउन लागिहाल्थ्यो र सारा आवाज पनि म फेरि सुन्न थालिहाल्थें। अनि म झस्केर जुरुक्क उठ्थें।

'मके त्यस मान्छेलाई कुनै न कुनै यस्तो कुरा जरूर थाहा छ जसको बारेमा मलाई चाहिं अत्तोपत्तो नै नहोस्!'–त्यस कर्णेलको विषयमा सोच्दासोच्दै मैले मनमनै विचार गरें।–'उसलाई जुन कुरा थाहा छ सो मेरो समझमा पनि आयो भने त मैले जे देखें त्यो अवश्य पनि खुलस्त बुझ्ने थिएँ र मेरो चित्त यसरी दुख्ने नै थिएन।' परन्तु हजार चेष्टा गर्दा पनि त्यो कुरा त मेरो समझमा आउँदै आएन जुन कर्णेलले चाहिं राम्ररी बुझेको थियो। नतीजा के भयो भने साँझपख मात्रै मैले आँखा चिम्म गर्न सकें। त्यो पनि त्यतिखेर मात्र जब म एक मित्रको घरमा गएँ र टन्न रक्सी घुट्क्याएर बिचेत भैहालें।

के त त्यस दृश्यबाट मैले जस्तो निष्कर्ष निकालें र जस्तो निर्णय गरें सो खराब नै थियो भन्ने तपाईं सम्झनुहुन्छ र? कुरा यस्तो अवश्य पनि थिएन। 'यदि यो सारा कार्य यस्तो दृढ विश्वासका साथ गरिन्छ र हरेक मान्छेले त्यसलाई आवश्यक समेत ठान्नेगरेको छ भने कुनै न कुनै यस्तो कुरा जरूर पनि हुनैपर्छ जसको बारेमा अरू सबैलाई चाहिं छर्लङ्ग भैसकेको छ, तर मलाई मात्र त्यसको कुनै गुइँकोसम्म पनि छैन।'–म त यस्तो निष्कर्षमा पो पुगेको थिएँ र आखिर म पनि त्यस रहस्यको भेद खोल्ने कोशिशमा लागें। परन्तु त्यो रहस्य त मेरो लागि सदैव नै रहस्यको रहस्य नै बनिरह्यो। मैले त्यसलाई कसै गरी पनि बुझ्नै सकिनें, तसर्थ नै म फौजमा भर्ती पनि हुन असमर्थ रहें।

पहिले त म फौंजमा नोकरी गर्न ज्यादै नै इच्छुक पनि थिएँ। त्यसो त फौंजको नोकरी मात्रै किन र, मैले त अरू कुनै ठाउँमा समेत नोकरी पाइनँ। बस्, देख्नुभइहाल्यो नि! म त कतै पनि उपयुक्त ठहरिन सकिनँ!"

"अँ, हामीलाई थाहा छ, तपाईं कहाँ उपयुक्त ठहरिनु-भएन भन्ने कुरा!"—एक जना पाहुनाले कुरा झिक्यो।—"बरू तपाईं जस्ता कति मानिस कहाँ उपयुक्त हुँदैनन् र भन्नु पो मुनासिब होला!"

"अँ, यो कुरा त ज्यादै फजूल जस्तो लाग्छ!"—इभान भासिल्येभिचले साँच्ची नै रिसाएर जवाफ दिए।

"खैर, तपाईंको प्रेमको हाल के भयो नि?"—हामीले प्रश्न गऱ्यौं।

"मेरो प्रेम? मेरो प्रेम त त्यसै दिन ओइलाइसकेको थियो। जतिखेर भारेन्का मुस्कुराउँदै सोच-विचारमा मग्न हुन्थी (जस्तो अक्सर ऊ हुने गर्थी), मेरो आँखाको सामुन्ने चाहिं मैदानमा उभिएका त्यसै कर्णेलको झझल्को आइहाल्थ्यो र म एकाएक असङ्ग हुनपुग्थें। अनि मेरो मन नै एक तमासले आकुलव्याकुल हुन्थ्यो। हुँदा हुँदा त मैले उससंग भेटघाट गर्न नै छोडिदिएँ र बिस्तार-बिस्तार मेरो प्रेम पनि मरेर गइहाल्यो। यस्तै सानोतिनो कुराले त कहिले-काहीं मान्छेको सम्पूर्ण जीवनलाई नै एकदमै मोडिदिन्छ र अर्कै बनाइदिन्छ। तर तपाईंहरू चाहिं हुनुहुनामी सबै परिस्थितिको नै खेल हो भनेर गफ छाँटिरहनुभएको छ..."—उनले आफ्नो कुरा टुंग्याए।

सन् १९०३

एक दृष्टि यता पनि

प्रिय पाठक !

प्रस्तुत पुस्तकको सन्दर्भमा तपाईंबाट प्रतिक्रिया र सुझावहरू प्राप्त भएमा हामी ज्यादै नै अनुगृहित हुनेछौं।

नेपाली भाषामा प्रकाशित रूसी साहित्य तथा सोभियत साहित्यका कृतिहरूबाट सोभियत संघको जनजीवन र संस्कृतिबारे गहन ज्ञान हासिल गर्नमा मद्दत प्राप्त हुनेछ भन्ने आशा राख्छौं। धन्यवाद !

हाम्रो ठेगाना –

**रादुगा प्रकाशन, जुबोभ्स्की बुल्भार, १७
मास्को – ११९०२१, सोभियत संघ।**